
# विशुद्धिमार्ग
# (THE PATH OF PURIFICATION)



अनुवादक

**भिक्षु सम्यक् सम्बोधि प्राणपुत्र**

सम्पादक

**कोण्डन्य संघाराम**

Printed for free distribution by
**The Corporate Body of
The Buddha Educational Foundation**
11F., 55 Hang Chow South Road Sec 1,
Taipei, Taiwan, R.O.C.

Downloaded from http://www.dhamma.digital

# सम्पादकीय

नेपाली भाषामा रूपान्तरित बुद्ध, बुद्धधर्म एवं दर्शन पक्षमा अध्ययन गर्न महत्वपूर्ण ग्रन्थहरु मध्येमा अमूल्य ग्रन्थ मानिने आचार्य बुद्धघोषकृत '**विशुद्धिमार्ग**' आज हामी सबैले बुझ्ने भाषामा जनसमक्ष आउन सक्नु सुखद विषय हो । ग्रन्थको महत्त्व र विशेषता बारे पाठकहरू स्वयंले छुटचाउन सक्नु हुनेछ ।

श्रद्धेय भिक्षु सम्यक् सम्बोधि प्राणपुत्रद्वारा धेरै वर्ष अगाडि नै अनुवाद भएर पनि ओझेलमा परिरहेको बुद्ध धर्म जान्न बुझ्न अत्यावश्यक विशुद्धि मार्गलाई प्रकाशनमा ल्याउन सम्पादन कार्य चार वर्ष अगाडि देखि नै प्रयास गरिएको भएर पनि प्रकाशक पाउन सकेनौं । अन्तत: Taiwan को The Corporate Body of the Buddha Educational Foundation ले नि:शुल्क वितरणार्थ मुद्रण कार्य गरी दिएको छ, साधुवादको पात्र बनेको छ भने बुद्ध विहार भृकुटी मण्डप तथा सुखी होतु नेपाल प्रकाशक भई प्रशंसित भएको छ ।

धर्मप्रेमी विशुद्धिमार्गका पाठकहरू ! यो ग्रन्थ विदेशमा मुद्रणको लागि पठाउँदा छपाईमा केही त्रुटी भएको छ । विशेषत: भिक्षु धर्मरक्षितद्वारा हिन्दी भाषामा अनुवादित विशुद्धि मार्गलाई आधारभूत बनाई भिक्षु ञानामोलिद्वारा अनुदित The Path of Purification को सहयोग लिइएको छ भने एउटा त्रुटी नहुनु पर्ने तर प्राविधिक कारणवश पाद टिप्पणीका संकेतहरू हराए, यसमा पाठकहरू समक्ष क्षमा चाहन्छु भने कहीं खट्किएमा मूल ग्रन्थ पल्टाउनु हुन अनुरोध गर्दछु । वस्तुत: सम्पूर्ण पाठकहरूले नै पढुन् भन्ने अभिप्राय राखी पादटिप्पणीलाई आवश्यक शब्द सँगै जोडिएको हो । यसमा पाठकहरूलाई असहजता हुन्छ भने यसका लागि पनि क्षमा चाहन्छु । यसरी नै प्राविधिकको कारणले हाम्रा भन्नु पर्ने कुराहरू समेत छाप्न सकिएन, काम गर्दा त्रुटीहरू हुन सक्छन् भन्ने कुरालाई मनन गर्नु बाहेक अरु उपाय नै रहेन ।

अन्तमा वहाँहरू सबैलाई साधुवाद छ, जसले यस महत्वपूर्ण ग्रन्थलाई धर्मप्रेमी नेपाली पाठकहरूका साम् उजागर गर्न प्रत्यक्ष-अप्रत्यक्ष रूपमा विभिन्न तवरले सहयोग गर्नुभयो र हौसला समेत प्रदान गर्नुभयो । पुन: पुन: साधुवाद !

**भिक्षु कोण्डन्य**
बुद्ध विहार, भृकुटी मण्डप

Dhamma.Digital

---

Sukhi Hotu BV Series 001/2545

प्रकाशक (Published By)

सुखी होतु नेपाल (Sukhi Hotu Nepal)
बुद्ध विहार, भृकुटी मण्डप (Buddha Vihar, Bhrikuti Mandap)
Phone : 226702/482984, Phone : 993

प्रमुख व्यवस्थापन तथा वितरणार्थ सहयोगी (Chief Management & Supported for Distribution)
द्रव्यमान सिं तुलाधर (Drabyaman Singh Tuladhar), बसुन्धरा तुलाधर (Basundhara Tuladhar)

प्रथम संस्करण ६००० प्रति (First Edition : 6000 Copies)
बुद्ध सम्बत् २५४५, नेपाल सम्बत् ११२२, विक्रम सम्बत् २०५८, ईस्वी सम्बत् २००१

Presented for free distribution by : The Corporate Body of the Buddha Educational Foundation

Downloaded from http://www.dhamma.digital

# विशुद्धिमार्ग
# (THE PATH OF PURIFICATION)

अनुवादक

**भिक्षु सम्यक् सम्बोधि प्राणपुत्र**

सम्पादक

**कोण्डन्य संघाराम**

Translated by
**Bhikshu Samyaka Sambodhi Pranputra**
Edited by
**Ven. Kondanya Sangharam**

प्रबन्ध सहयोगीः उपासक ज्ञानज्योति कंसाकार, ठमेल
Management by: **Gyan Jyoti Kansakar**

सहयोगीहरूः भिक्षु मंगल, भिक्षु वजिरबुद्धि, भिक्षु निग्रोध, रामकृष्ण लामिछाने, राजु महर्जन
elped by: **Venerables Mangal, Wazir Buddhi & Nigrodha, Ramkrishna Lamichhane, Raju Maharjan**

कम्प्यूटर सज्जाः ध्रुब कुंईकेल
*Computer :* **DHRUBA KUINKEL**

आवरण सज्जाः फल्समान शाक्य, पाटन
*Cover Designer :* **PHALSAMAN SHAKYA, PATAN**

यो पुस्तक निःशुल्क वितरणको लागि हो, बिक्रीको लागि होइन

मुद्रण तथा दातृ संस्थाः
द करपोरेट बदि अफ द बुद्ध एजुकेशन फाउण्डेशन
११ औं तल्ला ५५, हाङ चाउ एस. रोड, सेक्सन १,
ताइपेइ, ताइवान आर. ओ. सी.

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# आशिष-साधुवाद !

त्रिपिटक-सार संक्षेप ग्रन्थका रुपमा सुपरिचित आचार्य बुद्धघोषकृत विशुद्धिमार्गलाई मेरा शिष्यद्वय भिक्षु सम्यक् सम्बोधि प्राणपुत्र र कोण्डन्य संघारामले अनुवाद तथा सम्पादन गरी उक्त महत्वपूर्ण ग्रन्थ ताइवानबाट प्रकाशित गर्ने शुभ समाचार थाहा पाउँदा मलाई धर्मप्रीति उत्पन्न भएको छ । यसरी नै मेरा शिष्यहरुबाट अन्य महत्वपूर्ण ग्रन्थहरु पनि प्रकाशन गर्ने शासनिक कार्यमा निरन्तर रुपमा अघि बढ्न सकून भन्ने सद्इच्छा ब्यक्त गर्दै पुनः अनुवादक एवं सम्पादक दुवै शिष्यहरुलाई मेरो हृदयदेखि सुभाशिष एवं साधुवाद !

- भिक्षु अश्वघोष महास्थविर

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# भूमिका

"विशुद्धिमार्ग" पालि साहित्यको एक अमूल्य ग्रन्थरत्न हो । यसमा बौद्धदर्शनको विवेचनात्मक गवेषणासहित योगाभ्यासको प्रारम्भिक अवस्थादेखि लिएर सिद्धिसम्मको सारा विधिहरू सुन्दरढंगले बताइएका छन् । यस ग्रन्थमा बौद्धधर्मको कुनै पनि यस्तो अंग छैन जुन अछुतो होस् ।

यस ग्रन्थको रचनाकार आचार्य बुद्धघोष हुनुहुन्छ । जो संसारभरका बौद्ध दार्शनिकहरू र ग्रन्थकारहरूमा आफ्नो विशिष्ट स्थान राख्नुहुन्छ । स्थविरवादको मूल सिद्धान्तलाई अक्षुण्ण बनाउनको लागि यो ग्रन्थ पालि साहित्यको जीवनवर्द्धक नै बन्न पुगेको छ । किनकि यस ग्रन्थमा पालि साहित्यको मूलभूत व्याख्या गर्नुभएर वास्तविक भावलाई लुप्त हुनबाट बचाउनुभएको छ । यदि आचार्य बुद्धघोषले अट्ठकथा ग्रन्थहरूलाई लेख्नुभएर, गूढार्थ र भावहरूलाई व्याख्या नगर्नुभएको भए तव सम्प्रतिपिटक ग्रन्थहरूको अध्ययन गर्नु सरल हुने थिएन । आचार्य बुद्धघोषजस्तै अन्य कुनै भाष्यकार पनि भएन । उहाँले जुनरूपमा अट्ठकथाहरूमा दार्शनिक ऐतिहासिक, धार्मिक राजनैतिक, आर्थिक र सामाजिक विषयहरूमा विवेचनात्मक वर्णन गर्नुभयो त्यसले उहाँको पाण्डित्य पूर्णरूपमा प्रकट हुन्छ ।

## जीवन चरित्र

आचार्य बुद्धघोषले स्वयंले आफ्नो बारे केही पनि बताउनुभएन । ग्रन्थहरूमा जुन उहाँबाट लेखिएको छ त्यो पनि आफ्नो कृतज्ञता प्रकट गर्नको लागि अन्य स्थविरहरूलाई धन्यवाद .. प्रसंगमा लेखिएको मात्र हो । यही कारण हो कि पालि साहित्यको यति ठूलो महान लेखक, दार्शनिक एवं विद्वानको जीवनचरित्र आजसम्म विवादको विषय बनेको छ । चूलवंश तथा बुद्धघोसुप्पत्तिमध्ये चूलवंश नै अधिक प्रामाणिक मानिन्छ । बुद्धघोसुप्पति एक यस्तो ग्रन्थ हो, जसको रचना भाषादिको दृष्टिले अशुद्ध त छँदैछ, त्यसमा अनेक चमत्कारिक कुराहरूको उल्लेख गरी त्यसको महत्वलाई घटाइदिएको छ । यी दुवै ग्रन्थहरूमा आएका केही वर्णन समान नै छन् । हामी यहाँ दुवै ग्रन्थहरूमा आएका उहाँको जीवनचरित्रलाई अलगअलग प्रस्तुत गरी विचार गर्ने छौं ।

चूलवंशमा आचार्य बुद्धघोषको वर्णन यसप्रकार छः- "जुन समयमा श्रीलंकामा महानाम नामको राजा राज्य गरिरहेको थियो । त्यस समयमा भारतवर्षमा बोधिवृक्ष र वोधिमण्डपको नजिकै नै एक गाउँमा आचार्य बुद्धघोषको जन्म भएको थियो । उहाँ विद्यार्थीकालदेखि नै सर्वशास्त्रनिष्णात, त्रिवेद पार गत तथा स्वधर्ममा सुविज्ञ हुनुभएकोथियो । त्यस समय उहाँ एक व्राम्हण (माणवक) मात्र हुनुहुन्थ्यो । सम्पूर्ण शास्त्रमा विशारद र शास्त्रार्थ गर्नुमा निपूर्ण, उहाँ वादविवाद गर्दै भारतवर्षमा विचरण गर्न थाल्नुभयो । एक दिन उहाँ एक विहारमा जानुभयो र रात्रि त्यहीं बस्नुभयो ।

उहाँले रात्रि पातम्ञ्जलमतमा सुन्दर पाठ गर्नुभयो तथा प्रकाश पार्नुभयो । उहाँको बुद्धि कुशलतालाई देख्नुभएर त्यस विहारको रेवत स्थविरले उहाँलाई सोध्नुभयो - "यो को गधाको स्वरमा पाठ गरिरहेछ ?"



Downloaded from http://www.dhamma.digital

छात्रले उत्तर दिँदै भन्नुभयो - के तपाईं यसको अर्थ जान्नुहुन्छ ?" "हो म जान्दछु ।"

तदुपरान्त छात्रले पातञ्जल सम्बन्धी अनेक प्रश्न गर्नुभयो । स्थविरले सबै प्रश्नको उत्तर दिनुभयो । जब स्थविरले बुद्धधर्म सम्बन्धी प्रश्नहरू सोध्नुभयो, तव छात्रले केही पनि उत्तर दिन सक्नुभएन । उहाँले सोध्नुभयो - यो कस्तो मन्त्र हो ?" "यो बुद्धमन्त्र हो ।" "यो मलाई दिनुहोस् ।" "प्रब्रजित भएर नै यसलाई सिक्न सक्दछौ ।"

छात्रले आमाबाबुसंग आज्ञा लिएर प्रब्रजित भएर रेवत स्थविरसंग सम्पूर्ण त्रिपिटकको अध्ययन गर्नुभयो । राम्ररी बुद्धधर्मको जानकारी भइसक्दा उहाँले देख्नुभयो कि यो मुक्ति प्राप्त गर्नको लागि आद्वितिय मार्ग हो (एकायनो अथं मग्गो) । उहाँको शब्द भगवान् बुद्धसमान मधुर एवं गम्भीर थियो, यसले उहाँ "बुद्धघोष" नामले नै व्यवहृत हुनुभयो ।

भारतवर्षमा बस्नुहुँदा नै बुद्धघोषले "ज्ञानोदय" नामक एक ग्रन्थ लेख्नुभयो र धम्मसंगणीमाथि अट्ठसालिनी नामक अट्ठकथा पनि संक्षेपमा लेख्नुभयो । यस संक्षेपमा अट्ठकथा ग्रन्थको रचनालाई देखेर रेवत स्थविरले भन्नुभयो - "यहाँ पालि (मूल त्रिपिटक) मात्र छ । यहाँ अट्ठकथाहरू छैनन् । त्यसरी नै परम्परागत आचार्य मत पनि यहाँ विद्यमान छैनन् । तर सिंहली भाषामा महामहेन्द्र स्थविरद्वारा लेखिएको अट्ठकथाहरू, जुन तीनै संगीतिहरूमा विद्यमान छन्, शुद्धरूपमा श्रीलंकामा छन् । तिमी त्यहाँ गएर त्यसलाई सुनेर मागधी (पालि) भाषामा त्यसको अनुवाद गर, त्यो सारा संसारको लागि कल्याणकारी हुनेछ ।" यसप्रकार आफ्नो आचार्य रेवत स्थविरको आज्ञा पाएर बुद्धघोष श्रीलंका जानुभयो । त्यससमय श्रीलंकामा महानामको शासनकाल थियो । अनुराधपुरको विहारमा गएर उहाँले महाप्रधान नामक भवनमा संघपाल स्थविरद्वारा सम्पूर्ण सिंहली अट्ठकथा ग्रन्थ तथा स्थविरवादको श्रवण गर्नुभयो । जब बुद्धघोषलाई निश्चय भयो कि भगवान् बुद्धको यही आशय थियो (धम्मसामिस्स एसो "व अधिप्पायो" ति विनिच्छिय), तब उहाँले सम्पूर्ण भिक्षुसंघलाई एकत्र गरी प्रार्थना गर्नुभयो - "भन्ते ! तीनै पिटकहरूका अट्ठकथाहरू मागधीमा लेख्न चाहन्छु । कृपापूर्वक मलाई सबै ग्रन्थ प्रदान गरियोस् ।" भिक्षुसंघले बुद्धघोषको ज्ञानको परिक्षाको हेतु "तिमी आफ्नो सामर्थ्य देखाऊ, तदुपरान्त तिमीलाई सम्पूर्ण ग्रन्थ दिइनेछ" भन्नुहुँदै यी दुई गाथाहरूलाई दिनुभयो –

*सीले पतिट्ठाय नरो सपञ्ञो, चित्तं पञ्ञञ्च भावयं ।*
*आतापी निपको भिक्खु, सो इमं विजटये जटं ॥*
*अन्तो जटा बहि जटा, जटाय जटिता प्रजा ।*
*तं तं गोतम पुच्छामि, को इमं विजटये जटं ॥*

बुद्धघोषले यी दुवै गाथाहरूलाई व्याख्या गर्नुहुँदै विशुद्धिमार्ग (विसुद्धिमग्ग) ग्रन्थको रचना गर्नुभयो । यस ग्रन्थमा प्रदर्शित विद्वतालाई देख्नुभएर महाविहारवासी भिक्षुसंघले धेरै प्रसन्नता प्रकट गर्नुभयो र उहाँलाई सिंहली अट्ठकथाहरूको सारा ग्रन्थहरू प्रदान गर्नुभयो । भिक्षुहरूलाई विश्वास भयो कि उहाँ बोधिसत्व नै हुनुहुन्छ । बुद्धघोषले ग्रन्थहरू प्राप्त गर्नुभएर महाविहारको ग्रन्थाकार परिवेणमा रहनुभएर सबै सिंहली अट्ठकथाहरूको पालिमा अनुवाद गर्नुभयो । यस कार्य समाप्त भएपछि बुद्धघोषले भारतवर्षको लागि प्रस्थान गर्नुभयो र आउनुभएर बोधिवृक्षको पूजा गर्नुभयो ।"



Downloaded from http://www.dhamma.digital

बुद्धघोसुप्पत्तिमा आचार्य बुद्धघोषको जीवनचरित्र यसप्रकार वर्णित छ :-

बोधिवृक्षको नजिक घोष नामक एउटा गाउँ थियो। धेरैजसो गाई पाल्नेहरूले निवास गरेको कारणले नै त्यस गाउँको नाम घोष भएको थियो। त्यहाँ एक राजा राज्य गर्दथ्यो। "केशी" नाम ब्राह्मण उसको धेरै प्रिय पुरोहित थियो। त्यस ब्राह्मणकी स्त्रीको नाम केशिनी थियो।

जब परियत्ति शासन (त्रिपिटक ग्रन्थ) सिंहली भाषामा भएको कारणले अरूहरू त्यसलाई जान्दैनथे, तव कुनै अर्हत् भिक्षुले विचार गऱ्यो - "कुन महास्थविर परियत्ति शासनको भाषानन्तर सिंहली भाषाबाट मागधीमा गर्ने छ ?" उहाँले तावतिंस भवनमा घोषदेवपुत्रलाई यसको योग्य सम्झनुभयो र त्यहाँ जानुभएर उहाँसंग मर्त्यलोकमा जन्म लिएर यस कार्यलाई गर्नको लागि प्रार्थना गर्नुभयो। सातौं दिन घोषदेवपुत्रले संकल्प गर्नुभई त्यहाँ बाट च्यूत हुनुभएर केशिनी ब्राह्मणको गर्भमा प्रवेश गर्नुभयो। दश महिना बितेर उहाँको जन्मभयो। जन्मका समय नौकर, चाकर, ब्राह्मणी आदिले परस्पर "खानुहोस्, पिउनुहोस्" भन्दै सुन्दर घोषणा गरे। त्यसैले त्यस बच्चाको नाम घोषकुमार राखियो।

त्यो घोषकुमार सात वर्षको अवस्थामा नै वेदहरूको अध्ययन गरी तीनै वेदहरूमा निष्णात भयो। ऊ धेरै बुद्धिमान् तथा शास्त्र कुशल थियो।

एक दिन केशी ब्राह्मणको साथी, ऐक महास्थविर, ऊसंग भेट्न आउनुभयो। केशीले घोषकुमारको आसन उहाँलाई बस्नको लागि विछ्याइदियो। घोषले आफ्नो आसनमा महास्थविरलाई बसेको देखेर, क्रुद्ध सर्पझैं फुंकार्दै महास्थविरलाइ, "यो मथमुण्डा (तालुचिण्डे) श्रमण आफ्नो प्रमाण जान्दैन। किन पिताजीले यसलाई भोजन दिलाउनुभयो ? के यो वेदहरूलाई जान्दछ अथवा अन्य मन्त्रको ?" भनी आक्रोशन गऱ्यो। "तात घोष ! म तिम्रो वेदहरूलाई जान्दछु र अन्य मन्त्रलाई पनि जान्दछु" भनी स्थविरले मुस्काउँदै भन्नुभयो। "यदि वेदहरूलाई जान्नुहुन्छ भने लौ पाठ गर्नुहोस्।"

महास्थविरले तीनै वेदहरूको पाठ गर्नुभयो। घोषले लज्जित भएर भन्यो - "भन्ते म तपाईंको मन्त्रलाई जान्न चाहन्छु। आफ्नो मन्त्रलाई पाठ गर्नुहोस्।" महास्थविरले उसलाई प्रसन्न गर्नको लागि अभिधर्मको मात्रिकाको पाठ गर्नुभयो - "कुसला धम्मा, अकुसला धम्मा, अव्याकता धम्मा।"

घोषले प्रमुदित भएर सोध्यो - "भन्ते ! तपाईंको मन्त्रको नाम के हो ?" "यो बुद्धमन्त्र हो।" "के बुद्धमन्त्रलाई मजस्तो गृहस्थ सिक्न सक्दछ ?" "बुद्धमन्त्र मजस्तो प्रव्रजितद्वारा सिक्न सक्दछ, किनकि गृहस्थहरूलाई धेरै झण्झटहरू हुन्छन्।"

घोषले बुद्धमन्त्र सिक्नको लागि आमाबाबुसंग आज्ञा लिएर, स्थविरसंग गएर, प्रबज्या (श्रामणेर भाव) ग्रहण गऱ्यो र क्रमशः तीनै पिटकहरूको अध्ययन गऱ्यो। उसले तीनै पिटकहरूलाई समाप्त गरी बीस वर्षको भएर उपसम्पदा (भिक्षुभाव) प्राप्त गऱ्यो। तबदेखि ऊ सम्पूर्ण भारतवर्षमा बुद्धघोष नामले प्रसिद्ध भयो।

एक दिन एकान्तमा बसेको भिक्षु बुद्धघोषको मनमा यस्तो वितर्क उत्पन्न भयो - "मेरो ज्ञान अधिक छ अथवा मेरो आचार्यको ?" यस वितर्कलाई आचार्यले थाहा पाउनुभएर "बुद्धघोष ! तिम्रो यस्तो विचार उचित छैन। छिटै यसको लागि क्षमा माग भन्नुभयो।" "भन्ते ! मेरो अपराधको लागि क्षमा



Downloaded from http://www.dhamma.digital

दिनुहवस् ।" बुद्धघोषले भयभित भएर भन्नुभयो । "यदि तिमी क्षमा चाहन्छौ भने लंकाद्वीप गएर बुद्धवचनलाई सिंहली भाषाबाट मागधी भाषामा भाषान्तर गर ।"

बुद्धघोषले आफ्ना आमाबाबुलाई पनि बुद्धधर्ममा प्रतिष्ठित गर्नुभयो र गुरुलाई प्रणाम गरी श्रीलंकाको लागि प्रस्थान गर्नुभयो । व्यापारिहरूसंगै नौकामा चढ्नुभयो । बुद्धघोष निस्कने दिन नै बुद्धदत्त महास्थविरले पनि लंकाद्वीपबाट भारतवर्ष आउनको लागि व्यापारिहरूसंग प्रस्थान गर्नुभएको थियो । दुवै स्थविरहरूका नाउहरू समुद्रमा आमुन्ने सामुन्ने भेट भयो । बुद्धदत्तले बुद्धघोषलाई देखेर सोध्नुभयो -

"तिम्रो नाम के हो ?" "बुद्धघोष ।" "कहाँ जाँदैछौ ?" "लंकाद्वीप जाँदैछु !" "केको लागि ?" "बुद्धशासन सिंहली भाषामा छ, त्यसलाई मागधीमा भाषन्तर गर्नको लागि ।" "बुद्धशासनलाई मागधी भाषामा गर्नको लागि म पनि पठाइएको थिएँ । मैले जिनालंकार, दन्तधातु र वोधिवंशलाई नै लेखें, अट्ठकथा र टीकाग्रन्थहरूलाई लेखेको छैन । यदि तिमी सिंहली भाषाबाट बुद्धशासनलाई मागधीमा गर्न चाहन्छौ भने तीनै पिटकहरूको अर्थकथाहरू र टीकाहरू लेख ।" बुद्धदत्तले यसरी भन्नुभएर हर्रो, फलामको कलम तथा शीला दिएर बुद्धघोषलाई अनुमोदन गरी विदा गर्नुभयो र जाने समय - "आवुस बुद्धघोष ! म अल्पायु छुँ, धेरै दिनसम्म बाँच्ने छैन, यसैले शासनको भाषान्तर गर्न सक्दिन तिमी नै राम्ररी गर" भन्नुभयो ।

बुद्धदत्त व्यापारिहरूसंग भारत आउनुभयो र केही दिनपछि मृत्यु भएर तुषिता भवनमा उत्पन्न हुनुभयो । बुद्धघोष पनि व्यापारिहरूसंग लंकाद्वीप जानुभयो र द्विजस्थान नामक बन्दरगाहको नजिक नाउबाट उत्रेर त्यहीं वास गर्नुभयो ।

श्रीलंकाको राजाले बुद्धघोषको कीर्ति सुन्यो र उहाँलाई आफूकहाँ बोलायो । एक दिन उहाँ महास्थविरलाई प्रणाम गर्न जानुभयो । महास्थविरले उहाँको विद्वताप्रति प्रसन्नत हुनुभएर उहाँलाई अध्यापन कार्य गर्नको लागि भन्नुभयो । तव उहाँले निवेदन गर्नुहुँदै आफ्नो उद्देश्यलाई बताउनुभयो कि म भारतबाट यहाँ सिंहली अट्ठकथाहरूलाई मागधीमा भाषान्तर गर्नको लागि आएको हुँ ।

महास्थविरले उहाँको कुरा सुनेर प्रसन्न हुनुभयो "यदि तिमी सिंहली अट्ठकथाहरूलाई मागधीमा गर्न चाहन्छौ भने पहिले यी दुई गाथाहरूलाई लिएर त्रिपिटक ज्ञानलाई देखाऊ" र "सीले पतिट्ठाय नरो सपञ्ञो" गाथाद्वयलाई दिनुभयो । बुद्धघोषले ति दुई गाथाहरूलाई लिएर "विशुद्धिमार्ग" महाग्रन्थको रचना गर्नुभयो ।

तब महास्थविरले उहाँलाई रहनको लागि लौहप्रासादको तल्लो तल्लामा स्थान दिनुभयो र त्यहाँ बसेर उहाँले सबै सिंहली अट्ठकथाहरूलाई मागधीमा लेख्नुभयो । महास्थविरले मागधीमा लेख्नुभएको यी ग्रन्थहरूलाई परम उपयोगी देखेर महामहेन्द्रद्वारा लेखिएको सिंहली ग्रन्थहरूलाई महाचैत्य (सुवर्णमाली)को नजिक परिशुद्ध स्थानमा राखेर जलाइदियो ।

त्यसपछि बुद्धघोष भिक्षुसंघसंग आज्ञा लिएर भारत फर्किनुभयो ।

बोधिवृक्षनजिकै नै उहाँको मृत्युभयो र त्यहीं उहाँको अस्थिहरूलाई राखेर एक स्तूप बनाइयो ।"



Downloaded from http://www.dhamma.digital

चूलवंश तथा बुद्धसुप्पत्ति - दुवै ग्रन्थहरूको तुलनात्मक अध्ययनले स्पष्ट छ कि बुद्धघोषको जन्म बुद्धगयाको नजिक भएको थियो । उहाँले संस्कृत साहित्यको अध्ययन गर्नुभयो र प्रव्रजित भएर आफ्नो आचार्यको आदेश लिएर श्रीलंका जानुभएको थियो । श्रीलंकामा रहनुभएर उहाँले सिंहली अट्ठकथा ग्रन्थहरूलाई श्रवण गर्नुभयो तथा आचार्य परम्परालाई सुन्नुभयो । तदुपरान्त "विशुद्धिमार्ग"को रचना गर्नुभयो र त्यसपश्चात् सिंहली अट्ठकथाहरूको पालिमा भाषान्तर गर्नुभयो । यस कार्यलाई समाप्त गर्नु भएर उहाँ पुनः भारत फर्किनुभयो । उहाँको देहान्त बुद्धगयामा नै भयो । बुद्धघोसुप्पतिको यो भनाई सर्वथा अशुद्ध छ कि बुद्धघोषको बचपन देखि नै घोषकुमार नाम थियो । किनकि 'विशुद्धिमार्गको अन्तमा "बुद्धघोसोति गरुहि गहितनामधेय्येन भेरन मोरण्डखेटक बत्तब्बेन कतो विसुद्धिमग्गे नाम !' लेखिएको छ । यसबाट स्पष्ट छ कि "बुद्धघोष" उहाँको गुरुद्वारा प्रदत्त नाम थियो, जुन उहाँलाई प्रव्रज्यापछि प्राप्त भएको थियो ।

चूलवंशानुसार बुद्धघोष महानामको समयमा श्रीलंका जानुभएको थियो । महानाम बुद्धाब्द ९४५ (ई. सन. ४०२) मा राजसिंहासनमा बसेको थियो र बुद्धाब्द ९६७ (ई. सन. ४२४) सम्म राज्य गरेको थियो । बुद्धघोष उपसम्पन्न भएर लंका जानुभएको थियो अर्थात् उहाँको लंका यात्रा बीस वर्षको उमेरपछि भएको थियो किनकि उपसम्पदा बीस वर्षभन्दा कम उमेरमा हुँदैन । यदि हामी मानि लियौं कि बुद्धघोष २५ वर्षको अवस्थामा श्रीलंका जानुभएको थियो, त्यस समय त्यहाँ महानाम राज्य गरिरहेको थियो र उसैको राज्यकालमा आफ्नो कार्य समाप्त गरी भारत नै फर्किनुभयो भने कम्तिमा पन्द्रह वर्ष अवश्य पनि श्रीलंकामा बस्नु पर्‍यो र यसप्रकार उहाँको जन्म लगभग ई. सन् ३८० (बुद्धाब्द ९३२) मा भयो होला । यसप्रकार प्रकट हुन्छ कि बुद्धघोष भारतको गुप्तवंशीय राजा चन्द्रगुप्त द्वितीय (विक्रमादित्य)को समयमा भएको थियो ।

डा. विटरनित्सले महानामको समय ई. सन् ४१३ देखि ४३५ सम्म निर्धारित गरेको छ । उसले आफ्नो पक्षको प्रमाणमा लेखेको छ कि बुद्धघोषका समकालीन महानाम पाँचौं शताब्दीको पूर्वार्द्धमा राज्य गर्दथ्यो । ४२८ ई. मा चीन देशका राजाले उसकहाँ आफ्नो दूत पठाएको थियो । यसैले महानामको समय ४१३ देखि ४३५ ई. सम्म मानेको छ । बुद्धघोषको पनि यही समय हो । यसको पुष्टि यस घटनाले हुन्छ कि बुद्धघोषद्वारा लेखिएको विनयपिटकको अट्ठकथा "समन्तपासादिका" को चीनी भाषामा अनुवाद ४८९ ई. मा भएको थियो ।

यदि यस पक्षलाई माने तापनि बुद्धघोषको जन्म चन्द्रगुप्त द्वितीयको शासनकालमा नै भएको थियो र उहाँ ई. सन्‌को पाँचौं शताब्दीको पूर्वार्द्धमा विद्यमान् हुनुहुन्थ्यो । फेरि पनि, श्रीलंकाको इतिहासमा महानामको समय ई. सन् ४०२ देखि ४२४ नै मान्दछन् । भिक्षु परम्परा इतिहास र आचार्य परम्पराले पनि पूर्वपक्ष नै स्थिर हुन्छ । अतः बुद्धघोषको जन्म ३८० ई. को छेउछाउ मान्नु नै समुचित हुन्छ । यदि हामी उहाँलाई ६० वर्षको अवस्थासम्म जीवित रहनुभएको मान्यौं भने उहाँको मृत्यु लगभग ४४० ई. को छेउछाउ अर्थात् कुमारगुप्त प्रथम (ई. सन् ८१३-४५५) को समयमा भयो । यसप्रकार बुद्धघोषको जीवनकाल ई. सन् ३८० देखि ४४० सम्म मान्नुपर्दछ ।

विनयपिटकको अट्ठकथा "समन्तपासादिका"को अन्तमा बुद्धघोषले लेख्नुभएको छ –



Downloaded from http://www.dhamma.digital

*"पालयन्तस्स सकलं लंकाद्वीपं निरब्बुदं ।*
*रञ्ञो सिरिनिवासस्स सिरिपाल यसस्सिनो ॥*
*समवीसतिमे खेमे जयसंवच्छरे अयं ।*
आरद्धा एकवीसम्हि सम्पत्ते परिनिट्ठिता ॥"

यो श्रीनिवास को थियो ? चूलवंशादि ग्रन्थहरूमा कुनै वर्णन उल्लेख छैन । सम्भव छ यो पनि महानामको नै नाम हो । यदि श्रीनिवास महानाम नै हो भने बुद्धघोषले उसको सिंहासनमा बसेको वीसौं वर्षमा समन्तपासादिकालाई लेख्न सुरु गर्नुभएको थियो । अर्थात् ई. सन् ४२२ मा उहाँले यस ग्रन्थलाई लेख्न सुरु गर्नुभएर ४२३ मा समाप्त गर्नुभयो । यसले ज्ञात हुन्छ कि बुद्धघोष ४२३ सम्म लंकामा नै हुनुहुन्थ्यो । केही विद्वानहरूको भनाई छ कि बुद्धघोषले समन्तपासादिकालाई सर्वप्रथम लेख्नुभयो । यदि यो कुरा ठीक भएमा बुद्धघोष लंकामा ४३५ ई. को छेउछ्याउसम्म अवश्य नै रहनुभयो होला र उहाँकै समयमा तामिलहरूले लंकामा अधिकार गऱ्यो होला ।

बुद्धघोष कहाँको वासिन्दा हुनुहुन्थ्यो ? यस प्रश्नलाई लिएर स्वर्गीय आचार्य धर्मानन्द कौशाम्वीले आफूद्वारा सम्पादित विसुद्धिमार्गको भूमिकामा लेख्नुभएको छ कि बुद्धघोष उत्तर भारतको हुन सक्दैन । उहाँले यो पनि लेख्नुभएको छ कि उहाँ तेलगू प्रदेशाको तैलंग ब्राह्मण हुनुहुन्थ्यो र उहाँको जन्मस्थान मोरण्डारखेडा थियो । उहाँले आफ्नो पक्षको समर्थनमा निम्नलिखित कारण प्रस्तुत गर्नुभएको छ –

(१) बुद्धघोषको रचनाहरूमा उत्तर भारतको आँखाले देखेको कुनै वर्णन छैन, उहाँलाई उत्तर भारतको गर्मीको पनि अनुभव थिएन । उहाँले मगध र विदेहको मध्य गंगामा बालूवाको ढिस्को भएको लेख्नुभएको छ, र यस्तो जानकारी हुन्छ कि उहाँले लंकाको परिचित नदी महावली गंगाको नै वर्णन गर्नुभएको छ भारतको गंगाको होइन ।

(२) बुद्धघोष ब्राह्मण पनि हुनुहुन्नथ्यो, किनकि उहाँलाई ऋग्वेदको पुरुषसुत्तको पनि ज्ञान थिएन, जुन तात्कालिक प्रत्येक ब्राह्मणको लागि जान्नु अपेक्षित थियो ।

(३) संस्कृत साहित्यको "भ्रूणहा" शब्दको पनि उहाँलाई ज्ञान थिएन, किनकि उहाँले "भूनहना" शब्दको अर्थ अशुद्ध लेख्नुभएको छ ।

(४) बुद्धघोषलाई पातञ्जलि दर्शनादिको ज्ञान पनि धेरै थोरै थियो ।

(५) रामायण र महाभारतसंग पनि परिचित थिएन, किनकि यसको उल्लेख मात्र गर्नुभएको छ ।

(६) विशुद्धिमार्गको अन्तमा "मोरण्डखेटक वत्तब्बेन' आएको वचनले पनि यही प्रमाणित हुन्छ कि बुद्धघोष दक्षिण भारतमा बस्नुहुन्थ्यो ।

(७) मनोरथपूरणी, पपञ्चसूदनी आदि अट्ठकथाहरूमा लेखिएको निदान एवं निगमन गाथाहरूले पनि बुद्धघोषको सम्बन्ध दक्षिण भारतसंग नै थियो – यस्तो ज्ञात हुन्छ ।

कौशाम्वीज्यूले जुन कुराहरूको उल्लेख गर्नुभएर बुद्धघोषको सम्बन्धमा आफ्नो मतको पुष्टी गर्नुभएको छ, त्यसमाथि क्रमशः हामी यहाँ विचार गर्नेछौं ।



Downloaded from http://www.dhamma.digital

बुद्धघोषलाई उत्तर भारतको पूर्ण ज्ञान थियो, यस कुरालाई उहाँको अर्थकथाहरूबाट पनि जान्न सकिन्छ। उहाँको अर्थकथाहरू उत्तर भारतको भौगोलिक दिग्दर्शन हो। उहाँले श्रावस्ती, ऋषिपतन मृगदाय, कुशीनगर, राजगृह, बुद्धगयाादि प्राय: सबै स्थानहरूको सुन्दर वर्णन गर्नुभएको छ र दिशा तथा दुरीको पनि उल्लेख गर्नुभएको छ। विशाख स्थविरको कथाको उल्लेख कौशाम्वीज्यूले जुन गर्नुभएको छ त्यसमा यस्तो कुनै कुरा छैन जसले बुद्धघोषको उत्तर भारतप्रति अज्ञानता प्रदर्शित होस्। गंगा नदीमा मगध र विदेहमध्ये बुद्धघोषले जुन बालुवाको ढिस्को भएको कुरा लेख्नुभएको छ त्यसलाई मात्र अर्थलाई स्पष्ट गर्नको लागि लेखेको हो, त्यहाँ भौगोलिक दिग्दर्शनको कुनै आवश्यकता छैन।
कौशाम्वीज्यूले "उण्णहस्साति अग्गिसन्तापस्स। तस्स वनडाहादिसु सम्भवो वेदितब्बो" विशुद्धिमार्गमा आएको यस वाक्यलाई लिएर भनिएको छ कि बुद्धघोषलाई उत्तर भारतको गर्मीको पनि अनुभव छैन। हामीले यसको विस्तारपूर्वक उत्तर विशुद्धिमार्गको द्रष्टव्यमा दिइसकेका छौं र लेखेका छौं कि यदि कौशाम्वीज्यूले "आतप" र "वात" शब्दहरूप्रति ध्यान दिनुभएको भए यस्तो असाधारण त्रुटी हुन पाउँदैन थियो।

"बुद्धघोष ब्राह्मण थिएन" यसको पुष्टिको लागि कौशाम्वीज्यूले दुई कुराहरूको उल्लेख गर्नुभएको छ –

(१) उहाँलाई ऋग्वेदको पुरुषसुक्तको ज्ञान थिएन, र

(२) उहाँले गृहपति या कृषकवर्गको प्रशंसा गर्नुभएको छ।

हामी देख्दछौं कि कौशाम्वीज्यूद्वारा उद्यत् ऋचा, ऋग्वेद, यजुर्वेद र अथर्ववेदमा चारौं वर्णहरूको निर्माणको सम्बन्धमा मिल्दछ, जुन यसप्रकार छ :-

*ब्राह्मणोऽस्य मुखमासीद बाहू राजन्य कृत:*
*उरु तदस्य यद्वैश्य: पद्भ्यां शूद्रो अजायत ॥*

(ब्राह्मण उसको मुख थियो, क्षत्रिय बाहु, वैश्या पेट र शूद्र खुट्टाले उत्पन्न भएको थियो।)

*मूल त्रिपिटक पालिद्वारा विदित छ कि बुद्धकालमा यस्तो मान्यता थियो कि ब्राह्मणहरूको उत्पति ब्रह्माको मुखबाट भएको थियो, क्षत्रियहरूश्च हातबाट, वैश्यहरू नाभीबाट शूद्रहरू घुँडाबाट र श्रमणहरू खुट्टाबाट। (तेस किरं भयं लद्धि, ब्राह्मणा ब्रह्मनीनो मुखतो निक्खन्ता, खत्तिया उरतो, वेस्सा नाभितो, सुद्दा जानुतो, समणा पिट्ठिपादतोति।")*

दीघनिकायको अम्बट्ठसुत्तमा अम्बष्ट ब्राह्मण युवकद्वारा भनिएको छ - "हे गौतम ! जो यी मुण्डे, श्रमण, कालो, ब्रह्माको खुट्टाद्वारा उत्पन्न छन्, उनीहरूसंग मेरो कुराकानी यसरी नै हुन्छ।

अरू पनि दीघनिकाय (३,४) र मज्झिम निकाय (२,५,३) अनुसार –

"ब्राह्मण नै श्रेष्ठ वर्ण हो, दोस्रो वर्ण छोटा हुन्छन्। ब्राह्मण नै शुक्ल वर्ण हो, दोस्रो वर्ण कृष्ण हुन्। ब्राह्मण नै शुद्ध हुन्छन्, अब्राह्मण होइन। ब्राह्मण नै ब्रह्माहा, ब्रह्मनिर्मित र ब्रह्माको दायाद हुन्। यसरी तिमीहरू श्रेष्ठ वर्णलाई त्यागेर नीच वर्णका भयौ, यसरी ठीक छैन, उचित छैन।"



Downloaded from http://www.dhamma.digital

यस्तो पाठहरू हुँदाहुँदै बुद्धघोष यसको विपरित तत्कालीन ब्राह्मण ग्रन्थहरूको अवलम्बन गर्न सक्नुहुँदैनथियो। बुद्धकालीन कुरालाई नै उहाँले अंगीकार गर्नुभयो। यो पनि सम्भव छ कि उक्त ऋचाको स्वरूप पछि ब्राह्मण-पण्डितहरूले नै परिवर्तित गरिदिएको होस्। यदि यस्तो कुरा नभएको भए बुद्धकालको ब्राह्मणहरूको मुखबाट पनि पुरुषसुत्तको विपरित वर्णन हुने थिएन। जेसुकै होस्, बुद्धघोषको यो वर्णन सर्वथा उचित एवं शास्त्रानुमोदित छ।

बुद्धघोषले गृहपतिको जुन प्रशंसा गरेको छ, त्यसको कारण पनि छ। भगवान्‌बुद्धले जहाँकहीं पनि शील, समाधि एवं प्रज्ञाको भावनाविधि बताउनुभएको छ, प्रायः गृहपतिपुत्रबाट नै प्रारम्भ गर्नुभएको छ। जस्तैः-

"भगवान्‌ले भन्नुभयो - "महाराज! जब संसारमा तथागत अर्हत्, सम्यकसम्बुद्ध, विद्याचरणयुक्त, सुगत, लोकविज्ञ, अनुत्तरपुरुषदम्यसारथी, देवमनुष्यहरूको गुरु र बुद्ध उत्पन्न हुन्छ, उहाँ देवताहरूसंग, जो मारसंग ब्राह्मणसंग तथा देवताहरू र मनुष्यहरूसंग, यस लोकलाई स्वयं जानेको, सन्तात् गरेको धर्मलाई उपदेश गर्नुहुन्छ। उहाँ आदिकल्याण, मध्यकल्याण, अन्त्यकल्याण धर्मको उपदेश गर्नुहुन्छ। सार्थक, स्पष्ट, विल्कुल पूर्ण र शुद्ध ब्रह्मचर्यलाई बताउनुहुन्छ। त्यस धर्मलाई गृहपति या गृहपतिको पुत्र या कुनै अन्य कुलमा उत्पन्न भएको पुरुष सुन्दछ, ऊ त्यस धर्मलाई सुनेर तथागतप्रति श्रद्धालु हुन्छ।"

उक्त उद्धरणबाट स्पष्ट छ कि बुद्धघोषले जेजति लेख्नुभएको छ र त्यसबाट - "उहाँ ब्राह्मण हुनुहुन्नथ्यो"- यसरी कदापि सिद्ध हुँदैन।

बुद्धघोषलाई संस्कृत साहित्यको पूर्ण ज्ञान थियो। बुद्धघोसुप्पत्तिद्वारा विदित छ कि लंकाको भिक्षुसंघले उहाँको संस्कृत ज्ञानको पनि परीक्षा लिएको थियो, जसमा बुद्धघोष निपूर्ण पाइएको थियो। कौशाम्वीज्यूले "भ्रूणहा" शब्दको अनभिज्ञता देखाउनको लागि "भूनहुनो"लाई उद्धृत गर्नुभएको छ।

हामी देख्दछौं कि जुन कुराहरू संस्कृत साहित्यमा एउटा अर्थमा प्रयुक्त भएको छ त्यही त्रिपिटकमा अन्य अर्थमा छ। त्यस्तो स्थानमा बुद्धघोषले बडो बुद्धिमताले काम लिनुभएको छ। यहाँ उहाँको प्रतिभाको ज्ञान कुनै पनि चिन्तनशील पाठकलाई हुन सक्दछ। यस्तो स्थानहरूमा उहाँले आफ्नो समसामयिक संस्कृत साहित्यको उपेक्षा गरी बुद्धकालीन साहित्यप्रति नै ध्यान दिनुभएको छ। उदाहरणार्थ, बुद्धघोषको समयमा महाभारतमा भ्रूणहा शब्द "ब्रह्मभ्रूण वृत्तेषु"को अर्थमा प्रयुक्त भएको थियो। यथा :-

*ऋतुं वै याचमानाया न ददाति पुमान् वृतः।*
*भ्रूणहेत्युच्यते ब्रह्मन् स इह ब्रह्मवादिभिः॥*
*अभिकामा स्त्रियं यस्तु गम्यां रहसि याचितः।*
*नोपैति स च धर्मेषु भ्रूणहेत्युच्युते बुधैः॥*

मनुले पनि यस शब्दको प्रयोग अर्कै अर्थमा गरेको थियो -
*"अन्नदेर्भ्रूणहामार्ष्टिपत्यौ भार्य्यापचारिणी।*

यही शब्द पालि साहित्यमा अर्कै अर्थमा प्रयुक्त थियो। सम्भव तत्कालीन वैदिक र ब्राह्मण साहित्यमा पालिमा आएको अर्थमा नै "भ्रूणहा" शब्दको व्यवहार थियो, जुन यस उद्धरणबाट स्पष्ट हुन



Downloaded from http://www.dhamma.digital

जान्छ :-

“एक समय भगवान् कुरुदेशको कम्मासदम्म नामक कुरुहरूको निगनमा भारद्वाज गोत्र ब्राह्मणको अग्निशालामा तृष्णाशनमा विहार गरिरहनुभएको थियो । तब भगवान्ले पूर्वान्हको समय पात्र चीवर लिनुभएर, कम्मासदम्ममा भिक्षाटन गरी भोजनबाट निवृत भएर, दिनको विहारको लागि एक वनमा जानुभयो । गएर एक रूखमुनि बस्नुभयो ।

त्यस समय मागान्दिय परिव्राजक घुमफिर गरी जहाँ भारद्वाज गोत्र ब्राह्मणको अग्निशाला थियो त्यहाँ गयो । उसले अग्निशालामा तृणाको आसन बिछ्याएको देखेर भारद्वाज गोत्र बाह्मणलाई भन्यो -

“तपाईं भारद्वाजको अग्निशालामा कसको तृणासन बिछ्याएको छ, श्रमणको जस्तो भान हुन्छ ?”

“हे मागन्दिय ! शाक्यपुत्र, शाक्यपुत्र कूलबाट प्रब्रजित ... जो श्रमण गौतम हुनुहुन्छ, उहाँको लागि यो शय्या बिछ्याइएको छ ।”

“हे भारद्वाज, यो खबर देख्नु पऱ्यो, जो हामीले भ्रूणहा (भूनहू) गौतमको शय्यालाई देखें ।”

“रोक यस वचनलाई मागन्दिय ! रोक यस वचनलाई मागन्दिय ! उहाँ गौतमप्रति क्षत्रिय, ब्राह्मण, वैश्य सबै पण्डित श्रद्धावान छन् ।”

“हे भारद्वाज ! यदि म गौतमलाई अगाडि देखें भने पनि उसको अगाडि पनि उसलाई भ्रूणहा (भूनहू) नै भन्थे । त्यो के कारण ? यसरी नै हाम्रो सूत्रहरूमा आएको छ ।”

“यदि मागन्दिय ! तपाईंलाई नराम्रो नलागे भने यस कुरालाई म श्रमण गौतमसंग भनु ?”

“निर्धक्कसंग तपाईं भारद्वाज ! मैले भनेको कुरा उनीसंग भने ... ।...

तब भारद्वाज जहाँ भगवान् हुनुहुन्थ्यो, त्यहाँ गयो र संमोदन गरी एकातिर बस्यो । एकातिर बसेको भारद्वाजगोत्र ब्राह्मणसंग भगवान्ले यो भन्नुभयो - “भारद्वाज ! तृणासनको सम्बन्धमा मान्दिय परिब्राजकसंग के कुनै कुराकानी भयो ?”

यसरी भन्दा भारद्वाज ब्राह्मण संविग्न र रोमाञ्चित भएर भगवान्संग भन्यो - यही म तपाईंसंग भन्न लागेको थिएँ, जुन तपाईं स्वयंले भन्नुभयो ।

दुवैमा यसरी नै कुराकानी भइरहेको थियो कि यतिकैमा मागान्दिय परिव्राजक पनि त्यहाँ आइपुग्यो र सममोदन गरी एकातिर बस्यो । एकातिर बसेको उसंग भगवानले यो भन्नुभयो “मागन्दिय ! चक्षु राम्रो रूपहरूलाई देखेर आनन्दित हुने गर्छ, रूपमा मुदित हुने हुन्छ । त्यो तथागतको संयत, गुप्त र रक्षित छ । तथागत त्यसको संयमको लागि धर्मको उपदेश गर्नुहुन्छ । मागन्दिय ! यही सोचेर तिमीले भन्यौ - “श्रमण गौतम भ्रूणहा (भूनहू) हो ?”

“हे गौतम ! यही सोचेर मैले भने । त्यो के हेतु ? यसरी नै हाम्रो सूत्रहरूमा आउँछ ।”

यस वार्ताबाट ज्ञात हुन्छ कि “भ्रूणहा” शब्द भगवान्को समयमा ब्राह्मण साहित्यमा उक्त अर्थमा नै प्रयुक्त थियो, न कि महाभारत, मनुस्मृति आदि ग्रन्थहरूमा आएको अर्थमा । महाभारत, मागन्दिय



Downloaded from http://www.dhamma.digital

सुत्तको अर्थकथामा बुद्धकालीन ब्राम्हण वाङमयमा व्यवहृत थियो । उहाँले "भूनहु" शब्दको व्याख्या यसप्रकार लेख्नुभएको छ :-

*"भूनहुनोति हतवड्डिनो मरियादारकस्स । कस्मा एवमाहु ? छसु द्वारकेसु बड्डिपञ्ञापनलद्धि कत्ता । अयं हि तस्स लद्धि - चक्खु ब्रूहेतब्बं बड्ढेतब्बं अदिट्ठं दाक्खिदब्बं दिट्ठं समतिक्कमितब्बं । सोतं ब्रूहेतब्बं बड्ढेतब्ब अस्सुतं सोतब्बं सुतं समतिक्कमितब्बं । धानं ब्रूहेतब्बं बड्ढेतब्बं अग्घायितं धायितब्ब धायितं समतिक्कमितब्बं । जिव्हा ब्रूहेतब्बा असायितं सायितब्बं सामितं समतिक्कमितब्बं । कायो ब्रूहेतब्बो बड्ढेतब्बो अफुट्ठं फूसितब्बं फुट्ठं समतिक्कमितब्बं । मनो ब्रूहेतब्बो बड्ढेतब्बो अविञ्ञातं विञ्ञातितब्बं विञ्ञातं समतिक्कमितब्बं । एवं सो छसु द्वारेसु बड्डि पञ्ञापेतिं ।*

"भ्रूणहा" शब्द त्रिपिटकमा अनेक स्थानहरूमा आएका छन् र सर्वत्र यसै अर्थमा आएको छ । यथा:-

(१) संकिच्च जातक (१९,२) मा -
*एते पतन्ति निरये उद्धपादा अवंसिरा*
*इसीनं अतिवत्तारो सञ्ञतानं तपस्सिनं ॥*
*ते भूनहुनो पच्चन्ति मच्छा विलकता यथा ।*
*संवच्छरे असंखेय्ये नरा किब्बिसकारिनो ॥"*

(२) खण्डहाल जातक (२२,५) मा -
*उम्मत्तिका भविस्सामि,*
*भूनहता पंसुना च परिकिण्णा ।*

(३) भूरिदत्त जातक (२२,६) मा -
*"वेदा न ताणाय भवन्तिरस्स ।*
*मित्तहुनो मूनद्दुनो नरस्स ॥*

(४) महावेस्सन्तर जातक (२२,१०) मा -
*दुक्कतञ्च हि नो पुत्त ।*
*भूनहच्च कतं मया ॥*

पातञ्जलि आदि दर्शन ग्रन्थहरूको ज्ञान बुद्धघोषलाई थियो । उहाँले व्रह्मजालादि सूत्रहरूको अर्थकथामा उसको मतप्रति राम्रो प्रकाश पार्नुभएको छ । अणिमा लधिमाको उल्लेख त साधारण कुरा हो । रामायण तथा महाभारतको बुद्धघोषले जहाँ वर्णन गरेको छ, त्यहाँ त्यसभन्दा अधिक उहाँ लेख्नु सक्नुहुँदैनथियो । त्यहाँ उहाँको भनाईको भाव मात्र यति नै हो कि रामायण तथा महाभारतको कथाहरू आसक्तितर्फ लाने हुन, तिनमा अहिंसाको स्थानमा हिंसा र वैराग्यको स्थानमा भोगविलासको वर्णन अधिक छ । अत: भिक्षुहरूलाई त्यसको श्रवण अवलोकनबाट वञ्चित रहनु उत्तम छ । जो भिक्षु घरबार छाडेर अनासक्त पथमा हिंडीरहेका छन्, उसको लागि बुद्धघोषको कथन अनुकूल नै छ । र मात्र यतिले नै भन्न सकिंदैन कि उहाँलाई रामायण महाभारतको ज्ञान थिएन ।

"मोरंडखेटक" शब्दले यो सिद्ध गर्नु कि बुद्धघोष दक्षिण भारतको थियो, समुचित छैन । यस



Downloaded from http://www.dhamma.digital

शब्दको अर्थ उत्तर भारतको नगरहरूसंग पनि मेल खान सक्दछ ।

हामी देख्दछौं कि "मोरण्डखेटक वतब्बेन" विशुद्धिमार्गको अतिरिक्त अन्य कुनै पनि अर्थकथामा आएको छैन । अन्य सारा पाठ सबै ग्रन्थहरूमा समान छ, विशुद्धिमार्गमा पनि सिंहली संस्करणमा "मोरण्डचेटक वत्थब्बेन" पाठ छ र वर्मी संस्करणमा "मुदन्तखेदक वत्तब्बेन" । कौशाम्वीज्यूको देवनागरी संस्करणमा "मोरण्डखेटक वत्तब्बेन" पाठ छ, वास्तवमा यो अन्तिम पाठ - जुन बुद्धघोषको प्रशंसामा लेखिएको छ, पछिको कुनै आचार्यद्वारा लेखिएको हो । जो बुद्धघोषले आफ्नो सम्बन्धमा केही पनि लेख्नु उचित सम्झेन र लेखेन, उहाँ स्वयं आफ्नो गुणहरूको प्रशंसामा केही पनि उठाई नराखोस् त्यो सम्भव छैन । मोरण्डचेटक, मोरण्डखेटक या मुदन्तखेदक शब्दले बुद्धघोष उत्तर भारतीय नहुने सन्देह गर्नु समुचित छैन । किनकि यो स्पष्ट छैन र दीघनिकाय, मज्झिम निकाय, संयुक्त निकाय, अंगुत्तर निकाय, खुद्दक निकायादि ग्रन्थहरूको कुनै पनि अर्थकथामा यो शब्द उपलब्ध छैन ।

बुद्धघोषले मज्झिम निकायको अर्थकथामा लेख्नुभएको छ :-

*"आयाचितो समुतिना थेरेन भदन्त बुद्धमित्तेन ।*
*पुब्बे मयुरसुत्तपट्टनम्हि सद्धिं वसन्तेन ॥*
*परवादिवादविद्धंसनस्स मज्झिमनिकायसेट्ठस्स ।*
*यमहं पपञ्चसूदनियट्ठकथं कातुमारद्धो ॥"*

यसबाट प्रकट हुन्छ कि बुद्धघोष लंका जानुभन्दा पूर्व मयूरसुत्त बन्दरगाहमा भदन्त बुद्धमित्रसंग केही रहनु भएकोथियो र उहाँको प्रार्थनामा नै उहाँले मज्झिम निकायको अर्थकथामा लेख्नुभयो ।

अंगुत्तर निकायको अर्थकथाबाट प्रकट हुन्छ कि पहिले बुद्धघोष काञ्जीवरम्मा भदन्त ज्योतिपालसंग रहनु भएथ्यो र उहाँकै प्रार्थनामा उहाँले मनोरथपूणी लेख्नुभयो ।

*"आयाचितो सुमतिना थेरेन भदन्त जोतिपालेन ।*
*कञ्चीपुरादिसु मया पुब्बे सद्धिं वसन्तेन ॥*
*वर तब्बपण्णिदीपे महाविहारम्हि वसनकालेपि ।*
*वाताहते विय दुमे पलुज्जमानम्हि सद्धम्मे ॥*
*पारं पिटकत्तयसागरस्स गन्त्वा ठितेन सुब्बतिना ।*
*परिसुद्धाजीवेनाभिया चितो जीवकेनापि ॥*
*धम्मकथानयनिपरणेहि धममकथिकेहि अपरिमाणेहि ।*
*परिकीलितस्स पटिपज्जितस्स सकसमयचित्रस्स ॥*
*अट्ठट्ठथं अंगुत्तर निकायस्स कातुमारद्धो ।*
*यमहं चिरकालट्ठितिमिच्छन्तो सासनवरस्स ॥"*

यस्तो जानकारी हुन्छ कि बुद्धघोष बुद्धगयादेखि प्रस्थान गरी दक्षिण भारत हुँदै श्रीलंका जानुभएको थियो र मार्गमा अनेक विहारहरूमा उहाँले निवास गर्नुभएको थियो तथा आफ्नो श्रीलंका जाने उद्देश्य पनि त्यहाँको भिक्षुहरूलाई भन्नुभयो । ती भिक्षुहरूले उहाँको उद्देश्यलाई जानेर उहाँको प्रशंसा गरेका थिए र अर्थकथाहरूलाई लेख्नको लागि पनि प्रार्थना गरेका थिए । बुद्धघोषले काञ्जीवरम् मयूरसुत्त वन्दरगाहको विहारादिमा केही दिन व्यतीत गर्नुभएको थियो । त्यही उहाँको बुद्धमित्र तथा भदन्त



Downloaded from http://www.dhamma.digital

ज्योतिपालसंग लंका जानुपूर्व नै भेट भएको थियो ।

आचार्य परम्परा र श्रीलंकाको इतिहास पनि यस कुरालाई पुष्टि गर्दछ । बुद्धघोसुप्पत्ति नामक ग्रन्थमा लेखेको छ - "पुब्बाचरियानं सन्तिका यथापरियत्तिं पञ्ञाय" अर्थात् पूर्वका आचार्यहरूसंग परियतिधर्मलाई राम्ररी जानेर यस ग्रन्थलाई लेखेको छ । तात्पर्य, जति पनि ऐतिहासिक अथवा परम्परागत सूत्र छन्, सबै बुद्धघोषलाई उत्तर भारतीय नै मान्दछन् ।

बर्माको आचार्यहरूको कथन छ कि बुद्धघोष सिंहली अट्ठकथाहरूलाई लेखेपछि धर्मप्रचारार्थ बर्मा जानुभयो र त्यहाँ धेरै दिनसम्म रहनुभयो । तर, यस कुराको उल्लेख कुनै इतिहास ग्रन्थमा पाईंदैन र न त जनश्रुतिको अतिरिक्त दोस्रो नै कुनै प्रमाण यस सम्बन्धमा प्राप्त छ । कम्बोडियाको बौद्धहरूको भनाई छ कि बुद्धघोष कम्बोडिया जानुभएको थियो र त्यहीं उहाँको परिनिर्वाण भएकोथियो । डा. विमलाचरण लाहाले लेखेको छ कि कम्बोडियामा बुद्धघोष विहार नामक एक अत्यन्त प्राचीन विहार छ, जसमा बुद्धघोषले वास गर्नुभएको थियो र त्यही उहाँको अन्तिम दिन व्यतीत भएको थियो ।

## बुद्धघोषको रचनाहरू

आचार्य बुद्धघोषले जुन ग्रन्थहरूको रचना गर्नुभयो, त्यसमध्ये "ज्ञानोदय" र "विशुद्धिमार्ग" को अतिरिक्त शेष सबै अट्ठकथाहरू थिए । विशुद्धिमार्गलाई पनि विशुद्धिमार्ग अर्थकथा" नै भनिन्छ, तर यो दीघनिकायको अर्थकथा सुमंगल विलसिनी आदिको समान कुनै भिन्न अर्थकथा ग्रन्थ होइन । यसको वर्णन शैलीमा अर्थकथा ग्रन्थहरूको विधिको अनुसरण गरिएको छ । भनिएको छ कि बुद्धघोषले आफ्नो सर्वोत्कृष्ट ग्रन्थ विशुद्धिमार्गको रचनामा "विमुक्तिमार्ग" नामक ग्रन्थलाई आधार बनाउनुभएको थियो, जसको लेखक उपतिष्य स्थविर हुनुहुन्थ्यो र जुन प्रथम शताब्दी ईस्वीमा लेखिएको थियो । त्यो अब मात्र चीनी अनुवादको रूपमा नै उपलब्ध छ, जुन कि पाँचौं शताब्दीको हो । बुद्धघोषको सबै ग्रन्थ चीनमा पुगेको थियो र त्यसको चीनी भाषामा अनुवाद भएको थियो । चिनी भाषाको ग्रन्थ "सुदर्शन विभाषा" उहाँको समन्तपासादिकाको नै अनुवाद हो । "शासनवंश" अनुसार बुद्धघोषले "पिटकत्तयलक्खण" नामक पनि एक ग्रन्थ लेख्नुभएको थियो, जुन सम्प्रति प्राप्य छैन । कुप्पस्वामी शास्त्रीले लेखेको छ "पद्मचूडामणि" नामक ग्रन्थ पनि बुद्धघोषको नै रचना हो, तर विद्वानहरूले अनेक अकाट्य प्रमाणहरूले त्यसलाई बुद्धघोषको रचना मानेको छैन । बुद्धघोषको रचनाहरूको तालिका यसप्रकार छ :-

### प्रकरण ग्रन्थ

| | |
|---|---|
| १. ञाणोदय | अप्राप्त |

### स्वतन्त्र अर्थकथा ग्रन्थ

२. विशुद्धिमग्ग

### विनय पिटकको अर्थकथाहरू

| मूल पालि ग्रन्थ | अर्थकथाको नाम |
|---|---|
| ३. पाराजिका पालि, पाचित्तिय पालि, | समन्तपासादिका |
| चुल्लवग्ग, महावग्ग परिवार | (विनय महाअर्थकथा |



Downloaded from http://www.dhamma.digital

| | |
|---|---|
| ४. पातिमोक्ख | कंखावितरणी |

## सुत्तपिटकको अर्थकथाहरू

| | |
|---|---|
| ५. दीघनिकाय | सुमंगल विलासिनी |
| ६. मज्झिम निकाय | पपञ्चसूदनी |
| ७. संयुक्त निकाय | सारत्थप्पकासिनी |
| ८. अंगुत्तर निकाय | मनोरथपूरणी |
| ९. खुद्दक पाठ | परमत्थ जोतिका |
| १०. सुत्त निपात | परमत्थ जोतिका |
| ११. धम्मपद | परमत्थ जोतिका |
| १२. जातक | परमत्थ जोतिका |

त्यसलाई जातकट्ठवण्णना पनि भनिन्छ।

## अभिधम्म पिटकको अर्थकथाहरू

| | |
|---|---|
| १३. धम्मसंगणी | अट्ठसालिनी |
| १४. विभंग | सम्मोह विनोदनी |
| १५. कथावत्थु | |
| पुग्गल पञ्ञति | परमत्थ दीपनी |
| धातुकथा | (पञ्चप्पकरणट्ठकथा) |
| यमक | |
| पट्ठान | |

## बुद्धघोषको अर्थकथाहरूको महत्व

त्रिपिटक पालिलाई राम्ररी अर्थ र कथान्तर जान्नको लागि अर्थकथाहरूको अतिरिक्त अन्य कुनै साधन छैन। यदि अर्थकथाहरू नहुँदो त त्रिपिटकको अर्थको अनर्थ भइसक्थ्यो। कथान्तर त सारा विर्सेर जान्थ्यो। जातक, धम्मपदादिको अर्थकथाहरू कसरी कण्ठस्थ भएर भाणक परम्पराबाट पनि आउन सक्दथ्यो ?" सम्प्रति र स्थविरवादी बौद्ध देशहरूमा अर्थकथाहरूलाई त्यस्तै गौरव र सम्मानको दृष्टिले हेर्दछन् जति कि पालि त्रिपिटकलाई। अर्थकथाहरूको भाषा धेरै नै सुन्दर तथा सरल छ। अर्थकथाहरूमा बुद्धकालीन भारतको संस्कृति, राजनीति, कलाकौशल, समाज तथा इतिहासको जानकारीको लागि पर्याप्त सामग्री छ। बौद्धधर्मको उन्नति अवनति आदिको ज्ञानको लागि त अर्थकथाहरू आदर्श छन्।

यी अर्थकथाहरू महामहेन्द्रद्वारा लेखिएको आधारमा लेखिएको थियो, अतः यिनमा आएका सामग्री



Downloaded from http://www.dhamma.digital

प्रामाणिक र परम्परागत हो। यिनको प्रामाणिकताको कारण नै (१) महाअट्ठकथा, (२) पच्चरिय अट्ठकथा, (३) कुरुन्दि अट्ठकथा (४) अन्धक अट्ठकथा र (५) संखेप अट्ठकथा, यी पाँचैं प्राचीन अट्ठकथाहरूको आवश्यकता रहेन र ती विस्तार वस्तार लुप्त भएर गए। बुद्धघोसुप्पतिअनुसार जलाइदएको थियो अथवा कुनै एक चैत्यमा निधान गरिदिएको थियो। बुद्धघोषले यी अर्थकथाहरूको महत्वलाई बताउँदै स्वयं लेखेको छ :-

"परम्पराले ल्याएको त्यसको सुन्दर वर्णन जुन ताम्रपर्णी (लंका) द्वीपमा त्यस द्वीपको भाषामा लेखिएको छ, त्यो शेष प्राणहिरूको हितार्थ हुँदैन थियो, शायद त्यो सारा लोकवासिहरूको हितार्थ होस् (यसरी आराधना गर्दा) सिंहली भाषाबाट मनोरम पालि भाषामा भाषान्तर गरी, पण्डितहरूको मनमा प्रीति र आनन्दलाई उत्पन्न गर्दै, अर्थ-धर्मसहित भन्नेछु।"

## अर्थकथाहरूको सम्पादन विधि

बुद्धघोषले आफ्नो अर्थकथाहरूमा चार कुराहरूको क्रम विशेषरूपले अपनाउनु भएको छ - (१) सूत्रानुलोम, (३) आचार्यवाद र (४) आफ्नो मत। चार महाप्रदेशहरूको पनि अतिक्रमण गर्नुभएको छैन। जुन कुरा सूत्रमा आएका थिए सूत्रानुसार हुन सक्दथ्यो, त्यस विषयमा आचार्यहरूको जुन कुनै वादविवाद भएको थियो तथा जुन आफ्नो मनशाय हुन्थ्यो, सबैलाई दर्शाउँदै, पूर्ण नियमपूर्वक अर्थकथाहरूलाई सम्पादन गर्नुभयो।

बुद्धघोषले सिंहली अर्थकथाहरूको पालि भाषामा अनुवाद मात्र गर्नुभएको थियो" यसरी कोही मान्दछन्, तर जव हामी यस प्रतिविचार गर्दछौं तब ज्ञात हुन्छ कि सिंहली अर्थकथाको अवलम्ब अवश्य लिनुभएको छ, त्यसको अनुवाद मात्र होइन। यदि अनुवाद मात्र गरिएको भए, तव नाना मतान्तर बाझ्दैन थियो। यसरी - विनय अर्थकथामा यो भनिएको छ , तर दीर्घनिकायमा अर्थकथा भनेर बुद्धघोसले अर्थकथाहरूको सम्पादनमा महाअर्थकथा आदि मात्र अनुसरण गर्नु भएन कि बल्कि कठीन शब्दहरूको र अवर्णित स्थानहरूको व्याख्या पनि गर्नुभयो। यसोगर्दा पनि विशेष गरी त्रिपिटकका सुत्रहरूको नै आवलम्बन गर्नुभयो। सुत्रहरूको विरूद्ध कुनै पनि कुरालाई अटुकथामा स्थान दिनुभएन। प्राचीन अर्थकथाहरूमा जुन महाअर्थकथा सत्तापिटकको, पच्चारिय अमिधम्म पिटकको र कुरून्दिक विनयपिटकको अर्थकथाहरू थिए, नवीन सम्पादनमा पनि क्रमानुसार योग लिनुभयो।

एक ताड्पत्रमा लिखित ग्रन्थ सद्धम्मसंगहो या अर्थकथाहरूको विषयमा यसप्रकारको उल्लेख पाइन्छ। आयुष्मान् बुद्धघोषले सिंहली भाषाबाट भाबान्तर गरी मागधी भाषामा समन्तपासदिका नामक विनयको अर्थकथा बनायो। त्यसपछि सुत्तपिटकमा महाअट्ठकथाको अनुवाद गरी सुमंगलविलासिनी नामक दीघनिकायको अर्थकथा पपचञ्सूदनी नामक मज्झिम निकायको अर्थकथा, सारत्थप्पकासिनी नामक संयुक्त निकायको अर्थकथा र मनोरथपुरणी नामक अंगुत्तर निकायको अटुकथा। तदन्तर अमिधम्मपिटकमा महापच्चरियको अनुवाद गरी अत्थसालिनी नामक धम्मसंगणीको अर्थकथा र परमत्थदीपनी नामक पांच प्रकरणहरूको अटट्ठकथा वनायो। जसलाई पञ्चप्पकरणट्ठकथा पनि भनिन्छ। बुद्धघोषले आचार्यवादको साथसाथै मिलिन्दपञ्हबाट पनि ठुलो सहायता लिनुभएको छ। जहांजहां आवश्यकता महशुस भयो, त्यहांत्यहां मिलिन्दपञ्हको उद्धरण दिएर आफ्नो कथनको पुष्टि



Downloaded from http://www.dhamma.digital

गर्नुभएको छ । पछाडिको अर्थकथा लेखकहरूले पनि बुद्धघोसको यस क्रमलाई अपनाएका छन् ।

महावंशबाट पनि ऐतिहासिक कुराहरुको पुष्टिको लागि उद्धरहरण दिएर वुद्धघोषले ऐतिहासिक सत्यको मर्यादा कायम राख्नुभएको छ । वुद्धघोषलाई सिंहली अर्थकथाहरूका जुन कुराहरू सुत्रानुकुल भएभैं लागेन, उहांले त्यस्तालाई सर्वदा त्याग गरिदिनुभएको छ । वुद्धघोषले स्वयं धेरैजसो स्थानहरूमा पुरातन अर्थकथाहरूको दोष देखाउनुभएको छ र यो पनि भन्नुभएको छ कि यस्ता अशुद्धिहरू पछिका लेखकहरूद्वारा भएका छन - महाट्ठकथामा सत्यमा पनि भुठमा पनि दुष्कृत (दुक्कट ) मात्र भनिएको छ, त्यो प्रमादवश लेखिएको छ - यसरी जान्नुपर्दछ। तर अंगुत्तर निकायको अर्थकथामा पहिला वैरी व्यक्तिप्रति करूणाा गर्नुपर्दछ । त्यसप्रति चित्तको मृदु गरी निर्धनप्रति, तत्पश्चात् प्रिय व्यक्तिप्रति, त्यसपछि आफुप्रति - यो क्रम वर्णित छ । बुद्धघोषले केही यस्ता कुराहरूलाई पनि अर्थकथामा स्थान दिनुभएको छ जुन न सुत्रहरूमा नै आएका छन् र न त प्राचीन अर्थकथाहरुमा नै । रागादि चर्याको वर्णन गर्दै उहांले लेख्नुभयो - "किनकि यो चर्या सवप्रकारले विभावन- विधान न त पालिमा आएको छ र न अर्थकथामा नै, मात्र आचार्यहरूको मतानुसार मैले भनेको छु , यसैले यसलाई ठीकरूपले ग्रहण गरिनु हुदैन । यसरी नै, यो पुरानाहरूले बिचार गरिएन" आदि । प्राचीन अर्थकथाहरूको पाठहरूमा जहां धेरै मतभेद देखिएको छ , त्यहां उहांले - "हामीलाई यो ठीक लागेन, हाम्रो भनाई यस्तो छ," लेख्नुभएको छ । धेरैजसो स्थानहरूमा विल्कुल मौन धारण गर्नुभएको छ । मूल पालि पाठहरूको सम्बन्धमा पनि र अशुद्ध पाठहरूको समबन्धमा पनि अशुद्ध उल्लेखहरूलाई बताउदै जानुभएको छ - "यस्तो पनि पाठ छ - अथवा यही पाठ शुद्ध हो - यो पनि पुरानो पाठ हो" इत्यादि । हामी देख्दछौं कि बुद्धघोषको अर्थकथाहरूमा धरैजसो अचार्यहरूको मत संगृहीत छन् । जुन पुरानो अर्थकथाहरूको समयका होइनन् । प्रत्युत बुद्धघोषको समकालीन अथवा केही पूर्वकालका थिए । तिनीहरूमा केहीको नाम यी हुन् :-

(१) चूलसीव, इसिदत्त, महोसोणादि स्थविरहरूको मतभेद र निर्णय (२) निग्रोध स्थविर (३) चूलसुधम्म स्थविर (४) त्रिपिटक चूलनाग स्थविर (५) अन्यतम स्थविर (६ महासीव स्थविर (७) मलियदेव स्थविर (८) तिष्यमूर्ति (९) अन्यतम श्रामणेर (१०) महातिष्य (११) द्वेभातिक स्थविर (१२) अन्यतम स्थविर (१३) तिष्य स्थविर (१४) अन्यतर तरुण भिक्षु (१५) तरङ्गलवासी धम्मन्नि (१६) फुरसदेव (१७) अन्यतर प्रव्रजित (१८) चूलनाग या महानाग (१९) कुब्जतिष्य (२०) महातिष्यभूति (२१) दीघभाणक अमय स्थविर (२२) पधानिय स्थविर (२३) महाफूस्स स्थविर १(२४) चूलसमुद्र स्थविर (२५) अन्यतर श्रामणेर ।

यसमध्ये कोही यस्ता छन्, जसले स्वयं बुद्धघोषसंग तद्‌विषय वादविवाद गरेको थियो अथवा बुद्धघोषले ऊकहाँ गएर आफ्नो शंका निवारण गरेको थियो ।

## अर्थकथाहरूमा विशुद्धिमार्गको स्थान

बुद्धघोषले विशुद्धिमार्ग लेख्नुमा यसरी विद्धताले काम लिएको छ कि अट्ठकथाहरू पढ्नमा धेरै सजिलो हुन्छ । उहाँले आफ्नो अट्ठकथाहरूमा, जहाँकतै विस्तार गर्ने कुरा आएको छ र यदि त्यसको विस्तार कथा विशुद्धिमार्गमा आएको छ भने यो भनिदिएको छ कि विशुद्धिमार्गमा यसको पर्याप्त वर्णन गरिएको छ, अतः त्यसलाई त्यहीं हेर्नुहोस् । अंगुत्तर निकायको अट्ठकथाको प्रारम्भमा नै विशुद्धिमार्गका



Downloaded from http://www.dhammadigital

स्थान-निर्देश गर्दै बुद्धघोषले लेख्नुभएको छ- "शील कथा, धुताङ्ग धर्म र सबै कर्मस्थान, चर्या विधानको साथै ध्यान समापत्तिको विस्तार, सारा अभिज्ञाहरू र प्रज्ञा संकलन निश्चय, स्कन्धधातु, आयतन, इन्द्रिय, चार आर्यसत्य, प्रत्ययहरूको आकार देशना (प्रतीत्यसमुत्पाद) र पालिअनुसार नै विपस्सना भावना सबै परिशुद्धरूपमा मैले विशुद्धिमार्गमा भनिदिएको छु, यसैले त्यसको प्रायः यहाँ विचार गरिने छैन । यो विशुद्धिमार्ग चारै आगमहरू (निकायहरू) को मध्यमा रहेर यथोक्त अर्थ प्रकाशित गर्दछ, त्यो त्यसैले लेखिएको पनि छ, अतः त्यसलाई पनि यस अट्ठकथाको साथै दीघनिकायको सहाराले अर्थलाई जान्नुहोस् ।

मनोरथपुरणीको अन्तमा पनि - "किनकि आगमहरूको अर्थलाई प्रकाशित गर्नको लागि उनन्साठी (५९) भाणवारहरूद्वारा "विशुद्धिमार्ग"लाई पनि लेखिएको छ, यसैले त्यससंगै यो अट्ठकथा गाथाको गणनानुसार एकसय त्रिपन्न (१५३) भाणवारहरूलाई जान्नुपर्दछ।" यही पाठ केही फरक गरी पपञ्चसुदनी आदि अट्ठकथा ग्रन्थहरूको प्रारम्भ र अन्तमा आएका छन् । यसले स्पष्ट हुन्छ कि विनाविशुद्धिमार्ग आगमको अट्ठकथाहरू पूर्ण हुँदैन । आगमको अट्ठकथाहरूमा नै यसको पनि गणना हुन्छ यसलाई पढ्दा समय यसलाई तिनीहरूका बीच राखेर पढ्नु उचित छ ।

हिन्दी अनुवादक
भिक्षु धर्म रक्षित
सारनाथ, भारत
२५ अगष्ट १९५६
बुद्ध सम्बत २५००

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# श्रद्धाञ्जली

**ऋषि महाप्रज्ञा तथा प्रथम संघनायक भिक्षु प्रज्ञानन्द महास्थविर लगायत**

**सम्पूर्ण दिवंगत योद्धाहरूलाई**

*जसले बुद्धजन्मभूमिमा विशुद्धिमार्ग (शील समाधि प्रज्ञा) शिक्षाको वीजारोपण गरे ।*

# कृतज्ञता

**भिक्षु अश्वघोष महास्थविरलाई**

*जस्ले विशुद्धिमार्गयुक्त जीवनमा मलाई जन्म दिनुभयो, र*

**द्वितीय संघनायक स्व. भिक्षु शाक्यानन्द महास्थविरलाई,**

*जसको छत्रछायाँमा धुतांगपालनसहित विशुद्धिमार्गको अभ्यास गर्ने मौका पाएँ ।*

# समर्पण

**तृतीय संघनायक भिक्षु अनिरुद्ध महास्थविरको नेतृत्वमा रहेको**

**वर्तमान भिक्षु महासंघलाई,**

*जसले विशुद्धिमार्गमा हिंड्ने जीउँदा शहीदहरू जन्माउँदै जानेछ ।*

# शुभकामना

**बुद्धजन्मभूमिको लाज राख्न जीवन समर्पित गर्ने सम्पूर्ण वर्तमान र भावी विशुद्धिमार्ग यात्रीहरूलाई**

# स्वागत

*अरहन्त नभएसम्म चित्त शुद्ध नहुने र सम्यकसम्बुद्ध नभएसम्म ज्ञानमा परिपूर्ण नहुने यथार्थतालाई स्वीकार गर्दै यस पुस्तकको माध्यमबाट गल्ती कमजोरी औंल्याइदिने*

**कल्याणमित्रहरूको सुझाव सल्लाहहरूलाई ।**

# धन्यवाद

*अनुवादलाई पुस्तकमा परिणत गर्न सकारात्मक वा नकारात्मक सहयोग गर्नुहुने*

**सम्पूर्ण भिक्षु, अनगारिका, उपासक, उपासिकाहरूलाई ।**

*अनुवादक*

**सम्यक सम्बोधि प्राणपुत्र**

*संघाराम विहार, काठमाडौं*

२६२४ औं बुद्ध जयन्ति

बुद्ध संवत २५४४



Downloaded from http://www.dhamma.digital

**बोधिसत्व**

मरूभूमिमा कुवाँ खन्ने हे कर्मी
तिम्रो साहासविना छैन अन्य सहारा
फुटाउ मूल समय दुरुपयोग नगरी
पिलाउनु छ पानी अरुलाई पनि
पानीको लागि दिशा विहीन भै
जीवन लिला कतिले समाप्त गरे
कति शुरुमै डरले मूर्च्छा परे
अन्तिम चरणमा कति असफल भए
असफलता भन् दुःख सम्झी
पूर्णताको लागि कम्मर कस
छन् जतातते छरिएका लाश हड्डीहरू
भोग प्यास असफलताले तडपिएकाहरू
सकिन्छ कसैलाई दया मात्र गर्न
फस्न सकिन्न मोहमा कसैको तर
तृष्णा असफलताको कारण बुझी
अष्टाङ्गिक ज्याभलले निरन्तर खन

स म्य क् स म्बो धि प्रा प्त पु त्र

**जीवन**

शान्ति नै जीवनको साध्य
विवेक प्रयत्न यसको साधन
जीवन नआफ्नो नअरुको
सललल बग्ने अविरल प्रवाह
यहाँ न प्रेम छ न विछोड
तृष्णा अज्ञानताको खेल
जीवन एकतर्फि यात्रा निरन्तर
अतीतसंग हुने सदा वेमेल
वर्तमान सून्य आकाश सागर
भविष्य काल्पनिक अन्धकार
जीवन योगीको कर्म क्षेत्र
भोगीको बन्धन पाशो जाल
पुरुषार्थीको अमूल्य रत्न
कायरको बोझ गलगाँड

**विशुद्धिमार्गका सहयात्रीहरूलाई मंगलमय शुभकामनासहित**

# पुष्पाञ्जली

**भिक्षु**

केश दाह्री मुण्डन पात्र चीवर धारी
अल्पेक्षी संयमी एकान्तवासी गृहत्यागी
धर्म प्रचार चारिका गर्दै जीवन विताउने
अन्धोलाई आँखा दिने बुद्ध पुत्र हौ तिमी

अटसमटस हुने पर्वतजस्तै श्रद्धा तिम्रो अटल
सररर बहने हावाजस्तै करुणा तिम्रो शितल
अनाशक्त समाजसेवी त्यागी हौ तिमी
कर्मफलको मर्मज्ञ योगी हौ तिमी

सललल बग्ने नदीजस्तै वीर्य तिम्रो गतिमान
दनदन बल्ने आगोजस्तै समाधि तिम्रो निर्विकार
पारमिता पुरा गर्ने पुरुषार्थी हौ तिमी
संघ सदस्य जन्माउने मातृशक्ति हौ तिमी

चमचम चम्किने खुकुरीजस्तै प्रज्ञा तिम्रो तीक्ष्ण
गडगडाउने विजुलीजस्तै स्मृति तिम्रो सूक्ष्म
चार आर्यसत्य बुझ्ने धीर हौ तिमी
अष्टाङ्गिक मार्गमा हिंड्ने वीर हौ तिमी

२ ५ २ ४ बु द्ध ज न्म भू मि

**विगुल**

अरहत ध्वजा फहराउँदै बुद्ध शिक्षा घन्काउँदै
बढ भिक्षु भई योद्धा शान्ति समरभूमिमा

तिम्रो चीवरको दर्शनले रागी बन्छ त्यागी यहाँ
तिम्रो पाइलाको स्पर्शले नर्क बन्छ स्वर्ग यहाँ
सुख भोग लत्याउँदै दुःख बोध जगाउँदै
हिड भिक्षु बन्न शहीद क्रान्ति किरातभूमिमा

तिम्रो मैत्री करुणाले, दुष्टको पग्लन्छ हृदय यहाँ
तिम्रो प्रज्ञा सिंहनादले, विरोधी पर्छन् शरण यहाँ
पाप कर्म छोडाउँदै कुशल कर्म गराउँदै
बन भिक्षु मार्गदर्शक भ्रान्ति कर्मभूमिमा

अष्टाङ्गिक मार्ग पाए लंगडो पनि हिंड्छ यहाँ
आर्यसत्य सुन्न पाए बहिरो पनि सुन्छ यहाँ
धर्मचक्र घुमाउँदै स्वयम्भू आँखा खुलाउँदै
होउ भिक्षु कल्याणमित्र बुद्ध जन्मभूमिमा



Downloaded from http://www.dhamma.digital

सविनयपूर्ण समर्पण

# अखिल नेपाल भिक्षु महासंघ

सम्पादक

कोण्डन्य संघाराम



# THE PATH OF PURIFICATION

Meritorious Flower
Dedicated to

**All Nepal Bhikkhu Council**

Editor

**Ven. Kondanya Sangharam**

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# विषयसूची


| क्र.सं. | शिर्षक | पेज संख्या |
|---|---|---|
| १. | **पहिलो परिच्छेद** | |
| | शील निर्देश | १ |
| | निदानकथा | १ |
| | विशुद्धिमार्ग के हो ? | २ |
| | शील के हो ? | ६ |
| | शीलको अर्थ के हो ? | ७ |
| | शीलको लक्षण, रस, प्रत्युपस्थान पदस्थान के हुन् ? | ८ |
| | शीलको गुण के हो ? | ८ |
| | शील कति प्रकारका छन् ? | १० |
| | प्रातिमोक्षसंवरशील | १५ |
| | इन्द्रियसंवरशील | १८ |
| | आजीवपारिशुद्धिशील | २१ |
| | प्रत्ययसन्निश्रितशील | २८ |
| | प्रातिमोक्षसंवरशुद्धि सम्पादन विधि | ३२ |
| | इन्द्रियसंवरशुद्धि सम्पादन विधि | ३३ |
| | आजीवपारिशुद्धि सम्पादन विधि | ३६ |
| | प्रत्ययसन्निश्रितशुद्धि सम्पादन विधि | ३९ |
| | संक्लेश र विशुद्धि | ४६ |
| २. | **दोस्रो परिच्छेद** | |
| | धुताङ्ग निर्देश | ५४ |
| | धुताङ्ग के हो ? | ५६ |
| | पांशुकुलिकांग | ५६ |
| | त्रैचीवरिकाङ्ग | ५८ |
| | पिण्डपातिकाङ्ग | ६० |
| | सापदानचारिकाङ्ग | ६१ |
| | एकासनिकाङ्ग | ६२ |
| | पात्रपिण्डकाङ्ग | ६३ |
| | खलुपच्छाभत्तिकाङ्ग | ६४ |
| | आरण्यकाङ्ग | ६४ |
| | वृक्षमुलिकाङ्ग | ६६ |
| | अभ्यवकाशिकाङ्ग | ६७ |
| | श्मशानिकाङ्ग | ६८ |
| | यथासंस्थरिकाङ्ग | ७० |
| | नैषद्यिकाङ्ग | ७० |
| | विनिश्चयकथा | ७१ |
| ३. | **तेस्रो परिच्छेद** | |
| | कर्मस्थान ग्रहण निर्देश | ७५ |
| | समाधि के हो ? | ७५ |
| | कुन अर्थमा समाधि हो ? | ७५ |
| | समाधिको लक्षण, रस, प्रत्युपस्थान पदस्थान के हुन् ? | ७५ |
| | समाधि कति प्रकारका छन् ? | ७५ |
| | यसको संक्लेश र व्यवदान के हो ? | ७९ |
| | कसरी भावना गर्नुपर्दछ ? | ८६ |
| | दशपरिबोध | ८६ |
| | कल्याणमित्र | ८६ |
| | चर्या | ८९ |
| | संख्या निर्देश | ९६ |
| | उपचार अर्पणाको आवाहान | ९६ |
| | ध्यानको प्रभेद | ९६ |
| | बढाव घटाव | ९७ |
| ४. | **चौथो परिच्छेद** | |
| | पृथ्वीकसिण निर्देश | १०३ |
| | अयोग्य विहार | १०३ |
| | योग्य विहार | १०६ |
| | भावनाको आरम्भकाल | १०७ |
| | अर्पणाको कुशलता | १११ |




Downloaded from http://www.dhamma.digital

| क्र.सं. | शिर्षक | पेज संख्या |
|---|---|---|
| | निमित्ताभिमुख प्रवृत्तिको प्रतिपादन | ११८ |
| | प्रथमध्यान | १२० |
| | द्वितीयध्यान | १३० |
| | तृतीयध्यान | १३३ |
| | चतुर्थध्यान | १३७ |
| | पञ्चमध्यान | १४० |
| ५. | **पाँचौं परिच्छेद** | |
| | शेष कसिण निर्देश | १४२ |
| | आपोकसिण | १४२ |
| | तेजोकसिण | १४२ |
| | वायोकसिण | १४३ |
| | नीलकसिण | १४४ |
| | पीतकसिण | १४४ |
| | लोहितकसिण | १४४ |
| | अवदातकसिण | १४५ |
| | आलोककसिण | १४५ |
| | परिच्छिन्नाकासकसिण | १४५ |
| | प्रकीर्णककथा | १४६ |
| ६. | **छैठौं परिच्छेद** | |
| | अशुभ कर्मस्थान निर्देश | १४८ |
| | उद्धमातक अशुभनिमित्त | १४९ |
| | विनीलक अशुभनिमित्त | १५६ |
| | विपुब्बक अशुभनिमित्त | १५७ |
| | विच्छिद्दक अशुभनिमित्त | १५७ |
| | विक्खायितक अशुभनिमित्त | १५७ |
| | विक्खित्तक अशुभनिमित्त | १५७ |
| | हत विक्खित्तक अशुभनिमित्त | १५७ |
| | लोहितक अशुभनिमित्त | १५७ |
| | पुलुवक अशुभनिमित्त | १५७ |
| | अट्ठिक अशुभनिमित्त | १५८ |
| | प्रकीर्णककथा | १५९ |
| ७. | **सातौं परिच्छेद** | |
| | ६ अनुस्मृति निर्देश | १६३ |
| | बुद्धानुस्मृति | १६३ |
| | धर्मानुस्मृति | १७८ |
| | संघानुस्मृति | १८२ |
| | शीलानुस्मृति | १८५ |
| | त्यागानुस्मृति | १८६ |
| | देवतानुस्मृति | १८८ |
| | प्रकीर्णककथा | १८८ |
| ८. | **आठौं परिच्छेद** | |
| | अनुस्मृति कर्मस्थान निर्देश | १९१ |
| | मरणस्मृति | १९१ |
| | कायगतास्मृति | २०० |
| | आनापानस्मृति | २१९ |
| | प्रथमचतुष्क | २२० |
| | द्वितीयचतुष्क | २३५ |
| | तृतीयचतुष्क | २३६ |
| | चतुर्थचतुष्क | २३६ |
| | उपशमानुस्मृति | २३९ |
| ९. | **नवौं परिच्छेद** | |
| | ब्रह्मविहार निर्देश | २४१ |
| | मैत्री ब्रह्मविहार | २४१ |
| | भावना विधि | २४२ |
| | करुणा ब्रह्मविहार | २६० |
| | मुदिता ब्रह्मविहार | २६१ |
| | उपेक्षा ब्रह्मविहार | २६२ |
| | प्रकीर्णककथा | २६३ |
| १०. | **दशौं परिच्छेद** | |
| | आरुप्य निर्देश | २६९ |
| | आकाशानान्त्यायतन | २६९ |
| | विज्ञानन्त्यायतन | २७३ |




Downloaded from http://www.dhamma.digital

| क्र.सं. | शिर्षक | पेज संख्या |
|---|---|---|
| | आकिंञ्चन्यायतन | २७४ |
| | नैवसंज्ञानासंज्ञायतन | २७५ |
| | प्रकीर्णककथा | २७८ |
| ११. | **एघारौं परिच्छेद** | |
| | समाधि निर्देश | २८१ |
| | आहारमा प्रतिकूलसंज्ञा | २८१ |
| | चतुर्धातु व्यवस्थापन | २८६ |
| | भावना विधि | २८८ |
| | पृथ्वीधातु | २९० |
| | आपोधातु | २९४ |
| | तेजोधातु | २९७ |
| | वायोधातु | २९७ |
| | समाधि - भावनाको फल | ३०५ |
| १२. | **बाह्रौं परिच्छेद** | |
| | ऋद्धिविध निर्देश | ३०७ |
| | अधिष्ठानऋद्धि | ३११ |
| | विकुर्वणऋद्धि | ३१२ |
| | मनोमयऋद्धि | ३१२ |
| | ज्ञानविस्फारऋद्धि | ३१२ |
| | समाधिविस्फारऋद्धि | ३१२ |
| | आर्यऋद्धि | ३१३ |
| | कर्मविपाकजऋद्धि | ३१४ |
| | पुण्यावानको ऋद्धि | ३१४ |
| | विद्यामयऋद्धि | ३१४ |
| | सिद्धहुने अर्थमा ऋद्धि | ३१५ |
| १३. | **तेह्रौं परिच्छेद** | |
| | अभिज्ञा निर्देश | ३३४ |
| | दिव्यश्रोतधातु | ३३४ |
| | चेतोपर्यज्ञान | ३३५ |
| | पूर्वेनिवासानुस्मृतिज्ञान | ३३७ |
| | च्युत्योत्पादज्ञान | ३४८ |
| | यथाकर्मोपगज्ञान | ३४९ |
| | अनागतांशज्ञान | ३४९ |
| | प्रकीर्णककथा | ३५३ |
| १४. | **चौधौं परिच्छेद** | |
| | स्कन्ध निर्देश | ३५८ |
| | प्रज्ञा के हो ? | ३५८ |
| | कुन अर्थमा प्रज्ञा हो ? | ३५८ |
| | यसको लक्षण, रस, प्रत्युपस्थान, पदस्थान के हुन् ? | ३५८ |
| | प्रज्ञा कति प्रकारका छन् ? | ३५८ |
| | रूपस्कन्ध | ३६३ |
| | विज्ञानस्कन्ध | ३७१ |
| | वेदनास्कन्ध | ३७९ |
| | संज्ञास्कन्ध | ३८० |
| | संस्कारस्कन्ध | ३८१ |
| | चित्तचेतसिक संग्रह | ३८५ |
| | स्कन्धहरूको विस्तारकथा | ३९० |
| | विनिश्चयकथा | ३९३ |
| १५. | **पन्ध्रौं परिच्छेद** | |
| | आयतन धातु निर्देश | ३९७ |
| | आयतनकथा | ३९७ |
| | धातुकथा | ४०० |
| १६. | **सोह्रौं परिच्छेद** | |
| | इन्द्रिय सत्य निर्देश | ४०५ |
| | इन्द्रियकथा | ४०५ |
| | सत्यकथा | ४०६ |
| | दु:ख | ४११ |
| | दु:खसमुदय | ४१९ |
| | दु:खनिरोध | ४१९ |
| | दु:खनिरोधगामी प्रतिपदा | ४२१ |




Downloaded from http://www.dhamma.digital

| क्र.सं. | शिर्षक | पेज संख्या |
| --- | --- | --- |
| १७. | **सत्रौं परिच्छेद** | |
| | प्रज्ञाभूमि निर्देश | ४२२ |
| | प्रतीत्यसमुत्पाद निर्देश | ४२८ |
| | अविद्याको प्रत्ययले संस्कार | ४३३ |
| | संस्कारको प्रत्ययले विज्ञान | ४५१ |
| | विज्ञानको प्रत्ययले नामरूप | ४६३ |
| | नामरूपको प्रत्ययले ६ आयतन | ४६६ |
| | ६ आयतनको प्रत्ययले स्पर्श | ४६९ |
| | स्पर्शको प्रत्ययले वेदना | ४७० |
| | वेदनाको प्रत्ययले तृष्णा | ४७१ |
| | तृष्णाको प्रत्ययले उपादान | ४७२ |
| | उपादानको प्रत्ययले भव | ४७४ |
| | भवको प्रत्ययले जाति | ४७७ |
| | भवचक्रकथा | ४७८ |
| १८. | **अठारौं परिच्छेद** | |
| | दृष्टिविशुद्धि निर्देश | ४८५ |
| | नामरूपको निरुपण | ४८५ |
| १९. | **उन्नाइसौं परिच्छेद** | |
| | कांक्षावितरणविशुद्धि निर्देश | ४९५ |
| २०. | **बीसौं परिच्छेद** | |
| | मार्गामार्ग ज्ञानदर्शनविशुद्धि निर्देश | ५०२ |
| | सम्मसनज्ञान | ५०५ |
| | रूप रूपको सम्मसन | ५०६ |
| | रूपसप्तक | ५१० |
| | अरूपसप्तक | ५१६ |
| | अठार महाविपश्यना | ५१७ |
| | उदयव्ययको अनुपश्यना | ५१७ |
| | विपश्यना उपक्लेश | ५२० |
| २१. | **एक्काइसौं परिच्छेद** | |
| | प्रतिपदा ज्ञानदर्शनविशुद्धि निर्देश | ५२६ |
| | नौ उदयव्यय अनुपश्यनाज्ञान | ५२६ |
| | भंगानुपश्यनाज्ञान | ५२७ |
| | भयतोपस्थानज्ञान | ५३० |
| | आदीनवज्ञान | ५३२ |
| | निर्वेदानुपश्यनाज्ञान | ५३४ |
| | मुञ्चितुकम्यताज्ञान | ५३५ |
| | प्रतिसंख्याज्ञान | ५३५ |
| | संस्कारोपेक्षाज्ञान | ५३७ |
| | सात आर्यपुद्गल | ५४० |
| | अनुलोमज्ञान | ५४८ |
| २२. | **बाइसौं परिच्छेद** | |
| | ज्ञानदर्शनविशुद्धि निर्देश | ५५० |
| | गोत्रभूज्ञान | ५५० |
| | प्रथमज्ञान | ५५० |
| | द्वितीयज्ञान | ५५२ |
| | तृतीयज्ञान | ५५३ |
| | चतुर्थज्ञान | ५५३ |
| | बोधिपाक्षिकधर्म | ५५४ |
| | उत्थान र बल समायोग | ५५६ |
| | प्रहातव्यधर्म र त्यसको प्रहाण | ५५७ |
| २३. | **तेइसौं परिच्छेद** | |
| | प्रज्ञाभावनाको आनिशंस निर्देश | ५७१ |
| | निगमन | ५८१ |


♣♣♣




Downloaded from http://www.dhamma.digital

नमस्कार उहाँ भगवान् अरहन्त सम्यक सम्बुद्धलाई

# विशुद्धि मार्ग

## पहिलो परिच्छेद

## शील निर्देश

### (निदान कथा)

*सीले पतिट्ठाय नरो सपञ्ञो, चित्तं पञ्ञञ्च भावयं ।*
*आतापि निपको भिक्खु, सो इमं विजटये जटं ॥*

(जो व्यक्ति प्रज्ञावान् हुन्छ, वीर्यवान् हुन्छ, पण्डित हुन्छ, संसारमा भय नै भय देख्ने (भिक्षु) हुन्छ, ऊ शीलमा प्रतिष्ठित भएर, चित्त (समाधि) र प्रज्ञाको भावना गर्दै यस जटा (जञ्जाल)लाई सुल्झाउन सक्दछ ।)

यसरी जुन माथिको गाथा भनिएको छ त्यो किन भनिएको हो ? यसको निम्नकारण छ - संयुक्त निकाय (१,३,३) अनुसार एक समय भगवान्ले श्रावस्तीमा विहार गर्नुहुँदा, रातमा कुनै देवपुत्रले उहाँको नजिक आएर आफ्नो शङ्का मेटाउनको लागि निम्न प्रश्न गरेको थियो –

*अन्तो जटा बहि जटा, जटाय जटिता पजा ।*
*तं तं गोतम ! पुच्छामि, को इमं विजटये जटं ?*

(भित्र जटा (जञ्जाल) छ, बाहिर जटा छ, जटाले प्रजा जकडिएको छ, त्यसैले हे गौतम ! तपाईंसंग सोध्दछु कि कसले यस जटालाई सुल्झाउन सक्दछ ?)

त्यस प्रश्नको निम्न संक्षिप्त अर्थ हो :-

जटा - यो जाल फैलाउने तृष्णाको नाम हो । त्यो रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्म आलम्बनहरूमा तल रूप, माथि धर्म भएअनुसार वारम्वार उत्पन्न हुने हुनाले सिलाउने, गाँठो पार्ने अर्थानुसार, बाँसको झ्याङ आदिको शाखा, जाल आदि जटाजस्तै भएकोले जटा भनिएको हो । त्यो तृष्णा आफ्नो र पराइवस्तुमा, आफ्नो र अरुको शरीरमा, चक्षु, स्रोत, घ्राण, जिव्हा, काय र मन, भित्री आयतन तथा रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्म, बाहिरी आयतनहरूमा उत्पन्न भएबाट भित्री जटा, बाहिरी जटा भनिएको हो । जटाहरू यसरी उत्पन्न भएबाट प्राणी जटाद्वारा जकडिएका छन् । जसरी बाँसको जटा आदिले बाँस आदिहरू । यसप्रकार त्यस तृष्णाको जटाद्वारा सत्वसमूह भनिने सबै प्राणी जकडिएका छन्, बाँधिएका छन्, कस्सिएर सिलाइएका छन् भन्ने अर्थ लाग्दछ ।



Downloaded from http://www.dhamma.digital

यसरी जकडिएको छ, त्यसैले गौतम ! म तपाईंसँग सोध्दछु .... । यहाँ गौतम भनेर भगवान्लाई गोत्रद्वारा सम्बोधन गरिएको छ। कसले यस जटालाई काट्न सक्दछ ? यसप्रकार काम, रूप, अरूप तीनै धातुहरूलाई जकड्ने यस जटालाई कसले सुल्झाउँछ ? सुल्झाउनको लागि को समर्थ छ ? भन्ने तात्पर्यले सोधिएको हो ।

देवपुत्रले यसरी सोधेकोमा भूत, भविष्य र वर्तमान्का सबै कुराहरूलाई निर्बाधरूपले जान्ने, देवताहरूका देव, इन्द्रहरूमा उत्तम इन्द्र, ब्रह्माहरूमा उत्तम ब्रह्मा, चार प्रकारका वैशारद्य, दशबललाई धारण गर्ने, खुलाज्ञान भएको (अनावरण ज्ञान), समन्तचक्षु (सर्वज्ञ) भगवान्ले उसको उत्तर दिनुहुँदै निम्न

**बुद्ध गुण**

***चार वैशारद्य –*** ***१. आफूलाई सम्यक सम्बुद्ध भनिने सबै धर्महरू जानी निर्भीक हुनु । २. आफूलाई क्षीणास्रव भनिने सबै आस्रवहरू क्षीण भएको जानेर निर्भीक हुनु । ३. बिघ्नकारक धर्महरू राम्ररी जानेर निर्भीक हुनु । ४. जुन उद्देश्यले धर्मको उपदेश दिइन्छ ती राम्ररी दुःख विनाशतर्फ लैजाने हुन् भनी जानेर निर्भीक हुनु ।***

***दश बल –*** ***१. उचितलाई उचित र अनुचितलाई अनुचितको स्तरमा ठीक ढङ्गले जान्नु । २. भूत, भविष्य, वर्तमान्मा गरिएका कर्महरूको विपाकलाई स्थान र कारणसहित ठीक ढङ्गले जान्नु । ३. सर्वत्रगामिनी प्रतिपदालाई ठीक ढङ्गले जान्नु । ४. अनेक धातु (ब्रह्माण्ड), नाना धातुयुक्त लोकहरूलाई ठीक ढङ्गले जान्नु । ५. नाना विचार भएका प्राणीहरूलाई ठीक ढङ्गले जान्नु । ६. अन्य प्राणीहरूका इन्द्रियहरूको प्रबलता र दुर्बलतालाई ठीक ढङ्गले जान्नु । ७. ध्यान, विमोक्ष, समाधि, समापत्तिको संक्लेश, व्यवधान (निर्मलीकरण) र उत्थानलाई ठीक ढङ्गले जान्नु । ८. पूर्वजन्मका कुराहरूलाई ठीक ढङ्गले जान्नु । ९. अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा प्राणीहरूको उत्पन्न हुने, मर्ने, परलोकमा गएको देख्नु । १०. आस्रवको क्षयद्वारा आस्रवरहित चित्तको विमुक्ति र प्रज्ञाको विमुक्ति साक्षात्कार गर्नु ।***

गाथा भन्नुभयो –

*सीले पतिट्ठाय नरो सपञ्ञो, चित्तं पञ्ञञ्च भावयं ।*
*आतापि निपको भिक्खु, सो इमं विजटये जटं ॥*

अब महर्षि (बुद्ध) द्वारा बताइएको यस गाथाको शील, समाधि, प्रज्ञाका भेदहरूले ठीकठीक अर्थ बताउँदै, बुद्ध धर्ममा अत्यन्त दुर्लभ प्रब्रज्या पाएर, विशुद्धि (निर्वाण) को लागि कल्याणक, सीधा मार्ग, र शील आदिको संग्रहलाई ठीकठीक थाहा नपाउनेहरू, शुद्धिको चाहना गर्नेहरू लगायत योगीले धेरै उद्योग गर्दा पनि यो विशुद्धिलाई पाउन सक्दैन, उसको प्रमोदको लागि विलकुलै परिशुद्ध, अनुराधपुर, श्रीलङ्काको महाविहारवासी भिक्षुहरूका निर्णयसँगै, धर्ममा आश्रित भएर विशुद्धि मार्गलाई बताउँदछु ।

त्यस सम्बन्धी मेरो सत्कारपूर्ण कथनलाई, विशुद्धि चाहाने सबै साधुजनले आदरपूर्वक सुन्नुहोस् ।

## विशुद्धिमार्ग के हो ?

विशुद्धि = सब मलरहित, अत्यन्त परिशुद्ध निर्वाण भनेर जान्नुपर्दछ । त्यस विशुद्धिको मार्ग नै विशुद्धिमार्ग हो । निर्वाणको प्राप्तिको उपायलाई मार्ग भनिएको छ। त्यस विशुद्धिमार्गलाई बताउँदछु भन्ने अर्थ हो ।

(१) त्यो विशुद्धिमार्गको व्याख्या कतै विपश्यना कै दृष्टिकोणले गरिएको छ । जस्तै - धम्मपद



Downloaded from http://www.dhamma.digital

(२७७)अनुसार भनिएको छ –

*सब्बे संखारा अनिच्चा ति यथा पञ्ञाय पस्सति ।*
*अथ निब्बिन्दति दुक्खे एस मग्गो विसुद्धिया ॥*

(सबै संस्कार अनित्य छन् – यसरी जब प्रज्ञाले देख्दछ, तब सबै दुःखबाट निर्वेद (विराग) प्राप्त हुन्छ - यही नै विशुद्धिको मार्ग हो ।)

२. कतै ध्यान र प्रज्ञाको दृष्टिकोणले । जस्तै - धम्मपद (३७२) अनुसार भनिएको छ –

*यम्हि झानञ्च पञ्ञा च स वे निब्बान सन्तिके ॥*

(जसमा ध्यान र प्रज्ञा छन्, ऊ नै निर्वाणको नजिक हुन्छ ।

३. कतै कर्म आदिको दृष्टिकोणले । जस्तै - मज्झिम निकाय (३,५,१), संयुक्त निकाय (२,२,१०) अनुसार भनिएको छ –

*कम्मं विज्जा च धम्मो च सीलं जीवितमुत्तमं ।*
*एतेन मच्चा सुज्झन्ति न गोत्तेन धनेन वा ॥*

(कर्म, विद्या, धर्म, शील र उत्तम जीविका - यिनबाट प्राणी शुद्ध हुन्छ, न कि गोत्रले या धनले ।)

४. कतै शील आदिको दृष्टिकोणले । जस्तै - संयुक्त निकाय (२,२,५)अनुसार भनिएको छ–
*सब्बदा सील सम्पन्नो पञ्ञवा सुसमाहितो ।*
*आरद्धविरियो पहितत्तो ओघं तरति दुत्तरं ॥*

(सर्वदा शीलयुक्त रहने, प्रज्ञावान्, एकाग्रचित्त, उत्साही र संयमी व्यक्ति कठिनाइले मात्र पार गर्न सकिने काम, भव, दृष्टि, अविद्या आदि ओघ (बाढी) बाट पार तर्दछ ।)

५. कतै स्मृतिप्रस्थान आदिको दृष्टिकोणले । जस्तै - दीघनिकाय (२,९) मज्झिम निकाय (१,१,१०) अनुसार भनिएको छ –

भिक्षुहरू, यो जुन चार स्मृतिप्रस्थान छन्, ती प्राणीहरूका विशुद्धिका लागि, शोक, विलाप समतिक्रमणको लागि, दुःख दौर्मनस्य शान्त गर्नको लागि, आर्यमार्ग प्राप्त गर्नको लागि, निर्वाण साक्षात्कार गर्नका लागि एउटै मात्र मार्ग हुन् ।

सम्यक प्रधान आदिमा पनि यसैप्रकारले । जस्तै - (१) अनुत्पन्न अकुशलहरू उत्पन्न नगर्न, (२) उत्पन्न अकुशलहरू प्रहाण गर्न, (३) अनुत्पन्न कुशलहरू उत्पन्न गर्न, (४) उत्पन्न कुशलहरू चिर स्थायी गर्नको लागि गरिने प्रयत्न, उद्योग, वीर्य आदि ।

- तर यस प्रश्नोत्तरमा शील आदिको दृष्टिकोणले बताइएको छ । त्यसको संक्षिप्त व्याख्या निम्नप्रकार छ :-

सीले पतिट्ठाय = शीलमा उभिएर । शीललाई राम्ररी पालन गर्नेलाई नै शीलमा उभिएको भनिन्छ । त्यसैले शीलको परिपूर्णताद्वारा शीलमा उभिएर भन्ने अर्थ हो । नरो = सत्व (प्राणी) । सपञ्ञो



Downloaded from http://www.dhamma.digital

= कर्मद्वारा उत्पन्न हुने अलोभ, अदोष, अमोह आदि त्रिहेतुक प्रतिसन्धि (पुनर्जन्मको प्रथमचित्त) को प्रज्ञायुक्त प्रज्ञावान् । चित्तं पञ्ञञ्च भावयं = समाधि र विपश्यनाको भावना गर्दै । चित्त शब्दले यहाँ समाधि निर्दिष्ट भएको छ र प्रज्ञा शब्दले विपश्यना । आतापी= वीर्यवान् । वीर्य नै क्लेशहरूलाई तपाउने, पोल्नेको अर्थमा 'आताप' भनिन्छ । त्यो (योगी) वीर्यवान् छ, यसैले ऊ आतापी (वीर्यवान्, उद्योगी) हो । निपको= नैपक्व (प्रज्ञाले युक्त) । यस शब्दद्वारा कर्मस्थान (ध्यान)लाई परिपूर्ण गर्नमा लागेको परिहार्य प्रज्ञा देखाइएको छ ।

यस प्रश्नोत्तरमा प्रज्ञा शब्द तीन पटक आएको छ । पहिलो जाति (जन्मबाट उत्पन्न) प्रज्ञा, दोस्रो विपश्यना प्रज्ञा, तेस्रो हिंड्ने, उठ्ने, बस्ने आदि सबै कामहरूलाई पूर्ण गर्ने परिहार्य प्रज्ञा ।

संसारमा भय देख्दछ, अतः भिक्खु हो । ऊ यस शीलद्वारा, यस चित्तद्वारा, निर्दिष्ट समाधिद्वारा, यी तीन प्रकारका प्रज्ञाद्वारा र यस वीर्यद्वारा, यी ६ गुणयुक्त भिक्षु । सो इमं विजटये जटं = उसले यस जटालाई सुल्झाउन सक्दछ । जसरी मानिस पृथ्वीमा उभिएर राम्ररी सान लगाएर, धारिलो बनाएको हतियार उठाएर, ठूलो बाँसको झ्याङ्गलाई काट्दछ, यसरी नै शीलरूपी पृथ्वीमा उभिएर, समाधिरूपी ढुङ्गामा सान लगाएर, धारिलो बनाएको विपश्यनाको प्रज्ञारूपी हतियारलाई वीर्य र बलद्वारा पकडेर, परिहार्य प्रज्ञाको हातद्वारा उठाएर, आफूभित्र दबिएका ती सब तृष्णाको जटालाई सुल्झाउँदछ, टुक्राटुक्रा गरिदिन्छ, काटेर झारिदिन्छ । मार्ग प्राप्तिको क्षणमा नै यस भिक्षु त्यस जटालाई सुल्झाउँदछ । फल प्राप्ति भएको क्षण जटारहित भएर ऊ देवताहरूको साथै सारा लोकको अग्रदक्षिणेय (सबैभन्दा पहिले दान पाउनयोग्य) हुन्छ ।

यसैले भगवान्ले भन्नुभएको छ -

*सीले पटिट्ठाय नरो सपञ्ञो चित्तं पञ्ञञ्च भावयं ।*
*आतापी निपको भिक्खु सो इमं विजटये जटं ॥*

यो जुन प्रज्ञाद्वारा सपञ्ञो भनिएको छ, त्यसको लागि अलग केही पनि गर्नुपर्दैन । किनकि पूर्वजन्ममा गरिएको कर्मको आनुभावद्वारा नै उसलाई प्राप्त हुन्छ । आतापी निपको = यसमा बताएको वीर्यद्वारा सततः परिश्रम गरेर, प्रज्ञाद्वारा होश सम्हालेर, शीलमा प्रतिष्ठित भएर, चित्त र प्रज्ञाअनुसार बताइएको समथ र विपश्यना भावना गर्नुपर्दछ । भगवान्ले शील, समाधि, प्रज्ञालाई यहाँ विशुद्धिमार्ग बताउनुभएको छ । यहाँसम्म –

(१) तीन शिक्षाहरू, (२) तीन प्रकारको कल्याणकारी धर्म (शासन), (३) त्रैविद्य (तीन विद्या) आदिको उपनिश्रय (प्रधान कारण), (४) दुई अन्त्यको त्याग, (मध्यम प्रतिपदा बीचको मार्ग) को सेवन, (५) अपाय आदिबाट मुक्ति पाउने उपाय, (६) तीन प्रकारले क्लेशको प्रहाण, (७) शिक्षापदको उल्लंघन आदिको प्रतिपक्ष (विरोध), (८) तीनै संक्लेशहरूको विशोधन र (९) स्रोतापन्न आदि मार्गफल पाउने साधन बताइएको छ ।

कसरी ? यहाँ शीलद्वारा अधिशील शिक्षा, समाधिद्वारा अधिचित्त शिक्षा र प्रज्ञाद्वारा अधिप्रज्ञा शिक्षा बताइएको छ ।



Downloaded from http://www.dhamma.digital

शीलबाट धर्म (शासन)को आरम्भमा कल्याणकारी हुने बताइएको छ । संयुक्त निकाय (४३,७,२)को यस वचनानुसार "कुशल धर्मको प्रमाणको लागि धम्मपद (१८३) को गाथा प्रस्तुत गर्न सकिन्छ । जस्तै-

*सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा ।*
*सचित्त परियोदपनं एतं बुद्धानुसासन ॥*

(नगर्नु सबै पापहरू, गर्नु कुशल सञ्चय, चित्त शुद्ध गर्दै लानु यही बुद्धहरूका शिक्षा)

कुशल धर्मको आरम्भ के हो ? - सुविशुद्ध शील । 'नगर्नु सबै पापहरू' शील धर्मको आरम्भ हो र त्यो पनि आफूले गरेको कर्मलाई याद गरेर पश्चाताप नगर्ने आदि गुणहरू प्राप्त हुने कारणले कल्याणकारी छ । समाधि मध्यमा कल्याणकारी हुने भनिएको छ । "कुशल (पुण्य)को सञ्चय गर्नु" आदि वचनले समाधि धर्मको मध्य हो, र त्यो पनि ऋद्धिविध आदि गुणहरूलाई प्राप्त हुने कारणले कल्याणकारी छ । प्रज्ञा अन्तमा कल्याणकारी हुने बताइएको छ । "चित्त शुद्ध गर्दै लानु यही बुद्धहरूका शिक्षा (शासन) हो" यस बचनले, प्रज्ञा सबैभन्दा ठूलो भएको कारण, प्रज्ञा नै शासन (धर्म)को अन्तिम हो र त्यो प्रिय, अप्रिय (आलम्बनहरू)मा एकसमान हुनाले कल्याणकारी छ । जस्तै - धम्मपद (८१) अनुसार भनिएको छ –

*सेलो यथा एकघनो वातेन न समीरति ।*
*एवं निन्दा पसंसासु न समिञ्जन्ति पण्डिता ॥*

(जसरी ठोस पर्वत वायुद्वारा कम्पन हुँदैन, त्यसरी नै पण्डित निन्दा र प्रशंसाद्वारा विचलित हुँदैन ।)

त्यसरी नै, शील तीनै विद्याहरूको प्राप्तिको उपनिश्रय (प्रधान कारण) बताइएको छ । भिक्षु शील सम्पत्तिको सहाराले तीनै विद्याहरूलाई प्राप्त गर्दछ, त्यसभन्दा अगाडि होइन । समाधि ६ अभिज्ञाहरूको प्राप्तिको प्रधान कारण बताइएको छ । समाधिले सम्पत्तिहरूको सहाराले ६ अभिज्ञाहरूको प्राप्ति हुन्छ, त्यसभन्दा अगाडि होइन । प्रज्ञा अर्थ, धर्म, निरुक्ति, प्रतिभान यी चार प्रतिसम्भिदाका भेदहरूको प्राप्तिको साधन बताइएको छ । प्रज्ञाले सम्पत्तिको सहाराले चारैवटा प्रतिसम्भिदाहरूलाई प्राप्त गर्दछ, न कि कुनै अन्य साधनद्वारा ।

शील कामसुखमा लिप्त हुने तृष्णाको अन्त गर्ने त्याग भनिएको छ, समाधि आफूलाई पीडा दिनमा लागिरहने अत्तकिलमथानुयोग अन्त गर्ने त्याग र प्रज्ञा मध्यम प्रतिपदालाई ग्रहण गर्ने साधन बताइएको छ । त्यसरी नै शील नरक, प्रेत, असुर, पशुपँछी आदि अपायबाट छुटकारा पाउने उपाय भनिएको छ । समाधि कामधातुको अतिक्रमणको उपाय र प्रज्ञा सारा काम, रूप, अरूप आदि भवहरूलाई नाघेर जाने उपाय भनिएको छ ।

शील तदंग प्रहाणको रूपमा क्लेशहरूको प्रहाण (त्याग) भनिएको छ । समाधि विक्कम्भन (दबाउनु) प्रहाण र प्रज्ञा समुच्छेद प्रहाण भनिएको छ ।

त्यसरी नै, शील क्लेशहरूको दमन र विरोध, समाधि वारम्वार उत्पन्न भएर आउने क्लेशहरूको



Downloaded from http://www.dhamma.digital

विरोध र प्रज्ञा कामराग, प्रतिघ, मिथ्यादृष्टि, शंका, मान, भवराग, अविद्या आदि सात अनुशयको विरोध भनिएको छ ।

**पहाण**

***तदङ्ग पहाण – प्रदीपको प्रकाशद्वारा जसरी अन्धकार अलिअलि गर्दै हटेर जान्छ, त्यसरी नै प्राणी हिंसाबाट विरत हुने आदि कुशल अङ्गहरूद्वारा प्राणीहिंसा गर्ने आदि अकुशल अङ्गहरूको प्रहाण हुन्छ । यसलाई तदङ्ग प्रहाण भनिन्छ ।***

***विक्खम्भन पहाण – जसरी गाग्रोले छुनासाथ पानीको सतहमा रहेको झ्याउ तर्केर जान्छ, त्यसरी नै उपचार र अर्पणा समाधिद्वारा पञ्चनीवरण दबेर जान्छ, टाढिएर जान्छ त्यसलाई विक्खम्भन प्रहाण भनिन्छ ।***

***समुच्छेद पहाण – चारैवटा आर्यमार्गहरूको भावनाद्वारा क्लेशहहरू पूर्णतया हटेर जानु, फेरि कहिले पनि उत्पन्न नहुनुलाई समुच्छेद प्रहाण भनिन्छ ।***

शील दुराचारको खराबीहरूको विशोधन (दूरीकरण) भनिएको छ । समाधि तृष्णाको संक्लेश (खराबी)को विशोधन र प्रज्ञा दृष्टिको संक्लेशको विशोधन भनिएको छ ।

त्यसरी नै शील स्रोतापन्न, सकृदागामी हुने साधन बताइएको छ। समाधि अनागामी हुने र प्रज्ञा अरहन्त हुने साधन बताइएका छन् । अंगुत्तर निकाय (१,२१४-२१५) अनुसार भनिएको छ कि स्रोतापन्न र सकृदागामी चरणहरू शीलहरूलाई परिपूर्ण गर्ने हुन्छन् । अनागामी चरण समाधिलाई परिपूर्ण गर्ने हुन्छ र अर्हत् प्रज्ञालाई परिपूर्ण गर्ने हुन्छ ।

यसप्रकार यहाँसम्म, तीन शिक्षाहरू, तीन प्रकारले कल्याणकर धर्म, त्रिविध आदिको उपनिश्रय, दुई अन्तको त्याग, मध्यम प्रतिपत्तिको सेवन, अपाय आदिबाट छुटकारा पाउने उपाय, तीन प्रकारले क्लेशहरूको प्रहाण, शिक्षापदको उल्लंघन आदिको विरोध, तीनैवटा संक्लेशहरूको विशोधन, र स्रोतापन्न आदि (मार्गफल) पाउने साधन - यी नौ र अन्य तीन विवेक, तीन कुशल मूल, यसप्रकारका तीन गुणहरूद्वारायुक्त धेरै धर्म बताइएका छन् ।

यस्ता अनेक गुणहरूयुक्त शील, समाधि, प्रज्ञाको रूपमा देशना गरिएको यो विशुद्धिमार्ग अति संक्षेपमा नै प्रस्तुत गरिएको छ । यसैले, 'सबैको उपकारको लागि पर्याप्त छैन' भनी सोचेर यसको विस्तृत वर्णन गर्नको लागि, पहिले शीलको सम्बन्धमा यी प्रश्न गरिएका छन् –

(१) शील के हो ? (२) शीलको अर्थ के हो ? (३) यसका लक्षण, रस (कृत्य), प्रत्युपस्थान (जान्ने आकार); पदस्थान (प्रत्यय-सामीप्य कारण) के हुन् ? (४) शीलको गुण के हो ? (५) शील कति प्रकारका छन् ? (६) यसको मल (संक्लेश) के हो ? (७) यसको विशुद्धि के हो ?

यिनीहरूका उत्तर निम्नानुसार हुन् :-

## १. शील के हो ?

जीवहिंसा आदि गर्नेबाट विरत रहनु, या उपाध्याय आदिको सेवाटहल गर्ने व्यक्तिको चेतना आदि



Downloaded from http://www.dhamma.digital

धर्म (मानसिक अवस्थाहरू) शील हो। प्रतिसम्भिदा मार्ग (१) ग्रन्थानुसार भनिएको छ - 'शील के हो ? चेतनाशील हो, चैतसिकशील हो, संवरशील हो, अनुल्लंघनशील हो।

(क) जीवहिंसा आदिबाट विरत रहने या व्रतप्रतिपत्ति (व्रताचार) पूर्ण गर्ने व्यक्तिको चेतना नै चेतनाशील हो। अरू पनि, जीवहिंसा आदि गर्न छाड्ने व्यक्तिको तीन कायिक अकुशल र चार वाचिक अकुश छाडेको सात कुशल कर्मपथको चेतना (कुशल कर्महरू गर्ने विचार) चेतनाशील हो।

(ख) जीवहिंसा आदिबाट विरत रहने व्यक्तिको विरति (अलग हुने विचार) चैतसिकशील हो।

"लोभ (अभिध्या) त्यागेर, लोभरहित चित्तले विहार गर्दछ" आदिप्रकारले दीघनिकाय (१,२४) अनुसार भनिएको लोभरहित हुनु, प्रतिहिंसा नगर्नु र सम्यकदृष्टि राख्नु चैतसिकशील हो।

(ग) संवर पाँच प्रकारका हुन्छन् - (१) प्रातिमोक्षसंवर, (२) स्मृतिसंवर, (३) ज्ञानसंवर, (४) क्षान्तिसंवर र (५) वीर्यसंवर। यिनमा - "यस प्रातिमोक्ष संवरले राम्ररीयुक्त हुन्छ" भनेर विभंग (१२,२) अनुसार भनिएको कुरा यही प्रातिमोक्षसंवर हो। "चक्षु इन्द्रियको रक्षा गर्दछ, चक्षु इन्द्रियको संवर गर्दछ" भनेर दीघनिकाय (१,२,४) र विभंग (१२,२) अनुसार भनिएको कुरा यही स्मृतिसंवर हो।

*यानि सोतानि लोकस्मिं (अजिता ति भगवा) सति तेसं निवारणं।*
*सोतानं संवरं बूमि पञ्ञायेते पिथियरे॥*

(भगवान् अजितलाई बताउनुहुन्छ – संसारमा जुन तृष्णा आदिका स्रोत छन्, स्मृतिले तिनीहरूलाई रोक्दछ, म स्रोतहरूको संवर (संयम) बताउँदछु , यो प्रज्ञाद्वारा बन्द हुन्छ।)

सुत्तनिपात (५६,४)अनुसार भनिएको चाहिँ ज्ञान-संवर हो। प्रत्यय-प्रतिसेवन-शील पनि यसैमा समावेश हुन्छ।

जुन -"ठण्डी गर्मीलाई सहने हुन्छ" आदिप्रकारले मज्झिम निकाय (१,१,२)अनुसार भनिएको छ - त्यो क्षान्तिसंवर हो। जुन "उत्पन्न भएको कामसम्बन्धी वितर्कद्वारा वशीभूत हुँदैन।" आदिप्रकारले भनिएको छ त्यो वीर्यसंवर हो। आजीव परिशुद्धि, जीविकाको निर्दोषभाव शील पनि यसमा समावेश हुन्छ।

यसप्रकार यी पाँच प्रकारका संवर र जो पापमा भय देख्ने कुलपुत्रहरूको अगाडि आएको पापका वस्तुहरूबाट विरति हो – यी सबैलाई संवरशील भनी जान्नुपर्दछ।

(घ) ग्रहण गरिएको शीलको काय र वाणीद्वारा उल्लंघन नगर्नु नै अनुल्लंघन शील हो।

## २. शीलको अर्थ के हो ?

शीलन (आधार, वासस्थान) को अर्थमा शील हो। यो शीलन के हो ? कायकर्म आदिको संयम, अर्थात् सुशीलताद्वारा अवीप्रकीर्णता (एकजस्तो बनिरहनु) अथवा स्थिर हुनुको लागि आधारजस्तै कुशल धर्महरूलाई धारण गर्नु नै यसको अर्थ हो। शब्दलक्षण (व्याकरण) विदहरूले यिनै दुई अर्थलाई मान्दछन्। अन्य आचार्यहरू, शिरार्थ (शिरसमान उत्तम) शीलार्थ हो, शीतलार्थ, शीलार्थ हो आदिप्रकारले पनि अर्थ लगाउंदछन्।



Downloaded from http://www.dhamma.digital

## ३. यसका लक्षण, रस, प्रत्युपस्थान के हुन् ?

*सीलनं लक्खणं तस्स भिन्नस्सापि अनेकधा ।*
*सनिदस्सनत्तं रूपस्स यथा भिन्नस्स नेकधा ॥*

(अनेकप्रकारको भेद भए तापनि शीलन (आधार हुनु) नै शीलको लक्षण हो । जसरी अनेकप्रकारले रातो, पहेंलो रंगमा बाँडिएको भए तापनि रूपको लक्षण सनिदर्शन (देखिनु) हो ।)

जसरी नीलो, पहेंलो आदि नानाप्रकारले बाँडिएको रूपायतनको पनि लक्षण सनिदर्शन हुनु नै हो, ती नीलो आदि भेदमा बाँडिए तापनि तिनले सनिदर्शन भावलाई नाघ्न सक्दैनन्, त्यसैप्रकार चेतना आदि नानाप्रकारमा बाँडिएको शीललाई पनि .... कायकर्म आदिको संयम र कुशल धर्महरूको वासस्थानको विचारअनुसार 'शीलन' (लक्षण) बताइएको छ । चेतना आदि भेदहरूमा बाँडिएको शीलले पनि संयम र वासस्थान (आधार)को उल्लंघन गर्न सक्दैन, त्यसैले त्यसको त्यही लक्षण हुन्छ । यस्तो लक्षणयुक्त शीलको –

*दुस्सील्यविद्धंसनता अनवज्जगुणो तथा ।*
*किच्चसम्पत्ति अत्थेन, रसो नाम पवुच्चति ॥*

(अनाचार (दुःशील) को नाश गर्नु तथा निर्दोष गुणयुक्त हुनु रस हो किनकि कृत्य र सम्पत्तिको अर्थमा नै रस शब्द प्रयोग गरिएको छ ।)

यसैले शीललाई, कृत्यको अर्थमा खराब आचरण (दुःशील) लाई नाश गर्नु रस (काम) युक्त र सम्पत्तिको अर्थमा निर्दोष रसयुक्त जान्नुपर्दछ । लक्षण आदिमा कृत्य (काम) नै सम्पत्ति या रस भनिन्छ ।

*सोच्चेय्य पच्चुपट्ठानं तयिदं तस्स विञ्ञुहि ।*
*ओत्तप्पञ्च हिरि चेव पदट्ठानन्ति वण्णितं ॥*

(पण्डितहरूले परिशुद्ध हुनु शीललाई जान्ने आकार (प्रत्युपस्थान) र संकोच तथा लज्जालाई पदस्थान (प्रत्यय) भनेका छन्।)

"कायको पवित्रता, वाणीको पवित्रता, मनको पवित्रता" यसप्रकार इतिवुत्तक (३,२,७) र अंगुत्तर निकाय (३,२,८) अनुसार बताइएको पवित्रता शीललाई जान्ने आकार हो । त्यो पवित्र भएकोले जान्ने गरिन्छ, ग्रहण गर्ने गरिन्छ (सम्झिने गरिन्छ) । पण्डितहरूले हिरि (पाप गर्नुमा लज्जा) र ओतप्प (पाप गर्नुमा डर) लाई यसको पदस्थान भनेका छन् । सामीप्य कारण यसको अर्थ हो । हिरि र ओतप्प भएर नै शील उत्पन्न हुन्छ र स्थिर हुन्छ । । हिरि र ओतप्प नभएमा न त शील उत्पन्न नै हुन्छ, न स्थिर नै हुन्छ ।

यसप्रकार शीलका लक्षण, रस, प्रत्युपस्थान (जान्ने आकार) र पदस्थान (प्रत्यय) आदि जान्नुपर्दछ ।

## ४. शीलको गुण के हो ?

पश्चाताप नगर्नु आदि शीलका अनेक गुण छन् । अंगुत्तर निकाय (१०,१,१) अनुसार भनिएको छ



Downloaded from http://www.dhamma.digital

- "आनन्द ! सुन्दर शील (सदाचार) पश्चाताप नगर्नको लागि हो, पश्चाताप नगर्नु यसको गुण हो ।" अरू पनि दीघनिकाय (२,३,१) र उदान (८,६) अनुसार भनिएको छ – "गृहपतिहरू, शीलवान्ले शील पालन गर्नुमा पाँच गुण छन् । कुन पाँच ?

(१) यहाँ गृहपत्तिहरू, शीलवान्, शीलयुक्त व्यक्ति प्रमादमा नपर्ने कारणले धेरैधेरै धनसम्पत्ति प्राप्त गर्दछ । यो शीलवान्को शील पालन गर्नुको पहिलो गुण हो ।

(२) फेरि गृहपतिहरू, शील पालन गर्ने शीलवान्को ख्याति, इमान्दारी फैलिन्छ । यो शीलवान्को शील पालन गर्नुको दोस्रो गुण हो ।

(३) फेरि गृहपतिहरू, शील पालन गर्ने शीलवान् जुनजुन सभामा जान्छ, चाहे क्षत्रीयहरूको सभा होस्, चाहे ब्राह्मणहरूको सभा होस्, चाहे वैश्यहरूको सभा होस्, चाहे श्रमणहरूको सभा होस्, ऊ निर्भीक नि:संकोच रुपले जान्छ । यो शीलवान्को शील पालनको तेस्रो गुण हो ।

(४) फेरि गृहपतिहरू, शील पालन गर्ने शीलवान् वेहोश भएर मर्दैन । यो शीलवान्को शील पालन गर्नुको चौथो गुण हो ।

(५) फेरि गृहपतिहरू, शील पालन गर्ने व्यक्ति, शीलवान् शरीरलाई त्यागी मरेपछि सुगति प्राप्त गरी स्वर्गलोकमा उत्पन्न हुन्छ । यो शीलवान्को शील पालन गरेको पाँचौ गुण हो ।"

अरु पनि, मज्झिम निकाय (१,१,६) अनुसार भनिएको छ "भिक्षुहरू ! यदि कुनै भिक्षुले 'म सब्रह्मचारीहरू (गुरु भाइहरू) का प्रिय मनाप र इज्जतको दृष्टिले हेरिने व्यक्ति होउँ' भन्ने चाहन्छ भने उसले शीलहरूकै पालन गर्नुपर्दछ" आदिप्रकारले, प्रिय मनाप हुनेदेखि लिएर आस्रवक्षय (अर्हत्व) सम्म पुग्ने धेरैधेरै शीलका गुण बताइएका छन् ।

यसरी पश्चाताप नगर्नु आदि अनेकप्रकारका गुणहरूको प्राप्ति शीलको गुण (आनिशंस) हो ।

अरू पनि -

*सासने कुलपुत्तानं पतिट्ठा नत्थि यं विना ।*
*आनिसंस परिच्छेदं तस्स सीलस्सको वदे ॥*

(जुन शीलविना कुलपुत्रहरूको धर्ममा प्रतिष्ठा हुँदैन, त्यस शीलको गुणको विस्तारलाई कसले बताउन सक्दछ ?)

*न गंगा यमुना चापि सरभू वा सरस्सती ।*
*निन्नगा वा चिरवती मही वा पि महानदी ॥*
*सक्कुणन्ति विसोधेतुं तं मलं इध पाणिनं ।*
*विसोधयति सत्तानं यं वे सीलजलं मलं ॥*

(गंगा, यमुना, सरभू या सरस्वती, अचिरवती (राप्ती) मही (नारायणी) या महानदीले जुन मललाई धोएर सफा गर्न सक्दैन, प्राणीहरूको त्यो मल यस शीलको जलद्वारा धोएर सफा हुन्छ ।)



Downloaded from http://www.dhamma.digital

*न तं सजलदा वाता न चापि हरिचन्दनं ।*
*नेव हारा न मणयो न चन्दकिरणङ्कुरा ॥*
*समयन्तीध सत्तानं परिलाहं सुरक्खितं ।*
*यं समेति इदं अरियं सीलं अच्चन्तसीतलं ॥*

(न त पानी भरिएको हावा, न त हरिचन्दन, न मोतीको हार, न मणि, न चन्द्रका किरणहरूले नै प्राणीहरूको त्यस परिडाह (जलन)लाई त्यति शान्त पार्न सक्दछ, जति कि राम्ररी रक्षा गरिएको, यो आर्यशीलले शीतल पार्न सक्दछ ।)

*सीलगन्धोसमो गन्धो कुतो नाम भविस्सति ।*
*यो समं अनुवाते च पटिवाते च वायति ॥*

(शीलको सुगन्धजस्तै दोस्रो सुगन्ध कहाँ हुन्छ ? जुन कि हावा लाग्ने दिशातिर र उल्टा दिशातिर पनि एकजस्तै बहन्छ ।)

*सग्गारोहणसोपानं अञ्ञं सीलसमं कुतो ।*
*द्वारं वा पन निब्बान नगरस्स पवेसनं ॥*

(स्वर्गारोहणको लागि शीलजस्तै अर्को सिंढी कहाँ पाइन्छ ? अथवा निर्वाण नगरको प्रवेशको लागि द्वार कहाँ पाइन्छ ?)

*सोभन्तेवं न राजानो मुत्तामणि विभूसिता ।*
*यथा सोभन्ति यतिनो सील भूसनभूसिता ॥*

(मोती मणिहरूद्वारा सजाइएको राजा त्यसरी शोभित हुँदैन जसरी शीलको आभूषणद्वारा विभूषित भिक्षु (यति) शोभायमान् हुन्छ ।)

*अत्तानुवादादिभयं विद्धंसयति सब्बसो ।*
*जनेति कित्ति हासञ्च सीलं सीलवतं सदा ॥*

(शीलले आत्मनिन्दा आदि भयलाई सबैप्रकारले मेटाइदिन्छ र शीलवान्को लागि सर्वदा कीर्ति (यश) तथा हर्ष (सन्तोष) उत्पन्न गर्दछ ।)

*गुणानं मूल भूतस्स दोसानं बलघातिनो ।*
*इति सीलस्स विञ्ञेय्यं आनिसंस कथा मुखन्ति ॥*

(सारा गुणहरूको जरा र राग आदि दोषहरूको बललाई नाश गर्न सक्ने शीलको गुण (आनिशंस)को कथाद्वारा यसप्रकार जान्नुपर्दछ ।)

### ५. शील कति प्रकारका छन् ?

(१) एक प्रकारको छ - यी सारा शील नै आफ्नो 'शीलन' (आधार हुनु) लक्षणले एक प्रकारको छ ।



Downloaded from http://www.dhamma.digital

(२) दुई प्रकारका छन् - चारित्र र वारित्र, आभिसमाचारिक र आदिब्रह्मचर्यक, विरति र अविरति, निश्रित र अनिश्रित, कालपर्यन्त र आप्राणकोटि, सपर्यन्त र अपर्यन्त, लौकिक र लोकोत्तर ।

(३) तीन प्रकारका छन् – हीन, मध्यम र प्रणीत; आत्माधिपत्य, लोकाधिपत्य र धर्माधिपत्य; परामृष्ट, अपरामृष्ट र प्रतिप्रश्रब्धि; विशुद्धि, अविशुद्धि र वैमत्तिक; शैक्ष, अशैक्ष र नशैक्ष नअशैक्ष (नैवशैक्ष्य नाशैक्ष्य) ।

(४) चार प्रकारका छन् – हानभागीय, स्थितिभागीय, विशेषभागीय र निर्वेदभागीय; भिक्षु, भिक्षुणी, अनुपसम्पन्न र गृहस्थ शील; प्रकृति, आचार, धर्मता र पूर्वहेतुक शील; प्रातिमोक्ष संवर, इन्द्रिय संवर, आजीव पारिशुद्धि र प्रत्यय सन्निस्रित शील, ।

(५) पाँच प्रकारका छन् – पर्यन्त पारिशुद्धि शील आदिअनुसार । प्रतिसम्भिदामा मार्ग (१,४२) अनुसार यसो पनि भनिएको छ – "शील पाँच छन् – पर्यन्त पारिशुद्धिशील, अपर्यन्तपारिशुद्धि शील, परिपूर्ण पारिशुद्धिशील, अपरामृष्ट पारिशुद्धिशील र प्रतिप्रश्रब्धि पारिशुद्धि शील ।" त्यसरी नै प्रहाण, वेरमणि (विरत हुनु) चेतना, संवर र अनुल्लंघन (अव्यतिक्रम) शीलअनुसार ।

एक प्रकारको शीलको अर्थ माथि भनिएको शीलन लक्षणअनुसार जान्नुपर्दछ ।

**द्विक**

दुई प्रकारको समूहमा जुन भगवान्द्वारा 'यो गर्नुपर्दछ' भनी भनिएको शिक्षापद (नियम)लाई पालन गर्नु हो, त्यो चारित्र शील हो । जुन 'यो गर्नु हुँदैन' भनी निषेध गरिएकोलाई नगर्नु वारित्र शील हो ।

यसको यो भावार्थ हो – शीलअनुसार आचरण गर्नु, शीलहरूको राम्ररी पूर्तिको लागि कोशिस गर्नु त्यो चारित्र हो । त्यसबाट निषेध गरिएको बाट शीललाई बचाव गर्नु, रक्षा गर्नु, त्यो वारित्र हो । श्रद्धा, वीर्यको साधन चारित्र हो । श्रद्धाको साधन वारित्र हो । यसरी चारित्र - वारित्रअनुसार (शील) दुई प्रकारका छन् ।

दोस्रो द्विकमा अभिसमाचारको अर्थ हो उत्तम समाचार (श्रेष्ठ आचरण) । अभिसमाचार नै आभिसमाचारिक हो । अथवा अभिसमाचारको सम्बन्धमा भनिएको आभिसमाचारिक हो । सम्यकवचन, सम्यककर्मान्त र सम्यकआजीविका पालन गरिएको आजीव अष्टमकलाई छाडी शेष शीलको यो नाम हो । मार्ग ब्रह्मचर्यको आदि (आरम्भ) भएबाट आदि ब्रह्मचर्यक भनिन्छ । यो आजीव अष्टमक शील कै नाम हो । पूर्वभागमा नै परिशुद्धि गर्ने कारणले, त्यो मार्गको प्रारम्भिक अवस्था हो । यसैले मज्झिम निकाय (३,२,७) अनुसार भनिएको छ – "पहिले नै भिक्षुको कायकर्म, वचीकर्म तथा आजीविका परिशुद्ध हुन्छन् ।" अथवा जुन शिक्षापद पाराजिकालाई छाडी शेष क्षुद्रानुक्षुद्रक (ससाना) भनिएका छन् - यी आभिसमाचारिक शील हुन् र शेष आदिब्रह्मचर्यक शील हुन् । भिक्षु, भिक्षुणी प्रातिमोक्षमा आएको आदिब्रह्मचर्यक हुन् तथा स्कन्धक (विनयपिटकको चुल्लवग्ग र महावग्ग आदि) व्रतमा आएका आभिसमाचारिक शील हुन् । त्यसको पालन गर्नाले आदिब्रह्मचर्यक पनि पूर्ण हुन्छ । यसैले अंगुत्तर निकाय (३) अनुसार भनिएको छ - "भिक्षुहरू, भिक्षुले आभिसमाचारिक शीलको पूर्तिबिना आदिब्रह्मचर्यक



Downloaded from http://www.dhamma.digital

शीललाई पूर्ण गर्नेछ भन्ने कुरा सम्भव छैन ।" यसप्रकार आभिसमाचारिक, आदिब्रह्मचर्यकअनुसार दुई प्रकारका शील छन् ।

तेस्रो द्विकमा - जीवहिंसा आदिबाट विरत रहनु मात्र विरति शील हो । शेष चेतना, चेतशिक, संवर, अनुल्लंघन शील आदि अविरति शील हो । यसप्रकार विरति, अविरतिअनुसार शील दुई प्रकारका छन् ।

चौथो द्विकमा :- निश्रय दुई प्रकारका हुन्छन्, (१) तृष्णा निश्रय, र (२) दृष्टि निश्रय । "म यस शीलद्वारा देव वा देवहरूमा कुनै एक हुने छु" भनी मज्झिम निकाय (१,५,६) अनुसार जो यस्तो भव सम्पत्तिलाई इच्छा गरेर पालन गरिएको शील छ यो तृष्णा निश्रय हो । जुन - "शीलद्वारा शुद्धि हुन्छ" विभंग (१२) अनुसार यसप्रकारले प्रवर्तित हुन्छ – यो दृष्टि निश्रय हो । त्यसैको उपकारक जुनकि लोकोत्तर र लौकिक छन् - ती अनिश्रित शील हुन् । यसप्रकार निश्रित, अनिश्रितअनुसार शील दुईप्रकारका छन् ।

पाँचौं द्विकमा - समयको परिच्छेद गरेर ग्रहण गरिएको शील कालपर्यन्त शील हो । त्यसरी नै ग्रहण गरेर जीवन पर्यन्त पालन गरिएको शील आप्राणकोटिक शील हुन्छ । यसप्रकार कालपर्यन्त, आप्राणकोटिकअनुसार शील दुई प्रकारका छन् ।

छैठौं द्विकमा – लाभ, यश (ख्याति), आफन्त (ज्ञाति) अंग र जीवन सम्बन्धी कुराहरूलाई देख्नासाथ नै जुन शील समाप्त हुन्छ, त्यो सपर्यन्त शील हो, यसको विपरीत अपर्यन्त शील हो । पटिसम्भिदामग्गमा भनिएको छ - "कुनचाहिं शील सपर्यन्त हो ? लाभलाई देख्दैमा जुन खतम हुने शील छ, यशलाई देख्दैमा जुन खतम हुने शील छ, आफन्तहरूलाई देख्दैमा जुन खतम हुने शील छ, अंगलाई देख्दैमा जुन खतम हुने शील छ, जीवनलाई देख्दैमा जुन खतम हुने शील छ ।"

कुनचाहिं शील लाभलाई देख्दैमा खतम हुने हुन्छ ? "कुनै मानिसले लाभको लागि, लाभको कारणले आफूले ग्रहण गरेको शिक्षापदको उल्लंघन गर्दछ - यो लाभलाई देख्दैमा खतम हुने शील हो ।" यसैप्रकार पटिसम्भिदामग्ग (१,१६) अनुसार अन्य विषयमा पनि विस्तार गर्नुपर्दछ ।

अपर्यन्त शीलको उत्तरमा पनि भनिएको छ - कुनचाहिं शील लाभलाई देख्दैमा खतम हुँदैन ? "कुनै मानिस लाभको लागि, लाभको कारणले आफूले ग्रहण गरेको शिक्षापदको उल्लंघनको लागि चित्त पनि उत्पन्न गर्दैन भने के उसले शीललाई उल्लंघन गर्दछ ? यो लाभलाई देख्दैमा खतम हुने शील होइन ।" यसप्रकार अरूमा पनि विस्तार गर्नुपर्दछ । यस्ता सपर्यन्त, अपर्यन्तअनुसार शील दुई प्रकारका छन् ।

सातौं द्विकमा - सबै काम, भव, दृष्टि, अविद्या आदि आस्रवसहित शील लौकिक शील हुन् र आस्रवरहित लोकोत्तर शील हुन् । लौकिक भव-सम्पति ल्याउन सक्ने र भव-निस्तार (मुक्ति)को साधन हुन्छ । जस्तै - परिवार पाली (१६४) अनुसार भनिएको छ - "विनय संवरको लागि हो । संवर पश्चाताप नगर्नुका लागि हो । पश्चाताप नगर्नु प्रमोदको लागि हो । प्रमोद प्रीतिको लागि हो । प्रीति प्रश्रब्धि (शान्त भाव) को लागि हो । प्रश्रब्धि सुखको लागि हो । सुख समाधि (चित्तको एकाग्रता)को लागि हो । समाधि यथार्थ ज्ञान (प्रत्ययसंगै नामरूप देख्ने ज्ञान) देख्नको लागि हो। यथार्थ ज्ञान देख्नु निर्वेदको लागि हो ।



Downloaded from http://www.dhamma.digital

निर्वेद विराग (अर्हत् मार्ग) को लागि हो। विराग विमुत्ति (अर्हत् फल)को लागि हो। विमुक्ति विमुक्तिज्ञान देख्नको लागि हो । विमुक्तिज्ञान देख्नु रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान आदि उपादानरहित परिनिर्वाणको लागि हो। जुन केही पनि ग्रहण नगरी चित्त मुक्त हुनु हो, यसैको लागि (विनय सम्बन्धी) कुराकानी गर्नु हो। विचार गर्नु हो। सहारा लिनु हो। सुन्नुको लागि कान दिनु हो।" लोकोत्तर (शील) भवनिस्तारतर्फ लाने र प्रत्यवेक्षण ज्ञान (प्राप्त गरिएको मार्गफल देख्ने ज्ञान) को भूमि हुन्छ। यसप्रकार लौकिक लोकोत्तरअनुसार शील दुई प्रकारका छन्।

### त्रिक

त्रिकहरूमा पहिलो त्रिकमा - हीन-छन्द, चित्त, वीर्य (उत्साह-उद्योग)को मीमांसा (प्रज्ञा-ज्ञान) द्वारा पालन गरिएको शील हीनशील हो। मध्यम-छन्द आदिद्वारा पालन गरिएको मध्यमशील र प्रणीत (श्रेष्ठ - उत्तम) द्वारा पालन गरिएको प्रणीतशील हो। अथवा ख्यातिको अभिलाषाद्वारा ग्रहण गरिएको हीनशील हो, पुण्य फलको इच्छाद्वारा ग्रहण गरिएको मध्यमशील र "यो गर्नु नै छ" भनेर शिष्ट (आर्य) विचारद्वारा ग्रहण गरिएको प्रणीतशील हो। अथवा "म नै सदाचारी हुँ, यी अन्य भिक्षु दुराचारी र पापी हुन्" मज्झिम निकाय (१) अनुसार यसप्रकार आफूलाई माथि चढाउने र अरूलाई निन्दा गरेर पालन गरिएको उपक्लिष्ट (कलुषित) शील हीनशील हो। उपक्लिष्ट नभएको लौकिक शील मध्यमशील हो र लोकोत्तर शील प्रणीतशील हो। अथवा तृष्णाअनुसार भवसम्पत्ति तथा भोगसम्पत्तिको लागि पालन गरिएको शील हीनशील हो। अथवा मुक्तिको लागि पालन गरिएको मध्यमशील र सबै प्राणीहरूको मुक्तिको लागि पालन गरिएको वोधिसत्वको पारमिता शील प्रणीतशील हो। यसप्रकार शील - हीन, मध्यम र प्रणीतअनुसार तीन प्रकारका छन्।

दोस्रो त्रिकमा – जो आफ्नो लागि अनुचित छ त्यसलाई छोड्ने इच्छाले, आत्मगौरव र आत्मसम्मानद्वारा पालन गरिएको शील आत्माधिपत्यशील हो। लोकनिन्दा हटाउने इच्छाले, लोकगौरव र लोकसम्मानद्वारा पालन गरिएको शील लोकाधिपत्यशील हो। धर्मको महत्वको पूजा गर्ने इच्छाले, धर्मको गौरव र सम्मान गर्दै पालन गरिएको शील धर्माधिपत्यशील हो। यसप्रकार अधिपत्यसमूहअनुसार शील तीन प्रकारका छन्।

तेस्रो त्रिकमा – द्विकमा जुन निश्रित र अनिश्रित बताइएका छन्, ती तृष्णा, दृष्टि (उल्टा धारणा) द्वारा परामृष्ट (जकडिएको) भएको कारणले परामृष्टशील हुन्। पृथक्जनमध्ये शीलयुक्त कल्याणपृथक्जनको मार्ग प्राप्तिको साधनले र अरहन्त हुन बाँकी भएका स्रोतापन्न, सकृिदागामी, अनागामी, शैक्ष्यहरूका मार्गयुक्त शील अपरामृष्टशील हो। शैक्ष्य, अशैक्ष्यका फलयुक्त शील प्रतिप्रश्रब्धिशील हो। यसप्रकार परामृष्टसमूह आदिअनुसार शील तीन प्रकारका छन्।

चौथो त्रिकमा – जुन शील आपत्ति (अपराध दोष) नगरिकन पालन गरिएको छ अथवा दोष गरे पनि त्यसको प्रतिकार गरेर पालन गरिएको छ त्यो विशुद्धशील हो। दोष गरेर प्रतिकार नगरिएको शील अविशुद्धशील हो। वस्तु, आपत्ति या उल्लंघन सम्बन्धी कुराहरूमा जो विमति (सन्देह)मा पर्दछ, उसको शील वैमतिकशील हो। योगीले अविशुद्ध शीलको विशोधन गर्नुपर्दछ। विमतिमा पर्दा परवस्तुको उल्लंघन नगरी विमति मेटाउनुपर्दछ। यसरी भिक्षुलाई सहुलियत हुनेछ। यसप्रकार विशुद्ध समूहअनुसार



Downloaded from http://www.dhamma.digital

शील तीन प्रकारका छन् ।

पाँचौं त्रिकमा – चार आर्यमार्गहरू र तीन श्रामण्यफलहरूयुक्त शील शैक्ष्यशील हो । अर्हत्फल अशैक्ष्यशील हो, शेष पृथग्जनको शील नैवशैक्ष्यनाशैक्ष्य (नशैक्ष्य नअशैक्ष्य) शील हो । यसप्रकार शैक्ष्यसमूहअनुसार शील तीन प्रकारका छन् ।

प्रतिसम्भिदा मार्ग (१) अनुसार भनिएको छ – "किनकि लोकमा प्राणीहरूको त्यस्तो प्रकृति (स्वभाव) पनि शील भनिन्छ, जसबारे भनिन्छ कि यो सुखशील हो, यो दु:खशील हो, यो कलहशील (झगडालु) हो, यो मण्डनीय (आफूलाई सिंगार, सजावटमा लगाईराख्ने) शील हो । यसैले यस पर्यायले शील तीन प्रकारका छन् (१) कुशलशील (२) अकुशलशील, (३) अव्याकृतशील ।" यस्तै कुशलसमूहअनुसार पनि शील तीन प्रकारका छन् । यीमध्ये अकुशल यहाँ अभिप्रेत शीलको लक्षण आदिमा एउटासँग पनि मेल खाँदैन, यसैले यहाँ बताइएको छैन । अत: यहाँ बताइएको ढङ्गले नै यसलाई तीनप्रकारले जान्नुपर्दछ ।

**चतुष्क**

पहिलो चतुष्कमा-

*योध सेवति दुस्सीले सीलवन्ते न सेवति ।*
*वत्थुवीतिक्कमे दोसं, न पस्सति अविद्दसु ॥*
*मिच्छासङ्कप्पबहुलो इन्द्रियानि न रक्खति ।*
*एवरूपस्स वे सीलं जायते हानभागियं ॥*

(जो मूर्ख दु:शीलवान्हरू (दुराचारीहरू)को संगत गर्दछ, शीलवान्हरूको संगत गर्दैन र शीलको वस्तुको उल्लंघनमा दोष देख्दैन, किसिम-किसिमको मिथ्यासंकल्प गर्छ र इन्द्रियको रक्षा गर्दैन त्यस्तो व्यक्तिको शील नै हानभागीय (पतनगामी) शील हुन्छ ।)

*यो पनत्तमनो होति सीलसम्पत्तिया इध ।*
*कम्मट्ठानानुयोगम्हि न उप्पादेति मानसं ॥*
*तुट्ठस्स सीलमत्तेन अघटन्तस्स उत्तरिं ।*
*तस्स तं ठितिभागियं सीलं भवति भिक्खुनो ॥*

(जो आफ्नो शील सम्पत्तिमा प्रसन्न हुन्छ, तर कर्मस्थानमा जुट्नको लागि भने प्रयोग गर्दैन त्यस शील मात्रले सन्तुष्ट रहने तर उत्तरोतर उद्योग नगर्ने भिक्षुको शील स्थितभागीयशील हुन्छ ।)

*सम्पन्नसीलो घटति समाधत्थाय यो पन ।*
*विसेसभागियं सीलं होति एतस्स भिक्खुनो ॥*

(जो शीलसम्पन्न भएर समाधिको लागि उद्योग गर्दछ त्यस भिक्षुको शील विशेषभागीयशील हुन्छ ।)

*अतुट्ठो सीलमत्तेन निब्बिदं योनुयुञ्जति ।*
*होतिनिब्बेध भागियं सीलमेतस्स भिक्खुनो ॥*



Downloaded from http://www.dhamma.digital

(जो शील मात्रमा असन्तुष्ट भएर निर्वेद (विपश्यना)मा जुट्दछ त्यस भिक्षुको शील निर्वेदभागीय शील हुन्छ ।)

- यसरी हानभागीयअनुसार शील चार प्रकारका छन् ।

दोस्रो चतुष्कमा - भिक्षुहरूको लागि प्रज्ञप्त शिक्षापद, जुन भिक्षुणीहरूको लागि प्रज्ञप्त शिक्षापदबाट बच्नयोग्य शील, भिक्षुशील हो । भिक्षुणीहरूको लागि प्रज्ञप्त शिक्षापद, जुन भिक्षुहरूको लागि प्रज्ञप्त शिक्षापदहरूबाट बच्नयोग्य शील भिक्षुणीशील हो । श्रामणेर, श्रामणेरीहरूको जुन दश शील छन् ती अनुपसम्पन्नशील हो । उपासक, उपासिकाहरूको नित्य शील (सधैं पालन गर्ने शील) अनुसार पाँच शिक्षापद या उत्साह भएमा दश, शिक्षापद, उपोसथाङ्गानुसार आठ शिक्षापद गृहस्थशील हुन् । यसरी भिक्षुशील आदिअनुसार शील चार प्रकारका छन् ।

तेस्रो चुतुष्कमा – उत्तर कुरू (द्वीप) मा बस्ने मनुष्यहरूले पञ्चशील उल्लंघन नगर्नु प्रकृतिशील हो । त्यसत्यस देश, कुल र सम्प्रदायको आआफ्नो परम्पराद्वारा ल्याइएको चारित्र आचारशील हो । "आनन्द यो स्वाभाविक कुरा हो कि जब बोधिसत्व आमाको गर्भमा वास गर्दछ , तब बोधिसत्वको आमालाई पुरुषहरूप्रति कामवासनाको चित्त उत्पन्न हुँदैन ।" यसरी दीघनिकाय (२,१) र मज्झिम निकाय (३,३,३) अनुसार भनिएको बोधिसत्वको आमाको शील स्वाभाविकशील हो । महाकाश्यप आदि पवित्र चित्त हुने तथा बोधिसत्वका तीती जन्महरूमा पालन गरिएको शील पूर्वहेतुकशील हो । यसप्रकार प्रकृति आदिअनुसार शील चार प्रकारका छन् ।

चौथो चतुष्कमा – जुनकि - "यहाँ भिक्षु प्रातिमोक्षको संवरद्वारा संवृत भएर विहार गर्दछ, आचार र गोचरद्वारा सम्पन्न, अल्पमात्र पनि दोषहरूमा भय देख्ने हुन्छ र राम्ररी शिक्षापदलाई सिक्दछ ।" यसप्रकार विभंग (१२,१)अनुसार भगवान्द्वारा भनिएको शील प्रातिमोक्ष संवरशील हो । जुन -"ऊ चक्षुले रूपलाई देखेर निमित्तलाई ग्रहण नगर्ने हुन्छ र न अनुव्यञ्जनलाई, जसको कारण चक्षुइन्द्रियमा असंयमतापूर्वक विहार गर्दै लोभ, दौर्मनस्य खराब अकुशल धर्म उत्पन्न होऊन् यसको संवर (संयम)को लागि जुट्दछ, चक्षुइन्द्रियको रक्षा गर्दछ । श्रोत्र (कान) द्वारा शब्द सुनेर, घ्राण (नाक) द्वारा गन्धलाई सुंघेर, जीव्हा (जिब्रो) द्वारा रसलाई चाखेर, कायद्वारा स्पर्श गरेर, मनले धर्मलाई जानेर निमित्त र अनुव्यञ्जनलाई ग्रहण गर्ने हुँदैन, मनेन्द्रियलाई संवर गर्दछ" भनी जुन दीघनिकाय (१,२) अनुसार भनिएको छ यो इन्द्रिय-संवरशील हो । जुन आजीविकाको कारण प्रज्ञप्त ६, शिक्षापदहरूको उल्लंघन जस्तै कुहन (धूर्त्याइँ), लपन (कुराकानी गर्नु) नैमित्तकत्ता (ईशारा गर्नु), निष्प्रेषिकता (महत्त्व घटाउनु), लाभले लाभ खोज्नु (निजिगिंसनता - अन्वेषण) इत्यादि यसप्रकारका खराब धर्मानुसार हुने मिथ्या आजीविकादेखि विरति हो – यो आजीव पारिशुद्धिशील हो । "प्रज्ञाद्वारा जानेर चीवरको सेवन गर्दछ, ठण्डीदेखि बचाउ गर्दछ" आदिप्रकारले भनिएको, प्रज्ञाले जानेर परिशुद्ध चीवर, भोजन, शयनासन, औषधि यी चार प्रत्ययहरूको सेवन गर्नु प्रत्यय सन्निश्रितशील हो ।

## प्रातिमोक्ष संवरशील

चौथो चतुष्कमा उल्लेखित परिभाषाको आरम्भदेखि लिएर क्रमशः शब्दहरूको वर्णन समेतको विनिश्चय कथा (व्याख्या) हो । यहाँ = यस शासन (धर्म)मा । भिक्षु = संसारमा भय देख्ने वा छिन्नभिन्न



Downloaded from http://www.dhamma.digital

(थाङ्ना) कपडा लाउने व्यक्ति आदि शब्दद्वारा बोलाइने, श्रद्धाद्वारा प्रब्रजित कुलपुत्र । प्रातिमोक्षको संवरद्वारा संवृत = प्रातिमोक्ष भनिन्छ शिक्षापद शीललाई । यस शीललाई जसले पालन गर्दछ, राख्दछ, यस शीलले त्यस व्यक्तिलाई अपायआदिको दुःखहरूबाट मुक्त गराउँछ, छोडाउँदछ, यसैले प्रातिमोक्ष भनिन्छ । ढाक्नु संवर हो । काय, वचनद्वारा शीलहरूको उल्लंघन नगर्ने कर्मको नाम हो । ... यसैले प्रातिमोक्ष संवर भनिएको हो । त्यस प्रातिमोक्ष संवरद्वारा उपगत, समन्नागत (युक्त भएको) भन्ने अर्थ हो । विहार गर्दछ = वास गर्दछ ।

आचार र गोचरद्वारा सम्पन्न = इत्यादिको अर्थ झानविभंग (१२,१) पालिमा आएअनुसार नै जान्नुपर्दछ । भनिएको छ - "आचार र गोचरयुक्त - आचार पनि छ, अनाचार पनि छ । अनाचार के हो ? कायद्वारा नियमको उल्लंघन, वाणीद्वारा नियमको उल्लंघन र काय वाणीद्वारा नियमको उल्लंघन गर्नुलाई अनाचार भनिन्छ । सबै दुःशील्य (दुराचार) अनाचार हुन् ।

कोही भिक्षु बाँस, पात, फूल, दतिवन दिएर, नुहाइदिएर, चापलूसी गरेर, झूटो बोलेर, सेवाटहल गरेर, सन्देशबाहकको काम गरेर अथवा बुद्धद्वारा निन्दित अन्यप्रकारका मिथ्यापेशाद्वारा आफ्नो पेशा चलाउँदछ भने यो अनाचार भनिन्छ ।

आचार के हो ? कायद्वारा उल्लंघन नगर्नु, वाणीद्वारा उल्लंघन नगर्नु र कायवाणीद्वारा उल्लंघन नगर्नुलाई आचार भनिन्छ । सबै संवरशील आचार हुन् ।

कोही भिक्षु न बाँस दिएर, न पात दिएर, न फूल दिएर, न फल दिएर, न नुहाइदिएर, न दतिवन दिएर, न चापलुसी गरेर, न झूटो बोलेर, न सेवाटहल गरेर, न सन्देश वाहक भएर र न बुद्धद्वारा निन्दित कुनै एक पेशा गरेर आचार गर्नुलाई आचार भनिन्छ ।

गोचर – गोचर पनि छ, अगोचर पनि छ । अगोचर के हो ? कुनै वेश्या बस्ने टोलतिर भिक्षाटन जाने गर्छ, विधवाकहाँ जाने, हुन्छ, किशोरी (पाँच कामगुणयुक्त युवती),हिजडा (नपुंसक), वा भिक्षुणीसंग मैथुन समागम गर्छ या भट्टीमा जाने गर्छ, राजा, राजाको महामन्त्रीहरू, अन्य मतावलम्बीहरू र अन्य मतावलम्बीहरूका चेलाहरूकासाथ मिलेर विहार गर्दछ । अनुचित गृहस्थहरूसंग लगाव राख्दछ । अथवा जुनसुकै श्रद्धारहित छन्, अप्रसन्न छन्, भिक्षु, भिक्षुणी, उपासक, उपासिकाप्रति आक्रोष वचन बोल्दछन् अनर्थ, अहित, अप्राशु (असुख विहार), गर्ने गर्दछन्, निर्भय हुन चाहँदैनन्, त्यस्ता कुलहरूको सेवन गर्दछन्, संगत गर्दछन्, वारम्वार त्यहाँ जाने गर्दछन् - त्यसलाई अगोचर भनिन्छ ।

गोचर के हो ? कोही वेश्या, विधवा किशोरी ... कहाँ नजाने हुन्छ । भट्टीमा जाँदैन । राजा, राज्य महामन्त्रीहरू ... अन्य मतावलम्बीहरूका चेलाहरूसंग मिलेर विहार गर्दैन । गृहस्थहरूसंग अनुचित लगाव राख्दैन । अथवा जुन कुल श्रद्धावान्, प्रसन्न, कुवाजस्तै भएको, काषाय वस्त्रद्वारा प्रभासित, जुन भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको अर्थ, हित चाहने हुन्छन् त्यस्ता कुलहरूको सेवन गर्दछ, संगत गर्दछ, त्यहाँ वारम्वार जान्छ - त्यसलाई गोचर भनिन्छ । यस्ता आचार र गोचरद्वारा ... युक्त हुन्छ, यसैले आचार-गोचरसम्पन्न भनिन्छ ।"

यसप्रकारबाट पनि आचार-गोचरलाई जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

अनाचार दुई प्रकारका हुन्छन् - शारीरिक र वाचसिक ।

शारीरिक अनाचार के हो ? कुनै भिक्षु संघमा गएर पनि अशिष्टता (अगौरव) साथ स्थविर भिक्षुहरूलाई धक्का दिंदै उठ्दछ, धक्का दिंदै बस्दछ, अगाडि नै उभिन्छ, अगाडि नै बस्दछ, अग्लो आसनमा पनि बस्दछ, टाउको छोपेर पनि बस्दछ । उठेर पनि बोल्दछ, हात हल्लाउँदै पनि बोल्दछ, स्थविर भिक्षुहरू विनाजुत्ता हिंडडुल गर्दा जुत्ता लाएर हिंडडुल गर्दछ। होचो स्थानमा हिंडडुल गर्दा अग्लो स्थानमा हिंडडुल गर्दछ, जमीनमा हिंडडुल गर्दा चंक्रमणमा हिंडडुल गर्दछ । स्थविर भिक्षुहरूसंग ठेलमठेल गरेर पनि बस्दछ, नयाँ भिक्षुहरूलाई पनि आसनबाट हटाउँदछ, अग्निशाला (जन्ताघर) मा पनि भिक्षुहरूलाई नसोधी दाउरा छोडी आउँछ, ढोका बन्द गरिदिन्छ, घाटमा पनि स्थविर भिक्षुहरूलाई धक्का दिंदै पानीमा पस्दछ, अगाडि पनि उभिन्छ, धक्का दिंदै पनि नुहाउँछ, अगाडि पनि नुहाउँछ, धक्का दिएर पनि बाहिर निस्किन्छ, अगाडि पनि निस्किन्छ, गृहस्थीहरूको घरमा जाँदा पनि स्थविर भिक्षुहरूलाई धक्का दिंदै जान्छ, अगाडिअगाडि जान्छ, मार्गबाट हटेर पनि स्थविर भिक्षुहरूको अगाडिअगाडि हिंड्छ, जुन कुलहरूको भित्री पर्दा लगाएको कोठा हुन्छ, जहाँ कुलकी स्त्रीहरू, कुमारीहरू बस्दछन्, त्यहाँ पनि नसोधी पस्दछ, बच्चाको टाउको पनि सहलाउँदछ - आदिलाई शारीरिक अनाचार भन्दछन् ।

वाचसिक अनाचार के हो ? कुनै भिक्षु संघमा गएर पनि अगौरव (अशिष्टता) गर्दै स्थविर भिक्षुहरूलाई नसोधी धर्मोपदेश दिन्छ, प्रश्नको उत्तर दिन्छ, प्रातिमोक्षको उद्देश गर्दछ, उठीउठी पनि बोल्दछ, हात हल्लाउँदै पनि बोल्दछ, गृहस्थीहरूको घरमा गएर स्त्री या कुमारीसंग पनि यसप्रकार - हे फलाना नामकी, हे फलाना गोत्रकी, के छ हालचाल ? यवागु (जाउलो) छ ? भात छ ? खाना छ ? के पिउने ? के खाने ? के भोजन गर्ने ? अथवा के मलाई दिन्छौ ? यसो भनी सोध्दछ । यसलाई वाचसिक अनाचार भनिन्छ । यसको विपरीत आचार जान्नुपर्दछ ।

अरू पनि, भिक्षु गौरव, इज्जत, लज्जा र संकोचसाथ राम्ररी लगाएको, ओढेको, सुन्दरतापूर्वक आउनेजाने, अवलोकन-विलोकन (देखभाल गर्नु) र समेट्ने, पसार्ने, झुकेको आँखा भएको, इर्यापथयुक्त, इन्द्रियहरूमा संयम राख्ने, भोजनमा मात्रा जान्ने, जागरुक हुने, होश र ख्याल राख्ने अल्पेच्छुक सन्तोषी, उद्योगी, आभिसमाचारिक कामहरू सत्कारपूर्वक गर्ने, ठूलाहरूलाई गौरव गर्दै विहार गर्दछ, यसलाई आचार भनिन्छ । यसप्रकार आचार जान्नुपर्दछ ।

गोचर तीन प्रकारका हुन्छन् – (१) उपनिश्रय गोचर (२) आरक्ष्य गोचर (३) उपनिबन्ध गोचर ।

के हो उपनिश्रय गोचर ? अंगुत्तर निकाय (१०,१,९-१०) अनुसार १. अल्पेक्षकथा २. सन्तुष्टिकथा ३. प्रविवेककथा ४. असंसृष्टकथा ५. वीर्यारम्भकथा ६. शीलकथा ७. समाधिकथा ८. प्रज्ञाकथा ९. विमुक्तिकथा १०. विमुक्ति-ज्ञान-दर्शनकथा आदि दश कथावस्तुका गुणहरूयुक्त कल्याण मित्रलाई जसको सहाराले (१) नसुनिएको कुरा पनि सुन्दछ; (२) सुनेको कुरालाई पक्का गर्दछ, (३) सन्देह मिटाउँदछ, (४) दृष्टि सीधा गर्दछ, (५) चित्त प्रसन्न गर्दछ, अथवा जसको अनुकरण गर्दै श्रद्धा, शील, श्रुत, त्याग, प्रज्ञालाई बढाउँदछ, त्यसलाई उपनिश्रय गोचर भनिन्छ ।

के हो आरक्ष्य गोचर ? भिक्षु गाउँमा प्रवेश गरी सडकमा जाँदै झुकेको आँखा पारी चार हात टाढा



Downloaded from http://www.dhamma.digital

हेरी संयमका साथ हिंड्दछ । न हाथी हेर्दै जान्छ , न घोडा, न रथ, न यात्री न स्त्री न पुरुष, न माथि हेर्दै जान्छ, न तल हेर्दै जान्छ, न दिशाविदिशामा हेर्दै जान्छ, यसप्रकार यसलाई आरक्ष्य गोचर भनिन्छ ।

के हो उपनिबन्ध गोचर ? चार स्मृतिप्रस्थान जसमा चित्तलाई बाँध्दछ । संयुक्त निकाय (५,१४८) अनुसार भगवान्ले यसो भन्नुभएको छ "भिक्षुहरू, भिक्षुको कुनचाहिं गोचर आफ्नो पैतृक विषय (अंश) हो ? त्यही जसमा चार स्मृतिप्रस्थान छन् ।" यसलाई उपनिबन्ध गोचर भनिन्छ । यसप्रकार यस आचार र यस गोचरयुक्त हुन्छ –यसैलाई आचार गोचरसम्पन्न भनिन्छ ।

अल्पमात्रको दोषहरूमा पनि भय देख्ने = अनजानमा गरेको ७५ सेखिय (भिक्षु नियम) दोष र अकुशल चित्तआदिको उत्पन्न हुने धैरै सानासाना दोषहरूमा पनि भय देख्ने । राम्ररी शिक्षापदहरूलाई सिक्दछ = जुनकुनै शिक्षापदमा सिक्नयोग्य छ, ती सब राम्ररी सिक्दछ । प्रातिमोक्षद्वारा संवृत = यहाँसम्म व्यक्तिलाई ध्यानमा राखेर प्रातिमोक्ष-संवरशीलको उपदेश गरिएको छ । आचार-गोचर सम्पन्न इत्यादि सबै जसरी प्रतिपन्न हुने भिक्षुको शील पूर्ण हुन्छ, त्यस प्रतिपत्ति (मार्ग)लाई देखाउनको लागि भनिएको छ भनी सम्झिनुपर्दछ ।

## इन्द्रिय संवरशील

यसपछि "ऊ चक्षुले रूपलाई देखेर" आदिप्रकारले इन्द्रिय संवरशीलमा देखाइएको छ त्यसमा ऊ = त्यस प्रातिमोक्ष-संवरशीलमा स्थित भिक्षु । चक्षुले रूपलाई देखेर = कारणानुसार चक्षु नामद्वारा पुकारिने रूपलाई देख्नमा समर्थ चक्षुविज्ञानद्वारा रूपलाई देखेर । पुरानो मानिसहरूले भनेका छन् - "चित्त नभएमा चक्षुले रूपलाई देख्दैन र चक्षु नभएमा चित्तले पनि देख्दैन । द्वार (भित्री आयतन) र आलम्बनको (बाहिरी आयतन) संघर्ष हुँदा मात्र चक्षुप्रसादयुक्त चित्तले देख्दछ । 'धनुषले मार्दछ' इत्यादिजस्तै । यसप्रकारको कारणयुक्त कथा हुन्छ । यसैले चक्षु विज्ञानद्वारा रूपलाई देखेर भन्ने अर्थ हो । न निमित्तलाई ग्रहण गर्ने हुन्छ = ऊ स्त्री पुरुषका शुभ निमित्त आदि अथवा क्लेश बढाउने वस्तुहरूको निमित्तलाई ग्रहण गर्दैन, हेर्ने मात्र गर्दछ । न अनुव्यञ्जनहरूलाई ग्रहण गर्ने हुन्छ = क्लेशहरूको पछिपछि उत्पन्न हुने र त्यसलाई प्रकट गरिएबाट अनुव्यञ्जन नामले भनिने हातखुट्टा, मुस्काउनु, हाँस्नु, बोल्नु, अवलोकन गर्नु (नियालेर हेर्नु), देख्नु आदिप्रकारका आकारहरूलाई ग्रहण गर्दैन । जुन यहाँ यथार्थमा छ त्यसैलाई मात्र ग्रहण गर्दछ । चैत्य पर्वत, मिहिन्तले, श्रीलङ्कामा बस्नु हुने महातिष्य स्थविरसमान ।

## महातिष्य स्थविरको कथा

महातिष्य स्थविर चैत्य पर्वतदेखि अनुराधपुर भिक्षाटनको लागि आउँदै हुनुहुन्थ्यो । त्यस समयमा बाटोमा कुनै कुलवधू आफ्नो लोग्नेसंग झगडा गरी राम्ररी सजिएर देवकन्या (अप्सरा) जस्तै विहानै अनुराधपुरदेखि निस्केर माइत जाँदै थिइन् । बीचमार्गमा स्थविरलाई देखेर, विपरीत चित्त (कामराग चित्त) भई खितितिती हाँसेर, शब्दले आकर्षित गर्न खोजिन् र स्थविरले - यो के हो ? भनी हेर्नुहुँदा त्यस स्त्रीको दाँतका हड्डीहरू देख्नुभयो । स्थविरले पनि ती हड्डीहरुमा नै अशुभसंज्ञा (विपश्यना ज्ञान) वृद्धि गर्नुभएर अरहत्व प्राप्त गर्नुभयो । यसैले भनिएको छ -



Downloaded from http://www.dhamma.digital

*तस्सा दन्तट्ठिकं दिस्वा पुब्बसञ्ञं अनुस्सरि ।*
*तत्थेव सो ठितो थेरो अरहत्तं अपापुणी ॥*

(उनको दाँतको हड्डीहरूलाई देखेर आफूले अधिष्ठान गरेको पूर्वको अशुभसंज्ञाको (चिन्तन) गर्नुभयो र त्यहीं उभेर नै स्थविरले अर्हत्व प्राप्त गर्नुभयो ।)

उनको लोग्नेले पनि त्यसै बाटोबाट जाँदा स्थविरलाई देखेर सोध्यो - "भन्ते, के तपाईंले कुनै स्त्रीलाई देख्नुभयो ?" तब उसलाई स्थविरले भन्नुभयो –

*नाभिजानामि इत्थी वा पुरिसो वा इतो गतो ।*
*अपि च अट्ठिसंघातो गच्छतेसं महापथे ॥*

(म जान्दिन कि स्त्री या पुरुष यहाँबाट गएको छ तर पनि यस महामार्ग भएर त्यो हड्डीसमूह कंकाल जाँदैछ ।)

जसको कारण = प्रारम्भमा, जुनकारणद्वारा उसको चक्षुइन्द्रियको असंवरको हेतु यो व्यक्ति स्मृतिको झ्यालबाट । चक्षुइन्द्रियमा असंवृत = चक्षुद्वारलाई विनाबन्द गरी । विहार गर्दै लोभ दौर्मनस्य खराब अकुशल धर्म = यी अभिध्या (विषम लोभ) आदि प्रवृतिहरू । उत्पन्न होस् = पछि परोस्, एकदम व्याप्त होस् । जसको संवरको लागि जुट्दछ = त्यसै चक्षुइन्द्रियको स्मृतिको झ्याललाई बन्द गर्नको लागि जुट्दछ र यसरी जुटेर नै चक्षुइन्द्रियको रक्षा गर्दछ = चक्षुइन्द्रियमा संवर गर्दछ आदि भन्ने गरिन्छ ।

यद्यपि चक्षुइन्द्रियमा संवर या असंवर छैन । चक्षुप्रसादको सहाराले स्मृति (होश) या प्रमाद (वेहोश) हुँदैन । तैपनि जब रूपालम्बन आँखाअगाडि आउँदछ तब भवांग चित्त दुई पटक उत्पन्न भएर निरुद्ध हुँदा क्रियामनोधातु आवर्जनको काम गर्दै उत्पन्न भएर निरुद्ध हुन्छ । तत्पश्चात् चक्षुविज्ञानले देख्ने काम गर्दछ, फेरि विपाकमनोधातु सम्प्रतिच्छन्नको काम, त्यसपछि विपाक-अहेतुक-मनोविज्ञानधातु सन्तीरणको काम, फेरि क्रिया-अहेतुक-मनोविज्ञानधातु व्यवस्थापन गर्ने काम गर्दै उत्पन्न भएर निरुद्ध हुन्छ, त्यसपछि जवन चित्त उत्पन्न हुन्छ । त्यसमा पनि न त भवांगको समय, न आवर्जन आदिमध्ये कुनै एकको नै समयमा संवर या असंवर हुन्छ ।

जवनको समयमा यदि दुःशील, भूल, अज्ञान, अक्षान्ति या आलस्य उत्पन्न हुन्छ, तब असंवर हुन्छ । यसो भएको कारणले त्यो चक्षुइन्द्रियमा असंवर हुनु भनिन्छ । किन ? किनकि त्यस समय स्मृतिद्वार पनि अरक्षित हुन्छ, भवांग पनि, आवर्जन आदि वीथि चित्त पनि अरक्षित नै हुन्छ । कसरी ? जसरी नगरका चारैवटा द्वारहरू बन्द नरहनाले, यद्यपि भित्रको घर, द्वार, कोठाहरू इत्यादि राम्ररी बन्द हुन्छन्, तैपनि, भित्र नगरमा सारा सामान अरक्षित नै हुन्छ । किनकि नगरको द्वारबाट चोर पसेर जे चाह्यो त्यो गर्न सक्दछ । यसरी नै जवनको समय दुःशील आदि उत्पन्न हुँदा तिनको असंवर भएबाट द्वार पनि अरक्षित हुन्छ, भवांग पनि, आवर्जन आदि वीथिचित्त पनि अरक्षित हुन्छन् ।

त्यसमा शील आदि उत्पन्न हुँदा द्वार पनि रक्षित हुन्छ, भवांग पनि, आवर्जन आदि वीथि चित्त पनि । कसरी ? जसरी नगरमा द्वारहरू बन्द रहनाले, यद्यपि भित्र घर इत्यादि अरक्षित हुन्छन् तथापि,



Downloaded from http://www.dhamma.digital

## वीथि सन्तती

*चित्तको उत्पति विनाश हुँदै लगातार प्रवाहित हुने क्रमलाई सन्तती भनिन्छ। तर एउटा रूप (भौतिकसमूह) उत्पन्न भएर विनाश हुन्जेलसम्म सत्रवटा चित्तहरू उत्पति विनाश भइसक्छन्। अर्थात् सत्रवटा चित्तको आयुजस्तै एउटा रूपको आयु हुन्छ। यी सत्र चित्तहरूको उत्पत्ति-विनाश क्रमलाई वीथि भनिन्छ। यसरी एक वीथिभित्र उत्पन्न हुने सत्र चित्तहरूको नाम र कृत्य यसप्रकार छन् –*

१. *भवंग - यो पहिलो चित्त हो। भवको अंगलाई भवांग भनिन्छ। यसलाई अतीत भवंग र गाढनिन्द्राको अवस्था पनि भनिन्छ। किनकि यसबेला चित्तले पूर्वसंस्कारलाई मात्र ग्रहण गरेको हुन्छ।*

२. *भवंगचलन - यो दोस्रो चित्त हो। जब कुनै आलम्बन कुनै द्वारमा ठक्कर खानासाथ त्यसलाई ग्रहण गर्ने चित्त उत्पन्न हुनलाई भवंग चित्त आलम्बनतिर प्रभावित हुन खोज्ने चित्तको नाम नै भवंगचलन हो।*

३. *भवंगोपच्छेद - यो तेस्रो चित्त हो। आलम्बनतिर प्रभावित हुन खोज्दाखोज्दै चित्तको उत्पत्ति-विनाशको तीव्रगति भएकोले भवंगचलन विनाश भएर अतीत संस्कारलाई छाड्ने नयाँ चित्तको नाम नै भवंगोपच्छेद हो।*

४. *आवर्जन - यो चौथो चित्त हो। अतीत संस्कारलाई त्यागेर आलम्बनतिर प्रभावितहुँदा कुन द्वारमा के भएको हो भनी विचार गर्दछ। यसलाई क्रियामनोधातु पनि भनिन्छ। यो पञ्चद्वारमा आवर्जन गर्नेलाई पञ्चद्वारावर्जन र मनमा आवर्जन गर्नेलाई मनोद्वारावर्जन भनिन्छ।*

५. *विज्ञान - यो पाँचौं चित्त हो। कुन द्वारमा आलम्बनले ठक्कर खाएको छ त्यसलाई जान्ने गर्दछ। द्वारअनुसार चक्षुविज्ञान (हेर्ने चित्त), श्रोत्रविज्ञान (सुन्ने चित्त), घ्राणविज्ञान (सुंघ्ने चित्त), जिव्हाविज्ञान (स्वादलिने चित्त), कायविज्ञान (स्पर्श गर्ने चित्त), मनोविज्ञान (विचार गर्ने चित्त) भनिन्छ।*

६. *सम्प्रतिच्छन्न - यो छैठौं चित्त हो। विज्ञानचित्तले जानिएको आलम्बनलाई सम्यकरूपले ग्रहण गर्ने वा स्वीकार गर्ने गदर्छ। यसलाई विपाक-मनोधातु पनि भनिन्छ।*

७. *सन्तीरण - यो सातौं चित्त हो। ग्रहण गरिएको आलम्बनलाई सम्यक विचार वा देखेको हो वा होइन भनी चिन्तन गर्दछ। यसलाई विपाक-अहेतुक-मनोविज्ञानधातु पनि भनिन्छ।*

८. *वोट्ठपन - यो आठौं चित्तले त्यसरी विचार गरेको आलम्बनप्रति मीमांसा गरी राम्रो वा नराम्रो भनी छुट्याएर निर्णय गर्दछ।*

९. *जवन - नवौंदेखि पन्ध्रौं चित्तहरू वोट्ठपन चित्तले राम्रो वा नराम्रो भनी निर्णय गर्नासाथ आलम्बनप्रति प्रभावित भएर कुशल या अकुशल भएर दौडिन्छन्। विशेषगरी वोट्ठपन चित्तानुसार सही निर्णय गरेमा जवनचित्तहरू कुशलचित्तहरू हुन्छन्। गलत निर्णय गरेमा अकुशलचित्तहरू हुन्छन्। वास्तवमा वीथिको सत्र चित्तहरूमध्ये कर्मफल दिने चित्तहरू यी सातवटा जवन चित्तहरू मात्र हुन्।*

१०. *तदालम्बन - सोह्रौं र सत्रौं चित्तहरू जवन चित्तहरूलाई आलम्बन गरी उत्पत्ति हुने गर्दछन्। सातवटा जवनचित्तहरू उत्पत्ति भइसकेपछि त्यसको प्रतिक्रिया रोकिन्छ तर गतिको प्रभावको कारणले यी सोह्रौं र सत्रौं तदालम्बनचित्तहरू उत्पत्ति भएका मात्र हुन्। त्यसैले यी चित्तहरूको कुनै फल हुँदैनन्।*

*यसरी एक रूप उत्पन्न-विनाश हुन्जेलसम्म सत्रवटा चित्तहरू उत्पत्ति-विनाश भइसकेपछि चित्त पुनः भवंग अवस्थामा नै पुग्दछ। अतः यसरी नै चित्तहरू क्रमैले उत्पत्ति-विनाश हुँदै जीवन प्रवाह (प्रवर्ति) कायम गर्दछन्।*



Downloaded from http://www.dhamma.digital

भित्र नगरमा सारा सामान राम्ररी सुरक्षित र गोप्य हुन्छन् । नगरको द्वारहरू बन्द हुँदा चोर पस्न सक्दैन । यसरी नै जवनचित्तको समय शील आदि उत्पन्न हुँदा द्वार पनि सुरक्षित हुन्छन्, भवांग पनि, आवर्जन आदि वीथिचित्त पनि सुरक्षित हुन्छन् । यसैले जवनको समयमा उत्पन्न भए तापनि चक्षुइन्द्रियमा संवर भनिएको हो ।

श्रोत्रद्वारा शब्दलाई सुनेर = इत्यादिमा पनि यसरी नै बुझ्नुपर्दछ । यसप्रकार थोरैमा रूप आदि क्लेशहरूको बन्धन, निमित्त (लक्षण) आदि ग्रहण गर्नेलाई त्यागयुक्त स्वभावलाई इन्द्रियसंवर शील जान्नुपर्दछ ।

## आजीव-पारिशुद्धि-शील

इन्द्रिय-संवरशीलपछि बताइएको आजीव-पारिशुद्धि-शीलमा विनयपिटकानुसार जुन जीविकाको कारण प्रज्ञप्त ६ शिक्षापदहरू छन्- जसले (१) जीविकाको हेतु, जीविकाको कारण, खराव इच्छुक, इच्छानुसार काम गर्ने, अविद्यमान्, असत्य, अलौकिक शक्ति (उत्तरमनुष्यधर्म)को कुरा गर्दछ उसलाई पाराजिकाको आपत्ति हुन्छ (२) जीविकाको हेतु, जीविकाको कारण, कुनै स्त्रीको सन्देश पुरुषकहाँ या पुरुषको सन्देश स्त्रीकहाँ पुऱ्याइदिन्छ उसलाई संघादिशेषको आपत्ति हुन्छ । (३) जीविकाको हेतु, जीविकाको कारण, "जो तिम्रो विहारमा रहनुहुन्छ, उहाँ भिक्षु अर्हत हुनुहुन्छ" - भनी भन्दछ गृहस्थहरूले उसलाई सही मानेमा त्यस भिक्षुलाई थुल्लच्चयको आपत्ति हुन्छ । (४) जीविकाको हेतु, जीविकाको कारण, भिक्षु बिरामी नभए तापनि आफ्नो लागि अरूलाई भनेर उत्तम भोजन गर्दछ उसलाई पाचित्तियको आपत्ति हुन्छ (५) जीविकाको हेतु, जीविकाको कारण, भिक्षुणीले बिरामी नभए तापनि आफ्नो लागि अरूलाई भनेर उत्तम भोजन गर्दछ, उसलाई पाटिदेशनीयको आपत्ति हुन्छ । (६) जीविकाको हेतु, जीविकाको कारण सूप (झोल) या भात बिरामी नभए तापनि आफ्नो लागि अरूलाई भनेर खान्छ, उसलाई दुक्कटको आपत्ति हुन्छ । यसप्रकार प्रज्ञप्त जुन ६ शिक्षापद छन् यिनै ६ शिक्षापदमध्ये विभंग (१२) अनुसार कुहन निर्देशमा यस्तो लेखिएको छ ।

*तत्थ कतमा कुहना ? लाभ सक्कारसिलोकसन्निस्सितस्स पापिच्छस्स इच्छापकतस्स या पच्चयपटिसेधनसंखातेन वा सामान्तजप्पितेन वा इरियापथस्स वा अट्ठपना, सण्ठपना, भाकुटिका, भाकुटियं, कुहना, कुहायना, कुहितत्तं-अयं कुच्चति कुहना ।"*

(कुहन (धूत्याईं) के हो ? लाभ, सत्कार र प्रशंसा पाउनको लागि खराब इच्छा हुने, इच्छाचारीको जुन चीवर आदि प्रत्ययको निषेध सम्बन्धी अरहन्तजस्तै गरेर आफ्नो लागि भनिने हो, इर्यापथ चालढालको हावभाव हो, सजावट हो, दुरुस्त गर्नु हो, भृकुटी गर्नु हो, वञ्चन, ठगवृति र ठग्ने भाव हो - यसलाई कुहन (धूत्याईं) भनिन्छ ।

लाभसक्कारसिलोकसन्निस्सितस्स = लाभसत्कार र कीर्ति शब्द (ख्याति) संग मिलेको वा चाहने व्यक्तिको । पापिच्छस्स = आफूमा नरहने गुणलाई वर्णन गर्ने पापेच्छुकको । इच्छापकतस्स = इच्छाचारीको अर्थात् त्यस्तो पापेच्छाबाट दास भएको व्यक्तिको ।

यसपछि किनकि प्रत्यय प्रतिषेधन सामन्तजप्पा, इर्यापथ सम्बन्धी तीन प्रकारका कुहन वस्तु महानिद्देसमा आएका छन् यसैले तीनै प्रकारका देखाउनको लागि पच्चयपटिसेधनसंखातेन वा इत्यादि



Downloaded from http://www.dhamma.digital

भनी आरम्भ गरिएको छ।

पच्चयपटिसेधन संखातेन = प्रत्ययप्रतिषेधनसंग सम्बन्धित । अथवा प्रत्ययहरूको प्रतिषेधन भनिनेसँग सम्बन्धित। भिक्षुलाई चीवर आदि दिनको लागि दायकहरूले निमन्त्रणा गर्दा त्यसलाई चाहेर पनि खराव इच्छाको कारण ढोंगी भएर अस्वीकार गर्दछ। गृहस्थले "अहा, आर्य अल्पेच्छ हुनुहुन्छ, केही लिन पनि चाहनुहुन्न । हाम्रो लागि भलाइ हुन्छ यदि थोरै भए पनि केही लिइदियोस्" आदि विचार गरी अनुरोध गरेर किसिम-किसिमका उपायहरूद्वारा राम्राराम्रा चीवर आदि ल्याउँदा, भिक्षुले गृहस्थहरूलाई आफूप्रति अचल श्रद्धावान् जानेर, गृहस्थहरूप्रति अनुकम्पा गर्ने भावलाई प्रकट गरेर स्वीकार गर्दछ। तब यसप्रकार त्यस्तो ढोंगी स्वभावको कारणले ऊ पछिपछि भारी गाडाहरूसमेत ल्याउने (स्वीकार्ने) हुन जान्छ । यसैलाई प्रत्ययप्रतिषेधन (प्रत्ययको निवारण) कुहनवस्तु सम्झिनुपर्दछ । महानिद्देसमा यस्तो भनिएको छ –

"के हो प्रत्ययप्रतिषेधन कुहनवस्तु ? यहाँ गृहस्थ भिक्षुलाई चीवर, पिण्डपात (भिक्षान्न), शयन, आसन, ग्लानप्रत्यय (रोगीको पथ्य), भैषज्य (औषधि) र परिष्कारहरूद्वारा सत्कार गर्न निमन्त्रित गर्दछ। खराब इच्छुक, इच्छाचारी (भिक्षु) चीवर परिष्कारको इच्छुक भए तापनि त्यसभन्दा अधिक पाउने इच्छाले, चीवर, पिण्डपात, शयनासन, ग्लानप्रत्यय, भैषज्य र परिष्कार लिनलाई अस्वीकार गर्दछ र ऊ यसो भन्दछ "साधुलाई मूल्यवान् चीवरसँग के मतलब ? यो उचित छ कि साधु श्मशानमा या फोहरमा फ्याँकिएको, दोकानबाट त्यागिएको वस्त्रहरू या थाङ्नाहरू जम्मा गरेर, संघाटी बनाएर, धारण गरोस् । साधुलाई मूल्यवान् भिक्षान्नसँग के मतलब ? यो उचित छ कि साधु भिक्षा मागेर भिक्षाद्वारा जीवन बिताओस् । साधुलाई मूल्यवान् शयनासनसँग के मतलब ? यो उचित छ कि साधु रूखमुनि बस्ने होस् या खुला मैदानमा । साधुलाई मूल्यवान् ग्लानप्रत्यय भैषज्य - परिष्कारसँग के मतलब ? यो उचित छ कि साधु गोमूत्रको औषधि या हर्रोको चूर्णद्वारा औषधि गरोस् ।"

त्यसो भनेर गृहस्थलाई देखाउनको लागि खस्रो चीवर लगाउँदछ, रूखासुखा भिक्षान्न खान्छ, खस्रो सयनासन सेवन गर्दछ । रूखासुखा ग्लान प्रत्यय भैषज्य परिष्कार सेवन गर्दछ । यसले गर्दा उसलाई गृहस्थले यसप्रकार मान्दछ - "यो साधु (श्रमण) अल्पेच्छ छ, सन्तोषी छ, संयमी छ, एक्लै विहार गर्दछ, उद्योगी छ, त्यागमय रहनसहनयुक्त (धुतवादी) छ ।" त्यसपछि उनीहरू अझ बढी चीवर पिण्डपात प्रदान गर्न निमन्त्रणा गर्दछन् । त्यो देखेर भिक्षुले, मज्झिम निकाय (३,५,१) अनुसार, यसो भन्दछ - "दान गर्दाखेरि तीन कुराको मेल भएमा श्रद्धावान् कुलपुत्रलाई धेरै पुण्य हुन्छ। (१) श्रद्धा (२) दान दिने वस्तु (३) दाक्षिणेय्ये (प्रतिग्राहक) । तिमीहरूमा श्रद्धा छ, दान दिने वस्तु पनि छ, र म प्रतिग्राहक (दान लिने व्यक्ति) हुँ । यदि मैले यस दानलाई ग्रहण नगरूँ भने तिमीहरू दानपुण्यदेखि बञ्चित हुनुपर्छ। मलाई यस वस्तुको मतलब छैन तैपनि तिमीहरूलाई अनुकम्पा गरेर ग्रहण गर्दछु" भन्दै त्यस समय धेरै चीवर, पिण्डपात, भैषज्य र परिष्कार पनि ग्रहण गर्दछ। जुन यसप्रकार भृकुटी गर्नु हो, ठगीवृति हो, यसैलाई प्रत्ययप्रतिषेधन कुहनवस्तु भनिन्छ ।"

सामन्तजप्पितेन (सांकेतिक भाषा) = विषयलाई संकेत गरी घुमाएर बोलिएको । ढोंगी इच्छा हुँदाहुँदै अलौकिक धर्मको प्राप्तिसूचक वाणी बोल्नु र त्यस्तैत्यस्तै आश्चर्य पार्ने काम गर्नुलाई सामन्तजप्पा कुहनवस्तु भनेर जान्नुपर्दछ । जस्तै भनिएको छ - के हो सामन्तजप्पा कुहनवस्तु ? यहाँ कुनै खराब



Downloaded from http://www.dhamma.digital

इच्छा हुने, इच्छाचारी, इज्जत पाउने इच्छुक हुन्छ, "मानिसहरूले मेरो यसरी इज्जत गर्दछ" भनी सोचेर आफूले आर्यधर्म प्राप्त गरेझैं गरेर, आफ्नो रहनसहनप्रति संकेत गरेर दायकहरूले आफूलाई आर्य नै सम्झिने गरी, आर्यहरूले बोल्नेझैं गरी आर्यधर्म (लोकोत्तर धर्म) मिश्रित वाणी बोल्दै, भन्दछ – जो यसप्रकार चीवर धारण गर्दछ, ऊ श्रमण महानुभावयुक्त (महेशाख्य) भनिन्छ । जो यसप्रकारको पात्र, फलामको थाल, (लोहथालकं) धर्मकरक (पानी चाल्ने चाल्नी विशेष), कपडछान, साँचो, कायबन्धन (पेटी), जुत्ता, धारण गर्दछ ऊ महानुभावयुक्त हुन्छ। जसका यसप्रकारका उपाध्याय, आचार्य, समानोपाध्याय, गुरुभाइ (समानाचार्य) परिचित्त व्यक्ति, एकसाथ खाने पिउने, अभिन्न मित्र, सहायक छन्, जो यसप्रकारको विहारमा बस्दछ, जस्तो कि विहार, घर, महल, बंगला, गुफा, शून्यागार, कुटी, कूटागार, अट्ट (मोटो भित्ता भएको घर), माल (भुइंतला घर), उद्दण्ड (बिनाकोठाको दीर्घशाला), उपस्थानशाला, मण्डप, रूखमुनि बस्दछ ....अथवा कुहक भावले हमेशा संयमशील भइबस्ने, अन्त्यन्त मुख खुम्च्याउने, अति नै आश्चर्यमा पार्ने, मुखौटे, मुखविकारद्वारा सम्मानित हुन्छ यस्तो श्रमणले यसप्रकारको शान्त विहार समापत्तिहरूलाई प्राप्त गरेको छ । यसरी गम्भीर, गूढ, निपुण, ढाकिएको, लोकोत्तर, शून्यता (निर्वाण)को विषयमा कुराकानी गर्दछ । जुन यसप्रकारको भृकुटी ढोंग गर्दछ - ठग्ने गरिन्छ, यसलाई सामन्तजप्पा सम्बन्धी कुहनवस्तु भनिन्छ ।'

इरियापथस्स वा = सुत्ने, बस्ने, उठ्ने, उभिने शरीरको अवस्था आदि चार इर्यापथहरूको । ढोंग गर्ने इच्छा नै भएर सम्मानित हुने अभिप्रायद्वारा, आफ्नो चालढाल (इर्यापथ)द्वारा आश्चर्यमा पार्ने इर्यापथसम्बन्धी कुहनवस्तु भनेर जान्नुपर्दछ। जस्तै भनिएको छ - "के हो इर्यापथसम्बन्धी कुहन वस्तु ? कुनै खराब इच्छुक, इच्छाचारी, सम्मानित हुने अभिप्रायले 'लोकले मेरो इज्जत गर्नेछ" भनी सोचेर अरहन्तहरूजस्तै आफ्नो चालढाल बनाउँदछ, बिछ्यौना बिछ्याउँदछ, लोकले मलाई अरहन्त सम्झियोस् भन्ने चाहना गर्दै हिंड्दछ, उठ्छ, बस्छ, सुत्छ, एकाग्र चित्तयुक्तझैं, हिंड्छ, उठ्छ, बस्छ, सुत्छ र बाटामा बसेर ध्यान गर्ने हुन्छ । जुन यसप्रकारले इर्यापथको स्थापन, संस्थापन गरिन्छ ... यसलाई इर्यापथसम्बन्धी कुहनवस्तु भनिन्छ ।"

अट्ठपना = प्रारम्भिक स्थापन, या आदरद्वारा स्थापना । ठपना = स्थापन (बनावट)का आकार । सण्ठपना = ठीकठाक (अभिसंस्करण) गर्नु । प्रासादिक भाव (यसप्रकार हावभाव बनाउनु कि जसलाई देख्दैमा मन प्रसन्न होस्) गर्नु भनिएको छ। भाकुटिका = प्रधान (श्रमणधर्म ध्यानादि) द्वारा मर्दित भावले ढोंग गर्नु । 'मुख खुम्च्याउनु' भनिएको छ । भृकुटी ढोंग गर्नु यसको स्वभाव हो, यसैले यो भ्राकुटिक हो । भ्राकुटिकको हुनु भाकुटियं हो । कुहना = ढोंग गर्नु, विस्मय (अचम्म) मा पार्नु । कुह (विस्मय)को क्रिया कुहायना हो । विस्मयमा परेको (कुहित) हुनु कुहितत्तं हो ।

*तत्थ कतमा लपना ? लाभसक्कारसिलोकसन्निस्सितस्स पापिच्छस्स इच्छापकतस्स या परेसं आलपना, लपना, सल्लपना, उल्लपना, समुल्लपना, उन्नहना, समुन्नहना, उक्काचना, समुक्काचना, अनुप्पियभाणिता, चाटुकम्यता, मुग्गसुप्पता, पारिभट्टता- अयं वुच्चति लपना ।*

के हो लपना (कुराकानी गर्नु) ? लाभ, सत्कार र प्रशंसा पाउनको लागि, खराब इच्छायुक्त, इच्छाचारीको जुन अरूलाई सम्बोधन गर्नु, कुरा गर्नु, धम्काई कुरा गर्नु, घुमाइफिराई कुरा गर्नु, लगातार घुमाइफिराई कुरा गर्नु, कुरामा फसाउनु, लगातार कुरामा फसाउनु , बढाइचढाई कुरा गर्नु, लगातार



Downloaded from http://www.dhamma.digital

बढाइचढाई कुरा गर्नु, प्रिय वचन बोल्नु, चापलुसी गर्नु, ख्यालख्याल कुरा गर्नु, सेवाटहल गर्नु, - आदिलाई लपन (कुराकानी गर्नु) भनिन्छ।

आलपना = (सम्बोधन गर्नु) विहारमा आएर मानिसहरूलाई देखेर – "केको लागि तपाईंहरू आउनुभएको हो, के भिक्षुहरूलाई दान दिनको लागि निमन्त्रणा गर्न ? यदि यस्तो हो भने हिंड्नुहोस् म पछि उनीहरूलाई लिएर आउने छु।" यसप्रकार आरम्भदेखि नै आफैंले सम्बोधन गर्दै भन्नु अथवा आफ्नो सम्बन्धमा - "म तिष्य हुँ, राजा ममाथि प्रसन्न छ र प्रसन्न छन् अन्य फलाना-फलाना राजमन्त्रीहरू" यसप्रकारले भन्नु, ... कुरा कोट्याउँदै विज्ञापन गर्नु। लपना = सोझा मात्र त्यसप्रकारले भन्नु। सल्लपना = फकाउनु। गृहस्थहरू आफ्नो कारणले उदास भएको बेला घुमाइफिराई फकाउनु। उल्लपना = उल्क्याउनु "तपाईं महाकुटुम्बी हुनुहुन्छ, महानाविक हुनुहुन्छ, महादानपति हुनुहुन्छ" यसप्रकार बढाइचढाई भन्नु। समुल्लपना = सबैप्रकारले फुक्र्याई, फूक्र्याई (फकाईफुलाई) गरी भन्नु।

उन्नहना = फसाउनु। "उपासकहरू ! तिमीहरू पहिले यस्तो समयमा दान दिन्थ्यौ, अब किन दिंदैनौ ?" यसप्रकार जबसम्म "भन्ते, हामीहरू दान दिन्छौं तर अवकाश पाउँदैनौं" इत्यादि भन्दैनन् तबसम्म बढाइचढाई गरी आफ्नो कुरामा फसाउनु, बाँध्नु भनिन्छ अथवा ऊखुलाई हातमा लिएको देखेर - 'उपासक कहाँबाट ल्याइरहेको छौ ?' "ऊखु खेतबाट भन्ते।" "के त्यहाँको ऊखु मीठो छ ?" "भन्ते ! खाएर जान्नुपर्दछ।" "उपासक, भिक्षुहरूलाई "मलाई उखु देउ" भनी मागेर खाने अनुमति छैन, के गर्नु" आदि भनी जुन यसप्रकारको खोलेर पनि बाँध्ने कुराकानी छ त्यो उन्नहना हो। चारैतिरबाट घुमाइफिराई बाँध्नु, फसाउनु समुन्नहना हो।

उक्काचना = सूचित गर्नु। "यो कुलले मलाई नै चिन्दछ, मान्दछ। यदि यहाँ दान दिने वस्तु छ भने मलाई नै दिन्छ"– यसरी दायकअगाडि नै संकेत गरी भन्नु, राम्ररी प्रकट गर्नु उक्काचना भनिन्छ। उदाहरणको लागि तेल कन्दरिकाको कथा यहाँ भन्नुपर्दछ।

### तेल कन्दरिकाको कथा

दुई भिक्षुले एक गाउँमा गएर आसनशालमा बसेर एउटी केटीलाई बोलाए। उनी आएपछि एक भिक्षुले दोस्रो भिक्षुसंग सोध्यो - "भन्ते, यी कस्की छोरी हुन् ? अर्कोले भन्यो - "हाम्रो सेवाटहल गर्ने तेल कन्दरीकाकी छोरी हुन्। यिनकी आमाले मलाई घिउ दिंदा गाग्रोबाट नै दिन्थिन्। यिनले पनि आमा जस्तै गाग्रोबाट नै दिन्छिन्" भनी त्यस भिक्षुले उक्काचन गऱ्यो।

सबैप्रकारले वारम्वार उक्काचन गर्नु समुक्काचना हो। अनुपिय्यभाणिता = सत्यानुरूप या धर्मानुरूप नभएर आफ्नो स्वार्थको लागि मात्र वारम्वार प्रिय वचन (मीठो कुरा) बोल्नु। चाटुकम्यता = चापलुसी गर्नु। नीचवृतिभाव भएको हुनु, आफूलाई तलतल पारी प्रस्तुत गर्नु। मुग्गसुप्पता= मूंगीको सूप (झोल) जस्तै हुनु। जस्तै - मूंगीलाई पकाउँदा कुनै पाक्दैन, बाँकी पाक्दछ, यसरी नै जुन व्यक्तिको कुरामा केही मात्र साँचो हुन्छ, बाँकी झूठो हुन्छ त्यस्तो व्यक्तिलाई 'मूंगीको सूपजस्तै" भनिन्छ। पारिभट्टता = सेवाटहलको भाव। जस्तै - बच्चाहरूको धाई (रेखदेख गर्ने महिला) जस्तै - दायकको



Downloaded from http://www.dhamma.digital

बच्चालाई स्वयं काख या काँधमा बोक्नु, लिइराख्नु .... त्यो पारिभृत्यको काम हो। पारिभृत्य हुनु नै पारिभृत्यता हो।

*तत्थ कतमा नेमित्तिकता ? लाभसक्कारसिलोकसन्निस्सितस्स पापिच्छस्स इच्छापकतस्स यं परेसं निमित्तं, निमित्तकम्मं, ओभासो, ओभासकम्मं, सामान्तजप्पा, परिकथा - अयं वुच्चति नेमित्तिकता।*

(के हो नेमित्तिकता (इशारा गर्नु) ? लाभसत्कार र प्रशंसा पाउनको लागि .. अरुको लागि निमित्त गर्नु, निमित्त दिनु, संकेत गर्नु, अवभास गर्नु, अरूको सम्बन्धमा भनेझैं गरी आफ्नो लागि भन्नु, त्यसलाई प्रकट गर्नु, कथा भन्नु आदिलाई नैमित्तकता (इशारा गर्नु) भनिन्छ।)

निमित्त = प्रत्यक्ष संकेत गर्नु। केही अरूबाट आफूलाई प्रत्यय, आवश्यक वस्तु दिलाउनको लागि काय र वाक प्रयोग गर्नु। निमित्तकम्म = अप्रत्यक्ष संकेत गर्नु। खानेवस्तुलाई लिएर गइरहेको देखेर 'के तपाईंले खाना पाउनुभयो ? आदिप्रकारले निमित्त गर्नु। ओभासो = प्रत्ययको विषयमा प्रत्यक्ष कुराकानी गर्नु। ओभासकम्मं = प्रत्ययबारे अप्रत्यक्ष कुरा गर्नु। बाछ्रालाई पाल्ने गोठालालाई देखेर - 'के यी बाछ्राहरू दूध पिउने बाछ्राहरू हुन् कि मही पिउने बाछ्राहरू हुन्, भनी सोध्दा "भन्ते, दूध पिउने बाछ्राहरू हुन्" भनी जवाफ दिंदा "दूध पिउने बाछ्राहरू होइनन् होला। यदि दूध पिउने बाछ्रा हुन् भने त भिक्षुले पनि दूध पाउँथ्यो नि ?" इत्यादिले अथवा ती केटाहरूको आमाबाबुलाई भनेर दूध दिलाउनको लागि संकेत गर्नु। सामन्तजप्पा = सांकेतिक कुरा गर्नु। इच्छितवस्तुलाई नजिक गरी कुरा गर्नु। गृहस्थको घरमा वारम्वार जाने कुलूपक भिक्षुको कथा यहाँ भन्नुपर्दछ –

## कुलूपक भिक्षुको कथा

कुलूपक भिक्षु भोजन गर्ने इच्छाले घरभित्र प्रवेश गरी बस्यो। गृहस्वामिनीले उसलाई देखेर केही पनि नदिने इच्छाले 'चामल छैन' भन्दै, चामल लिएर आउने इच्छा भएकीजस्ती गरी छिमेकीको घरमा गइन्। भिक्षु पनि कोठाभित्र पसेर हेर्दै झ्यालको कुनामा ऊखुको लाँक्रा, भाँडोमा गुंड (सख्खर) को डल्लो, टोकरीमा नुनिलो माछ्राको सील, ठूलो घैंटो (कुम्भी)मा चामल, भाँडामा घिउ हेरेर, निस्केर बस्यो। गृहस्वामिनी 'चामल पाइएन' भन्दै आइन्। भिक्षुले भन्यो - "उपासिका, आज भिक्षा पाउँदिन भनी मैले पहिले नै अपशकुन देखेको थिएँ।

"के भन्ते"

"झ्यालको कुनामा राखेको उखुको लाँक्राझैं सर्पलाई देखें। त्यसलाई मार्छु भनी चारैतिर हेर्दा भाँडामा राखिएको गुँडको डल्लाजस्तै ढुंगालाई देखें। ढुंगाले हिर्काएपछि टोकरीमा राखेको नुनिलो माछ्राको सीलजस्तै सर्पले फुलाएको फणलाई देखें। त्यस डल्लालाई डस्ने इच्छा गरी मुख खोल्दा ठूलो घैंटोमा राखिएको चामलजस्तै उसको दाँतहरूलाई देखें र त्यो कुपित हुँदा भाँडामा राखिएको घिउजस्तै त्यसको मुखबाट निस्किंदै गरेको फिंजलाई देखें।"

उनले "चिण्डेलाई बहकाउन सकिंदैन" भनी सोचेर अन्तमा उखु, भात पकाएर, घिउ, गुंड र माछ्रासहित सबै दिइन्।

यसरी विषयलाई नजिक गरी भन्नुलाई सामन्तजप्पा जान्नुपर्दछ। परिकथा = जसरी कुनै कुरा



Downloaded from http://www.dhamma.digital

भन्न मिल्दछ त्यसरी नै उदाहरण दिँदै घुमाइफिराई भन्नु ।

*तत्थ कतमा निप्पेसिकता ? लाभसक्कारसिलोकसन्निस्सितस्स पापिच्छस्स इच्छापकतस्स या परेसं अक्कोसना, वम्भना, गरहना, उक्खेपना, समुक्खेपना, खिपना, संखिपना, पापना, सम्पापना, अवण्णहारिका, परपिट्ठिमंसिकता - अयं वुच्चति निप्पेसिकता ।*

(के हो निष्प्रेषिकता (महत्त्व घटाउनु) ? लाभसत्कार र प्रशंसा पाउनको लागि ... अरूलाई हकार्नु, निन्दा गर्नु, वेइज्जत गर्नु, उत्क्षेपण गर्नु (व्यङ्ग गर्नु), समुत्क्षेपण गर्नु (वारम्वार व्यङ्ग गर्नु), हाँसोमा उडाउनु, वारम्वार हाँसोमा उडाउनु, अपराध गर्नु, वारम्वार अपराध गर्नु, निन्दा फैलाउनु, पछाडि कुरा काट्नु - यसलाई निष्प्रेषिकता (महत्त्व घटाउनु) भनिन्छ ।)

अक्कोसना = आक्रोषन गर्नु । संयुक्त निकाय अर्थकथा (१,११,१,४) अनुसार – (१) चोर होस्, (२) मूर्ख होस्, मूढ होस्, ऊँट होस्, गोरु होस्, गधा होस्, नरकगामी होस्, पशु होस्, तिमीलाई सुगति छैन, तिमीलाई दुर्गति मात्र छ आदि दश आक्रोषन कुराहरूद्वारा गाली गर्नु, होच्याउनु । वम्भना = तुच्छ बनाउनु, होच्याएर भन्नु । गरहना = निन्दा गर्नु । तिमी अश्रद्धावान् छौ, अप्रसन्न छौ आदिप्रकारले दोषारोपण गर्नु । उक्खेपना = कुरा काट्नु । “यसलाई यहाँ नभन” आदि तरिकाको कुराले उत्क्षेपण गर्नु । समुक्खेपना = घुमाइफिराई कुरा काट्नु समुत्क्षेपण हो । अथवा दायकले नदिने देखेर “अहा, दानपति” आदि भन्दै व्यंगात्मक तरिकाले बढाइचढाई गरेर भन्नु उत्क्षेपण हो । ‘महादानपति” यसप्रकार व्यंगात्मक तरिकाले राम्ररी बढाइचढाई गरी भन्नु समुच्छेपण हो । “यस्तो पनि जिन्दगी हो जसले यस्तो बीज खान्छ ?” भनी हाँसो गर्नु (मजाक गर्नु) । संखिपना = घुमाइफिराई उपहास गर्नु । ‘के उहाँलाई तपाई नदिने अदायक भन्नुहुन्छ जो सर्वदा सबैलाई छैन भन्ने वचन दिन्छ’ आदि भनी व्यंग गरी खुव हाँसोमा उडाउनु ।

पापना = बदनाम गर्नु । दायक हुन नदिनु या दायक होइन भनी निन्दा गर्नु । सबप्रकारले पापना सम्पापना हो । अवण्णहारिका = गोप्यता फैलाउनु । ‘यस्तो निन्दाको डरले मलाई दिन्छ भनी सोचेर एक घरदेखि अर्को घर, एक गाउँदेखि अर्को गाउँ, एक जनपददेखि अर्को जनपदमा दायकको निन्दालाई पुऱ्याउनु ।

परपिट्ठमंसिकता = चुक्ली लगाउनु । अगाडि मीठो कुरा गरी अरूसंग उसको पछाडि निन्दा गर्नु । जो पछाडि देख्न नसक्नेको पीठ्यूँको मासु पछाडिबाट खाएजस्तो हो, यसैले पीठ्यूँको मासु खानुजस्तै भनिएको छ । अयं वुच्चति निप्पेसिकता = किनकि जुनप्रकार बाँसको खप्लेटो (वेणु पेसिका) शरीरमा लागेमा लगाएको अभ्यांग (मालिश गरिएको वस्तु)लाई बिलकुलै पुछिदिन्छ, त्यसप्रकार यो अरूको गुणलाई पिनेर गन्ध (सुगन्ध) खोज्नेभैं अरूको गुणहरूलाई बिलकुल नष्ट गरेर चूर्णविचूर्ण गरेर आफूले लाभ खोज्नेजस्तै हुन्छ, यसैले निष्प्रेषिकता भनिन्छ ।

*तत्थ कतमा लाभेन लाभं निजिगिंसनता ? लाभसक्कारसिलोकसन्निस्सितो पापिच्छो इच्छापकतो इतो लद्धं आमिसं अमुत्र हरति, अमुत्र वा लद्धं आमिसं इधाहरति या एवरूपा आमिसेन आमिसस्स एट्ठि, गवेट्ठि, परियेट्ठि, एसना, गवेसना, परियेसना – अयं वुच्चति लाभेन लाभं निजिगिंसनता ।*

(के हो लाभले लाभ खोज्नु ? लाभ, सत्कार र प्रशंसा पाउनको लागि .... यहाँबाट पाइएको



Downloaded from http://www.dhamma.digital

आमिष (चार प्रत्यय) लाई यहाँबाट त्यहाँ लैजान्छ या त्यहाँ पाएकोलाई यहाँ ल्याउँछ । यो यसप्रकारले आमिषले आमिषलाई खोज्नु, तलाशी लिनु, पत्ता लगाउनु, एषण, गवेषण, पर्येषण गर्नु यसैलाई भनिन्छ लाभले लाभलाई खोज्नु ।)

निजिगिंसनता = खोज्नु । इतो लद्ध = यस घरबाट पाएको । अमुत्र = अमुक घरमा । एट्ठि = चाहना । गवेट्ठि = खोज्नु । परियेट्ठि = वारम्वार खोज्नु । शुरूदेखि लिएर प्राप्त भएको भिक्षालाई ठाउँठाउँमा केटाहरूलाई दिएर अन्तमा दूधबाट बनाइएको यवागु आफूले खाएर गएको भिक्षुको कथा यहाँ भन्नुपर्दछ । यसैले एट्ठिलाई एसना, गवेट्ठिलाई गवेसना, परियेट्ठि (पर्येष्ठि) लाई परियेसना = पर्येषण आदि पर्यायवाची शब्दहरू हुन् भनी यहाँ सम्भिन्नुपर्दछ ।

यी कुहन आदिका अर्थ हुन् ।

अब इत्यादि यसप्रकारका खराब धर्महरूको = यहाँ 'इत्यादि' शब्दले - "जस्तै कुनैकुनै श्रमण ब्राह्मण श्रद्धापूर्वक दिएको भोजनलाई खाएर उनीहरू यसप्रकारका तिर्यक विद्याहरू (अनावश्यक विद्याहरू)को मिथ्या आजीविकाले जीवन व्यत्तित गर्दछन् । जस्तै - अंग, निमित, उत्पात, स्वप्न, लक्षण, मुसाले खाएको लुगाको फललाई बताउनु, अग्निहोम (अग्नि हवन), दर्विहोम आदिप्रकारले ब्रह्मजाल सूत्रमा भनेजस्तै अनेक खराब धर्महरूलाई ग्रहण गर्ने भनी जान्नुपर्दछ ।

### विभिन्न तिर्यक विद्याहरू

***(१) अंग विद्या= हातखुट्टा आदिमा यसप्रकारको अंगयुक्त मानिस दीर्घायु हुन्छ, यशवान् हुन्छ भनी जान्ने ज्ञान । (२) निमित्त विद्या = पण्डूराजा (महावंश ८, १०) ले तीन मोतीहरूलाई मुट्ठीमा लिएर ज्योतिषसंग सोध्यो "मेरो हातमा के छ ?" ज्योतिषले यताउता हेर्‍यो । त्यस समय माउसुलीद्वारा पक्डिएको झिंगा मुक्त भएको देख्यो तब उसले "मोती छ" भनी भन्यो । फेरि राजाले "कति छ ?" भनी सोध्दा ज्योतिषले तीन पटक कुखुरा बासेको शब्द सुनेर "तीन वटा छ" भनी भन्यो । यसरी त्यस कुरालाई बताउनका लागि निमित्तलाई हेर्ने ज्ञान । (३) उत्पात विद्या = विजुली चम्किने, इन्द्रधनुष निस्कने आदिलाई देखेर "यो हुन्छ, यस्तो हुन्छ" आदि भन्ने ज्ञान । (४) स्वप्न विद्या = सपना देखेअनुसार योयो फल हुन्छ भनी जान्ने ज्ञान । (५) लक्षण विद्या = लक्षण हेरेर मानिसहरूको भविष्य, गुणधर्म जान्ने ज्ञान । (६) मुसाले खाएको लुगाको फल विद्या = अमुक भागमा मुसाले प्वाल पार्दा यस्तो फल हुन्छ भनी जान्ने ज्ञान । (.७) अग्निहोम विद्या = यसप्रकारको काठले यस्तो हवन गर्दा यस्तो फल हुन्छ भनी जान्ने ज्ञान । (८) दर्विहोम विद्या = डाडुअनुसार होम गर्ने विद्यान ज्ञान ।***

यसप्रकारको आजीविकाको कारण भगवान्‌द्वारा भनिएको यी ६ शिक्षापदहरूको उल्लंघन गर्ने र कुहन (धूर्त्याइँ), लपन (कुराकानी गर्नु), नैमित्तकता (इशारा गर्नु), निष्प्रेषिकता (महत्त्व घटाउनु), लाभले लाभलाई खोज्नु आदि यस्ता खराब (पाप) धर्महरूद्वारा गरिएको मिथ्या आजीविका छन्, ती मिथ्या आजीविकाद्वारा सबैप्रकारले जुन विरति (अलग हुनु) हो, त्यही आजीवपरिशुद्धिशील हो ।

यो शब्दार्थ हो - यसको सहाराले बाँच्दछन् - त्यसैले यो आजीव हो । त्यो के हो ? चीवर आदि खोज्न गरिएको व्यायाम (प्रयत्न) । पारिशुद्धि भनिन्छ पारिशुद्ध हुनुलाई । आजीवको परिशुद्धि नै आजीवपारिशुद्धि हो ।



Downloaded from http://www.dhamma.digital

## प्रत्यय सन्निश्रित शील

त्यसपछि जुन प्रत्यय सन्निश्रितशील भनिएको छ, त्यसमा चीवर सम्बन्धी पालि यसप्रकार छ -

*पटिसंखा योनिसो चीवरं पटिसेवति, यावदेव सीतस्स पटिघाताय, उण्हस्स पटिघाताय, डंसमकसवातप सिरिंसपसम्फस्सानं पटिघााताय, यावदेव हिरिकोपीनपटिच्छादनत्थं ।*

पटिसंखा योनिसो = उपायद्वारा, पथद्वारा, ज्ञान (प्रतिसंख्या) द्वारा जानेर, प्रत्यवेक्षण (राम्ररी विचार) गरेर, भन्ने अर्थ लाग्दछ । यहाँ "ठण्डीद्वारा वचावको लागि" आदिप्रकारले भनिएको प्रत्यवेक्षणलाई नै 'योनिसो पटिसंखा' जान्नुपर्दछ । चीवरं = संघाटी, उत्तरासंग, अन्तरवासक आदिमध्ये जुनकुनै पनि भिक्षुको लागि प्रयोग हुने लुगा । पटिसेवति, =परिभोग गर्दछ, लगाउँछ, या ओड्दछ । यावदेव = जबसम्म । यो प्रयोग गर्ने समयलाई जनाउने शब्द हो । योगीलाई त्यति नै चीवर सेवन (प्रयोग) गर्नु आवश्यकता छ, जति ठण्डी आदिबाट बचाउको लागि आवश्यक छ, यसभन्दा बढी होइन । सीतस्स = भित्री (आध्यात्मिक शारीरिक) धातुको प्रकोप (ज्वर आदि)ले या बाहिरी (वाह्य) ऋतु परिवर्तनको कारणले उत्पन्न जुनकुनैप्रकारको ठण्डीलाई । पटिघाताय = मेटाउनको लागि । जसरी गर्दा शरीरमा रोग उत्पन्न हुँदैन त्यसप्रकार उसलाई हटाउनको लागि । ठण्डीले पीडित हुँदा विक्षिप्तचित्त भएको भिक्षु ठीकढंगले प्रधान (ध्यानअभ्यास) गर्न सक्दैन । यसैले ठण्डीबाट बच्नको लागि चीवर सेवन गर्नुपर्दछ भनी भगवान्ले आज्ञा दिनुभएको छ । यसैप्रकार सर्वत्र बुझ्नुपर्दछ । मात्र यहाँ उण्हस्स = अग्नि सन्तापको भनी बुझ्नुपर्दछ । जंगलमा डढेलो लाग्ने (वनदाह) आदिको समयमा त्यस्तो सम्भावना जान्नुपर्दछ ।

डंसमकसवातातपसिरिंसपसम्फस्सानं, = यसमा डंस = डस्ने झिंगा । उनीहरूलाई अन्ध माखा (डंस) पनि भनिन्छ । मकस = लमखुट्टे । वात = वायु धूलोसहित वा धूलोरहित सबैप्रकारका । आतप = सूर्यको गर्मी । सिरिंसप = जुनसुकै घिस्रिएर हिंड्ने प्राणी, दीर्घ जाति = सर्प, खजुर, माकुरा, माउसुली, विच्छी आदि । सम्फस्सानं = ती प्राणीहरूद्वारा डस्ने र छुने दुवै प्रकारको स्पर्श । त्यो पनि चीवर ओढेर बस्नेलाई पीडित गर्दैन । यसैले त्यस्ता स्थानहरूमा उनीहरूबाट बच्नको लागि चीवर प्रतिसेवन (प्रयोग) गर्दछ ।

यावदेव = जबसम्म । फेरि यसको निश्चित प्रयोजनको समय अलग गरी देखाउनको लागि यो शब्द प्रयोग गरिएको हो । लज्जांगलाई ढाक्नु नै यसको निश्चित प्रयोजन हो । अरू प्रयोग भने कहिलेकाहीं मात्र हुनेछ । हिरिकोपीनं = त्योत्यो सम्बाध स्थान (लज्जांग) । जुनजुन अंगलाई खोल्नाले हिरि (लज्जा) कुपित हुन्छ, नाश हुन्छ, त्यसत्यस हिरिलाई कोपन (कुपित गर्नु) द्वारा नै हिरिकोपीन भनिन्छ । त्यस हिरिकोपीनलाई ढाक्नुको अर्थमा हिरिकोपीनपटिच्छादनत्थं ।

पिण्डपात सेवनवारे पालि यसप्रकार छ -

*पटिसंखा योनिसो पिण्डपातं पटिसेवति, नेव दवाय, नमदाय, नमण्डनाय, नविभूसनाय,यावदेव इमस्स कायस्स ठितिया यापनाय विहिंसूपरितिया ब्रह्मचरियानुग्गहाय, इति पुराणञ्चवेदनं पटिहंखामि, नवञ्च वेदनं नउप्पादेस्सामि, यात्रा च मे भविस्सति अनवज्जा च फासुविहारो चाति ।*

पिण्डपात= जनुकुनै आहार । जुनकुनै पनि आहार भिक्षाद्वारा भिक्षुको पात्रमा राखिदिएकोले



Downloaded from http://www.dhamma.digital

'पिण्डपात भनिन्छ अथवा पिण्डहरूको पतना (पतन हुनु - झर्नु) पिण्डपात हो। ठाउँठाउँमा पाइएको भिक्षाको सन्निपात (थुप्रो) समूह भनिन्छ। नेव दवाय = गाउँका केटाहरूजस्तै खेल्नको लागि होइन, मनोरञ्जन गर्नको निमित्त होइन भन्ने अर्थ लाग्दछ। न मदाय = गाउँका केटाहरूले मुक्का हान्ने, पहलवानी गर्ने आदिजस्तै घमण्ड गर्नको लागि होइन। बलको र पुरुषमद (म पुरुष हुँ यसप्रकारको मान) को लागि होइन। न मण्डनाय = अन्तःपुरको वेश्या आदिजस्तै श्रृंगार गर्नको लागि होइन अथवा सजावट अंगप्रत्यंगलाई मोटाउनुको लागि होइन। न विभूसनाय = नर्तक, नर्तकी आदिजस्तै विभूषणको लागि होइन। अर्थात् छविको सुन्दरवर्ण गर्नको निमित्त होइन।

यसमा "क्रीडाको लागि होइन" जुन भनियो त्यो मोहको उपनिश्रय हटाउनको लागि भनिएको हो। 'न मदको लागि' द्वेषको उपनिश्रय हटाउनको लागि हो। 'न मण्डनको लागि', "न विभूषणको लागि" यो रागको उपनिश्रयलाई हटाउनको लागि हो। 'न क्रीडाको लागि' 'न मदको लागि' यी दुवै आफ्नो संयोजन (बन्धन)को उत्पत्तिलाई रोक्नको लागि हो। यी चारैवटाबाट अयोनिशः (वेठीक) प्रतिपत्ति र कामभोगको सुखका लिप्सामा लागिरहनेलाई हटाउनको लागि भनिएको हो भनी जान्नुपर्दछ।

यावदेव, = जबसम्म। इमस्स कायस्स = यी चार महाभूतहरू (पृथ्वी, जल, अग्नि, वायु) द्वारा बनिएको रूपकायको। ठितिया = स्थितिको लागि, सिलसिला कायम गर्नको लागि। यापनाय = जीवन प्रवाहलाई अटूट बनाईराख्नको लागि। या धेरै दिनसम्म स्थित राख्नको लागि। जीर्ण घर भएको मानिसको घरलाई भत्किन नदिनको लागि खम्बा, टेको लगाउनेझैं, बैलगाडी धूरालाई तेल लगाउनेझैं, शरीरको स्थिति बनिरहने र जीवन व्यतीत गर्नको लागि यो पिण्डपात (भिक्षान्न)को सेवन गर्दछ (खाँदछ) न कि क्रीडा, मद, मण्डन, विभूषणको लागि। अर्थात् स्थिति जीवितेन्द्रियको नाम हो। यसैले 'यस शरीरको स्थिति बनिरहने तथा जीवन व्यतीत गर्नको लागि' भन्नाले शरीरको जीवितेन्द्रियलाई प्रवर्तित गरिराख्नको लागि पनि भनिएको सम्झिनुपर्दछ।

विहिंसूपरतिया = जिघच्छा परमा रोगा (भोक परम रोग हो) - धम्मपद (१५७)को यस वचनानुसार रोगको अर्थमा भोकलाई विहिंसा भनिन्छ। भोकको शान्तिको लागि पनि भिक्षु भोजन गर्दछ। घाउमा औषधिको लेप लगाएझैं र गर्मी ठण्डी आदिमा उसको प्रतिकार गरेझैं। ब्रह्मचरियानुग्गहाय = सम्पूर्ण शासन ब्रह्मचर्य र मार्ग ब्रह्मचर्यको पालन गर्नको लागि। भिक्षु पिण्डपातको प्रतिसेवनको कारण प्राप्त शारीरिक बलको सहारा तीन अधिशील, अधिचित्त, अधिप्रज्ञा शिक्षाहरू कार्यपूर्ण गर्नमा लागिरहनको लागि, संसाररूपी मरुभूमिलाई पार गर्नको लागि प्रयत्नशील, ब्रह्मचर्य (श्रमण धर्म)को रक्षाको लागि, संयुक्त निकाय (१२,७,३) को मरुभूमि पार हुनेहरूको आफ्नो छोराको मासु, नदी पार गर्नेहरूको नाउ र समुद्र पार हुनेहरूको नाउ आदि उदाहरणजस्तै भोजन गर्दछ।

इति पुराणञ्च वेदनं पटिहंखामी नवञ्च न उप्पादेस्सामि = यसप्रकार यस भिक्षान्नलाई खानाले पुरानो भोकको वेदना (पीडा)लाई हटाउँछु र ज्यादा खानाको कारण (१) आहार हस्तक (धेरै खाएर उठ्न नसकेर अरुले हात दिएर उठाउनु पर्ने), (२) अलम शाटक (धेरै खाएर पेट फुलेपछि कपडा लगाउन नसक्ने), (३) तत्रवर्तक (धेरै खाएर उठ्न नसकी त्यहीं पल्टिरहने), (४) काक मांसक (कागले आएर खान सक्ने गरी मुख बाहिरसम्म आउने गरी खाने), (५) भुक्त वमितक (धेरै खाएर त्यहीं वान्ता गर्ने), ब्राह्मणहरूमध्ये कुनै एकजस्तै नयाँ वेदना उत्पन्न गर्दिन। यसरी ध्यानमा राखेर रोगीको उपचार प्रयोग



Downloaded from http://www.dhamma.digital

गरेभैं भोजन गर्दछ। या अनुचित अति भोजनको कारण पुरानो कर्मको प्रत्ययले उत्पन्न हुने वेदनालाई यस समय पुरानो वेदना भनिन्छ । उचित परिमाणानुसारको भोजनद्वारा त्यसको प्रत्यय (हेतु)लाई भिडाउँदै त्यस पुरानो वेदनालाई हटाउनेछु । जुन भोजन यस समयमा गरिएको छ त्यो अनुचित परिभोगको कारणअगाडि उत्पन्न हुनाले नयाँ वेदना भनिन्छ । उचित भोजन गरेर त्यसको जरालाई उत्पन्न हुन नदिएर नयाँ वेदनालाई उत्पन्न गर्दिन । त्यसप्रकारले पनि यहाँ अर्थ सम्भिनुपर्दछ।

यहाँसम्म, उचित भोजन गर्नु, शरीरलाई पीडित गर्नेलाई त्याग र धार्मिक सुखलाई नत्याग्नु बताइएको छ भनी जान्नुपर्दछ।

यात्रा च मे भविस्सति = उचित र परिमित भोजनद्वारा जीवितेन्द्रियको उपच्छेद (मृत्यु) गर्ने या इर्यापथलाई विगार्ने उपद्रव (परिश्रय) नहुनाले हाम्रो यस आहार आदि प्रत्ययहरूको अनुरूप हुने शरीर लाई चिरकालसम्म चलिरहने (बाँचिरहनु) नामले चिनिने जीवन यात्रा हुनेछ। औषधिको बलमा बाँच्ने रोगीजस्तै - यसैले पनि यसको सेवन गर्दछ।

अनवज्जता च फासु विहारो च = (निर्दोष र सुख विहार) अनुचितरूपले खोज्ने, लिने, परिभोग गर्ने बानीलाई त्याग्नाले निर्दोष र परिमित भोजनले सुखविहार हुन्छ। या अनुचित र अपरिमित भोजनको कारण उदासी तन्द्रा, हाई, विज्ञहरूद्वारा निन्दित हुने आदि दोषहरू नभएबाट निर्दोष र उचित, परिमित भोजनको कारण शारीरिक बल उत्पन्न हुनाले सुखविहार हुन्छ । अथवा जति खान सकिन्छ त्यति ठोसीठोसी पेटभरी खाने आदत त्याग्नाले शयन, स्पर्श, निद्राको सुखलाई त्याग्नाले निर्दोष र चार पाँच गाँस मात्र कम खानाले चारै इर्यापथहरू (सुन्नु, बस्नु, उभिनु हिंड्नु) को योग्य (शरीरलाई) बनाउनाले मलाई सुखविहार हुनेछ भनी सोचेर पनि प्रतिसेवन गर्दछ। थेरगाथा (९८३) मा यो भनिएको पनि छ।

*चत्तारो पञ्च आलोपे अभुत्वा उदकं पिवे ।*
*अलं फासु विहाराय पहितत्तस्स भिक्खुनो ॥*

(चारपाँच गाँस कम खाएर पानी पिउनु। यसो गर्नु ध्यानरत निर्वाणमुखी भिक्षुको सुखपूर्वक विहार को लागि पर्याप्त छ।)

यहाँसम्म प्रयोजनको परिग्रहण र मध्यम प्रतिपदा बताइएको छ भनी जान्नुपर्दछ।

शयनासन सेवन बारे पालि यसप्रकार छ -

*पटिसंखा योनिसो सेनासनं पटिसेवति, यावदेव सितस्स पटिघाताय, उण्हस्स पटिघाताय, डंसमकसवाततपसिरिंसपसम्फस्सानं पटिघाताय, यावदेव उतुपरिस्सयविनोदनपटिसल्लानारामत्थं ।*

सेनासनं = शयन र आसन । जहाँजहाँ सुत्छ, विहारमा या अटारी, आराम कोठा आदिमा त्यो शयन हो । जहाँजहाँ आसन लगाउँदछ, बस्दछ त्यो आसन हो । उनीहरूलाई एउटै गरेर शयनासन भनिन्छ ।

उतुपरिस्सयविनोदनपटिसल्लानारामत्थं = ऋतु परिश्रयलाई हटाउन तथा चित्त एकाग्र गर्नको



Downloaded from http://www.dhamma.digital

लागि पीडित गर्ने अर्थमा ऋतु नै ऋतु परिश्रय (उपद्रव) हो । त्यस ऋतु परिश्रयलाई हटाउन तथा चित्तको एकाग्रता गर्नको लागि अर्थात् जुन शरीरमा रोग उत्पन्न गर्ने र चित्तलाई विक्षिप्त (चंचल) गर्ने ऋतु हुन्छ, त्यसलाई हटाउन र एकाग्रताद्वारा उत्पन्न सुखको लागि भनिएको हो । ठण्डी आदिदेखि वचावटद्वारा नै ऋतु परिश्रय (मौसमको गडबडीले उत्पन्न कष्ट)लाई हटाउन भनिएको हो । जस्तै - चीवरको प्रतिसेवन गर्नाले लज्जांगलाई ढाक्ने, खास मतलब हो, अरू प्रयोग कहिलेकाहीं मात्र हुन्छ भनी भनिएको छ। यसैप्रकार यहाँ पनि विशेष ऋतुको गडवडीद्वारा उत्पन्न कष्टलाई हटाउनेबारे नै भनिएको भनी जान्नुपर्दछ। अथवा यो उक्तप्रकारको ऋतु नै ऋतु हो। तर परिश्रय दुई प्रकारका हुन्छन् - (१) प्रकट परिश्रय र (२) प्रतिच्छन्न परिश्रय । प्रकट परिश्रय (उपद्रव) सिंह, बाघ, आदि हुन् र प्रतिच्छन्न परिश्रय राग, द्वेष आदि हुन् । ती, जहाँ बिनासुरक्षा र अयुक्त रूपहरूको हेर्ने आदिद्वारा पीडित हुँदैन, त्यस शयनासनलाई जानेर, राम्ररी सोच विचार गरी प्रतिसेवन गर्दै भिक्षुले "प्रज्ञाद्वारा राम्ररी जानेर ऋतुको परिश्रयलाई हटाउनको लागि शयनासनको सेवन गर्दछ" भनिएको भनी जान्नुपर्दछ ।

औषधि सेवन वारे पालि यसप्रकार छ -

*पटिसंखा योनिसो गिलानपच्चयभेसज्जपरिक्खारं पटिसेवति, यावदेव उप्पन्नानं वेय्यावाधिकानं वेदनानं पटिघाताय, अव्यापज्जपरमतायाति ।*

गिलानपच्चयभेषज्जपरिक्खारं = (ग्लान-प्रत्यय भैषज्य - परिष्कार), यहाँ रोगको विपक्षी (प्रतिअयनार्थ) भएको अर्थमा प्रत्यय हुन्छ। विपरीत हुनु नै यसको अर्थ हो। जुनकुनै पनि पथ्यको यो नाम हो । वैद्यद्वारा आज्ञा गरिएबाट भिषक् (वैद्य) को काम भैषज्य भनिन्छ । ग्लान (रोगी)को प्रत्यय नै भैषज्य हो । जस्तै - जुनकुनै रोगीयोग्य दवाई, तेल, मह, घिउ, सख्खर आदि पथ्यहरू।

परिक्खारो = (परिष्कार) । त्रिपिटकमा परिष्कार शब्दको विभिन्न अर्थमा प्रयोग भएको छ। जस्तै - संयुक्त निकाय (२,१२,७,३),को "सात नगरपरिष्कारहरूद्वारा राम्ररी घेरिएको थियो" आदिमा परिष्कारको परिवार भनिन्छ। संयुक्त निकाय (२,१२,७,३), को "रथ शील परिष्कारयुक्त छ, ध्यान यसको धुरी हो र वीर्य चक्का हुन्" आदिमा अलंकार अर्थ लाग्दछ। संयुक्त निकाय (२,१२,७,३),को "जुनकुनै यी प्रब्रजितद्वारा जीवनको लागि परिष्कार जुटाउनुयोग्य छ ?" आदिमा सम्भार (कारण) अर्थ लाग्दछ। यहाँ परिवार र सम्भार दुवै नै उपयुक्त छन्। त्यो ग्लान प्रत्यय भैषज्य जीवननाशक रोगहरूको उत्पन्न हुनको लागि मौका नदिएर रक्षा गर्नाले जीवनको परिवार पनि हुन्छन् । जसले गर्दा धेरै दिनसम्म जीवन चालु भइरहन्छ। यसरी नै भैषज्यको कारणले सम्भार पनि हो। यसैले यसप्रकार ग्लान प्रत्यय भैषज्य परिष्कार लाई परिष्कार भनिन्छ। वैद्यद्वारा बताइएको रोगीको लागि जुन केही पथ्य तेल, मह, घिउ, सख्खर आदि छन् ती सबलाई जीवन परिष्कार भनिन्छ ।

उप्पन्नानं = उत्पन्न भएको, पैदा भएको, जन्मेको । वेय्याबाधिकानं = आबाधाहरूको । यहाँ व्याबाधा भनिन्छ धातुप्रकोपलाई र त्यसबाट उत्पन्न कोढी, खटेरा, विमिराहरू आदिलाई । व्याबाधाले उत्पन्न हुनाले व्यावाधिक भनिन्छ। वेदनानं = (वेदनाहरूको), दुःखवेदना, अकुशल-विपाकवेदना अर्थात् ती व्याबाधाहरू (रोगहरू) का वेदनाहरू (पीडाहरू)को । अव्यापज्जपरमताय = दुःखरहित हुनका लागि अर्थात् जबसम्म ती सारा दुःख हराएर जाँदैन तबसम्म ...।



Downloaded from http://www.dhamma.digital

यसरी संक्षेपमा प्रज्ञाद्वारा राम्ररी जानेर प्रत्ययहरूको परिभोग (सेवन) गर्ने लक्षण भएको 'प्रत्यय सन्निश्रित शील' सम्झिनुपर्दछ ।

यहाँ, यो शब्दार्थ हो – किनकि यसको प्रत्यय (कारण) सहाराले, परिभोग गर्दै प्राणी चल्दछन्, प्रवर्तित हुन्छन् (जीवित रहन्छन्) यसैले प्रत्यय भनिन्छ । ती प्रत्ययहरूको सन्निश्रित हुनु प्रत्यय सन्निश्रित हो ।

## प्रातिमोक्ष संवर शुद्धि सम्पादन विधि

यसरी यी चारै प्रकारका शीलहरूमा श्रद्धापूर्वक 'प्रातिमोक्ष संवर'लाई पूर्ण गर्नुपर्दछ। शिक्षापदहरूको प्रज्ञापन गर्नु श्रावकहरूको सामर्थ्यको बाहिर भएको कारण त्यो श्रद्धाले नै पूर्ण गरिनुपर्ने विषय हो । शिक्षापदको प्रज्ञप्तिका प्रतिक्षेप नगर्नु नै यहाँ उदाहरण दिइन्छ। यसैले जसरी शिक्षापद बताइएका छन् त्यसरी नै सबैलाई श्रद्धाले ग्रहण गरेर आफ्नो जीवनको चाहना नगरी राम्ररी पुरा गर्नुपर्दछ। यो भनिएको पनि छ –

*किकी व अण्डं चमरी बालधिं पियं व पुत्त नयनं व एककं ।*
*तथेव सीलं अनुरक्खमानका सुपेसला होथ सदा सगारवा ति ॥*

(जसरी बट्टाईं चराले आफ्नो अण्डलाई, चौंरीले आफ्नो पुच्छरलाई, आमाले एक्लो प्रिय पुत्रलाई, कानोले आफ्नो एउटै आँखाको रक्षा गर्दछ, त्यसरी नै शीललाई राम्ररी रक्षा गर्दै शीलप्रति सर्वदा प्रेम र गौरव गर्ने होऊ ।)

अर्को पनि - अंगुत्तर निकाय (८,२,९) अनुसार भनिएको छ – "यस्तै नै प्रल्हाद महाराज । जुन मैले शिष्यहरूको लागि शिक्षापद बनाएको छु ती शीलहरूका मेरा शिष्यहरू जीवनको लागि पनि उल्लंघन गर्ने छैनन् ।" यस सम्बन्धमा चोरहरूद्वारा जंगलमा बाँधिएको स्थविरहरूको कथा जान्नुपर्दछ –

## महावर्तनिक स्थविरको कथा

महावर्तनिक जंगलमा एक स्थविरलाई चोरले कालवल्ली नामको लता विशेषद्वारा बाँधेर सुताइदियो । सुताइएको स्थविर जुनप्रकार सुतेको थियो, त्यसैप्रकार सुतेर, सात दिनसम्म विपश्यना बढाउनु भएर, अनागामी फल प्राप्त गरी त्यहीं मर्नुभई ब्रह्मलोकमा उत्पन्न हुनुभयो ।

## ताम्रपर्णी द्वीप स्थविरको कथा

एक अर्को स्थविरलाई ताम्रपर्णी द्वीप, श्रीलंकामा चोरहरूले गुरुचिको लताद्वारा बाँधेर सुताइदियो। त्यहाँ जंगलमा आगो लाग्यो। त्यस लतालाई चोरले जरादेखि काटेको थिएन। भिक्षुहरूलाई लता काट्ने वा चुँडाउने अनुमति छैन। चुँडाउनेलाई पाचित्तियको दोष हुन्छ। त्यसैले उहाँले आपत्तिदेखि डराउनुभएर लतालाई नचुँडालिकन नै विपश्यना गर्नुभई समसीसी हुनुभएर परिनिवृत हुनुभयो । पाँच सौ भिक्षुहरूसँगै आउनुभएको महाअभिज्ञा प्राप्त दीर्घभाणक अभय स्थविरले उहाँ अरहन्त भिक्षुलाई देख्नुभएर उहाँको शरीरलाई जलाएर चैत्य बनाउनुभयो ।



Downloaded from http://www.dhamma.digital

### समसीसी

*समसीसी तीन प्रकारका हुन्छन् - १. इरियापथ समसीसी २. रोग समसीसी ३. जीवित समसीसी। जो उभिनु आदि इरियापथहरूमा कुनै एकको अधिष्ठान गरी "यसलाई भंग नगरेर नै अरहत्वलाई पाउने छु" भन्दै विपश्यना गर्दछ तब उसलाई अरहत्व प्राप्ति र इरियापथको भंग एकैसाथ हुन्छ भने यसलाई इरियापथ समसीसी भनिन्छ। २. जो चक्षु आदि कुनै एक रोग हुँदा "यहाँबाट नउठी नै अरहत्वलाई पाउने छु" भन्दै विपश्यना गर्दछ। तब उसलाई अरहत्वको प्राप्ति र रोगदेखि मुक्ति सँगसँगै हुन्छ भने यसलाई रोग समसीसी भनिन्छ। ३. जसको आस्रवक्षय र जीवितक्षय एकैसाथ हुन्छ यसलाई जीवित समसीसी भनिन्छ। संयुक्त निकाय अर्थकथा (१,४,३,३) र पुग्गल पञ्ञति (१,१९) अनुसार भनिएको छ - "जो व्यक्तिको न अधि न पछि एकसाथ आस्रवहरूक्षय र जीवनक्षय हुन्छ त्यस व्यक्तिलाई जीवित समसीसी भनिन्छ।*

यसरी अन्य श्रद्धावान् कुलपुत्रले पनि –

*पातिमोक्खं विसोधेन्तो अप्पेव जीवितं जहे।*
*पञ्ञतं लोकनाथेन न भिन्दे सील संवरं॥*

(प्रातिमोक्षको विशुद्धरूपले पालन गर्दै चाहे मर्नु परोस् तर लोकनाथ (भगवान् बुद्ध) द्वारा प्रज्ञप्त शील संवरलाई भेद (नाश) नगरोस्।)

### इन्द्रिय संवर शुद्धि सम्पादन विधि

जसरी प्रातिमोक्ष संवर श्रद्धाद्वारा पूर्ण गरिन्छ र त्यसै गरी स्मृतिद्वारा इन्द्रियसंवरलाई पूर्ण गर्नुपर्दछ। किनकि स्मृति (होश) द्वारा बचाइएको इन्द्रियहरू अभिध्या (लोभ) आदिद्वारा पछारिदैन, अतः ऊ इन्द्रिय-संवरशील स्मृतिद्वारा पूर्ण गर्ने हुनेछ। यसैले "भिक्षुहरू तातो, जलेको, ज्वाला भएको, धपधपाएको फलामको छडद्वारा चक्षुइन्द्रियलाई दागेमा उत्तम छ। तर आँखाद्वारा देखिने रूपहरूमा बनावटअनुसार निमित्त (लक्षण) ग्रहण गर्नु राम्रो होइन" आदिप्रकारले संयुक्त निकायको आदित्त परियाय सूत्रलाई राम्ररी स्मरण गरी रूप, शब्द, गन्ध, रस, स्पर्श, धर्म विषयहरूमा चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय, मनोद्वारहरू आदिले उत्पन्न भएको विज्ञानका, अभिद्या आदिद्वारा पछारिएको निमित्त आदिको ग्रहण गर्नलाई, बनेको स्मृतिद्वारा रोक्दै राम्ररी यसलाई पूर्ण गर्नुपर्दछ।

यसरी यसको पूर्ण नगर्नाले प्रातिमोक्ष-संवरशील पनि धेरै दिनसम्म नरहने अचिरस्थायी हुन्छ। शाखा समूहद्वारा राम्ररी नघेरिएको बालाजस्तै यो क्लेशरूपी चोरहरूद्वारा हरण हुन्छ। जसरी खुला ढोका भएको गाउँ डाँकाहरूद्वारा लुटिन्छ त्यसरी नै उसको चित्तमा राग घुस्दछ, या ठीकढंगले नछाएको घर मा पानी चुहिन्छ। त्यसैले भनिएको छ -

*रूपेसु सद्देसु अथो रसेसु*
*गन्धेसु फस्सेसु च रक्खं इन्द्रियं।*
*एते हि द्वारा विवटा अरक्खिता*
*हनन्ति गामं व परस्स हारिनो॥*

(रूप, शब्द, गन्ध, रस र स्पर्शहरूमा इन्द्रियको रक्षा गर। यी द्वारहरूलाई खुला र अरक्षित राखेमा डाँकुहरूद्वारा लुटिने गाउँसमान हरण गरिनेछ।)



Downloaded from http://www.dhamma.digital

धम्मपद (१,१३)मा पनि भनिएको छ -

*यथा अगारं दुच्छन्नं उद्ठि समतिविज्झति ।*
*एवं अभावितं चित्तं रागो समति विज्झति ॥*

(जसरी गलत तरिकाले छाएको घरमा वर्षाको पानी चुहिन्छ त्यसरी नै ध्यानाभ्यासरहित चित्तमा राग घुस्दछ ।)

त्यसलाई पूर्ण गर्दा प्रातिमोक्ष-संवरशील पनि धेरै दिनहरूसम्म रहने चिरस्थायी हुन्छ । शाखा समूहद्वारा राम्ररी घेरिएको बालाजस्तै यो क्लेशरूपी चोरहरूद्वारा हरण गरिंदैन । ठीकसँग बन्द गरिएको ढोका भएको गाउँजस्तै डाकुहरूद्वारा लुटिदैन । त्यसरी नै उसको चित्तमा राग पस्दैन वा ठीकसँग छाएको घरमा वर्षाको पानी नचुहिनेसमान । त्यसैले भनिएको छ –

*रूपेसु सद्देसु अथो रसेसु*
*गन्धेसु फस्सेसु च रक्खं इन्द्रियं ।*
*एते हि द्वारा विवटा अरक्खिता*
*न हनन्ति गामं व परस्स हारिनो ॥*

(रूप, शब्द, रस, गन्ध र स्पर्शहरूमा इन्द्रियलाई रक्षा गर । यी द्वारहरूलाई बन्द र ठीकसँग संवृत गरेमा डाँकुद्वारा लुटिने गाउँजस्तै हरण हुँदैन ।

*यथा अगारं सुच्छन्नं वुद्ठि न समति विज्झति ।*
*एवं सुभावितं चित्तं रागो न समति विज्झति ॥*

(जसरी राम्ररी छाएको घरमा वर्षाजल चुहिंदैन त्यसरी नै ध्यानाभ्यासद्वारा अभ्यस्त चित्तमा राग पस्दैन ।)

यो अत्यन्त उत्कृष्ट (उत्तम) उपदेश हो । यो चित्त धेरै नै छिटोछिटो बदलिरहन्छ । यसैले उत्पन्न रागलाई अशुभनिमित्तले मनसिकार (मनमा ग्रहण गर्नु) ले रोकेर इन्द्रिय संवरलाई पूर्ण गर्नुपर्दछ, नयाँ प्रव्रजित भएको वङ्गीस स्थविरजस्तै । संयुक्त निकायको बङ्गीस संयुक्त, आनन्द सुत्तानुसार भरखरै प्रव्रजित भएको स्थविरलाई भिक्षाटनमा जाँदा आँखाको माध्यमबाट राग उत्पन्नभयो । तत्पश्चात् उहाँले आनन्द स्थविरलाई भन्नुभयो –

*काम रागेन डय्हामि, चित्तं मे परिडय्हति ।*
*साधु निब्बापनं ब्रूहि अनुकम्पाय गोतमाति ॥*

(म कामरागले जलिरहेछु । मेरो चित्त पनि जलिरहेछ, हे गौतम (गोत्री) ! अनुकम्पा गरेर यसलाई शान्त गर्ने केही उपाय भन्नुहोस् ।)

तब आनन्द स्थविरले भन्नुभयो -

*सञ्ञाय विपरियेसा चित्तं ते परिडय्हति ।*
*निमित्तं परिवज्जेहि सुभं रागूपसंहितं ॥*



Downloaded from http://www.dhamma.digital

*संखारे परतो पस्स, दुक्खतो नो च अत्ततो ।*
*निब्बापेहि महारागं मा डय्हित्थो पुनप्पुनं ॥*
*असुभाय चित्तं भावेहि एकग्गं सुसमाहितं ।*
*सतिकायगता त्यत्थु निब्बिद्धाबहुलो भव ॥*

(विपरीत विचार भएको कारण तिम्रो चित्त जलिरहेछ, त्यसैले रागयुक्त शुभनिमित्तलाई त्याग । अशुभनिमित्तद्वारा एकाग्र र सुसमाहित चित्तको भावना गर । संस्कारहरूलाई अनित्य र दुःखको स्तरमा हेर, आत्माको स्तरमा होइन । महारागलाई शान्त गर, वारम्वार नजलाऊ । चित्तमा अशुभभावना राख, एकाग्र र समाधिष्ठ होऊ, तिमीमा कायगतास्मृति बनाई राख । वारम्वार वैराग्य बढाई राख)

वंगीस स्थविरले पनि रागलाई हटाई भिक्षाटन गर्नुभयो ।

इन्द्रियसंवर गर्ने भिक्षु कुरण्डक महालेण गुफामा रहने चित्रगुप्त स्थविर र चोरक विहारमा बस्नु हुने महामित्र स्थविरजस्तै हुनुपर्दछ ।

## चित्रगुप्त स्थविरको कथा

कुरण्डक महालेण (गुफा)मा सात बुद्धहरूका अभिनिष्क्रमणको चित्रकर्म अतिसुन्दर बनाइएको थियो । एक समय केही भिक्षुहरू शयनासनको लागि घुम्दै त्यस महालेणमा आईपुगे र भित्र हेर्दै जाँदा ती चित्रकर्म देखेर - "भन्ते, मनोरम चित्रकर्म रहेछन्" भनी भन्दा स्थविरले भन्नुभयो - "आवुस ! यस लेणमा बसेको साठी वर्षभन्दा पनि धेरै भैसक्यो तर यसमा चित्रकर्म छ या छैन भन्ने जानेको पनि थिइन । आज चक्षुमान् (आँखा हुने)हरूको कारणले जानें ।"

स्थविरले यतिका दिनसम्म त्यहाँ बस्नुहुँदा, आँखा उठाएर गुफालाई पहिले कहिले पनि हेर्नुभएको थिएन । त्यस गुफाको ढोकामा एउटा धेरै ठूलो नागको (Iron wood tree) रूख थियो । त्यसको माथि पनि स्थविरले पहिले कहिले हेर्नुभएको थिएन । प्रत्येक वर्ष जमिनमा केशरी झरेको देखेर फूल फुलेको भनी जान्नुहुन्थ्यो ।

श्रीलंकाको दुट्ठगामिनी अभयका पिता कावेनतिष्य (ई. पू. १४५-१०१ अगाडि) राजाले स्थविरको त्यस गुण सम्पतिलाई सुनेर वन्दना गर्ने इच्छाले तीन पटकसम्म सन्देश पठाए । तैपनि स्थविर नआउँदा त्यस महाग्राम गाउँमा "तबसम्म बच्चाहरूले दूध पिउन नपाउन् जबसम्म स्थविर आउनुहुन्न" भनी साना बच्चाहरू भएका स्त्रीहरूका स्तनलाई छोपेर छाप लगाइदिए ।

स्थविर बच्चाहरूमाथि कृपा गरी तत्कालीन श्रीलंकाको राजधानी महाग्राम जानुभयो । राजाले सुनेर, "जाऊ भणे, स्थविरलाई साथै ल्याऊ, शील ग्रहण गर्नेछु" भनी मानिस पठाए । अन्तपुरमा स्थविरलाई ल्याएर राजाले प्रणाम गरी भोजन गराए । भोजन समाप्त भएपछि "भन्ते, आज फुर्सत छैन, भोलि शील ग्रहण गर्नेछु" भन्दै स्थविरको पात्र लिंदै रानीसँगै अलिक टाढासम्म पछिपछि आएर प्रणाम गरी फर्के । स्थविर, राजाले प्रणाम गरोस् या रानीले "महाराज सुखी होऊ," भन्थे । यसप्रकार सात दिन बित्यो । भिक्षुहरूले सोधे - "भन्ते, किन तपाईं राजाले प्रणाम गर्दा पनि, रानीले प्रणाम गर्दा पनि - 'महाराज सुखी होऊ' यति मात्र भन्नुहुन्छ ?" स्थविरले भन्नुभयो "आवुस, यो राजा



Downloaded from http://www.dhamma.digital

हो कि यो रानी हो भनी म विचार राख्दिन ।"

सप्ताह बितेपछि "स्थविरलाई यहाँ रहनु दुःखदायक छ भनेर राजाद्वारा बिदा दिइएपछि उहाँ कुरण्डक महालेणमा जानुभएर राती चंक्रमण गर्न सुरु गर्नुभयो । नागको रूखमा बस्ने देवता दण्ड दीपक (मशाल) लिएर उभिरह्यो । त्यस मशालले गर्दा स्थविरको कर्मस्थान परिशुद्धरूपले प्रकट भयो । तब स्थविरले "के आज मेरो कर्मस्थान अत्यन्त परिशुद्ध प्रकाशित भइरहेछ ?" भनी सोचेर खुशी हुँदै कर्मस्थान बढाउनु हुँदै लगभग मध्यपहरको समय सारा पर्वतलाई गुञ्जाउँदै अर्हत्व प्राप्त गर्नुभयो ।

यसैले आफ्नो भलाइ चाहने अन्य कुलपुत्रले पनि -

*मक्कटो व अरञ्ञम्हि वने भन्तमिगो विय,*
*वालो विय च उत्रस्तो न भवे लोललोचनो ।*
*अधो खिपेय्य चक्खूनि युगमत्तदसो सिया,*
*वनमक्कटलोलस्स न चित्तस्स वसं वजे ॥*

(जंगलको बाँदरजस्तै, बनमा चञ्चल मृगजस्तै, मूर्खजस्तै त्रस्त हृदय र चंचल नेत्रको नहुनू । आँखालाई भुकाएर चार हात टाढा हेर्ने (युगमदर्शी) बन, जंगली चंचल बाँदरजस्तै चित्तको वशमा नजाऊ ।)

## महामित्र स्थविरको कथा

महामित्र स्थविरकी आमालाई विषगण्ड (ट्यूमर) निस्कियो । उनकी छोरी पनि भिक्षुणीहरूसंग प्रब्रजित भएकी थिइन् । आमाले छोरीलाई भनिन् - "जाऊ आर्ये, आफ्नो भाइकहाँ गएर मेरो विमारी बारे बताएर औषधी ल्याऊ ।" उनी गएर भिक्षुलाई भनिन् । स्थविरले भन्नुभयो – "मलाई जडीबुटी आदि औषधी जम्मा गरेर पकाउन आउँदैन, तर तिमीलाई औषधि बताउँदछु, 'म जबदेखि प्रब्रजित भएँ तबदेखि कामराग चित्तले मैले कहिले पनि इन्द्रियहरूलाई खोलेर कामराग उत्पन्न हुने स्त्री आदि विषभाग रूपलाई हेरिन । यस सत्यवचनले मेरी आमा निरोगी होऊन् ।' जाऊ, यस वाक्यलाई भनेर उपासिकाको शरीर मल ।" उनी गएर भनेअनुसार गरिन् । उपासिकाको खटिरा पनि त्यसै क्षण फिंजको पिण्डजस्तै फुटेर निको भयो । उनले उठेर "यदि सम्यक सम्बुद्ध जीवितहुँदो हो त किन मेरो पुत्रजस्तै भिक्षुको शिरमा आफ्नो जालजस्तै हातद्वारा नसहलावस्" भन्दै आनन्दवचन भनिन् । यसैले –

*कुलपुत्तमानी अञ्ञोपि पब्बजित्वान सासने ।*
*मित्तत्थेरो व तिट्ठेय्य वरे इन्द्रिय संवरे ॥*

(कुलपुत्र हुँ भनेर दाबी गर्ने अरुहरु पनि शासनमा प्रब्रजित भएर मित्र स्थविरजस्तै श्रेष्ठ इन्द्रिय संवरमा उभिनुपर्दछ ।)

## आजीव पारिशुद्धि सम्पादन विधि

इन्द्रियसंवर स्मृतिद्वारा पूर्ण गरिएजस्तै यसरी नै वीर्यद्वारा आजीव पारिशुद्धि पूर्ण गर्नुपर्दछ । ठीकढंगले आरम्भ गरिएको वीर्यद्वारा मिथ्या (वेठीक) आजीविकाको प्रहाण भएको कारण त्यस वीर्यद्वारा नै पूर्ण गर्नुपर्दछ । यसैले अनुचित अन्वेषणलाई छोडेर वीर्यद्वारा भिक्षाटन आदि सम्यक



Downloaded from http://www.dhamma.digital

खोजद्वारा यसलाई पूर्ण गर्नुपर्दछ । परिशुद्धरूपले उत्पन्न प्रत्ययहरूको सेवन गर्नु र अपरिशुद्धहरूलाई विषधारी सर्पलाई त्यागिदिएझैं त्यागिदिनुपर्दछ ।

धुताङ्ग धारण नगरेको भिक्षुको संघबाट, गणबाट र धर्मोपदेश आदि गुणहरूद्वारा प्रसन्न गृहस्थहरूबाट प्राप्त प्रत्यय परिशुद्धरूपले प्राप्त भएको भनिन्छ । भिक्षाटन आदिद्वारा उत्पन्न प्रत्यय अत्यन्त परिशुद्ध हुन्छ नै । धुताङ्ग धारण गरेको भिक्षुको भिक्षाटन आदि र उसका गुणहरूद्वारा प्रसन्न भएकाहरूबाट धुताङ्गको नियमानुकूल प्राप्त प्रत्यय पनि परिशुद्ध हुन्छ । एक विरामीलाई राम्रो गर्नयोग्य गाईको मूत्रमा भिजाएको हर्रो र घिउ, मक्खन, मह, चिनीयुक्त चारमहवस्तुहरू प्राप्त हुँदा - "चारमहवस्तुहरूलाई अन्य सब्रह्मचारीले पनि खानेछ" भनी सोचेर हर्रोको एक भागलाई मात्र खाने भिक्षु धुताङ्ग ग्रहण गर्नयोग्य हुन्छ । यसै भिक्षुलाई उत्तम आर्यवंशको भनिन्छ ।

जुन यी चीवर आदि प्रत्यय छन्, तिनमा जुनकुनै आजीवको परिशोधन गर्नेलाई चीवर र पिण्डपात (भिक्षान्न) बारे निमित्त, अवभास, परिकथाका विज्ञप्तिहरू गर्नु हुँदैन । शयनासनमा जसले धुताङ्ग धारण गरेको छैन, उसले निमित्त, अवभास परिकथा गर्न सक्दछ ।

निमित्त = शयनासनको लागि भूमि ठीकठाक आदि गर्नुलाई भनिन्छ । 'भन्ते, के गरिंदैछ ? कसले गराउँदैछ ?' भनी गृहस्थद्वारा सोध्दा - "कोही पनि छैन" भनी उत्तर दिनु अथवा जुनकेही अन्य पनि यसप्रकारको निमित्त गर्नुलाई निमित्त भनिन्छ । अवभास = संकेत गर्नु । "उपासकहरू, तिमीहरू कहाँ बस्छौ ?""प्रासादमा, भन्ते ।""तर उपासकहरू ! भिक्षुहरूलाई प्रासादको अनुमति छैन ।" यसप्रकार भन्नु अथवा जुनकेही अन्य तरिकाले यस्तो अवभास गर्नु । परिकथा = उपमा कथा । "भिक्षुसंघको लागि शयनासनको दिक्कत छ " भनी कुरा भन्नु, या जुन अन्य पनि यसप्रकारको पर्यायकथा छन् ।

भैषज्य (औषधीमा) सब उचित छ । तर त्यसप्रकारले प्राप्त भएको भैषज्य रोग निको भइसकेपछि खानुपर्छ कि पर्दैन ?

"भगवान्ले अनुमति दिनुभएको छ, यसैले उचित छ" भनी विनयपिटकलाई कण्ठस्थ गर्ने विनयधर भन्छ, तर सूत्रपिटकलाई कण्ठस्थ गर्ने सूत्रान्त्रिक भन्छ - "यद्यपि आपत्ति हुँदैन, तर आजीविका कुपति हुन्छ । यसैले उचित छैन ।"

जुन भगवान्द्वारा बताइएकोलाई पनि निमित्त, अवभास, परिकथाका विज्ञप्तिहरू नगरिकन अल्पेच्छता आदि गुणहरूको नै सहारा जान्ने समय आए तापनि अवभास आदि विनाप्राप्त भएको प्रत्ययहरूको प्रतिसेवन गर्दछ, यो परम सल्लेखवृत्ति भनिन्छ जस्तै - सारिपुत्र स्थविरको उदाहरणबाट स्पष्ट हुन्छ ।

## सारिपुत्र स्थविरको कथा

उहाँ आयुष्मान् एक समय गणलाई छाडी एकान्तमा फल समापत्तिसहित विहार गर्ने समय प्रविवेक बढाउँदै महामौदगल्यायन स्थविरसंगै कुनै एक जंगलमा विहार गर्नुहुन्थ्यो । एक दिन उहाँलाई पेटमा वायुको रोग उत्पन्न भएर धेरै पीडित गऱ्यो । महामौदगल्यायन स्थविर सन्ध्याको समय उहाँ



Downloaded from http://www.dhamma.digital

आयुष्मान्‌कहाँ जानुभयो। स्थविरलाई पल्टिरहेको देखेर, त्यसबारे "आवुस, पहिले तपाईंको यो रोग कुन चीजले निको हुन्थ्यो ?" भनी सोध्नुभयो। सारीपुत्र स्थविरले भन्नुभयो - "आवुस, गृहस्थकालमा मेरी आमाले घिउ, चिनी आदि मिलाएर पानीरहित दूधमा पकाएको खीर दिन्थी, त्यसैले मेरो रोग निको हुन्थ्यो।" महामौद्गल्यायन आयुष्मान्‌ले पनि "धेरै राम्रो आवुस, यदि मेरो या तपाईंको पुण्य छ भने शायद भोलि पाइनेछ" भनी भन्नुभयो।

उनीहरूको यस कुराकानीलाई चंक्रमणको एक छेउको रूखमा बस्ने देवताले सुनेर - "भोलि आर्यको लागि खीर प्राप्त गर्नेछु" भनी विचार गरी त्यसै समय स्थविरको सेवक (उपस्थापक)को घरमा गएर जेठो छोरोको शरीरमा पसेर पीडित गऱ्यो। उसको औषधि गर्नको लागि जम्मा भएका व्यक्तिहरूसंग त्यस देवताले भन्यो - "यदि भोलि सारीपुत्र स्थविरको लागि यस्तोयस्तो (माथि बताएजस्तै) खीर तयार गर्छौ भने म यसलाई छाडिदिन्छु।" उनीहरूले "तिमीले नभने पनि हामीहरू स्थविरको लागि सदा निश्चित भिक्षा दिन्छौं" भनेर भोलिपल्ट त्यस्तो खीर तयार गऱ्यो।

महामौद्गल्यायन स्थविरले सबेरै नै आएर 'आवुस, जबसम्म म भिक्षाटनबाट आउने छैन तबसम्म यहीं बस्नुस्" भनेर गाउँमा प्रवेश गर्नुभयो। ती मानिसहरूले अगाडि आएर स्थविरको पात्र लिएर त्यसप्रकारको खीर भरिदिए। स्थविरले जानको लागि संकेत गर्नुभयो। उनीहरूले - 'भन्ते तपाईं खानुहोस्, अरू पनि दिने छौं" भनेर स्थविरलाई खुवाएर फेरि पात्र भरिदिए। उहाँले पछि "राम्रो आवुस, सारिपुत्र ! खानुहोस्" भनेर खीर नजिक लानुभयो। सारिपुत्र स्थविरले 'कसरी यो प्राप्त भयोहोला ?' भनी विचार गर्दा त्यो प्राप्त भएको कारण देख्नुभएर "आवुस, मौदगल्यायन ! भिक्षान्न खानयोग्य छैन" भनी खान अस्वीकार गर्नुभयो।

मौदगल्यायन स्थविरले पनि आयुष्मान्‌ले "मजस्तोले ल्याएको भिक्षान्न पनि खानु हुँदैन" भनी एकरति पनि दुःखी चित्त नगरी एकै वचनमा नै पात्रको मुखको धारमा (बिंडमा) पक्डेर एकतर्फ घोप्टाईदिनुभयो। खीर जमिनमा पोखिनासाथ नै स्थविरको रोग निको भयो। तबदेखि उहाँलाई जीवन पर्यन्त त्यो रोग फेरि लागेन। तत्पश्चात् उहाँले मोद्गल्यान स्थविरसंग भन्नुभयो - "आवुस, कुराकानी गरेको कारणले प्राप्त भएको खीर आन्द्राहरू निस्केर जमिनमा घुमे तापनि खानु अनुचित छ" भनेर मिलिन्दपञ्हो (६,१,५) अनुसार यस उदानलाई भन्नुभयो –

*वची विञ्ञत्ति विप्फारा उप्पन्नं मधुपायासं।*<br>
*सचे भुत्तो भवेय्याहं साजीवो गहरितो मम॥*<br>
*यदिपि मे अन्तगुणं निक्खमित्वा बहि चरे।*<br>
*नेव भिन्देय्यमाजीवं चजमानोपि जीवितं॥*

(कुराकानी गरेको कारण प्राप्त भएको मीठो खीर मैले खाएको भए, तब मेरो आजीविका निन्दित हुन्थ्यो। यदि मेरो आन्द्रा निस्केर बाहिर घुम्न थाले तापनि म आजीविकालाई तोड्न सक्दिन, चाहे प्राण नै निस्केर जाओस्।)

*आराधेमि सकं चित्तं विवज्जेमि अनेसनं।*<br>
*नाहं बुद्धं पतिकुट्ठं काहामि च अनेसनं॥*



Downloaded from http://www.dhamma.digital

(म आफ्नो चित्तलाई वशमा लिन्छु, अन्वेषणको त्याग गर्दछु । बुद्धद्वारा निन्दित अन्वेषणलाई म गर्दिन ।)

चीरगुम्बमा रहने आम्रखादक महातिष्य स्थविरको कथा पनि यहाँ भनिनुपर्दछ ।

## महातिष्य स्थविरको कथा

महातिष्य स्थविर अकालको समय मार्गमा जाँदा भोजन नमिल्दा र यात्राको थकावटले थाकेर दुर्बल शरीर भएर, कुनै पाकेको आँपको रूखमुनि पल्टिनुभयो । धेरैजसो आँप यताउता खसेको थियो । त्यहाँ एकजना धेरै बूढा गृहस्थले स्थविरको नजिक गएर, स्थविरलाई थाकेको जानेर, आँपको सर्वत पिलाएर आफ्नो पिठ्यूँमा बोकेर आफू बस्ने स्थानमा ल्यायो । तब स्थविरले "ऊ न तिम्रो पिता हो, न माता हो, न आफन्त हो, न भाइ हो, जसले त्यस्तो काम गरोस्, मात्र तिमी शीलवान् भएको नाताले त्यो व्यक्तिले तिम्रो सेवा गर्दैछ" आदि मनमनमा बिचार गर्दै आफैलाई उपदेश गरी विपश्यना ज्ञान बढाएर गृहस्थको पिठ्यूँमा नै अरहत्व प्राप्त गर्नुभयो ।

यसरी सवप्रकारबाट पनि

*अनेसनाय चित्तम्पि, अजनेत्वा विचक्खणो ।*
*आजीवं परिसोधेय्य, सद्धा पब्बजितो यती ति ॥*

(श्रद्धाद्वारा प्रव्रजित बुद्धिमान् भिक्षु अन्वेषणको लागि चित्त पनि उत्पन्न नगरी आफ्नो आजीविकालाई परिशुद्ध गरोस् ।)

## प्रत्यय-सन्निश्रित-शील सम्पादन विधि

जसरी वीर्यद्वारा आजीव परिशुद्धि हुन्छ, त्यसरी नै प्रत्यय सन्निश्रित शीललाई प्रज्ञाद्वारा पूर्ण गर्नुपर्दछ । प्रज्ञावान्ले नै प्रत्ययहरू सदोष वा निर्दोष जान्न सक्दछ । अतः त्यो प्रज्ञाद्वारा नै साध्य छ । यसैले प्रत्ययप्रति गिद्ध स्वभाव (लोभ) त्याग गरी धर्मयुक्त प्रत्ययहरूलाई भनिएको विधिअनुसार प्रज्ञाद्वारा प्रत्यवेक्षण गरेर परिभोग गर्दै त्यसलाई पूर्ण गर्नुपर्दछ ।

## दुई प्रकारका प्रत्यवेक्षण

प्रत्यवेक्षण दुई प्रकारका हुन्छन् - (१) प्रत्ययहरूलाई पाउने समय र (२) परिभोग गर्ने समय । पाउने समयमा पनि धातु व्यवस्थान (धातु मनसिकार) अनुसार या आहार प्रतिकूलको संज्ञाअनुसार प्रत्यवेक्षण गरी राखिएको चीवर आदि, त्यसको पछि परिभोग गर्ने व्यक्तिको परिभोग निर्दोष नै हुन्छ । परिभोग गर्ने समयमा पनि प्रत्यवेक्षण गरेमा प्रत्यय परिभोग निर्दोष नै हुन्छ ।

## चार प्रकारका परिभोग

यो निश्चयात्मक निश्चय हो - परिभोग चार प्रकारका हुन्छन् - १) स्तेयपरिभोग २) ऋणपरिभोग ३) दायादपरिभोग ४) स्वामी परिभोग । संघको बीचमा बसेर परिभोग गरिएको दुःशीलको परिभोग स्तेयपरिभोग हो । शीलवान्ले विनाप्रत्यवेक्षण गरी परिभोग गर्नु ऋणपरिभोग



Downloaded from http://www.dhamma.digital

हो। यसैले चीवरलाई जबजब लगाउँछ ओढ्छ, तबतब प्रत्यवेक्षण गर्नुपर्दछ। पिण्डपात भने गाँसगाँसमा प्रत्यवेक्षण गर्नुपर्दछ। यस्तो गर्न नसक्नेले दिउँसोको भोजनभन्दा पहिले, पछि, पहिलो प्रहर, बीचको प्रहर, अन्तिम प्रहरमा गर्न सकिन्छ। यदि विनाप्रत्यवेक्षण गरेर नै सूर्योदय हुन्छ भने ऊ ऋण परिभोग गर्ने व्यक्ति हुन्छ। शयनासन पनि जबजब परिभोग गर्दछ तबतब प्रत्यवेक्षण गर्नुपर्दछ। औषधि लिने समयमा पनि परिभोग गर्नेगर्ने समयमा प्रत्ययको विचार राख्नु नै उचित हुन्छ। यस्तोहुँदा पनि लिने समय भने विचार गरी तर परिभोग गर्ने समय प्रत्यवेक्षण नगर्ने व्यक्तिलाई आपत्ति हुन्छ। तर लिने समयमा विचार नगरी परिभोग गर्ने समयमा प्रत्यवेक्षण गर्ने व्यक्तिलाई भने आपत्ति हुँदैन।

## चार प्रकारका शुद्धिहरू

शुद्धि चार प्रकारका हुन्छन् -१. देशनाशुद्धि, २. संवरशुद्धि, ३. पर्येष्टिशुद्धि, ४ प्रत्यवेक्षणशुद्धि। देशनाशुद्धि = प्रातिमोक्ष संवरशीललाई भनिन्छ। देशनाद्वारा भिक्षु शुद्ध हुने कारणले देशनाशुद्धि भनिन्छ। संवरशुद्धि = इन्द्रिय संवरशीललाई भनिन्छ। ऊ "म फेरि यसो गर्ने छैन" यसरी मनमा अधिष्ठान गर्ने संवरले नै शुद्ध हुने कारणले संवरशुद्धि भनिन्छ। पर्येष्टिशुद्धि = आजीव पारिशुद्धि शीललाई भनिन्छ। ऊ अन्वेषणलाई त्यागेर धर्मसहित प्रत्यय लाभ गर्ने व्यक्तिको पर्येषण (खोजी)को शुद्धताको कारणले पर्येष्टिशुद्धि भनिन्छ। प्रत्यवेक्षणशुद्धि = प्रत्यय सन्निश्रितशीललाई भनिन्छ। भिक्षुले भनेअनुसार प्रत्यवेक्षणद्वारा शुद्ध हुने कारणले प्रत्यवेक्षणशुद्धि भनिन्छ। यसैले भनिएको छ "लिने समय विचार नगर्दा पनि परिभोग गर्ने समय प्रत्यवेक्षण गर्ने व्यक्तिलाई आपत्ति हुँदैन।"

स्रोतापत्ति मार्गप्राप्त, स्रोतापत्ति फलप्राप्त, सकृदागामी मार्गप्राप्त, सकृदागामी फलप्राप्त अनागामी मार्गप्राप्त, अनागामी फलप्राप्त, अरहन्त मार्गप्राप्त यी सात शैक्ष्यहरूको परिभोग दायादपरिभोग हो। उनीहरूं भगवान्का पुत्र हुन्, यसैले बाबुसंग रहने प्रत्ययको दायाद (उत्तराधिकारी) भएर प्रत्ययको परिभोग गर्दछन्। के उनीहरू भगवान्का प्रत्ययहरूको परिभोग गर्दछन् या गृहस्थहरूका प्रत्ययहरूको ? गृहस्थहरूद्वारा दिइएको भए तापनि भगवान्द्वारा स्वीकार गरिएको कारणले भगवान् कै वस्तु हुन्छन्, यसैले भगवान्का प्रत्ययहरूको परिभोग गर्दछन् भनी जान्नुपर्दछ। मज्झिम निकाय (१,१,३) को धम्मदायाद सुत्त यसको प्रमाण हो। क्षीणास्रवहरूको परिभोग स्वामीपरिभोग हो। उनीहरू तृष्णाको दासत्वबाट निस्किसकेको कारणले स्वामी भएर परिभोग गर्दछन्।

यी परिभोगहरूमा स्वामीपरिभोग र दायादपरिभोग सबैको लागि उचित छन्। ऋणपरिभोग उचित छैन। स्तेय परिभोगको त कुरै छैन। जुन यो शीलवान्को प्रत्यवेक्षण हो, त्यो ऋण परिभोगको विल्कुल विरुद्ध भएको कारणले ऋणरहित परिभोग हुन्छ। यो दायादपरिभोगमा नै संगृहीत हुन्छ। शीलवान् पनि शीलशिक्षायुक्त हुनाले शैक्ष्य नै भनिन्छ।

यी परिभोगहरूमध्ये स्वामीपरिभोग सर्वश्रेष्ठ छ, यसैले यसलाई चाहना गर्ने भिक्षुले भनेअनुसार प्रत्यवेक्षण गरी, परिभोग (सेवन) गर्दै, प्रत्यय सन्निश्रितशीललाई पूर्ण गर्नुपर्दछ। यस्तो गर्ने व्यक्ति नै कृत्यकारी हुनेछ। त्यसैले संयुक्त निकाय (२,१४,१६-१७) अनुसार भनिएको छ –

*पिण्डं विहारं सयनासनञ्च आपञ्च संघाटि रजूपवाहनं।*
*सुत्वान धम्मं सुगतेन देसितं संखाय सेवे वरपञ्ञसावको॥*



Downloaded from http://www.dhamma.digital

(भोजन, शयनासन, विहार, जल र संघाटीको धूलो धुने काम, सुगत (बुद्ध)द्वारा उपदेशित धर्मलाई सुनेर प्रज्ञावान् भिक्षु प्रत्यवेक्षण गरी उपभोग गरोस् ।)

*तस्मा हि पिण्डे सयनासने च आपे च संघाटिरजूपवाहने ।*
*एतेसु धम्मेसु अनूपलित्तो भिक्खु यथा पोक्खरे वारिविन्दु ॥*

(यसैले भोजन, शयनासन पानी र संघाटिको धूलो धुने काम - यति कुरामा कमलको पातमा पानीको थोपाजस्तै भिक्षु लिप्त नहोस् ।)

*कालेन लद्धा परतो अनुग्गहा खज्जेसु भोज्जेसु च सयनासनेसु ।*
*मत्तं सो जञ्ञा सततं उपट्ठितो वणस्स आलेपनरूहने यथा ॥*

(अरूको कृपाद्वारा समयमा मिलेको खाद्य भोज्य र शयन-आसनमा सर्वदा मात्रा जानोस्, जस्तो - घाउमा लगाउनको लागि औषधिको आलेप (मलम) को मात्रा । )

*कन्तारे पुत्तमंसं व अक्खस्सब्भञ्जनं यथा ।*
*एवं आहारे आहारं, यापनत्थममुच्छितो ॥*

(मरुभूमिमा छोराको मासु र घुरीलाई तेल लगाउनेझैं धेरै खाने तृष्णालाई छोडेर जीवन यापन गर्नको लागि भोजन गरोस् ।)

यस प्रत्यय सन्निश्रितशीलको पूर्तिको लागि भाञ्जा संघरक्षित श्रामणेरको कथा भन्नुपर्दछ । ऊ राम्ररी प्रत्यवेक्षण गरी खान्थ्यो । जस्तै भनिएको छ –

*उपज्झायो मं भुञ्जमानं सालिकूरं सुनिब्बुतं ।*
*मा हेव त्वं सामणेर जिव्हं झापेसि असञ्ञतो ॥*
*उपज्झायस्स वचो सुत्वा संवेगमलभिं तदा ।*
*एकासने निसीदित्वा अरहत्तं अपापुणिं ॥*
*सोहं परिपुण्णसंकप्पो चन्दो पण्णरसो यथा ।*
*सब्बासवपरिक्खीणो नत्थि दानि पुनब्भवोति ॥*

(खुब चीसो धानको भात मैले खाँदा समय उपाध्यायले मलाई भन्नुभयो – "श्रामणेर, यसरी तिमी असंयमी भएर जिब्रो नचलाऊ" उपाध्यायको वचनलाई सुनेर त्यस समय मलाई संवेग प्राप्तभयो र एक आसनमा बसी अर्हत्व प्राप्त गरें । म पूर्णिमाको चन्द्रजस्तै पूर्ण संकल्पयुक्त छु । मेरो सबै आस्रव क्षीण भइसक्यो, अव फेरि जन्मलिनु छैन ।

*तस्मा अञ्ञोपि दुक्खस्स पत्थयन्तो परिक्खयं ।*
*योनिसो पच्चवेक्खित्वा पटिसेवेथ पच्चयेति ॥*

(यसैले अरू पनि दु:खको नाश चाहने भिक्षुले ठीकसंग प्रत्यवेक्षण गरी प्रत्ययहरूको सेवन गरोस् ।)



Downloaded from http://www.dhamma.digital

यसरी प्रातिमोक्ष संवरशील आदिअनुसार शील चार प्रकारका हुन्छन् ।

## पञ्चक

पाँच प्रकारको समूहमा पहिलो पञ्चकमा अनुपसम्पन्न शील आदिअनुसार अर्थ सम्झिनुपर्दछ । प्रतिसम्भिदा मार्ग (१,१६) अनुसार भनिएको छ – "कुनचाहिं पर्यन्त पारिशुद्धिशील हो ? पर्यन्त शिक्षापदयुक्त अनुपसम्पन्नहरूको शील नै पर्यन्त पारिशुद्धिशील हो । कुनचाहीं अपर्यन्त पारिशुद्धिशील हो ? अपर्यन्त शिक्षापदयुक्त उपसम्पन्नहरूको शील नै अपर्यन्त पारिशुद्धिशील हो । कुनचाहीं परिपूर्ण पारिशुद्धिशील हो ? कुशल धर्ममा लागिरहने कल्याण पृथग्जनहरूको, शैक्ष्य पर्यन्त परिपूर्ण गर्नेहरूको, शरीर तथा जीवनप्रति चाहना नराख्नेहरूको र जीवन त्यागेकाहरूको शील नै परिपूर्ण पारिशुद्धिशील हो । कुनचाहीं अपरामृष्ट पारिशुद्धिशील हो ? सात शैक्ष्यहरूको शील नै अपरामृष्ट पारिशुद्धिशील हो । कुनचाहिं प्रतिप्रश्रब्धि पारिशुद्धिशील हो ? तथागतका श्रावकहरूको, प्रत्येक बुद्धहरूको, र तथागत अरहत सम्यक्सम्बुद्धको शील प्रतिप्रश्रब्धि पारिशुद्धिशील हो ।"

अनुपसम्पन्नहरूको शीललाई गन्तिमा सपर्यन्त (सीमासहित) हुनाले पर्यन्त पारिशुद्धिशील भनेर जान्नुपर्दछ । उपसम्पन्नहरूको –

*नवकोटी सहस्सानी असीति सतकोटियो, ।*
*पञ्जाससतसहस्सानि छत्तिंसा च पुनापरे ॥*
*एते संवर विनया सम्बुद्धेन पकासिता ।*
*पेय्यालमुखेन निद्दिट्ठा सिक्खा विनयसंवरे ॥*

(आठ खरब, नब्बे अरब, पचास लाख, छत्तीस (८,९०,००,५०,००,०३६) यति सम्बुद्धद्वारा बताइएको विनय संवर छन्, जो ऐजनद्वारा विनय पिटकमा निर्दिष्ट छन् ।)

यसरी गिन्तिले सपर्यन्तलाई पनि सम्पूर्णरूपले ग्रहण गर्नु र लाभ, यश, ज्ञाति, अंग, जीवितअनुसार अदृष्ट पर्यन्तलाई अपर्यन्त पारिशुद्धि शील भनेर जान्नुपर्दछ । चीरगुम्बमा बस्नुहुने आम्रखादक महातिष्य स्थविरको शीलजस्तै बुझ्नुपर्दछ ।

*धनं चजे अङ्गवरस्स हेतु, अङ्गं चजे जीवितं रक्खमानो ।*
*अङ्गं धनं जीवितञ्चापि सब्बं, चजे नरो धम्ममनुस्सरन्तो ॥*

(राम्रो अङ्गलाई बचाउनको लागि धनको त्याग गरोस्, जिन्दगीको रक्षा गर्दै अङ्गको त्याग गरोस् अंग, धन र जिन्दगी सबैलाई मानिसले धर्मको स्मरण गर्दै त्यागिदेओस् ।)

उहाँ आयुष्मान्ले उपरोक्त महासुत्तसोम बोधिसत्व (जातक अर्थकथा २१,५) सत्पुरुषको अनुश्रुतिलाई नछाडी, प्राण जाने शंका भए तापनि, शिक्षापदको उल्लंघन नगरी, निम्नअनुसार संवेग उत्पन्न गर्दै त्यसै अपर्यन्त पारिशुद्धिशीलको सहाराले उपासकको पीठ्यूंमा नै अर्हत्व प्राप्त गर्नुभयो । त्यसैले भनिएको छ-

*न पिता नपि ते माता न जाति नपि बन्धवो ।*
*करोतो तादिसं किच्चं सीलवन्तस्स कारणा ॥*



Downloaded from http://www.dhamma.digital

*संवेगं जनयित्वान सम्मसित्वान योनिसो ।*
*तस्स पिट्ठिगतो सन्तो अरहत्तं अपापुणि ॥*

(ऊ न तिम्रो पिता हो, न माता न नातेदार हो र न त बन्धु नै हो, केवल शीलवान् भएको कारणले त्यस्तो काम गरिरहेको छ – यसप्रकार संवेग पैदा गरी र ठीकरूपले विचार गरेर उसको पीठ्यूँमा बसेर अर्हत्व प्राप्त गरे ।)

कल्याण पृथग्जनको शील उपसम्पदादेखि लिएर राम्ररी धोएको जातिमणिजस्तै र राम्ररी निखारिएको सुनजस्तै अत्यन्त परिशुद्ध हुनाले, चित्त उत्पन्न गर्ने मात्रको मलरहित अर्हत्वको नै प्रत्यय हुन्छ । यसैले परिपूर्ण पारिशुद्धिशील भनिएको छ । महासंघरक्षित र भान्जा संघरक्षित स्थविरहरूजस्तै ।

## महासंघरक्षित स्थविरको कथा

साठी वर्षभन्दा अधिक उमेरमा, मृत्यु सैय्यामा सुतेको समयमा महासंघरक्षित स्थविरसंग भिक्षुसंघले लोकोत्तर धर्मको प्राप्तिको विषयमा सोध्यो । स्थविरले – "मलाई लोकोत्तर धर्मको प्राप्ति भएको छैन" भन्नुभयो तब उहाँको सेवा टहल गर्ने तन्नेरी भिक्षुले भन्यो - "भन्ते, तपाई परिनिवृत्त हुनुहुँदैछ भनी थाहा पाएर चारै तिरबाट बाह्र योजनदेखि टाढाबाट पनि मानिस जम्मा भएका छन् । तपाईंको पृथग्जन मृत्युले महाजन समूहलाई पछुताउ हुनेछ ।"

"आवुस, मैले मैत्रेय भगवान्को दर्शन गर्नेछु भनी सोचेर विपश्यना गरिन । ठीक छ, मलाई उठाएर राख र एक्लै छाड" भनी स्थविरले भन्नुभएपछि त्यय तन्नेरी भिक्षुले पनि स्थविरलाई बसालेर बाहिर निस्केर आयो । स्थविले पनि ऊ निस्कनासाथ नै अर्हत्व प्राप्त गरेर चुट्कीले संकेत गर्नुभयो । संघ जम्मा भएर भन्यो – "भन्ते, यस्तो मृत्युको समयमा पनि लोकोत्तर धर्मलाई उत्पन्न गर्नुभएर तपाईंले कठिन काम गर्नुभयो ।"

"आवुस, यो काम कठिन छैन, तैपनि तिमीहरूलाई कठिन कुरा बताउनेछु । आवुस, म प्रब्रजित भएको समयदेखि लिएर स्मृतिरहित अज्ञानले गरेको कामलाई देख्दिन ।"

उहाँको भान्जाले पनि पचास वर्षको अवस्थामा त्यस्तै अर्हत्व प्राप्त गर्नुभयो ।

*अप्पस्सुतोपि चे होति सीलेसु असमाहितो ।*
*उभयेन न गरहन्ति सीलतो च सुतेन च ॥*

(यदि अल्पश्रुत पनि हुन्छ र शीलहरूमा पनि असंयमी हुन्छ भने उसको शील र श्रुत दुवैबाट निन्दा हुन्छ ।)

*अप्पस्सुतोपि चे होति सीलेसु सुसमाहितो ।*
*सीलेतो न पसंसन्ति तस्स सम्पज्जते सुतं ॥*

(यदि अल्पश्रुत पनि हुन्छ तर शीलहरूमा संयमी हुन्छ भने उसको शीलद्वारा प्रशंसा गरिन्छ, उसको लागि श्रुत आफै पूर्ण भएर जान्छ ।)


Downloaded from http://www.dhamma.digital

*अप्पस्सुतोपि चे होति सीलेसु सुसमाहितो ।*
*सीलेतो न पसंसन्ति तस्स सम्पज्जते सुतं ॥*

(यदि बहुश्रुत पनि हुन्छ तर हुन्छ शीलमा असंयमी तब उसको शीलको कारणले निन्दा हुन्छ, उसको लागि श्रुत सुखदायी हुँदैन ।)

*बहुस्सुतोपि चे होति सीलेसु सुसमाहितो ।*
*उभयेन नं पसंसन्ति सीलतो च सुतेन च ॥*

(यदि बहुश्रुत पनि हुन्छ र शीलहरूमा पनि संयमी हुन्छ तब उसको शील र श्रुत दुवैद्वारा प्रशंसा हुन्छ ।)

*बहुस्सुतं धम्मधरं सम्पञ्ञं बुद्धसावकं ।*
*नेक्खं जम्बोनदस्सेव को तं निन्दितुमरहित ॥*
*देवापि नं पसंसन्ति ब्रह्मनापि पसंसितो ति ॥*

(बहुश्रुत, धम्मधर, प्रज्ञावान्, बुद्धको शिष्य, सुनको सिक्का (असर्फी) जस्तै कसले निन्दा गर्नयोग्य हुन्छ ? देवता पनि उसको प्रशंसा गर्दछ, ऊ ब्रह्माद्वारा पनि प्रशंसित हुन्छ ।)

शैक्षहरूको दृष्टिले या पृथग्जनहरूको भवले परामृष्ट (पकडिने) नभएको शीललाई अपरामृष्ट - शील भनेर जान्नुपर्दछ । कुटुम्बिकपुत्र तिष्य स्थविरको शीलजस्तै ।

## तिष्य स्थविरको कथा

मज्झिम निकाय अर्थकथा (१,१,१०) अनुसार श्रावस्तीमा तिष्य नामको एक वैश्यको छोरो थियो । उहांले चालीस करोड सुन छाडी प्रब्रजित भई गाउँदेखि शून्य जंगलमा ध्यान गरी बस्नुहुन्थ्यो । उहांको भाईबुहारीले - "जाऊ उसलाई मार" भनेर ५०० चोरहरूलाई पठाई । उनीहरू गएर स्थविरलाई घेरेर बसे । स्थविरले भन्नुभयो "उपासक, केका लागि आएका हौ ।" चोरहरूले पनि "तपाईंलाई मार्न आएका हौं" भनी जवाफ दिए । तब स्थविरले "उपासक मेरो वचन लिएर मलाई आज एकरातको लागि प्राण देओ" भनी अनुरोध गर्दा चोरहरूले "श्रमण, को यहाँ साक्षी हुन सक्छ ?" भनी भने । स्थविरले ठूलो ढुङ्गा लिएर दुवै तिघ्राको हड्डीहरूलाई भाँचेर "उपासक, साक्षी ठीक छ ?" भनी सोध्नुभयो । उहाँले फेरि त्यस्तो शीलको सहाराले अर्हत्व पाउने इच्छाले चोरहरूलाई भन्नुभयो ।

*उभो पादानि भिन्दित्वा सञ्ञापेस्सामि वो अहं ।*
*अट्ठियामि हरायामि सरागमरणं अहं ॥*

(दुवै खुट्टाहरूलाई भाँचेर तिमीहरूलाई सम्झाउँछु मलाई रागसहित मर्नुमा घृणा र लज्जा लाग्दछ ।)

स्थविरको कुरा सुनेर चोरहरू हटेर चक्रमणको छेउमा आगो बालेर सुते । स्थविरले पीडालाई दबाएर शीलको प्रत्यवेक्षण गर्नुहुँदैं, परिशुद्ध शीलको कारणले प्रीति पामोज्ज उत्पन्नभयो । तब उहाँले विपश्यनालाई बढाएर तीनै प्रहर रातमा श्रमणधर्म गरी अरूणोदयको समयमा



Downloaded from http://www.dhamma.digital

अरहत्व प्राप्त गर्नुभयो ।

## कुनै महास्थविरको कथा

अरू पनि, कुनै महास्थविर धेरै सिकिस्त विरामी भएर आफ्नो हातले भोजन पनि खान नसक्ने भएर आफ्नो पिसाप दिसामा पोतिएर ओल्टेकोल्टे फेर्दै हुनुहुन्थ्यो । उहाँलाई देखेर कुनै एक तन्नेरी भिक्षुले भन्यो – "अहा, जीवन संस्कार कति दुःखकर छ ?" तब उसलाई महस्थविरले भन्नुभयो –

"आवुस, म यस समय मरे स्वर्गको सम्पत्ति पाउनेछु, यसमा कुनै शंका छैन, तर यस शीललाई नष्ट गरी पाएको सम्पत्ति भिक्षु शिक्षालाई त्यागेर गृहस्थ हुनेझैं हो" र यति भन्नुभएर - "शीलसहित नै मर्ने छु" भनी प्रतिज्ञा गरी त्यहीं पल्टिनुभएर त्यसै रोग बारे विचार गर्नुहुँदै अर्हत्व पाउनुभएर भिक्षुसंघलाई जातक अर्थकथा (२, ४३७) अनुसार यी गाथाहरूद्वारा भन्नुभयो –

*फुट्ठस्स मे अञ्ञतरेन व्याधिना, रोगेन बाळ्हं दुक्खितस्स रूप्पतो ।*
*परिसुस्सति खिप्पमिदं कलेवरं, पुप्फं यथा पंसुनि आतपे कतं ॥*

(मलाई एक रोग हुँदा, त्यस रोगले धेरै दुःखीत र पीडित यो मेरो शरीर गर्मीको समय धूलोमा राखिएको फूलझैं छिटोछिटो सुक्दै थियो ।)

*अजञ्ञं जञ्ञसंखातं असुचिं सुचिसम्मतं ।*
*नाना कुणप परिपूरं जञ्ञरूपं अपस्सतो ॥*

(यो घृणित शरीर मूर्खद्वारा मनोहर भनिने तथा अपवित्र हुँदाहुँदै पनि पवित्र मानिने नाना दुर्गन्धहरूले भरिएको यथार्थतालाई नदेख्नेहरूको लागि मनोहर हुन्छ ।

*धीरत्थुमं आतुरं पूतिकायं दुग्गन्धियं असुचिं व्याधिधम्मं ।*
*यत्थप्पमत्ता अधिमुच्छिता पजा हापेन्ति मग्गं सुगतूपपत्तिया ॥*

(यो आतुर, दुर्गन्ध बहने, अपवित्र, रोगी, फोहर शरीरलाई धिक्कार छ, जसमा प्रमादी बनी (भुलेर) मूर्छित भएर मानिसले स्वर्गको प्राप्तिको मार्ग भएको शीललाई त्यागिदिन्छ ।)

अर्हन्त आदिको शीललाई सबै क्लेशहरू शान्त र परिशुद्ध गर्ने प्रतिप्रश्रब्धि पारिशुद्धिशील भनेर जान्नुपर्दछ ।

दोस्रो पञ्चकमा – जीवहिंसा आदि त्याग आदिअनुसार अर्थ सम्झिनुपर्दछ । प्रतिसम्भिदामार्गमा यसो भनिएको छ – "शील पाँच छन्, (१) प्राणातिपातको प्रहाणशील (२) विरत (वेरमणि) शील (३) चेतनाशील, (४) संवरशील (५) उल्लंघन नगर्नु (अव्यतिक्रम) अनुल्लंघनशील । ... चोरी, व्यभिचार, झूटो बोली, चुक्ली, कटुवचन, अनावश्यक गफ, अभिध्या (विषम लोभ), व्यापाद (प्रतिहिंसा), मिथ्यादृष्टिको नैष्क्रम्य (कामभोगलाई त्याग गरी निस्कनु) द्वारा कामच्छन्द (कामभोगको चाहना), अव्यापाद (अविहिंसा) द्वारा व्यापादको, आलोकसंज्ञा (उज्यालोको विचार)द्वारा थिनमिद्ध (मानसिक र चैतसिक आलस्य) को, अविक्षेप (एकाग्रता)द्वारा उद्दच्चपन (चंचल स्वभाव)को, धर्मसम्बन्धी विचार विमर्शद्वारा विचिकिच्छा (शंका)को, ज्ञानद्वारा अविद्याको, प्रामोद्य (प्रमुदित हुनु) द्वारा उदासीनताको, प्रथमध्यानद्वारा नीवरणहरूको, द्वितीयध्यानद्वारा वितर्क र विचारको, तृतीयध्यानद्वारा प्रीतिको, चतुर्थध्यानद्वारा सुखदुःखको,



Downloaded from http://www.dhamma.digital

आकाशानन्त्यायतन समापत्तिद्वारा रूपसंज्ञा, प्रतिघ र नानात्वसंज्ञाको, विज्ञानानन्त्यायतन-समापतिद्वारा आकाशानन्त्यायतन-संज्ञाको, आकिंचन्यायतन-समापतिद्वारा विज्ञानानन्त्यायतन-संज्ञाको, नैवसंज्ञानासंज्ञायतन-समापत्तिद्वारा आकिंचन्यायतन-संज्ञाको, अनित्यको अवलोकनद्वारा नित्यसंज्ञाको, दु:खको अवलोकनद्वारा सुखसंज्ञाको, अनात्मको अवलोकनद्वारा आत्मसंज्ञाको, निर्वेदानुपश्यनाद्वारा नन्दि (प्रीतियुक्त तृष्णा)को, विरागानुपश्यनाद्वारा रागको, निरोधानुपश्यनाद्वारा समुदय (उत्पत्ति)को, प्रतिनि:सर्गानुपश्यनाद्वारा (नित्य आदिको रूपमा) ग्रहण गर्ने कामको, क्षयानुपश्यनाद्वारा घनसंज्ञा (एकत्व ग्रहणको विचार)को, व्यय (विनाश) अनुपश्यनाद्वारा आयुहन (राशिकरण)को, विपरिणामानुपश्यनाद्वारा ध्रुवसंज्ञाको, अनिमित्तानुपश्यनाद्वारा निमित्तको, अप्रणिहितानुपश्यनाद्वारा प्रणिधि (इच्छा)को, शून्यतानुपश्यनाद्वारा अभिनिवेष (आत्मदृष्टि)को, अधि-प्रज्ञा-धर्म-विपश्यना (दु:ख आदिअनुसार सब त्रैभूमिक धर्मको विचार)द्वारा सारग्रहण गर्ने विचारको, यथाभूत ज्ञानदर्शन (स्थीरभावको प्राप्त अनित्य आदिको विपश्यना)द्वारा संमोहको विचारको, आदिनवानुपश्यना (दोषहरूलाई देख्नु) द्वारा आलस्य चित्तमा जमेको तृष्णाको, प्रतिसंख्यानुपश्यना (संस्कारहरूको त्यागको अवलोकन) द्वारा अप्रतिसंख्याको, विवर्तानुपश्यना (निर्वाणको अवलोकन)द्वारा संयोगको विचारको, स्रोतापत्तिमार्गद्वारा दृष्टिले उत्पन्न क्लेशहरूको, सकृदागामीमार्गद्वारा स्थूल क्लेशहरूको, अनागामीमार्गद्वारा सूक्ष्म क्लेशहरूको, अरहत्मार्गद्वारा सारा क्लेशको प्रहाणशील हो, वेरमणिशील हो, चेतनाशील हो, संवरशील हो, अनुल्लंघनशील हो ।

पटिसम्भिदामग्ग (१,१६) अनुसार यसप्रकारको शीलले चित्तमा पश्चाताप आउन दिंदैन, प्रमोदलाई ल्याइदिन्छ, प्रीति, प्रश्रब्धि, सौमनस्य, ध्यानाभ्यास, भावना, आधिक्य, अलंकार, परिष्कार, परिवार, पपूिर्ति, एकान्त निर्वेद, विराग, निरोध, उपशमन, अभिज्ञा, ज्ञान र निर्वाणलाई ल्याइदिन्छ ।"

यहाँ प्रहाण = उक्तप्रकारको जीवहिंसा आदि नहुने अतिरिक्त अरू कुनै दोस्रो धर्म छैन । किनकि विभिन्न प्रहाण (त्याग) विभिन्न कुशल धर्मको प्रतिष्ठा (आधार)को अर्थमा धारण गर्ने हुन्छ र कम्पित नहुने कारणले समाधान (कायकर्म आदिको संयम) हुन्छ । यसैले पहिले भनिएको प्रकारले नै आधार (वासस्थान) र संयम भनिने शीलनको अर्थमा शील भनिएको छ । दोस्रो चार कुराहरू त्यसत्यस (कर्म) देखि अलग्गिने, त्यसत्यस कार्यको संवर ती दुवैयुक्त चेतना र त्यसत्यस कुराको उल्लंघन नगर्ने भिक्षुको उल्लंघन नगर्ने अधिष्ठानअनुसार चित्तको प्रवृत्ति हुनुलाई भनिएको हो । उसको शीलार्थ पहिले बताइसकिएको छ । यस्तो प्रहाण आदिअनुसार शील पाँच प्रकारका छन् ।

## संक्लेश, र विशुद्धि

"शीलको संक्लेश (मल) के हो ? शीलको विशुद्धि के हो ? खण्डित (टुक्रिनु) आदि हुनु शीलको संक्लेश हो र अखण्डित हुनु विशुद्धि हो । त्यो खण्डित आदि हुनु लाभ, यश आदिको कारण भेद (नाश) हुने र सात प्रकारको मैथुन संभोगमा गनिन्छ । जसको सात आपत्ति स्कन्धहरूमध्ये प्रारम्भमा या अन्तमा शिक्षापद टुक्रिन्छ, उसको शील किनारा फाटेको कपडाजस्तै खण्डित हुन्छ । जसको शिक्षापद बीचमा टुक्रिन्छ उसको बीचमा प्वाल परेको कपडाजस्तै प्वालैप्वाल परेको हुन्छ । जसको शिक्षापद लगातार दुईतीन पटक टुक्रिन्छ उसको पिठ्यूँमा या पेटमा नराम्रो रंगले कालो, रातो आदि कुनै रंगको शरीर भएको गाईजस्तै टाटेपाटे हुन्छ । जसको शिक्षापद अन्तर राखीराखी टुक्रिएको



Downloaded from http://www.dhamma.digital

हुन्छ उसको अन्तर राखीराखी भद्दा रंगहरूको विन्दुयुक्त विचित्र छिर्केबिर्के गाईजस्तै अशोभनीय हुन्छ। यसप्रकार लाभ आदिको कारण भेद (नाश) हुनाले खण्डित आदि हुन्छ।

यसरी नै सात प्रकारका मैथुन संभोगद्वारा पनि शील खण्डित हुन्छ। अंगुत्तर निकाय (७,५,७) अनुसार भगवान्ले भन्नुभएको छ, (१) "ब्राह्मण, यहाँ कुनै श्रमण या ब्राह्मण पक्का ब्रह्मचारी हुने दावा गर्दै स्त्रीसँग त मैथुन सेवन गर्दैन तर स्त्रीद्वारा बुकुवा लगाउँछ, शरीर मलाउँछ, उसको सहाराले नुहाउँछ, शरीर मल्न लगाउँछ र त्यसको मजा लिन्छ। उसलाई मन पराउँछ र उसमा प्रसन्न मन गर्छ - ब्राह्मण, यो ब्रह्मचर्यको खण्ड हुनु पनि हो, प्वाल पार्नु पनि हो र टाटेपाटे हुनु पनि हो। ब्राह्मण, यो भनिन्छ कि त्यसले अपरिशुद्ध ब्रह्मचर्य पालन गर्दैछ, मैथुन संयोगद्वारा संयुक्त। त्यसले जन्म, बृद्धत्व, मृत्युबाट छुटकारा पाउँदैन र त्यो दुःखदेखि पनि छुट्दैन भनी म भन्दछु।

(२) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण या ब्राह्मण पक्का ब्रह्मचर्य हुने दावा गर्दै स्त्रीसंग मैथुन सेवन गर्दैन, न त बुकुवा नै लगाउँछ तर स्त्रीसंग ठट्टा गर्दै हाँस्छ जिस्किन्छ, जिस्किंदै जीवन व्यतित गर्दछ, त्यो त्यसको मजा लिन्छ ...।

(३) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण या ब्राह्मण ...न जिस्किंदै हिंड्छ, तर आफ्नो आँखाले स्त्रीको आँखासंग जुधाएर हेर्दछ अवलोकन गर्दछ, ऊ त्यसको मजा लिन्छ ...।

(४) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण या ब्राह्मण ...र न त आँखाले स्त्रीको आँखासंग जुधाउँछ - तर भित्ताको आड लिएर, पर्खालको छेउबाट हाँस्दै गरेकी, बोल्दै गरेकी, गाउँदै गरेकी, या रूँदै गरेकी स्त्रीको शब्द सुन्छ र त्यसमा मजा लिन्छ ...।

(५) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण या ब्राह्मण ...न स्त्रीको शब्द सुन्छ तर पहिले स्त्रीसंग जुन ख्याल ठट्टा गरेको थियो त्यसैलाई याद गर्छ र त्यसको मजा लिन्छ ...।

(६) फेरि, ब्राह्मण, यहाँ कुनै श्रमण या ब्राह्मण .....न उसलाई याद गर्छ र न त्यसको मजा लिन्छ। तर पाँच काम गुणहरूमा समर्पित समङ्गीभूत (तल्लीन), त्यसमा आनन्द लिंदै गरेको गृहपति या गृहपति पुत्रलाई देखेर ऊ त्यसको मजा लिन्छ ...।

(७) फेरि, ब्राह्मण यहाँ कुनै या श्रमण ब्राह्मण त ऊ त्यसको मजा लिन्छ तर ऊ कुनै देव निकायको इच्छा गर्दै ब्रह्मचर्यको पालन गर्छ "म यस शील व्रत, तप अथवा ब्रह्मचर्यद्वारा देवता हुनेछु या कुनै विशेष देवता हुनेछु भनी ऊ त्यसको मजा लिन्छ ...।"

यसप्रकार यस्तो भिक्षु लाभ आदिको कारण भेद र सात प्रकारका मैथुन संभोगद्वारा खण्डित आदि हुनुमा गनिएको जान्नुपर्दछ।

खण्डित आदि नहुनु भनेको सबप्रकारले शिक्षापदहरू नटुट्नुमा, टुक्रिएको (शिक्षापदहरू)को प्रतिकर्म (सुधार) गर्नयोग्यको प्रतिकर्म गर्नुमा, सात प्रकारको मैथुन संभोग नहुनुमा र अन्य क्रोध, लुकिराखेको शत्रुता, म्रक्ष (अरूको गुणलाई हीन गरी देखाउनु र आफ्नो त्यसभन्दा अधिक गुणवान् बनाउनु), निष्ठूरता (पलास), ईर्ष्या, मात्सर्य, माया, शठता, जडता, हिंसा, मान, अतिमान, मद, प्रमाद, आदि खराब कुराहरू उत्पन्न नहुनाले अल्पेक्ष हुनु, संतोष, संलेख आदि गुणहरूको उत्पतिमा संगृहीत हुनु



Downloaded from http://www.dhamma.digital

हो ।

जुन शील लाभ आदिको लागि पनि भंग हुँदैन या भूलचूकले भंग भए तापनि प्रतिकर्म गरिएको छ, मैथुन संभोग या क्रोध लुकेको शत्रुता आदि खराब धर्महरूद्वारा दुषित भएको छैनन् ती सबप्रकारले अखण्डित, अछिद्रित, सादा, अकलुषित भनिन्छन् । ती नै भुजिस्व (स्वाधीन, तृष्णाको दासत्वदेखि मुक्त) हुनाले स्वतन्त्र छन्, विज्ञहरूद्वारा प्रशंसनीय छन्, तृष्णा र दृष्टिद्वारा दृढतापूर्वक नपकडिएकाले अपरामृष्ट छन् । ती उपचारसमाधि या अपर्णासमाधिलाई प्राप्त गराउने हुन्छन् । अतः समाधि दिलाउने हुन्छन् यसैले शील अखण्डित आदि हुनुलाई विशुद्धि भनेर जान्नुपर्दछ ।

यो विशुद्धि दुई प्रकारले पूर्ण हुन्छ – (१) शील विपत्तिको दोषलाई र (२) शील सम्पत्तिको गुणलाई देख्नाले । "भिक्षुहरू, दुःशीलको शील विपत्तिमा यी पाँच दोष छन् ।" अंगुत्तर निकाय (५,२,३) को सूत्रानुसार शील विपत्तिको दोष सम्झिनुपर्दछ ।

दुःशील व्यक्ति दुःशील हुनाको कारणले देवता र मनुष्यहरूको अप्रिय हुन्छ । सब्रह्मचारीहरु उसको आज्ञा मान्दैनन् । ऊ दुःशील भएको निन्दाले दुःखित रहन्छ । शीलवान्हरूको प्रशंसा भएको बेलामा ऊ पछुतो गर्छ र दुःशील भएको कारण सनपाटको कपडाजस्तै दुर्वर्णहुन्छ । जो उसको नक्कल गर्दछ, ऊ पनि धेरै दिनहरूको लागि अपाय दुःखलाई ल्याउने हुनाले दुःख भोग्दछ । जसको दानवस्तुहरू ग्रहण गर्दछ, त्यस दुःशील भिक्षुले ग्रहण गरेको कारणले, त्यो दान महाफल दायक नहुने कारणले कममूल्यवान् हुन्छ । अनेक वर्षदेखि भरिएको गुहुको कुण्डजस्तै साफ गर्न नसकिने हुन्छ । श्मशानमा जलेको काठजस्तै श्रामण्य मार्गफल र गृहस्थ कामभोगविलास दुवैतर्फबाट वञ्चित रहन्छ । भिक्षु भएको दावा गरे तापनि भिक्षु हुन सक्दैन । गाईहरूको पछिपछि जाने गधाजस्तै हुन्छ । ऊ सबैसंग दुश्मनी साध्ने मानिसजस्तै हमेशा उद्विग्न रहन्छ । मुर्दा जस्तै एकसाथ रहनयोग्य छैन । श्रुत आदि गुणहरूबाटयुक्त भए तापनि सब्रह्मचारीहरूको लागि पूजनीय हुँदैन, ब्राह्मणहरूको लागि श्मशानको आगोजस्तै । विशेष अधिगम (मार्गफलको प्राप्ति) मा असमर्थ हुन्छ, रूप देख्नमा अन्धाजस्तै हुन्छ । सद्धर्ममा आशारहित हुन्छ, राज्यमा चण्डाल (पोडे)को छोराजस्तै हुन्छ । म सुखी हुँ यस्तो माने तापनि दुःखी नै हुन्छ, अंगुत्तर निकायको "अग्गिक्खन्ध परियाय" मा भनिएको दुःखहरूको भागी हुनाको कारण ।

दुःशीलहरूको पाँच कामगुणहरूको परिभोग, वन्दना, सत्कार, गर्नु, आदि सुखको मजा लिनुमा तल्लीन चित्तयुक्त व्यक्तिहरूको, तिनलाई याद गर्नाले पनि हृदयमा सन्ताप पैदा भई गर्म रगत वमन गर्नु लगाउने, अत्यन्त कटु दुःखलाई देखाउँदै, सबप्रकारले कर्मको विपाकलाई प्रत्यक्ष देख्ने भगवान्ले अंगुत्तर निकाय (७,७,८) अनुसार भन्नुभयो – "भिक्षुहरू, तिमीहरू आदिप्त, दनदन बलेको, धपधपाएको, त्यस आगोको धेरै ठूलो राशिलाई देख्छौ होइन ?" "हो भन्ते !" "तव के मान्दछौ, भिक्षुहरू, कुनचाहिं उत्तम छ - त्यस धपधपाएको आगोको धेरै राशिलाई आलिंगन गरेर, त्यसको नजिक बसेको या सुतेको अथवा धेरै कोमल हातखुट्टा भएकी क्षत्रिय कन्या (राजकुमारी), ब्राह्मण कन्या या गृहपति कन्यासंग आलिंगन गरी उसँग बसेको या सुतेको ?"

"भन्ते, यही उत्तम हुन्छ जो कि धेरै कोमल हात खुट्टा भएकी क्षत्रीय कन्या, ब्राह्मण कन्या या



Downloaded from http://www.dhamma.digital

गृहपति कन्यालाई आलिंगन गरी उसँग सुतेको या बसेको । भन्ते, यो आदिप्त दन्किएको, धपधपाएको त्यस आगोको धेरै ठूलो राशीलाई आलिंगन गरी त्यसको नगिच बसेको वा सुतेको दुःखदायी हुन्छ ।"

"भिक्षुहरू, म तिमीहरूलाई भन्दछु, म तिमीहरूलाई बताउँदछु कि त्यस दुःशील, पापधर्मी, अपवित्र, सन्देहसहित काम गर्ने, लुकीलुकी कर्म गर्ने अश्रमण, जुन कि श्रमण हुने दावा गर्दछ, अब्रह्मचारी जुनकि ब्रह्मचारी हुने दावा गर्दछ, भित्र दुर्गन्धले भरिएको, अवश्रुत (उत्पन्न राग आदिद्वारा भिजिएको), रछ्यानजस्तै भएको व्यक्तिको लागि उत्तम छ कि त्यस आदिप्त दन्किएको, धपधपाएको आगोको धेरै ठूलो राशीलाई आलिंगन गरी त्यसको नजिक बसेको या सुतेको । त्यो के कारणले ? भिक्षुहरू, ऊ त्यसको कारणले मृत्यु प्राप्त गर्दछ या मृत्यु मात्रको दुःखलाई । तर उसको शरीर छुटेपछि मरेर अपाय दुर्गति विनिपात नर्कमा उत्पन्न हुँदैन । तर भिक्षुहरू, त्यस दुःशील ... रछ्यानजस्तै भएको ... क्षत्रीय कन्या ... कोसाथ बसेको या सुतेको त्यो उसको धेरै दिनको अहित, र दुःखको लागि हुनेछ । किनकि शरीर छुटेपछि ... दुर्गति ... नरकमा उत्पन्न हुनेछ ।"

यस्तो अग्निस्कन्धको उपमाद्वारा स्त्रीसम्बन्धी पाँच कामगुणहरूको सेवनको कारणले उत्पन्न दुःखलाई देखाउनुभएर त्यसै उपायद्वारा अंगुत्तर निकाय (७,७,९) अनुसार भगवान् भन्नुहुन्छ "त के मान्दछौ, भिक्षुहरू, कुनचाहिं उत्तम, जुन कि बलवान् मानिस मजबुत केशको डोरीले दुवै खुट्टाको नलीखुट्टा बाँधेर रगडोस्, ऊ नरम छालालाई छेडोस् । नरम छालालाई छेडेर भित्री छालालाई छेडोस्, भित्री छालालाई छेडेर मासुलाई छेडोस्, मासुलाई छेडेर नसालाई छेडोस्, नसालाई छेडेर हड्डीलाई छेडोस्, हड्डीलाई छेडेर मासीमा रोकोस् अथवा जुन कि क्षत्रीय महासार, ब्राह्मण महासार या गृहपति महासारको अभिवादन पाओस् ?"

अंगुत्तर निकाय (७,७,१०) अनुसार भगवान्ले भन्नुभयो - "त के मान्दछौ, भिक्षुहरू, कुनचाहिँ उत्तम हो, बलवान् मानिसले तेलमा धोइएको धारिलो बर्छीले ठीक छातीमा हिर्काएको वा क्षत्रीय महासार, ब्राह्मण महासार या गृहपति महासारको अञ्जलि पाएको ?"

### महासार विधान

***अभिधानप्पदीपिका ( ३३७-३९) अनुसार - कम्तिमा सय करोड रूपियाँ जसको निधान छ र २० प्रतिशत व्यवहारमा ल्याउँदछ ऊ क्षत्रिय महासार भनिन्छ । असी करोड रूपैयाँ जसको निधान छ र नित्य १० प्रतिशत व्यवहारमा ल्याउँदछ ऊ ब्राह्मण महासार भनिन्छ र त्यसको आधा जसको निधान छ र नित्य व्यवहारमा पनि आधा नै आउँछ ऊ गृहपति (वैश्य) महासार भनिन्छ । -***

"त के मान्दछौ, भिक्षुहरू, कुनचाहिं उत्तम हो, बलवान् मानिसले तप्त, आदिप्त, दन्किएको, धपधपाएको फलामको पाताले शरीरलाई बेरेको या क्षत्रीय ... ब्राह्मण ... गृहपतिले श्रद्धापूर्वक दिएको चीवरको परिभोग गरेको ?"

"त के मान्दछौ, भिक्षुहरू, कुनचाहिं उत्तम हो, बलवान् मानिसले तातो, आदिप्त, दन्किएको, धपधपाएको, फलामको डण्डाले मुख खोलेर तप्त, आदिप्त, दन्किएको, धपधपाएको फलामको गोलालाई मुखमा राखेको, त्यसले ओठ पोलोस्, मुख पनि, घाँटी पनि, पेट पनि पोलोस्, ठूलोआन्द्रा पनि, सानोआन्द्रा पनि, लिएर तलतिर निस्कोस् अथवा क्षत्रीय, ब्राह्मण, गृहपति महासारहरूले श्रद्धापूर्वक दिएको भोजनलाई



Downloaded from http://www.dhamma.digital

खाएको ? ”

“त के मान्दछौ, भिक्षुहरू, कुनचाहिं उत्तम, बलवान् मानिसले टाउको या काँधमा पक्रेर तप्त, आदिप्त, दन्किएको, धपधपाएको फलामको खाट या फलामको पिर्कामा बसाएको या सुताएको अथवा क्षत्रीय ब्राह्मण, गृहपतिबाट श्रद्धापूर्वक दिइएको खाट र पिर्का परिभोग गरेको ?”

“त के मान्दछौ, भिक्षुहरू, कुनचाहिं उत्तम, बलवान् मानिसले माथि खुट्टा तल टाउको गरी पक्रेर तप्त, आदिप्त, दन्किएको, धपधपाएको फलामको गाग्रीमा राखेको, ऊ त्यहाँ फिंज निकाली पाक्दै गरेको, एकपल्ट माथि पनि आओस्, एक पल्ट तल पनि जाओस्, एक पल्ट तेर्सो पनि जाओस् अथवा क्षत्रीय, ब्राह्मण गृहपति महासारको श्रद्धापूर्वक दिइएको विहार उपभोग गरे ?”

केशको डोरी, धारिलो बर्छी, फलामको पाता, फलामको गोला, फलामको खाट, फलामको पिर्का, फलामको ठूलो गाग्रो, यी उपमाहरूद्वारा अभिवादन, हात जोड्नु, चीवर, पिण्डपात, खाट, पिर्का, विहार को परिभोगको कारणले उत्पन्न दुःखलाई देखाइएका छन् । यसैले भनिएका छन् -

*अग्गिक्खन्धालिङ्गन दुक्खातिदुक्खं कटुकं फलं ।*
*अविजहतो कामसुखं सुखं कुतो भिन्नसीलस्स ॥*

(आगोको राशिलाई आलिंगन गरेको दुःखभन्दा अत्यन्त दुःखदायक र तीतो, फल दिने काम सुखलाई नत्याग्ने, शील खण्डित भएको भिक्षुलाई सुख कहाँ ?)

*अभिवादन सादियने किं नाम सुखं विपन्नसीलस्स ।*
*दल्हवालरज्जुघंसन - दुक्खाधिक - दुक्ख - भागिस्स ॥*

(बलियो केशको डोरीद्वारा रगड्ने दुःखभन्दा अधिक दुःख भोग्ने शीलरहित (दुःशील) भिक्षुलाई अभिवादन लिनमा के सुख छ ?)

*सद्धानमञ्जलिकम्मसादियने किं सुखं असीलस्स ।*
*सत्तिप्पहार दुक्खाधिमत्तदुक्खस्स यं होतु ॥*

(श्रद्धावान्हरूले हात जोडी प्रणाम गरेको आश्वाद लिनुमा शीलरहित व्यक्तिलाई के सुख छ, जुन कि बर्छीद्वारा रोपिएको दुःखभन्दा अधिक दुःखको कारण हो ?)

*चीवरपरिभोग सुखं किं नाम असंयतस्स येन चिरं ।*
*अनुभवितब्बा निरये जलित अयोपट्ट - सम्फस्सा ॥*

(असंयमीलाई चीवर परिभोग गर्न के सुख ? जसले कि नरकमा धेरै दिनसम्म जलेको फलामको पाताहरूको स्पर्श भोग्नुपर्दछ ।)

*मधुरोपि पिण्डपातो हलाहलविसूपमो असीलस्स ।*
*आदित्ता गिलितब्बा आयोगुला येन चिररत्तं ॥*

(अशीलवान्को लागि मीठो भिक्षा पनि हलाहल विषझैं हो जसले गर्दा उसले तातो फलामको गोला धेरै दिनसम्म निल्नुपर्नेछ ।)



Downloaded from http://www.dhamma.digital

*सुखसम्मतोपि दुक्खो असीलिनो मञ्चपीठपरिभोगो ।*
*यं बाधिस्सन्ति चिरं जलित अयोमञ्च पीठानि ॥*

(दु:शीलको लागि खाटपिर्काको परिभोग सुखसम्मत भए तापनि दु:खदायक हुन्छ, जुन कि धेरै दिनसम्म फलामको तातिएको खाटपिर्काले पीडित गर्छ ।)

*दुस्सीलस्स बिहारे सद्धादेय्य म्हिका निवासरति ?*
*जलितेसु निवसितब्बा येन अयोकुम्भिमज्झेसु ॥*

(दु:शीलले श्रद्धापूर्वक दान दिइएको विहारमा वास गरेको रति (सुख) के ? जसबाट कि उसले बल्दो फलामको धेरै ठूलो लौह कुम्भी नरकमा वास गर्नुपर्दछ ।)

*संकस्सरसमाचारो कसम्वुजातो अवस्सुतो पापो ।*
*अन्तोपूती ति च यं निन्दन्तो आह लोकगुरु ॥*

(जसलाई कि लोक गुरु (भगवान्) ले निन्दा गर्दै भन्नुभयो - यो भिक्षु सन्देह गर्दै विचरण गर्ने रछ्यान भएको छ, अवश्रुत (रागादिद्वारा भिजिएको) छ र भित्र दुर्गन्धले भरिएको छ ।)

*धि जीवितं अधञ्ञस्स तस्स समणजनवेसधारिस्स ।*
*अस्समणस्स उपहतं खतमत्तानं वहन्तस्स ॥*

(त्यस अभागी श्रमण भेषधारी अश्रमण, दु:खित, आफ्नो जरालाई खन्दै गरेको व्यक्तिको जीवनलाई धिक्कार छ ।)

*गूथं विय कुणपं वियमण्डनकामा विवज्जयन्तीध ।*
*यं नाम सीलवन्तो सन्तो किं जीवितं तस्स ॥*

(यहाँ गुहुजस्तै, लाशजस्तै आफूलाई सजाउने दु:शील, जसलाई कि शीलवान् सज्जन त्यागिदिन्छ, उसको जीवनबाट के लाभ ?)

*सब्बभयेहि अमुत्तो मुत्तो सब्बेहि अधिगमसुखेहि ।*
*सुपिहित सग्गद्वारो अपाय मग्गं समारूल्हो ॥*
*करूणाय वत्थुभूतो कारूणिकजनस्स नाम को अञ्ञो ।*
*दुस्सीलसमो दुस्सीलताय इति बहुविधा दोसाति ॥*

(सारा भयहरूद्वारा अमुक्त, सारा अधिगम (मार्गफल)को सुखहरूद्वारा वञ्चित, जसको लागि स्वर्गको द्वार विलकुल बन्द भएको छ, जुन अपायको मार्गमा हिडिरहेछ, दयालु मानिसहरुको दयाको पात्र बन्न सुहाउने, दु:शीलजस्तै अरू को छ ? यसप्रकार दु:शीलताका धेरै प्रकारका दोष छन् ।)

यसप्रकार प्रत्यवेक्षण आदिद्वारा शील विपत्तिमा दोष देख्ने र त्यसदेखि विपरीत शील सम्पत्तिमा गुण देख्नेलाई जान्नुपर्दछ । अरू पनि -

*तस्स पासादिकं होति पत्तचीवरधारणं ।*
*पब्बज्जा सफला तस्स यस्स सीलं सुनिम्मलं ॥*



Downloaded from http://www.dhamma.digital

(जसको शील सुनिर्मल छ, उसले पात्र र चीवरको धारण गर्नु प्रासादिक हुन्छ। उसको प्रब्रज्या सफल हुन्छ)

*अत्तानुवादादिभयं सुद्धसीलस्स भिक्खुनो ।*
*अन्धकारं विय रविं हदयं नावगाहति ॥*

(शुद्ध शीलवान् भिक्षुको हृदयमा आफ्नो निन्दा, परनिन्दा, राजा भय, दुर्गति भय आदि भयहरु त्यसप्रकार पस्दैनन् जसरी कि अन्धकार सूर्यमा ।)

*सीलसम्पत्तिया भिक्खु सोभमानो तपोवने ।*
*पभासम्पत्तिया चन्दो गगने विय सोभति ॥*

(शील सम्पत्तिद्वारा भिक्षु तपोवनमा त्यसप्रकार शोभित हुन्छ जुनप्रकार प्रभा सम्पत्तिद्वारा चन्द्रमा आकाशमा शोभायमान् हुन्छ ।)

*कायगन्धोपि पामुज्जं सीलवन्तस्स भिक्खुनो ।*
*करोति अपि देवानं सीलगन्धे कथा व का ॥*

(शीलवान् भिक्षुको शरीरको वासनाले पनि देवहरूसम्मलाई प्रमुदित गर्दछ भने शीलको वासनाको कुरा नै के गर्नु ?)

*सब्बेसं गन्धजातानं सम्पत्तिं अभिभुय्य ।*
*अविधाति दसदिसा सीलगन्धो पवायति ॥*

(सबप्रकारका सुगन्धहरूको सम्पत्तिलाई उछिनेर शीलको सुगन्ध दशै दिशामा बेरोकटोक बहन्छ ।)

*अप्पकम्पि कता कारा सीलवन्ते महप्फला ।*
*होन्ती ति सीलवा होति पूजा सक्कारभाजनं ॥*

(शीलवान्को लागि अल्पमात्र पनि गरेको उपकार महाफलदायक हुन्छ। यसैले शीलवान् पूजा सत्कारको पात्र हुन्छ ।)

*सीलवन्तं न वाधन्ति आसवा दिट्ठधम्मिका ।*
*सम्परायिकदुक्खानं मूलं खनति सीलवा ॥*

(यस जन्मको आस्रवले शीलवान्लाई पीडित गर्दैन, शीलवान्ले परलोकको दुःखहरूको पनि जरा उखेल्छ ।)

*या मनुस्सेसु सम्पत्ति या च देवेसु सम्पदा ।*
*न सा सम्पन्नसीलस्स इच्छतो होति दुल्लभा ॥*

(मनुष्यलोकमा जुन सम्पत्ति छ र देवलोकमा सम्पदा जुन छ, त्यो चाहेमा शीलवान्को लागि दुर्लभ हुँदैन ।)



Downloaded from http://www.dhamma.digital

*अच्चन्तसन्ता पन या अयं निब्बानसम्पदा ।*
*सम्पन्नसीलस्स मनो तमेव अनुधावति ॥*

(यो अत्यन्त शान्त निर्वाण जुन सम्पत्ति छ, त्यसैपछि शीलसम्पन्न भिक्षुको मन दौडिन्छ ।)

*सब्बसम्पत्तिमूलम्हि सीलम्हि इति पण्डितो ।*
*अनेकाकारवोकारं आनिसंसं विभावये ति ॥*

(शील सबै सम्पत्तिको मूल हो - यसप्रकार जानेर पण्डित व्यक्तिले अनेक तरहले यसको गुणको वर्णन गरोस् ।)

त्यस्तो वर्णन गर्ने व्यक्तिको मन शीलको विपत्तिप्रति उदासीन भएर शील सम्पत्तितर्फ झुकेको हुन्छ । यसैले यस शीलको यथोक्त विपत्तिको दोष र शीलको सम्पत्तिको गुणलाई देखेर सवप्रकारले आदरपूर्वक शीललाई परिशुद्ध गर्नुपर्दछ ।

यहाँसम्म, "सीले पतिट्ठाय नरो सपञ्ञो", यस गाथाद्वारा "विशुद्धिमार्ग"मा शील, समाधि, प्रज्ञाको भेदले दिइएको उपदेशमध्ये शील सम्बधी अंश समाप्त भएको छ ।

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धिमार्गमा*
*शील निर्देश नामक*
*पहिलो परिच्छेद समाप्त ।*

Dhamma.Digital

♣♣♣



Downloaded from http://www.dhamma.digital

# दोश्रो परिच्छेद

## धुताङ्ग निर्देश

अल्पेच्छ, सन्तोष आदि गुणहरूद्वारा जुनप्रकारले शील परिशुद्धि हुन्छ, ती गुणहरू पूर्ण गर्नको लागि, राम्ररी शील पालन गर्ने योगीले धुताङ्ग धारण गर्नुपर्दछ। यसै गरी अल्पेच्छ, सन्तोष, सल्लेख, प्रविवेक (क्लेशहरूको) दूरीकरण, उद्योग, सुभरता (पाल्न सजिलोपन) आदि गुणरूपी जलले चित्त मल धोइन्छ र शील परिशुद्ध हुनेछ, व्रत पनि पूर्ण हुनेछ । यसप्रकार निर्दोष शील, व्रत गुणद्वारा परिशुद्ध सबै आचरणहरू भएको, अंगुत्तर निकाय (४,३,८) अनुसार चार आर्यवंशमध्ये १. चीवरमा सन्तोष २. पिण्डपातद्रमा सन्तोष ३. सयनासनमा सन्तोष - यी तीन आर्यवंशमा प्रतिष्ठित भएपछि उक्त योगी चौथो ४. भावनारामता नामक आर्यवंशको प्राप्तियोग्य हुन्छ। यसैले धुताङ्गको कथा प्रारम्भ गर्दछु । कुलपुत्रहरू जुन लोकामिष (लाभसत्कार आदि) त्याग गरी, शरीर र जीवनप्रति ममतारहित हुन्छन्, त्यसैले त्यस अनुलोम प्रतिपद् (विपश्यना भावना) पूर्ण गर्नको लागि भगवान्ले तेरह्र धुताङ्ग बताउनुभएको छ। जस्तै कि :-

(१) पांशुंकूलिकांग (२) त्रैचीवरिकांग (३) पिण्डपातिकांग (४) सापदानचारिकांग (५) एकासनिकांग (६) पात्रपिण्डिकांग (७) खलुपच्छाभत्तिकांग (८) आरण्यकांग (९) वृक्षमूलिकांग (१०) अभ्यवकाशिकांग (११) श्मशानिकांग (१२) यथासंस्थरिकांग (१३) नैसाद्यिकांग ।

*अत्थतो लक्खणादीहि समादानविधानतो ।*
*पभेदतो भेदतो च तस्स तस्सानिसंसतो ॥*
*कुसलत्तिकतो चेव धुतादीनं विभागतो ॥*
*समासब्यासतो चापि विञ्ञातब्बो विनिच्छयो ॥*

(अर्थद्वारा, लक्षण आदिद्वारा, ग्रहण गर्ने विधानद्वारा, प्रभेद र विनाशद्वारा, उसको गुण, कुशलत्रिकद्वारा, धुत आदिको विभागद्वारा तथा संक्षेप - विस्तारद्वारा विनिश्चय जान्नुपर्दछ ।)

अर्थद्वारा विनिश्चय यसप्रकार छन् - सडक, श्मशान, रछ्यानको थुप्रो र जहाँकहीं पनि धूलो (पांशु) माथि फालिएको वस्तुहरु धूलो भन्ने अर्थ लाग्दछ। त्यसैले त्यस्ता ठाउँमा फालिएको कपडा पनि धूलोको किनारजस्तै हुनाले पांशुकूल भनिन्छ। अथवा धूलोजस्तै कुत्सित अवस्थालाई प्राप्त हुनाले त्यस कपडालाई पाशुंकूल भनिन्छ। यस्तो नामले जानिने पाशुंकूल चीवर धारण गर्नु नै पाशुंकूल भनिन्छ। जुन भिक्षुले त्यस्तो शीलसम्पन्न हुन्छ उसलाई पांशुकूलिक भनिन्छ। पांशुकूलिकको अंग पांशुकूलिकांग हो। अंग भनिन्छ कारणलाई । अर्थात् जुनकारणले यस्तो शील ग्रहण गर्दा पांशुकूलिक भनिन्छ त्यसैलाई पांशुकूलिकांग भनिएको भनि जान्नुपर्दछ।

यसैगरी संघाटी, उत्तरासंग, अन्तरवासक - यी तीन चीवरहरूलाई धारण गर्ने जसको शील हुन्छ



Downloaded from http://www.dhamma.digital

त्यस भिक्षुलाई त्रैचीवरिक भनिन्छ। त्रैचीवरिकको अंग त्रैचीवरिकांग हो।

अन्नको गांस(पिण्ड) लाई भिक्षा भनिन्छ र त्यस पिण्डहरुको पतन नै पिण्डपात हो। अर्थात् अरूले दिएको पिण्डहरू आफ्नो पात्रमा झार्नु भनिएको हो। त्यस पिण्डपातको चाहना गरेर, घरघर गएर खोजी गरेर आफ्नो पात्रमा प्राप्त भएको आहारलाई नै पिण्डपात भनिन्छ। जसले त्यस्तो पिण्ड (भिक्षा) को लागि खोजी गर्ने व्रत पालन गर्दछ उसैलाई पिण्डपाती भनिन्छ। यहाँ पतनाको अर्थ हो घुम्नु। पिण्डपाती भिक्षुलाई नै पिण्डपातिक भनिन्छ। पिण्डपातिकको अंग पिण्डपातिकांग हो।

दान भनिन्छ भेद गर्नुलाई। दानरहित भएको अर्थमा अपदान भनिन्छ। जसको अर्थ हो भेद नपार्नु। अपदानसहित हुनु सापदान हो। अर्थात् नछुटाईकन प्रत्येक घरमा भिक्षा माग्ने भन्ने अर्थ लाग्दछ। यसैले सापदान गुणयुक्त भएर घरैपिच्छै भिक्षा माग्दै हिड्ने शील भएको भिक्षु सापदानचारी हो। सापदानचारी नै सापदानचारिक हो। उसको अंग सापदानचारिकांग हो।

एक आसनमा एक भोजन गर्नु एकासन हो। त्यो शील हुने भिक्षु एकासनिक हो। उसको अंग एकासनिकांग हो।

विभिन्न भाँडालाई अस्वीकार गरी, एउटै पात्रमा परेको पिण्डलाई पात्रपिण्ड भनिन्छ। त्यसप्रकारको पात्रपिण्डको गुणलाई विचार गरी पात्रपिण्डको शीललाई पालन गर्ने भिक्षुलाई पात्रपिण्डिक भनिन्छ। उसको अंग पात्रपिण्डिकांग हो।

खलु निपात शब्द हो जसको अर्थ अस्वीकार गर्नु हो। खाइसकेपछि प्राप्त हुने आहरलाई पच्छाभत्त भनिन्छ। त्यसप्रकार प्राप्त भएको आहारलाई खानु पच्छाभत्त भोजन भनिन्छ। खाइसकेपछि पाएको आहार खानु हुंदैन भनेर थाहा पाईकन पनि पछिको आाहारलाई लिने भिक्षु पच्छाभत्तिक हो। पच्छाभत्तिक नभएको भिक्षु नै खलुपच्छाभत्तिक हो। ग्रहण गर्ने नियमानुसार अतिरिक्त भोजनलाई अस्वीकार गर्ने भिक्षुको यो नाम हो। तर अर्थकथामा भनिएको छ - "खलु एक पंक्षी हो। त्यसले मुखमा लिएको फल खस्दा फेरि खाँदैन।" त्यसरी नै यो भिक्षु पनि त्यस्तै शीलको हुन्छ अर्थात् खांदाखांदै मुखबााट कुनै सीता वा आहार खसेमा बांकि खाना नखाई उठ्ने शील पालन गर्नाले खलुपच्छाभत्तिक भनिएको हो। उसको अंग खलुपच्छाभत्तिकांग हो।

आरण्य (जंगल) मा वस्नु जसको शील हुन्छ, उसलाई आरण्यक भनिन्छ। उसको अंग आरण्यकांग हो।

रूखमुनि बस्नुलाई वृक्षमूल भनिन्छ। त्यस्तो शील भएको भिक्षुलाई वृक्षमूलिक भनिन्छ। वृक्षमूलिकको अंग वृक्षमूलिकांग हो। अभ्यवकाशिकांग, श्मशानिकांगमा पनि यसैप्रकार जान्नुपर्दछ।

जुनसुकै वस्तु बिछ्याइएको हुन्छ त्यसलाई यथासंस्थत भनिन्छ। "त्यो तिम्रो लागि हो" भनी यसप्रकार निश्चित उद्देश्य गरी बिछ्याइएको शयनासनको नै यो नाम हो। त्यस यथासंस्थतमा विहार गर्नु जसको शील हुन्छ उसैलाई यथासंस्थिक भनिन्छ। उसको अंग यथासंस्थिकांग हो।

चार इरियापथमध्ये सुत्ने इरियापथलाई त्यागी बस्ने, उठ्ने, हिड्ने इरियापथमा मात्र विहार गर्ने जसको शील हुन्छ उसैलाई नैसधिक भनिन्छ। उसको अंग नैसधिकांग हो।



Downloaded from http://www.dhamma.digital

## धुतांग के हो ?

यी सबै ग्रहण गर्नाले क्लेशहरू नष्ट हुने हुनाले धुत (परिशुद्ध) भनिन्छ जुन भिक्षुको अंग हो। या क्लेशहरूलाई चकनाचुर पार्नसक्ने हुनाले 'धुत' नामले जानिने ज्ञानांगलाई धुतांग भन्निछ। अथवा आफ्नो प्रतिपक्ष (वैरी) लाई नष्ट गर्ने अर्थमा धुत र प्रतिपत्तिको अंग हुनाले पनि धुतांग भनिन्छ।

यस लक्षण आदिद्वारा विनिश्चय यसप्रकार छन् - ग्रहण गर्ने चेतना यसको लक्षण हो। अर्थकथामा भनिएको छ - व्यवहाारिक सत्यानुसार जसले ग्रहण गर्दछ त्यसलाई व्यक्ति भनिन्छ,। तर परमार्थ सत्यानुसार ग्रहण गर्ने चित्त चैतसिक धर्म मात्र हुन्। यसैले जुन ग्रहण गर्ने चेतना हो त्यो धुतांग हो। जुन विषयहरुलाई त्यागिन्छ त्यसलाई वस्तु भनिन्छ। धुतांगले चंचल स्वभावलाई हटाउने वा त्याग्ने गर्दछ। त्यसैले चंचलतारहित हुनु जान्ने आकार (प्रत्युपस्थान) हो। अल्पेच्छा आदि आर्यधर्म यसको प्रत्यक्षकारण (पदस्थान) हो।

ग्रहण गर्नेद्वारा विनिश्चय यसप्रकार छन् - (१) समादान, (२) विधान, (३) प्रभेद, (४) भेद र (५)गुण आदि पाँचै ग्रहण गर्ने विधानमा, भगवान्‌को जीवित समय, सबै धुतांगहरूलाई भगवान्‌संग नै ग्रहण गर्नुपर्दछ। उहाँको परिनिर्वृतिपछि महाश्रावकसंग, उहाँहरू नहुँदा क्षीणास्रव ...अनागामी ... सकृदागामी... स्रोतापन्न... त्रिपिटकधारी ... दुई पिटकधारी... एक पिटकधारी... दीघनिकाय आदिमध्ये कुनै एक निकायलाई कण्ठस्थ गर्ने... एक संगीतिलाई धारण गर्ने ... अर्थकथाचार्य ... धुताङ्गधारीसंग ग्रहण गर्नुपर्दछ। उहाँहरू पनि नहुँदा चैत्य या आँगन बडारकुंडार गरी टुक्रुक्क बसी, सम्यक सम्बुद्धसंग भनेझैं गरेर ग्रहण गर्नुपर्दछ। स्वयं पनि ग्रहण गर्नु उचित छ। यहाँ, चैत्य पर्वतमा वस्ने दुई भाइ स्थविरहरूमध्ये जेठो भाइको धुताङ्गको अल्पेच्छताको कथा भन्नुपर्दछ।

### दुई भाइ स्थविरहरूको कथा

उहाँहरूमध्ये एकजना स्थविर नैसद्यिक हुनुहुन्थ्यो। यो कुरा कसैलाई पनि थाहा थिएन। एकरात उहाँलाई सुत्ने चौकीमा पल्टिरहनुभएको समयमा अर्को स्थविरले विजुलीको चमकमा देख्नुभएपछि सोध्नुभयो – "के भन्ते, तपाईं नैसद्यिक हुनुहुन्छ ?" स्थविरले धुताङ्गको अल्पेच्छताको कारणले त्यसक्षण सुतेर पछि फेरि धुताङ्ग ग्रहण गर्नुभयो।

यो अहिले साधारण कथा हो। अब, एकएकको ग्रहण गर्ने विधान, प्रभेद, विनाश र गुणको वर्णन गर्दछु।

### १. पांशुकूलिकांग

समादान = "गृहपतिद्वारा दिइएको चीवरलाई त्यागदछु या पांशुकूलिकांग ग्रहण गर्दछु" यी दुई वाक्यमध्ये कुनै एकवाक्यद्वारा पाशुकूलिकांग धुताङ्ग ग्रहण गर्न सकिन्छ।

विधान = यसप्रकार जति धुतांग ग्रहण गरिन्छ, उसलाई श्मशानिक, पार्पणिक, रथियचोल, संकार चोल, स्वस्ति वस्त्र, स्नान वस्त्र, तीर्थको वस्त्र, गतप्रत्यागत, आगोले डढेको वस्त्र, गाईले खाएको वस्त्र, धमिराले खाएको वस्त्र, मुसाले खाएको वस्त्र, किनारा काटिएको वस्त्र, झल्लर च्यातिएको वस्त्र, ध्वजाहृतवस्त्र, स्तूपमाथिको वस्त्र, श्रमणको चीवर, अभिषेकको वस्त्र, ऋद्धिमय वस्त्र,



Downloaded from http://www.dhamma.digital

पान्थिक वस्त्र, वाताहृत वस्त्र, देवदत्तीय वस्त्र, सामुद्रिक वस्त्र - यीमध्ये कुनैलाई लिएर च्याती, कमजोर भागलाई छाडी, बलियो भागलाई साफ गरी चीवर बनाई, पुरानो गृहपति चीवर (गृहस्थले दिएको चीवर)लाई त्यागी परिभोग गर्नुपर्दछ।

## चीवर परिभोग

श्मशानिक = श्मशानमा फालिएको कपडा। पार्पणिक = दोकानको ढोकामा फ्याँकिएको कपडा। रथियचोल = पुण्य चाहनेहरूद्वारा भ्यालबाट बाटोमा फालिएको कपडा। संकारचोल = रछ्यानमा फ्याँकिएको कपडा। स्वस्ति वस्त्र = गर्भको मललाई पुछेर फ्याँकिएको कपडा।

तिष्य अमात्यकी आमाले सय कार्षापण (असर्फी)को मूल्य पर्ने वस्त्रले गर्भको मल पुछेर "पांशुकूलिक भिक्षुले लिनेछ भनी सोचेर महाग्राम, श्रीलङ्काको तालवेलि नामक मार्गमा फ्याँक्न लगाईन्। कुनै एक पांशुकूलिक भिक्षुले च्यातिएको पुरानो भागलाई सिउनको लागि मात्र त्यो कपडा लियो।

स्नानवस्त्र = झाँक्रीहरूद्वारा शिरदेखि नुहाउन लगाइएको व्यक्तिले जुन "यो अभागी वस्त्र हो" भनेर छोडेर गएको वस्त्र। तीर्थवस्त्र = स्नान तीर्थमा छोडिएको कपडा टुकडा। गतप्रत्यागतवस्त्र = मानिस श्मशान गएर आउने समय, नुहाई त्यहीं छाडिदिएको कपडा। आगोले जलेको वस्त्र = आगोले डढेको कपडाको आंशिक भाग, त्यसलाई मानिसले फ्याँकिदिन्छ। गाईहरूले खाएको आदि स्पष्ट छ। यसप्रकारको वस्त्र पनि मानिसहरू फ्याँकिदिन्छन्। ध्वजाहृत वस्त्र = नाउमा चढ्दा ध्वजा बाँधेर चढ्ने कपडा, त्यसलाई उनीहरूले नदेख्ने भएपछि लिनुपर्छ। लडाईको मैदानमा ध्वजा बाँधेर राखिएको कपडा भएमा त्यसलाई दुवै सेनाहरू गइसकेपछि लिनुपर्दछ।

स्तूपमाथिको वस्त्र = वल्मीकलाई घेरेर पूजाकर्म गरिएको कपडा। श्रमणको चीवर = भिक्षुसंग प्राप्त गरेको चीवर। अभिषेक वस्त्र = राजाको अभिषेक भएको स्थानमा छोडिएको वस्त्र। ऋद्धिमय वस्त्र = "आऊ, भिक्षु" भनेर प्रव्रजित भएका भिक्षुहरूको ऋद्धिद्वारा उत्पन्न भएको चीवर। पान्थिक वस्त्र = बाटोमा खसेको कपडा। जुन वस्त्र मालिकको भूलले बिर्सेको हुन्छ, त्यसलाई अलि पर्खिएर लिनुपर्छ। वाताहृत वस्त्र = हावाले हुत्याएर टाढा फालिएको कपडा। त्यसलाई मालिकहरूले नदेख्ने भएपछि लिनुपर्छ। देवदत्तीय वस्त्र = अनुरुद्ध स्थविरजस्तो महान् व्यक्तित्व भएको भिक्षुलाई देवताहरूद्वारा दिइएको चीवर। सामुद्रिक वस्त्र = समुद्रको लहरद्वारा स्थलमा तारिएको, फ्याँकिएको कपडा।

तर "संघको लागि दिनेछौं" भनेर दिइएको, या वस्त्र माग्दै घुम्दा प्राप्त भएको वस्त्रहरु पांशुकूल होइनन्। भिक्षुद्वारा दिइएको वस्त्रमा पनि जुन वर्षावासको अन्तमा उपासकहरूद्वारा भिक्षुहरूलाई हातमा पक्रन लगाएर पांशुकूलिकलाई दिने गरिन्छ या शयनासन बनाएर "यस शयनासनमा रहने भिक्षुले यसको उपभोग गरोस्" भनी दिइएको शयनासन चीवर हुन्छ, त्यो पनि पांशुकूल होइन। त्यसरी पकड्न नलगाइएको वस्त्र नै पांशुकूल हुन्छ। त्यसमा पनि जुन दायकहरूद्वारा कुनै भिक्षुको खुट्टामा चढाइएको हुन्छ, त्यस भिक्षुद्वारा पांशुकूलिक भिक्षुको हातमा राखिएको भएमा त्यो एक तरिकाले शुद्ध हुन्छ। जुन भिक्षुको खुट्टामा उक्तप्रकारले राखिएको हुन्छ त्यसलाई पनि त्यसरी नै दिइएको हुन्छ भने त्यो दुवैतर्फबाट शुद्ध हुन्छ। तर अरूहरूको हातमा नै राखिएको हुन्छ, त्यो अनुत्कृष्ट चीवर हो। यसप्रकार पांशुकूलिक भिक्षुले सही ढंगले चीवरको परिभोग गर्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

प्रभेद = पांशुकूलिक तीन प्रकारका हुन्छन् (१) उत्कृष्ट, (२) मध्यम, र (३) मृदु । श्मशानमा फ्याँकिएको (वस्त्र) मात्र ग्रहण गर्ने भिक्षु उत्कृष्ट धुतांगधारी हुन्छ। "कुनै प्रव्रजितले लिनेछ" भनी सोचेर राखिएकोलाई ग्रहण गर्ने भिक्षु मध्यम धुतांगधारी हुन्छ । खुट्टामा राखेर दिइएको लिने भिक्षु मृदु धुतांगधारी हुन्छ ।

भेद (विनाश) = त्यसमा आफ्नो रूचि, इच्छाले गृहस्थले दिएको चीवरलाई लिएको क्षणमा नै धुतांग नष्ट हुन्छ ।

गुण = जब भिक्षु उपसम्पन्न हुन्छ तब उसलाई चार निश्रय बताइन्छ – (१) यो तिम्रो प्रव्रज्या भिक्षाटनको सहारामा हुनेछ । (२) पांशुकूल चीवरको सहारामा हुनेछ । (३) वृक्षमूल शयनासनको सहारामा हुनेछ । (४) गौमूत्रमा भिजिएको हर्रोको सहारामा हुनेछ । यसभन्दा बढी प्राप्त भएमा तिमीलाई लाभ हुनेछ । अन्यथा यी निश्रयहरूमा तिमीले जीवनपर्यन्त उत्साह गर्नुपर्दछ। यसप्रकार बताइएको निश्रयहरुमध्ये "पांशुकूल चीवरको सहारा प्रवज्या हुनेछ" यस वाक्यद्वारा निश्रयको अनुरूप प्रतिपतिको हुनु, पहिलो आर्यवंश (चीवरमा सन्ताेष) मा प्रतिष्ठित हुनु, चीवरहरुको रक्षा गर्ने दुःखबाट छुटकारा पाउन, अरूको कब्जादेखि बाहिर हुनु, चोरहरूको डरदेखि निडर हुनु, परिभोग गर्ने तृष्णारहित हुनु, श्रमणयोग्य परिष्कारको हुनु, "ती मूल्यहीन छन् तर सुलभ छन्, निर्दोष छन्" यसरी भगवान्द्वारा अंगुत्तर निकाय (४,३,७) र इतिवुत्तक (४,२) अनुसार प्रशंसा गरिएको प्रत्ययको हुनु, आत्म विश्वासको प्रेरक हुनु, अरूलाई देख्नुमा सुन्दर लाग्नु, अल्पेच्छ आदिको गुणहरूले पूर्ण हुनु, प्रतिपत्तिको वृद्धितिर राम्ररी गतिशील हुनु, भविष्यमा भिक्षुहरूले अनुसरण गर्न योग्य हुनु ।

*मारसेन विधाताय पंसुकूलधरो यति ।*
*सन्नद्धकवचो युद्धे खतियो विय सोभति ॥*

(मारको सेनालाई नाश गर्नको लागि युद्धमा कवच लगाई तैयार क्षत्रियसमान पांशुकूल धारण गर्ने भिक्षुको शोभा हुन्छ ।)

*पहाय कासिकादीनि वरवत्थानि धारितं ।*
*यं लोकगुरुना को तं पंसुकूलं न धारये ॥*

(काशी आदिमा बनेको सुन्दर वस्त्रहरूलाई छाडी लोकगुरु (भगवान्) ले पनि जुन पांशुकूललाई धारण गर्नुभयो त्यस पांशुकूललाई कसले धारण गर्दैन ?)

*तस्मा हि अत्ततो भिक्खु पटिञ्ञं समनुस्सरं ।*
*योगाचारानुकूलंम्हि पंसुकूले रतो सिया ॥*

(यसैले भिक्षु आफ्नो प्रतिज्ञालाई स्मरण गर्दै योगाचारअनुकूल पांशुकूल धारण गर्नमा लागोस् ।)

## २. त्रैचीवरिकांग

समादान = "चौथो चीवरलाई त्यागदछु या त्रैचीवरिकांगलाई ग्रहण गर्दछु" यसमध्ये कुनै एक वाक्यद्वारा त्रैचीवरिकांग ग्रहण गर्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

विधान = त्यस त्रैचीवरिकले चीवरको लागि पाएको, कपडालाई जबसम्म कठिनाइको कारणले चीवर बनाउन सक्दैन वा विचारक (सहयोगी भिक्षु वा श्रामणेर)लाई पाउँदैन या सियो आदिमध्ये कुनै पनि पाउँदैन भने तबसम्म पुरानो चीवर राखिछोड्नुपर्दछ। राखिछाड्नुमा दोष छैन। तर चीवर बनाएर रंगाउने समयदेखि पुरानो चीवर राखिछाड्नु हुँदैन। यस्तो गर्ने धुतांग चोर हुन्छ ।

प्रभेद = यो पनि तीन प्रकारको छ। त्यसमा उत्कृष्ट धुतांगधारीले रंगाउने समयमा पहिले अन्तर वासक या उत्तरासंगमध्ये एउटालाई लगाएर, दोस्रोलाई रंगाउनुपर्दछ। त्यसपछि दोस्रोलाई लगाएर पहिलो रंगाउनुपर्दछ। उत्तरासंग ओढेर संघाटी रंगाउनुपर्दछ। संघाटीलाई अन्तरवासकजस्तै लगाउनु हुँदैन। यो गाउँको नजिक भएको शयनासनमा बस्ने भिक्षुको नियम हो। तर जंगलमा रहँदा दुवैलाई एकसाथ धोएर रंगाउनुपर्दछ र यस्तो नजिक स्थानमा राख्नुपर्दछ ताकि कसैलाई देखेमा काषाय वस्त्र तानेर लगाउन सकियोस्। चीवर रंगाउने घरमा चीवर रंगाउंदा लगाउने एक काषाय वस्त्र हुन्छ, त्यसलाई लगाएर या ओढेर रंगाइको काम गर्नुपर्दछ।

मृदु धुतांगधारीले आफ्नो मेलजोल भएको भिक्षुको चीवर लगाएर या ओढेर रंगाइको काम गर्नुपर्दछ। त्यहाँ तन्ना या बिछ्याउनाको रूपमा बिछ्याइएको चीवर पनि उसको लागि ठीक छ, तर हमेशा धारण गर्नु ठीक छैन। मेलजोलको भिक्षुहरूको चीवर पनि समय अन्तर पारेर परिभोग गर्नुपर्दछ। धुतांगधारी त्रैचीवरिकको लागि चौथो कपडाको रूपमा अंशकाषाय (एक काँध भएको गञ्जी) नै हुनुपर्दछ। त्यो पनि चौडाइमा एक बित्ता र लम्बाइमा तीन हात नै हुनुपर्दछ।

भेद = यी तीनै (उत्कृष्ट, मध्यम, मृदु) ले पनि चौथो चीवर ग्रहण गर्ने क्षण नै धुतांग नष्ट हुन्छ।

गुण = त्रिनचीवर धारण गर्ने भिक्षु काय परिहरण गर्ने चीवरद्वारा सन्तुष्ट हुन्छ। आफ्नो पखेटासंगै जाने चराजस्तै त्रिचीवरसहित स्वतन्त्र यात्रा गर्न सक्ने, थोरै काम गरे पुग्ने, धेरै कपडाहरू नबटुल्ने, बोझ हलुंगो भएको जीवन हुनु, अधिक चीवरको लागि लालच नहुनु, विहित (कल्प्य) भएर पनि मात्रा जानेको कारण सल्लेखको विचार भएको हुनु, अल्पेच्छता आदिको गुणसम्पन्न भएको - इत्यादि गुण सिद्ध हुन्छन्।

*अतिरेकवत्थतण्हं पहाय सन्निधिविवज्जितो धीरो।*
*सन्तोससुखरसञ्जू तिचीवरधरो भवति योगी॥*

(तीनचीवरलाई धारण गर्ने धीर योगीले अधिक वस्त्र राख्ने तृष्णा छाडेर चीवर धेरै जम्मा गर्ने इच्छालाई परित्याग गरेर सन्तोष र सुखको रसलाई बुझेको हुन्छ।)

*तस्मा सपत्तचरणो पक्खीं व सचीवरो व योगिवरो।*
*सुखमनुविचरितुकामो चीवर - नियमे रतिं कयिरा ति॥*

(यसैले आफ्नो पखेटासहित विचरण गर्ने पक्षीजस्तै चीवरसाथ नै सुखपूर्वक विचरण गर्ने इच्छा भएको उत्तम योगीले चीवरको नियममा मन लगाओस्।)



Downloaded from http://www.dhamma.digital

## ३. पिण्डपातिकांग

समादान = "अधिक लाभलाई त्यागदछु, या पिण्डपातिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा पिण्डपातिकांग ग्रहण गर्न सकिन्छ।

विधान = त्यस पिण्डपातिकले सांघिक भोजन, केही भिक्षुहरूलाई उद्देश्य गरी दिइएको उद्देश्य भोजन, निमन्त्रण, दायकले "यति भिक्षु आउनुहोस्" भनी संख्या तोकी पठाएको शलाक भोजन, पाक्षिक भोजन, उपोसथको भोजन, प्रतिपदाको भोजन, अन्य स्थानबाट आएको भिक्षु भिक्षाटनमा जान असम्भवहुँदा दिइने आगन्तुक भोजन, अन्य स्थानमा जाँदा भिक्षाटनको व्यवस्था नमिल्ने हुनाले जानअघि दिइने गमिक विरामी भोजन, बिरामी भिक्षुको लागि पठाइएको बिरामी भोजन, बिरामी भिक्षुको सेवाटहल गर्ने सेवकलाई दिइने भोजन, विहारमा दिइने विहार भोजन, घरमा दिइने गृहस्थ भोजन, पालोपालो गरी दिइने पालो भोजन - यी चौदह प्रकारका भोजन ग्रहण गर्नु हुँदैन।

यदि "सांघिक भोजन ग्रहण गर्नुहोस्" आदिप्रकारले नभनेर "हाम्रो घरमा संघ भिक्षा ग्रहण गर्दछ, तपाईं पनि भिक्षा ग्रहण गर्नुहोस्" भनेर दिइएको हुन्छ भने त्यसलाई ग्रहण गर्नुपर्दछ। संघद्वारा निरामिष शलाका (औषधि आदिको शलाका), विहारमा पकाइएको भात पनि ग्रहण गर्नु ठीक नै छ।

प्रभेद = यो पनि तीन प्रकारको छ। त्यसमा उत्कृष्ट धुतांगधारीले अगाडिबाट पनि, पछाडिबाट पनि ल्याइएको भिक्षालाई ग्रहण गर्दछ। ढोकाअगाडि उभिएर पात्र ग्रहण गर्नेलाई दिइएको, फर्काएर ल्याइएको भिक्षालाई पनि ग्रहण गर्दछ। तर त्यस दिन उसले पर्खेर भिक्षा ग्रहण गर्दैन। मध्यम धुतांगधारीले त्यस दिन पर्खेर पनि ग्रहण गर्दछ। तर भोलिको लागि स्वीकार गर्दैन। मृदु धुतांगधारीले भोलिको लागि पनि, अरु दिनहरुको लागि पनि भिक्षा स्वीकार गर्दछ। ती मध्यम र मृदु दुवैले स्वतन्त्रतापूर्वक विहार गर्ने सुख पाउँदैन, तर उत्कृष्टले पाउँदछ। जस्तै –

### उत्कृष्ट पिण्डपातिकको कथा

एउटा गाउँमा अंगुत्तर निकाय (४,३,८) को आर्यवंश सूत्रको उपदेश हुँदै थियो। उत्कृष्ट धुतांगधारीले अन्यलाई भन्यो - 'आउ, आवुस, जाऔं धर्म सुन्नको लागि।" त्यसमध्ये एकले भन्यो - "भन्ते, एक मानिसद्वारा म भोजनको लागि बसाइएको छु।" "भन्ते, मैले भोलिको लागि एउटा मात्र भिक्षा स्वीकार गरेको छु" भनी दोस्रोले जवाफ दियो। यसप्रकार भिक्षाको लागि पर्खिनु पर्दा धर्मश्रवणबाट दुवै वञ्चित रहे। पहिलो भिक्षुले विहानै भिक्षाटन गरी धर्मदेशना सुनेर धर्मरसको अनुभव (प्रतिसंवेदन) गऱ्यो।

भेद = यी तीनैको पनि संघभोजन आदि धुताङ्ग प्रतिज्ञाभन्दा बढी प्राप्त हुने अतिरेक लाभ ग्रहण गर्ने क्षण नै धुतांग नष्ट हुन्छ।

गुण = "पिण्डपिण्ड गरी प्राप्त भएको गाँस (आलोप)को सहारा प्रब्रज्या हो" यस वाक्यद्वारा निश्रय अनुरूप प्रतिपत्तिको हुनु, दोस्रो आर्यवंश (पिण्डपातमा सन्तोष)मा प्रतिष्ठित हुनु, अरूको अधिकारभन्दा बाहिर रहने जीवन हुनु, "ती थोरै छन् तर सुलभ र निर्दोष छन्" भनी भगवान्द्वारा प्रशंसा गरिएको प्रत्ययको हुनु, अल्छीपनको नाश हुनु, परिशुद्ध आजीविकाको हुनु, सेखीय प्रतिपत्ति पूर्ण गरिसकेको हुनु,



Downloaded from http://www.dhamma.digital

अरूलाई पालन पोषण नगर्नु, दायकहरूप्रति अनुग्रह गर्नु, मान (घमण्ड)को त्याग, रस्वादन गर्ने तृष्णाको त्याग गर्नु, पाचित्तीय आपत्ति हुने गण भोजन, परस्पर भोजन निमन्त्रणामा विनासमय विचरण गर्दा चारित्र शिक्षापदहरूद्वारा आपत्तिको नहुनु, अल्पेच्छता आदिअनुसार विचार हुनु, राम्ररी प्रतिपत्तिको वृद्धि, भविष्यको जनतामाथि अनुकम्पा गर्नु ।

*पिण्डियालोपसन्तुट्ठो अपरायत्तजीविनो ।*
*पहीणाहारलोलुप्पो होति चातुद्दिसो यति ॥*
*विनोदयति कोसज्जं आजीवस्स विसुज्झति ।*
*तस्मा हि नातिमञ्ञेय्य भिक्खाचरियं सुमेधसो ॥*

(पिण्डपिण्ड गरी प्राप्त भएको आलोप (गाँस)द्वारा सन्तुष्ट हुनु, स्वतन्त्र पेशा भएको, आहारको लोलुपतारहित भएको भिक्षु चारै दिशामा जाने हुन्छ । ऊ आलस्यलाई छोड्दछ, उसको आजीविका परिशुद्ध हुन्छ, यसैले प्रज्ञावान् भिक्षुले कहिले पनि भिक्षाटनलाई अवहेलना नगरोस् ।)

यसप्रकारको भिक्षुको –

*पिण्डपातिकस्स भिक्खुनो अत्तभरस्स अनञ्ञपोसिनो ।*
*देवापि पिहयन्ति तादिनो नो चे लाभसिलोकनिस्सितोति ॥*

(अरूको पालन पोषण नगरी केवल आफ्नो भरण गर्ने, मन, काय, वाणी तीनैमा लाभ, प्रशंसालाई नचाहने पिण्डपातिक भिक्षुलाई देवताले पनि चाहन्छ, ।)

## ४. सापदानचारिकांग

समादान = "लोलुप स्वभावलाई त्याग्दछुँ या सापदानचारिकांगलाई ग्रहण गर्दछु" "यीमध्ये कुनै एक वाक्यद्वारा सापदानचारिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस सापदानचारिकलाई गाउँबाहिर ढोकामा उभिएर साँढे, कुकुर, वेश्या, रक्स्याहा, विधवा आदिको परिश्रय (बिघ्नवाधा) नहुने विचार गर्नुपर्दछ । जुन गल्ली या गाउँमा उपद्रव (परिश्रय) हुन्छ, त्यसलाई छाडेर अन्य स्थानमा भिक्षाटन गर्नुपर्दछ । जुन घर, गल्ली या गाउँमा केही प्राप्त हुँदैन त्यहाँ गाउँ नभएको विचार गरी छाडिजानुपर्दछ । तर जहाँ केही प्राप्त हुन्छ त्यसलाई छाडिजानु ठीक छैन । त्यो भिक्षुले समयमा नै गाउँमा प्रवेश गर्नुपर्दछ । यस्तो भएमा कठिनाइले भिक्षा मिल्ने स्थानहरूलाई छाडेर अन्य स्थानमा जान सक्नेछ । यदि विहारमा दान दिइरहेको या बाटोमा आउँदै गरेको मानिसले पात्र लिएर भोजन दिन्छ भने त्यो योग्य छ । उसले बाटामा जाँदै गर्दा पनि भिक्षाटन गर्ने समयमा पुगेको गाउँलाई नछोडिकन नै भिक्षाटन गर्नुपर्दछ । त्यहाँ नपाएमा अथवा थोरै पाएमा गाउँको परिपाटीद्वारा अर्को गाउँमा भिक्षाटन गर्नुपर्दछ ।

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले अगाडिबाट, पछाडिबाट, फर्काएर ल्याएको, दिएर गएको भिक्षालाई ग्रहण गर्दैन, तर आफू पुगेको ढोकामा पात्र दिने गर्छ । यस धुतांगमा महाकाश्यप स्थविरजस्तो अरु कोही हुन सकेन । तर उहाँको पनि पात्र दिने ठाउँ देखिन्छ । मध्यम धुतांगधारीले अगाडि, पछाडि अथवा फर्काएर ल्याएको भिक्षालाई ग्रहण गर्दछ । आफू



Downloaded from http://www.dhamma.digital

पुगेको ढोकामा पात्रलाई दिन्छ तर भिक्षा पर्खेर बस्दैन । यसप्रकार ऊ उत्कृष्ट पिण्डपातिकजस्तै हुन्छ । मृदु धुतांगधारीले त्यस दिन बसेर पर्खिरहन्छ ।

भेद = यी तीनैको पनि धुतांग लोलुप (लालची) स्वभाव उत्पन्न हुने मात्रले पनि भंग हुने गर्दछ ।

गुण = नित्य नयाँ दाताहरु पाउनु, चन्द्रमाजस्तै हुनु, कुलप्रतिको आशक्तिको त्याग गर्न सक्नु, सबैमा एकैप्रकारको अनुकम्पा राख्नु, कुलूपक (दायकको घरमा बरोबर जाने भिक्षु)द्वारा उत्पन्न दोषहरूबाट मुक्त हुनु, निमन्त्रणा नचाहने हुनु, भिक्षा ल्याइदियोस् भन्ने इच्छा नहुनु, अल्पेच्छ आदिअनुसार जीवन हुनु ।

*चन्दूपमो निच्चनवो कुलेसु, अमच्छरी सब्बसमानुकम्पो ।*
*कुलूपकादीनव विप्पमुत्तो होतीध भिक्खु सपदानचारी ॥*

(सपदानचारी भिक्षु चन्द्रमाजस्तों नित्य कुलमा नयाँ, कंजुसी नभएको, सबैप्रति बराबर अनुकम्पा गर्ने, कुलूपकको दोषहरूबाट मुक्त हुन्छ ।)

*लोलुप्पचारञ्च पहाय तस्मा ओक्खितचक्खू युगमत्तदस्सी ।*
*आकङ्खमानो भुवि सेरिचारं चरेय्य धीरो सपदानचारं ॥*

(यसैले लोलुप स्वभाव त्यागेर, आँखा झुकाएको, चारहातसम्म हेर्ने, धीर भिक्षु संसारमा इच्छानुरुप विचरण गर्ने इच्छुक सपदानचारी बनोस् ।)

### ५. एकासनिकांग

समादान = "नानाप्रकारको भोजनलाई त्यागदछु या एक आसनमा गरिने भोजनलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा एकासनिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस एकासनिकलाई आसनशालामा बस्दा, स्थविरको आसनमा नबसेर "यो आसन मेरो हो" यस्तो आफ्नोयोग्य आसनको विचार गरी बस्नुपर्दछ । यदि भोजन आरम्भ गरेपछि आचार्य या उपाध्याय आउनुभएमा उठेर व्रत (आफ्नो कर्तव्य) गर्नुपर्दछ । तर त्रिपिटकधारी चूडाभय स्थविरले भन्नुभयो - "भोजन समाप्त नगरेसम्म आसनमा बसी भोजन गरोस् या करणीय व्रत गरोस्, तर यदि उठेर व्रत गर्दछ भने व्रत गरोस्, तर फेरि खाना नखाओस् ।"

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले थोरै होस् या धेरै, जुन भोजनमा हात लगाउंछ, त्यसपछि अर्को लिन सक्दैन । यदि मानिसहरूले - "स्थविरले केही खानु भएन" भनी सोचेर घिउ आदि ल्याउँछ भने त्यसलाई पनि औषधिको रूपमा मात्र ग्रहण गर्नुपर्दछ, न कि आहारको लागि । मध्यम धुतांगधारीले जबसम्म भात सिधिएको हुँदैन तबसम्म अरु लिन सक्दछ । ऊ भोजन पर्यन्तक भिक्षु हुन्छ । मृदु धुतांगधारीले जबसम्म आसनबाट उठ्दैन, तबसम्म खान सक्दछ । ऊ जबसम्म पात्र धुनलाई पानी लिंदैन तबसम्म खाएर आसन पर्यन्तक हुन्छ अथवा जबसम्म उठ्दैन, तबसम्म खाँदै गरेको आसन पर्यन्तक हुन्छ ।

भेद = नाना आसनहरूमा खाना खाएको क्षण यी तीनैको धुतांग भंग हुन्छ ।



Downloaded from http://www.dhamma.digital

गुण = निरोग हुनु, सुखपूर्वक जिउनु, स्फुर्ति, बल, सुखविहार गर्नु, अतिरिक्त भोजन नगर्नाको कारण आपत्तिको नहुनु, रसास्वादनको तृष्णाको नाश हुनु, अल्पेच्छता आदिअनुसार जीवन हुनु ।

*एकासनभोजने रतं न यतिं भोजनपच्चया रुजा ।*
*विसहन्ति रसे अलोलुपो परिहापेति न कम्ममत्तनो ॥*

(एक आसनमा भोजन गर्नुमा लीन भएको यति (भिक्षु)लाई भोजनको कारण रोगले सताउँदैन, ऊ रसमा लोलुप भई आफ्नो कामलाई बिगार्दैन ।)

*इति फासुविहारकारणे सुचिसल्लेखरतूपसेविते ।*
*जनयेथ विसुद्धमानसो रतिमेकासनभोजने यती ॥*

(यसैले विशुद्ध चित्त भएको भिक्षु सुखपूर्वक विहार गर्नको लागि कारण बनोस् र उसले पवित्र सल्लेखको रति ((सुख) द्वारा सेवित, एक आसनमा भोजन गर्नुमा प्रेम गरोस् ।)

## ६. पात्रपिण्डिकांग

समादान = 'दोस्रो भाँडालाई त्यागदछु या पात्रपिण्डिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा पात्रपिण्डिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस पात्रपिण्डिकलाई यवागु (जाउलो) पिउने समय अतिरिक्त भांडामा व्यञ्जन पाएमा, व्यञ्जनलाई पहिले खानुपर्दछ अथवा यवागु पिउनुपर्दछ । यदि यवागुमा राखिदियो भने नुनिलो सुकाएको माछा आदि व्यञ्जनहरू राख्नाले यवागु प्रतिकूल (अरुचिकर) हुन्छ, र जसरी प्रतिकूल नहोस् त्यसै गरी खानुपर्दछ । यसैले त्यस्तो व्यञ्जनको सम्बन्धमा नै यो भनिएको हो । जुन मह, सख्खर आदि प्रतिकूल हुन्न, त्यसलाई यवागुमा राख्नुपर्दछ । ग्रहण गर्ने समय मात्राले ग्रहण गर्नुपर्दछ । काँचो साग हातले पक्रेर खानुपर्दछ । त्यसरी नखाएसम्म पात्रमा नै राख्नुपर्दछ । दोस्रो भाँडाालाई त्याग गरेको कारण कुनै रूखको पात पनि लिनु योग्य हुँदैन ।

प्रभेद = यो पनि तीन प्रकारको छ – त्यसमा उत्कृष्ट धुतांगधारीले ऊखु खाने समय अतिरिक्त, अन्य खाना खांदा केही पनि छोड्नु हुँदैन । भातको पिण्ड, माछा, मासु, मालपुवालाई पनि टुक्राएर खानु हुँदैन । खान अयोग्य पहिले नै फ्याँक्नुपर्दछ र भातका पिण्डहरू खानुअघि नै टुक्रा पार्नुपर्दछ । मध्यम धुतांगधारीले एक हातले टुक्र्याएर खान सक्दछ । यसलाई हस्तयोगी भनिन्छ । मृदु धुतांगधारीलाई पात्रयोगी भनिन्छ । उसको लागि जुन पात्रमा राख्नसक्ने लायक हुन्छ, त्यस सबैलाई हातद्वारा या दाँतले टुक्र्याएर खान सक्दछ ।

भेद = यी तीनैको पनि धुतांग अन्य भाँडालाई लिने क्षण भंग हुन्छ ।

गुण = नानाप्रकारका रसहरूको तृष्णा नहुनु, भोजन गर्ने अत्यधिक इच्छा नराख्नु, आहारको प्रयोजनलाई देख्नु, थाल आदि बोक्नुबाट उत्पन्न दुःख नहुनु, अविक्षिप्त भएर भोजन गर्नु, अल्पेच्छता आदिअनुसार जीवन हुनु ।



Downloaded from http://www.dhamma.digital

*नाना भोजनविक्खेपं हित्वा ओखित्तलोचनो ।*
*खणन्तो विय मूलानि रसतण्हाय सुब्बतो ॥*
*सरुपं विय सन्तुट्ठिं धारयन्तो सुमानसो ।*
*परिभुञ्जेय्य आहारं को अञ्ञो पत्तपिण्डिका ॥*

(नाना भोजनको विक्षेपलाई त्यागेर, आँखा तल झुकाएर हिडने, सन्तोष धारण गर्दै, प्रसन्न चित्तले खाना खाने, रस तृष्णाको जरा उखेलेजस्तै भएको सुव्रती पात्रपिण्डिक भिक्षुलाई छाडेर अरु को आहार खाने छ ?)

## ७. खलुपच्छाभतिकांग

समादान = "अतिरिक्त भोजन त्याग्दछु या खलुपच्छाभत्तिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा खलुपच्छाभत्तिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस खलुपच्छाभत्तिकलाई खाइसकेपछि फेरि भोजन कल्प्य गराएर खानु हुँदैन ।

प्रभेद = यो पनि तीन प्रकारको छ । जुन भिक्षान्न खान अयोग्य हुन्छ त्यसलाई प्रवारण भिक्षान्न भनिन्छ । त्यसमा उत्कृष्ट धुतांगधारीले प्रवारण नगरिएको प्रथम भिक्षान्न खाइसकेपछि फेरि अर्को प्रवारित भिक्षान्नलाई खानु हुँदैन । मध्यम धुतांगधारीले जुन भोजनलाई प्राप्त गर्दछ त्यसैलाई खान सक्दछ । मृद धुतांगधारीले जबसम्म आसनदेखि उठ्दैन, तबसम्म खान सक्दछ ।

भेद = यी तीनैको पनि खाइसकेपछि कल्प्य गराई खाएको क्षण धुतांग भंग हुन्छ ।

गुण = अतिरित्त भोजन खाने आपत्तिदेखि बच्नु, खञ्चुवा स्वभावको नहुनु, आमिषको संचय नगर्नु, फेरि भिक्षान्न नखोज्नु, अल्पेच्छता आदिअनुसार जीवन हुनु ।

*परियेसनाय खेदं न याति न करोति सन्निधिं धीरो ।*
*ओदरिकत्तं पजहति खलुपच्छाभतिको योगी ॥*

(खलुपच्छाभत्तिक धीर योगी (भिक्षु) भोजन खोज्ने दुःख उठाउँदैन, न त संचय गर्दछ, खञ्चुवा स्वभावलाई त्याग्दछ ।)

*तस्मा सुगतपसत्थं सन्तोसगुणादि वुड्ढीसञ्जननं ।*
*दोसे विधुनितकामो भजेय्य योगी धुतङ्गमिदं ॥*

(यसैले सन्तोष आदि गुणहरूलाई बढाउने, दोषहरूलाई नाश गर्ने इच्छाले सुगतद्वारा प्रशंसित यस धुतांगलाई योगीले पालन गरोस् ।)

## ८. आरण्यकांग

समादान = "गाउँको शयनासनलाई त्याग्दछ या आरण्यकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा आरण्यकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस आरण्यकले गाउँको शयनासनलाई छाडी जंगलमा सबेरै अरुणोदयसम्म



Downloaded from http://www.dhamma.digital

रहनुपर्दछ ।

## शयनासन प्रमाण

उपचार सिमाना भएको गाउँ नै ग्रामान्त शयनासन हो । जुनकुनै एक झोपडी मात्र अथवा अनेक झोपडी भएको, घेरिएको अथवा नघेरिएको, मानिस भएको वा मानिस नभएको, यहाँसम्म कि चार महिनाभन्दा बढी बसेको सार्थ (यात्रा टोली) पनि गाउँ नै हो । प्रकारद्वारा घेरिएको गाउँको सम्बन्धमा, श्रीलंकाको पुरानो राजधानी अनुराधपुरजस्तो यदि दुई इन्द्रखील (मूल ढोकामा राखिएको ढुंगाको खम्बा) हुन्छ तब मूलद्वारमा उभिएर मध्यम कद भएको मानिसले फ्याँकेको ढुंगा खस्ने दुरीसम्म गाउँको उपचार सिमाना हुन्छ । त्यसको लक्षण - "जसरी जवान मानिस आफ्नो बललाई देखाउँदै हातलाई फैलाएर ढुंगा फ्याँक्छ, यस्तो फ्याँकिएको ढुंगा झर्ने स्थानको भित्र" भनी विनयधर भन्दछ । तर सौत्रान्तिकले भने "कागलाई भगाउनको लागि हानिएको ढुंगा झर्ने क्षेत्र भित्रमा" भनी भन्दछ । नघेरिएको गाउँको सम्बन्धमा जुन सबभन्दा अन्तको घरद्वारमा उभिएकी स्त्रीले भाँडाबाट पानी फ्याल्दा भिज्ने स्थानसम्म घरको उपचार सिमाना हो । त्यस घरको उपचार सिमानाबाट माथि भनेअनुसार ढूंगा फ्याँक्दा झरेको स्थानसम्म गाउँ भनिन्छ र त्यहाँबाट फेरि ढूंगा फ्याँक्दा झरेको स्थान गाउँको उपचार सिमाना हो ।

आरण्य – विनयपिटक, पाराजिक पालि (२) को पर्यायले - 'गाउँ र सिमानालाई छाडी, बाँकी सबै आरण्य भनिएको छ । अभिधर्मपिटकको विभंग (१२) को पर्यायले "इन्द्रखीलदेखि बाहिर निस्केर सब आरण्य" भनिएको छ । तर सूत्रान्तको पर्यायमा लक्षण यसप्रकारको छ - आरण्यक शयनासन कमसेकम पाँचसय धनुष (२,००० हात) हुन्छ, । त्यसलाई नघेरिएको गाउँको सन्दर्भमा आचार्यद्वारा चढाइएको धनुषद्वारा र घेरिएको गाउँको सन्दर्भमा पहिलो ढुंगा खसेको ठाउँदेखि लिएर जंगल विहारको घेरासम्म नापेर ठीक गर्नुपर्दछ ।

यदि विहार घेरिएको छैन भने विनयको अर्थकथाअनुसार जुन सबभन्दा पहिले शयनासन, भोजनशाला, सर्वदा एकत्रित हुने स्थान (वैठक), बोधिवृक्ष र चैत्य हुन्छ, शयनासन भने टाढा पनि हुन सक्छ, त्यसलाई अलग गरी नाप्नुपर्दछ । तर मज्झिम निकायको अर्थकथानुसार विहार र गाउँको उपचार सिमानालाई छाडेर दुवै ढुंगा झर्ने स्थानको बीचलाई नाप्नुपर्दछ भनी भनिएको छ ।

यद्यपि नजिकै गाउँ छ, त्यहाँबाट विहारमा बसेको भिक्षहरुलाई मनुष्यहरूको शब्द सुनिन्छ, पहाड, नदी आदि बीचबीचमा हुनाले सिधा जान सकिँदैन भने जुन उसको स्वाभाविक मार्ग भए, नाउद्वारा जानुपर्दा त्यस मार्गमा पाँचसय धनुष लिनुपर्दछ । तर कसैले ध्यान अभ्यासको लागि हो भनी बहाना बनाएर यदि नजिकको गाउँको ठाउँठाउँमा मार्ग बन्द गर्दछ भने उसलाई धुतांग चोर भनिन्छ ।

विधान = यदि आरण्यक भिक्षुको उपाध्याय या आचार्य बिरामी हुन्छ भने आरण्यमा पथ्य (आवश्यक सामान)लाई नपाएको कारण गाउँको शयनासनमा लगेर सेवा गर्नुपर्दछ । तर त्यस स्थानबाट समयानुसार सबेरै निस्केर आफ्नो धुतांगको अंगयुक्त स्थानमा पुगेर अरुणोदय गर्नुपर्दछ । यदि अरुणोदयको समयसम्म पनि रोगीको रोग बढ्दछ भने रोगीको नै काम गर्नुपर्दछ । धुतांगको शुद्धिलाई हेर्नु हुँदैन ।



Downloaded from http://www.dhamma.digital

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले सर्वदा आरण्यमा अरुणोदय विताउनुपर्दछ । मध्यम धुतांगधारीले वर्षाको चार महिना, गाउँमा बस्न सक्दछ । मृदु धुतांगधारीले जाडोमा पनि बस्न सक्दछ ।

भेद = यी तीनैको नियत समयानुसार आरण्यदेखि आएर गाउँको शयनासनमा धर्मोपदेश सुन्दै अरुणोदय भएमा पनि धुतांग भंग हुँदैन । सुनेर जाँदै गरेको अवस्थामा मार्गमा अरुणोदय हुँदा पनि त्यो भंग हुँदैन । तर धर्मोपदेशक उठेर जाँदा पनि "क्षणभरजति सुतेर जानेछु" भनी सुत्दासुत्दै अरुणोदय हुन्छ वा आफ्नो इच्छाले गाउँको शयनासनमा बस्दाबस्दै अरुणोदय गर्दछ भने धुतांग भंग हुन्छ ।

गुण = आरण्यक भिक्षु आरण्यको गुणलाई मनमा राखी नपाएको समाधि प्राप्त गर्न समर्थ हुन्छ या प्राप्त गरेकोलाई रक्षा गर्न सक्दछ भने शास्ता पनि उसमाथि प्रसन्न हुन्छ । जस्तैअंगुत्तर निकाय (३,२,३) अनुसार भनिएको छ – "नागित, म त्यस भिक्षुको आरण्य विहारदेखि प्रसन्न छु ?" एकान्त शयनासनवासी यस भिक्षुको चित्तलाई अनुचित रूप आदिले विक्षिप्त गर्दैन । तसर्थ ऊ भयरहित हुन्छ, जीउने इच्छा त्याग्दछ, एकान्त सुखको रसको अनुभव गर्दछ, पांशुकूलिक आदि हुन पनि ऊ योग्य हुन्छ ।

*पविवितो असंसट्ठो पन्तसेनासने रतो ।*
*आराधयन्तो नाथस्स वनवासेन मानसं ॥*
*एको अरञ्ञे निवसं यं सुखं लभते यति ।*
*रसं तस्स न विन्दन्ति अपि देवा सइन्दका ॥*

(एकान्त चिन्तनमा लीन, संसर्गरहित, एकान्त शयनासनमा लागेको, वनको वासद्वारा नाथ (भगवान्)को मनलाई प्रसन्न गर्दै, एकलै जंगलमा रहने यति, जुन सुखलाई प्राप्त गर्दछ, त्यसको रसलाई इन्द्रसाथै सबै देवताहरूले पनि पाउन सक्दैन ।

*पंसूकूलं च एसो व कवचं विय धारयं ।*
*अरञ्ञसंगामगतो अवसेसधुतायुधो ॥*
*समत्थो नचिरस्सेव जेतुं मारं सवाहनं ।*
*तस्मा अरञ्ञवासम्हि रतिं कयिराथ पण्डितो ॥*

(यो पांशुकूललाई कवचजस्तैं धारण गरेको, आरण्यसंग्राममा गएको अवशेष धुतांगरुपी हतियारहरूद्वारा सुसज्जित भिक्षुले थोरै दिनमा सेनासाथ मारलाई जित्न समर्थ हुन्छ । यसैले आरण्यवासमा पण्डित सुख गरोस् ।)

### ९. वृक्षमूलिकांग

समादान = "छाएकोलाई त्याग्दछु, रूखमुनि बस्ने बृक्षमूलिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा वृक्षमूलिकांग ग्रहण गर्न सकिन्छ ।

विधान = त्यस वृक्षमूलिकलाई देशको सीमामा भएको रूख, देवी देवताहरूको चैत्यमा भएको वृक्ष, गुंद आउने रूख, फलको रूख, चमेराहरू भएको रूख, खोक्रो भएको रूख, विहारको बीच भएको



Downloaded from http://www.dhamma.digital

रूख, यी रूखहरूलाई छाडी विहारदेखि टाढा रूखलाई ग्रहण गर्नुपर्दछ।

प्रभेद = यो पनि तीन प्रकारको छ। त्यसमा उत्कृष्ट धुतांगधारीले रूचिअनुसार रूख ग्रहण गरी सफासुग्घर गराउन सक्दैन। झरेको पातहरूलाई खुट्टाले हटाएर बस्नुपर्दछ। मध्यम धुतांगधारीले त्यस स्थानलाई आएका मानिसहरूद्वारा सफासुग्घर गराउन सक्छ। मृदु धुतांगधारीले विहारको श्रामणेरहरूलाई बोलाएर सफा गराई, बराबर गरी बालु बिछ्याई, पर्खालले घेरा लगाई, ढोका लगाउन सक्दछ। पूजाको दिन वृक्षमूलिक त्यहाँ नबसेर अन्य स्थानको आडमा बस्नुपर्दछ।

भेद = यी तीनै धुतांग छाइएको स्थानमा वास गर्दा क्षण भंग हुन्छ। तर जानीजानी छाइएको स्थानमा अरुणोदय हुँदासम्म बस्दछ भने धुताङ्ग भङ्ग हुन्छ भनी अंगुत्तर भाणक भन्दछ।

गुण = "वृक्षमूलयुक्त शयनासनको सहारा प्रव्रज्या हो" महावग्गको यस वाक्यद्वारा निश्रयानुसार प्रतिपतिको हुनु। "उनीहरू थोरै छन् तर सुलभ र निर्दोष छन्" भनी भगवान्द्वारा प्रशंसित प्रत्ययको हुनु, हर समय रूखका पातहरूका विकारहरूलाई देख्नाले अनित्यको विचार उत्पन्न हुनु, शयनासनको कंजुसी र नाना काममा जुटिरहन नपर्ने हुनु, देवताहरूकोसाथ रहनु, अल्पेच्छता आदिअनुसार जीवन हुनु।

*वण्णितो बुद्धसेट्ठेन निस्सयोति च भासितो।*
*निवासो पविवित्तस्स रुक्खमूल समो कुतो।*

(श्रेष्ठ भगवान् बुद्धद्वारा प्रशंसित र निश्रय भनिएको एकान्त निवासको लागि वृक्षमूलजस्तै अन्य निवास के हुन्छ ?)

*आवासमच्छेरहरे देवता परिपालिते।*
*पविवित्ते वसन्तो हि रुक्खमूलम्हि सुब्बतो॥*
*अभिरत्तानि नीलानि पण्डूनि पतितानि च।*
*पस्सन्तो तरुपण्णानि निच्चसञ्ञं पनूदति॥*

(आवास सम्बन्धी कञ्जुसी हराउँछ। देवताहरूद्वारा परिपालित एकान्तमा वृक्षमुनि रहँदै, शीलवान् भिक्षु रातो, नीलो र पहेंलो खसेको रुखको पातहरूलाई हेर्दै, नित्य हुने बिचारलाई छाडिदिन्छ।)

*तस्मा हि बुद्धदायज्जं भावनाभिरतालयं।*
*विवित्तं नातिमञ्ञेय्य रुक्खमूलं विचक्खणो॥*

(यसैले बुद्ध दायाद, भावनामा लागिरहने आलय र एकान्त वृक्षमूललाई बुद्धिमान भिक्षु अवहेलना नगरोस्।)

### १०. अभ्यवकाशिकांग

समादान = "छाएको र वृक्षलाई त्याग्दछु या खुला मैदानमा बस्ने व्रतलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा अभ्यवकाशिकांग ग्रहण गर्न सकिन्छ।

विधान = त्यस अभ्यवकाशिकलाई धर्म सुन्नको लागि छाएको स्थानमा या उपोसथ गर्नका लागि



Downloaded from http://www.dhamma.digital

उपोसथ गृहमा पस्नुपर्दछ । यदि त्यसरी पस्दा वर्षा हुन्छ भने वर्षा भएसम्म ननिस्केर वर्षा समाप्त भएपछि मात्र निस्कनुपर्दछ। साथै भोजनशाला अथवा अग्निशालामा गएर व्रत गर्ने समय, भोजनशालामा बूढा भिक्षुहरूलाई भोजन दिने समय, पढ्ने या पढाउने समय भिक्षुहरूले बाहिर राखेको खाट, पिर्का आदिलाई भित्र राख्ने समय छाएका स्थानमा पस्नुपर्दछ । यदि बाटोमा हिंड्दा आफूभन्दा बूढा भिक्षुहरूको परिष्कार ग्रहण गरेको समयमा वर्षा भएमा बाटोमा स्थित शालामा पस्नुपर्दछ। तर केही पनि लिएको छैन भने "शाखामा उभिनेछु" भनि सोचर छिटो हिंड्नु हुँदैन। स्वाभाविक चालले गएर ओत लागेर वर्षा नरोकिएसम्म रोकिएर जानुपर्दछ। वृक्षमूलिकको पनि यसैप्रकार विधान जानुपर्दछ।

प्रभेद = यो पनि तीन प्रकारको छ । त्यसमा उत्कृष्ट धुतांगधारीले रूख, पहाड वा घरको सहारा लिएर बस्नु हुँदैन । खुला मैदानमा नै चीवरको कुटी बनाई रहनुपर्दछ । मध्यम धुतांगधारी घरको सहाराविना रूख, पहाडको मात्र आढ लिएर बस्न सक्दछ। मृदु धुतांगधारीले मर्यादा (गुफाभित्र पानी नजाओस् भनि गुफामाथि खनेको सानो रेखा नाली) नकाटिएको गुफा पनि, हाँगाहरूबाट बनिएको मण्डप पनि, पीनाले जमा गरी कडा गरिएको कपडा र खेतको हेरबिचार गर्नेहरूले छाडिराखेको झोपडी प्रयोग गर्न सक्दछ।

भेद = यी तीनवटै धुतांग बस्ने उद्देश्य लिएर छाएको स्थान र रूखतल जानासाथ भंग हुन्छ। "जानीजानी त्यहाँ अरुणोदय गरेमात्र पनि भंग हुन्छ" भनी अंगुत्तर भाणक भन्दछ।

गुण = आवासको बाधाहरूको उपच्छेद (नाश) हुनु, थिनमिद्ध (मानसिक र शारीरिक आलश्य) को नाश हुनु, "मृगजस्तो विचरण गर्ने भिक्षु आलयरहित र घरविहीन भएर विहार गर्दछ।" संयुक्त निकाय (१,१,९,४) अनुसार यसप्रकार गरिएको प्रशंसायोग्य हुनु, घरबाररहित हुनु, चारै दिशाहरूमा जानु, अल्पेच्छता आदिअनुसार वृत्ति ।

*अनगारियभावस्स अनुरुपे अदुल्लभे ।*
*तारामणि वितानम्हि चन्ददीपप्पभासिते ॥*
*अब्भोकासे वसं भिक्खु मिगभूर्तेन चेतसा ।*
*थीनमिद्धं विनोदेत्वा भावनारामतं सितो ॥*
*पविवेक रसस्सादं न चिरस्सेव विन्दति ।*
*यस्मा तस्मा हि सप्पञ्ञो अब्भोकासे रतो सिया ॥*

(प्रव्रजितहरूको अनुरुप, सुलभ, तारामणिद्वारा सजिएको, चन्द्ररुपी बत्तीद्वारा प्रभासित, खुला मैदानरुपी चउरमा भिक्षु मृगजस्तो मनयुक्त भएर बस्दै, शारीरिक र मानसिक आलस्यलाई हटाई, भावना गर्दै तुरुन्त नै प्रविवेक (एकान्त चिन्तन)को रस्वादन गर्दछ, यसैले प्रज्ञावान् भिक्षु खुला मैदानमा रहने अभ्यास गरोस् ।)

### ११. श्मशानिकांग

समादान = "श्मशानलाई त्यागिदन या श्मशानिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा श्मशानिकांग ग्रहण गर्न सकिन्छ।

विधान = त्यस श्मशानिकले जुन ठाउँमा मानिसको गाउँ बसाउँदै "यो श्मशान हो" भनी



Downloaded from http://www.dhamma.digital

मान्दछ, त्यहाँ बस्नु हुँदैन । किनकि लाश नजलाएको स्थान श्मशान हुँदैन । लाश जलाउन छाडेको बाह्र वर्ष पुगेको ठाउंलाँई श्मशान नै भनिन्छ ।

त्यसमा चक्रमण, मण्डप आदि बनाई, खाट, पिर्का विछ्याई, पिउनको लागि पानी राखी धर्म पाठ गर्दै बस्नु हुँदैन । यो धुतांग धेरै कठिन छ । यसैले उत्पन्न उपद्रव मिटाउनको लागि संघ स्थविर या राजकर्मचारीलाई भनेर अप्रमादले रहनुपर्दछ । चक्रमण गर्दा समय, आधा आँखाले मूर्दाघाटी (मूर्दा जलाउने स्थान)लाई हेर्दै चक्रमण गर्नुपर्दछ । श्मशानमा जाँदा पनि महामार्गबाट उत्रेर, अलग बाटो हिंड्नुपर्दछ । दिनमा नै आलम्बनलाई राम्ररी हेरेर मनमा राख्नुपर्दछ । यसरी गर्नाले उसको लागि त्यो रात्री भयानक हुँदैन । अमनुष्यहरूले शोर गरी घुमे तापनि कुनै वस्तुद्वारा हिर्काउनु हुँदैन । श्मशानमा नित्य ज़ानुपर्दछ । "रातको दोस्रो प्रहारलाई श्मशानमा बिताएर अन्तिम प्रहरमा फर्किनुपर्दछ" भनी अंगुत्तर भाणक भन्दछ । अमुष्यहरूको प्रिय तिलको मालपुवा, केराउ मिसिएको खिचडी, माछा, मासु, दूध, तेल, सक्खर आदि खाद्य भोज्यलाई खानु हुँदैन । मानिसहरूको घरमा जानु हुँदैन ।

प्रभेद = यो पनि तीन प्रकारको छ । उत्कृष्ट धुतांगधारीले जहाँ हमेशा मूर्दा जलाउँछ, हमेशा मुर्दा राखिन्छ, हमेशा रुवाबासी भइरहन्छ, त्यस्तो स्थानमा बस्नुपर्दछ । मध्यम धुतांगधारीको लागि ती तीन स्थानहरुमध्ये कुनै एक भए पनि ठीक हुन्छ । मृद धुतांगधारीले उक्तप्रकारको श्मशानलाई पाए मात्र पनि उचित नै हुन्छ ।

भेद = यी तीनवटै धुतांग श्मशान नभएको स्थानमा वास गर्नासाथ भंग हुन्छ । साथै "श्मशानमा नजाने दिनमा पनि" भंग हुन्छ भनेर अंगुत्तर भाणक भन्दछ ।

गुण = मर्ने विचार आइरहनु, अप्रमादपूर्वक विहार गर्नु, अशुभ निमित्तको लाभ हुनु, कामरागको दूरीकरण हुनु, हमेशा शरीरको स्वभावलाई हेर्नु, संवेगको अधिकता हुनु, आरोग्यता आदिको घमण्डलाई त्याग गर्न सक्नु, भय र भयानकताको सहनशीलता हुनु, अमनुष्यहरूको गौरवनीय हुनु, अल्पेच्छ आदिअनुसार जीवन हुनु ।

*सोसानिकं हि मरणानुसतिप्पभावा ।*
*निद्दागतम्पि न फुसन्ति पमाददोसा ॥*
*सम्पस्सतो च कुणपानि बहूनि तस्स ।*
*कामानुराग वसगम्पि न होति चित्तं ॥*

(श्मशानिकलाई मरणानुस्मृतिको प्रभावले निद्रालु हुने प्रमादबाट उत्पन्न दोषलाई पनि छुन पाउँदैन र धेरै लाशलाई हेर्दाहेर्दै उसको चित्त कामरागको पनि वशिभूत हुँदैन ।)

*संवेगमेति विपुलं न मदं उपेति ।*
*सम्मा अथो घटति निब्बुतिमेसमानो ॥*
*सोसानिकंगमिति नेकगुणावहत्ता ।*
*निब्बाननिन्न हदयेन निसेवितब्बं ॥*

(धेरै संवेग उत्पन्न हुन्छ घमण्ड आउँदैन, ऊ शान्ति (निर्वाण)लाई खोज्दै राम्ररी उद्योग गर्दछ, यसैले अनेक गुणहरूलाई ल्याउने श्मशानिकांगलाई निर्वाणतर्फ झुकिएको हृदयले नै सेवन गर्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

## १२. यथासंस्थरिकांग

समादान = "शयनासनको लोलुपतालाई त्यागदछु या यथासंस्थारिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा यथासंस्थारिकांग ग्रहण गर्न सकिन्छ।

विधान = त्यस यथासंस्थारिकले "यो तिम्रो लागि हो" भनेर उसको लागि जुन दिइएको शयनासन हुन्छ त्यसैबाट सन्तोष गर्नुपर्दछ। अन्य शयनासनमा अरुलाई उठाउनु हुँदैन।

प्रभेद = यो पनि तीन प्रकारको छ। उत्कृष्ट धुतांगधारीले आफ्नो शयनासनलाई " के टाढा छ ? धेरै नजिक छ ? या अमनुष्य, दीर्घ जातिक (साँप) आदिद्वारा उपद्रवयुक्त छ अथवा गर्मी या शीतल छ ?" भनी सोध्न सक्दैन । मध्यम धुतांगधारीले सोध्न सक्दछ । तर गएर हेर्न सक्दैन । मृदु धुतांगधारीले गएर हेरेर, यदि त्यो उसलाई राम्रो लाग्दैन भने अर्कोलाई ग्रहण गर्न सक्दछ।

भेद = यी तीनवटै धुतांग शयनासनको लोलुपता उत्पन्न भएमा भंग हुन्छ।

गुण = "जुन मिल्छ त्यसमा सन्तोष गर्नु," जवनहंस जातक (४७६) र पाचित्तिय पालिअनुसार उपदेशको पालन गर्नु, सब्रम्हचारीहरूको हितैषी हुनु, हीन, उत्तमको विचारको त्याग हुनु, अनुरोध र विरोधको प्रहाण हुनु, अधिक इच्छाको ढोकालाई बन्द गर्नु, अल्पेच्छता आदिअनुसार जीवन हुनु।

*यं लद्धं तेन सन्तुट्ठो यथासन्थतिको यति।*
*निब्बिकप्पो सुखं सेति तिणसन्थरणेसुपि॥*

(जे पाइन्छ त्यसैमा सन्तुष्ट रहने यथासंस्थारिक भिक्षु बिछ्याएको घाँसमा पनि निर्विकल्प सुखपूर्वक सुत्दछ।)

*न सो रज्जति सेट्ठम्हि हीनं लज्जा न कुप्पति।*
*सब्रह्मचारि नवके हितेन अनुकम्पति॥*

(ऊ उत्तम पाएर त्यसमा राग गर्दैन र न त हीन पाएर क्रोध नै गर्दछ । नयाँ सब्रह्मचारीहरूको भलाई गरिनयोग्य अनुकम्पा गर्दछ।)

*तस्मा अरियसताचिण्णं मुनिपुंगव वण्णितं।*
*अनुयुञ्जेथ मेधावी यथासंथतरामतं॥*

(त्यसैले आर्यजनहरूद्वारा बराबर सेवित भएको, मुनिपुंगव (भगवान् बुद्ध) द्वारा प्रशंसित यथासंस्थर विहारमा प्रज्ञावान् जुटोस्।

## १३. नैषधिकांग

समादान = "ओछ्यानलाई त्यागदछु या नैषधिकांगलाई ग्रहण गर्दछु" यीमध्ये कुनै एक वाक्यद्वारा नैषधिकांग ग्रहण गर्न सकिन्छ।

विधान = त्यस नैषधिकलाई रात्रीको तीन प्रहरमध्ये एक प्रहर उठेर चक्रमण गर्नुपर्दछ।। बस्ने, सुत्ने, उठ्ने र हिड्ने इर्यापथहरूमा सुत्नु हुँदैन।



Downloaded from http://www.dhamma.digital

प्रभेद = यो पनि तीन प्रकारको छ । उत्कृष्ट धुतांगधारीले अढेस लिनु हुदैन । न चीवरसंग पलेटी मार्नु हुन्छ र न आयोगपट्ट (सुत्दा पल्टिन्छ भनेर बाध्ने कपडा) नै ग्रहण गर्न सक्दछ । मध्यम धुतांगधारीले यी तीनमध्ये सबै प्रयोग गर्न सक्दछ । मृदु धुतांगधारीले अढेस लिने, चीवरसंग पलेटी मार्ने, आयोगपट्ट, तकिया, र पाँच अंगयुक्त आसन, सात अंगहरूयुक्त आसन पनि प्रयोग गर्न सक्दछ । पाँच अंगयुक्त आसन भनिन्छ - पीठ्यूँको अढेस लाग्नेसहितको चारखुट्टे कुर्सी या आसनलाई । पीठ्यूँको अढेस लाग्नेसंगै दुवै छेउमा हात राख्न बनाइएको कुर्सी या आसन सात अंगयुक्त आसन भनिन्छ । त्यसलाई पील्हाभय स्थविरको लागि बनाइएको थियो । स्थविर अनागामी भएर परिनिवृत्त हुनुभयो ।

भेद = यी तीनवटै धुताङ्ग शय्या सेवन गर्नाले भंग हुन्छ ।

गुण = "शय्यासुख, ओल्टेकोल्टे फेर्दै सुत्ने सुख र निन्द्रासुखमा लागी विहार गर्दछ" भनिएको चित्तको बन्धनको नाश गर्नु, सबै कर्मस्थानहरूमा लाग्नको लागि सहुलियत, सुन्दर इर्यापथको हुनु, उद्योग गर्ने अनुकुलता हुनु, राम्ररी प्रतिपत्तिलाई पूर्ण गर्नु ।

*आभुजित्वान पल्लकं पणिधाय उजुं तनुं ।*
*निसीदन्तो विकम्पेति मारस्स हदयं यति ॥*

(शरीरलाई सिधा गरी पलेटी मारी बस्ने योगीले मारको हृदयलाई कम्पन गराउँछ ।)

*सेय्यसुखं मिद्धसुखं हित्वा आरद्धवीरियो ।*
*निसज्जाभिरतो भिक्खु सोभयन्तो तपोवन ॥*
*निरामिसं पीतिसुखं यस्मा समधिगच्छति ।*
*तस्मा समनुयुञ्जेय्य धीरो नेसज्जिकं वतं ॥*

(शय्या र निद्राको सुखलाई त्यागेर आरब्धवीर्य (उद्योगी) बसेर बिताउनुमा रत भिक्षु तपोवनलाई सुशोभित गर्दै, निरामिष प्रीतिसुखलाई पाउँदछ । यसैले धीर भिक्षु नैषधिक व्रतमा लागोस् ।)

## विनिश्चय कथा

*कुसलत्तिकतो चेव धुतादीनं विभागतो ।*
*समासब्यासतो चापि विञ्ञातब्बो विनिच्छयो ॥*

(१. कुशल त्रिक, २. धुतांग आदिको विभाग र ३. संक्षेप तथा विस्तारले पनि धुतांगको विनिश्चय जान्नुपर्दछ ।)

(१) कुसल त्रिकलेसबै धुतांग शैक्ष्य, पृथग्जन, क्षीणास्रवअनुसार कुशल हुन सक्दछ, अब्याकृत हुन सक्दछ, तर धुतांग अकुशल हुन सक्दैन । तर जसले भन्दछ - "खराव इच्छुक, इच्छाचारी आरण्यक हुन्छ" आदि अंगुत्तर निकाय (३,)को वाक्यद्वारा धुतांग अकुशल पनि हुन्छ । उसलाई भन्नुपर्दछ - हामी यो भन्दैनौं कि आरण्यकको अकुशल चित्त हुँदैन । हामी भन्दछौं कि जो आरण्यमा रहन्छ ऊ आरण्यक हो, चाहे ऊ खराब इच्छा भएको होस् या अल्पेच्छ होस् । तर धुतांगको परिभाषामा नै भनेअनुसार त्यसत्यस धुतांगहरुको ग्रहणद्वारा क्लेशहरूलाई धोइएको हुनाले, धोइएको योग (धुत) को भएको अथवा



Downloaded from http://www.dhamma.digital

क्लेशहरूलाई फट्कारी सकेको अर्थमा "धुत" नामले व्यवहृत ज्ञानको अंग भएको हुनाले धुतांग भनिएको हो । या त्यो योग (धुत) हो जसले ती क्लेशहरू धोइन्छन् र प्रतिपत्तिको विरुद्ध विषयहरूलाई फट्कार्नाले अंग बनिएको हुनाले योगको अंग धुतांग भनिन्छ । अथवा कुनै पनि अकुशल धुत (धोइएको) हुँदैन, जसमा यी अंग नहोस् । किनकि अकुशलले केही पनि फट्कार्दैन, जसको अंग मानेर धुतांग भनियोस् । न त चीवरको लोलुपता आदिलाई नै फट्कार्न सक्छ र न प्रतिपत्तिको अंग नै हुन्छ । यसैले यो ठीक भनिएको छ कि "अकुशल धुतांग हुदैन ।"

श्रीलंकाको अभयगिरि विहारवासी आदि जसको भनाई छ कि धुतांग कुशलत्रिकदेखि अलग छ, उसको लागि असलमा धुतांग नै छैन । यदि धुतांग कुशलत्रिक नहुने भए केलाई फट्कार्नाले धुतांग भनिन्छ ? किनकि उनीहरुको कुरा मान्ने हो भने "धुतको गुणहरूलाई पालन गरिरहेछ" यस वचनको विरोध पनि हुन्छ, अत त्यस विचारलाई मान्नु हुँदैन ।

(२) धुत आदिको विभागले - यसको लागि (१) धुत, (२) धुतवादी, (३) धुतधर्म, (४) धुतांग (५) कसको लागि धुतांगको सेवन उपयुक्त छ आदि जान्नुपर्दछ ।

(१) धुत = क्लेश धोइएको व्यक्ति अथवा क्लेशहरूलाई फट्कार्ने धर्म ।

(२) धुतवादी = यहाँ (१) धुत हो, धुतवादी होइन (२) धुत होइन, धुतवादी हो (३) न धुत हो न धुतवादी हो (४) धुत पनि हो, धुतवादी पनि हो आदिलाई पनि जान्नुपर्दछ ।

(१) धुत हो, धुतवादी होइन = जुन धुतले आफ्नो क्लेशहरूलाई सफा गर्दछ तर अरूको धुतांगको लागि उपदेश गर्दैन, अनुशासन गर्दैन, वक्कुल स्थविरजस्तै ऊ धुत हो, धुतवादी होइन । जस्तै भनिएको छ "यो आयुष्मान् वक्कुल धुत हो, तर धुतवादी होइन" ।

(२) धुत होइन, धुतवादी हो = जो धुतांगले आफ्नो क्लेश धुदैन, मात्र अरूलाई धुतांगको उपदेश गर्दछ, अनुशासन गर्दछ, उपनन्द स्थविरजस्तै, ऊ धुत होइन, धुतवादी हो । जस्तै भनिएको छ - "यो आयुष्मान् शाक्यपुत्र उपनन्द धुत होइन, धुतवादी हो ।"

(३) न धुत हो न धुतवादी हो = जो दुवैरहित छ, लालुदायीजस्तै, ऊ न त धुत हो न धुतवादी हो । जस्तै भनिएको छ "यो आयुष्मान् लालुदायी न धुत हो, न धुतवादी हो ।"

(४) धुत पनि हो धुतवादी पनि हो = जो दुवैयुक्त छ, धर्म सेनापति झैं, ऊ धुत हो र धुतवादी पनि हो । जस्तै भनिएको छ "यो आयुष्मान् सारिपुत्र धुत हो र धुतवादी पनि हो ।"

(३) धुतधर्म = (१) अल्पेच्छता, (२)सन्तुष्टिभाव, (३) सल्लेखता, (४) प्रविवेकको हुनु, (५) ज्ञानमा लागेको हुनु, यी पाँच धर्म धुतांग परिवारका चेतनाहरू हुन् । "अल्पेच्छको नै सहाराले" आदि अंगुत्तर निकाय (३) को वचनद्वारा धुतधर्म हुन्छ ।

त्यसमा अल्पेच्छता र सन्तुष्टि अलोभ हो । सल्लेखता र प्रविवेक अलोभ र अमोह दुवैमा आउँछ । यसैमा लाग्नु, ज्ञान हो । अलोभद्वारा निषेध गरिएको वस्तुहरूमा लोभलाई फट्कार्छ र अमोहद्वारा निषेध गरिएको वस्तुहरूमा दोषहरूलाई प्रश्रय दिने मोहलाई फट्कार्छ । अलोभले भगवान्द्वारा बताइएको वस्तुहरुका प्रतिसेवन गर्नाले प्रवर्तित कामसुख (कामसुखल्लिकानुयोगो)मा लाग्नुलाई



Downloaded from http://www.dhamma.digital

र अमोहले धुतांगमा अत्यन्त सल्लेखद्वारा प्रवर्तित आफूलाई नानाप्रकारद्वारा कष्ट दिनमा लागिरहने (अत्तकिलमथानुयोगो) लाई फट्कार्दछ। यसैले यी धर्महरूलाई धुतधर्म भनी जान्नुपर्दछ।

(४) धुतांगहरू = तेरह धुतांगहरूलाई जान्नुपर्दछ। पांशुकूलिकांग ... नैषधिकांग आदिका अर्थ र लक्षणमाथि बताइएका नै छन्।

(५) कसको लागि धुतांग सेवन उपयुक्त छ ? राग र मोहचरित भएकाहरूलाई धुतांग सेवन उपयुक्त छ। किन ? धुतांगको सेवन दुःख प्रतिपद र सल्लेख विहार हो। दुःख प्रतिपदको सहारा राग शान्त हुन्छ। सल्लेखको सहारा अप्रमतको मोह टाढिएर जान्छ। अथवा आरण्यकांग, वृक्षमूलिकांगको प्रतिसेवन द्वेषचरित्रको लागि उपयुक्त छ। विनासंघर्षको विहार गर्दै, उसको द्वेष पनि शान्त हुन्छ।

## (३) संक्षेप र विस्तारले -

(१) संक्षेपमा = तीन शीर्ष अंग (प्रधान अंग) र पाँच असम्भिन्न (अमिश्र) अंग, कुल आठ अंग हुन्छन्। त्यसमा सपदानचारिकांग, एकासनिकांग, अभ्यवकाशिकांग - यी तीन शीर्ष अंग हुन्। सपदानचारिकांगको पालन गर्दै पिण्डपातिकांगको पनि पालन गर्दछ। एकासनिकांगका पालन गर्दै पात्रपिण्डिकांग र खलुपच्छाभतिकांगको पनि पालन हुँदै जान्छ। अभ्यवकाशिकांगको पालन गर्नेलाई के गाह्रो छ वृक्षमूलिकांग र यथासंस्थारिकांगका पालन गर्नुलाई ? यसप्रकार यी तीन शीर्ष अंग हुन् र आरण्यकांग, पांशुकूलिकांग, त्रैचीवरिकांग, नैषधिकांग, श्मशानिकांग यी पाँच असम्भिन्न (अमिश्र) अंग हुन्। यी सबै आठ नै हुन्छन्।

पुनः दुई चीवर सम्बन्धी, पाँच पिण्डपात सम्बन्धी, पाँच शयनासन सम्बन्धी एक वीर्य सम्बन्धी यसप्रकार चारवटा हुन्छन्। जसअनुसार पांशुकूलिकांग र त्रैचीवरिकांग चीवर सम्बन्धी, पिण्डपातिकांग, सापदानचारिकांग, पात्रपिण्डिकांग, खलुपच्छाभत्तिकांग, यथासंस्थरिकांग पिण्डपात सम्बन्धी, एकासनिकांग, आरण्यकांग, वृक्षमूलिकांग, अभ्यवकाशिकांग, श्मशानिकांग शयनासन सम्बन्धी र नैषधिकांग वीर्य सम्बन्धी छन्।

पुनः सबै निश्रयानुसार पनि दुईवटा हुन्छन्। प्रत्यय सन्निश्रित बाह्र (१२) र वीर्य सम्बन्धी एक। सेवन गर्नयोग्य, असेवन गर्न अयोग्यानुसार पनि दुई नै हुन्छन्। जसको धुतांगको पालन गर्दै कर्मस्थान बढ्दछ, त्यसलाई त्यसको पालन गर्नुपर्दछ। जसको पालन गर्दै घट्दछ, त्यसलाई पालन नगर्दा पनि बढ्दछ, घट्दैन, भने उसलाई पनि भविष्यका भिक्षुहरुमाथि अनुकम्पा गर्दै धुतांगको पालन गर्नुपर्दछ। जसको पालन गर्दा पनि, पालन नगर्दा पनि बढ्दैन उसलाई पनि भविष्य फलको लागि धुतांगको पालन गर्नुपर्दछ।

यस्ता सेवनयोग्य र सेवनअयोग्यानुसार दुई प्रकारका भए तापनि सबै चेतनानुसार एक प्रकारको हुन्छ। किनकि सबै धुतांगहरुको धुतांग ग्रहण गर्नु नै चेतना हो। अर्थकथामा पनि भनिएको छ "जुन चेतना हो, त्यो धुतांग हो, यस्तो भनिन्छ।"

(२) विस्तारले = भिक्षुहरूको लागि तेह्र, भिक्षुणिहरूको लागि आठ, श्रामणेरहरूको लागि बाह्र, शिक्षामाणा र श्रामणेरीहरूको लागि सात, उपासक उपासिकाहरूको लागि दुई - यसप्रकार बयालिस



Downloaded from http://www.dhamma.digital

धुतांगहरु हुन्छन् ।

यदि खुला मैदानमा आरण्यकको अंगहरूयुक्त श्मशान हुन्छ, तब एक जना भिक्षुले सारा धुतांगहरूका परिभोग गर्न सक्दछ । भिक्षुणिहरूको लागि आरण्यकांग र खलुपच्छाभतिकांग दुवै शिक्षापदद्वारा नै निषेध गरिएको छ । अभ्यवकाशिकांग, वृक्षमूलिकांग, श्मशानिकांग - यी तीन पालन गर्न मुश्किल छन् । भिक्षुणीलाई सहायिकाविना बस्नु हुँदैन । यस्तो स्थानमा बस्न तयार हुने समानइच्छा भएकी सहायिका पाउन दुर्लभ हुन्छ । यदि पाए तापनि संसर्ग विहारदेखि नछुटोस् । यस्तो भएमा जसको लागि धुतांग पालन गर्दछिन् उनीलाई त्यसै अर्थको सिद्धि नहुन सक्छ । यसप्रकार परिभोग गर्न नसक्ने भएको कारण पाँच धुतांगलाई कम गरी भिक्षुणिहरूको लागि आठ नै धुतांग हुन्छन् भनी जान्नुपर्दछ । यथोक्तमध्ये त्रैचीवरिकांगलाई छाडी शेष बाह्र श्रामणेरहरूको लागि, सात शिक्षामाणा र श्रामणेरिहरूको लागि जान्नुपर्दछ । उपासक उपासिकाहरूको लागि एकासनिकांग र पात्रपिण्डिकांग यी दुई योग्य छन् र यिनीहरू परिभोग पनि गर्न सक्दछन् यसैले दुई धुतांग भनिएका छन् । यसप्रकार विस्तारले सबै बयालिस हुन्छन् ।

यहाँसम्म "सीले पत्तिट्ठाय नरो सपञ्ञो" यस गाथाद्वारा शील, समाधि र प्रज्ञानुसार उपदेश दिइएको विशुद्धिमार्गमा जुन अल्पेच्छता, सन्तुष्टिता आदि गुणहरूद्वारा उक्तप्रकारको शीलको शुद्धिकरण हुन्छ, ती सबैलाई पूर्ण गर्नको लागि ग्रहणयोग्य धुतांगको कुरा बताइएको छ, त्यो यहाँ समाप्त हुन्छ ।

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धिमार्गमा*
*धुतांग निर्देश नामक*
*दोस्रो परिच्छेद समाप्त*



Downloaded from http://www.dhamma.digital

# तेस्रो परिच्छेद

## कर्मस्थान ग्रहण निर्देश

यसप्रकार धुतांगको पूर्णरूपले पालन गरी अल्पेच्छता आदि गुणहरूले विशुद्ध भएर शीलमा प्रतिष्ठित भएको भिक्षुलाई - "सीले पतिट्ठाय नरो सपञ्ञो चित्तं पञ्ञञ्च भावयं" वचनले चित्त शीर्षद्वारा निर्दिष्ट समाधिको भावना गर्नुपर्दछ। तर त्यो अत्यन्त संक्षेपमा उपदेश दिइएको कारणले बुझ्न पनि गाह्रो छ। भावना गर्ने कुरा त अत्यन्त कठिन छ। त्यसकारण विस्तार र भावना गर्ने विधिलाई देखाउनको लागि यी प्रश्नहरू गरिएका छन् :-

(१) समाधि के हो ? (२) कुन अर्थमा समाधि हो ? (३) यसका लक्षण, रस, प्रत्युपस्थान, पदस्थान के हुन् ? (४) समाधि कति प्रकारका हुन्छन् ? (५) यसका संक्लेश र व्यवदान (पारिशुद्धि) के हुन् ? (६) कसरी भावना गरिनुपर्दछ ? (७) समाधिको भावना गर्नुमा कस्ता गुण छन् ? :-

यी प्रश्नहरूका निम्न उत्तर छन् –

### समाधि के हो ?

समाधि धेरै प्रकारका हुन्छन्। ती सबैको व्यवस्था गर्न आरम्भ गर्दा, उत्तर इच्छित अर्थलाई नै सिद्ध गर्न सक्दैन र अगाडि पनि विक्षेपको कारण बन्नेछ। यसैले यहाँ इच्छितको नै विषयमा भनिनेछ "कुशलचित्तको एकाग्रता नै समाधि हो।"

### कुन अर्थमा समाधि हो ?

समाधानको अर्थमा समाधि हो। यो समाधान के हो ? एक आलम्बनमा चित्त, चैतसिकहरूको बराबर र राम्ररी प्रतिष्ठित हुनु, राख्नु भनिएको छ। यसैले जुन धर्मको अनुभावद्वारा एक आलम्बनमा चित्त, चैतसिक बराबर र राम्ररी निक्षेप र विप्रकीर्ण नभई स्थिर हुन्छ - यसलाई समाधान जान्नुपर्दछ।

### लक्षण, रस, प्रत्युपस्थान, पदस्थान के हुन् ?

विक्षेप नहुनु समाधिको लक्षण हो। विक्षेपलाई मेटाउनु यसको रस (कृत्य) हो। विकल्पित नहुनु प्रत्युपस्थान (जान्ने आकार) हो। "सुखीको चित्त एकाग्र हुन्छ " वचनले सुख यसको पदस्थापन हो।

### समाधि कति प्रकारका छन् ?

विक्षेप नभएको लक्षणले त एकै प्रकारको भए तापनि निम्नप्रकारले बताउन सकिन्छ।

दुई प्रकारका छन् - उपचार र अर्पणा, लौकिक र लोकोत्तर, सप्रीतिक र विष्प्रीतिक, सुखसहगत र उपेक्षासहगत।



Downloaded from http://www.dhamma.digital

तीन प्रकारका छन् - हीन, मध्यम र प्रणीत, सवितर्क, सविचार र प्रीतिसहगत, परित्र, महद्गत र अप्रमाण ।

चार प्रकारका छन् - दु:खा-प्रतिपदा-दन्ध-अभिज्ञा आदि, परित्र, परित्र आलम्बन आदि, चार ध्यानांग, हानभागीय आदि, कामावचर आदि र अधिपतिअनुसार ।

पाँच प्रकारका छन् - पाँच ध्यानको अंगअनुसार ।

त्यसमा एक प्रकारको समूहको अर्थ सरल नै छ ।

## द्विक्

दुई प्रकारको भागमा ६ अनुस्मृति कर्मस्थान, मरणस्मृति, उपशमानुस्मृति, आहारमा प्रतिकूलताको संज्ञा (विचार), चार धातुहरूकको व्यवस्थापन - यी कर्मस्थानअनुसार प्राप्त चित्तको एकाग्रता र जुन अर्पणा समाधिको पूर्वभागमा एकाग्रता हुन्छ – यही उपचार समाधि हो । "प्रथमध्यानको परिकर्म, प्रथमध्यानको अनन्तर प्रत्ययद्वारा प्रत्यय हुन्छ" आदि बचनले जुन परिकर्मको अनन्तरं एकाग्रता हुन्छ - यही अर्पणा समाधि हो । यसरी उपचार, अर्पणाअनुसार समाधि दुई प्रकारका हुन्छन् ।

दोस्रो द्विकमा - तीन भूमिहरू (काम, रूप र अरूप)मा कुशलचित्तको एकाग्रता लौकिक समाधि हो । आर्यमार्गयुक्त एकाग्रता लोकोत्तर समाधि हो । यसतरिकाले लौकिक, लोकोत्तर गरी समाधि दुई प्रकारका हुन्छन् ।

तेस्रो द्विकमा - चतुष्कनयअनुसार दुई ध्यानहरूको र पञ्चकनयअनुसार तीन ध्यानहरूको एकाग्रता सप्रीतिक समाधि हो । शेष दुई ध्यानहरूको एकाग्रता निष्प्रीतिक समाधि हो । उपचार समाधि सप्रीतिक पनि हुन सक्छ, निष्प्रीतिक पनि हुन सक्छ । यसरी सप्रीतिक, निष्प्रीतिक गरी समाधि दुई प्रकारका हुन्छन् ।

चौथो द्विकमा - चतुष्कनयअनुसार तीन ध्यानहरूमा र पञ्चकनयअनुसार चार ध्यानहरूमा सुखसहगत समाधि हुन्छ । चतुष्कनयमा चौथो ध्यान र पञ्चकनयमा पाँचौं ध्यानमा उपेक्षासहगत समाधि हुन्छ । उपचार समाधि सुखसहगत पनि हुन सक्छ, उपेक्षा सहगत पनि हुन सक्छ । यसरी सुखसहगत, उपेक्षा सहगत गरी समाधि दुई प्रकारका हुन्छन् ।

## त्रिक

पहिलो त्रिकमा - मात्र प्राप्त गरिएको समाधि हीन हो । धेरै अभ्यास नगरिएको मध्यम हो र राम्ररी अभ्यस्त, कब्जामा गरिएको प्रणीत (उत्तम)हो । यसप्रकार हीन, मध्यम, प्रणीतअनुसार समाधि तीन प्रकारका हुन्छन् ।

दोस्रो त्रिकमा - प्रथमध्यानको समाधि उपचार समाधिको साथै सवितर्क सविचार हुन्छ । पञ्चक नयअनुसार द्वितीयध्यानको समाधि अवितर्क विचार मात्र हुन्छ । जसले वितर्क मात्रमा नै दोष देखी, विचारमा दोष नदेखी, वितर्कको प्रहाण मात्र चाहँदै प्रथमध्यानलाई नाघ्दछ, त्यो अवितर्क विचारमात्र समाधिलाई पाउँदछ । त्यसको सम्बन्धमा नै यो भनिएको हो । चतुष्कनयअनुसार द्वितीयध्यान आदि र



Downloaded from http://www.dhamma.digital

पञ्चकनयअनुसार तेश्रो ध्यान आदि तीनै ध्यानहरूका एकाग्रता, अवितर्क, विचार समाधि हो। यसप्रकार सवितर्क सविचार आदिअनुसार समाधि तीन प्रकारका हुन्छन्।

तेस्रो त्रिकमा - चतुष्क नयअनुसार तृतीयध्यान आदिदेखि दुवैतिर, पञ्चक नयअनुसार तीन ध्यानहरूका एकाग्रता, प्रीतिसहगत समाधि हो। उनीहरूमध्ये तेस्रो र चौथो ध्यानको एकाग्रता सुखसहगत समाधि हो। अन्तिमको उपेक्षासहगत हुन्छ। उपचार समाधि प्रीति, सुखसहगत हुन्छ। अथवा उपेक्षासहगत हुन्छ। यसप्रकार प्रीतिसहगत आदिअनुसार तीन प्रकारका समाधि हुन्छन्।

चौथो त्रिकमा - उपचारध्यानको अवस्थाको एकाग्रता परित्र (कामावचर) समाधि हो। रूपावचर, अरूपावचरको कुशलचित्तको एकाग्रता महद्गत समाधि हो। आर्यमार्ग (लोकोत्तर) सम्प्रयुक्त एकाग्रता अप्रमाण समाधि हो। यसप्रकार परित्र, महद्गत, अप्रमाणअनुसार समाधि तीन प्रकारका हुन्छन्।

## चतुष्क

पहिलो चतुष्कमा (१) दुःखा-प्रतिपदा-दन्ध-अभिज्ञायुक्त समाधि (२) दुःखा-प्रतिपदा-तीक्ष्ण (क्षिप्र)-अभिज्ञायुक्त समाधि (३) सुखा-प्रतिपदा-दन्ध-अभिज्ञायुक्त समाधि (४) सुखा-प्रतिपदा-तीक्ष्ण-अभिज्ञायुक्त समाधि।

तिनीहरूमा भावना आरम्भ गर्नुको प्रथम समन्नाहार (त्यसैतर्फ चित्तलाई लगाउनु) देखि लिएर जबसम्म त्यस ध्यानको उपचार उत्पन्न हुन्छ तबसम्म हुने समाधि भावनालाई प्रतिपदा भनिन्छ। उपचारदेखि लिएर जबसम्म अर्पणा हुन्छ, तबसम्म हुने प्रज्ञा (ज्ञान) अभिज्ञा भनिन्छ। त्यो प्रतिपदा कसैको दुःखद हुन्छ, नीवरण आदि विरोधी कुराहरूको उत्पन्न भएर चित्तलाई पक्रिरहने कारणले कठिन हुन्छ। सुखपूर्वक प्राप्त नगर्नु यसको अर्थ हो। कसैलाई त्यसको अभावले सुखपूर्ण हुन्छ। अभिज्ञा पनि कसैको दन्ध (मन्द) हुन्छ, मंद र शीघ्रताद्वारा प्रवर्तित नहुने हुन्छ। कसैको तीक्ष्ण, अमन्द र शीघ्र प्रवर्तित हुने हुन्छ।

जुन, पछि अनुकूल र प्रतिकूल, परिबोध (विघ्न)को उपच्छेद आदि पूर्वकृत्य अर्पणामा कुशल (चतुर) हुनुको वर्णन गरिनेछ, त्यसमा जो प्रतिकूल (असप्राय) को सेवन गर्ने हुन्छ, त्यसको प्रतिपदा दुःखद र अभिज्ञा दन्ध हुन्छ। सप्रायको सेवन गर्नेको प्रतिपदा सुखद र अभिज्ञा तीक्ष्ण हुन्छ। जो पूर्वभागमा प्रतिकूल वस्तुहरूको सेवन गरी पछि अनुकूल वस्तुहरूको सेवन गर्दछ या पहिले अनुकूल वस्तुहरू सेवन गरी पछि प्रतिकूल वस्तुहरूको सेवन गर्दछ, त्यसलाई मिश्रित जान्नुपर्दछ। त्यसरी नै परिवोध (विघ्न)को उपच्छेद (नाश) आदि पूर्वकृत्यलाई पूर्ण नगरी भावनामा लाग्ने भिक्षुको प्रतिपदा दुःखद हुन्छ। तथा यसको विपर्याय (विरुद्ध)द्वारा सुखद अर्पणाको कुशलता (चतुरता) लाई पूर्ण नगर्ने भिक्षुको अभिज्ञा दन्ध हुन्छ र पूर्ण गर्नेको तीक्ष्ण हुन्छ।

अरू पनि, तृष्णा, अविद्याअनुसार र शमथ विपश्यनाअनुसार पनि यसको भेद जान्नुपर्दछ। धेरै प्रबल तृष्णा भएको भिक्षुको प्रतिपदा दुःखद हुन्छ र तृष्णा प्रबल नभएको भिक्षुको सुखद हुन्छ। अविद्या प्रबल भएको भिक्षुको अभिज्ञा दन्ध हुन्छ र प्रबल नभएको भिक्षुको अभिज्ञा तीक्ष्ण हुन्छ। जसले शमथको अभ्यास गरेको हुँदैन त्यस भिक्षुको प्रतिपदा दुःखद हुन्छ र अभ्यास गर्ने भिक्षुको सुखद



Downloaded from http://www.dhamma.digital

हुन्छ। जोजो विपश्यनाको अभ्यास गरेको हुँदैन, त्यस भिक्षुको अभिज्ञा दन्ध हुन्छ र अभ्यास गर्ने भिक्षुको अभिज्ञा तीक्ष्ण हुन्छ।

क्लेश र इन्द्रियअनुसार पनि यसको भेद जान्नुपर्दछ। तीब्र क्लेश र श्रद्धा आदि मृदु इन्द्रिय हुने भिक्षुको प्रतिपदा दु:खद र अभिज्ञा दन्ध हुन्छ। तीक्ष्ण इन्द्रिय हुने भिक्षुको अभिज्ञा तीक्ष्ण हुन्छ। मन्द क्लेश र मृदु इन्द्रिय हुने भिक्षुको प्रतिपदा सुखद र अभिज्ञा दन्ध हुन्छ। तीक्ष्ण इन्द्रिय हुने भिक्षुको अभिज्ञा तीक्ष्ण हुन्छ।

यसप्रकार यी प्रतिपदा र अभिज्ञाहरूमा जो व्यक्ति दु:खद प्रतिपदा र दन्ध अभिज्ञाद्वारा समाधिलाई प्राप्त गर्दछ उसको त्यो समाधिलाई दु:ख प्रतिपदा-दन्ध-अभिज्ञा समाधि भनिन्छ। यसरी नै शेष तीनहरूलाई बुझ्नुपर्दछ। यसप्रकार प्रतिपदा र अभिज्ञा आदिअनुसार समाधि चार प्रकारका हुन्छन्।

दोस्रो चतुष्कमा (१) परित्र-परित्रालम्बन समाधि हुन्छ (२) परित्र -अप्रमाणालम्बन समाधि हुन्छ। (३) अप्रमाण-परित्रालम्बन समाधि हुन्छ (४) अप्रमाण-अप्रमाणालम्बन समाधि हुन्छ। तिमध्ये जुन समाधिमा अभ्यस्त छैन, माथिमाथिको ध्यानको प्रत्यय हुन सक्दैनं, यो परित्र हो। जुन नबढाइएको आलम्बनमा प्रवर्तित हुन्छ - यो परित्रालम्बन हो। जुन अभ्यस्त छ, राम्ररी जसको भावना गरिएको छ र माथिमाथिको ध्यानको प्रत्यय हुन सक्दछ यो अप्रमाण हो। जुन बढाइएको आलम्बनमा प्रवर्तित हुन्छ त्यो अप्रमाणालम्बन हो। उक्त लक्षणहरूको मिश्रित हुनाले मिश्रितअनुसार जान्नुपर्दछ। यसप्रकार परित्र, परित्रालम्बन आदिअनुसार (समाधि) चार प्रकारका हुन्छन्।

तेस्रो चतुष्कमा - नीवरणलाई हटाएर उत्पन्न भएको प्रथमध्यान वितर्क, विचार, प्रीति, सुख, समाधि (चित्तको एकाग्रता)अनुसार पाँच अंगयुक्त हुन्छ। त्यसपछि वितर्क, विचारको शान्त हुँदा तीन अंगयुक्त द्वितीयध्यान, प्रीतिरहित दुई अंगयुक्त तेस्रो ध्यान र तत्पश्चात् सुखरहित, उपेक्षा वेदनासहित चौथो ध्यान हुन्छ। यसरी चतुष्क नयअनुसार समाधि चार प्रकारका हुन्छन्।

चौथो चतुष्कमा (१) हानभागीय (परिहानितिर जाने) समाधि हुन्छ। (२) स्थितभागीय (एक नाश बनिरहने) समाधि हुन्छ। (३) विशेषभागीय (बढ्ने) समाधि हुन्छ (४) निर्वेदभागीय समाधि हुन्छ।

त्यसमध्ये विरोधी आचरणको नजिक हुनाले हानभागीय समाधि भनिन्छ। त्यसको स्वभावद्वारा स्मृतिको स्थित भएअनुसार स्थितभागीय समाधि हुन्छ। माथिमाथिको विशेषताको प्राप्तिअनुसार विशेषभागीय र निर्वेदसहगत संज्ञा (विचार)लाई मनमा गर्नेअनुसार निर्वेदभागीय जान्नुपर्दछ। जस्तै - विभंगअनुसार भनिएको छ - "प्रथमध्यानको लागि कामसहगत संज्ञा मनसिकार (मनमा गर्नु) उत्पन्न हुन्छ। तब प्रज्ञा हानभागीय हुन्छ। त्यसको स्वभावअनुसार स्मृति बनिरहन्छ तव प्रज्ञा स्थितभागीय हुन्छ। जब अवितर्कसहगत संज्ञा मनसिकार उत्पन्न हुन्छ, तब प्रज्ञा विशेषभागीय हुन्छ। निर्वेदको साथै संज्ञा मनसिकार उत्पन्न हुन्छ विरागयुक्त तब प्रज्ञा निर्वेदभागीय हुन्छ।" त्यस प्रज्ञाद्वारा प्राप्त भएको समाधि पनि चार हुन्छन्। यसप्रकार हानभागीय आदिअनुसार समाधि चार प्रकारका हुन्छन्।

पाँचौ चतुष्कमा - कामावचर समाधि, रूपावचर समाधि, अरुपावचर समाधि, अपर्यापन्न



Downloaded from http://www.dhamma.digital

(लोकोत्तर) समाधि-यसरी चार समाधि छन् । तिनीहरूमा सबै उपचारको एकाग्रता कामावचर समाधि हो । त्यसरी नै रूपावचर आदिको कुशल चित्तको एकाग्रता अन्य तीन समाधि छन् । यसप्रकार कामावचर आदिअनुसार समाधि चार प्रकारका हुन्छन् ।

छैठौं चतुष्कमा - "यदि भिक्षु छन्द (इच्छा)लाई अधिपति गरी समाधि प्राप्त गर्दछ, चित्तको एकाग्रतालाई पाउँदछ तब यो छन्द समाधि भनिन्छ । यदि भिक्षु वीर्य ... चित्त ... मीमांसा (प्रज्ञा)लाई अधिपति गरी समाधि प्राप्त गर्दछ, चित्तको एकाग्रतालाई पाउँदछ तब यी वीर्य .... चित्त .... मीमांसा समाधि भनिन्छ ।" यसप्रकार अधिपतिअनुसार समाधि चार प्रकारका हुन्छन् ।

## पञ्चक

पञ्चकमा - जुन चतुष्कको भेदमा द्वितीयध्यान भनिएको छ, त्यो वितर्क मात्रको अतिक्रमणद्वारा द्वितीयध्यान, वितर्क, विचारको अतिक्रमणद्वारा तृतीयध्यान हुन्छ । यसरी दुई भाग गरी पाँच ध्यान जान्नुपर्दछ । त्यसको अंग यसको पाँच समाधि हुन् । यसप्रकार पञ्चकनयअनुसार समाधि पाँच प्रकारका हुन्छन् ।

## यसको संक्लेश र व्यवदान के हो ?

यसको उत्तर विभंगमा भनिएको छ – "संक्लेश (मल) परिहानीतिर लाने धर्म हो । व्यवदान (पारिशुद्धि) उन्नतितिर लाग्ने धर्म हो ।" "जब प्रथमध्यानको लाभीलाई कामसहगत संज्ञाको मनस्कार (विचार) उत्पन्न हुन्छ, तब प्रज्ञा परिहानीतिर जाने हुन्छ ।" यसप्रकार हानभागीय धर्मलाई जान्नुपर्दछ । "जब अवितर्कसहगत संज्ञाको विचार उत्पन्न हुन्छ, तब प्रज्ञा विशेषभागीय (उन्नतितिर लाने) हुन्छ," यसप्रकार विशेषभागीय धर्मलाई जान्नुपर्दछ ।

## कसरी भावना गर्नुपर्दछ ?

"लौकिक ,लोकोत्तरानुसार दुई प्रकारका हुन्छन्" आदिमा आर्यमार्गयुक्त जुन समाधि भनिएको छ, त्यस समाधिको भावना गर्ने ढंग "प्रज्ञाको भावना" गर्ने ढंगमा नै आउँछ, । किनकि त्यो प्रज्ञाको भावनाद्वारा भावित हुन्छ । यसैले त्यसको विषयमा - यसप्रकार भावना गर्नुपर्दछ भनी यहाँ अन्य केही भनिने छैन ।

जुन यो लौकिक समाधि हो, त्यो उक्तप्रकारद्वारा शीलहरूलाई शुद्ध गरी, राम्ररी परिशुद्ध शीलमा प्रतिष्ठित भएर, (१) उसलाई दश परिबोधहरूमध्ये जुन परिबोध हुन्छ त्यसलाई हटाई, (२) कर्मस्थान दिने कल्याणमित्रकहाँ गएर, (३) आफ्नो चर्याको अनुकूल चालीस कर्मस्थानहरूमध्ये कुनै एक कर्मस्थानलाई ग्रहण गरी, (४) समाधि भावनाको अयोग्य विहारलाई त्यागी, (५) योग्य विहारमा विहार गरी, (६) साना परिबोधहरूलाई हटाई, (७) भावना गरी सम्पूर्ण विधानको पालन गरी, भावना गर्नुपर्दछ ।

### (१) दश परिबोधहरू

" दश परिबोधहरूमध्ये जुन परिबोध हो, त्यसलाई हटाई" भनिएको छ ती परिबोधहरू यसप्रकार छन् –



Downloaded from http://www.dhamma.digital

*आवासो च कुलं लाभो गणो कम्मञ्च पञ्चमं ।*
*अद्धानं ञाति आवाधो गन्थो इद्धी ति ते दस्सा ॥*

(१. आवास, २. कुल, ३. लाभ, ४.गण र ५. काम - यी पाँच तथा ६. मार्ग, ७. ज्ञाति, ८. रोग, ९. ग्रन्थ र १०.ऋद्धि गरी यी दश हुन्छन् ।)

## आवास

यसमा आवास, एक कोठा पनि भनिन्छ । एकै परिवेण, सम्पूर्ण संघाराम (मठ) पनि । यो सबैको लागि परिबोध हुँदैन । जो भिक्षु नयाँ काम (निर्माण) गर्नमा संलग्न रहन्छ, धेरै सामानहरूलाई जम्मा गर्ने गर्दछ, अथवा जुनकुनै कारणद्वारा चाहना गरिएको प्रतिवद्धचित्त भएको हुन्छ, उसैको लागि परिबोध हुन्छ, अरू भिक्षुहरुलाई हुदैन । यसको विषयमा यो कथा छ –

## दुई कुलपुत्रहरुको कथा

दुई कुलपुत्रहरु अनुराधपुरबाट निस्केर क्रमशः स्तूपाराममा प्रव्रजित भए । तीमध्ये एकले दुई मात्रिकाहरू (भिक्षु भिक्षुणी प्रातिमोक्ष)लाई याद गरी पाँच वर्ष बितेपछि प्रवारणा गरी प्राचीन खण्डराजी नामक स्थानमा गयो । एउटा त्यहीं रह्यो । प्राचीन खण्डराजीमा जाने भिक्षुले त्यहाँ धेरै दिनसम्म रहेर स्थविर भइसकेपछि सोच्यो - यो स्थान विवेकयोग्य छ, यसैले यसलाई आफ्नो मित्रलाई पनि बताउनेछु - त्यति सोचेर त्यहाँबाट निस्केर क्रमशः स्तूपारामतिर हिंड्यो र विहारमा प्रवेश गर्दै गरेको देखेर बराबर आयु भएको स्तुपाराम स्थविरले अगाडि बढेर पात्र चीवर सम्हालेर आगन्तुक व्रत गऱ्यो ।

आगन्तुक स्थविरले शयनासनमा प्रवेश गरी सोच्यो - "अब, मेरो साथी घिउ, सख्खर अथवा पेय वस्तु पठाउनेछ किनकि ऊ यस नगरमा धेरै दिनदेखि बस्दछ ।" तर राती उसले इच्छानुसारको वस्तु पाउन सकेन र त्यसै सुत्यो । सबेरै सोच्यो - "यस समय उपस्थापकहरूद्वारा यवागु खानको लागि पठाउनेछ ।" तर त्यसलाई पनि नदेखेर "पठाउनेहरू छैन होला, गाउँमा जाँदा शायद दिनेछ" भनी सोचेर सबेरै स्तुपाराम स्थविरसंग गाउँमा प्रवेश गऱ्यो । उसले एक गल्लीमा घुमेर थोरै यवागु पाएर, आसनशालामा बसेर पियो ।

त्यसपछि आगन्तुकले सोच्यो - "थाहा हुन्छ सधैं नियमित प्राप्त हुने यवागु छैन, अब भोजनको समय मानिसहरू उत्तम भोजन दिन्छन् ।" तत्पश्चात् भोजनको समय पनि सोचेअनुसार नभएपछि भिक्षाको लागि घुमेर पाएकोलाई नै खाएर, दोस्रोलाई भन्यो –

"भन्ते, के सब समय यसरी नै बिताउनुहुन्छ ?"

"हो आवुस"

"भन्ते, प्राचीन खण्डराजी राम्रो छ, त्यहाँ जाऊँ"

स्थविरले नगरको दक्षिण ढोकाबाट निस्केर कुम्मकार ग्राम जाने बाटो लाग्यो । तब पहिलो भिक्षुले सोध्यो - "भन्ते के, यस मार्गबाट कतै जाने हो ?"

"आवुस, के तिमीले प्राचीन खण्डराजिको प्रशंसा गरेका होइनौ ?"



Downloaded from http://www.dhamma.digital

"भन्ते, के तपाईको यतिका दिन बसेको स्थानमा प्रस्थान गर्नअघि व्यवस्था गर्नु पर्ने कुनै अधिक वस्तु छैन ?"

"हो आवुस, पिर्का, खाट सांघिक हुन् ती सुम्पी नै गएको छ, दोस्रो केही छैन ।"

"भन्ते, तर मेरो लट्ठी, तेल राख्ने भाँडा र जूत्ता राख्ने थैली त्यहीं छ ।"

"आवुस, तिमीले एकदिन बसेर यतिका जम्मा गऱ्यौ ?"

"हो भन्ते ।"

दोस्रोले प्रसन्न मनले नै स्तुपाराम स्थविरलाई प्रणाम गरी - "भन्ते, तपाईंजस्ता मानिसहरूको लागि सबै स्थान जंगलमा नै बस्नुसमान हुन्छ । यो स्तुपाराम चारै बुद्धहरूका धातुहरूको निधान गरिएको स्थान हो । साथै लौह प्रासादमा सुन्दर धर्मश्रवण, महाचैत्यको दर्शन गर्नु र स्थविरहरूको दर्शन मिल्दछ जुन बुद्धकालसमान छ । त्यसैले तपाईं यहीं बस्नुहोस् ।"

भोलिपल्ट पात्रचीवर, लिएर आगन्तुक भिक्षु आफै गयो ।

यसप्रकारको भिक्षुको लागि आवास परिबोध हुँदैन ।

## कूल

जाति, सम्बन्धीको कुल या उपस्थाक (सेवाटहल गर्ने मानिस) को कुल । कसैको उपस्थाक कुल पनि "सुखी हुँदा सुखी हुनु" आदि संयुक्त निकाय (३,११)को वचनानुसार संसर्गयुक्त विहार गर्नाले परिबोध हुन्छ । किनकि त्यहाँ रहने भिक्षु त्यस कुलका मानिसहरूबिना नजिकको विहारमा धर्म सुन्नको लागि पनि जाँदैन । तर कसैको मातापिता पनि परिबोध हुँदैन, श्रीलङ्काको अनुराधपुर नजिकैको कोरण्डक विहारमा बस्ने स्थविरको भाञ्जा तरुण भिक्षुजस्तै ।

## तरुण भिक्षुको कथा

त्यो तरुण भिक्षु पढ्नको लागि रोहण नामक स्थानमा गयो । स्थविरकी बहिनी उपासिका पनि सर्वदा स्थविरकहाँ गएर उसको समाचार सोध्दथी । स्थविरले एक दिन 'तरुणलाई बोलाई ल्याउनेछु' भनी सोचेर रोहणतिर प्रस्थान गर्नुभयो । तरुण पनि "म यहाँ धेरै दिनसम्म रहें, अब उपाध्यायलाई भेटेर उपासिका (आमा)को समाचार सोध्दछु" भनी सोचेर रोहणबाट हिंड्यो । तरुण भिक्षु र मामा स्थविर भिक्षु दुवै नै नदीको किनारामा भेट भए । तरुण भिक्षुले एक रूखमुनि स्थविरको व्रत (सेवा) गऱ्यो । स्थविरले "कहाँ जान्छौ ? भनि सोध्नुहुंदा त्यस तरुण भिक्षुले आफ्नो गाउँ जाने कुरालाई बतायो । स्थविरले - "तिमीले धेरै राम्रो गऱ्यौ, उपासिका पनि सर्वदा सोध्दथी, म पनि यसैले आएको हूँ, तिमी जाऊ, म यहीं यस वर्षको वर्षवास गर्नेछु" भनेर उसलाई विदा गर्नुभयो । तरुण भिक्षु वर्षावास सुरु गर्ने दिन नै त्यस विहारमा पुग्यो । उसको लागि शयनासन पनि उसको आमाबाबुद्वारा बनाइएको नै प्राप्त भयो ।

भोलिपल्ट उसको पिता आएर "कसलाई हाम्रो शयनासन मिल्यो होला भनी सोध्दा "आगन्तुक तरुण भिक्षुलाई" भन्ने सुनेर, उसको नजिक गएर प्रणाम गरी "भन्ते, हाम्रो शयनासनमा बस्ने भिक्षुको



Downloaded from http://www.dhamma.digital

लागि एक नियम छ" भनी भन्यो

"के उपासक ?"

"तीन महिनासम्म हाम्रो घरमा नै भिक्षा ग्रहण गरी वर्षावासपछि प्रवारणा गरी जाने समय हामीलाई भन्नुपर्दछ।"

भिक्षुले मौन भावले स्वीकार गऱ्यो। उपासकले पनि घर गएर "हाम्रो आवासमा एक आगन्तुक आर्य (भिक्षु) आउनुभएको छ, आदरसत्कारसाथ उहाँको सेवाटहल गर्नुपर्दछ" भनी सुनायो। उपासिकाले "धेरै राम्रो" भनी स्वीकार गरी उत्तम खाद्यभोजन तैयार गरी। तरुण भिक्षु पनि भोजनको समय आफ्नो ज्ञातिको घर गयो तर उसलाई कसैले पनि चिनेन।

यसरी ऊ तीन महिनासम्म त्यहीं भोजन गरी वर्षावास पूर्ण गरी "अब म जानेछु" भनी दायकहरुलाई भन्यो। तब उसको नातेदारहरूले "भन्ते, भोलि जानुहोस्" भनी भोलिपल्ट घरमा खाना खुवाएर, तेलको भाँडामा तेल भरेर, एउटा सक्खरको डल्लो र नौ हात कपडा दिएर "जानु हवस् भन्ते" भनी विदा दियो। उसले पनि अनुमोदन गरी रोहणतर्फ लाग्यो।

उसको उपाध्यायले पनि प्रवारणा समाप्त गरी त्यही बाटो गरी फर्किनुहुँदा पहिलेकै स्थानमा नै उसलाई भेट्नुभयो। उसले कुनै एक रुखमुनि बसेर स्थविरप्रति व्रत गऱ्यो। तब स्थविरले उससंग सोध्नुभयो - "के भद्रमुख। तिमीले उपासिकालाई भेट्यौ ?" उसले "हो भन्ते" भनी सबै समाचार भनेर त्यस तेलले स्थविरको खुट्टामा मलेर, सक्खरको रस बनाएर, त्यो कपडा पनि स्थविरलाई नै दिएर, स्थविर लाई प्रणाम गरी "भन्ते, मलाई रोहण नै अनुकूल छ" भनेर रोहणतिर लाग्यो। स्थविर पनि विहारमा आएर भोलिपल्ट कोरण्डक गाउँमा जानुभयो।

उपासिका पनि "मेरो दाई मेरो छोरालाई लिएर अब आउने छ" भनी सोचेर सर्वदा बाटो हेर्दै बस्दथी। तर उनले उहाँलाई एक्लै आएको देखेर "लाग्छ मेरो छोरो मऱ्यो, यो स्थविर एक्लै आउँदै छ" भनी सोचेर स्थविरको खुट्टामा परी, विलाप गर्दै रोई। स्थविरले "तरुणले अल्पेच्छ स्वभावको कारण आफूलाई नचिनाएर नै गयो" भन्नुभएर उसलाई सम्झाईबुझाई सबै समाचार भन्नुभएपछि, पात्रको झोलाबाट त्यस कपडालाई निकालेर पनि देखाउनुभयो।

उपासिका प्रसन्न भएर पुत्र गएको दिशातर्फ छातीको बलले सुतेर नमस्कार गर्दै भनी "लाग्छ मेरो छोराजस्तै भिक्षुलाई लक्ष्य गरी भगवान्ले मज्झिम निकाय (१,३,४)को रथविनीत प्रतिपद, सुत्तनिपात (३,११)को नालक प्रतिपद, सुत्तनिपात (४,१४)को तुवटक प्रतिपद र चारैवटा प्रत्ययमा सन्तोष गर्नु साथै भावना रामतालाई प्रकट गर्ने अंगुत्तर निकाय (४,३,८)को महाआर्यवंश प्रतिपदको उपदेश गर्नुभएको थियो। जन्म दिने आमाको घर तीन महिना भोजन गरेर पनि - "म तिम्रो छोरा हूँ ,तिमी मेरी आमा हौ" भनेन। अहा ! कस्तो विस्मयजनक मानिस !"

यसप्रकारको भिक्षुलाई मातापिता पनि बाधक हुँदैन। उपस्थापक कुलको त कुरा नै के गर्नु ?

## लाभ

चार प्रत्ययको लाभ। ती कसरी परिबोध हुन्छन् ? पुण्यवान् भिक्षुलाई गएको स्थानमा मानिसहरू



Downloaded from http://www.dhamma.digital

धेरैधेरै प्रत्यय दिन्छन् । ऊ त्यसको अनुमोदन गर्दै र धर्मोपदेश गर्दै, श्रमणधर्म गर्नको लागि छुट्टि पाउँदैन । अरुणोदयदेखि जबसम्म पहिलो प्रहर हुँदैन, तबसम्म मनुष्यसंसर्गबाट छुट्दैन । फेरि साँझको समय पनि जोड्ने थुपार्ने पिण्डपातिक भिक्षु आएर "भन्ते, फलाना उपासक, उपासिका, अमात्यकी छोरी, तपाईलाई भेट्न चाहान्छे" भन्दछ । ऊ "आवुस, पात्रचीवर लेऊ " भनेर जानको लागि तैयार हुन्छ । यसप्रकार नित्य नै फँसिरहन्छ । यसरी उसको लागि ती प्रत्यय परिबोध हुन्छ । तब उसले गणलाई छाडी जहाँ मानिसहरू चिन्दैनन् त्यहाँ एकलै विचरण गर्नुपर्दछ । यसप्रकार त्यो बाधा हटेर जान्छ ।

## गण

सौत्रान्तिक गण या अभिधार्मिक गण । जो उसको पाठ गराउने समय अथवा प्रश्नोत्तर दिँदै श्रमणधर्म गर्नको लागि छुट्टी पाउँदैन उसको लागि गण परिबोध हुन्छ । उसलाई यसप्रकार हटाउनुपर्दछ - यदि ती भिक्षुहरु धेरै अध्ययन गरिसकेका छन् र थोरै शेष हुन्छ, तब उसलाई समाप्त गराएर जंगलमा जानुपर्दछ । यदि थोरै अध्ययन गरिसकेका छन् र धेरै बाँकी हुन्छ भने योजनभरभन्दा बाहिर नगएर, योजनभरको भित्र अन्य गणको अध्यापककहाँ गएर - "आयुष्मान्, यिनीहरूलाई पढाउनोस्, यिनीहरूको देखमाल गर्नुहोस्" भन्नुपर्दछ । यस्तो पनि नपाएमा "आवुस मलाई एक काम छ, तिमीहरू आफ्नोअनुकूल स्थानमा जाऊ" भनेर गणलाई छाडी आफ्नो काम गर्नुपर्दछ ।

## काम

निर्माण कार्य = त्यस कार्य गर्नेलाई मिस्त्री, सिकर्मी आदिको कामको लागि पाएको र नपाएको वस्तुहरूलाई जान्नुपर्दछ । यसप्रकार त्यो सर्वदा परिबोध हुन्छ । उसलाई पनि यसरी हटाउनुपर्दछ - यदि थोरै बाँकी भए तब समाप्त गर्नुपर्दछ । यदि धेरै भए र संघको काम भए संघलाई अथवा संघको कार्यहरूको देखरेख गर्ने भिक्षुलाई सुम्पिनुपर्दछ । यदि आफ्नो चीज भए, तब आफ्नो कार्यहरूलाई देखरेख गर्नेलाई सुम्पिनुपर्दछ । यदि त्यस्ताहरूलाई पनि नपाएमा, संघलाई दिएर जानुपर्दछ ।

## मार्ग

बाटो हिंड्नु । जसको कतै प्रव्रजित हुने इच्छा भएको कुनै व्यक्ति हुन्छ अथवा केही प्रत्यय पाउनु छ भने यदि त्यस कार्यलाई सिद्ध गरिएको छैन भने जंगलमा गएर श्रमणधर्म गरे तापनि त्यस कायलाई पूरा गर्नको लागि यात्रा गर्ने इच्छालाई त्याग्न सक्दैन । यसैले पहिले गएर त्यस कामलाई समाप्त गरेर नै श्रमणधर्ममा लाग्नुपर्दछ ।

## ज्ञाति

विहारमा आचार्य, उपाध्यायसंगै बस्ने भिक्षु, शिष्य, एक उपाध्यायको शिष्य, गुरुभाई, घरमा-आमाबाबु, भाई आदि व्यक्तिहरू । ती रोगी हुँदा भिक्षुको लागि परिबोध हुन्छ । यसैले यस परिबोधलाई, सेवाटहल गरी, उसको पहिलेजस्तै निरोग गरी हटाउनुपर्दछ ।

उनीहरूमध्ये उपाध्याय रोगी हुँदा, यदि छिट्टै राम्रो भएन भने जीवनभर सेवा गर्नुपर्दछ । त्यसरी नै प्रव्रज्याको आचार्य, उपसम्पदाको आचार्यसंगै विहार गर्ने भिक्षु, उपसम्पन्न गरिएको र प्रव्रजित गरिएको शिष्य, एक उपाध्यायको शिष्य, निश्रयको आचार्य, ग्रन्थ पढाउने आचार्य, निश्रयको शिष्य, ग्रन्थ



Downloaded from http://www.dhamma.digital

पढ्ने शिष्य र गुरुभाइको, जबसम्म निश्चय लिनु, पढ्नुमा लागिरहन्छ तबसम्म सेवा गर्नुपर्दछ। हुन सक्छ भने त्यसभन्दा अधिक पनि सेवा गर्नुपर्दछ नै।

मातापिताको लागि उपाध्यायको समान व्यवहार गर्नुपर्दछ। यदि तिनीहरू राज्यभित्र नै बस्छन् र पुत्रद्वारा उपस्थान चाहन्छन् भने सेवा गर्नु नै पर्दछ। उनीहरूसंग औषधि छैन भने आफ्नो भएको दिनुपर्दछ। आफूसंग पनि नभएमा भिक्षा मागेर, खोजेर पनि दिनुपर्दछ। भाईबहिनीहरूको लागि उनीहरूसंग भएको वस्तु प्रयोग गर्नुपर्दछ। यदि उनीहरूसंग छैन भने आफूसंग भएको वस्तु त्यस समयको लागि उधारो दिनुपर्छ, पछि पाएमा लिनुपर्दछ, तर नपाएमा निन्दा गर्नु हुँदैन। नातेदार नभएको ज्वाई (बहिनीको पति) को लागि औषधि गर्नु हुँदैन र न दिनु नै हुन्छ। 'आफ्नो स्वामीलाई देउ' भनेर बहिनीलाई दिनुपर्छ। भाईबुहारीको लागि पनि यसैप्रकार बुझ्नुपर्दछ। तर उसको छोरा आफ्नै ज्ञाति नै हो त्यसैले उसको औषधि गर्नुपर्दछ।

## रोग

जुनसुकै रोग। त्यो पीढित गर्दै परिबोध हुन्छ। यसैले औषधि गरी त्यसलाई हटाउनुपर्दछ। यदि केही दिन औषधि गरेर पनि राम्रो हुँदैन भने - "म तिम्रो दास होइन न त नोकर नै, तिमीलाई नै पोष्दै अनादि संसारको चक्करमा घुम्दै दुःख पाएँ" आदि यसप्रकार निन्दा गरी श्रमणधर्म गर्नुपर्दछ।

## ग्रन्थ

परियति (बुद्ध वचन)को परायण गर्नु। त्यो स्वाध्याय आदिमा नित्य लागिरहने भिक्षुको लागि परि बोध हुन्छ। अन्यको लागि होइन। यहाँ यी कथाहरू छन् :-

## रेवत स्थविरको कथा

मज्झिम निकायको भाणक रेवत स्थविरले मलयवासी रेवत स्थविरकहाँ गएर कर्मस्थान माग्नुभयो। स्थविरले सोध्नुभयो "आवुस, परियत्तिमा कस्तो छौ ?"

"भन्ते, मज्झिम निकाय मलाई याद छ।"

"आवुस, मज्झिम निकायको परायण कठिन छ, मूल पण्णासकको स्वाध्याय गर्नेलाई मज्झिम पण्णासक सिक्नुपर्ने हुन्छ र त्यसको स्वाध्याय गर्नेलाई माथिल्लो पण्णासक सिक्नुपर्ने हुन्छ। तिमीले कसरी कर्मस्थान अभ्यास गर्छौ ?"

"भन्ते। तपाईंसंग कर्मस्थानलाई पाएमा फेरि त्यसलाई हेर्ने छैन" भन्नुभएर कर्मस्थान ग्रहण गर्नुभयो। उहाँले उन्नाईस वर्षसम्म ग्रन्थको स्वाध्याय नगरी बीसौं वर्षमा अर्हत्व प्राप्त गर्नुभयो। त्यसपछि स्वाध्याय गर्नको लागि आउने भिक्षुलाई - "आवुस, मैले परियत्तिलाई नहेरेको बीस वर्ष भइसक्यो, तर पनि मैले यसको अभ्यास गरेको छु, आरम्भ गर" भन्नुभयो र शुरूदेखि लिएर अन्त्यसम्म एक व्यञ्जनमा पनि उहाँले नलड्बडिकन पाठ गर्नुभयो।



Downloaded from http://www.dhamma.digital

## नाग स्थविरको कथा

कारलियगिरीवासी नाग स्थविरले पनि अठार वर्ष परियत्तिलाई छाडी भिक्षुहरूलाई फेरि अभिधर्मको धातुकथा पढाउनुभयो । ती पाठलाई एउटा गाउँमा बस्ने स्थविरहरूसंग मिलाईमिलाई सोद्धा कुनै पनि प्रश्न उटपटांगको थिएन ।

## चूडाभय स्थविरको कथा

महाविहारमा पनि त्रिपिटक चूडाभय स्थविरले अट्ठकथालाई नपढी तीन पिटकहरू (विनय, सुत्तन्त, अभिधम्म) को वर्णन गर्नेछु भनेर सुवर्ण भेरीलाई बजाउन लगाउनुभयो । भिक्षुसंघले - "कुन आचार्यद्वारा शिक्षित छौं ?" भनी सोधेर, फेरि "जबसम्म हाम्रा आचार्यहरूको शिक्षाबारे वर्णन गर्दैनौ हामी तिमीलाई बोल्न दिने छैनौं" भनी भन्यो । उहाँको उपाध्यायले पनि आफूकहाँ आउँदा ऊसंग सोध्नुभयो -आवुस तिमीले भेरी बजायौ ?"

"हो भन्ते"

"कुन कारणले ?"

"भन्ते परियत्तिलाई वर्णन गर्नेछु भन्ने कारणले ।"

"आवुस, अभय ! आचार्यहरू" यस पदलाई कसरी भन्दछ भनी सोध्नुभयो ?"

"भन्ते, यसरी भन्दछ" भनी चूडाभय स्थविरले जवाफ दिनुहुँदा उपाध्याय स्थविरले "हुँ" ! मात्र भन्नुभएर निषेध गर्नुभयो । फेरि उहाँले फरकफरक पर्यायले "भन्ते, यस्तो भन्दछ" भनी तीन पटकसम्म भन्नुभयो । उपाध्याय स्थविरले पनि फेरि "हू" भनी ३ पल्टसम्म निषेध गर्नुभयो र भन्नुभयो - "आवुस तिम्रो पहिले बताएको आचार्यको मार्ग नै हो । तर तिमीले आचार्यहरूको मुखबाट नसुनेको कारणले गर्दा यसरीयसरी आचार्यहरूले भन्दछन् भनी स्थिरतापूर्वक भन्न सकेनौं । जाऊ, हाम्रा आफ्नै आचार्यकहाँ गएर सुन ।"

"भन्ते, कहाँ जाउँ ?"

"महावेली गंगानदी पारी रोहण जनपदमा तुलाधार पर्वत (तरहल पउ वेहेर, श्रीलङ्का) विहारमा त्रिपिटधारी महाधर्मरक्षित नामक स्थविर रहनुहुन्छ, उसैकहाँ जाऊ ।"

"हवस, भन्ते" भनी स्थविरलाई प्रणाम गरी पाँच सय भिक्षुहरूसंग स्थविरकहाँ जानुभएर उहाँलाई प्रणाम गरी बस्नुभयो । महाधर्मरक्षित स्थविरले "किन आएका हौ ? भनी सोध्नुभयो ।

"भन्ते ! धर्म सुन्नको लागि ।"

"आवुस, अभय ! दीघ, मज्झिम निकायहरू बारे मलाई समय समयमा सोध्दछन्, तर शेषलाई मैले लगभग तीस वर्षदेखि कहिले हेरेको छैन । तैपनि तिमी राति मकहाँ आएर पाठ गर, म तिमीलाई दिनमा त्यसको व्याख्यान बताउने छु ।

चूडाभय स्थविरले पनि "धेरै राम्रो" भनी त्यस्तै गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

आँगन ढोकामा बनाएको एक ठूलो मण्डपमा गाउँका बासिन्दाहरू प्रतिदिन धर्मश्रवणको लागि आउँदथे। चूडाभय स्थविरले राति पाठ गरेकोलाई महाधर्मरक्षित स्थविरले दिनमा व्याख्यान गर्दै क्रमशः धर्मोपदेश समाप्त गर्नुभयो। तब एकदिन चूडाभय स्थविरलाई चटाईमाथि बसाएर भन्नुभयो – "आवुस, मेरो लागि कर्मस्थान बताऊ।"

भन्ते, के भन्दै हुनुहुन्छ ? मैले तपाईंसंगै सुनेको नि ? म के बताउन सक्दछु जुन तपाईंले जान्नुभएको छैन ?

त्यसपछि स्थविरले उसलाई भन्नुभयो - "आवुस यो मार्ग अर्कै हो जुन तिमीले साँच्चैकै यात्रा गरिसक्यौ।

अभय स्थविर त्यस बेला स्रोतापन्न भइसक्नुभएको थियो। त्यसैले उहाँले उहाँहरूलाई कर्मस्थान दिनुभएर महाविहारमा नै फर्कनुभयो। पछि एकदिन लौहप्रासादमा धर्म बताउँदै गरेको समयमा "महाधर्मरक्षित स्थविरको परिनिर्वाण भयो" भन्ने सुन्नुभयो। सुनेर "आवुस, चीवर ल्याउ" भनी चीवर ओढ्नुभएर "आवुस, हाम्रो आचार्यको अर्हत्मार्ग अति नै सुन्दर थियो। आवुस, हाम्रो आचार्य, सिधासादा, राम्रोनराम्रोलाई जान्ने हुनुहुन्थ्यो। आफूसंग धर्म पढ्नेहरू शिष्यहरूसंग टाटीमा बसेर 'मेरो लागि कर्मस्थान भन' भन्नुहुन्थ्यो। आवुस, स्थविरको अर्हत्मार्ग अति नै सुन्दर थियो।"

यसप्रकारले भिक्षुहरूको लागि ग्रन्थ परिबोध हुँदैन।

## ऋद्धि

पृथग्जनहरूको ऋद्धि। त्यो उत्तानो सुत्ने बच्चाहरू र सानो धानबालीजस्तै धेरै कठिनाइले रक्षा गर्न सकिने हुन्छ। अल्पमात्रमा नै नष्ट हुन्छ। त्यो विपश्यनाको लागि परिबोध हुन्छ समाधिको लागि होइन, किनकि समाधिलाई पाएर प्राप्त हुने हुनाले। यसैले विपश्यना गर्न चाहनेले ऋद्धिको बाधाहरूलाई हटाउनुपर्दछ। अन्य शमथा भावना गर्ने भिक्षुलाई अवशेष नौ बाधाहरू हटाउनुपर्छ। यी परिबोध कथाको विस्तार हुन्।

## (२) कल्याणमित्र

"कर्मस्थानलाई दिने कल्याणमित्रसंग गएर" भनी जुन भनिएको छ त्यसमा कर्मस्थान दुई प्रकार का हुन्छन् (१) सबै ठाउँमा जाने कर्मस्थान र (२) पहिरणगर्नयोग्य कर्मस्थान। तिनमा सबै स्थानमा जाने कर्मस्थान हो - भिक्षुसंघ आदिमा (१) मैत्री गर्नु र (२) मरणस्मृति। कोहीकोही (३) अशुभसंज्ञा पनि भन्दछन्।

मैत्री भावनाले - कर्मस्थानमा लाग्ने भिक्षुलाई पहिलो परिच्छेद गरी सीमामा बस्ने भिक्षुसंघमाथि "सुखी होऊन्, दुःखरहित होऊन्," भनी मैत्री भावना गर्नुपर्दछ। त्यसपछि एक सीमाभित्र रहने देवताहरूप्रति, त्यसपछि नजिकैको गाउँको मुखियाप्रति, तत्पश्चात् त्यहाँको मनुष्यहरूदेखि लिएर सबै प्राणीप्रति मैत्री गर्नुपर्दछ। भिक्षुसंघप्रति मैत्री गर्नाले आफूसंग रहने भिक्षुहरूको चित्तमा मृदुता उत्पन्न गर्दछ। तव उनीहरू उसको लागि सुखपूर्वक रहने हुन्छ। एक सीमामा रहने देवताहरूप्रति मैत्री गर्नाले



Downloaded from http://www.dhamma.digital

मृदु चित्त भएको देवताहरूद्वारा धार्मिक रक्षाद्वारा राम्ररी रक्षित हुन्छ। नजिकको गाउँको मुखियाहरूप्रति मैत्री गर्नाले मृदु गरिएको चित्त सन्तान भएको मुखियाहरूको धार्मिक रक्षाद्वारा परिष्कारद्वारा रक्षित हुन्छ। मनुष्यहरूप्रति मैत्रीले प्रसन्न गरिएको चित्तद्वारा त्यसबाट आनन्दित भएर विचरण गर्दछ। सबै प्राणीहरूप्रति मैत्री गर्नाले सबै ठाउँमा निर्धक्क घुम्ने हुन्छ।

मरणस्मृतिको भावनाले - "मलाई अवश्य मर्नुपर्छ" यस्तो विचार गर्दै गलतखोजलाई छाडी, अधिकाधिक बढ्दै गएको संवेगयुक्त हुन्छ। चित्तलाई संकुचित बनाउने व्यक्ति हुँदैन।

अशुभसंज्ञाले - अभ्यस्त चित्तको मनलाई दिब्य विषय आलम्बनले पनि लोभ्याउन सक्दैन।

यसप्रकार धेरै उपकार हुनाको कारण यसको सर्वत्र आवश्यकता हुन्छ ... र अभिप्रेत भावनामा लाग्नेको हेतु हुन्छ। यसैले यी तीन कर्मस्थानहरुलाई सबै ठाउँमा चाहना गर्ने कर्मस्थान भनिन्छन्।

चालीस कर्मस्थानहरूमध्ये जुन जसको चर्याको अनुकूल छन्, त्यो उसलाई नित्य परिहरणयोग्य र माथिमाथिको भावनाको पदस्थान हुनाको कारण "परिहरण योग्य कर्मस्थान" भनिन्छ। अतः यी दुवै प्रकारका कर्मस्थानहरूलाई जस्ले सिकाउन सक्दछ उसलाई कर्मस्थान दिने व्यक्ति भनिन्छ। त्यस कर्मस्थान दिने व्यक्ति कल्याणमित्रमा अंगुत्तर निकाय (७,४,६) अनुसार निम्न गुणहरू हुन्छन् -

*पियो गरु भावनीयो वत्ता च वचनक्खमो।*
*गम्भीरञ्च कथं कत्ता नो चट्ठाने नियोजये॥*

( १.प्रिय, २.गौरवनीय, ३.आदरणीय, ४.वक्ता, ५.कुरा सहने, ६.गम्भीर कुरालाई बताउने र ७.अनुचित कामहरूमा नलाग्ने।)

Dhamma.Digital

यसप्रकारका गुणहरूयुक्त एकदम हितैषी, उन्नतितर्फ लैजाने कल्याणमित्र हुन्छ।

"आनन्द, मजस्तो कल्याणमित्रलाई पाएर उत्पत्ति स्वभाव भएको प्राणी उत्पत्तिद्वारा छुटकारा पाउँदछन्" आदि संयुक्त निकाय (३,२८) को बचनले सम्यक सम्बुद्ध नै सबै गुणहरूयुक्त कल्याणमित्र हुनुहुन्छ। यसैले उहाँको उपस्थितिमा उहाँ भगवान्संगै ग्रहण गरिएको कर्मस्थान सुगृहीत हुन्छ। उहाँको परिनिवृत हुँदा अस्सी महाश्रावकहरूमध्ये जीवित रहेकामध्येबाट ग्रहण गर्नुपर्दछ। उहाँहरू पनि नहुँदा, जुन कर्मस्थानलाई ग्रहण गर्न चाहन्छ, त्यसअनुसार चतुष्क, पञ्चकध्यानहरूलाई उत्पन्न गरी, ध्यानको सहारा विपश्यनालाई बढाई, आस्रवक्षयलाई प्राप्त भएको क्षीणास्रवकहाँ ग्रहण गर्नुपर्दछ।

के क्षीणास्रवले "म क्षीणास्रव हूँ" यसप्रकार आफूलाई प्रकट गर्दछ ? किन प्रकट गर्दैन ? आफूले सिकाएको कर्मस्थान भावनालाई पालना गर्दछु भनी सिक्ने भिक्षुको मनलाई क्षीणास्रव भएको भावलाई जानेर प्रकट गर्दछ। के अश्वगुप्त स्थविरले आफूले सिकाएको कर्मस्थानलाई आरम्भ गर्दै गरेको भिक्षुको लागि "यो कर्मस्थानलाई गर्ने हो" भनी जानेर आकाशमा चर्मखण्डलाई बिछ्याएर, त्यहाँ पलेटी कसी कर्मस्थान भन्नुभएन ?



Downloaded from http://www.dhamma.digital

त्यसैले यदि क्षीणास्रव पाउँछ भने धेरै राम्रो हुन्छ, यदि पाउँदैन भने अनागामी वा सकृदागामी वा स्रोतापन्न वा ध्यानलाई प्राप्त पृथग्जन वा त्रिपिटकधारी वा दुई पिटकधारी वा एक पिटकलाई धारण गर्नेहरूमध्ये पहिलोपहिलो कर्मस्थान सिक्नेसंग कर्मस्थान ग्रहण गर्नुपर्दछ । एक पिटकधारी पनि नहुँदा, जसलाई एक संगीति (निकाय) भए पनि वा अट्ठकथा याद भएको र स्वयं लज्जालु छ, उसकहाँ ग्रहण गर्नुपर्दछ । यसप्रकार तन्तिधर (बुद्धोपदेशलाई धारण गर्ने भिक्षु) बुद्धानुबुद्धको वंशको रक्षक, परम्पराको पालन गर्ने आचार्य, आचार्यको नै मतको हुन्छ, आफ्नो मतको हुँदैन । यसैले पुराना स्थविरहरूले आचार्यको मतानुसार चल्ने भिक्षुप्रति तीनपल्ट भनेका छन् - "लज्जावान् रक्षा गर्दछ, लज्जावान् रक्षा गर्दछ, लज्जावान् रक्षा गर्दछ ।"

पहिले भनिएको क्षीणास्रव आदिले आफूले प्राप्त गरेको मार्गलाई नै कर्मस्थान बताउँछन् । बहुश्रुत त्यसत्यस आचार्यकहाँ गएर सिकेर, सोधेर राम्ररी कर्मस्थानको शोधन गरी यताउताबाट सूत्र र कारणलाई विचार गरी, योग्यअयोग्यलाई ठीक गरी, घना स्थानमा जाने महाहात्तीजस्तै महामार्गलाई देखाउँदै कर्मस्थान भन्दछ ।

यसप्रकारको कर्मस्थानदायक कल्याणमित्रकहाँ गएर उसको सेवाटहल गरी कर्मस्थान ग्रहण गर्नुपर्दछ । यदि त्यो एक विहारमा नै मिल्दछ भने धेरै राम्रो हुन्छ, यदि मिल्दैन भने तब जहाँ ऊ रहन्छ त्यहाँ जानुपर्दछ । जानेलाई नधोएको, तेल मलेको खुट्टामा चप्पल लगाएर, छाता लिएर, तेलको भाँडो, मह, सख्खर (शर्वत) आदि लिएर शिष्यहरूद्वारा घेरिएर जानुपर्दछ । जानुअगाडि गर्नुपर्ने कार्यहरूलाई पूर्ण गरी, आफ्नो पात्रचीवरलाई स्वयं लिएर जाँदा मार्गमा जुनजुन विहारमा वास गर्दछ ती सबै ठाउँमा व्रतप्रतिव्रत गर्दै, हल्का सामानहरूकासाथ अत्यन्त सल्लेख विचारको हुनुपर्दछ । त्यस विहारमा प्रवेश गर्ने समय मार्गमा नै दतिवनलाई कप्य गरेर, लिएर प्रवेश गर्नुपर्दछ । "मूहर्त्तभर विश्राम गरी खुट्टा धोएर तेल आदि मलेर आचार्यकहाँ जानेछु" आदि यस्तो सोची अन्य परिवेणमा जानु हुँदैन । किन ? यदि त्यहाँ उसको आचार्यको अनमेल भिक्षु भएमा, उनीहरू उसको आउने कारण सोधेर, आचार्यको निन्दा गरी "यदि उसकहाँ आएका हौ भने तिमी नष्ट भयौ" यसप्रकार भनेर पश्चाताप पैदा गराउन सक्दछ, जसले कि ऊ त्यहींबाट फर्केर जाओस् । यसैले आचार्य बस्ने ठाउँलाई सोधेर सिधा त्यहीं जानुपर्छ ।

यदि आचार्य आफूभन्दा धेरै कान्छो छ तब उसबाट पात्र चीवरलाई ग्रहण गरी, गर्ने काम लिनु हुँदैन र यदि बूढा छन् भने गएर आचार्यलाई प्रणाम गरी उभिनुपर्छ । "आवुस, पात्रचीवर राख" भन्दा राख्नुपर्दछ । "पानी पिउ" भन्दा यदि इच्छा भएमा पिउनुपर्दछ । "खुट्टालाई धोऊ" भन्दा यदि पानी आचार्यद्वारा ल्याईएको भए त्यस पानीले खुट्टा धुनु हुँदैन । "आवुस, धोऊ मैले ल्याएको होइन, अरुले ल्याएको हो" भनेमा जहाँ आचार्यले देख्न सक्दैन, त्यस्तो आडमा अथवा विहारको मैदानमा एक छेउमा बसी खुट्टा धुनुपर्दछ ।

यदि आचार्य तेलको भाँडा ल्याउँछ भने उठेर दुवै हातले पकड्नुपर्दछ । यदि नपकडे तव "यो भिक्षु अहिलेदेखि प्रयोग गर्दैन" आदि आचार्यको मनमा शंका हुन्छ । तेललाई लिएर शुरुदेखि खुट्टामा मल्नु हुँदैन । यदि त्यो आचार्यको शरीरमा मल्ने तेल हो भने योग्य छैन । यसैले पहिला शिरमा मलेर काँध आदिमा मल्नुपर्छ । "आवुस, सबैको काममा आउने तेल हो, खुट्टामा मल" भन्दा थोरै शिरमा राखेर, पछि खुट्टामा मलेर - "भन्ते, यस तेललाई भाँडामा राख्छु" भनेर आचार्यले लिएमा दिनुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

आएको दिन "भन्ते, मलाई कर्मस्थान भन्नुहोस्" यसो भन्नु हुँदैन। दोस्रो दिन, यदि आचार्यको हमेशा सेवाटहल गर्ने सेवकभिक्षु छ भने, तब उसलाई आफ्नोलागि मौका मागेर सेवाटहल गर्नुपर्दछ। यदि माग्दा पनि दिंदैन भने मौका पाउँदा नै गर्नुपर्दछ। सेवाटहल गर्नेले छोटो, मध्यम, ठूलो - तीन दतिवन आचार्यकहाँ लानुपर्दछ। ठंडागर्म दुई प्रकारका मुखधुने र नुहाउनको लागि पानी तैयार गर्नुपर्दछ। त्यसपछि आचार्य तीन दिनसम्म जे खान्छ त्यस्तो नै नित्य लिएर गएर दिनुपर्दछ। बिनानियमको खाने आचार्यको लागि जस्तो पाउँछ त्यस्तै लिएर दिनुपर्छ।

छोटकरीमा भन्ने हो भने जुन भगवान्ले "भिक्षुहरू, शिष्यलाई आचार्यसंग ठीक ढङ्गले व्यवहार गर्नुपर्दछ भन्नुभएको छ, ती सबै गर्नुपर्दछ। यो ठीकले व्यवहार गर्ने नियम हो - एक विहानै उठेर चप्पललाई फुकालेर, उत्तरासंगलाई एक कांधमाथि राखेर, दतिवन दिनुपर्दछ। मुखधुनको लागि पानी दिनुपर्दछ। आसन बिछ्याई दिनुपर्छ। यदि यवागु भएमा भाँडा धोएर, यवागु लिएर गएर दिनुपर्दछ" आदि विनयपिटक महावग्गको स्कन्धमा ठीकप्रकारबाट गरिने व्यवहार नियम बताइएको छ।

यसरी सेवाटहल गरी, गुरुलाई प्रसन्न गरी, साँझको समय प्रणाम गरी, "जाऊ" भनी छुट्टी दिएमा जानुपर्दछ। जव उहाँले "केको लागि आएका हौ ?" भनी सोधेमा तब आउने कारणलाई बताउनुपर्दछ। यदि उहाँले सोध्नुभएन भने, सेवाटहल गर्दै, तब दश दिन या एक पक्ष (१५ दिन) बितेर जाँदा, एक दिन छुट्टी दिंदा पनि छुट्टीमा नगएर, अवकास मागेर, आउने कारणलाई बताउनुपर्दछ। अथवा अन्य समयमा गएर, "केको लागि आएका हौ" भनी सोध्नुहुँदा आएको कारण भन्नुपर्दछ। यदि उहाँले - "सबेरै नै आऊ" भन्नुहुन्छ भने सबेरै नै आउनुपर्दछ।

यदि त्यस समय उसलाई पित्तको रोगले पेटमा जलन हुन्छ, मंदाग्निको कारण भोजन पच्दैन अथवा अन्य कुनै रोगले पीढित गरेको छ, तब उसलाई यथार्थ कुरा खोली आफ्नोअनुकूल समयलाई बताएर त्यस समय आचार्यकहाँ जानुपर्दछ। किनकि समयानुकूल नभएमा कर्मस्थान भनिएको भए तापनि मनमा राख्न सकिंदैन।

## (३) चर्या

"आफ्नो चर्याको अनुकूल" भनी जुन भनिएको छ त्यसमा ६ प्रकारका चर्या छन् – (१) रागचर्या, (२) द्वेषचर्या (३) मोहचर्या (४) श्रद्धाचर्या (५) बुद्धिचर्या (६) वितर्कचर्या। कोहीकोही राग आदिलाई मिलाएर (१) रागमोहचर्या (२) द्वेषमोहचर्या (३) रागद्वेषचर्या (४) द्वेषमोहचर्या चार प्रकारका तथा त्यस्तै नै श्रद्धा आदिलाई मिलाएर (१) श्रद्धाबुद्धिचर्या (२) श्रद्धावितर्कचर्या (३) बुद्धिवितर्कचर्या (४) श्रद्धावितर्कचर्या, यी भावहरूसहित चौध प्रकारका बताउँछन्। यसप्रकार भेदहरूलाई बताउँदा रांग आदिलाई श्रद्धा आदिसंग पनि मिलाएर धेरैजसो चर्या बनाउन सकिन्छ। यसैले संक्षेपमा ६ नै चर्या जान्नुपर्दछ। चर्या, प्रकृति (स्वभाव), उत्सद यी अर्थले एक छन्। चर्याहरूअनुसार ६ प्रकारका नै व्यक्ति हुन्छन् – (१) रागचरित (२) द्वेषचरित (३) मोहचरित (४) श्रद्धाचरित (५) बुद्धिचरित (६) वितर्कचरित।

तिनीहरूमा, रागचरितले कुशलचित्त उत्पन्न हुने समय श्रद्धा बलवान् हुन्छ, राग (स्नेह) जस्तै - गुण हुनाको कारण। जस्तै - अकुशलचित्त उत्पन्न हुँदा राग स्निग्ध हुन्छ, धेरै रुखो होइन। यस्तै नै



Downloaded from http://www.dhamma.digital

कुशलचित्त उत्पति हुँदा राग भोगविलासका वस्तुहरूलाई खोज्दछ, त्यसरी नै श्रद्धा शील आदि गुणहरूलाई खोज्दछ। जसरी राग खरावी गर्न छाड्दैन, त्यस्तै श्रद्धा भलाई गर्न छोड्दैन। यसैले रागचरितको श्रद्धाचरितसंग मेल खान्छ।

द्वेषचरितले कुशलचित्त उत्पन्न हुने समय प्रज्ञा वलावान् हुन्छ, द्वेषजस्तै गुण हुनाको कारणले। जस्तै - अकुशलचित्त उत्पन्न हुँदा द्वेष रूखो हुन्छ, आलम्बनसंग लाग्दैन, यस्तै नै कुशल हुने समय प्रज्ञा हुन्छ। जसरी द्वेषले नभएको दोषलाई पनि खोज्छ, यसरी नै प्रज्ञा रहँदा भएको दोषलाई नै खोज्छ। जसरी द्वेष प्राणीहरूलाई त्याग्नेरूपमा हुन्छ, यसरी नै प्रज्ञा संस्कार त्याग्नेरूपमा। यसैले द्वेषचरितको बुद्धिचरितसंग मेल खान्छ।

मोहचरितले उत्पन्न नभएको कुशलधर्महरूलाई उत्पन्न गर्नको लागि प्रयत्न गर्ने समय अत्यधिक बिघ्नकारक वितर्क उत्पन्न हुन्छन्, मोहजस्तै लक्षण हुनाको कारण। जस्तै - मोह धेरै व्याकुल हुनाको कारण अस्थिर हुन्छ, त्यसरी नै वितर्क पनि अनेकप्रकारले वितर्क गर्दा अस्थिर हुन्छ। जसरी मोह आलम्बनहरूलाई नपक्डनाको कारण चंचल हुन्छ, त्यसरी नै वितर्क छिटोछिटो कल्पना गर्ने कारण चञ्चल हुन्छ। यसैले मोहचरितको वितर्कचरितसंग मेल खान्छ।

तृष्णा, मान, दृष्टिअनुसार अरु पनि तीन चर्या, भनिएका छन्। तिनीहरूमा तृष्णा रागचर्या नै हो र मान त्यसमा मिलेको हुन्छ, यसैले दुवै रागचर्यादेखि अलग हुँदैन। मोहद्वारा उत्पन्न हुने कारण दृष्टिचर्यालाई मोहचर्यामा नै समावेश गरिन्छ।

यी चर्याहरूको के निदान छ ? कसरी जान्नुपर्दछ कि यो व्यक्ति रागचरित हो वा यो व्यक्ति द्वेष आदि चर्याहरूमध्ये कुनै एक ? कुन चरित व्यक्तिको लागि के अनुकुल छ ?

### चर्या निदान

पहिलेको तीन चर्याहरू पूर्वजन्ममा अभ्यस्त हुने र श्लेष्मा आदि धातुदोषका कारण हुन्छन् भनी कोहीकोही भदन्छन्। पूर्वजन्ममा जो इच्छित कार्यमा अधिकांश शोभनीय कार्य गर्दछ, अथवा स्वर्गबाट च्यूत भएर मनुष्यलोकमा उत्पन्न हुन्छ ऊ रागचरित हुन्छ। पूर्वजन्ममा काट्ने, मार्ने, बाँध्ने, दुश्मनीको काम अधिकांश गर्ने अथवा नरक, सर्पयोनिदेखि च्युत भएर मनुष्यलोकमा उत्पन्न भएको हुन्छ ऊ द्वेषचरित हुन्छ। पूर्वजन्ममा अत्यधिक मादकपदार्थ सेवन गर्ने र ज्ञानको खोजि गर्ने कार्यबाट बञ्चित अथवा पशुयोनिबाट च्युत भएर यहाँ उत्पन्नहुन्छ ऊ मोहचरित हुन्छ। यसरी पूर्वजन्मको अभ्यासको कारण विभिन्न चरितका हुन्छन् भनिएको छ।

पृथ्वीधातु र जलधातुको अधिकताले व्यक्ति मोहचरितको हुन्छ – अन्य वायु र अग्नि दुई धातुको अधिकताले द्वेषचरित हुन्छ। सबै धातुहरुको समानताले रागचरित हुन्छ।

वायु, पित्त, कफ यी तीन दोषहरुमा जसमा कफको अधिकता हुन्छ ऊ रागचरितको हुन्छ। वायु अधिक हुने मोहचरित अथवा श्लेष्मा अधिक भएको मोहचरित र वायु अधिक हुने रागचरित हुन्छ। यसरी धातुदोषको कारण भनिएका छन्।

तर यसप्रकार भनिएअनुसार धातुहरूको उत्पन्न नियम छैन। किनकि पूर्वजन्ममा इच्छित कार्यमा



Downloaded from http://www.dhamma.digital

लागेको अधिकांश शोभन कार्य गर्ने पनि र स्वर्गबाट च्युत भएर यहाँ उत्पन्न हुने पनि सबै रागचरित नै हुँदैन अथवा अन्य द्वेष वा मोहचरित पनि हुँदैन। धातुदोषको नियममा रागचरित र मोहचरित दुई मात्रै भनिएका छन्  र त्यो पनि एकआपसमा विरोधी हुन्। श्रद्धाचर्या आदिमा एकको पनि निदान बताइएको छैन ? यसैले यी सबै अनिश्चित कथन हुन्।

यो अर्थकथाचार्यहरूको मतानुसार विनिश्चय हो। अट्ठसालिनी पकिण्णक काण्डको उत्सद कीर्तनमा भनिएको छ – "यी सत्व पूर्वहेतुअनुसार लोभउत्सद, द्वेषउत्सद, मोहउत्सद, अलोभउत्सद, अद्वेषउत्सद र अमोहउत्सद हुन्छन्। जसको कर्म गर्ने समय लोभ, अद्वेष र अमोह  बलियो हुन्छन् तर अलोभ, द्वेष र मोह दुर्बल हुन्छन् उसको दुर्बल अलोभले लोभलाई दबाउन सक्दैन, अद्वेष, अमोहले बलियो द्वेष मोहलाई दबाउन सक्दैन। यसैले त्यो व्यक्ति त्यस कर्मद्वारा दिइएको प्रतिसन्धि (आमाको गर्भमा प्रवेश गर्ने चित्त ) अनुसार उत्पन्न भएर लोभी, सुख विलासी, क्रोधरहित, प्रज्ञावान् र बज्रजस्तै ज्ञानयुक्त हुन्छ।

त्यसैगरी जसको कर्म गर्ने समय लोभ, द्वेष र अमोह बलवान् हुन्छन् तर अलोभ, अद्वेष र मोह दुर्बल हुन्छन् तब ऊ पहिलेको अनुसार नै लोभी र क्रोधी हुन्छ। तर प्रज्ञावान्, बज्रजस्तै ज्ञानयुक्त हुन्छ, दत्ताभय स्थविरजस्तैं।

जसको कर्म गर्ने समय लोभ, अद्वेष र मोह वलावान् हुन्छन् तर अन्य दुर्बल हुन्छन् तब ऊ पहिलेजस्तै लोभी र कम बुद्धिमान् हुन्छ। तर सुखसिली र अक्रोधी हुन्छ, बहुल स्थविरजस्तैं।

त्यसरी नै जसको कर्म गर्ने समय लोभ, द्वेष र मोह तीनैवटा बलवान् हुन्छन् तर अलोभ, अद्वेष र अमोह दुर्वल हुन्छन् भने ऊ पहिलेको अनुसार लोभी, क्रोधी र मूर्ख हुन्छ।

जसको कर्म गर्दा समय अलोभ, द्वेष र मोह बलवान् हुन्छन् तर अन्य दुर्वल हुन्छन् तब ऊ पहिलेको अनुसार अल्पक्लेशयुक्त हुन्छ। दिव्य आलम्बनहरूलाई पनि देखेर निश्चल रहन्छ। तर क्रोधी र कम बुद्धिवान् हुन्छ।

जसको कर्म गर्दा समय अलोभ, अद्वेष र मोह बलवान् हुन्छन् तर अन्य दुर्वल हुन्छन् तब पहिलेको अनुसार नै अलोभी र सुखशीली हुन्छ, तर हुन्छ मूर्ख।

त्यसरी नै जसको कर्म गर्दा समय अलोभ, द्वेष र अमोह बलवान् हुन्छन् अन्य दुर्बल तब ऊ पहिलेको अनुसार नै अलोभी र प्रज्ञावान् हुन्छ तर हुन्छ क्रोधी।

जसको कर्म गर्दा समय तीनैवटा अलोभ, अद्वेष र अमोह बलवान् हुन्छन् तर लोभ, द्वेष र मोह दुर्बल हुन्छन् तब मज्झिम निकाय (३,३,२) अनुसार ऊ महासंघरक्षित स्थविरजस्तैं अलोभी, अक्रोधी र प्रज्ञावान् हुन्छ।

यसमा जो लोभी भनिएको छ  ऊ रागचरित हो। क्रोधी  द्वेषचरित र कमबुद्धि मोहचरित हुन्। प्रज्ञावान् बुद्धिचरित हो। अलोभी र अक्रोधी प्रसन्न मन हुने स्वभाव हुनाले श्रद्धाचरित हुन्छ। अथवा जसरी धेरैजसो अमोह हुने कर्मद्वारा उत्पन्न भएको बुद्धिचरित हुन्छ, यसरी नै धेरै श्रद्धावान् कर्मद्वारा उत्पन्न भएको श्रद्धाचरित हुन्छ। कामभोग सम्बन्धी वितर्क आदि कर्मद्वारा उत्पन्न भएको



Downloaded from http://www.dhamma.digital

वितर्कचरित हुन्छ । लोभ आदि मिश्रित कर्मद्वारा उत्पन्न भएको मिश्रितचरित हुन्छ ।

यसप्रकार लोभ आदिमध्ये जो कसैको प्रतिसन्धिलाई उत्पन्न गर्ने कर्मलाई चर्याहरूको निदान जान्नुपर्दछ ।

## जान्ने लक्षण

"कसरी जान्नुपर्दछ कि यो व्यक्ति रागचरित हो ?" आदि जुन भनिएको छ त्यसको लागि यो विधि हो ।

*इरियापथतो किच्चा भोजना दस्सनादितो ।*
*धम्मप्पवत्तितो चेव चरियायो विभावये ॥*

(१.इर्यापथ, २.काम, ३.भोजन, ४.हेर्ने आदि र ५.धर्मको प्रवृत्तिद्वारा चर्याहरूलाई जानोस् ।)

## इर्यापथद्वारा

रागचरित स्वाभाविक चालले हिंड्दै सजीसजाउ भएर हिंड्छ, विस्तारै खुट्टा राख्छ, बराबर राख्छ, बराबर उठाउँछ, र उसको पाइतालाको बीचको भाग जमिनमा छुँदैन । द्वेषचरित पाइतलाअगाडिको भागद्वारा जमिन खनेझैं हिंड्छ, हतार गरी खुट्टा राख्छ, हतार गरी उठाउँछ र खुट्टा राख्ने समय तन्काउँदै गरेझैं राख्छ । मोहचरित हात खुट्टा चलाउँदै हिंड्छ, सशंकितजस्तै खुट्टा राख्छ, डराएझैं सशंकितजस्तै उठाउँछ र उसको खुट्टा अनुपीढित (खुट्टाको पंजा र कुर्कुच्चाद्वारा तुरुन्त दबाउने) हुन्छ । सुत्तनिपात (४,९) र धम्मपद अर्थकथा (२,१)को मागन्दिय सूत्रको उत्पत्तिमा यो भनिएको पनि छ –

*रत्तस्स हि उक्कुटिकं पदं भवे दुट्ठस्स होति अनुकड्ढितं पदं ।*
*मुल्हस्स होति सहसानुपीलितं विवट्टच्छदस्स इदमीदिसं पदं ॥*

(रागीको खुट्टाले तल्लो भागमा जमिनलाई छुँदैन, द्वेषीको खुट्टाले जमिनमा राख्दाको समय तन्काउँदै गरेको हुन्छ । मोहीको खुट्टा पंजा र कुर्कुच्चाद्वारा हतारिएर जमिनमा दबाउँदै गएको हुन्छ, तर छतरहित (प्रहीण क्लेश) को खुट्टा यसप्रकारको हुन्छ ।)

रागचरितको स्थान पनि सुन्दर र मनोहर हुन्छ । द्वेषचरितको कडा र मोहचरितको छरिएको स्थान हुन्छ । बस्दा पनि रागचरित विस्तारविस्तार बराबर बिछ्यौना बिछ्याएर, विस्तार पल्टिएर, अंगप्रत्यंगलाई समेटेर सुन्दर ढंगले सुत्दछ र ब्युझाउँदा छिटो उठेर डराएजस्तै ढिलोढिलो जवाफ दिन्छ । द्वेषचरित जसोतसो बिछ्यौना बिछ्याएर शरीर फ्याँकेकोझैं आँखीभौं चढाएर सुत्छ र ब्युझाउँदा छिटो उठेर रिसाएजस्तै गरी जवाफ दिन्छ । मोहचरित नमिलेको बिछ्यौना बिछ्याएर यताउता अंग प्रत्यंगलाई फ्याँक्दै अधिकतर तल मुख गरी सुत्दछ र ब्युझाउँदा "हूँ हूँ" गर्दै ढिलो उठ्छ । श्रद्धाचरित आदि रागचरित सदृश भएकोले उसको पनि इर्यापथ रागचरितजस्तै हुन्छ । यसप्रकार इर्यापथद्वारा चर्याहरूलाई जान्नुपर्दछ ।

## कामद्वारा

कुचो लगाउने आदि काममा = रागचरित राम्ररी कुचोलाई पक्रेर विस्तारबिस्तार धुलोलाई



Downloaded from http://www.dhamma.digital

नफैलाउँदै सिन्दुवार (Vitex nigunda) को बिछ्याएको फूलहरुजस्तै बिछ्याउँदै शुद्ध हल्का तरिकाले कुचो लगाउँछ । द्वेषचरित जोड्ले कुचो पक्रेर छिटोछिटो दुवैतिर धूलो उडाउँदै कर्कष शब्दद्वारा शुद्ध, विषम कुचो लगाउँछ । मोहचरित ढीला कुचो पक्रेर उल्टाउँदै पल्टाउँदै, मिलाउँदै धूलो र फोहोर मिलाउँदै, अशुद्ध र विषम कुचो लगाउँछ ।

जसरी झाडू लगाउनुमा रागचरितले त्यसरी नै चीवर धुने, रंगाउने आदिमा पनि, सबै कामहरूमा निपुण प्रिय, राम्ररी सत्कारपूर्वक गर्ने हुन्छ । द्वेषचरितले जोरले पक्रिने, कडा र विषम गर्ने हुन्छ । मोहचरितले अनिपुण, छरिएको, विषम र असीमित गर्ने हुन्छ ।

चीवर लगाउनेमा पनि रागचरितको न धेरै कसिएको न ढीला हुन्छ । त्यो सुन्दर र गोलाकार हुन्छ । द्वेषचरितको न धेरै कसिएको, न गोलाकार हुन्छ मोहचरितको ढीला र छरिएको हुन्छ । श्रद्धाचरित आदि रागचरितजस्तै हुनाले त्यसअनुसार जान्नुपर्दछ ।

यसप्रकार कामले चर्याहरूलाई जान्नुपर्दछ ।

### भोजनद्वारा

रागचरितलाई चिल्लो, मीठो भोजन प्रिय हुन्छ र खाँदा गोलो गाँस तर धेरै ठूलो नगरी रसलाई चाख्दै विस्तारविस्तार खान्छ । केही स्वादिष्ट पाएर प्रसन्न हुन्छ । द्वेषचरितलाई रूखो अमिलो खाना प्रिय हुन्छ र खाँदा मुखभरी गाँस गरी रसलाई नचाख्दै छिटोछिटो खान्छ । केही अस्वादिष्ट भएमा अप्रसन्न हुन्छ । मोहचरित अनियत रूचिको हुन्छ र खाँदा न गोलो, छोटो, सानो गाँस गरी भाँडामा छर्किदै, मुखमा पोत्दै, विक्षिप्तचित्त गर्दै, अनेक कुरालाई सोच्दै खान्छ । श्रद्धाचरित आदि रागचरितजस्तै हुनाको कारण त्यसअनुसार जान्नुपर्दछ । यसप्रकार भोजनद्वारा चर्याहरूलाई जानोस् ।

### देख्ने आदिद्वारा

रागचरितले अलिकता पनि मनोरम दृश्य (रूप)लाई देख्दा अचम्ममा परेकोझैं धेरै बेरसम्म हेर्दछ । थोरै गुणमा पनि फस्दछ । यथार्थ दोषलाई पनि मान्दैन । छाडेर जानुपर्दा पनि नछाड्ने इच्छा भएजस्तै आसक्त भएर नै जान्छ । द्वेषचरित थोरै नराम्रो देख्दा पनि सहन गर्न नसक्ने कारणले, दुःखित भएझैं धेरै बेरसम्म हेर्दैन । सानो दोषमा पनि झगडा गर्दछ । यथार्थ गुणलाई पनि मान्दैन । जाने बेला पनि छुटेर जाने नै इच्छायुक्त भएर इच्छारहित जान्छ । मोहचरित जुनकुनै रूपलाई देख्दा अरूको नक्कल गर्ने हुन्छ । अरूलाई निन्दा गर्दै गरेको सुनेर निन्दा गर्दछ । प्रशंसा गरेको सुनेर प्रशंसा गर्दछ । स्वयं अज्ञानताको उपेक्षाले उपेक्षा नै गर्ने हुन्छ । यसरी नै शब्दश्रवण आदिमा पनि बुझ्नुपर्दछ । श्रद्धाचरित आदि रागचरितजस्तै हुनाको कारणले उनीहरूकै अनुसार जान्नुपर्दछ । यसप्रकार हेर्ने आदिले चर्याहरूलाई जान्नुपर्दछ ।

### धर्मको प्रवृत्तिद्वारा

रागचरितको माया, मूर्खता, घमण्ड, खराब इच्छाहरू, ठूलाठूला आशाहरू, असन्तोष, अरूलाई चोट पुऱ्याउनु, ज्यादा बोल्नु आदि यसप्रकारका धेरैजसो स्वभावहरु हुन्छन् । द्वेषचरितमा क्रोध, दुश्मनी, म्रक्ष (अरूको गुणलाई मिटाउने प्रयत्न), निष्ठूरता, ईर्ष्या, मात्सर्य



Downloaded from http://www.dhamma.digital

आदिप्रकारका प्रवृति हुन्छन् । मोहचरितमा थिन (मानसिक आलश्य), मिद्ध (शारीरिक आलस्य), उद्द्च्च (उद्धतपन), कुकुच्च (पश्चाताप), विचिकिच्छा (शंका), आफ्नो कुरामा दृढताले डटिरहनु, आफ्नो कुरालाई नछाड्नु आदिप्रकारका प्रवृति हुन्छन् । श्रद्धाचरितलाई उदारताले दान दिनु, आर्यहरूको दर्शनको इच्छा, सद्धर्म सुन्ने अभिलाषा, प्रमोदको अधिकता, संसर्गरहित रहनु, मायावी नहुनु, चित्त प्रसन्न गर्ने कुराहरू (बुद्ध, धर्म, संघ) मा चित्तलाई प्रसन्न गर्ने आदिप्रकारका प्रवृति हुन्छन् । बुद्धिचरितलाई आज्ञाकारी (सुवच), कल्याणमित्रहरूसंग मित्रता गर्नु, भोजनमा मात्राज्ञान जान्नु, स्मृति र सम्प्रजन्य (प्रज्ञा) हुनु, जागरणमा लागिरहनु, संवेग गर्ने कुराहरूमा संवेग गर्नु र संविग्नको ठीकठीक प्रयत्न गर्नु आदिप्रकारका प्रवृति हुन्छन् । वितर्कचरितलाई धेरै कुराकानी गर्नु, भुण्डभुण्ड गरी विहार गर्ने इच्छा हुनु, पुण्यकर्महरूमा मन नलाग्नु, चञ्चल चित्तको हुनु, रातमा धुंवाउनु (यसोउसो गर्छु भनी सोच्नु) दिउँसो जल्नु (त्यसरी सोचेको कामहरूलाई गर्नु), यताउता मनलाई दौडाउनु आदिप्रकारका प्रवृति अधिकतर हुन्छन् । यसप्रकार धर्मको प्रवृत्तिद्वारा चर्याहरूलाई जान्नुपर्दछ ।

यो चर्यालाई जान्ने विधान सबैप्रकारले न त पालिमा र न अर्थकथामा नै आएको छ मात्र आचार्यको मतानुसार भनिएको छ यसैले साररूपमा मान्नु हुँदैन । किनकि रागचरितको लागि भनिएको इर्यापथ आदिलाई द्वेषचरितले पनि अप्रमादले विहार गर्न सक्दछ र मिश्रितचरित एउटै व्यक्तिलाई पनि भिन्नभिन्न लक्षण इर्यापथ आदि उत्पन्न हुँदैन । जुन अर्थकथाहरूमा चर्यालाई जान्ने विधि बताइएको छ, त्यसलाई नै साररूपमा मान्नुपर्दछ । भनिन्छ "चेतोपर्य ज्ञान" (अरूको चित्तलाई जान्ने ज्ञान) लाई प्राप्त आचार्य चर्यालाई जानेर कर्मस्थान भन्दछ । अरू आचायहर्रुले शिष्यसंग सोध्नुपर्दछ । यसैले चैतोपर्य ज्ञानद्वारा अथवा त्यस व्यक्तिद्वारा सोधेर जान्नुपर्दछ कि यो व्यक्ति रागचरित हो या द्वेषचरित आदि चर्याहरूमध्ये कुनै एक ।

## चरितको अनुसार अनुकलता

कुन चरित व्यक्तिलाई के अनुकूल हुन्छ ?

यहाँ रागचरितकोलागि शयनासन अपरिशुद्ध खाटा भूमिमा नै बनाएको, पब्भार (पर्वतको झुकेको स्थान जसको मुनि बस्न सकिन्छ) नबनाएको, तृणकुटी, पर्णशाला आदिमध्ये कुनै धूलोले भरिएको, चमेरोहरूले पूर्ण, कमजोर, ढल्न आँटेको, धेरै अग्लो या धेरै होचो छायाँ र पानीरहित जंगल, सिंह आदिद्वारा भययुक्त, अपवित्र, विषम मार्गयुक्त जहाँ खाट, पिर्का पनि उडुसले भरिएको र कुरुप हुन्छ, जसलाई देख्दैमा घृणा उत्पन्न हुन्छ, त्यस्तो अनुकूल हुन्छ । लगाउने, बिछ्याउने वस्त्र किनाराकिनारामा फाटेको, जिलेवीजस्तै, झुण्डिएको, झूलेको धागोहरूले भरिएको बोराजस्तैं रूखो (खस्रो) स्पर्श भएको, मैला, भारी, मुश्किलले बोक्न सक्ने अनुकूल हुन्छ । पात्र पनि भद्दा, माटोको पात्र अथवा काँटी र गाँठले भरिएको फलामको पात्र, गन्हुँगो र खराब बनावटको, टाउकोको खोपडीजस्तै घृणायोग्य हुनुपर्दछ । भिक्षाटनको मार्ग पनि अप्रिय, टाढा गाउँ भएको विषम हुनुपर्दछ । भिक्षाटन गर्ने गाउँ पनि, जहाँ मानिसहरूले भिक्षुलाई नदेखेझैं गरी घुम्दछ, जहाँ एउटै घरमा भिक्षा नपाएर फर्किंदा पनि "भन्ते, आउनोस् " भनी गौरवपूर्वक निमन्त्रणा दिएर, आसनशालामा लिएर गएर, यवागु भात दिन्छ तर जाने समय भने, गाईलाई गोठमा घुसाउनेसमान प्रवेश गराएर, नहेरी जान्छ, त्यस्तो हुनुपर्दछ । पस्किने मानिस पनि दास या नोकर कुरुप, भद्दा, मैला कपडा लगाएको, दुर्गन्ध, जिगुप्सा उत्पन्न गर्ने जो रिसाउंदै



Downloaded from http://www.dhamma.digital

खिचडी भात फ्याँकेझैं पस्किन्छ, त्यस्तो अनुकूल हुन्छ। खिचडी भात खानेवस्तुहरू पनि रूखो, खराब, कुदुषक (कोदोकण आदिले बनेको सढेकोपढेको) भाँडामा, पुरानो सागको भ्यातल जुनसुकै तर पेटभरी हुनुपर्दछ। उसको लागि इर्यापथ पनि उभिनु या हिंडडुल मात्र गर्नुपर्दछ। आलम्बनमा नीलो आदि वर्ण कसिणमध्ये जुनसुकै अपरिशुद्ध वर्ण यो रागचरितलाई अनुकूल हुन्छ।

द्वेषचरितको शयनासन न धेरै उँचो, न धेरै होंचो, छायाँ र जलयुक्त, पर्खाल, खम्बा, सिंढीहरूमा बाँडिएको, मालालता कर्महरूद्वारा पूर्ण (चित्रित), नानाप्रकारका चित्रकर्मद्वारा सुसज्जित, बराबर चिल्लो, नरम सतह भएको, ब्रह्मविमानजस्तै पुष्पमाला र विचित्र रंगको चँदुवा राम्ररी सजाएको, शुद्ध, मनोरम बिछ्यौनाहरूद्वारा राम्ररी बिछ्याइएको, पिर्काखाट, ठाउँठाउँमा सुगन्धीकोलागि राखिएको फूल र सुगन्धहरूको सुवासद्वारा सुगन्धित, जुन देख्ना मात्रले प्रीति प्रामोद्य उत्पन्न गर्दछ- यसप्रकारका अनुकूल हुन्छन्।

उसको शयनासनको मार्ग पनि सबैप्रकारका बिघ्न वाधाहरूरहित पवित्र बराबर सम्मिएको खुब सजिएको हुनु नै पर्दछ। सुत्ने बिछ्याउने सामान पनि कीरा, उडुस्-दीर्घ जातिक (सर्प आदि) मुसाहरूको उप्रदवलाई हटाउनको लागि धेरै हुनु हुँदैन। एउटै पिर्का खाट मात्र हुनुपर्दछ। लगाउने, बिछ्याउने पनि उसको वस्त्र चीन देशको बनिएको कपडा (चीनपट्ट) सोमार देश को वस्त्र (सोमारपट्ट), रेशमी कपासले बनेको महीन वस्त्र, सुतीले बनेको मिहीन कपडा (क्षोम वस्त्र) आदिमा जुनजुन राम्रो हुन्छ त्यसबाट एकहोरो वा दोहोरो हल्का श्रमणभेषयोग्य, राम्ररी रंगाएको, सुपरिशुद्ध वर्ण हुनुपर्दछ। पात्र पानीको फोकाजस्तै राम्रो बनावट भएको मणिजस्तै चिल्लो र निर्मल, श्रवणभेषयोग्य सुपरिसुद्ध वर्ण, फलामको पात्र हुनुपर्दछ। भिक्षाटनको मार्ग बिघ्नरहित, समतल, प्रिय र न धेरै टाढा, न धेरै नजिक गाउँ भएको हुनुपर्दछ। भिक्षाटन गर्ने गाउँ पनि जहाँ मानिस - "अब आर्य आउनेछ" भनी सोचेर पानी छर्की बढार कुँढार गरी सफा गरिएको स्थानमा आसन बिछ्याएर, अगाडि बढेर, पात्रलाई लिएर, घरमा प्रवेश गराई ओछ्याएको आसनमा बसाएर, सत्कारपूर्वक आफ्नो हातहरूले पस्किन्छ, त्यस्तो हुनुपर्दछ।

जो उसलाई पस्किने व्यक्ति हुन्छ, ऊ सुन्दर, चित्तलाई प्रसन्न गर्ने, राम्ररी नुहाएको, शरीरमा लेपन गरेको (पाउडर क्रीम लगाएको) धूप, पुष्प, गन्धको सुगन्धहरूले सुगन्धित, नानाप्रकारका पवित्र मनोहर वस्त्र-आवरणले सजाइएको, सत्कार गर्ने त्यस्तो अनुकूल हुनुपर्छ।

खिचडी भात, खाने वस्तुहरू पनि वर्ण गन्ध, रसयुक्त ओजपूर्ण, मनोरम, सबै तरहले प्रणीत इच्छाभर खानको लागि हुनुपर्दछ। यसको इर्यापथ पनि पल्टिनु या बस्ने हुनुपर्दछ। आलम्बन नील आदि कसिणहरूमध्ये जुनकुनै सुपरिशुद्ध वर्णको हुनुपर्दछ। यो द्वेषचरितलाई अनुकूल हुन्छ।

मोहचरितको शयनासन खुला मैदानतर्फ मुख भएको बिघ्नरहित हुनुपर्दछ। जहाँ कि बस्नेलाई खुला दिशा देखापर्छ। इर्यापथमा हिंडडुल हुनुपर्दछ। यसको आलम्बन सूप (झोल) या रक्सी पिउने बटुकोजस्तो सानो आकार हुनु हुँदैन। संकिर्ण स्थानमा चित्त अधिकता सम्मोहलाई प्राप्त हुन्छ, यसैले कसिण ठूलो र महान हुनुपर्दछ। शेष कुराहरू द्वेषचरितको लागि भनिएझैं मोहचरितकोलागि अनुकूल छ।

श्रद्धाचरितकोलागि द्वेषचरितमा भनिएको सबै विधानअनुकूल छ। यसको आलम्बनहरूमा अनुस्मृति



Downloaded from http://www.dhamma.digital

कर्मस्थान पनि हुनुपर्दछ। बुद्धिचरितकोलागि शयनासनमा "यो अनुकूल छ" यस्तो कुरा कतै उल्लेख छैन। वितर्कचरितकोलागि शयनासन खुला मैदानतर्फ मुख भएको, जहाँ बसेर बगैंचा, बन, पोखरीको र मणीयता गाउँ, देहात, जनपदको पारिपटी र नीलो रंगको पर्वत देखिन्छ - त्यो हुनु हुँदैन। त्यो त वितर्कको दौडानको कारण नै बन्दछ। यसैले पर्वतको घाँटीमा बनले ढाकिएको श्रीलंकाको हस्तिकुक्षि पब्भार र महेन्द्रगुहाजस्तै शयनासनमा वास गर्नुपर्दछ। यसको आलम्बन पनि ठूलो हुनु हुँदैन। त्यस्तो आलम्बन वितर्कअनुसार दौडानको हेतु हुन्छ। त्यो छोटो हुनुपर्दछ। शेष रागचरितको लागि भनिएकोझैं वितर्कचरितकोलागि अनुकूल छ।

यो "आफ्नो चर्याको अनुकूल" पदमा आएको चर्याहरूको प्रभेद, निदानका स्पष्टीकरण र अनुकूलताको परिच्छेदानुसार विस्तार हो। अहिलेसम्म चर्याको अनुकूल कर्मस्थान सबैप्रकारले स्पष्ट गरिएको छैन। त्यो पछिको मात्रिका (शीर्षक)को विस्तारमा आफैंआफ स्पष्ट हुन्छ। यसैले जुन भनिएको छ "चालीस कर्मस्थानहरूमध्ये कुनै एक कर्मस्थानलाई ग्रहण गरी" त्यसमध्ये यहाँ (१) संख्याको निर्देशले (२) उपचार -अर्पणा ध्यानको आवाहनले (३) ध्यानको प्रभेदले (४) आलम्बनको समतिक्रमणले (५) बढाउने-घटाउनेले (६) आलम्बनले (७) भूमिले, (८) ग्रहण गर्नेले (९) प्रत्ययले, (१०) चर्याको अनुकूल हुनाले - यी दश आकारहरूद्वारा कर्मस्थानका विनिश्चय जान्नुपर्दछ।

## संख्या निर्देश

चालीस कर्मस्थान यी हुन् -

(१) दश कसिण -पठवी (पृथ्वी) कसिण, आपो (जल) कसिण, तेजो (अग्नि) कसिण, वायो (वायु) कसिण, नीलकसिण, पीतकसिण, लोहितकसिण, अवदात (श्वेत) कसिण, आलोककसिण, परिछिन्नाकाश-कसिण।

(२) दश अशुभ - उर्ध्वमातक, विनीलक, विपुब्बक, विच्छिद्दक विक्खायितक, विक्षिप्तिक, हृतविक्षिप्तक, लोहितक, पुलुवक, अस्थिक।

(३) दश अनुस्मृतिहरू - बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मृति, शीलानुस्मृति, त्यागानुस्मृति, देवतानुस्मृति, मरणानुस्मृति, कायगतानुस्मृति, आनापानस्मृति, उपशमानुस्मृति।

(४) चार ब्रह्मविहार - मैत्री, करुणा, मुदिता, उपेक्षा।

(५) चार आरुप्य - आकाशानत्यायतन, विज्ञानानत्यायतन, आकिंचन्यायतन, नैवसंज्ञानासंज्ञायतन।

(६) एक संज्ञा - आहारमा प्रतिकूलताको संज्ञा (विचार)।

(७) एक व्यवस्थान - चारै वटा धातुहरूको व्यवस्थान।

यसरी संख्याको निर्देशले विनिश्चय जान्नुपर्दछ।

## उपचार अर्पणाको आवाहान

कायगतास्मृति र आनापानस्मृतिलाई छोडेर शेष आठ स्मृतिहरू, आहारमा प्रतिकूलताको संज्ञा,



Downloaded from http://www.dhamma.digital

चार धातुहरूको व्यवस्थान - यिनै दश कर्मस्थान उपचारको आवाहान गर्नेहरू हुन् । शेष अर्पणालाई आवाहांन गर्नेहरू हुन् । यसरी उपचार अर्पणाको आवाहानले कर्मस्थानको विनिश्चय जान्नुपर्दछ ।

## ध्यानको प्रभेद

अर्पणाको आवाहान गर्नेहरूमा यहाँ आनापान स्मृतिको साथै दश कसिण चार ध्यानयुक्त छन् । कायगतास्मृति र अशुभ प्रथमध्यानयुक्त, पहिलो तीन ब्रह्मविहार (मैत्री, करुणा, मुदिता) तेस्रो ध्यानयुक्त र चौथो ब्रह्मविहार (उपेक्षा) र चारैवटा आरुप्य चौथो ध्यानयुक्त छन् ।

## समतिक्रमण

दुई प्रकारका समतिक्रमण हुन्छन् - (१) अंगको समतिक्रमण र (२) आलम्बनको समतिक्रमण । तिनीहरूमा सबै तेस्रो, चौथो ध्यानयुक्त कर्मस्थानहरूमा अंगको समतिक्रमण हुन्छन् । वितर्क, विचार आदि ध्यानको अंगहरूको समतिक्रमण गरी त्यसै आलम्बनहरूमा द्वितीयध्यान आदिलाई पाउनाको कारणले अंगको समतिक्रमण हुन्छ । त्यसरी नै चौथो ब्रह्मविहारमा पनि अंगको समतिक्रमण हुन्छ । त्यो पनि मैत्री आदिको नै आलम्बनमा सौमनस्यको समतिक्रमण गरी पाउनाको कारणले अंगको समतिक्रमण हुन्छ । चारै आरुप्यहरूमा आलम्बनको समतिक्रमण हुन्छ । पहिलेको नौ कसिणहरूमध्ये कुनै एकको समतिक्रमण गरी आकाशानन्त्यायतनलाई पाईन्छ र आकाश आदिको समतिक्रमण गरी विज्ञानन्त्यायतन आदि प्राप्त हुन्छ । शेषहरूमा समतिक्रमण छैन ।

## बढाव घटाव

यी चालीस कर्मस्थानहरूमा दश कसिणहरूलाई नै बढाउनुपर्दछ । जति स्थान कसिणलाई फैलाउँछ, त्यसभित्र दिव्यश्रोत्रद्वारा शब्द सुन्नको लागि, दिव्यचक्षुद्वारा रूप देख्नको लागि र अन्य प्राणीहरूको चित्तलाई आफ्नो चित्तद्वारा जान्नको लागि समर्थ हुन्छ ।

कायगतास्मृति र अशुभलाई बढाउनु हुँदैन । किन ? आलम्बन दायरामा बाँडिएको हुनाले र गुणको अभावको कारण । त्यो त्यसको स्थानदेखि अलग हुनु भावना गर्ने विधिमा आउनेछ । त्यसको बढ्नाले मुर्दाको थुप्रोमात्र बढ्दछ र त्यसमा कुनै गुण छैन । थेरगाथा अर्थकथा (७,४) र अपदान अर्थकथा (१,१९) को सोपाक प्रश्नोत्तरमा भनिएको पनि छ - “भगवान्, रूपसंज्ञा प्रकट छ तर अप्रकट छ अस्थिकसंज्ञा” त्यसमा निमित्तको बढेअनुसार रूपसंज्ञा प्रकट भनिएको छ, र आस्थिकसंज्ञा नबढनेअनुसार अप्रकट भनिएको छ ।

जुन यो थेरगाथा (१,१५,१८)मा - “अस्थिकसंज्ञाद्वारा सम्पूर्ण यस पृथ्वीलाई स्फरण (फैलाउनु) गऱ्यो” भनिएको छ, त्यो त्यस ध्यानलाई पाउने व्यक्तिको थाहा पाउनेअनुसार भनिएको हो । जस्तै- सुमंगल विलासिनी (२,१,१४)मा भनिएअनुसार धर्माशोकको समयमा करविंक पंक्षी चारैतिर ऐनाको भित्तामा आफ्नो छायाँलाई देखेर, सबैतिर करविंक पंक्षी छन् - यस्तो सम्झेर मीठो बोली बोल्यो । यसरी नै सिगालपिता स्थविरले पनि अस्थिकसंज्ञाको प्राप्तिको कारण सब दिशाहरूमा उपस्थित निमित्तलाई देख्दै, सारा पृथ्वीलाई नै हड्डीहरूद्वारा भरिएको सम्झियो ।



Downloaded from http://www.dhamma.digital

यदि यस्तो हो भने धम्मसंगणी (३,१८)मा जुन अशुभध्यानहरूको अप्रमाणालम्बन भनिएको छ। के त्यो विरुद्ध हुन्छ ? उत्तर - त्यो विरुद्ध हुँदैन। कोही ठूलो उर्ध्वमातक या अस्थिक (हड्डी) मा निमित्तलाई ग्रहण गर्दछ र कोही सानोलाई ग्रहण गर्दछ। यसकारण कसैको परित्राणालम्बनको ज्ञान हुन्छ र कसैको अप्रमाणालम्बनको ज्ञान हुन्छ। अथवा जो यसको बढ्नुमा दोषलाई नदेख्दै यसलाई बढाउँदछ, त्यसप्रति "अप्रमाणालम्बन" भनिएको छ। अतः गुणको अभावको कारण बढाउनु हुँदैन।

जसरी यिनीहरूलाई, यसरी नै शेषहरूलाई पनि बढाउनु हुँदैन। किन ? उनीहरूमा आनापानको निमित्तलाई बढाउँदै दायरामा बाँडिएको वायुराशी नै बढ्दछ। यसैले दोष हुने र आलम्बन दायरामा बाँढिएको हुनाको कारण बढाउनु हुँदैन। ब्रह्मविहार प्राणीहरूको आलम्बनयुक्त छन्, उसको निमित्तलाई बढाउँदा प्राणीहरूको समूह नै बढ्छ र त्यसको कुनै मतलब हुँदैन, यसैले त्यसलाई पनि बढाउनु हुँदैन।

जुन दीघनिकाय (१,२) अनुसार भनिएको छ – "मैत्रीयुक्तचित्तले एक दिशालाई पूर्ण गरी" आदि त्यो परिग्रहण गरेअनुसार नै भनिएको छ। एक घर, दुई घर आदिको क्रमदेखि एक दिशामा रहने प्राणीहरूलाई परिग्रहण गरी भावना गर्दै 'एक दिशालाई पूर्ण गरी' भनिएको छ न कि निमित्तलाई बढाउँदै। यसमा प्रतिभाग निमित्त नै छैन जुन कि बढ्दछ। परित्र-अप्रमाण आलम्बनको हुनु पनि यहाँ परिग्रहणानुसार जान्नुपर्दछ।

आरुप्यको आलम्बनहरूमा पनि आकाशकसिणको उद्घाटन (उघार्नु) मात्र हो। त्यसलाई कसिणलाई छाडेर मनमा गर्नुपर्दछ। त्यसपछि बढाउँदै केही हुँदैन, विज्ञान एकको स्वभाव धर्म हुनाको कारणले स्वभावधर्मलाई बढाउनु सकिँदैन। विज्ञानको अभाव हुनाको कारण आकिंचन्यायतनको आलम्बनलाई बढाउनु हुँदैन र स्वभावधर्मको नैवसंज्ञानासंज्ञायतनको आलम्बनलाई बढाउनु हुँदैन। बुद्धानुस्मृति आदि दश कर्मस्थानहरूका निमित्त नभएको कारणले आलम्बनलाई बढाउनु हुदैन। प्रतिभाग निमित्तलाई नै बढाउनुपर्छ। बुद्धानुस्मृति आदिको प्रतिभाग निमित्त आलम्बन हुँदैन, त्यसैले त्यसलाई बढाउनु हुँदैन।

## आलम्बन

यी चालीस कर्मस्थानहरूमा दश कसिण, दश अशुभ, आनापान स्मृति, कायगतास्मृति - यी बाईस प्रतिभागनिमित्त भएको आलम्बन हुन्। शेष प्रतिभागनिमित्त भएको आलम्बन होइन। यसरी नै दश अनुस्मृतिहरूमध्ये आनापानस्मृति र कायगतास्मृतिलाई छाडी, शेष आठ अनुस्मृतिहरू, आहारमा प्रतिकूलताको संज्ञा, चार धातुहरूको व्यवस्थान, विज्ञानन्त्यायतन नैवसंज्ञानासंज्ञायतन - यी बाईस निमित्त आलम्बनयुक्त हुन्। शेष ६ भन्न सकिँदैन कि निमित्तयुक्त आलम्बन हुन् अथवा अनिमित्तयुक्त आलम्बन हुन्। त्यसरी नै विपुब्बक, लोहितक, पुलवक, आनापानस्मृति, जलकसिण, अग्निकसिण, वायुकसिण र जुन आलोककसिणमा सूर्य आदिको प्रकाशमण्डलको आलम्बन हो - यी आठ चलिरहने आलम्बन हुन् र यो पनि पूर्वभागमा मात्र हुन्छ। तर त्यसको प्रतिभाग निमित्त शान्त नै हुन्छ। शेष चल्ने आलम्बन होइनन्।



Downloaded from http://www.dhamma.digital

## भूमि

दश अशुभ, कायगतास्मृति, आहारमा प्रतिकूलताको संज्ञा - यी बाह्र देवलोकमा प्रवर्तित हुँदैनन् । ती बाह्र र आनापानस्मृति - यी तेह्र ब्रह्मलोकमा प्रवर्तित हुँदैनन् । अरूपलोकमा चार आरुप्यहरूलाई छाडी अन्य प्रवर्तित हुँदैनन् । मनुष्य लोकमा सबै प्रवर्तित हुन्छन् ।

## ग्रहण गर्नु

देखेर, छोएर, सुनेर, आलम्बनहरूलाई ग्रहण गर्नाले पनि विनिश्चिय जान्नुपर्दछ । वायुकसिणलाई छाडी शेष नौ कसिण, दश अशुभ - यी उन्नाईस आलम्बनहरुलाई देखेर ग्रहण गर्नुपर्दछ । अर्थात् पहिला आँखाले हेरी फेरि मनमा त्यसको निमित्तलाई ग्रहण गर्नुपर्दछ । कायगतास्मृतिको बत्तीस कोट्ठासमध्ये त्वक् पञ्चक (केश, रौं, नङ, दाँत, छाला) लाई हेरेर, शेष सत्ताईस कोट्ठासलाई सुनेर आलम्बन ग्रहण गर्नुपर्दछ । आनापानस्मृतिमा श्वासप्रश्वासले स्पर्श गरिएको स्थानमा स्पर्श गरेर, वायु कसिणलाई हेरेर, र शरीरमा स्पर्श गरेको अनुभव गरेर र शेष अठाह्र आलम्बनहरूलाई सुनेर ग्रहण गर्नुपर्दछ । कर्मस्थान प्रारम्भ गर्ने आदिकर्मिकले उपेक्षा ब्रह्मविहार, चार आरुप्यहरूलाई ग्रहण गर्न सक्दैन । शेष पैंतीसलाई ग्रहण गर्न सक्दछ ।

## प्रत्यय

यी कर्मस्थानहरूमा आकाश कसिणलाई छाडी शेष नौ कसिण अरूप ध्यानहरूका प्रत्यय हुन्छन् । दश कसिण अभिज्ञाहरूका प्रत्यय हुन्छन् । मैत्री, करणा र मुदिता यी तीन ब्रह्मविहार चौथो उपेक्षा ब्रह्मविहारको प्रत्यय हुन्छन् । तल्लोतल्लो अरुपध्यान माथिल्लोमाथिल्ला ध्यानहरुका प्रत्यय हुन्छन् । नैवसंज्ञानासंज्ञायतन निरोध समापत्तिको र सबै दृष्टधर्म-सुखविहार, विपश्यना र देवलोक आदिमा हुनेको भव सम्पत्तिका प्रत्यय हुन्छन् ।

## चर्याको अनुकूल हुनु

चर्याको अनुकुल हुनाले पनि विनिश्चय जान्नुपर्दछ । जस्तै – रागचरितको लागि दश अशुभ र कायगतास्मृति, यी एघार कर्मस्थान अनुकूल छन् । द्वेषचरितको लागि चार ब्रह्मविहार र नील, पीत, लोहित र अवदात आदि चार वर्णकसिण यी आठ कर्मस्थान अनुकुल हुन्छन् । मोहचरित र वितर्कचरितको लागि एक आनापानस्मृति कर्मस्थान मात्र अनुकूल हुन्छ । श्रद्धाचरितको लागि पहिलो ६ अनुस्मृतिहरू अनुकूल हुन्छन् । बुद्धिचरितको लागि मरणानुस्मृति, उपशमानुस्मृति, चार धातुहरूको व्यवस्थान र आहारमा प्रतिकूलताको संज्ञा यी चार अनुकूल हुन्छन् । शेष कसिण र चार आरुप्य सबै चरितहरूको लागि अनुकूल छन् । कसिणहरूमा जुनकुनै सानो आलम्बन वितर्कचरितको लागि र अप्रमाण मोहचरितको लागि अनुकूल छन् ।

यी सब पक्षविपक्ष र अत्यन्त अनुकूल भएअनुसार भनिएका हुन् । किनकि कुशलको भावना यस्तो हुँदैन जसले राग आदिलाई नदबाइएको अथवा श्रद्धा आदिलाई नबढाएको होस् । अंगुत्तर निकाय (४) र उदान (४,१) को मेघिय सूत्रमा भनिएको पनि छ – "चार धर्महरूको अगाडि अरू भावना गर्नुपर्दछ (१) रागलाई हटाउनको लागि अशुभ भावना गरिनुपर्दछ (२) व्यापाद (क्रोध) लाई हटाउनको लागि मैत्री



Downloaded from http://www.dhamma.digital

भावना गरिनुपर्दछ। (३) वितर्कलाई हटाउनको लागि आनापानस्मृतिको भावना गरिनुपर्दछ (४) "मै हुँ" को अभिमान नाश गर्नको लागि आत्मसंज्ञाको भावना गर्नु गरिनुपर्दछ। " मज्झिम निकाय (२,२२)को राहुल सूत्रमा पनि - "मैत्रीको भावना गर" आदिप्रकारले एकको लागि नै मैत्री, करुणा, मुदिता, उपेक्षा, अशुभ, अनित्यसंज्ञा र आनापानस्मृति यी सात कर्मस्थान भनिएका छन्। यसैले वचनमात्रमा नपरेर सर्वत्र मतलबलाई नै खोज्नुपर्दछ।

## ग्रहण गरी

त्यस योगीलाई "कर्मस्थान दिने कल्याणमित्रकहाँ गएर" आदि माथि भनिएअनुसार नै उक्तप्रकारको कल्याणमित्रकहाँ गएर बुद्ध भगवान् या आचार्यप्रति आफूलाई सुम्पेर, विचार र अधिमुक्तिद्वारा युक्त भएर कर्मस्थान माग्नुपर्दछ।

"भगवान्, म यस शरीरलाई तपाईंको लागि त्यागदछु" यसरी भगवान् बुद्धप्रति आफूलाई सुम्पिदिनुपर्छ। यसप्रकार नसुम्पेर एकान्त, शून्य, शयनासनहरूमा विहार गर्दा भयानक आलम्बन देखापरेमा, त्यहाँ रोकिनु नसक्ने भएर, गाउँमा गएर, गृहस्थहरूको साथ मिलेर अनर्येषण (धर्मको विरुद्ध चीवर, पिण्डपात,, गिलान प्रत्यय र भैषज्यलाई खोज्नु) गर्दै विनाशलाई प्राप्त हुन्छ। तर जसले आफूलाई सुम्पेको छ, उसलाई भयानक आलम्बन देखापरे तापनि भय उत्पन्न हुँदैन। "के पण्डित तिमीले पहिले नै आफूलाई बुद्धलाई सुम्पेको होइनौ ?" आदिप्रकारले विचार उत्पन्न गर्दै उसलाई सौमनस्य नै उत्पन्न हुन्छ।

चीवरको उपमा - जसरी कुनै मानिससंग उत्तम काशीको बनेको वस्त्र छ, त्यसलाई मूसा या कीराले खाएमा उसलाई दौर्मनस्य उत्पन्न हुन्छ। यदि ऊ त्यसलाई चीवररहित भिक्षुलाई दिएमा तब त्यसलाई त्यस भिक्षुद्वारा टुक्राटुक्रा गरेको देखे तापनि सौमनस्य नै उत्पन्न हुन्छ। यसरी नै यसलाई पनि जान्नुपर्दछ।

Dhamma.Digital

आचार्यप्रति सुम्पिनेलाई पनि – "भन्ते ! म यस शरीरलाई तपाईंको लागि त्यागदछु" भन्नुपर्दछ। यसप्रकार नसुम्पिने भिक्षु हकार्नुयोग्य हुँदैन अथवा भनेको नमान्ने, उपदेशलाई ग्रहण नगर्ने, इच्छाचारी या नसोधिकन नै जहाँ चाहान्छ, त्यहाँ जाने हुन्छ। आचार्यले पनि आमिष (चीवर आदि चार प्रत्यय) या धर्म उपदेश आदिद्वारा उसको संग्रह गर्दैन। गुढ (गम्भीर) ग्रन्थहरूलाई पढाउँदैन। त्यो भिक्षु यी दुई प्रकारका संग्रहहरूलाई नपाएर शासनमा प्रतिष्ठा पाउँदैन। थोरै दिनमा दुःशील हुन्छ अथवा गृहस्थ बन्छ। जसले आफूलाई सुम्पिदिन्छ ऊ हकार्नयोग्य हुन्छ, इच्छाचारी हुँदैन, भनेको मान्ने तथा आचार्यको इच्छानुसार चल्ने हुन्छ। ऊ आचार्यद्वारा दुवै प्रकारका संग्रहहरूलाई पाउँदै शासनमा बृद्धि, फैलावट र विपुलतालाई प्राप्त गर्दछ। चूल पिण्डपातिक तिष्य स्थविरका शिष्यहरूसमान।

## तीन शिष्यहरूको कथा

स्थविरकहाँ तीन भिक्षु आए। उनीहरूमध्ये एकले "भन्ते, म तपाईंको लागि हू त्यसैले एक सय मानिस गहिरो भिरबाट झर्नको लागि पनि तयार छुँ" भन्यो। दोस्रोले - "भन्ते, म तपाईंको लागि हू त्यसैले यस शरीरलाई कुर्कुच्चादेखि लिएर पत्थरको चट्टानमा रगड्दै बाँकी नराखी मर्नको लागि पनि



Downloaded from http://www.dhamma.digital

तैयार छुँ " भन्यो । तेस्रोले "भन्ते, म तपाईंको लागि हूँ त्यसैले श्वास रोकेर मर्न जानको लागि पनि तैयार छुँ" भन्यो ।

स्थविरले "यी भिक्षु योग्य छन्" भनी सोच्नुभएर कर्मस्थानलाई बताउनुभयो । उनीहरू उहाँको उपदेशअनुसार अभ्यास गरेर तीनैले अर्हत्वलाई पाए ।

आफूलाई सुम्पिनुमा यस्तो फल हुन्छ । यसैले भनिएको छ - "बुद्ध भगवान् या आचार्यप्रति आफूलाई सुम्पिदिनुपर्छ ।"

विचार र अधिमुक्तियुक्त भएर = त्यस योगीलाई अलोभ आदिअनुसार ६ प्रकारका विचारयुक्त हुनुपर्दछ । यसप्रकार विचारयुक्त योगी श्रावकबोधि, प्रत्येकबोधि र सम्यक सम्बोधि यी तीनै बोधिहरूमध्ये कुनै एकलाई अवश्य पाउँनेछ । जस्तै भनिएको छ – बोधिसत्वहरूको ज्ञानको परिपक्वताको लागि ६ अध्याशय विचार छन् । जस्तै (१) बोधिसत्वले अलोभ विचारको हुन्छ, लोभ गर्नमा दोष देख्दछ । (२) बोधिसत्व अद्वेष विचारको हुन्छ, द्वेष गर्नुमा दोष सम्झिन्छ (३) बोधिसत्व अमोह विचारको हुन्छ, मोह गर्नुमा दोष देख्दछ (४) बोधिसत्व नैष्क्रम्य (गृह त्याग) विचारको हुन्छ, घरमा रहनुमा दोष देख्छ । (५) बोधिसत्व एकान्त विहारको विचारको हुन्छ, समूहसाथ रहनुमा दोष देख्दछ । (६) बोधिसत्व निस्तार (निर्वाण)को विचारको हुन्छ , सबै कामावचर, रूपावचर, अरूपावचर भव र नीरय, तिरियक, प्रेत, मनुष्य र देव सबै गतिहरूमा दोष देख्दछ ।"

जो कोही भूत, भविष्यत्, वर्तमान्का स्रोतापन्न, सकृदागामी, अनागामी, क्षीणास्रव, प्रत्येकबुद्ध सम्यक सम्बुद्ध हुन्छन्, ती सबै मानिसहरू यिनै ६ आकारहरूद्वारा आफूले पाउनयोग्य गुणहरूलाई पाउँदछन् । यसैले यी ६ प्रकारका विचारयुक्त हुनुपर्दछ ।

"जसको लागि भावनामा जुट्नु छ, उसैको लागि प्रब्रज्या पनि हो" यसप्रकार उसलाई अधिमुक्तिद्वारा मुक्त हुनुपर्दछ । यसको अर्थ हो कि समाधिको अधिमुक्ति, समाधिको गौरव, समाधितर्फ झुकाव, निर्वाणको अधिमुक्ति, निर्वाणको गौरव, निर्वाणतर्फ झुकाव हुनुपर्दछ ।

यसप्रकार विचार र अधिमुक्तियुक्त कर्मस्थान माग्नेलाई चैतोपर्य ज्ञानलाई प्राप्त आचार्यद्वारा उसको चित्तको गतिविधिलाई देखेर चर्या जान्नुपर्दछ । अन्य आचार्यले भने – "तिमी कुन चरित हौ ?" या "कुनचाहिं कुरा तिमीलाई अधिकता हुन्छ ?" अथवा "तिमीलाई के विचार गर्दा सरलता हुन्छ ?" या "कुन कर्मस्थानमा तिम्रो चित्त लाग्दछ ?" आदि, यसप्रकारले सोधेर जान्नुपर्दछ । यसरी जानेर चर्याअनुसार कर्मस्थानलाई भन्नुपर्दछ । भन्दाखेरि पनि तीन प्रकारले भन्नुपर्दछ – (१) स्वयं सिकेको कर्मस्थानलाई एक, दुई पल्ट बसाएर पाठ गराइदिनुपर्छ । (२) नजिक बस्नेलाई आउने समय नै भन्नुपर्दछ । (३) सिकेर अन्य स्थानमा जाने इच्छा हुनेलाई न धेरै संक्षिप्त र न त धेरै विस्तार गरी भन्नुपर्दछ ।

पृथ्वीकसिण भन्नेलाई (१) कसिणको चार दोष, (२) कसिणलाई गर्नु, (३) गरिएकोको भावना विधि, (४) दुई प्रकारका निमित्त, (५) दुई प्रकारका समाधि, (६) सात प्रकारका अनुकूलता, र प्रतिकूलता, (७) दश प्रकारका अर्पणाको निपूर्णता, (८) वीर्यको समता, (९) अर्पणा विधान-यी सब आकारहरूलाई भन्नुपर्दछ । शेष कर्मस्थानहरूलाई पनि त्यसअनुरूप भन्नुपर्दछ । ती सब यसको भावना विधानमा



Downloaded from http://www.dhamma.digital

आउँछ। यसरी कर्मस्थानको भन्ने समयमा त्यस योगीले निमित्त ग्रहण गरी सुन्नुपर्दछ।

### निमित्तलाई ग्रहण गरी

"यो तल्लो पद हो, यो माथिल्लो पद हो, यो यसको अर्थ हो, यो अभिप्राय हो, यो उपमा हो" यसरी त्यसत्यस आकारहरूलाई हृदयमा गरी भन्ने अर्थ हो। यसप्रकार जब निमित्तलाई ग्रहण गरी, आदरपूर्वक सुन्दै, कर्मस्थान राम्ररी ग्रहण गरिएको हुन्छ, तव उसलाई त्यसको सहारा, विशेषताको प्राप्ति हुन्छ, अरूलाई होइन।

यहाँसम्म "कल्याणमित्रकहाँ गएर आफ्नो चर्याको अनुकूल चालीस कर्मस्थानहरूमध्ये कुनै एक कर्मस्थानलाई ग्रहण गरी" वाक्यको सबैप्रकारले यी पदहरूको व्याख्या समाप्त भएको छ।

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धिमार्गमा*
*कर्मस्थान ग्रहण निर्देश नामक*
*तेस्रो परिच्छेद समाप्त*

♣♣♣



Downloaded from http://www.dhamma.digital

# चौथो परिच्छेद
## पृथ्वीकसिण निर्देश

समाधि भावनाको अयोग्य विहार त्याग गरी विहारमा गर्दै, भनी जुन भनिएको छ यहाँ, जुन आचार्यसंग एक विहारमा बस्ने सुविधा हुन्छ, उसलाई त्यहीं कर्मस्थानको परिशोधन गर्दै बस्नुपर्दछ। यदि त्यहाँ सुविधा हुँदैन भने गब्यूति (५६०० गज), आधा योजन या योजनभरमा पनि जुन अन्य अनुकूल विहार छ, त्यहाँ बस्नुपर्दछ। यस्तो भएमा कर्मस्थानको कुनै पनि कुरामा सन्देह या विस्मरण भएमा, सबेरै नै विहारमा गर्नुपर्ने कामहरूलाई गरी, बाटोमा भिक्षाटन गरी, भोजनपश्चात् नै आचार्य बस्ने स्थानमा गएर, त्यस दिन आचार्यकहाँ कर्मस्थान शोधन गरी, दोस्रो दिन आचार्यलाई प्रणाम गरी निस्केर मार्गमा भिक्षाटन गरी विनाथकावट नै आफू रहने स्थानमा आइपुग्न सक्दछ। जसले योजन भरमा पनि सुविधाजनक स्थानलाई पाउँदैन, उसलाई कर्मस्थानमा सबै ग्रन्थिस्थानहरूलाई काटेर (कठिन विषयलाई राम्ररी सम्झेर) अत्यन्त परिशुद्धि मन हुँदै, सबै देख्नयोग्य कर्मस्थानलाई बनाएर टाढा जानुपरे तापनि समाधि भावनाको अयोग्य विहारलाई छाडी योग्य विहारमा नै बस्नुपर्दछ।

### अयोग्य विहार

अठार दोषहरूमध्ये कुनै एकले युक्त विहारलाई अयोग्य विहार भनिन्छ। यी अठार दोष हुन्। (१) ठूलो हुनु (२) नयाँ हुनु (३) पुरानो हुनु (४) मार्गको किनारामा हुनु (५) पानी पिउने स्थान हुनु। (६) पातको हुनु, (७) फूलको हुनु, (८) फलको हुनु (९) पूजनीय स्थान हुनु (१०) शहरसंग मिलेको हुनु (११) काठको स्थान हुनु (१२) खेतहरूले युक्त हुनु (१३) अनमेल व्यक्तिहरूको हुनु (१४) बन्दरगाह नजिक हुनु (१५) निर्जन प्रदेशमा हुनु (१६) राज्यको सीमामा हुनु (१७) अनुकूल नहुनु (१८) कल्याण मित्रहरूको मिलन नहुनु। यी अठार दोषहरूमध्ये कुनै एक दोषयुक्त विहार अयोग्य हुन्छ, त्यहाँ बस्नु हुँदैन। किन?

### महाविहार

महाविहारमा धेरै जसो नाना विचार भएका भिक्षुहरू जम्मा हुन्छन्। ती परस्पर विरोधि हुनाको कारण विहारमा गर्नुपर्ने सफाइ आदि व्रत गर्दैनन्। बोधिवृक्षको आँगन आदि बढारकुँढार नगरिएको फोहर नै हुन्छ। परिभोग गर्ने र पिउनको लागि पानी पनि गाग्रोमा राखेको हुँदैन। भिक्षु नियमअनुसार "गोचरग्राम (भिक्षामाग्ने गाउँ) मा भिक्षाटन गर्नेछु" भनी सोचेर पात्रचीवरलाई लिएर निस्कंदा यदि व्रतलाई नगरेको अथवा पिउने पानीको गाग्रो खाली देख्दछ, तब त्यस भिक्षुले त्यो व्रतलाई पूरा गर्नुपर्दछ, पानी ल्याएर राख्नुपर्दछ। यस्तो नगरेमा व्रत भंग हुनाले दुष्कृत (दुक्कट)को अपराध हुन्छ र गरेमा पनि व्रत गर्दै समय बितेर जान्छ। धेरै समय बितेर गाउँमा जाँदा भिक्षा समाप्त हुनाले केही पनि पाउँदैन। एकान्तमा गएर ध्यान गर्दा पनि श्रामणेर र तरुण भिक्षुहरूको ठूलो स्वर र सांघिक कार्यहरूले चित्त विक्षिप्त हुन्छ। त्यसैले जहाँ सारा व्रत गरिएका नै हुन्छन् र कुनै पनि संघर्ष (बाधा) हुँदैन यस्तो महाविहारमा बस्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

## नयाँ विहार

नयाँ विहारमा धेरै नयाँ काम हुन्छ, नगरेमा नगर्नेसंग रिसाउँदछ । तर जहाँ अन्य भिक्षुले यसो भन्दछ "आयुष्मान्, सुखपूर्वक श्रमणधर्म गर, हामीहरू नयाँ काम गर्नेछौं ।" यस्तो विहार बस्नको लागि अयोग्य हुँदैन त्यसैले यस्तो विहारमा बस्नुपर्दछ ।

## पुरानो विहार

पुरानो विहारमा धेरै मरम्मत गर्ने काम आइपर्दछन् । यहाँसम्म कि आफ्नो आसन बिछ्यौना मात्र पनि मरम्मत नगर्नेप्रति रिसाउँदछ र मरम्मत गर्दागर्दै गर्नेको कर्मस्थान नष्ट हुन्छ ।

## मार्ग निश्चित विहार

महामार्गको किनाराको विहारमा रातदिन आगन्तुक एकत्र हुन्छन् । असमयमा आउनेहरूलाई आफ्नो आसन बिछ्यौना दिएर आफू भने रूखमुनि या पत्थरको चट्टानमा बस्नुपर्दछ । दोसो दिन पनि यस्तै हुन्छ । यसरी आगन्तुक व्रत गर्दागर्दै कर्मस्थानको लागि अवकाश पाउँदैन । त्यसैले जहाँ यसप्रकारका आगन्तुकहरूको भीड हुँदैन, त्यहाँ बस्नुपर्दछ ।

## कुवायुक्त विहार

कुवां चट्टानको पोखरीलाई भनिन्छ । त्यहाँ पानीको लागि धेरै मानिसहरू आउँदछन् । शहरमा रहने राजकुलूपग स्थविरहरूका शिष्य चीवर रंगाउनको लागि आउँदछन् । उनीहरूसंग भाँडा, चीवर रंगाउनको लागि काठको बनेको द्रोणी आदि सोध्दा उसले "फलानाफलाना स्थानमा छ" भनेर देखाइदिनुपर्दछ । यसप्रकार सारा समय काममा लागिरहन्छ ।

## साग पातहरूयुक्त विहार

जहाँ नानाप्रकारका सागपातहरू हुन्छन्, त्यहाँ कर्मस्थान ग्रहण गरी दिउँसोको विहारको लागि बसेको भिक्षुको नजिकैबाट सागहारिणी (तरकारी टिप्ने) महिलाहरू गाउँदै, पात टिप्दै, पञ्च कामगुणसम्बन्धी कुराकानी गरेका आदि विभिन्न शब्दहरूले मनमा उत्पन्न संघर्षद्वारा कर्मस्थानलाई बिघ्न गर्दछन् ।

## फूलयुक्त विहार

जहाँ नानाप्रकारका फूलहरूका विरुवा सपुष्टित हुन्छन्, त्यहाँ पनि माथि भनिएका प्रकारका उपद्रव हुन्छन् ।

## फलयुक्त विहार

जहाँ नानाप्रकारका आँप, जामुन, कटहर आदि फल हुन्छन्, त्यहाँ फल चाहने व्यक्तिहरू आएर माग्दछन् । नदिने भिक्षुप्रति रिसाउँछन् अथवा जबरजस्ती लिन्छन् । साँझ समय विहारको बीच हिंडडुल गर्दा उनीहरूलाई देखेर "उपासकहरू किन यस्तो गर्दछौ ?" भन्दा मुखलाग्ने, आक्रोष वचन बोल्दछन् र त्यस भिक्षुलाई त्यहाँ बस्न नदिनको लागि प्रयत्न पनि गर्दछन् ।

## पूजनीय स्थान

मानिसहरूद्वारा सम्मानीत दक्षिणागिरि (मगध जनपद), हस्तिकुक्षि (अत्कुशलेणय, श्रीलंका), चैत्यगिरि



Downloaded from http://www.dhamma.digital

(सौगिरिय, मिहिन्तले, श्रीलंका), चित्तलपर्वत (शितुलपववय, रोहण जनपद, श्रीलंका) को समान विहारमा बस्नेहरूलाई "यहाँ अर्हत हुनुहुन्छ" भनी मानेर प्रणाम गर्नको लागि चारैतिरबाट मानिसहरू आउँदछन् । त्यसले योगीलाई सुविधा हुँदैन । तर जसलाई त्यो स्थान सुविधाजनक हुन्छ, उसलाई दिउँसो अर्कै ठाउँमा गएर रातमा त्यहाँ बस्नुपर्दछ ।

## नगर आश्रित विहार

सहरसंग मिलेको विहारमा प्रियअप्रिय आलम्बन (इन्द्रियहरूको) सम्मुख आउँछन् । पानीहारिनी दासीहरू पनि भिक्षुलाई गाग्रो ठोकाउँदै जान्छन् र मार्गबाट हटेर जानको लागि बाटो दिंदैनन् । धनीमानी मानिसहरू पनि विहारको बीच आँगनमा सुकुल, दरी आदि बिछ्याएर पर्दा राखेर बस्छन् ।

## काठ्युक्त विहार

काठको स्थानमा जहाँ काठ र सामान बनाउनयोग्य रूख हुन्छन्, त्यहाँ दाउरेनीहरूले, माथि भनिएको साग, फूल लाने स्त्रीहरूसमान बिघ्न गर्दछन् । "विहारमा रूख छ, त्यसलाई काटेर हामीहरू घर बनाउँछौं" भनी सोचेर मानिसहरू आएर काटेर लान्छन् । यदि साँझ समय ध्यान गर्ने कोठाबाट निस्केर, विहारको बीच घुम्दै उनीहरूलाई देखेर "उपासकहरू ! किन यस्तो गर्दैछौ ?" भन्यो भने मनपरी बकेर आक्रोषण गरी जान्छन् । त्यस भिक्षुलाई नराख्नको लागि प्रयत्न पनि गर्दछन् ।

## खेतयुक्त विहार

जुन विहार खेतयुक्त हुन्छन् वा चारैतिरबाट खेतले घेरिएको हुन्छ, त्यहाँ मानिस विहारको बीचमा नै दाईं गर्ने घर बनाई दाईं गर्छन् । ओसरामा सुखाउछन् र धेरधेरै बिघ्न गर्दछन् । जहाँ भिक्षुसंघको राजाद्वारा दिइएको धेरै खेतीबारी हुन्छ, त्यहाँ विहारमा बस्ने गृहस्थहरुले अन्य गृहस्थहरूको गाईहरूलाई आउन दिंदैनन् । पानी लिनआउन निषेध गर्छन् । तब ती मानिसहरू सुकेको धानको बालीलाई पक्री - "हेर्नुहोस् तपाईंको आश्रमका गृहस्थहरूको काम हो" भनेर भिक्षुसंघलाई देखाउँछन् । विभिन्न यस्ता घटनाहरूको कारणले राजा र राजाका महामन्त्रीहरूको घरद्वार जानुपर्दछ । यस्तो बाधाहरू पनि खेतयुक्त विहारमा नै आइपर्दछन् ।

## अनमेल व्यक्तिहरूको विहार

जहाँ परस्पर अनमेल, वैरी भिक्षु रहन्छन् जसलाई कि झगडा गरेको समय - "भन्ते ! यस्तो नगर्नु हवस्" भनी रोक्दा "यस पांशुकूलिक आएदेखि हामीहरू नष्ट भयौं" भन्दै डाह गर्दछन् ।

## बन्दरगाहको नजिक विहार

जुन विहार बन्दरगाह या स्टेशन नजिक पर्दछ, त्यहाँ सदा नाउ र सार्थ (काफिला आजकाल रेलगाडी, बस)द्वारा आएका मानिसहरू "ठाउँ दिनोस्, पानी दिनोस्, नुन दिनोस्," इत्यादि भनेर हल्ला गर्दै असुविधा गर्दछन् ।

## निर्जन प्रदेशको विहार

निर्जन प्रदेशहरूका मानिसहरूमा बुद्ध आदि त्रिरत्नमा श्रद्धा हुँदैन ।



Downloaded from http://www.dhamma.digital

## सीमा स्थित विहार

राज्यको सीमामा स्थित विहारमा राजभय हुन्छ । किनकि त्यस प्रदेशवासीहरूलाई "यो हाम्रो वशमा रहदैन" भनी एक राजा (राज्य)ले आक्रमण गरी दुःख दिन्छ, तब दोस्रोले पनि "मेरो वशमा रहँदैन" भनेर आाक्रमण गरी दुःख दिन्छ । त्यसैले त्यो भिक्षु कहिले यस राजाको राज्यमा बस्नुपर्दछ त कहिले अर्को राजाको राज्यमा बस्नुपर्दछ । तब उसलाई "यो गुप्तचर हो" सम्झेर पीढित गर्दछन् ।

## प्रतिकूल विहार

प्रियअप्रिय आदि आलम्बनहरूको एकत्र हुने या अमनुष्य (यक्ष आदि) द्वारा परिगृहीत हुनाले जुन विहार अनुकूल हुँदैन त्यसलाई प्रतिकूल विहार भनिन्छ । यहाँ यो कथा छ –

## एक स्थविरको कथा

एक स्थविर जंगलमा बस्दथ्यो । एक रात एक यक्षिणीले उसको पर्णशालाको ढोकामा बसेर गीत गाई । ऊ निस्केर ढोकामा उभियो । यक्षिणी गएर चक्रमण गर्ने स्थानमा उभिएर गाई । स्थविर चक्रमण गर्ने स्थानको छेउमा गयो । पछि तिनी सय मानिसजति गहिरो प्रपात (भीर) मा उभिएर गाई । स्थविर फर्कियो । तब उनले वेगले आएर, उसलाई "भन्ते ! मैले तपाईंजस्तो एक, दुईलाई मात्र खाएकी छैन" भन्दै पक्रेर, मारेर खाई ।

## कल्याण मित्रहरूको अभाव

जहाँ आचार्य या आचार्यसमान, उपाध्याय या उपाध्यायसमान कल्याणमित्रलाई पाउन सकिँदैन, त्यहाँ ती कल्याणमित्रहरूलाई नपाउनु महादोष नै छ ।

यी अठार दोषहरूमध्ये कुनै एकले युक्त विहारलाई अयोग्य विहार जान्नुपर्दछ । अर्थकथाहरूमा यो भनिएको पनि छ –

*महावासं नवावासं जरावासञ्च पन्थनिं ।*
*सोण्डिं पण्णञ्च पुप्फञ्च फलं पत्थितमेव च ॥*
*नगरं दारुना खेत्तं विसभागेन पट्टनं ।*
*पच्चन्तसीमासप्पायं यत्थ मित्तो न लब्भति ॥*
*अठारसेतानि ठानानि इति विञ्ञाय पण्डितो ।*
*आरका परिवज्जेय्य मग्गं पटिभयं यथा ॥*

(१) महाविहार (२) नयाँ आवास (३) पुरानो आवास (४) मार्गको नगिच (५) पानी कुवा (पोखरी) नजिक (६) पातद्वारा युक्त (७) फूलयुक्त (८) फलद्वारायुक्त (९) पूजनीय स्थान (१०) नगरयुक्त (११) काठयुक्त (१२) खेतहरूले घेरिएको (१३) अनमेल व्यक्तिहरू भएका (१४) बन्दरगाह र स्टेशन, (१५) निर्जन प्रदेश, (१६) राज्यसीमा, (१७) प्रतिकूल स्थान (१८) जहाँ कल्याणमित्र पाईंदैन - यी अठार स्थानहरूलाई पण्डित पुरुष जानेर भयानक मार्गजस्तै टाढाबाट नै त्यागिदेओस् ।)

## योग्य विहार

भिक्षाटन गाउँदेखि न धेरै टाढा, न धेरै नजिक हुने आदि ५ अंगयुक्त जुन विहार हुन्छ, त्यो योग्य



Downloaded from http://www.dhamma.digital

विहार भनिन्छ। अंगुत्तर निकायको पञ्चक निपातमा भगवान्‌ले भन्नुभएको छ – "भिक्षुहरू ! शयनासन पाँच अंगयुक्त कसरी हुन्छ ? भिक्षुहरू ! (१) शयनासन न धेरै टाढा हुन्छ, न धेरै नजिक हुन्छ। त्यो आउने जानेलाई सुविधायुक्त हुन्छ। (२) दिनमा मानिसहरूले भरिएको हुँदैन, रातमा धेरै शब्द र हल्ला हुँदैन। (३) त्यो डस्ने कीराहरू, मच्छड, वायु, धूप, सांप विच्छीहरूको स्पर्शरहित हुन्छ। (४) त्यस शयनासनमा बस्ने भिक्षुलाई सुखपूर्वक नै चीवर, पिण्डपात (भोजन), आसन बिछ्यौना, गिलान प्रत्यय, भैषज्य परिष्कार पाउँदछन्। (५) त्यस शयनासनमा बहुश्रुत, आगम धारण गरेकाहरू आउँदछन्। धर्म (सूत्र-अभिधर्म) धारी, विनयधारी, मात्रिका (धर्मविनयको मात्रिका) लाई धारण गर्ने स्थविर (वृद्ध) भिक्षु रहन्छन्। समयसमयमा उहांहरुसंग गएर सोध्दछ, प्रश्न गर्दछ - "भन्ते ! यो कसरी हुन्छ ? यसको अर्थ के हो ?" उसलाई त्यस आयुष्मान्‌ले छोपेकोलाई उघारिदिन्छ, अप्रकटलाई प्रकट गरिदिन्छ र अनेकप्रकारको शंका हुने धर्मप्रति शंका हटाइदिन्छ। भिक्षुहरू ! यसप्रकार शयनासन पाँच अंगयुक्त हुन्छ।"

## बाधाहरूको दूरीकरण

"सानोसानो बाधारहरूलाई हटाएर" भनी जुन भनिएको छ त्यसको अर्थ हो – यसप्रकारको योग्य विहारमा बस्दै जुनसुकै पनि उसको त्यो सानासाना बाधाहरू हुन्छन्, त्यसलाई पनि हटाउनुपर्दछ। जस्तै – लामो केश, नङ र रौंहरूलाई काट्नुपर्दछ। च्यातिएको पुरानो चीवरहरूमा टाल्नुपर्दछ या सिउनुपर्दछ। फोहर चीवरलाई रंगाउनुपर्दछ। यदि पात्रमा मैला परेको छ भने त्यसलाई पकाउनुपर्दछ। पिर्काखाट आदिलाई सफा गर्नुपर्दछ।

## भावनाको आरम्भकाल

"सारा भावना विधानलाई पूर्ण गर्दै भावना गर्नुपर्दछ " भनी जुन भनिएको छ, यसमा यो पृथ्वीकसिणद्वारा प्रारम्भ गरी सबै कर्मस्थानअनुसार विस्तारपूर्वक वर्णन गरिनेछ।

यसप्रकार सानासाना बाधाहरूरहित भिक्षुलाई भोजनपश्चात, भोजनदेखि अवकाश लिएर, भोजनले उत्पन्न थकावटलाई मेटाएर, एकान्त स्थानमा आरामपूर्वक बसेर गोल बनाएको वा नबनाएको पृथ्वीको निमित्तलाई ग्रहण गर्नुपर्दछ। पुरानो सिंहल अर्थकथामा भनिएको छ –

"पृथ्वीकसिणलाई ग्रहण गर्ने समय गोल बनाइएको या नबनाइएको, अन्तसहित, नअन्तरहित, किनार भएको, नकिनाररहित , वर्तुलाकार, नअवर्तुलाकार, सपर्यन्त, नअपर्यन्त, बाल्टी (सुप)को गोलाई बराबर या सानो थाल (सराव)को गोलाई बराबर आकारको पृथ्वीकसिणको निमित्तलाई ग्रहण गर्दछ। ऊ त्यस निमित्तलाई राम्ररी धारण गर्दछ। राम्ररी विचार गर्दछ। राम्ररी त्यसको आकारप्रकारलाई हेरेर मनमा राख्दछ। ऊ त्यस निमित्तलाई राम्ररी धारण गरी, राम्ररी विचार गरी, राम्ररी आकारप्रकारलाई हेरी मनमा राखी, नाम देख्ने रत्नसंज्ञी (रत्नजस्तै सम्झिने) भएर, मन लगाएर, प्रेमपूर्वक त्यस आलम्बनमा चित्तलाई बाँध्दछ। "अवश्य म यस प्रतिपत्तिद्वारा जरामरणदेखि छुटकारा पाउने छु" आदि सोचेर कर्मस्थान बढाएर ऊ कामरहित ... प्रथमध्यानलाई प्राप्त गरी विहार गर्दछ।"

## कृताधिकार

जसले पूर्वजन्ममा पनि शासन (बुद्ध धर्म) या ऋषि प्रब्रज्यामा प्रब्रजित भएर पृथ्वीकसिणमा



Downloaded from http://www.dhamma.digital

चौथो-पाँचौं ध्यानलाई प्राप्त गरेको छ, यस्तो पुण्यवान्, पूर्वसञ्चित हेतुयुक्तलाई गोल नबनाएको पृथ्वीको जोतिएको स्थान पनि, दाईं गर्ने स्थानको घेरामा, मल्लक स्थविरजस्तै, निमित्त उत्पन्न हुन्छ।

## मल्लक स्थविरको कथा

उहाँ आयुष्मान्लाई जोतिएको स्थानलाई हेर्दाहेर्दै त्यस स्थानको बराबर नै निमित्त उत्पन्न भयो। उहाँले त्यसलाई बढाएर पाँचौं ध्यानलाई उत्पन्न गरी ध्यानको साथै विपश्यना वृद्धि गर्नुभएर अर्हत्व प्राप्त गर्नुभयो।

## कसिणको दोष

जसले पूर्वजन्ममा पुण्यको सञ्चय गरेको छैन उसलाई आचार्यकहाँ सिखेको कर्मस्थानको विधानलाई गडबडी नगरी, कसिणको चार दोषहरूलाई हटाउँदै, कसिणलाई बनाउनुपर्दछ। नीलो, पहेंलो, रातो, सेतो, यी चार कसिणका दोष हुन्। यसैले नीलो आदि रंगको माटोलाई नलिएर गङ्गाको किनारको माटोजस्तै अरुणरंगको माटोद्वारा कसिण बनाउनुपर्दछ।

## स्थान

कसिण बनाउँदा विहारको बीच या श्रामणेर आदि यताउता घुम्ने स्थानमा बनाउनु हुँदैन। विहार बाहिर कुनै आढ, झुकेको पहाडको छायाँ (पब्भार) या पर्णशालामा बोकेर लानयोग्य अथवा त्यही राख्नयोग्य कसिण बनाउनुपर्दछ।

## बनाउने ढंग

बोकेर लानयोग्य कसिण बनाउंदा सानोसानो चार डण्डाहरूमा कपडाको टुक्रा या चटाईलाई बाँधेर त्यसमाथि तृण, जरा, रोडा, बालुवारहित, खुब मोलेको माटोद्वारा लिपेर बनाइएको माथि भनिएअनुसार बाल्टि या सानो थालको गोलाईको बराबर गोला बनाउनुपर्दछ। निमित्तलाई ग्रहण गर्ने समयमा त्यसलाई भूमिमा बिछ्याएर हेर्नुपर्दछ।

बनिएको स्थानमा नै रहनयोग्य कसिण बनाउंदा भूमिमा पद्मको गट्टा (कर्णिका) जस्तै खुटीहरूलाई गाडी, लताहरूले बाँधेर बनाउनुपर्दछ। यदि त्यो माटो पर्याप्त नभएमा तल दोस्रो माटोलाई राखेर, माथिल्लो भागमा राम्ररी शुद्ध गरिएको अरुणरंगको माटोले एक बित्ता चार अंगुल फैलावटमा गोला बनाउनुपर्दछ। यसै प्रमाणको लागि "बाल्टीको बराबर या सानो थालको बराबर" भनिएको छ।

"अन्तसहित, नअन्तरहित" आदि त्यसको परिच्छेदको लागि भनिएको छ। यसैले यसरी भनिएको प्रमाणद्वारा परिच्छेद गर्नुपर्दछ। किनकि कुचन्दन आदि काठबाट बनाएको कर्णीले माटोको रंगलाई रातो बनाई बिगारिदिन्छ, यसैले त्यसलाई नलिएर पत्थरको कर्णीद्वारा रगडेर नगडाको तलुवाजस्तै बराबर गर्नुपर्दछ। त्यस स्थानलाई कुचो लगाई, नुहाएर आएर कसिणमण्डलदेखि अढाई हात टाढा बिछ्याएको, एक बित्ता चार औंला उचाई भएको पिर्कामा बस्नुपर्दछ। त्यसभन्दा अधिक टाढा बस्नेलाई कसिण थाहा हुनसक्दैन भने धेरै नजिक बसेमा कसिणको दोष देख्दछ। अग्लो स्थानमा बस्नेले गर्दन झुकाएर हेर्नुपर्दछ भने धेरै होंचोमा बस्नेलाई घुंडा दुख्दछ।



Downloaded from http://www.dhamma.digital

## भावना विधि

यसैले बताइएको नियमअनुसार बसेर मज्झिम निकाय (२,२,४) अनुसार "काम अल्पस्वाद हो" आदिप्रकारले कामरागमा दोषलाई देखेर, कामोपभोगको निकास तथा सारा दुःखहरूबाट छुटकारा पाउने मार्गसमान नैष्क्रम्यका अभिलाषी भएर, बुद्ध, धर्म, संघको गुणहरूलाई स्मरण गरी, प्रीति प्रमोद उत्पन्न गरी "यो सम्बुद्ध, प्रत्येकबुद्ध, आर्यश्रावकहरूद्वारा प्रतिपन्न नैष्क्रम्य मार्ग हो" भनी विचार गरी प्रतिपत्तिप्रति गौरव गर्दै - "यस प्रतिपत्तिद्वारा अवश्य एकान्तमा बस्ने सुखको रसलाई पाउने छुँ" भनी उत्साह उत्पन्न गरी, समआकारद्वारा आँखालाई उघारी, निमित्तलाई ग्रहण गर्दै भावना गर्नुपर्दछ। ज्यादा उघार्नेलाई आँखा दुख्दछ र कसिणमण्डल अत्यन्त स्पष्ट हुन्छ, यसैले उसलाई निमित्त उत्पन्न हुँदैन । धेरै कम उघार्नेलाई कसिणमण्डल स्पष्ट हुँदैन र चित्त संकुचित हुन जान्छ । यसप्रकारले पनि निमित्त उत्पन्न हुँदैन । अतः ऐनामा मुख निमित्तलाई हेर्ने व्यक्तिजस्तै सम आकारले आँखाहरूलाई उघारेर निमित्तलाई ग्रहण गर्दै भावना गर्नुपर्दछ ।

न त रंगलाई ध्यानपूर्वक हेर्नुपर्दछ र न लक्षणलाई नै मनमा राख्नुपर्दछ, प्रत्युत रंगलाई विनात्यागी "रंगको साथै नै पृथ्वी हो" यस्तो पृथ्वीधातुको अधिपत्यानुसार प्रज्ञप्तिधर्ममा चित्त लगाएर मनमा राख्नुपर्दछ। पृथ्वी, मही, मोहिनी, भूमि, बसुधा, बसुन्धरा आदि पृथ्वीको नामहरूमध्ये जसलाई चाहन्छ, जुन नाम उसको लागि अनुकूल हुन्छ त्यसलाई भन्नुपर्दछ। फेरि पनि 'पृथ्वी' नै नाम स्पष्ट छ, यसैले स्पष्टतानुसार नै 'पृथ्वी', 'पृथ्वी' भनेर भावना गर्नुपर्दछ। समयसमयमा आँखालाई उघारेर, समयसमयमा आँखा बन्द गरेर, मनन गर्नुपर्दछ। जबसम्म उग्गहनिमित्त उत्पन्न हुँदैन, तबसम्म सयौं, हजारौं समय पनि, त्यसभन्दा अधिक पनि यसैप्रकार भावना गरिरहनुपर्दछ ।

यसप्रकार भावना गर्ने योगीलाई जब आँखा बन्द गरेर मनन गर्दा, आँखा उघारेर देख्दाको समयजस्तैं देखापर्छ, तब उग्गहनिमित्त उत्पन्न भएको भनिन्छ। उग्गहनिमित्तको उत्पन्न भएको समयदेखि लिएर त्यस स्थानमा बस्नु हुँदैन । आफ्नो वासस्थानमा गएर त्यहाँ बसेर भावना गर्नुपर्दछ । खुट्टा धुने झण्झटलाई हटाउनको लागि एक तलुवा भएको जुत्ता र डण्डा हुनुपर्दछ । यदि नयाँनयाँ समाधि कुनै खराबीको कारण नष्ट हुन्छ, तब जुत्तालाई लगाएर डण्डालाई लिएर त्यस स्थानमा गएर निमित्तलाई ग्रहण गरी, फेरि आएर आरामले बसेर भावना गर्नुपर्दछ। वारम्वार निमित्तको मनन गर्नुपर्दछ, तर्कवितर्क गर्नुपर्दछ । यस्तो गर्दै उसको क्रमशः कामच्छन्द, व्यापाद, थिनमिद्ध, उद्दच्च कुक्कुच्च, र वीचिकिच्छा आदि नीवरणहरू दबेर जान्छन्, क्लेश बसेर जान्छ, उपचार समाधिले चित्त एकाग्र हुन्छ, प्रतिभागनिमित्त उत्पन्न हुन्छ। पहिलेको उग्गहनिमित्त र यस प्रतिभागनिमित्तको यो विशेषता हो –

उग्गह निमित्तमा कसिणको दोष जानिन्छ । प्रतिभाग निमित्त झोलाबाट निकालेको ऐनाजस्तै, राम्ररी धोएको शंखजस्तै, बादलहरूको बीचबाट निस्केको चन्द्रमण्डलजस्तै, बादलमा बकुलाजस्तै, उग्गह निमित्तलाई पन्छ्याएर निस्कँदै गरेकोझैं, त्यसभन्दा सयौं, गुणा, हजारौं गुणा सुपरिशुद्ध भएर देखापर्छ। त्यो पनि न वर्णवान्, न बनावटानुसार हुन्छ । यदि त्यो यस्तो भएमा, तब आँखाले देखाइदिनयोग्य स्थूल, विचारयोग्य, तीनैवटा लक्षण (अनित्य, दुःख, अनात्म)युक्त हुन्थ्यो तर त्यो त्यस्तो हुँदैन। केवल समाधिको लाभी जनहरूलाई थाहा पाउने आकार मात्रको संज्ञाले उत्पन्न भएको हुन्छ ।



Downloaded from http://www.dhamma.digital

प्रतिभाग निमित्त उत्पन्न हुने समयदेखि लिएर त्यस भिक्षुको नीवरण दबिएको नै हुन्छ, क्लेश बसेको नै हुन्छ र उपचार समाधिले चित्त एकाग्र भएको नै हुन्छ।

## दुई प्रकारका समाधि

समाधि दुई प्रकारका हुन्छन् (१) उपचारसमाधि र (२) अर्पणासमाधि। दुई प्रकारले चित्त एकाग्र हुन्छ – उपचारको अवस्थामा या ध्यान प्राप्तिको अवस्थामा। उपचारको अवस्थामा नीवरणहरूको प्रहाणले चित्त एकाग्र हुन्छ, र ध्यानप्राप्तिको अवस्थामा अंगहरूको प्रकट हुनाले चित्त एकाग्र हुन्छ,। दुवै समाधिहरूका यी अन्तर हुन् – उपचारको अवस्थामा ध्यानको अंगबल उत्पन्न नहुनाको कारण बलवान् हुँदैन। जस्तै - बालक उठाएर बिछ्यौनामा राख्दा पुनः पुनः भुइँमा खस्दछ,। यसरी नै उपचार ध्यान उत्पन्न हुँदा चित्त एक समय निमित्तलाई आलम्बन गर्दछ, र एक समय आलम्बन ग्रहण नगर्ने भवांग अवस्थामा पुग्दछ। तर अर्पणाको अंग बलवान् हुन्छ। जस्तै - बलियो मानिस आसनबाट उठेर दिनभरी पनि उठिरहन सक्छ। त्यसरी नै अर्पणा समाधि उत्पन्न हुँदा चित्त एकपल्ट भवांगचित्तलाई रोकेर साराशत र सारादिन आलम्बनसंग रहन सक्छ,। कुशल जवनचित्तको परिपाटीअनुसार नै प्रवर्तित हुन्छ। जुन उपचारसमाधिको साथै प्रतिभाग निमित्त उत्पन्न हुन्छ, त्यसलाई उत्पन्न गर्नु धेरै कठिन छ। यसैले यदि योगी त्यसै पलेटी (एकै आसन) मा त्यस कसिणनिमित्तलाई बढाएर अर्पणालाई प्राप्त गर्न सक्दछ भने धेरै राम्रो हुन्छ। यदि यस्तो गर्न सक्दैन भने उसले त्यस निमित्तलाई सावधानीले चक्रवर्ती राजा हुने बच्चाको गर्भजस्तै बचाउनुपर्दछ। जस्तै भनिएको छ –

*निमित्तं रक्खत्तो लद्ध परिहानि न विज्जति।*
*आरक्खम्हि असन्तम्हि लद्धं लद्धं विनस्सति॥*

(पाएको निमित्तलाई बचाउनेलाई परिहानी हुँदैन, तर बचावट नहुँदा हातलागेको पनि नष्ट हुन्छ।)

यो बचाएको ढंग हो –

*आवासो गोचरो भस्सं पुग्गलो भोजनं उतु।*
*इरियापथो ति सत्तेते असप्पाये विवज्जये॥*

( १.आवास, २.गोचर, ३.कुराकानी, ४.व्यक्ति, ५.भोजन, ६.ऋतु, ७.इर्यापथ - यी सात विपरीत कुराहरूलाई त्याग गरोस्।)

*सप्पाय सत्त सेवेथ एवं हि पटिपज्जतो।*
*नचिरेनेव कालेन होति कस्सचि अप्पना॥*

(सात अनुकूल कुराहरूलाई सेवन गर - यस्तो प्रतिपन्न हुनाले थोरै समयमा कसैलाई अर्पणा उत्पन्न हुन्छ।)

### आवास

त्यस योगीलाई जुन आवासमा रहँदा उत्पन्न नभएको निमित्त उत्पन्न हुँदैन अथवा उत्पन्न भएको निमित्त नष्ट हुन्छ र अनुपस्थित स्मृति उपस्थित हुँदैन, अएकाग्र चित्त एकाग्र हुँदैन, त्यो विपरित आवास



Downloaded from http://www.dhamma.digital

हो। जहाँ निमित्त उत्पन्न र स्थिर हुन्छ, स्मृति बनिरहन्छ, चित्त एकाग्र हुन्छ, नाग पर्वतमा रहने प्रधानीय तिष्य स्थविरजस्तै, त्यो अनुकूल आवास हो। यसैले जुन विहारमा धेरै आवास हुन्छन्, त्यहाँ एकएकमा तीनतीन दिनसम्म बसेर परीक्षा गर्नुपर्दछ र जहाँ चित्त एकाग्र हुन्छ त्यहाँ बस्नुपर्दछ। आवास अनुकूल हुनाको कारण ताम्रपर्णी द्वीप (श्री लंका) को चुल्लनाग नामक गुफामा बास गर्दै त्यहीं कर्मस्थान ग्रहण गरी पाँच सय भिक्षुहरूले अर्हत्व पाए। स्रोतापन्न आदि र अन्य स्थानहरूमा आर्यभूमिलाई पाएर त्यहाँ अर्हत्व पाएका व्यक्तिहरूको त गणना नै छैन। यसरी नै अन्य पनि चित्तल पर्वतको विहार आदिलाई पनि अनुकूल आवास जान्नुपर्दछ।

## गोचरग्राम

जुन गोचरग्राम शयनासनद्वारा उत्तर या दक्षिण, धेरै टाढा नभएको, डेढ कोशभित्र सजिलै भिक्षा मिल्नयोग्य हुन्छ, त्यो अनुकूल हुन्छ अन्यथा विपरित हुन्छ।

## कुराकानी

बत्तीस व्यर्थका तिरश्चीन कथाहरूद्वारा कुराकानी गर्नु विपरित हो, त्यो उसको निमित्तको हानीको लागि हुन्छ। दश कथावस्तुयुक्त कुराकानीअनुकूल हुन्छ। त्यसलाई पनि मात्रानुसार नै भन्नुपर्दछ।

## व्यक्ति

व्यक्ति पनि व्यर्थको कथा नगर्ने, शील आदि गुणयुक्त, जसको सहारा अएकाग्र चित्त एकाग्र हुन्छ अथवा एकाग्र भएको चित्त स्थिरतालाई प्राप्त हुन्छ - यसप्रकारको व्यक्ति अनुकूल हुन्छ। तर आफ्नो शरीरको हेरचाहमा मात्र बढी ध्यान दिने र व्यर्थको कुराकानीमा लागेको व्यक्ति विपरित हो। त्यो उसले, हिलो पानीले स्वच्छ पानीलाई फोहर गरेझैं, नष्ट नै गर्छ। त्यस्तो व्यक्तिको संगत गरेर कोटपर्वतवासी तरुण भिक्षुजस्तै समापत्ति पनि नष्ट हुन्छ, निमित्तको कुरा के गर्नु ?

## भोजन र ऋतु

कसैलाई मीठो र कसैलाई अमिलो भोजन अनुकूल हुन्छ। ऋतु पनि कसैलाई जाडो, कसैलाई गर्मी अनुकूल हुन्छ। यसैले जुन भोजन या ऋतुको सेवन गर्दै आराम हुन्छ, अएकाग्र चित्त एकाग्र हुन्छ या एकाग्र चित्त स्थिरतर हुन्छ, त्यो भोजन र त्यो ऋतु अनुकूल हुन्छ। अन्य भोजन र अन्य ऋतु विपरित हुन्छ।

## इर्यापथ

इर्यापथहरूमा कसैलाई हिंडडुल गर्नुअनुकूल हुन्छ, कसैलाई पल्टिनु, उभिनु, बस्नुमध्ये कुनै एक अनुकूल हुन्छ। यसैले आवासझैं तीन दिन राम्ररी परीक्षा गरिहेर्नुपर्दछ। जुन इर्यापथमा अएकाग्र चित्त एकाग्र हुन्छ या एकाग्र चित्त स्थिरतर हुन्छ, त्यो अनुकूल हुन्छ, अन्य विपरित हुन्छ।

यसप्रकार यी सात प्रकारका विपरित कुराहरूलाई त्यागेर अनुकूलको सेवन गर्नुपर्दछ। यसरी प्रतिपन्न भएको निमित्तको अधिक सेवन गर्नेहरूमा कसैलाई थोरै समयमा पनि अर्पणा उत्पन्न हुन्छ।

## अर्पणाको कुशलता

जसलाई यसरी प्रतिपन्न भए तापनि अर्पणा उत्पन्न हुँदैन, उसलाई दश प्रकारका अर्पणाको



Downloaded from http://www.dhamma.digital

कुशलताहरुलाई पूर्ण गर्नुपर्दछ । त्यसको यो विधि हो – अर्पणाको कुशलता दश प्रकारले हुन्छन् (१) वस्तुलाई स्वच्छ गर्नाले (२) इन्द्रियहरूलाई एकसमान गर्नाले (३) निमित्तको कुशलताले (४) जुन समय चित्तलाई आफ्नो वशमा राख्नु पर्ने हो त्यस समय चित्तलाई आफ्नो वशमा राख्दछ (५) जुन समय चित्तलाई दबाउनु पने हों, त्यस समय चित्तलाई दबाउँछ, (६) जुन समय चित्तलाई हर्षोत्फुल्ल गर्नु पर्ने हो, त्यस समय चित्तलाई हर्षोत्फुल्ल गर्दछ (७) जुन समय चित्तको उपेक्षा गर्नु पर्ने हो, त्यस समय चित्तको उपेक्षा गर्दछ (८) जुन व्यक्तिको चित्त एकाग्र छैन, त्यस व्यक्तिको त्यागद्वारा (९) एकाग्र चित्त भएको व्यक्तिको सेवनद्वारा (१०) समाधिमा चित्त लगाइराख्नाले ।

(१) वस्तुलाई स्वच्छ गर्नु = भित्री र बाहिरी वस्तुहरूलाई परिशुद्ध गर्नु । जब त्यस भिक्षुको केश, नङ, रौं, ठूलो या बढेको हुन्छ, या शरीर पसीना र मयलद्वारा टाँसिएको हुन्छ, तब भित्री वस्तु अस्वच्छ अपरिशुद्ध हुन्छ । जब चीवर जीर्ण, मैलो, दुर्गन्धित हुन्छ या शयनासन फोहर हुन्छ, तब बाहिरी वस्तु अस्वच्छ अपरिशुद्ध हुन्छ । अस्वच्छ भित्री र बाहिरी वस्तुमा चित्त र चैतसिकहरू उत्पन्न हुँदा ज्ञान पनि, अपरिशुद्ध दीपक, बत्ती, तेलको कारणले उत्पन्न चिरागज्वालाको प्रकाशजस्तै, अपरिशुद्ध हुन्छ र अपरिशुद्ध ज्ञानले संस्कारहरूलाई विचार गरेको समय संस्कार पनि स्पष्ट हुँदैन । कर्मस्थानमा जुट्दा कर्मस्थानको पनि वृद्धि हुदैन ।

स्वच्छ भित्रीबाहिरी वस्तुमा उत्पन्न भएको चित्त, चैतसिकहरूमा ज्ञान पनि, परिशुद्ध दीपक, बत्ती, तेलको कारण उत्पन्न चिरागज्वालको प्रकाशजस्तै, स्वच्छ हुन्छ र स्वच्छ ज्ञानले संस्कारहरूको विचार गर्ने समय संस्कार पनि स्पष्ट हुन्छ । कर्मस्थानमा जुट्दा कर्मस्थानको वृद्धि हुन्छ ।

(२) इन्द्रियहरूलाई एकसमान गर्नु = श्रद्धा आदि इन्द्रियहरूलाई एकसमान गर्नु । यदि त्यस भिक्षुको श्रद्धेन्द्रिय बलवान् हुन्छ र अन्य दुर्बल, तब वीर्येन्द्रियले पक्रिने काम, स्मृतीन्द्रियले याद दिलाउने काम, समाधीन्द्रियले वाधा नगर्ने काम, प्रज्ञेन्द्रियले रूप आदि आलम्बनहरूलाई यथार्थ स्वरूपलाई देख्ने काम गर्न सक्दैन । यसैले उसलाई इन्द्रियको लक्षणलाई राम्ररी विचार गरी अथवा जुनप्रकार मनमा राख्नाले त्यो बलवान् भएको हो, त्यसप्रकार मनमा नगरेर श्रद्धालाई कम गर्नुपर्दछ । वक्कलि स्थविरको कथा यहाँ उदाहरण लिनसकिन्छ ।

### वक्कलि स्थविरको कथा

संयुक्त निकाय अर्थकथा (२१,२,४,५) अनुसार वक्कलि स्थविर बलवान् श्रद्धाले भगवान्को शरीरको शोभाप्रति प्रसन्नभएर श्रद्धाधिक्यको कारण ध्यान भावना गर्न सक्नुभएन । एक समय जब उहाँ रोगले पीढित हुनुहुन्थ्यो तब भगवान्ले उहाँलाई यो उपदेश दिनुभयो – "वक्कलि ! यो मेरो फोहोर शरीरलाई हेरेर के लाभ ? जसले धर्मलाई देख्दछ उसले मलाई देख्दछ र जसले मलाई देख्दछ उसैले नै धर्मलाई देख्दछ ।" यस उपदेशलाई सुनेर उहाँले श्रद्धादि इन्द्रियहरूलाई बराबर गरी अर्हत्वको साक्षात्कार गर्नुभयो ।

यदि वीर्येन्द्रिय बलवान् हुन्छ तब न त श्रद्धेन्द्रियले नै निश्चय गर्ने काम गर्न सक्छ र न अन्य इन्द्रियहरुका आआफ्ना कामहरू गर्न सक्दछन् । त्यसैले त्यसलाई प्रश्रब्धि आदिको भावनाद्वारा कम गर्नुपर्दछ । यहाँ पनि सोण स्थविरको कथा उदाहरण दिनुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

## सोण स्थविरको कथा

अंगुत्तर निकाय (६,६,१)को अनुसार सोण स्थविरले भगवान्‌कहाँ कर्मस्थानलाई ग्रहण गरी "सुखले सुखलाई पाउन सक्दैन" भनी सोचेर शीतवनमा रहँदै अर्हत्व प्राप्तिको लागि घोर परिश्रम गर्नुभयो। पाइतालामा छाला पिल्सियो, शरीर क्लान्त भयो तर उहाँले आफ्नो उत्साह कम गर्नुभएन। तब भगवान्‌ले उहाँको यस्तो दशालाई देखेर, त्यहाँ उपस्थित हुनुभएर, "वीणाको तार खुकुलो गर्दा पनि सही आवाज आउदैन र ज्यादा तन्काएर तार तान्दा पनि सही आवाज आउदैन" भनी वीणाको उपमाद्वारा सम्झाउनुभएर, अधिक वीर्य नगर्ने उपदेश दिनुभयो। भगवान्‌को उपदेशलाई सुनेर उहाँले अन्य इन्द्रियहरूजस्तै वीर्यन्द्रियलाई पनि सन्तुलन गरी अर्हत्वको साक्षात्कार गर्नुभयो।

यसैप्रकार शेषमा पनि एकको बलवान् हुँदा अन्यलाई आफ्नो काममा असमर्थ भएको सम्झिनुपर्दछ।

विशेषरूपले यहाँ श्रद्धा र प्रज्ञाको तथा समाधि र वीर्यको समताको प्रशंसा गरिन्छ। किनकि वलवान् श्रद्धा र कम प्रज्ञावान् व्यक्ति विनासोचविचार गरी विश्वास गर्दछ। ऊ जसमा प्रसन्न हुनु पर्दैन, त्यसैमा प्रसन्न हुन्छ। बलवान् प्रज्ञा र कम श्रद्धा भएको व्यक्ति धूर्त हुन्छ, ऊ औषधिको प्रतिकृयाद्वारा उत्पन्न रोगजस्तै चित्तलाई वशमा राख्न गाह्रो हुन्छ। श्रद्धा र प्रज्ञा दुबैको समताले जसमा प्रसन्न हुनुपर्दछ, त्यसैमा ज्ञानयुक्त भएर नै प्रसन्न हुन्छ।

बलवान् समाधि र कम वीर्य भएका व्यक्तिलाई, समाधि आलस्यको पक्षपाती हुनाको कारण, त्यसलाई आलस्यले दबाइदिन्छ। बलवान् वीर्य र कम समाधि भएको व्यक्तिलाई वीर्य उद्दच्चको पक्षपाती हुनाको कारण उद्दच्चले दबाइदिन्छ। समाधियुक्त वीर्य उद्दच्चमा खस्दैन, यसैले ती दुवैलाई बराबर गर्नुपर्दछ। दुवैको समताद्वारा नै अर्पणा हुन्छ।

समाधिमा लाग्नेलाई श्रद्धा पनि बलवान् हुनुपर्दछ। यसप्रकार ऊ श्रद्धालाई वृद्धि गर्दै अर्पणालाई प्राप्त गर्नेछ। तर समथभाावना र विपश्यनाभावनामध्ये समथभावनाको अभ्यासको लागि समाधि बलवान् हुनुपर्दछ। यसप्रकार नै ऊ अर्पणालाई प्राप्त गर्दछ। विपश्यना गर्नेको लागि प्रज्ञा बलवान् हुनुपर्दछ। यसप्रकार नै ऊ अनित्य, दुःख, अनात्म लक्षणलाई राम्ररी जान्नेछ। दुवैको समताद्वारा पनि अर्पणा हुन्छ।

तर स्मृति सर्वत्र बलवान् हुनुपर्दछ। उद्दच्च पक्षधर भएको श्रद्धा, वीर्य, प्रज्ञालाई उद्दच्चमा झर्नुबाट र आलस्यको पक्षधर भएको समाधिलाई आलस्यमा झर्नुबाट स्मृतिले नै बचाउँछ। त्यसैले व्यञ्जनहरूमा नुनतेलजस्तै, सारा राज्यको कामहरूलाई रेखदेख गर्ने मन्त्रिजस्तै, स्मृति सर्वत्र हुनुपर्दछ। यसैले भनिएको छ - "स्मृति सब ठाउँमा हुनुपर्दछ यस्तो भगवान्‌ले भन्नुभएको छ। कुन कारणले ? चित्त स्मृतिको प्रतिशरण हो र स्मृति चित्तको रक्षा गर्नुमा लागिरहने धर्म हो। स्मृतिविना चित्तको उत्पत्तिलाई थाहा पाउनु र दबाउनु सकिँदैन।"

(३) निमित्तको कुशलता = पृथ्वीकसिण आदिको (१) चित्तको एकाग्रता नगरिएको निमित्तलाई गर्ने कुशलता (२) एकाग्रता गरिएकोलाई भावना गर्नुको कुशलता (३) भावनाद्वारा प्राप्त भएको एकाग्रता गरिएको निमित्तलाई रक्षा गर्ने कुशलतालाई निमित्तको कुशलता भनिन्छ।

यहाँ तेस्रो कुशलतासंग तात्पर्य छ।



Downloaded from http://www.dhamma.digital

(४) जुन समय चित्तलाई आफ्नो वशमा राख्नु पर्ने हो त्यस समय चित्तलाई आफ्नो वशमा राख्दछ = कसरी ? जब उसको चित्त अत्यन्त शिथिल वीर्य आदिद्वारा संकुचित हुन्छ, तब प्रश्रब्धि सम्वोध्यङ्ग आदि तीनैको भावना नगरी धर्मविचय सम्बोध्यङ्ग आदिको भावना गर्दछ।

आगोको उपमा संयुक्त निकाय (४४,६,३) अनुसार भगवान्‌ले भन्नुभएको छ – "भिक्षुहरू, जसरी मानिस थोरै आगोलाई बाल्न चाहन्छ, तर त्यसमाथि भिजेको घाँसलाई राखोस्, पानी मिश्रित हावा देओस् र माथिबाट धूलो पनि राखोस्, तब भिक्षुहरू, के त्यो मानिस थोरै आगोलाई बाल्न सक्दछ ?"

"सक्दैन भन्ते !"

"यसरी नै भिक्षुहरू, जुन समय चित्त संकुचित हुन्छ, त्यस समय प्रश्रब्धि, समाधि र उपेक्षा सम्बोध्यङ्गको भावना गर्नको लागि अकाल हो। त्यो के कारण ? भिक्षुहरू, चित्त संकुचित छ। त्यो यी धर्महरूद्वारा उठाउन सकिदैन। भिक्षुहरू, जुन समय चित्त संकुचित हुन्छ , त्यो त्यस समय धर्मविचय सम्बोध्यङ्ग, वीर्य सम्बोध्यङ्ग र प्रीति सम्बोध्यङ्गको भावनाको लागि समय हो। त्यो के कारण ? भिक्षुहरू, चित्त संकुचित छ, त्यो यी धर्महरूद्वारा राम्ररी उठाउन सकिन्छ।

जसरी भिक्षुहरू ! मानिस थोरै आगोलाई बाल्न चाहन्छ, ऊ त्यसमाथि सुखा घाँस राखोस्, सुखा गोबर राखोस्, सुखा काठलाई राखोस्, मुखले फुकोस् र माथिबाट धूलो नराखोस्, तब भिक्षुहरू के त्यो मानिस त्यस थोरै आगोलाई बाल्न सक्दछ ?"

"हो भन्ते।"

धर्मविचय सम्बोध्यङ्ग आदिको भावनालाई आफ्नोआफ्नो आहार प्रत्ययानुसार जान्नुपर्दछ। भनिएको छ - "भिक्षुहरू, राम्रोनराम्रो धर्म छन्, सदोषनिर्दोष धर्म छन्, हीनप्रणीत धर्म छन्, कृष्णशुक्ल धर्म छन्, त्यसको समयसमयमा राम्ररी मनमा राख्नाले उत्पन्न नभएको धर्मविचय सम्बोध्यङ्ग उत्पन्न हुन्छ या उत्पन्न भएको धर्मविचय सम्बोध्यङ्ग बढ्दछ, विपुल हुन्छ, भावनाको पूर्ति हुन्छ - यिनै यसको आहार हो।" त्यसरी नै "भिक्षुहरू, आरम्भधातु, नैष्क्रम्यधातु र पराक्रमधातु छन्। त्यसको समयसमयमा राम्ररीं मनमा राख्नाले उत्पन्न नभएको वीर्य सम्बोध्यङ्ग बढ्दछ, विपुल हुन्छ, भावनाको पूर्ति हुन्छ। यिनै यसको आहार हो।" त्यसरी नै - "भिक्षुहरू, प्रीति सम्बोध्यङ्ग बढ्दछ, विपुल हुन्छ, भावनाको पूर्ति हुन्छ - यिनै यसको आहार हो।"

कुशल आदि धर्महरूमा स्वभाव, सामान्य लक्षण, प्रतिवेधअनुसार मनमा राख्नुलाई राम्ररी मनमा राख्नु, योनिसो मनसिकार भनिन्छ। आरम्भधातुमा आरम्भधातु आदिको उत्पत्तिअनुसार मनमा गर्नुलाई राम्ररी मनमा राख्नु भनिन्छ। प्रथम वीर्य उद्योगलाई आरम्भधातु भनिन्छ। नैष्क्रम्यधातु आलस्यद्वारा निस्कने कारण त्यसभन्दा बलवान् हुन्छ। पराक्रमधातु अन्यअन्य स्थानलाई नाघ्नुमा त्यसभन्दा पनि बलवान् हुन्छ। प्रीतिको नै नाम प्रीति सम्बोध्यंग स्थानीय धर्म हो। त्यसको पनि उत्पादक मनसिकार (मनमा राख्नु) नै राम्ररी मनमा राख्नु हो।

सात कुराले धर्मविचय सम्बोध्यङ्गको उत्पत्ति हुन्छ - १. वारम्वार प्रश्नहरू सोध्नु २. वस्तुलाई स्वच्छ राख्नु ३. इन्द्रियहरूलाई एकसमान गर्नु ४. मूर्ख व्यक्तिको संगत छाड्नु



Downloaded from http://www.dhamma.digital

५. प्रज्ञावान्को संगत गर्नु ६. गम्भिर ज्ञानले जान्नयोग्य स्कन्ध, धातु, आयतन, सत्य, प्रतीत्य समुत्पाद आदि धर्महरूलाई राम्ररी विचार गर्नु ७. ज्ञानलाई चित्तमा झुकाइराख्नु ।

एघार कुराहरूले वीर्य सम्बोध्यङ्गको उत्पति हुन्छ (१) अपाय आदिको भयलाई राम्ररी विचार गर्नु (२) वीर्यको कारण लौकिक लोकोत्तरको विशेषको प्राप्तिको गुणहरूलाई देख्नु (३) बुद्ध, प्रत्येकबुद्ध, महाश्रावकहरूको गएको मार्ग भएर मलाई जानु छ र त्यसबाट पनि अल्छि व्यक्ति जान सक्दैन - यसप्रकार जाने मार्गलाई देख्नु । (४) दायकहरूलाई महाफल हुनको लागि भिक्षाको सत्कार गर्नु । (५) मेरो शास्ता (मार्गोपदेश) वीर्यारम्भको प्रशंसा गर्ने हुनुहुन्छ र त्यो आज्ञा उल्लंघन गर्नयोग्य छैन, हामीहरूको लागि धेरै लाभदायक छ, तथा उहाँ (शास्ता) प्रतिपत्तिद्वारा पूजा गर्नाले पूजित हुन्छ । अन्यथा हुँदैन - यसप्रकार शास्ताको महत्त्वको विचार गर्नु । (६) मलाई सद्धर्मको महा उत्तराधिकारलाई लिनुपर्दछ र त्यो अल्छिले लिन सक्दैन । यस्तो उत्तराधिकारको महत्त्वको विचार गर्नु (७) आलोक संज्ञालाई मनमा गर्नु, इर्यापथको परिवर्तन र खुला मैदानको सेवन आदि थिनमिद्धलाई हटाउनु (८) अल्छि व्यक्तिको त्याग (९) कर्मस्थानमा लागिरहने व्यक्तिको संगत गर्नु (१० सम्यक प्रधानलाई राम्ररी देख्नु (११) वीर्यमा चित्तलाई झुकाइराख्नु ।

एघार कुराहरूले प्रीति सम्बोध्यङ्गको उत्पत्ति हुन्छ (१) बुद्धानुस्मृति , (२) धर्मानुस्मृति (३) संघानुस्मृति, (४) शीलानुस्मृति (५) त्यागानुस्मृति, (६) देवतानुस्मृति (७) उपशमानुस्मृति (८) रूखो (निर्दयी) व्यक्तिको त्याग (९) स्निग्ध (दयालु) व्यक्तिको संगत गर्नु (१०) बुद्ध आदिप्रति चित्तलाई प्रसन्न गर्ने सूत्रहरूलाई राम्ररी हेर्नु (११) प्रीतिमा चित्तलाई झुकाइराख्नु ।

यसप्रकार यी आकारहरूद्वारा यी धर्महरूलाई उत्पन्न गर्दै भिक्षु धर्मविचय सम्बोध्यङ्ग आदिको भावना गर्दछ । यसरी जुन समय चित्तलाई आफ्नो वशमा राख्नु पर्ने हो त्यस समय चित्तलाई आफ्नो वशमा राख्दछ ।

(५) जुन समय चित्तलाई दबाउनु पर्ने हो, त्यस समय चित्तलाई दबाउँछ = कसरी ? जब उसको चित्त अत्यन्त वीर्य गर्नु आदिद्वारा चंचल हुन्छ, तब धर्मविचय सम्बोध्यङ्ग आदि तीनैको भावना नगरी प्रश्रब्धि सम्बोध्यङ्ग आदिको भावना गर्दछ ।

आगोको उपमा संयुक्त निकाय (४४,६,३) अनुसार भगवान्ले भन्नुभएको छ - "भिक्षुहरू, जसरी कुनै मानिस धेरै ठूलो आगो र थुप्रोलाई निभाउन चाहन्छ, ऊ त्यसमाथि सुखेको घाँसलाई राखोस्, सुखा गोबर राखोस्, सुखा काठ राखोस्, मुखले फुकोस् र माथिबाट धूलो नराखोस् , तब के भिक्षुहरू, त्यो मानिसले त्यस धेरै ठूलो आगोको थुप्रोलाई निभाउन सक्दछ ?"

"सक्दैन भन्ते ।"

"भिक्षुहरू यसरी नै जुन समय चित्त चंचल हुन्छ, त्यस समय धर्मविचय सम्बोध्यङ्ग, वीर्य सम्बोध्यङ्ग र प्रीति सम्बोध्यङ्गको भावनाको लागि अकाल हो । त्यो के कारण ? भिक्षुरू ! चित्त चंचल छ । त्यो यी धर्महरूद्वारा शान्त हुँदैन । भिक्षुहरू, जुन समय चित्त चंचल हुन्छ, त्यस समय प्रश्रब्धि सम्बोध्यङ्ग, समाधि सम्बोध्यङ्ग र उपेक्षा सम्बोध्यङ्गको भावनाको लागि समय हो । त्यो के कारण ?



Downloaded from http://www.dhamma.digital

भिक्षुहरू चित्त चंचल छ, त्यो यी धर्महरूद्वारा राम्ररी शान्त गरिने हुन्छ ।

जसरी भिक्षुहरू, कुनै मानिस धेरै ठूलो आगोको थुप्रोलाई निभाउन चाहन्छ त्यो त्यसमाथि भिजेको घाँस राखोस्, भिजेको गोबर राखोस्, भिजेको काठ राखोस्, मुखले पनि नफुकोस् र धूलोलाई पनि माथिबाट हालोस्, तब, भिक्षुहरू, के त्यो मानिस त्यस धेरै ठूलो आगोको थुप्रोलाई निभाउन सक्दछ ?"

"सक्दछ भन्ते ।"

यहाँ पनि आफ्नोआफ्नो आहारअनुसार प्रश्रब्धि सम्बोध्यङ्ग आदिको भावनालाई जान्नुपर्दछ । संयुक्त निकाय (४४,६,३) अनुसार भगवान्ले भन्नुभयो - "भिक्षुहरू, कायप्रश्रब्धि, र चित्तप्रश्रब्धि छन् , त्यसलाई समय समयमा राम्ररी मनमा राख्नाले उत्पन्न नभएको प्रश्रब्धि सम्बोध्यङ्ग उत्पन्न हुन्छ या उत्पन्न भएको प्रश्रब्धि सम्बोध्यङ्ग बढ्दछ, विपुल हुन्छ, भावनाको पूर्ति हुन्छ - यही यसको आहार हो ।" त्यसरी नै - "भिक्षुहरू, शमथ निमित्त छ, अव्यग्र निमित्त छ, त्यसलाई समयसमयमा राम्ररी मनमा गर्नाले उत्पन्न नभएको समाधि सम्बोध्यङ्ग उत्पन्न हुन्छ या उत्पन्न भएको समाधि सम्बोध्यङ्ग बढ्दछ, विपुल हुन्छ, भावनाको पूर्ति हुन्छ - यही यसको आहार हो ।" त्यसरी नै - "भिक्षुहरू, उपेक्षा सम्बोध्यङ्ग स्थानीय धर्म हुन्, त्यसलाई समयसमयमा राम्ररी मनमा गर्नाले उत्पन्न नभएको उपेक्षा सम्बोध्यङ्ग उत्पन्न हुन्छ, या उत्पन्न भएको उपेक्षा सम्बोध्यङ्ग बढ्दछ, विपुल हुन्छ, भावनाको पूर्ति हुन्छ - यही यसको आहार हो ।"

जसरी प्रश्रब्धि आदि पहिले उत्पन्न भएको हुन्छ, त्यसरी त्यसको उत्पन्न हुने आकारानुसार ठीकले मनमा गर्नु नै तीनै वाक्यमा राम्ररी मनमा गर्नु भनिन्छ । शमथ निमित्त, शमथ (शान्ति)को नै नाम हो र विक्षेप नगर्ने अर्थमा त्यसैको अव्यग्र निमित्त (स्थिर समाधि) भनिन्छ ।

सात कुराले प्रश्रब्धि सम्बोध्यङ्ग उत्पत्ति हुन्छ (१) उत्तम भोजनको सेवन (२) ऋतुहरूको सुखको सेवन, (३) इर्यापथको सुखको सेवन, (४) काय, वाक, मनलाई एकसमान प्रयोग गर्नु, (५) क्लेशहरूद्वारा परितप्त कायचित्त भएको व्यक्तिको त्याग, (६) शान्त कायचित्त भएको व्यक्तिको सेवन, (७) प्रश्रब्धि (शान्ति)मा चित्तलाई झुकाइराख्नु ।

एघार कुराले समाधि सम्बोध्यङ्ग उत्पत्ति हुन्छ । (१) वस्तुको पवित्रता (२) निमित्तको कुशलता (३) समाधि इन्द्रियहरूलाई एकसमान गर्नु (४) समयमा चित्तलाई दबाउनु (५) समयमा चित्तलाई वशमा राख्नु (६) भावनाको आस्वादरहित चित्तलाई श्रद्धा र संवेगले हर्षोत्फुल्ल गर्नु (७) ठीकरूपले प्रवर्तित भावना चित्तप्रति उपेक्षा गर्नु (८) अएकाग्रचित्त भएको व्यक्तिको त्याग (९) एकाग्रचित्तयुक्त व्यक्तिको संगत गर्नु, (१०) ध्यान र विमोक्षलाई राम्ररी देख्नु (११) समाधिमा चित्तलाई झुकाइराख्नु ।

पाँच कुराहरूले उपेक्षा सम्बोध्यङ्ग उत्पत्ति हुन्छ - (१) सबै प्राणीहरूप्रति तटस्थ हुनु (२) भित्री चक्षु आदि तथा बाहिरी पात्र चीवर आदि संस्कारहरूमा तटस्थ हुनु (३) सबै प्राणीहरू र वस्तुहरूप्रति ममत्व राख्ने व्यक्तिहरूको त्याग (४) प्राणीहरू र वस्तुहरूप्रति तटस्थ रहने व्यक्तिहरूको संगत गर्नु (५) उपेक्षामा चित्तलाई झुकाइराख्नु ।



Downloaded from http://www.dhamma.digital

यसप्रकार यी आकारहरूद्वारा यी धर्महरूलाई उत्पन्न गर्दै भिक्षु प्रश्रब्धि सम्बोध्यङ्ग आदिको भावना गर्दछ = यसरी, जुन समय चित्तलाई दबाउनु पर्ने हो, त्यस समय चित्तलाई दबाउँछ ।

(६) जुन समय चित्तलाई हर्षोत्फुल्ल गर्नु पर्ने हो, त्यस समय चित्तलाई हर्षोत्फुल्ल गर्दछ । कसरी ? जब चित्त प्रज्ञाको प्रयोगको दुर्बलताको कारणले या उपशमको सुखको प्राप्तिको आस्वादरहित हुन्छ, तब त्यसबाट आठ संवेग उत्पन्न गर्ने कुराहरूलाई राम्ररी देख्नाले संविग्न गर्दछ । आठ संवेग उत्पन्न गर्ने कुराहरू हुन्, (१) जन्म, (२) वृद्धावस्था, (३) रोग, (४) मृत्यु (५) अपायको दु:ख (६) भूतकालमा संसार चक्करमा परी उत्पन्न भएको दु:ख (७) भविष्यमा संसार चक्करमा पर्नाले उत्पन्न हुने दु:ख (८) वर्तमान्मा आहारको खोजद्वारा उत्पन्न हुने दु:ख ।

ऊ बुद्ध, धर्म तथा संघको गुणानुस्मरणद्वारा त्यसलाई प्रसन्न गर्दछ । यसरी जुन समय चित्तलाई हर्षोत्फुल्ल गर्नु पर्ने हो, त्यस समय चित्तलाई हर्षोत्फुल्ल गर्दछ ।

(७) जुन समय चित्तको उपेक्षा गर्नु पर्ने हो त्यस समय चित्तको उपेक्षा गर्दछ = कसरी ? जब यस्तो प्रतिपन्न हुँदा चित्त असंकुचित, अचंचल, भावनाको आस्वादयुक्त, आलम्बनमा समानरूपले प्रवर्तित, शमथ वीथिमा प्रतिपन्न हुन्छ, तब ऊ, समान चालले चल्ने घोडाहरूमा सारथीजस्तै, त्यसलाई पक्रने, दबाउने, हर्षोत्फुल्ल गर्नमा लाग्दैन । यसरी, जुन समय चित्तको उपेक्षा गर्नु पर्ने हो त्यस समय चित्तको उपेक्षा गर्दछ ।

(८) अएकाग्र चित्तयुक्त व्यक्तिको त्याग = नैष्क्रम्यको बाटोमा कहिले पनि नहिंडेको, अनेक कामहरूमा लागिरहने विक्षिप्त हृदय भएको व्यक्तिहरूलाई टाढैबाट परित्याग गर्नु ।

(९) एकाग्र चित्तयुक्त व्यक्तिको सेवन गर्नु = नैष्क्रम्यको बाटोमो हिंड्न समाधि प्राप्त व्यक्तिहरूकहाँ समयसमयमा जानु ।

(१०) समाधिमा चित्तलाई लगाइराख्न, ... समाधिको गौरव गर्नु, समाधितर्फ झुकाव हुनु, समाधितर्फ अड्किनु, समाधिमा तल्लिन रहनु भन्ने यसको अर्थ हो ।

यसप्रकार दस प्रकारको अर्पणाको कुशलताहरुलाई पूर्ण गर्नुपर्दछ ।

*एवं हि सम्पादयतो अप्पनाकोसल्लं इमं ।*
*पटिलद्धे निमित्तस्मिं अप्पना सम्पवत्तति ॥*

(यसरी नै यस अर्पणाको कुशलतालाई पूर्ण गर्नेलाई प्राप्त भएको निमित्तमा अर्पणा उत्पन्न हुन्छ ।)

*एवम्पि पटिपन्न सचे सा नप्पवत्तति ।*
*तथापि न जहे योगं वायमेथेव पण्डितो ॥*

(यदि यस्तो प्रतिपन्न भएको योगीलाई पनि त्यो उत्पन्न हुँदैन, तापनि बुद्धिमान् व्यक्ति प्रयत्न नै गरोस्, योग संलग्नतालाई नत्यागोस् ।)

*हित्वा हि सम्मा वायामं विसेसं नाम मानवो ।*
*अधिगच्छे परित्तम्पि ठानमेतं न विज्जति ॥*

(मानिस ठीक प्रयत्नलाई त्यागेर थोरै पनि उन्नति गरोस् यो सम्भव छैन ।)



Downloaded from http://www.dhamma.digital

*चित्तप्पवत्ति आकारं तस्मा सल्लक्खयं बुधो ।*
*समतं विरियस्सेव योजयेथ पुनप्पुनं ॥*

(यसैले बुद्धिमान् व्यक्ति चित्तप्रवृतिको आकारलाई राम्ररी विचार गरी समाधिजस्तै वीर्यलाई पनि लगावस् ।)

*ईसकम्पि लयं यन्तं पग्गण्हेथेव मानसं ।*
*अच्चारद्धं निसेधेत्वा सममेव पवत्तये ।*

(थोरैले पनि संकुचित भएको मनलाई पक्रोस् नै, अत्यधिक वीर्यलाई रोकेर सम नै गरोस् ।)

## निमित्ताभिमूख प्रवृत्तिको प्रतिपादन

*रेणुम्हि उप्पलदले सुत्ते नावाय नालिया ।*
*यथा मधुकरादीनं पवत्ति सम्पवण्णिता ॥*
*लीनउद्धतभावेहि मोचयित्वान सब्बसो ।*
*एवं निमित्ताभिमुखं मानसं पटिपादये ॥*

(केशर, कमलदल, जालो, नाउ, नालि (तेल राख्ने ढुङग्रो) मा जसरी मौरी आदिको कार्य वर्णित छन्, त्यसरी नै संकुचित र चञ्चल हुनाले, सबप्रकारद्वारा मनलाई छुटाएर निमित्ततर्फ लगाओस् ।)

उपरोक्त उदाहरणहरूका व्याख्या यसप्रकार छन्–

केशरको उपमा = जसरी धेरै चतुर मौरी 'फलाना रूखमा फूल फूलेको छ' भनी थाहा पाएर तीब्र वेगले उड्दै, त्यसै रूखलाई नाघेर जान्छ र पछि घुमेर आउन्जेलसम्म केशर झरिसक्दछ। दोस्रो अचतुर मौरी मन्द वेगले उड्दै जाँदा रेणु झरिसकेपछि मात्र पुग्दछ। तर तेस्रो चतुर समान चाल भएको मौरीले भने सन्तुलित उडान गर्दै सुखपूर्वक फूलहरूको समूहलाई पाएर इच्छानुसार केशरलाई लिएर मह बनाएर महको रसको मजा लिन्छ।

कमलदलको उपमा = चीरफार गर्ने वैद्यको पानी भरेको थालमा राखिएको कमलको पातमा औजार चलाउन सिक्ने शिष्यहरूमध्ये एक अति चतुर शिष्य वेगले औजार चलाउँदै कमलको पातहरूलाई दुई भागमा काटिदिन्छ या पानीभित्र डुबाइदिन्छ। दोस्रो अचतुर शिष्य कमलको पातलाई प्वाल पार्ने र पानीमा डुब्ने डरले औजारलाई छुनलाई पनि हिम्मत गर्दैन। तर तेस्रो चतुर शिष्य समप्रयोगद्वारा कार्य सिद्ध गर्दछ।

जालोको उपमा = 'जसले चार व्याम (२४ फुट)को बराबर माकुराको जालो (सुत) ल्याउँछ,उसले चार हजार इनाम पाउँछ' भनी राजाले घोषणा गराउँदा धेरै चुतुर व्यक्ति वेगले माकुराको जालो तान्दा ठाउँठाउँमा चुडाउँछ। दोस्रो अचतुर व्यक्ति जालो चुडिने डरले हातले छुने पनि हिम्मत गर्दैन। तर तेस्रो चतुर व्यक्ति छेउबाट लिएर समप्रयोगले सानो डण्डामा बेरेर राजालाई दिएर लाभ प्राप्त गर्दछ।

नाउको उपमा = धेरै चतुर माझी तेज हावामा पाललाई तानेर नाउलाई हिंडाउँछ र हावाको वेगले गर्दा विदेशतिर दौडाउँछ। दोस्रो अचतुर माझी मन्द हावामा पाललाई उतारेर राख्दा हावाको अभावमा नाउलाई चलाउन नसकी त्यहीं राख्दछ। तर तेस्रो चतुर माझी मन्द हावामा पूरा पाललाई तानेर र धेरै तेज हावामा पाललाई कम तानेर राम्ररी इच्छित स्थानमा नाउलाई पुऱ्याउँदछ।



Downloaded from http://www.dhamma.digital

ढुंग्रोको उपमा = 'जसले तेल जमीनमा नखसाई नाली (ढुङ्ग्रो) भर्दछ, उसले इनाम पाउँनेछ' भनी आचार्यद्वारा शिष्यहरूलाई भन्दा एक धेरै चतुर शिष्य इनामको लोभी वेगले भर्दै तेललाई पोखाउँछ। दोस्रो अचतुर शिष्य तेल पोखिने डरले राख्ने पनि हिम्मत गर्दैन। तर तेस्रो चतुर शिष्य समप्रयोगले भरेर इनाम प्राप्त गर्दछ।

उपरोक्त उपमाहरूको उपमेय्य यसप्रकार छन् - यसरी नै एक भिक्षु निमित्त मात्र हुँदा 'शिघ्र नै अर्पणालाई पाउँछु' भनी सोचेर धेरै दृढताकासाथ मेहनत गर्दछ। उसको चित्त, अत्यन्त उद्योग गर्नाले चंचल हुन जानाले उसले अर्पणालाई पाउन सक्दैन। अर्को भिक्षुले अत्यन्त उद्योग गर्नु दोषेलाई देखेर - "अब मलाई अर्पणादेखि के मतलव ?" भनी सोचेर उद्योग गर्न कम गरिदिन्छ। उसको चित्त उद्योगको संकुचितताले आलस्यतामा पर्दछ। ऊ पनि अर्पणा पाउन सक्दैन। तर जो अलिकता पनि संकुचिततालाई, संकोचबाट चंचल भएकोलाई चंचलताबाट छुटाएर, समप्रयोगले निमित्ततर्फ मन लगाउँछ, गर्दछ, ऊ अर्पणालाई पाउँदछ। अन्य योगीहरु पनि त्यसैप्रकारका हुनुपर्दछ।

यस्तो निमित्ततर्फ मनलाई प्रेरित गराउँदै त्यसलाई "अब अर्पणाको प्राप्ति हुनेछ भनी सोचेर भवाङ्गचित्तलाई काटेर 'पृथ्वी', 'पृथ्वी' भन्दै लागिरहनेअनुसार उपस्थित त्यस पृथ्वीकसिणलाई आलम्बन गर्दागर्दै मनोद्वारवर्जन उत्पन्न हुन्छ। त्यसपछि त्यसै आलम्बनमा चार या पाँच जवनचित्त दौडिन्छन्। त्यसको अन्तमा एक रुपावचर र शेष कामावचरचित्तहरु उत्पन्न हुन्छन्, जुन स्वाभाविक चित्तहरूभन्दा बलवान्तर वितर्क, विचार, प्रीति, सुख र एकाग्रतायुक्त हुन्छन्। जसलाई अर्पणाको परिकर्मले परिकर्म भनिन्छ। साथै जसरी गाउँ आदिको नजिक या समीप स्थान गाउँको सिमाना (गौंडा) भनिन्छ, यसरी नै अर्पणाको नजिक या समीप हुनाले उपचार पनि भनिन्छ। यसको पूर्वपरिकर्महरू र माथि अर्पणाको अनुलोम हुनाले अनुलोम पनि भनिन्छ। जुन सबभन्दा अन्तिम हुन्छ, त्यो सानो गोत्रको अभिभव नगर्ने तथा महान गोत्रमा हुनाले गोत्रभू पनि भनिन्छ।

जसलाई ग्रहण गरिसकिएको छ त्यसलाई छाडेर ग्रहण गर्दा पनि - पहिलो परिकर्म, दोस्रो उपचार, तेस्रो अनुलोम र चौथो गोत्रभू हुन्छ अथवा पहिलो उपचार, दोस्रो अनुलोभ, तेस्रो गोत्रभू र चौथो या पाचौं अर्पणाचित्त अथवा चौथो चित्त नै पाँचौ चित्तमा जान्छ। त्यो पनि तीक्ष्ण ... प्रज्ञा मन्द-अभिज्ञानुसार हुन्छ। त्यसपश्चात् जवनचित्त झर्दछ र भवाङ्गचित्त शुरु हुन्छ।

तीकपट्ठान (५) अनुसार अभिधर्मधारी गोदत्तस्थविरले - 'पूर्वपूर्वको कुशलधर्म पछिपछिको कुशलधर्मको आसेवनप्रत्यय हुन्छ" यस सूत्रलाई आधार गर्नुभएर "आसवेनप्रत्ययले पछिपछिको धर्म बलबान् हुन्छ, यसैले छैठौंमा पनि, सातौंमा पनि अर्पणा हुन्छ" भन्नुभएको छ। तर अर्थकथाहरूमा "स्थविरको यो आफ्नो विचारमात्र हो" भनेर त्यसको निषेध गरिएको छ।

"चौथो, पाँचौंमा नै अर्पणा हुन्छ, त्यसपश्चात् भवांगको सन्निकट हुनाको कारण जवनचित्त झर्दछ" भनिएको छ। यसप्रकार समालोचना गरी भनिएको यस कुराको निषेध गर्न सकिंदैन। जसरी मानिस पैरो गएको किनारमा दौडिदै गएर उभिन खोजे तापनि किनारमा खुट्टा अडाई उभिन सक्दैन, भीरमा नै खस्दछ। यसरी नै छैठौं या सातौं जवनचित्त भवांगको सन्निकट हुनाको कारण पाउन सक्दैन। यसैले चौथा, पाचौंमा नै अर्पणा हुन्छ भनी जान्नुपर्दछ र त्यो एक चित्तक्षण नै रहने हुन्छ। सात स्थानहरूमा समयको भाग छैन। जस्तै - १. पहिलो अर्पणामा, २. लौकिक अभिज्ञाहरूमा, ३. चारौं मार्गमा, ४. मार्गको अनन्तर फलमा, ५. रूप र अरूप भवहरूमा, ६. भवाङ्ग ध्यानमा, ७. निरोध



Downloaded from http://www.dhamma.digital

समापत्तिको प्रत्यययुक्त नैवसंज्ञानासंज्ञायतनमा र निरोध समापत्तिदेखि उठ्दै गरेको फलसमापत्तिमा । यहाँ मार्गको अनन्तर आउने फलचित्त तीन चित्तहरुभन्दा बढी हुँदैन । निरोध समापत्तिको प्रत्यय नैवसंज्ञानासंज्ञायतन दुवैको पछि हुँदैन । रूप र अरूपमा भवांगको परिणाम हुँदैन । पहिलो अर्पणा, लौकिक अभिज्ञा, मार्गक्षण, निरोधबाट उठेको फलक्षण यी शेष स्थानहरूमा एक नै चित्त हुन्छ। यसप्रकार एक चित्तक्षणयुक्त नै अर्पणा हुन्छ। त्यसपछि भवांगपात हुन्छ। तत्पश्चात् भवांगलाई काटेर ध्यानको प्रत्यवेक्षण गर्नको लागि आवर्जन र त्यसपछि ध्यानको प्रत्यवेक्षण गरिनुपर्दछ।

## प्रथमध्यान

यहाँसम्म – *"विविच्चेव कामेहि विविच्च अकुसलेहि धम्मेहि सवितक्कं सविचारं विवेकजं पीतिसुखं पठमं झानं उपसम्पज्ज विहरति"* - विभंग पालि ।

(कामहरू र अकुशलधर्महरूदेखि अलग भएर वितर्कविचारसहित विवेकले उत्पन्न प्रीति र सुखयुक्त प्रथमध्यानलाई प्राप्त गरी विहार गर्दछ। )

त्यसरी विहार गर्ने भिक्षुलाई यस्तो (१) पाँच अंगरहित, (२) पाँच अंगयुक्त, (३) त्रिविध कल्याणकर, (४) दश लक्षणयुक्त, पृथ्वीकसिणको प्रथमध्यान प्राप्त हुन्छ।

विविच्चेव कामेहि= कामरागहरूद्वारा पृथक भएर, रहित भएर, हटेर । जुन यहाँ 'एव' (विविच्च+एव) छ, त्यसलाई नियमार्थ जान्नुपर्दछ र नियमार्थ हो, यसैले त्यसको प्रथमध्यानलाई प्राप्त भएर विहार गर्ने समय, नरहने कामहरूको त्यस प्रथमध्यानको विरोधी हुने भएकोले र कामको परित्यागद्वारा नै त्यस प्रथमध्यानलाई प्राप्ति हुन्छ।

कसरी ? कामहरूदेखि अलग भएर भनी परिभाषित गर्दा, यो थाहा हुन्छ कि अवश्य पनि कामराग यस ध्यानको विपक्षी हो। यसैले जुन समय कामराग हुन्छ त्यस समय ध्यान हुँदैन, अन्धकार हुँदा चिरागको प्रकाश नहुनेझैं । त्यस कामरागको परित्यागद्वारा नै त्यस ध्यानको प्राप्ति हुन्छ, यस तीरको परित्यागले पल्लो तीरजस्तै । यसैले परिभाषित गरिएको छ।

प्रश्न उठ्न सक्दछ - किन यो "एव" शब्द पूर्वपदमा मात्र भनिएको छ, पछिल्लोपदमा भनिएको छैन ? के अकुशलधर्महरूबाट अलग नभएर पनि ध्यान प्राप्त भएर विहार गर्न सक्दछ ?

यसलाई यसरी सम्झिनु हुँदैन । त्यस कामरागको प्रहाणले नै यो पूर्वपदमा भनिएको छ । कामधातुको समतिक्रमण र कामरागको विपक्षी हुनाले यो ध्यान कामहरूकै निराकरण हो । जसरी दीघनिकायमा भनिएको छ - "यो कामरागको नै निराकरण हो, जुन नैष्क्रम्य हो।" पछिल्लोपदमा पनि, जस्तै - दीघनिकाय (३,३)अनुसार भनिएको छ - "इधेव, भिक्खवे, समणो, इध दुतियो समणो" (भिक्षुहरू, यहाँ (बौद्ध धर्ममा) नै प्रथमश्रमण छ, यहाँ नै द्वितीयश्रमण छ !) यहाँ 'इध' मा 'एव' नै ल्याएर "इधेव" भनिन्छ भनी भन्नुपर्दछ । यसले अरू पनि नीवरणयुक्त अकुशलधर्महरूदेखि अलग नभई ध्यानलाई प्राप्त गरी विहार गर्न सकिंदैन। यसैले कामरागहरू र अकुशलधर्महरूदेखि अलग भएर - यी दुवै पदहरूमा पनि यो नियम जान्नुपर्दछ। यद्यपि दुवै पदहरूमा पनि "विविच्च" (अलग भएर) यस साधारण वचनले तदंग, विक्खम्भन, समुच्छेद, पटिप्पस्सद्धि, निस्सरण विवेक आदि र चित्त, काय, उपधि



Downloaded from http://www.dhamma.digital

विवेक आदि सबै विवेक आउँछन्, तथापि कायविवेक, चित्तविवेक, विक्खम्भनविवेक - यी तीनैलाई नै यहाँ जान्नुपर्दछ ।

कामेहि, = कामहरुले । यस शब्दले र जुन यहाँ निद्देसमा "कति छन् वस्तुकाम ? मनलाई प्रिय लाग्ने रूप" आदि काम उत्पन्न हुने विषयअनुसार वस्तुकाम भनिएको छ र जुन त्यहीं तथा महानिद्देश (२) र विभंग (१२) अनुसार -"छन्द (अभिलाषा) काम हो, राग काम हो, छन्दराग काम हो, संकल्प काम हो, राग काम हो, संकल्पराग काम हुन् आदि यी काम भनिन्छन्" आदि विषयप्रति उत्पन्न हुने चित्तअनुसार यस्ता क्लेशकाम भनिएका छन् । ती सबैलाई समावेश गरिएको नै जान्नुपर्दछ । यस्तो हुँदा "कामदेखि अलग भएर" भनिएको वाक्यले वस्तुकामदेखि अलग भएर भन्ने पनि अर्थ लाग्दछ । त्यसैले कायविवेक भनिएको छ । विविच्च अकुसलेहि धम्मेहि = क्लेशकामहरू अथवा सारा अकुशलदेखि अलग भएर । त्यसलाई चित्तविवेक भनिएको छ ।

पहिलोले विविच्चेहि कामेहि शब्दले वस्तुकामसंग, विवेक शब्दद्वारा कामसुखको परित्याग, र दोस्रो विविच्च अकुसलेहि धम्मेहि शब्दले क्लेशकामसंग अलग भएर, विवेक शब्दद्वारा नैष्क्रम्यसुखको परिग्रहण भनिएको छ ।

यसप्रकार वस्तुकाम, क्लेशकाम र विवेक जुन भनिएका छन् त्यसमा वस्तुकाम विवेक शब्दद्वारा प्रथमले तृष्णा आदि संक्लेशवस्तुको त्याग, दोस्रोले संक्लेशको त्याग, प्रथमले लोभीपनको हेतुको परित्याग, दोस्रोले मूर्खताको र प्रथम प्रयोगको परिशुद्धि, दोस्रोले आशयको परिशुद्धिकरण भनिएको छ भनी जान्नुपर्दछ । यो नियम "कामहरूद्वारा" भनिएको कामहरूमा केवल वस्तुकामको पक्षमा हो ।

क्लेशकामको पक्षमा त छन्द र राग-यसप्रकारका अनेक भेद भएको कामच्छन्द (कामेच्छा) छ, त्यसको तात्पर्य नै काम हो । त्यो अकुशल भए तापनि "कुनचाहिं कामच्छन्द काम हो ?" आदिप्रकारले विभङ्गमा ध्यानको विपक्षिदेखि अलग गरी भनिएको छ । अथवा क्लेशकाम हुनाको कारण पूर्वपदमा भनिएको छ र अकुशलमा मिलेको कारण दोस्रोपदमा भनिएको छ । तथा यसको अनेक भेदको कारण "कामद्वारा" नभनेर "कामहरूद्वारा" भनिएको छ । अरू पनि धर्महरूको अकुशल हुँदा - "कुनचाहिं अकुशल धर्म हुन् ? कामच्छन्द" आदिप्रकारले विभङ्गमा अगाडि भनिने ध्यानका अंगहरूको एकदम विरोधी नै देखाइदिनाले नीवरण नै भनिएको छ । नीवरण ध्यानको अंगहरूको विरोधी हो । ती ध्यानको अंगहरूको नै विरोधी, विध्वंशकारी, नाशक भनिएको छ । त्यसरी नै - "समाधि कामच्छन्दको, प्रीति व्यापादको, वितर्क थिनमिद्धको सुख उद्दच्चकुकुच्चको र विचार विचिकिच्छाको विरोधी हुन् ।" यसरी अभिधर्मपिटकमा भनिएको छ ।

यसरी यहाँ "कामदेखि अलग भएर "यस पदबाट कामच्छन्दको विक्खम्भनलाई विवेक भनिएको छ । "अकुशलधर्मदेखि अलग भएर" यस पदबाट पाचै नीवरणहरूको पनि विक्खम्भनलाई विवेक भनिएको छ । पदहरु नदोहऱ्याउने हो भने प्रथमपदले कामच्छन्दको र दोस्रोपदले नीवरणहरूको, त्यसरी नै प्रथमले राग, द्वेष, मोह (तीन अकुशल मूलहरूमा) पाँच कामगुणको भेद विषयमध्ये लोभको, दोस्रोले आघातवस्तुको भेद आदि विषयको द्वेष र मोहको, अथवा ओघ (बाढ) आदि धर्ममा प्रथमले कामयोग, कामआस्रव, कामउपादान अभिध्या (विषम लोभ) कामग्रन्थ र कामराग संयोजनको, दोस्रोले शेष ओघ, योग, आस्रव, उपादान, ग्रन्थ र संयोजनको । अरू पनि, प्रथमले तृष्णा र त्यसले युक्त



Downloaded from http://www.dhamma.digital

धर्महरूको, दोस्रोले अविद्या र त्यससंगयुक्त धर्महरूको । अरू पनि-प्रथमले लोभयुक्त आठ चित्तहरूको, दोस्रोले शेष चार अकुशलचित्तहरूको विक्खम्भन विवेक भनिएको छ भनी जान्नुपर्दछ ।

यहाँसम्म, प्रथमध्यानको प्रहाण भएको अंगहरूलाई देखाएर, अब, युक्त अंगहरू देखाउनको लागि सवितक्कं सविचारं आदि भनिएको छ ।

सवितक्कं = त्यसमा विशेषरूपले तर्क गर्नु नै वितर्क हो । उहन (तर्कवितर्क) भनिएको छ । यो आलम्बन या चित्तलाई लगाउने स्वभाव हो । आहनन (अगाडि प्रहार गर्नु) पर्याहनन(वारम्वार प्रहार गर्नु) यसको काम हो । त्यसरी नै योगी त्यस वितर्कले आलम्बनलाई वितर्कले आहात, वितर्कद्वारा पर्याहत गर्दछ भनी भनिएको छ । आलम्बनमा चित्तलाई ल्याएर लगाउनु यसको प्रत्युपस्थान जान्ने आकार हो ।

सविचारं = विचरण नै विचार हो । वारम्वार सञ्चरण गर्ने अर्थ हो । यो आलम्बनलाई परिमर्दन गर्ने स्वभावको छ । त्यसमा एकसाथ उत्पन्न भएको धर्महरूलाई लक्ष्यमा वारम्वार लगाइराख्नु यसको काम हो । चित्तसंगै बाँधिरहनु यसको जान्ने आकार हो ।

यसको कहीं पनि वियोग नहुँदा स्थूल हुने र अगुवाको अर्थमा घण्टा बजाउनेझैं चित्तको पहिलो झुकाव वितर्क हो । सूक्ष्म हुने र वारम्वार मर्दन गर्ने स्वभावले घण्टा बजिसक्दा पनि आवाज घन्किरहने प्रतिध्वनिजस्तै चित्तलाई बाँधिरहनु विचार हो । यिनमा वितर्क प्रथम उत्पत्तिको समय चित्तलाई चलाउने कारण आकाशमा उड्नु चाहने पंक्षीको प्वांखलाई चलाउनेझैं र पद्मसुगन्धले मोहित भएको चित्तयुक्त भ्रमराको पद्ममाथि फन्को मार्नेसमान चंचल हुन्छ ।

अंगुत्तर निकायको दुकनिपातको अट्ठकथामा - "धेरै ठूलो पंक्षीले आकाशमा उड्दा दुवै पखेटाद्वारा हावालाई पक्रेर, पखेटालाई खुम्च्याएजस्तै आलम्बनमा चित्तलाई लगाउने भावले उत्पन्न भएको चित्त वितर्क हो । वायुलाई लिनको लागि पखेटालाई हल्लाउँदै जानेझैं, वारम्वार मर्दन गर्ने स्वभावले उत्पन्न भएको विचार हो" भनी भनिएको छ । त्यो वारम्वार लागिरहनाले उपचार अथवा अर्पणाको उत्पन्न अवस्थामा ठीक उत्रिन्छ । यसको त्यो अन्तर प्रथम र द्वितीयध्यानमा प्रकट हुन्छ ।

मैला भएको काँसको भाँडालाई एक हातले दृढतापूर्वक पक्रेर दोस्रो हातले चूर्ण, तेल, ब्रशद्वारा रगड्ने व्यक्तिको दृढतापूर्वक पक्रने हातजस्तै वितर्क हो, रगड्ने हातजस्तै विचार हो । त्यसरी नै कुम्हालेको डण्डाले ठेलेर चक्रलाई घुमाएर भाडा बनाउने समय माटोको पिण्डलाई दबाउने हातजस्तै वितर्क हो र यताउता घुमाउने हातजस्तै विचार हो । त्यसरी नै परकाल (campass divider) द्वारा गोलो बनाउँदै गरेको व्यक्तिको बीचमा गाडेको ढाडो काँटाजस्तै आरोपण गर्नु वितर्क हो र बाहिर घुम्ने काँटाजस्तै अनुमर्दन गर्नु विचार हो ।

यसप्रकार रूख फूल र फलयुक्त हुनेझैं यो प्रथमध्यान यस वितर्क र यस विचारयुक्त हुन्छ, यसैले 'सवितक्कं सविचारं' भनिएको हो । तर विभंगमा - "यस वितर्क र यस विचारयुक्त हुन्छ" आदिप्रकार ले व्यक्तिअनुसार जुन देशना गरिएको छ, त्यसको पनि अर्थ यसरी नै जान्नुपर्दछ ।

विवेकजं = यहाँ विविक्ति नै विवेक हो । नीवरणरहित हुनु यसको अर्थ हो । अथवा विविक्ति विवेक हो । नीवरणरहित ध्यानयुक्त धर्मराशि यसको अर्थ हो । त्यस विवेकले या त्यस विवेकमा उत्पन्न भएको



Downloaded from http://www.dhamma.digital

विवेकज हो ।

पीति = तृप्ति गर्नु प्रीति हो । त्यो सन्तुष्ट गर्ने स्वभाव हो । काय र चित्तलाई बढाउनु अथवा व्याप्त हुनु यसको काम हो । गद्‌गद् हुनु यसको जान्ने आकार हो । यी पाँच प्रकारका हुन्छन्

(१) क्षुद्रिका प्रीति = शरीरमा लोभहर्षण मात्र नै गर्न सक्दछ । (२) क्षणिका प्रीति = क्षणक्षणमा विद्युतपातजस्तै हुन्छ । (३) अवक्रान्तिका प्रीति = समुद्रतटको तरंगजस्तै शरीरमा फैलिंदैफैलिंदै समाप्त हुन्छ । (४) उद्वेगा प्रीति = बलवान् हुन्छ, शरीरलाई उठाएर आकाशमा उढाएर उफ्रने शक्ति भएको हुन्छ

## महातिष्य स्थविरको कथा

पूर्णवल्लिकमा रहने महातिष्य स्थविर साँझमा चैत्यको आँगनमा गएर चन्द्रमाको आलोकलाई देखेर सुवर्णमाली महाचैत्य (श्रीलंका) तर्फ हेर्नुभएर - 'अहा । यस समय चारै परिषद (भिक्षु, भिक्षुणी, उपासक, उपासिका) महाचैत्यको वन्दना गरिरहेछ" आदि सोच्नुहुँदा स्वाभाविकरूपले देखेको आलम्बनअनुसार बुद्धको आलम्बनले उद्वेग प्रीतिलाई उत्पन्न हुँदा, चूना राखी समतल गरिएको भूमिमा ठक्कर खाएको भकुण्डो उफ्रिएजस्तै, आकाशमा उडेर महाचैत्यको आँगनमा नै उभिनुभयो ।

त्यसरी नै, गिरिकण्डक महाविहार नजिक वत्तकालक गाउँमा एक कुलकन्या पनि बलवान् बुद्धको आलम्बनले उत्पन्न भएको उद्वेगा प्रीतिले आकाशमा उफ्रिन् ।

## एक कुल कन्याको कथा

उनका मातापिता साँझको धर्मोपदेश सुन्नको लागि विहार जान लाग्दा - "छोरी ! तिमी गर्भिणी छौ, असमयमा हिंड्‌न सक्दिनौ, हामीहरू तिमीलाई पुण्यको प्राप्तिको भाग दिएर धर्म सुन्ने छौं" भनेर गए । उनी जान चाहे तापनि उनीहरूको कुरा टाल्न नसकेको कारण घरमा नै बसेर, घरको आँगनमा उभेर, चन्द्रमाको आलोकले गिरिकण्डकको पर्वतमाथि बनाएको आकाशचैत्यको आँगनलाई हेर्दै, चैत्यको प्रदीपपूजा र चारै परिषदलाई मालागन्ध आदिले चैत्यपूजा गरी प्रदक्षिणा गर्दै गरेको तथा भिक्षुसंघको स्वाध्यायको शब्दलाई सुनीन् । तब उनलाई - "यी धन्य छन्, जो विहारमा गएर यसप्रकारको चैत्यको आँगनमा सञ्चरण गर्ने तथा मधुर धर्मकथालाई सुन्न पाउँदछन्" आदि सोचिरहंदा, मोतीको राशीजस्तै चैत्यलाई हेर्दै उद्वेगाप्रीति उत्पन्न भयो । उनी आकाशमा उफ्रेर मातापिताभन्दा धेरै अगाडि नै आकाशबाट चैत्यको आँगनमा उत्रेर चैत्यको वन्दना गरी धर्म सुन्दै उभिइन् । पछि आमाबाबु आउंदा छोरी पहिले नै आइसकेको देखेर उनीसंग सोधिन् - "छोरी ! तिमी कुन मार्गबाट आएकी हौ ?" उनीले भनिन् "आकाश मार्गबाट ।" छोरीको कुरामा विश्वास नगरेर आमाबाबुले फेरि सोधे- "छोरी ! आकाशमा क्षीणास्रव संचरण गर्दछन् , तिमी कसरी आयौ ?" तब छोरीले भनिन् - "मलाई चन्द्रमाको आलोकद्वारा चैत्यलाई चम्किएको हेर्दै गरेको समय बुद्धको आलम्बनले बलवान् प्रीति उत्पन्न भयो, तब मैले न त आफूलाई उभिएको, न त बसेको नै थाहा पाएँ, ग्रहण गरेको निमित्तले नै आकाशमा उफ्रेर चैत्यको आँगनमा आइपुगें ।"

यसरी उद्वेगाप्रीति उफार्ने प्रमाणको हुन्छ ।

(५) स्फरणा प्रीति = उत्पन्न हुँदा सम्पूर्ण शरीरलाई फुकेर भरिएको बेलुनजस्तै र महाजलको



Downloaded from http://www.dhamma.digital

बाढले भरिएको पर्वतको पेटजस्तै चारैतिर फैलिएको हुन्छ।

यी पाँच प्रकारका प्रीति स्थिर र परिपक्व हुँदै दुई प्रकारका प्रश्रब्धिलाई पूर्ण गर्दछन् - ती हुन् कायप्रश्रब्धि र चित्तप्रश्रब्धि। प्रश्रब्धि स्थिर र परिपक्व हुँदै कायिक र चैतसिक दुवै प्रकारका सुखलाई पूर्ण गर्दछ। फेरि सुख स्थिर र परिपक्व हुँदै (१) क्षणिक समाधि (२) उपचार समाधि र (३) अर्पणा समाधि - यी तीन प्रकारका समाधिलाई पूर्ण गर्दछन्। त्यसमा जुन अर्पणा समाधिको मूल भएर बढ्दै गरेको समाधिसंग मिलेको स्फरणा प्रीति हो - त्यो यस अर्थमा आएको प्रीति हो।

सुखं = सुख पुऱ्याउनु नै सुख हो। अथवा कामरागचित्तको रोगलाई राम्ररी खाइदिन्छ, नाश गरिदिन्छ, त्यो सुख हो। त्यो शीतल, मधुर स्वभावयुक्त हुन्छ। आफूसंग युक्त भएको धर्महरूलाई बढाउनु यसको काम हो। अनुग्रह गर्नु यसको जान्ने आकार हो।

कहींकहीं त्यसको अन्तर नहुँदा पनि प्रिय आलम्बनको पाउने सन्तोष प्रीति हो र प्राप्त भएको अनुभव गर्नु सुख हो। जहाँ प्रीति छ त्यहाँ सुख छ, जहाँ सुख छ त्यहाँ नियमतः प्रीति छैन। किनकि प्रीति संस्कारस्कन्धमा गनिन्छ र सुख वेदनास्कन्धमा। मरुभूमिलाई पार गरी आएको व्यक्तिलाई वनमा पानी देख्नु र पानिको आवाज सुन्नुजस्तै प्रीति हो। वनको छायाँमा प्रवेश गर्नु र पानी पिउनुजस्तै सुख हो। त्यो समयमा त्यो स्पष्ट भएका कारणले भनिएको छ भनी जान्नुपर्दछ। यसप्रकार यो प्रीति र यो सुख यस ध्यानको या यस ध्यानमा छन् यसैले यो ध्यान प्रीतिसुखयुक्त भनिन्छ। अथवा प्रीति र सुख नै प्रीतिसुख हो, धर्मविनय आदिजस्तै। विवेकले उत्पन्न प्रीतिसुख यस ध्यानको या यस ध्यानमा छ - यसरी पनि विवेकले उत्पन्न प्रीतिसुख हुन्छ। जसरी ध्यान हो, यसरी नै प्रीतिसुख पनि विवेकले नै उत्पन्न भएको हो। त्यो यस प्रथमध्यानमा छ, यसैले एक पदले नै 'विवेकजं पीतिसुखं' भनिएको पनि ठीक जंच्दछ। विभंगमा - "यो सुख यस प्रीतिसंग" आदिप्रकारले जुन भनिएको छ, त्यसको पनि अर्थ यसरी नै जान्नुपर्दछ।

पठमं झानं = प्रथमध्यान। यो पछि स्पष्ट हुनेछ। उपसम्पज्ज = नजिक गएर, प्राप्त गरेर अथवा सम्पादन, निष्पादन गरी। विभंगमा "उपसम्पज्जको अर्थ प्रथमध्यानको लाभ, प्रतिलाभ, प्राप्ति, सम्प्राप्ति, देख्नु, साक्षात्कार गर्नु, पूर्ण हुनु" आदि भनिएका छन्। त्यसैले यसलाई यसरी नै जान्नुपर्दछ।

विहरति = त्यसअनुरुप इर्यापथ विहारले विहार गर्दछ। भनिएप्रकारको ध्यानयुक्त भएर, शरीरको क्रिया, वृत्ति, पालन, चयन (त्यसत्यस इर्यापथमा रहनु), यापन (गुजार्नु), सञ्चरण गर्नेलाई पूर्ण गर्दछ। विभंगमा भनिएको छ - "विहरतिको अर्थ हो क्रिया (इर्या) गर्दछ, प्रवर्तित हुन्छ, पालन गर्दछ, निर्वाह गर्दछ, विचरण गर्दछ, विहार गर्दछ। यसैले भनिन्छ विहार गर्दछ।

जुन भनिएको छ - पाँच अंगरहित, त्यहाँ कामच्छन्द, व्यापाद, थिनमिद्ध, उद्दच्च कुक्कुच्च, विचिकिच्छा - यी पाँच नीवरणहरूका प्रहाणद्वारा पाँच अंगरहित हुनु जान्नुपर्दछ। किनकि यिनीहरू प्रहीण नभएसम्म ध्यान उत्पन्न हुँदैन। यसैले नीवरणहरूलाई ध्यानको प्रहाणांग भनिएका हुन्। यद्यपि ध्यानको समय अन्य पनि अकुशलधर्म प्रहीण हुन्छन् तथापि यिनै विशेषरूपले ध्यानको विघ्नकारक भएको हुनाले नीवरणहरुको उल्लेख गरिएका हुन्।

नाना विषयहरूमा कामच्छन्दले प्रलुब्ध चित्त एक आलम्बनमा एकाग्र हुँदैन या कामच्छन्दले



Downloaded from http://www.dhamma.digital

अभिभूत भएको चित्त त्यस कामधातुको प्रहाणको लागि मार्गमा हिंड्दैन । व्यापादले आलम्बनमा संघर्ष गर्दै चित्त निरन्तर प्रवर्तित हुँदैन । थिनमिद्धद्वारा अभिभूत भएको चित्त अकर्मण्य हुन्छ । उद्दच्चकुक्कुच्चको वशमा भएको चित्त अशान्त भएर नै चक्कर लगाउँछ । विचिकिच्छाले सताइएको चित्त ध्यानप्राप्तियोग्य मार्गमा हिंड्न सक्दैन । यसप्रकार विशेषरूपले ध्यानलाई विघ्न गर्ने कारण यिनै प्रहाणांग भनिएका हुन् ।

पाँच अंगयुक्त = वितर्कले चित्तलाई आलम्बनमा लगाउँछ, विचारले बाँधी राख्छ, त्यसबाट विक्षिप्त नहुनको लागि गरिएको चित्तको प्रयोगको सम्पत्तिले उत्पन्न प्रीति तृप्ति गर्दछ र सुख त्यसलाई बढाउँछ । तब ती ध्यानहरुमा साथ रहने धर्मलाई त्यसको साथ लगाउने, बाँध्ने, तृप्त गर्ने र बढाउनेद्वारा अवलम्बित भएको एकाग्रता एक आलम्बनमा बराबर राम्ररी राख्दछ । यसैले वितर्क, विचार, प्रीति, सुख, चित्तको एकाग्रता-यी पाँचको उत्पत्तिअनुसार पाँच अंगयुक्त हुनु जान्नुपर्दछ । यी पाँचै ध्यानांगहरु उत्पन्न हुँदा मात्र ध्यान भएको हुन्छ । त्यसैकारणले यसलाई यी पाँच अंगयुक्त भनिन्छ । यसैले यिनबाट युक्त कुनै अन्य ध्यान छ भनी यस्तो सम्झिनु हुँदैन । जसरी अंगमात्रले नै (१) हात्ती, घोडा, रथ, पैदल सिपाही - यी चार अंगयुक्त चतुरंगिणी सेना, (२) आतत, वितत, आततवितत, सुसिर, धन - यी पाँच अंगयुक्त पञ्चाङ्गिक सूर्य र (३) सम्यक् दृष्टि ...सम्यक् समाधियुक्तलाई अष्टाङ्गिकमार्ग भनिएजस्तैं यसलाई पनि जान्नुपर्दछ ।

यद्यपि यी पाँचै अंग उपचारको समयमा पनि हुन्छ, तर उपचारमा स्वाभाविक चित्तद्वारा बलवान् हुन्छ र यस प्रथमध्यानमा उपचारभन्दा पनि धेरै बलवान् तथा रूपावचरको लक्षणहरूलाई प्राप्त हुन्छ । यसमा वितर्क विस्तृतरूपले आलम्बनमा चित्तलाई लगाउँदै उत्पन्न हुन्छ, विचार आलम्बनको अत्यन्त नै परिमर्दन गर्दछ, प्रीतिसुख सारा शरीरमा फैलिंदै उत्पन्न हुन्छन् । त्यसैले दीघनिकाय (१,२)अनुसार भनिएको छ – "त्यस भिक्षुको सारा शरीरको कुनै पनि अंग विवेकद्वारा उत्पन्न भएको प्रीतिसुखले स्पर्श नगरिएको अंग नै हुँदैन" चित्तको एकाग्रता पनि टोकरीको तलपट्टिको सतहमा माथिल्लो सतहजस्तै आलम्बनमा राम्ररी स्पर्श गरी उत्पन्न हुन्छ । यो उपचार समयमा भएको ध्यानांगहरु र प्रथमध्यानको समयमा हुने ध्यानांगहरुका अन्तर हुन् ।

तिनीहरूमा यद्यपि चित्तको एकाग्रता 'सवितर्क सविचार' पाठमा निर्दिष्ट छैन, त्यसैले विभंगमा "ध्यान भनिन्छ वितर्क, विचार, प्रीति, सुख, चित्तको एकाग्रतालाई" आदि भनिएको हुनाले अंग नै हो । जुन तात्पर्यले भगवान्ले भन्नुभयो, त्यही उहाँद्वारा विभंगमा स्पष्ट गरिएको छ ।

त्रिविधकल्याणकर, दश लक्षणयुक्त = यहाँ आरम्भ, मध्य, अन्त्यअनुसार तीन प्रकारका कल्याणता हुन्छन् र त्यसमा पनि आरम्भ, मध्य, अन्त आदिहरूका लक्षणअनुसार दश लक्षण हुन्छन् भनी जान्नुपर्दछ । पटिसम्भिदामग्ग (१) पालिमा भनिएको छ – "प्रथमध्यानको प्रतिपदा विशुद्धि आरम्भ, उपेक्षालाई बढाउनु मध्य, सम्प्रहर्षण गर्नु अन्त हुन् ।"

"प्रथमध्यानको प्रतिपदाविशुद्धि आरम्भ हो । आरम्भको कति लक्षण छन् ? आरम्भको तीन लक्षण छन् – (१) जुन त्यसको बिघ्नको प्रहाण हो, त्यसले चित्त विशुद्ध हुन्छ, विशुद्ध हुनाले चित्त बीचको शमथको निमित्तमा लाग्दछ, लागेको हुनाले चित्त त्यहाँ दौडिन्छ । (२) जुन बिघ्नले चित्त विशुद्ध हुन्छ र जुन विशुद्ध हुनाले चित्त बीचको शमथको निमित्तसंग लागेको हुन्छ तथा (३) जुन लागेको हुनाले चित्त



Downloaded from http://www.dhamma.digital

त्यहाँ द्रौडिन्छ (प्रसन्न हुन्छ) । यसप्रकार प्रथमध्यानको प्रतिपदाविशुद्धि आरम्भ हो र आरम्भको तीन लक्षण छन्, त्यसैले भनिएको हो - प्रथमध्यान आरम्भमा कल्याणकर र त्रिलक्षणयुक्त हुन्छन् ।"

"प्रथमध्यानको उपेक्षालाई बढाउनु मध्य हो । मध्यको कति लक्षण छन् ? मध्यको तीन लक्षण छन् – (१) विशुद्धचित्तको उपेक्षा गर्दछ, (२) शमथमा लागेकोले उपेक्षा गर्दछ, (३) एकाग्रतामा लागेकोले उपेक्षा गर्दछ । जुन विशुद्धचित्तको उपेक्षा गर्दछ, जुन शमथमा लागेकालाई उपेक्षा गर्दछ तथा जुन एकाग्रतामा लागेकालाई उपेक्षा गर्दछ - यसप्रकार प्रथमध्यानको उपेक्षालाई बढाउनु मध्य हो र मध्यको तीन लक्षण छन् । त्यसैले भनिएको हो - प्रथमध्यान मध्यमा कल्याणकर र त्रिलक्षणयुक्त हुन्छन् ।"

"प्रथमध्यानको सम्प्रहर्षण गर्नु अन्त हो । अन्तको कति लक्षण छन् ? अन्तको चार लक्षण छन् - (१) त्यसमा उत्पन्न भएको धर्महरूको उल्लंघन नगर्नाले सम्प्रहर्षण गर्नु, (२) इन्द्रियहरूलाई एकजस्तो बनाउनुमा सम्प्रहर्षण गर्नु, (३) त्यसको योग्य प्रयत्न गर्नाले सम्प्रहर्षण गर्नु, (४) आवेशले सम्प्रहर्षण गर्नु । यसप्रकार प्रथमध्यानका सम्प्रहर्षण गर्नु अन्त हो र अन्तको यी चार लक्षण छन् । त्यसैले भनिएको हो - प्रथमध्यान अन्तमा कल्याणकर र चार लक्षणहरूयुक्त हुन्छन् ।"

प्रतिपदा-विशुद्धि = सम्भार (परिकर्म, आवर्जन आदि) संगै उपचारलाई भनिन्छ । उपेक्षालाई बढाउनु = अर्पणालाई भनिन्छ । सम्प्रहर्षण = प्रत्यवेक्षण हो - यसरी कोहीकोही वर्णन गर्दछन्। तर, "एकाग्रताप्राप्त भएको चित्त प्रतिपदा-विशुद्धिमा गएको नै हुन्छ र उपेक्षाले बढाएको तथा ज्ञानले सम्प्रहर्षण गरेको" यसरी पालिमा भनिएको छ । यसैले अर्पणाको बीचमा नै आउने कारण प्रतिपदा-विशुद्धि, र त्यसमा मध्यस्थ भएर उपेक्षाको कृत्यानुसार उपेक्षालाई बढाउनु हो तथा धर्महरूको उल्लंघन नगर्ने आदिको पूर्तिले परिशुद्ध गर्ने ज्ञानको कृत्यलाई पूर्तिअनुसार सम्प्रहर्षणलाई जान्नुपर्दछ ।

कसरी ? जुन बेला अर्पणा उत्पन्न हुन्छ, त्यसमा जुन नीवरण आदि क्लेशसमूह त्यस स्थानको बिघ्नकारक हुन्छ, ती नीवरणहरुको प्रहाणले चित्त विशुद्ध हुन्छ, विशुद्ध हुनाले आवरणरहित भएर बीचको शमथरूपले निमित्तमा लाग्दछ । बीचको शमथ-निमित्त समानरूपले प्रवर्तित अर्पणा समाधि नै भनिन्छ । त्यसपछि पहिलेको चित्त एक सन्तति (चित्तधारा)को परिणामअनुसार त्यसरी नै हुनेलाई गएको बीचको शमथ निमित्तमा लाग्दछ । यसरी लाग्नाले त्यहाँ दौडेर जान्छ । यसप्रकार पहिलो चित्तमा विद्यमान् आकारलाई पूर्ण गर्ने प्रथमध्यानको उत्पत्तिको नै क्षण आउनेअनुसार प्रतिपदा-विशुद्धि जान्नुपर्दछ ।

यसरी विशुद्ध भएकोलाई पुनः विशुद्ध गर्ने अभावले विशुद्ध गर्नुमा नलाग्दै विशुद्धचित्तको उपेक्षा गर्दछ । शमथमा लागेर शमथमा प्रतिपन्न भएकोलाई पुनः समाधानमा नलाग्दै शमथमा लागेको चित्तलाई उपेक्षा गर्दछ । शमथमा लागेको हुनाले नै त्यसको क्लेशहरूका संसर्गलाई त्यागेर एकत्वले उपस्थित भएको चित्तलाई पुनः एकत्वको उपस्थानमा नलगाउँदै एकत्वको उपस्थानको उपेक्षा गर्दछ । यसरी उसमा मध्यस्थको उपेक्षामा लागेअनुसार उपेक्षाको वृद्धि जान्नुपर्दछ ।

यसरी उपेक्षाले बढेकोमा (१) जुन यी त्यहाँ उत्पन्न समाधि र प्रज्ञा, जूवामा जोतिएको गोरुहरुजस्तै, एक दोस्रोलाई उल्लंघन नगरिएको प्रवर्तित धर्म हुन् (२) जुन श्रद्धा आदि इन्द्रियहरू नाना क्लेशहरूद्वारा विमुक्त भएको कारण विमुक्तिको रससंग एकरसयुक्त भएर प्रवर्तित छन् (३) जुन त्यसमा रहने त्यसको एकरसभावको योग्य वीर्यलाई ल्याउँछ (४) जुन त्यस क्षण त्यसमा हुने



Downloaded from http://www.dhamma.digital

प्रवृत्ति हो - यी सबै आकार ज्ञानले संक्लेशको परिशुद्धिमा त्यसत्यस दोष र गुणहरूलाई देखेर, त्यसरीत्यसरी सम्प्रहर्षण हुनाले, परिशुद्ध गरिएको हुनाले र परिशुद्धि हुनाले पूर्ण छन्, यसैले धर्महरूको उल्लंघन नगर्नेयोग्य हुनाले परिशुद्ध गर्ने ज्ञानको कृत्यको पूर्तिअनुसार सम्प्रहर्षणलाई जान्नुपर्दछ भनी भनिएको छ ।

उपेक्षाले ज्ञान प्रकट हुन्छ - जस्तै पटिसम्भिदामग्ग (२) अनुसार भनिएको छ - “त्यसरी पक्रिएको चित्तको राम्ररी उपेक्षा गर्दछ, उपेक्षा र प्रज्ञाद्वारा प्रज्ञेन्द्रिय बलवान् हुन्छ, उपेक्षाले नानाप्रकारका क्लेशहरूद्वारा चित्त छुटकारा पाउँछ । विमोक्ष र प्रज्ञाले ज्ञानेन्द्रिय बलवान् हुन्छ । विमुक्ति हुनाले ती धर्म एकरस हुन्छ, र एकरस भएबाट भावना हुन्छ ।” यसैले ज्ञानको कामयुक्त भएको सम्प्रहर्षण अन्त भनिएको हो ।

“पृथ्वीकसिणको प्रथमध्यान प्राप्त भएको हुन्छ,” भनी जुन भनिएको छ यसमा ‘प्रथम’ गणना गर्ने पहिलो शब्द हो । पहिला उत्पन्न हुनाले नै प्रथम हो । आलम्बनलाई देखेर चिन्तन गर्ने या प्रतिकूल धर्महरूलाई जलाइदिनाले ध्यान भनिएको हो । पृथ्वीमण्डल नै सम्पूर्णको अर्थमा पृथ्वीकसिण भनिन्छ । त्यसको आलम्बनले प्राप्त भएको निमित्त र पृथ्वीकसिण निमित्तमा प्राप्त भएको ध्यानको अर्थमा त्यस ध्यानलाई पृथ्वीकसिण जान्नुपर्दछ । त्यसैप्रति भनिएको हो - “पृथ्वीकसिणको प्रथमध्यान प्राप्त भएको हुन्छ ।”

.बालवेधीको उपमा = यसरी यसको प्राप्त हुँदा त्यस योगीलाई बालवेधी (वाणद्वारा केशमा निशाना लगाउने) मान्छेजस्तै आकारलाई राम्ररी विचार्नुपर्दछ । जसरी चतुर धनुषधारी केशमा निशाना लगाउने काम गरेको समय जुन बेला केशमा निशाना लगाउँछ, त्यसबेला चलिरहेको पाइलालाई, धनुषको डण्डालाई, प्रत्यंचालाई, बाणको आकारलाई ठीकठीक विचार गर्दछ “मबाट यसरी उभिएर, यस्तो धनुषको डण्डामा, यस्तो प्रत्यंचा र यसरी वाणलाई पक्रेर केशलाई निशाना लगाइयो । ऊ त्यस समयदेखि लिएर त्यस्तै आकारहरूलाई पूर्ण गर्दै अचूक केशलाई निशाना लगाओस् । यसरी नै योगीलाई पनि - “मैले यस भोजनलाई खाएर, यसप्रकारको व्यक्तिको संगत गरेबाट, यस्तो शयनासनमा, यस इर्यापथबाट, यस समयमा यो प्राप्त भयो” भनी यी भोजन अनुकूलता आदिको आकारहरूलाई विचार गर्नुपर्दछ । केही गरी त्यस भिक्षुको विचार नष्ट हुँदा ती आकारहरूलाई पूर्ण गरी पुनः उत्पन्न गर्न सक्दछ या अभ्यस्त भएको छैन भने फेरि अभ्यास गर्दै वारम्वार त्यसलाई प्राप्त गर्न सक्दछ ।

चतुर भान्छेको उपमा = जसरी चतुर भान्छे भोजन पस्किंदा मालिकले जुनजुन रुचीले खान्छ, जुनजुन खानामा जसरीजसरी हात पुर्‍याउँछ त्यसत्यसलाई हेरेर त्यसदेखि मालिकको रुचीअनुसार नै भोजन बनाएर लाभ उठाउँछ । यसरी नै यो भिक्षुले पनि ध्यानप्राप्तिको क्षण भोजन अनुकूलता आदिको आकारहरूलाई ग्रहण गरी त्यसलाई ठीक गर्दै वारम्वार अर्पणालाई प्राप्त गर्दछ । यसैले बालवेधी र भान्छेजस्तै आकारहरूलाई विचार गर्नुपर्दछ ।

संयुक्त निकाय (४५,१,८)अनुसार भगवान्ले भन्नुभएको पनि छ – “भिक्षुहरू, जसरी बुद्धिमान्, दक्ष, चतुर भान्छे राजा या महामात्यको लागि नाना प्रकारका, नाना रसयुक्त व्यञ्जनहरूलाई तैयार गर्ने होस् - अमिलोद्वारा पनि, तीतोद्वारा पनि, रक्सीजस्तै कडाद्वारा पनि, मीठोले पनि, क्षारले पनि, अक्षारले



Downloaded from http://www.dhamma.digital

पनि, नुनीलोले पनि, अनुनीलोले पनि । भिक्षुहरू, त्यो बुद्धिमान्, दक्ष, चतुर भान्छे आफ्नो मालिकको भोजनको निमित्तलाई धारण गर्दछ - "आज मेरो मालिकलाई यो व्यञ्जन रुचिकर छ, यसको लागि हात बढाउँछ, यसलाई धेरै लिन्छ या यसको प्रशंसा गर्दछ। आज मेरो मालिकलाई अमिलो व्यञ्जन स्वादिलो लागिरहेछ, अमिलोको लागि हात बढाउँछ, अमिलोलाई धेरै लिन्छ या अमिलोको प्रशंसा गर्दछ ... या अनुनिलोको प्रशंसा गर्दछ ।" भिक्षुहरू, त्यो बुद्धिमान्, दक्ष, चुतर भान्छे वस्त्रलाई पाउँछ, तलब, इनामलाई पनि पाउँछ । त्यो के कारण ? भिक्षुहरू त्यो त्यस्तै नै बुद्धिमान् दक्ष, चतुर भान्छे आफ्नो मालिकको भोजनको निमित्तहरुलाई धारण गर्दछ। यसरी नै भिक्षुहरू यहाँ कुनै बुद्धिमान् दक्ष, चतुर भिक्षु कायमा कायानुपश्यी भएर विहार गर्दछ ...वेदनामा ... चित्तमा .... धर्ममा धर्मानुपश्यी भएर विहार गर्दछ - उद्योगी, सम्प्रजन्य र स्मृतिमान भएर लोकमा अभिध्या (विषम लोभ) तथा दौर्मनश्यलाई त्यागेर। त्यसलाई धर्महरूमा धर्मानुपश्यी भएर विहार गर्दै चित्त एकाग्र हुन्छ। उपक्लेश हटेर जान्छ। ऊ त्यस निमित्तलाई धारण गर्दछ । भिक्षुहरू, त्यो बुद्धिमान्, दक्ष, चतुर भिक्षु दृष्टधर्म यसै जन्ममा सुख पाउने हुन्छ र पाउने हुन्छ स्मृति सम्प्रजन्यलाई। त्यो कुन कारणले ? त्यसरी नै भिक्षुहरू, त्यो बुद्धिमान्, दक्ष, चतुर भिक्षु आफ्नो चित्तको निमित्तहरुलाई धारण गर्दछ ।"

निमित्तलाई ग्रहण गर्नाले त्यसलाई त्यस आकारहरूलाई पूर्ण गर्दै अर्पणा मात्र नै सिद्ध हुन्छ। चिरस्थायी (ध्यान) सिद्ध हुँदैन। तर समाधिको बिघ्नकारक धर्महरूको राम्ररी विशोधन गर्नाले चिरस्थायी ध्यान प्राप्त हुन्छ । जुन भिक्षुले कामरागको दोषहरूलाई प्रत्यवेक्षण (राम्ररी विचार गरी हेर्नु) गर्ने आदिद्वारा कामच्छन्द (कामुकता) लाई राम्ररी नदबाएर, कायप्रश्रब्धिद्वारा कायको पीढालाई राम्ररी शान्त नगरी, आरम्भधातुलाई मनमा गर्ने आदिले थिनमिद्धलाई राम्ररी नहटाएर, शमथ-निमित्तलाई मनमा गर्ने आदिद्वारा उद्दच्चकुक्कुच्चलाई राम्ररी नाश नगरेर, समाधिको बिघ्नकारक धर्महरूलाई राम्ररी शोधन नगरेर ध्यानलाई प्राप्त गर्छ। त्यो सफा नगरिएको प्वालमा पसेको भ्रमरा र अविशुद्ध उद्यानमा प्रवेश गरेको राजाजस्तै शीघ्र निस्कन्छ । तर जुन समाधिको बिघ्नकारक धर्महरूलाई राम्ररी शुद्ध गरी ध्यानप्राप्त गरेको हुन्छ, त्यो राम्ररी सफा गरेको प्वालमा पसेको भ्रमरा र सुपरिशुद्ध उद्यानमा प्रवेश गरेको राजाजस्तै दिनभरी ध्यान-समापत्तिमा नै हुन्छ। त्यसैले पुरानो मानिसहरूले भनेका छन् –

*कामेसु छन्दं पटिघं विनोदयो, उद्दच्चमिद्धं विचिकिच्छपञ्चमं ।*
*विवेकपामुज्जकरेन चेतसा, राजा व सुधन्तगतो तहिं रमे ॥*

(कामभोगहरूमा छन्द (राग), प्रतिघ (प्रतिहिंसा), उद्दच्च, मिद्ध (मानसिक आलस्य), र पाँचौं विचिकिच्छालाई हटाओस्, तब विवेकले र प्रीतिलाई उत्पन्न गर्ने चित्तद्वारा अत्यन्त परिशुद्ध उद्यानमा गएको राजाजस्तै त्यहीं रमण गरोस् ।)

यसैले चिरस्थायी हुने इच्छाले बिघ्नकारक धर्महरूको राम्ररी शोधन गरी ध्यान समापन्न हुनुपर्दछ र समाधि भावनाको विपुलताको लागि प्राप्त भएको प्रतिभाग निमित्तलाई बढाउनुपर्दछ। त्यसको बढ्ने दुई अवस्थाहरू छन् - (१) उपचार या (२) अर्पणा । उपचारलाई पाएर पनि र अर्पणालाई पनि पाएर प्रतिभाग-निमित्तलाई बढाउनुपर्दछ । कुनै एकमा अवश्य बढाउनुपर्दछ । त्यसैले भनिएको छ - "प्राप्त भएको प्रतिभाग-निमित्तलाई बढाउनुपर्दछ ।"



Downloaded from http://www.dhamma.digital

यो बढाउने ढंग हो – त्यस योगीद्वारा त्यस निमित्तलाई भाँडा, कूवा, भात, लता, वस्त्र आदि बढाएजस्तै नबढाएर, जसरी किसान जोत्नयोग्य स्थानलाई हलले घेरी, अलग गरी, त्यस घेराभित्र जोत्दछ अथवा जसरी भिक्षु सीमा बाँधेर पहिले चिन्हहरूको विचार गरी, पछि त्यसलाई बाँध्दछ, यसरी नै त्यस प्राप्त भएको निमित्तलाई क्रमशः एक अंगुल, दुई अंगुल, तीन अंगुल, चार अंगुल मात्र मनले अलग गरी, अलग गरेकोलाई बढाउनुपर्दछ। तर अलग नगरिएकोलाई बढाउनु हुँदैन। तत्पश्चात् एक बित्ता, एक हात, ओसरा, परिवेण, विहारको सीमा, गाउँ, निगम, जनपद, राज्य र समुद्रको सीमाहरूको परिच्छेददेखि बढाउँदै चक्रवालभर या त्यसभन्दा पनि अधिक परिच्छेद गरी बढाउनुपर्दछ।

जसरी हाँसको बच्चा पखेटा निस्कने समयदेखि लिएर अलिअलि प्रदेशमा उड्दै अभ्यास गरी क्रमशः चन्द्रसूर्यसम्म पुग्दछ, यसरी नै भिक्षु माथि भनिएअनुसार निमित्तलाई परिच्छेद गरी बढाउँदै चक्रवालभर या त्यसभन्दा पनि अधिक बढाउँछ। तब उसको त्यो निमित्त बढेबढेको स्थानमा पृथ्वीको अग्लोहोचो स्थान, नदी, विदुर्ग (नदीको धारले काटेर बनिएको खाल्डो), र विषम पहाडहरूमा सैकडौं वर्छीले प्वाल पारेको गोरुको छालाजस्तै हुन्छ। त्यस निमित्तलाई पाएको प्रथमध्यानयुक्त आरम्भिक योगीलाई अधिकतर ध्यान प्राप्त गरी विहार गर्नुपर्दछ, धेरै प्रत्यवेक्षण गर्नु हुँदैन। धेरै प्रत्यवेक्षण गर्ने योगीको ध्यानांग स्थूल र दुर्बल भएको जानिन्छ। तब ती उसको यसरी जान्नाले अगाडि उत्साहलाई बढाउनु हुँदैन। ऊ ध्यानमा अभ्यस्त नहुनाले उत्साह गर्दै प्रथमध्यानबाट परिहानीको प्राप्त हुन्छ र द्वितीयध्यानलाई पाउन सक्दैन। त्यसैले अंगुत्तर निकाय (९,४,४) अनुसार भगवान्ले भन्नुभएको छ –

"भिक्षुहरू, जसरी मूर्ख, गाउँले, गौचर थाहा नभएको पहाडी गाई विषम पहाडमा चर्नको लागि दक्ष नहोस्, त्यसलाई यस्तो होस्, 'किन म नगएको दिशामा नजाऊँ, पहिले कहिले नखाएको घाँसलाई नखाऊँ र पहिले कहिले नपिएको पानीलाई नपिऊँ ?" आदि सोचर त्यो अगाडिको खुट्टाले राम्ररी नटेकिकन पछिल्लो खुट्टालाई उठाएर त्यो नगएको दिशातिर जाओस्, पहिले कहिले नखाएको घाँस खाओस्, पहिला कहिले नपिएको पानी पिओस् र जुन प्रदेशमा उभिएर त्यसलाई यस्तो होस् - 'किन म पहिले कहिले नगएको दिशातिर नजाऊँ ... पानीलाई नपिऊँ र त्यस प्रदेशमा कल्याणपूर्वक पुनः नफर्किऊँ। त्यो के कारण ? भिक्षुहरू, किनकि त्यो मूर्ख गाउँले गौचरलाई नजान्ने पहाडी गाई विषम पहाडमा चर्नको लागि दक्ष छैन। यसरी नै भिक्षुहरू, यहाँ कुनै भिक्षु मूर्ख गाउँले गोचरलाई नजान्ने कामरहित ... प्रथमध्यानलाई प्राप्त गरी विहार गर्नको लागि दक्ष हुँदैन। त्यो त्यस निमित्तको सेवन गर्दैन, भावना गर्दैन, त्यसलाई बढाउँदैन, सुन्दर अधिष्ठान गर्दैन। उसलाई यस्तो हुन्छ - 'किन म वितर्क विचारहरूले शान्त हुँदा ... द्वितीयध्यानलाई प्राप्त गरी विहार न गरूँ, त्यो वितर्क विचारको शान्त हुँदा ... द्वितीयध्यानलाई प्राप्त गरी विहार गर्न सक्दैन। उसलाई यस्तो हुन्छ - 'किन म कामरहित ... प्रथमध्यानलाई प्राप्त गरी विहार नगरूँ, ऊ कामरहित ... प्रथमध्यानलाई प्राप्त गरी विहार गर्न सक्दैन। यो भनिएको छ, भिक्षुहरू, त्यो भिक्षु दुवैतिरबाट भ्रष्ट भयो, दुवैतिरबाट वञ्चित भयो, जसरी त्यो मूर्ख, गाउँले गौचर नजान्ने पहाडी गाई विषम पहाडमा चर्नको लागि दक्ष हुँदैन।"

यसैले त्यस भिक्षुलाई पटिसम्भिदामग्ग (१) मा भनिएअनुसार त्यसै प्रथमध्यानमा पाँच प्रकारले वशीको अभ्यास गर्नुपर्दछ। यी पाँच वशी हुन् (१) आवर्जन गर्नुमा वशी (२) ध्यानप्राप्त गरी विहार गर्नुमा वशी (३) अधिष्ठान गर्नुमा वशी (४) ध्यानदेखि उठ्नुमा वशी (५) ध्यानको प्रत्यवेक्षण गर्नुमा वशी।



Downloaded from http://www.dhamma.digital

"प्रथमध्यानलाई जहाँ चाहन्छ, जब चाहन्छ, जबसम्म चाहन्छ, आवर्जन गर्दछ । जुन आवर्जन गर्नमा ढिलो हुँदैन, त्यो आवर्जनवशी हो । प्रथमध्यानलाई जहाँ चाहन्छ ... प्राप्त गरी विहार गर्दछ, प्राप्त भएर विहार गर्नुमा ढिलो हुँदैन, त्यो ध्यानलाई प्राप्त भएर विहार गर्नुमा वशी हो ।" यसैप्रकार शेषको पनि व्याख्या गर्नुपर्दछ ।

यो यस अर्थको स्पष्टिकरण हो – प्रथमध्यानदेखि उठेर पहिलो वितर्कको आवर्जन गर्दै भवाङ्गलाई काटेर उत्पन्न भएको आवर्जनपछि वितर्कको आलम्बनयुक्त नै चार या पाँच जवनचित्त दौडिन्छ, त्यसपछि दुई भवाङ्गचित्त उत्पन्न हुन्छन् । तत्पश्चात् पुनः विचारको आलम्बनको आवर्जन र माथि भनिएजस्तै जवनचित्त उत्पन्न हुन्छन्-यसरी पाँच ध्यानका अंगहरूमा जब लगातार चित्तलाई पठाउन सक्दछ, तब त्यसलाई आवर्जन गर्ने वशी प्राप्त भएको हुन्छ । यो सर्वश्रेष्ठ वशी भगवान्को यमक प्रातिहार्यमा पाइन्छ अथवा अरुहरुको यस्तो समयमा पाईन्छ । यसबाट शीघ्रतर दोस्रो आवर्जन वशी छैन ।

आयुष्मान् महामौद्गल्यानको नन्दोपनन्द नामक नागराजाको दमनमा शीघ्र ध्यानलाई प्राप्त भएर विहार गर्नुको सामर्थ्यजस्तै ध्यानलाई प्राप्त गरी विहार गर्नु नै वशी हो । चुट्की बजाउनु मात्रको क्षणलाई रोक्न सक्नुमा समर्थ हुनु नै अधिष्ठानवशी हो । त्यसरी नै ध्यानदेखि शीघ्र उठ्नुमा समर्थ हुनु ध्यानदेखि उठ्नुमा वशी हो । ती दुबैलाई देखाउनको लागि बुद्धरक्षित स्थविरको कथा भन्नुपर्दछ ।

## बुद्धरक्खित स्थविरको कथा

उहाँ आयुष्मान् उपसम्पदा भएको आठ वर्षको हुनुहुँदा एकदिन स्थविराम्रस्थलमा महारोहणगुप्त महास्थविर विरामी हुनुभयो । त्यस समयमा उहाँको सेवा गर्नको लागि आएका तीसहजार ऋद्धिमानहरूका बीच बस्नुभएको बुद्धरक्खित स्थविरले विरामी महास्थविरको सेवामा उपस्थित भएको नागराजामाथि गरुडले झम्टिदै गरेको देख्नुभयो । तब तुरुन्त उहाँले नागराजलाई पक्रेर सभामा बस्नुभयो र नागराजको स्थानमा एउटा चट्टान निर्मित गर्नुभयो । आकाशदेखि झम्टिदै गरेको गरुड त्यस चट्टानमा ठक्कर खाएर फर्केर गयो । तब महास्थविरले भन्नुभयो "आवुस, यदि बुद्धरक्खितद्वारा नागराजालाई नबचाइएको भए, गरुडराजको रक्षा गर्न नसकेको कारणले हामी सबै निन्दनीय हुन्थ्यौं ।"

प्रत्यवेक्षणवशी आवर्जनवशीमा नै भनिएको छ, किनकि प्रत्यवेक्षणको जवन नै त्यसमा आवर्जनको अन्तर्गत हुन्छ ।

## द्वितीयध्यान

यी पाँचै वशीहरूका अभ्यास पूर्णरूपले अभ्यास गरेको भिक्षुलाई अभ्यस्त प्रथमध्यानदेखि उठेर "यो समापत्ति विपक्षी नीवरणहरूको नजिक छ र वितर्क विचारहरूको स्थूल हुनाले दुर्बल अंगयुक्त छ" भनी सोचेर त्यसमा दोष देखेर, द्वितीयध्यानलाई शान्तको स्तरमा मनमा गरी प्रथमध्यानलाई त्याग गरी द्वितीयध्यानको प्राप्तिको लागि प्रयत्न गर्नुपर्दछ ।

जब प्रथमध्यानदेखि उठेर स्मृति र सम्प्रजन्यको साथ रहने त्यस भिक्षुलाई ध्यानको अंगहरूको प्रत्यवेक्षण गरेको समय वितर्क विचार स्थूलरूपले देखापर्दछ, तथा प्रीति, सुख र चित्तको एकाग्रता शान्तको स्तरमा जानिन्छ तब उसलाई स्थूल अंगहरूको प्रहाण र शान्त अंगहरूको प्राप्तिको लागि त्यसै



Downloaded from http://www.dhamma.digital

निमित्तलाई 'पृथ्वी', 'पृथ्वी' भनेर वारम्वार मनमा गर्दै - "अब द्वितीयध्यान उत्पन्न हुन्छ" यसरी जानेर भवांगलाई काटेर त्यसै पृथ्वीकसिणलाई आलम्बन गर्दै लाँदा मनोद्वारवर्जन उत्पन्न हुन्छ। तत्पश्चात् त्यसै आलम्बनमा चार या पाँच जवन दौडिन्छन् जसको अन्तमा एक रूपावचर द्वितीयध्यानयुक्त र शेष भनिएको प्रकारले नै कामावचरका हुन्छन्। यहाँसम्म –

*"वितक्कविचारानं वूपसमा अज्झत्तं सम्पसादनं चेतसो एकोदिभावं अवितक्कं अविचारं समाधिजं पीतिसुखं दुतिय झानं उपसम्पज्ज विहरति।"*

(वितर्क विचारहरूको शान्त भएपछि भित्री सम्प्रसाद, चित्तको एकाग्रतायुक्त, वितर्क र विचाररहित, समाधिले उत्पन्न, प्रीति सुखयुक्त द्वितीयध्यानलाई प्राप्त गरी विहार गर्दछ।)

यसरी उसलाई दुई अंगरहित, तीन अंगयुक्त, त्रिविध कल्याणकर, दश लक्षण भएको पृथ्वीकसिणको द्वितीयध्यान प्राप्त भएको हुन्छ।

वितक्कविचारानं वूपसमा= वितर्क र विचार यी दुवै शान्त भएबाट। यिनीहरूलाई अतिक्रमण गरेबाट भन्ने अर्थ हो। द्वितीयध्यानको क्षणमा यिनीहरू उत्पन्न नहुनु भनिएको छ। यद्यपि द्वितीयध्यानमा प्रथमध्यानका सबै धर्म छैनन् -तापनि प्रथमध्यानमा अन्य नै स्पर्श आदि थियो, र यहाँ अन्य, तर स्थूल-स्थूल अंगहरूको समतिक्रमणले प्रथमध्यानदेखि दोस्रो द्वितीयध्यान आदिको प्राप्ति हुन्छ भन्ने कुरालाई देखाउनको लागि वितर्क विचारहरूको शान्त भएबाट भनिएको भनी जान्नुपर्दछ।

अज्झत्तं = यसको तात्पर्य आफ्नो अभ्यन्तर हो। तर विभंगमा - "अज्झत्तं (अध्यात्म ... आफ्नो अभ्यन्तर), पच्चत्तं (प्रयात्म आफ्नो अभ्यन्तर) यति मात्र भनिएको छ। आफ्नो अभ्यन्तर नै यहाँ तात्पर्य हो, यसैले आफूमा उत्पन्न, आफ्नो चित्तधारा (सन्तान) मा उत्पन्न भएको भन्ने अर्थ हो।

सम्पसादनं = सम्प्रसादन श्रद्धा भनिन्छ। सम्प्रसादन (प्रसन्नता)को योगले ध्यान पनि सम्प्रसादन हुन्छ, नीलो रंगको योगले नीलो वस्त्रजस्तै। किनकि त्यो ध्यान सम्प्रसादनयुक्त र वितर्कविचारको क्षोभले शान्त हुनाले चित्तलाई प्रसन्न गर्दछ। यसैले पनि त्यो सम्प्रसादन भनिन्छ। यस अर्थको विकल्पमा सम्पसादनं चेतसो यसरी पदको सम्बन्ध जान्नुपर्दछ। तर पहिलो अर्थको विकल्पमा "चेतसो" यसलाई "एकोदिभाव" को साथ जोड्नुपर्दछ।

यो अर्थ योजना हो - एक्लै नै उदित हुनु, यसैले एकोदि हो। वितर्क विचारहरूसंग आरुढ नहुनाले अगुवा र श्रेष्ठ भएर उदित हुन्छ भन्ने अर्थ हो। श्रेष्ठ पनि संसारमा एक्लो नै भनिन्छ। अथवा वितर्क विचाररहित एक्लै असहाय भएर आदि पनि भन्नुपर्दछ। या त्यस ध्यानको अवस्थामा रहने सबै धर्महरूलाई उदित गर्दछ, यसैले उदि हो = उदाउँछ भन्ने अर्थ हो। श्रेष्ठको अर्थमा त्यो एक्लो र उदि हो यसैले एकोदि भनिन्छ। यो समाधिको नै नाम हो। यस एकोदिको भावना गर्दछ, यसलाई बढाउँछ, यसैले द्वितीयध्यान एकोदिभाव हो। किनकि यो एकोदि चित्तको हो, न कि सत्व र जीवको, यसैले यसलाई चित्तको एकोदिभाव भनिन्छ।

यो श्रद्धा त प्रथमध्यानमा पनि छ होइन र ? यो "एकोदि" नामक समाधि हो, तब किन यसैलाई चित्तको सम्प्रसादन र चित्तको एकोदिभाव भनिएको हो ?



Downloaded from http://www.dhamma.digital

किन भनिन्छ भने – त्यो प्रथमध्यान वितर्क, विचारको क्षोभले, लहर र तरंगसंग समाकुल भएको जलजस्तै, शान्त हुँदैन । यसैले श्रद्धा भए तापनि सम्प्रसादन भनिएको छैन । शान्त नहुनाले नै यहाँ समाधि पनि राम्ररी प्रकट हुँदैन । यसैले एकोदिभाव पनि भनिएको छैन । यस ध्यानमा वितर्कविचारको बिघ्नको अभावले अवकाश पाएको श्रद्धा बलवान् हुन्छ । बलवान् श्रद्धाको सहायता पाएर नै समाधि पनि प्रकट हुन्छ, यसैले द्वितीयध्यानमा नै यसरी भनिएको हो भनी जान्नुपर्दछ ।

तर विभंगमा – "जुन श्रद्धा, विश्वास, दृढ विश्वास र चित्तको अभिप्रसाद हुन्छ त्यसलाई सम्प्रसाद भनिन्छ । जुन चित्तको स्थिरता ... सम्यक समाधि हो, त्यसलाई एकोदि हुनु भनिन्छ" यति मात्र भनिएको छ । फेरि पनि यसप्रकार त्यस भनिएकोसंग यो व्याख्या विरुद्ध छैन, प्रत्युत त्यससंग मिल्दछ र त्यससमान छ भनी जान्नुपर्दछ ।

अवितक्कं अविचारं = भावनादेखि टाढा भएकोले यस ध्यानमा या यस ध्यानको वितर्क छैन, यसैले अवितर्क हो । यसप्रकार विचार पनि नभएकोले अविचार हो । विभंगमा पनि भनिएको छ – "यो वितर्क र यो विचार शान्त, शमित, उपशान्त, अस्त भएको, राम्ररी अस्त भएको, अर्पित, विशेषरूपले अर्पित, शोषित, विशोषित र निकालेर बाहिर गरिदिएको हुन्छ । यसैले अवितर्क, अविचार भनिन्छ ।"

"वितर्क, विचारहरूको शान्त भएबाट" वाक्यबाट पनि यो अर्थ सिद्ध हुन्छ होइन ? तब किन पुन: अवितर्क, अविचार भनिएको छ ?

किनभने, यसरी यो अर्थ सिद्ध नै छ, तर यो त्यस अर्थलाई प्रकट गर्न सक्ने छैन । के हामीले भनेका छैनौं - "स्थूलस्थूल अंगहरूको समतिक्रमणले प्रथमध्यानदेखि अन्य द्वितीयध्यानको प्राप्ति हुन्छ ।" यसै तात्पर्यलाई देखाउनको लागि वितर्क विचारहरूको शान्त भएबाट भनी भनिएको छ ।

वितर्क, विचारहरूको शान्त भएबाट यो सम्प्रसादन हो, न कि क्लेशहरूको शान्त भएबाट । वितर्क, विचारहरूको शान्त भएबाट एकोदिभाव हो, न कि उपचार ध्यानजस्तै नीवरणहरूको प्रहाणले र प्रथमध्यानजस्तै अंगहरूको उत्पन्न हुनाले पनि होइन - यसरी सम्प्रसादन तथा एकोदिभावको हेतुलाई प्रकट गर्ने यो शब्द हो । त्यसरी वितर्क, विचारहरूको शान्त भएबाट भन्नाले यो वितर्क र विचाररहित छ तर न तृतीय र चतुर्थध्यानजस्तै र चक्षुविज्ञान आदिजस्तै अभावले - यसरी यो वितर्क र विचाररहित भएको हेतुलाई प्रकट गर्ने हो, न कि वितर्क र विचारहरूको अभाव मात्रलाई प्रकट गर्ने हो । तर वितर्क, विचारहरूको अभाव मात्रलाई प्रकट गर्ने नै अवितर्क अविचार शब्द हो । यसैले पहिलोलाई भनेर पनि भन्नुपर्दछ ।

समाधिजं = प्रथमध्यानको समाधिमा या सम्प्रयुक्त समाधिद्वारा उत्पन्न । यद्यपि प्रथमध्यान पनि सम्प्रयुक्त समाधिद्वारा उत्पन्न हुन्छ, तर यही समाधि वितर्क र विचारहरूको बिघ्नरहित हुनाले अत्यन्त अचल र शान्त भइजाने कारणले समाधि भनिनयोग्य छ । यसैले यसको वर्णन गर्नको लागि यही ध्यान समाधिद्वारा उत्पन्न भएको भनिन्छ । पीतिसुखं = (प्रीति सुख) यसलाई प्रथमध्यानमा भनिएअनुसार नै जान्नुपर्दछ । दुतियं = (द्वितीय) गणनाअनुसार दोस्रो । यस दोस्रो ध्यानलाई प्राप्त हुन्छ, यसबाट पनि द्वितीय हो ।

दुई अंगरहित, तीन अंगयुक्त भनी जुन भनिएको छ, त्यसमा वितर्क, विचारहरूको प्रहाणले दुई



Downloaded from http://www.dhamma.digital

अंगरहित भएको जान्नुपर्दछ। जसरी प्रथमध्यानको उपचारको क्षणमा नीवरण प्रहीण हुन्छ, त्यसरी यस द्वितीयध्यानको वितर्क, विचार प्रहीण हुँदैन। तर अर्पणाको क्षणमा नै वितर्क, विचार नीवरणविना उत्पन्न हुन्छ, यसैले ती यस ध्यानको प्रहाण गरिने अंगहरू भनिन्छन्। प्रीति, सुख र चित्तको एकाग्रता, यी तीनैको उत्पत्तिले तीन अंगयुक्त हुनु जान्नुपर्दछ। यसैले जुन विभंगमा - "सम्प्रसादन, प्रीति, सुख, चित्तको एकाग्रता नै ध्यान हो" भनिएको छ, त्यो परिष्कार (समूह)को साथ ध्यानलाई देखाउनको लागि पर्यायले भनिएको छ। सम्प्रसादनलाई छाडेर, निष्पर्यायले चिन्तनको लक्षणलाई प्राप्त भएको अंगहरूले तीन अंगयुक्त नै यो (ध्यान) हुन्छ। जस्तै भनियो – "त्यससमय कुनचाहिं तीन अंगयुक्त ध्यान हुन्छ ? प्रीति, सुख चित्तको एकाग्रता" शेष प्रथमध्यानमा भनिएअनुसार नै बुझ्नुपर्दछ।

## तृतीय ध्यान

यसरी त्यस द्वितीयध्यान प्राप्त भइजाँदा भनिएअनुसार पाँच प्रकारका वशीका अभ्यास गरी अभ्यस्त द्वितीयध्यानदेखि उठेर "यो समापत्ति विपक्षी वितर्क, विचारको नजिक छ, जुन त्यहाँ प्रीतियुक्त चित्तको हर्षोत्फूल्ल हुनु हो, यसैबाट यो स्थूल भनिएको छ" यसरी भनिएको प्रीतिको स्थूल हुनु र अंगहरूको दुर्बल हुनाको कारण, त्यसमा दोष देखेर तृतीयध्यानको शान्तको स्तरमा मनमा गरी द्वितीयध्यानको चाहनाको त्याग गरी तृतीयध्यानको प्राप्तिको लागि प्रयत्न गर्नुपर्दछ।

जब द्वितीयध्यानदेखि उठेर स्मृति र सम्प्रजन्यपूर्वक रहने त्यस भिक्षुलाई ध्यानको अंगहरूको प्रत्यवेक्षण गर्ने समय प्रीति स्थूल र सुख तथा एकाग्रता शान्तको स्तरमा थाहा हुन्छ, तब उसलाई स्थूल अंगहरूको प्रहाण र शान्त अंगहरूको प्राप्तिको लागि त्यसै निमित्तलाई "पृथ्वी पृथ्वी" भनेर वारम्वार मनमा गर्दै – "अब तृतीयध्यान उत्पन्न हुनेछ" भनी जानेर भवांगलाई काटेर त्यसै पृथ्वीकसिणलाई आलम्बन गर्दै लांदा मनोद्वारवर्जन उत्पन्न हुन्छ। तत्पश्चात् त्यसै आलम्बनमा चार र पाँच जवन दौडिन्छन्, जसको अन्तमा एक रूपावचर तृतीयध्यान र शेष प्रथमध्यानमा भनिएअनुसारले नै कामावचर हुन्छ। यहाँसम्म -

*"पीतिया च विरागा उपेक्खको च विहरति, सतो च सम्पजानो सुखञ्च कायेन पटिसंवेदेति, यं तं अरिया आचिक्खन्ति, उपेक्खको सतिमा सुख विहारी ति ततियं झानं उपसम्पज्ज विहरति।"*

(प्रीति र विरागदेखि उपेक्षक भएर, स्मृति र सम्प्रजन्ययुक्त भएर, कायसुखको अनुभव गर्दै विहार गर्दछ जसलाई आर्यजन उपेक्षक, स्मृतिवान्, सुखविहारी भन्दछ, यस्तो तृतीयध्यानलाई प्राप्त गरी विहार गर्दछ।)

यसरी उसलाई एक अंगरहित, दुई अंगयुक्त, त्रिविध कल्याणकर, दश लक्षणयुक्त पृथ्वीकसिणको तृतीयध्यान प्राप्त भएको हुन्छ।

पीतिया च विरागा = उक्तप्रकारको प्रीतिसंग जिगुप्सा गर्नु या त्यसको समतिक्रमणलाई विराग भनिन्छ। दुवैको बीचमा च (र) शब्दले जोडिराख्ने काम गर्दछ। त्यो उपशमलाई जोड्दछ या वितर्क र विचारको उपशमलाई जोड्दछ। जब त्यो उपशमलाई नै जोड्दछ तब प्रीति, विराग र उपशमद्वारा - यसरी व्याख्या जान्नुपर्दछ। यस व्याख्यामा विराग जिगुप्सा गर्ने र उपशमले भन्ने अर्थ बुझ्नुपर्दछ। तर अब वितर्क र विचारहरूको उपशमलाई जोड्दछ, तब प्रीति, विराग र वितर्क विचारहरूको



Downloaded from http://www.dhamma.digital

उपशमद्वारा भन्ने व्याख्या जान्नुपर्दछ र यस व्याख्यामा विराग समतिक्रमणको अर्थमा हुन्छ । यसैले प्रीतिको समतिक्रमण र वितर्क, विचारहरूको उपशम (शान्त) भएबाट भन्ने यो अर्थ जान्नुपर्दछ ।

यी वितर्क, विचार द्वितीयध्यानमा नै विलकुलै शान्त भइसकेको हुन्छ, तर यस ध्यानको मार्गलाई बताउने र गुणवर्णनको लागि यो भनिएको हो । "वितर्क र विचारहरूको शान्त भएबाट" भनिंदा यो थाहा हुन्छ कि वितर्क विचारहरूको उपशम अवश्य यस ध्यानको मार्ग हो । जसरी तृतीयआर्यमार्ग अनागामीमा प्रहीण नभएको सत्कायदृष्टि (आत्मा छ भन्ने धारणा) आदिको विषयमा "पाँच ओरम्भागीय (सत्कायदृष्टि, वीचिकित्सा, शीलब्रत परामर्श, कामच्छन्द, व्यापाद) संयोजनहरूको प्रहाणद्वारा" यसरी अगिल्लो तीन संयोजनहरु प्रथमआर्यमार्ग स्रोतापत्तिमा नै प्रहीण भैसकेको पनि पुनः प्रहाण भनिंदा त्यसको गुणवर्णन र त्यसको प्राप्तिको लागि उत्सुक व्यक्तिहरूको उत्साह उत्पन्न गर्ने हुन्छ । यसरी नै यहाँ शान्त नभएको वितर्क विचारहरूको पनि शान्त हुनु भन्नाले गुणवर्णन हुन्छ । त्यसबाट "प्रीतिको समतिक्रमण र वितर्क विचारहरूको शान्त भएबाट" आदि आशयलाई भनिएको हो ।

उपेक्खको च विहरति, = उपपत्तिले हेर्नुलाई उपेक्षा भनिन्छ । समभावले देख्दछ, पक्षपातरहित भएर देख्दछ भन्ने यसको यो अर्थ हो । त्यस उपेक्षाको विशद, विपुल, बलवान् हुनाले तृतीयध्यानयुक्त व्यक्ति उपेक्षक भनिन्छ ।

## दश प्रकारका उपेक्षा

१) ६ अंगयुक्त उपेक्षा .- "क्षीणास्रव भिक्षु चक्षुले रूपलाई देखेर प्रसन्न मन नै हुन्छ, उदास हुँदैन, र स्मृति र सम्प्रजन्य उपेक्षक भएर विहार गर्दछ" यसरी अंगुत्तर निकायमा आएको क्षीणास्रवको, ६ द्वारहरूमा प्रियअप्रिय आलम्बनहरूको मिलन हुँदा परिशुद्ध प्रकृति भावलाई त्याग्ने आकार भएको उपेक्षा हो ।

(२) ब्रह्मविहारको उपेक्षा - "उपेक्षायुक्त चित्तले एक दिशालाई पूर्ण गरी विहार गर्दछ" यसरी दीघनिकाय (१,२)अनुसार आएको प्राणीहरूप्रति मध्यस्थभावले रहने उपेक्षा हो ।

(३) बोध्यङ्गको उपेक्षा - "विवेकयुक्त उपेक्षा सम्बोध्यङ्गको भावना गर्दछ" यसरी मज्झिम निकाय (१,३) अनुसार आएको आफूसंग उत्पन्न धर्महरूप्रति मध्यस्थभावले रहने उपेक्षा हो ।

(४) वीर्यको उपेक्षा - "समयसमयमा उपेक्षा निमित्तलाई मनमा गर्दछ" यसरी अंगुत्तर निकायअनुसार आएको नअत्यधिक र नशिथिल वीर्य (प्रयत्न) युक्त उपेक्षा हो ।

(५) संस्कारको उपेक्षा - "कति संस्कारको उपेक्षा समाधिबाट उत्पन्न हुन्छ ? कति संस्कारको उपेक्षा विपश्यनाद्वारा उत्पन्न हुन्छ, ? आठ संस्कारको उपेक्षा समाधिले उत्पन्न हुन्छन् । दश संस्कारको उपेक्षा विपश्यनाद्वारा उत्पन्न हुन्छन् ।" यसरी पटिसम्भिदामग्ग (१) अनुसार आएको नीवरण आदिद्वारा राम्ररी जानेर निश्चय गरी ग्रहण गर्नुमा मध्यस्थ भएको उपेक्षा हो ।

(६) वेदनाको उपेक्षा - "जुन समय उपेक्षायुक्त कामावचरको कुशलचित्त उत्पन्न हुन्छ" यसरी धम्मसंगणीअनुसार आएको अदुःखअसुख भनिने उपेक्षा हो ।

(७) विपश्यनाको उपेक्षा - "जुन छ, जुन भइसक्यो, त्यसलाई त्याग्दछ, उपेक्षालाई प्राप्त गर्दछ"



Downloaded from http://www.dhamma.digital

यसरी आएको विचार गर्नुमा मध्यस्थ भएको उपेक्षा  हो ।

(८) मध्यस्थ भएको उपेक्षा - "येवा पन *तस्मिं समय अञ्ञेपि अत्थि पटिच्च समुप्पन्ना अरूपिनो धम्मा, इमे धम्मा कुसला*" यसप्रकारले धम्मसंगणिमा "येवापन" वाक्यले नौ धर्म संग्रहीत छन् । जसरी कि अट्ठसालिनीमा भनिएको छ । "पालिमा आएको पचासभन्दा अधिक धर्महरूलाई देखाएर येवापनकले र अरू पनि नौ धर्महरूलाई धर्मराज भगवान्ले बताउनुभएको छ । ती सूत्रहरूमा छन्द, अधिमोक्ख, मनसिकार, तत्रमज्झत्तता, करुणा, मुदिता, कायदुच्चरित विरति, वची दुच्चरित विरति, मिथ्याजीव विरति- यी नौ धर्म देखिन्छन् । यसप्रकार यी धर्महरूमा आएको आफ्नोसाथ उत्पन्न धर्महरूलाई ल्याउने  तत्रमज्झत्तता (मध्यस्थ हुनु) उपेक्षा हो ।

(९). ध्यानको उपेक्षा - "उपेक्षक भएर विहार गर्दछ" यसरी आएको त्यस अग्रमुख ध्यानसुखमा पनि पक्षपात उत्पन्न नगर्ने उपेक्षा हो ।

(१०). पारिशुद्धिको उपेक्षा - "उपेक्षा र स्मृति शुद्ध चतुर्थध्यानलाई" यसरी आएको सबै विरुद्ध धर्महरूको उपशममा पनि नलाग्ने उपेक्षा हो ।

यिनमा (१) ६ अंगहरूयुक्त उपेक्षा (२) ब्रह्मविहारको उपेक्षा (३) बोध्यङ्गको उपेक्षा (४) मध्यस्थ भएको उपेक्षा (५) ध्यानको उपेक्षा (६)  पारिशुद्धिको उपेक्षा - अर्थले एक मध्यस्थ हुने उपेक्षा नै हुन्छ । त्यसत्यस अवस्थाहरूको भेदले, एक नै सत्व भए तापनि कुमार, युवा, स्थविर (बृद्ध), सेनापति, राजा आदिको भेदजस्तै, यी उपेक्षाहरुका यी भेद हुन् । यसैले यिनमा जहाँ ६ अंगयुक्त उपेक्षा हुन्छ, त्यहाँ बोध्यङ्गको उपेक्षा आदि हुँदैन या जहाँ बोध्यङ्गको उपेक्षा हुन्छ, त्यहाँ ६ अंगयुक्त उपेक्षा आदि हुँदैन भनी जान्नुपर्दछ । जसरी यसको अर्थमा एकता छ, त्यसरी नै संस्कारको उपेक्षा र विपश्यनाको उपेक्षाको पनि एकता छ । किनकि त्यो प्रज्ञा नै हो, जुन कार्यानुसार दुई भागमा बाँडिएका छन् ।

जसरी साँझमा घरमा पसेको सांपलाई पक्रनको लागि बनाएको बाख्राको खुरको आकार भएको अजपददण्ड लिएर खोज्दै जांदा त्यसलाई भकारी घरमा सुतेको देखेर  "यो सांप हो या होइन ?" भनी विचार गरी हेर्दै सांपको गर्धनमा भएको तीनरेखा सोवर्तिकलाई देखेर सन्देहरहित पुरुषलाई "यो सांप हो या होइन ?" भनी विचार गर्नुमा मध्यस्थता हुन्छ, यसरी नै विपश्यनामा लागेको व्यक्तिलाई विपश्यना ज्ञानले अनित्य, दुःख, अनात्म तीन लक्षणहरूलाई देख्दा संस्कारहरूको अनित्य हुने आदिको विचार गर्नुमा मध्यस्थता उत्पन्न हुन्छ - यो विपश्यनाको उपेक्षा हो ।

जसरी त्यस पुरुषलाई अजपददण्डले बलियो गरी सांपलाई पक्रेर - "कसरी म यस सांपलाई नसताइकन र आफूलाई यसबाट कसरी बचेर छाड्डुँ" भनी छोड्ने उपाय खोज्दै पक्रनमा मध्यस्थता हुन्छ, यसरी नै जुन तीन अनित्य, दुःख, अनात्म लक्षणहरू देख्नाले तीनै लोकलाई जल्दै गरेकोझैं देख्दै संस्कारहरूलाई ग्रहण गर्नुमा मध्यस्थता हुन्छ - यो संस्कारको उपेक्षा हो ।

यसप्रकार विपश्यनाको उपेक्षालाई सिद्ध भएबाट संस्कारको उपेक्षा पनि सिद्ध भइहाल्छ । यसैले यो विचार गर्नु र ग्रहण गर्नुमा मध्यस्थ हुने कार्यलाई दुई भागमा बाँडिएका छन् । तर वीर्यको उपेक्षा र वेदनाको उपेक्षा परस्पर तथा अवशेष अर्थमा मिदल्छन्  ।



Downloaded from http://www.dhamma.digital

यी उपेक्षाहरूमध्ये यहाँ ध्यानको उपेक्षासंग नै तात्पर्य छ। त्यो मध्यस्थ रहने लक्षणयुक्त छ। मनमा नगर्नु यसको काम हो। प्रहीण भएको धर्महरूमा सबैलाई अनुभव गर्नुमा नलाग्नु यसको जान्ने आकार हो। प्रीति र विराग यसको पदस्थान (प्रत्यय) हो।

यहाँ प्रश्न हुन्छ - अर्थले यो मध्यस्थ हुने नै उपेक्षा हो र त्यो प्रथम, द्वितीयध्यानमा पनि छ, यसैले त्यहाँ पनि उपेक्षक भएर विहार गर्दछ - यसरी भनिनुपर्छ होइन ? तर किन नभनिएको हो ? यसको सही उत्तर हो - किनकि कामरागमा अस्पष्ट भएको कारणले। वितर्क आदिले अभिभूत हुनाले त्यहाँ त्यसको कामराग अस्पष्ट छ। तर यहाँ वितर्क, विचार प्रीतिले अभिभूत नभएको कारण टाउको उठाएजस्तै स्पष्ट कामरागयुक्त भएको छ, यसैले भनिएको हो।

सतो च सम्पजानो= यहाँ स्मरण गर्दछ, यसैले स्मृतिमान हो। राम्ररी जान्दछ, यसैले सम्प्रजन्य हो। व्यक्तिगत गुणानुसार स्मृति र सम्प्रजन्य भनिएको छ। त्यसमा स्मरण गर्नेको लक्षणयुक्त स्मृति हो। नभुल्नु यसको काम हो। बचाइराख्नु यसलाई जान्ने आकार हो। संमोहन नगर्ने लक्षण भएको सम्प्रजन्य हो। निश्चय गर्ने यसको काम हो। मीमांसा गर्नु यसको जान्ने आकार हो।

यद्यपि यो स्मृति र सम्प्रजन्य पहिलेको ध्यानहरूमा पनि छन्, किनकि स्मृति र सम्प्रजन्यरहित व्यक्तिलाई उपचार मात्र पनि प्राप्त हुँदैन, अर्पणाको त कुरा नै के गर्नु ? तर ती ध्यानहरू स्थूल हुनाले, भूमिमा हिडने पुरुषको गतिजस्तै, चित्तको गति सुखयुक्त हुन्छ। त्यसैले स्मृति र सम्प्रजन्यको काम अस्पष्ट छ। तर स्थूलअंगहरूको प्रहाणको कारण तृतीयध्यान सूक्ष्म हुनाले, छुराको धारमा पुरुषको गतिजस्तै, स्मृति र सम्प्रजन्यको काममा लागेको स्पष्ट चित्तको गतिलाई जान्नुपर्दछ। यसैले तृतीयध्यान नै भनिएको हो।

धेरै के भनूँ ? जसरी दूध पिउने बाछ्रा गाईबाट टाढा लगेर छोड्दा फेरि गाईकै नजिग आउँछ, यसरी नै यो तृतीयध्यानको सुख प्रीतिद्वारा टाढा गरिएको, स्मृति र सम्प्रजन्यद्वारा नबचाएकोले पुनः प्रीतिकहाँ जानेछ र प्रीतिसंग युक्त हुनेछ नै। या 'प्राणी सुखमा पनि राग गर्दछ र यो त्यसपछि सुखको अभावले अत्यन्त मधुर सुख हो। तर स्मृति र सम्प्रजन्यको अनुभावले यस सुखमा राग हुँदैन, अन्यथा हुन सक्तैन" यसरी पनि विशेष अर्थलाई देखाउनको लागि यो यहीं भनिएको छ भनेर जान्नुपर्दछ।

सुखञ्च कायेन पटिसंवेदेति = यद्यपि तृतीयध्यानयुक्त व्यक्तिलाई सुखको अनुभव गर्ने विचार हुँदैन, यस्तो हुँदा पनि, उसको नामकाय (वेदना, संज्ञा, र संस्कारस्कन्ध)संग युक्त सुख हो अथवा जुन नामकाययुक्त सुख हो, त्यसको उत्पत्तिले अत्यन्त उत्तम रूपद्वारा रूपकाय (रूपस्कन्ध) परिपूर्ण हुन्छ, जसको परिपूर्ण हुनाले ध्यानदेखि उठ्दा पनि सुखको अनुभव गर्दछ। यसैले यसै कुरालाई देखाउन - "कायले सुखको अनुभव गर्दछ" भनिएको हो।

यं तं अरिया आचिक्खन्ति उपेक्खको सतिमा सुखविहारी = जुन ध्यानको हेतु, जुन ध्यानको कारण, त्यस तृतीयध्यानयुक्त व्यक्तिलाई बुद्ध आदि आर्यपुरुषहरुले ... बताउँछन्, भन्दछन्, प्रज्ञप्ति गर्दछन्, प्रकट गर्दछन्, प्रकाशित गर्दछन् भनी प्रशंसा गर्दछन् आदि ... यसको तात्पर्य हो। यसरी कसरी प्रशंसा गर्दछन् ? "उपेक्षक स्मृतिवान् सुखविहारी त्यस तृतीयध्यानलाई प्राप्त भएर विहार गर्दछ" – यसरी प्रशंसा गरिएको यहाँ व्याख्या जान्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

किन उनीहरू यसरी प्रशंसा गर्दछन् ? प्रशंसायोग्य हुनाले। किनकि अत्यन्त मधुर सुखमा, सुखको सीमालाई प्राप्त तृतीयध्यानमा पनि उपेक्षक हुन्छ, त्यहाँ सुखको अभिलाषाले तान्न सकिंदैन जसरी गर्दा प्रीति उत्पन्न हुँदैन, यसरी बनिएको स्मृति भएकोले स्मृतिवान् हुन्छ र आर्यजनहरूको प्रिय तथा आर्यजनहरूद्वारा सेवित नै असंक्लिष्ट सुखलाई नामकायद्वारा अनुभव गर्दछ, यसैले प्रशंसायोग्य हुन्छ। यसप्रकार प्रशंसायोग्य हुनाले उसलाई आर्यजन यस्तो प्रशंसाबाट बनाइएका गुणहरूको प्रकाशित गर्दै – 'उपेक्षक स्मृतिमान्, सुख विहारी' यसरी प्रशंसा गर्दछन् भनी जान्नुपर्दछ।

ततियं = गणनाअनुसार तेस्रो। यस तेस्रोध्यानलाई प्राप्त हुन्छ, यसले पनि तृतीय हो।

"एक अंगरहित, दुई अंगयुक्त" जुन भनिएको छ, यसमा प्रीतिको प्रहाणद्वारा एक अंगको प्रहाण जान्नुपर्दछ। त्यो द्वितीयध्यानको वितर्कविचारजस्तै अर्पणाको क्षण नै प्रहीण हुन्छ। त्यसैबाट यस ध्यानको त्यो प्रहाणांग भनिन्छ। सुख र चित्तको एकाग्रता यी दुवैको उत्पत्तिअनुसार दुई अंगयुक्त हुन्छ भन्ने कुरा जान्नुपर्दछ। यसैले विभंगमा - "उपेक्षा, स्मृति, सम्प्रजन्य, सुख र चित्तको एकाग्रतालाई ध्यान भनिन्छ" भनी भनिएको छ। त्यो परिष्कार (समूह) को साथ ध्यानलाई देखाउनको लागि पर्यायले भनिएको हो। तर उपेक्षा, स्मृति र सम्प्रजन्यलाई छाडेर निष्पर्यायद्वारा चिन्तन गर्ने लक्षणलाई प्राप्त भएको अंगानुसार दुई अंगयुक्त नै यो ध्यान हुन्छ। जस्तै भनिएको छ – "त्यस समय कुनचाहिं दुई अंगयुक्त ध्यान हुन्छ ? सुख र चित्तको एकाग्रता" शेष प्रथमध्यानमा भनिएअनुसार बुझ्नुपर्दछ।

## चतुर्थध्यान

यसरी त्यस तृतीयध्यानलाई पनि प्राप्त भइसक्दा पहिले भनिएअनुसार पाँच प्रकारद्वारा वशीको अभ्यास गरी अभ्यस्त तृतीयध्यानदेखि उठेर - "यो समापत्ति विपक्षी प्रीतिको नजदीक छ जुन त्यहाँ सुख छ भनी मनमा गर्नु हो, यसैबाट स्थूल भनिन्छ" – यसरी भनिएको सुखको स्थूल हुने र अंगहरूको दुर्बल हुने कारणले, त्यसमा दोष देखेर चतुर्थध्यानलाई शान्तको स्तरमा मनमा गरी तृतीयध्यानको चाहनालाई छाडी चतुर्थको प्राप्तिको लागि प्रयत्न गर्नुपर्दछ।

जब तृतीयध्यानदेखि उठेर स्मृति-सम्प्रजन्यपूर्वक रहने त्यस भिक्षुलाई ध्यानको अंगहरूको प्रत्यवेक्षण गर्ने समय चैतसिक सौमनश्य भनिने सुख स्थूल र उपेक्षावेदना तथा चित्तको एकाग्रता शान्तको स्तरमा जानिन्छ। तब उसलाई स्थूल अंगहरूको प्रहाण र शान्त अंगहरूको प्राप्तिको लागि त्यसै निमित्तलाई "पृथ्वी, पृथ्वी" भन्दै वारम्वार मनमा गर्दै, "अब चतुर्थध्यान उत्पन्न हुनेछ" भनी जानेर भवांगलाई काटेर त्यसै पृथ्वी कसिणलाई आलम्बन गर्दै लांदा मनोद्वारावर्जन उत्पन्न हुन्छ। तत्पश्चात् त्यसै आलम्बनमा चार या पाँच जवन दौडिन्छ, जसको अन्तमा एक रूपावचर चतुर्थध्यान र शेष प्रथमध्यानमा भनिएको प्रकारले नै कामावचरको हुन्छ। तर यो अन्तर हो - सुखवेदना अदुःखासुख (उपेक्षा) वेदनाको आसेवन-प्रत्ययले प्रत्यय हुँदैन र चतुर्थध्यानमा अदुःखासुख-वेदनाद्वारा उत्पन्न हुनुपर्दछ, यसैले ती उपेक्षावेदनायुक्त हुन्छ र त्यसलाई उपेक्षायुक्त हुनाले नै यहाँ प्रीति घट्दछ। यहाँसम्म -

*"सुखस्स च पहाना दुक्खस्स च पहाना पुब्बेव सोमनस्सदोमनस्सानं अत्थंगमा अदुक्खमसुखं उपेक्खासतिपारिसुद्धिं चतुत्थं झानं उपसम्पज्ज विहरति।"*



Downloaded from http://www.dhamma.digital

(सुख र दुःखको प्रहाणले सौमनस्य र दौर्मनस्यको पूर्व नै अस्त भएबाट, दुःखसुखरहित, उपेक्षाद्वारा उत्पन्न स्मृतिको पारिशुद्धि चतुर्थध्यानलाई प्राप्त भएर विहार गर्दछ ।)

यसरी त्यसलाई एक अंगरहित, दुई अंगयुक्त, त्रिविध कल्याणकर, दश लक्षणयुक्त पृथ्वीकसिणको चतुर्थध्यान प्राप्त भएको हुन्छ ।

सुखस्स च पहाना दुक्खस्स च पहाना – कायिकसुख र कायिकदुःखको प्रहाणद्वारा । पुब्बेव = त्यो पनि पहिले नै अर्थात् चतुर्थध्यानको क्षणमा होइन । सोमनस्स दोमनस्सानं अत्थंगमा = चैतसिकसुख र चैतसिकदुःख - यी दुवैका पनि पहिले नै अस्त भएबाट, प्रहाण भएबाट, आदि भनिएका छन् ।

कहिले उनीहरूको प्रहाण हुन्छ ? चारै ध्यानको उपचारको क्षणमा प्रहीण हुन्छ । किनकि सौमनस्य चतुर्थध्यानको उपचारको क्षण नै प्रहीण हुन्छ र दुःख, दौर्मनस्य र सुख प्रथम, द्वितीय, तृतीयध्यानहरूको उपचारको क्षणमा । यसप्रकार यसको प्रहाणको क्रमद्वारा नभनिएको भए तापनि इन्द्रिय विभंगमा इन्द्रियहरूको कथनको क्रमद्वारा नै यहाँ पनि भनिएको सुख, सौमनस्य, दौर्मनस्यको प्रहाण जान्नुपर्दछ ।

यदि यी त्यसत्यस ध्यानहरूको क्षणमा नै प्रहीण हुन्छ भने तब किन संयुक्त निकाय (५,४५) अनुसार यसप्रकार बताइएको छ ? – "कहाँ उत्पन्न भएको दुःखेन्द्रिय विल्कुल (अपरिशेष) शान्त हुन्छ ? यहाँ भिक्षुहरू, - भिक्षु कामरहित भएर ... प्रथमध्यानलाई प्राप्त भएर विहार गर्दछ, यहाँ उत्पन्न भएको दुःखेन्द्रिय विल्कुल शान्त हुन्छ ... । कहाँ उत्पन्न भएको दौर्मनस्येन्द्रिय ... सुखेन्द्रिय ...सोमनस्येन्द्रिय विलकुल शान्त हुन्छ ? यहाँ भिक्षुहरू, भिक्षु सुख र दुःखको प्रहाणद्वारा ... चतुर्थध्यानलाई प्राप्त भएर विहार गर्दछ । यहाँ उत्पन्न भएको सौर्मनस्येन्द्रिय विलकुल शान्त हुन्छ" । यसरी अत्यधिक शान्त हुनाले ध्यानहरूमा नै शान्त हुनु भनिएको छ । प्रथमध्यान आदिमा यी शान्त मात्र हुँदैन, प्रत्युत अत्यधिक शान्त हुन्छन् । तर शान्त हुनु मात्र त उपचारको क्षणमा पनि हुन्छ, तर अत्यधिक शान्त भने होइन ।

त्यसरी नाना आवजर्नहरूमा प्रथमध्यानको उपचारमा शान्त भएको दुःखेन्द्रिय पनि टोक्ने कीरा, मच्छड आदिको स्पर्श या विषम आसनको तपनद्वारा उत्पत्ति हुन सक्छ । तर अर्पणाद्वारा शान्त भएको दुःखेन्द्रिय त्यस्ता प्रतिकूल अवस्थामा पनि कहिले पनि उत्पन्न हुँदैन । या उपचारमा शान्त भएको दुःखेन्द्रिय पनि यो विपक्षी धर्महरूको विनाश नहुनाले राम्ररी शान्त हुँदैन । तर अर्पणाको बीच प्रीतिको स्फरणद्वारा सारा कायसुखद्वारा भरिएको हुन्छ र विपक्षी धर्महरूको विनाशद्वारा सुखले भरिएको काय भएको दुःखेन्द्रिय राम्ररी नै शान्त हुन्छ ।

नाना आवर्जनमा नै द्वितीयध्यानको उपचारमा प्रहीण भैसकेको दौर्मनस्येन्द्रिय कायको थकावट र चित्तलाई कष्ट हुँदा वितर्क र विचारको कारणले पनि, उत्पत्ति हुन्छ तर त्यो वितर्क, विचारहरूको अभावमा उत्पन्न हुँदैन । त्यसैले जहाँ दौर्मनस्येन्द्रिय उत्पन्न हुन्छ, त्यहाँ वितर्क, विचार अवश्य हुन्छ र वितर्क, विचार द्वितीयध्यानको उपचारमा अप्रहीण नै हुन्छ । यसैले त्यहाँ यसको उत्पत्ति हुन सक्छ । तर प्रत्ययहरूको प्रहीण भएबाट द्वितीयध्यानको अर्पणामा दौर्मनस्येन्द्रिय उत्पन्न हुँदैन ।

त्यसरी नै तृतीयध्यानको उपचारमा प्रहीण सुखेन्द्रियको पनि प्रीतिद्वारा उत्पन्न भएको उत्तम रूपद्वारा परिपूर्ण कायको उत्पत्ति हुन सक्छ, तर तृतीयध्यानको अर्पणामा होइन । तृतीयध्यानको अर्पणामा सुखको प्रत्यय भएको प्रीति सबैप्रकारले शान्त हुन्छ । त्यसरी नै चतुर्थध्यानको उपचारमा



Downloaded from http://www.dhamma.digital

प्रहीण भैसकेको सौर्मनस्येन्द्रिय पनि सामीप्य र अर्पणा प्राप्त उपेक्षाको अभावद्वारा राम्ररी अतिक्रमण नभएबाट, उत्पत्ति हुन सक्छ, तर चतुर्थध्यानको अर्पणामा होइन । यसैले "यहाँ उत्पन्न भएको दुःखेन्द्रिय विल्कुल शान्त हुन्छ" आदि भनेर त्यसत्यस स्थानहरूमा विल्कुल अपरिशेष शब्द ग्रहण गरिएको छ ।

प्रश्न गरिएको छ - तब यसरी, त्यसत्यस ध्यानको उपचारमा प्रहीण भैसकेको पनि यहाँ किन फेरि ल्याइएका छन् ?

उत्तर - सजिलै जान्नको लागि । किनकि जुन यो "अदुःखासुख हो" – यहाँ अदुःखासुख-वेदना भनिएको छ । त्यो सूक्ष्म र दुर्विज्ञेय छ त्यसलाई सजिलै जान्न सकिंदैन । जस्तै -जसरी जसोतसो गएर पक्रन नसक्ने दुष्ट गोरुलाई सजिलै पक्रनको लागि गोठालाले एक गोठमा सबै गाईहरूलाई जम्मा गर्दछ, तब एकएकलाई निकाल्दै पंक्तिबद्ध भइआउँदा "यो हो त्यो गोरू त्यसलाई पक्र" भनेर त्यसलाई पनि पक्रिन्छ । यसरी नै भगवान्ले सजिलै जान्नको लागि यी सबैलाई ल्याउनुभयो । यसरी ल्याइएको कारण यसलाई देखाएर जुन न त सुख हो, न त दुःख हो, न सोमनस्य हो, न दौर्मनस्य हो 'यो अदुःखअसुखवेदना हो' भनी बताउन सकिन्छ ।

अदुःखासुखलाई चेतोविमुक्ति (चित्तको विमुक्ति) को प्रत्ययलाई देखाउनको लागि पनि यो भनिएको हो भनी जान्नुपर्दछ । दुःखको प्रहाण आदि त्यसको प्रत्यय हो । जस्तै-मज्झिम निकायअनुसार भनिएको छ – "आवुस, अदुःखासुख चेतोविमुक्ति समापत्तिका चार प्रत्यय छन् – यहाँ आवुस, भिक्षु सुख र दुःखको प्रहाणद्वारा .. चतुर्थध्यानलाई प्राप्त गरी विहार गर्दछ । आवुस, अदुःखासुख चेतोविमुक्तिको समापत्तिको यी चार प्रत्यय हुन् ।"

अथवा जसरी अन्य मार्गहरूद्वारा प्रहीण भएको सत्कायदृष्टि आदि पनि तृतीयमार्गको गुणवर्णन गर्नको लागि त्यहाँ प्रहीण भनिएको छ । यसरी नै यस ध्यानको पनि गुणवर्णनको लागि ती यहाँ भनिएका छन् भनी जान्नुपर्दछ । अथवा प्रत्ययहरूको नाशद्वारा यहाँ रागद्वेषको धेरै टाढा भएको देखाउनको लागि पनि भनिएको हो भनेर जान्नुपर्दछ । यसमा सुख सौमनस्यको प्रत्यय हुन्छ र सौमनस्य रागको प्रत्यय हुन् । दुःख दौर्मनस्यको प्रत्यय हुन् र दौर्मनस्य द्वेषको प्रत्यय हुन्छ । यसरी सुख आदिको नाशद्वारा यसको प्रत्ययसहित रागद्वेष नष्ट भइसक्यो, त्यसैले अत्यन्त टाढा हुन्छन् ।

अदुक्खमसुखं = अदुःखासुख । दुःखको अभावद्वारा अदुःख र सुखको अभावद्वारा असुख हुन्छ । यस शब्दबाट यहाँ दुःख र सुखको विपक्षी भएको तेस्रो वेदनालाई भगवान् बताउनुहुन्छ, न दुःखको अभाव मात्रलाई । तेस्रो वेदना अदुःखासुख (अदुक्खमसुख) हो, जुन उपेक्षा पनि भनिन्छ । त्यो इष्ट र अनिष्टप्रति विरोध अनुभव गर्ने स्वभाव भएको हुन्छ । मध्यस्थ हुनु यसको काम हो । चट्टानमा मृगको पादचिन्ह नदेखिएझैं अप्रकट हुनु यसको जान्ने आकार हो । सुखको निरोध र शान्त हुनु प्रत्यय हो भनेर पनि जान्नुपर्दछ ।

उपेक्खासतिपारिसुद्धिं = उपेक्षाद्वारा उत्पन्न भएको स्मृतिको परिशुद्धि । यस ध्यानमा स्मृति परिशुद्ध हुन्छ र जुन त्यस स्मृतिको पारिशुद्धि हो, त्यो उपेक्षाद्वारा गरिएको हो, अन्यद्वारा होइन । यसैले उपेक्षाद्वारा उत्पन्न स्मृतिको पारिशुद्धि भनी भनिन्छ । विभंगअनुसार पनि भनिएको छ – "यो स्मृति यस उपेक्षाद्वारा पवित्र, पारिशुद्ध, निर्मल हुन्छ, त्यसबाट उपेक्षाद्वारा उत्पन्न स्मृतिको पारिशुद्धि भनिन्छ ।"



Downloaded from http://www.dhamma.digital

जुन उपेक्षाद्वारा यहाँ स्मृतिको पारिशुद्धि हुन्छ, त्यस अर्थद्वारा "मध्यस्थता" नै जान्नुपर्दछ। यहाँ त्यसबाट स्मृति मात्र नै पारिशुद्धि छैन, प्रत्युत सबै त्यसयुक्त धर्महरू पनि पारिशुद्धि हुन्छन् । तर यस देशनामा स्मृतिलाई प्रमुख गरी भनिएको छ ।

यद्यपि यो उपेक्षा तल्लो तीनै ध्यानहरूमा पनि वर्तमान् छ । तर जसरी दिनमा सूर्यकिरणले फिक्का परेको सौम्यभावद्वारा अथवा आफ्नो उपकारक उपयुक्त रात्रिको अलाभद्वारा दिनमा देखिएको चन्द्ररेखा अपरिशुद्ध र अनिर्मल हुन्छ, यसरी नै मध्यस्थ भएको उपेक्षारूपी चन्द्ररेखा पनि वितर्क आदि विपक्षी धर्महरूको तेजले अभिभूत र उपयुक्त उपेक्षा वेदनारूपी रात्रीलाई प्राप्त नभएर त्यसबाट रहित भएको प्रथमध्यान आदिमा अपरिशुद्ध हुन्छ । त्यसको अपरिशुद्ध हुनाले दिनमा अपरिशुद्ध चन्द्ररेखाको प्रभाजस्तै एकसाथ उत्पन्न स्मृति आदि अपरिशुद्ध नै हुन्छन् । यसैले उनीहरूमध्ये एकलाई पनि उपेक्षाद्वारा उत्पन्न स्मृतिको पारिशुद्धि भनिएको छैन ।

यहाँ चौथोध्यानमा वितर्क आदि विपक्षी धर्महरूको तेजद्वारा अभिभूत नभएको र उपयुक्त उपेक्षा वेदनारूपी रात्रीलाई पाउनाले यो मध्यस्थ हुने उपेक्षारूपी चन्द्ररेखा अत्यन्त परिशुद्ध छ । त्यसको परिशुद्धि हुनाले चन्द्ररेखाको प्रभाजस्तै एकसाथ उत्पन्न भएको पनि स्मृति आदि धर्म परिशुद्ध र निर्मल हुन्छन् । यसरी यही उपेक्षाद्वारा उत्पन्न स्मृतिको पारिशुद्धि भनिएको छ भनी जान्नुपर्दछ ।

चतुत्थं = (चतुर्थ) गणनाअनुसार चौथो । यस चौथोध्यानलाई प्राप्त हुन्छ, यसैले पनि चतुर्थ हो।

जुन भनिएको छ - 'एक अंगरहित, दुई अंगयुक्त' यसमा सौमनस्यको प्रहाणले एक अंगरहित भएको जान्नुपर्दछ। त्यो सौमनस्य पनि एक वीथिमा पहिलेको जवनहरूमा नै प्रहीण हुन्छ,यसैले यसको त्यो प्रहाणाङ्ग भनिन्छ। उपेक्षावेदना र चित्तको एकाग्रता यी दुवैको उत्पत्तिद्वारा दुई अंगयुक्त हुनु जान्नपर्दछ । शेष प्रथमध्यानमा भनिएअनुसार नै बुझ्नुपर्दछ । यो अहिले चतुष्कनय ध्यानको नियम हो ।

## पञ्चमध्यान

पञ्चमध्यानलाई उत्पन्न गर्ने योगीलाई अभ्यस्त प्रथमध्यानदेखि उठेर - 'यो समापत्ति विपक्षी नीवरणहरूको नजिक छ र वितर्कको स्थूलताले दुर्बल अंगयुक्त छ भनी त्यसमा दोष देखेर द्वितीयध्यानलाई शान्त स्तरमा मनमा गरी, प्रथमध्यानको चाहनालाई छाडी द्वितीयको प्राप्तिको लागि प्रयत्न गर्दछ। जब प्रथमध्यानदेखि उठेर स्मृति-सम्प्रजन्यपूर्वक रहने त्यस भिक्षुलाई ध्यानको अंगहरूको प्रत्यवेक्षण गर्दै समय वितर्क मात्र नै स्थूल रूपले जानिन्छ र विचार आदि शान्त, तब उसलाई स्थूलअंगको प्रहाण र शान्तअंगहरूको प्राप्तिको लागि त्यसै निमित्तलाई "पृथ्वी पृथ्वी" भनेर वारम्वार मनमा गर्दै अन्यत्र भनिएअनुसार द्वितीयध्यान उत्पन्न हुन्छ । त्यसको वितर्क मात्र नै प्रहाणांग हुन्छ । विचारसहित प्रीति, सुख, एकाग्रतायुक्त रहने चार अंग हुन्छन् । शेष प्रथमध्यानमा भनिएअनुसार नै बुझ्नुपर्दछ ।

यसरी त्यस द्वितीयध्यान प्राप्त हुँदा अन्यत्र भनिएअनुसार नै पाँच प्रकारले वशीका अभ्यास गरी अभ्यस्त द्वितीयध्यानबाट उठेर यो समापत्ति विपक्षी वितर्कको नजिक र विचारको स्थूलताबाट दुर्बल अंगयुक्त छ भनी दोष देखेर तृतीयध्यानलाई शान्त स्तरमा मनमा गरी द्वितीयध्यानको चाहनालाई छाडी तृतीयध्यानको प्राप्तिको लागि प्रयत्न गर्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

जब द्वितीयध्यानबाट उठेर स्मृति-सम्प्रजन्यपूर्वक प्रत्यवेक्षण गर्ने समयमा विचार मात्र स्थूलरूपले र प्रीति आदि शान्त स्तरमा जानिन्छ । तब उसलाई स्थूलअंगको प्रहाण र शान्तअंगहरूको प्राप्तिको लागि त्यसै निमित्तलाई "पृथ्वी पृथ्वी" भनेर वारम्वार मनमा गर्दै भनिएअनुसार तृतीयध्यान उत्पन्न हुन्छ । त्यसको विचार मात्र नै प्रहाणांग हो । चतुष्कनयको द्वितीयध्यानमा प्रीति आदिजस्तै युक्त रहने तीन अंगहरू हुन् । शेष प्रथमध्यानमा भनिएअनुसार नै बुझ्नुपर्दछ ।

यसप्रकार जुन चतुष्कनयमा द्वितीयध्यान हो त्यो दुई भागमा बाँडेर पञ्चकनयमा द्वितीयध्यान र तृतीयध्यान हुन्छन् र जुन त्यहाँ तृतीयध्यान र चतुर्थध्यान हुन्, ती चतुर्थध्यान र पञ्चमध्यान हुन्छन्, प्रथमध्यान प्रथमध्यान नै रहन्छ । जस्तै –

| चतुष्क नय | अंगहरू | पञ्चक नय | अंगहरू |
|---|---|---|---|
| प्रथमध्यान | वितर्क, विचार, प्रीति, सुख, एकाग्रता | प्रथमध्यान | वितर्क, विचार, प्रीति, सुख, एकाग्रता |
| द्वितीयध्यान | प्रीति, सुख, एकाग्रता | द्वितीयध्यान | विचार, प्रीति, सुख, एकाग्रता |
| तृतीयध्यान | सुख, एकाग्रता | तृतीयध्यान | प्रीति, सुख, एकाग्रता |
| चतुर्थध्यान | उपेक्षा, एकाग्रता | चतुर्थध्यान | सुख, एकाग्रता |
| | | पञ्चमध्यान | उपेक्षा, एकाग्रता |

Dhamma.Digital

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धिमार्गमा समाधि भावनाको भागमा*
*पृथ्वीकसिण निर्देश नामक*
*चौथो परिच्छेद समाप्त*

♣♣♣



Downloaded from http://www.dhamma.digital

# पाँचौं परिच्छेद

## शेष कसिण निर्देश

### आपोकसिण

पृथ्वीकसिणपश्चात् आपो (जल) कसिणको सम्बन्धमा विस्तारपूर्वक वर्णन गरिनेछ। जसरी पृथ्वीकसिणको भावना गरिन्छ, त्यसरी नै आपोकसिणको पनि भावना गर्न चाहने भिक्षुलाई सुखपूर्वक बसेर आपोमा निमित्त ग्रहण गर्नुपर्दछ। "बनाएको या नबनाएको" भनी पृथ्वीकसिणमा भनिएअनुसार सबैको विस्तार गर्नुपर्दछ। जसरी यहाँ बताइएको छ, त्यसरी नै अन्य कसिणहरूमा पनि यस्तैअनुसार सम्भिनुपर्दछ। त्यसैले यसपश्चात् यी कुराहरूको व्याख्यान नगरी विशेषमात्र नै भनिनेछ।

यहाँ पनि, पूर्वजन्महरूमा आपोकसिणको भावना गरेको पुण्यवान् भिक्षुलाई पोखरी, तलाउ, समुद्रको नुनिलो पानी मिश्रित पोखरी या समुद्र आदि नबनाएको जलमा पनि निमित्त उत्पन्न हुन्छ। जस्तै –

आयुष्मान् चूलसीव स्थविरले - लाभसत्कार छोडी "एकान्तवास गर्नेछु" भनी सोच्नुभएर महातीर्थ (पश्चिमोत्तर लंकाको प्राचीन बन्दरगाह, वर्तमान् मन्तोट)मा नाउमा बसेर भारत जानुहुँदा बीचमा महासमुद्र हेर्दाहेर्दै त्यस महासमुद्रको समान कसिण-निमित्त उत्पन्न भयो।

पूर्वजन्महरूमा आपोकसिणको भावना नगरेकोलाई कसिणको चार दोषहरूलाई हटाउनुपर्छ। रंगमा नीलो, पहेंलो, सेतोरंगमध्ये कुनै पनि रंगको पानीलाई नलिएर, जुन भूमिमा नपुगेको, आकाशमा नै शुद्ध कपडाले ग्रहण गरिएको जल अथवा अरू पनि त्यसैप्रकारको स्वच्छ, निर्मल जल हुनुपर्छ । त्यसलाई पात्र या चार फुट ठूलो भाँडामा चुली भरेर विहारको एकान्त स्थानमा गएर, पृथ्वीकसिणमा भनिएजस्तै, घेरिएको स्थानमा राखेर सुखपूर्वक बस्नुपर्दछ। तर रंगको प्रत्यवेक्षण गर्नु हुँदैन र न लक्षणलाई नै मनमा गर्नुपर्दछ। त्यसको आश्रित रंगलाई नै अधिकतानुसार प्रज्ञप्तिधर्ममा चित्तलाई राखेर, अम्बु, जल, वारि आदि तरलको नामहरूमध्ये या प्रकट भएअनुसार "आपो, आपो" (पानी पानी) भन्दै वारम्वार भावना गर्नुपर्दछ।

यसप्रकार भावना गरेको त्यस कसिणको क्रमशः भनिएअनुसार दुई निमित्त उत्पन्न हुन्छन्। तर यहाँ उग्गह-निमित्त चंचलजस्तै भान हुन्छ। यदि फिंज, फोकाहरूसंग मिलेको पानी हुन्छ भने त्यस्तै जानकारी हुन्छ र कसिणको दोष प्रकट हुन्छ। तर प्रतिभाग-निमित्त चंचलरहित आकाशमा मणिमय ताडको पंखाजस्तै र मणिमय दर्पणमण्डलजस्तै जानकारी हुन्छ। त्यो भिक्षु त्यसको जानकारी हुनासाथ उपचारध्यान र बाँकी पृथ्वीकसिणमा भनिएअनुसार नै चतुष्कनय या पञ्चकनय ध्यानहरूलाई पाउँदछन्।

### तेजोकसिण

तेजो (अग्नि) कसिणको भावना गर्न चाहने भिक्षुलाई तेजोमा निमित्त ग्रहण गर्नुपर्दछ। पूर्वजन्महरूमा



Downloaded from http://www.dhamma.digital

भावना गरेको पुण्यवान्लाई नबनाएको कसिणमण्डलमा निमित्तलाई ग्रहण गरेको समय बनाएको ज्वालामा, चूल्होमा, पात्रलाई पकाउने स्थानमा या जंगलमा लागेको डढेलोमा जहाँकहीं पनि आगोको मुश्लोलाई देख्दै निमित्त ग्रहण हुन्छ। जस्तै - आयुष्मान् चित्रगुप्त स्थविरलाई धर्मश्रवणको दिन उपोसथ गृहमा प्रवेश हुँदा चिरागको ज्वाला हेर्दाहेर्दै नै निमित्त उत्पन्न भयो।

तर, पूर्वजन्ममा भावना अभ्यास नगरेकाहरुलाई कसिणमण्डल बनाउनुपर्दछ। त्यसलाई बनाउने विधान यो हो। नरम असल दाउरालाई चिरेर, सुखाएर, टुक्राटुक्रा गरी योग्य वृक्षमुनि या मण्डपमा गएर भाँडालाई पकाएझैं थुप्रो बनाएर आगो बाल्नुपर्दछ। त्यसपछि चटाई, छाला या कपडमा एक बित्ता चार अंगुल बराबरको प्वाल बनाउनुपर्दछ। त्यसलाई दाउरा आदि सारा ढाकिने गरी आगोअगाडि राखेर पृथ्वीकसिणमा भनिएअनुसार नै बसेर, तलतिर घाँस, काठ, या माथितिर धुवां, मुश्लो आदिलाई मनमा नल्याएर, बनाएको प्वालको बीचबाट देखिने बाक्लो ज्वालालाई हेरेर निमित्त ग्रहण गर्नुपर्दछ।

नीलो या पहेंलो आदिप्रकारले रंगको प्रत्यवेक्षण गर्नु हुँदैन। उष्ण (तातो)अनुसार पनि लक्षणलाई मनमा लिनु हुँदैन। प्वालबाट देखिने गोलो आकारको ज्वाला सवर्णलाई नै निश्चय गरी अधिकतानुसार प्रज्ञप्ति धर्ममा चित्तलाई राखेर पावक, कण्हवत्तनि, जातवेद, हुताशन आदि अग्निको नामहरूमध्ये या प्रकट भएअनुसार नै "तेजो, तेजो" (अग्नि, अग्नि) भन्दै वारम्वार भावना गर्नुपर्दछ।

यसप्रकार त्यस कसिणको भावना गर्दै क्रमशः पृथ्वीकसिणमा भनिएअनुसार दुई निमित्त उत्पन्न हुन्छन्। उग्गहनिमित्त मुश्लोको टुक्राटुक्रा भएर खसेकोझैं जानकारी हुन्छ। कसिणमण्डल नबनाएकोमा निमित्त ग्रहण गर्नेलाई कसिणको दोष देखापर्दछ। बलेको काठको बीचको भाग, कोइला, खरानी या धुंवा जानकारी हुन्छ। प्रतिभाग-निमित्त निश्चल आकाशमा राखिएको रातो कम्बलको टुक्राजस्तै, सुवर्णमय ताडको पंखाजस्तै र सुनको खम्बाजस्तै प्रतीत हुन्छ। त्यसरी जानकारी हुनुको साथै उपचारध्यान र बाँकी पृथ्वीकसिणमा भनिएअनुसार नै चतुष्कनय या पञ्चकनय ध्यानहरूलाई पाउँदछन्।

## वायोकसिण

वायो (वायु) कसिणको भावना गर्ने भिक्षुलाई वायुमा निमित्त ग्रहण गर्नुपर्दछ। त्यो पनि हेर्ने वा स्पर्श गरिएको कारणबाट। अट्ठकथामा भनिएको छ – "वायुकसिणको अभ्यास गर्दै वायुमा निमित्त ग्रहण गर्दछ। हल्लिंदै, लच्किंदै गरेको उखुको टुप्पालाई लक्ष्य गरी हेर्दछ। हल्लिंदै, लच्किंदै गरेको बाँसको टुप्पालाई, रूखको टुप्पालाई या केशको टुप्पालाई लक्ष्य गरी हेर्दछ या शरीरमा स्पर्श गरेको वायुलाई उपलक्ष्य गरी हेर्दछ।"

यसैले एकसमान टुप्पा भएको झ्याम्म परेको पातहरूयुक्त ठाडो उखु, बाँस, रूखलाई या चार अंगुलको बाक्लो केशयुक्त व्यक्तिको टाउकोलाई वायुले प्रहार गर्दै गरेको हेरेर - "यो वायु यस स्थानमा प्रहार गरिरहेछ" भन्दै स्मृति राखेर, या जुन वायु झ्यालबाट या भित्ताको प्वालबाट प्रवेश गरी आफ्नो शरीरलाई प्रहार गर्दछ, त्यहाँ स्मृति राखेर वात, मरुत, अनिल आदि वायुको नामहरूमध्ये या प्रकट भएअनुसार "वायो, वायो" (हावा, हावा) भन्दै वारम्वार भावना गर्नुपर्दछ।

यहाँ उग्गहनिमित्त चुल्हाबाट उतार्दा समयको खीरको गोलाकार वाफजस्तै जानकारी हुन्छ। प्रतिभागनिमित्त स्थिर निश्चल हुन्छ। बाँकी पृथ्वीकसिणमा भनिएअनुसार नै जान्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

## नीलकसिण

त्यसपश्चात् - 'नील (नीलो) कसिणको अभ्यास गर्दै नीलोरंगमा निमित्त ग्रहण गर्नुपर्दछ। "फूल, वस्त्र या नीलोरंगको धातुमा" यस वाक्यले पूर्वजन्ममा अभ्यास गरिएको पुण्यवान्लाई त्यसप्रकारको फूलको विरुवा, पूजा गर्ने स्थानमा फैलिएको फूल, नीलो वस्त्र, मणिमध्ये कुनै एकलाई देखेर नै निमित्त उत्पन्न हुन्छ।

पूर्वजन्ममा अभ्यास नगरिएकोहरूलाई नीलो कमल, गिरिकर्णिक आदि नीलोरंगको फूलहरूलाई लिएर जुनप्रकार त्यसको केसर या डाँठ देखापर्दैन, त्यसैप्रकार फूलको डाली या टोकरीको पिंधलाई पातहरूले बराबर भरेर फैलाउनुपर्दछ। नीलोरंगको वस्त्रद्वारा पोको पारेर भर्नुपर्दछ या त्यसको मुखको घेरामा मादलको तलुवाजस्तै बाँध्नुपर्दछ। काँसजस्तै नीलो, पलाशजस्तै नीलो या अंजनजस्तै नीलो कुनै धातुद्वारा पृथ्वीकसिणमा भनिएअनुसार नै उठाएर लानुयोग्य अथवा भित्तामा नै कसिणमण्डललाई बनाएर अन्य रंगद्वारा अलग गरिदिनुपर्छ, त्यसपश्चात् पृथ्वीकसिणमा भनिएअनुसार 'नीलो नीलो भन्दै वारम्वार मनमा गर्नुपर्दछ।

यहाँ उग्गह-निमित्तमा कसिणको दोष देखापर्दछ। केसर, डाँठ, पातको बीचको प्वाल आदि जानकारी हुन्छ। प्रतिभाग-निमित्तमा कसिणमण्डलद्वारा छुटेर आकाशमा मणिमय ताड्को पंखाजस्तै जानकारी हुन्छ। शेषमा पृथ्वीकसिणमा भनिएअनुसार नै जान्नुपर्दछ।

## पीतकसिण

पीत (पहेंलो) कसिणमा पनि यही नियम हो। यो भनिएको छ – "पीतकसिणको अभ्यास गर्दै पहेंलोमा निमित्त ग्रहण गर्नुपर्दछ – पहेंलोरंगको फूल, वस्त्र, या धातुमा।" यसैले यहाँ पनि पूर्वजन्ममा अभ्यास गरिएको पुण्यवान्लाई त्यसप्रकारको फूलको विरुवा, पूजा गर्ने स्थानमा फैलिएको फूल, पहेंलो वस्त्र या धातुहरूमध्ये कुनै एकलाई देखेर नै निमित्त उत्पन्न हुन्छ। जस्तै -

आयुष्मान् चित्रगुप्त स्थविर चित्तल पर्वतमा पतङ्ग (पहेंलोरंगको फुल विशेष)ले फूलहरूद्वारा पूजा गरिएको आसनलाई हेर्नासाथ नै आसनको बराबर निमित्त उत्पन्न भयो।

पूर्वजन्ममा अभ्यास नगरेकोहरुलाई कर्णिकारको फूल, पहेंलो वस्त्र या धातुद्वारा नीलकसिणमा भनिएअनुसार नै कसिणमण्डल बनाएर 'पहेंलो पहेंलो' भनेर वारम्वार मनमा गर्नुपर्दछ। शेष पृथ्वीकसिणमा भनिएअनुसार नै जान्नुपर्दछ।

## लोहितकसिण

लोहित (रातो) कसिणको पनि यही नियम हो। यो भनिएको छ, "लोहितकसिणको अभ्यास गर्दै रातोरंगमा निमित्त ग्रहण गर्दछ – फूल, वस्त्र, या रातोरंगको धातुमा।" यसैले यहाँ पनि पूर्वजन्ममा अभ्यास गरिएको पुण्यवान्लाई त्यसप्रकारको बन्धुजीवक (अडहुल) आदिको विरुवा पूजा गर्ने स्थानमा फैलिएको फूलहरू, रातोरंगको वस्त्र, मणि या धातुहरूमध्ये कुनै एकलाई देखेर नै निमित्त उत्पन्न हुन्छ।

पूर्वजन्ममा अभ्यास नगरेकोहरूलाई जयसुमन, बन्धुजीवक (अडहुल), रातो कोरण्डक आदि फूलहरू, रातोरंगको वस्त्र, या धातुहरूमध्ये नीलकसिणमा भनिएअनुसार नै कसिणमण्डललाई बनाएर "रातो, रातो" भनेर मनमा गर्नुपर्दछ। शेष पृथ्वीकसिणमा भनिएझैं बुझ्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

## अवदातकसिण

अवदात (सेतो) कसिणमा पनि "अवदात (सेतो) कसिणको अभ्यास गर्दै सेतोमा निमित्त ग्रहण गर्दछ – फूल, वस्त्र या सेतोरंगको धातुमा।" यस वाक्यद्वारा पूर्वजन्ममा अभ्यास गरिएको पुण्यवान्लाई त्यसप्रकारको फूलको विरुवा, जुही, चमेली आदिको फैलिएको फूल, कुमुद, र पद्मको थुप्रो, सेतो वस्त्र या धातुहरूमध्ये कुनै एकलाई देखेर नै निमित्त उत्पन्न हुन्छ। शीशा, चाँदी, र चन्द्रमण्डलमा पनि निमित्त उत्पन्न हुन्छ।

माथि बताइएअनुसार सेतो पुष्पहरूले, सेतो वस्त्रले या सेतो धातुले नीलकसिणमा बताइएअनुसार नै कसिणमण्डललाई बनाएर "अवदात, अवदात" (सेतो सेतो) भन्दै मनमा गर्नुपर्दछ। शेष पृथ्वीकसिणमा भनिएझैं बुझ्नुपर्दछ।

## आलोककसिण

आलोक (प्रकाश) कसिणमा "आलोककसिणको अभ्यास गर्दै आलोकमा निमित्त ग्रहण गर्दछ – भित्ताको प्वालमा या ढोकाको साँचो लगाउने प्वालमा या झ्यालको खुलेको स्थानमा" आदि यस वाक्यले पूर्वजन्ममा अभ्यास गरेको पुण्यवान्लाई भित्ताको प्वाल आदि कुनै एकले सूर्यप्रकाश या चन्द्रप्रकाश प्रवेश गराई भित्ता या भूमिमा गोलाकार हुन्छ अथवा झ्याम्म परेको पातहरूको रूखको हाँगाहरूको बीचबाट या बाक्लो हाँगाहरूबाट बनेको मण्डपको बीचबाट निस्केर भूमिमा नै गोलाकार बन्दछ, त्यसलाई देखेर नै निमित्त उत्पन्न हुन्छ।

पूर्वजन्ममा अभ्यास नगरेकाहरूलाई पनि त्यसरी नै प्रकाशमण्डललाई 'आलोक आलोक" (प्रकाश, प्रकाश) भनेर भावना गर्नुपर्दछ। त्यसरी गर्न नसक्ने भिक्षुलाई गाग्रो भित्र बत्ती बालेर त्यसको मुखलाई बन्द गरी गाग्रोमा गोलो प्वाल पारी भित्तातिर देखाइराख्नुपर्दछ। त्यस प्वालबाट चिरागको प्रकाश निस्केर भित्तामा गोलाकार बन्दछ, तब त्यसलाई 'आलोक, आलोक' भनेर भावना गर्नुपर्दछ। यसरी गरिएको भावना चिरस्थायी हुन्छ।

यहाँ उग्गह-निमित्त भित्ता या भूमिमा बनिएको गोलाईजस्तै नै हुन्छ। प्रतिभाग-निमित्त घना, स्वच्छ, प्रकाश पुञ्जजस्तै हुन्छ। शेष पृथ्वीकसिणमा भनिएझैं बुझ्नुपर्दछ।

## परिच्छिन्नाकास-कसिण

परिच्छिन्नाकास -कसिणमा पनि "आकासकसिणको अभ्यास गर्दै आकाशमा निमित्त ग्रहण गर्दछ – भित्ताको प्वालमा, ताड्को प्वालमा या झ्यालको प्वालमा" आदि यस वाक्यद्वारा पूर्वजन्ममा अभ्यास गरेको पुण्यवान्लाई भित्ताको प्वाल आदिमध्ये कुनै एकलाई देखेर नै निमित्त उत्पन्न हुन्छ।

पूर्वजन्ममा अभ्यास नगरेकोलाई राम्ररी छाएको मण्डपमा या छाला, चटाई आदिमध्ये कुनै एकमा एक बित्ता चार अंगुलको प्वाल गरी या त्यसै भित्ताको प्वाल आदिलाई "आकाश, आकाश" भन्दै भावना गर्नुपर्दछ।

यहाँ उग्गहनिमित्त भित्तामा बनेको प्वालजस्तै नै हुन्छ। त्यो बढाउँदा पनि बढ्दैन। प्रतिभागनिमित्त आकाशमण्डल नै भएर जानकारी हुन्छ र अरू बढाउँदा पनि बढ्दछ। शेष पृथ्वीकसिणमा भनिएअनुसार नै जान्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

## प्रकीर्णककथा

*इति कसिनानि दसवलो दस यानि अवोच सब्बधम्मदसो ।*
*रूपावचरम्हि चतुक्कपञ्चकज्झानहेतूनि ॥*
*एवं तानि च तेसञ्च भावनानयमिमं विदित्वान ।*
*तेस्वेव अयं भिय्यो पकिण्णककथापि विञ्ञेय्या ॥*

(यसप्रकार सर्वधर्मदर्शी, दशबल भगवान् बुद्धले रूपावचरमा चतुष्कनय र पञ्चकनय ध्यानहरूको हेतु जुन दश कसिणहरूलाई बताउनुभयो, त्यसको र त्यसको भावनाको यसढंगलाई यसरी जानेर ,त्यसैमा यो अरू पनि प्रकीर्णककथा जान्नुपर्दछ ।)

यसमा दीघनिकाय (१,२) अनुसार पृथ्वीकसिणद्वारा "एक भएर पनि धेरै हुन्छ" आदिको हुनु,आकाश या जलमा पृथ्वी बनाएर पैदल हिंड्नु, उभिनु, बस्नु आदि गर्नु र परित्र-अप्रमाणको रूपमा अभिभायतनको प्राप्ति आदि यस्ता कार्य सिद्ध हुन्छन् ।

आपोकसिणले पृथ्वीमा डुब्नु, उत्रिनु, पानीको वर्षा गर्नु, नदी, समुद्र आदिलाई बनाउनु, पृथ्वी,पर्वत, प्रासाद आदिलाई हल्लाउनु आदि यस्ता कार्य सिद्ध हुन्छन् ।

तेजोकसिणद्वारा धुंवा गर्नु, प्रज्वलित हुनु, अंगारको वर्षा गर्नु, आगोले आगोलाई निभाइदिनु, जसलाई ऊ चाहन्छ त्यसलाई जलाउने सामर्थ्य हुनु, दिव्यचक्षुद्वारा रूपलाई देख्नको लागि प्रकाश गर्नु, परिनिर्वाणको समय अग्निद्वारा शरीरलाई जलाउनु आदि यस्ता कार्य सिद्ध हुन्छन् ।

वायोकसिणद्वारा वायुको चालले हिंड्नु, आँधी उत्पन्न गर्नु आदि यस्ता कार्य सिद्ध हुन्छन् ।

नीलकसिणद्वारा नीलरंगको रूपलाई बनाउनु, अन्धकार गर्नु, सुवर्ण र दुर्वर्णअनुसार अभिभायतन र शुभ विमोक्षको प्राप्ति आदि यस्ता कार्य सिद्ध हुन्छन् ।

पीतकसिणद्वारा, पहेंलो रंगको रूपलाई बनाउनु, 'सुवर्ण हो' यस्तो निस्सन्देह गर्नु र माथि भनिएअनुसार नै अभिभायतन र शुभ विमोक्षको प्राप्ति आदि यस्ता कार्य सिद्ध हुन्छन् ।

लोहितकसिणद्वारा रातोरंगको रूप बनाउनु, माथि भनिएअनुसार नै अभिभायतन र शुभविमोक्षको प्राप्ति आदि यस्ता कार्य सिद्ध हुन्छन् ।

अवदातकसिणद्वारा सेतो बनाउनु, थिनमिद्धलाई हटाउनु, अन्धकारलाई नाश गर्नु, दिव्यचक्षुद्वारा रूपलाई देख्नको लागि प्रकाश गर्नु आदि कार्य सिद्ध हुन्छन् ।

आकाशकसिणद्वारा ढाकिएकोलाई उघारिदिनु, पृथ्वी, पर्वत आदिमा पनि आकाश बनाएर इर्यापथ गर्नु, भित्ताको यस पारबाट उसपार स्पर्श नगरी जानु आदि यस्ता कार्य सिद्ध हुन्छन् ।

सबै कसिणहरूद्वारा "माथि, तल, तेर्सो, एक्लै, अप्रमाणलाई" यसप्रकार भनिएको भेदलाई प्राप्त गर्दछन् । मज्झिम निकाय र अंगुत्तर निकायअनुसार भनिएको छ – "एक भिक्षु पृथ्वीकसिणलाई माथि, तल, तेर्सो, एक्लै, अप्रमाण जान्दछ ।

यसमा, माथि = माथि आकाशतल तर्फलाई । तल = तल भूमितल तर्फलाई । तेर्सो = खेतको घेराजस्तै चारैतिरबाट अलग भएकोलाई । कोही माथिलाई नै कसिणलाई बढाउँदछ, कोही तल, कोही चारैतिर कसिणलाई बढाउँछ । अथवा दिव्यचक्षुद्वारा रूपलाई हेर्ने इच्छा हुनेको प्रकाशलाई बढाउनेसमान



Downloaded from http://www.dhamma.digital

त्यसत्यसकारणहरूले यसरी फैलाउँदछ। त्यसैले भनिएको हो – "माथि, तल, तेर्सो।" एक्लो = यो शब्द अरूको अभावबाट एकलाई प्रकट गर्नको लागि भनिएको हो। जसरी पानीमा डुबेकोलाई सारा दिशाहरूमा पानी हुन्छ, अन्य केही होइन, यसरी नै पृथ्वीकसिणको भावना गर्नेलाई पृथ्वीकसिण नै हुन्छ, उसलाई अन्य कसिण भेद हुँदैन। यसरी नै सबैमा जान्नुपर्दछ। अप्रमाण = यो त्यसको असीमित स्फरण (व्याप्त गर्नु)अनुसार भनिएको छ। किनकि त्यसलाई चित्तद्वारा स्फरण गर्दै सम्पूर्णलाई नै स्फरण गर्दछ। यो यसको आरम्भ र यो मध्य हो यसरी प्रमाण ग्रहण गर्दैन।

"जुन सत्व (१) कर्मको आवरणयुक्त छन्, (२) क्लेशको आवरणयुक्त छन् या (३) विपाकको आवरणयुक्त छन्, (४) श्रद्धा, छन्दरहित र दुष्प्रज्ञ छन्, ती कुशलधर्महरूमा सम्मत र नियमलाई प्राप्त गर्नको लागि असमर्थ छन्।" यसप्रकार विभङ्ग पालिमा भनिएको व्यक्तिहरूमध्ये कुनैलाई पनि कसिणमा भावना पूर्ण हुँदैन।

(१) कर्मको आवरणयुक्त = आमा, बाबु, अरहन्तहरूको हत्या गर्नु, संघमा फुट ल्याउनु, तथागतको शरीरबाट रगत बहाउनु - यी पाँच आनन्तरिय कर्महरूयुक्त व्यक्तिहरूलाई भनिन्छ।

(२) क्लेशको आवरणयुक्त = अहेतुकवाद, अक्रियवाद र नास्तिकवाद आदि नियत मिथ्यादृष्टि भएका व्यक्तिहरु।

(३) उभतोव्यञ्जक = स्त्रीपुरुष दुवै लिंगबाटयुक्त र पण्डक (नपुंसक)हरूलाई भनिन्छन्।

(४) विपाकको आवरणयुक्त = कुशलविपाक अहेतुक-प्रतिसन्धिद्वारा उत्पन्न पशु योनी या बहिरो आदि अपाङ्गहरू अहेतुक र ज्ञानरहित प्रतिसन्धिद्वारा उत्पन्न ला।टो मूर्ख मानिसहरू द्विहेतुक प्रतिसन्धि भएकाहरू हुन्छन्।

(५) श्रद्धारहित = बुद्ध आदिमा विश्वास नगर्नेलाई भनिन्छ।

(६) छन्दरहित = अप्रतिकूल प्रतिपदा (मार्ग) मा छन्द नगर्नु भनिन्छ।

(७) दुष्प्रज्ञ = लौकिक र लोकोत्तर सम्यकदृष्टिरहित हुन्छन्।

(८) कुशलधर्महरूमा सम्मत र नियामलाई प्राप्त गर्नको लागि असमर्थ छन् = कुशलधर्महरूमा नियाम र सम्मत नामक आर्यमार्गलाई प्राप्त गर्नको लागि असमर्थ छन् र कसिणमा मात्र होइन, अन्य कर्मस्थानहरूमा पनि यसको एकको पनि भावना सिद्ध हुँदैन। यसैले विपाकको आवरणलाई टाढाबाटै त्याग गरी सद्धर्मश्रवण र सत्पुरुषको आश्रय आदिद्वारा श्रद्धा, छन्द र प्रज्ञालाई बढाएर कर्मस्थानको अनुयोगमा लाग्नुपर्दछ।

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धिमार्गमा समाधि भावनाको भागमा*
*शेष कसिण निर्देश नामक*
*पाँचौं परिच्छेद समाप्त*



Downloaded from http://www.dhamma.digital

# छैठौं परिच्छेद

## अशुभ कर्मस्थान निर्देश

कसिणको अनन्तर जुन अशुभ कर्मस्थान भनिएको छ त्यसमा- (१) उध्दमातक = दस अचेतन (अविञ्ञानक - विज्ञानरहित) अशुभहरूमध्ये वायुले भरिएको भाथी (खँलाती) जस्तै- मृत्युपछि क्रमशः उत्पन्न भएको सुन्निएर फुलिएको हुनाको कारण उध्दमात भनिन्छ। उध्दमात नै उध्वमातक हो। अथवा प्रतिकूल (घृणित) हुनाले कुत्सित (निन्दित) उध्दमातक हो। त्यसप्रकारको फुलेको मृत शरीरको यो नाम हो।

(२) विनीलक = सेतो रातोरंगले मिलेको वर्ण विनील भनिन्छ। विनिल (विशेषरूपले मिश्रितनील) नै विनीलक हो। अथवा प्रतिकूल हुनाले कुत्सित विनील विनीलक हो। अधिक मासुयुक्त स्थानहरूमा रातोरंग, पीप एकत्र भएको स्थानहरूमा सेतोरंग र अधिकांश नीलोरंगको नीलो स्थानमा नीलो वस्त्रलाई ओढेकोफैं मृत शरीरको यो नाम हो।

(३) विपुब्बक = फुटेको स्थानहरूमा बहँदै गरेको पीपको नाम विपुब्ब हो। विपुब्ब नै विपुब्बक हो। अथवा प्रतिकूल हुनाले कुत्सित विपुब्ब विपुब्बक हो। त्यसप्रकारको पीप बहँदै गरेको मृत शरीरको यो नाम हो।

(४) विच्छिद्दक = काटेको कारणले दुई भागमा अलग भएकोलाई विच्छिद्द भनिन्छ। विच्छिद्द नै विच्छिद्दक हो। अथवा प्रतिकूल हुनाले कुत्सित विच्छिद्द - विच्छिद्दक हो। बीचमा छिद्र भएको मृत शरीरको यो नाम हो।

(५) विक्खायितक = यहाँ र त्यहाँ नानाप्रकारले कुकुर, स्याल आदिद्वारा खाएको विक्खायित भनिन्छ। विक्खायित नै विक्खायितक हो। अथवा प्रतिकूल हुनाले कुत्सित विक्खायित विक्खायितक हो। त्यसप्रकारको जनावरहरूले खाएको मृत शरीरको यो नाम हो।

(६) विक्खित्तक = विविधप्रकारद्वारा (कुकुर, स्याल आदिद्वारा) खाएर फ्याँकिएको विक्खित्त भनिन्छ। विक्खित्त नै विक्खित्तक हो। अथवा प्रतिकूल हुनाले कुत्सित विक्षिप्त हो - विक्खित्तक हो। एकातिर हात छ, एकातिर खुट्टा, अर्कोतिर टाउको-यसरी ठाउँठाउँमा फ्याँकिएको मृत शरीरको यो नाम हो।

(७) हत विक्खित्तक = हतियार आदिद्वारा मारिएको र विक्खित्तकजस्तै नै यताउता फ्याँकिएको हत विक्खित्तक हो। कागको खुट्टाको आकारद्वारा अंगप्रत्यंगहरूमा हतियारद्वारा प्रहार गरेर माथि भनिएजस्तै यताउता फ्याँकिएको मृत शरीरको यो नाम हो।

(८) लोहितक = रगत छिर्किएको, फैलिएर यताउता बहन्छ, यसैले लोहितक भनिन्छ। बहेको र गतद्वारा पोतिएको मृत शरीरको यो नाम हो।



Downloaded from http://www.dhamma.digital

(९) पुलुवक = पुलुवा कीरा भनिन्छ। पुलुवाहरूलाई यस्ले फैलाउँछ यसैले पुलुवक भनिन्छ। कीरा परेको मृत शरीरको यो नाम हो।

(१०) अट्ठिक = अट्ठि (हड्डी) नै अट्ठिक हो। अथवा प्रतिकूल हुनाले कुत्सित अस्थि-अस्थिक हो। हड्डीसमूहको या एक सानो हड्डीको पनि यो नाम हो।

यी उर्ध्वमातक आदिको सहारा उत्पन्न भएको निमित्तको पनि, निमित्तहरूमा प्राप्त ध्यानहरूका पनि - यी नै नाम हुन्।

## उध्दमातक अशुभनिमित्त

फुलेको शरीरमा उध्दमातक निमित्तलाई उत्पन्न गरी उध्दमातक नामक ध्यानको भावना गर्ने इच्छुक योगीलाई पृथ्वीकसिणमा भनिएअनुसार नै उक्तप्रकारको आचार्यकहाँ गएर कर्मस्थानलाई सिक्नुपर्दछ। आचार्यले पनि योगीलाई कर्मस्थानलाई भन्दै – (१) अशुभनिमित्तको लागि जाने ढंग (२) चारैतिर निमित्तहरूलाई राम्ररी देख्नु (३) एघार प्रकारले निमित्तलाई ग्रहण गर्नु (४) गएको र आएको मार्गको प्रत्यवेक्षण गर्नु – यसरी अर्पणाको विधानसम्म सबै भन्नुपर्दछ। त्यस योगीले पनि राम्ररी सिकेर पहिले उक्तप्रकारको शयनासनमा गएर उध्दमातक-निमित्तलाई खोज्दै विहार गर्नुपर्दछ।

### १ अशुभनिमित्तको लागि जाने ढंग

यसरी विहार गर्दै "अमुक गाउँमा, जंगलमा, मार्गमा, पर्वतको फेदमा, रूखमुनि वा श्मशानमा उध्दमातक शरीर फ्याँकिएको छ" भनी भन्दै गरेको मानिसहरूको कुरा सुनेर, त्यसै क्षण घाट नभएको नदी आदिमा पार तर्न सोझै हिडेझैं जानु हुँदैन। किन ? यो अशुभ हिंसक जन्तुहरूद्वारा पनि घेरिएको हुन्छ, अमनुष्यहरूबाट पनि घेरिएको हुन्छ, त्यहाँ यसको जीवनको अन्तराय (विघ्न) हुन सक्छ। या जाने मार्ग जहाँ गाउँदेखि, नुहाउने घाटदेखि, अथवा खेतको किनाराकिनारा हुन्छ, त्यहाँ विषभागरूप देखापर्छ, या त्यही लाश विषभाग हुन्छ, किनकि पुरुषको लागि स्त्रीको शरीर या स्त्रीको लागि पुरुषको शरीर विषभाग हो। त्यो तत्काल मरेको लाश शुभको स्तरमा पनि जानिन्छ। त्यसले यस योगीको ब्रह्मचर्य (भिक्षु जीवन) को अन्तराय पनि हुन सक्दछ। यदि "यो मजस्तो योगीको लागि कठिन छैन" भनी आफ्नो लागि मनदृढ गर्न सक्दछ भने यसप्रकार मनदृढ हुने योगी जान सक्दछ र जाँदा संघको स्थविर या अन्य प्रसिद्ध भिक्षुसंग भनेर जानुपर्दछ।

किन ? यदि श्मशानमा अमनुष्य, सिंह, बाघ आदिको रूपमा, शब्द आदिको अनिष्ट आलम्बनद्वारा अभिभूत भएर त्यसको अंगप्रत्यंग दुःख्दछ, खाएको पेटमा पच्दैन, अन्य कुनै रोग भएमा तब ऊ विहारमा उसको पात्रचीवर सम्हाल्दछ। तरुण भिक्षु या श्रामणेरहरूलाई पठाएर त्यस भिक्षुको सेवा गराउँछ।

अरू पनि, 'श्मशान निराशंक स्थान हो' भनी विचार गर्दै चोरहरूले मनुष्यहरूद्वारा पीछा गर्दै जाँदा, भिक्षुकहाँ सामान फ्याँकेर भागेर जान्छन्। मनुष्यहरूले माल (दसी)संग चोरलाई भेटियो भन्दै भिक्षुलाई पक्रेर पीडित गर्दछन्। तब विशिष्ट भिक्षु वा व्यक्तिले यसलाई पीडित नगर, यसले मलाई भनेर यस कामको लागि गएको थियो" भनेर ती मानिसहरूलाई सम्झाएर त्यसलाई बचाउनेछ। त्यसैले



Downloaded from http://www.dhamma.digital

भनेर जानुमा यो गुण छ ।

यसैले त्यसप्रकारको भिक्षुलाई भनेर अशुभनिमित्तलाई देख्नका लागि उत्कट अभिलाषाले, जसरी राजा अभिषेक हुने स्थानलाई, यजमान (यज्ञकर्ता) यज्ञशालातर्फ, या निर्धन सम्पत्ति गाडेर राखेको स्थानतर्फ प्रीति-सौमनस्यपूर्वक जान्छ, त्यसरी नै प्रीति-सौमनस्य उत्पन्न गरी अट्ठकथाहरूमा भनिएको विधानले जानुपर्दछ ।

यो भनिएको छ – "उध्दमातक अशुभनिमित्तलाई ग्रहण गर्ने भिक्षु एक्लै, विनाकुनै अन्यसंग, उपस्थित स्मृतिले नभूलीकन, इन्द्रियहरूलाई संयम गरी, बाहिर नपठाएको चित्तद्वारा - गएको र आएको मार्गको प्रत्यवेक्षण गर्दै जान्छ । जुन प्रदेशमा उध्दमातक अशुभनिमित्त फ्याँकिएको हुन्छ, त्यस प्रदेशमा ढुंगाहरू, कमिलाको घर, रूख, या लतालाई निमित्तपूर्वक देख्दछ, त्यसलाई आलम्बन गर्दछ । निमित्तलाई देखेर, आलम्बन गरेर, उध्दमातक अशुभनिमित्तलाई  वर्णले पनि, लिङ्गले पनि, बनावटले पनि, दिशाले पनि, अवकाश (स्थान)ले पनि, परिच्छेदले पनि, जोड्ले, प्वालले, होचो स्थानबाट, अग्लो स्थानबाट, चारैतिरबाट स्वभावानुसार राम्ररी हेर्दछ, । ऊ त्यस निमित्तलाई राम्ररी ग्रहण गर्दछ, राम्ररी देख्दछ .. राम्ररी व्यवस्थित गर्दछ ।

ऊ त्यस निमित्तलाई राम्रोप्रकारले ग्रहण गरी ... एक्लै, विनाकुनै दोस्रोसंग, उपस्थित स्मृतिले नभुलेको चित्तले, गएको र आएको मार्गको प्रत्यवेक्षण गर्दै जान्छ । ऊ चक्रमण गर्दा पनि, त्यसअशुभलाई मनमा विचार गर्दै नै चक्रमण गर्दछ । बस्दा पनि त्यसलाई नै मनन गरी बस्दछ ।

चारैतिर निमित्तहरूलाई देख्नुको के प्रयोजन छ ? के आनिशंस (गुण) छ ? चारैतिर निमित्त उत्पन्नहरूलाई हेर्नु असंमोहको लागि हो । उग्गहनिमित्त उत्पन्न हुँदा असंमोह उत्पन्न हुनु यसको गुण हो ।

एघार प्रकारले निमित्तलाई ग्रहण गर्नुको के प्रयोजन छ ? के आनिुशंस छ ? एघार प्रकारले निमित्तलाई ग्रहण गर्नु अशुभालम्बनमा चित्तलाई बाँध्नको लागि हो । त्यसमा चित्तलाई बाँध्नु यसको गुण हो ।

गएको र आएको मार्गको प्रत्यवेक्षण के को लागि हो ? त्यसको गुण के हो ? ,गएको र आएको मार्गको प्रत्यवेक्षण कर्मस्थानको वीथिलाई राम्ररी प्रतिपादन गर्नको लागि हो । कर्मस्थानको वीथिको राम्ररी प्रतिपादन गर्नु यसको गुण हो ।

त्यो आनिशंस देख्ने भिक्षु, रत्नसंज्ञी (निमित्तलाई रत्नजस्तै सम्झिने व्यक्ति) भएर निमित्तप्रति गौरव र प्रेम गर्दै, त्यस आलम्बनमा चित्तलाई बाँध्दछ । "अवश्य म यस प्रतिपदा (मार्ग) द्वारा जरामरणदेखि छुटकारा पाउनेछु" भनी श्रद्धा वृद्धि गरी कर्मस्थान बढाउँछ । ऊ कामरहित ... प्रथमध्यानलाई प्राप्त भएर विहार गर्दछ । उसलाई रूपावचरको प्रथमध्यान, दिव्यविहार र भावनामय -पुण्यक्रियावस्तु प्राप्त हुन्छ ।

यसैले जुन चित्तमा संवेग उत्पन्न गर्नको लागि मृत शरीरलाई हेर्न जान्छ, ऊ घण्टी बजाएर भिक्षुगणलाई एकत्र गरेर पनि जावस्  तर कर्मस्थानलाई प्रधान गरी जानेलाई एक्लै, विनाअरूको साथ, मूल कर्मस्थानलाई नत्यागी, त्यसलाई मनमा गर्दै, श्मशानमा कुकुर आदिको बिघ्नलाई हटाउनको लागि



Downloaded from http://www.dhamma.digital

डण्डा या लट्ठी लिएर मूल कर्मस्थानलाई राम्ररी स्मरण गरी राखेकोले स्मृतिलाई नभुलाएर र मनकोसाथ ६ इन्द्रियहरूलाई मूल आलम्बनमा (मूल कर्मस्थानमा) राखेर अन्य आलम्बनमा मन नपठाउँदै, जानुपर्दछ। अन्य आलम्वनमा नगएको मन भएर जानुपर्दछ।

विहारबाट निस्कंदा नै "फलाना दिशामा, फलाना ढोकाबाट निस्कन्छु" यसरी ढोकालाई ठीकठीक देख्नुपर्दछ। त्यसपश्चात् जुन मार्गबाट जान्छ, त्यस मार्गको विचार गर्नुपर्दछ। "यो मार्ग पूर्वदिशातर्फ जान्छ, पश्चिम, उत्तर या दक्षिणदिशातर्फ अथवा विदिशा उपदिशातर्फ, यस स्थानमा बाँयाबाट जान्छ, यस स्थानमा दाहिनेबाट, यस स्थानमा वल्मीक, रूख, विरुवा, लता, छ।" यसरी जाने मार्गको ठीकठीक विचार गर्दै निमित्तको स्थानमा जानुपर्दछ, तर उल्टाहावा होइन। किनकि सम्भवतः उल्टाहावा जाने भिक्षुको मुर्दाको दुर्गन्ध नाकमा पसेर मस्तिष्कलाई चंचल गरोस्, भोजनलाई वान्ता गरावस्, या यस्तो दुर्गन्ध स्थानमा आएछु भन्ने पछुताउ पनि उत्पन्न गरोस्। यसैले उल्टाहावालाई छोडेर सिधाहावाअनुसार जानुपर्दछ। यदि सिधाहावा लागेको मार्गबाट जान सक्दैन भने बीचमा पहाड, प्रपात, चट्टान, घेरा, काँटायुक्त स्थान, पानी या फोहर होस् तब चीवरको टुप्पाले नाकलाई बन्द गरी जानुपर्दछ। यो जाने ढंग हो।

## २ निमित्तलाई अवलोकन गर्नु

यसप्रकारले जाने भिक्षुलाई पहिले अशुभनिमित्तको अवलोकन गर्नु हुँदैन। दिशाको मात्र विचार गर्नुपर्दछ। किनकि एक दिशामा उभिएको भिक्षुलाई आलम्बन स्पष्ट भएर जानकारी हुँदैन र चित्त पनि भावनाकर्मयोग्य हुँदैन। यसैले त्यसलाई छाडेर जहाँ उभिंदा आलम्बन स्पष्ट भएर जानकारी हुन्छ र चित्त पनि भावनाकर्मयोग्य हुन्छ, त्यहाँ उभिनुपर्दछ। उल्टा र सिधा दुवै हावालाई त्यागिदिनुपर्छ। किनकि उल्टाहावामा उभिएको भिक्षुको चित्त मुर्दाको दुर्गन्धबाट वाक्क लागेर यताउता दौडिन्छ र सिधाहावामा उभिएको भिक्षुलाई यदि त्यस मुर्दामाथि रहने अमनुष्य हुन्छन् भने ती क्रुद्ध भएर अनर्थ गर्दछन्। यसैले अलिकत्ता हटेर उभिनुपर्दछ, धेरै सिधाहावामा उभिनु हुँदैन।

यसरी उभिंदा पनि न धेरै टाढा, न धेरै नजिक, न खुट्टाको नजिक, र न टाउकोको नजिक उभिनुपर्दछ। किनकि धेरै टाढा उभिनेलाई आलम्बन स्पष्ट हुँदैन, अत्यन्त नजिकमा भय उत्पन्न हुन्छ, खुट्टाको या टाउकोको नजिक बस्नेलाई सम्पूर्ण अशुभ (निमित्त) बराबर देखापर्दैन। यसैले न धेरै टाढा,न धेरै नजिक, हेरेर अवलोकन योग्य स्थानमा शरीरको बीचको भागमा उभिनुपर्दछ। यसप्रकार उभिनेलाई "त्यस प्रदेशमा पत्थर या लतालाई निमित्तपूर्वक हेर्दछ" यसरी भनिएअनुसार चारैतिर निमित्तलाई राम्ररी हेर्नुपर्दछ। यसलाई राम्ररी हेर्नको लागि यो विधान हो – यदि त्यस निमित्तको चारैतिर हेर्दा ढुंगा हुन्छ, तब त्यो यो ढुंगा अग्लो छ या होचो, सानो या ठूलो, तामाको रंगको या कालो अथवा सेतो छ, लामो हो या गोलो हो, त्यसरी राम्ररी हेर्नुपर्दछ। त्यसपश्चात्, यस स्थानमा यो ढुंगा हो, यो अशुभनिमित्त हो, यो अशुभनिमित्त र यो ढुंगा हो, यसरी विचार गर्नुपर्दछ। यदि वल्मीक हुन्छ भने त्यो पनि अग्लो छ या होचो, सानो हो या ठूलो, तामाको रंगको हो या कालो अथवा सेतो, लामो हो या गोलो यसरी विचार गर्नुपर्दछ। तत्पश्चात् यस स्थानमा वल्मीक छ र अशुभ निमित्त छ' यसरी विचार गर्नुपर्दछ। यदि रूख हुन्छ भने त्यो पीपल हो या वर हो, कच्छक हो या कत्थाको, अग्लो छ या होचो,ठूलो सानो छ या ठूलो, कालो छ वा सेतो विचार गर्नुपर्दछ। तत्पश्चात् यस स्थानमा यो रूख छ र यो



Downloaded from http://www.dhamma.digital

अशुभनिमित्त छ यसरी विचार गर्नुपर्दछ। यदि साना रूख हुन्छ भने त्यो पनि खजुर हो या वमन्द (करवन), कनवीर हो या कुरण्डक (जयन्ती) हो, अग्लो छ या होचो, सानो छ या ठूलो यसरी विचार गर्नुपर्दछ। तत्पश्चात् यस स्थानमा सानो रूख छ र यो अशुभनिमित्त छ यसरी विचार गर्नुपर्दछ। यदि लता हुन्छ भने त्यो पनि लौका हो, कोहडा हो, श्यामा हो या कालवल्ली हो अथवा गुरुचि हो यसरी विचार गर्नुपर्दछ। तत्पश्चात् यस स्थानमा यो लता हो र यो अशुभनिमित्त हो, यो अशुभनिमित्त हो र यो लता हो - यसरी विचार गर्नुपर्दछ।

जुन भनिएको छ – "त्यसलाई निमित्त र आलम्बनसहित हेर्दछ" त्यो यसैमा आएको छ, किनकि वारम्वार ठीकसंगले हेर्दै निमित्तसंगै देख्दछ र यो ढुंगा हो, यो अशुभनिमित्त हो, तथा यो अशुभनिमित्त हो यो ढुंगा हो, यसरी दुईदुईलाई मिलाएर राम्ररी हेर्दै त्यसलाई आलम्बनसंग हेर्दछ। यसरी निमित्त र आलम्बनसहित हेरेर पुनः "स्वभावानुसार राम्ररी हेर्दछ भनिएको हुनाले, जुन यसको स्वाभाविक भाव हो अन्यसंग असाधारण हुने छ र आफ्नो उर्ध्वमातक हो, यसरी त्यसको स्वभाव र कार्यद्वारा विचार गर्नुपर्दछ भन्ने यो अर्थ हो। यसप्रकार राम्ररी हेरी विचार गरी "वर्णले पनि, लिङ्गले पनि, बनावटले पनि, दिशाले पनि, अवकाशले पनि, परिच्छेदले पनि, आदिप्रकारले निमित्तलाई ग्रहण गर्नुपर्दछ।

## ३ निमित्त ग्रहण गर्नु

कसरी ? त्यस योगीलाई - (१) यो शरीरको कालो मानिसको हो, सेतो मानिसको हो या गोरो मानिसको हो ? यसरी वर्ण (रंग) द्वारा विचार गर्नुपर्दछ।

(२) लिङ्गले = स्त्रीलिङ्ग या पुल्लिङ्गका विचार नगरी, प्रथम अवस्था (वैंश) मध्यम अवस्था या पछिल्लो अवस्थाको यो शरीर हो यसरी विचार गर्नुपर्दछ।

(३) वनावटले = उध्दमातकको बनावटानुसार यो यसको टाउकोको बनावट हो, यो पेटको बनावट हो, यो नाभीको बनावट हो, यो कमरको बनावट हो। यो तिघ्राको बनावट हो, यो नली खुट्टाको बनावट हो, यो खुट्टाको बनावट हो यसरी विचार गर्नुपर्दछ।

(४) दिशाले = यस शरीरमा दुई दिशा छन् (१) नाभीदेखि तलतिरको दिशा र (२) माथि माथिल्लो दिशा यसरी विचार गर्नुपर्दछ अथवा म यस दिशामा उभिएको छु, अशुभनिमित्त .यस दिशामा छ यसरी विचार गर्नुपर्दछ।

(५) अवकाशले = यस स्थानमा हात छ, यसमा खुट्टा, यसमा टाउको, त्यसमा बीचको शरीर - यसरी विचार गर्नुपर्दछ। अथवा म यस स्थानमा उभिएको छु र अशुभनिमित्त यसमा छ - यसरी विचार गर्नुपर्दछ।

(६) परिच्छेदले = यो शरीर तल खुट्टादेखि लिएर माथि तालुको केशसम्म तेर्सो छालाले बाँडिएको छ। यसप्रकारको बाँडिएको स्थानमा बत्तीस प्रकारका दुर्गन्धहरूले भरिएअनुसार नै विचार गर्नुपर्दछ। अथवा यो यसको हातको भाग हो, यो खुट्टाको भाग हो, यो बीचको शरीरको भाग हो - यसरी विचार गर्नुपर्दछ या जति स्थान उध्दमातानुसार ग्रहण गर्नु छ, त्यति नै यो यसप्रकारको उर्ध्वमातक हो - यसरी परिच्छेद गर्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

सभागले = पुरुषको लागि स्त्रीको शरीर या स्त्रीको लागि पुरुषको शरीर हुनु हुँदैन । विषभाग शरीरमा अशुभालम्बन जानिदैन । "मरेर फूलेको स्त्रीको शरीर पनि पुरुषको चित्तलाई पक्रेर राख्दछ" यसरी मज्झिम निकायको अट्ठकथामा भनिएको छ । यसैले सभाग शरीर अर्थात् पुरुषको लागि पुरुषको शरीर र स्त्रीको लागि स्त्रीको शरीरमा यसरी ६ प्रकारले निमित्तलाई ग्रहण गर्नुपर्दछ ।

पूर्वका बुद्धहरूकहाँ कर्मस्थानको पालन गरेको, धुतांगको परिहरण गरेको, चार महाभूतहरूको परिमर्दन गरेको, स्वलक्षणले प्रज्ञाद्वारा संस्कारहरूको परिग्रह गरेको, नामरूपको (प्रत्ययको परिग्रहद्वारा) विचार गरेको, शून्यताको अनुपश्यनाको बलद्वारा सत्वको विचारलाई हटाएका, श्रमणधर्म गरेको, कुशल वासना र कुशल भावनालाई पूर्ण गरेको, कुशलको बीजद्वारा मुक्त, बढेको ज्ञान र अल्पक्लेशयुक्त जो कुलपुत्र भिक्षु हो, उसको देखेदेखेको स्थानमा नै प्रतिभाग-निमित्त जानिन्छ । यदि यसरी जानकारी हुँदैन भने यसरी ६ प्रकारले निमित्तलाई ग्रहण गर्नेलाई जानकारी हुन्छ ।

जसलाई यसरी पनि जानकारी हुँदेन, उसलाई सन्धिले, (जोड) द्वारा, विवर, (प्वाल)द्वारा, होचोले अग्लोले, चारैतिरबाट - यसरी पुनः पाँच प्रकारले निमित्तलाई ग्रहण गर्नुपर्दछ ।

(७) सन्धिले = एकसय अस्सी सन्धिहरूले । उर्ध्वमातक शरीरमा कसरी एकसय अस्सी सन्धिहरूलाई विचार गर्दछ ? यस योगीले तीन दाहिने हातको सन्धि (काँध, कुहिना, हत्केला), तीन वायाँ हातको सन्धि, तीन दाहिना खुट्टाको सन्धि (कम्मर, घुँडा, गोलिगाँठो), तीन वायाँ खुट्टाको सन्धि, एक गर्दनको सन्धि, एक कम्मरको सन्धि, यसप्रकार चौदह महासन्धिअनुसार विचार गर्नुपर्दछ ।

(८) विवरले = विवर भनिन्छ - हात र शरीरको अन्तरलाई (खालि ठाउँ), दुवै खुट्टाबीचको अन्तरलाई, पेटको नाभीलाई कानको अन्तर प्वाललाई । यसप्रकार विवरले विचार गर्नुपर्दछ । आँखाहरू पनि बन्द हुँदा वा उघार्दा र मुखको खुल्ला या बन्द भएकोलाई विचार गर्नुपर्दछ ।

(९) होचोले = जुन शरीरमा तल्लो स्थान छ - आँखाको खाल्डो, मुखको बीचको भाग या घाँटीको खाल्टो - त्यसलाई विचार गर्नुपर्दछ ।

(१०) अग्लोले = जुन शरीरमा उठेको छ - घुँडा, छात्ती, निधार त्यसलाई विचार गर्नुपर्दछ । अथवा म अग्लो ठाउँमा उभिएको छु, शरीर होचो छ – यसरी विचार गर्नुपर्दछ ।

(११) चारैतिरबाट = सम्पूर्ण शरीरलाई चारैतिरबाट विचार गर्नुपर्दछ । सारा शरीरमा ज्ञान फैलाएर, जुन स्थान स्पष्ट भएर जानकारी हुन्छ, त्यहाँ उध्दमातक, उद्धमातक सोचेर "चित्तलाई स्थिर गर्नुपर्दछ । यदि यसरी पनि जानकारी हुदैन भने पेटदेखि लिएर माथिको शरीर अधिक फुलेको हुन्छ । त्यहाँ उध्दमातक, उध्दमातक" सोचेर चित्तलाई स्थिर गर्नुपर्दछ ।

उ, त्यस निमित्तलाई राम्ररी ग्रहण गर्दछ, आदिमा यो विनिश्चय कथा छ - त्यस योगीलाई त्यस शरीरमा यथोक्त निमित्तलाई ग्रहण गरिनेअनुसार निमित्तलाई ग्रहण गर्नुपर्दछ । स्मृतिलाई राम्ररी उपस्थित गरी आवर्जन गर्नुपर्दछ । यसरी वारम्वार आवर्जन गर्दै राम्ररी सोच्नु विचार गर्नुपर्दछ । शरीरबाट न धेरै टाढा र न धेरै समीप प्रदेशमा उभिएर वा बसेर आँखालाई उघारी हेरेर निमित्तलाई ग्रहण गर्नुपर्दछ । "उध्दमातक प्रतिकूल, उध्दमातक प्रतिकूल" भनी सोचेर सयपल्ट, हजारपल्ट आँखालाई



Downloaded from http://www.dhamma.digital

उघारी हेर्नुपर्दछ र आँखालाई बन्द गरेर त्यसलाई आवर्जन गर्नुपर्दछ।

यसरी वारम्वार आवर्जन गर्नेलाई उग्गहनिमित्त राम्ररी ग्रहण हुन्छ। कहिले राम्ररी ग्रहण हुन्छ ? जब आँखालाई खोलेर अवलोकन गर्दछ र आँखालाई बन्द गरेर आवर्जन गर्दछ, र त्यो एकसमान भएर जानकारी हुन्छ, तब राम्ररी ग्रहण गरिएको हुनेछ।

अब त्यस निमित्तलाई यसरी राम्ररी ग्रहण गरी, राम्ररी धारण गरी, राम्ररी विचार गरी, यदि त्यहीं भावनाको अन्तलाई प्राप्त गर्न सक्दैन भने यसलाई आउने समयमा भनिएअनुसार नै एक्लै, विनाकुनै दोस्रोसंग, त्यसै कर्मस्थानलाई मनमा गरी स्मृतिलाई अगाडि बनाउँदै, इन्द्रियहरूलाई भित्र गरी, बाहिर नगएको मनद्वारा आफ्नो शयनासनतर्फ फर्किनुपर्दछ।

## ४ मार्ग प्रत्यवेक्षण गर्नु

श्मशानदेखि निस्कंदा आउने मार्गको विचार गर्नुपर्दछ - जुन मार्गद्वारा निस्किन्छु, यो मार्ग पूर्वदिशातर्फ जान्छ, या पश्चिम, उत्तर, दक्षिण, या विदिशातर्फ। अथवा यस स्थानमा वायाँतिर, यहाँ दाहिनातिर तथा यस स्थानमा ढुंगा छ, यहाँ वल्मीक छ, यहाँ रूख छ, यहाँ सानो रूख छ, यहाँ लता छ।'

यसरी आउने मार्गलाई राम्ररी देखेर आएर हिंडडुल गर्दा पनि त्यसतर्फ नै हिंडडुल गर्नुपर्दछ। अशुभनिमित्तको दिशातर्फको भूमिप्रदेशमा हिंडडुल गर्नुपर्दछ - यो यसको अर्थ हो। बस्दाखेरि पनि आसनलाई त्यसैतर्फ नै बिछ्याउनुपर्दछ।

यदि त्यस दिशामा खाल्डो, प्रपात, रूख, घेरा, या हिलो हुन्छ, त्यस दिशातर्फको भूमिप्रदेशमा हिंडडुल गर्न सकिंदैन, स्थान नभएको कारण आसन पनि बिछ्याउनु सकिंदैन, तब त्यस दिशालाई नहेर्दै खाली स्थानानुसार हिंडडुल गर्नु र बस्नुपर्दछ, तर चित्तलाई त्यस दिशातर्फ नै गर्नुपर्दछ।

चारैतिर निमित्तहरूलाई देख्नु के को लागि हो ? आदि प्रश्नहरूको सम्मोह नहुनुको लागि' आदि उत्तरको यो तात्पर्य हो। जसलाई असमयमा उर्ध्वमातक-निमित्तको स्थानमा गएर चारैतिर निमित्तहरूलाई राम्ररी हेरेर, अशुभनिमित्तलाई ग्रहण गर्नको लागि आँखालाई उघारी अवलोकन गर्दै नै, यो मृत शरीर उठेर उभिएकोझैं, माथि आएजस्तै, र पीछा गरेकोझैं भएर जानकारी हुन्छ। त्यो त्यस वीभत्स (विरुप), भयानक आलम्बनलाई देखेर विक्षिप्त चित्त भएको पागलजस्तै हुनजान्छ। भय, जड्ता, रौं ठाडो (लोमहर्षण) हुनथाल्दछ। पालिमा भनिएको ३८ आलम्बनहरूमध्ये यस्तो भयानक आलम्बन अन्य कुनै छैन। यस कर्मस्थानमा योगी ध्यानविभ्रान्त (ध्यानदेखि च्युत) हुन्छ। किन ? कर्मस्थान अत्यन्त भयानक हुनाले। यसैले त्यस योगीलाई निश्चल भएर स्मृतिलाई राम्ररी अगाडि गरी "यदि मन्त्र आदिको प्रयोग गरिएको छैन या देवता आदिले अधिगृहीत छैन या उध्दमातक आदि नभएर जिउँदै शरीर होइन भने 'मृत शरीर उठेर कहिले पीछा गर्दैन, यदि यसको नजिक स्थित त्यो ढुंगा या लता आयो भने मात्र शरीर पनि आउनेछ। तर जसरी त्यो ढुंगा र लता आउँदैन, त्यसरी नै शरीर पनि आउँदैन।' त्यसैले त्यो तिम्रो जानकारी हुने आकार हो, यस्तो भावनाको कल्पनाबाट उत्पन्न र सम्भूत हो, आज तिम्रो कर्मस्थान उपस्थित छ, भिक्षु नडराऊ।" यसप्रकार बिचार गरी भयलाई मेटेर, प्रीति उत्पन्न गरी त्यस निमित्तमा चित्तलाई लगाउनुपर्दछ। यसरी विशेषतालाई प्राप्त गर्दछ। यसैप्रति भनिएको हो - चारैतिर निमित्तहरूलाई देख्नु सम्मोह नहुनको लागि हो।



Downloaded from http://www.dhamma.digital

एघार प्रकारले निमित्तको ग्रहण गर्नेलाई पूर्ण गर्दै कर्मस्थानलाई बाँध्दछ । उसलाई आँखालाई उघारेर अवलोकन गर्नुको प्रत्ययले उग्गहनिमित्त उत्पन्न हुन्छ। त्यसमा मनलाई लगाउँदै प्रतिभागनिमित्त उत्पन्न हुन्छ । त्यसलाई मनमा लगाउँदै अर्पणालाई पाउँदछ र अर्पणामा स्थिर भएर विपश्यनालाई बढाउँदै अर्हत्वको साक्षात्कार गर्दछ । यसैले भनिएको हो – एघार प्रकारले निमित्तलाई ग्रहण गर्नु चित्तलाई बाँध्नुको लागि हो ।

गएको र आएको मार्गको प्रत्यवेक्षण गर्नु वीथिको राम्ररी प्रतिपादनको लागि हो। यहाँ जुन गएको र आएको मार्गको प्रत्यवेक्षण भनिएको छ, त्यो कर्मस्थानको वीथिको राम्ररी प्रतिपादनको लागि हो भन्नु यसको अर्थ हो ।

यदि कर्मस्थानलाई ग्रहण गरी आउँदै गरेको यस भिक्षुलाई कोहीकोही मार्गमा - "भन्ते, आज कुनचाहिं तिथि हो भनी सोध्दछ ? या दिन सोध्दछ अथवा प्रश्न सोध्दछ या भेट्दा कुराकानी गर्दछ तब 'म कर्मस्थान गर्ने हुँ" सोचेर चुपचाप भएर जानु हुँदैन, दिन बताउनुपर्दछ। प्रश्नको उत्तर दिनुपर्दछ। यदि जान्दैन भने "जान्दिन' भन्नुपर्दछ। धार्मिक कुराकानी गर्नुपर्दछ। उसको यसरी गर्दै धारण गरेको तरुणनिमित्त नष्ट हुन्छ। त्यसको नष्ट भए तापनि दिन सोध्दा भन्नु नै पर्दछ। प्रश्नलाई जान्दैन भने 'जान्दिन' भन्नुपर्दछ । आगन्तुकभिक्षुलाई देखेर आगन्तुकको योग्य कुराकानी गर्नुपर्दछ । अवशेष पनि चैत्यको आँगनव्रत, बोधिको आँगनव्रत, उपोसथागारको व्रत, भोजनशाला, जन्ताघर (अग्निशाला), आचार्य, उपाध्याय, आगन्तुक, जाने भिक्षु (गमिक)को व्रत, आदि यसरी विनयपिटकमा आएको सम्पूर्ण व्रतस्कन्धक व्रतहरूलाई पूर्ण गर्नुपर्दछ।

त्यसलाई पूर्ण गर्दै पनि त्यसको त्यो तरुणनिमित्त नष्ट हुन्छ। फेरि गएर निमित्त ग्रहण गर्नेछु, सोचेर जानु चाहनेलाई पनि अमनुष्यहरू या हिंसक जन्तुहरूद्वारा घेरिएको हुनाले श्मशान पनि जान अयोग्य हुन्छ, या निमित्त अन्तर्धान हुन्छ, किनकि उध्दमातक एक नै या दुई दिन रहेर विनीलक आदि भइजान्छ। त्यसैले सबै कर्मस्थानहरूमध्ये यो जति दुर्लभ कर्मस्थान अरू कुनै छैन ।

यसैले यस्तो निमित्तको नाश हुँदा त्यस भिक्षुलाई रात्रि या दिनको स्थानमा बसेर "म यस द्वारदेखि विहारबाट निस्केर फलाना दिशातर्फ मार्गमा हिंडेर, फलाना स्थानमा वायाँ भएर, फलाना स्थानमा दाहिने, त्यसको फलाना स्थानमा पत्थर फलाना स्थाना वल्मीक, रूख, सानो बोट, लताहरूमध्ये कुनै एक थियो। मैले त्यस मार्गबाट गएर फलाना स्थानमा अशुभलाई देखें। त्यहाँ दिशातर्फ उभिएर यस्तोयस्तो चारैतिर निमित्तहरूको विचार गरी यस्तो अशुभनिमित्तलाई धारण गरी फलाना दिशाबाट श्मशानदेखि निस्केर यसप्रकारको मार्गबाट योयो गर्दै आएर यहाँ बसे। यसप्रकार पलेटी मारेर जहाँ बस्ने स्थान छ, त्यहाँसम्म गएको र आएको मार्गको प्रत्यवेक्षण गर्नुपर्दछ।

उसको यसरी प्रत्यवेक्षण गर्दै, त्यो निमित्त प्रकट हुन्छ। अगाडि राखिएकोझैं जानकारी हुन्छ। कर्मस्थान पहिलेको आकारले नै चित्त विथिमा आउँछ। त्यसैले भनिएको छ – "गएको र आएको मार्गको प्रत्यवेक्षण गर्नु वीथिलाई राम्ररी प्रतिपादनको लागि हो।"

आनिशंस देख्ने, रत्नसंज्ञी भएर त्यसको गौरव र त्यसलाई प्रेम गर्दै, त्यस आलम्बनमा चित्तलाई बाँध्दछ।" यहाँ उर्ध्वमातकको प्रतिकूल (घृणित) निमित्तमा मनलाई लगाएर ध्यानलाई उत्पन्न गरी,



Downloaded from http://www.dhamma.digital

ध्यानको पदस्थापन (प्रत्यय) विपश्यनालाई बढाउँदै, "अवश्य यस प्रतिपदाद्वारा जरामरणदेखि छुटकारा पाउनेछु" यसरी आनिशंस देख्ने हुनुपर्दछ ।

जसरी निर्धनपुरुष बहुमूल्य मणिरत्नलाई पाएर "अहा, मैले दुर्लभ रत्नलाई पाएँ" भनी सोचेर त्यसलाई रत्न भएको विचार गरी गौरव गर्दै, विपुल प्रेमले प्रेम गर्दै त्यसको रक्षा गरोस्, यसरी नै "निर्धनको बहुमूल्य मणिरत्नजस्तै मैले यस दुर्लभ कर्मस्थानलाई पाएँ भनी सोचेर चार धातुहरूको कर्मस्थानयुक्त योगी आफ्नो चारै महाभूतहरूको परिग्रह गर्दछ । आनापानको कर्मस्थानीक आफ्नो नाकको हावा (श्वास) को परिग्रहण गर्दछ । कसिणको कर्मस्थान सुलभ छन्, तर यो एकै या दुई दिन रहन्छ, त्यसपश्चात् विनीलक आदि हुन्छ, अतः यसबाट दुर्लभतर अन्य कुनै छैन" यसरी त्यसमा र त्नसंज्ञी भएर त्यसको गौरव र त्यसलाई प्रेम गर्दै त्यस निमित्तको रक्षा गर्नुपर्दछ । रात्री या दिनको स्थानमा उर्ध्वमातक प्रतिकूल, उर्ध्वमातक प्रतिकूल भनी यसरी त्यसमा वारम्वार चित्तलाई बाँध्नुपर्दछ, वारम्वार त्यस निमित्तलाई आवर्जन गर्नुपर्दछ, त्यसलाई मनमा बसाउनुपर्दछ र त्यसप्रति तर्कवितर्क गर्नुपर्दछ ।

यसरी गर्ने योगीलाई प्रतिभाग-निमित्त उत्पन्न हुन्छ । यो दुवै निमित्तहरूको भेद हो । उग्गहनिमित्त विरूप, बीभत्स, भयानकरूप भएर जानकारी हुन्छ, तर प्रतिभाग-निमित्त इच्छाभर खाएर सुतेको मोटो अंगयुक्त पुरुषजस्तै हुन्छ ।

त्यसको प्रतिभाग-निमित्तको प्राप्तिको समकालमा नै (१) बाह्य कामरागहरूलाई मनमा नगर्नाले विक्कम्भन प्रहाणको रूपमा कामच्छन्द प्रहीण हुन्छ । (२) रगतको प्रहाणले पीप प्रहीण भइजानेझैं अनुनय (रुकावट)को प्रहाणले व्यापाद पनि प्रहीण हुन्छ । (३) त्यसरी प्रारब्ध वीर्य (परिश्रमी) हुनाले थिनमिद्ध, (४) पश्चाताप उत्पन्न नगर्ने शान्तधर्मको अनुयोगले उद्द्च्चकुक्कुच्च प्रहाण हुन्छ । (५) प्राप्त भएको विशेष गुणको प्रत्यक्ष हुनाले प्रतिपत्तिको उपदेश गर्ने शास्तामा प्रतिपत्ति र प्रतिपत्तिको फलमा विचिकिच्छा, यसप्रकार पाँचै नीवरणहरू प्रहीण हुन्छन् । साथै त्यसै निमित्तमा (१) चित्तलाई लगाउने स्वभावयुक्त वितर्क, (२) निमित्तलाई अनुमर्दन गर्ने कामलाई पूर्ण गर्दै विचार, (३) विशेषगुणको प्राप्तिको प्रत्ययले प्रीति, (४) मनलाई प्रश्रब्धिको उत्पन्न हुनाको कारण प्रश्रब्धि, त्यो निमित्त सुख हो, र (५) सुखीलाई चित्त समाधि उत्पन्न हुनाको कारण सुखको प्रत्ययद्वारा एकाग्रता - यसप्रकार ध्यानका ५ अंगहरु उत्पन्न हुन्छन् ।

यसरी यसलाई प्रथमध्यानको प्रतिबिम्ब भएको उपचार ध्यान पनि त्यसै क्षण उत्पन्न हुन्छ । यसपश्चात् प्रथमध्यानको अर्पणा र वशीको प्राप्तिसम्म पृथ्वीकसिणमा भनिएअनुसार नै जान्नुपर्दछ ।

## विनीलक अशुभनिमित्त

यसपश्चात् विनीलक आदिमा पनि त्यो उध्दमातक अशुभनिमित्तको अभ्यास गर्नको लागि एक्लै, विनाअरू कसैसंग, उपस्थित समृतिले आदि ढंगले गएदेखि लिएर सबै लक्षण भनिएका छन् । ती सब 'विनीलक अशुभनिमित्तलाई सिक्नको लागि, विपुब्बक अशुभनिमित्त सिक्नको लागि" यसरी त्यस त्यसअनुसार 'उध्दमातक' शब्द मात्रलाई परिवर्तन गरी भनिएअनुसार नै विनिश्चयपूर्वक तात्पर्यलाई जान्नुपर्दछ ।

तर यो विशेष भेद हो । विनीलकमा "विनीलक प्रतिकूल, विनीलक प्रतिकूल" भन्दै मनमा गर्नुपर्दछ । यहाँ उग्गह-निमित्त टाटेपाटेरंगको भएर जानकारी हुन्छ, तर प्रतिभाग-निमित्त जुन रंगको



Downloaded from http://www.dhamma.digital

अधिकता हुन्छ, त्यस रंगानुसार जानकारी हुन्छ।

## विपुब्बक अशुभनिमित्त

विपुब्बकमा, 'विपुब्बक प्रतिकूल, विपुब्बक प्रतिकूल' भनी मनमा गर्नुपर्दछ। यहाँ उग्गह-निमित्त पग्लिएझैं जानकारी हुन्छ। प्रतिभाग-निमित्त निश्चल र स्थिर भएर जानकारी हुन्छ।

## विच्छिद्दक अशुभनिमित्त

विच्छिद्दक युद्धको मैदानमा, चोरहरू बस्ने जंगलमा या जहाँ राजा चोरहरूलाई मार्न लगाउछ, हातखुट्टा काट्न लगाउँछ अथवा जंगलमा सिंहबाघद्वारा मरिएको पुरुषहरू स्थानमा पइन्छ। यसैले त्यस्तो स्थानमा गएर, यदि नाना दिशाहरूमा खसेको पनि एक आवर्जनले देखापर्दछ भने धेरै राम्रो र यदि देखापर्दैन भने स्वयं हातले छुनु हुँदैन। छुएमा घृणाभाव कम भएर मित्रता भइजान्छ। यसैले विहारमा रहने मानिस, श्रामणेर या अन्य कसैद्वारा एक स्थानमा जम्मा गराइलिनुपर्छ। यदि कसैलाई नपाएबाट टेक्ने लौरो (कत्तरयट्ठि) या डण्डाले एक अंगुल फरक पारेर नजिक गर्नुपर्दछ। यसरी नजिक राखेर "विच्छिद्दक प्रतिकूल, विच्छिद्दक प्रतिकूल" भनी मनमा गर्नुपर्दछ। त्यहाँ उग्गह-निमित्त परिपूर्ण भएर जानकारी हुन्छ।

## विक्खायितक अशुभनिमित्त

विक्खायितकमा "विक्खायितक प्रतिकूल, विक्खायितक प्रतिकूल" भनी मनमा गर्नुपर्दछ। यहाँ उग्गह-निमित्त त्यसत्यस स्थानमा खाएकोझैं जानकारी हुन्छ तर प्रतिभाग-निमित्त परिपूर्ण भएर जानकारी हुन्छ।

## विक्खित्तक अशुभनिमित्त

विक्खित्तक पनि विच्छिद्दकमा भनिएअनुसार नै अंगुलअंगुलको फरक गराएर या स्वयं गरी "विक्खित्तक प्रतिकूल, विक्खित्तक प्रतिकूल" भनी मनमा गर्नुपर्दछ। यहाँ उग्गह-निमित्त अन्तरहरू प्रकट भएको जानकारी हुन्छ, तर प्रतिभाग-निमित्त परिपूर्ण भएर जानकारी हुन्छ।

## हत विक्खित्तक अशुभनिमित्त

हत विक्खित्तक पनि विच्छिद्दकमा भनिएप्रकारको स्थानहरूमा नै पाइन्छ। यसैले त्यहाँ गएर माथि भनिएप्रकारले नै अंगुलअंगुलको फरक गराएर या स्वयं गरी "हत विक्खित्तक प्रतिकूल, हत विक्खित्तक प्रतिकूल" मनमा गर्नुपर्दछ। यहाँ उग्गह-निमित्त घाउको मुखजस्तै देखापर्दछ, प्रतिभाग-निमित्त परिपूर्ण नै भएर जानकारी हुन्छ।

## लोहितक अशुभनिमित्त

लोहितक लडाईको मैदान आदिमा प्रहार पाएको या हातखुट्टा आदि काटिएको हुनाले या फुटेको घाउ खटेराहरूको मुखबाट बहने समय पाइन्छ। यसैले त्यसलाई देखेर "लोहितक प्रतिकूल, लोहितक प्रतिकूल" भनी मनमा गर्नुपर्दछ। यहाँ उग्गह-निमित्त वायुको फरफराएको रातो पताकाजस्तै हल्लिने, चल्ने, चंचल आकारमा जानकारी हुन्छ, तर प्रतिभाग-निमित्त स्थिर भएर जानकारी हुन्छ।

## पुलुवक अशुभनिमित्त

पुलुवक दुईतीन दिन बितेपछि मुर्दाको नौ ब्रणमुख(९ द्वार)हरूबाट कीरा परेर बहने समय हुन्छ



Downloaded from http://www.dhamma.digital

यस बाहेक त्यो कुकुर, स्याल, मनुष्य, गाई, भैंसी, हात्ती, घोडा, अजिंगर आदिको कुहेको शरीरमा पनि धानको भातको राशिजस्तै कीराहरू परेका हुन्छन्। त्यसमा जहाँकहीं "पुलुवक प्रतिकूल" भनी मनमा गर्नुपर्दछ। चूल पिण्डपातिक तिष्य स्थविरलाई श्रीलंकाको कल्लु दिव वेप (कालदीघवापी)को पोखरीभित्र हात्तीको मृतशरीरमा निमित्त जानकारी भयो। यहाँ उग्गह-निमित्त चल्ने गरेकोझैं जानकारी हुन्छ, तर प्रतिभाग-निमित्त धानको भातको पिण्डजस्तै स्थिर भएको जानकारी हुन्छ।

## अट्ठिक अशुभनिमित्त

अट्ठिक, "त्यो स्मशानमा फ्याँकिएको मासु, रगत नसाहरूले बाँधिएको हड्डीकंकाल शरीरलाई देखोस्' आदि ढंगले, नानाप्रकारले दीघनिकाय (२,९) अनुसार भनिएको छ। यसैले जहाँ त्यो फ्याँकिएको हुन्छ, त्यहाँ पहिलेअनुसार नै गएर चारैतिर ढुंगा आदिअनुसार निमित्त र आलम्बनलाई हेरेर "यो अस्थिक हो" यसरी स्वभावानुसार राम्ररी विचार गरी वर्ण (रंग) आदिअनुसार एघार प्रकारले निमित्तलाई ग्रहण गर्नुपर्दछ। तर 'यो वर्णले सेतो छ' यसरी अवलोकन गर्दा प्रतिकूल स्तरमा जानकारी हुँदैन। किनकि अवदातकसिणसंग मिश्रित हुनजान्छ। यसैले "अस्थिक हो" यसरी प्रतिकूलअनुसार नै अवलोकन गर्नुपर्दछ।

यहाँ हात आदिको नाम लिङ्ग हो। यसैले हात, खुट्टा, टाउको, छाती, पाखुरा, कम्मर, तिघ्रा, नलिखुट्टानुसार लिङ्गले विचार गर्नुपर्दछ। दीर्घ, ह्रस्व, चारकुने, सानो, ठूलोअनुसार बनावटले विचार गर्नुपर्दछ। दिशा र अवकाश भनिएकोअनुसारले नै विचार गर्नुपर्छ। त्यसत्यस हड्डीहरूको कोटिअनुसार परिच्छेदले विचार गरी, जुन यहाँ प्रकट भएर जानकारी हुन्छ, त्यसलाई नै ग्रहण गरी अर्पणालाई प्राप्त गर्नुपर्दछ। त्यसत्यस हड्डीहरूको होचो, अग्लो स्थानानुसार होचो र अग्लोले विचार गर्नुपर्दछ। प्रदेशानुसार पनि 'म तल उभेको छु' हड्डी माथि छ र म माथि उभेको छु, हड्डी तल छ' आदि यसप्रकारले पनि विचार गर्नुपर्दछ। दुई हड्डीहरूको जोर्नीअनुसार सन्धिले विचार गर्नुपर्दछ। हड्डीहरूको अन्तरानुसार विवरले विचार गर्नुपर्दछ। सर्वत्र नै ज्ञानको सञ्चार गरी, यस स्थानमा "यो छ" यसरी चारैतिरबाट विचार गर्नुपर्दछ। यसप्रकारले पनि निमित्तको उपस्थित हुँदा निधारको हड्डीमा चित्तलाई स्थिर गर्नुपर्दछ। जसरी यहाँ, त्यसरी नै एघार प्रकारले निमित्तलाई ग्रहण गर्नुलाई र यसभन्दा पहिले भनिएको पुलुवक आदिमा पनि मिल्ने गरी विचार गर्नुपर्दछ।

यो कर्मस्थान सारा हड्डीकंकालको एक हड्डीमा पनि सिद्ध हुन्छ। यसैले त्यसमा जहाँकहीं पनि एघार प्रकारले निमित्तलाई ग्रहण गरी "अस्थिक प्रतिकूल, अस्थिक प्रतिकूल" मनमा गर्नुपर्दछ। यहाँ उग्गह-निमित्त र प्रतिभाग-निमित्त एकसमान नै हुन्छ - यसरी जुन अर्थकथामा भनिएको छ, त्यो एक हड्डीमा नै मेल खान्छ। तर हड्डीकंकालको उग्गह-निमित्तको जानकारी हुँदा प्वालको हुनु र प्रतिभागनिमित्तमा परिपूर्ण हुनु मेल खान्छ। एक हड्डीमा पनि उग्गह-निमित्तलाई बीभत्स तथा भयानक हुनुपर्दछ। प्रतिभागनिमित्त प्रीति-सौमनस्यलाई उत्पन्न गर्ने उपचारलाई ल्याउँदछ।

यस स्थानमा जुन अट्ठकथाहरूमा भनिएको छ, त्यो द्वार देखेर (मार्ग देखाएर) नै भनिएको हो। किनकि त्यसरी नै यहाँ "चार ब्रह्मविहारहरू र दश अशुभहरूमा प्रतिभाग-निमित्त छैन। ब्रह्मविहारहरूमा सीमाको सम्भेद नै निमित्त हो र दश अशुभहरूमा शुभको विचारलाई त्याग गरी प्रतिकूल भावलाई नै देख्दा निमित्त हुन्छ" आदि भनेर पनि, फेरि त्यसपश्चात् नै - "यहाँ निमित्त दुई



Downloaded from http://www.dhamma.digital

प्रकारका हुन्छन् - उग्गहनिमित्त र प्रतिभागनिमित्त । उग्गहनिमित्त विरुप, बीभत्स, भयानक भएर जानकारी हुन्छ" आदि भनिएको छ। यसैले जुन विचार गरी हामीले भन्यौं, यही यहाँ युक्त छ। महातिष्य स्थविरलाई दाँतको हड्डी मात्रको अवलोकनले स्त्रीका सारा शरीरलाई हड्डीसमूहको रूपले जानकारी हुनु आदि यहाँ उदाहरण हो ।

## प्रकीर्णककथा

*इति असुभानि सुभगुणो दस दससतलोचनेन थुतकित्ति ।*
*यानि अवोच दसवलो एकेकज्झानहेतूनि ॥*
*एवं तानि च तेसञ्च भावनानयमिमं विदित्वान ।*
*तेस्वेव अयं भिय्यो पकिण्णककथापि विञ्ञेय्या ॥*

(यसप्रकार परिशुद्ध गुणयुक्त, सहस्र नेत्र (इन्द्र)द्वारा 'यो धीरो सब्बधि दन्तो' आदिप्रकारले प्रशंसित कीर्ति दशबल बुद्धले एकएक ध्यानको हेतु जुन अशुभहरूलाई भन्नुभयो, त्यसलाई र त्यसको भावना गर्ने ढंगलाई यसरी जानेर त्यसैमा अरू पनि यो प्रकीर्णक कथा जान्नुपर्दछ ।)

यसमध्ये जुनकुनैमा पनि ध्यानलाई प्राप्त गरेको रागलाई राम्ररी नै दवाइदिने कारणले विरागीजस्तै लोभरहित भएर विचारण गर्ने हुन्छ। यस्तो हुँदा पनि जुन यो अशुभको भेद भनिएका छन्, त्यसलाई शरीरको स्वभाव र रागचरितअनुसार जान्नुपर्दछ।

मृतशरीर प्रतिकूल हुँदै भएको उद्धमातक स्वभावलाई प्राप्त होस् या विनीलक आदिमध्ये कुनै एकलाई; । अतः जुनजुन प्रकारको हुन सक्दछ, त्यसत्यस प्रकारमा "उध्दमातक प्रतिकूल, विनीलक प्रतिकूल" भनी निमित्तलाई ग्रहण गर्नुपर्दछ। शरीरको स्वभावको प्राप्तिअनुसार दस प्रकारको अशुभको भेद भनिएका छन् भनी जान्नुपर्दछ।

विशेषरूपले यहाँ उध्दमातकले शरीरको बनावट विपत्तिलाई प्रकाशित गर्नाले बनावटप्रति राग गर्नेहरूलाई हितकर (सप्पाय) छ। विनीलकले छविको सुन्दरताको विपत्तिलाई प्रकाशित गर्नाले शरीरको वर्ण (रंग)मा राग गर्नेहरूलाई हितकर छ । विपुब्बकले कायको वर्णले बाँधिएको दुर्गन्धलाई प्रकाशित गर्नाले मालागन्ध आदिद्वारा उत्पन्न शरीरको सुगन्धमा राग गर्नेलाई हितकर छ। विच्छिद्दकले भित्र प्वाल हुने कुरालाई प्रकाशित गर्नाले शरीरको घनभाव (कस्सिएको)मा राग गर्नेहरूलाई हितकर छ। विक्खायितकले मासुको उपचय सम्पत्तिको विनाशको प्रकाशित गर्नाले स्तन आदि शरीरको प्रदेशहरूमा मासु उपचयमा राग गर्नेलाई हितकर छ। विक्खित्तकले अंगप्रत्यंगको विक्षेपलाई प्रकाशित गर्नाले अंगप्रत्यंगको लीलामा राग गर्नेलाई हितकर छ । हतविक्खित्तकले शरीरको संघात (सुसम्बद्ध हुनु) को भेदले विकारलाई प्रकाशित गर्नाले शरीरको सुसम्बद्ध हुने सम्पत्तिमा राग गर्नेलाई हितकर छ । लोहितकले रगतले मुछिएको प्रतिकूल भावलाई प्रकाशित गर्नाले अलंकारले उत्पन्न शोभा (सौन्दर्य)मा राग गर्नेलाई हितकर छ। पुलुवकले कायलाई अनेक कृमिसमूह (स्याउँस्याउँ कीरा पर्नु) को लागि साधारण हुनेलाई प्रकाशित गर्नाले कायप्रति ममत्वमा राग गर्नेलाई हितकर छ । अस्थिकले शरीरको हड्डीहरूको प्रतिकूललाई प्रकाशित गर्नाले दाँत सम्पत्तिमा राग गर्नेहरूको लागि हितकर छ' । यसरी रागचरित भेदअनुसार पनि दस प्रकारका अशुभको भेद भनिएका छन् भनी जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

यी दश प्रकारका पनि अशुभहरूमा जसरी अस्थिर जल, तेजधार नदीमा जहाज (पालवाला) लंगर (पाल) को बलद्वारा नै रोकिन्छ, विनालंगरले रोक्न सकिन्न, यसरी नै आलम्बनको दुर्बल हुनाले वितर्कको बलद्वारा चित्त एकाग्र भएर रोकिन्छ, विनावितर्कद्वारा रोक्न सकिंदैन, यसैले प्रथमध्यान नै यहाँ हुन्छ , द्वितीयध्यान आदि हुँदैन ।

प्रतिकूल हुँदा पनि यस आलम्बनमा "अवश्य यस प्रतिपदाद्वारा म जरामरणद्वारा छुटकारा पाउनेछु" यसरी आनिशंसलाई देख्ने र नीवरणहरूको संतापको प्रहाणले प्रीति-सौमनस्य उत्पन्न हुन्छ । जस्तै - "अब धेरै तलब पाउनेछु" भनी आनिशंस देख्ने पोडेको लागि गुह राशीजस्तै तथा उत्पन्न भएको व्याधिले दुःखी रोगीको वमन, विरेचन गर्नुझैं सौमनस्य उत्पन्न हुन्छ ।

यी दशप्रकारका अशुभ पनि लक्षणले एक नै हुन्छ, यस दश प्रकारका पनि अशुचि, दुर्गन्ध,जिगुप्सा, प्रतिकूलको हुनु नै लक्षण हो । यस लक्षणले न केवल मृतशरीरमा दाँतको हड्डी देख्ने चैत्यपर्वतवासी महातिष्य स्थविर र हात्तीमाथि बसेको राजालाई देख्ने संघरक्षित स्थविरको सेवाटहल गर्ने श्रामणेरजस्तै जीवित शरीरमा पनि जानकारी हुन्छ ।

## एक श्रामणेरको कथा

एकपल्ट संघरक्षित स्थविर श्रामणेरसंग जाँदै मार्गमा हात्तीमा सवार सजिएको राजालाई आउँदै गरेको देखेर श्रामणेरलाई भन्नुभयो - "के हेरिरहेछौ ?" तब श्रामणेरले "हड्डी कंकालमाथि हड्डी कंकाललाई देखिरहेछु" भनी जवाफ दियो । तब स्थविरले उसलाई उपनिश्रययुक्त जानेर भन्नुभयो - "हो, ठीक तिमीले यथार्थ देखिरहेका छौ ।"

जुनप्रकार मृतशरीर (अशुभ) हो, त्यसैप्रकार जीवितशरीर पनि अशुभ नै हो । जीवितशरीरमा अशुभ लक्षण आगन्तुक अलंकारले ढाकिएको हुनाले जानकारी हुँदैन । स्वभावतः यो शरीर तीन सयभन्दा अधिक हड्डीहरूद्वारा उभिएको छ । एकसय अस्सी जोर्नीद्वारा जोडिएको छ । नौसय नसाहरूद्वारा बाँधिएको छ । नौसय मांसपेशिहरूद्वारा लेपिएको छ । गीलो छालाद्वारा घेरिएको छ । छविद्वारा ढाकिएको छ । सानोठूलो प्वालयुक्त बोसोद्वारा भरिएको थालजस्तै नित्य तलमाथि बहने परजीवीद्वारा सेवित, रोगहरूको घर, सारा दुःख धर्महरूको आश्रयवस्तु, फुटेको पुरानो खटेराजस्तै नौ व्रणमुखहरूद्वारा सर्वदा बहने हुन्छ, जसको दुवै आँखाहरूबाट चिप्राबहन्छ, कानको प्वालबाट कानेगुजी, नाकको प्वालबाट सिंघान, मुखबाट आहार, पित्त, कफ, जनेन्द्रियहरूबाट दिसा पिसाप र उनानब्बे (८९,०००) हजार रौं प्वालहरूबाट दुर्गन्धसंग मिसिएको पसिना चुहिन्छ । नीलो झिंगा आदि चारैतिरबाट घेर्दछ, दतिवन गर्नु, मुख धुनु, टाउकोमा तेल आदि मल्नु, स्नान गर्नु, लुगा लगाउनु, ओढ्नु आदिद्वारा शरीरको सेवा नगरी, उत्पन्न हुनेझैं नै, कर्कश छरिएको केशयुक्त भएर एक गाउँदेखि अर्को गाउँतर्फ विचरण गर्दै राजा, पोडे, चण्डाल आदिमध्ये कोही पनि एकसमान प्रतिकूल शरीरको हुनाले भेदरहित हुन्छ । यसरी असुचि, दुर्गन्ध, घृणित र प्रतिकूल हुनाको कारण राजा या चण्डालको शरीरमा कुनै भेद छैन ।

दतिवन गर्नु, मुख धुनु आदिद्वारा दाँतेगुहुलाई राम्ररी मलेर, नाना वस्त्रहरूद्वारा लज्जाङ्गहरूलाई ढाकेर, विविध रंगको सुगन्धित वस्तुहरूको लेपन लिपेर, पुष्पआभरण आदिद्वारा सजेर 'म' 'मेरो' ग्रहण योग्य बनाउँदछन् । यसैले यस आगन्तुक अलंकारद्वारा ढाकिएको हुनाले त्यसको यथार्थ अशुभ लक्षणलाई



Downloaded from http://www.dhamma.digital

नजानेर पुरुष स्त्रीहरूमा र स्त्री पुरुषहरूमा रति गर्दछ, तर यहाँ परमार्थद्वारा रागयोग्य अणुमात्र पनि स्थान छैन ।

त्यसरी नै केश, रौं, नङ्ग, दात, थुक, सिंघान, दिसा, पिसाप आदिमध्ये बाहिर निस्कने एक भागलाई पनि सत्व हातले छुनु पनि चाहँदैन । प्रत्युत ती त्यसबाट पीढित भएझैं जानकारी हुन्छ, लज्जित हुन्छ, जिगुप्सा गर्छ । जुन यहाँ अवशिष्ट हुन्छ, त्यो यसरी प्रतिकूल भए तापनि अविद्याको अन्धकारले ढाकिएको, आत्मस्नेहमा अनुरक्त भएर इष्ट, कान्त, नित्य, सुख, आत्म मान्दछ । ती यसरी मान्दै जंगलमा किंशुक (पलाश या पारिभद्रक या सिमल)को रूखलाई देखेर रूखदेखि नझरेको फूललाई "यो मांस पेशी हो , यो मांस पेशी हो" भन्दै सोचेर दिक्दार हुँदै गरेको बुढो स्यालजस्तै हुन जान्छ । यसैले भनिएको छ–

*यथाहि पुप्फितं दिस्वा सिगालो किंसुकं वने ।*
*मंसरुक्खो मया लद्धो इति गन्त्वान वेगसा ॥*
*पतितं पतितं पुप्फं डसित्वा अतिलोलुपो ।*
*नयिदं मंसं अदुं मंसं यं रुक्खस्मिन्ति गण्हति ॥*

(जसरी स्याल वनमा फुलेको सिमलको रुखलाई देखेर "मैले मासुको बोटलाई पाएँ" भनी जानेर, वेगले गएर झरेझरेको फूललाई लालचपूर्ण मुखले पक्रेर "यो मासु होइन, जुन रूखमा छ त्यही मासु हो" भनी मान्दछ ।)

*कोट्ठासं पतितं येव असुभन्ति तथा बुधो ।*
*अगहेत्वान गण्हेय्य सरीरट्ठम्पि नं तथा ॥*

("शरीरद्वारा झरेको भाग नै अशुभ हो" बुद्धिमान् त्यसरी नमानेर शरीरलाई पनि त्यसैप्रकारको अशुभ मानोस् ।)

*इमं हि सुभतो कायं गहेत्वा तत्थ मुच्छिता ।*
*बाला करोन्ता पापानि दुक्खा न परिमुच्चरे ॥*

(मूर्खव्यक्ति यस कायलाई शुभको स्तरमा मानेर, त्यसमा मूर्छित भएर, पाप गर्दै दुःखद्वारा छुटकारा पाउँदैन्न ।)

*तस्मा पस्सेय्य मेधावी जीविनो वा मतस्स वा ।*
*सभावं पूतिकायस्स सुभभावेन वज्जितं ॥*

(यसैले प्रज्ञावान व्यक्ति जीवित या मृत कुहेको शरीरलाई शुभभावरहित स्वभावलाई देखोस् ।)

त्यसैले भनिएको छ –

*"दुग्गन्धो असुचि कायो कुणपो उक्करुपमो ।*
*निन्दितो चक्खुभूतेहि कायो बालाभिनन्दितो ॥*

(शरीर दुर्गन्धित छ, अपवित्र छ, लाशजस्तै छ, चर्पिजस्तै छ, चक्षुयुक्त मानिसहरू (प्रज्ञावानहरू) द्वारा निन्दित छ, तर मूर्ख यस शरीरलाई अभिनन्दन गर्दछ ।)

*अल्लचम्मपटिच्छन्नो नवद्वारो महावणो ।*
*समन्ततो पग्घरति असुचि पूति गन्धियो ॥*



Downloaded from http://www.dhamma.digital

(नरम छालाले ढाकिएको, नौद्वारहरूयुक्त महाव्रण यो काय चारैतिरबाट सडेको दुर्गन्ध फोहरलाई बहाउँदै छ ।)

*सचे इमस्स कायस्स अन्तो बाहिरतो सिया ।*
*दण्डं नून गहेत्वान काके सोणे च वारये ॥*

(यदि यस शरीरको भित्री भाग बाहिर होस्, तब अवश्य डण्डा लिएर कागहरू र कुकुरहरूलाई रोक्नुपरोस् ।)

यसैले प्रज्ञावान् भिक्षुलाई जीवितशरीर होस् या मृतशरीर, जहाँजहाँ अशुभको आकार जानकारी होस्, त्यहाँत्यहाँ निमित्तलाई ग्रहण गरी कर्मस्थानलाई अर्पणासम्म पुऱ्याउनुपर्दछ ।

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धि मार्गमा*
*समाधि भावनाको भागमा*
*अशुभ कर्मस्थान निर्देश नामक*
*छैठौं परिच्छेद समाप्त*

♣♣♣

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# सातौं परिच्छेद

## ६ अनुस्मृति निर्देश

शुभपश्चात् निर्दिष्ट दस अनुस्मृतिहरूमा, वारम्वार स्मृति उत्पन्न हुनाले नै अनुस्मृति हो वा प्रवर्तित हुने स्थानमा नै प्रवर्तित हुनाले, श्रद्धाले प्रब्रजित भएको कुलपुत्रको अनुरुप स्मृति हुनाले पनि अनुस्मृति हो ।

बुद्धप्रति उत्पन्न भएको अनुस्मृति बुद्धानुस्मृति हो । बुद्धगुणको आलम्बनको स्मृतिको यो नाम हो ।

धर्मप्रति उत्पन्न भएको अनुस्मृति धर्मानुस्मृति हो । सुआख्यात हुनु आदि धम्मगुणको आलम्बनको स्मृतिको यो नाम हो ।

संघप्रति उत्पन्न भएको अनुस्मृति संघानुस्मृति हो । सुप्रतिपन्न हुनु आदि संघगुणको आलम्बनको स्मृतिको यो नाम हो ।

शीलप्रति उत्पन्न भएको अनुस्मृति शीलानुस्मृति हो । अखण्ड हुनु आदि शीलगुणको आलम्बनको स्मृतिको यो नाम हो ।

त्यागप्रति उत्पन्न भएको अनुस्मृति त्यागानुस्मृति हो । मुक्तत्यागी हुनु आदि त्यागगुणको आलम्बनको स्मृतिको यो नाम हो ।

देवताप्रति उत्पन्न भएको अनुस्मृति देवतानुस्मृति हो । देवतालाई साक्षीको स्थानमा राखेर आफ्नो श्रद्धा आदि गुणको आलम्बनको स्मृतिको यो नाम हो ।

मरण (मृत्यु) प्रति उत्पन्न भएको अनुस्मृति मरणानुस्मृति हो । जीवितेन्द्रियको उपच्छेद (नाश)को आलम्बनको स्मृतिको यो नाम हो ।

केश आदि भेदयुक्त रूपकायमा गएको (गता) या कायमा गएको 'कायगता' हो । कायगता र स्मृति = कायागतास्मृति - कतै जाने स्थानमा ऱ्हस्व नगरेर कायगतास्मृति भनिएको हो । केश आदि कायको भागहरूको निमित्त आलम्बनको स्मृतिको यो नाम हो ।

आनापान (श्वास प्रश्वास) प्रति उत्पन्न भएको स्मृति आनापानस्मृति हो । आश्वास-प्रश्वासको निमित्तको आलम्बनको स्मृतिको यो नाम हो ।

उपशम (निर्वाण) प्रति उत्पन्न भएको अनुस्मृति उपशमानुस्मृति हो । सबै दुःखहरूको उपशम (शान्ति) को आलम्बनको स्मृतिको यो नाम हो ।

### बुद्धानुस्मृति

यी दश अनुस्मृतिहरूमा प्रथम बुद्धानुस्मृतिको भावना गर्ने इच्छुक, यथार्थरूपले जानेर, श्रद्धावान्



Downloaded from http://www.dhamma.digital

योगीलाई अनुकूल शयनासनमा, एकान्तमा, एकाग्रचित्त भएर –

*"इति पि सो भगवा अरहं सम्मासम्बुद्धो विज्जाचरणसम्पन्नो सुगतो लोकविदू अनुत्तरो पुरिसदम्मसारथि सत्थादेवमनुस्सानं बुद्धो भगवाति ,"*

(उहाँ भगवान् यसरी अर्हत्, सम्यकसम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, अनुपम पुरुषदम्य सारथी, देव मनुष्यहरूको शास्ता, बुद्ध, भगवान् हुनुहुन्छ ।)

- यसप्रकार भगवान् बुद्धका नौ गुणहरूको अनुस्मरण गर्नुपर्दछ ।

यो अनुस्मण गर्ने ढंग हो – "सो भगवा इति पि अरहं, इति पि सम्मासम्बुद्धो ... इति पि भगवा ति" (उहाँ भगवान् यसरी अर्हत् हुनुहुन्छ, यसरी सम्यकसम्बुद्ध हुनुहुन्छ ... ... यसरी भगवान् हुनुहुन्छ ।) यसप्रकार अनुस्मरण गर्नुपर्दछ । यस शब्दको यसकारणले यसरी भनिएको भनी जान्नुपर्दछ ।

(१) अरहं = (क) क्लेशहरूद्वारा टाढा हुनु, (ख) शत्रुहरू र संसारचक्रको आराहरूलाई विनाश गर्नु, (ग) चीवर आदि प्रत्यय आदि पाउनु योग्य हुनु, (घ) पाप गर्नुमा रहश्यको नहुनु यी कारणहरूले उहाँ भगवान् अर्हत् हुनुहुन्छ, यसरी योगी अनुस्मरण गर्दछ ।

उहाँ सबै क्लेशहरूद्वारा धेरै टाढा पुग्नुभएको छ, आर्यमार्गद्वारा वासना (दोष) सहित क्लेशहरूको विध्वंस भएबाट टाढा हुनाले अर्हत् हुनुहुन्छ ।

*सो ततो आरका नाम यस्स येनासमङ्गिता ।*
*असमङ्गी च दोसेहि नाथो तेनारहं मतो ॥*

(जुन जसबाट युक्त छैन, त्यो त्यसबाट टाढा छ, किनकि नाथ (बुद्ध) दोषयुक्त छैन, यसैले अर्हत् मानिन्छ ।)

ती क्लेश वैरी यस मार्गद्वारा मारिएका छन् त्यसैले वैरिहरूलाई मारिएकोले पनि अर्हत् हुनुहुन्छ ।

*यस्मा रागदिसङ्खाता सब्बेपि अरयो हता ।*
*पञ्ञा सत्थेन नाथेन तस्मापि अरहं मतो ॥*

(किनकि राग आदि भनिने सबै वैरी प्रज्ञारूपी हतियारले नाथ (बुद्ध)द्वारा मारिसकियो, यसैले पनि उहाँलाई अर्हत् भनिन्छ ।)

अविद्या र भव तृष्णामय नाहा (नाभी Hub) पुण्य आदि अभिसंस्कारको आरागज (आर Spokes), जरामरणको पुट्ठी (नेमि Rim), आस्रव समुदयरूपी धुरा (अक्ष Axle) ले प्वाल गरी त्रिभवरूपी रथमा सबैप्रकारले जोडिएको अनादि कालदेखि चलिरहेको यो संसारचक्र हो । त्यसलाई उहाँद्वारा बोधिवृक्षमुनि वीर्यको खुट्टाद्वारा, शीलको पृथ्वीमा उभिएर, श्रद्धाको हातले, कर्मको क्षय गर्नु हुने ज्ञानको बञ्चरोलाई लिएर सारा अरि (शत्रुहरूलाई) मारियो, यसैले अरिहरूलाई मार्नाले अर्हत् हुनुहुन्छ । अथवा संसारचक्रलाई नै अनादि संसारको चक्कर भनिन्छ र त्यसको मूल हुनाको कारणले अविद्या नाहा (नाभी) हो, अन्तमा हुनाले जरामरण पुट्ठी हो, तथा संस्कार, विज्ञान, नामरूप, ६ आयतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जन्म, यी दस धर्महरूको मूल अविद्या हुने एवं अन्त जरामरण हुनाले आरागज हुन् ।



Downloaded from http://www.dhamma.digital

दुःख आदिमा अज्ञान नै अविद्या हो। रूपभवको अविद्या रूपभवमा संस्कारहरूको प्रत्यय हुन्छ। अरूपभवको अविद्या अरूपभवमा संस्कारहरूको प्रत्यय हुन्छ। कामभवको संस्कार कामभवमा प्रतिसन्धि विज्ञानको प्रत्यय हुन्छ। रूपभवको संस्कार रूपभवमा विज्ञानको प्रत्यय हुन्छ र अरूपभवको संस्कार अरूपभवमा विज्ञानको प्रत्यय हुन्छ। कामभवको प्रतिसन्धि विज्ञान कामभवमा नामरूपको प्रत्यय हुन्छ। त्यसरी नै रूपभवको विज्ञान रूपभवमा नामरूपको प्रत्यय हुन्छ। तर अरूपभवको विज्ञान अरूपभवमा नामको मात्र नै प्रत्यय हुन्छ। कामभवको नामरूप कामभवमा ६ आयतन (षडायतन)को प्रत्यय हुन्छ। रूपभवको रूपभवमा चक्षु, श्रोत्र र मन तीन आयतनहरूका प्रत्यय हुन्छन्। अरुपभवको नाम अरुपभवमा एक मन आयतनको प्रत्यय हुन्छ। कामभवको ६ आयतन कामभवमा ६ प्रकारका स्पर्शको प्रत्यय हुन्छन्। रूपभवको तीन आयतन रूपभवमा तीन स्पर्शहरूका प्रत्यय हुन्छन्। अरूपभवको एक मनायतन अरूपभवमा एक स्पर्शको प्रत्यय हुन्छ। कामभवको ६ स्पर्श कामभवमा ६ वेदनाहरूको प्रत्यय हुन्छन्। रूपभवको तीन स्पर्श रूपभवमा तीन वेदनाहरूका प्रत्यय हुन्छन्। त्यही तीनैको अरूपभवको एक स्पर्श अरुपभवमा एक वेदनाको प्रत्यय हुन्छ। कामभवको ६ वेदनाहरू कामभवमा ६ तृष्णाकायहरूका प्रत्यय हुन्छन्। रूपभवको तीन वेदनाहरूका रूपभवमा तीन तृष्णा कायहरूका प्रत्यय हुन्छन्। अरूपभवको एक वेदना अरूपभवमा एक तृष्णा कायको प्रत्यय हुन्छ। त्यहाँत्यहाँ त्योत्यो तृष्णा त्यसत्यस उपादानको र उपादान आदिबाट भव आदिको प्रत्यय हुन्छन्।

कसरी ? यहाँ कुनै व्यक्तिले "कामरागहरूको परिभोग गर्नेछु" भन्ने सोचेर कामराग उपादानको प्रत्ययले कायद्वारा दुश्चरित गर्दछ, वचनले दुश्चरित गर्दछ, मनले दुश्चरित गर्दछ र त्यो दुश्चरितको पूर्ति गरी अपायमा उत्पन्न हुन्छ। त्यहाँ त्यसको उत्पन्न हुने हेतु भएको कर्म कर्मभव हो। कर्मद्वारा उत्पन्न भएको स्कन्ध उत्पत्तिभव हो। स्कन्धहरूको उत्पति जाति (जन्म) हो, परिपक्व हुनु वृद्धावस्था हो र विनाश (भेद) मरण हो।

अर्को व्यक्तिले "स्वर्गको सम्पत्तिको अनुभव गर्नेछु" आदि सोचेर त्यसरी नै राम्रो कर्महरू गर्दछ। राम्रो कर्महरूको पूर्तिले स्वर्गमा उत्पन्न हुन्छ। त्यहाँ त्यसको उत्पन्न हुने हेतु भएको कर्म कर्मभव हो। बाँकी यसरी त्यही ढंगले बुझ्नुपर्दछ।

अर्को व्यक्तिले "ब्रह्मलोकको सम्पत्तिको अनुभव गर्नेछु" आदि सोचेर कामको उपदान (ग्रहण गर्नु) को लागि नै मैत्री भावना गर्दछ, करुणा, मुदिता, उपेक्षाको भावना गर्दछ। भावनाको पूर्तिले ब्रह्मलोकमा उत्पन्न हुन्छ। त्यहाँ त्यसको उत्पन्न हुने हेतु भएको कर्म कर्मभव हो। यहाँ पनि बाँकी माथि भनिएझैं बुझ्नुपर्दछ।

अर्को व्यक्तिले "अरूपभवको सम्पत्तिको अनुभव गर्नेछु " आदि सोचेर त्यसरी नै आकाशानन्त्यायतन आदि समापत्तिहरूको भावना गर्दछ, भावनाको पूर्तिले त्यहाँत्यहाँ उत्पन्न हुन्छ, त्यहाँ त्यसको उत्पन्न हुने हेतु भएको कर्म कर्मभव हो, कर्मले उत्पन्न भएको स्कन्ध उत्पत्तिभव हो, स्कन्धको उत्पत्ति हुनु जाति (जन्म) हो, परिपक्व हुनु वृद्धावस्था हो, नाश मरण हो। यसैप्रकार शेष उपादानले उत्पन्न हुने गतिहरूमा पनि बुझ्नुपर्दछ।

यसप्रकारको यो "अविद्या हेतु हो, संस्कार हेतुले उत्पन्न हुन्छ यी दुवै पनि हेतुले उत्पन्न भएका



Downloaded from http://www.dhamma.digital

हुन्," यसरी नै प्रत्ययहरूको अलगअलग गरी ग्रहण गर्नुमा प्रतीत्य समुत्पादको अवबोध प्रज्ञा धर्मस्थिति ज्ञान हो। व्यतीत भएका कालहरूको, भविष्यत् कालहरूको पनि अविद्या हेतु हो, संस्कार हेतुले उत्पन्न हुन्छ, यी दुवै पनि हेतुले उत्पन्न भएका हुन् - यसरी नै प्रत्ययहरूलाई अलगअलग गरी ग्रहण गर्नुमा प्रज्ञा धर्मस्थिति ज्ञान हो। पटिसम्भिदामग्ग (१) अनुसार यसैढंगले सबै पदहरूको विस्तार गर्नुपर्दछ।

(१) अविद्या संस्कार एक संक्षेप (विभाग) हो। त्यसैगरी (२) विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, एक संक्षेप हो। (३) तृष्णा, उपादान, भव एक संक्षेप हो र (४) जाति (जन्म) वृद्धावस्था, मरण एक संक्षेप हो। यहाँ पहिलेको संक्षेप (१ विभाग) भूतकालिक हो, बीचको दुई (१) र (२) वर्तमान्कालिक हो र अन्तको (४) भविष्यकालिक हो। अविद्या र संस्कारको ग्रहणले यहाँ तृष्णा उपादान, भव ग्रहण नै भएका छन् - यसप्रकारले पाँच धर्म भूतकालमा कर्मवर्त्त (कर्मको चक्र) हुन्। विज्ञान, नामरूप, ६ आयतन, स्पर्श, वेदनाहरू वर्तमानकालमा विपाकवर्त्त हुन्। तृष्णा-उपादान-भवको ग्रहणले अविद्या र संस्कार गृहीत छन् - यसप्रकार यी पाँच धर्म वर्तमान् कर्मवर्त्त हुन्। जन्म, वृद्धावस्था, मरण (मृत्यु) को कथनद्वारा विज्ञान आदिको निर्दिष्ट हुनाले यी पाँच धर्म भविष्यमा विपाकवर्त्त हुन्। ती आकारले बीस प्रकारका हुन्छन्। यहाँ संस्कार र विज्ञानको बीचमा एक जोड (सन्धि) छ, वेदना र तृष्णाको बीचमा एक तथा भव र जन्मको बीचमा एक सन्धि छ।

यसप्रकार भगवान् यी चार संक्षेप, तीन काल, बीस आकार, तीन जोड (सन्धि) युक्त प्रतीत्य समुत्पादलाई सबैप्रकारले जान्नुहुन्छ, देख्नुहुन्छ, सम्झनुहुन्छ, बुझ्नुहुन्छ।" त्यो ज्ञात हुने अर्थले ज्ञान हो, विशेषरूपले जानेको अर्थमा प्रज्ञा हो। यसैले भनिन्छ - प्रत्ययहरूलाई अलगअलग गरी ग्रहण गर्नुमा प्रज्ञा धर्मस्थितिज्ञान हो। यस धर्मस्थितिज्ञानले भगवान् त्यसलाई यथार्थरूपले जानेर त्यसमा निर्वेद गर्नुहुन्छ, रागरहित हुनुभएर, त्यसबाट विमुक्त हुनुहुँदै, त्यसप्रकारको यस संसारचक्रको आराहरू हनन गर्नुभयो, विहनन गर्नुभयो, विध्वंस गर्नुभयो। यसरी पनि आराहरूलाई हनन गर्नुबाट अर्हत् हुनुहुन्छ।

*अरा संसारचक्कस्स हता ञाणासिना यतो।*
*लोकनाथेन तेनेस अरहन्ति पवुच्चति॥*

(किनकि संसारचक्रको आराहरू लोकनाथद्वारा ज्ञानको तलवारद्वारा काटिदिनुभयो, यसैले उहाँलाई अर्हत् भनिन्छ।)

अग्र (श्रेष्ठ) दाक्षिणेय्य हुनाले चीवर आदि प्रत्ययहरू र विशेष पूजायोग्य (अर्ह) हुनुहुन्छ, तथा उहाँ तथागत उत्पन्नहुँदा जोसुकै महेशाख्य (महाप्रतापी) देव, मनुष्य हुन्छन् ती अन्यलाई पूजा गर्दैनन्। त्यसरी नै सहम्पति ब्रह्माले सिनेरु (पर्वत) वरावर रत्नको मालाहरूद्वारा तथागतलाई पूजा गर्नुभयो। देव, मनुष्य, बिम्बिसार, कोशल राजा आदिहरूले पनि यथाशक्ति पूजा गर्नुभयो। परिनिर्वृत हुनुभए तापनि भगवान्लाई उद्देश्य गरी छयानब्बे करोड धनलाई व्यय गरी महाराज अशोकले जम्बूद्वीपमा चौरासी हजार विहारहरूलाई बनाउनुभयो। अरूहरूले विशेषरूपले गरिएको पूजाको कुरा नै के गर्नु ? यसप्रकार प्रत्यय आदिको योग्य (अर्ह) हुनाले पनि अर्हत हुनुहुन्छ।

*पूजाविसेसं सह पच्चयेहि यस्मा अयं अरहति लोकनाथो।*
*अत्थानुरूपं अरहन्ति लोके तस्मा जिनो अरहति नाममेतं॥*



Downloaded from http://www.dhamma.digital

(उहाँ लोकनाथ चीवर आदि प्रत्ययहरूको साथ पूजाविशेषको योग्य हुनुहुन्छ, यसैले जिन (बुद्ध)लोकमा अर्थानुरूप 'अर्हत्' यस नामको योग्य हुनुहुन्छ ।)

जसरी लोकमा जो कुनै पण्डिताभिमानी मूर्ख निन्दाको डरले लुकेर पाप गर्दछन्, यसरी उहाँ कहिले पनि गर्नुहुन्न । अतः पाप गर्नुमा ढाकछोप (रहश्य)को नहुनाले पनि अर्हत् हुनुहुन्छ ।

*यस्मा नत्थि रहो नाम पापकम्मेसु तादिनो ।*
*रहाभावेन तेनेस अरहं इति विस्सुतो ॥*

(प्रियअप्रिय आलम्बनहरूमा एकजस्तै रहनुहुने भगवान् बुद्धको पाप कर्महरूमा कुनै ढाकछोप छैन, यसैले उहाँ 'अर्हत् भनी प्रसिद्ध हुनुहुन्छ ।)

यसरी सबप्रकारले पनि –

*आरकत्ता हतत्ता च किलेसारीन सो मुनि*
*हतसंसार चक्कारो पच्चयादीन चारहो ।*
*न र हो करोति पापानि अरहन्तेन पवुच्चति ॥*

(सारा क्लेशहरूद्वारा टाढा हुनाले, क्लेशरूपी वैरीहरूलाई नाश गर्नुभएको, संसारचक्रको आराहरूलाई नष्ट गर्नुभएको, र प्रत्यय आदिको योग्य हुनाले तथा उहाँ मुनि लुकेर पाप गर्नुहुन्न, यसैले अर्हत् भनिन्छ ।)

२. सम्मासम्बुद्धो = सम्यकरूपले र स्वयं सबै धर्महरूलाई जान्नाले सम्यकसम्बुद्ध हुनुहुन्छ । त्यसरी नै यी सबै धर्महरूलाई सम्यकरूपले र स्वयं विशेष ज्ञानले जान्नयोग्य धर्महरू (चतुरार्य सत्य)लाई विशेष ज्ञानले दुःख-आर्यसत्य नामक परिज्ञेय-धर्महरूलाई परिज्ञेयको रूपले, प्रहाणयोग्य समुदय धर्महरूलाई साक्षात्कार गर्ने रूपले र भावनायोग्य मार्गधर्महरूलाई भावनाको रूपले जान्नुभयो । यसैले सुत्त निपात (३,७,११) अनुसार भगवान्ले भन्नुभएको छ –

*अभिञ्ञेय्यं अभिञ्ञातं, भावेतब्बञ्च भावितं ।*
*पहातब्बं पहीनं मे, तस्मा बुद्धोस्मि ब्राह्मण ॥*

(जुन विशेष ज्ञानयोग्य थियो त्यो जानियो, भावनायोग्यलाई भावना गरियो र प्रहाणयोग्य प्रहीण भयो, यसैले ब्राह्मण, म बुद्ध हुँ ।)

अरू पनि, चक्षु दुःखसत्य हो । त्यसको मूलकारण भएर उत्पन्न गर्ने पूर्वको तृष्णा समुदयसत्य हो । दुवैको नहुनु निरोधसत्य हो । निरोधलाई जान्ने प्रतिपदा मार्गसत्य हो । यसरी एकएक शब्दलाई लिएर पनि सबै धर्महरूलाई सम्यकरूपले र स्वयं जान्नुभयो । यसैप्रकार श्रोत्र घ्राण, जिण्हा, काय मनमा पनि बुझ्नुपर्दछ ।

यसैढंगले रूप आदि ६ आयतन; चक्षुविज्ञान आदि ६ विज्ञान; काय, चक्षु स्पर्श आदि ६ स्पर्श; चक्षु स्पर्शद्वारा उत्पन्न आदि ६ वेदना; रूपतृष्णा आदि ६ तृष्णा; काय, रूप वितर्क आदि ६ वितर्क; रूपविचार आदि ६ विचार; रूपस्कन्ध आदि पाँच स्कन्ध; दश कसिण, दश अनुस्मृति, उर्द्धमातकसंज्ञा आदिअनुसार



Downloaded from http://www.dhamma.digital

दश संज्ञा; केश आदि बत्तीस आकार; बाह्र आयतन, अठार धातु, कामभव आदि नौ भव; प्रथम आदि चार ध्यान; मैत्री भावना आदि चार अप्रमाण्य (ब्रह्म विहार); चार अरूप समापत्ति, प्रतिलोमले वृद्धावस्था, मृत्यु आदि र अनुलोमले अविद्या आदि प्रतीत्य समुत्पादको अंगहरूलाई जोड्नुपर्दछ।

तिनीहरूमध्ये पटिसम्भिदामग्ग (२) को यो एक शब्दको योजना हो – "वृद्धावस्था, मृत्यु दुःखसत्य हो। जन्म समुदयसत्य हो। दुवैबाट पनि छुटकारा पाउनु निरोधसत्य हो। निरोधलाई जान्ने प्रतिपदा मार्ग सत्य हो।" यसरी एकएक शब्दलाई लिएर सबै धर्महरूलाई सम्यकरूपले र स्वयं जान्नुभयो, राम्ररी सम्झनुभयो, प्रतिवेध गर्नुभयो - यसैले भनिएको छ - सम्यकरूपले स्वयं सबै धर्महरूलाई जान्नुभएको हुनाले उहाँ सम्यकसम्बुद्ध हुनुहुन्छ।

३. विज्जाचरणसम्पन्नो = विद्याहरू र चरणयुक्त हुनाले विद्याचरणसम्पन्न हुनुहुन्छ। तीमध्ये विद्या - तीन विद्याहरू पनि छन्, आठ विद्याहरू पनि छन्। तीन विद्याहरू, मज्झिम निकाय (१,१,४) को भय भैरव सूत्रमा भनिएअनुसार (पूर्वेनिवास्सानुस्सति-च्यूताच्यूति, आसवक्खयासति) नै जान्नुपर्दछ। आठ विद्याहरू दीघनिकाय (१,३)को अम्बट्ठ सुत्तमा विपश्यना ज्ञान र मनोनय ऋद्धिसहित ६ अभिज्ञाहरूलाई लिएर आठ विद्याहरू भनिएका छन्।

शील संवर, इन्द्रियहरूमा गुप्तद्वारयुक्त हुनु, मात्रापूर्वक भोजन गर्नु, जागरणशील हुनु, श्रद्धा, हिरि, ओतप्प, बहुश्रुत, वीरिय, स्मृति, प्रज्ञा यी सात सद्धर्म; चार रूपावचर ध्यान – यी पन्ध्र धर्महरूलाई चरण भनी जान्नुपर्दछ। किनकि आर्यश्रावक यिनीहरूमा विचरण गर्दछन् र अमृत (निर्वाण)तर्फ जान्छन्, यसैले यिनै पन्ध्र धर्म चरण भनिएका छन्। जस्तै - मज्झिम निकाय (२,२,४) अनुसार भगवान्ले भन्नुभएको छ – "महानाम ! यहाँ आर्यश्रावक शीलवान् हुन्छ" सबै मज्झिम पण्णासकमा भनिएअनुसार नै जान्नुपर्दछ। उहाँ भगवान् यी विद्याहरू र ती चरणयुक्त हुनुहुन्छ, यसैले उहाँलाई विद्याचरणसम्पन्न भनिन्छ।

त्यसमा विद्यासम्पदा भगवान्को सर्वज्ञलाई पूर्ण गरेको हुन्छ र चरणसम्पदा महाकारुणिकतालाई। उहाँ सर्वज्ञ हुनुभएकोले सबै सत्वहरूको असलखराब जानेर र महाकारुणिक हुनुभएकोले खराबीलाई हटाउनुभएर भलाईमा लगाउनुहुन्छ, जसरी त्यस विद्याचरणसम्पन्न व्यक्तिलाई गर्नुपर्दछ। यसैले उहाँको शिष्य सुप्रतिपन्न (सुमार्गगामी) हुन्छन्। मज्झिम निकाय (२,१,१०) र अंगुत्तर निकाय (४,५,८) अनुसार विद्याचरणरहित हुने आत्मतापी अचेलक आदि गुरुहरूको शिष्यहरूसमान दुष्प्रतिपन्न (कुमार्गगामी) हुँदैनन्।

४. सुगतो = शोभन गमन गर्नुभएकोले वा सुन्दर स्थानतिर जानुभएको हुनाले वा सम्यकरूपले जानुभएको हुनाले र सम्यकरूपले बोल्नाले सुगत हुनुहुन्छ। गमन जानुलाई भनिन्छ र उहाँ भगवान्को गमन शोभन, परिशुद्ध तथा निर्दोष छ। त्यो के हो ? आर्यमार्ग। उहाँ त्यस गमनद्वारा क्षेम (निर्वाण) जस्तो सुन्दर स्थानतिर जानुभएको छ, यसैले सुन्दर स्थानतिर जानुभएकोले पनि सुगत हुनुहुन्छ।

त्यसत्यस मार्गद्वारा क्लेशहरूलाई प्रहाण गरी नफर्किकन जानुभयो। भनिएको छ – "स्रोतापत्तिमार्गद्वारा जुन क्लेश प्रहीण छन्, त्यस क्लेशहरूलाई फेरि ल्याउनुहुन्न, त्यसलाई चाहनुहुन्न, त्यसको पछि जानुहुन्न यसैले सुगत हुनुहुन्छ। सकृदागामी... अनागामी... अर्हतमार्गले जुन क्लेश प्रहीण



Downloaded from http://www.dhamma.digital

छन्, त्यस क्लेशहरूलाई फेरि ल्याउनुहुन्न, चाहनुहुन्न, त्यसको पछि जानुहुन्न, यसैले सुगत हुनुहुन्छ।" अथवा सम्यकरूपले दीपंकर भगवान्को पादमूलदेखि लिएर बोधिमण्डपसम्म तीस पारमिताहरूलाई पूर्ण गर्नुभएकोले सम्यक प्रतिपत्तिद्वारा सारा लोकको हितसुख नै गर्नुहुँदै, गर्नुभएकोले

***पारमिता - दान, शील, नैष्कम्य, प्रज्ञा, वीर्य, क्षान्ति, सत्य, अधिष्ठान, मैत्री, र उपेक्षा - यी दश पारमिताहरू हुन्। यसको वर्णन बुद्ध वंश र जातक अर्थकथाको निदानमा गरिएको छ। बाह्यवस्तुहरूको त्याग गर्नुलाई पारमिता, अङ्ग परित्याग गर्नुलाई उपपारमिता र जीवनको त्याग गर्नु परमार्थ पारमिता हुन्। यी दश पारमिता, दश उपपारमिता र दश परमार्थ पारमिता गरी जम्मा तीस पारमिताहरू हुन्छन्।***

सम्यक प्रतिपत्तिद्वारा सारा लोकको हितसुख नै गर्नुहुँदै, शाश्वत, उच्छेद, कामसुख, आत्मपीढा यी अन्तहरूतिर नगएर सोझै जानुभयो, यसप्रकार सम्यकरूपले जानुभएबाट पनि सुगत हुनुहुन्छ।

सम्यकवचन बोल्नुहुन्छ अर्थात् उचित स्थानमा उचित नै वचन बोल्नुहुन्छ, यसप्रकार सम्यकवचन बोल्नाले पनि सुगत हुनुहुन्छ। यसको लागि मज्झिम निकाय (२,१८) अनुसार यो सूत्र प्रमाण छ – १. "तथागत जुन वचनलाई झूठो, तथ्यरहित, अनर्थयुक्त जान्नुहुन्छ र त्यो हुन्छ अरूको लागि अप्रिय अमनाप तब तथागत बोल्नुहुन्न। २. जुन वचनलाई तथागत सत्य, तथ्य तर अनर्थयुक्त जान्नुहुन्छ र त्यो हुन्छ अरूहरूलाई अप्रिय, अमनाप, तब त्यस वचनलाई पनि तथागत भन्नुहुन्न। ३. जुन वचनलाई तथागत सत्य, तथ्य, अर्थयुक्त जान्नुहुन्छ र तर त्यो हुन्छ अरूहरूको लागि अप्रिय, अमनाप, त्यहाँ तथागत त्यस वचनलाई बोल्नको लागि समयलाई जान्ने हुनुहुन्छ। ४. जुन वचनलाई तथागत झूठो, अतथ्य, अनर्थयुक्त जान्नुहुन्छ र त्यो हुन्छ अरूहरूको लागि प्रियमनाप, तब तथागत त्यस वचनलाई भन्नुहुन्न। ५. जुन वचनलाई तथागत सत्य, तथ्य, अनर्थयुक्त जान्नुहुन्छ र त्यो हुन्छ अरूहरूको लागि प्रियमनाप, तब त्यस वचनलाई पनि तथागत भन्नुहुन्न। ६. जुन वचनलाई तथागत सत्य, तथ्य, अर्थयुक्त जान्नुहुन्छ र त्यो अरूहरूको लागि प्रियमनाप हुन्छ, तब त्यहाँ तथागत त्यस वचनलाई बोल्नको लागि समय जान्ने हुनुहुन्छ।" यसरी सम्यकवचन बोल्नुहुनाले पनि सुगत भनी जान्नुपर्दछ।

५. लोकविदू = सबैप्रकारले, लोक बारे विदित (जानकार) हुनुभएको कारण लोकविज्ञ हुनुहुन्छ। उहाँ भगवान् (१) स्वभावले (२) समुदय (उत्पत्ति) ले (३) निरोधले (४) निरोधको उपायले - सबैप्रकारले लोकलाई जान्नुभयो, सम्झनुभयो, प्रतिवेध गर्नुभयो। जस्तै - संयुक्त निकाय (१,२,३,६) र अंगुत्तर निकाय (४,५,५) अनुसार भगवान्ले भन्नुभएको छ– "आवुस, जहाँ प्राणी न जन्म लिन्छ, न जीउँछ, न मर्छ, न च्यूत हुन्छ, न उत्पन्न हुन्छ, त्यस लोकको अन्त (निर्वाण)लाई पैदल हिंडेर जान्नयोग्य, देख्नयोग्य, पाउनयोग्य भन्दिन। आवुस, लोकको अन्तलाई नपाइकन नै दु:खको अन्त गर्नु भन्दिन। तर आवुस, म यसै व्याम (चार हात) मात्रको संज्ञा विज्ञानसहितको शरीरमा लोकलाई पनि प्रज्ञप्त गर्दछु साथै लोकको समुदय (उत्पत्ति), लोकको निरोध र लोकको निरोधतर्फ लैजाने प्रतिपदा (मार्ग) लाई पनि।"

*गमनेन न पत्तब्बो लोकस्सन्तो कुदाचनं।*
*न च अप्पत्वा लोकन्तं दुक्खा अत्थि पमोचनं॥*

(हिंडेर कहिले पनि लोकको अन्त (निर्वाण) पाउनयोग्य छैन र लोकको अन्त नपाइकन दु:खबाट छुटकारा छैन।)



Downloaded from http://www.dhamma.digital

*तस्मा हवे लोकविदू सुमेधो लोकन्तगू वुसितब्रह्मचरियो ।*
*लोकस्स अन्तं समिताविं ञत्वा नासिंसती लोकमिमं परञ्च ॥*

(यसैले लोकविज्ञ, सुन्दर प्रज्ञावान्, लोकको अन्तलाई पाएको ब्रह्मचर्यलाई पूर्ण गरेको, सबै क्लेशहरूको शान्तिलाई प्राप्त, लोकको अन्तलाई जानेर इहलोक र परलोकको इच्छा गर्दैन ।)

अरू पनि – तीन लोक छन् (१) संस्कार लोक (२) सत्वलोक (३) अवकाश लोक । त्यसमा "सारा सत्व आहारले स्थित छन् – यो एक लोक हो" आदि पटिसम्भिदामग्ग (१) अनुसार आएको स्थानमा संस्कारलोक जान्नुपर्दछ । "लोक शाश्वत हो या अश्वाश्वत हो" आदि दीघनिकाय (१,९) अनुसार आएको स्थानमा सत्वलोक भनी जान्नुपर्दछ ।

*यावता चन्दिमसुरिया परिहरन्ति दिसा भन्ति विरोचमाना ।*
*ताव सहस्सधा लोको एत्थ ते वत्तती वसो ॥*

(जहाँसम्म चन्द्रमा र सूर्य घुम्दछन्, दिशाहरू विरोचन गर्दै प्रकाशित हुन्छन्, त्यहाँसम्म हजार प्रकारका जुन लोक छन्, यहाँ नै तिम्रो वश छ ।)

आदि मज्झिम निकाय (१,५,९) अनुसार आएको स्थानमा अवकाशलोक भनी जान्नुपर्दछ । त्यसलाई पनि भगवान्ले सबैप्रकारले जान्नुभएर लोकविदू हुनुहुन्छ ।

त्यसरी नै "एक लोक - सारा सत्व आहारले स्थित छन् । दुई लोक - नाम र रूप हुन् । तीन लोक - सुख, दुःख, उपेक्षा यी तीन वेदनाहरू हुन् । चार लोक - कवलींकार, स्पर्श, मनोसञ्चेतना, विज्ञान यी चार आहार हुन् । पाँच लोक - रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान यी पाँच उपादानस्कन्ध हुन् । ६ लोक - चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय, मन यी ६ भित्री आयतन हुन् । सात लोक - चक्षुविज्ञान, श्रोत्रविज्ञान, घ्राणविज्ञान, जिव्हाविज्ञान, कायविज्ञान, मनोविज्ञान, मनोधातु यी सात विज्ञानका स्थितिहरू हुन् । आठ लोक - लाभ, अलाभ, यश, अपयश, निन्दा, प्रशंसा, सुख, दुःख यी आठलोक धर्म हुन् । नौ लोक - मनुष्य, देव, विनिपातिका, ब्रह्मकायिक, आभास्वर, सुभकिण्ह, असंज्ञासत्व आकाशनान्त्यायतन उपगा, विज्ञाननान्त्यातन, आकिञ्चन्यायतन, नैवसंज्ञानासंज्ञायतन यी नौ सत्वहरूको आवास (जीवलोक) हुन् । दश लोक - लोभ, द्वेष, मोह, मान, दृष्टि, विचिकिच्छा, थिन, उद्दच्च, अहिरिक, अनोतप्प यी दश आयतन हुन् । बाह्र लोक - ६ भित्री र ६ बाहिरी गरी बाह्र आयतन हुन् । अठार लोक - ६ विषय, ६ द्वार, र ६ विज्ञान गरी अठार धातुहरू हुन् आदि यी संस्कार लोकहरू पनि उहाँलाई सबैप्रकारले विदित छ ।

उहाँ सबै सत्वहरूको श्वाश्वत, उच्छेद आदि, आशय, राग, भव, प्रतिघ, मान, दृष्टि, विचिकिच्छा, अविद्या आदि अनुशय, रागादि चरित, हीनप्रणितादि अधिमुक्तिलाई जान्नुहुन्छ । चित्त मल (क्लेश) रहित, अधिक मलयुक्त, तीक्ष्ण इन्द्रिय (प्रज्ञा), मृदु इन्द्रिय, राम्रो या खराब आकारयुक्त कुनै कुरालाई छिटो र ढिलो सम्झिनेहरू, कर्म, क्लेश र विपाकको आवरणरहित भव्य र अभव्य सत्वहरूलाई जान्नुहुन्छ । यसैले उहाँलाई त्यसप्रकारका सत्वलोक पनि सर्वप्रकारले विदित छ ।

जसरी सत्व लोक छ, यसरी नै अवकाश लोक पनि छ । त्यसरी नै यो एक चक्रवाल



Downloaded from http://www.dhamma.digital

(ब्रह्माण्ड) लम्बाई र चौडाईमा १२,०३,४५० योजन (एक योजन = ४.८ किलोमिटर) छ। परिक्षेप (घेरा) मा –

*सब्बं सतसहस्सानि छत्तिंस परिमण्डलं।*
*दस चेव सहस्सानि अड्ढुड्ढानि सतानि च॥*

(सबै परिमण्डल (घेरा) ३६,१०,३५० योजन छ।)

मोटाईमा -

*दुवे सतसहस्सानि चत्तारि नहुतानि च।*
*एत्तकं बहलत्तेन संखातायं वसुन्धरा॥*

(यो पृथ्वी २,४०,००० योजन - यति भनिएको छ।)

त्यसलाई धारण गर्ने –

*चत्तारि सतसहस्सानि अट्ठेव नहुतानि च।*
*एत्तकं बहलत्तेन जलं वाते पतिट्ठितं॥*

(४,८०,००० योजन मोटाईमा जल र वायुमा प्रतिष्ठित छ।

त्यसलाई पनि धारण गर्ने –

*नवसतसहस्सानि मालुतो नभमुग्गतो।*
*सट्ठिञ्चेव सहस्सानि एसा लोकस्स सण्ठिति॥*

(९,६०,००० योजन वायु आकाशमा उठेको छ – यो लोकको स्थिति हो।)

यसरी स्थितियुक्त यहाँ योजनहरूमा –

*चतुरासीति सहस्सानि अज्झोगाल्हो महण्णवे।*
*अच्चुग्गतो तावदेव सिनेरु पब्बतुत्तमो॥*

(८४,००० महासमुद्रमा प्रवेश गरेको, र त्यति नै माथि उठेको उत्तम सिनेरु पर्वत छ।)
*ततो उपड्ढुपड्ढेन पमाणेन यथाक्कमं।*
*अज्झोगालहुग्गता दिब्बा नानारतनचित्तता॥*

*युगन्धरो ईसधरो करवीको सुदस्सनो।*
*नेमिन्धरो विनतको अस्सकण्णो गिरिब्रहा॥*

*एते सत्त महासेला सिनेरुस्स समन्ततो।*
*महाराजानमावासा देवयक्खनिसेविता॥*

(त्यसपश्चात् क्रमानुसार आधाआधाको प्रमाणले (समुद्रमा) तल प्रवेश गरेको र माथि उठेको दिव्य नाना रत्नहरूले चित्रित युगन्धर, ईषधर, करवीक, सुदर्शन, नेमिन्धर, विनतक र अश्वकर्ण गिरी - यी सात महापर्वत सुमेरुको चारैतिर देव, यक्षद्वारा सेवित महाराजाहरूका आवास हुन्।)



Downloaded from http://www.dhamma.digital

**खण्डन**

***उपरोक्त तथ्यहरू ग्राह्य छैनन् । किनकि यी सबै अभिधर्मकोश नामक ग्रन्थमा उल्लेखित छन्, जुन धेरैपछि लेखिएको महायानी ग्रन्थ हो त्यसैले पालि त्रिपिटकभन्दा सर्वथा विपरित छन् जसको सिद्धान्तहरूको खण्डन "कथावत्थुप्पकरण"मा प्रायः गरिसकिएको छ । त्यस ग्रन्थानुसार पर्वतहरूका विस्तार यसप्रकार छन् –***

***मेरू ८०,००० योजन, युगन्धर ४०,००० योजन, ईषाधर २०,००० योजन, खदिरक १०,००० योजन, सुदर्शन ५,००० योजन, अश्वकर्ण २,५०० योजन, विनतक १,२५० योजन, निमिंधर ६२५ योजन, चक्रवाल ३१२ र आधा योजन ।***

*योजनानं सतानुच्चो हिमवा पञ्च पब्बतो ।*
*योजनानं सहस्सानि तीणि आयत वित्थतो ॥*
*चतुरासीति सहस्सेहि कूटेहि परमण्डितो ।*

(हिमालय पर्वत ५०० योजन अग्लो छ । ३००० योजन लामो र चौंडाई छ । ८४,००० शिखाहरूद्वारा प्रतिमण्डित छ ।

*तिपञ्चयोजनक्खन्ध - परिक्खेपा नगव्हया ।*
*पञ्ञासयोजनक्खन्ध - साखायामा समन्ततो ।*
*सतयोजनवित्थिण्णा तावदेव च उग्गता ॥*
*जम्बु यस्सानुभावेन जम्बुदीपो पकासितो ।*

('नाग' नामले चिनिने जामुनरूखको स्कन्धहरूको गोलाई १५ योजन छ, स्कन्ध ५० योजन छ, चारैतिर ५० योजन त्यसको शाखाहरू लम्बिएका छन् । त्यो १०० योजन फैलिएको, त्यति नै माथि उठेको छ, जसको आनुभावले यस द्वीपलाई जम्बूद्वीप भनिन्छ ।)

जुन यो जामुनरूखको प्रमाण (नाप) छ त्यति नै असुरहरूको चित्रपाटली (वृक्ष) को, गरुढहरूको शिमलको (संमर)को वृक्षको, अपरगोयानमा कदम्बको, उत्तरकुरुमा कल्पवृक्षको, पूर्वविदेहमा शिरीषको, तावतिंसमा पारिभद्रकको छ । यसैले पुरानो मानिसहरूले भनेका छन् –

*पाटलि सिम्बलि जम्बु देवसं पारिच्छत्तको ।*
*कदम्बो कप्परुक्खो च सिरीसेन भवति सत्तमं ॥*

(पाटलि, शिम्बली, जामुन, र देवताहरूको पारिच्छत्रक, कदम्ब, कल्पवृक्ष र सातौं शिरीष हुन्छ ।

*द्वे असीति सहस्सानि अज्झोगाल्होमहण्णवे ।*
*अच्चुग्गतो तावदेव चक्कवाल सिलुच्चयो ॥*
*परिक्खिपित्वा तं सब्बं लोकधातुमयं ठितो ।*

(८२,००० योजन महासागरमा तल गएको र त्यति नै माथि उठेको, त्यस लोकधातुलाई घेरेर चक्रवाल पर्वत स्थित छ ।)

त्यसमा, चन्द्रमण्डल उनन्चास योजन र सूर्यमण्डल पचास योजन छ । तावतिंस भवन दश हजार योजन छ, त्यसरी नै असुर भवन, अवीचि महानरक र जम्बुद्वीप पनि छन् । अपरगोयान सात हजार



Downloaded from http://www.dhamma.digital

योजन छ, त्यसरी नै पूर्वविदेह उत्तरकुरु आठ हजार योजन छ। त्यसमा एकएक महाद्वीप पाँच पाँच सय साना द्वीपहरूले घेरिएका छन् । ती सबै, एक चक्रवाल, एक लोकधातु हुन् । त्यसबीच तीनतीन चक्रवालहरूको बीचमा रहेको लोकान्तरिक नरक छन् । यसरी अनन्त चक्रवालहरूलाई अनेक लोकधातुहरूलाई, भगवान्ले अनन्त बुद्धज्ञानले जान्नुभयो, सम्झनुभयो, प्रतिवेध गर्नुभयो ।

यसरी उहाँलाई अवकाश लोक पनि सर्वधा विदित छ। यसरी सबैप्रकारले विदित हुनाले लोकविज्ञ हुनुहुन्छ ।

६. अनुत्तरोपुरिसदम्मसारथी = आफ्नो गुणभन्दा विशिष्टता अरू कसैको पनि नहुनाले, उहाँभन्दा उत्तर (उच्च) कोही छैन, यसैले अनुत्तर हुनुहुन्छ। त्यसरी नै उहाँ शीलगुणले पनि सारा लोकलाई तल पारिदिनुहुन्छ साथै समाधि, प्रज्ञा, विमुक्ति र विमुक्तिज्ञानदर्शनले पनि । शीलगुणले पनि समतारहित, समानतारहित बुद्धहरूको समान, अप्रतिम 'असदृश' बराबरीरहित हुनुहुन्छ ... विमुक्तिज्ञानदर्शन गुणले पनि। जस्तै - संयुक्त निकाय (६,१,२) अनुसार भगवान्ले भन्नुभएको छ - 'म देव मारसहित देव, मनुष्य प्रज्ञा लोकमा आफूभन्दा उच्च शीलसम्पन्न अरू कसैलाई देख्दिन" यसप्रकार विस्तार छ । यसरी नै अंगुत्तर निकाय (४,४,४) को अग्गप्पसाद सुत्त आदि र "मेरो कोही पनि आचार्य छैन" आदि मज्झिम निकाय (१,३,६) को गाथाहरूको विस्तार गर्नुपर्दछ ।

दमनयोग्य (दम्य) पुरुषहरूलाई हाँक्नुहुन्छ, त्यसैले पुरुषदम्य सारथि हुनुहुन्छ। दमन गर्नुहुन्छ = सिकाउनुहुन्छ - यस्तो भनिएको छ। त्यसमा पुरुषदम्य भनिन्छ = अदान्त (अशिक्षित), दमनयोग्य, पशु, नरहरूलाई पनि ।

त्यसरी नै भगवान्ले अपलाल नागराजा (दिव्याओदान (३४८, ३८५ अनुसार यो नागराजा, परिनिर्वाणको समय दमन भएको थियो), चूलोदर, महादर, (महावंश) अग्निशिख, धूम्रशिख (भगवान्को श्रीलंका गमन कालमा दमन भएको थियो। ऊ सिंहल द्वीपवासी थियो।) आरवल नागराजा,, धनपालक हात्ती (नालागिरी - विनयपिटक) आदि यस्ता पशु, नरहरूका पनि दमन गर्नुभयो, उनीहरूलाई निर्विष दोषरहित गर्नुभयो, त्रिशरण र शीलमा प्रतिष्ठित गर्नुभयो ।

मनुष्य पुरुषहरूमा पनि, जस्तै - निर्गन्थपुत्र (जैनी), सत्यक (मज्झिम निकाय, चुलसच्चकसूत्त), अम्बष्ठ माणवक, (दीघनिकाय, अम्बट्ठ सुत्त), पोष्करसाति, सोणदण्ड (दीघनिकाय, सोणदण्ड सुत्त), कुटदन्त (दीघनिकाय, कुटदन्त सुत्त) आदि। अमुनष्य पुरुषहरूमा पनि, जस्तै – आलवक, (सुत्तनिपात, आलवक सुत्त), शूचिलोम, खरलोम यक्ष, (सूत्तनिपात, सूचिलोम सूत्त), शक्र देवराज (दीघनिकाय, सक्कपञ्ह सूत्त) आदिको दमन गर्नुभयो। उनीहरूलाई विचित्र नियमको उपायले विनीत गर्नुभयो। "केही दमन गर्दछु, योग्य पुरुषहरूको मृदुताले पनि दमन गर्दछ, कठोरताले पनि दमन गर्दछु, मृदुता र कठोरताले पनि दमन गर्दछु" आदि यहाँ अंगुत्तर निकाय (४,२,१) को सूत्रको विस्तार गर्नुपर्दछ ।

अरू पनि, भगवान् विशुद्ध शीलयुक्त प्रथमध्यान आदिलाई प्राप्त स्रोतापन्न आदिको लागि अगाडिको मार्गको प्रतिपदालाई बताउँनुहुँदै दमन गरिएका मानिसहरूलाई पनि दमन गर्नुहुन्छ। अथवा, अनुत्तर-पुरिसदम्म-सारथी यो एउटै वाक्य (अर्थपद) हो। किनकि भगवान् त्यसरी दमनयोग्य पुरुषहरूलाई हाँक्नुहुन्छ जसरी एक आसनमा बसेर नै आठ दिशाहरू (आठ समापत्तिहरू)लाई वेरोकटोक दौडाउनुहुन्छ,



Downloaded from http://www.dhamma.digital

यसैले अनुत्तर-पुरुषदम्य-सारथी भनिन्छ । "भिक्षुहरू, हात्तीको दमन गर्ने माउतेले दमन गरेको हात्ती हाँक्दा एक दिशामा मात्र दौडिन्छ " आदि यहाँ मज्झिम निकायको सलायतन विभंग सुत्तलाई विस्तार गर्नुपर्दछ ।

७. सत्थादेवमनुस्सानं = यस लोक, परलोक तथा निर्वाण (परमार्थ)को लागि यथायोग्य अनुशासन गर्नुहुन्छ, यसैले शास्ता हुनुहुन्छ । अरू पनि, "शास्ता=भगवान् सार्थलाई अनुशासन गर्ने सार्थवाहसमान हुनुहुन्छ । जस्तै - सार्थवाहले सार्थहरू (काफिला)लाई जंगली प्रदेश (कान्तार)बाट पार गराउँदछ, चोरहरू भएको कान्तारबाट पार गराउँदछ, हिंस्रक जन्तुहरूयुक्त जंगलबाट पार गराउँदछ । दुर्भिक्षयुक्त जंगलबाट पार गराउँदछ, निर्जल जंगलबाट पार गराउँदछ । यस पारबाट उस पारतिर लैजान्छ, निस्तार गर्दछ, उद्धार गर्दछ, क्षेम भूमितिर पुऱ्याउँदछ । यसरी नै भगवान् सार्थलाई अनुशासन गर्ने सार्थवाहसमान प्राणीहरूलाई कान्तारदेखि पार गराउनुहुन्छ, जन्मकान्तारदेखि पार गराउनुहुन्छ ।" आदि महानिद्देस (५४४-५४६)अनुसार पनि यहाँ अर्थ जान्नुपर्दछ ।

देवमनुस्सानं = देवताहरू र मनुष्यहरूका । उत्कृष्ट (उत्तम) र भव्य (पुण्यवान्) व्यक्तिहरूको परिच्छेदअनुसार भनिएको छ । भगवान् पशुयोनिमा उत्पन्न हुनेहरूलाई पनि अनुशासन प्रदान गर्नु हुनाले शास्ता नै हुनुहुन्छ । किनकि ती पनि भगवान्को धर्मलाई सुनेर उपनिश्रय सम्पत्ति (त्रिहेतुक प्रतिसन्धि आदि मार्गफल प्राप्तिको प्रधान कारण)लाई पाएर, त्यसै उपनिश्रय सम्पत्तिद्वारा दोस्रो या तेस्रो जन्ममा मार्गफलको लागि लाभी हुन्छ ।

## मण्डुक देवपुत्रको कथा

विमानवत्थु (५,१) अनुसार मण्डूक देवपुत्र आदि यहाँ दृष्टान्त छन् । जब भगवान् गर्गरा (गर्गरा नामकी रानीद्वारा खनाइएको) पुष्करणीको किनारामा चम्पा नगरमा बस्ने मानिसहरूलाई धर्मोपदेश दिँदै हुनुहुन्थ्यो । तब एक भ्यागुताले भगवान्को स्वरलाई सुन्दै त्यसमा एक चित्त भएर स्वरमा निमित्त ग्रहण गऱ्यो । तब एक गोठाला आएर भगवान् बुद्धको उपदेश सुन्नको लागि डण्डाको सहारा झुकेर उभिन खोज्दा आफ्नो डण्डाले त्यस भ्यागुताको टाउकोमा टेकेर उभिरह्यो । त्यस डण्डाको दवावको कारण त्यो भ्यागुता त्यसै समय मरेर तावतिंस भवनमा बाह्र योजनको कनक विमानमा उत्पन्न भयो । पछि सुतेर उठेसमान त्यहाँ अप्सराहरूको समूहद्वारा घेरिएको आफूलाई देखेर "अरे, म पनि यहाँ उत्पन्न भएँ ! मैले कुनचाहिं कर्म गरें ?" भनी विचार गर्दै, भगवान्को स्वरमा निमित्त ग्रहण गर्नुको अतिरिक्त अरू केही पनि देखेन । उसले त्यसै समय विमानसंगै आएर भगवान्को पाउमा बन्दना गऱ्यो । भगवान्ले जान्नुभए तापनि सोध्नुभयो –

*को मे वन्दति पादानि, इद्धिया यससा जलं ।*
*अभिक्कन्तेन वण्णेन, सब्बा ओभासयं दिसा ॥*

(ऋद्धि र यशले प्रभावित अत्यन्त सुन्दर वर्णले सारा दिशाहरूलाई प्रकाशित गर्दै को मेरो खुट्टामा बन्दना गर्दै छ ?)

*मण्डूकोहं पुरे आसिं उद्दके वारि गोचरो ।*
*तव धम्मं सुणन्तस्स अवधी वच्छपालको ॥*



Downloaded from http://www.dhamma.digital

(म पहिला जलमा जलचारी भ्यागुता थिएँ, तपाईंको धर्मलाई सुनिरहेको बेला मलाई एक गोठालाले मार्‍यो ।)

भगवान्‌ले उसलाई धर्मको उपदेश दिनुभयो । चौरासी हजार प्राणीहरूलाई धर्मको ज्ञान भयो । देवपुत्र पनि स्रोतापत्ति फलमा प्रतिष्ठित भई मुस्काउँदै फर्कियो ।

८. बुद्धो = जुनकुनै जान्नयोग्य छ ती सबैलाई जान्नाले विमोक्षान्तिक ज्ञान (सर्वज्ञ ज्ञानसहित सम्पूर्ण ज्ञान)अनुसार बुद्ध हुनुहुन्छ। अथवा चार सत्यहरूलाई आफूले पनि जानेर अन्य सत्वहरूलाई पनि सिखाएर, यसैले यस्ता कारणहरूले पनि बुद्ध हुनुहुन्छ। यस कुरालाई स्पष्ट गर्नको लागि "उहाँले सत्य जान्नुभयो। यसैले बुद्ध हुनुहुन्छ, सत्वहरूलाई सिखाउनाले बुद्ध हुनुहुन्छ" आदि यसरी आएको महानिद्देश (४५७) या पटिसम्भिदामग्ग (१)को सारा नय (ढंग) को विस्तार गर्नुपर्दछ ।

९. भगवा = भगवान् । यी सारा शील आदि गुणहरूले विशिष्ट, सब प्राणीहरूमा उत्तम, गौरवनीयको लागि भनिने उहाँको नाम हो। यसैले पुराना मानिसहरूले भनेका छन् –

*भगवाति वचनं सेट्ठं भगवाति वचनमुत्तमं ।*
*गरु गारवयुत्तो सो भगवा तेन वुच्चति ॥*

('भगवान्" श्रेष्ठ शब्द हो, 'भगवान" उत्तम शब्द हो । उहाँ गौरवनीयको योग्य गौरवयुक्त हुनुहुन्छ । यसैले भगवान् भनिन्छ ।)

नाम चार प्रकारका हुन्छन् (१) आवस्थिक = बाछा, दम्य (सिखाउनयोग्य गोरू) आदि यस्ता नाम आवस्थिक हुन् । (२) लिङ्गिग = दण्डी (दण्ड धारण गर्ने), छत्री (छाता धारण गर्ने), शिखी (शिखायुक्त), करी (हात्ती) आदि यस्ता नामहरू लिङ्‌गिक हुन् । (३) नैमित्तिक = त्रैविद्य, षड्‌भिज्ञ आदि यस्ता नामहरू नैमित्तिक हुन् । (४) अधीत्य समुत्पन्न = लौकिक व्यवहारले इच्छानुसार राखिएको नाम भनिन्छ । श्रीवर्द्धन आदि यस्ता शब्दको अर्थको विचार नगरी राखिएको नामहरू अधीत्य समुत्पन्न हुन् ।

यो 'भगवान्' नाम नैमित्तिक हो । यो न महामायाद्वारा, न सुद्धोदन महाराजाद्वारा, न ८०,००० ज्ञाति वन्धुहरूले राखेका हुन् र न त शक्र (इन्द्र), सन्तुषित आदि विशेष देवताहरूद्वारा राखिएको नाम हो । महानिद्देस (१४३)अनुसार धर्म सेनापति सारिपुत्रले भन्नुभएको पनि छ - "भगवान्, यो नाम न त माताद्वारा राखिएको हो .......... यो सर्वज्ञज्ञानसाथ सम्पूर्ण ज्ञानी भगवान् बुद्धलाई बोधिवृक्षमुनि सर्वज्ञज्ञानको प्राप्तिसाथै प्रत्यक्ष सिद्ध प्रज्ञप्ति हो, जुन भगवान् हो ।"

जुन नाम गुणको निमित्त गरी राखिएको हो – त्यस गुणहरूलाई प्रकाशित गर्नको लागि यस गाथालाई भन्दछन् –

*भागी भजी भागि विभत्तवा इति, अकासि भग्गन्ति गरुति भाग्यवा ।*
*बहूहि ञायेहि सुभावितत्तनो, भवन्तगो सो भगवा ति वुच्चति"*

(ऐश्वर्यवान् (भगी), एकान्त शयनासन आदिको सेवी (भजी) अर्थरस, धर्मरस, विमुक्तिरसलाई पाउने भागी, लौकिक र लोकोत्तर धर्महरूलाई विभक्त गर्ने, राग आदिलाई भग्न (नाश) गरिदिनुभएको भाग्यवान्, कायभावना आदि अनेक भावनाको क्रमले राम्ररी भावना गर्नुभएको, भवको



Downloaded from http://www.dhamma.digital

अन्त (निर्वाण)सम्म पुग्नुभएको, उहाँ गुरु 'भगवान्' भनिन्छ ।)

महानिद्देस (१४२) अनुसार नै यहाँ त्यसत्यस पदहरूको अर्थ जान्नुपर्दछ ।

यो अर्को पनि ढंग हो –

*भाग्यवा भग्गवा युत्तो भगेहि च विभत्तवा ।*
*भत्तवा वन्तगमनो भवेसु भगवा ततो ॥*

(उहाँ भाग्यवान्, राग आदि क्लेशहरूको भग्नकारक (नाशक), भग, ऐश्वर्य आदि धर्महरूयुक्त, विभक्त गर्ने सेवी, भवहरूले वमन गर्दै गमन गर्ने हुनुहुन्छ, त्यसैले 'भगवान्' हुनुहुन्छ ।)

"वण्णागमो वण्णविपरिययो" (वर्णका आगम, वर्णको उल्टिनु) आदि निरुक्तिको लक्षणलाई लिएर अथवा व्याकरणले पृषोदर आदिको प्रक्षेप लक्षणलाई लिएर किनकि लौकिक, लोकोत्तर सुखलाई उत्पन्न गर्ने दान, शील आदिको पार जानुभएको उहाँको भाग्य हो, यसैले भाग्यवान् भन्ने स्थानमा भगवान् भनिन्छ भनी जान्नुपर्दछ ।

लोभ, द्वेष, मोह, विपरीत मनसिकार, अहिरिक (निर्लज्जता), अनोतप्प (संकोचरहित), क्रोध, उपनाह (बाँधिएको वैर इवी), म्रक्ष (अमरख), निष्ठुरता, ईर्ष्या, मात्सर्य (कन्जुसी), माया (ठगी) शठता, जड्ता, प्रतिहिंसा (सारम्भ) मानातिमान (अधिक घमण्ड), मदले चुर भएको प्रमाद, तृष्णा, अविद्या, राग, द्वेष, मोह आदि तीन प्रकारका अकुशल मूल; काय, वची, मनो दुश्चरित; तृष्णा आदि संक्लेश, राग, द्वेष, मोह आदि मल; रागादि विषय, काम, व्यापाद र विहिंसा आदि संज्ञा; तृष्णा, दृष्टि, मान आदि प्रपञ्च, शुभ, आत्म, सुख, नित्य आदि चार प्रकारका विपर्यास; काम, भव, दृष्टि, अविद्या आदि आस्रव; अविद्याकाय, व्यापादकाय, शीलव्रतपरामर्श काय आदि ग्रन्थ; काम, भव, दृष्टि, अविद्या आदि ओघ; काम, भव, दृष्टि, अविद्या आदि योग; छन्द, द्वेष, मोह, भय आदि अगति; तृष्णा उपादान; शास्तामा शंका, धर्ममा शंका, संघमा शंका, शिक्षामा शंका, सब्रह्मचारीहरूप्रति क्रोध गर्नु आदि पाँच चेतोखिल; विनिबन्ध, नीवरण, रुपाभिनन्दन आदि पाँचप्रकारका अभिनन्दन; ६ विवादका मूल, तृष्णाकाय, सात अनुशय, आठ मिथ्यात्व, नौ तृष्णा मूलक, दश अकुशल कर्मपथ, बयासठ्ठी मिथ्या दृष्टिहरू, एकसय आठ तृष्णा विचरितको भेद, सबै प्राणीहरूको दुःख, पीडा, लाख क्लेश, अथवा संक्षेपमा (१) क्लेश (२) स्कन्ध (३) पुण्य, अपुण्य, आनेञ्ज आदि अभिसंस्कार, (४) वसवर्ती देवपुत्र, (५) मृत्यु - यी पाँच मारहरूलाई नष्ट गरिदिनुभयो - यसैले यी बिघ्नहरूलाई नष्ट गर्नाले 'भग्नवान्' भनिने स्थानमा 'भगवान' भनिन्छ ।

यहाँ भनिएको छ –

*भग्गरागो भग्गदोसो भग्गमोहो अनासवो ।*
*भग्गास्स पापका धम्मा भगवा तेन वुच्चति ॥*

(उहाँले राग, द्वेष, मोहलाई भग्न गरिदिनुभएको छ, आस्रवरहित हुनुहुन्छ तथा उहाँको सबै पाप धर्म भग्न भइसकेका छन् । यसैले भगवान् भनिन्छ ।)

भाग्यवान् हुनाले उहाँको सयौं पुण्यहरूद्वारा उत्पन्न महापुरुषको लक्षणलाई धारण गर्ने रूपकाय (शरीर)को सम्पत्ति बताइएको छ । द्वेषको भग्न हुनाले धर्मकाय (ज्ञान)को सम्पत्ति बताइएको छ ।



Downloaded from http://www.dhamma.digital

त्यसरी नै लोकको धेरै परिक्षकहरू (भगवान्को प्रहीण द्वेषबलको कारण धेरै श्रमणब्राह्मणहरू परीक्षार्थ आउँदथे र आफ्ना द्वेष आदिको प्रहाणको यत्न गर्दथे ।) को हुनु, गृहस्थ र प्रव्रजितहरूको नजिक आउनु, नजिक जाने त्यस व्यक्तिहरूको कायिक र मानसिक दुःखलाई हटाउनुमा समर्थ हुनु, भगवान्को रूपकायलाई चक्षुप्रसादले हेरी मानसिक शान्ति हुने आमिष दान (भगवान्को धर्मकायलाई प्रज्ञाचक्षुले हेरी मानसिक शान्ति हुने) र धर्मदान उपकार गर्नु, तथा लौकिक र लोकोत्तर सुखहरूमा लाग्न सक्ने सामर्थ्य बताइएको छ ।

लोकमा ऐश्वर्य, धर्म, यश, श्री, काम, प्रयत्न यी ६ धर्महरूलाई 'भग भनिन्छ । यसलाई आफ्नो चित्तको वशमा पार्नु परम ऐश्वर्य हो । या अणिमा (शरीरलाई अणु मात्र बनाउनु), लधिमा (लघुभाव) महिमा, पत्ती, पाकम्म, ईसित, वसित, यत्थकाम, वसायित आदि लोकमा सम्मानित ऐश्वर्यले परिपूर्ण हुनुहुन्छ । त्यसरी नै लोकोत्तर धर्मयुक्त हुनुहुन्छ । तीनै लोकहरूमा व्याप्त भएको यथार्थ गुणलाई प्राप्त गर्नुभएको हुनुहुन्छ । अत्यन्त परिशुद्ध (निर्मल) यशस्वी हुनुहुन्छ । रूपकायको दर्शन गर्नुमा लागेका मानिसहरूलाई प्रसन्नता उत्पन्न गर्नमा समर्थ सवैप्रकारले परिपूर्ण सारा अंगप्रत्यंगको श्री (शोभा) हुनुहुन्छ । जसजसको उहाँले आफ्नो या अरूको कल्याणको लागि इच्छा र प्रार्थना (अभिलाषा) गरे त्यसत्यसको त्यसरी नै परिपूर्ण हुनाले इच्छितको पूर्ति नामक कामयुक्त हुनुहुन्छ, र सारा लोकमा श्रेष्ठ हुनेको हेतु हुने सम्यकव्यायाम नामक प्रयत्नयुक्त हुनुहुन्छ । यसैले यी भगहरू (ऐश्वर्यहरू) युक्त हुनुहुनाले पनि - उहाँलाई 'भग' (धर्म) हुनुहुन्छ, - यस कुराले 'भगवान्' भनिनुहुन्छ ।

कुशल आदि भेदहरूले सबै धर्महरूलाई या स्कन्ध, आयतन, धातु, सत्य, इन्द्रिय, प्रतीत्य समुत्पाद आदिले कुशल धर्महरूलाई, अथवा पीढित गर्ने, संस्कृत भएको, संतप्त गर्ने र विनाश हुनेको अर्थले दुःख आर्यसत्यलाई, आयूहन (राशिकरण), निदान (कारण), संयोग (उत्पत्ति), बिघ्नको अर्थले समुदयलाई, निःसरण (विकास), विवेक (अलग हुनु), असंस्कृत, अमृतको अर्थले निरोधलाई, संसार दुःखदेखि निस्कने हेतु निर्वाणको दर्शनमा आधिपत्य हुनाको अर्थले मार्गलाई विभक्त गर्ने हुनुहुन्छ, विभाजन गर्ने हुनुहुन्छ, खोल्ने हुनुहुन्छ, उपदेश गर्ने हुनुहुन्छ भनी भनिएको छ । यसैले विभक्तवान् भनिने स्थानमा भगवान् भनिनुहुन्छ ।

उहाँ कसिण आदि आलम्बनहरूको रूपावचर ध्यानयुक्त, दिव्य, मैत्री आदि ध्यानयुक्त ब्रह्म र फलसमापतियुक्त आर्यविहारहरूलाई, काय, चित्त र उपधि - विवेक (निर्वाण)लाई, शून्यता, अप्रणिहित, र अनिमित्त विमोक्षलाई तथा अन्य लौकिक धर्महरूलाई पूर्ण गर्नुभएर, सेवन गर्नुभएर, बढाउनुभएर, यसैले 'भक्तवान्' भनिने स्थानमा भगवान् भनिनुहुन्छ ।

तीनै भवहरूमा तृष्णारूपी गमन (चक्कर काट्नु)लाई उहाँले वन्त (वान्ता) गरिदिनुभयो । यसैले भवहरूमा 'वन्तगमन' (वान्ता गरेर गमन गर्ने) भन्नुमा - भव शब्दले भकारलाई, गमन शब्दले गकारलाई र वन्त शब्दले वकारलाई दीर्घ गरिलिएर भगवान् भनिनुहुन्छ । जस्तै - लोकमा "मेहन (लिङ्ग)को खाली स्थानको माला (मेहनस्स खलस्स माला) भनिने स्थानमा मेखला भनिन्छ ।

यसरी यीयी कारणहरूद्वारा उहाँ भगवान् अर्हत् हुनुहुन्छ ... यीयी कारणहरूद्वारा भगवान् हुनुहुन्छ - यसप्रकार अंगुत्तर निकाय (६,१,९) अनुसार बुद्धको गुणहरूलाई स्मरण गर्ने त्यस (योगी)को "त्यसत्यस



Downloaded from http://www.dhamma.digital

रागलिप्त चित्त हुँदैन, न द्वेषलिप्त, न मोहलिप्त, त्यस समय त्यसको चित्त तथागतप्रति सीधा नै हुन्छ।"

यसप्रकार राग आदिको उत्पत्तिको अभावले दबेको नीवरण र कर्मस्थानलाई अगाडि राख्नाले सीधा भएको चित्तको, वितर्क, विचार बुद्ध गुणतर्फ झुक्दै प्रवर्तित हुन्छन् । बुद्धगुणहरूको वारम्वार वितर्क गर्दै, वारम्वार विचार गर्दै, प्रीति उत्पन्न हुन्छ, प्रीति मनयुक्तको प्रीतिको कारण उत्पन्न हुने प्रश्रब्धिले कायिक र मानसिक पीढाहरू शान्त हुन्छन्। पीढा भएकोलाई कायिक पनि चैतसिक पनि सुख उत्पन्न हुन्छ । सुखीको चित्त बुद्धगुणहरूको आलम्बन भएर समाधिस्त हुन्छ । यसप्रकार क्रमशः एक क्षणमा ध्यानअंगहरू उत्पन्न हुन्छन् । तर बुद्धगुणको गम्भीरताले या नानाप्रकारको गुणहरूलाई वारम्वार स्मरण गर्नमा लागेको हुनाले अर्पणालाई नपाएर उपचारप्राप्त ध्यान हुन्छ। त्यो बुद्धकोगुणहरूलाई स्मरण गर्नाले उत्पन्न भएको (ध्यान) बुद्धानुस्मृति नै भनिन्छ ।

यस बुद्धानुस्मृतिमा लागेको भिक्षु शास्ताको गौरव र प्रतिष्ठा गर्ने हुन्छ। ऊ श्रद्धा, स्मृति, प्रज्ञा, र पुण्यको विपुलता (आधिक्य) लाई प्राप्त हुन्छ। प्रीति र प्रमोद बहुल हुन्छ। भयभैरवलाई सहने तथा दुःखलाई सहने सामर्थ्यवान् हुन्छ । उसलाई शास्ताको साथरहने विचार हुन्छ । बुद्धगुणानुस्मृतिको साथरहने भिक्षुको शरीर पनि चैत्यघरसमान पूजनीय हुन्छ। बुद्धभूमि (बुद्धगुणको महानताको प्रत्यवेक्षण गर्नु)मा चित्त झुक्दछ। शिक्षापदहरूको उल्लंघनयोग्य कुरा आउँदा उसलाई शास्ताले देख्नुभएकोसमान लज्जा र संकोच हुनजान्छ। मार्गफललाई प्राप्त नगरे तापनि सुगतिपरायण हुन्छ।

*तस्मा हवे अप्पमादं कयिराथ सुमेधसो ।*
*एवं महानुभावाय बुद्धानुस्सतिया सदा ॥*

(यसैले यस्तो महानुभावयुक्त बुद्धानुस्मृतिमा सदा पण्डित व्यक्ति अप्रमाद गरोस् ।)

## धर्मानुस्मृति

धर्मानुस्मृतिको भावना गर्ने इच्छुकलाई पनि एकान्त स्थानमा गएर अन्य आलम्बनहरूदेखि चित्तलाई तानेर –

*"स्वाक्खातो भगवता धम्मो सन्दिट्ठिको अकालिको एहिपस्सिको ओपनेय्यिको पच्चत्तं वेदितब्बो विञ्ञूही ति"*

(भगवान्का धर्म स्वाख्यात छ, तत्काल फलदायक छ, समयानन्तरमा होइन, यहीं देखाइदिने, निर्वाणसम्म पुऱ्याइदिने र विज्ञहरूद्वारा आफैं जान्नयोग्य छ।)

यसरी परियत्ति (बुद्ध वचन) धर्म र नौ प्रकारका लोकोत्तर धर्म (चार मार्ग, चार फल, एक निर्माण) को ६ गुणहरूको अनुस्मरण गर्नुपर्दछ।

१. स्वाक्खातो = यस पदमा परियत्तिधर्म पनि संगृहित हुन्छ तर अन्यमा लोकोत्तरधर्म नै संगृहित हुन्छ। परियत्ति धर्म आरम्भ, मध्य र अन्तमा कल्याणकारक हुने तथा अर्थ, व्यञ्जनसहित सर्वांशमा परिपूर्ण परिशुद्ध ब्रह्मचर्यलाई प्रकाशित गर्नाले स्वाख्यात हो। भगवान् जुन एक गाथालाई पनि उपदेश गर्नुहुन्छ, त्यो धर्म सबैतिरबाट सुन्दर हुनाले पहिलो पाद (चरण) देखि आरम्भमा कल्याकर, दोस्रो र तेस्रो पाददेखि अन्तसम्म मध्यमा कल्याणकर तथा मध्यदेखि अन्तिम पादसम्म अन्तमा कल्याणकार हुन्छ।



Downloaded from http://www.dhamma.digital

"एक समय भगवान् श्रावस्तीमा अनाथपिण्डिकको जेतवनाराममा विहार गर्नुहुन्थ्यो" आदि एक अनुसन्धियुक्त सूत्र निदानले आदिमा कल्याणकर हुन्छ। "भगवान्ले यस्तो भन्नुभयो। सन्तुष्ट भएर ती भिक्षुहरूले भगवान्को भाषणलाई अभिनन्दन गरे" या "यो जुन भनिएको छ - ६ तृष्णाकायहरूलाई जान्नुपर्दछ - त्यो यसकारण भनिएको छ" आदि उपदेशको अन्तमा निचोड गरी भनिने निगमनले अन्तमा कल्याणकारक र देशनाको शेषभागले मध्यमा कल्याणकारक हुन्छ।

नाना अनुसन्धियुक्त सूत्र पहिलो अनुसन्धिले आरम्भमा कल्याणकारक, अन्तिमले अन्तमा कल्याणकारक र शेषहरूले मध्यमा कल्याणकारक हुन्छ। अरू पनि-निदान, उत्पत्ति कारणसहित हुनाले आरम्भमा कल्याणकारक, विनेय (विनीतयोग्य) व्यक्तिहरूको अनुरूप अर्थको विपरीत नहुने तथा "त्यो कुन हेतुले ? जसरी भिक्षुहरू, पुरुष अस्थानको मार्गमा जाँदै एक यस्तो जल तलाउलाई पावस्" आदिप्रकारको हेतु र उदाहरणयुक्त हुनाले मध्यमा कल्याणकारक एवं श्रोताहरूलाई श्रद्धा उत्पन्न गर्नाले अन्तमा कल्याणकारक हुन्छ।

सम्पूर्ण शासन पनि धर्म आफ्नो उपकारक शीलले आरम्भमा कल्याणकारक छ, शमथ विपश्यना मार्गफलले मध्यमा कल्याणकार तथा निर्वाणले अन्तमा कल्याणकारक छ। शील, समाधिले आरम्भमा कल्याणकारक छ। विपश्यनामार्गले मध्यदेखि कल्याणकारक छ र फल निर्वाणले अन्तमा कल्याणकारक छ। अथवा बुद्धको सम्यकसम्बुद्ध हुनाले आरम्भमा कल्याणकारक छ। धर्मको सुधर्मताले मध्यमा कल्याणकार छ र संघको सुप्रतिपन्न हुनाले अन्तमा कल्याणकारक छ। त्यसलाई सुनेर त्यसको लागि प्रतिपन्न भएको व्यक्तिलाई परमज्ञान (बुद्धत्व)को प्राप्ति हुनाले आरम्भमा कल्याणकारक छ, प्रत्येकबोधिले मध्यमा कल्याणकारक छ र श्रावकबोधिले अन्तमा कल्याणकारक छ।

यो सुन्दै गरेर नीवरणलाई दबाउनाले, श्रवणले पनि कल्याणलाई नै ल्याउँदछ, यसैले आरम्भमा कल्याणकारक छ, प्रतिपन्न हुँदै शमथ-विपश्यनाको सुखलाई ल्याउनाले प्रतिपत्ति (धर्मानुकुल आचरण)ले पनि कल्याणलाई नै ल्याउँछ, यसैले मध्यमा कल्याणकारक छ र त्यसरी प्रतिपन्न हुनेलाई, प्रतिपत्ति फलको समाप्त हुँदा प्रियाप्रिय आलम्बनहरूमा अनुलिप्त नहुने इत्यादि भावलाई ल्याउनाले, प्रतिपत्तिको फलले पनि कल्याणलाई ल्याउँदछ, यसैले अन्तमा कल्याणकारक छ। यसरी आरम्भ, मध्य र अन्तमा कल्याणकारक हुनाले स्वाख्यात हो।

भगवान् धर्मको उपदेश दिनुहुँदै, जुन शासन ब्रह्मचर्य (शील, समाधि, प्रज्ञायुक्त बुद्धवचन) र मार्गब्रह्मचर्य (अरहन्तमार्ग) को प्रकाशन गर्नुहुन्छ, नानाढंगले बताउनुहुन्छ, त्यो यथानुरूप अर्थसम्पत्तिले अर्थसहित र व्यञ्जनको सम्पत्तिले व्यञ्जनसहित हुन्छ। संक्षेपले भन्ने, प्रकाशित गर्ने, विस्तारपूर्वक भन्ने, विभाजन गर्ने, खोलिदिने, प्रज्ञप्ति, अर्थपदयुक्त हुनाले अर्थसहित र अक्षर, पद, व्यञ्जन, आकार, निरुक्ति, निर्देशको सम्पत्तिले व्यञ्जनसहित हुन्छ। अर्थ र प्रतिवेधको गम्भीरताले अर्थसहित तथा धर्म र देशना ( धर्मोपदेश) को गम्भीरतालाई व्यञ्जनसहित हुन्छ। अर्थ र प्रतिभान प्रतिसम्भिदाको विषयले अर्थसहित तथा धर्म र निरुक्ति प्रतिसम्भिदाको विषयले व्यञ्जनसहित हुन्छ। पण्डितहरूद्वारा जान्नयोग्य हुनाले कुशलधर्महरूको खोजी गर्ने परीक्षक व्यक्तिहरूलाई प्रसन्न गर्ने अर्थसहित र श्रद्धा हुनाले लौकिक जनहरूलाई प्रसन्न गर्ने व्यञ्जनसहित हुन्छ। गम्भीर अभिप्राययुक्त हुनाले अर्थसहित र सरल शब्दहरूको



Downloaded from http://www.dhamma.digital

हुनाले व्यञ्जनसहित हुन्छ । ल्याएर मिलाउनेको अभावको कारण सम्पूर्ण हुनाले परिशुद्ध हुन्छ । अरू पनि - प्रतिपत्तिले ज्ञानको प्राप्तिको प्रकट हुनाले अर्थसहित र परियति धर्मले आगमको प्रकट हुनाले व्यञ्जनसहित हुन्छ । शील, समाधि, प्रज्ञा, विमुक्ति र विमुक्तिदर्शन पाँच धर्म स्कन्धहरूयुक्त हुनाले सर्वांशमा परिपूर्ण र क्लेशरहित हुनाले (संसारको दुःखहरूबाट) छुटकारा पाउनको लागि प्रवर्तित र लोक आमिषको चाहनारहित हुनाले परिशुद्ध हुन्छ । यसरी अर्थ र व्यञ्जनसहित सर्वांशमा परिपूर्ण परिशुद्ध ब्रह्मचर्यलाई प्रकाशित गर्नाले स्वाख्यात हो ।

अर्थको तलमाथि नहुनाले राम्ररी सुन्दरढंगले भनिएको हुनाले पनि स्वाख्यात छ । जस्तै - अन्य तीर्थकहरू (अन्य मतावलम्बहिरू)को धर्मको अर्थ बिघ्नकारक भनिएको धर्महरूको बिघ्नकारक नहुने तथा निर्वाणसम्म नपुऱ्याउनाले बदलिदै जान्छ, त्यसले ती दुर्ख्यात् (राम्ररी नभनिएको) धर्म नै हुन्छन् । "तर यी धर्म बिघ्नकारक छन्, यी धर्म निर्वाणसम्म पुऱ्याउने हुन्" यसरी भनिएको धर्महरू त्यसरी नै भएबाट भगवान्‌को धर्म त्यस्तो तलमाथि हुँदैन । यसप्रकार परियत्तिधर्म स्वाख्यात हुन्छ ।

लोकोत्तर धर्म निर्वाणअनुरूप प्रतिपत्ति र प्रतिपदाअनुरूप निर्वाणको भनिएको कारण स्वाख्यात हो । जस्तै - दीघनिकाय (२,६) अनुसार भनिएको छ - "उहाँ भगवान्‌ले श्रावकहरूलाई निर्वाणगामिनी प्रतिपदा (मार्ग) ठीकठीक बताउनुभएको छ । निर्वाण र त्यसको मार्ग विल्कुलअनुकूल छ । जसरी गंगाको धारा यमुनामा खस्दछ र खसेर एक हुन्छ, त्यसरी नै श्रावकहरूलाई उहाँ भगवान्‌को बताइएको निर्वाणगामिनी प्रतिपदा निर्वाणससंग मेल खान्छ ।

आर्यमार्ग सुख भोग र आत्म पीडा आदि दुई अन्तहरूलाई छाडेर मध्यम प्रतिपदा हो र मध्यम प्रतिपदा भनिएबाट स्वाख्यात हो । श्रामण्यफल क्लेशहरूद्वारा बिलकुल शान्त हुन्छ नै । यसैले राम्ररी क्लेशहरूको शान्त हुनाले स्वाख्यात हो । निर्वाण, श्वास्वत, अमृत, त्राण, लेण (रक्षक) आदि स्वभावको हो । अतः शाश्वत आदि स्वभावानुसार भनिएबाट स्वाख्यात हो । यसरी लोकोत्तरधर्म पनि स्वाख्यात हो ।

२. सन्दिट्ठिको = (सांदृष्टिक) यहाँ आर्यमार्ग आफ्नो सन्तान (चित्त प्रबृत्ति) मा रागादिलाई हटाउँदै गरेको आर्यपुद्गलद्वारा स्वयं देख्नयोग्य छ, यसैले सांदृष्टिक छ । जस्तै - अंगुत्तर निकाय (३,१,३) अनुसार भगवान्‌ले भन्नुभएको छ – "ब्राह्मण ! रागले अभिभूत र ढाकिएको चित्तयुक्त रागी व्यक्ति आफ्नो पीढाको लागि पनि सोच्दछ, न अरूको पीढाको लागि सोच्दछ र न त दुवैको पीढाको लागि सोच्दछ तथा चैतसिक पनि दुःख दौर्मनस्यको अनुभव गर्दछ । रागको प्रहीण हुनाले न आफ्नै पीढाको लागि सोच्दछ, न चैतसिक दुःख दौर्मनस्यको अनुभव गर्दछ । ब्राह्मण ! यसरी पनि सांदृष्टिक धर्म हुन्छ ।"

नौ प्रकारका लोकोत्तरधर्म पनि जसजसलाई प्राप्त हुन्छ, त्यसत्यस (व्यक्ति)लाई अरूप्रति विश्वास गर्नलाई छाडेर प्रत्यवेक्षण ज्ञानले स्वयं देख्नयोग्य, यसैले सांदृष्टिक हो ।

प्रशस्तदृष्टि संदृष्टि भनिन्छ र संदृष्टिले त्यसलाई जित्दछ, यसैले सांदृष्टिक हो । त्यसरी नै यहाँ आर्यमार्गले राम्ररीयुक्त, आर्यफलको प्राप्तिको कारण भएको निर्वाणको आलम्बनयुक्त संदृष्टिले क्लेशहरूलाई जित्दछ । यसैले, जस्तै - रथले जित्नेलाई रथिक भनिन्छ, यसरी नै नौ प्रकारका लोकोत्तर धर्मलाई संदृष्टिले जित्नाले सांदृष्टिक भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

दृष्ट दर्शन भनिन्छ र दृष्ट नै संदृष्ट हो। यसको अर्थ हो दर्शन तथा संदृष्टयोग्य हुनाले सांदृष्टिक हो । लोकोत्तरधर्म नै भावनाज्ञान र साक्षात्कारज्ञानको अनुसार देखाइदिएर नै संसारचक्रको भयलाई रोक्दछ । यसैले, जसरी वस्त्रयोग्य हुनाले वस्त्रिक (वत्थिक) भनिन्छ, यसरी नै संदृष्टको योग्य हुनाले सांदृष्टिक भनिन्छ ।

३. अकालिको = आफ्नो फललाई दिनको लागि यससंग काल छैन, यसैले अकाल हो, र अकाल नै अकालिक हो । पाँच सात दिन आदि बिताएर फल दिंदैन, तर आफै प्रवर्तित भएको समयानन्तर नै फलदायक भनिन्छ ।

आफ्नो फललाई दिनमा प्रकृष्ट दीर्घकाल लगाउँछ, यसैले कालिक हो । त्यो के हो ? लौकिक कुशलधर्म । तर यो समयान्तरमा फल दिनाले कालिक होइन, अतः अकालिक हो । यो मार्गप्रति नै भनिएको हो ।

४. एहिपस्सिको = "आउ, यस धर्मलाई हेर", "यसरी आउ हेर" विधियोग्य हुनाले एहिपस्सिक हो। किन यो त्यस विधियोग्य छ ? विद्यमान र परिशुद्ध हुनाले। किनकि खाली मुट्ठीमा "हिरण्य या सुन छ" भनेर पनि "आऊ यसलाई हेर" भन्न सकिंदैन, किन ? अविद्यमान हुनाले। विद्यमान पनि दिसा या पिसापलाई त्यसको सौन्दर्य प्रकाशित गर्नाले, चित्तलाई हर्षोत्फुल्ल गर्नको लागि "आऊ, यसलाई हेर" भन्न सकिंदैन। त्यो त घाँसहरूले या पातहरूले ढाक्नुलायक नै हुन्छ। किन ? अपरिशुद्ध हुनाले। तर यी नौ प्रकारका लोकोत्तरधर्म स्वभावले विद्यमान, बादल हटेको आकाशमा पूर्ण चन्द्रमण्डल र पहेंलो रंगको कम्बलमाथि फ्याँकिएको जातिमणिसमान, परिशुद्ध हुन्छ । यसैले विद्यमान र परिशुद्ध हुनाको कारणले "आऊ, हेर" विधियोग्य हुनाले एहिपस्सिक हो ।

५. ओपनय्यिको = चित्तमा ल्याउनयोग्य हुनाले ओपनेय्यिक हो। यो यहाँ विनिश्चय हो - चित्तमा ल्याउनु उपनयन हो । जल्दै गरेको वस्त्र या टाउकोको उपेक्षा गरेर पनि भावनाले आफ्नो चित्तमा ल्याउनयोग्य हुनाले ओपनयिक हो र ओपनयिक नै ओपनेय्यिक हो। यो संस्कृत लोकोत्तरधर्म (मार्गफल) मा जुट्दछ, तर असंस्कृत (निर्वाण) आफ्नो चित्तलाई ल्याउनयोग्य हुनाले ओपनेय्यिक हो । साक्षात्कार गर्नेअनुसार त्यससंग जुड्नको योग्य हो - यो अर्थ हो ।

लिएर निर्वाणतिर जान्छ, यसैले आर्यमार्ग उपनेय्य हो। साक्षात्कारयोग्य बनाउनाले यसको फल निर्वाणधर्म उपनेय्य हो र उपनेय्य नै ओपनेय्यिक हो ।

६. पच्चत्तं वेदितब्बो विञ्ञूहि = विज्ञहरूद्वारा आफैले नै जान्नयोग्य। यी सबै धर्महरु उद्घाटितज्ञ आदि विज्ञहरूद्वारा आफूआफूमा जान्नयोग्य छ "मैले मार्गको भावना गरे", "फल प्राप्त भयो","निरोध (निर्वाण)का साक्षात्कार भयो ।" उपाध्यायको मार्गहरूको भावना गर्नाले शिष्यको क्लेश हट्दैन । त्यो उसको फलसमापत्तिद्वारा सुखपूर्वक विहार गर्दैन र न त उसद्वारा साक्षात्कार गरिएको निर्वाणको

**चार प्रकारका पुद्गल**

***अंगुत्तर निकायअनुसार पुद्गल (व्यक्ति) चार प्रकारका हुनछन् - १ उद्घाटितज्ञ = जसलाई उपदेश सुन्नासाथ मार्गफल प्राप्त हुन्छ । २. वीपचितज्ञ = जसलाई उपदेशको व्याख्यान सुनेपछि मात्र मार्गफल प्राप्त हुन्छ । ३. नेय्य = जसलाई आचरण र अभ्यास गरेपछि मात्र मार्गफल प्राप्ति हुन्छ । ४. पदपरम = जसले जतिसुकै आचरण गरे तापनि यस जन्ममा मार्गफल प्राप्त गर्न सक्दैन ।***



Downloaded from http://www.dhamma.digital

साक्षात्कार गर्दछ। यसैले यसलाई अरूको टाउकोमा राखेको आभुषणलाई देखिनेसमान सम्झिनु हुँदैन, तर यो आफ्नो चित्तमा नै देख्नयोग्य छ, विज्ञहरूद्वारा अनुभवयोग्य छ भनी भनिएको छ। तर मूर्खहरूको यो विषय होइन।

यो धर्म स्वाख्यात छ। किन ? सांदृष्टिक हुनाले। सांदृष्टिक छ अकालिक हुनाले। अकालिक छ 'आऊ हेर' हुनाले र जुन आऊ हेर (परीक्षणयोग्य) हुन्छ, त्यो ओपनेय्यिक हुन्छ।

त्यसको यसरी स्वाख्यात हुने आदि गुणहरूका अनुस्मरण गर्ने त्यस योगीको अंगुत्तर निकाय (६,१,९) अनुसार त्यस समय चित्त रागलिप्त हुँदैन, न द्वेषलिप्त हुन्छ ,न मोहलिप्त हुन्छ। त्यस समय उसको चित्त धर्मप्रति सीधा नै हुन्छ।" बुद्धानुस्मृतिमा भनिएअनुसार नै दबेको नीवरण हुनेलाई एक क्षणमा नै ध्यानांग उत्पन्न हुन्छन्। तर धर्मगुणहरूको गम्भीरता या नाना प्रकारको गुणहरूलाई नपाएर उपचारप्राप्त ध्यान हुन्छ। त्यो धर्मगुणहरूको स्मरण गर्नाले उत्पन्न भएको (ध्यान) धर्मानुस्मृति नै भनिन्छ।

यस धर्मानुस्मृतिमा लागेको भिक्षु 'यस्तो निर्वाणसम्म पुऱ्याइदिने धर्मको उपदेशक शास्तालाई यस कुरायुक्त पूर्वकालमा पनि देख्दिन र न त यस समय नै देख्दछु - अतिरिक्त उहाँ भगवान्लाई" यसप्रकार धर्मगुणहरूलाई देख्नाले नै शास्ताको गौरव र प्रतिष्ठा गर्ने हुन्छ। श्रद्धा आदिमा विपुलतालाई प्राप्त हुन्छ। प्रीति र प्रमोद बहुल हुन्छ। भयभैरवलाई सहने तथा दु:खलाई सहने सामर्थ्यवान् हुन्छ। धर्मको साथ रहने विचार हुन्छ। धर्मगुणानुस्मृतिपूर्वक रहने भिक्षुको शरीर पनि चैत्यघरसमान पूजनीय हुन्छ। अनुत्तरधर्मको प्राप्तिको लागि चित्त झुक्दछ। शिक्षापदहरूको उल्लंघनयोग्य कुरा आउँदा उसलाई धर्मको सुधर्मतालाई स्मरण गर्दै लज्जा र संकोच भइआउँछ। मार्गफल प्राप्त नगरे तापनि सुगति परायण हुन्छ।

*तस्मा हवे अप्पमादं कयिराय सुमेधसो।*
*एवं महानुभावाय धम्मानुस्सतिया सदा ॥*

(यसैले यस्तो महानुभावयुक्त धर्मानुस्मृतिमा पण्डित व्यक्ति सदा अप्रमाद गरोस्।)

## संघानुस्मृति

संघानुस्मृतिको भावना गर्ने इच्छुकलाई पनि एकान्त स्थानमा गएर, अन्य आलम्बनहरूबाट चित्तलाई खिचेर, आर्यसंघको गुणहरूको अनुस्मरण गर्नुपर्दछ।

*"सुपटिपन्नो भगवतो सावकसंघो, उजुपटिपन्नो भगवतो सावकसंघो, ञायपटिपन्नो भगवतो सावकसंधो, सामीचिपटिपन्नो भगवतो सावकसंघो, यदिदं चत्तारि पुरिसयुगानि अट्ठपुरिसपुग्गला, एस भगवतो सावकसंघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिनेय्यो, अञ्जलिकरणीयो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्साति।"*

(भगवान्का श्रावक (शिष्य) संघ सुमार्ग (धर्मविनय)मा प्रतिपन्न हुनुहुन्छ, भगवान्का श्रावकसंघ सिधा (अष्टाङ्गिकमार्ग) मार्गमा प्रतिपन्न हुनुहुन्छ,, भगवान्का श्रावकसंघ न्याय (निर्वाण) मार्गमा प्रतिपन्न हुनुहुन्छ,, भगवान्का श्रावकसंघ उचित (सत्कारयोग्य) मार्गमा प्रतिपन्न हुनुहुन्छ, । जो यी चार युगल र



Downloaded from http://www.dhamma.digital

आठ पुरुष पुद्‌गल हुनुहुन्छ, यिनै भगवान्‌का श्रावकसंघ हुन् । उहाँ आव्हानयोग्य हुनुहुन्छ, पाहुनायोग्य हुनुहुन्छ, दान दिनयोग्य हुनुहुन्छ, हात जोड्नयोग्य हुनुहुन्छ र लोकको लागि पुण्यवीज रोप्ने सर्वोत्तम खेत हुनुहुन्छ, ।)

१. सुपटिपन्नो = राम्रोप्रकारले प्रतिपन्न । उचित, नरोकिने, सिधा लिएर (निर्वाणतर्फ) जाने अविरुद्ध र धर्मानुधर्मको मार्गमा प्रतिपन्न हुनुहुन्छ, भनी भनिएको छ । भगवान्‌को उपदेश र अनुशासनको सत्कारपूर्वक सुन्नाले श्रावक भनिन्छ, श्रावकहरूको संघ नै श्रावकसंघ हो । आर्यशील र आर्यदृष्टिसमान हुनाले एकत्र भएको श्रावकसमूह भन्ने अर्थ हो । किनकि त्यो प्रतिपदा ऋजु, अवंक, अकुटिल, अजृम्भ, आर्य र न्याय पनि भनिन्छ, तथा अनुरूप हुनाले सामीचि पनि भनिन्छ । यसैले त्यसमाथि प्रतिपन्न हुने आर्यसंघ उजुपटिपन्नो, ञायपटिपन्नो, सामीचिपटिपन्नो पनि भनिन्छ ।

यहाँ, जो मार्ग प्राप्त हुनुहुन्छ, उहाँहरू सम्यक प्रतिपत्तियुक्त हुनाले सुमार्गमा प्रतिपन्न हुनुभएका छन् । जो फलप्राप्त हुनुहुन्छ, उहाँहरू सम्यक प्रतिपदाद्वारा प्राप्तयोग्यको प्राप्तिद्वारा अतीतको प्रतिपदानुसार सुमार्गमा प्रतिपन्न हुनुभएका छन् भनी जान्नुपर्दछ ।

सुन्दरढंगले भनिएको धर्म र विनयमा गरिएको अनुशासनानुसार प्रतिपन्न हुनाले पनि, अविरुद्ध प्रतिपदामा चल्नाले पनि सुपटिपन्नो हो ।

२. उजुपटिपन्नो = दुई अन्तरहरूलाई त्याग गरी मध्यम प्रतिपदा (अष्टाङ्गिकमार्ग) मा हिंड्ने र काय, वाक, मनको वंक, कुटिल, जृम्भको दोषको प्रहाण गर्नको लागि प्रतिपन्न हुनाले उजुपटिपन्नो हो ।

३. ञायपटिपन्नो = न्याय निर्वाण भनिन्छ, त्यसको लागि प्रतिपन्न हुनाले ञायपटिपन्नो हो ।

४. सामीचिपटिपन्नो = जसरी प्रतिपन्न भएको सामीचि कर्म (आदरसत्कार र सेवाटहल गर्नु) योग्य हुन्छन् त्यसरी प्रतिपन्न हुनाले सामीचिपटिपन्नो हो ।

यदिदं = जो यी । चत्तारि पुरिसयुगानि = जोडानुसार प्रथम मार्गस्थ र फलस्थ गरी एक जोडा हुन्छ - यसरी स्रोतापन्न, सकृदागामी, अनागामी, अरहन्त, चार पुरुष, चार युग (जोडा) हुन्छन् । अट्ठपुरिस पुग्गला, = पुरुष पुद्‌गलअनुसार एक प्रथम मार्गस्थ र एक फलस्थ गरी एक युगलमा २ पुरुष हुन्छन् - यसप्रकार स्रोतापन्न मार्गस्थल, स्रोतापन्न फलस्थ आदिअनुसार प्रत्येक युगलको दुईदुई पुरुषानुसार आठ पुरुष पुद्‌गल हुन्छन् । यहाँ, पुरुष या पुद्‌गल - यी शब्दहरूको एक नै अर्थ छन् । यो विनेय (विनीतयोग्य) व्यक्तिहरूअनुसार भनिएका हुन् ।

एस भगवतो सावकसंधो = जो यी जोडानुसार चार पुद्‌गल पुरुष युगमा र अलगअलग गरी आठ पुरुष पुद्‌गल हुन् - यो भगवान्‌को श्रावकसंघ हो ।

५. आहुनेय्यो = आदि शब्दहरूमा, ल्याएर दिनयोग्य हुनाले 'आव्हान' भनिन्छ । टाढाबाट ल्याएर पनि शीलवान्‌हरूलाई दिनयोग्य छ भन्ने अर्थ हो । चार प्रत्ययहरूको यो नाम हो । दातालाई महाफलवान् बनाउन सक्ने त्यस आव्हान (चार प्रत्यय)लाई ग्रहणयोग्य हुनाले आव्हानीय हो ।

टाढाबाट आएर पनि सारा सम्पत्तिलाई पनि यहाँ दिनयोग्य छ, यसैले आव्हानीय हो । या शक्र (इन्द्र) आदिद्वारा पनि आव्हानयोग्य छ, यसैले आव्हानीय हो ।



Downloaded from http://www.dhamma.digital

जो यो ब्राह्मणहरूको आव्हानीय अग्नि हो, जहाँ दिनाले महाफल हुन्छ, यस्तो उनको लब्धी (मत हो। यदि दानको महाफलवान् हुनाले आव्हानीय हो भने संध नै आव्हानीय हो, किनकि संघमा दा गरेको महाफलवान् हुन्छ। जस्तै धम्मपद (८,८) अनुसार भनिएको छ -

*यो च वस्ससतं जन्तु अग्गिं परिचरे वने।*
*एकञ्च भावितत्तानं महुत्तमपि पूजये।*
*सा येव पूजना सेय्यो यञ्चे वस्ससतं हुतं॥*

(जुन प्राणी सयवर्षसम्म वनमा अग्नि परिचरण (आगोको सेवा-अग्निहोत्र) गरोस र यदि परिशु मन भएको एक पुरुषलाई एक मुहुर्त नै पूजोस्, तब सयवर्षको हवनभन्दा यी पूजा नै श्रेष्ठ हुन्छ।)

अन्य सर्वास्तिवाद निकायहरुको आव्हानीय र यहाँको 'आव्हानेय्य' शब्दको अर्थ एक हो। यिनमा व्यञ्जन मात्रको नै केही अन्तर छ। यसप्रकार आहुनेय्यो हो।

६. पाहुनेय्यो = पाहुन भनिन्छ, दिशाविदिशाबाट आएका, प्रियमनाप ज्ञातिमित्रको लागि सत्कारपूर्वक तैयार गरिएको आगन्तुक दान। त्यसलाई पनि छाडी, ती त्यस्ता संघलाई नै दिनयोग्य छन्। किनकि पाहुनलाई ग्रहणयोग्य संघसमान अन्य कोही पाहुना छैन। त्यसरी नै यो संघ, एक बुद्धपछि अर्को बुध्दको समय, बुध्दान्तर बितेपछि विपक्षीधर्महरूले अमिश्रित र प्रियमनाप भावलाई गर्ने धर्महरूयुक्त देखापर्दछ। यस्ता पाहुनलाई दिनु उचित छ र संघ नै पाहुनलाई ग्रहणयोग्य पनि हो, यसैले पाहुनेय्य हो। तर जुन ग्रन्थहरूमा पाहवनीय पालि पाठ छ, त्यसको लागि संघ सत्कारयोग्य छ, यसैले सबभन्दा पहिले ल्याएर यहाँ दिनयोग्य हुनाले पाहवनीय हो। या सबप्रकारले आव्हानयोग्य हो, यसैले पाहवनीय (पाव्हनीय) हो। त्यो यहाँ त्यसै अर्थले पाहुनेय्यो भनिन्छ।

७. दक्खिणेय्यो = परलोकमा विश्वास गरी दिनयोग्य दान दक्षिणा भनिन्छ। त्यो संघ त्यस दक्षिणायोग्य छ या दक्षिणाको हितकारक छ, किनकि त्यसलाई महाफलवान् गर्नाले परिशुद्ध गर्दछ, यसैले दक्खिणेय्यो (दक्षिणेय-दक्षिणा पाउनयोग्य) हो।

८. अञ्जलिकरणीयो = दुवै हातहरूलाई टाउकोमा राखेर सारा लोकद्वारा अञ्जलि (प्रणाम) कर्मयोग्य हुनाले अञ्जलिकरणीयो हो।

९. अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्स = सारा लोकको लागि असदृश पुण्यवीजको उमार्ने स्थान हो जसरी राजा या अमात्यको धान या जौको उमार्ने स्थान "राजाको धानखेत, राजाको जौखेत" भनिन्छ यसरी नै संघ सम्पूर्ण लोकको पूण्यवीज उमार्ने स्थान हो। संघको सहारा लोकको नाना प्रकारको हितसुख उत्पन्न गर्ने पुण्यवीज उम्रिन्छन्, यसैले संघ लोकको अनुत्तर पुण्यक्षेत्र हो।

त्यसको यसरी सुप्रतिपन्न हुने आदि गुणहरूको अनुस्मरण गर्ने त्यस योगीको - "त्यस समय चित्त रागलिप्त हुँदैन, न द्वेषलिप्त, न मोहलिप्त हुन्छ। त्यस समय उसको चित्त संघप्रति सिधा हुन्छ ?" बुद्धानुस्मृतिमा भनिएअनुसार नै दवेको नीवरण हुनेलाई एक क्षणमा नै ध्यानांग उत्पन्न हुन्छन्। तर संघगुणहरूको गम्भीरतामा नाना प्रकारको गुणहरूलाई वारम्वार स्मरण गर्नुमा लागेको हुनाले अर्पणालाई नपाएर उपचारप्राप्त ध्यान हुन्छ। यो संघको गुणहरूलाई स्मरण गर्नाले उत्पन्न भएको (ध्यान) संघानुस्मृति नै भनिन्छ।



Downloaded from http://www.dhamma.digital

यस संघानुस्मृतिमा लागेको भिक्षु संघको गौरव र प्रतिष्ठा गर्ने हुन्छ । ऊ श्रद्धा आदिमा विपुलतालाई प्राप्त गर्दछ । प्रीति र प्रमोद बहुल हुन्छ । भयभैरवलाई सहने तथा दुःखलाई सहने सामर्थ्यवान हुन्छ । संघको साथ रहने विचार हुन्छ । संघगुणानुस्मृतिपूर्वक रहनेको शरीर एकत्र भएको संघको उपोशथगृहसमान पूजनीय हुन्छ । संघगुणको प्राप्तिको लागि चित्त झुक्दछ । उल्लंघनीय वस्तुहरू आईपर्दा त्यसलाई संघलाई सम्मुख देखेदेखेसमान लज्जा र संकोच हुन्छ । मार्गफल प्राप्त नगरे तापनि सुगति परायण हुन्छ ।

*तस्मा हवे अप्पमादं कयिराथ सुमेधसो ।*
*एवं महानुभावाय संघानुस्सतिया सदा ॥*

(यसैले यस्तो महानुभावयुक्त संघानुस्मृतिमा पण्डित व्यक्ति सदा अप्रमाद गरोस् ।)

## शीलानुस्मृति

शीलानुस्मृतिको भावना गर्न इच्छुकलाई एकान्त स्थानमा गएर अन्य आलम्बनहरूबाट चित्तलाई तानेर अंगुत्तर निकाय (६,१,९) र दीघ निकाय(२,३) अनुसार - अहा । मेरो शील –

*"अखण्डानि अच्छिद्दानि असबलानि अकम्मासानि भुजिस्सानि विञ्ञूपसत्थानि अपरामट्ठानि समाधिसंवत्तनिकानीति ।"*

(अखण्डित, निर्दोष, निर्मल, निष्कल्मष, भुजिस्व (स्वाधिन) विज्ञहरूद्वारा प्रशंसित, तृष्णाद्वारा अन् अभिभूत, समाधि दिलाउने क्षमताको छ ।)

यसरी अखण्डित हुने आदिको गुणहरूअनुसार आफ्नो शीलहरू अनुस्मरण गर्नुपर्दछ । त्यसमा पनि गृहस्थलाई गृहस्थशीलको र प्रब्रजितलाई प्रब्रजित शीलको अनुस्मरण गर्नुपर्दछ ।

गृहस्थशील होस् या प्रब्रजितशील, जसको शील आरम्भमा या अन्तमा एक पनि भंग भएको छैन, त्यो शील किनारा वस्त्रजस्तै खण्डित नहुनाले अखण्डानि हुन्छ । जसको शील बीचमा एउटै पनि भंग भएको छैन, त्यो बीचमा प्वाल भएको वस्त्रजस्तै प्वालयुक्त नहुनाले अच्छिद्दानि हुन्छ । जसको शील क्रमशः दुई या तीन पटक भंग भएको छैन, त्यो शील जसको पीठ्यु या पेटमा ठूलो र गोलोगोलो कालोरातो आदि विभिन्न रंगहरूको छाप भएको गाईसमान टाटेपाटे नहुनाले असबलानि हुन्छ । जुन बीचबीचमा फरक पारेर भंग भएका छैनन्, त्यो शील नाना प्रकारका बिन्दुहरूयुक्त रंगविरंगी गाईसमान कल्मष (रंगविरंगी) नहुनाले अकम्मासानि हुन्छ ।

साधारणरूपले सबै शीलहरू सात प्रकारका मैथुन संसर्ग र क्रोध, उपनाह (इवी) आदि पापधर्महरूले उपहत नहुनाले अखण्डित, निर्दोष, निर्मल, निष्कल्मष हुन्छन् ।

त्यसै शीलले नै तृष्णाको दासताले छुडाएर स्वतन्त्र गर्नाले भुजिस्सानि (स्वाधीन) हुन्छ । बुद्ध आदि विज्ञहरूद्वारा प्रशंसित हुनाले विञ्ञूपसत्थानि (विज्ञहरूद्वारा प्रशंसित) हुन्छ । तृष्णा, दृष्टि या कसैद्वारा पनि अभिभूत नहुनाले "यो तिम्रो शीलमा दोष छ" यसरी भन्न नसक्नाले अपरामट्ठानि (निर्दोष) हुन्छ । उपचार समाधि या अर्पणा समाधि अथवा मार्ग समाधि र फल समाधिलाई पनि दिलाउने हुनाले समाधिसंवत्तनिकानि हुन्छ ।



Downloaded from http://www.dhamma.digital

यसरी अखण्डित हुने आदि गुणहरूअनुसार आफ्नो शीलहरू अनुस्मरण गर्ने त्यस योगीको त्यस समय चित्त रागलिप्त हुँदैन, न द्वेषलिप्त, न मोहलिप्त हुन्छ, त्यस समय उसको चित्त शीलप्रति सिधा नै हुन्छ ।" बुद्धानुस्मृतिमा भनिएअनुसार नै दबेको नीवरण हुनेलाई एक क्षणमा नै ध्यानांग उत्पन्न हुन्छन् । तर शीलको गुणहरूको गम्भीरता या नाना प्रकारका गुणहरूलाई वारम्वार स्मरण गर्नमा लागेको हुनाले अर्पणालाई नपाएर उपचारप्राप्त ध्यान नै हुन्छ। यो शीलको गुणहरूलाई स्मरण गर्नाले उत्पन्न भएको ध्यान शीलानुस्मृति नै भनिन्छ।

यस शीलानुस्मृतिमा लागेको भिक्षु शिक्षापदको गौरव गर्दछ, शीलसम्पन्न हुने विचार गर्दछ, प्रियवचनले कुशलक्षेम सोध्नुमा अप्रमत्त हुन्छ, आत्मनिन्दा आदिको भयरहित हुन्छ। अल्प मात्र दोषमा पनि भय देख्दछ। ऊ श्रद्धा आदि विपुलता प्राप्त हुन्छ। प्रीति र प्रमोदबहुल हुन्छ। मार्गफल प्राप्त नगर तापनि सुगति परायण हुन्छ।

*तस्मा हवे अप्पमादं कयिराथ सुमेधसो ।*

*एवं महानुभावाय सीलानुस्सतिया सदा ॥*

(यसैले यस्तो महानुभावयुक्त शीलानुस्मृतिमा पण्डित व्यक्ति सदा अप्रमाद गरोस् ।)

## त्यागानुस्मृति

त्यागानुस्मृतिको भावना गर्ने इच्छुकको स्वभावैले दानमा लागेको हुन्छ, नित्य दान दिने हुनुपर्दछ।

भावना आरम्भ गर्नेलाई - "अबदेखि दक्षिणायोग्य व्यक्ति हुँदा अन्ततोगोत्वा एक गाँसमात्र पनि दान दिइकन खाने छैन" यसरी प्रतिज्ञा गरी त्यस दिन विशिष्ट गुणवान् दक्षिणायोग्य व्यक्तिहरू (प्रतिग्राहकहरू)लाई यथाशक्ति, यथाबल आफ्नो उपभोगका वस्तुहरूमध्ये दान दिएर, त्यहाँ निमित्तलाई ग्रहण गरेर एकान्तमा गएर चित्तलाई अन्य आलम्बनहरूबाट तानेर –

"लाभा वत मे, सुलद्धं व*त मे, योहं मच्छेरमलपरियुट्ठिताय पजाय विगतमलमच्छेरेन चेतसा विहरामि, मुत्तचागो पयतपाणि वोस्सग्गरतो याचयोगो दानसंविभागरतोति" ।*

(मलाई लाभ छ, मलाई सुन्दर जीवन मिल्यो, जुन म कञ्जूसी मललिप्त मानिसहरूको मात्सर्यमलरहित चित्त भएर मुक्तत्यागी, खुलाहात दान दिने, दान दिनमा लागेको, याचनायोग्य भएको, दान र संविभागमा लीन भएर विहार गर्दैछु ।)

यस्तो कञ्जूसीको मलरहित हुने आदि गुणहरूअनुसार आफ्नो त्याग (दान) को अनुस्मरण गर्नुपर्दछ।

लाभा वत मे = मेरो लागि लाभ छ। जुन यो "आयुलाई दिएर दिब्य या मानुषीआयुको भागी हुन्छ" "दिंदै प्रिय हुन्छ, उसको धेरैले संगत गर्दछन् " "सत्पुरुषहरूको धर्ममा हिंड्दछ, दिंदै प्रिय हुन्छ।" आदि प्रकारले अंगुत्तर निकाय (५,४,७ र ५,४,५) अनुसार भगवान्द्वारा दायकको लाभ प्रशंसित छन्, ती मलाई अवश्य मिल्दछ भन्ने अभिप्राय हो।

सुलद्धं वत मे = जुन मैले यस शासन या मनुष्यजन्मलाई पाएको छु, त्यो मलाई सुन्दर पाएको



Downloaded from http://www.dhamma.digital

छु। किन ? जुन म कञ्जूसीमललिप्त प्राणीहरूमध्ये मात्सर्यमलरहित चित्त भएर दान र संविभागमा लीन भएर विहार गर्दैछु।

मच्छेरमलपरियुट्ठिताय = कञ्जूसीमललिप्त। पजाय = आफ्नो कर्मानुसार उत्पन्न हुनाले सत्वप्राणी प्रजा भनिन्छ। यसैले आफ्नो सम्पत्तिलाई अन्यको लागि उपलब्ध हुन सजिलो हुँदा नसहने लक्षणले चित्तको परिशुद्ध भावलाई दूषित गर्ने पापधर्महरूमध्ये एक कञ्जूसीमललिप्त प्राणीहरूमा भन्ने अर्थ हो।

विगतमलमच्छेरेन = अन्य पनि राग, द्वेषादि मलहरू र मात्सर्यरहित हुनाले मात्सर्यमलरहित। चेतसा विहरामि = यथोक्तप्रकारको चित्त भएर विहार गर्दछु भन्ने अर्थ हो। तर अंगुत्तर निकाय (६,१,१०) को महानाम सूत्रमा महानाम शाक्यको स्रोतापन्न हुनाले निश्रयविहारलाई सोद्धा निश्रयविहारानुसार उपदेश गरिएकोले 'अगारं अज्झावसामि' (घरमा वास गर्दछु) भनिएको छ। त्यहाँ रागादि क्लेशहरूलाई हटाएर वास गर्दछु भन्ने अर्थ हो।

मुक्त चागो = कुनै चीजलाई पाउने इच्छा नगरी दान दिने। पयतपाणि = परिशुद्ध हात भएको। सत्कारपूर्वक, आफ्नो हातले दान दिने वस्तुलाई दिनको लागि सदा धोएको हातजस्तै भएको भनी भनिएको छ। वोस्सग्गरतो = विसर्जन गर्नु नै वोस्सग्ग हो। परित्याग (दान) यसको अर्थ हो। त्यस वोस्सग्ग (अवसर्ग) मा सतत लागिरहनेअनुसार रत भएको वेस्सग्गरतो (दान दिनमा लागीरहने) हुन्छ। याचयोगो = जुनजुन वस्तुलाई अरूले माग्दछन्, त्यसत्यस वस्तुलाई दिनेबाट याचनायोग्य भएको भन्ने अर्थ हो। याचयोगी पनि पाठ छ, जसको अर्थ हो - 'यजन' ना याज (याग)युक्त। दानसंविभागरतो = दान र संविभागमा लागिरहने। "म दानलाई पनि दिइरहेछु र आफ्नो परिभोगयोग्य वस्तुहरूलाई पनि अरुलाई बाँड्दछु र यी दुवैमा लागिरहेछु" यसप्रकार अनुस्मरण गर्दछ भन्ने अर्थ हो।

उसको यसरी मल मात्सर्यरहित हुने आदि गुणहरूअनुसार आफ्नो त्यागको अनुस्मरण गर्ने त्यस योगीको - "त्यस समय चित्त रागलिप्त हुँदैन, न द्वेषलिप्त, न मोहलिप्त हुन्छ। त्यस समय उसको चित्त त्यागप्रति सिधानै हुन्छ। अंगुत्तर निकाय (६,१,९) मा भनिएअनुसार नै दबेको नीवरण हुनेलाई एक क्षणमा नै ध्यानको अंग उत्पन्न हुन्छन्। तर त्यागको गुणहरूको गम्भीरता या नाना प्रकारको त्यागको गुणहरूको अनुस्मरण गर्नुमा लागेको हुनाले अर्पणालाई नपाएर उपचारप्राप्त ध्यान हुन्छ। त्यो त्यागको गुणहरूलाई स्मरण गर्नाले उत्पन्न भएको ध्यान त्यागानुस्मृति नै भनिन्छ।

यस त्यागानुस्मृतिमा लागेको भिक्षु प्रायः दान दिनमा नै लागिरहन्छ। ऊ लोभरहित विचारयुक्त, मैत्रीको अनुलोम चल्ने, निर्भिक र प्रीति, प्रमोदबहुल हुन्छ। मार्गफल प्राप्त नगरे तापनि सुगति परायण हुन्छ।

*तस्मा हवे अप्पमादं कयिराथ सुमेधसो।*
*एवं महानुभावाय चागानुस्सतिया सदा।*

(यसैले यस्तो महाआनुभावयुक्त त्यागानुस्मृतिमा पण्डित व्यक्ति सदा अप्रमाद गरोस्।)



Downloaded from http://www.dhamma.digital

## देवतानुस्मृति

देवतानुस्मृतिको भावना गर्ने इच्छुकको आर्यमार्गले प्राप्त श्रद्धा आदि गुणहरूयुक्त हुनुपर्दछ। त्यसपछि एकान्तमा गएर, चित्तलाई अन्य आलम्बनहरूबाट तानेर - "चातुर्महाराजिक (धृतराष्ट्र, बीरूढक, बीरूपाक्ष र वैश्रवण) देवलोक देवता छन्, तावतिसंका देवता छन्, यामा तुषित, निर्माणरति, परनिर्मित वशावर्ति र ब्रह्मकायिक देवता छन् तथा त्यसभन्दा माथिका पनि देवता छन्। जुनप्रकारको श्रद्धायुक्त ती देवताहरू यहाँबाट च्युत भएर त्यहाँ उत्पन्न भए, मलाई पनि त्यसप्रकारको श्रद्धा छ। जुनप्रकारको शील .... श्रुत ..... त्याग ..... प्रज्ञायुक्त ती देवताहरू यहाँबाट च्युत भएर त्यहाँ उत्पन्न भएका हुन् मलाई पनि त्यसैप्रकारको शील ... प्रज्ञा छ।" यसरी अंगुत्तर निकाय (६,१,१०) अनुसार देवताहरूलाई साक्षी गरी आफ्नो श्रद्धा आदि गुणहरूको अनुस्मरण गर्नुपर्दछ।

यद्यपि - "महानाम, जुन समय आर्यश्रावक आफ्नो र ती देवताहरूको श्रद्धा, शील, श्रुत, त्याग र प्रज्ञाको अनुस्मरण गर्दछ। त्यस समय उसको चित्त रागसंग लिप्त हुँदैन" भनी भनिएको छ, तथापि उनीहरूलाई साक्षी बनाउनुपर्दछ। देवताहरू तथा आफ्नो श्रद्धा आदि गुणहरूको समानतालाई प्रकट गर्नको लागि भनिएको जान्नुपर्दछ। अट्ठकथामा - "देवताहरूलाई साक्षी बनाएर आफ्नो गुणहरूको अनुस्मरण गर्दछ" यसरी दृढ गरी भनिएको छ।

यसैले पहिले देवताहरूको गुणहरूको अनुस्मरण गरेर पनि पछि आफ्नो विद्यमान श्रद्धा आदि गुणहरूको अनुस्मरण गर्दै त्यसको - "चित्त त्यस समय रागलिप्त हुँदैन, न द्वेषलिप्त, न मोहलिप्त हुन्छ। त्यस समय उसको चित्त देवताहरूप्रति सिधा नै भएको हुन्छ।" पूर्व भनिएअनुसार नै दबिएको नीवरण हुनेलाई एक क्षणमा नै ध्यानांग उत्पन्न हुन्छ, तर श्रद्धा आदि गुणहरूको गम्भीरता या नाना प्रकारका गुणहरूको अनुस्मरण गर्नमा लागेको हुनाले अर्पणालाई नपाएर उपचारप्राप्त ध्यान हुन्छ। त्यो देवताहरूको गुणस्मरण गर्नाले उत्पन्न भएको ध्यान देवतानुस्मृति नै भनिन्छ।

यस देवतानुस्मृतिमा लागेको भिक्षु देवताहरूको प्रियमनाप हुन्छ। प्रायः श्रद्धा आदिमा विपुलतालाई प्राप्त गर्दछ। प्रीति र प्रमोद बहुल भएर विहार गर्दछ। मार्गफलप्राप्त नगरे तापनि सुगतिपरायण हुन्छ।

*तस्मा हवे अप्पमादं कयिराथ सुमेधसो।*
*एवं महानुभावाय देवतानुस्सतिया सदा॥*

(यसैले यस्तो महानुभावयुक्त देवतानुस्मृतिमा पण्डित व्यक्ति सदा अप्रमाद गरोस्।)

## प्रकीर्णककथा

जुन अंगुत्तर निकाय (६,१,१०) को महानाम सूत्रको विस्तार देशनामा - "तथागतप्रति त्यस समय उसको चित्त सिधा नै हुन्छ" आदि भनेर "महानाम ! सिधा भएको चित्तयुक्त आर्यश्रावक अर्थवेद



Downloaded from http://www.dhamma.digital

(हेतुफलले उत्पन्न भएको सन्तुष्टि) प्राप्त हुन्छ, धर्मवेद (हेतुले उत्पन्न सन्तुष्टि) प्राप्त हुन्छ, धर्म = हेतु र फलको गुणहरूले संयुक्त प्रमोदलाई प्राप्त हुन्छ। प्रमुदित (व्यक्ति)लाई प्रीति उत्पन्न हुन्छ" भनिएको छ, त्यहाँ, "उहाँ भगवान् यस्तो हुनुहुन्छ" आदिको अर्थको कारण उत्पन्न भएको सन्तुष्टिप्रति "अर्थवेदलाई प्राप्त गर्दछ" भनिएको छ। धर्म (पालि)को कारण उत्पन्न भएको सन्तुष्टिप्रति "धर्मवेदलाई प्राप्त गर्दछ" र दुवैअनुसार "धर्मले संयुक्त प्रमोदलाई प्राप्त गर्दछ" भनिएको जान्नुपर्दछ।

जुनकि देवतानुस्मृतिमा "देवताहरूप्रति" भनिएको छ, त्यो पहिला देवताहरूको गुणहरूसमान देवता बनाउने गुणहरूप्रति उत्पन्न भएको चित्तानुसार भनिएको जान्नुपर्दछ।

यी ६ अनुस्मृतिहरू आर्यश्रावकहरूलाई नै प्राप्त हुन्छ। किनकि उनीहरूलाई बुद्ध, धर्म, संघको गुण प्रकट हुन्छन् र ती अखण्डित आदि गुणयुक्त शीलहरूले मलमात्सर्यरहित त्यागद्वारा महानुभाव देवताहरूको गुणहरूसमान श्रद्धा आदि गुणहरूयुक्त हुन्छन्। महानाम सूत्रमा स्रोतापन्नको निश्रयविहार बारे सोद्धा भगवान्ले स्रोतापन्नको निश्रयविहारलाई देखाउनको लागि नै यिनीहरूलाई विस्तारपूर्वक भन्नुभयो।

अंगुत्तर निकाय (६,३,५)को गेध सूत्रमा पनि - "भिक्षुहरू, यहाँ आर्यश्रावक तथागतको अनुस्मरण गर्दछ - 'उहाँ भगवान् यस्तो ... ... त्यस समय उसको चित्त सिधा नै हुन्छ, गेधबाट मुक्त र उठेको हुन्छ। भिक्षुहरू, गेध यी पाँच कामगुणहरू (भोगविलासहरू)का नाम हो। भिक्षुहरू, यसलाई पनि आलम्बन गरी कोहीकोही सत्व विशुद्ध भइजान्छन्।" यसरी आर्यश्रावकको अनुस्मृतिअनुसार चित्तलाई परिशुद्ध गरी अगाडि परमार्थ विशुद्ध निर्वाणको प्राप्तिको लागि भनिएको हो।

अंगुत्तर निकाय (६,३,६) अनुसार आयुष्मान् महाकात्यायनद्वारा उपदिष्ट सम्बाधोकास सुत्तमा पनि "आवुस, आश्चर्य छ, आवुस अद्भुत छ, जुन उहाँ भगवान् ज्ञाता, द्रष्टा, अर्हत्, सम्यकसम्बुद्धले पाँचकाम गुणहरूको सम्बाधमा अवकाश (६ अनुस्मृति कर्मस्थान)को ज्ञानलाई प्राप्त गरेको प्राणीहरूको विशुद्धि ... निर्वाणको साक्षात्कार गर्नको लागि, जुन ६ अनुस्मृति कर्मस्थान हुन्। कुनचाहिं ६ ? यहाँ आवुस, आर्यश्रावक तथागतको अनुस्मरण गर्दछ ..... यसरी कुनैकुनै सत्व विशुद्धिधर्मयुक्त भइजान्छ।" यसप्रकार आर्यश्रावकको नै परमार्थ विशुद्धिको धर्मताको अवकाशको प्राप्तिअनुसार भनिएका छन्।

अंगुत्तर निकाय (३,२,१०)को उपोशथ सूत्रमा पनि - "विशाखे ! कसरी आर्य उपोसथ हुन्छ ? विशाखे ? उपक्लिष्ट (दूषित) चित्तलाई उपक्रमले परिशुद्ध गरिन्छ। कसरी विशाखे ! उपक्लिष्ट चित्तलाई उपक्रमले परिशुद्ध गरिन्छ ? यहाँ विशाखे ! आर्यश्रावक तथागतको अनुस्मरण गर्दछ।" यसरी आर्यश्रावकको नै उपोशथ गर्दै, चित्तलाई विशुद्ध गर्ने कर्मस्थानानुसार उपोशथको महाफलवान हुनेलाई देखाउनको लागि भनिएको छ।

अंगुत्तर निकाय (११,२,२)को एकादश निपातमा पनि - "महानाम, श्रद्धावान् चित्तलाई प्रसन्न गर्ने (आराधक) हुन्छ, अश्रद्धावान् होइन। आरब्ध वीर्य (उद्योगी) .... उपस्थित स्मृतिवान् ... एकाग्रचित्त ... ... प्रज्ञावान् चित्तलाई प्रसन्न गर्ने हुन्छ, दुष्प्रज्ञ होइन। महानाम, तिमी यी पाँच धर्महरूमा प्रतिष्ठित भएर अगाडि ६ धर्महरूको भावना गर्नु। यहाँ तिमी महानाम, तथागतको अनुस्मरण गर्नु - "उहाँ भगवान् यस्तो" यसप्रकार आर्यश्रावकको लागि नै - "भन्ते, हामीहरूको लागि नाना विहारहरूबाट



Downloaded from http://www.dhamma.digital

विहार गर्दै कुन विहारबाट विहार गर्नुपर्दछ ?" यसरी सोद्धा, विहारलाई देखाउनको लागि अंगुत्तर निकाय (११,२,३) अनुसार भनिएको हो ।

यस्तो हुँदा पनि परिशुद्धशीलादि गुणहरूयुक्त पृथग्जनलाई पनि मनन गर्नुपर्दछ। अनुश्रवणले पनि बुद्धादिको गुणहरूको अनुस्मरण गर्दै चित्त प्रसन्न हुन्छ नै, जसको आनुभावले नीवरणहरूलाई दबाएर अधिक प्रमुदित भएर विपश्यनालाई आरम्भ गरी कटकन्धकारवासी फुस्सदेव स्थविरसमान अर्हत्वको नै साक्षात्कार गरोस् । उहाँ आयुष्मान् मारद्वारा निर्मित बुद्धरूपलाई देख्नुहुँदा, "यो राग, द्वेष मोहयुक्त हुँदा यसरी शोभा दिइरहेको छ भने जीवित भगवान् कसरी शोभा दिंदैन होला, जब कि उहाँ सबप्रकारले राग, द्वेष, मोहरहित हुनुहुन्थ्यो" यसप्रकार बिचार गरी बुद्धालम्बनको प्रीतिलाई प्राप्त गरी विपश्यनालाई बढाएर अर्हत्व पाउनुभयो ।

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धिमार्गमा समाधि भावनाको भागमा*
*६ अनुस्मृति निर्देश नामक*
*सातौं परिच्छेद समाप्त*

♣♣♣

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# आठौं परिच्छेद
## अनुस्मृति कर्मस्थान निर्देश
### मरणस्मृति

अब मरणस्मृतिको भावना निर्देशको समय आएको छ । एक भवमा रहने जीवितेन्द्रियको उपच्छेदलाई मरण भनिन्छ । तर जुन यो अर्हत्वहरूको संसारचक्रको दु:खको नाश भनिने समुच्छेद मरण हो, संस्कारहरूको क्षणभंगुर हुने क्षणिक मरण हो र "वृक्ष मऱ्यो, फलाम मऱ्यो' आदिमा संवृत मरण (सम्मुति - व्यवहारिक मरण) हो, त्यो यहाँ अभिप्रेत छैन ।

जुन यो अभिप्रेत काल मरण, अकाल मरण आदि दुई प्रकारका हुन्छन् त्यसमा कालमरण पुण्यको क्षय हुनाले, आयुको क्षय हुनाले या दुवैको क्षय हुनाले हुन्छ । अकाल मरण कर्मोपच्छेदक कर्मले हुन्छ ।

जुन आयुसन्तान (आयुप्रवाह)लाई उत्पन्न गर्ने (आहारादि) सम्पत्तिको विद्यमान भए तापनि, मात्र प्रतिसन्धिलाई उत्पन्न गर्ने कर्मविधानको परिपक्व हुनाले मरण हुन्छ - यो पुण्यको क्षयले हुने मरण हो । जुन गति, काल, आहार आदि सम्पत्तिको अभावले आजकालको पुरुषहरूसमान सयवर्ष मात्रको आयुको क्षयले मरण हुन्छ, त्यो आयुको क्षयले हुने मरण हो । मज्झिम निकाय (१,२,१०) को जुन दूषीमार जातक अर्थकथा (३१३) को कलाबुराजसमान त्यस क्षण नै जीवित भएको स्थानबाट च्युत गर्नमा समर्थ दृष्टधर्म-वेदनीयकर्मले विच्छेद भएको जीवनप्रवाह भएकाहरूको या पूर्वकर्मानुसार हतियार प्रहार गर्ने, आत्मघात गर्ने आदि उपक्रमहरूले चित्तप्रवाहको उपच्छेद हुँदै व्यक्तिहरूको मरण हुन्छ, यो अकालमरण हो । ती सबै उक्तप्रकारद्वारा जीवितेन्द्रियको उपच्छेदमा नै आउँछन् । अत: जीवितेन्द्रियको उपच्छेद भनिने मरणको स्मरण नै मरणस्मृति हो ।

त्यसको भावना गर्ने इच्छुक योगीलाई एकान्तमा गएर, चित्तलाई अन्य आलम्बनहरूबाट तानेर - "मरण हुन्छ, जीवितेन्द्रियको उपच्छेद हुन्छ अथवा "मरण, मरण" भनेर ठीकढंगले वारम्वार मनमा लिइरहनुपर्दछ । बेठीकले मनमा गर्नेलाई प्रियजनको मृत्युको स्मरण गर्नुमा, जन्म दिने आमालाई प्रिय पुत्रको मृत्युको अनुस्मरणसमान, शोक उत्पन्न हुन्छ । अप्रियजनको मृत्युको अनुस्मरणमा वैरीहरूलाई वैरीको मृत्युको अनुस्मरणसमान प्रमोद उत्पन्न हुन्छ । मध्यस्थजनको मृत्युको अनुस्मरणमा मृतक जलाउने पोडेले मृतकलाई देख्नेसमान संवेग उत्पन्न हुँदैन र आफ्नो मृत्युको स्मरणमा तलवार उठाउने बधक (जल्लाद) लाई देखेर डरपोक भएको व्यक्तिसमान भय उत्पन्न हुन्छ ।

ती सबै स्मृति, संवेग र ज्ञानले विरहित हुनेलाई हुन्छ । यसैले त्यहाँत्यहाँ मारिएका र मरेका प्राणीहरूलाई देखेर पहिले देखिएको मरिसकेका सम्पत्तिवान् प्राणीहरूको मरणको आवर्जन गरी स्मृति, संवेग र ज्ञानलाई उत्पन्न गरेर "मरण हुनेछ" आदिप्रकारले मनमा गर्नुपर्दछ । यसरी मनमा गर्ने योगीले नै ठीकढंगले मनमा गर्दछ । उचितढंगले मनमा गर्दछ भन्ने यो अर्थ हो । यसरी मनमा गर्दै नै कसैको नीवरण दबेर जान्छ, मरणालम्बनको स्मृति उत्पन्न हुन्छ, र कर्मस्थान उपचारलाई प्राप्त गर्दछ । तर



Downloaded from http://www.dhamma.digital

जसलाई यतिले हुँदैन, उसलाई (१) वधकको उपस्थित हुनाले (२) सम्पत्तिको विपत्तिले, (३) उपसंहरणले (४) शरीर बहुजनको लागि साधारण हुनाले (५) आयुको दुर्बल हुनाले (६) अनिमित्तले (७) कालको परिच्छेद र (८) क्षणको स्वल्पताले, यी आठ प्रकारले मरणको अनुस्मरण गर्नुपर्दछ ।

(१) बधकको उपस्थित भएबाट = जल्लादसमान उपस्थित हुनाले । जसरी "यसको टाउकालाई काट्नेछु" भनी सोचेर तलवार लिएर गर्धनमाथि चलाउँदै जल्लाद उपस्थित हुन्छ, यसरी मरण पनि त्यसरी नै उपस्थित हुन्छ" यसप्रकार अनुस्मरण गर्नुपर्दछ । किन ? उत्पत्तिसाथै मरण आउने र जीवन हरण गर्नाले ।

जस्तै - अहिच्छत्रक (च्याउ) उम्रिएर आउँदा च्याउको टोपीको धूलोसहित नै माथि आउँदछ, यसरी प्राणी जरामरणलाई लिएर नै उत्पन्न हुन्छन् । त्यसरी नै त्यसको प्रतिसन्धिचित्त उत्पादको अन्तर नै जरा (बूढ्यौली)लाई पाएर पर्वतको टुप्पादेखि खसेको शिलासमान सम्प्रयुक्त वेदना, संज्ञा, संस्कार स्कन्धहरूसाथै छिन्नभिन्न हुन्छ । यसरी क्षणिकमरण उत्पत्तिसाथै आएको हुन्छ । तर उत्पन्न भएको अवश्य मरणसंग भनी जुन अभिप्रेत छ त्यो मरण पनि उत्पत्तिसंगै आएको हुन्छ । यसैले यो प्राणी उत्पन्न भएको समयदेखि लिएर, जसरी उदय भएको सूर्य अस्ततर्फ नै जान्छ, गएगएको स्थानबाट केही पनि फर्किदैन, या जसरी नदीको धारमा परेका सबै वस्तुहरूलाई बहाएर लैजाने तेजधार पहाडी नदी बहँदै मात्र जान्छ, प्रवर्तित नै हुन्छ, क्षणभर पनि रोकिंदैन, यसरी अलिकता पनि नरोकिंदै मरणतिर नै जान्छ । यसैले जातकमा भनिएको छ –

*यमेकरत्तिं पठमं गब्भे वसति मानवो ।*
*अब्भुट्ठितो व सो याति, स गच्छं न निवत्तति ॥*
(जुन एक रातमा पहिले प्राणी गर्भवास गर्दछ, त्यो उठेको बादलसमान जान्छ, गएर रोक्दैन ।)

यसरी जाँदै गरेको उसलाई, गर्मीले संतप्त सानो नदी सुखेर जानेभैं, प्रातः जलको रसले बाँधिएको वृक्षको फलहरू खस्नेसमान, मुंग्रोले पिटेको माटोको भाँडाहरू फुटेसमान र सूर्यको किरण पर्नाले शीतको थोपाहरू नाश भएसमान मरण पनि समीप हुन्छ । यसैले संयुक्त निकाय (१,४,१,१०) अनुसार भनिएको छ –

*अच्चन्ति अहोरत्ता, जीवितं उपरुज्झति ।*
*आयु खीयति मच्चानं, कुन्नदीनं व ओदकं ॥*
(रातदिन बित्दैछ, जीवन निरुद्ध भइरहेछ, खोलाहरूको जलसमान प्राणीहरूको आयु खत्तम हुँदैछ।)
*फलानमिव पक्कानं पातो पपततो भयं ।*
*एवं जातानं मच्चानं निच्चं मरणतो भयं ॥*

(जसरी पाकेको फलहरूलाई प्रातः नै झर्ने भय रहन्छ, यसरी नै उत्पन्न हुने प्राणीहरूलाई नित्य मरणको भय लागिरहन्छ ।)

सुत्तनिपात (३,८,३-४) र दीघनिकाय (२,३) अनुसार पनि भनिएको छ ।
*यथापि कुम्भकारस्स कतं मत्तिकभाजनं ।*
*खुद्दकञ्च महन्तञ्च यं पक्कं यञ्च आमकं ।*
*सब्बं भेदनपरियन्तं एवं मच्चान जीवितं ॥*



Downloaded from http://www.dhamma.digital

(जसरी कुम्हालेले बनाएको माटोको भाँडा जुन सानो हुन्छ, ठूलो हुन्छ, पाकेको हुन्छ, काँचो हुन्छ - ती सबै फुटेर नाश हुने हुन्छन्, यसरी नै प्राणीहरूको जीवन पनि नाश हुन्छन् ।)

जातकमा पनि भनिएको छ-

*उस्सावो व तिणग्गम्हि सुरियस्सुग्गमनं पति ।*
*एवमायु मनुस्सानं मा मं अम्म निवारये ॥*

(सूर्य उदाउँदा घाँसको टुप्पामा परेको शीतको थोपासमान मनुष्यहरूको आयु छ, आमा मलाई नरोक) ।

यसरी तलवार उठाएको जल्लादसमान उत्पत्तिसाथै आएको यो मरण गर्धनमाथि चलाउँदै गरेको त्यस जल्लादसमान जीवनलाई हरण गर्छ नै, विनाहरण रोकिँदैन । यसैले उत्पत्तिसाथ आउने र जीवनलाई हरण गर्नाले मरणको अनुस्मरण गर्नुपर्दछ ।

(२) सम्पत्तिको विपत्तिले = यहाँ, सम्पत्ति तबसम्म शोभा दिन्छ, जवसम्म उसलाई विपत्तिले पछ्यांदैन र यस्ता सम्पत्ति छैन जुन विपत्तिलाई हटाउन सकोस् । त्यसैले दिव्यओदानमा भनिएको छ –

*सकलं मेदिनिं भुत्वा दत्वा कोटिसतं सुखी ।*
*अड्ढामलकमत्तस्स अन्ते इस्सरतं गतो ॥*
*तेनेव देहबन्धेन पुञ्ञम्हि खयमागते ।*
*मरणाभिमुखो सोपि असोको सोकमागतो ॥*

(सम्पूर्ण पृथ्वीको भोग गरी सैकडौं करोड दिएर, सुखी हुने, अन्तमा आधा अमला मात्रको वशमा गयो, पुण्यको क्षय हुँदा त्यसै शरीरबाट त्यो पनि अशोक मरणाभिमुख भएर शोकलाई प्राप्त भयो ।)

## अशोक महाराजको कथा

अशोक महाराज वृद्ध हुनुभएको थियो उहाँले जुन सुवर्णथालमा जुन आहार खानुहुन्थ्यो त्यसलाई भिक्षुसंघको लागि कुक्कुटाराममा पठाउनुहुन्थ्यो । त्यस समय उहाँको नाती सपदिकुमार युवराज हुनुहुन्थ्यो । उहाँसंग परामर्श गरी अमात्यहरूले अशोक महाराजको लागि चाँदीको थालको व्यवस्था गर । उहाँले त्यसलाई पनि कुक्कुटाराममा पठाइदिनुभयो । तत्पश्चात् उहाँलाई फलामको थाल दिइयो । त्यो थाल पनि कुक्कुटाराममा पठाइदिनुभयो । त्यस दिनदेखि लिएर माटोको भाँडो नै दिने गरियो । उहाँले एकदिन औषधिको लागि आधा अमलालाई पाउनु हुँदा "यो मेरो अन्तिम दान हो" भनि सोच्नु भएर त्यसलाई पनि कुक्कुटाराममा पठाइदिनुभयो । त्यस अमलालाई ग्रहण गरी भिक्षुसंघ स्थविरले भन्नुभयो - "आवुसो, संवेग उत्पन्न गर्नको लागि यो पर्याप्त छ, यो अरूको विपत्तिलाई देखेर कसको हृदयमा संवेग उत्पन्न हुँदैन ?"

सारा आरोग्यता रोग नआएसम्म हो । सारा जवानी बूढ्यौली नआएसम्म हो । सारा जीवन मृत्यु नआएसम्म हो । सारा लोक नै जन्मको पछि परिरहेछ । बूढ्यौलीयुक्त छ । रोगले अभिभूत दुःखित छ । मरणले सताएको छ । यसैले संयुक्त निकाय (१,३,३,५) अनुसार भनिएको छ –



Downloaded from http://www.dhamma.digital

*यथापि सेला विपुला नभं आहच्च पब्बता ।*
*समन्ता अनुपरियेय्युं निप्पोथेन्ता चतुद्दिसा ॥*
*एवं जरा च मच्चु च अधिवत्तन्ति पाणिनो ॥*

(जसरी शिलामय महान पर्वत आकाशमा फैलिएको चारैतिर चारै दिशाहरूलाई चूर्णविचूर्ण गर्दै घुमोस्, यसरी नै बूढ्यौली र मृत्यु प्राणहिरूलाई बराबाद गर्दछन् ।)

*खत्तिय ब्राह्मणे वेस्से सुद्दे चण्डालपुक्कुसे ।*
*न किञ्चि परिवज्जेति सब्बमेवाभिमद्दति ॥*

(क्षत्रिय, ब्राह्मण, वैशय, शुद्र, चण्डाल, पुक्कुस (पोडे) कसैलाई पनि छाड्दैन सबैलाई नै कुल्चेर पठाउँछ ।)

*न तत्थ हत्थीनं भूमि, न रथानं न पत्तिया ।*
*न चापि मन्तयुद्धेन सक्का जेतुं धनेन वा ॥*

(त्यहाँ हात्तीको लागि ठाउँ छैन, न रथहरूको लागि, न पैदलयात्रीहरूको लागि र न त मन्त्रयुद्ध अथवा धनले नै जित्न सकिन्छ ।)

यसरी जीवन सम्पत्तिको मरणविपत्तिद्वारा अन्त हुने विचार गर्नाले, सम्पत्तिको विपत्तिले मरणको अनुस्मरण गर्नुपर्दछ ।

(३) उपसंहरणद्वारा = अरूसंगै आफ्नो मरणलाई पनि देख्नाले । सात प्रकारले उपसंहरण गर्दै मरणको अनुस्मरण गर्नुपर्दछ । (क) यशको महत्वले (ख) पुण्यको महत्वले (ग) स्थामको महत्वले (घ) ऋद्धिको महत्वले (ङ) प्रज्ञाको महत्वले (च) प्रत्येकबुद्धले (छ) सम्यकसम्बुद्धले ।

(क) कसरी यशको महत्वले ? यो मरण महायश, महापरिवार, धन सवारीद्वारा सम्पन्न, महासम्मत (जातक ), मन्धातु (जातक २५८), महासुदर्शन (दीघनिकाय २,४), दृढनेमि (दीघनिकाय ३,३), निमि (जातक ५४०), प्रभृतिमाथि पनि निडर भएर नै मृत्यु आइपऱ्यो, तव म माथि आइपर्दैन ?

*महायसा राजवरा, महासम्मत आदयो ।*
*तेपि मच्चुवसं पत्ता, मादिसेसु कथा व का ?*

(महायश, महासम्मत आदि जोजो श्रेष्ठ राजा थिए, उनीहरू पनि मृत्युको वशमा परे भने मजस्ताको कुरा नै के छ ? ।)

यसरी यशको महत्वले अनुस्मरण गर्नुपर्दछ ।

(ख) कसरी पुण्यको महत्वले ?

*जोतियो जटिलो उग्गो मेण्डको अथ पुण्णको,*
*एते चञ्ञे चये लोके महापुञ्ञाति विस्सुता ।*
*सब्बे मरणमापन्ना मादिसेसु कथा व का ?*

(जोतिय, जटिल, उग्र, मेण्डक, पूर्णक (मनोरथ पुरणी, यतदग्ग वग्ग) यी र अन्य पनि जोजो लोकमा महापुण्यवान् प्रसिद्ध थिए उनीहरू सबै मरणलाई प्राप्त गरे । मजस्तो को कुरा नै के छ ?)



Downloaded from http://www.dhamma.digital

यसरी पुण्यको महत्वले अनुस्मरण गर्नुपर्दछ ।

(ग) कसरी स्थाम (बल) को महत्वले ?

*वासुदेवो बलदेवो भीमसेनो युधिट्ठिलो ।*
*चाणुरो यो महामल्लो अन्तकस्स वसं गता ॥*

(वासुदेव, बलदेव, भीमसेन, युधिष्ठिर र जो धेरै ठूला पहलवान चाणुर (घतजातक ४५४ र कुणाल जातक ५३६) थिए । ती सबै मृत्युको वशमा गए ।)

*एवं थामबलूपेता इति लोकम्हि विस्सुता ।*
*एतेपि मरणं याता, मादिसेसु कथा व का ?*

यस्ता स्थाम, बलवान् जो लोकमा प्रसिद्ध थिए यी सबै मरणलाई प्राप्त भए, भने मजस्ताको कुरा नै के छ ?)

यसरी स्थाम (बल) को महत्वले अनुस्मरण गर्नुपर्दछ ।

(घ) कसरी ऋद्धिको महत्वले ? मज्झिम निकाय (१,४,७) अनुसार –

*पादं गुट्ठकमत्तेन वेजयन्तमकम्पयि ।*
*यो नामिद्धिमतं सेट्ठो दुतियो अग्गसावको ॥*
*सोपि मच्चुमुखं घोरं मिगो सीहमुखं विय ।*
*पविट्ठो सह इद्धीहि, मादिसेसु कथा व का ?*

(जसले खुट्टाका औंला मात्रले वैजयन्त प्रासादलाई कम्पित गर्नुभयो । जो ऋद्धिमान्हरुमा श्रेष्ठ, द्वितीय अग्रश्रावक महामोंद्गल्यायन स्थविर हुनुहुन्थ्यो उहाँ पनि ऋद्धिसंगै, मृग सिंहको मुखमा जानेसमान, मृत्युको भयानक मुखमा पर्नुभयो, तब मजस्तोको कुरा नै के छ ?)

यसरी ऋद्धिको महत्वले अनुस्मरण गर्नुपर्दछ ।

(ङ) कसरी प्रज्ञाको महत्वले ?

*लोकनाथं ठपेत्वान ये चञ्ञे अत्थि पाणिनो ।*
*पञ्ञाय सारिपुत्तस्स कलं नाग्घन्ति सोलसिं ॥*
*एवं नाम महापञ्ञो पठमो अग्गसावको ।*
*मरणस्स वसं पत्तो मादिसेसु कथा व का ?*

(लोकनाथ भगवान् बुद्धलाई छाडी अन्य जो प्राणी छन् ती प्रज्ञामा सारिपुत्रको सोह्रौं भागको बराबर पनि छैन । यस्ता महाप्रज्ञावान् प्रथम अग्रश्रावक पनि मरणको वशलाई प्राप्तभए भने मजस्तोको कुरा नै के छ ?)

यसरी प्रज्ञाको महत्त्वले अनुस्मरण गर्नुपर्दछ ।

(च) कसरी प्रत्येकबुद्धले = जो पनि ती आफ्नो ज्ञान, वीर्य, बलले सबै क्लेश शत्रुहरूलाई मर्दन



Downloaded from http://www.dhamma.digital

गरी प्रत्येकबोधिज्ञानलाई पाएर गैंडाको सिङ्जस्तै एक्लै रहने स्वयम्भू (स्वयं ज्ञानप्राप्त) छन्, ती पनि मरणबाट छुट्कारा पाएनन् भने मैले म कहाँबाट छुटकारा पाउने छु ?

*तं तं निमित्तमागम्म वीमंसन्ता महेसयो ।*
*सयम्भू ञाणतेजेन ये पत्ता आसवक्खयं ॥*
*एक चरियनिवासेन खग्गसिङ्गसमूपमा ।*
*तेपि नातिगता मच्चुं मादिसेसु कथा व का ?*

(त्यसत्यस कारणहरूलाई पाएर मिमांसा गर्दै स्वयम्भूज्ञानको तेजले आस्रवक्षय (निर्वाण) प्राप्त, एक्लै विचरण गर्ने र निवास मात्रले गैंडाको सिङजस्तै बस्ने ती प्रत्येकबुद्धहरू पनि मृत्युलाई टाल्न सकेनन् भने मजस्ताको कुरा नै के छ ?)

यसरी प्रत्येकबुद्धानुसार अनुस्मरण गर्नुपर्दछ ।

(छ) कसरी सम्यकसम्बुद्धद्वारा ? = दीघनिकाय (३,७) र मज्झिम निकाय (२,५,१) अनुसार जो उहाँ भगवान् ८० अनुव्यञ्जनयुक्त र बत्तीस महापुरुष लक्षणयुक्त विचित्र शरीर भएको सबैप्रकारले परिशुद्ध, शीलस्कन्ध आदि गुणरत्नले समृद्ध, धर्मशरीरयुक्त, यश, पुण्य, स्थाम (बल), ऋद्धि र प्रज्ञाको महानतालाई पार गर्नुभएको, असम (दीपंकर आदि बराबरी नभएको बुद्धहरू)को समान, असदृश व्यक्ति अर्हत् सम्यकसम्बुद्ध हुनुहुन्थ्यो, उहाँ पनि जलवृष्टिले महाअग्निस्कन्ध निभेर जानेसमान मरणवृष्टिले एकदम शान्त हुनुभयो ।

*एवं महानुभावस्स यं नामेतं महेसिनो ।*
*न भयेन न लज्जाय मरणं वसमागतं ॥*
*निल्लज्जं वीतसारज्जं सब्बसत्ताभिमद्दनं ।*
*तयिदं मादिसं सत्तं कथं नाभिभविस्सति ?*

(यस्ता महानुभाव महर्षिलाई पनि यो निर्लज्ज, निडर, सब प्राणीहरूको अभिमर्दन गर्ने मरण, भय या लज्जाले पनि आफ्नो वशमा नपारी छाडेन, भने यो मजस्ता प्राणीलाई कसरी नपछारोस् ?)

यसरी सम्यकसम्बुद्धानुसार अनुस्मरण गर्नुपर्दछ। उहाँजस्तो महायशादियुक्त अन्य यशवानहरूसंगै, मरणको सामान्य भएको आफूमाथि पनि ल्याएर, "ती विशेष प्राणीहरूसमान मेरो पनि मरण हुन्छ" आदि भनी अनुस्मरण गर्दै कर्मस्थान उपचा- ध्यानलाई प्राप्त हुन्छ । यसरी उपसंहरणद्वारा मरणको अनुस्मरण गर्नुपर्दछ ।

(४) शरीर बहुजनको लागि साधारण हुनाले = यो शरीर बहुजनको लागि साधारण हो । प्रथम अस्सी कृमि (जुगा आदि) कुलहरूको लागि साधारण हो । छविमा रहने कीटाणु छविलाई खान्छन्, छालामा रहनेहरू छालालाई खान्छन्, मासुमा रहनेहरू मासुलाई खान्छन्, नसामा रहनेहरू नसालाई खान्छन्, हड्डीमा रहनेले हड्डीलाई खान्छन्, मासीमा रहनेले मासी खान्छन्, ती कीराहरू त्यहीं जन्मिन्छन् बाँच्दछन्, मर्दछन्, दिसापिशाप गर्दछन् । शरीर उनीहरूको लागि प्रसूति गृह, अस्पताल, श्मशान, दिसापिशाप गर्ने चर्पी हो । त्यो ती कीटाणुहरूको प्रकोपले मरणलाई प्राप्त हुन्छ नै । जसरी अस्सी कृमिकुलहरूको लागि, यसरी नै अनेक सय भित्री रोगहरूको लागि र साँपविच्छी आदि बाहिर



Downloaded from http://www.dhamma.digital

मरणको प्रत्ययहरू (कारण)को लागि साधारण हो ।

जस्तै - चौबाटोमा राखेको लक्षमा सब दिशाहरूबाट आएका बाण, बर्छी, भाला, ढुंगा आदि लाग्दछ, यसरी नै शरीरमाथि पनि सब उपद्रव आइलाग्दछन् । यी उपद्रबहरू आइलाग्नाले मरण प्राप्त हुन्छ नै । यसैले अंगुत्तर निकाय (४,३,२) अनुसार भगवान्ले भन्नुभएको छ – "भिक्षुहरू, यहाँ भिक्षु दिन व्यतित भएपछि रातिको विषयमा यसप्रकार सोच्दछ- "मेरो मरणको धेरैजसो प्रत्यय (कारण) छन् । यदि मलाई सांपबिच्छी या शतपदी (खजुरोजस्ता धेरै खुट्टा हुनेहरू)ले डसेमा र मेरो त्यसबाट मृत्यु भएमा, मेरा लागि बिघ्न भएमा अथवा चिप्लेर लडेमा, खाएको भात नपचेमा, पित्त कुपित भएमा, श्लेष्मा(कफ) कुपित भएमा या शस्त्रक वात (मृत्यु समय शस्त्रहरूद्वारा अंगप्रत्यगलाई काट्नेसमान शरीरस्कन्ध र बन्धनहरूलाई छिन्नभिन्न गर्ने वायु) कुपित भएमा र त्यसबाट मृत्यु भएमा, मेरो लागि बिघ्न हुनेछ ।" यसरी शरीरको बहुजनको लागि साधारण हुनाले मरणको अनुस्मरण गर्दछ ।

(५) आयुको दुर्बल हुनाले = यो आयु अबल, दुर्बल छ । त्यसरी नै प्राणीहरूको जीवन (क) आश्वास प्रश्वास, (ख) इर्यापथ, (ग) जाडो गर्मी, (घ) महाभूत (पृथ्वी, जल, अग्नि, वायु) र आहार माथि अवलम्बित छ ।

यो आयु आश्वास-प्रश्वासको समानतालाई प्राप्त गर्दै प्रवर्तित हुन्छ, नाकले लिएको वायु बाहिर आउँदा फेरि भित्र नजानाले या भित्र गएको वायु बाहिर ननिस्कनाले मृत्यु हुनेछ । चारैवटा इर्यापथको पनि समानतालाई प्राप्त गर्दै नै प्रवर्तित हुन्छ । कसैकसैको आधिक्यले आयुसंस्कार भंग हुन्छ । जाडोगर्मीको पनि समानतालाई प्राप्त गर्दै प्रवर्तित हुन्छ, अत्यन्त जाडो या गर्मीले पीढित भएको व्यक्तिको शरीर विनाशलाई प्राप्त हुन्छ । महाभूतहरूको पनि समानतालाई प्राप्त गर्दै प्रवर्तित हुन्छ । पृथ्वीधातु या जलधातु कुनै एकको कुपित भएबाट बलवान् पुरुष पनि प्रस्तब्ध (जड) शरीर या अतिसार आदिले फोहर मैला शरीर, महाडाहले तडपिएको शरीर या छिन्नभिन्न भएको शरीरको जोर्नी, बन्धनहरूयुक्त भएर मर्दछ । गाँस बनाई खाने, कवलिंकार आहारलाई पनि ठीक समयमा पाएको व्यक्तिको नै जीवन प्रवर्तित हुन्छ, भोजनलाई नपाउने व्यक्तिको नष्ट हुन्छ । यसरी आयुको दुर्बल भएबाट मरणको अनुस्मरण गर्नुपर्दछ ।

(६) अनिमित्तले = काल आदिको निश्चित नहुनाले । परिच्छेद नहुनाले भन्ने अर्थ हो । किनकि प्राणीहरूको –

*जीवितं व्याधि कालो च देहनिक्खेपनं गति ।*
*पञ्चेते जीवलोकस्मिं अनिमिता न ञायरे ॥*

(जीवन, व्याधि (रोग), काल, शरीरको त्याग र गति यी पाँच जीवलोकमा अनिमित्त हुन्, बाहिर जानकारी हुँदैनन् )

(क) जीवनले = त्यति नै जीउनु छ, यसपछि छैन भन्ने कुनै पनि निश्चित नहुनाले अनिमित्त हो । कलल (गर्भाधानको दिनदेखि एक सप्ताहसम्म) को समयमा पनि प्राणी मर्दछ, अर्वुद, पेशी, धन, मास, दुई मास, तीन, चार, पाँच, दश, मासको समयमा पनि । गर्भबाट बाहिर निस्कने समयमा पनि । त्यसको बाह्रसय वर्षभित्र र बाहिर पनि मर्दछन् नै ।



Downloaded from http://www.dhamma.digital

(ख) व्याधि पनि = "यसै रोगले प्राणी मर्दछन्, अन्यले होइन" आदि निश्चित नहुनाले अनिमित्त हो । चक्षुरोगले पनि प्राणी मर्दछ, कर्णरोगादिमध्ये कुनैले पनि मर्न सक्दछ ।

(ग) काल पनि = "यसै समय मर्नु छ, अन्य समय होइन" आदि भनी निश्चित नहुनाले अनिमित्त हो । पूर्वान्हकालमा पनि प्राणी मर्दछ, मध्यान्हादिमध्ये कुनै कालमा पनि मर्न सक्दछ ।

(घ) शरीरको त्याग पनि = "मर्दै गरेको मानिसहरूको शरीर यहीं त्याग्नुपर्छ, अन्य स्थानमा होइन" आदि निश्चित नहुनाले अनिमित्त हो । गाउँभित्र उत्पन्न भएका प्राणीहरूका शरीर गाउँ बाहिर पनि त्याग्न सक्छ, गाउँको बाहिर उत्पन्न भएका प्राणीहरू गाउँभित्र पनि मर्न सक्दछ । त्यसरी नै जमिनमा उत्पन्न भएका प्राणीहरूको जलमा या जलमा उत्पन्न भएका प्राणीहरूको जमिनमा मृत्यु हुन सक्छ । यसरी अनेकप्रकारले विस्तार गर्नुपर्दछ ।

(ङ) गति पनि = "यहाँबाट च्यूत भएर यहाँ उत्पन्न हुन्छ" आदि निश्चित नहुनाले अनिमित्त हो । देवलोकबाट च्यूत भएका प्राणी मनुष्य लोकमा पनि उत्पन्न हुन्छन्, मनुष्य लोकबाट च्यूत भएका देवलोक आदिमा पनि जहींतहीं उत्पन्न हुन्छन् । यसरी मियोमा बाँधिएको दाँईको गोरूसमान प्राणीहरू पाँच गतिहरूयुक्त लोकमा चारैतिर घुम्दछन् । यसरी अनिमित्तद्वारा मरणको अनुस्मरण गर्नुपर्दछ ।

(७) कालको परिच्छेदले = "मनुष्यहरूको जीवनको यस समय धेरै थोरै काल छ जो धेरै दिनसम्म बाँच्दछ, त्यो सय वर्षदेखि कम या अधिक मात्र बाँच्दछ । यसैले संयुक्त निकाय (१,४,१,९) अनुसार भगवान्ले भन्नुभएको छ "भिक्षुहरू मनुष्यहरूको आयु धेरै थोरै छ, परलोक जानु छ, राम्रो कर्म गर्नु छ, ब्रह्मचर्य पालन गर्नु छ, उत्पन्न भएका अमरण नमर्ने कोही छैनन् । भिक्षुहरू, जो धेरै दिनसम्म बाँच्दछ त्यो सय वर्षले कम या अधिक मात्र बाँच्दछ ।"

*अप्पमायु मनुस्सानं हीलेय्य नं सुपोरिसो ।*
*चरेय्यादित्तसीसोव नत्थि मच्चुस्सनागमो ॥*

(मनुष्यको आयु थोरै छ, सत्पुरुष यसको इज्जत नगरोस्, प्रज्ज्वलित शीरसमान विचरण गरोस् किनकि मृत्युको अनागमन छैन ।)

अंगुत्तर निकाय (७,७,१०) अनुसार भनिएको छ "भिक्षुहरू, अतीतकालमा अरक नामक शास्ता धर्मोदेशक हुनुभएको थियो ।" यसरी सात उपमाहरूद्वारा अलंकृत सम्पूर्ण सूत्रको विस्तार गर्नुपर्दछ ।

अंगुत्तर निकाय (६,२,९) अनुसार भनिएको छ "भिक्षुहरू, जो यो भिक्षु यसरी मरणस्मृतिलाई भावना गर्दछ – 'कस्तो राम्रो हुने थियो यदि म रातदिन बाँचे भने र भगवान्को शासन (उपदेश) मनमा गर्न पाएमा, तब म धेरै गर्ने थिएँ ।' भिक्षुहरू, जो यो भिक्षु यसरी मरणस्मृतिको भावना गर्दछ – 'कस्तो राम्रो हुने थियो यदि म एकदिन बाँचेमा र भगवान्को उपदेश मनमा गर्न पाएमा तब म धेरै गर्ने थिएँ ।' भिक्षुहरू, जो यो भिक्षु यसरी मरणस्मृतिको भावना गर्दछ – 'कस्तो राम्रो हुने थियो यदि त्यस समयसम्म बाँचेमा जति समयसम्म कि एक छाक खानेछु र भगवान्को उपदेश मनमा गर्नेछु तब म धेरै गर्ने थिएँ ।' जो यो भिक्षु यसरी मरणस्मृतिको भावना गर्दछ – 'कस्तो राम्रो हुन्थ्यो यदि म त्यस समयसम्म बाँचेमा जुन समयसम्म चार पाँच गाँस राम्ररी चपाएर निल्दछु र भगवान्को उपदेश पनि गर्न पाएमा तब म धेरै गर्ने थिएँ' भिक्षुहरू, यी भिक्षु प्रमादपूर्वक विहार गर्नेहरू भनिन्छन् जो कि आस्रवहरूको क्षयको लागि मरणस्मृतिको मन्द भावना गर्दछन् ।



Downloaded from http://www.dhamma.digital

भिक्षुहरू, जो यो भिक्षु यसरी मरणस्मृतिको भावना गर्दछ 'कस्तो राम्रो हुने थियो यदि म तबसम्म बाँचेमा जबसम्म कि एक गाँसलाई चपाएर निल्दछु र भगवान्‌को उपदेश मनमा गर्दछु तब म धेरै गर्ने थिएँ । जो पनि भिक्षुहरू यो भिक्षु यसरी मरणस्मृतिको भावना गर्दछ 'कस्तो राम्रो हुने थियो यदि जबसम्म स्वास लिएर छाड्दछु वा स्वाश छोडेर लिंदछु तबसम्म बाँचेमा र भगवान्‌को उपदेश मनमा गर्न पाएमा तब म धेरै गर्ने थिएँ' । भिक्षुहरू यी भिक्षुहरू अप्रमादपूर्वक विहार गर्नेहरू भनिन्छन् जो आस्रवक्षयको लागि मरणस्मृतिको तीक्ष्ण भावना गर्दछन् ।"

यसरी चारपाँच गाँसलाई चपाउने मात्रको लागि पनि भरोसा योग्य जीवनकाल अल्प छ – यसरी समयको परिच्छेदले मरणको अनुस्मरण गर्नुपर्दछ ।

(८) क्षणको स्वल्पताद्वारा = परमार्थतः प्राणीहरूको जीवन अति अल्प, एक चित्तको प्रवृत्ति मात्र नै हो । जसरी रथको चक्का चलाउँदै पनि एउटै नेमिको भागले चल्दछ, रोकिंदा पनि एउटैले रोकिन्छ यसरी नै प्राणीहरूको जीवन एक चित्तक्षणभर मात्र हुन्छ । त्यस चित्तको निरुद्ध हुनु मात्रले प्राणी निरुद्ध भयो भन्ने गरिन्छ । जस्तै भनिएको छ "अतीतचित्तको क्षणमा जीवित थियो अब यस समय जीवित छैन, अगाडि जीवित रहने छैन, भविष्यचित्तको क्षणमा जीवित थिएन, यस समय जीवित छैन अगाडि जीवित हुनेछ । वर्तमान्‌चित्तको क्षणमा जीवित थिएन यस समय जीवित छ, अगाडि जीवित हुनेछैन ।

*जीवितं अत्तभाव च सुखदुक्खा च केवला ।*
*एकचित्त समायुक्ता लहुसो वत्तते खणो ॥*

(जीवन, शरीर, सुख र दुःख सबै एक चित्तसाथै अत्यन्त लघुक्षण हुन्छ ।)

*ये निरुद्धा मरन्तस्स तिट्ठमानस्स वा इध ।*
*सब्बेपि सदिसा खन्धा गता अप्पटिसन्धिया ॥*

(मर्दै वा बाँच्दै गरेको व्यक्तिको जुन स्कन्ध निरुद्ध भैसके, प्रतिसन्धिरहित भैसके, ती सबै स्कन्धहरूसमान छन् ।

*अनिब्बत्तेन न जातो पच्चुप्पन्नेन जीवति ।*
*चित्तभंगा मतोलोको पञ्ञति परमत्थिया ॥*

(अनुपन्न चित्तद्वारा उत्पन्न हुँदैन, वर्तमान्‌ले जीवित रहन्छ, चित्तको भंग हुनाले लोक मर्दछ, परमार्थ प्रज्ञप्ति मात्र रहन्छ ।)

यसरी क्षणको स्वल्पताले मरणको अनुस्मरण गर्नुपर्दछ ।

यी आठ प्रकारहरूमध्ये कुनै एकले अनुस्मरण गर्दै पनि वारम्वार मनमा गर्नाले चित्त एकाग्र हुन्छ । मरणालम्बनको स्मृति बनिरहन्छ । नीवरण दब्दछन् । ध्यानांग उत्पन्न हुन्छन् । आलम्बनको स्वभावधर्म र संवेग उत्पन्नगर्ने हुनाले अर्पणालाई प्राप्त नगरी उपचार प्राप्त ध्यान हुन्छ । तर मार्ग या फलद्वारा सम्प्रयुत्त लोकोत्तरध्यान र द्वितीय, चतुर्थ आरुप्यध्यान स्वभावधर्ममा पनि भावना विशेषले अर्पणा प्राप्त हुन्छन् । शीलविशुद्धि, चित्तविशुद्धि आदि ६ विशुद्धि भावनाको क्रमले लोकोत्तर अर्पणालाई प्राप्त गर्दछ र आलम्बनको अतिक्रमणको भावनाले आरुप्यलाई प्राप्त गर्दछ । यहाँ अर्पणालाई प्राप्त भएको नै ध्यानको आलम्बन समतिक्रमण मात्र हुन्छ तर यहाँ दुवै पनि छैन । यसैले ध्यान उपचार प्राप्त



Downloaded from http://www.dhamma.digital

नै हुन्छ । यो मरणस्मृतिको बलले उत्पन्न हुनाले मरणस्मृति नै भनिन्छ ।

यस मरणस्मृतिमा लागेका भिक्षु सर्वदा अप्रमत्त हुन्छ । सबै भवहरूमा अनभिरतिसंज्ञालाई प्राप्त हुन्छ । जीवित रहनेको इच्छालाई त्यागदछ । पापको निन्दा गर्ने हुन्छ । सन्निधि गर्नमा नलाग्ने हुन्छ । परिष्कारहरूमा कञ्जुसीको मलरहित हुन्छ । उसलाई अनित्यसंज्ञाको अभ्यास हुन्छ । त्यसानुसार नै दुःखसंज्ञा र अनात्मसंज्ञा हुन्छन् । जस्तै - मरणको भावना नगरेको प्राणी हिंस्रक जन्तु, यक्ष, साँप, चोर, जल्लादद्वारा सताइने प्राणीहरूसमान अनायास मर्ने भय, संत्रास, सम्मोहलाई प्राप्त हुन्छन्, यसरी प्राप्त नभएर भय र सम्मोहरहित भएर मर्दछ । यदि यसै जन्ममा अमृत (निर्वाण) लाई प्राप्त गर्दैन भने मर्दा सुगति परायण हुन्छ ।

*तस्मा हवे अप्पमादं कयिराथ सुमेधसो ।*
*एवं महानुभावाय मरणस्सतिया सदा ॥*

(यसैले यस्ता महानुभावयुक्त मरणस्मृतिमा पण्डित व्यक्ति सदा अप्रमाद गरोस् ।)

## कायगतास्मृति

जुन बुद्धको उत्पत्तिविना कहिल्यै पनि हुँदैन, त्यसैले सारा अन्य मतावलम्बीहरूको लागि अविषय छ, त्यस कायगतास्मृतिको बारेमा अंगुत्तर निकाय (१,५) को सूत्रहरूमा "भिक्षुहरू एक धर्म, भावना गर्ने र बढाउनाले महासंवेगको लागि हुन्छ, महाअर्थहित कल्याणको लागि हुनेछ, महायोगक्षेम (निर्वाण)को लागि हुनेछ, महास्मृति-सम्प्रजन्यको लागि हुनेछ, ज्ञानदर्शनको प्राप्तिको लागि हुनेछ,, यसै जीवनमा सुखविहार गर्नुको लागि हुनेछ, विद्या विमुक्तिफल (तीन विद्याहरू चित्तको विमुक्ति अर्थात् निर्वाण र चारै श्रामण्यफलको साक्षात्कारको लागि हुनेछ । कुनचाहिं एक धर्म ? कायगतास्मृति" भनी प्रशंसा गरिएको छ ।

"भिक्षुहरू, ती अमृतको परिभोग गर्दछन् जो कायगतास्मृतिको परिभोग गर्दछन् र भिक्षुहरू, ती अमृतको परिभोग गर्दैनन् जो कायगतास्मृतिको परिभोग गर्दैनन् । भिक्षुहरू, उनीहरूले अमृतको परिभोग गरे ... परिभोग गरेनन् ... ती परिहीन भएर गए ... परिहीन भइगएनन् ... विग्रेर गए ... विग्रेनन् ... जसले कायगतास्मृतिको साधना गरेको छ ।"

यसरी भगवान्‌ले अनेकप्रकारले प्रशंसा गरी पुनः मज्झिम निकाय (३,२,९) अनुसार "भिक्षुहरू, कसरी भावना गरिएको, कसरी बढाएको कायगतास्मृति महाफलवान् महागुणवान् हुन्छ ? यहाँ, भिक्षुहरू, भिक्षु आरण्यमा गएको" आदिप्रकारले भन्नुभएअनुसार आनापान पर्व, इर्यापथ पर्व, चतुर्सम्प्रजन्य पर्व, प्रतिकूल मनसिकार पर्व, धातुमनसिकार पर्व, नवसीवथिक पर्व जुन यी चौध पर्वानुसार कायगतास्मृति कर्मस्थान निर्दिष्ट भएको छ, अब त्यसको भावना निर्देशलाई बताइनेछ ।

त्यसमा, इर्यापथपर्व, चर्तुसम्प्रजन्यपर्व, धातुमनसिकार पर्व, यी तीन विपश्यनानुसार भनिएका छन् । नव शीवथिकपर्व विपश्यनाज्ञानहरूमा नै दोषहरूलाई देख्नेअनुसार भनिएका छन् । जुन उर्ध्वमातक आदिमा पनि समाधि भावना सिद्ध हुन्छ, त्यो अशुभ निर्देशमा प्रकाशित नै छ, तर आनापानपर्व र प्रतिकूल मनसिकार– यी यहाँ दुई समाधिको रूपले भनिएका छन् । त्यसमा आनापानपर्व आनापानस्मृतिअनुसार अलग कर्मस्थान नै छ ।



Downloaded from http://www.dhamma.digital

तर जुन मज्झिम निकाय (३,२,९) अनुसार भनिएको छ -

*पुनञ्च परं, भिक्खवे इममेव कायं उद्धं पादतला अधो केसमत्थका तचपरियन्तं पूरं नानाप्पकारस्स असुचिनो पच्चवेक्खति - अत्थि इमस्मिं काये केसा, लोमा, नखा, दन्ता, तचो, मंसं, न्हारू, अट्ठि, अट्ठिमिञ्जं, वक्कं, हदयं, यकनं, किलोमकं, पिहकं, पप्फासं, अन्तं, अन्तगुणं, उदरिय, करीसं, मत्थलुंगं, पित्तं, सेम्हं, पुब्बो, लोहितं, सेदो, मेदो, अस्सु, वसा, खेलो, सिंघानिका, लसिका, मुत्तन्ति ।*

(अरू पनि भिक्षुहरू, भिक्षु यसै शरीरको पाइतलादेखि माथि र तालुको केश तल छालाले घेरेको, नानाप्रकारको दुर्गन्धहरूले भरिएको देख्दछ - छन् यस शरीरमा केश, रौं, नङ, दाँत, छाला, मासु, नसा, हड्डी, मासी, मृगौला, मुटु, कलेजो, किलोमक, फियो, फोक्सो, ठूलोआन्द्रा, सानोआन्द्रा, लादी, मल, गिदी, पित्त, खकार, पीप, रगत, पसिना, मेद, आँसु, बोसो, थुक, सिंघान, तेल, पिसाप ।)

यसरी प्रतिकूल मनसिकारानुसार उपदेश दिइएको बत्तीस आकारको कर्मस्थान नै यहाँ कायगतास्मृति हो ।

त्यस पालि वर्णनको क्रमले नै यो भावना निर्देश हो –

इममेव कायं = यस चार महाभूतहरूद्वारा बनिएको फोहर शरीरलाई । उद्धं पादतला = पाइतालादेखि माथि । अधो केसमत्थका = केशको अग्रभागदेखि तल । तचपरियन्तं = तेर्सो छालाले घेरिएको । पूरं नानप्पकारस्स असुचिनो पच्चवेक्खति = नाना प्रकारको केश आदि फोहरहरूले यो शरीर भरिएको छ – यसरी देख्दछ । कसरी ? "यस शरीरमा छन् केश .... पिसाप ।"

त्यसमा अत्थि = विद्यमान छन् । इमस्मिं = जुन यो पाइतलादेखि माथि र तालुदेखि तल छालाले घेरिएको, नाना प्रकारका फोहरले भरिएको भनिन्छ, त्यसमा । काय = शरीरमा । शरीर फोहरको समूह हुनाले कुत्सित (निन्दित) केश आदि र चक्षुरोग आदि सैकडौं रोगहरूको उत्पत्ति स्थान हुनाले काय भनिन्छ । केसा, लोमा, .... मुत्तं = यी केश ... पिसाप आदि बत्तीस आकार । त्यहाँ यस शरीरमा केश छन्, यस शरीरमा रौं छन् - यसरी सम्बन्ध जान्नुपर्दछ ।

यस शरीरमा पाइतलादेखि लिएर माथि तालुको केशदेखि लिएर तल्ल, छालादेखि लिएर चौरतिर - यति व्याम (चार हात) मात्रको शरीरमा सबप्रकारले विचार गर्दै कुनै मोती, मणि, वैदूर्य, अगर, कुङ्कुम, कपूर या सुगन्धीचूर्ण आदि केही अणुमात्र पनि पवित्र देख्दैन, प्रत्युत अत्यन्त दुर्गन्ध, जिगुप्सित, अशुभ दर्शन, नाना प्रकारको केश, रौं आदि भेदयुक्त दुर्गन्धीलाई नै देख्दछ । यसैले भनिएको छ - छन् यस शरीरमा केश, रौं ... पिसाप ।"

यस कर्मस्थानको भावना गर्ने इच्छुक आदिकर्मिक (प्रारम्भिकयोगी) कुलपुत्रलाई उक्तप्रकारको कल्याणमित्रकहाँ गएर यस कर्मस्थानलाई ग्रहण गर्नुपर्दछ । त्यस योगीको लागि कर्मस्थान भन्नेले पनि सात प्रकारको उग्गहको कुशलता र दश प्रकारको मनसिकारको कुशलतालाई भन्नुपर्दछ । (१) वचनले (२) मनले (३) वर्णले (४ बनावटले (५) दिशाले (६) अवकाशले (७) परिच्छेदले - यसरी सात प्रकारको उग्गहको कुशलतालाई भन्नुपर्दछ ।

वचनले = यस प्रतिकूल मनसिकारको कर्मस्थानमा जो त्रिपिटकधारी पनि हुन्छ, उसले पनि



Downloaded from http://www.dhamma.digital

मनसिकारको समय पहिले वचनद्वारा पाठ गराउनुपर्दछ। कसैकसैलाई पाठ गर्दै, मलयवासी महादेव स्थविरसंग कर्मस्थानलाई धारण गरेका दुई स्थविरहरूसमान, कर्मस्थान प्रकट हुन्छ। स्थविरले उनीहरूले कर्मस्थान माग्दा "चार महिना यसैको पाठ गर" भनेर बत्तीस आकारको सूत्र पाठ गर्न दिनुभयो। यद्यपि उनीहरूलाई दुई तीन निकाय याद थियो, तर उनीहरू सत्कारपूर्वक आज्ञाकारी हुनाले चार महिना बत्तीस आकारलाई पाठ गर्दै नै स्रोतापन्न भए। यसैले कर्मस्थान भन्ने आचार्यलाई शिष्यलाई भन्नुपर्दछ – "पहिले वचनद्वारा पाठ गर।"

त्यसरी गर्नेलाई छाला पञ्चक (केश, रौं, नङ, दाँत, छाला) आदिको परिच्छेद गरी सिधा र उल्टा पाठ गर्नुपर्दछ। जस्तै - केश, रौं, नङ, दाँत, छाला भनेर फेरि उल्टा छाला, दाँत, नङ्, रौं, केश भन्नुपर्दछ।

त्यसपश्चात् मृगौला पञ्चकमा, मासु, नसा, हड्डी, मासी, मृगौला भनेर फेरि उल्टा मृगौला, मासी, हड्डी, नसा, मासु, छाला, दाँत, नङ्, रौं, केश भन्नुपर्दछ।

त्यसपश्चात् फोक्सो पञ्चकमा - मुटु, कलेजो, किलोमक, फियो, फोक्सो भनेर फेरि उल्टा फोक्सो, फियो, किलोमक, कलेजो, मुटु, मृगौला, मासी, हड्डी, नसा, मासु, छाला, दाँत, नङ, रौं, केश, भन्नुपर्दछ।

तत्पश्चात् गिदी पञ्चकमा ठूलो आन्द्रा, सानो आन्द्रा, लादी, मल, गिदी भनेर फेरि उल्टा गिदी, मल, लादी, सानोआन्द्रा, ठूलोआन्द्रा, फोक्सो, फियो, किलोमक, कलेजो, मुटु, मृगौला, मासी, हड्डी, नसा, मासु, छाला, दाँत, नङ्, रौं केश भन्नुपर्दछ।

तत्पश्चात् मेद छक्कामा - पित्त, खकार, पीप, रगत, पसिना, मेद भनेर फेरि मेद पसिना, रगत, पीप, खकार, पित्त, गिदी, मल लादी, सानोआन्द्रा, ठूलोआन्द्रा, फोक्सो, फियो, किलोमक, कलेजो, मुटु, मृगौला, मासी, हड्डी, नसा, मासु, छाला, दाँत, नङ्, रौं, केश, भन्नुपर्दछ।

तत्पश्चात् पिसाप छक्कामा - आँसु, बोसो, थुक, सिंघान, तेल, पिसाप, भनेर फेरि उल्टा पिसाप, तेल, सिंघान, थुक, बोसो, आँसु, मेद, पसिना, रगत, पीप, खकार, पित्त, गिदी, मल, लादी, सानोआन्द्रा, ठूलोआन्द्रा, फोक्सो, फियो, किलोमक, कलेजो, मुटु, मृगौला, मासी, हड्डी, नसा, मासु, छाला, दाँत, नङ्, रौं, केश भन्नुपर्दछ।

यसप्रकार सैकडौं, हजारौं, लाखौंपल्ट पनि उच्चारण गरीगरी पाठ गर्नुपर्दछ। उच्चारण गरी पाठ गर्नाले कर्मस्थानको तन्त्री अभ्यस्थ हुन्छ र चित्त यताउता दौडिदैन। भाग प्रकट हुन्छन्, हातको औंलाहरू र काठबाट बनेको घेराको खुट्टाको पंक्तिसमान जानकारी हुन्छ।

जसरी वचनले, त्यसरी नै मनले पनि पाठ गर्नुपर्दछ। वचनले उच्चारण गरी गरेको पाठ मनले गरेको लक्षणको प्रतिवेधको प्रत्यय हुन्छ।

वर्णले = केश आदिको वर्णको ठीकठीक विचार गर्नुपर्दछ। वनावटले = त्यसैको नै वनावटको ठीकठीक विचार गर्नुपर्दछ। दिशाले = यस शरीरमा नाभीदेखि माथि माथिल्लो दिशा र तल तल्लो दिशा हो, यसैले यो भाग यस दिशामा छ भनी दिशाको राम्ररी विचार गर्नुपर्दछ। अवकाशले = यो भाग यस अवकाश (स्थान) मा प्रतिष्ठित छ - यसरी त्यसत्यस भागको स्थानको राम्ररी विचार गर्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

परिच्छेदले = परिच्छेद दुई प्रकारका हुन्छन् - सभाग परिच्छेद र विसभाग परिच्छेद । त्यसमा यो भाग तल, माथि र तेर्सो यसबाट अलग भएको छ - यसरी सभाग परिच्छेदलाई जान्नुपर्दछ । केश रौं होइन, रौं पनि केश होइन - यसरी अनमेल (अनिश्चित हुने)अनुसार विसभाग परिच्छेदलाई जान्नुपर्दछ ।

यसरी सात प्रकारले उग्गह कौशल्यलाई भन्दै यो कर्मस्थान फलाना सूत्रमा प्रतिकूलको स्तरमा भनिएको छ, फलानामा धातुको स्तरमा, यसप्रकार जानेर भन्नुपर्दछ । किनकि यो दीघनिकाय (२, ९) को महासतिपट्ठान सुत्तमा प्रतिकूलको स्तरमा भनिएको छ र मज्झिम निकाय (१,३,८)को महाहत्थिपदोपम, मज्झिम निकाय (२,२,२) को महाराहुलोवाद, मज्झिम निकाय (३,४,१०) को धातु विभंगमा धातुको स्तरमा भनिएको छ । तर मज्झिम निकाय (३,२,९)को कायगतासति सुत्तमा जसलाई वर्णद्वारा (केश आदि) जानकारी हुन्छ, त्यसप्रति चार ध्यान विभक्त भएका छन् । त्यहाँ, धातुको स्तरमा भनिएको विपश्यना कर्मस्थान हुन्छ र प्रतिकूलको स्तरमा भनिएको शमथ कर्मस्थान हुन्छ । यो, यहाँ शमथ कर्मस्थान नै हो ।

यसरी सात प्रकारको उग्गह कौशल्यलाई भनेर क्रमले, न धेरै शीघ्रताले, न धेरै ढीलोले, विक्षेपलाई हटाउनाले, प्रज्ञप्तिको समतिक्रमणले, क्रमशः छाड्नाले, अर्पणाले र तीन सूत्रान्तले - यसरी दश प्रकारको मनसिकार कौशल्यलाई भन्नुपर्दछ ।

क्रमले = यसलाई पाठ गर्नेदेखि लिएर परिपाटीले मनमा गर्नुपर्दछ । एकएकको अन्तर पारेर होइन । एकएकको अन्तर पारेर मनमा गर्दै, जसरी गाउँले मानिस बत्तीस खुट्किला भएको सिंढीमा एकएकको अन्तर पारेर चढ्दै थाकेको शरीर भएर खस्दछ, चढ्न सक्दैन, यसरी नै भावनाको सम्पत्तीअनुसार प्राप्तयोग्य आश्वादको अप्राप्तिले क्लान्तचित्त भएर खस्दछ र भावना गर्न सक्दैन ।

शीघ्रताले = क्रमले मनसिकार गर्नेलाई पनि धेरै शीघ्रताले मनसिकार गर्नु हुँदैन । किनकि धेरै शीघ्रताले मनसिकार गर्ने व्यक्तिको जसरी तीन योजनको लामो मार्गमा हिंड्दा उत्रिने, छाड्नेलाई राम्ररी नहेरिकन शीघ्र, तीव्र गतिले सयपल्ट पनि आउनेजाने मात्र गर्ने मानिसलाई यद्यपि मार्ग समाप्त हुन्छ, तर केही पनि थाहा हुँदैन, सोधेर नै जानु पर्ने हुन्छ । यसरी नै कर्मस्थान समाप्त हुन्छ, तर अस्पष्ट नै हुन्छ, विशेषको प्राप्ति हुँदैन । यसैले धेरै शीघ्रताले मनसिकार गर्नु हुँदैन ।

ढीलाले = जसरी धेरै शीघ्रताले, यसरी नै धेरै ढीलोले पनि मनसिकार गर्नु हुँदैन । किनकि धेरै ढीलो गरी मनमा गर्नेको जसरी त्यसै दिन तीन योजन मार्गमा हिंड्ने मानिसलाई मार्गमा रूख, पर्वत, तलाउ, आदि स्थानहरूमा रूक्नाले मार्ग समाप्त हुँदैन, दुईतीन दिनमा समाप्त गर्नुपर्दछ, यसरी नै ढीलो गरी मनसिकार गर्नेलाई कर्मस्थान समाप्त हुँदैन, र न विशेषको प्राप्तिको प्रत्यय नै हुन्छ ।

विक्षेपलाई हटाउनाले = कर्मस्थानलाई छाडेर बाहिर नाना आलम्बनहरूमा दौडिने चित्तको विक्षेपलाई हटाउनुपर्दछ । नहटाउने व्यक्तिको, जसरी प्रपातको मार्गमा हिंड्ने एकपदिक व्यक्तिको अगाडि राख्ने खुट्टा ठीकले ख्याल नगरी यताउता हेर्दै पाइला सारेमा खुट्टा विचलित हुन्छ र तत्पश्चात् उसलाई सय मानिसको प्रपात (भीर)मा खस्नुपर्दछ । यसरी नै बाहिरी विक्षेप हुँदा कर्मस्थान परिहीन र नष्ट हुन्छ । यसैले विक्षेपलाई हटाएर मनसिकार गर्नुपर्दछ ।

प्रज्ञप्तिको समतिक्रमणले = जुन यो केश रौं, आदि प्रज्ञप्ति हो, त्यसको अतिक्रमण गरी 'प्रतिकूल'



Downloaded from http://www.dhamma.digital

हो, यसरी चित्तलाई राख्नुपर्दछ। जसरी पानीको दुर्लभ समयमा मानिस जंगलमा कुवालाई देखेर, त्यहाँ ताडको पात आदि कुनै चिन्ह लगाएर, त्यसै चिन्हद्वारा आएर स्नान गर्छ र पानी पिउँछ। तर जब उसको हमेशा संचरण गर्नाले आउनेजाने भएको पाइतला चिन्ह प्रकट हुन्छ तब पहिलो चिन्हद्वारा काम रहँदैन, चाहेचाहेको क्षण गएर स्नान गर्छ र पानी पिउँछ। यसरी नै पूर्वभागमा केश रौं प्रज्ञप्तिअनुसार मनसिकार गर्नेलाई प्रतिकूल भाव प्रकट हुन्छ। तब केश, रौं – यसरी प्रज्ञप्तिको अतिक्रमण गरी प्रतिकूल भावमा चित्तलाई राख्नुपर्दछ।

क्रमशः छाड्नाले = जुनजुन भाग जानकारी हुँदैन, त्यसत्यसलाई छोड्दै क्रमशः छोड्नाले मनसिकार गर्नुपर्दछ। आदिकर्मिकको केश मनसिकार गर्दै मनसिकार गएर 'पिसाप' यस अन्तिम भागमा नै पुगेर रोकिन्छ र 'पिसाप' मनसिकार गर्दै मनसिकार गएर 'केश' यस प्रारम्भको भागमा नै पुगेर रोकिन्छ। तब उसलाई मनसिकार गर्दै, कुनैकुनै भाग जानकारी हुन्छ, कुनैकुनै जानकारी हुँदैन। उसलाई जुनजुन जानकारी हुन्छ, त्यसत्यसमा तबतब काम गर्नुपर्दछ जबसम्म दुईको जानकारी हुँदा त्यसमा पनि एक राम्ररी जानकारी होस्। यसरी जानकारी हुँदै त्यसै भागलाई बारम्बार मनसिकार गर्दै अर्पणालाई उत्पन्न गर्नुपर्दछ।

ताडवनको बाँदरको उपमा – जसरी बत्तीस ताड भएको ताडवनमा रहने बाँदरलाई पकड्ने इच्छा भएको व्याधा प्रारम्भमा स्थित .ताड्को पातलाई बाणले हिर्काएर हल्ला गरोस् तब त्यो बाँदर क्रमैले त्यसत्यस ताड्माथि कुदेर अन्तिम ताड्मा नै जावस्। त्यहाँ पनि गएर व्याधाले त्यसो गर्दा फेरि त्यसैप्रकार प्रारम्भको ताड्मा आवस्। ऊ यसरी वारम्वार क्रमैले जाँदै हल्ला गर्दै, हल्ला गरेको स्थानबाट कुदेर क्रमशः एक ताडमा खसेर बीचमा पालुवा ताडको पातको भ्याङ्लाई बलियो गरी पक्रेर बाणद्वारा लाग्दा पनि नउठोस्, त्यसरी नै यसलाई पनि जान्नुपर्दछ।

यो उपमाको संसन्दन (समताकरण) हो - जस्तै - ताडवनमा बत्तीस ताड छन्, यसरी यस शरीरमा बत्तीस भाग छन्। बाँदरसमान चित्त हो। व्याधासमान योगी हो। बाँदरको बत्तीस ताडवन भएको ताडवनमा रहनेसमान योगीको चित्तको बत्तीस भाग भएको शरीरमा आलम्बनानुसार संचरण गर्नु हो। व्याधाको प्रारम्भमा स्थित ताड्को पातलाई वाणले हिर्काएर हल्ला गर्दा बाँदरको त्यसत्यस ताड्माथि कुदेर अन्तिम ताड्मा जानेसमान योगीको केश, रौं यसरी मनसिकार आरम्भ गर्दा क्रमैले गएर अन्तिम भागमा नै चित्त रोकिनु हो। फेरि फर्किदा पनि यसैप्रकार बुभ्नुपर्दछ। वारम्वार क्रमैले आउनेजाने बाँदरको हल्ला गरेको, हल्ला गरेको स्थानबाट कुद्नेसमान वारम्वार मनसिकार गर्नेलाई कसैकसैको जानकारी नहुने भाग छाडेर, जानकारी हुने भागमा परिकर्म गर्नुपर्दछ। क्रमशः एक ताडमा कुदेर त्यसको बीचमा पालुवा ताडको पातको भ्याङ् बलियो गरी पक्रेर बाणद्वारा लाग्दा पनि नउठ्नेसमान अन्तमा दुईको जानकारी हुँदा, जुन राम्ररी जानकारी हुन्छ, त्यसलाई नै वारम्वार मनमा गरी अर्पणालाई उत्पन्न गर्नुपर्दछ।

पिण्डपातिक भिक्षुको उपमा – जसरी पिण्डपातिक भिक्षु बत्तीस घर भएको गाउँको सहारामा रहँदा पहिलो घरमा नै दुई भिक्षारूलाई पाएर अगाडिको एक घरलाई छाडिदिन्छ, दोस्रो दिन तीनलाई पाएर अगाडिको दुईलाई छाडिदिन्छ, तेस्रो दिन प्रारम्भमा नै पात्रभरी पाएर आसनशालामा गई खान्छ, यसरी नै यसलाई जान्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

बत्तीस घर भएको गाउँसमान बत्तीस आकार हो। पिण्डपातिकसमान योगी हो। उसको त्यस गाउँको सहारा रहनेसमान योगीको बत्तीस आकारमा परिकर्म गर्नु हो। पहिलो घरमा दुई भिक्षाहरूलाई पाएर अगाडिको एक घरलाई छाड्नेसमान मनसिकार गर्दै, मनसिकार गर्दै जानकारी नहुने भागलाई छाडेर जानकारी हुने या दुई भागसम्ममा परिकर्म गर्नु हो। तेस्रो दिन प्रारम्भमा नै पात्रभरी पाएर आसनशालामा बसेर खाएसमान, दुवैमा जुन राम्ररी जानकारी हुन्छ, त्यसैको वारम्वार मनमा गरी अर्पणालाई उत्पन्न गर्नु हो।

अर्पणाले = अर्पणाको भागले। केश आदिमध्ये एकएक भागमा अर्पणा हुन्छ भनी जान्नुपर्दछ - यही यसको तात्पर्य हो।

तीन सूत्रान्तले = अधिचित्त (शमथ र विपश्यना चित्त), शीति भाव (शान्त भाव), बोध्यङ्गको कुशलता - यी तीन सूत्रान्त वीर्य र समाधि दुबैलाई समानरूपले लगाउनको लागि जान्नुपर्दछ। यो यसको तात्पर्य हो।

त्यहाँ "भिक्षुहरू अधिचित्तमा लागेको भिक्षुलाई तीन निमित्तको समयसमयमा मनसिकार गर्नुपर्दछ, (१) समयसमयमा समाधि निमित्तलाई मनमा गर्नुपर्दछ (२) समयसमयमा पग्गह (वीर्य) निमित्तलाई मनमा गर्नुपर्दछ, (३) समयसमयमा उपेक्षा निमित्तलाई मनमा गर्नुपर्दछ।

भिक्षुहरू, यदि अधिचित्तमा लागेको भिक्षु एकदम समाधि-निमित्तलाई नै मनमा गरेमा तब सम्भव छ कि त्यो चित्त आलस्यको कारण बनोस्।

भिक्षुहरू, यदि अधिचित्तमा लागेको भिक्षु एकदम पग्गह (वीर्य) निमित्तलाई नै मनमा गरेमा तब सम्भव छ कि त्यो चित्त उद्दच्चको कारण बनोस्।

भिक्षुहरू, यदि अधिचित्तमा लागेको भिक्षु एकदम उपेक्षा-निमित्तलाई नै मनमा गरेमा तब सम्भव छ कि त्यो चित्त आस्रवक्षयको लागि राम्ररी समाधिस्त नहोस्।

भिक्षुहरू, अधिचित्तमा लागेको भिक्षु समयसमयमा समाधि, ... पग्गह ... उपेक्षा-निमित्तलाई मनमा गर्दछ, यसैले त्यो चित्त मृदु, कार्ययोग्य तथा प्रभास्वर (उपक्लेशरहित हुनाले परिशुद्ध) हुन्छ, भंग हुने स्वभावको हुँदैन र आस्रवक्षयको लागि राम्ररी समाधिस्त हुन्छ।

सुनारको उपमा - जसरी भिक्षु, सुनार र सुनारको शिष्य उल्का (सुनारको धातु बनाउने भट्टी) लाई बनाउँदछ, उल्कालाई बनाएर उल्काको मुखमा आगो जलाउँछ, सनासोले सुनलाई पक्रेर उल्काको मुखमा राखेर समयसमयमा फुक्दछ, समयसमयमा पानी छम्किन्छ, समयसमयमा मध्यस्त रहन्छ।

भिक्षुहरू, यदि सुनार या सुनारको शिष्य त्यस सुनलाई एकदम फुक्यो भने सम्भव छ कि सुन जलोस्। भिक्षुहरू, यदि सुनार या सुनारको शिष्य त्यस सुनलाई लगातार पानी छम्किँदै गएमा सम्भव छ सुन ठण्डा होस्। भिक्षुहरू यदि सुनार या सुनारको शिष्य त्यस सुनप्रति एकदम मध्यस्थ भए तब सम्भव छ कि त्यो सुन राम्ररी नपाकोस्। भिक्षुहरू सुनार या सुनारको शिष्य त्यस सुनलाई समयसमयमा फुक्दछ, समयसमयमा पानी छम्किन्छ, समयसमयमा मध्यस्थ रहन्छ, यसैले त्यो सुन मृदु, कार्ययोग्य र प्रभास्वर हुन्छ, भंगुर हुँदैन, कामको लागि ठीक उत्रिन्छ। यदि सिक्री, औंठी, गैवेय (नेक्लेस), सुवर्ण माला



Downloaded from http://www.dhamma.digital

(हार), जुनजुनप्रकारको आभूषणलाई चाहन्छ, त्यो त्यसको लागि ठीक उत्रिन्छ ।

भिक्षुहरू, यसरी नै अधिचित्तमा लागेको भिक्षुलाई ... आस्रवक्षयको लागि राम्ररी समाधिस्त हुन्छ र अभिज्ञाको साक्षात्कारको लागि जुनजुन अभिज्ञाको साक्षात गराउने धर्मको लागि चित्तलाई झुकाउँदछ, त्यसत्यसमा नै पूर्वहेतुआदि कारण भएबाट सफल हुन्छ " अंगुत्तर निकाय (३,५,११) को यस सूत्रले अधिचित्त जान्नुपर्दछ ।

"भिक्षुहरू – ६ कुरायुक्त भिक्षु अनुत्तर शीतिभाव (निर्वाण)को साक्षात गर्नमा सफल हुन्छ । कुन ६ कुराले ? (१) भिक्षुहरू, यहाँ भिक्षु जुन समय चित्तको दमन (निग्रह) गर्नु पर्ने हो, त्यस समय चित्तलाई दमन गर्दछ । (२) जुन समय चित्तलाई वशमा राख्नुपर्ने हो त्यस समय चित्तलाई वशमा राख्दछ । (३) जुन समय चित्तलाई हर्षोत्फुल्ल गर्नु पर्ने हो, त्यस समय हर्षोत्फुल्ल गर्दछ । (४) जुन समय चित्तको उपेक्षा गर्नु पर्ने हो, त्यस समय चित्तको उपेक्षा गर्दछ । (५) प्रणीत (लोकोत्तर) को उपेक्षामा लागेको र (६) निर्वाणमा अभिरत हुन्छ । भिक्षुहरू, यी ६ कुरायुक्त भिक्षु अनुत्तर शीतिभावको साक्षात् गर्नुमा सफल हुन्छ ।" अंगुत्तर निकाय (६, ९, १) को यस सूत्रले शीतिभाव जान्नुपर्दछ ।

बोध्यंगको कुशलतालाई = "यसरी नै भिक्षुहरू, जुन समय चित्त संकुचित हुन्छ, त्यस समय प्रश्रब्धि बोध्यंगको भावना गर्नको लागि अकाल हो ।" यसरी अर्पणाको कुशलताको कथा (वर्णन)मा देखाइएको नै छ ।

यी सात प्रकारका उग्गह कौशल्यलाई राम्ररी धारण गरी यी दश प्रकारका मनसिकार कौशल्यलाई राम्ररी विचार गरी, त्यस योगीलाई दुवैको कौशल्यानुसार कर्मस्थानलाई राम्ररी सिक्नुपर्दछ ।

यदि उसलाई आचार्यसंगै एक विहारमा नै उपयुक्त हुन्छ भने यसरी विस्तारपूर्वक नभनाएर कर्मस्थानलाई राम्ररी विचार गरी कर्मस्थानमा लागेका विशेषलाई प्राप्त गरी अगाडिअगाडि भनाउनुपर्दछ । अन्य स्थानमा रहन इच्छुकलाई यथोक्त विधिले विस्तारपूर्वक भनाएर, वारम्वार भनेर सब ग्रन्थि स्थानहरूलाई काटेर, गम्भीर कुरालाई जानेर पृथ्वीकसिण निर्देशमा भनिएको प्रकारले नै प्रतिकूल शयनासनलाई छाडेर, अनुकूल शयनासनमा विहार गर्दै, सानोसानो बिघ्नहरूलाई हटाउँदै प्रतिकूल मनसिकारमा परिकर्म गर्नुपर्दछ ।

परिकर्म गर्नेलाई पहिले केशमा निमित्त गर्नुपर्दछ । कसरी ? एक या दुई केशलाई उखेली हातमा राखेर पहिले वर्ण (रंग) को विचार गर्नुपर्दछ । चुँडिएको स्थानमा पनि केशलाई हेर्नुपर्दछ । पानीको भाँडोमा या यवागुको पात्रमा हेर्नु पनि ठीक छ । कालो भएको समय हेरेर, कालो छ भनी मनन गर्नुपर्दछ, सेतो हुँदाको समय सेतो र मिश्रित रंग हुँदाको समय बहुल्यानुसार मनन गर्नुपर्दछ । जसरी केशमा त्यसरी सारा छालापञ्चक पनि हेरेर नै निमित्तलाई ग्रहण गर्नुपर्दछ ।

यसप्रकार निमित्तलाई ग्रहण गरी सबै भागहरूको वर्ण, बनावट, दिशा, अवकाश, परिच्छेदानुसार विचार गरी वर्ण, बनावट, गन्ध, आशय, अवकाशानुसार पाँच प्रकारले प्रतिकूल भएको विचार गर्नुपर्दछ ।

### १. केश

यो सबै भागहरूमा क्रमशःकथा हो –



Downloaded from http://www.dhamma.digital

रंग = प्राकृतिक रंगले कालो काँचो अरिष्टको फलको रंगसमान हुन्छ। बनावटले = लामो, गोलो, तराजुको डण्डाको बनावटसमान । दिशाले = माथिल्लो दिशामा हुन्छ । अवकाश = दुबै पार्श्वमा कनपट्टी, अगाडि निधार र पछाडि गर्धनको खाल्डोबाट अलग भएको टाउकोको छोपिएको वेष्ठित (भित्री) छाला केशहरूको स्थान (अवकाश) हो । परिच्छेदले = केश शिरलाई वेष्ठित गर्ने छालामा धानको टुप्पाबराबर प्रवेश गरी प्रतिष्ठित भएर, तल आफ्नो जराको फेद, माथि आकाश र तेर्सो एक अर्काबाट परिच्छिन्न प्वाल (रोमकुप) छन् । दुई केश एउटामा छैन - यो सभाग परिच्छेद हो । केश रौं होइन, र न रौं नै केश हो, यसरी शेष एकतीस भागहरूदेखि नमिलेको केश अलग नै एक भाग हो - यो विसभाग परिच्छेद हो । यो केशहरूको वर्णादिले विचार गर्नु हो ।

यो उनीहरूको वर्णादिअनुसार पाँच प्रकारको प्रतिकूल हुनाले विचार गर्नु हो –

यी केश वर्णले, वनावटले, गन्धले, आशयले, अवकाशले पनि प्रतिकूल छ ।

मानिसहरू यवागु या भातको पात्रमा केशको रंगलाई देखेर "यसमा केश मिसिएको छ, यसलाई लैजाउ" आदि भनी घृणा गर्दछन् । यसप्रकार केश रंगले प्रतिकूल छ । रातमा भोजन गर्दा, केशको बनावटको मदार या मकचिको रेशालाई स्पर्श गर्दा पनि केशजस्तै सम्झेर त्यसरी नै घृणा गर्दछन् । यसप्रकार बनावटले प्रतिकूल छन् ।

तेल लगाउने र फूल, धूप आदिद्वारा नसजाउनेहरूको केशको दुर्गन्ध अत्यन्त घृणित हुन्छ। त्यसभन्दा घृणिततर हुन्छ आगोमा राखेको केश। केश वर्ण र बनावटले अप्रतिकूल (अघृणित) पनि हुन सक्छ। तर गन्धले प्रतिकूल नै हुन्छ। उदाहरणको लागि (१) जसरी साना बालकको दिसा रंगले हर्दीरंगको हुन्छ, बनावटले हर्दीको पिण्डको आकृतिजस्तो (२) फोहर मैला फ्याँक्ने स्थानमा फ्याँकिएको फुलेको कालो कुकुरको शरीर वर्णले पाकेको ताडको रंगको हुन्छ। बनावटले मुख घोप्टिएको मृदङ्गको बनावटजस्तो, त्यसको दाँत पनि चमेलिफूलको कोपिलासमान हुन्छ। यसरी दिसा र कुकुर दुवै पनि वर्णले अप्रतिकूल हुन सक्छन्, तर गन्धले प्रतिकूल नै छन्। यसप्रकार केश पनि रंग र बनावटले अप्रतिकूल हुनसक्छ, तर गन्धले प्रतिकूल नै हुन्छ।

जस्तै - गाउँको दुर्गन्धितस्थानको ढलमा उम्रेको जडीबुटीका विरुवा र सागपात नागरिक मानसिहरूको लागि घृणित हुन्छन्, परिभोगयोग्य हुँदैनन्। यसरी नै केश पनि पीप, रगत, पिसाप, मल, पित्त, खकार, आदिको विपाकद्वारा उत्पन्न हुनाले घृणित छन्। यो त्यसको आशयले प्रतिकूल हुनु हो।

यी केश गुहु राशीद्वारा उत्पन्न भएको कर्णिकासमान एकतीस भागको राशीमा उत्पन्न भएका छन् । ती श्मशान फोहर फ्याँक्ने ढलादिको स्थानमा उत्पन्न भएको सागसमान दलदलमा उत्पन्न भएको कमल (Water Lilyes) आदि फूलहरूसमान दुर्गन्धित-स्थानमा उत्पन्न हुनाले अत्यन्त जिगुप्सनीय छन् । यो त्यसको अवकाशले प्रतिकूलता हो ।

जसरी केशहरूको, यसरी नै सबै भागहरूको वर्ण, वनावट गन्ध, आशाय, अवकाशानुसार पाँच प्रकारका प्रतिकूलता जान्नुपर्दछ। वर्ण, बनावट, दिशा, अवकाश, परिच्छेदले सबैलाई अलगअलग विचार गर्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

## २. रौं

वर्णले = प्राकृतिक रंगले केशसमान एकदम कालो हुँदैन। ती खैरो हुन्छन्। बनावटले = टुप्पाबाट झुकेको ताडको जराको बनावटजस्तै हुन्छन्। दिशाले = दुवै दिशाहरूमा हुन्छन्। अवकाशले = केशमा प्रतिष्ठित हुने स्थान तथा हत्केला तथा पाइतलालाई छाडेर प्रायः अवशेष शरीरलाई छोपिएको छालामा उत्पन्न हुन्छन्। परिच्छेदले = शरीरलाई छोपिएको छालामा जुम्रा (लिखा) बराबर प्रवेश गरी प्रतिष्ठित भएर तल आफ्नो जरा, माथि आकाश र तेर्सो एक दोस्रोबाट परिच्छिन्न छन्। दुई रौं एक रौं प्वालमा छैनन्। यो त्यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ।

## ३ . नङ्

वर्णले = नङ् बीस पत्रहरूको सामुहिक नाम हो। ती सबै रंगले सेता छन्। बनावटले = माछाको कत्ला (शकलिका)को बनावटका छन्। दिशाले = खुट्टाको नङ तल्लो दिशामा र हातको नङ माथिल्लो दिशामा - यसप्रकार दुवै दिशाहरूमा छन्। अवकाशले = हात र खुट्टाहरूको औंलाहरूको माथिल्लो भागको टुप्पामा प्रतिष्ठित छन्। परिच्छेदले = दुवै दिशाहरूमा औंलाको किनारको मासु, भित्री औंलाको पीठको मासु, बाहिर तथा अगाडि आकाश र तेर्सो एकअर्काले परिछिन्न छन्। दुई नङ एक स्थानमा छैनन्। यो त्यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ।

## ४. दाँत

वर्णले = परिपूर्ण दाँतयुक्त व्यक्तिमा बत्तीस दाँतको हड्डीहरू हुन्छन्। ती पनि रंगले सेता छन्। बनावटले = अनेक बनावटका छन्। त्यसको तल्लो दाँतको पंक्तिबीच चार दाँत, माटोको बेर्नामा क्रमैले राखिएको फर्सिको बीजका बनावटका हुन्छन्। त्यस पछि एकएक दाँत दुई जरा र दुई चुच्चा भएका चमेलीफूलको कोपिलाको बनावटका हुन्छन्। त्यसपछि एकएक दाँत दुई जरा र दुई चुच्चा भएका बैलगाडीको टेकोको बनावटका हुन्छन्। तत्पश्चात् दुईदुई दाँत तीन जरा र तीन चुच्चा भएको तथा त्यसपछि दुईदुई दाँत चार जरा र चार चुच्चा भएका हुन्छन्। माथिल्लो पंक्तिमा पनि यसैप्रकार बुझ्नुपर्दछ। दिशाले = माथिल्लो दिशामा हुन्छन्। परिच्छेदले = तल्लो बंगारामा प्रतिष्ठित हुनाले आफ्नो जरा, माथि आकाश र तेर्सो एक दोस्रोसंग परिच्छिन्न हुन्छन्। दुई दाँत एक स्थानमा छैनन्। यो त्यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ।

## ५. छाला

वर्णले = छाला भनिन्छ सारा शरीरलाई छोपिएको माथिल्लो भागलाई। त्यसमाथि कालो, पहेंलो, गोरो आदि रंगको छवि हुन्छ। जुन सारा शरीरबाट पनि एकत्रित गर्दा बयरको बियाँ बराबर हुन्छ। रंगले = छाला सेतो नै हुन्छ। त्यसको त्यो सेतोपन, आगोको ज्वालाले पोल्ने, हतियारले काट्ने आदिले बाहिरी छवि विनष्ट हुँदा प्रकट हुन्छ। बनावटले = त्यो शरीरको नै बनावटको हुन्छ। यो संक्षेप हो।

विस्तारले – खुट्टाको औंलाको छाला रेशमकीराको कोया (कोकुन)को बनावटको हुन्छ। खुट्टाको माथिल्लो भागको छाला बुटजुत्ता (पुटबन्ध उपाहन)को बनावटको हुन्छ। पिडौंलाको छाला



Downloaded from http://www.dhamma.digital

भात राख्नको लागि बनेको ताड्पत्रको बनावटको हुन्छ। तिघ्राको छाला धानले भरिएको लामो बोराको बनावटको हुन्छ। नितम्बको छाला पानीले भरिएको पानी छान्ने कपडाको बनावटको हुन्छ। पीठ्यूको छाला तख्तामा मोडेको (छोपेको) छालाको बनावटको हुन्छ। पेटको छाला सारङ्गीको द्रोणीमा मोडिएको छालाको बनावटको हुन्छ। छातीको छाला प्रायः चारकुने बनावटको हुन्छ। दुवै हात पाखुराको छाला तुणीर (धनुष राख्ने धोक्रो)मा चढाएको छालाको बनावटको हुन्छ। नाडीको छाला छुराको थैलीको बनावटको हुन्छ या कांगियोको थैलोको बनावटको हुन्छ। हातको औंलाहरूको छाला चाबी राख्ने गोजीको बनावटको हुन्छ। गर्धनको छाला गलाको कठालोको वनावटको हुन्छ। मुखको छाला धेरै प्वाल भएको कीराको गुंडको बनावटको र टाउकोको छाला भिक्षापात्र राख्ने थैलोको बनावटको हुन्छ।

छाला (त्वचा) लाई विचार गर्ने योगीलाई माथिल्लोमाथिल्लो ओंठदेखि माथितर्फ ज्ञानलाई पठाएर, पहिले मुखलाई घेरिएको छालालाई विचार गर्नुपर्दछ। त्यसपछि निधारको हड्डीको छालालाई। तत्पश्चात् थैलोमा राखिएको पात्र र थैलाको बीच हातसमान टाउकोको हड्डी र टाउकोको छालाको अन्तरले ज्ञानलाई पठाएर हड्डी र टाउकोको छालालाई एकबद्ध भएको अलग गर्दै टाउकोको छालालाई विचार गर्नुपर्दछ। त्यसपछि काँधको छालालाई तत्पश्चात् अनुलोम र प्रतिलोमले दाहिने हातको छालालाई त्यसैप्रकार बायाँ हातको छालालाई। त्यसपछि पीठ्युँको छालाको विचार गरी अनुलोम प्रतिलोमले दाहिने खुट्टाको छालालाई। त्यसैप्रकार वायाँ खुट्टाको छालालाई तत्पश्चात् क्रमशः बस्ती (मूत्राशय), पेट, हृदय (छात्ती) गर्धनको छालालाई विचार गर्नुपर्दछ। तब गर्धनको छालापछि तल्लो हड्डीको छालालाई विचार गरी ओंठको अन्तसम्म लगेर समाप्त गर्नुपर्दछ। यसरी स्थूलको विचार गर्दै सूक्ष्म पनि प्रकट हुन्छ।

दिशाले = दुवै दिशाहरूमा छाला अवस्थित छ। अवकाशले = सारा शरीरलाई घेरिएको छ। परिच्छेद = तल प्रतिष्ठित भएको तल र माथि आकाशद्वारा परिच्छिन्न छ। यो यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ।

### ६. मासु

रंगले = नौसय मासुको पेशीहरू छन्। ती सबै पलाशको फूलसदृश रातो हुन्छन्। बनावटले = नलिखुट्टाको मासुको पिण्डपातले भरिएको ताडपत्रको बनावटको हुन्छ। तिघ्राको मासु निसदपोत (सिलौटाको बच्चा जसको बीचमा मोटो र छेउछेउमा पातलो हुन्छ) को बनावटको हुन्छ। नितम्बको मासु माटोले बनाएको चूलाको शिरको बनावटको हुन्छ। पीठ्यूँको मासु ताड्को चटाईमाथि ताडको गुदीलाई सुखाएर पटल (पत्र)को रूपमा बनाएको सक्खरको डल्लाको पत्रको वनावटको हुन्छ। दुवै करङको मासु ढिकीको पेटमा पातलो माटोको लेपनको बनावटको हुन्छ। स्तनको मासु माटोको डल्लालाई तल झट्कारेको बनावटको र दुवै पाखुराहरूको मासु द्विगुणा मोटो छालारहित धेरै ठूलो मुसाको बनावटको हुन्छ। यसरी स्थूलस्थूलको विचार गर्दै सूक्ष्म पनि प्रकट भएर आउँछ। दिशाले = दुवै दिशाहरूमा । अवकाशले = तीन सयभन्दा ज्यादा हड्डीहरूलाई लिपेर स्थित छ। परिच्छेदले = तल्लो हड्डीहरूको समूहमा प्रतिष्ठित भएको तलदेखि माथि छालाले र तेर्सो एकअर्कोसंग परिछिन्न छ। यो यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद केशसमान नै हो।



Downloaded from http://www.dhamma.digital

## ७. स्नायु

रंगले = नौ सय नसाहरू सबै सेता हुन्छन् । बनावटले = नाना बनावटका छन् । यिनमा गर्धनदेखि माथिल्लो भागदेखि लिएर पाँच महास्नायु शरीरलाई बाँध्दै अगाडिबाट तल झरेका छन् । पाँच पछाडिबाट पाँच दाहिनेबाट र पाँच बायाँबाट । दाहिने हातलाई बाँध्दै पनि हातको अगाडिबाट पाँच, पछाडिबाट पाँच । त्यसरी नै बायाँ हातलाई बाँध्दै दाहिनेबाट पाँच र बायाँबाट पाँच । दाहिने खुट्टालाई बाँध्दै पनि खुट्टाको अगाडिबाट पाँच, पछाडिबाट पाँच । त्यसरी नै बायाँ खुट्टालाई बाँध्दै पनि अगाडिबाट पाँच र पछाडिबाट पाँच । यसरी शरीरलाई धारण गर्ने साठी महास्नायु शरीरलाई बाँध्दै झर्दछ, जुन कण्डरा पनि भनिन्छ । ती सबै पिढालुको फूलको बनावटको हुन्छ । अन्य त्यसत्यस स्थानहरूमा प्रवेश गरिरहनेहरू त्यसभन्दा सूक्ष्मतर धागोको डोरीको बनावटका हुन्छन् ।अन्य त्यसभन्दा सूक्ष्मतर गुरुचिको बनावटको, अन्य त्यसभन्दा सूक्ष्मतर ठूलो सारङ्गीको तार (डोरी)को बनावटको र अन्य मोटो धागोको बनावटका हुन्छन् । हात खुट्टाको नसा चराको खुट्टाको पञ्जाको बनावटको हुन्छ । टाउकोमा केटाहरूको टाउकोमा बाँधिएको जालको बनावटको र शेष त्यसत्यस अंगप्रत्यंगमा प्रवेश गरेको स्नायु शरीरमा लगाइएको गञ्जीको बनावटका हुन्छन् ।

दिशाले = दुवै दिशाहरूमा छन् । अवकाशले = सारा शरीरमा हड्डीहरूलाई बाँधेर स्थित छ । परिच्छेद = तीनसय हड्डीहरूमाथि प्रतिष्ठित भएका सतहले, माथि मासु र छालासंग टाँसेर रहने प्रदेशदेखि र तेर्सो एकअर्कोबाट परिच्छिन्न छन् । यो त्यसको सभाग परिच्छेद हो । विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ ।

## ८. हड्डी

बत्तीस दाँतको हड्डीहरू छाडेर अवशेष चौसट्ठी हातको हड्डीहरू, चौसट्ठी खुट्टाको हड्डीहरू, चौसट्ठी मासुको सहारा रहने नरम हड्डिहरू, दुई कुर्कुच्चाको हड्डीहरू, प्रत्येक खुट्टामा दुईदुई गोलिगाँठोको हड्डीहरू, दुई नलीखुट्टाको हड्डीहरू, एउटा घुँडाको हड्डी, एउटा तिघ्राको हड्डी, दुई चाकको हड्डी, अठार मेरुदण्डको हड्डीहरू, चौबीस करङको हड्डीहरू, चौध छात्तीको हड्डीहरू, एउटा हृदयको हड्डी, दुई कठालोको हड्डीहरू, दुई काँधको हड्डीहरू, दुई पाखुराको हड्डीहरू, दुई नाडीको हड्डीहरू, सात गर्धनको हड्डीहरू, दुई बंगाराको हड्डीहरू, एउटा नाकको हड्डी, दुई आँखाको खड्डीहरू, दुई कानको हड्डीहरू, एउटा निधारको हड्डी, एउटा चिउँडोको हड्डी, नौ खोपडीको हड्डीहरू, यसप्रकार तीनसय हड्डीहरू छन् ।

रंगले यी सबै सेता छन् । बनावटले = नाना बनावटका छन् । त्यसमा खुट्टाको औंलाहरूको अग्रभागको हड्डीहरू रीट्ठाको बीजको बनावटका छन् । त्यसको अनन्तर बीचको पर्वको हड्डीहरू कटहरको बीजको बनावटका छन् । मूलपर्वको हड्डीहरू मादलको बनावटका छन् । खुट्टाको पीठको हड्डीहरू कुटिएको पिडालुको राशीको बनावटका छन् । कुर्कुच्चाको हड्डी एक बियाँ भएको ताडको फलको बीजको बनावटको छ । गोलीगाँठोको हड्डीहरू एक दोस्रोलाई टँसाएर धागोले बाँधिएको खेलौनाको गोलीहरूको बनावटका छन् । नलिखुट्टाको हड्डीहरूमा, गोलिगाँठोको हड्डीहरूमा प्रतिष्ठित हड्डी बोक्रा नछोडाएको खजुरको टुसाको बनावटका छन् । नलिखुट्टाको सानो हड्डी धनुषको डण्डाको बनावटको छ । नलिखुट्टाको ठूलो हड्डी झुक्रिएको साँपको पीठ्यूँको बनावटको छ । घुँडाको हड्डी एकातिरबाट



Downloaded from http://www.dhamma.digital

पग्लिएर गएको बाक्लो माँडाको बनावटको छ। यसमा नलिखुट्टाको हड्डीको प्रतिष्ठित स्थान गाईको भोदो सिङको बनावटको छ । तिघ्राको हड्डी राम्ररी नकसिएको बछिला वा वञ्चरोको डण्डाको बनावटको छ। त्यसको कमरमा प्रतिष्ठित स्थान खेल्ने बलको बनावटको छ। त्यसबाट कमरको हड्डीको प्रतिष्ठित स्थान सिर काटिएको ठूलो पुन्नागको फलको बनावटको छ । दुवै कम्मरको हड्डीहरू पनि एकमा जोडिएको समय, कुम्हालेको चुलाको बनावटको छ र अलगअलग भएको समयमा कामीको घनलाई बाँध्ने डोरीको बनावटको छ। माथिल्ले भागमा रहने नितम्बको हड्डी तलतिर मुख गरी पक्रिएको साँपको फणको बनावटको छ, जुन सात आठ स्थानमा छिद्रित छन्। पिठ्यूँको मेरुदण्डको हड्डीहरू भित्रबाट एक अर्कामाथि राखिएको सिसाको पत्रको नलीको बनावटका छन् र बाहिरबाट गोलोगोलो उनिएको मालाजस्तै बनावटका छन् । उनीहरूको बीचबीचमा आराको दाँतकोसमान दुईतीन काँटाहरू छन् ।

चौबीस करङ्का हड्डीहरूमा अपरिपूर्ण (हड्डीहरू) अपरिपूर्ण तलवारको बनावटका छन्। सबै सेतो कुखाको फैलाएको प्वाँखको बनावटका छन् । चौध छातीको हड्डीहरू जीर्ण रथको ढाँचा(पञ्जर)को बनावटका छन्। मुटुको हड्डी चम्चाको खोपिल्टाको बनावटको छ। कठालोको हड्डीहरू सानो फलामको बछिलाको डण्डाको बनावटका छन् । काँधको हड्डीहरू एकातिरबाट खिएको श्रीलंकाली कोदालोको बनावटका छन् । नाडीको हड्डीहरू जोडिएको ताडको फेदको बनावटका छन् । मणिबन्ध (हत्केलाको किनार)को हड्डीहरू एकमा टाँसेर राखिएको सिसाको बनिएको बस्त्रको नलिको बनावटका छन्। हातको पीठको हड्डीहरू कुटिएको पिंडालुको राशिको बनावटका छन्। हातको औंलाहरूको मूलपर्वको हड्डीहरू अपरिपूर्ण कटहरको बीजको बनावटको र अगाडिको पर्वको हड्डीहरू रीट्ठाको बीजको बनावटका छन्।

सात घाँटीको हड्डीहरू डण्डामा राखेर क्रमैले राखिएको गोलाकार काटिएको बाँसको खपेटाको बनावटका छन्। तल्लो चिउँडोको हड्डीहरू लोहारहरूको फलामको घनलाई बाँध्ने डोरीको बनावटको छ र माथिल्लो उखुको बोक्रालाई ताछ्ने हतियार (हँसिया)को बनावटको छ। आँखा र नाकको खाल्डोको हड्डीहरू बियाँ निकालिएको ताड्को काँटाको बनावटका छन्। निधारको हड्डीतलतिर मुख गरी राखिएको शंखबाट बनेको डबकिको बनावटको छ। कनपट्टिहरूको हड्डिहरू हजामको छुरा राख्ने थैलीको बनावटका छन् । निधार र कनपट्टिदेखि माथि पगडी बाँध्ने स्थानको हड्डी घिउले परिपूर्ण सुकेको वस्त्रखण्डको बनावटको छ। मूर्द्धाको हड्डी काटिएको मुख भएको टेढो नरिवलको बनावटको छ। टाउकोको हड्डीहरू सिएर राखिएको जर्जर लौकाको पत्रहरूको बनावटका छन् ।

दिशाले = दुवै दिशाहरूमा छन्। अवकाशले = साधारण सारा शरीरमा स्थित छन्। विशेषता - टाउको हड्डीहरू गलाको हड्डीहरूमा प्रतिष्ठित छन्। गलाको हड्डीहरू पीठ्यूँको मेरुदण्डको हड्डीहरूमा। मेरुदण्डको हड्डीहरू कम्मरको हड्डीहरूमा, कम्मरको हड्डीहरू तिघ्राको हड्डीहरूमा, तिघ्राको हड्डीहरू घुँडाको हड्डीहरूमा, घुँडाको हड्डीहरू नलिखुट्टाको हड्डीहरूमा, नलिखुट्टाको हड्डीहरू गोलिगाँठोको हड्डीहरूमा र गोलिगाँठोको हड्डीहरू खुट्टाको पीठको हड्डिहरूमा प्रतिष्ठित छन्। परिच्छेदले = भित्र हड्डीको मासी, माथि मासु र अगाडि र मूलमा एकदोस्रोबाट अलग भएका छन् । यो त्यसको सभाग परिच्छेद हो । विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

## ९. हड्डीमासी

त्यस हड्डीभित्र भएको मासीलाई भनिएको हो । रंगले = सेतो छ । बनावटले = ठूलोठूलो हड्डीहरूभित्र बाँसको ढुङ्ग्रोमा तताएर राखिएको ठूलो बेतको टुप्पाको बनावटको र सानासाना हड्डीभित्र बाँसको लट्ठीको पर्वमा तताएर राखिएको पातलो बेतको बनावटका छन् । दिशाले = दुवै दिशाहरूमा छन् । अवकाशले = हड्डीभित्र प्रतिष्ठित छन् । परिच्छेदले = हड्डीहरुको भित्री सतहदेखि अलग भएको छ । यो यसको सभाग परिच्छेद हो । विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ ।

## १०. मृगौला

एकमा बाँधिएको दुई मासुको पिण्डहरू हुन् । त्यो रंगले = हल्का रातो रंगको पारिभद्रकको वियाँको रंगको छ । बनावटले. = केटाहरूको खेल्ने जोडी गोलीहरूको बनावटको छ । या डाँठमा बाँधिएको दुई आँपको बनावटको छ। दिशाले = माथिल्लो दिशामा छ। अवकाशले = गलाको खाल्डोबाट निस्केर एक मूलबाट धेरै गएर दुई भागमा बाँडेर मोटो नसाले बाँधिएर मुटुको मासुलाई घेरेर रहेको छ। परिच्छेदले = मृगौला मृगौलाको भागबाट अलग भएको छ। यो यसको सभाग परिच्छेद हो । विसभाग परिच्छेद केशसमान बुझ्नुपर्दछ ।

## ११. मुटु

मुटु - मुटुको मासु । त्यो रंगले रातो पद्मको पातलो पीठको रंगको छ । बनावटले = बाहिरी पातहरूलाई हटाएर तलतिर मुख गरी राखिएको पद्मको बनावटको छ। बाहिर चिल्लो र भित्र कुभिण्डो **(Loofah Gourd)** को भित्री भागसमान छ। प्रज्ञावान्हरूको थोरै विकसित र मन्द प्रज्ञावान्हरूको आधा फुकेको नै हुन्छ । त्यसभित्र पुन्नागको बीज प्रतिष्ठित हुनेजति खाल्डो हुन्छ, जहाँ आधा पसर (अञ्जुलि) जति रगत जम्मा हुन्छ , जसको सहारा मनोधातु र मनोविज्ञानधातु हुन्छन्। त्यो रागचरितको रातो हुन्छ, द्वेषचरितको कालो, मोहचरितको मासुलाई पखालेको पानीसमान । वितर्कचरितको मसुरोको रसको रंगको र प्रज्ञाचरितको निर्मल, परिशुद्ध, स्वच्छ, उज्ज्वल राम्ररी धोएको जाति मणिसमान प्रज्ज्वलित जानकारी हुन्छ। दिशाले = माथिल्लो दिशामा छ। अवकाशले = शरीरभित्र दुवै स्तनहरूको बीचमा प्रतिष्ठित छ । परिच्छेदले = हृदय, हृदयको भागदेखि अलग भएको छ । यो यसको सभाग परिच्छेद हो । विसभाग परिच्छेद केशसमान नै हो ।

## १२. कलेजो

मासुको जोडीपत्र । रंगले = रातो, पाण्डुजस्तै, धेरै रातो नभएको कुमुदको पातलो पीठको रंग हुन्छ । बनावटले = मूलमा एक र अगाडि जोडी कोविलारको पातलो बनावटको छ । त्यो कमवुद्धि हुनेहरूको एक नै, तर ठूलो हुन्छ। बुद्धिमानहरूको सानो तर दुई या तीन हुन्छ। दिशाले = माथिल्लो दिशामा छ । अवकाशले = दुवै स्तनभित्र दाहिने पाश्र्वको सहारा स्थित छ । परिच्छेदले = यकृतको भागदेखि अलग भएको छ। यो यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ।

## १३. झिल्ली (किलोमक)

प्रतिच्छन्न, अप्रतिच्छन्नको भेदले दुई प्रकारका ढाक्ने मासुहरू छन् । रंगले = यो दुवै प्रकारका



Downloaded from http://www.dhamma.digital

पनि सेतो वस्त्रहरूको रंगको छ। बनावटले = आफ्नोआफ्नो स्थानको बनावट भएका छन्। दिशाले = प्रतिच्छन्न माथिल्लो दिशामा र अर्को दुवै दिशाहरूमा छन्। अवकाशले = प्रतिच्छन्न झिल्ली मुटु र मृगौलालाई ढाकेर र अप्रतिच्छन्न झिल्लीसारा शरीरमा छालाको तल मासुबाट बाँधिएर रहेको छ। परिच्छेदले तल मासु, माथि छाला र तेर्सो झिल्लीको भागदेखि अलग भएको छ। यो यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ।

## १४. फियो

पेटको जिब्रोको मासु। रंगले = नीलो निग्गुण्डीफूलको रंगको हुन्छ। बनावटले = सात औंलाको बराबर बन्धनरहित कालो बाछाको जिब्रोको बनावटको हुन्छ। दिशाले = माथिल्लो दिशामा छ। अवकाशले = मुटुको बायाँ पार्श्वमा पेटको पत्रमा टुप्पाको सहाराले स्थित छ, जसको मार्ने चोटले बाहिर निकाल्दा प्राणी मर्दछ। परिच्छेदले = फियोको भागदेखि अलग भएको छ। यो यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ।

## १५. फोक्सो

बत्तीस मासुको टुक्रा भएको फोक्सोको मासु। रंगले = रातो, धेरै नपाकेको बडहरको फूलको रंगको हुन्छ। बनावटले = विषम काटिएको मोटो मालपूवाको टुक्राको बनावटको छ। भित्र खाएको पिएको (पदार्थहरू) नहुनाले कर्मज अग्निको गर्मि बढ्नाले पीढित भएर चपाएको परालको पिण्डसमान नीरस र ओजरहित हुन्छ। दिशाले = माथिल्लो दिशामा छ। अवकाशले = शरीरभित्र दुवै स्तनबीच मुटु र कलेजो माथिमाथिबाट ढाकेर झुण्डिएर स्थित छ। परिच्छेदले = फोक्सोको भागदेखि अलग भएको छ। यो यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ।

## १६. ठूलोआन्द्रा

पुरुषको बत्तीस हात, स्त्रीको अट्ठाइस हात, एक्काइस स्थानहरूमा झुकिएको (दोब्रिएको) आन्द्राको नली हो। रंगले = सेतो चिनी र गाडा चूनाको रंगको छ। बनावटले = रगतको द्रोणीमा मोडेर राखिएको टाउको काटिएको साँपको बनावटको छ। दिशाले = दुवै दिशाहरूमा छन्। अवकाशले = माथि गलाको खाल्डोमा र तल गुदद्वारमा बाँधिएको गलाको खाल्डो र गुदद्वारको अन्तसम्म शरीरभित्र स्थित छ। परिच्छेदले = ठूलोआन्द्राको भागदेखि अलग भएको छ। यो यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ।

## १७. सानोआन्द्रा

जहाँ ठूलोआन्द्राहरू दोब्रिएका छन् त्यहाँ बाँधिएका हुन्छन्। रंगले = सेतो कुमुदनीको जराको रंगको छ। बनावटले = कुमुदनीको जराको बनावटको नै छ। दिशाले = दुवै दिशाहरूमा छन्। अवकाशले = कोदालो, बञ्चरो आदि बनाउने व्यक्तिको यन्त्रलाई तान्ने समय शरीर झुकेको स्थानहरूमा चिप्लिन झर्न नदिनको लागि, यन्त्रको तख्ताहरूलाई बाँधिराख्ने डोरीहरूको घेराबीच त्यसलाई सिएर राख्ने डोरीहरूसमान ठूलोआन्द्राको एक्काइस दोब्रिएको झुकावहरूको बीचमा रहेका छन्। परिच्छेदले = सानोआन्द्राको भागदेखि अलग भएका छन्। यो यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद



Downloaded from http://www.dhamma.digital

केशसमान नै बुझ्नुपर्दछ ।

## १८. व्हाढी

पेटमा खाएको पिएको, चपाएको, चाटेको बस्तुहरु । रंगले = खाएको आहाराको रंगको छ । बनावटले = कपटछ्यान या ढीलो (हल्का) बाँधिएको चामलको बनावटका छन् । दिशाले = माथिल्लो दिशामा छन् । अवकाशले = पेटमा स्थित छन् ।

पेट, दुवैतिरबाट दबाउँदै गरिएको भिजिएको वस्त्रको बीचमा उत्पन्न भएको फोकासमान आन्द्राहरूको पत्र हो, जुनबाहिर चिल्लो र भित्र सडेको मासुसंग मुछिएको दुर्गन्धित कपडाको हावा भरेको धोक्रोसमान छ । सडेको कटहरको बोक्राभित्रसमान पनि भन्नयोग्य छ । यहाँ तार्कोटक (Round worm), गड्यौला (Soil producing worm) ताडहीरक (Palm-splinter worm), पटतन्तुक (Tape worm), सूत्रक (Thread worm), शूचिमुख (सियोसमान तिखोमुख भएको), आदि बत्तीस प्रकारका कीराहरूको समूह छरिएर झुण्डझुण्ड घुम्दै रहन्छन् । जो खाएपिएको वस्तुहरूको नरहेमा उफ्रिंदै रूँदै, मुटुको मासुलाई ठोकर हान्दछन् र पेय तथा भोजन आदिको खाने समय माथितिर मुख गरी पहिलो पल्ट खाएको खानामध्ये दुईतीन गाँस छिटोछिटो गायव गरिदिन्छन् । यही पेट नै कीराहरूको प्रसूतिगृह, चर्पी, अस्पताल र श्मशान हुन्छ । जहाँ जस्तै - चण्डाल ग्रामद्वारमा भौंडीमा गर्मिको दिनहरूमा खुब जोडले वर्षा बर्सिनाले पानीद्वारा बहाउँदै ल्याएको दिसा, पिसाप, छाला, हड्डी, नशाको टुक्रा, थूक, सिंगान, रगत इत्यादि नाना प्रकारका दुर्गन्ध परेर फोहर पानीसंग मिल्दछ । दुईतीन दिन बित्दा त्यसमा कीराहरूको समूह उत्पन्न हुन्छन्, जुन सूर्यकिरणको गर्मीको तेजले पीढित भएर माथि फिंजको फोकाहरूलाई छाड्दछन् । त्यो धेरै नीलो रंगको अत्यन्त दुर्गन्ध बहाउने, घृणित, न नगिज जाने, न देख्नयोग्य हुनजान्छ । सुँघ्ने या चाट्नेको कुरा नै के गर्नु ? यसरी नै नाना प्रकारको पेयभोजन आदि दाँतेमुसलहरूले सचूर्ण गरेको, जिव्हारूपी हातले उल्टाएको, थूक, र्‍यालले मुछिएको, त्यस समय रंग, गन्ध, रस आदिरहित भएर, दमाईको खली र कुकुरको वान्तासमान पकेर पित्त, खकार, वातले घेरिन्छ । जठराग्निको सन्तापको वेगले पीढित भएका कीराहरू सानोठूलो समूह माथिमाथि फिंजको फोकाहरूलाई छोड्दछन् । त्यो अत्यन्त सडेको, दुर्गन्ध बहाउने, घृणित हुनजान्छ । जसलाई सुनेर पनि पेयभोजन आदिमा घिन लाग्न थाल्छ । ज्ञानचक्षुले देख्ने व्यक्तिको कुरा नै के भन्नु ? जहाँ भएका पेय, भोजन आदि पाँच भागमा बाडिन्छन् (१) एक भागलाई कीराहरूले खान्छ (२) एक भागलाई जठराग्निले भष्म गर्छ । (३) एक भाग पिसाप हुन्छ (४) एक भाग दिसा हुन्छ । (५) एक भाग रस भएर रगत, मासु आदि बृद्धि गर्छ ।

परिच्छेदले = पेटपत्र र आमाशयहरूको भागदेखि अलग भएका छन् । यो यसको सभाग परिच्छेद हो । विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ ।

## १९. व्हिसा (मल)

रंगले = अधिकांशतः खाएको आहारको रंगको नै हुन्छ । बनावटले = अवकाशको बनावटको । दिशाले = तल्लो दिशामा छ । अवकाशले = पक्वाशय (अन्नलाई पचाउने स्थान) मा रहेको छ ।

पक्वाशयतल नाभी र पीठको काँटा (मेरुदण्ड)को फेदबीच आन्द्राहरूको अन्तमा उचाईमा आठ अंगुलको बराबर बाँसको नलीसमान हुन्छ । जहाँ, जस्तो - अग्लो जमीनमा बर्सिएको वर्षाको पानी बहेर



Downloaded from http://www.dhamma.digital

तल्लो जमीनलाई भरिदिन्छ, यसरी नै जुनसुकै पेय, भोजन आदि आमाशयमा पर्दछ, त्यो जठराग्निद्वारा फिंजलाई माथितिर छोड्दै पाक्दै जाँतोलाई पिसेकोसमान मिहीन भएर आन्द्राको प्वालतल झरेर, खुब मलेर बाँसको आँख्लामा राखिएको पहेंलो माटोसमान एकत्र भएर रहन्छ ।

परिच्छेददले = पक्वाशयको पत्र र दिशाको भागदेखि अलग भएको छ । यो यसको सभाग परिच्छेद हो । विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ ।

## २०. गिदी

टाउकोको खोपडीभित्र रहने मज्जाको राशी । रंगले = सेतो विषालु सेतो च्याउ (अहिच्छत्रक Toadstool) रंगको छ । दही नभइसकेको बिग्रेको दूधको रंगको पनि भन्नुयुक्त छ । बनावटले = अवकाशको बनावटको हुन्छ । दिशाले = माथिल्लो भागमा छ । अवकाशले = टाउकोको खोपडीभित्र चार पत्र भएको मार्गको सहारा मिलेर राखिएको चार आँटाको पिण्डसमान एकत्र रहन्छ । परिच्छेददले = टाउकोको खोपडीभित्री सतह र गिदीको भागदेखि अलग भएको छ । यो यसको सभाग परिच्छेद हो । विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ ।

## २१. पित्त

दुई प्रकारका पित्त हुन्छन् - बद्ध पित्त र अबद्धपित्त । रंगले = बद्धपित्त महुआ (मधुक)को गाडा तेलको रंगको र अबद्धपित्त ओइलिएको आकुलीको फूलको रंगको हुन्छ । बनावटले = दुवै पनि अवकाशको बनावटका छन् । दिशाले = बद्धपित्त माथिल्लो दिशामा र अर्को दुवै दिशाहरूमा छन् । अवकाशले = अबद्धपित्त केश, रौं, दाँत, नङ, मासुरहित स्थानहरू र कडा सुखा छालालाई छाडेर पानीमा तेलको थोपासमान अवशेष शरीरमा फैलिएको छ । जसको कुपित हुँदा आँखा पहेंलो हुनजान्छ, नाच्दछ, शरीर काँप्दछ, चिलाउँदछ । बद्धपित्त मुटु र फोक्सोको बीच कलेजोको मासुको सहारा प्रतिष्ठित, धेरै ठूलो कुभिण्डो (Loofah gaurd) को कोषसमान पित्तको कोषमा रहेको छ । जसको कुपित हुँदा प्राणी पागल र वेहोश हुन्छन् । लज्जा संकोचलाई छाडेर गर्न अयोग्य काम पनि गर्दछन् । भन्न अयोग्य कुरा पनि भन्दछन् । सोच्न अयोग्य कुरालाई पनि सोच्दछन् । परिच्छेद = पित्तको भागदेखि अलग भएको छ । यो यसको सभाग परिच्छेद हो । विसभाग परिच्छेद केशकसमान नै बुझ्नुपर्दछ ।

## २२. खकार

शरीरभित्र रहन्छ र एक पूर्णपात्र भरी परिमाणमा हुन्छ । रंगले = सेतो नागबलाको पातको रसको रंगको छ । बनावटले = अवकाशको बनावटको छ । दिशाले = माथिल्लो दिशामा छ । अवकाशले = पेटपत्रमा रहेको छ । जुन पेय, भोजन आदि खानेको समय, जस्तै - पानीमा झ्याउहरू काठ या गिटी खस्नाले टुक्रिएर दुई भाग हुन्छन् तर पुनः मिल्दछन्, यसरी नै पेयभोजन आदि पर्दा समय टुक्रिएर दुई भागमा भएर पछि पुनः मिल्दछ । जसको मन्द हुँदा पाकेको खटेरा र सडेको कुखाको अण्डासमान पेट अत्यन्त घिनलाग्दो र मूर्दाको दुर्गन्ध जस्तै हुनजान्छ । त्यहाँको उठेको गन्धले डकार पनि, मुख पनि, मूर्दासमान दुर्गन्धित र त्यस मानिसलाई “जाउ तिम्रो मुख गन्हाउँदैछ” भनी भन्नयोग्य हुन्छ । जुन बढेर घना हुन्छ, त्यो चर्पीमा प्वालको विधानको काठको ढकनिसमान, पेटभित्र नै दुर्गन्धलाई रोकिराख्दछ । परिच्छेददले = कफको भागदेखि अलग भएको छ । यो यसको सभाग परिच्छेद हो । विसभाग परिच्छेद



Downloaded from http://www.dhamma.digital

केशसमान नै बुझ्नुपर्दछ ।

## २३. पीप

सडेको रगतद्वारा बनिएको पीप । रंगले = पहेंलो भएको पातको रंगको छ । मृतशरीरमा सडेको बाक्लो माडको रंगको हुन्छ । बनावटले = अवकाशको बनावटको छ । दिशाले = दुवै दिशाहरूमा छ । अवकाशले = पीपको अवकाश निश्चित छैन, जहाँ एकत्र भएर रहोस् । जहाँजहाँ घोच्ने वस्तु, काँढाको प्रहार, आगोको ज्वाला आदिले चोट लागेको शरीरको भागमा रगत रोकिएर पाक्दछ या खटेरादि उत्पन्न हुन्छन्, त्यहाँत्यहाँ रहन्छ । परिच्छेदले = पीपको भागले अलग भएको छ । यो यसको सभाग परिच्छेद हो । विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ ।

## २४. रगत

दुई प्रकारका रगत हुन्छन् - जमेको रगत र बहने रगत । रंगले = जमेको रगत राम्ररी पाकेको बाक्लो लाहाको रसको रंगको हुन्छ र बहनेरगत परिशुद्ध लाहाको रसको रंगको हुन्छ । बनावटले = दुवै पनि अवकाशको बनावटका छन् । दिशाले = जमेको रगत माथिल्लो दिशामा छ र अर्को दुवै दिशाहरूमा छन् । अवकाशले = बहनेरगत, केश, रौं, नङ, दाँत, मासुरहित स्थान र कडा सुकेको छालालाई छाडेर धमनीको जालानुसार सारा उपादिन्न शरीरमा फैलिएको हुन्छ । जमेकोरगत कलेजोको तल्लो भागलाई पूर्ण गरी एक पूर्ण पात्रभरी मुटु, मृगौला, फोक्सोमाथि थोरैथोरै झर्दैगरेको मृगौला, मुटु, फोक्सोलाई भिजाउँदै रहन्छ । त्यसको मृगौला, मुटु आदिलाई नभिजाएमा प्राणी पिपासित हुन जान्छन् । परिच्छेदले = रगतको भागले अलग भएको छ । यो यसको सभाग परिच्छेद हो । विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ ।

## २५. पसीना

रौंको प्वाल आदिबाट निस्कने पानी । रंगले = परिशुद्ध तिलको तेलको रंगको हुन्छ । बनावटले = अवकाशको बनावटको छ । दिशाले = दुवै दिशाहरूमा छन् । अवकाशले = पसीनाको अवकाश निश्चित छैन । जहाँ त्यो रगतजस्तै प्रायशः रहोस् । जब अग्नि संताप, सूर्यको गर्मी, ऋतुको विकास आदिले शरीर संतप्त हुन्छ, तब पानीबाट उखाडेको विषम काटेको कमलको कोपिलाको डाँठबाट या कुमुदको नली (डाँठ)को कलापबाट निस्कने पानीसमान सबै केश, रौंको प्वालबाट निस्कन्छन् । यसैले यसको बनावट पनि केश, रौंको प्वालहरूअनुसार नै जान्नुपर्दछ । पसिनाको विचार गर्ने योगीलाई केश, रौंको प्वालहरूलाई पूर्ण गरिरहनेअनुसार नै पसिनालाई मनमा गर्नुपर्दछ । परिच्छेदले = पसिनाको भागले अलग भएको हुन्छ । यो यसको सभाग परिच्छेद हो । विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ ।

## २६. मेद

गाढा तेल । रंगले = चिरेको बेसाररंगको हुन्छ । बनावटले = मोटो शरीर हुने व्यक्तिको छाला मासुभित्र राखिएको बेसाररंगको कपडाटुक्राको बनावटको हुन्छ । दुब्लो शरीर हुने व्यक्तिको नलिखुट्टाको मासु, तिघ्राको मासु, पीठ्यूँको काँटा (मेरुदण्ड) को सहारा रहने पीठ्यूँको मासु, पेटको गोलाईको मासु, यसको सहारा दुई गुणा, तीन गुणा गरी राखिएको बेसाररंगको कपडाटुक्राको रंगको हुन्छ । दिशाले = दुवै दिशाहरूमा छन् । अवकाशले = मोटो व्यक्तिको सारा शरीरमा फैलिएर र दुब्लोको नलिखुट्टाको मासु



Downloaded from http://www.dhamma.digital

आदिको सहाराले रहन्छ। जुन मेद भनिन्दा पनि अत्यन्त घिनलाग्दो हुनाले न त टाउकोमा तेलको लागि नै, न नाकको तेल आदिको लागि नै ग्रहण गरिन्छन्। परिच्छेदले = तल मासु, माथि छाला र तेर्सो मेदको भागदेखि अलग भएको छ । यो यसको सभाग परिच्छेद हो । विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ।

## २७. आँसु

आँखाबाट बहने पानी। रंगले = परिशुद्ध तिलको तेलको रंगको हुन्छ। बनावटले = अवकाशको बनावटको छ। दिशाले = माथिल्लो दिशामा छ। अवकाशले = आँखाको खाल्डोमा स्थित छ। यो पित्त कोपमा रहनेसमान आँखाको खाल्डोमा सर्वदा एकाग्र भएर रहँदैन । जब प्राणी प्रसन्नमन भएर धेरै जोडले हाँस्दछ, दुःखितमन भएर रून्छ, विलाप गर्दछन्, त्यस्तै विषमाहारलाई खान्छन् र जब त्यसको आँखा धुवाँ, धुलो, कण आदिबाट चोट खान्छ तब यी सौमनस्य, दौर्मनस्य, विषमाहार र ऋतुबाट उत्पन्न भएर आँखाको खाल्डोलाई भरी राख्दछ, या बहन्छ। आँसुको विचार गर्ने योगीलाई आँखाको खाल्डो भरेर रहनेअनुसार नै विचार गर्नुपर्दछ। परिच्छेदले = आँसुको भागदेखि अलग भएको छ। यो यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद केशसमान नै बुझ्नुपर्दछ।

## २८. बोसो

शरीरमा मिसिएको तेल। रंगले = नरिवलतेलको रंगको हुन्छ। मांडमा मिलाएको तेलको रंगको पनि भन्नुयुक्त छ। बनावटले = नुहाउने समय स्वच्छ जलमाथि फैलिएको चक्कर खाँदै गरेको तेलको थोपाको बनावटको छ। दिशाले = दुवै दिशाहरूमा छन्। अवकाशले अधिकांशतः हत्केला, हातको पीठ, पाइतला, खुट्टाको पीठ, नाकको टुप्पा, निधार, कांधको टुप्पाहरूमा हुन्छ। यी स्थानहरूमा सर्वदा विलिन भएर रहँदैन, जब आगोको गर्मी, सूर्यको गर्मी, विषमऋतु र विष धातुद्वारा ती स्थान गर्म हुन्छन्, तब त्यहाँ नुहाउने समय स्वच्छ जलमाथि फैलिएको तेलको थोपासमान यताउता घुम्दछ । परिच्छेदले = बोसोको भागदेखि अलग भएको छ। यो यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद केशसमान बुझ्नुपर्दछ।

## २९. थुक

मुखभित्र फिंजसंग मिलेको पानी। रंगले = सेतो फिंजको रंगको हुन्छ। बनावटले = अवकाशको बनावटको छ। फिंजको बनावटको पनि भन्नुयुक्त छ। दिशाले = माथिल्लो दिशामा छ। अवकाशले = दुवै गालाको छेउदेखि उत्रेर जिव्रोमा रहन्छ । यो यहाँ सर्वदा एकत्र भएर रहँदैन । जव सत्व त्यसप्रकारको आहारलाई देख्दछ या स्मरण गर्दछ, पिरो, तातो, कडा, खरो, तीतो, नुनिलो, अमिलोमध्ये केही मुखमा राख्दछ अथवा उसको मुटु ओक्याउनु या कुनै कारणले वाकवाकि लाग्दछ तब थुक उत्पन्न भएर दुवै गालाको छेउबाट उत्रेर जिव्रोमा बस्दछ। यो जिब्रोको अगाडिको भागमा पातलो हुन्छ र जिव्रोको मूलभागमा गाढा हुन्छ। मुखमा राखेको वस्तु भात या अन्य कुनै खानेवस्तुलाई नदी किनारमा खनिएको कुवाको पानीसमान खत्तम नहुँदैमा भिजाउनमा समर्थ हुन्छ। परिच्छेदले = थूकको भागले अलग भएको छ। यो यसको सभाग परिच्छेद हो। विसभाग केशसमान नै बुझ्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

## ३०. सिंघान

गिदीबाट बहने मैल । रंगले = ठूलो ताडको नपाकेको बियाँको रंगको हुन्छ । बनावटले = अवकाशको बनावटको छ । दिशाले = माथिल्लो दिशामा छ । अवकाशले = नाकको प्वालहरूलाई भरेर रहन्छ। यो यहाँ सर्वदा एकत्र भएर रहँदैन, जस्तै - मानिस पद्मिनीको पातमा दहीलाई बाँधेर तल काँटाले प्वाल पारे, तब त्यस प्वालबाट दहीको रसहरू चुहेर बाहिर आवस्, यसरी नै प्राणी रुन्छन्, तब भित्र टाउकोदेखि फोहर कफ गिदी भएर तालु र गिदीको प्वालबाट उत्रेर नाकको प्वाललाई भरेर रहन्छ या बहन्छ। सिंघानको विचार गर्ने योगीले नाकको प्वालहरूलाई भरिरहनेअनुसार नै विचार गर्नुपर्दछ। परिच्छेदले = सिंगानको भागदेखि अलग भएको छ। यो यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद केशसमान बुझ्नुपर्दछ।

## ३१. तेल

शरीरको सन्धिहरूको बीच चिल्लो मैल । रंगले = कर्णिकारको गुंद (लस्सा)को रंगको हुन्छ । बनावटले = अवकाशको बनावटको छ। दिशाले = दुवै दिशाहरूमा छन्। अवकाशले = हड्डीहरूको सन्धिहरूको बीच रहेको छ। यो जसको मन्द हुन्छ, उसको उठ्दा, बस्दा, हिंड्दा-डुल्दा, हात खुम्च्याउँदा, पसार्दा हड्डीहरू कट्कटाउँछ। औंला पट्काउँदा निस्कने आवाजजस्तै आवाज निकाल्दै हिंड्छ एक, दुई योजन मात्र मार्ग हिंड्दा त्यसको वायोधातु कुपित हुन्छ। औंलाहरू दुख्न थाल्छन्। जसको धेरै हुन्छ, उसको उठ्ने बस्ने आदिमा हड्डीहरू कटकटाउँदैन। लामो मार्ग हिंड्दा उसको वायुधातु कुपित हुँदैन। औंलाहरू दुःख्दैनन्।

## ३२. पिसाप

रंगले = मासुको क्षारको पानीको रंगको हुन्छ। बनावटले = तल मुख गरिराखेको पानी गाग्रोको बीच गएको जलको बनावटको छ। दिशाले = बीचको दिशामा छ। अवकाशले = बस्तीको भित्र रहन्छ। वस्ती = वस्तीपुट (पिसाप थैली) भनिन्छ। जहाँ, जस्तै - भौंडीमा फ्यालिएको विनामुख भएको रवनघटमा भौंडीको पानी पस्दछ, तर पस्नेमार्ग जानकारी हुँदैन, त्यसरी नै पिसाप पनि निस्कनेमार्ग मात्र प्रकट हुन्छ जसमा पिसाप भरिंदा "पिसाप गर्नेछु" भनेर मात्र प्राणीहरूलाई विचार (चेष्टा) हुन्छ। परिच्छेदले = वस्तिको वीच र पिसापको भागदेखि अलग भएको छ। यो यसको सभाग परिच्छेद हो। विसभाग परिच्छेद केशसमान भन्नुपर्दछ।

यसप्रकार केश आदि भागहरूको रंग, बनावट, दिशा, अवकाश, परिच्छेदानुसार पाँच तरहले प्रतिकूलता छन् - यसरी मनमा गर्ने व्यक्तिलाई प्रज्ञप्तिको समतिक्रमणको अन्तमा जस्तै - आँखा देख्ने मानिसको बत्तीस रंगका फूलहरूको एक धागोमा उनिएको मालालाई देख्दै सबै फूल एकमा भएकोसमान जानकारी हुन्छ, यसरी नै - "यस शरीरमा छन्" यसप्रकार यस शरीरलाई देख्ने व्यक्तिलाई ती सारा धर्म एकमा भएकोसमान प्रकट हुन्छन्। यसैले मनसिकार कौशल्यको कथामा भनिएको छ = "आदिकर्मिको 'केश' मनसिकार गर्दै, मनसिकार गएर 'पिसाप' - यस अन्तिम भागमा नै पुगेर रोकिन्छ।"

यदि बाहिर "क्रमशः छोड्ने" आदिअनुसार 'प्रतिकूल, प्रतिकूल' यसरी पुनः पुनः मनसिकार गर्दै क्रमैले अर्पणा उत्पन्न हुन्छ । त्यहाँ केश आदिको रंग-बनावट, दिशा, अवकाश, परिच्छेदानुसार



Downloaded from http://www.dhamma.digital

जानकारी हुनु उग्गहनिमित्त हो । सबैप्रकारले प्रतिकूल भएअनुसार जानकारी हुनु प्रतिभागनिमित्त हो । त्यसको सेवन गर्दै, भावना गर्दै उक्तप्रकारले अशुभ कर्मस्थानमा उत्पन्न भएसमान अर्पणा उत्पन्न हुन्छ । त्यो जसलाई एकै भाग प्रकट हुन्छ या एक भागमा अर्पणालाई पाएर फेरि दोस्रोमा योग गर्दैन, उसलाई एउटै उत्पन्न हुन्छ ।

जसलाई धेरैजसो भाग प्रकट हुन्छन् या एकमा ध्यानलाई पाएर फेरि दोस्रोमा पनि योग गर्दछ, उसलाई मल्लक स्थविरसमान भागको गणनाअनुसार प्रथमध्यान उत्पन्न हुन्छन् ।

त्यस आयुष्मान्ले दीर्घभाणक अभय स्थविरलाई हातले पक्रँदै - "आवुसो अभय ! यस प्रश्नलाई सिक" भनेर भन्नुभयो "मल्लक स्थविर बत्तीस भागहरूमा बत्तीस प्रथमध्यानको लाभी हुनुहुन्छ, यदि रातमा एकलाई र दिनमा एक ध्यानलाई प्राप्त गर्नुहुन्छ तब आधा महिनाभन्दा अधिक दिनपछि फेरि पहिलो ध्यानलाई प्राप्त गर्न सक्नुहुन्छ, यदि प्रतिदिन एक ध्यानलाई प्राप्त गर्नुहुन्छ तब फेरि एक महिनाभन्दा धेरै दिनपछि त्यस ध्यानलाई प्राप्त गर्न सक्नुहुन्छ ।"

यसरी प्रथमध्यानानुसार प्राप्त भएको पनि यो कर्मस्थान रंग, बनावट आदिमा स्मृतिको बलले प्राप्त भएबाट कायगतास्मृति भनिन्छ ।

मज्झिम निकाय (३,२,९) अनुसार यस कायगतास्मृतिमा लागेको भिक्षु = "अरति (उदासी) र रति (कामभोगको इच्छा)लाई पछार्ने हुन्छ । उसलाई अरतिले पछार्न सक्दैन, त्यो उत्पन्न अरतिलाई हटाएर विहार गर्दछ । भयभैरवलाई सहने हुन्छ । उसलाई भयभैरवले पछार्दैन । ऊ उत्पन्न भयभैरवलाई हटाई विहार गर्दछ । जाडो, गर्मी, सहने हुन्छ ... प्राणलिने शारीरिक वेदनाहरूलाई सहर्ष स्वीकार गर्ने हुन्छ ।" केशादिको रंग भेदको सहारा चारै ध्यानहरूको लाभी हुन्छ, अभिज्ञाहरूलाई प्राप्त गर्दछ ।

*तस्मा हवे अप्पमत्तो अनुयुञ्जेथ पण्डितो ।*
*एवं अनेकानिसंसं इमं कायगतासतिं ॥*

(यसैले यस्ता अनेक गुण भएको यस कायगतास्मृतिमा पण्डित व्यक्ति अप्रमत्त भई जुटोस् ।)

## आनापानस्मृति

जुन संयुक्त निकाय (५२, १,१) अनुसार भगवान्द्वारा - "भिक्षुहरू, यो पनि आनापानस्मृति समाधि भावना गर्नाले, बढाउनाले शान्त, उत्तम असेचनक सुख विहार हो, त्यो उत्पन्न भएको खराब अकुशलधर्महरूलाई बिलकुल नष्ट गरिदिन्छ, शान्त गरिदिन्छ" यसप्रकार प्रशंसा गर्नुभएर फेरि भन्नुभयो "भिक्षुहरू, कसरी भावना गरिएको, बढाएको आनापानस्मृति समाधि शान्त, प्रणीत, असेचनक, सुखविहार हुन्छ र उत्पन्न भएको, उत्पन्न भएको खराब अकुशलधर्महरूलाई बिलकुल नष्ट गरिदिन्छ, शान्त गरिदिन्छ ?

भिक्षुहरू, यहाँ भिक्षु आरण्यमा गएर या रूखमुनि गएर अथवा शून्यागारमा गएर पलेटी कसेर कायलाई सीधा गरी बस्छ । ऊ स्मृतिपूर्वक आश्वास गर्दछ, ऊ स्मृतिपूर्वक प्रश्वास गर्दछ । (१) लामो आश्वास गर्दा लामो आश्वास गरिरहेछु, भनी थाहा पाउँदछ, लामो प्रश्वास गर्दा, लामो प्रश्वास गरिरहेछु



Downloaded from http://www.dhamma.digital

भनी थाहा पाउँदछ। (२) छोटो आश्वास गर्दा 'छोटो आश्वास गरिरहेछु' भनी थाहा पाउँदछ। छोटो प्रश्वास गर्दा छोटो प्रश्वास गरिरहेछु' भनी थाहा पाउँदछ। (३) सारा कायको प्रतिसंवेदन गर्दै आश्वास गर्नेछुं भनी अभ्यास गर्दछ। सारा कायको प्रतिसंवेदन गर्दै प्रश्वास गर्नेछु भनी अभ्यास गर्दछ। (४) कायसंस्कारलाई प्रश्रब्ध (शान्त) गर्दै आश्वास गर्नेछु भनी अभ्यास गर्दछ। कायसंस्कारलाई प्रश्रब्ध गर्दै प्रश्वाश गर्नेछु भनी अभ्यास गर्दछ। (५) प्रीतिसंवेदन गर्दै ... (६) सुख प्रतिसेवन गर्दै .... (७) चित्तसंस्कारहरूको प्रतिसेवन गर्दै .... (८) चित्तसंस्कारलाई प्रश्रब्ध गर्दै .... (९) चित्तको प्रतिसंवेदन गर्दै .... (१० चित्तलाई प्रमुदित गर्दै .... (११) चित्तलाई एकाग्र गर्दै .... (१२) चित्तको विमोचन गर्दै .... (१३) अनित्यको अनुपश्यना गर्दै .... (१४) विरागको अनुपश्यना गर्दै .... (१५) निरोधको अनुपश्यना गर्दै ..... (१६) प्रतिनिःसर्गको अनुपश्यना गर्दै आश्वास गर्नेछु भनी अभ्यास गर्दछ। प्रतिनिःसर्गको अनुपश्यना गर्दै प्रश्वास गर्नेछु भनी अभ्यास गर्दछ।" यसप्रकार सोह्रवस्तुक आनापानस्मृति कर्मस्थान निर्दिष्ट छ। त्यसको भावना निर्देश सवैपक्षबाट परिपूर्ण छ। तापनि त्यो पालि वर्णनानुसार नै भएबाट सबप्रकारले परिपूर्ण हुनेछ यसैले यो, यहाँ पालि वर्णनानुसार निर्देश गरिएको छ।

## प्रथम चतुष्क

"भिक्षुहरू कसरी भावना गरिएको, बढाएको आनापानस्मृति समाधि .... शान्त गरिदिन्छ" पदमा कसरी = यो आनापानस्मृति समाधिको भावनाको नानाप्रकारले विस्तार गर्ने इच्छाले प्रश्न गरिएको हो। "भिक्षुहरू आनापानस्मृति समाधिको भावना गर्नाले" आदिमा यो नानाप्रकारले विस्तार गर्ने इच्छाले सोधिएको कुराहरूको निर्देशन हो। "कसरी बढाइएको ... शान्त गर्दछ ?" यहाँ पनि त्यसैप्रकार बुझ्नुपर्दछ।

भावना गरिएको = उत्पन्न गरिएको, बढाएको। आनापानस्मृति समाधि = आनापानको परिग्राहक स्मृतिसंगै लागेको समाधि या आनापानस्मृतिको समाधि नै आनापानस्मृति समाधि हो। बढाएको, वारम्वार गरिएको भन्ने बुझ्नुपर्दछ।

शान्त र प्रणीत = शान्त पनि र प्रणीत पनि। दुवै स्थानहरूमा पनि शब्दले नियम हुनु जान्नुपर्दछ। के भनिएको छ ? जसरी अशुभ कर्मस्थान केवल प्रतिवेधानुसार शान्त र प्रणीत हुन्छ, तर औद्लारिक (स्थूल) आलम्बन र प्रतिकूल आलम्बन हुनाले आलम्बनानुसार न शान्त हुन्छ न प्रणीत नै। यसरी यो आनापानस्मृति भने कुनै पनि पर्यायले अशान्त र अप्रणीत छैन, बरु आलम्बनको शान्त हुनाले पनि शान्त, उपशान्त, एकदम शान्त छ र प्रतिवेध नामक अंगको शान्त हुनाले पनि शान्त छ। आलम्बनको प्रणीत हुनाले पनि प्रणीत र अतृप्तिकर छ। अंगको प्रणीत हुनाले पनि शान्त छ। यसैले भनिएको छ - "शान्त र प्रणीत।"

असेचनक र सुखविहार = यहाँ , त्यसको सेचन छैन, यसैले असेचनक हो। अनासक्ति, अमिश्रित, अलग भएको, आवेणीयुक्त भएको छैन। यहाँ परिकर्म या उपचारले शान्त छैन। प्रारम्भको मनसिकारदेखि लिएर आफ्नो स्वभावले नै शान्त र प्रणीत छ भन्ने अर्थ हो। उत्तर विहारवासीहरू या अभयगिरीवासीहरूले असेचनक, "अनासक्ति, ओजवन्त, स्वभावले नै मधुर" भन्दछन्। यसरी यो असेचनक प्राप्त गरेको, प्राप्त गरेको नै क्षण कायिक, चैतसिकसुखको प्रतिलाभको लागि हुनाले सुख



Downloaded from http://www.dhamma.digital

विहार जान्नुपर्दछ ।

उत्पन्न भएको, उत्पन्न भएको = नदबाएको, नदबाएको । खराब = हीन । अकुशलधर्महरूलाई = अविद्याले उत्पन्न भएको धर्महरूलाई । बिलकुल नष्ट गरिदिन्छ = एक क्षणमा नै गायव गरिदिन्छ, हटाइदिन्छ । शान्त गरिदिन्छ = राम्ररी मेटाइदिन्छ या निर्वेदभागीय हुनाले क्रमशः आर्यमार्गको वृद्धिलाई प्राप्त भएर समुच्छेद गरिदिन्छ । बिल्कुल शान्त गरिदिन्छ भनी भनिएको छ । तर यसै आनापानस्मृति भावना गरी सबै बुद्धहरू सम्यकज्ञान प्राप्त गर्दछन् ।

यो, यहाँ संक्षेपमा अर्थ हो - भिक्षुहरू, कुनप्रकारले, कुनआकारले, कुनविधिले भावना गरिएको, कुनप्रकारले बढाइएको आनापानस्मृति समाधि शान्त र .... गरिदिन्छ ?

अब त्यस कुरालाई विस्तार गर्दै - "भिक्षुहरू, यहाँ .... प्रश्वास गर्नेछु भनी अभ्यास गर्दछ" आदि भनिएको छ । त्यहाँ इध भिक्खवे भिक्खु = भिक्षुहरू, यहाँ भिक्षु = यस शासन (बुद्ध धर्म) मा भिक्षु । जुन यस स्थानमा आएको "यहाँ" शब्द सबै आलम्बन भएको शासनलाई प्रकट गर्ने र अन्य धर्म (शासन)को त्यसरी हुनेको निषेध गर्ने शब्द हो । दीघनिकाय (२,३) अनुसार भगवान्ले भन्नुभएको छ - "भिक्षुहरू, यहाँ नै श्रमण छ, अन्य धर्ममा श्रमणहरूले शून्य छन् ।" यसैले भनिएको हो - "यस शासनमा भिक्षु ।"

अरञ्ञगतो वा सुञ्ञागारगतो वा = आरण्यमा गएको या शून्यागारमा गएको । यो यसको आनापानस्मृति समाधिको भावनायोग्य शयनाशनको परिग्रहलाई प्रकट गर्ने शब्द हो ।

बाछ्राको उपमा - यस भिक्षुको चित्त धेरै दिनसम्म रूपादि आलम्बनहरूमा लागिरहेको छ, आनापानस्मृति समाधिको आलम्बनमा चढ्न चाहँदैन, कूटगोण (नसिखाएको गोरु) लाई नारिएको रथसमान कुमार्गमा नै दौडिन्छ । यसैले, जसरी गोठाला कूटधेनु (दूध दुहने समय बिघ्न गर्ने गाई) को दूधलाई पिएर बढेको, विनासिखाएको बाछ्रालाई सिखाउने इच्छाले गाईलाई हटाएर एकातिर धेरै ठूलो खम्बा गाडेर त्यस खम्बामा बाछ्रालाई डोरीमा बाँध्नुपर्दछ । तब त्यो बाछ्रा यताउता छटपटाएर खोज्दा खम्बा वरिपरी घुम्न थाल्दछ । परिणामस्वरूप जतिजति बाछ्रा घुम्छ त्यतित्यति नै डोरी खम्बामा बेरिएर डोरी शनैः शनैः क्रमैले छोटो हुँदै जान्छ । अन्तमा बाछ्रा भाग्न नसक्ने भएर त्यसै खम्बाको नजिक बस्छ या सुत्छ । यसरी नै यस भिक्षुलाई धेरै दिनसम्म रूपालम्बन आदिको रसलाई पिएर बढेको दुष्ट चित्तलाई दमन गर्ने इच्छाले रूप आदि आलम्बनदेखि हटाएर आरण्य या ... शून्यगारमा पसेर, त्यहाँ आश्वासप्रश्वासको खम्बामा स्मृतिको डोरीले बाँध्नुपर्दछ । यसरी त्यस भिक्षुको चित्त यताउता छटपटिँदै भाग्न खोज्दछ । पहिलेको अभ्यस्त आलम्बनलाई नपाएर यताउता छटपटिँदै स्मृतिको अभ्यासले डोरीलाई चुडाएर भाग्न नसक्ने भएपछि, त्यसै आलम्बनको नजिक उपचार अर्पणाको रूपमा बस्दछ या सुत्दछ । यसैले भनेको छ –

*यथा खम्भे निबन्धेय्य बच्छं दम्मं नरो इध ।*
*बन्धेय्येवं सकं चित्तं सतियारम्मणे दल्हं ॥*

(जसरी मानिस दमनयोग्य बाछ्रालाई खम्बामा बाँधेर त्यसरी नै आफ्नो चित्तलाई बलियोसंग स्मृतिले आलम्बनमा बाँधोस् ।)

यसरी यस्तै शयनासन यसप्रकारको भावनायोग्य हुन्छ । यसैले भनिएको छ – "यो यसको



Downloaded from http://www.dhamma.digital

आनापानस्मृति समाधिको भावनायोग्य शयनासनको परिग्रहलाई, प्रकट गर्ने शब्द हो ।" अथवा यो कर्मस्थानको प्रभेदहरूमध्ये श्रेष्ठ आनापानस्मृति कर्मस्थान हो, जुन सबै बुद्ध, प्रत्येकबुद्ध, बुद्ध श्रावकहरूको विशेषको प्राप्ति र दृष्टधर्म सुखविहारको कारण हो । त्यसैले स्त्री, पुरुष, हात्ती, घोडा आदिको शब्दले आकुल भएको गाउँलाई नत्यागेसम्म यसको भावना गर्नु सहज छैन, किनकि ध्यानको लागि शब्द कण्टक (विघ्न) हो । तर गाउँरहित आरण्यमा योगी यस कर्मस्थानको परिग्रह गरी आनापान चतुर्थध्यानलाई उत्पन्न गरी त्यसैलाई पादक बनाई संस्कारहरूलाई विचार गर्दै अग्रफल अर्हत्वलाई सहजैमा पाउन सक्दछ । यसैले यसको योग्य शयनासनलाई देखाउनुभएर भगवान्ले आरण्यमा गएको आदि भन्नुभएको हो ।

वास्तुकला विद्याचार्यको उपमा - भगवान् वास्तुकला विद्याचार्य (Architecture) समान हुनुहुन्छ। जसरी वास्तुकला विद्याचार्य नगर भूमिलाई हेरेर, राम्ररी विचार गरी "यहाँ नगर बसाऊ" भनेर निर्देशन दिन्छ र कुशलपूर्वक नगरको पूर्ण भएपछि राजकुलबाट महासत्कार प्राप्त गर्दछ। यसरी नै उहाँ भगवान् पनि योगीको लागि योग्य शयनासनको विचार गरी यहाँ 'कर्मस्थानमा लगाउनुपर्दछ' भनि निर्देशन दिनुहुन्छ । तत्पश्चात् त्यहाँ कर्मस्थानमा लागेको योगीको क्रमले अर्हत्व प्राप्त गर्दा योगीले प्रज्ञादृष्टिले देखेर "उहाँ भगवान् सम्यकसम्बुद्ध हुनुहुन्छ" भनी घोषणा गर्दछ। यसप्रकार उहाँले महासत्कार प्राप्त गर्नुहुन्छ ।

चितुवाको उपमा - यो भिक्षु चितुवासमान भनिन्छ । जसरी चितुवाहरूको महाराजा जंगलमा तृण, वन या पर्वतको भन्याङको सहारामा लुकेर जंगली भैंसी, गोकर्ण (हरिण) सुंगुर आदि जनावरहरूलाई पक्रिन्छ। यसरी नै आरण्यादिमा गएर कर्मस्थानमा लागेको भिक्षुले क्रमअनुसार स्रोतापत्ति, सकृदागामी, अनागामी, अर्हतमार्ग र आर्यफललाई ग्रहण गर्दछ भनेर जान्नुपर्दछ । यसैले मिलिन्दपञ्ह (७.५) अनुसार भदन्त नागसेनले भन्नुभएको छ ।

*यथापि दीपिको नाम निलीयित्वा गण्हति मिगे ।*
*तथेवायं बुद्धपुत्तो युत्तयोगो विपस्सको ।*
*अरञ्ञं पविसित्वान गण्हाति फलमुत्तमं ॥*

(जसरी चितुवा लुकेर जनावरहरूलाई पक्रिन्छ, त्यसरी नै यो बुद्धपुत्र योगमा लागेको विपश्यना गर्ने जंगलमा प्रवेश गरी उत्तम फललाई ग्रहण गर्दछ ।)

त्यसबाट भिक्षु भावना गर्ने उत्साह र वीर्ययोग्य भूमि भएको आरण्य शयनासनलाई देखाउँदै भगवान्ले आरण्यमा गएको आदि भन्नुभयो ।

अरञ्ञगतो = आरण्यमा गएको । आरण्य भनिन्छ "इन्द्रकीलदेखि निस्केर बाहिरको सारा क्षेत्र नै आरण्य हो" र "आरण्य शयनासन कम्तिमा पाँच सय धनुष (क्षेत्र)को हुन्छ । यसरी भनिएअनुसारको आरण्यमध्ये जुनकुनै एकान्त सुखदायक आरण्यमा गएको भनी बुझ्नुपर्दछ।

रूक्खमूलगतो = रूखमुनि गएको । रूखनजिक गएको । सुञ्ञागारगतो = शून्यगारमा गएको । शून्य, विविक्त खाली स्थानमा गएको । यहाँ विभंग (१२) अनुसार आरण्य र वृक्षमूललाई छाडेर पर्वत, कन्दरा, पहाडीगुफा, श्मशान, पर्तीजमिन, मैदान, परालको थुप्रो यी सात प्रकारका शयनासनमा गएको



Downloaded from http://www.dhamma.digital

पनि शून्यगारमा गएको भनी बुझ्नुपर्दछ।

यसरी यसको तीनै ऋतुयोग्य र धातु, चर्यानुकूल आनापानस्मृतिको भावनायोग्य शयनासनलाई भनेर असंकुचित अचंचल, शान्त इर्यापथलाई जनाउन, बस्दछ भनियो। तब भिक्षुको बस्ने दृढ भाव, आश्वासप्रश्वासयोग्य हुने र आलम्बन परिग्रहको उपायलाई देखाउन 'पलेटी कसेर' आदि भनियो।

पल्लकं आभूजित्वा = पलेटी कसेर। पलेटी = चारैतिरबाट तिघ्रालाई बाँधिएको आसन। कसेर = बाँधेर। उजुकायंपणिधाय = कायलाई सिधा गरी। माथिल्लो शरीरलाई सिधा गरी, मेरुदण्डको हड्डीहरू एकमाथि अर्को सिधा गरी प्रतिपादन गरेर। यसरी बस्ने व्यक्तिको छाला, मासु, नसा, झुक्दैनन्। तब जुन उसको झुक्नेकारणले प्रतिक्षण वेदना उत्पन्न हुन्छ, त्यो उत्पन्न हुँदैन। त्यस दुःखवेदनाको उत्पन्न नहुनाले चित्त एकाग्र हुन्छ। कर्मस्थान पतन हुँदैन। वृद्धि र स्फीतभावलाई प्राप्त हुन्छ।

परिमुखं सतिं उपट्ठपेत्वा = सम्मुख (परिमुख) स्मृतिलाई बनाएर। कर्मस्थानको सम्मुखस्मृतिलाई राखेर। अथवा 'परि' परिग्रहण गर्नको लागि हो, 'मुख' निर्माणको लागि हो र 'स्मृति' उपस्थित गरी राख्नको लागि हो। यसैले परिमुख (सम्मुख) स्मृति 'भनिन्छ। यसप्रकार पटिसम्भिदामग्गमा भनिएअनुसार पनि यहाँ अर्थ जान्नुपर्दछ। त्यसको यो संक्षेप हो "परिग्रह गर्नको लागि स्मृतिलाई गरी।"

सो सतोव अस्ससति सतोव पस्ससति = ऊ स्मृतिपूर्वक नै आश्वास गर्दछ, स्मृतिपूर्वक प्रश्वास गर्दछ। त्यो भिक्षु यसरी बसेर र यसरी स्मृतिलाई उपस्थित गरी, त्यस स्मृतिलाई नत्याग्दै, स्मृतिपूर्वक नै आश्वास गर्दछ, स्मृतिपूर्वक नै प्रश्वास गर्दछ। ऊ स्मृतिपूर्वक गर्ने योगी हुन्छ भन्ने अर्थ हो।

जुनआकारहरूले स्मृतिपूर्वक गर्ने योगी हुन्छ भनिएको छ, त्यसलाई देखाउनको लागि लामो आश्वास गर्दैछ आदि भनिएको छ। पटिसम्भिदामग्गमा भनिएको छ - "ऊ स्मृतिपूर्वक नै आश्वास गर्दछ, स्मृतिपूर्वक प्रश्वास गर्दछ।" यसैको व्याख्यामा - "बत्तीस आकारले स्मृतिपूर्वक गर्ने हुन्छ। लामो आश्वासानुसार चित्तको एकाग्रता र अविक्षेपलाई जान्ने व्यक्तिको स्मृति बनिरहन्छ। त्यस स्मृति र त्यस ज्ञानले स्मृतिपूर्वक गर्ने हुन्छ। लामो प्रश्वासानुसार प्रतिनिःसर्गको अनुपश्यना गर्दै आश्वासानुसार र प्रतिनिःसर्गको अनुपश्यना गर्दै प्रश्वासानुसार चित्तको एकाग्रता र अविक्षेपलाई जान्ने व्यक्तिको स्मृति बनिरहन्छ। त्यस स्मृति र त्यस ज्ञानले स्मृतिपूर्वक गर्ने हुन्छ।"

दिघं वा अस्ससन्तो = लामो आश्वास गर्दै। लामो श्वास प्रवर्तित गर्दै। "आश्वास" बाहिर निस्कने वायु, "प्रश्वास" भित्र प्रवेश गर्ने वायु, यसरी विनयको अर्थकथामा भनिएको छ। तर सुत्तन्तको अर्थकथाहरूमा यसको विपरित आएको छ। यसमध्ये विनयपिटकको अर्थकथामा आएअनुसार नै मान्नुपर्दछ। किनकि सारा गर्भशायी सत्वहरूलाई आमाको पेटबाट निस्कने समय पहिला भित्रको वायु बाहिर आउँछ, पछि बाहिरको वायु सूक्ष्म धुलोलाई लिएर भित्र प्रवेश गर्दै तालुमा लागेर शान्त हुन्छ। यसरी आश्वास र प्रश्वासको क्रमलाई जान्नुपर्दछ।

त्यसको जुन लम्बाई र छोटाई छ, यो समयानुसार जान्नुपर्दछ। जसरी खाली स्थानमा फैलिएको पानी या बालुवा, लामो पानी या लामो बालुवा, छोटो पानी या छोटो बालुवा आदि भनिन्छ, यसरी नै हात्तीको शरीर र साँपको शरीरमा सूक्ष्मभन्दा सूक्ष्म पनि आश्वासप्रश्वास त्यसको लामो शरीरलाई विस्तारविस्तारपूर्ण गरी विस्तारविस्तार बाहिर निस्कन्छ। यसैले लामो भनिन्छ। कुकुर, खरायो आदिको



Downloaded from http://www.dhamma.digital

सानो शरीरलाई छिटो पूर्ण गरी, छिटो निस्कन्छ यसैले छोटो भनिन्छ । तर मनुष्यहरूमा कुनैकुनै हात्ती, सांपादिसमान समयानुसार लामो आश्वास-प्रश्वास पनि हुन्छ र कुनैकुनै समयमा कुकुर, खरायो आदिसमान छोटो पनि हुन्छ । यसैले त्यसको समयानुसार ढीलो निस्कने र प्रवेश गर्नेलाई लामो र धेरै थोरै समयमा छिट्टै निस्कने र प्रवेश गर्नेलाई छोटो आदि भनी जान्नुपर्दछ ।

त्यो भिक्षु नौ प्रकारले लामो आश्वास गर्दैछु भनी थाहा पाउँदछ र ऊ यसरी थाहा पाउँदै उसलाई एक प्रकारको कायानुपश्यना स्मृतिप्रस्थानको भावना पूर्ण हुन्छ - भनी जान्नुपर्दछ। जस्तै पटिसम्भिदामा भनिएको छ –

"कसरी लामो आश्वास गर्दा लामो आश्वास गर्दैछु भनी जान्दछ ? लामो प्रश्वास गर्दा लामो प्रश्वास गर्दैछु भनी जान्दछ ? लामो आश्वासलाई ढीलो गरी आश्वास गर्दछ लामो प्रश्वासलाई ढीलो गरी प्रश्वास गर्दछ, लामो आश्वास-प्रश्वासलाई ढीलो गरी आश्वास पनि गर्दछ, प्रश्वास पनि गर्दछ । लामो आश्वास-प्रश्वासलाई ढीलो गरी आश्वास गर्नेलाई पनि, प्रश्वास गर्नेलाई पनि छन्द उत्पन्न हुन्छ । छन्दले त्यसभन्दा सूक्ष्मतर लामो आश्वासलाई ढीलो गरी आश्वास गर्दछ । छन्दले त्यसभन्दा सूक्ष्मतर प्रश्वासलाई .... लामो आश्वास प्रश्वासलाई ढीलो गरी आश्वास पनि गर्दछ, प्रश्वास पनि गर्दछ । छन्दले त्यसभन्दा सूक्ष्मत्तर लामो आश्वास प्रश्वासलाई ढीलो गरी आश्वास गर्नेलाई पनि, प्रश्वास गर्नेलाई पनि, प्रमोद उत्पन्न हुन्छ । प्रमोदले त्यसभन्दा सूक्ष्मतर लामो आश्वासलाई ढीलो गरी आश्वास गर्दछ। प्रमोदले त्यसभन्दा सूक्ष्मतर लामो प्रश्वासलाई ...... लामो आश्वास प्रश्वासलाई ढीलो गरी आश्वास पनि गर्दछ, प्रश्वास पनि गर्दछ । प्रमोदले त्यसभन्दा सूक्ष्मतर लामो आश्वास-प्रश्वासलाई आश्वास गर्नेलाई पनि, प्रश्वास गर्नेलाई पनि, लामो आश्वास-प्रश्वासले चित्त बदलिन्छ, उपेक्षा उत्पन्न हुन्छ। यी नौ आकारले लामो आश्वास-प्रश्वास काय हो, आलम्बनमा बनिरहने उपस्थान स्मृति हो, अनुपश्यना (पुनः पुनः विचार गरी हेर्ने) ज्ञान हो । काय उपस्थान हो, स्मृति होइन । स्मृति उपस्थान र स्मृति दुवै हुन् । त्यस स्मृति र त्यस ज्ञानले, त्यस कायको अनुपश्यना गर्दछ, यसैले भनिएको छ - कायमा कायानुपश्यना स्मृतिप्रस्थान भावना ।"

यसैप्रकार 'छोटो' शब्दमा पनि यो विशेषता हो – जसरी 'लामो आश्वास ढीलो गरी' भनिएको छ, यसरी नै यहाँ 'छोटो आश्वासलाई अल्पकालमा आश्वास गर्दछ' आदि आएको छ। यसैले छोटोअनुसार पनि "यसैले भनिन्छ -कायमा कायानुपश्यना स्मृतिप्रस्थान भावना" सम्म मिलाउनुपर्दछ ।

यसरी ढीलो र अल्पकालानुसार यी आकारले आश्वास-प्रश्वासलाई थाहा पाउँदै लामो आश्वास गरिरहेछुं भनी जान्दछ । ... छोटो प्रश्वास गर्दा छोटो प्रश्वास गर्दैछु भनी जान्दछ आदि यसरी सम्झिनुपर्दछ । यसरी जान्ने व्यक्तिलाई यसप्रकार जानकारी हुन्छ ।

*दीघो रस्सो च अस्सासो पस्सासोपि च तादिसो ।*
*चतारो वण्णा वत्तन्ति नासिकग्गेव भिक्खुनो ॥*

(भिक्षुको ओंठको माथिल्लो भागसहित नासिकाग्रमा लामो, छोटो आश्वास र त्यस्तै प्रश्वास गरी यी चार आकार प्रवर्तित हुन्छन् ।)

सब्बकाय पटिसंवेदी अस्ससिस्सामि...पस्ससिस्सामीति सिक्खति = सारा कायलाई प्रतिसंवेदन गर्दै



Downloaded from http://www.dhamma.digital

आश्वास गर्दछु ...... प्रश्वास गर्नेछु भनी सिक्दछ। सारा आश्वास कायको प्रारम्भ, मध्य, अन्तलाई थाहा पाउँदै, प्रकट गर्दै आश्वास गर्नेछु आदि भनी अभ्यास गर्दछ, सारा प्रश्वास कायको प्रारम्भ, मध्य, अन्तलाई थाहा पाउँदै, प्रकट गर्दै प्रश्वास गर्नेछु - आदि भनी अभ्यास गर्दछ। यसरी थाहा पाउँदै, प्रकट गर्दै ज्ञानयुक्त चित्तले आश्वास-प्रश्वास गर्दछ, यसैले आश्वास-प्रश्वास गर्नेछु भनी अभ्यास गर्दछ भनी भनिएको हो।

एक भिक्षुलाई चूर्णविचूर्ण भई फैलिएको आश्वासकाय या प्रश्वासकायमा प्रारम्भ प्रकट हुन्छ, मध्य र अन्त होइन। त्यो प्रारम्भ नै परिग्रह गर्न सक्दछ, मध्य, अन्तमा क्लान्त हुन्छ। अर्को भिक्षुलाई भने मध्य प्रकट हुन्छ प्रारम्भ र अन्त होइन। कसैलाई भने सबै प्रकट हुन्छ। यो सबैको परिग्रह गर्न सक्दछ, कहीं पनि क्लान्त हुँदैन। वास्तवमा त्यसरी नै हुनुपर्दछ। यसलाई बुझाउनको लागि भनिएको छ - 'सारा कायको प्रतिसंवेदन गर्दै आश्वास गर्नेछु ... ... प्रश्वास गर्नेछु भनी सिक्दछ।'

त्यहाँ अभ्यास गर्दछ = यसरी उद्योग गर्दछ, प्रयत्न गर्दछ। अथवा जुन त्यस्तो अभ्यास भएको भिक्षुको संवर हो त्यो अधिशील शिक्षा हो। जुन त्यस्तो अभ्यास भिक्षुको समाधि हो, यो अधिचित्त शिक्षा हो। जुन त्यस्तो अभ्यास हुने भिक्षुको प्रज्ञा हो, यो अधिप्रज्ञा शिक्षा हो। यसप्रकार यी तीन शिक्षाहरू त्यस आलम्बनमा, त्यस स्मृति र त्यस मनसिकारले अभ्यास गर्दछ, आसेवन गर्दछ, बढाउँदछ, पुनः पुनः गर्दछ भन्ने अर्थ जान्नुपर्दछ।

पूर्वप्रकारले केवल आश्वास-प्रश्वास नै गर्नुपर्दछ, अन्य केही गर्नुपर्दैन। तर यहाँदेखि लिएर ज्ञान उत्पन्न गर्ने आदिमा योग गर्नुपर्दछ। यसैले त्यहाँ "आश्वास गर्दछु भनी जान्दछ, प्रश्वास गर्दैछु, भनी जान्दछ" आदि वर्तमानकालानुसार नै पालि (पाठ)लाई भनेर त्यसपछि यहाँदेखि लिएर गर्नयोग्य ज्ञान उत्पन्न गर्ने आदिको आकारलाई बताउनको लागि "सारा कायको प्रतिसंवेदन गर्दै आश्वास गर्नेछु" आदि भनिएको प्रकारले भविष्यकालको वचनानुसार पालि (पाठ) भनिएको छ भनी जान्नुपर्दछ।

पस्सम्भयं कायसंखारं अस्ससिस्सामि...पस्ससिस्सामीति सिक्खति = कायसंस्कारलाई प्रश्रब्ध गर्दै आश्वास गर्नेछु ... प्रश्वास गर्नेछु - यसरी अभ्यास गर्दछ। औद्‌लारिक (स्थूल) कायसंस्कारलाई शान्त गर्दै, राम्ररी शान्त गर्दै, निरुद्ध, उपशम गर्दै आश्वास प्रश्वास गर्नेछु भनी अभ्यास गर्दछ।

यसप्रकार स्थूल तथा सूक्ष्म हुने र प्रश्रब्धिलाई जान्नुपर्दछ। यस भिक्षुलाई पहिले कर्मस्थानको आरम्भ नगर्ने समय काय र चित्त पीढित र स्थूल हुन्छन्। काय र चित्तको स्थूलपनको शान्त नहुँदा आश्वास-प्रश्वास पनि स्थूल हुन्छन्, बलवान् भएर प्रवर्तित हुन्छन्। नाकबाट आश्वास-प्रश्वास गर्न सक्दैनन्, मुखले आश्वास-प्रश्वास गर्दै रहन्छ। जब उसको काय पनि, चित्त पनि परिग्रह गरिसकिएका हुन्छन्, तब ती शान्त, उपशान्त हुन्छन्। जब त्यसरी उपशान्त भएर जान्छ आश्वास-प्रश्वास पनि सूक्ष्म भएर प्रवर्तित हुन्छन्। यसप्रकार आश्वास-प्रश्वास यतिसम्म सूक्ष्म हुन सक्छ कि आश्वास-प्रश्वास अनुभूति नभएर 'छ कि, छैन' भनी सोच्नुपर्ने हुन्छ।

## दौडिने मानिसको उपमा

जसरी दौडेर, पहाडबाट उत्रेर या धेरै ठूलो बोझलाई टाउकोबाट उतारेर उभेको मानिसको आश्वास-प्रश्वास स्थूल हुन्छन्, नाकबाट आश्वास-प्रश्वास गर्न सक्दैन, मुखबाट आश्वास-प्रश्वास गर्दै उभिन्छ। जब त्यो व्यक्ति उसको थकावटलाई हटाई, नुहाएर र चिसो पानी पिएर, भिजेको वस्त्रलाई



Downloaded from http://www.dhamma.digital

छातीमा राखेर शीतल छायाँमा सुतेको हुन्छ, तब उसको ती आश्वास-प्रश्वास सूक्ष्म हुन्छन् । यसरी नै यस भिक्षुको पहिलो कर्मस्थानको आरम्भ गर्ने समय काय र ... सोच्नुपर्ने हुन्छ ।

त्यो के कारण ? त्यसरी नै पहिले कर्मस्थानको आरम्भ नगर्ने समय 'स्थूल कायसंस्कारहरूलाई शान्त गर्ने छु' भनी यस्ता आभोग, समन्नाहार, मनसिकार, प्रत्यवेक्षण हुँदैन । तर कर्मस्थानको आरम्भ गर्ने समय हुन्छ, यसैले कर्मस्थानको आरम्भ गर्ने समयको अपेक्षा कर्मस्थानको आरम्भ गर्ने समयमा त्यसको कायसंस्कार सूक्ष्म हुन्छ । त्यसैले पुराना मानिसहरूले भनेका छन् –

*सारद्धे काये चित्ते च अधिमत्तं पवत्तति ।*
*असारद्धम्हि कायम्हि सुखयं सम्पवत्तति ॥*

(काय र चित्त पीढित हुँदा आश्वासप्रश्वास प्रबल भएर प्रवर्तित हुन्छ, र काय र चित्त पीढित नहुँदा आश्वासप्रश्वास सूक्ष्म भएर प्रवर्तित हुन्छ ।)

"कर्मस्थानलाई आरम्भ गर्ने समयमा पनि स्थूल प्रथमध्यानको उपचारमा सूक्ष्म हुन्छ, त्यसमा पनि स्थूल प्रथमध्यानमा सूक्ष्म हुन्छ । प्रथमध्यान र द्वितीयध्यानको उपचारमा स्थूल, द्वितीयध्यानमा सूक्ष्म हुन्छ । द्वितीयध्यान र तृतीयध्यानको उपचारमा स्थुल, तृतीयध्यानमा सूक्ष्म हुन्छ । तृतीय र चतुर्थध्यानको उपचारमा स्थूल, चतुर्थध्यानमा अत्यन्त सूक्ष्म हुन्छ । त्यसमा प्रवर्तित हुँदैन ।" यो दीघभाणक र संयुक्तभाणकहरूका मत हुन् । तर मज्झिमभाणकले भने प्रथमध्यानमा स्थूल, द्वितीयध्यानको उपचारमा सूक्ष्म हुन्छ आदिप्रकारले तल्लोतल्लो ध्यानभन्दा माथिल्लोमाथिल्लो ध्यानको उपचारमा पनि सूक्ष्मतर बताउँछन् । तर सबैको मतले कर्मस्थानलाई आरम्भ नगर्ने समय प्रवर्तित कायसंस्कार कर्मस्थानलाई आरम्भ गर्ने समयमा शान्त हुन्छ । कर्मस्थानलाई आरम्भ गर्ने समय प्रवर्तित कायसंस्कार प्रथमध्यानको उपचारमा प्रवर्तित कायसंस्कार चतुर्थध्यानमा शान्त हुन्छ । यो शमथनय (ढंग) हो ।

तर विपश्यनामा कर्मस्थानलाई आरम्भ नगर्ने समयको कायसंस्कार स्थूल र महाभूतहरूको परिग्रहमा सूक्ष्म हुन्छ । त्यो तुलनाको दृष्टिकोणले महाभूतहरूको परिग्रह पनि स्थूल हो, त्यसभन्दा पृथ्वी, जल, अग्नि, वायु र चार महाभूतहरूको आश्रयले प्रवर्तित उपादारूपको परिग्रहमा सूक्ष्म हुन्छ । यसरी नै त्यो पनि स्थूल हो । यसभन्दा सम्पूर्ण रूपहरूको परिग्रहमा सूक्ष्म हुन्छ । त्यो पनि स्थूल हो, योभन्दा रूप र अरूपको परिग्रहमा सूक्ष्म हुन्छ । त्यो पनि स्थूल हो । त्योभन्दा प्रत्ययसंग नामरूपलाई देख्नुमा सूक्ष्म हुन्छ । त्यो पनि स्थूल हो । त्योभन्दा लक्षणको आलम्बन गर्ने विपश्यनामा सूक्ष्म हुन्छ । त्यो पनि दुर्बल विपश्यनामा स्थूल हो । त्योभन्दा प्रबल विपश्यनामा सूक्ष्म हुन्छ । यसानुसार पहिला भनिएको ढंगले पहिलोपहिलोको अपेक्षा पछिल्लोपछिल्लोलाई शान्त जान्नुपर्दछ । यसरी यहाँ स्थूल, सूक्ष्म र शान्त हुनेलाई जान्नुपर्दछ ।

पटिसम्भिदामा अनुयोग र परिहारपूर्वक यसप्रकारले यसको अर्थ भनिएको छ – "कसरी कायसंस्कारलाई शान्त गर्दै आश्वास गर्नेछु ... प्रश्वास गर्नेछु भनी अभ्यास गर्दछ ? कुनचाहिं कायसंस्कार हो ? लामो आश्वास ... ... प्रश्वास कायिक हुन् - यी कायसंग सम्बन्धित धर्म कायसंस्कार हुन् । त्यस कायसंस्कारहरूलाई शान्त गर्दै निरुद्ध गर्दै, उपशम गर्दै, अभ्यास गर्दछ ... ... जसप्रकारको कायसंस्कारले काय - अगाडि झुक्नु, झुण्डिनु, राम्ररी झुक्नु, पछिल्तिर झुक्नु, हल्लिनु,



Downloaded from http://www.dhamma.digital

चञ्चल हुनु, काँप्नु हुँदछ, यसरी कायसंस्कारलाई शान्त गर्दै आश्वास गर्नेछु भनी अभ्यास गर्दछ। कायसंस्कारलाई शान्त गर्दै प्रश्वास गर्नेछु भनी अभ्यास गर्दछ। जुनप्रकारले कायसंस्कारले काय - अगाडितर्फ झुक्ने हुँदैन, झुण्डिने हुँदैन, राम्ररी झुक्ने हुँदैन, पछिल्तिर झुक्ने हुँदैन, हल्लिने हुदैन, चंचल हुने हुँदैन, चल्ने हुदैन, काँप्ने हुँदैन, शान्त सूक्ष्म कायसंस्कारलाई शान्त गर्दै आश्वास गर्नेछु ...... भनी अभ्यास गर्दछ।

यसप्रकार कायसंस्कारलाई शान्त गर्दै आश्वास गर्नेछु भनी अभ्यास गर्दछ। कायसंस्कारलाई शान्त गर्दै प्रश्वास गर्दछु भनी अभ्यास गर्दछ। यस्तो हुँदा वायुको उपलब्धिको उत्पादन हुदैन। आश्वास-प्रश्वासको उत्पादन हुँदैन। आनापानस्मृतिको उत्पादन हुँदैन। आनापानस्मृति समाधिको उत्पादन हुँदैन र न त्यस समापत्तिलाई पण्डित व्यक्तिलाई प्राप्त हुन्छ् न त्यसबाट नै उठ्दछ।

त्यस समस्याको समाधानको लागि भिक्षुले कायसंस्कारलाई शान्त गरी आश्वास-प्रश्वास गर्नेछु भनी अभ्यास गर्दछ। यस्तो हुँदा वायुको उपलब्धिको उत्पादन हुन्छ। आश्वास-प्रश्वासको उत्पादन हुन्छ। आनापानस्मृतिको उत्पादन हुन्छ। आनापानस्मृति समाधिको उत्पादन हुन्छ। त्यो समापत्ति पण्डित व्यक्तिलाई प्राप्त पनि हुन्छ र त्यसबाट उठ्छ पनि। यो कसरी हुन जान्छ ?

जसरी कांसको घण्टामा ठोक्दा पहिला जोरले शब्द हुन्छ, जोरले भएको शब्दहरूको निमित्तलाई राम्ररी ग्रहण गरिलिनाले, राम्ररी मनमा बसाउनाले, ठीकले उपधारण (विचार गरी ग्रहण गर्नु) गरिलिनाले, जोरले भएको शब्दहरूको निरुद्ध (शान्त) हुँदा पनि पछि मसिनो शब्द हुन्छ, मसिनो शब्दको निमित्तलाई राम्ररी ग्रहण गरिलिनाले, राम्ररी मनमा बसाइलिनाले, ठीकले उपधारण गरिलिनाले, मसिनो शब्दको निरुद्ध हुँदा पनि, पछि मसिनो शब्दको निमित्तको आलम्बनले पनि चित्त प्रवर्तित हुन्छ। यसरी नै प्रथम स्थूल आश्वास-प्रश्वास प्रवर्तित हुन्छन्, स्थूल आश्वास-प्रश्वासको निमित्तलाई राम्ररी ग्रहण गरिलिनाले, राम्ररी मनमा बसाइलिनाले, ठीकले उपधारण गरिलिनाले, स्थूल आश्वास-प्रश्वासको निरुद्ध हुँदा पनि, पछि सूक्ष्म आश्वास-प्रश्वास प्रवर्तित हुन्छन्। सूक्ष्म आश्वास-प्रश्वासको निमित्तलाई राम्ररी ग्रहण गरिलिनाले, राम्ररी मनमा बसाइलिनाले, ठीकले उपधारण गरिलिनाले, सूक्ष्म आश्वास-प्रश्वासको निरुद्ध हुँदा पनि, पछि सूक्ष्म आश्वास-प्रश्वासको निमित्तको आलम्बनले पनि चित्त विक्षेपलाई प्राप्त हुँदैन। यस्तो हुँदा वायुको उपलब्धिको उत्पादन हुन्छ। आश्वास-प्रश्वासको उत्पादन हुन्छ। आनापानस्मृतिको उत्पादन हुन्छ। आनापानस्मृति समाधिको उत्पादन हुन्छ। त्यो समापत्ति पण्डित व्यक्तिलाई प्राप्त पनि हुन्छ, त्यसबाट उठ्छ पनि।

कायसंस्कारलाई शान्त गर्दै आश्वास-प्रश्वास काय हो, उपस्थान स्मृति हो, अनुपश्यना (पुनः पुनः विचार गरी हेर्नु) ज्ञान हो। काय उपस्थान हो, स्मृति होइन। स्मृति उपस्थान र स्मृति दुवै हुन्। त्यस स्मृति र ज्ञानले त्यस कायको अनुपश्यना गर्दछ, आदि यी कायानुपश्यनानुसार भनिएको प्रथमचतुष्कको पदहरूको क्रमशः वर्णन हुन्।

कर्मस्थान अभ्यासको तरिका – पहिलो चतुष्क प्रारम्भिक योगाभ्यासी (आदिकर्मिक) को लागि कर्मस्थाननुसार भनिएको छ। दोस्रो तीन चतुष्क यसमा प्राप्त भएको ध्यान हुने व्यक्तिको वेदना, चित्त र धर्मानुपश्यनानुसार भनिएका छन्। यसैले यस कर्मस्थानको भावना गरी आनापान चतुर्थध्यानको



Downloaded from http://www.dhamma.digital

पदस्थान कारण भएको विपश्यनाद्वारा प्रतिसम्भिदादिको साथै अर्हत्वलाई प्राप्त गर्ने इच्छा भएको प्रारम्भिक योगाभ्यासी कुलपुत्रलाई पहिले भनिएको ढंगले नै शीललाई परिशुद्ध गरी आदि सब कृत्यहरूलाई गरी उक्तप्रकारको आचार्यकहाँ पाँच सन्धि भएको कर्मस्थानलाई सिक्नुपर्दछ ।

यी पाँच सन्धिहरू हुन् (१) उग्गह (२) परिपुच्छा (३) उपट्ठान (४) अप्पना (५) लक्खण । उग्गह= कर्मस्थानलाई सिक्नुलाई भनिन्छ । परिपुच्छा = कर्मस्थानको संशयलाई हटाउनको लागि) प्रश्न सोध्नु । उपट्ठान = कर्मस्थानको जानकारी हुनु । अप्पना = कर्मस्थानको अर्पणा हो । लक्खण = (लक्षण) कर्मस्थानको लक्षण हो । 'यो कर्मस्थान यस लक्षणको हो, आदि यसप्रकारको स्वभावलाई राम्ररी विचार गरी ग्रहण गर्नु भनिन्छ ।

यसरी पाँच सन्धिहरू भएको कर्मस्थानलाई सिक्ने भिक्षु आफू पनि दुःखीत हुँदैन र आचार्यलाई पनि दुःखीत गर्दैन । यसैले थोरै भनाएर धेरैपल्ट पाठ गरी यसरी पाँच सन्धि भएको कर्मस्थानलाई सिकेर आचार्यकहाँ या अन्य स्थानमा पूर्वोक्तप्रकारले शयनासनमा वास गर्दै साना बिघ्नहरूलाई हटाउँदै, भोजन गरी, खानाको आलस्यलाई मिटाएर सुखपूर्वक बसेर त्रिरत्न (बुद्ध, धर्म, संघ) को गुणस्मरणले चित्तलाई प्रसन्न गरी, आचार्यद्वारा सिकेकोबाट एकपदलाई पनि नभुलाउँदै, यस आनापानस्मृति कर्मस्थानको मनसिकार गर्नुपर्दछ ।

यो यसको निम्नमनसिकार विधि हो –

*गणना अनुवन्धना फुसना ठपना सल्लक्खणा ।*

*विवट्ठना पारिसुद्धि तेसञ्च पटिपस्सना ॥*

(१) गणना, (२) अनुबन्धना, (३) स्पर्श, (४) स्थापन, (५) संलक्षण, (६) विवर्तन, (७) पारिशुद्धि र (८) त्यसको प्रत्यवेक्षण गर्नु ।)

गणना = गणना (गिन्ति) नै हो । अनुबन्धना = निरन्तर जारिरहनु । फुसना = स्पर्श गरिएको स्थान । ठपना = आलम्बनमा चित्तलाई स्थिर गर्नु । सल्लक्खणा = विपश्यना । विवट्टना = मार्ग । पारिशुद्धि = फल । तेसञ्च पटिपस्सना = त्यसको प्रत्यवेक्षण गर्नु ।

## गणना

यस प्रारम्भिक योगाभ्यासी कुलपुत्रलाई पहिले गणनाले यस कर्मस्थानलाई मनमा राख्नुपर्दछ । गणना गर्दै पाँचभन्दा तल राख्नु हुँदैन र दशभन्दा माथि लानु हुँदैन साथै बीचमा अन्तर पनि राख्नु हुँदैन । पाँचभन्दा तल राख्ने योगीको चित्त थोरै अवकाशमा, साँघुरो गोठमा घेरिएको गाईको समूह जस्तै चंचल हुन्छ । दशभन्दा माथि लैजाने योगीको गन्तिमा नै भुल्ने चित्त हुन्छ । बीचमा अन्तर पार्ने योगीको मेरो कर्मस्थान लक्ष्यलाई प्राप्त भयो या भएन ? आदि शंका गर्दै चित्त कांप्दछ ! यसैले यी दोषहरूलाई त्याग गरी गणना गर्नुपर्दछ ।

गन्ति गर्दै पहिले विस्तारविस्तार धान नाप्ने व्यक्तिको गन्ने तरिकाले गन्नुपर्दछ । धान नाप्ने व्यक्ति पाथीलाई भरेर 'एक' भनेर खन्याउँदछ । पुनः भर्दै केही ढुंगा माटोलाई देखेर त्यसलाई फ्याँक्दै, 'एकएक' भन्दछ । यसैप्रकार 'दुईदुई' भन्दै क्रमैले गन्दै लाँदा यसरी नै योगीलाई पनि आश्वास-प्रश्वासमा



Downloaded from http://www.dhamma.digital

जुन जानकारी हुन्छ, त्यसलाई लिएर, 'एकएक' देखि प्रारम्भ गरी 'दशदश' सम्म प्रवर्तित हुने, प्रवर्तित हुनेलाई राम्ररी हेरेर गन्नुपर्दछ।

त्यसप्रकार गन्तिलाई निस्कदै पस्दै गरेको आश्वास-प्रश्वास प्रकट हुन्छन्। तब उसलाई धान नाप्ने व्यक्ति जस्तै विस्तारविस्तार गन्नु छाडेर गोठालाले गन्नेसमान शीघ्रताले गन्नुपर्दछ। चतुर ग्वाला उच्छङ्ग (पछ्यौरा)मा ढुंगा टुक्राहरू लिएर डोरी डण्डालाई हातमा लिंदै बिहानै गोठमा गएर, गाईहरूको ढाडमा पिटेर, गोठको खम्बाको सिरानमा बसेको द्वारमा आएको गाईलाई 'एक, दुई' भन्दै ढुंगा टुक्रालाई फ्याँक्दै, फ्याँक्दै गर्दछ। रातको तेस्रो प्रहर साँगुरो स्थानमा दुःखले रहेका गाईहरूको समूह निस्कने समय एक अर्कालाई ठेल्दै तेजीलो भुण्डभुण्ड भएर निस्कन्छ। उसले पनि छिटोछिटो - तीन, चार, पाँच... दश भनी गन्दछ।

यसरी योगीलाई पनि पहिलेको ढंगले गन्दै जाँदा आश्वास-प्रश्वास प्रकट भएर छिटोछिटो वारम्वार आउनेजाने गर्दछ। त्यसपछि त्यस योगीलाई वारम्वार आउनेजाने गर्छन् भनी जानेर भित्र र बाहिर ग्रहण नगरी नाकद्वारमा आएको, आएको नै ग्रहण गरी 'एक, दुई, तीन,चार, पाँच, छ, सात, र क्रमैले बढाउँदै आठ ... नौ..... दश..... गरी छिटोछिटो गन्नुपर्दछ। कर्मस्थानको गन्नुमा लागेको हुनाले गन्ने प्रकृयाले नै, तेजधारमा पतवारको सहाराले चल्ने नाउसमान, चित्त एकाग्र हुन्छ।

यसरी छिटोछिटो गन्दै गरेको कर्मस्थान योगीलाई निरन्तर जारिरहेको समान जानकारी हुन्छ। तब निरन्तर जारी छ भनी जानेर भित्र र बाहिर वायुको विचार नगरी पहिलेको ढंगले नै छिटोछिटो गन्नुपर्दछ। भित्र घुस्ने वायुसंगै चित्तलाई घुसाउने योगीको भित्र वायुको चोट खाएको बोसोले भरिएको समान हुन्छ। बाहिर निस्कने वायुसंगै चित्तलाई, निकाल्ने योगीको चित्त बाहिरी अनेक आलम्बनहरूमा विक्षिप्त हुन्छ। स्पर्श गरेको, स्पर्श गरेको स्थानमा स्मृतिलाई बनाएर भावना गर्नेलाई नै भावनाको सिद्धि हुन्छ। यसैले भनिएको छ - 'भित्र र बाहिर वायुको विचार नगरी पहिलेको ढंगले नै छिटोछिटो गन्नुपर्दछ।'

कति बेरसम्म यसलाई गन्नुपर्दछ ? जबसम्म गणनाको आश्वास-प्रश्वासको आलम्बनमा स्मृति बनिरहँदैन तबसम्म गनिरहनुपर्दछ। बाहिर आलम्बनमा फैलिएको वितर्कहरूलाई हटाएर आश्वास-प्रश्वासको आलम्बनमा स्मृतिलाई बनाइराख्नको लागि नै गणनाको मुख्य उद्देश्य हो।

## अनुबन्धना

यसप्रकार गणनाले मनमा गरिसकेपछि अनुबन्धनाले मनमा गर्नुपर्दछ। अनुबन्धना भनिन्छ गणनालाई छाडेर स्मृतिले निरन्तर आश्वास-प्रश्वासको पछि लाग्नुलाई। त्यो पनि आरम्भ, मध्य, अन्तको पछि लाग्नेअनुसार होइन।

बाहिर निस्कने वायुको नाभी आरम्भ हो, मुटु मध्य र नासिका अन्त हो। भित्र पस्ने वायुको नासिकाको अग्रभाग आरम्भ, मुटु मध्य, र नाभी अन्त हो। त्यसको पछि जाने यस योगीको विक्षेपमा परेको चित्त पीढा र कर्मस्थानको कम्पनको लागि हुनेछ। जस्तै - पटिसम्भिदामग्गमा भनिएको छ – "आश्वासको आरम्भ, मध्य, अन्तको पछिपछि स्मृतिले हिंड्ने योगीको भित्री विक्षेपमा परेको चित्तले काय पनि, चित्त पनि पीढित, कम्पित र चंचल हुन्छन्। यसैले अनुबन्धनाले मनसिकार गर्दै आरम्भ, मध्य,



Downloaded from http://www.dhamma.digital

अन्तको मनसिकार गर्नु हुँदैन। प्रत्युत्त स्पर्श गरिएको स्थान र स्थापन (अर्पणा)को अनुसार मनसिकार गर्नुपर्दछ।

## फुसना र ठपना

गणना र अनुबन्धनाानुसार मनसिकार छैन। स्पर्श गरेको, स्पर्श गरेको स्थानमा नै गन्दै गणना र फुसनाको मनसिकार गर्दछ। त्यही गणना गर्नेलाई त्याग गरी स्मृतिले त्यसको पछिपछि हिंड्दै अर्पणाले चित्त स्थिर गर्दै अनुबन्धना फुसना र ठपनाले मनसिकार गर्दछ भनी भनिन्छ। यस अर्थलाई अट्ठकथामा भनिएको पंगुल (हिंड्न नसक्ने व्यक्ति) र द्वारपाल (पाले) को उपमाहरू तथा पटिसम्भिदामा भनिएको आराको उपमाद्वारा जान्नुपर्दछ।

पङ्गुको उपमा – पङ्गुल, आमाछोराले रमाइलो गर्दै कोक्रोलाई हल्लाउँदै गरेको त्यही कोक्रोको खम्बा नजिक बसेर क्रमैले आउनेजाने गरेको कोक्रोको दुवै सिरान र बीचलाई मात्र हेर्दछ। तर हल्लिरहेको दुवै किनारहरू र बीचलाई हेर्नुमा चिन्ता गर्दैन। यसरी नै भिक्षु स्मृतिले उपनिवन्धनारूपी खम्बानजिक उभिएर आश्वास-प्रश्वासरूपी कोक्रोलाई हल्लाएर त्यहीं निमित्तमा स्मृतिले बसेर क्रमैले आउँदैजाँदै गरेको स्पर्श गर्ने स्थानमा आश्वास-प्रश्वासको आरम्भ, मध्य, अन्तको पछिपछि लाग्दै स्मृतिले त्यहाँ चित्तलाई राख्दै हेर्दछ, तर आएकोगएको हेर्नेतिर लाग्दैन।

द्वारपालको उपमा – जसरी द्वारपालले नगरको भित्रबाहिर आउनेजाने व्यक्तिलाई तिमी को हौ ? कहाँबाट आएका हौ ? कहाँ जाँदै छौ ? या तेरो हातमा के छ ? आदि यसरी मीमांसा (जाँच) गर्दैन। किनकि उसको त्यो काम होइन। तर द्वारमा आएआएको, व्यक्तिहरूको मीमांसा गर्दछ। यसरी नै भिक्षुलाई भित्र पसेको वायु र बाहिर निस्केको वायुसंग काम छैन, तर नाकको द्वारमा आएआएको आश्वास-प्रश्वाससंग नै काम हुन्छ।

आराको उपमा प्रारम्भदेखि लिएर यसरी जान्नुपर्दछ। यो भनिएको छ –

*निमित्तं अस्सासपस्सासा अनारम्मणमेकचित्तस्स।*
*अजानतो च तयो धम्मे भावनानुपलब्भति॥*

(१) निमित्त, (२) आश्वास-प्रश्वास, (३) एक चित्तको आलम्बन नहुनु यी तीन धर्महरूलाई नजान्ने योगीलाई आनापानस्मृति भावना प्राप्त हुँदैन।)

*निमित्तं अस्सासपस्सासा अनारम्मणमेकचित्तस्स।*
*जानतो व तयो धम्मे भावना उपलब्भति॥*

(१) निमित्त, (२) आश्वास-प्रश्वास, (३) एक चित्तको आलम्बन हुनु यी तीन धर्महरूलाई जान्नेलाई नै आनापानस्मृतिको भावना प्राप्त हुन्छ।)

"कसरी यी तीन धर्महरू चित्तको आलम्बन हुँदैनन्, यी तीन धर्म अविदित हुँदैनन्, चित्त विक्षेपलाई प्राप्त हुँदैन, प्रधान (वीर्य) देखापर्दछ, कार्य (प्रयोग)लाई सिद्ध गर्दछ र लौकिक तथा लोकोत्तर विशेषतालाई प्राप्त गर्दछ ?

धरानको उपमा - चिर्नको लागि धरानमा सिधा पारी राखिएको काठको मुढालाई यहाँ उपनिवन्धनाको



Downloaded from http://www.dhamma.digital

निमित्त मान्नुपर्दछ । आराको दाँतीहरूलाई आश्वास-प्रश्वास मान्नुपर्दछ । मुढा चिर्नअघि मुढामा लगाइएको कालोरेखामा आरा तान्दा र आरा ठेल्दा आराको दाँतिहरूले रेखामा मात्र स्पर्श गरेको स्थानमा मात्र आरावानले स्मृति राखिबस्छ । माथि उठेको दाँती र तल झरेको दाँतीहरूलाई ध्यान दिंदैन । आएकोगएको दाँतीहरू पनि अविदित हुँदैनन् । वीर्यमात्र देखापर्दछ । चिर्ने कार्य, शिद्ध हुन्छ । काठको मुढालाई तख्ता आदि बनाउने विशेषतालाई प्राप्त गर्दछन् । यसरी नै भिक्षु नासिकाको अग्रभाग या मुख निमित्त (माथिल्लो ओंठ) मा स्मृतिलाई उपस्थित गरी बसिरहन्छ, ऊ आएकोगएको आश्वास-प्रश्वासको विचार गर्दैन । तथा उसलाई आएको या गएको आश्वास-प्रश्वास अविदित हुँदैन, वीर्य मात्र देखापर्दछ, स्मृति कार्य सिद्ध हुन्छ र विशेषतालाई प्राप्त गर्दछ ।

प्रधान = वीर्य । यो कस्तो प्रधान हो ? वीर्य आरम्भ गरेको व्यक्तिको काय पनि, चित्त पनि काम गर्नयोग्य हुन्छ - यो प्रधान हो । कुनचाहिं प्रयोग हो ? वीर्य आरम्भ गरेको (व्यक्ति)को उपक्लेश (निवारण) हटेर जान्छन्, वितर्क शान्त हुन्छन् – यो प्रयोग हो । कुनचाहिं विशेषता हो? वीर्य आरम्भ गरेको (व्यक्ति) को संयोजन हटेर जान्छन्, अनुशय निस्केर जान्छन् - यो विशेषता हो । यसप्रकार यी तीन धर्म एक चित्तको आलम्बन हुँदैनन्, तर यी तीनै धर्म अविदित हुँदैनन्, चित्त विक्षेपलाई प्राप्त हुँदैनन्, प्रधान देखापर्दछ कार्य सिद्ध हुन्छ र चित्त शुद्ध हुँदै गरेको विशेषतालाई प्राप्त गर्दछ । थेरगाथा (५४८) अनुसार भनिएको छ ।

*आनापानसति यस्स परिपुण्णा सुभाविता ।*
*अनुपुब्बं परिचिता तथा बुद्धेन देसिता ॥*
*सो इमं लोकं पभासेति अब्भा मुत्तो व चन्दिमा ॥*

(आनापानस्मृतिको जसले परिपूर्ण राम्ररी भावना गरेको छ, क्रमशः अभ्यास गरेको छ, त्यो बादलदेखि मुक्त चन्द्रमा जस्तै यस लोकलाई प्रकाशित गर्दछ भनी भगवान् बुद्धले भन्नुभएको छ ।)

यो आराको उपमा हो । यहाँ यसको आउनेजानेअनुसार मनसिकार गर्नु मात्र नै प्रयोजन हो भनी जान्नुपर्दछ ।

यस कर्मस्थानको मनसिकार गर्दै कसैलाई धेरै दिनमा प्रतिभाग निमित्त उत्पन्न हुन्छ र अवशेष ध्यानाङ्गयुक्त अर्पणा भनिने ठपना पनि प्राप्त हुन्छ ।

कसैलाई गणनानुसार नै मनसिकार गर्ने समयदेखि लिएर क्रमशः स्थूल आश्वास-प्रश्वासको निरोध हुनाले कायको पीढालाई शान्त हुँदा काय पनि, चित्त पनि हल्का हुन्छ । शरीर आकाशमा उफ्रिएको आकारलाई प्राप्त भएसमान हुन्छ । जस्तै - पीढासहित काय भएको व्यक्ति खाट या पिर्कामा बस्ने समय खाट पिर्का झुक्दछ, शब्द उत्पन्न हुन्छ । तन्नामा मुजा पर्न थाल्छ । तर पीढारहित काय भएको व्यक्ति बस्दा समय खाटपिर्का झुक्दैन, शब्द उत्पन्न हुँदेन, तन्नामा मुजा पर्दैन । सिमलको रूइले भरिएको खाटपिर्कासमान हुन्छ । किन ? किनकि वीर्य आरम्भ गरेको शरीर हल्का हुन्छ । त्यसरी नै गणनानुसार मनसिकार गर्ने समयदेखि क्रमशः स्थूल आश्वास-प्रश्वासको निरोधले कायको पीढा शान्त हुँदा काय पनि, चित्त पनि हल्का हुन्छ, शरीर आकाशमा उफ्रिएको आकारलाई प्राप्त भएसमान हुन्छ ।



Downloaded from http://www.dhamma.digital

उसको स्थूल आश्वास-प्रश्वासको शान्त हुँदा सूक्ष्म आश्वास-प्रश्वासको निमित्तको आलम्बन भएको चित्त प्रवर्तित हुन्छ। त्यसको पनि सिद्ध हुँदा एकअर्कोपछि त्यसभन्दा सूक्ष्मतरसूक्ष्मतर निमित्तको आलम्बन भएको नै प्रवर्तित हुन्छ।

कसरी ? जसरी पुरुष धेरै ठूलो फलामको छड्ले काँसको थाललाई ठोकोस्। एकपल्ट ठोक्नाले महाशब्द उत्पन्न होस्, त्यसपश्चात् स्थूल शब्दलाई आलम्बन गरी चित्त प्रवर्तित होस् र स्थूल शब्दको निरुद्ध हुँदा, पछि सूक्ष्म शब्द आलम्बन गरोस्। त्यसको पनि निरुद्ध भइजाँदा एक अर्कोपछि त्यसभन्दा सूक्ष्मतरसूक्ष्मतर शब्दलाई आलम्बन गरी प्रवर्तित हुन्छ नै। यसप्रकार यसलाई जान्नुपर्दछ। पटिसम्भिदामग्गमा यो भनिएको छ – "जसरी काँसमा ठोक्दा।"

जसरी अन्य कर्मस्थान अभ्यास गरेपिच्छै स्पष्ट हुँदै आउँछ तर त्यस्तो यो होइन। यो अभ्यास गरेपिच्छै भावना गर्नेलाई सूक्ष्म हुँदै जान्छ, जानकारी पनि हुँदैन। यसरी त्यसको जानकारी नहुँदा त्यस भिक्षुलाई आसनदेखि उठेर चर्मखण्डलाई झाडेर जानु हुँदैन। आचार्यसँग सोध्नेछु या मेरो कर्मस्थान नष्ट भयो भनी सोचेर उठ्नु हुँदैन। के गर्नुपर्छ ? इर्यापथलाई कुपित गरी जानेलाई कर्मस्थान नयाँनयाँ नै हुन्छ। यसैले त्यसरी बस्दै, स्वभावले स्पर्श गर्ने स्थानदेखि ल्याउनुपर्दछ।

यो ल्याउने उपाय हो – त्यस भिक्षुलाई कर्मस्थानको जानकारी नभएको कुरालाई जानेर यसरी विचार गर्नुपर्दछ – यो आश्वास-प्रश्वास कहाँ छ ? कहाँ छैन ? या कसलाई हुन्छ ? कसलाई हुने छैन? तब यस्तो विचार गरी - यो आमाको पेटभित्र बस्ने बच्चामा छैन, पानीमा डुब्नेलाई हुँदैन, त्यसैगरी असंज्ञी हुनेलाई, मर्नेलाई, चतुर्थध्यान प्राप्त हुनेलाई, रूप र अरूपभवमा उत्पन्न हुनेलाई र निरोध सभापत्तिप्राप्त भएको योगीलाई। यसप्रकार जानेर यसरी आफैले नै आफूलाई सम्झाउनुपर्दछ - "पण्डित, अहिले तिमी आमाको पेटमा पनि छैनौ होइन ? न त पानीमा डुबेकै छौ। न असंज्ञी भएकै छौ। न मरेकै छौ। न चतुर्थध्यानप्राप्त भएकै छौ। न रूप र अरूपभवमा उत्पन्न भएकै छौ। न निरोधसमापत्तिलाई प्राप्त भएकै छौ। तिम्रो आश्वास-प्रश्वास भइरहेको नै छ तर मन्दप्रज्ञा हुनाले जान्न नसकेका हौ।" यसप्रकार सम्झाउँदा यसलाई स्वभावले स्पर्श गरेको स्थाननुसार चित्तलाई अभ्यास गरी मनसिकार गर्नुपर्दछ।

यी लामो नाक भएको व्यक्तिलाई नासा पुट (नाकको प्वाल) संग लागेको प्रवर्तित हुन्छन् र सानो नाक भएको व्यक्तिलाई माथिल्लो ओंठले। यसैले यस योगीलाई, "यस स्थानमा लाग्दछ" भनी विचार गर्नुपर्दछ। यसै कुराप्रति संयुक्त निकाय (५२, १.१) अनुसार भगवान्ले भन्नुभएको छ – "भिक्षुहरू, म स्मृति नरहने, प्रज्ञारहित व्यक्तिको लागि आनापानस्मृति भावना भन्दिन।"

यद्यपि जुनकुनै पनि कर्मस्थान स्मृति र प्रज्ञायुक्त व्यक्तिलाई नै सिद्ध हुन्छ। तर अन्य कर्मस्थान भने मनमा गर्दै प्रकट हुन्छन्। तर यो आनापानस्मृति कर्मस्थान कठिन छ, कठिनाइले भावना गर्न सकिने छ। बुद्ध, प्रत्येक बुद्ध, बुद्धपुत्र, (भिक्षु) महापुरुषहरूको नै मनसिकारको भूमि हो। यो न त सानो विषय छ र न सानो सत्वहरूबाट सेवित नै। जसैजसै मनमा गरिन्छ, त्यसैत्यसै शान्त र सूक्ष्म हुन्छ। यसैले यस कर्मस्थानको अभ्यासको लागि बलवान् स्मृति र प्रज्ञा हुनुपर्दछ।

जसरी रेशमीवस्त्र सिउँदा सियो पनि पातलो हुनुपर्दछ, सियोको प्वाल पनि त्यसभन्दा पातलो



Downloaded from http://www.dhamma.digital

हुनुपर्दछ । यसरी नै रेशमीवस्त्रसमान यस कर्मस्थानको भावना गर्ने समय सियो जस्तै स्मृति पनि, सियोको प्वाल जस्तै त्यसको साथ रहने प्रज्ञा पनि बलवान् हुनुपर्दछ । त्यस स्मृति र प्रज्ञायुक्त त्यस भिक्षुलाई ती आश्वास-प्रश्वास स्वाभाविक स्पर्श गर्ने स्थानलाई छाडेर अन्यत्र खोज्नु हुँदैन ।

गोरुको उपमा - जसरी किसान खेतलाई जोतेर गोरुहरूलाई छाडी गौचरतर्फ लागेर छायाँमा बसेर विश्राम गर्दछ । तब उसका ती गोरुहरू छिटो जंगलमा जावस् । जो चतुर किसान हुन्छ, ऊ फेरि उनीहरूलाई पक्रेर जोत्न चाहेमा उनीहरूको पछिपछि लागेर घुम्दैन । प्रत्युत डोरी र गोरुलाई हाँक्ने लट्ठीलाई लिएर सिधा गोरूहरू उत्रिने घाटमा नै गएर बस्दछ या सुत्दछ । तब ती गोरुहरूलाई दिनभर चरेर उत्रिने घाटमा उत्रेर, नुहाएर, पानी पिएर, निस्केर उभिएको देखेपछि किसानले ती गोरुहरूलाई डोरीले बाँधेर, लट्ठीले पिट्दै ल्याएर हलोमा जोतेर फेरि खेतको काम गराउँदछ । यसरी नै त्यस भिक्षुलाई ती आश्वास-प्रश्वास स्वाभाविकरूपले स्पर्श गर्ने स्थानलाई लिएर स्वाभाविकरूपले स्पर्श गर्ने स्थानमा चित्तलाई मनसिकार प्रवर्तित गर्नुपर्दछ । यसरी त्यस मनसिकार गर्नेलाई थोरै समयमा नै, उत्रिने घाटमा गोरुहरूसमान, ती जानकारी हुन्छन् । तत्पश्चात् यसलाई स्मृतिको डोरीले बाँधेर त्यसै स्थानमा लगाएर प्रज्ञालट्ठीले पिट्दै वारम्वार कर्मस्थानमा भिड्नुपर्दछ ।

उसको यसरी भिड्दै गरेको थोरै समयमा नै उग्गह र प्रतिभाग निमित्तहरू जानकारी हुन्छन् । तर ती सबैको एकसमान हुँदैनन् । प्रत्युत कसैको सुखस्पर्शलाई उत्पन्न गर्दै सिमलको रुइसमान, कपासको रूइ जस्तै र वायुको धाराको सदृश जानकारी हुन्छ भनी कोहीकोही आचार्यहरू भन्दछन् ।

यो अर्थकथाहरूमा विनिश्चय हो - यो कसैलाई ताराप्रभासमान या मणिभुत्तासमान या मोतीभुत्तासमान या कर्कश (रूखा) स्पर्श भएर कपासबीजसमान र भित्री काठले बनाएको सियोसमान या लामो सचीका (चुल्ठो धागो) को धागोसमान या फूलमालासमान या आगोसमान या फैलिएको माकुराजालोसमान या मेघघटासमान या कमलफूलसमान या रथचक्कासमान या चन्द्रमण्डलसमान या सूर्यमण्डलसमान जानकारी हुन्छन् ।

त्यो प्रतिभाग-निमित्त यसप्रकारको अनुभवसंग मेल खान्छ । धेरैजसो भिक्षुहरू पाठ गरिबसेको समयमा एक भिक्षुद्वारा "तपाईहरूलाई कुनप्रकारले यो सूत्र जानकारी हुन्छ ?" भनी सोध्दा एकले "मलाई धेरै ठूलो पहाडीनदीसमान भएर जानकारी हुन्छ" भन्यो ! अर्कोले "वन पंक्तिसमान" । त्यसैगरी अन्यले "मलाई एक शीतल छायाँ भएको, शाखायुक्त, फलको भारले लादिएको वृक्षसमान" भन्यो । उनीहरूलाई एउटै सूत्र संज्ञाको नानात्वले नाना प्रकारले जानकारी हुन्छ । किनकि यो संज्ञाले उत्पन्न हुन्छ, संज्ञा यसको निदान हो, यो संज्ञाद्वारा प्रभूत छ । यसैले संज्ञाको नानात्वले नाना प्रकारले जानकारी हुन्छ भनेर जान्नुपर्दछ । यहाँ आश्वासको आलम्बन गरिएको चित्त एउटा चित्त हो भने प्रश्वासको आलम्बन गरिएको चित्त दोस्रो तथा निमित्तलाई आलम्बन गरिएको चित्त तेस्रो चित्त हो । यसलाई यी तीन धर्महरू छैनन्, उसको कर्मस्थान न त अर्पणा र न उपचारलाई नै प्राप्त हुन्छ, तर जससंग यी तीन धर्म छन्, उसैलाई कर्मस्थान उपचार र अर्पणालाई प्राप्त हुन्छ ।

यसरी निमित्तको जानकारी हुँदा त्यस भिक्षुलाई आचार्यकहाँ गएर भन्नुपर्दछ – "भन्ते, मलाई यसप्रकारको जानकारी हुन्छ ।" तर आचार्यले भने 'त्यो निमित्त हो' या 'निमित्त होइन' आदि भन्नु



Downloaded from http://www.dhamma.digital

हुँदैन। "आवुसो, यस्तै हुन्छ, वारम्वार मनमा गर" आदि मात्र भन्नुपर्दछ। किनकि "निमित्त हो" भन्दा प्रयत्न गर्न छाडिदिन सक्छ र "निमित्त होइन" भन्दा निराशामा डुब्दछ। यसैले यी दुवैलाई नभनेर मनसिकारमा नै मन लगाउन दिनुपर्दछ भनी दीघमाणक भन्दछ। तर मज्झिमभाणक भन्दछ - "आवुसो, यो निमित्त हो, कर्मस्थानलाई वारम्वार मनमा गर सत्पुरुष" आदि भन्नुपर्दछ।

तब यसलाई निमित्तमा नै चित्तलाई स्थिर गर्नुपर्दछ। यसरी यस योगीलाई यहाँदेखि लिएर ठपनानुसार भावना हुन्छ। पुरानो मानिसहरूले भनेका छन् –

*निमित्ते ठपयं चित्तं नानाकारं विभावयं।*
*धीरो अस्सासपस्सासे सकं चित्तं निबन्धति ॥*

(आश्वास-प्रश्वासमा हुने नानाकारलाई हटाएर र प्रतिभाग-निमित्तमा चित्तलाई स्थिर गर्दै, प्रज्ञावान् योगी आफ्नो चित्तलाई बाँध्दछ।)

यसरी निमित्तको जानकारी हुने समयदेखि उसको नीवरण हटेर नै जान्छ, क्लेश शान्त नै हुन्छ, स्मृति बनिरहन्छ र चित्त उपचार-समाधिले एकाग्र भई नै रहन्छ।

तब यस योगीलाई त्यस निमित्तलाई वर्णले मनमा गर्नु हुँदैन, न लक्षणले नै प्रत्येवेक्षण गर्नुपर्दछ। प्रत्युत राजाको पटरानीको चक्रवती हुने बच्चाको गर्भ जस्तै र किसानको धानजौंको बाला जस्तै आवास आदि सात विपरित कुराहरू त्यागेर, सात अनुकूल कुराहरूको सेवन गर्दै राम्ररी रक्षा गर्नुपर्दछ। त्यसको यसरी रक्षा गरी वारम्वार मनसिकारले वृद्धि, वैपुल्यलाई प्राप्त गरेर दशप्रकारका अर्पणाको कुशलतालाई पूर्ण गर्नुपर्दछ। वीर्यको समतालाई जुटाउनुपर्दछ।

त्यस यसरी प्रयत्न गर्ने योगीलाई पृथ्वीकसिणमा भनिएको क्रमले नै त्यस निमित्तमा चतुष्क र पञ्चकध्यान उत्पन्न हुन्छन्। यसप्रकार चतुष्क-पञ्चकध्यानलाई उत्पन्न भएको भिक्षुले यहाँ राम्ररी विचार गर्ने र विवर्तनले कर्मस्थानलाई बढाएर पारिशुद्धिलाई प्राप्त गर्ने इच्छाले त्यसै ध्यानलाई पाँचप्रकारको वशीप्राप्त भएको अभ्यस्त गरी नामरूपको विचार गरी विपश्यना प्रारम्भ गर्दछ।

कसरी ? ऊ समापत्तिबाट उठेर आश्वास-प्रश्वासहरूको उत्पत्ति करजकाय (चारमहाभूत र उपादा रूप – दीघनिकायट्ठकथा २२) र चित्तलाई देख्दछ। जसरी कामीको चूलोफूक्ने समय खलाँती, मानिस र उसले गरेको प्रयत्नद्वारा वायु चल्दछ यसरी नै काय र चित्तले आश्वास-प्रश्वास हुने गर्दछ। तत्पश्चात् आश्वास-प्रश्वास र कायलाई रूप तथा चित्त र त्यससंग सम्प्रयुक्त धर्महरूलाई अरूप (नाम) भनी विचार गर्दछ। यो यहाँ संक्षेप हो। विस्तारले नामरूपको भावना पछि १८ रौं परिच्छेदमा आउनेछ।

यसप्रकार नामरूपको विचार गरी त्यसको प्रत्ययलाई खोज्दछ र खोज्दै त्यसलाई देखेर तीनै कालहरूमा पनि नामहरूपको प्रवृत्तिप्रति शंकालाई मेटाउँछ। शंकारहित भएर एक्काइस प्रकारका कलाप (अभिधम्मत्थसंगह ६) को विचारले त्रिलक्षण (अनित्य, दुःख, आनात्म) लाई लिएर उदयव्यय (उत्पत्ति विनाश)को अनुपश्यनाको पूर्वभागमा उत्पन्न अवभास आदि दश विपश्यनाको उपक्लेशहरु त्यागी उपक्लेशरहित प्रतिपदा ज्ञानमार्ग हुन्छ, यसरी विचार गरी उदयलाई त्यागी भङ्गानुपश्यनालाई पाएर निरन्तर भङ्ग भएको देख्नाले भयको रूपले संस्कारहरूलाई जानकारी हुँदा निर्वेदलाई प्राप्त गर्दै, विरागी



Downloaded from http://www.dhamma.digital

हुँदै, त्यसबाट अलग हुँदै, क्रमले चार आर्यमार्गहरू प्राप्त गरी अर्हतफलमा प्रतिष्ठित भई, उन्नाइस प्रकारको प्रत्यवेक्षण ज्ञानको अन्तिम सीमालाई प्राप्त गरी देवताहरूको साथै लोकको अग्र दाक्षिणेय्य हुन्छ ।

यहाँसम्म गणनाले आरम्भ गरी प्रतिपश्यनाको अन्तसम्म आनापानस्मृति समाधिको भावना समाप्त हुनजान्छ ।

यो सबप्रकारले प्रथमचतुष्कको वर्णन हो ।

## द्वितीयचतुष्क

अन्य तीन चतुष्कमा अलग कर्मस्थानको भावनाको ढंग छैन, यसैले क्रमशः पदहरूको वर्णनानुसार नै यसको यसप्रकार अर्थ जान्नुपर्दछ –

पीतिपटिसंवेदी = प्रीतिलाई राम्ररी जान्दै, प्रकट गर्दै । अस्ससिस्सामि पस्ससिस्सामीति सिक्खति = आश्वास गर्नेछु, प्रश्वास गर्नेछु भनी सिक्दछ । प्रीतिलाई दुईप्रकारले राम्ररी जानिन्छ (१) आलम्बन र (२) असंमोहले ।

कसरी आलम्बनले प्रीति राम्ररी जानिन्छ ? प्रीतियुक्त दुई ध्यानहरूलाई प्राप्त हुन्छ । त्यसको समापत्तिको क्षण ध्यानको प्रतिलाभले आलम्बनले प्रीति राम्ररी जानिन्छ आलम्बनको जानिएको कारणले । कसरी असंमोहले ? प्रीतियुक्त दुई ध्यानहरूलाई प्राप्त भएर त्यसबाट उठेर ध्यानयुक्त प्रीतिलाई क्षय, व्यय, (विनाश)को रूपले देख्दछ । विपश्यनाको क्षण लक्षणको प्रतिवेधले असंमोहले प्रीति जानिन्छ ।

प्रतिसम्भिदामग्ग (१, १८७) अनुसार भनिएको छ – "लामो आश्वासले चित्तको एकाग्रता, अविक्षेपलाई जान्ने स्मृति उपस्थित रहन्छ, त्यस स्मृतिले, त्यस ज्ञानले, प्रीति राम्ररी जानिन्छ । लामो प्रश्वासले .... छोटो आश्वासले ..... छोटो प्रश्वासले ..... सबै काय प्रतिसंवेदन गर्दै आश्वास-प्रश्वासले .... कायसंस्कारलाई शान्त गर्दै आश्वास-प्रश्वासले चित्तको एकाग्रता, अविक्षेप जान्नेको स्मृति उपस्थित हुन्छ । त्यस स्मृतिले, त्यस ज्ञानले प्रीति जानिन्छ । आवर्जनले प्रीति जानिन्छ । जान्ने, देख्ने, प्रत्यवेक्षण गर्ने, चित्तको अधिष्ठान गर्ने, श्रद्धाले विश्वास गर्ने, प्रयत्न गर्ने, स्मृतिलाई बनाइराख्ने, चित्तलाई एकाग्र गर्ने, प्रज्ञाले जान्ने, अभिज्ञेय ..... परिज्ञेय ...... प्रहाण (त्याग)योग्य .... भावनायोग्य ..... साक्षातयोग्य साक्षात गर्नेद्वारा प्रीति जानिन्छ । यसरी प्रीति जानिन्छ ।"

यसैढंगले शेष पदहरूको पनि अर्थलाई जान्नुपर्दछ । यो यहाँ विशेष मात्र हो –

तीन ध्यानहरूअनुसार सुखको प्रतिसंवेदन र चारै ध्यानहरुअनुसार पनि चित्तसंस्कारको प्रतिसंवेदन जान्नुपर्दछ । चित्तसंस्कार भनिन्छ वेदना र संज्ञा दुई स्कन्धलाई । सुख पटिसंवेदी पदमा विपश्यनाको भूमिलाई देखाउनको लागि - "सुख = दुई सुख छन् – कायिक र चेतसिक" आदि प्रतिसम्भिदामग्ग (१,१,८८) अनुसार भनिएको छ । पस्सम्भयं चित्तसंखारं = औद्धारिक (स्थूल) चित्त संस्कारलाई शान्त गर्दै, निरुद्ध गर्दै भन्ने अर्थ हो । त्यसलाई विस्तारले कायसंस्कारमा भनिएअनुसार नै जान्नुपर्दछ ।

यहाँ 'प्रीति' पदमा प्रीतिको शीर्षले वेदना भनिएको हो । 'सुख' पदमा स्वरूपले नै वेदना र दुवै



Downloaded from http://www.dhamma.digital

चित्तसंस्कार पदहरूमा संज्ञा र वेदना - यी चैतसिक धर्म हुन् । चित्तसंस्कार चित्तले बाँधिएका छन् " आदि वाक्यले वेदना संज्ञासंग सम्प्रयुक्त छ भनिएको वेदनाको अनुपश्यनानुसार यो चतुष्क भनिएको भनी जान्नुपर्दछ ।

## तृतीयचतुष्क

तृतीयचतुष्कमा पनि चार ध्यानहरूअनुसार चित्तको प्रतिसंवेदितालाई जान्नुपर्दछ । अभिप्पमोदयं चित्तं = चित्तलाई मुदित गर्दै, प्रमुदित गर्दै, हँसाउँदै, प्रसन्न गर्दै अस्ससिस्सामि पस्ससिस्समीति सिक्खति । दुई प्रकारले अभिप्रमोद हुन्छ - समाधि र विपश्यनाले । कसरी समाधिले ? सप्रीतिक दुई ध्यानलाई प्राप्त गर्दछ । यो ध्यान प्राप्त गर्ने क्षण सम्प्रयुक्त प्रीतिले चित्तलाई मुदित, प्रमुदित गर्दछ । कसरी विपश्यनाले ? सप्रीतिक दुई ध्यानहरूलाई प्राप्त गरी त्यसबाट उठेर ध्यानयुक्त प्रीतिको क्षयव्यय (विनाश) भएको रूपले विचार गर्दछ । यसरी विपश्यनाको क्षण ध्यानयुक्त प्रीतिलाई आलम्बन गरी चित्तलाई मुदित, प्रमुदित गर्दछ । यसरी प्रतिपन्न भएको योगी अभिप्पमोदयं चित्तं अस्ससिस्सामि पस्ससिस्सामीति सिक्खति भनिन्छ ।

समादहं चित्तं = प्रथमध्यान आदिअनुसार आलम्बनमा चित्तलाई सम स्थापित गर्दै, राख्दै । या त्यस ध्यानहरूलाई प्राप्त भएर, उठेर ध्यानसम्प्रयुक्त चित्तलाई क्षय (व्यय) भएको रूपले विचार गर्नेलाई विपश्यनाको क्षण लक्षणको प्रतिवेधले क्षणिक चित्तको एकाग्रता उत्पन्न हुन्छ । यसरी क्षणिक चित्तको एकाग्रतानुसार पनि आलम्बनमा चित्तलाई सम स्थापित गर्दै, सम राख्दै समादहं चित्तं अस्ससिस्सामि पस्ससिस्सामीति सिक्खति भनिन्छ ।

विमोचयं चित्तं = प्रथमध्यानले नीवरणबाट चित्तलाई छुटाउँदै, विमुक्त गर्दै, द्वितीयले वितर्क-विचारहरूबाट, तृतीयले प्रीतिबाट, चतुर्थले सुखदुःखबाट चित्तलाई छुटाउँदै विमुक्त गर्दै । या त्यस ध्यानहरूलाई प्राप्त भएर उठेर ध्यानयुक्त चित्तलाई क्षय (व्यय) भएको रूपले विचार गर्दछ । त्यो विपश्यनाको क्षण अनित्यको अनुपश्यनाले नित्य भएको संज्ञा (विचार)बाट चित्तलाई छोडाउँदै, विमुक्त गर्दै । दुःखको अनुपश्यनाले सुख हुने संज्ञाबाट, अनात्मको अनुपश्यनाले आत्मा हुने संज्ञाबाट, निर्वेदको अनुपश्यनाले नन्दी (राग) बाट, विरागानुपश्यनाले रागबाट, निरोधानुपश्यनाले समुदय (उत्पत्ति)बाट, प्रतिनिःसर्गानुपश्यनाले आदान (नित्य आदिअनुसार ग्रहण गर्ने) बाट चित्तलाई छोडाउँदै, विमुक्त गर्दै आश्वास-प्रश्वास गर्दछ । यसैले भनिएको हो – विमोचयं चित्तं अस्ससिस्सामि पस्ससिस्सामीति सिक्खति ।" यसरी चित्तानुपश्यनाअनुसार यस चतुष्कलाई भनिएको भनी जान्नुपर्दछ ।

## चतुर्थचतुष्क

चौथोचतुष्कमा अनिच्चानुपस्सी = यहाँ अनित्यलाई जान्नुपर्दछ, अनित्यतालाई जान्नुपर्दछ, अनित्यानुपश्यनालाई जान्नुपर्दछ, अनित्यानुपश्यीलाई जान्नुपर्दछ ।

त्यसमा, अनित्य = पञ्चस्कन्धलाई नै भनिएको हो । किन ? उत्पत्ति, नाश, विपरित हुनाले । अनित्यता = त्यसैको उत्पाद, नाश र विपरित हुने या भएर त्यसै क्षण पुनः नहुनु अर्थात् उत्पन्न भएको त्यसैआकारले नरहेर क्षणिक निरोधले नाश हुनु भन्ने अर्थ हो । अनित्यानुपश्यना - त्यस अनित्यतानुसार रूप आदिमा अनित्य हो भनी जान्ने अनुपश्यना । अनित्यानुपश्यी = त्यस अनुपश्यनायुक्त । यसैले



Downloaded from http://www.dhamma.digital

यसरी आश्वास-प्रश्वास गर्दै यहाँ, अनित्यानुपश्यी भएर आश्वास-प्रश्वास गर्नेछु आदि अभ्यास गर्दछ, भन्ने जान्नुपर्दछ।

विरागानुपश्यी = दुई विराग छन् - क्षय विराग र अत्यन्त विराग। यसमा संस्कारहरूको क्षणिक भंग हुनु क्षय विराग हो र अत्यन्त विराग निर्वाण हो। विरागानुपश्यना = दुवै विरागलाई देख्नेअनुसार प्रवर्तित विपश्यना र मार्ग। त्यस दुईप्रकारका पनि अनुपश्यनायुक्त भएर आश्वास-प्रश्वास गर्दै, विरागानुपश्यी भएर आश्वास-प्रश्वास गर्ने छु भनी अभ्यास गर्दछ भनी जान्नुपर्दछ। निरोधानुपस्सी = यसपदमा पनि यसैप्रकार जान्नुपर्दछ।

पटिनिस्सग्गानुपस्सी = यहाँ पनि दुई प्रतिनिःसर्ग छन् - परित्याग प्रतिनिःसर्ग र पक्खन्दन प्रतिनिःसर्ग। प्रतिनिःसर्ग नै अनुपश्यना हो। त्यसैले प्रतिनिःसर्गानुपश्यना पनि भनिन्छ। विपश्यनाको मार्गहरूको यो नाम हो। विपश्यना नै तदङ्ग प्रहाणानुसार स्कन्ध अभिसंस्कारहरूसंगै क्लेशहरूलाई त्यागदछ र संस्कृत (बनिएको) दोषलाई देख्ने - देख्नेद्वारा त्यसको विपरित निर्वाणतर्फ झुकेको हुनाले दौडिन्छ। यसैले परित्याग प्रतिनिःसर्ग र पक्खन्दन प्रतिनिःसर्ग भनिन्छ। मार्ग समुच्छेद प्रहाणानुसार स्कन्धाभिसंस्कारसंगै क्लेशहरूलाई त्यागदछ र आलम्बन गर्नाले निर्वाणमा दौडिन्छ। यसैले परित्याग प्रतिनिःसर्ग र पक्खन्दन प्रतिनिःसर्ग भनिन्छ। दुवै पूर्वपूर्वको ज्ञानहरू पनि पछिपछि (अनुअनु) देख्नाले अनुपश्यना भनिन्छ। ती दुवैप्रकारका पनि प्रतिनिःसर्गानुपश्यी आश्वास-प्रश्वास गर्नेछु भनी अभ्यास गर्दछ भन्ने जान्नुपर्दछ।

यो चौथोचतुष्क शुद्ध विपश्यनानुसार नै भनिएको छ। तर पहिलेको तीन चतुष्क शमथ विपश्यनानुसार भनिएका छन्। यसरी चारै चतुष्कहरूअनुसार सोह्रवस्तुक आनापानस्मृतिको भावना जान्नुपर्दछ। यसप्रकार सोह्रवस्तुकअनुसार यो आनापानस्मृति महाफलवान् हुन्छ, महानिशंस भएको हुन्छ।

"भिक्षुहरू, यो आनापानस्मृति पनि समाधि भावना गरिएको, बढाएको शान्त र प्रणीत हुन्छन्" आदि संयुक्त निकाय (५२, ११)को वचनले शान्त हुने आदिअनुसारले पनि यसको महागुणवान् हुनेलाई जान्नुपर्दछ। वितर्कको उपच्छेदको लागि समर्थ हुनाले पनि जान्नुपर्दछ। यो शान्तप्रणीत-असेचनक-सुखविहार हुनाले समाधिको बिघ्नकारक वितर्कानुसार यताउता चित्तको दौडिनेलाई हटाएर आनापानको आलम्बनको अगाडि नै चित्तलगाउँदछ। यसैले अंगुत्तर निकाय (९, १, १) अनुसार भगवान्ले भन्नुभएको छ – "वितर्कहरूको उपच्छेदको लागि आनापानस्मृतिको भावना गर्नुपर्दछ।"

विद्या र विमुक्तिको पूर्णताको मूल हुनाले पनि यसको महागुणवान हुनेलाई जान्नुपर्दछ। मज्झिम निकाय (३, २, ८) अनुसार भगवान्ले भन्नुभएको छ - "भिक्षुहरू, आनापानस्मृतिको भावना गर्दा,बढाउँदा यो चार स्मृतिप्रस्थानहरूलाई परिपूर्ण गर्दछ। चारै स्मृतिप्रस्थान भावना गर्दा, बढाउँदा सात बोध्यङ्गहरू परिपूर्ण गर्दछन्। सातै बोध्यङ्ग भावना गर्दा, बढाउँदा विद्या र विमुक्तिलाई परिपूर्ण गर्दछन्।"

अन्तिम आश्वास-प्रश्वासको विदित हुनाले पनि यसको महागुणवान हुनेलाई जान्नुपर्दछ। मज्झिम निकाय (२, २, २) अनुसार भगवानले भन्नुभएको छ - "राहुल, यसप्रकार भावना गरिएको, बढाएको आनापानस्मृतिले जुन त्यो अन्तिम आश्वास-प्रश्वास हो, त्यो पनि विदितै भएर लय



Downloaded from http://www.dhamma.digital

हुन्छन् अविदित भएर होइन् ।"

लय भएअनुसार तीन अन्तिम छन् - (१) भव अन्तिम (२) ध्यान अन्तिम (३) च्युति अन्तिम । भवहरूमध्ये, कामभवमा आश्वास-प्रश्वास हुन्छन् । रूप र अरूपभवमा हुँदैनन् । यसैले ती भव अन्तिम हुन् । ध्यानमध्ये - प्रथमको तीनै ध्यानहरूमा हुन्छन्, चतुर्थमा हुँदेनन् । यसैले ती अन्तिम ध्यान हुन् । जुन च्यूतिचित्तपूर्व सोह्रौं चित्तसंग उत्पन्न भएर च्यूतिचित्तसंग लय हुन्छन् । ती अन्तिम चित्त हुन् । यही यहाँ अन्तिम मानिएका छन् ।

यस कर्मस्थानमा लागेका भिक्षुलाई आनापान आलम्बनको राम्ररी अभ्यस्त हुनाले च्युतिचित्तदेखि पूर्व १६ औं चित्तको उत्पत्तिको क्षण उत्पत्तिको आवर्जन गर्नेलाई त्यसको उत्पत्ति पनि प्रकट हुन्छ । स्थितिको आवर्जन गर्नेलाई त्यसको स्थिति पनि प्रकट हुन्छ र भंग (नाश) आवर्जन गर्नेलाई पनि त्यस भंगको पनि प्रकट हुन्छ ।

यसको अतिरिक्त अन्य कर्मस्थानको भावना गरी अर्हत्व पाउने भिक्षुलाई आयुको अवधि परिच्छन्न हुन्छ या अपरिच्छिन्न । तर यस सोह्रवस्तुहरू आनापानस्मृतिको भावना गरी अर्हत्व प्राप्त भएको आयुको अवधि परिच्छन्न नै हुन्छ । त्यो - "अब मेरो आयुसंस्कार यति (दिनहरूसम्म) प्रवर्तित हुनेछ, यसपश्चात् होइन", यसरी जानेर आफ्नो स्वभावले नै शरीर कृत्य, लगाउने, ओढ्ने आदि सबै कामहरूलाई गरी, कोटपर्वत (कोलपब्बु, श्रीलंका) विहारमा रहने तिष्य स्थविरसमान, महाकरञ्जिय विहारमा रहने मकहातिष्य स्थविरसमान, देवपुत्र महाराष्ट्रमा पिण्डपातिक तिष्य स्थविरसमान र चित्तल पर्वतवासी दुई दाजुभाई स्थविरहरूसमान आँखा बन्द गर्दछन् । उनीहरूमध्ये एकको कथा यहाँ दिइन्छ –

## दुई दाजुभाई स्थविरहरूको कथा

दुई दाजुभाई स्थविरहरूमध्ये एक पूर्णिमाको उपोशथको दिन प्रातिमोक्षलाई समाप्ति गरी भिक्षुसंघद्वारा घेरिएको आफ्नो वासस्थानमा हिंडडुल स्थानमा जानुभएर, उभिनुभयो । चन्द्रमाको प्रकाशलाई आफ्नो आयुसंस्कारहरूलाई विचार गर्दै भिक्षुसंघलाई भन्नुभयो – "तपाईहरूले पहिले कहिले परिनिवृत्त हुँदै गरेको भिक्षुहरूलाई देख्नुभएको छ ।" उनीहरूमध्ये कसैकसैले भन्यो "हामीहरूले पहिले आसनमा बसेर नै परिनिवृत्त भएका भिक्षुहरूलाई देखेका छौं ।" अरु कसैले भन्यो 'हामीहरूले आकाशमा पलेटी कसेर, बसेर पनि निवृत्त भएको देखेका छौं ।' तब स्थविरले भन्नुभयो 'अब म तपाईहरूलाई चक्रमण गर्दै नै परिनिवृत्त हुनेलाई देखाउने छु ।" त्यति भन्नुभएपछि चक्रमण स्थानमा रेखा तानेर - "म यस चक्रमणको छेउबाट अर्को छेउमा गएर फर्किएको समय यस रेखामा आइपुग्दा नै परिनिवृत्त हुनेछु" भन्नुभएर चक्रमणमा उत्रेर दोस्रो भागमा गएर फर्किनुहुँदा एक खुट्टाले त्यस रेखालाई छुनासाथ परिनिवृत्त हुनुभयो ।

*तस्मा हवे अप्पमत्तो अनुयुञ्जेथ पण्डितो ।*
*एवं अनेकानिसंसं आनापानसति सदा ॥*

(यसैले यस्तो अनेक गुण भएको आनापानस्मृतिमा पण्डित व्यक्ति अप्रमत्त भई जुटोस् ।)



Downloaded from http://www.dhamma.digital

## उपशमानुस्मृति

आनापानस्मृतिपश्चात् भनिएको उपशमानुस्मृतिको भावना गर्ने इच्छा भएको योगीले अंगुत्तर निकाय (३, ५७) अनुसार एकान्तमा गएर एकाग्रचित्त भएर

*"यावता भिक्खवे, धम्मा संखता वा असंखता वा, विरागो तेसं धम्मानं अग्गमक्खायति, यदिदं मदनिम्मदनो पिपास-विनयो आलयसमुग्घातो वट्टपच्छेदो तण्हक्खयो विरागो निरोधो निब्बानं।"*

(भिक्षुहरू जहाँसम्म संस्कृत धर्म या असंस्कृत धर्म छन् त्यस धर्मका विराग (निर्वाण) अग्र भनिन्छ, जुन मदलाई निर्मद गर्ने हो, प्यास तृष्णालाई बुझाउने हो, आलय रागलाई नष्ट गर्ने हो ... वर्त्त (संसार चक्र)को उपच्छेद गर्ने हो, तृष्णा क्षय, विराग, निरोध, निर्वाण हो ।)

यसप्रकार सारा दुःखहरूको उपशम भनिने निर्वाणको गुणहरूको अनुस्मरण गर्नुपर्दछ ।

यहाँ, यावता = जहाँसम्म (जाति) । धम्मा = स्वभाव । संखता वा असंखता वा = जुटाई मिलाई प्रत्ययहरूद्वारा बताइएको या नबनाएको । विरागो तेसं धम्मानं अग्गामक्खायति = त्यस संस्कृत-असंस्कृतधर्महरूको विराग अग्र भनिएको छ, श्रेष्ठ, उत्तम भनिन्छ ।

विरागो = रागको अभाव मात्र होइन, प्रत्युत जुन मदलाई निर्मद गर्ने हो ... निर्वाण हो । जुन त्यो मदलाई निर्मद गर्ने आदि नाम असंस्कृतधर्म हुन्छ, त्यसलाई विराग जान्नुपर्दछ । जुन प्राप्त हुँदा सारा मान, मद, पुरुष मद, आदि मद, निर्मद, अमद भइजान्छन्, विनष्ट भइजान्छन्, यसैले मदनिम्मदनो (मदलाई निर्मद गर्ने) भनिन्छ । जुन प्राप्त हुँदा सबै कामको प्यास बुझ्दछ, अस्त हुन्छ, यसैले पिपास विनयो (प्यास बुझाउने) आदि भनिन्छ । जुन प्राप्त हुँदा पाँच कामगुणहरूको आलय (राग) नष्ट हुन्छ, यसैले आलय समुग्घातो (आलयलाई नष्ट गर्ने) भनिन्छ । जुन प्राप्त हुँदा तीनै भवहरूको चक्कर नाश हुन्छ, यसैले वट्टपच्छेदो (संसारको चक्करलाई खत्म गर्ने) भनिन्छ । जुन प्राप्त हुँदा सबप्रकारले तृष्णा क्षय हुन्छ, विरागलाई प्राप्त हुन्छ, लय हुन्छ, यसैले तण्हक्खयो विरागो निरोधो भनिन्छ । यी चार योनीहरू, पाँच गतिहरू, सात विज्ञानको स्थितिहरू र नौ सत्वावासहरूलाई एकपछि दोस्रोलाई केलाउने, बाँध्ने, सिउनाले, 'वाण' नामले चिनिने 'तृष्णा'बाट निस्केको हुन्छ, उसलाई छोडेको छ, अलग भएको छ, यसैले निर्वाण भनिन्छ ।

यसप्रकार यसको मदलाई निर्मद गर्ने आदिको गुणहरूअनुसार निर्वाण भनिने उपशमको अनुस्मरण गर्नुपर्दछ । जो अन्य पनि संयुक्त निकाय (४१, १, २) अनुसार भगवान्द्वारा- "भिक्षुहरू, तिमीहरूलाई असंस्कृतको उपदेश गर्दछु .... सत्य ...... पार ...... सुदुर्दश्य ..... अजर .... ध्रुव ..... विष्प्रपञ्च .... अमृत .... शिव ..... क्षेम ...... अद्‌भूत अनीतिक (अनर्थरहित) .... निर्दुःख (अनापद्य) ... विशुद्धि .... द्वीप ..... भिक्षुहरू, तिमीहरूलाई त्राणको उपदेश गर्दछु" आदि सूत्रहरूमा उपशयको गुण भनिएका छन्, त्यसानुसारले पनि अनुस्मरण गर्नुपर्दछ ।

यसरी मदलाई निर्मद गर्ने आदि गुणानुसार अनुस्मरण गर्ने त्यस योगीलाई "त्यस समय रागले लिप्त चित्त हुँदैन, न द्वेषले चित्त, न मोहले लिप्त हुन्छ । त्यस समय उसको चित्त उपशम (निर्वाण)प्रति



Downloaded from http://www.dhamma.digital

सिधा नै हुन्छ।" बुद्धानुस्मृतिादिमा भनिएअनुसार नै दबिएको नीवरण हुनेलाई एकै क्षण ध्यानांग उत्पन्न हुन्छन्। उपशमको गुणहरूको गम्भीरताले या नाना प्रकारको गुणहरूको स्मरण गर्नुमा लागेको कारणले अर्पणालाई प्राप्त नगरी ध्यान उपचार नै प्राप्त हुन्छ। त्यो उपशमको गुणहरू अनुस्मरण गर्नाले उत्पन्न हुनाको कारण उपशमानुस्मृति नै भनिन्छ।

६ अनुस्मृतिहरूसमान यो पनि आर्यश्रावकलाई नै सिद्ध हुन्छ। यस्तो हुँदा पनि उपशमतर्फ झुकिरहने पृथग्जनलाई यसलाई मनन गर्नुपर्दछ। श्रुतले पनि उपशममा चित्त प्रसन्न हुन्छ।

यस उपशमानुस्मृतिमा लागेको भिक्षु सुखपूर्वक सुत्दछ। सुखपूर्वक सुतेर उठ्दछ। शान्त इन्द्रिय, शान्त मनयुक्त हुन्छ। लज्जा संकोचयुक्त, प्रासादिक, प्रणीत र अधिमुक्ति भएको हुन्छ। सब्रह्मचारिहरूको लागि गौरवयोग्य र सत्कार प्राप्त हुन्छ। अगाडि प्रतिवेध प्राप्त नहुँदा सुगति परायण हुन्छ।

*तस्मा हवे अप्पमत्तो भावयेथ विचक्खणो।*
*एवं अनेक्कानिसंसं अरिये उपसमे सतिं॥*

(यसैले अनेक गुण भएको आर्य उपशमानुस्मृतिमा पण्डित व्यक्ति अप्रमत्त भई जुटोस्।)

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धिमार्गमा समाधि भावनाको भागमा*
*अनुस्मृति कर्मस्थान निर्देश नामक*
*आठौं परिच्छेद समाप्त*

Dhamma Digital



Downloaded from http://www.dhamma.digital

# नवौं परिच्छेद

## ब्रह्मविहार निर्देश

### मैत्री ब्रम्हविहार

अनुस्मृति कर्मस्थानपश्चात् भनिएको-मैत्री, करुणा, मुदिता, उपेक्षा - यी चार ब्रह्मविहारमध्ये मैत्रीको भावना गर्ने इच्छा हुने प्रारम्भिक योगीले बिघ्नहरूलाई हटाएर, कर्मस्थानलाई ग्रहण गरी भोजन गरी, भोजनबाट उत्पन्न शरीरको पीढालाई मिटाएर एकान्त स्थानमा राम्ररी बिछ्याएको आसनमा सुखपूर्वक बसेर, प्रारम्भमा द्वेषमा अवगुण र शान्तिमा गुणको प्रत्यवेक्षण गर्नुपर्दछ ।

किन यस भावनाबाट द्वेषलाई त्याग्नुपर्दछ ? शान्तिलाई प्राप्त गर्नुपर्दछ । तर नदेखिएको कुनै पनि अवगुण हटाउन सकिंदैन या नजानिएको आनिशंस पनि प्राप्त गर्न सकिंदैन । यसैले अंगुत्तर निकायको सूत्रानुसार "आवुसो, द्वेषले दुषित भएको, पछारिएको, सबप्रकारले पक्रिएको चित्तले जीवहिंसा पनि गर्दछ" आदि द्वेषमा अवगुण देख्नुपर्दछ ।

धम्मपद (१४, ६) -

*खन्ती परमं ततो तितिक्खा ॥*

*निब्बानं परमं वदन्ति बुद्धा ॥*

(क्षान्ति नामले भनिने तितिक्षा (सहनशीलता) परम तप हो, बुद्धहरू निर्वाणलाई परमपद बताउँछन् ।)

धम्मपद (२६, १७) -

*खन्तिबलं बलानीकं तमहं ब्रूमि ब्राह्मणं ।*

(क्षमाबल नै जसको बल (सेना) को सेनापति हो, उसलाई म ब्राह्मण भन्दछु ।)

संयुक्त निकाय (१) -

*खन्त्या भिय्यो न विज्जति ।*

(क्षमाभन्दा ठूलो अन्य केही छैन ।)

आदिअनुसार क्षमा (क्षान्ति) मा आनिशंस जान्नुपर्दछ । यसप्रकार द्वेषको अवगुण देख्नाले द्वेषबाट चित्तलाई अलग गर्ने र क्षमाको गुण देख्नाले क्षमामा लगाउनको लागि मैत्रीभावना प्रारम्भ गर्नुपर्दछ । मैत्रीभावना आरम्भ गर्नेलाई प्रारम्भदेखि नै व्यक्तिको दोषहरूलाई जान्नुपर्दछ ।

निम्न व्यक्तिहरूमा मैत्रीभावना पहिला गर्नु हुँदैन ।

(१) अप्रिय व्यक्ति, (२) अति प्रिय सहायक, (३) मध्यस्थ र (४) वैरी - यी चारै जनामा पहिले



Downloaded from http://www.dhamma.digital

मैत्रीभावना गर्नु हुदैन ।

के कारणले अप्रिय आदिमा पहिला भावना गर्नु हुँदैन ? अप्रियलाई प्रियको स्थानमा राख्दै मन क्लान्त हुन्छ । अत्यन्त प्रिय सहायकलाई मध्यस्थको स्थानमा राख्दै क्लान्त हुन्छ । उसको थोरै दुःख उत्पन्न हुँदा पनि रूनेसमान हुन जान्छ । मध्यस्थलाई गौरव र प्रियको स्थानमा राख्दै क्लान्त हुन्छ । वैरीको अनुस्मरण गर्नेलाई क्रोध उत्पन्न हुन्छ । यसैले अप्रिय आदिमा पहिले भावना गर्नु हुँदैन ।

निम्न व्यक्तिहरूमा भावना गर्नु हुँदैन ।

(१) असमान लिङ्ग (स्त्री आदि विसम लिङ्ग) मा यशोधरा, उत्पलवर्णा, रूपनन्दा आदि नामले भाग गरी भावना गर्नु हुँदैन । (२) मरिसकेको व्यक्तिप्रति भावना गर्नु नै हुँदैन ।

असमान लिङ्गमा प्रियप्रति भाग गरी भावना गर्नेलाई राग उत्पन्न हुन्छ । जस्तै-

## अमात्यपुत्रको कथा

कुनै एक अमात्यको छोराले कुलपुग स्थविरसंग सोध्यो - "भन्ते, मैत्रीभावना कसप्रति गर्नुपर्दछ ?" स्थविरले "प्रिय व्यक्तिमा" गर्नुपर्छ भन्नुभयो । उसलाई आफ्नी स्त्री प्यारो थियो, त्यसैले ऊ उसैमा मैत्रीभावना गर्न थाल्यो । शीलको अधिष्ठान गरी, ढोका बन्द गरी, कोठामा बसेर मैत्रीभावना अभ्यास गर्दा पत्नीप्रतिको रागले गर्दा मैत्रीभावनाको सट्टा राग नै वृद्धि भएर आयो । तब पत्नीप्रतिको रागले अन्धा भएर पत्नीकहाँ जान खोज्दा अन्धकारमा ढोकालाई ठीकढंगले पत्ता लगाउन नसक्दा, भित्तालाई नै प्वाल पारी (भत्काई) जाने इच्छाले भित्तालाई लात हान्यो । यसैले असमान लिङ्गमा भाग गरी भावना गर्नु हुँदैन ।

## एक तरूण भिक्षुको कथा

मृतव्यक्तिप्रति भावना गर्दा न त अर्पणालाई प्राप्त हुन्छ र न उपचारमध्ये कुनैलाई नै । जस्तै- एक तरुण भिक्षुले आचार्यप्रति मैत्री गर्न आरम्भ गऱ्यो । उसलाई मैत्री हुन पाएन । ऊ महास्थविरकहाँ गएर - "भन्ते, मलाई मैत्रीध्यानको समापत्ति अभ्यस्त छ, तर त्यसलाई प्राप्त हुन सकेन, के कारण हो ?" भन्यो । स्थविरले - "आवुसो, निमित्तलाई खोज" भन्नुभयो । ऊ त्यसलाई खोज्दै आचार्यको मृत्यु भएको कुरा जानेर, पछि अरूप्रति मैत्री गर्दै समापत्ति प्राप्त गऱ्यो । यसैले मरेको व्यक्तिमा भावना गर्नु हुँदैन ।

## भावना विधि

सबभन्दा पहिला "अहं सुखितो होमि, निदूदुक्खो" (म सुखी होऊँ, दुःखरहित होऊँ) या - "अवेरो अव्यापज्झो अनीघो सुखी अत्तानं परिहरामि" (म वैररहित होऊँ, व्यापादरहित होउँ, उपद्रवरहित होउँ, सुखपूर्वक आफ्नो परिहरण गर्दैछु) यसरी वारम्वार आफूमा नै भावना गर्नुपर्दछ ।

यसो हुँदा जुन विभंगमा भनिएको छ - "कसरी, भिक्षु मैत्रीयुक्त चित्तद्वारा एक दिशालाई पूर्ण गरी विहार गर्दछ ? जसरी एक प्रिय, मनाप, व्यक्तिलाई देखेर मैत्री गर्दछ, त्यसरी नै सारा सत्वहरूलाई मैत्रीले पूर्ण गर्दछ ।" जुन पटिसम्भिदामग्गमा - "कुन पाँच आकारहरूले सीमारहित मैत्री चेतोविमुक्ति हो ?"

*सब्बे सत्ता अवेरा अव्यापज्झा अनीघा सुखी अत्तानं परिहरन्तु । सब्बे पाणा ... सब्बे भूता ... सब्बे*



Downloaded from http://www.dhamma.digital

*पुग्गला ... सब्बे अत्तभाव-परियापन्ना अवेरा अव्यापज्झा अनीघा सुखी अत्तानं परिहरन्तू ति ।"*

(सारा सत्वहरू वैररहित, व्यापादरहित, उपद्रवरहित, सुखपूर्वक आफ्नो परिहरण गरोस् । सारा प्राणी ... सारा भूत (उत्पन्न भएको जीव) ... सारा व्यक्ति ... सारा आत्मभाव (पञ्चस्कन्धबाट बनेको शरीर)मा परेकाहरू वैररहित, उपद्रवरहित, सुखपूर्वक आफ्नो परिहरण गरोस् ।)

आदि भनिएका छन् । तर जुन सुत्त निपातको मेत्त सुत्त (१,८) अनुसार –
*सुखिनो वा खेमिनो होन्तु सब्बे सत्ता भवन्तु सुखितत्ता ।*

(सारा सत्त्व सुखी, कल्याण प्राप्त होउन्, ती सुखी चित्त भएको होउन् ।)

भनिएको छ । के त्यो विरुद्ध हुन्छ ? त्यो विरुद्ध हुँदैन । किनकि त्यहाँ आफूमा भावना गरिएको छैन । किन ?

किनकि त्यो मेत्त सुत्तमा अर्पणानुसार भनिएको छ र यो साक्षी भएअनुसार भनिएको छ । यदि सय या हजार वर्ष - 'म सुखी होउ' आदिढंगले आफूमा मैत्रीभावना गर्दछ, तब उसलाई अर्पणा उत्पन्न हुँदैन, तर 'म सुखी होऊँ' यसरी भावना गर्नेलाई - जसरी म सुखी चाहन्छु र मर्न चाहँदिन - यसरी अन्य सत्व पनि छन् आदि यसप्रकार आफूलाई साक्षी गर्दा अन्य सत्वहरूप्रति हितसुखको चाहना उत्पन्न हुन्छ । - संयुक्त निकाय (३, १, ८) र उदान (५, १) अनुसार भगवान्ले भन्नुभएर यस नयलाई देखाउनुभएको छ ।

*सब्ब दिसा अनुपरिगम्म चेतसा नेवज्झगा पियतरमत्तना क्वचि ।*
*एवं पियो पुथु अत्ता परेसं तस्मा न हिंसे परमत्तकामो ॥*

(सारा दिशाहरूमा चित्तद्वारा भ्रमण गर्दा आफूभन्दा प्रियतर कसैलाई पाइन्न, यसरी नै अन्य प्राणीहरूलाई आफू सबैभन्दा प्रिय छ । यसैले आफ्नो हितसुखको लागि अरूको हिंसा नगरून् ।)

यसैले साक्षी हुनको लागि पहिले आफूलाई मैत्रीद्वारा पूर्ण गरी त्यसपश्चात् सुखपूर्वक प्रवर्तित हुनको लागि जो उसको प्रिय, मनाप, गौरवणीय, सत्कारयोग्य आचार्य या आचार्यजस्तै उपाध्याय या उपाध्यायजस्तै छ, उसको प्रियमनाप भएको कारण दान, प्रिय वचन आदि र गौरव, सत्कार पाउने कारण शील, श्रुत आदिलाई अनुस्मरण गरी - "यो सत्पुरुष सुखी होस्, दुःखरहित होस्" आदिढंगले मैत्रीभावना गर्नुपर्दछ । यसप्रकारको व्यक्तिमा मैत्री गर्नाले अवश्य अर्पणा प्राप्त हुन्छ ।

यस भिक्षुले यतिमा नै सन्तोष नगरी सीमाको उल्लंघन गर्ने इच्छाले त्यसपछि अत्यन्त प्रिय सहायकप्रति, अत्यन्त प्रिय सहायकपछि मध्यस्थप्रति, मध्यस्थपछि वैरी व्यक्तिप्रति मैत्रीभावना गर्नुपर्दछ । भावना गर्नेलाई एकएक भागमा चित्तलाई मृदु, काम गर्नयोग्य (कर्मण्य) गरी त्यसपछिको भागमा लैजानुपर्दछ । तर जसको वैरी व्यक्ति छैन या महापुरुषको स्वभाव भएको छ, जो अनर्थ गर्दा पनि अरूप्रति वैरीको विचार राख्दैन, उसलाई "मध्यस्थप्रति मेरो मैत्री चित्त कर्मण्य भैसक्यो अब त्यसलाई वैरीप्रति लैजान्छु" यसरी भावना गर्नु नै पर्दैन । तर जसको द्वेष भाव हुन्छ उसप्रति मात्र भनिएको छ – "मध्यस्थपश्चात् वैरी व्यक्तिप्रति मैत्रीको भावना गर्नुपर्दछ ।"



Downloaded from http://www.dhamma.digital

यदि उसले वैरीप्रति चित्तलाई लैजाँदा त्यसबाट गरिएको अपराधहरूका अनुस्मरणद्वारा प्रतिहिंसाको भावना उत्पन्न हुन्छ भने त्यसभन्दा अन्य व्यक्तिहरूप्रति मैत्री भावना गर्नुपर्दछ, जहाँ उसलाई कहीं मैत्रीभावना प्राप्त हुन्छ । त्यसपछि फेरि वारम्वार त्यही वैरी व्यक्तिप्रति मैत्री गर्दै प्रतिहिंसाको भावना मेटाउनुपर्दछ । यदि यसरी पनि प्रयत्न गर्नाले वैर शान्त हुँदैन भने –

*ककचूपम ओवादआदीनं अनुसारतो ।*
*पटिघस्स पहानाय घटितब्बं पुनप्पुनं ॥*

(ककचूपम (आराको उपमा)को उपदेशादिअनुसार प्रतिघ (प्रतिहिंसाको भाव)लाई हटाउनको लागि पुनः पुनः प्रयत्न गर्नुपर्दछ ।)

त्यो पनि यस आकारले आफूलाई उपदेश गर्दै नै - "अरे, क्रोधी मानिस, मज्झिम निकाय (१, ३) अनुसार के भगवान्ले भन्नुभएन - "भिक्षुहरू, यदि दुवैतिर बिंड भएको आराले लुटेराहरू चोरले अंगप्रत्यंग चीरिदियो भने पनि जसले मनलाई द्वेषयुक्त गर्दछ, ऊ मेरो अनुशासन पालन गर्ने हुने छैन ।" त्यसरी नै संयुक्त निकाय (११,१,४) अनुसार –

*"तस्सेव तेन पापियो यो कुद्धं पटिकुज्झति ।*
*कुद्धं अप्पटिकुज्झन्तो सङ्गामं जेति दुज्जयं ॥"*

(जसले क्रोधीप्रति क्रोध गर्दछ, त्यसबाट उसैलाई खराबी हुन्छ । क्रोधीप्रति क्रोध नगर्ने व्यक्ति दुर्जय संग्राम पनि जित्छ ।)

*"उभिन्नमत्थं चरति अत्तनो च परस्स च ।*
*परं संकुपितं ञत्वा यो सतो उपसम्मति ॥*

(अरुलाई क्रुद्ध भएको जानेर जो स्मृतिवान् शान्त हुन्छ, ऊ आफ्नो र अरूको दुवैको भलाई गर्दछ ।

अंगुत्तर निकाय (७,६,११) अनुसार भगवान्ले भन्नुभएको छ – "भिक्षुहरू, यी सात कुराहरू वैरीहरूद्वारा इच्छित छन्, वैरीहरूद्वारा करणीय छन्, जुन क्रोध स्वभाव भएकी स्त्री या पुरुषमा विचार उत्पन्न हुन्छन् । कुनचाहिं सात ? भिक्षुहरू, यहाँ एक वैरीले अर्को वैरीको लागि यस्तो चाहन्छ (१) धेरै राम्रो हुन्थ्यो कि यदि ऊ कुरुप भएमा । त्यो के कारणले ? भिक्षुहरू, कुनै एक वैरी अर्को वैरी रूपवान् भएको देखेर प्रसन्न हुँदैन । भिक्षुहरू पुरुष, पुद्गल क्रोधी स्वभाव भएको छ , क्रोधले पछारेको छ, क्रोधको वशीभूत छ । यद्यपि ऊ राम्ररी स्नान गरेको, सुन्दरढंगले लेपन गरेको, केश, आँखिभौं बनाएको र सेतो वस्त्र लगाएको हुन्छ, तर ऊ क्रोधले पछारेको हुनाले कुरुप नै हुन्छ । भिक्षुहरू, यो पहिलो कुरा वैरीहरूद्वारा इच्छित, वैरीहरूद्वारा करणीय छ, जुन क्रोध स्वभाव भएको स्त्री या पुरुषको मनमा विचार उत्पन्न हुन्छ ।

फेरि भिक्षुहरू वैरीको लागि वैरी यस्तो चाहन्छ – "धेरै राम्रो हुन्थ्यो कि यो (२) दुःखपूर्वक सुतोस् ।" (३) धेरै धनवान नहोस् (४) धनसम्पत्ति भएको नहोस् (५) यश नहोस् (६) मित्रहरू नहोस् (७) शरीर छुटेर मरणपछि सुगतिलाई प्राप्त गरी स्वर्ग लोकमा उत्पन्न नहोस् । त्यो के कारण ? भिक्षुहरू एक वैरी अर्को वैरी सुखपूर्वक सुतेको .... स्वर्गगमनदेखि प्रसन्न हुँदैन । भिक्षुहरू, यो पुरुष पुद्गल क्रोधी



Downloaded from http://www.dhamma.digital

स्वभाव भएको छ, क्रोधले पछ्यारेको छ, क्रोधले वशीभूत छ। कायले दुश्चरित गर्दछ। वचनले, मनले दुश्चरित गर्दछ। त्यो काय, वचन, मनले दुश्चरित गरी शरीर छुट्दा परम मरणपछि क्रोधले पछ्यारेको अपाय=दुर्गति=विनिपात = निरय (नर्क) मा उत्पन्न हुन्छ।"

साथै अंगुत्तर निकाय र इतिवुत्तक (५,२) अनुसार भगवान्ले भन्नुभएको छ, "जसरी भिक्षुहरू मुरदाठी (चिताको आधा जलेको दाउरा, बाँस) दुवैतिरबाट जलेको होस् र बीचमा गुहु लागेको होस्, त्यो न त गाउँमा दाउराको काम दिन्छ न जंगलमा नै दाउराको काम दिन्छ। भिक्षुहरू म यस क्रोधी पुरुष पुद्गललाई त्यस्तै नै भन्दछु।"

"तिमी यसरी क्रोध गर्दै भगवान्को शासन (आज्ञा) गर्ने हुँदैनौ, क्रोधीप्रति क्रोध गर्दै क्रुद्ध पुरुषभन्दा खराब भएर दुर्जय संग्रामलाई जित्दै वैरीहरूद्वारा गरिने कुरालाई आफैं गर्दछौ र मुरदाठीसमान हुन्छौ।" योगीले आफूलाई यसरी सम्झाउने प्रयत्न र उद्योग गर्दा यदि त्यो वैरभाव शान्त हुन्छ भने धेरै राम्रो, यदि शान्त हुँदैन भने त्यस भावना गरिएको पुरुषको जुनजुन कुरा शान्त र परिशुद्ध गुणहरू हुन्छन्, र अनुस्मरण गर्दा योगीको चित्तलाई प्रसन्न गर्दछन्, त्यसत्यसलाई अनुस्मरण गरी वैरभावलाई मिटाउनुपर्दछ।

कसैकसैको कायिक कर्म मात्र उपशान्त हुन्छ र उसको उपशान्त भएको धेरैजसो व्रतप्रतिव्रत गर्ने व्यक्ति सबैले जान्दछन् तर उसको वाचिक कार्य र मनोकर्म शान्त हुँदैनन्। यस्तो अवस्थामा योगीले त्यस व्यक्तिको अशान्त कर्महरू बारे नसोचेर कायिक कार्यको उपशम मात्रै अनुस्मरण गर्नुपर्दछ।

कसैकसैको वाचिक कर्म उपशान्त हुन्छ, त्यसको उपशान्त भएको सबैले जान्दछन्। ऊ स्वभावैले कुशल क्षेम (भलाकुसारी) सोध्ने हुन्छ, हँसिलो अनुहार, सुखपूर्वक कुराकानी गर्ने, संमोहन गर्ने हुन्छ। उतान मुख, पहिले बोल्ने, मधुर स्वरले धर्मको पाठ गर्ने हुन्छ। अव्याकुल, परिपूर्ण पद व्यञ्जनहरूले धर्म भन्दछ। तर काय कर्म र मनोकर्म उपशान्त हुँदैनन्, तब योगीले ती अशान्त कर्महरूलाई नसोचेर वचीकर्मको उपशमलाई मात्र अनुस्मरण गर्नुपर्दछ।

कसैकसैको मनोकर्म नै उपशान्त हुन्छ, उसको उपशान्त भएको चैत्य वन्दना आदिको समय सबैलाई प्रकट हुन्छ। जो अशान्त चित्त भएको हुन्छ, ऊ चैत्य, बोधि (वृक्ष) या वृद्ध भिक्षुहरू (स्थविरहरू) को वन्दना गर्दै सत्कारपूर्वक वन्दना गर्दैन। धर्मश्रवण गर्ने स्थानमा विक्षिप्त चित्त भएर या झप्कि मार्दै बस्दछ तर उपशान्त चित्त हुने श्रद्धापूर्वक सत्कारपूर्वक वन्दना गर्दछ। कान लगाएर, चित्त दिएर शरीर या वचनले चित्तको प्रसन्नतालाई प्रकट गर्दै धर्म सुन्दछ। यसप्रकार एकको मनोकर्म नै उपशान्त हुन्छ। शारीरिक र वाचिक कर्म उपशान्त हुँदैनन्। तब योगीले त्यस व्यक्तिको अशान्त कर्महरू बारे नसोचेर मनोकर्मको उपशमलाई मात्र अनुस्मरण गर्नुपर्दछ।

कसैकसैको तीनै कर्महरूमा एक पनि उपशान्त हुँदैन, त्यस व्यक्तिप्रति, यद्यपि यो यस समय मनुष्य लोकमा विचरण गर्दैछ तथापि केही दिन वित्दा संजीव, कालसूत्र, संघात, रौरव, महारौरव, तापन, महातापन र अवीचि आठ महानिरयहरू र अवीचि महानिरयको चारैद्वारमा चारचार गरी कुक्कुल आदि सोह्र उत्सद निरयहरू आदिमा वास गर्न जाने व्यक्ति हुनेछ भनी करुणा गर्नुपर्दछ। कारुण्यको कारण वैरभाव शान्त हुन्छ।



Downloaded from http://www.dhamma.digital

कसैकसैको यी तीनै कर्महरू शान्त हुन्छन् । तब योगीलाई जुनजुन कर्म रुच्दछ त्यसत्यसलाई अनुस्मरण गर्नुपर्दछ । यसप्रकारको व्यक्तिप्रति मैत्री भावना गर्नु कठिन हुँदैन ।

यसको अर्थलाई स्पष्ट गर्नको लागि - "आवुसो, यी पाँच वैरभावलाई हटाउने हुन्, जहाँ कि भिक्षुको उत्पन्न वैरभाव सबैप्रकारले हटाउनुपर्दछ" अंगुत्तर निकार (५,१,१)को पञ्चक निपातमा आएको यस आघात प्रतिविनय सूत्रको विस्तार गर्नुपर्दछ ,।

यदि यसप्रकारले पनि मैत्रीको प्रयत्न गर्नेलाई वैरभाव अझै उत्पन्न हुन्छ भने उसले आफूलाई यसरी उपदेश गर्नुपर्दछ –

*अत्तनो विसये दुक्खं कतं ते यदि वेरिना ।*
*किं तस्साविसये दुक्खं सचित्ते कत्तुमिच्छसि ॥*

(यदि तिम्रो वैरीद्वारा आफूमाथि दुःख दिन्छ भने तिमी के कारणले उसको अगोचर भएको आफ्नो चित्तमा दुःख दिन चाहन्छौ ?)

*बहूपकारं हित्वान ञातिवग्गं रुदम्मुखं ।*
*महानत्थकरं कोधं सपत्तं न जहासि किं ॥*

(बहुउपकारक रुञ्चे मुख भएको आफ्नो आफन्तवर्गलाई छाड्न सक्नेले पनि महाअनर्थकारक वैरी यस क्रोधलाई के कारण छाड्दैनौ ?)

*यानि रक्खसि सीलानि तेसं मूल निकन्तनं ।*
*कोधं नामुपलादेसि को तया सदिसो जडो ॥*

(जुन शीलहरूको पालन गर्दछौ त्यसको मूल जरा काट्ने क्रोधलाई पुलपुल्याएर राख्दछौ भने तिमीजस्तो जड (मुर्ख) अरू को छ ?)

*कतं अनरियं कम्मं परेन इति कुज्झसि ।*
*किं नु त्वं तादिसं येव यो सयं कत्तुमिच्छसि ॥*

(अरू (शत्रू) द्वारा तिमीमाथि अनार्य (अनुचित) कर्म गरियो भनी क्रोध गरिरहेछौ । के तिमी त्यस्तै नै होइनौ र ? जुन कि स्वयं आफूमाथि गर्न चाहन्छौ ?)

*रोसेतुकामो यदि तं अमनापं परो करि ।*
*रोसुप्पादेन तस्सेव किं पूरेसि मनोरथं ॥*

(तिमीलाई क्रोधित गर्ने इच्छाले यदि अरुले अप्रिय काम गऱ्यो भने उसप्रति क्रोध उत्पन्न गरी उसैको मनोरथ के कारणले पूर्ण गरिरहेछौ ?)

*दुक्खं तस्स च नाम त्वं कुद्धो काहसि वा न वा ।*
*अत्तानं पनिदानेव कोधदुक्खेन बाधसि ॥*

(तिमी क्रुद्ध भएर उसलाई दुःखीत गर्छौ या गर्दैनौ निश्चित छैन, तर क्रुद्ध भएर अहिले क्रोधको दुःखले आफैलाई पीढित गरिरहेछौ ।)

*कोधन्धा अहितं मग्गं आरुल्हा यदि वेरिनो ।*
*कस्मा तुवम्पि कुज्झन्तो तेसं येवानुसिक्खसि ॥*



Downloaded from http://www.dhamma.digital

(क्रोधले अन्धा भएको वैरी यदि खराब मार्गमा हिंडिरहेछ भने तिमी पनि क्रोध गरी किन उनीहरूकै अनुकरण गरिरहेछौ ?)

*यं रोसं तव निस्साय सत्तुना अप्पियं कतं ।*
*तमेव रोसं छिन्दस्सु किमट्ठाने विहञ्ञसि ॥*

(शत्रुले जुन क्रोधको कारण तिम्रो अप्रिय काम गरेको छ, त्यसै क्रोधलाई त्यागिदेऊ, विनामतलबको के कारण दुःख पाइरहेछौ ?)

*खणिकत्ता च धम्मानं यहि खन्धेहि ते कतं ।*
*अमनापं निरुद्धा ते कस्स दानीध कुज्झसि ॥*

(सबै धर्महरू क्षणिक हुनाले जुन स्कन्धहरूले तिम्रो लागि अप्रिय काम गरिएको थियो त्यो निरुद्ध भइसक्यो, अब यहाँ के को लागि क्रोध गरिरहेछौ ?)

*दुक्खं करोति यो यस्स तं विना कस्स सो करे ।*
*सयम्पि दुक्खहेतु त्वमिति किं तस्स कुज्झसि ॥*

(जो जसको लागि दुःख दिन्छ, ऊ त्यस पुरुषविना कसको लागि क्रोध गर्दछ । यसप्रकार स्वयं पनि तिमी दुःखको हेतु हौ । उसको लागि के कारण क्रोध गरिरहेछौ ?)

यदि यसरी आफूलाई उपदेश दिंदा पनि वैर शान्त हुँदैन भने उसले आफू र अन्यको कर्मस्वकत्व (कर्मायत्त-आफूले गरेको कर्म आफ्नै हुन्छ) को प्रत्यवेक्षण गर्नुपर्दछ । त्यसमा आफूलाई यसरी प्रत्यवेक्षण गर्नुपर्दछ "हे पुरुष ! तिमी उसको लागि क्रोध गरी के गर्छौ ? द्वेषको कारण भएको यो काम तिम्रै अनर्थको लागि हुनेछ । तिमी कर्मस्वक हौ, कर्मदायक, कर्मयोनि, कर्मवन्धु, कर्मप्रतिशरण, जुन काम गर्दछौ, त्यसको दायाद (अंशियार) हुनेछौ । यो तिम्रो कर्म न त सम्यकसम्बोधि, न प्रत्येकबोधि, न श्रावकबोधि र न ब्रह्मत्व, न शक्रत्व (इन्द्रत्व), न चक्रवर्ती, न प्रादेशिक राज्य आदि सम्पत्तिहरूमध्ये कुनै एक सम्पत्तिलाई पनि प्राप्त गराउनमा समर्थ छ । प्रत्युत शासन (बुद्धधर्म) बाट च्यूत गराएर जूठोखाने आदि हुने र निरयादिको विशेष दुःखहरूको लागि तिम्रो यो काम हुनेछ । त्यसैले तिमी क्रोधलाई गर्दै दुवै हातले ज्वालारहित रन्किएको आगोलाई या गुहुलाई लिएर अरुलाई हिर्काउने इच्छा हुने मानिससमान आफैंलाई नै पहिले पोलाउँदै र दुर्गन्ध गरिरहेछौ ।"

यसरी आफ्नो कर्मस्वकत्वको प्रत्यवेक्षण गरी, अरूलाई पनि यसप्रकार प्रत्यवेक्षण गर्नुपर्दछ - 'उनीहरू पनि तिम्रो लागि क्रोध गरी के गर्दछन् ? यो उनीहरूकै अनर्थको लागि हुन्छ होइन र ? यो आयुष्मान् कर्मसम्पति हो, कर्मअंशियार, कर्मयोनि, कर्मबन्धु, कर्मप्रतिशरण जुन काम गर्दछ, त्यसैको अंशियार हुनेछ । उसको यो कर्म न त सम्यक सम्बोधि, .... न प्रादेशिक राज्य आदि सम्पत्तिहरूमध्ये कुनै एक सम्पत्तिलाई नै प्राप्त गर्नको लागि समर्थ छ । प्रत्युत शासनदेखि च्युत गराएर जूठो खाने आदि बनाउने र नितर्क आदि विशेष दुःखहरूको लागि उसको यो कर्म हुनेछ । यो क्रोध गर्दै उल्टो हावामा उभिएर अरूमाथि धूलो फ्याँक्ने इच्छा हुने मानिससमान आफैंमाथि फ्याँक्दछ । धम्मपद (९,१०) अनुसार भगवान्ले भन्नुभएको छ –

*यो अप्पदुट्ठस्स नरस्स दुस्सति सुद्धस्स पोसस्स अनङ्गणस्स ।*
*तमेव बालं पच्चेति पापं सुखमो रजो पटिवातं व खित्तो ॥*



Downloaded from http://www.dhamma.digital

(जसले दोषरहित शुद्ध निर्मल पुरुषलाई दोष लगाउँछ भने त्यसै मूर्खलाई उसको पाप फर्किएर लाग्दछ । जसरी सूक्ष्म धूलोलाई हावा आउनेतिर फ्याँक्नाले, त्यो फ्याँक्नेमाथि नै पर्दछ ।)

यदि कर्मसम्पत्ति भएको प्रत्यवेक्षण गर्नेलाई क्रोध शान्त हुँदैन भने उसलाई शास्ताको पूर्वचर्या गुणहरूको प्रत्यवेक्षण गर्नुपर्दछ ।

यो प्रत्यवेक्षण गर्ने ढंग हो – 'हे प्रब्रजित, तिम्रो शास्ताले, सम्बोधिभन्दा पूर्व नै, सम्बुद्ध नहुनुभएको पूर्वजन्महरुमा बोधिसत्व हुँदा नै, चार असंख्य एक लाख कल्पमा पारमिताहरू पूर्ण गर्दै, उहाँलाई हत्या गर्ने वैरीहरूमाथि पनि आफ्नो चित्तलाई खराब गरेन होइन ? जस्तै -

## शीलव जातक (७२)

बोधिसत्वले आफ्नी देवीसंग व्यभिचार गर्ने पापी मन्त्रीलाई देश निकाला गरिदियो । त्यसको बदला लिन त्यस मन्त्रीले शत्रुराजासंग मिली शत्रुराजालाई उक्साएर हमला गराउन लगायो । पापी मन्त्रीद्वारा उक्साइएको शत्रुराजाले पनि सय योजन राज्य जितीसक्दा पनि त्यस शत्रुराजाप्रति आक्रमण गर्न तयार भएको आफ्ना भारदारहरुलाई शत्रुराजाप्रति मैत्रीभाव राखी बगेछ सत्यले अमात्यहरूलाई हतियारहरु छुन पनि दिएन ।

## महाशीलव जातक

शत्रू राजाले बोधिसत्व राजा र उनका हजार अमात्यहरूसहित पक्रेर काँचो श्मशानमा घाँटीसम्म जमिन खनेर गाडिदियो । तर पनि बोधिसत्व राजाले आफ्नो चित्तलाई एकरति पनि बिचलित गरेन । पछि लाश खान आएका श्यालहरू आफूनजिक आएपछि श्यालको घाँटीको माथिल्लो छालालाई दाँतले च्यापिराख्यो । श्याल पनि भाग्ने प्रयास गर्दा चारैखुट्टाले माटोहरु खोस्रिन थाल्यो । यसरी खोस्रिदै केही क्षणमा जमिन खुकुलो भयो । बोधिसत्वले पुरुषार्थ गरी बाहिर आएर अरु सबै मन्त्रीहरुलाई पनि बचाए । त्यसपछि श्मशानमा रहने यक्षको आनुभवले आफ्नो श्रीगर्भ (राजभवन) मा गएर, आफ्नो श्रीशयनमा सुतेको वैरीलाई देख्दा पनि क्रोध नगरीकन परस्पर शपथ गरी उसलाई मित्र बनाएर भन्यो –

*आसिंसेथेव पुरिसो न निब्बिन्देय्य पण्डितो ।*
*पस्सामि वोहमत्तानं यथा इच्छिं तथा अहु ॥*

(पण्डित पुरुष आशा गरोस् नै, उदाश नहोस् । म आफूलाई नै देख्दछु कि जसरी चाहें त्यस्तै नै भयो ।)

## खन्तिवादी जातक (३१३)

ब्राह्मण कुलमा जन्मिएको बोधिसत्वले करोडपति आमाबाबुको मृत्युपछि सारा धनहरु दान दिएर प्रब्रजित भयो । धेरै समय बितेर वृद्धावस्थामा शहर प्रवेश गर्दा उहाँप्रति प्रशन्न भएर सेनापतिले राजोद्यानमा आराम गर्न लगायो । त्यस समय राजा कलावुराज दिनको आराम गर्न युवतिहरुसहित त्यस उद्यानमा आए । राजा आराम गर्न पल्टिएको समयमा युवतिहरु उद्यान घुम्दा ऋषिलाई देखेर उपदेश सुन बसे । त्यसै समय राजा कलावुराज ब्युँझिंदा, युवतिहरु नपाएर खोज्दा, ऋषिको वरिपरी देखेर, रिसाएर सोध्यो - "श्रमण, तिमी कुन वादलाई मान्दछौ ?" ऋषिले "म क्षान्तिवादी हुँ" भनी जवाफ दियो । फेरि



Downloaded from http://www.dhamma.digital

"क्षान्तिवादी भनेको के हो ?" भनी सोध्दा ऋषिले " गाली दिँदा, हिर्काउँदा, पिट्दा, जिस्क्याउँदा अक्रोधी भई बस्नु, सहनु" भनी जवाफ दियो । तब निर्बुद्धि राजा कलावुराजले " तब हेरौंला" भन्दै जल्लादलाई बोलाएर ऋषिलाई चाबुकले हिर्काउने, हातखुट्टा कटाउन लगाए । तैपनि बेधिसत्व ऋषिले त्यस राजाप्रति एकरति पनि क्रोध गरेन ।

यो आश्चर्यको कुरा होईन जो बूढा प्रब्रजितले मात्र यस्तो गरोस् । चूल धम्मपाल जातक (१५८) मा त उतानो सुत्ने बच्चाले पनि त्यसरी सहेर बस्यो । बाबु महाप्रताप नामक राजाद्वारा चारैवटा हात खुट्टालाई बाँसको कप्टेरोसमान कटाई पठाउँदा उनकी आमाले निम्नप्रकार विलाप गरिन् –

*चन्दनरसानुलित्ता बाहा छिज्जन्ति धम्मपालस्स ।*
*दायादस्स पथब्या पाणा मे देव ! रूज्झन्ति ॥*

(सारा पृथ्वीको अंशद धर्मपालको चन्दनले पोतिएको पाखुरा काटिरहेछ, देव ! मेरो प्राण निरुद्ध भइरहेछ ।)

त्यतिले पनि सन्तोष नगरी, "यसको शिरलाई काटी पठाउ" भनी आज्ञा गर्दा "अब यो तेरो चित्तलाई कावुमा गर्ने समय हो । हे धर्मपाल ! शिरलाई कटाउने बाबु, शिर काट्ने मानिसहरू, विलाप गर्ने आमा र आफू - यी चारजनाप्रति एकजस्तो चित्त भएको होऊ" भन्दै आफैंलाई दृढ प्रतिज्ञा गरी एकरति पनि बिचलित नभई बस्यो ।

यो पनि आश्चर्यको कुरा होइन जुन मनुष्य भएर यसरी गऱ्यो, पशु भएर पनि त्यसरी चित्तलाई खराब गरेन । जस्तै -

## छद्दन्त जातक (५१४)

एक समय बोधिसत्व हस्तिराज भई जन्म लियो । उसकी दुई हथिनी थिए । उनीहरु जंगलमा वास गर्दा प्रत्येक बुद्धहरुका पूजा गर्दथे । कान्छी हथिनीले आफ्नो पतिले जेठीलाई मात्र माया गर्छ भनी विचार गरी ईर्ष्या र द्वेष उत्पन्न गरिन् र प्रत्येकबुद्धको पूजा गर्दा " मअर्को जन्ममा काशीराजमा जन्म भएर काशीराजाकी रानी हुन पाउँ र राजालाई वशमा गरेर त्यस हातीलाई मार्न लगाउने छु" भनी इच्छा गरिन् । त्यसैले छिटै मर्नको लागि खानपिन छाडिदिइन् । फलस्वरुप मरेर काशीराजमा जन्म भईन् र काशीराजाकी रानी पनि भईन् । पछि पूर्वजन्मको कुरालाई सम्झेर सोणुत्तर नामक शिकारीलाई हात्तीको दाँत लिन पठाउने बहानामा मार्न पठाईन् । त्यस शिकारीले बोधिसत्व हात्तिलाई विष चोपेको बाणले हात्तीको नाभिमा छेदन गर्दा पनि, हात्तीले आफ्ना दाँत आफैले कटाएर लान दियो । तर आफ्नो हानी गर्ने शिकारीप्रति रत्तिभर पनि क्रोध गरेन । जस्तै भनिएको छ -

*समप्पितो पुथुसल्लेन नागो अदुट्ठचित्तो लुद्दकं अज्झासि ।*
*किमत्थियं कस्स वा सम्म हेतु ममं वधि कस्स वायं पयोगो ॥*

(पृथुल वाणद्वारा लागेको हात्तीले चित्तलाई एकरति पनि नविगारी व्याधासंग भन्यो - सौम्य, के को लागि यो केको हेतुले मलाई माऱ्यौ, अथवा कसको यो प्रयोग हो ?)

"काशिराजको रानीद्वारा तिम्रो दाँतको लागि पठाइएको हुँ, भदन्त !" भनी शिकारीले भन्दा उसको



Downloaded from http://www.dhamma.digital

मनोरथ पूर्ण गर्दै ६ रंगको किरणहरूलाई निकाल्ने चम्किदै गरेको सुन्दर सुशोभित आफ्नो दाँतहरूलाई काट्नको लागि अनुमति दियो ।

## महाकपि जातक (५१६)

एक ब्राह्मण किसान हराएको गोरू खोज्दै जंगलमा प्रवेश गऱ्यो । जंगलमा बाटो बिराएर धेरै दिन हिंड्दाहिंड्दा थाकेर फल खान रूख चढ्दा रूखबाट खसेर पहाडको भिरमा खस्यो । त्यहाँ बोधिसत्व महाकपिले त्यस ब्राह्मणमाथि दया गरेर भिरबाट बाहिर निकाल्यो । त्यस परिश्रमको थकानले अन्य जंगली जनावरबाट रक्षा गर्न त्यस ब्राह्मणलाई अऱ्हायो र केही क्षण आराम गर्न सुत्यो । त्यसै बेला बोधिसत्व महाकपिप्रति त्यस ब्राह्मणले अकुशल विचार गऱ्यो ।

*भक्खो अयं मनुस्सानं यथेवञ्ञे वने मिगा ।*
*यं नूनिमं वधित्वान छातो खादेय्य वानरं ॥*

(जसरी वनमा अन्य पशु छन् त्यसरी नै यो मनुष्यहरूको लागि भक्ष्य आहार हो, किन म भोको यस बाँदरलाई मारी नखाउँ ?)

*असितो व गमिस्सामि मंसमादाय सम्बलं ।*
*कन्तारं नित्थरिस्सामि पाथेय्यं मे भविस्सति ॥*

(पेटभरी खाएर नै मासुलाई पाथेय (बाटो खर्च) लिएर जानेछुँ, यसप्रकार मरुभूमि पार गरी जानेछु । यो मेरो पाथेय हुनेछ ।)

यसरी सोचेर ढुंगा उठाएर महाकपिको टाउकोमा हिर्कायो । घाइते भएको महाकपि बिउँझिएर आँशु भरिएको आँखाले त्यस मानिसलाई हेर्दै भन्यो -

*माय्योसि मे, भदन्ते त्वं तुवं नामेदिसं करि ।*
*तुवं खो नाम दीघायु अञ्ञं वारेतुमरहसि ॥*

(भदन्त, तिमीले यस्तो काम किन गऱ्यौ ? तिमी दीर्घायु होउ । अरूले ममाथि आक्रमण गर्दा तिमीले रक्षा गर्नेछौ भनी तिमीबाट आशा राखेको थिएँ ।)

तैपनि त्यस मानिसप्रति खराब चित्त नगरी र आफ्नो दुःखलाई पनि विचार नगरी त्यसै मानिसलाई जंगल बाहिर सुरक्षित स्थानमा पुऱ्याइदियो ।

भूरिदत्त जातक (५४२) नामक सांपहरूको राजा हुँदा उपशोथको अंगलाई ग्रहण गरी वल्मीकको शिरानमा सुत्दै गरेको समयमा कल्प विनाशको अग्निसमान औषधीले सारा शरीर छर्किंदा पनि, टोकरीभित्र राखेर सम्पूर्ण जम्बूद्वीपमा खेलाए तापनि, त्यस ब्राह्मणप्रति मनलाई खराब मात्र पनि गरेन । जस्तै भनिएको छ –

*पेलाय पक्खिपन्तेपि मद्दन्तेपि च पाणिना ।*
*आलम्बने नकुप्पामि सीलखण्डभया मम ॥*



Downloaded from http://www.dhamma.digital

(सांपको टोकरीमा राख्दा पनि र हातले मल्दा पनि आफ्नो शील भंग हुने डरले आलम्बन नाम भएको सपेराप्रति कोप गर्दैन थियो ।)

## चम्पेय्य जातक (५०६)

अंगराजा र मगधराजा बीचमा युद्ध भइरहन्थ्यो । एक समय मगधराजा हाऱ्यो र भागेर चम्पेय्य नागराजा रहेको नदीमा प्रवेश गऱ्यो । त्यहाँ चम्पेय्य नागराजाले देखेर राजालाई स्वागत गऱ्यो र मित्रता भएपछि नागलोकबाट बाहिर आएर युद्ध जितेर अंग र मगधराज्यको अधिपती बनाइदियो मगधराजालाई । त्यसप्रति कृतज्ञ भएर हरेक वर्ष मगधराजाले चम्पेय्य नागराजाको लागि ठूलो पूजा गऱ्यो । यसरी नागराजाप्रति पूजा गरेको देखेर गरीब कुलमा जन्मेको बोधिसत्वले नागराजा हुने कामना गऱ्यो । फलस्वरूप चम्पेय्य नागराजाको मृत्युपछि केही समयपछि बोधिसत्व पनि मरेर नागराजा भई जन्मियो । तर नागको शरीर पाएपछि पश्चाताप गऱ्यो । त्यस समयसम्ममा एक नागकन्याप्रति आकर्षित भई जीवन बिताउँथ्यो । पछि फेरि नागको जीवनदेखि विरक्त भएर मनुष्य भई जन्म लिनको लागि उपोशथव्रत पालन गर्न थाल्यो । तर नागकन्याहरूको संसर्गले शील नष्ट हुन्थ्यो । त्यसैले नागलोक बाहिर आएर उपोशथव्रत पालन गर्न थाल्यो । ऊ हप्ताको एक दिन व्रत पालन गरी फेरि नागलोक नै फर्किन्थ्यो । त्यसै गरी समय बित्दै जाँदा एक दिन एक सपेराले देखेर नागराजालाई पक्रियो । सपेराद्वारा सताउँदा पनि मनमा खराब मात्र पनि उत्पन्न गरेन । जस्तै भनिएको छ –

*तदापि मं धम्मचारीं उपवुत्थ-उपोसथं ।*
*अहितुण्डिको गहेत्वान राजद्वारम्हि कीलति ॥*

(त्यस समय पनि म धर्मचारीको उपोशथ वास गरेको समय सपेराले पक्रेर राजद्वारमा खेलाउँथ्यो ।)

*यं सो वण्णं चिन्तयति नीलं पीतञ्च लोहितं ।*
*तस्स चित्तानुवत्तन्तो होमि चिन्तित सन्निभो ॥*

(उसले नीलो पहेंलो रातो आदि जुन रंगबारे सोच्दथ्यो उसको त्यस चित्त अनुसार म चिन्तितसमान नै हुन्थें ।)

*थलं करेय्यं उदकं उदकम्पि थलं करे ।*
*यदिहं तस्स कुप्पेय्यं खणेन छारिकं करे ॥*

(स्थललाई जल गरूँ या जललाई स्थल गरूँ । यदि म त्यसप्रति कोप गरूँ भने क्षणमा नै खरानी बनाइदिउँ ।)

*यदि चित्तवसी हेस्सं परिहायिस्सामि सीलतो ।*
*सीलेन परिहीनस्स उत्तमत्थो न सिज्झति ॥*

(यदि चित्तको वशमा होउँ भने शीलले परिहीन भइजाउँला र शीलले परिहीनको लागि उत्तमार्थ (बुद्धत्व) सिद्ध हुँदैन ।)

## संखपाल जातक (५२४)

मगध नरेशले दूर्योधन नामक बोधिसत्व अध्ययन समाप्त गरी फर्केर आएपछि उसलाई आफ्नो



Downloaded from http://www.dhamma.digital

राज्य दिई ऋषिप्रब्रजित भए। बोधिसत्वले पनि ऋषि भएको पितालाई दर्शन गर्न जान्थ्यो। त्यस समय संखपाल नागराजा ऋषिकहाँ आउँथे र धर्मोपदेश सुन्थे। राजा दूर्योधनले संखपाल नागराजा र उसको सम्पतिलाई देखेर अर्को जन्ममा नागराजा हुने इच्छाले महादान गर्न थाल्यो। त्यसैको फलस्वरूप मृत्युपछि नागराजा भई जन्मियो। तर पछि नाग जीवनदेखि विरक्त भएर उपोशथव्रत पालन गर्न नागलोकदेखि बाहिर आउँथ्यो। त्यस दिन जसले जे गरे पनि केही पनि नगर्ने अधिष्ठान गर्दथ्यो। त्यसरी समय बित्दै जाँदा एकदिन १६ जना शिकारीहरू शिकार गर्न आए। दिनभरिको शिकारमा केही पनि नपाउँदा घर फर्किन लाग्दा संखपाल नागराजा देखेर उसैको शिकार गर्न तेज बर्छीहरूले आठ स्थानहरूमा प्वाल पारेर, घाउको मुखहरूद्वारा कांटासहित लताहरूलाई घुसाएर नाकमा बलियो डोरी राखेर सोह्र व्याध्याहरूको छोराहरूद्वारा टोकरीमा लिएर बोक्दै पृथ्वीमा शरीरलाई रगड्दै जाँदै महान दु:खलाई उठाउँदै, क्रुद्ध भएर देख्ना मात्रले नै सारा व्याधाहरूको छोराहरूलाई भष्म गर्न सक्ने सामर्थ्य भएर पनि आँखालाई उघारी खराब दृष्टिले मात्र पनि हेरेन।

त्यसरी नागराजालाई पक्रिएर लाँदा बाटोमा आउँदै गरेको आलार नामक व्यापारीले शिकारीहरूलाई १६ गोरू र अन्य सम्पत्ति दिएर संखपाल नागराजालाई साटेर लियो। पछि आलारप्रति प्रसन्न भएर आफ्नो नागलोकमा लग्यो र वर्षभरि महान स्वागत सत्कार गऱ्यो। तब आलारले यस्तो महान सम्पत्तिवान र महाशक्तिशाली संखपाल नागराजा कसरी त्यस्तो विपत्तिमा पऱ्यो भनी सोध्दा संखपाल नागराजाले भन्यो -

*चातुद्दसिं पञ्चदसिञ्चलार, उपोसथं निच्चमुपावसामि।*
*अथागमुं सोलस भोजपुत्ता रज्जुं गहेत्वान दल्हञ्च पासं॥*
*भेत्वान नासं अतिकड्ढ रज्जुं नयिंसु मं सम्परिगय्ह लुद्दा।*
*एतादिसं दुक्खमहं तितिक्खं उपोसथं अप्पटिकोपयन्तो॥*

(हे आलार सार्थवाह! चातुर्दशी, पूर्णिमामा म नित्य उपोशथ बस्दथें, तब सोह्र व्याधाका छोराहरू डोरी र बलियो जाल लिएर आए। नाकलाई प्वाल पारेर डोरीलाई त्यसबाट निकालेर मलाई उठाएर व्याधाहरूले लिएर गए। मैले यसप्रकारको दु:खलाई, उपोशथलाई नबिगार्दै सहेर बसें।)

यति मात्र होइन, अरू पनि मातुपोसक जातक (४५५) आदिमा बोधिसत्वले अनेक आश्चर्यको कार्य गर्नुभएको थियो।

## मातुपोसक जातक (४५५)

बोधिसत्व एकपल्ट हात्ति योनीमा जन्म लियो। अति शक्तिशाली भएर जन्मिएको त्यस हात्तीको आमा अन्धी थिई। पछि अन्य हात्तीहरूसंग मेल नहुँदा आफ्नी आमालाई लिएर एकान्त हिमालयमा बास गर्न थाल्यो। एक समय बाटो बिराएर हराएको शिकारी त्यस स्थानमा आइपुग्यो। बोधिसत्व हात्तीले त्यस शिकारीको रक्षा गरी जंगल बाहिर पुऱ्याइदियो। तर त्यस शिकारीले गलत विचार गरी पुरस्कारको लोभले राजालाई सूचना गऱ्यो। त्यस समय राजाको मंगल हात्तीको मृत्यु भयो। राजाले त्यस हात्ती ल्याउन शिकारी माउतेहरू पठायो। आफूलाई पक्रिन आएका माहुतेहरूप्रति मैत्रीभाव राखेर उनीहरूलाई कुनै खराब नगरी आफूलाई पक्रिन लगायो। पछि राजाले अन्धीआमाको सेवा गर्ने हात्ती रहेछ भनी थाहा पाएपछि बोधिसत्व हात्तीलाई छाडिदियो।



Downloaded from http://www.dhamma.digital

त्यसैले सर्वज्ञ भावलाई प्राप्त, देवताहरूसंग लोकमा कसैको क्षमा गुणले बराबरी गर्न नसकिने उहाँ भगवान् शास्तालाई मान्दै वैरचित्तलाई उत्पन्न गर्न अत्यन्त अयुक्त छ, अनुचित छ। यदि यसरी शास्ताको पूर्वचर्याको गुणहरूलाई देख्दा पनि धेरै दिनसम्म क्लेशहरूको दास हुनाले त्यसको वैर शान्त हुँदैन भने उसले अनादि हुनेको प्रत्यवेक्षण गर्नुपर्दछ। त्यहाँ संयुक्त निकाय (१४,२,४) अनुसार भनिएको छ – "भिक्षुहरू त्यो सत्व सुलभ छैन जो पहिले कहिले आफ्नी आमा नभएको होस्, जो पहिले कहिले आफ्ना बाबु नभएको होस्, वा जो आफ्नो भाई .... बहिनी ...... छोरा .... छोरी नभएको होस्।" यसैले त्यस मानिसप्रति यसरी चित्त उत्पन्न गर्नुपर्दछ – उनी अतीतकालमा मेरी आमा भएर दश महिनासम्म पेटमा बोकेर, दिसा, पिसाप, थूक, सिंघानादिलाई हरिचन्दनसमान, घृणा नगरी, ती फोहरहरू हटाएर, मलाई छातीमा नचाएर, काखमा बोक्दै पालेकी थिइन्। बाबु भएर खसीको जाने मार्ग, (शंकु) द्वारा जाने मार्गादिमा गएर व्यापार गर्दै, मेरो लागि आफ्नो जीवनलाई त्यागेर, दुवैतिरबाट चलेको युद्धमा घुसेर, नौकाले महासमुद्रमा कुदेर र अन्य दुष्कर कामहरू गरेर पुत्रहरूलाई पोस्दछु भनी सोचेर त्यसत्यस उपायद्वारा धनलाई जुटाएर मलाई पोस्यो। भाइ... बहिनी...छोरा... छोरी भएर पनि यो उपकार गर्‍यो, त्यसमाथि मेरो मन खराब गर्नु योग्य छैन।

यदि यसरी पनि चित्तलाई शान्त गर्न सक्दैन भने उसले यसप्रकार मैत्रीको गुणहरूको प्रत्यवेक्षण गर्नुपर्दछ – हे प्रव्रजित, भगवान्ले भन्नुभएको छ होइन ? "भिक्षुहरू मैत्रीयुक्त चित्तको विमुक्तिको आसेवन गरेको, बढाएको अभ्यास गरेको ... एघार आनिशंस जान्नुपर्दछ। कुनचाहिं एघार (१) सुखपूर्वक सुत्दछ (२) सुतेर सुखपूर्वक उठ्दछ (३) खराब सपना देख्दैन (४) मनुष्यहरूको प्रिय हुन्छ (५) अमनुष्यहरूको प्रिय हुन्छ (६) देवता उसको रक्षा गर्छ (७) उसमा आगो, विष, हतियारहरूले असर गर्दैन (८) शीघ्र चित्त एकाग्र हुन्छ (९) मुखको सुन्दरता बढ्दछ (१०) असंमोह (बेहोशी) नभई मर्दछ। (११) मार्गफल प्राप्त नभए तापनि ब्रह्मलोकमा जाने हुन्छ।" यदि तिमी यस चित्तलाई शान्त गर्दैनौ भने यी आनिशंसहरूबाट वञ्चित हुनुपर्नेछ।

Dhamma.Digital

यसरी पनि क्रोधलाई शान्त गर्न नसक्नेलाई धातुहरूको विभाजन गर्नुपर्दछ। कसरी ? हे प्रव्रजित, तिमी यसरी क्रोध गर्दै कसको लागि क्रोध गर्दैछौ ? के केशहरूको लागि क्रुद्ध हुन्छौ, अथवा रौंको लागि .... नङ .... पिसापको लागि क्रुद्ध हुन्छौ ? अथवा केश आदिमा पृथ्वीधातुमा क्रुद्ध हुन्छौ। आपोधातु, तेजोधातु, वायोधातुमा क्रुद्ध हुन्छौ ? अथवा जुन पञ्चस्कन्ध, द्वादस आयतन, अठार धातुलाई लिएर आयुष्मान् यस नामको हो - भन्दछ। त्यसमा के रूपस्कन्धको लागि क्रुद्ध भइरहेछौ ? अथवा वेदना, संज्ञा, संस्कार, विज्ञानस्कन्धको लागि क्रुद्ध भइरहेका छौ ? अथवा के चक्षुआयतनको लागि क्रुद्ध भइरहेछौ ? के रुपायतनको लागि क्रुद्ध भइरहेछौ ... के मनायतनको लागि क्रुद्ध भइरहेछौ ? के धर्मायतनको लागि क्रुद्ध भइरहेछौ ? या के चक्षुधातुको लागि क्रुद्ध भइरहेछौ, के रूपधातु, चक्षुविज्ञानधातु, मनोधातु ... धर्मधातु .... मनोविज्ञानधातुको लागि ?" यसरी धातुको विभाजन गरेमा आरामाथि तोरीजस्तै र आकाशमा चित्रकर्मजस्तै क्रोधको प्रतिष्ठित हुने स्थान हुने छैन।

धातुविभाजन गर्न नसक्नेलाई दानको संविभाग गर्नुपर्दछ। आफ्नो वस्तु अरूलाई दिनुपर्दछ। अरूको वस्तु आफूले लिनुपर्दछ। यदि दोस्रो आजीविकारहित हुन्छ, परिभोग गर्नेको परिष्काररहित हुन्छ, भने आफ्नो वस्तु नै दिनुपर्दछ। यसरी गर्ने व्यक्तिको त्यस मानिसप्रतिको वैर विल्कूल शान्त हुन्छ।



Downloaded from http://www.dhamma.digital

अरूको अतीतको जन्मदेखि संस्कारित जन्मान्तर क्रोध पनि त्यस क्षण नै शान्त हुन्छ। चित्तल पर्वत (सितुल पव श्रीलंका)को विहारमा त्यहाँको स्थविरद्वारा तीनपल्ट शयनासन छाड्न भनिएको पिण्डपातिक स्थविरले - "भन्ते, यो आठ कार्षापणको मूल्यको पात्र मेरी आमा महाउपासिकाले दिएको हो, धर्मले पाएको हो, महाउपासिकाको लागि पुण्य लाभ गराऔं" भनेर दिएको पात्रलाई पाउने ठूला स्थविरजस्तै जसको क्रोध लाभ दान पाउनाको कारणले शान्त भयो। यसरी महागुणयुक्त यो दान हो। भनिएको पनि छ –

*अदन्त दमनं दानं, दानं सब्बत्थ साधकं।*
*दानेन पियवाचाय उण्णमन्ति नमन्ति च॥*

(दान दमन नगरिएको व्यक्तिलाई दमन गर्ने वस्तु हो। दान सर्बसाधक हो। दान र प्रिय वचनले दायक ठूलो हुन्छ र प्रतिग्राहक झुक्दछ।)

यसरी वैरीप्रति वैर शान्त भएको त्यस व्यक्तिको- प्रिय, अतिप्रिय, सहायक, मध्यस्थप्रति, यसरी नै त्यसप्रति पनि मैत्री उत्पन्न हुन्छ। तब उसले पुनः पुनः मैत्री गर्दै आफूप्रति, प्रिय व्यक्तिप्रति, मध्यस्थप्रति, वैरीप्रति - यी चारै व्यक्तिहरूप्रति समचित्त गरी सीमालाई तोड्नुपर्दछ।

बलिको उपमा - यदि यस व्यक्तिको प्रिय, मध्यस्थ, र वैरीसंगै आफूसमेत गरी चारजना एक स्थानमा बस्दा कुनै चोर आएर "भन्ते एक भिक्षु हामीलाई दिनुहोस्" भनी भन्दा "के को लागि" ? भनी सोद्धा "उसलाई मारी उसको घाँटीको रगतलाई लिएर बलि पूजा गर्नको लागि" भनी भनेमा, त्यहाँ भिक्षुले "फलानाफलानालाई पकड" भनी सोचर अरुलाई देखाएमा सीमाको भेद नगरेको नै हुन्छ। यदि "मलाई पकड, यी तीन जनालाई नपकड्" भनी सोचेमा पनि सीमाको भेद नगरेको हुन्छ। किन ? जसजसलाई पकडाऊन चाहन्छ, त्यसत्यसको खराबी चाहने हुन्छ र आफूलाई पकड् अरुको हितैषी हुन्छ तर जब चारै व्यक्तिहरूमध्ये एकजनालाई पनि दिनयोग्य देख्दैन र आफू तथा ती तीनैजनाप्रति समचित्त नै राख्दछ भने सीमाको भेद गरेको हुन्छ। यसैले पुराना मानिसहरूले भनेका छन् –

*अत्तनि हितमज्झत्ते अहिते च चतुब्बिधे।*
*यदा पस्सति नानत्तं हितचितो व पाणिनं।*
*न निकामलाभी मेत्ताय कुसली ति पउच्चति॥*

(आफू, प्रिय, मध्यस्थ र अप्रिय यी चारैजनामा जब नानात्व देख्दछ, तब प्राणीहरूको हित चाहने नै भनिन्छ। तर मैत्रीको धेरै चाहना गरेको समयमा पाउने या मैत्री भावनामा 'कुशल' भनिदैन।)

*यदा चतस्सो सीमायो सम्भिन्ना होन्ति भिक्खुनो।*
*समं फरति मेत्ताय सब्बलोकं सदेवकं।*
*महाविसेसो पुरिमेन यस्स सीमा न नायति।"*

(जब भिक्षुको चारै सीमाहरू भंग हुन्छन्, तब देवहरूसंगै सारा लोकलाई मैत्रीले एकसमान पूर्ण गरिदिन्छ, र जसको सीमा जानकारी हुँदैन, त्यो पहिलाभन्दा महागुणवान हुन्छ।)

यसप्रकार समकालमा नै सीमाको भेद, निमित्त-समाधि र उपचार-समाधि यस भिक्षुलाई प्राप्त हुन्छ। सीमाको भेद गर्नाले, त्यसै निमित्तलाई आसेवन गर्दै, बढाउँदै, बहुल गर्दै, थोरै प्रयासमा नै



Downloaded from http://www.dhamma.digital

पृथ्वीकसिणमा भनिएको ढंगले नै अर्पणालाई पाउँछ । यहाँसम्म उसलाई - पाँच अंगरहित, पांच अंगयुक्त, त्रिविध कल्याणकर, दश लक्षणयुक्त, मैत्रीसहगत प्रथमध्यान प्राप्त भएको हुन्छ। त्यसलाई प्राप्त हुँदा त्यसै निमित्तलाई आसेवन गर्दै, बढाउँदै, बहुल गर्दै क्रमशः चतुष्कनयमा द्वितीय, तृतीयध्यानहरू र पञ्चकनयमा द्वितीय, तृतीय, चतुर्थध्यानहरूलाई प्राप्त गर्दछ ।

ऊ प्रथमध्यान आदिमध्ये कुनै एकले दीघनिकाय (१२) र मज्झिम निकाय (१, १७)) अनुसार -

*मेत्तासहगतेन चेतसा एकं दिसं फरित्वा विहरति, तथा दुतियं तथा ततियं तथा चतुत्थिं, इति उद्धमधो तिरियं सब्बधि सब्बत्तताय सब्बावन्तं लोकं मेत्तासहगतेन चेतसा विपुलेन महग्गतेन अप्पमाणेन अवेरेन अब्यापज्झेन फरित्वा विहरति ।*

(मैत्रीयुक्त चित्तले एक दिशालाई परिपूर्ण गरी विहार गर्दछ। त्यसरी नै दोस्रो दिशालाई, त्यसरी तेस्रो दिशालाई, त्यसरी नै चौथो दिशालाई । यसप्रकार माथि, तल, तेर्सो सबै स्थान सर्वात्मको लागि, सारा प्राणी भएको लोकलाई विपुल, महान, प्रमाणरहित, वैररहित, व्यापादरहित, मैत्रीयुक्त चित्तले पूर्ण गरी विहार गर्दछ ।)

प्रध्यमध्यानादिअनुसार अर्पणा चित्तलाई नै यो विकुर्वण सिद्ध हुन्छ ।

यहाँ, मेत्तासहगतेन = मैत्रीले समन्नागत (युक्त) । चेतसा =चित्तले । एक दिसं = यस एक दिशाको । प्रथम ग्रहण गरिएको सत्वलाई लिएर एक दिशामा रहने सत्वहरूलाई पूर्ण गरी विहार गर्नेअनुसार भनिएको हो । फरित्वा = स्पर्श गरी, आलम्बन गरी । विहरति=ब्रह्मविहारले अधिष्ठान गरिएको इर्यापथ विहारलाई गर्दछ। तथा दुतियं = जस्तै - पूर्वादि दिशाहरूमा जुनकुनै एक दिशालाई पूर्ण गरी विहार गर्दछ, त्यसरी नै त्यसपछि अर्को दोस्रो, तेस्रो र चौथो दिशाहरुमा भन्ने अर्थ हो ।

इति उद्धं = यसैप्रकार माथिल्लो दिशालाई भनी भनिएको हो। अधो तिरियं = तल्लो दिशालाई पनि, तेर्सो दिशालाई पनि यसरी नै। अधो = तल। तिरियं = अनुदिशाहरूमा यसरी सब दिशाहरूमा, घोडाहरूको घेरामा घोडासमान, मैत्रीयुक्त चित्तलाई चलाउँदछ, फर्काउँछ। यतिले एकएक दिशालाई ग्रहण गरी भागभाग गरी मैत्रीपूर्ण गर्नेलाई देखाइएको हो। सब्बधि = आदि भागरहित देखाउनको लागि भनिएको हो। त्यसमा सब्बधि सब स्थानमा। सब्बत्तताय = सबै हीन, मध्यस्थ उत्कृष्ट (उत्तम) मित्र, वैरी, मध्यस्थ आदि प्रभेदहरूमा आफ्नो लागि। यो दोस्रो सत्व हो - यसरी भाग नगरी आफ्नो समानताको लागि भनिएको हो । अथवा 'सब्बत्तताय' को अर्थ हो, सबै चित्तभावले । चित्त अलिकता पनि बाहिर विक्षिप्त नगरिकन भनी भनिएको हो। सब्बावन्तं = सबै सत्वहरू। सबै सत्वयुक्त भन्ने अर्थ हो। लोक = सत्वलोक ।

मेत्तासहगतेन चेतसा विपुलेन = यसरी आदि पर्याय देखाउनको लागि यहाँ फेरि मैत्रीयुक्त चित्तले भनिएको हो। अथवा किनकि यहाँ भाग गरी परिपूर्ण गर्नेसमान पुनः 'त्यसरी' या 'यसप्रकार' आदि शब्द भनिएको छैनन्, यसैले फेरि मैत्रीयुक्त चित्तले भनिएको हो । या यो निगमनको रूपमा भनिएको हो । 'विपुल' ले यहाँ परिपूर्ण गर्ने रूपमा विपुलता जान्नुपर्दछ। तर भूमिअनुसार यो महग्गत हो र अभ्यस्त तथा अप्रमाण सत्वहरूको आलम्बनानुसार अप्पमाण हो। वैरी व्यापादको प्रहाणले अवेरं हो। दौर्मनस्यको प्रहाणले अब्यापज्झं अर्थात् दुःखरहित हुनु भनिएको हो । यो मैत्रीयुक्तचित्तले आदि ढंगले भनिएको



Downloaded from http://www.dhamma.digital

विकुर्वणा को अर्थ हो ।

जसरी यो अर्पणा चित्तलाई नै विकुर्वणा सिद्ध हुन्छ, त्यसरी जुन पटिसम्भिदामग्ग (२)मा - "पाँच आकारले सीमारहित स्फरणा चेतोविमुक्ति छ, सात आकारले सीमाले स्फरण (पूर्ण) हुने चेतोविमुक्ति छ, दश आकारले दिशामा स्फरण गर्ने चेतोविमुक्ति छ" आदि भनिएका छन् त्यो पनि अर्पणाचित्त भएकोलाई नै सिद्ध हुन्छ भनी जान्नुपर्दछ ।

(१) त्यहाँ "सारा सत्व वैररहित, व्यापादरहित, उपद्रवरहित, सुखपूर्वक आफ्नो परिहरण गरोस् । (२) सारा प्राणी ... (३) सारा भूत .... (४) सारा व्यक्ति ..... (५) सारा आत्मभावमा भएका वैररहित, व्यापादरहित, उपद्रवरहित सुखपूर्वक आफ्नो परिहरण गरोस् ।" यी पाँच आकारहरूले सीमारहित स्फरण मैत्रीचित्तको विमुक्तिलाई जान्नुपर्दछ ।

"(१) सारा स्त्रिहरू वैररहित .... आफ्नो परिहरण गरोस् ... (२) सारा पुरुष .... (३) सारा आर्य .... (४) सारा अनार्य ..... (५) सारा देव ..... (६) सारा मनुष्य .... (७) सारा विनिपातिक (दुर्गतिलाई प्राप्त) वैररहित .... परिहरण गरोस् ।" पटिसम्भिदामग्ग (२) अनुसार सात आकारहरूले सीमाले स्फुरण मैत्रीचित्तको विमुक्तिलाई जान्नुपर्दछ ।

"(१) सारा पूर्वदिशाका सत्व वैररहित ..... आफ्नो परिहरण गरोस्, (२) सारा पश्चिमदिशाका .... (३) सारा उत्तर दिशाका ... (४) सारा दक्षिणदिशाका ....(५) सारा पूर्वको अनुदिशाको (६) सारा पश्चिम अनुदिशाका ... (७) सारा उत्तर अनुदिशाका ... (८)सारा दक्षिण अनुदिशाका ... (९) सारा तल्लोदिशाका .... (१० सारा माथिल्लोदिशाको सत्व वैररहित ... परिहरण गरोस् । सारा पूर्वदिशाका प्राणी .... उत्पन्न भएका जीव (भूत) ... पुद्गल (व्यक्ति) .... आत्म भाव (शरीर प्राप्त) वैर रहित ... परिहरण गरोस् । सारा पूर्वदिशाका स्त्रीहरू..सारा पुरुषहरू, आर्य, अनार्य, देव, मनुष्य, विनिपातिक वैररहित .... परिहरण गरोस् । सारा पश्चिमदिशाका, उत्तरदिशाका, दक्षिणदिशाका, पूर्वको अनुदिशाका, पश्चिम अनुदिशाका, उत्तर अनुदिशाका, तल्लोदिशाका, माथिल्लोदिशाका स्त्रीहरू ... विनिपातिक वैररहित, व्यापादरहित ... पीढारहित ... सुखपूर्वक ... आफ्नो परिहरण गरोस् । यी दश आकारहरूले दिशास्फरण-मैत्रीचित्तको विमुक्तिलाई जान्नुपर्दछ ।

त्यहाँ सब्बे - यो निशेष ग्रहण गर्नु हो । सत्ता - रूप आदि स्कन्धहरूमा छन्द रागले सक्त, विसक्त हुनाले सत्व हो । संयुक्त निकाय (२२,१,१२) अनुसार भगवान्ले भन्नुभएको छ – "राध, रूपमा जुन छन्द छ, जुन राग छ, जुन नन्दी छ, जुन तृष्णा छ, उसमा सत्व विसक्त (अनुरक्त) छ, यसैले सत्व भनिन्छ । वेदना, संज्ञा, संस्कार, विज्ञानमा जुन छन्द छ, जुन राग छ, जुन नन्दी छ, जुन तृष्णा छ, त्यसमा सत्व विसक्त (अनुरक्त) छ, यसैले सत्व भनिन्छ ।" रूढी शब्दले वीतरागहरूमा पनि यसको व्यवहार हुन्छ नै । जस्तै - चोयाबाट बनिएको विशेष पंखालाई पनि ताडवन्त (ताडको पंखा) नै भनिनेसमान । शब्द विज्ञान (अक्षरचिन्तक) अर्थको विचार नगरी नाममात्र यो हो भनिन्छ । जुन पनि अर्थको विचार गर्दछ, ती सक्तले योगले सत्व भनिन्छ ।

प्राणन - (आश्वास-प्रश्वास) गर्नाले प्राणी हुन् । आश्वास-प्रश्वास गर्ने वृति भएको भन्ने अर्थ हो । उत्पन्न हुनाले भूत हुन् । पैदा हुने, सम्भूत हुनाले भन्ने अर्थ हो । 'पुँ' निरय भनिन्छ, त्यसमा गल्दछ,



Downloaded from http://www.dhamma.digital

यसैले पुग्गल हुन् । निरयमा जान्छन् भन्ने अर्थ हो । आत्मभाव भनिन्छ शरीरलाई या पञ्चस्कन्धलाई । त्यसलाई लिएर प्रज्ञप्ति मात्रको हुनाले आत्मभाव भनिन्छ । त्यस आत्मभावमा पर्यापन्न (परेका) हुन्, यसैले अत्तभावपरियापन्न भनिन्छ । पर्यापन्नको अर्थ हो परिच्छिन्न, त्यसमा परेका भन्ने अर्थ हो ।

जसरी 'सत्व' शब्द हो, यसरी शेष पनि रूढीअनुसार यी सबै सारा सत्वको पर्याय शब्द हुन् - भनी जान्नुपर्दछ । यद्यपि अरू पनि सारा जन्तु, सारा जीव आदि सब सत्वको पर्याय शब्द हुन्, तर प्रकटरूपले यीनै पाँचलाई लिएर पाँच प्रकारले सीमारहित - स्फरण मैत्रीचित्तको, विमुक्ति भनिएका छन् ।

तर जुन सत्व, प्राणी आदिको, 'न' शब्द मात्रले नै प्रत्युत अर्थले पनि नानात्व नै बताउँदछन्, त्यसको सीमारहित स्फरण विरुद्ध हुन्छ । यसैले त्यसरी अर्थ नलगाएर यी पाँच आकारहरूमा कुनै एकको रूपमा सीमारहित मैत्रीको स्फरणा गर्नुपर्दछ । यहाँ "सारा सत्व वैररहित होस्" यो एक अर्पणा हो । "व्यापादरहित होस्" यो एक अर्पणा हो । व्यापादरहितको अर्थ हो व्यापाद (दौर्मनस्य) रहित । 'दुःखरहित होस्' यो एक अर्पणा हो .... । "सुखपूर्वक आफ्नो परिहरण गरोस्" यो एक अर्पणा हो । यसैले यी पदहरूमा पनि जुनजुन प्रकट हुन्छ, त्यसत्यसानुसार मैत्रीको स्फरण गर्नुपर्दछ । यसप्रकार पाँचौं आकारहरूमा चारै अर्पणानुसार सीमारहित स्फरणमा बीस अर्पणा हुन्छन् ।

तर सीमासहित स्फरणमा सात आकारहरूमा चारचारको हिसाबले अट्ठाइस अर्पणा हुन्छन् । यहाँ स्त्री पुरुष भनी लिङ्गानुसार, आर्यअनार्य भनी आर्य पृथग्जनानुसार, 'देव' मनुष्य, विनिपातिक' भनी उत्पत्तिअनुसार भनिएका छन् ।

दिशाको स्फरणमा 'सारा पूर्वदिशाको सत्व' आदिढंगले एकएक दिशामा बीसबीस गरी दुई सय अर्पणा हुन्छन् । 'सारा पूर्व दिशाको स्त्रीहरू' आदिढंगले एकएक दिशामा अट्ठाइस-अट्ठाइस गरी दुई सय अस्सी अर्पणा हुन्छन् । यसप्रकार कुल चार सय अस्सी अर्पणा हुन्छन् । यसरी पटिसम्भिदामग्गमा भनिएअनुसार सबैगरी पाँचसय अट्ठाइस अर्पणा हुन्छन् ।

यसप्रकार यी अर्पणाहरूमा जुनकुनैअनुसार मैत्री चेतोविमुक्तिको भावना गरी यो योगी "सुखपूर्वक सुत्दछ" आदिढंगले भनिएको एघार आनिशंसलाई पाउँदछ ।

त्यसमा, सुखपूर्वक सुत्दछ = जसरी शेष व्यक्तिहरू ओल्टेकोल्टे फेर्दै घ्वारघ्वार शब्द गर्दै दुःखपूर्वक सुतेर उठ्दछ, यसरी सुती नउठेर फक्रिएका कमलसमान सुखपूर्वक विकाररहित भएर सुती उठ्दछ ।

खराब सपना देख्दैन = सपना देख्दा पनि कल्याणकर नै सपना देख्दछ । चैत्यको वन्दना गर्दै गरेकोसमान, पूजा गर्दै गरकोसमान र धर्मश्रवण गर्दै गरेकोसमान हुन्छ । जस्तै - आफूलाई चोरहरूले घेर्दासमान, हिंसक जन्तुहरूद्वारा दुःखीत भएकोसमान र प्रपातमा झर्दै गरेकोसमान देख्दछन्, यसरी खराब सपना देख्दैन ।

मनुष्यहरूको प्रिय हुन्छ = छातीमा छरिएका मुक्ताहारसमान र टाउकोमा उनिएको मालासमान मनुष्यहरूको प्रिय मनाप हुन्छ ।



Downloaded from http://www.dhamma.digital

अमनुष्यहरूको प्रिय हुन्छ = जसरी मनुष्यहरूको, यसरी नै अमनुष्यहरूको प्रिय हुन्छ , विशाख स्थविरसमान ।

## विशाख स्थविरको कथा

उसको पाटलिपुत्र (पटना, भारत)मा कुटुम्बिक थियो । उसले त्यही रहँदै सुन्यो - ताम्रपर्णी, श्रीलंकाद्वीप चैत्यहरूको माला (पंक्ति) ले अलंकृत र काषाय (वस्त्र)ले प्रभासमान छ, चाहेचाहेको स्थानमा नै बस्न या सुत्न सक्दछन् । ऋतु, शयनासन, पुद्गल, र धर्मश्रवणको अनुकूल छ, यहाँ सब सुलभ छ ।"

उसले आफ्नो धन सम्पत्तिलाई पुत्रस्त्रीलाई सुम्पेर ओढ्नेको टुप्पामा बाँधिएको एक कार्षापण लिएर घरबाट निस्केर समुद्रको किनार नाउलाई पर्खिंदा एक महिना बितायो । व्यापारमा चतुर भएको कारण एक स्थानमा उसले सामान खरीद गरेर अर्को स्थानमा बेच्दै धार्मिक व्यापारले त्यसै महिनाभित्र एक हजार कार्षापण जम्मा गऱ्यो र क्रमशः अनुराधपुरको महाविहार, श्रीलंकामा आएर प्रव्रजित हुनलाई याचना गऱ्यो ।

उसलाई प्रव्रजित गर्नको लागि सीमामा लैजाँदा त्यस हजार कार्षापणको थैली उसको कमरपेटिबाट जमिनमा खस्यो । 'यो के हो ?' भनि सोद्धा 'भन्ते, हजार कार्षापण छन्" भनी जवाफ दिंदा भिक्षुहरूले "उपासक, प्रव्रजित भएपछि त्यसलाई ग्रहण गर्न सक्दैनौ, त्यसैले अहिले यसको वितरण गर" भन्दा विशाख उपाशकले "विशाखको प्रव्रजित भएको हेर्न आउनेहरूको हात खाली नजावस्" भनेर सीमाको आँगनमा थैली खोलेर छरेर प्रव्रजित भएर उपसम्पन्न भयो ।

उहाँ. उपसम्पदा हुनुभएको ५ वर्ष हुनुभएर भिक्षु र भिक्षुणी प्रातिमोक्ष दुई मात्रिकाहरूलाई याद गरी, भिक्षुहरूको वर्षावासपछि गरिने आत्मलोचना (पवारणा) कार्यक्रम गरी, आफ्नो अनुकूल कर्मस्थान ग्रहण गरी एकएक विहारमा चारचार महिना गरी समवर्तवास (सबै सत्वहरूप्रति समान, मैत्रीचित्तले विहार गर्ने भिक्षु भएर) बस्दै विचरण गर्दै हिंड्नुभयो । यसप्रकार स्थविरले विचरण गर्नुहुँदै, ठाउँठाउँमा विहार गर्नुहुँदै जानुहुँदा, एक दिन कुनै रमणीय वनलाई देख्नुभएर त्यस वनको कुनै एक रूखमुनि समापत्तिलाई प्राप्त गर्नुभएर, गरिएको परिच्छेदानुसार त्यस ध्यानबाट उठ्नुभएर आफ्नो गुणको प्रत्यवेक्षण गर्नुहुँदा त्यसबाट उत्पन्न प्रीतिको सौर्मनस्यले निम्नप्रीति वाक्य भन्नुभयो । त्यसैले भनिएको छ –

*वनन्तरे ठितो थेरो विसाखो गज्जमानको ।*
*अत्तनो गुणमेसन्तो इममत्थं अभासथ ॥*

(वनको वीचमा रहने स्थविर विशाखले गर्जना गर्दै आफ्नो गुणको प्रत्यवेक्षण गर्दै यस कुरालाई भन्नुभयो ।

*यावता उपसम्पन्नो, यावता इध मागतो ।*
*एथन्तरे खलितं नत्थि अहो लाभा ते मारिस ॥*

(जबदेखि उपसम्पन्न भएँ र जबदेखि यहाँ आएँ, यसको बीच चूक भएको छैन, मार्ष, कस्तो तिमीलाई लाभ छ !)

उहाँ चित्तल पर्वतको विहारतिर जानुहुँदा दोबाटोलाई देख्नुभएर यो मार्ग हो कि अथवा त्यो मार्ग



Downloaded from http://www.dhamma.digital

हो ?' भनी सोच्दै उभिनुभयो। तब पर्वतमा बस्ने देवताले हात फैलाएर - 'यो मार्ग हो' भनी उहाँलाई बाटो देखायो।

उहाँ चित्तल पर्वतको विहारमा पुग्नुभएर त्यहाँ चार महिना बस्नुभएर अन्तिम दिनमा भोलि विहान जान्छु भनि सोचेर सुत्नुभयो। चक्रमणको किनारमा मणिलवृक्षमा बस्ने देवता सीढीको तख्तामा बसेर रून थाल्यो। स्थविरले "तिमी को हो ?" भनी सोध्नुभयो। "भन्ते, म मणिल रूखमा बस्ने मणिलया हुँ" भनी रुखदेवताले जवाब दियो।

"किन रोइरहेछौ ?""तपाईं जाने कारण ""मेरो यहाँ बस्दा तिमीलाई के लाभ छ ?""भन्ते, तपाईं यहाँ रहनुहुँदा अमनुष्य परस्पर मैत्री गर्दछन्, ती अब तपाईं जानुभएपछि झगडा गर्ने छन्, खराब वचन पनि बोल्ने छन्।"

स्थविरले "यदि म यहाँ रहँदा तिमीहरूलाई सुखपूर्वक विहार गर्नु हुन्छ भने धेरै राम्रो" भन्नुभएर अरू चार महिना त्यहीं बसेर फेरि त्यसरी नै जाने मन गर्नुभयो। देवता पनि फेरि त्यसरी नै रूयो। यसप्रकार स्थविर त्यहीं रहँदारहँदै परिनिर्वाणलाई प्राप्त गर्नुभयो। यसरी मैत्रीपूर्वक विहार गर्ने भिक्षु अमनुष्यहरूको प्रिय हुन्छ।

देवता उसको रक्षा गर्दछ = जसरी आमाबाबु पुत्रको रक्षा गर्दछन् त्यसरी नै देवता उसको रक्षा गर्दछन्।

उसमाथि आगो, विष या हतियार असर गर्दैन = मैत्रीपूर्वक विहार गर्नेको शरीरमाथि उत्तरा उपासिकालाई तातो घिउ, संयुक्तभाणक चूलशिवस्थविरलाई विष, सांकृत्य (सांकिच्च) श्रामणेरलाई हतियारजस्तै असर गर्दैन, घुस्दैन, उसको शरीरलाई दुःख पुऱ्याउँदैन।

## उत्तरा उपासिको कथा

धम्मपदट्ठ कथा (१७, ३) अनुसार उत्तरा उपासिका बुद्ध-धर्म-संघमा श्रद्धालु थिइन्। उनीको विवाह त्रिरत्नप्रति श्रद्धारहित कूलमा भयो। एक दिन सिरिमा नामकी वेश्यालाई किनेर पतिको सेवा गर्न लगाएर पतिबाट १५ दिनको छुट्टि लिएर भगवान् बुद्धसहित संघ भोजन गराईन्। अन्तिम दिनमा उत्तराको पतिले 'आफ्नी पत्नी उत्तरा त्यसरी मुण्डेहरूको लागि दाशीजस्तै काम गर्छिन्' भन्ने सोचेर मुस्कायो। सिरिमाले उसको मनको कुरा नबुझेर "अझै उत्तराप्रति आशक्त रहेछ त्यसैले उत्तरलाई नाश गर्न पऱ्यो" भनी ईर्ष्याचित्तले तातिएको घिउको कडाई उठाएर उत्तरामाथि खन्याइन्। तर उत्तराले तुरुन्तै मैत्री भावना बढाइन्। त्यसैले त्यस तातो घिउ जीउभरी खन्याए तापनि पनि उत्तरलाई केही असर परेन।

## चुलशिव स्थविरको कथा

गण्ठी पाठानुसार श्रीलंकामा दुई दाजुभाई मिली व्यापार गरी धन कमाउँथे। एक दिन रोगको कारणले दाजुको मृत्यु भयो। दाजुको मृत्युबाट दुःखीत भएर भाई भिक्षु हुन गयो। उता भाउजु सामाजिक लाजले दोस्रो विवाह चाहेर पनि गर्न सक्दिन थिई। उनीले जबसम्म देवर जीवित रहन्छ तबसम्म मेरो इच्छा पूर्ण गर्न सकिदैन भनी विचार गरी स्थविरलाई मार्ने उद्देश्यले भिक्षाटनमा



Downloaded from http://www.dhamma.digital

आउनुभएको स्थविरलाई विष मिश्रित भिक्षा दान गरिन् । स्थविरले पनि मैत्रीभावनासहित भिक्षा खानुभयो । तर उहाँलाई त्यस मैत्रीभावनाको प्रभावले कुनै पनि असर परेन ।

### संकिच्च श्रामणेरको कथा

धम्मपदट्ठकथा (८, ९) अनुसार केही भिक्षुहरूसहित संकिच्च श्रामणेर पनि जंगलमा जानुभयो । एकदिन केही डाकु आएर वनदेवी बलीकर्म गर्नको लागि एक भिक्षु माग्न आए । अन्तमा संकिच्च श्रामणेरले ठूला भिक्षुहरूलाई सम्झाउनुभएर आफू डाकुहरूसंग जानुभयो । डाकुहरूले बलिकर्म गर्न संकिच्च श्रामणेरलाई तयार गरी हतियार प्रहार गर्दा उहाँलाई कुनै पनि असर परेन । बरू यो आश्चर्यको दृश्य देखेर ती सबै डाकुहरू उहाँसंग माफि मागी भिक्षु वने ।

### धेनुको कथा

एउटा गाई बाछ्रालाई दूध पिलाउँदै उभिएको थियो । एक व्याधा "त्यसलाई मार्नेछु" भनी सोचेर हातले घुमाएर लामो डण्डी भएको बर्छीले प्रहार गर्यो । त्यो उसको शरीरमा लागेर ताड्को पातसमान ढल्दै गयो तर गाईलाई असर गरेन । न त उपचारको बलले र न अर्पणाको बलले नै त्यसो भएको हो । मात्र बाछ्राप्रति बलवान प्रियचित्त हुनाले भएको हो । यस्तो महानुभाव भएको मैत्री भावना हुन्छ ।

शीघ्र चित्त एकाग्र हुन्छ – मैत्रीसाथ विहार गर्नेको चित्त शीघ्र नै समाधिस्त हुन्छ । त्यसको लागि ढीलापन छैन ।

मुखको सुन्दरता बढाउँछ – बन्धन (डाँठ) बाट छुटेको पाकेको ताड्समान उसको मुखको सुन्दरता बढ्दछ ।

असंमोह भई मर्दछ – मैत्रीपूर्वक विहार गर्नेको सम्मोह (वेहोश) पुर्वक मृत्यु हुँदैन, असम्मोहपूर्वक नै, निद्रा आउनेसमान मृत्यु हुन्छ ।

अगाडि प्राप्त नहुँदै – मैत्रीको समापत्तिले अगाडि अर्हत्वलाई प्राप्त गर्न नसक्दै, यहाँबाट च्युत भएर, सुतेर उठेको व्यक्तिसमान ब्रह्मलोकमा उत्पन्न हुन्छ ।

### २. करुणा ब्रम्हविहार

करुणाको भावना गर्ने इच्छा भएको करुणारहित हुँदाको दोष र करुणाको आनिशंसको प्रत्यवेक्षण गरी करुणा भावना आरम्भ गर्नुपर्दछ । तर त्यसलाई पनि आरम्भ गर्दा पहिले प्रिय व्यक्ति आदिमा आरम्भ गर्नु हुँदैन, किनकि प्रिय, प्रिय नै भएर रहन्छ । अत्यन्त प्रिय सहायक अत्यन्त प्रिय सहायक नै भएर, मध्यस्थ, मध्यस्थ नै भएर, अप्रिय, अप्रिय नै भएर, वैरी, वैरी नै भएर रहन्छ । लिङ्गको असमान हुनु मृत्यु भएको हुनु – अक्षेत्र नै हुन् ।

"कसरी भिक्षु करुणायुक्त चित्तले एक दिशालाई स्फरण (परिपूर्ण) गरी विहार गर्दछ ? जसरी एक निर्धन, खराब दशालाई प्राप्त व्यक्तिलाई देखेर करुणा गर्दछ, यसरी नै सबै सत्वहरूप्रति करुणाले स्फरण गर्दछ ।" यसरी विभङ्ग (१३) अनुसार सबभन्दा पहिले कुनै करुणायोग्य अत्यन्त दुःखीत निर्धन, खराब अवस्थालाई प्राप्त, कृपण, हातखुट्टामा कीरा परी बग्दै गरेको, दुःखीत हुँदै चिच्याउँदै गरेको



Downloaded from http://www.dhamma.digital

पुरुषलाई देखेर "कसरी यो सत्व खराब अवस्थालाई प्राप्त छ, राम्रो हुन्थ्यो कि यो यस दुःखबाट छुटे"भनी करुणा गर्नुपर्दछ। त्यसलाई नपाउनेलाई पनि सुखिरहने पनि पापीलाई मृत्युदण्ड दिइएको बध्य पुरुषको उपमा दिई करुणा गर्नुपर्दछ। कसरी ?

## चोरको उपमा

सामान (दशी) समेत पक्रिएको चोरलाई "यसलाई मारिदिनु" भन्ने राजाज्ञाले राजपुरुषहरुले त्यस चोरलाई बाँधेर चोबाटोचौबाटोमा सय कोर्रा लगाउँदै मार्ने स्थानमा लैजान्छन्। त्यसलाई मानिस खाद्य भोज्य पनि, माला गन्ध, विलेपन र पेय पनि दिन्छन्। यद्यपि त्यो ती वस्तुलाई खाँदै र परिभोग गर्दै सुखी, भोगयुक्त भएकोसमान जान्छ। तर उसलाई कसैले पनि "यो सुखी छ, महाभोगसम्पन्न छ" भनी मान्दैन। प्रत्युत "यो अभागी अब मर्नेछ, जतिजति नै यो पाइला सार्दछ त्यतित्यति नै मृत्युको नजिक हुन्छ" यसरी उसप्रति मानिस करुणा गर्दछन्। यसैप्रकार सुखी व्यक्तिप्रति पनि "यो अभागी हो, यद्यपि यस समय सुखी छ, सुसज्जित भोगहरूलाई उपभोग गर्दैछ, तर तीनैद्वारहरूमध्ये कुनै एउटाले पनि गरिएको कल्याणकर्मको अभावले यस समय अपायहरूमा धेरै अधिक दुःख, दौर्मनश्यको अनुभव गर्नेछ" भनी करुणा गर्नुपर्दछ।

यसरी त्यस व्यक्तिप्रति करुणा गरी, त्यसपछि यसैढंगले प्रिय व्यक्तिप्रति, तत्पश्चात् मध्यस्थप्रति, त्यसपछि वैरीप्रति - यसप्रकार क्रमशः करुणा गर्नुपर्दछ।

यदि त्यसलाई पहिले बताइएअनुसार नै वैरीप्रति प्रतिघ (वैरभाव) उत्पन्न हुन्छ भने उसले मैत्रीमा भनेको ढंगले नै शान्त गर्नुपर्दछ। र जुन यहाँ पुण्य गरिएको हुन्छ, उसले पनि ज्ञाति, भोग, रोग, शील, दृष्टिादि सम्पत्तिको विपत्तिमध्ये कुनै एक चक्रको दुःखलाई त्याग्न नसक्नाले "दुःखी नै हो यो भनी सबैप्रकारले करुणा गर्नुपर्दछ" आदि भनिएको ढंगले नै आफूप्रति, प्रिय व्यक्तिप्रति, मध्यस्थ र वैरीप्रति - यी चारै व्यक्तिहरूप्रति सीमा तोडेर, त्यस निमित्तलाई आसेवन गर्दै, बढाउँदै, बहुल गरेको मैत्रीमा भनिएको ढंगले नै त्रिक, चतुष्कध्यानानुसार अर्पणालाई बढाउनुपर्दछ। तर अंगुत्तर निकायको अर्थकथामा 'पहिले वैरी व्यक्तिप्रति करुणा गर्नुपर्दछ, उसप्रति चित्त मृदु गरी, निर्धनप्रति, तत्पश्चात् प्रिय व्यक्तिप्रति, त्यसपछि आफूप्रति भनी यो क्रम वर्णित छ। त्यो निर्धन, खराब दशाप्राप्त यस पालिको पाठसंग मेल खाँदैन। यसैले भनिएको ढंगले नै भावनालाई आरम्भ गरी सीमालाई तोडेर अर्पणा बढाउनुपर्दछ।

त्यसपछि पाँचप्रकारले सीमारहित स्फरण, सातप्रकारले समिासहित स्फरण, दशप्रकारले दिशामा स्फरण आदि गरिन्छ यो। विकुर्वण हो। 'सुखपूर्वक सुत्दछ" आदि आनिशंसहरू मैत्रीमा भनिएको ढंगले नै जान्नुपर्दछ।

## ३. मुदिता ब्रम्हमविहार

मुदिताभावनाको आरम्भ गर्नेलाई पनि पहिले प्रिय व्यक्ति आदिप्रति आरम्भ गर्नु हुँदैन। किनकि प्रिय व्यक्ति प्यारो हुने मात्रले नै मुदिताको प्रत्यय बन्दैन। मध्यस्थ, वैरी व्यक्तिको कुरा नै के गर्नु ? लिङ्गको असमानता, मरेको हुनु - अक्षेत्र हुन्।

तर अत्यन्त प्रिय सहायक प्रत्यय हुन सक्दछ, जुन अर्थकथामा सोण्ड सहायक (अत्यन्त प्रिय



Downloaded from http://www.dhamma.digital

सहायक) भनिएको छ किनकि ऊ नियमित नै मुदित हुन्छ। ऊ पहिले हाँस्छ र पछि भन्छ। त्यसैले उसलाई नै पहिला मुदिताले स्फरण गर्नुपर्दछ। या सुखी, सज्जित, प्रमोद गर्दै गरेको देखेको या सुनेको प्रिय व्यक्तिप्रति "साँच्चै नै यो सत्व आनन्द मानिरहेछ! धेरै नै राम्रो, धेरै नै सुन्दर छ" भनी मुदिता उत्पन्न गर्नुपर्दछ। यसै अर्थलाई लिएर विभंग (१३) अनुसार भनिएको छ - "कसरी भिक्षु मुदितायुक्त चित्तले एक दिशालाई स्फरण गरी विहार गर्दछ ? जसरी एक प्रिय मनाप व्यक्तिलाई देखेर मुदित भएर, यसरी नै सबै सत्वहरूलाई मुदिताले स्फरण गर्दछ।"

यदि ऊ उसको सोण्ड सहायक या प्रिय व्यक्ति अतीतकालमा सुखी थियो, तर अहिले निर्धन र खराब अवस्थालाई प्राप्त भएको छ भने उसको अतीतमा सुखी भएको अनुस्मरण गरी, 'ऊ अतीतमा यस्तो महाभोग, महापरिवारसम्पन्न, नित्य मुदित रहने गर्दथ्यो" भनी उसको त्यस मुदित भएको आकारलाई लिएर मुदिता उत्पन्न गर्नुपर्दछ। अथवा भविष्यमा फेरि त्यस सम्पत्तिलाई पाएर हात्ती, घोडाको पीठ, सुनको पालकी आदिद्वारा विचरण गर्नेछ,' यसरी भविष्यको उसको मुदित भएको आकारलाई लिएर मुदिता उत्पन्न गर्नुपर्दछ। यसरी प्रिय व्यक्तिप्रति मुदितालाई उत्पन्न गरी, पछि मध्यस्थप्रति, फेरि वैरीप्रति क्रमशः मुदिता गर्नुपर्दछ।

यदि उसले पहिले भनिएको ढंगले नै वैरीप्रति प्रतिघ उत्पन्न हुन्छ भने उसले मैत्रीमा भनिएको ढंगले नै शान्त गरी यी तीनै जना र आफूप्रति गरी चारैजनाप्रति समचित्त हुनाले सीमालाई तोडेर त्यस निमित्तलाई आसेवन गर्दै, बढाउँदै, बहुल गर्दै, मैत्रीमा भनिएको ढंगले नै त्रिक, चतुष्कध्यानानुसार नै अर्पणालाई बढाउनुपर्दछ। त्यसपश्चात् पाँचप्रकारले सीमारहित स्फरण, सातप्रकारले सीमासहित स्फरण, दशप्रकारले दिशामा स्फरण गरिनुपर्दछ। यो विकुर्वण हो। 'सुखपूर्वक सुत्दछ' आदि आनिशंसहरू मैत्रीमा भनिएअनुसार नै जान्नुपर्दछ।

## ४. उपेक्षा ब्रह्मविहार

उपेक्षाभावना गर्ने इच्छा भएको भिक्षुले मैत्री आदिमा त्रिक-चतुष्कध्यानले अभ्यस्त तृतीयध्यानदेखि उठेर, 'सुखी होस' आदिअनुसार सत्वहरूप्रति ममत्वले उत्पन्न मनस्कारयुक्त हुनाले प्रतिघानुनय (वैर र स्नेह)को समीपचारी हुनाले, सौमनश्यको योगले स्थूल हुनाले पहिले (मैत्री, करुणा, मुदिता) मा दोष र शान्त (सूक्ष्म) हुनाले उपेक्षामा गुणलाई देखेर जुन स्वभावले मध्यस्थ व्यक्ति हो, त्यसको उपेक्षा गरी उपेक्षालाई उत्पन्न गर्नुपर्दछ। त्यसपश्चात् प्रिय व्यक्ति आदिमा भावना गर्नुपर्दछ। विभंग (१३) अनुसार भनिएको छ "कसरी भिक्षु, उपेक्षायुक्तचित्तले एक दिशालाई स्फरण गरी विहार गर्दछ ? जसरी एक अमनाप र मनाप व्यक्तिलाई देखेर उपेक्षक भएर, यसरी नै सब सत्वहरूलाई उपेक्षाले स्फरण गर्दछ।"

यसैले भनिएको ढंगले मध्यस्थ व्यक्तिप्रति उपेक्षा उत्पन्न गरी, तत्पश्चात प्रिय व्यक्तिप्रति, त्यसपछि सोण्ड सहायकप्रति र तब वैरीप्रति - यसरी यी तीनै जना र आफूप्रति सबै ठाउँमा मध्यस्थानुसार सीमा तोडेर त्यस निमित्तलाई आसेवन गर्नुपर्दछ, बढाउनुपर्दछ, बहुल गर्नुपर्दछ।

त्यस भिक्षुलाई यसरी भावना गर्नाले पृथ्वीकसिणमा भनिएको ढंगले नै चतुर्थध्यान उत्पन्न हुन्छ। के यो पृथ्वीकसिणमा भनिएको ढंगले नै चतुर्थध्यान उत्पन्न हुन्छ ? के यो पृथ्वीकसिण आदिमा उत्पन्न तृतीयध्यान हुनेलाई पनि उत्पन्न हुन्छ ? उत्पन्न हुँदैन। किन ? आलम्बनको असमान हुनाले।



Downloaded from http://www.dhamma.digital

मैत्री आदिमा उत्पन्न तृतीयध्यानको लागि उत्पन्न हुन्छ, आलम्बनको सभाग हुनाले। त्यसपछि विकुर्वण र आनिशंसको लाभ मैत्रीमा भनिएअनुसार नै जान्नुपर्दछ।

## प्रकीर्णककथा

*ब्रह्मुत्तमेन कथिते ब्रह्मविहारे इमे इति विदित्वा।*
*भिय्यो एतेसु अयं पकिण्णककथापि विञ्ञेय्या॥"*

(उत्तम ब्रह्मा (भगवान बुद्ध) द्वारा भनिएको यी ब्रह्मविहारहरूलाई यसप्रकार जानेर यो थप प्रकीर्णककथा पनि जान्नुपर्दछ।)

यी मैत्री, करुणा, मुदिता, उपेक्षामध्ये (१) अर्थले मैद्य (मोटाउनु) उत्त्पन्न गर्नाले मैत्री भनिन्छ। स्नेह गर्नु यसको अर्थ हो। अथवा मित्रप्रति आदर उत्पन्न भएको या मित्र व्यवहारको अर्थले पनि मैत्री हो। भलाईको रूपमा हुने लक्षण भएको मैत्री हो। भलाई ल्याउनु त्यसको कृत्य हो। आघातलाई हटाउनु त्यसको प्रत्युप्रस्थान हो। सत्वहरूको मनाप भाव देखाउनु प्रत्यय हो। व्यापाद शान्त हुनु त्यसको समापत्ति हो। स्नेहको उत्पत्ति हुनु विपत्ति (नाश) हो। किनकि मैत्रीको बहानाले राग उत्पन्न हुन्छ र तृष्णा राग उत्पन्न भएर मैत्रीलाई नाश गर्दछ।

(२) अरुको दुःख हुँदा सज्जनहरुको हृदयलाई कम्पायमान गराउँदछ, यसैले करुणा भनिन्छ। अरुको दुःखलाई किन्दछ, अथवा मार्दछ, नष्ट गर्दछ, त्यसैले करुणा हो, या दुःखीतहरूमा फैलाइन्छ, स्फरणको रूपमा फैलिन्छ, त्यसैले करुणा हो। दुःखलाई हटाउने आकारको लक्षण भएको करुणा हो। अरूको दुःखलाई सहन नसक्नु त्यसको काम हो। अविहिंसा प्रत्युपस्थान हो। दुःखले सताएका अनाथको रूपमा देख्नु पदस्थापन हो। विहिंसाको शान्त हुनु त्यसको सम्पत्ति हो र शोकलाई उत्पन्न गर्नु विपत्ति हो।

(३) यसले युक्त व्यक्ति प्रमोद गर्दछन् या स्वयं मोद गर्दछ या प्रमोद गर्नु मात्र नै मुदिता हो। प्रमोदको लक्षण भएको मुदिता हो। ईर्ष्या नगर्नु त्यसको कृत्य हो। अति उदासिनतालाई नाश गर्नु त्यसको प्रत्युप्रस्थान हो। सत्वहरूको सम्पत्तिलाई देख्नु पदस्थान हो। अरतिको शान्त हुनु उसको सम्पत्ति र प्रहास (हाँसो) को उत्पन्न हुनु विपत्ति हो।

(४) 'वैररहित होस्' आदि कामहरूको प्रहाण र मध्यस्थ हुनाले उपेक्षा गर्दछ, यसैले उपेक्षा हो। सत्वहरूमा मध्यंस्थको आकारले प्रवर्तित हुने लक्षण भएको उपेक्षा हो। सत्वहरूमा सबैलाई बराबररूपले देख्नु त्यसको काम हो। प्रतिघ र अनुनय (द्वेष र राग)लाई शान्त गर्नु त्यसको प्रत्युपस्थान हो। सत्व कर्म सम्पत्ति हुन्, उनीहरू कसैको रूचिले सुखी हुने या दुःखबाट छुट्ने, समापत्तिद्वारा बरबाद हुँदैन ? यसरी हुने कर्म सम्पत्तिलाई देख्नु पदस्थान हो। प्रतिघानुनयको शान्त हुनु त्यसको सम्पत्ति हो। कामभोग सम्बन्धि अज्ञान उपेक्षाको उत्पत्ति हुनु विपत्ति हो।

यी चारै ब्रह्मविहार पनि विपश्यना सुख र भव सम्पत्ति साधारण प्रयोजन हुन्। व्यापाद आदिलाई हटाउनु प्रत्येकको काम हो। व्यापादको टाढाकरणको नै प्रयोजन यहाँ मैत्री हो। विहिंसा, अरति, रागलाई टाढा गर्नको लागि अन्य (ब्रह्मविहार) छन्। दीघनिकाय (३) अनुसार भनिएको पनि छ – "आवुसो, यो व्यापादको निस्तार हो जुन मैत्री चेतोविमुक्ति हो .... आवुसो, यो विहिंसाको निस्तार हो जुन करुणा चेतो



Downloaded from http://www.dhamma.digital

विमुक्ति .... आवुसो, यो अरतिको निस्तार हो जुन मुदिता चेतोविमुक्ति हो। ... आवुसो यो रागको निस्तार हो जुन उपेक्षा चेतोविमुक्ति हो।"

एकएकको यहाँ नगीच र टाढानुसार दुईदुई वैरी छन्। मैत्री ब्रह्मविहारको (१) राग नजिकको दुष्मन हो। किनकि दुवै गुण देख्नमा आकर्षित हुन्छन्। रागले दुष्मन जस्तै काम गर्दछ जुन मानिससंगै नजिक रहन्छ र यसले सजिलै अवसर पाउँदछ। (२) द्वेष मैत्रीको विरोधी हुनाले टाढाको शत्रु हो। जो चट्टानपर्वतको अनकण्टारमा लुकेर बस्ने शत्रुजस्तै हो। यसैले त्यसबाट निर्भय भएर मैत्री गर्नुपर्दछ। मैत्री पनि गर्नु र क्रोध पनि गर्नु यी दुवै एकसाथ सम्भव छैन।

करुणा ब्रह्मविहारको - "दृष्ट-काल-मनाप-मनोरम लोकमिष (लौकिक भोग)द्वारा सम्बद्ध चक्षु (द्वारा) विज्ञेय रूपहरूको अलाभलाई अलाभको स्तरमा स्मरण गरी, दौर्मनस्य (खेद) उत्पन्न हुन्छ। जुन यसप्रकारको दौर्मनस्य हो, त्यो गेधसम्बन्धी (कामभोग सम्बन्धी) दौर्मनश्य भनिन्छ" आदिप्रकारले मज्झिम निकाय (३,४,७) अनुसार आएको गेधसम्बन्धी दौर्मनस्य विपत्ति देख्नेको सभाग हुनाले समीपवर्ती वैरी हो। सभाग विसभाग हुनाले विहिंसा टाढावर्ती वैरी हो। यसैले त्यसबाट निर्भय भएर करुणा गर्नुपर्दछ। करुणा पनि गर्दछ र हिंसा आदिले आघातकर्म गरेर पीढा पनि पुऱ्याउँदछ भने यी दुवै एकसाथ सम्भव छैन।

मुदिता ब्रह्मविहारको - "चक्षु विज्ञेय इष्ट ... लोकामिषद्वारा सम्बद्ध रूपहरूको लाभलाई लाभको स्तरमा देख्नेलाई या पहिले कहिले प्राप्त अतीत= निरुद्ध, विकार भएको (रुपहरूलाई) देख्नुमा सौमनस्य उत्पन्न हुन्छ " जुन यसप्रकारका सौमनस्य हो - यो गेधसम्बन्धी सौमनस्य भनिन्छ आदि प्रकारले मज्झिम निकाय (३,४,७) अनुसार आएको गेधसम्बन्धी सौमनस्य सम्पत्ति देख्नु सभाग हुनाले समीपवर्ती वैरी हो। यसैले सभाग विसभाग हुनाले अरति टाढावर्ती वैरी हो। यसैले त्यसबाट निर्भय भएर मुदिताको भावना गर्नुपर्दछ। प्रमुदित पनि हुन्छ र शून्य (प्राप्त) शयनासनमा या अधिकुशल धर्महरू (शमथ विपशयना)मा उदास पनि हुन्छ भन्ने यी दुवै एकसाथ सम्भव छैन।

उपेक्षा ब्रह्मविहारको - "चक्षुद्वारा रूपलाई देखेर बालमूढ पृथग्जन (क्लेश तथा मार्गको) अवधि नजितेको, विपाक नजितेको, दोष नदेख्ने, अश्रुतवान्, पृथक्जनलाई उपेक्षा उत्पन्न हुन्छ, जुन यसप्रकारको उपेक्षा हो, त्यो रूपको अतिक्रमण गर्दैन। यसैले त्यो उपेक्षा गेधसम्बन्धी उपेक्षा भनिन्छ" आदिढंगले मज्झिम निकाय (३,४,७) अनुसार आएको गेधसम्बन्धी अज्ञान उपेक्षा दोषगुणको विचार नगर्ने स्तरमा सभाग हुनाले समीपवर्ती वैरी हो। सभाग विसभाग हुनाले राग, प्रतिघ टाढावर्ती वैरी हो। यसैले त्यसबाट निडर भएर उपेक्षा गर्नुपर्दछ। उपेक्षा पनि गर्दछ र राग तथा प्रतिघ पनि गर्दछ भने यी दुवै एकसाथ सम्भव छैन।

यी सबैलाई नै गर्ने चाहना आदि (शुरु) हो, नीवरण इत्यादिको दबाउनु मध्य हो, अर्पणा अन्त हो। प्रज्ञप्ति धर्मानुसार एक सत्व या धेरै जसो सत्वहरू आलम्बन हुन्। उपचार या अर्पणालाई पाउँदा आलम्बन बढ्छ।

यो आलम्बनलाई बढाउने क्रम हो – जसरी चतुर किसान जोत्नयोग्य स्थानलाई घेरेर जोत्दछ। यसरी पहिले नै एक आवास (घर) को परिच्छेद गरी त्यहाँ सत्वहरूप्रति "यस आवासमा सत्व



Downloaded from http://www.dhamma.digital

वैररहित होस्" आदि ढंगले मैत्रीको भावना गर्नुपर्दछ। त्यहाँ चित्तलाई मृदु, कर्मण्य गरी दुई आवासहरूको परिच्छेद गर्नुपर्दछ। त्यसपछि क्रमशः तीन, चार, पाँच, छ, सात, आठ, नौ, दश, एक टोल, आधा गाउँ, पुरा गाउँ, जनपद, राज्य, एक दिशा- यसरी एक चक्रवालसम्म या त्यसभन्दा पनि अधिक त्यहाँत्यहाँ सत्वहरूप्रति मैत्रीभावना गर्नुपर्दछ। त्यसरी नै करुणा आदिलाई पनि बुझ्नुपर्दछ। यही आलम्बनलाई बढाउने क्रम हो।

जसरी कसिणहरूको फल आरुप्य (अरुप ध्यान) हुन्, समाधिहरूको फल नैवसंज्ञानासंज्ञायतन हो, विपश्यनाको फल फलसमापति हो, शमथ विपश्यनाको फल निरोधसमापत्ति हो, यसरी नै पहिलेको तीन ब्रह्मविहारको फल उपेक्षा ब्रह्मविहार हो। जस्तै - खम्बाहरूलाई नठडाएर मचान र खम्बाहरू नबनाएर आकाशमा धुरीका दलिनहरू राख्न सकिंदैन, यसरी पहिलो ब्रह्मविहार या तृतीयध्यानविना चौथोको भावना गर्न सकिंदैन।

यहाँ प्रश्न हुन सक्छ - किन यी मैत्री, करुणा, मुदिता, उपेक्षा ब्रह्मविहार भनिन्छ ? किन चार छन् ? कुनचाहिं यसको क्रम हो ? र अभिधर्ममा किन अप्रमाण्य भनिएको छ ?'

यसको यसप्रकार जवाव दिन सकिन्छ - श्रेष्ठ र निर्दोष हुनाले यहाँ ब्रह्मविहार हुनु जान्नुपर्दछ। सत्वहरूप्रति सम्यक प्रतिपत्ति हुनाले यी विहार श्रेष्ठ छन्। जसरी ब्रह्मा निर्दोष चित्तले विहार गर्दछ, यसरी नै यस ब्रह्मविहारयुक्त योगी ब्रह्मासमान भएर विहार गर्दछ। यसप्रकार श्रेष्ठ र निर्दोष हुनाले ब्रह्मविहार भनिन्छ।

'किन चार छन् ?' यस प्रश्नको यी उत्तर हुन् –

*विशुद्धि मग्गादिवसा चतस्सो हितादिआकारवसा पनासं।*

*कमो, पवत्तन्ति च अप्पमाणे ता गोचरे येन तदप्पमञ्ञा॥*

(विशुद्धिमार्गादिअनुसार चार छन्, हितादिको आकारानुसार यसको यो क्रम हो, ती अप्रमाण्य गोचरमा प्रवर्तित हुन्छन्, जसबाट अप्रमाण्य छन्।)

यिनीहरूमा, किनकि मैत्री-व्यापाद बहुलको लागि, करुणा विहिंसा बहुलको लागि, मुदिता अरति बहुलको लागि उपेक्षा राग बहुलको लागि विशुद्धिको मार्ग हो। भलाई गर्नु, खराबी मेटाउनु, सम्पत्तिको अनुमोदन गर्नु र पक्षपात आदि नगर्नु, यिनीहरूअनुसार सत्वहरूप्रति चार प्रकारले मनसिकार गरिन्छन्। जसरी आमाले बच्चा, रोगी, तन्नेरी र काममा लागिरहने चारै छोराहरूमध्ये बच्चालाई छिटो बढेको हेर्न चाहन्छिन्, रोगीलाई रोगदेखि राम्रो भएको हेर्न चाहन्छिन्, तन्नेरीको यौवन सम्पत्तिलाई धेरै दिनसम्म स्थिर रहेको हेर्ने चाहन्छिन्, र आफ्नो काममा लागिरहने छोराप्रति एकप्रकारले अनुत्सुक हुन्छ। त्यसरी नै अप्रमाण्य विहारीलाई पनि सबै सत्वहरूप्रति मैत्री आदिअनुसार हुनुपर्दछ, यसैले यस विशुद्धिमार्गादिअनुसार चार अप्रमाण्य छन्।

किनकि यी चारैको पनि भावना गर्ने इच्छा भएकोलाई प्रथम भलाईको आकारले सत्वहरूप्रति लगाउनुपर्दछ। मैत्री भलाईको आकारद्वारा प्रवर्तित हुने लक्षण भएको छ। त्यसपछि यसरी भलाई चाहनेले सत्वलाई दुःखले सताएको देखेर, सुनेर या कल्पना गरी दुःखलाई हटाउने आकारको प्रवृत्तिअनुसार दुःखलाई हटाउने लक्षण भएको करुणा हो। यसरी चाहेको हितहरू भएको र चाहना गरेको दुःखहरू



Downloaded from http://www.dhamma.digital

हद्दा त्यसको सम्पत्तिलाई देखेर सम्पत्तिको प्रमोदानुसार प्रमोद गर्ने लक्षण भएको मुदिता हो। त्यसपछि कर्तव्यको अभावले उपेक्षा गरी मध्यस्थ आकारले प्रतिपन्न हुनुपर्दछ र मध्यस्थ आकारको प्रवृत्तिको लक्षण भएको उपेक्षा हो। यसैले यस हितादिअनुसार यिनमा प्रथम मैत्री भनिएको छ, तब करुणा, मुदिता र उपेक्षा आदि यो क्रम जान्नुपर्दछ।

यी सबै गोचरमा प्रवर्तित हुन्छन्। अप्रमाण सत्व यसको गोचर हुन् र एक सत्वलाई पनि यति प्रदेशमा मैत्री आदिको भावना गर्नुपर्दछ – यसरी प्रमाण ग्रहण नगरी सम्पूर्ण स्फरण गर्ने स्तरमा प्रवर्तित हुन्छ।

यसरी अप्रमाण्य गोचर हुनाले एक लक्षण हुने पनि यिनमा पहिलेको तीन त्रिक-चतुष्कध्यान भएका नै हुन्। किन ? सौमनस्यको नहुनाले। किन यिनमा सौमनस्य हुँदैन ? दौर्मनस्यद्वारा उत्पन्नभएको व्यापाद आदिको निस्तार भएको कारणले सोमनस्य हुन्छ। अन्तको शेष एक ध्यानयुक्त नै हुन्छ। किन? उपेक्षा वेदनायुक्त हुनाले। सत्वहरूप्रति मध्यस्थ भएको ब्रह्मविहारको उपेक्षा, उपेक्षावेदनाविना हुँदैन।

तर जो यस्तो भन्छ - किनकि भगवान्द्वारा अंगुत्तर निकाय (८,७,४) आठौं निपातमा चारैवटा अप्रमाण्यमा अविशेषरूपले भनिएको छ। "भिक्षु, तिमी त्यसपश्चात् यस सवितर्क, सविचार समाधिको भावना गर्नु, अवितर्क-विचारको मात्रको पनि भावना गर्नु। अवितर्क-अविचारको पनि भावना गर्नु। सप्रीतिकको पनि भावना गर्नु, निष्प्रीतिकको पनि भावना गर्नु, सुखयुक्तलाई पनि भावना गर्नु, उपेक्षायुक्तलाई पनि भावना गर्नु।" यसैले "चारैवटा पनि अप्रमाण्य चतुष्क - पञ्चकध्यानयुक्त हुन्" भन्नेलाई 'यसरी नभन' भन्नयोग्य छ।

यसो हुँदा कायानुपश्यना आदि पनि चतुष्क - पञ्चकध्यानयुक्त हुने छन् र वेदनानुपश्यनादिमा प्रथमध्यान पनि छैन, द्वितीय आदिको कुरा नै के ? यसैले व्यञ्जनको छाया मात्रलाई लिएर भगवान्लाई भूठो आरोप नलगाऊ। बुद्धवचन गम्भीर छ। त्यसलाई आचार्यको सेवा गरी अभिप्रायले ग्रहण गर्नुपर्दछ।

अंगुत्तर निकाय (८,७,४) अनुसार त्यहाँ यो अभिप्राय हो - "धेरै राम्रो भन्ते, भगवान् संक्षेपले धर्मको उपदेश गर्नुभएमा, जुन धर्मलाई मैले सुनेर एक एकाग्र चित्तयुक्त, अप्रमत्त, उद्योगी, संयमित भएर विहार गर्न सकुँ।' यसरी धर्मोपदेशको याचना गर्ने त्यस भिक्षुलाई, किनकि त्यो पहिले पनि धर्मलाई सुनेर त्यहीं रहन्छ, श्रवणधर्म गर्नको लागि जाँदैन, त्यसैले ऊसंग भगवान्ले - "यसरी नै कुनैकुनै निकम्मा मानिस (मोघपुरुष) मलाई नै याचना गर्दछ र धर्मको उपदेश गर्दा मेरो नै पछि लागिरहनु ठीक मान्दछ" भनी हकार्नुभएर फेरि, ऊ अर्हत्वको उपनिश्रययुक्त थियो, यसैले उसलाई उपदेश गर्नुहुँदै - "यसैले तिमीले भिक्षु, यसरी सिक्नुपर्दछ - "मेरो आध्यात्मचित्त स्थिर - सुसस्थित (एकाग्र) हुन्छ उत्पन्न भएको खराब अकुशलधर्म चित्तलाई पक्रेर उभिंदैन। भिक्षु, यसरी तिमीले सिक्नुपर्दछ।" यस उपदेशबाट उसको अध्यात्मानुसार चित्तको एकाग्रता मात्रलाई मूल समाधि भनिन्छ।

त्यसपछि यतिले मात्र सन्तोष नगरी यसप्रकार त्यस समाधिलाई बढाउनुपर्दछ - यसलाई बताउनको लागि - "भिक्षु, जबदेखि तिम्रो आध्यात्मचित्त स्थिर, सुसंस्थित हुन्छ, खराब अकुशलधर्मलाई पक्रेर उभिंदैन, तबदेखि भिक्षु, तिमीले यस्तो सिक्नुपर्दछ - मेरोद्वारा चेतो विमुक्तिको भावना गरिएको हुनेछ, त्यो अभ्यस्त हुनेछ .... । यसरी, भिक्षु, तिमीले सिक्नुपर्दछ।" यसरी उसलाई मैत्रीअनुसार भावना



Downloaded from http://www.dhamma.digital

भन्नुभएर फेरि 'भिक्षु जबदेखि तिमीद्वारा यो समाधि यसरी बढाइनेछ, तबदेखि भिक्षु, यस सवितर्क सविचार समाधिलाई पनि भावना गर्नु ... उपेक्षायुक्तको पनि भावना गर्नु," भन्नुभएको छ ।

त्यसको अर्थ हो – 'भिक्षु, जब तिमीद्वारा यस मूल समाधिलाई यसप्रकार मैत्रीको रूपमा भावना गरिएको हुनेछ, तब तिमी त्यति मात्रले पनि सन्तोष नगरी यस मूल समाधिलाई अरू पनि आलम्बनहरूमा चतुष्क, पञ्चकध्यानहरूमा पुऱ्याउँदै - सवितर्क, सविचारलाई पनि-आदिढंगले भावना गर्नुपर्दछ ।

यसरी भनेर फेरि 'करुणा आदि अवशेष ब्रह्मविहारहरूको पूर्वाङ्ग पनि गरी, अन्य आलम्बनहरूमा चतुष्क-पञ्चकध्यानानुसार यसको भावना गर्नु' - आदिलाई बताउनुहुँदै 'भिक्षु जबदेखि तिमीद्वारा यस समाधिलाई यसरी भावना गरिनेछ, बहुल गरिनेछ, तब त्यसपछि तिमीले, भिक्षु, यस्तो सिक्नुपर्दछ - मेरोद्वारा करुणा चेतोविमुक्ति -" आदि भन्नुभयो ।

यसरी मैत्री आदिलाई पूर्वाङ्ग गरी चतुष्क-पञ्चकध्यानानुसार भावनालाई बताउनुभएर फेरि कायानुपश्यना आदिलाई पूर्वाङ्ग बताउनको लागि 'भिक्षु, जब तिमीद्वारा यस समाधिको यसरी भावना गरिएको हुनेछ, बहुल गरिएको हुनेछ, तब तिमीलाई भिक्षु, यसरी सिक्नुपर्दछ – 'कायमा कायानुपश्यना भई विहार गर्नेछु' आदि भन्नुभएर 'भिक्षु, जब तिम्रोद्वारा यस समाधिको यसरी भावना गरिएको हुनेछ, यसरी राम्ररी बढाइएको हुनेछ, तबदेखि, भिक्षु, जहाँजहाँ तिमी जानेछौ आरमपूर्वक नै जानेछौ । जहाँजहाँ उभिनेछौ, त्यहाँत्यहाँ आरामपूर्वक उभिनेछौ, जहाँजहाँ सुत्नेछौ, त्यहाँत्यहाँ आरामपूर्वक सुत्नेछौ - ' । यसरी अर्हत्वसम्मको अन्तसम्म उपदेश दिनुभयो । यसैले त्रिक-चतुष्कध्यानयुक्त भावनाको निर्देश दिनुभयो । यसैले त्रिक-चतुष्कध्यानयुक्त नै मैत्री आदि हो । उपेक्षा शेष मात्र एक ध्यानयुक्त जान्नुपर्दछ । अभिधर्ममा यसरी नै विभाजन गरिएको छ ।

यसरी त्रिक-चतुष्कानुसार र शेष एक ध्यानानुसार दुईप्रकारले रहने, यसको पनि दीघनिकाय (३,८०) अनुसार सुभन्त्वेव अधिमोक्खो होति - शुभ परम आदिअनुसार परस्पर 'असदृश आनुभावलाई जान्नुपर्दछ । संयुक्त निकाय (५१,१,१), हलिद्दवसन सुत्तमा यी शुभ परम आदिको भावले मिलाएर भनिएको छ - 'भिक्षुहरू, म मैत्री चेतो विमुक्तिलाई सुभ परम भन्दछु ... भिक्षुहरू म करुणा चेतोविमुक्तिलाई ... आकाशानत्यायतन परम (अन्त) भन्दछु । ... भिक्षुहरू म मुदिता चेतो विमुक्तिलाई विज्ञानानत्यायतन परम भन्दछु ... भिक्षुहरू, म उपेक्षा चेतोविमुक्तिलाई आकिञ्चन्यायतन परम भन्दछु ।

किन यी यसरी भनिएका छन् ? किनकि त्यसत्यसको उपनिश्रय (प्रत्यय) हुनाको कारण मैत्रीको साथ विहार गर्नेलाई सत्व अप्रतिकूल हुन्छन् । त्यसले अप्रतिकूलको परिचर्य्याले अप्रतिकूल परिशुद्ध नीलो आदि रंगहरूमा चित्तलाई लैजानेलाई विनापरिश्रम नै त्यहाँ चित्त जान्छ । यसप्रकार मैत्री शुभ विमोक्षको उपनिश्रय हुन्छ । त्यसपछि होइन । यसैले शुभ परम भनिएको छ ।

करुणासंग विहार गर्नेलाई मुंग्रो या डण्डाले हिर्काउने आदि रूपनिमित्तले उत्पन्न प्राणीको दुःखलाई देख्ने करुणा उत्पन्न हुनाले रूपहरूको दोष राम्ररी विदित हुन्छन् । रूपहरूको दोष विदित हुनाले पृथ्वीकसिणादिमध्ये कुनै एकलाई उखालेर रुपरहित आकाशमा चित्तलाई लैजानाले विनापरिश्रम नै त्यहाँ चित्त जाने गर्छ । यसप्रकार करुणा आकाशानन्त्यायतनको उपनिश्रय हुन्छ, त्यसपछि होइन । यसैले आकाशानन्त्यायतन परम भनिएको छ ।



Downloaded from http://www.dhamma.digital

मुदितासंग विहार गर्नेलाई त्यसत्यसले प्रमोद गर्नाले उत्पन्न भएको प्रमोदित प्राणीहरूको विज्ञानलाई देखेर मुदिता उत्पन्न हुनाले विज्ञानलाई ग्रहण गर्नको लागि चित्त अभ्यस्त हुन्छ । त्यसको चित्तक्रमले प्राप्त आकाशानन्त्यायतनको अतिक्रमण गरी आकाश निमित्तको गोचर भएको विज्ञानमा चित्तलाई लैजानाले विनापरिश्रम नै त्यहाँ गइजान्छ । यसप्रकार मुदिता विज्ञानन्त्यायतन परम भनिएको छ ।

उपेक्षासंग विहार गर्नेलाई "सबै सुखी होस्, दु:खदेखि छुटकारा पावस्, या पाएको सुखदेखि विमुक्त नहोस्" 'यसरी मनमा नगरी सुखदु:ख आदि, परमार्थलाई ग्रहण गर्नाले विमुख हुनाले अविद्यामानलाई ग्रहण गर्नाले परिचित चित्त हुनेको परमार्थले अविद्यमानलाई ग्रहण गर्नुमा दक्ष चित्तक्रमले प्राप्त विज्ञानानन्त्यायतनको अतिक्रमण गरी स्वभावले अविद्यमान परमार्थ भएको विज्ञानको अभावमा चित्तलाई लैजानाले विनापरिश्रम नै त्यहाँ चित्त गइजान्छ । यसपछि होइन । यसैले आकिंचन्यायतन परम भनिएको हो ।

यसरी 'शुभ परम' आदिअनुसार आनुभावलाई जानेर, फेरी सबै यी दस आदि सबै कल्याणकारक धर्महरूलाई पूर्ण गर्ने हुन् भनी यसलाई जान्नुपर्दछ । सत्वहरूको भलाईको विचारले, सत्वहरूको दु:ख सहन गर्नाले, पाएको सम्पत्ति विशेषको चिरस्थितिको इच्छाले र सबै प्राणीहरूप्रति पक्षपातको अभावले समप्रवर्तित चित्तको हुनाले महासत्व 'यसलाई दिनुपर्दछ -यसलाई दिनु हुँदैन' यसरी विभाग नगरी सबै सत्वहरूको सुखको लागि दान दिन्छन् । उसको उपघात (नाश)लाई त्याग्दै शीललाई ग्रहण गर्दछन् । शीललाई परिपूर्ण गर्नको लागि नै नैष्क्रम्य गर्दछन् । सत्वहरूको हिताहितमा असंमोहको लागि प्रज्ञालाई गर्दछन् । उत्तम वीर्यद्वारा वीरभावलाई पाउँदै पनि सत्वहरूको नानाप्रकारका अपराधलाई क्षमा गर्दछन् । 'तिमीलाई यो दिनेछु, गर्नेछु" आदि प्रतिज्ञा गरी त्यसको विरुद्ध गर्दैनन् । उसको हितसुखको लागि अविचल अधिष्ठान भएको हुन्छन् । उसमा अविचल मैत्रीद्वारा पहिले गर्ने हुन्छन् । उपेक्षाले गरेकोले बदला चाहँदैन । यसरी पारमिताहरूलाई पूर्ण गरी जबसम्म दश बल, चार वैशारद्य, ६ असाधारण ज्ञान (पटिसम्भिदामग्ग ४), अठार सम्बुद्धको धर्म प्रभेद भएको सबै कल्याणकारक धर्महरूलाई परिपूर्ण गर्दछन् - यसरी दान आदि सबै कल्याणकारक धर्महरूलाई पूर्ण गर्ने ब्रह्मविहार कर्मस्थान नै हुन्छ ।

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धिमार्गमा समाधि भावनाको भागमा*
*ब्रह्मविहार निर्देश नामक*
*नवौं परिच्छेद समाप्त*

♣♣♣



Downloaded from http://www.dhamma.digital

# दशौं परिच्छेद

## आरुप्य निर्देश

### (१) आकाशानन्त्यायतन

ब्रह्मविहारपछि भनिएको चार आरुप्यहरूमध्ये प्रथम आकाशानन्त्यायतनको भावना गर्ने इच्छा भएको भिक्षुले - "रूपस्कन्धको कारण डण्डा लिनु, हतियार लिनु, झगडा, लडाईं, विवाद आदि देखापर्दछन् । तर अरुपस्कन्धहरूमा यी बिलकुलै हुँदैनन् - ऊ यसप्रकार विचार गरी रूपहरूको निर्वेद, विराग, निरोधको लागि प्रतिपन्न हुन्छ ।" मज्झिम निकाय (१,३,७) को यस वचनद्वारा यी डण्डा लिनु आदि र आँखा, कानको रोगादि हजारौं रोगअनुसार करजरूप (कर्मजरूप)मा दोष देखेर त्यसको समतिक्रमणको लागि परिच्छिन्नाकाश कसिणलाई छाडेर पृथ्वीकसिण आदिमध्ये कुनै एकमा चतुर्थध्यानलाई उत्पन्न गर्दछ ।

यद्यपि उसले रूपावचरको चतुर्थध्यानको रूपमा करजरूपलाई अतिक्रमण गरेको हुन्छ, तथापि कसिणरूप पनि त्यसको प्रतिभाग नै हो, यसैले त्यसलाई पनि अतिक्रमण गर्न चाहन्छ । कसरी ?

साँपको उपमा - जसरी कुनै साँपसंग डराउने मानिस जंगलमा सांपद्वारा लखेटिंदा तीव्रगतिले भागेर जान्छ । पछि त्यही स्थानमा कुनै रेखाचित्र वा ताड्को पात वा डोरी या फाटेको जमिनको प्वाललाई देखेमा पहिलेको साँपजस्तै सम्झेर डराउँछ, त्रस्त हुन्छ, त्यसलाई हेर्न चाहँदैन ।

वैरीको उपमा - जसरी अनर्थ गर्ने वैरी व्यक्तिले एक गाउँमा बस्ने अर्को मानिसलाई कुट्ने, बाँध्ने, घर जलाइदिने आदिले दुःखीत गराएको कारणले अन्य गाउँमा बसाइँ सर्छ तर त्यहाँ पनि त्यो वैरीजस्तै रूप, शब्द, चालढाल भएको मानिसलाई देखेर त्यही पुरानो वैरी सम्झेर डराउँछ, त्रस्त हुन्छ, उसलाई हेर्न पनि चाहँदैन ।

ती उपमाका उपमेय्य यसप्रकार छन् - ती पुरुषहरू सांप या वैरीद्वारा दुःखीत भएजस्तै भिक्षुको आलम्बनद्वारा करजरूपयुक्त भएको समय हो । ऊ तीव्रगतिले भाग्ने, अन्य गाउँमा गएजस्तै भिक्षुको रूपापचरको चतुर्थध्यानद्वारा करजरूपको अतिक्रमण गर्ने समय हो । ऊ भागेको स्थान र अन्य गाउँमा रेखाचित्र, ताड्को पात आदि र वैरीजस्तै भिक्षुको कसिणरूप हो – यसरी विचार गरी त्यसलाई पनि अतिक्रमण गर्ने इच्छा हुनु हो ।

कुकुरको उपमा - एउटा कुकुर वनमा सुंगुर (वनेल)को प्रहार खाएर भाग्यो । त्यो राति अंधकार मा रूप नदेख्नाको कारणले भात पकाउने हाँडीलाई देख्दा वनसुंगुर सम्झेर, डराएर, त्रस्त भएर भाग्यो ।

भूतप्रेतको उपमा - भूतप्रेतदेखि डराउने मानिस अनजान स्थलमा जाँदा राति हाँगाहरू काटिएको ताडरूखलाई देखेर भूतप्रेत सम्झेर, डराएर त्रस्त भएर मूर्छित भयो ।



Downloaded from http://www.dhamma.digital

त्यस भिक्षुले चतुर्थध्यानको आलम्बन भएको कसिणरूपबाट निर्वेद प्राप्त भएर जाने इच्छाले पाँच प्रकारका वशीका अभ्यास गरी अभ्यस्त रूपावचरको चतुर्थध्यानदेखि उठेर, त्यस ध्यानमा - यो ध्यान मैले निर्वेद गरेको रूपलाई आलम्बन गर्दछ, यसमा सौमनस्य छ जुन समीपवर्ती वैरी हो र शान्त विमोक्षले तुलनामा त्यो औलारिक (स्थूल) हो - भनी दोष देख्दछ। यहाँ चतुर्थध्यानजस्तै अंगहरूको स्थूलता छैन। जुनप्रकारले यो रूप दुई अंगयुक्त छ, त्यसरी नै आरुप्य पनि दुई अंगयुक्त छन्।

ऊ यसरी दोष देखेर, चाहनाको त्याग गरेर, आकाशानन्त्यायतनलाई शान्तको स्तरमा मनमा गरी, चक्रवालको अन्तसम्म या जति चाहन्छ त्यति कसिणलाई फैलाएर त्यसबाट स्पर्श गरिएको स्थानलाई आकाश या अनन्त आकाश भन्दै, मनमा गर्दै, रूपावचरको चतुर्थध्यानको आलम्बन भएको पृथ्वीकसिण आदि कसिणरूपलाई हटाउँदछ, उघार्दछ।

कसिणलाई उघार्दा पनि चटाई बेरेजस्तै न त बेर्दछ र न कराहीबाट पुरी निकालेझैं निकाल्छ, त्यसको आवर्जन मात्र गर्दैन, न मनसिकार गर्दछ, न प्रत्यवेक्षण गर्दछ। आवर्जन, मनसिकार र प्रत्यवेक्षण नगरेको, त्यसबाट स्पर्श गरिएको स्थानलाई मात्र 'आकाश, आकाश' भन्दै मनसिकार गर्दै कसिणलाई उघार्दछ।

कसिण उघार्दै जाँदा पनि न त उठ्छ न उघ्रिन्छ। केवल यसको मनसिकार नगर्ने र "आकाश, आकाश" भनी मनसिकारको कारणले मात्र उघारिएको भनी भनिन्छ। कसिणद्वारा उघारिएको आकाश मात्र जानकारी हुन्छ। कसिणद्वारा उघारिएको आकाश या कसिणको स्पर्श गरिएको स्थान या कसिणको निवृत्त आकाश जे भने तापनि यी सबै एकै हुन्।

ऊ त्यस कसिणको उघारिएको आकाशको निमित्तलाई 'आकाश, आकाश' भन्दै पुनः पुनः आवर्जन गर्दछ। तर्कवितर्क गर्दछ। त्यसको वारम्वार आवर्जन गर्ने, तर्कवितर्क गर्ने व्यक्तिको नीवरण दब्दछ। स्मृति स्थिर हुन्छ। उपचारले चित्त समाधिस्त हुन्छ। ऊ त्यस निमित्तलाई वारम्वार आसेवन गर्दछ, बढाउँदछ, बहुल गर्दछ।

यसरी वारम्वार आवर्जन, मनसिकार गर्दै पृथ्वीकसिण आदिमा रूपावचर चित्तजस्तै आकाशमा आकाशानन्त्यायतन चित्तलाई पाउँदछ। यहाँ पनि पहिलो भागमा तीन या चार जवन कामावचर भएको उपेक्षा-वेदनायुक्त नै हुन्छन्। चौथो या पाँचौं जवन अरूपावचर उपेक्षा वेदनायुक्त हुन्छन्। शेष पृथ्वीकसिणमा भनिएको ढंगले नै बुझ्नुपर्दछ।

तर यहाँ यो विशेष छ – यसरी अरुपावचरचित्त उत्पन्न हुँदा, जसरी सवारी, पालकी, आदि डोको, घैंटो आदिमध्ये कुनै एकको मुखलाई नीलो वा पहेंलो वा रातो वा सेतो या कुनै रंगको कपडाले बाँधिएको भएमा वायुको वेगले या कुनै अन्यकारणले वस्त्र उघ्रिएर हटेर जाँदा त्यस भाँडालाई हेर्ने व्यक्तिले वस्त्र हटेको खालीस्थानको आकाशलाई नै हेर्दै उभिन्छ , त्यसरी नै त्यस भिक्षुले पहिले कसिण मण्डललाई ध्यानले हेर्दै विहार गरी 'आकाश, आकाश' भन्दै अभ्यास गरेको यस परिकर्मलाई मनसिकार हटाउँदा त्यस निमित्तमा आकाशलाई नै देख्दै विहार गर्दछ। यसैले विभंगमा भनिएको छ -

*"सब्बसो रूपसञ्ञानं समतिक्कमा पटिघसञ्ञानं अत्थंगमा नानत्तसञ्ञानं अमनसिकारा, अनन्तो आकासोति आकासानञ्चायतनं उपसम्पज्ज विहरित।"*



Downloaded from http://www.dhamma.digital

(सबप्रकारले रूपसंज्ञाको समतिक्रमणले, प्रतिघसंज्ञाको अस्त भइजाँदा नानात्वसंज्ञालाई मनमा नगर्नाले आकाश अनन्त छ, यसरी आकाशानन्त्यायनतलाई प्राप्त भएर विहार गर्दछ ।)

त्यहाँ सब्बसो = सबप्रकारले । या सबैको या सम्पूर्णको भन्ने अर्थ हो । रूपसञ्ञानं = रुपसंज्ञाहरुका अर्थात् संज्ञाको रूपमा भनिएको रूपावचरध्यानहरू र त्यसका आलम्बनहरूका । किनकि रूपावचरध्यान पनि "रूप" भनिन्छ । दीघनिकाय (२,३) अनुसार "रूपी रूपहरूलाई देख्दछ," आदिमा र त्यसको आलम्बन पनि - " रुपी ............बाहिर सुरुपकुरुप रूपहरूलाई देख्दछ" आदिमा । यसैले यहाँ, रूपमा संज्ञा या रूपसंज्ञा, आदिढंगले संज्ञाको रूपमा भनिएको रूपावचरध्यानको नाम हो । रूप यसको संज्ञा हो, यसैले रूपसंज्ञा भनिन्छ । रूप यसको नाम भनिएको छ । यसरी पृथ्वीकसिणको भेदको तदालम्बनको यो नाम हो भनेर जान्नुपर्दछ ।

समतिक्कमा = विराग र निरोधले । के भनिएको छ ? यसको कुशल, विपाक, क्रियाचित्तअनुसार पन्ध्र ध्यानहरूका र यिनका पृथ्वीकसिण आदिअनुसार नौ आलम्बन भएको रूपसंज्ञा (परिच्छिन्नाकाशको अतिरिक्त नौ कसिणसंज्ञा)को सबप्रकारले शेषरहित विराग र निरोधद्वारा, विराग तथा निरोधको हेतु आकाशानन्त्यायतनलाई प्राप्त भएर विहार गर्दछ । सबप्रकारले रूपसंज्ञाको अतिक्रमण नगर्नेद्वारा यसलाई प्राप्त गरी विहार गर्न सक्दैन ।

किनकि आलम्बनमा विरक्त नभएको संज्ञाको समतिक्रमण हुँदैन र समतिक्रमण गरिएको संज्ञाहरूमा आलम्बनमा समतिक्रमण हुन्छ नै । यसैले विभंगमा आलम्बनको समतिक्रमण नभनेर यसप्रकार भनिएको छ "कुनचाहिं रूपसंज्ञा हो ? रूपावचर समापतिलाई समापन्न, उत्पन्न या दृष्टधर्म- सुखपूर्वक विहारगर्ने क्रिया ध्यान समापन्न अर्हतसंज्ञा = संज्ञानन = संज्ञाननको हुनु - यी रूपसंज्ञा भनिन्छन् । यी रूपसंज्ञाहरूलाई नाघिएको हुन्छ , व्यतिक्रमण = समतिक्रमण गरिएको हुन्छ । यसैले भनिएको छ - "सबप्रकारले रूपसंज्ञाको समतिक्रमणद्वारा ।" यसरी विभङ्गमा संज्ञाहरूका नै समतिक्रमण भनिएका छन् । यो आलम्बनको समतिक्रमणको रूपमा पनि अर्थको वर्णन गरिएको हो भनी जान्नुपर्दछ । किनकि आलम्बनको समतिक्रमणले ती समापत्तिहरू पाइन्छन् तर एउटै आलम्बनमा प्रथमध्यान आदिजस्तै होइन ।

पटिघ सञ्ञानं अत्थङ्गमा = चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय आदि वस्तुहरू र रूप, शब्द, गन्ध, रस, स्पर्श आदि आलम्बनहरूको प्रतिघात (संघर्ष) द्वारा उत्पन्न भएको संज्ञा प्रतिघसंज्ञा हो । रूपसंज्ञा आदिको यो नाम हो । जस्तै भनिएको छ - "कुनचाहिं प्रतिघसंज्ञा हो ? रूपसंज्ञा, शब्दसंज्ञा, गन्धसंज्ञा, रससंज्ञा, स्पर्शसंज्ञा - यी प्रतिघसंज्ञा भनिन्छन् " पाँच कुशल-विपाकहरू पाँच अकुशल-विपाकहरू - सबप्रकारले ती दशहरू पनि प्रतिघसंज्ञाहरूको अस्त, प्रहाण, अनुत्पत्तिद्वारा, अप्रवर्तित (जारी नरहनु) गरी आदि भनिएका छन् ।

यद्यपि यी प्रथमध्यान आदि प्राप्त व्यक्तिलाई पनि हुँदैन, किनकि त्यस समय चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय पाँचै द्वारहरूमा चित्त प्रवर्तित हुँदैनन् । यसरी हुँदा पनि, अन्यत्र प्रहीण भएको सुख दु:खहरूको चतुर्थध्यानजस्तै र सत्कायदृष्टि आदिको तृतीयमार्ग (अनागामी मार्ग) जस्तै -यस ध्यानमा उत्साह उत्पन्न गर्नको लागि यस ध्यानको प्रशंसाको रूपमा यिनको यहाँ वर्णन जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

यद्यपि ती रूपावचरध्यान प्राप्तलाई हुँदैनन्, तथापि प्रहीण नहुनाले होईनन् । किनकि विरागको लागि रूपावचरको भावना हुन्छ र रूपको अधीन यसको प्रवृति हो। यो भावनारूप - विरागको लागि हुन्छ । यसैले ती यहाँ प्रहीण छन् भन्नु उचित छ । न केवल भन्नु नै, प्रत्युत सर्वाशतः यसरी धारणा गर्नु पनि उचित छ ।

यसको पूर्व त्यसको प्रहीण नहुनाले नै प्रथमध्यान प्राप्तको लागि 'शब्द काँटा हो' भनी अंगुत्तर निकाय (१,३,२)अनुसार भगवान्ले भन्नुभएको छ । र यहाँ प्रहीण हुनाले अरूप-समापतिहरूलाई कम्पनरहित र शान्त विमोक्षको हुनु भनी अंगुत्तर निकाय (१,१,६) अनुसार भनिएको छ । दीघनिकाय (२,३) अनुसार अरूप-समापत्तिलाई प्राप्त भएको समयमा आलारकालामले पाँचसय वैलगाडीहरू आफूनजिक भएर गएकोलाई न त देख्यो न शब्द नै सुन्यो ।

नानत्तसञ्ञानं = नानात्व गोचरमा हुने संज्ञाहरूको या नानात्व संज्ञाहरूको । यी - "कुनचाहिं नानात्वसंज्ञा हुन् ? ध्यान प्राप्त नभएको मनोधातुयुक्तको या ध्यानप्राप्त मनोधातुयुक्तको । संज्ञा = संजानन = संजाननको हुनु - यी नानात्वसंज्ञाहरू भनिन्छन् । यसरी विभंगमा विभक्त गरी भनिएको छ । यहाँ अभिप्रेत ध्यान प्राप्त नगरेको मनोधातु, मनोविज्ञानधातुयुक्तको संज्ञा, रूप, शब्द आदि भेदहरूका नानत्व, नाना स्वभाव भएका गोचरमा प्रवर्तित हुन्छन् । किनकि यी आठ कामावचरकुशलसंज्ञा, बाह्र अकुशलसंज्ञा, एघार कामावचर-कुशल-विपाकसंज्ञा, दुई अकुशल-विपाकसंज्ञा, एघार कामावचर क्रियासंज्ञा, यसरी चौवालीस (द्विपञ्च विज्ञानलाई छाडेर शेष कामावचर) चित्त पनि संज्ञा नानत्व, नाना स्वभाव भएको, परस्पर असदृश छन् यसैले नानात्वसंज्ञा भनिएका छन् । अमनसिकारा = सबप्रकारले त्यस नानात्वसंज्ञाहरूलाई मनमा नगर्नाले, आवर्जन नगर्नाले, मनमा नल्याउनाले, प्रत्यवेक्षण नगर्नाले। किनकि त्यसको आवर्जन गर्दैन, त्यसलाई मनमा ल्याउँदैन, प्रत्यवेक्षण गर्दैन, यसैले भनिएको हो ।

यहाँ पहिलेको रूपसंज्ञा र प्रतिघसंज्ञा यस ध्यानबाट उत्पन्न भएको भवमा पनि रहँदैनन्, त्यस भवमा यस ध्यानलाई प्राप्त भएर विहार गर्ने समयको के कुरा ? यसैले त्यसको समतिक्रमणद्वारा, अस्त हुनाले - दुवै प्रकारले पनि अभाव नै भनिएका छन् । तर नानात्वसंज्ञाहरूमा आठ कामावचरको कुशलसंज्ञा, आठ कामावचर-सहेतुक-क्रियासंज्ञा र एक मनोद्वारवर्जन गरी नौ क्रियासंज्ञा, दश अकुशलसंज्ञा - यी सत्ताइस संज्ञाहरू यस ध्यानबाट उत्पन्न भएको भवमा रहन्छन्, यसैले त्यसको अमनसिकार आदि भनिएको जान्नुपर्दछ। त्यहाँ पनि यस ध्यानलाई प्राप्त भएर विहार गर्दै त्यसको मनसिकार नगर्नाले नै प्राप्त भएर विहार गर्दछ, तर त्यसलाई मनमा गर्दै ध्यानलाई प्राप्त हुँदैन ।

संक्षेपमा यहाँ, 'रूपसंज्ञाको समतिक्रमणले' - यसबाट रूपावचरको सारा धर्महरूका प्रहाण भनिएका छन् । 'प्रतिघसंज्ञाहरू'को अस्त हुनाले, नानत्वसंज्ञाहरूको अमनसिकारले - यसबाट कामावचरको सबै चित्त-चैतसिकहरूको प्रहाण र अमनसिकार भनिएको जान्नुपर्दछ।

अनन्तो = यहाँ, यसको उत्पन्न भएको अन्त र लय भएको अन्त जानकारी हुँदैन, यसैले अनन्त हो । आकासो = कसिणद्वारा उघारिएको आकाश भनिन्छ । यहाँ मनसिकारको रूपमा पनि अनन्त जान्नुपर्दछ। त्यसैले विभंगमा भनिएको छ – "त्यस आकाशमा चित्तलाई राख्दछ, स्थिर गर्दछ, अनन्तलाई स्फरण गर्दछ, यसैले अनन्त आकाश भनिन्छ ।"



Downloaded from http://www.dhamma.digital

आकासानञ्चायतनं = यहाँ, यसको अन्त छैन, यसैले अनन्त हो । आकाश अनन्त हो यसैले आकाशानन्त हो । 'आकाशानन्त' नै 'आकाशानन्त्य' हो । त्यस आकाशानन्त्यलाई अधिष्ठानको अर्थमा यस ध्यानयुक्त आयतन हो, देवताहरूको देवायतनजस्तै, यसैले आकाशानन्त्यायतन हो ।

उपसम्पज्ज विहरति - त्यस आकाशानन्त्यायतनलाई पाएर निष्पादन गरी, त्यसअनुसार इर्यापथ विहारले विहार गर्दछ ।

## २. विज्ञानन्त्यायतन

विज्ञानन्त्यायतनको भावना गर्ने इच्छुक योगीलाई पाँच प्रकारले आकाशानन्त्यायतन समापत्तिको वशीमा अभ्यस्त भएर 'यो समापत्ति रूपावचरध्यानको समीपवर्ती' वैरी हो, विज्ञानन्त्यायतनजस्तै शान्त छैन - यसप्रकार आकाशानन्त्यायतनमा दोष देखेर, त्यहाँ चाहना त्यागी, विज्ञानन्त्यायतनलाई शान्तको स्तरमा मनसिकार गरी, त्यस आकाशलाई स्फरण गरी, प्रवर्त विज्ञानलाई - "विज्ञान, विज्ञान" भन्दै वारम्वार आवर्जन गर्नुपर्दछ । मनसिकार गर्नुपर्दछ । प्रत्यवेक्षण गर्नुपर्दछ । तर्कवितर्क गर्नुपर्दछ । तर विज्ञान अनन्त आकाशमा नै प्रवर्तित छ, यसैले फेरि "अनन्त छ, अनन्त छ" यसरी मनमा गर्नु हुँदैन ।

यसरी त्यस निमित्तमा वारम्वार चित्तलाई चलाउनाले नीवरण दबेर जान्छ, स्मृति स्थिर हुन्छ, उपचारले चित्त समाधिस्त हुन्छ । ऊ त्यस निमित्तलाई पुनः पुनः आसेवन गर्दछ, बढाउँदछ, बहुल गर्दछ । उसले यसरी गर्दै आकाशमा आकाशानन्त्यायतनजस्तै आकाशले स्पर्श गरेको विज्ञानमा विज्ञानन्त्यायतन चित्त प्राप्त गर्दछ । अर्पणा पृथ्वीकसिणमा भनिएको ढंगले नै जान्नुपर्दछ । यसैले विभंग (१३) अनुसार भनिएको छ -

*"सब्बसो आकासानञ्चायतनं समतिक्कम्म अनन्तं विञ्ञानन्ति विञ्ञानञ्चायतनं उपसम्पज्ज विहरति ।*

(सबप्रकारले आकाशानन्त्यायतनलाई अतिक्रमण गरी 'विज्ञान अनन्त छ' यसरी विज्ञानन्त्यायतनलाई प्राप्त भएर विहार गर्दछ ।)

यहाँ सब्बसो = यसलाई पहिले भनिएको ढंगले जान्नुपर्दछ । आकासनञ्चायतनं समतिक्कम्म = यहाँ, पहिले भनिएको ढंगले नै ध्यान पनि र आलम्बन पनि आकाशानन्त्यायतन हो । आलम्बन पनि पहिलेकै अनुसार आकाशानन्त्यायतन प्रथमआरुप्यको आलम्बन हुनाले, देवहरूको देवायतनजस्तै, अधिष्ठानको अर्थमा आयतन हो, यसैले आकाशानन्त्यायतन हो । त्यस्तै आकाशानन्त्यायतन नै त्यस ध्यानको उत्पत्तिको हेतु - 'कम्बोज घोडाहरूको आयतन (उत्पत्ति स्थान) हो, आदिजस्तै, उत्पत्ति देशको अर्थमा आयतन पनि हो, यसैले आकाशानन्त्यातन हो । यसरी ध्यान र आलम्बन दुवैलाई पनि प्रवर्तित नहुनदिन र मनमा नगर्नाले समतिक्रमण गरेर नै, यस विज्ञानन्त्यायतनलाई प्राप्त भएर विहार गर्नुपर्दछ । यसैले यी दुवैलाई पनि एउटैमा गरी आकाशानान्त्यायतनलाई समतिक्रमण गरी आदि भनिएको छ भनी जान्नुपर्दछ ।

अनन्तं विञ्ञानं = त्यहीं 'आकाश अनन्त छ' 'यसरी स्फरण गरी प्रवर्तित विज्ञान । 'विज्ञान अनन्त छ - यसरी मनमा गर्दै' भनी भनिएको हो या मनमा गर्ने स्तरमा अनन्त छ । ऊ त्यस आकाशको आलम्बन भएको विज्ञानलाई सर्वाशतः मनमा गर्दै 'अनन्त छ' यसरी मनमा गर्दछ ।



Downloaded from http://www.dhamma.digital

जुन विभंगअनुसार भनिएको छ – "विज्ञान अनन्त छ त्यसै आकाशलाई विज्ञानले स्पर्श गरिएकोलाई मनमा गर्दछ। अनन्तको स्फरण गर्दछ। यसैले भनिन्छ कि विज्ञान अनन्त छ।" त्यहाँ,'विज्ञानसंग' उपयोग (कर्मकारक)को अर्थमा कारण जान्नुपर्दछ। यसरी नै अट्ठकथाचार्य त्यसको अर्थवर्णन गर्दछ। अनन्तको स्फरण गर्दछ, त्यसै आकाशलाई स्पर्श गरिएको विज्ञानलाई मनमा गर्दछ आदि भनिएको छ।

विञ्ञानञ्चायतन उपसम्पज्ज विहरति - त्यहाँ, यसको अन्त छैन, यसैले अनन्त छ, अनन्त नै आनन्त्य हो। विज्ञान+आनन्त्यलाई विज्ञानानन्त्य नभनेर 'विज्ञानन्त्य' भनियो। यो यहाँ रूढी शब्द हो। यो विज्ञानन्त्य अधिष्ठानको अर्थमा यस ध्यानयुक्त धर्मायतन हो, देवहरूको देवायतनजस्तै, यसैले विज्ञानन्त्यायतन भनिएको छ। शेष आकाशानन्त्यायतनमा भनिएजस्तै बुझ्नुपर्दछ।

## ३. आकिंचन्यायतन

आकिंचन्यायतनको भावना गर्ने इच्छुकलाई पाँच प्रकारले विज्ञानन्त्यायतन समापत्तिको वशीमा अभ्यस्त भएर "यो समापत्ति आकाशानन्त्यायतनको समीपवर्ती वैरी हो, आकिंचन्यायतनजस्तै शान्त छैन" यसरी विज्ञानन्त्यायतनमा दोष देखेर त्यहाँ चाहना त्यागी, आकिंचन्यायतन आलम्बन भएको आकाशानन्त्यायतनको विज्ञानको अभाव, शून्यता, खालीपन आदि मनमा गर्नुपर्दछ।

कसरी ? त्यस विज्ञानलाई मनमा नगरी "छैन, छैन" "शून्य छ, शून्य" या "विवर्त (खाली) छ, विवर्त छ" - यसरी पुनः पुनः आवर्जन गर्नुपर्दछ, मनसिकार गर्नुपर्दछ, प्रत्यवेक्षण गर्नुपर्दछ, तर्कवितर्क गर्नुपर्दछ।

यसरी त्यस निमित्तमा चित्त चलाउनाले नीवरण दब्दछ, स्मृति स्थिर हुन्छ। उपचारले चित्त समाधिस्थ हुन्छ। ऊ त्यस निमित्तलाई पुनः पुनः आसेवन गर्दछ, बढाउँदछ, बहुल गर्दछ। त्यसरी गर्ने व्यक्तिको आकाशमा स्पर्श गरिएको महद्गत-विज्ञानमा, विज्ञानन्त्यायतनजस्तै, त्यसैको आकाशलाई स्फरण गरी प्रवर्तित महद्गत-विज्ञानका शून्य, होइन, खाली हुनुमा आकिंचन्यायतन चित्तलाई पाउँदछ। अन्य अर्पणाको ढंग आकाशानन्त्यायतनमा भनिएको प्रकारले नै जान्नुपर्दछ।

तर यहाँ यो विशेषता छ – त्यसको अर्पणाचित्त उत्पन्न हुँदा त्यो भिक्षु - जसरी कुनै मानिस पहिला बैठक आदिमा कुनै कामले एकत्र भएको भिक्षुसंघलाई देखेर, पछि कतै गएर फर्किंदा एकत्र भएको काम समाप्त हुँदा भिक्षुहरू उठेर जाँदा, ढोकामा उभिएर फेरि त्यस स्थानतर्फ हेर्दा शून्य नै देख्छ, खाली नै देख्छ, । उसलाई यसो हुँदैन - 'यतिका भिक्षु मरे वा अन्य दिशाहरूतिर गए। प्रत्युत यो शून्य छ, यो खाली छ - यसरी नास्तिक भावलाई नै देख्दछ। यसरी नै पहिले आकाशमा प्रवर्तित विज्ञानलाई विज्ञानन्त्यायतन ध्यानी भिक्षुले हेर्दै विहार गरी "छैन, छैन" आदि परिकर्मको मनसिकारद्वारा त्यस विज्ञानको अन्तर्हित भएको, अभावलाई नै हेर्दै विहार गर्दछ। यसैले विभंगमा भनिएको छ -

*"सब्बसो विञ्ञानञ्चायतनं समतिक्कम्म, नत्थि किञ्चीति आकिञ्चायतनं उपसम्पज्ज विहरति।"*

(सबप्रकारले विज्ञानन्त्यायतनलाई समतिक्रमण गरी 'केही छैन' यसरी आकिंचन्यायतनलाई प्राप्त भएर विहार गर्दछ।)

यहाँ पनि सब्बसो = यसलाई पहिले भनिएको प्रकारले नै जान्नुपर्दछ। विञ्ञानञ्चायतन = यहाँ



Downloaded from http://www.dhamma.digital

पनि पहिले भनिएको ढङ्गले नै ध्यान पनि आलम्बन पनि विज्ञानन्त्यायतन हो आलम्बन पनि पहिलेको अनुसार नै त्यो विज्ञानन्त्य हो र द्वितीय अरूपध्यानको आलम्बन हुनाले, देवहरूका देवायतनजस्तै, अधिष्ठानको अर्थमा आयतन पनि हो, यसैले विज्ञानन्त्यायतन हो। त्यसरी नै त्यो विज्ञानन्त्य हो र त्यसै ध्यानको उत्पत्तिको हेतु हुनाले, कम्वोज घोडाहरूको आयतन हो आदिजस्तै, उत्पत्ति देशको अर्थमा आयतन पनि हो, यसैले विज्ञानन्त्यायतन हो। यसप्रकार यो ध्यान र आलम्बन दुवैलाई पनि प्रवर्तित नहुनदिन र मनमा नगर्नाले समतिक्रमण गरेर नै, यस आकिंचन्यायतनलाई प्राप्त भएर विहार गर्नुपर्दछ। यसैले यी दुवैलाई पनि एकमा गरी विज्ञानन्त्यायतनलाई समतिक्रमण गरी आदि भनिएको भनी जान्नुपर्दछ।

नत्थि किञ्चि = छैन, छैन "शून्य छ, शून्य छ' 'खाली छ, खाली छ, - यसरी मनमा गर्दै" भनी भनिएको छ। जुन विभंगमा भनिएको 'केही छैन' को तात्पर्य हो - "त्यसै विज्ञानलाई अभाव गरिदिन्छ, नष्ट गरिदिन्छ, केही छैन - यसरी देख्दछ, यसैले भनिन्छ 'केही छैन'।" त्यो यद्यपि क्षय (नाश)को स्तरमा विचार गर्ने (समर्पण)भैं भनिएको छ, तथापि यसको अर्थ यसरी नै जान्नुपर्दछ। त्यस विज्ञानलाई आवर्जन नगर्दै, मनमा नगर्दै, प्रत्यवेक्षण नगर्दै, मात्र यसको नहुने, शून्य, खाली हुनेलाई नै मनमा गर्दै अभाव गर्दछ, विभाव गर्दछ, नष्ट गर्दछ, आदि यसरी भनिएको छ, अन्यप्रकारले होइन।

आकिञ्चञ्ञायतनं उपसम्पज्ज विहरति = यहाँ त्यसको किंचन छैन, यसैले यो आकिंचन हो, अन्ततोगत्वा भंग मात्र पनि यसको शेष छैन - यसरी भनिएको छ। आकिंचको भाव आकिञ्चन्य हो। आकाशानन्त्यायतनको विज्ञानको नहुनेको यो नाम हो। आकिंचन्य अधिष्ठानको अर्थमा यस ध्यानको आयतन हो, देवहरूको देवायतनजस्तै, यसैले आकिंचन्यायतन भनिन्छ। शेष आकाशानन्त्यायतनमा भनिएजस्तै बुझ्नुपर्दछ।

## ४. नैवसंज्ञानासंज्ञायतन

नैवसंज्ञानासंज्ञायतनको भावना गर्ने इच्छुकलाई पाँच प्रकारले आकिंचन्यायतन समापत्तिको वशीमा अभ्यस्त भएर "यो समापत्ति विज्ञानन्त्यायतनको समीपवर्ति वैरी हो र नैवसंज्ञानासंज्ञायतनजस्तै शान्त छैन" या "संज्ञा रोग हो, संज्ञा खटिरा हो, संज्ञा काँडा हो ... यो शान्त छ, यो उत्तम छ, जुन कि नैवसंज्ञानासंज्ञा हो" यसरी आकिंचन्यायतनमा दोष र माथिल्लो आनिशंस देखेर आकिंचन्यायतनको चाहना त्यागेर नैवसंज्ञानासंज्ञालाई शान्तको स्तरमा मनमा गरी, त्यसै अभावलाई आलम्बन गरी प्रवर्तित भएको आकिंचन्यायतन समापत्ति 'शान्त छ, शान्त छ' यसरी वारम्वार आवर्जन गर्नुपर्दछ, मनमा गर्नुपर्दछ, प्रत्यवेक्षण गर्नुपर्दछ, तर्क वितर्क गर्नुपर्दछ।

यसरी निमित्तमा वारम्वार मनलाई चलाउनाले नीवरण दब्दछन्। स्मृति स्थिर हुन्छ। उपचारले शेष चित्त समाधिस्त हुन्छ। ऊ त्यस निमित्तलाई पुनः पुनः आसेवन गर्दछ, बढाउँछ, बहुल गर्दछ, त्यसरी गर्ने व्यक्तिको विज्ञान नहुँदा आकिंचन्यायतनजस्तै, आकिंचन्यायतन समापत्ति हुने चारै स्कन्धहरूमा नैवसंज्ञानासंज्ञायतन चित्तलाई पाउँदछ। यसैले विभंगअनुसार भनिएको छ -

*"सब्बसो आकिञ्चञ्ञायतनं समतिक्कम्म नेवसञ्ञानासञ्ञायतनं उपसम्ज्ज विहरति।"*

(सबैप्रकारले आकिञ्चन्यायतनलाई समतिक्रमण गरी नैवसंज्ञानासंज्ञायतनलाई प्राप्त



Downloaded from http://www.dhamma.digital

गरी विहार गर्दछ ।)

यहाँ पनि सब्बसो = यसलाई पहिले भनिएअनुसार नै जान्नुपर्दछ। आकिञ्चञ्ञायतन समतिक्कम्म = यहाँ पनि पहिले भनिएको ढंगले नै ध्यान पनि आलम्बन पनि आकिंचन्यायतन हो । आलम्बन पनि पहिलोप्रकारले नै त्यो आकिंचन्य हो। तृतीय अरुपध्यानको आलम्बन हुनाले, देवहरूको देवायतनजस्तै, अधिष्ठानको अर्थमा आयतन पनि हो, यसैले आकिंचन्यायतन हो । त्यसरी नै त्यो आकिंचन्य नै त्यस ध्यानको उत्पत्तिको कारण 'कम्बोज घोडाहरूको आयतन हो' आदिजस्तै उत्पत्ति देशको अर्थमा आयतन पनि हो, यसैले आकिंचन्यायतन भनिन्छ। यसरी नै यो ध्यान र आलम्बन दुवैलाई पनि प्रवर्तित नहुनदिन र मनमा नगर्नाले समतिक्रमण गरेर नै, यस नैवसंज्ञानासंज्ञायतनलाई प्राप्त भएर विहार गर्नुपर्दछ । यसैले यी दुवैलाई पनि एउटैमा गरेर आकिंचन्यायतनलाई समतिक्रमण गरेर आदि भनिएको जान्नुपर्दछ ।

नेवसञ्ञानासञ्ञायतन = यहाँ, जुन संज्ञा हुनाले त्यो नैवसंज्ञानासंज्ञायतन भनिन्छ । जसरी प्रतिपन्न हुनेलाई त्यो संज्ञा हुन्छ, त्यसलाई देखाउँदै विभङ्गमा "नैवसंज्ञीनासज्ञी" लाई उद्धृत गरी "त्यसै आकिंचन्यायतनलाई शान्तको स्तरमा मनमा गर्दछ, संस्कारहरूसंग अवशेष समापत्तिको भावना गर्दछ, यसैले नैवसंज्ञीनासंज्ञी भनिन्छ" आदि भनिएको छ ।

सन्ततो मनसिं करोति = यो कस्तो शान्त समापत्ति हो ? जहाँ कि नास्तिभाव, नहुनुलाई पनि आलम्बन गरिरहन्छ ? यस्तो शान्त आलम्बनको हुनाले त्यसलाई शान्त छ आदि मनमा गर्दछ । यदि शान्तको स्तरमा मनमा गर्दछ भने कसरी समतिक्रमण हुन्छ ? प्राप्त नहुने इच्छाले । यद्यपि ऊ शान्तको स्तरमा मनमा गर्दछ , तथापि उसलाई "म यसको आवर्जन गर्नेछु, प्राप्त हुनेछु, अधिष्ठान गर्नेछु उठ्नेछु, प्रत्यवेक्षण गर्नेछु" आदि यी आभोग = समन्नाहार मनसिकार हुँदैन । किन ? आकिंचन्यायतनभन्दा नैवसंज्ञानासंज्ञायतनको शान्ततर उत्तमत्तर हुनाले ।

राजाको उपमा - जसरी महाराजाको आनुभावलाई प्रकट गर्दै कुनै राजा हात्तीमा चढेर नगरको गल्लीमा घुम्दै जाँदा, एक वस्त्रलाई बलियो गरी लगाएर, अर्कोले टाउकोमा बेरेर, शरीरभरी दाँतका चूर्ण आदि लागेको दन्तकार आदि शिल्पिहरूलाई, दाँतका अनेक प्रभेद आदि शिल्पहरूलाई बनाउंदै गरेको देखेर, त्यस राजाले - "कस्तो दक्ष आचार्य छ, यसप्रकारका शिल्प (कारीगरी) पनि 'बनाउँदछ" भनी यसरी दन्तकार शिल्पीको दक्षताप्रति प्रसन्न हुन्छ। तर राजाले यस्तो बिचार गर्दैन - "धेरै राम्रो कि म राज्यलाई त्यागेर यस्तो शिल्पी बनु ।" त्यो के कारण ? राज्यश्रीको महानिशंस हुनाले । ऊ शिल्पिहरूको समतिक्रमण गरेर नै जान्छ। यसरी नै यो भिक्षु यद्यपि त्यस समापत्तिलाई शान्तको स्तरमा मनमा गर्दछ तर म यस समापत्तिलाई आवर्जन गर्नेछु, प्राप्त हुनेछु, अधिष्ठान गर्नेछु, उठ्नेछु, प्रत्यवेक्षण गर्नेछु - यसरी यो आभोग मनसिकार गर्दैन ।

ऊ त्यसलाई शान्तको स्तरमा मनन गर्दै पहिले भनिएअनुसार अत्यन्त सूक्ष्म अर्पणाप्राप्त संज्ञालाई पाउँदछ, जसबाट नैवसंज्ञीनासंज्ञी हुन्छ, संस्कारहरूले अवशेष समापत्तिको भावना गर्दछ भनी भनिन्छ। संस्कारहरूले अवशेष समापत्तिको= अत्यन्त सूक्ष्मभाव प्राप्त भएको संस्कार भएको चतुर्थआरुप्य समापत्तिको ।



Downloaded from http://www.dhamma.digital

जुन त्यो यसरी संज्ञाको प्राप्तिद्वारा नैवसंज्ञानासंज्ञायतन भनिन्छ, त्यसलाई अर्थले देखाउनको लागि - "नैवसंज्ञानासंज्ञायतनको तात्पर्य हो, नैवसंज्ञानासंज्ञायतनलाई प्राप्त, उत्पन्न या दृष्टधर्म सुखविहारको चित्त-चैतसिक-धर्म" आदि भनिएको छ । त्यसमा यहाँ प्राप्त भएको योगीको चित्त-चैतसिकधर्म अभिप्रेरित छन् ।

यहाँ शाब्दिक अर्थ - स्थूलसंज्ञाको अभावले र सूक्ष्मसंज्ञाको हुनाले यसबाटयुक्त धर्म (स्वभाव)को हो। त्यो नैवसंज्ञानासंज्ञा नै मनायतन र धर्मायतनयुक्त हुनाले आयतन पनि हो, यसैले नैवसंज्ञानासंज्ञायतनहो।

अथवा जुन यहाँ संज्ञा छ, त्यो राम्ररी संज्ञाको काम गर्नको लागि असमर्थ हुनाले न त संज्ञा हो र संस्कारको अवशेष सूक्ष्म भावले विद्यमान हुनाले नासंज्ञा हो, यसैले नैवसंज्ञानासंज्ञा हो। यो नैवसंज्ञानासंज्ञा नै शेष धर्महरूको अधिष्ठानको अर्थमा आयतन पनि हो, यसैले नैवसंज्ञानासंज्ञायतन हो। यहाँ संज्ञा मात्र नै यस्तो होइन, बरू वेदना पनि नैववेदनानावेदना हो, चित्त पनि नैवचित्तनाचित्त हो, स्पर्श पनि नैवस्पर्शनास्पर्श हो। यसैप्रकार शेषयुक्त धर्महरूमा संज्ञाको शीर्षदेखि यो देशना (धर्मोपदेश) गरिएको छ भनेर जान्नुपर्दछ।

पात्र मल्ने तेल आदिको उपमाहरूद्वारा यस अर्थको विभाजन गर्नुपर्दछ –

तेलको उपमा - एक श्रामणेरले तेलले पात्र मलेर राख्यो। यवागु पिउने समय स्थविरले उसलाई "पात्र ल्याउ" भन्नुभयो। उसले "भन्ते, पात्रमा तेल छ" भन्यो। त्यसपछि "श्रामणेर, तेल ल्याउ, ढुंग्रोमा भर्नेछु" भन्नुहुँदा 'भन्ते, तेल छैन" भनी श्रामणेरले जवाफ दियो।

त्यहाँ, जसरी तेलको भ्याक मात्र हुनाले यवागुसंग अकप्य (अयोग्य) हुनाले 'तेल छ' यसो भनिन्छ र ढुंग्रोलाई भर्ने परिमाणअनुसार भने 'छैन' भन्ने गरिन्छ। यसप्रकार त्यो संज्ञा पनि राम्ररी संज्ञाको नाम गर्नको लागि असमर्थ हुनाले संज्ञा छैन तर अवशेष संस्कारहरूको सूक्ष्मभावले विद्यमान हुनाले नासंज्ञा भनिन्छ।

यहाँ संज्ञाको के काम छ ? आलम्बनलाई जान्नु र विपश्यनाको विषय भावलाई गएर निर्वेद उत्पन्न गर्नु । सुखोदक (हातमुख आदि धुनको लागि तताएर चिसो पारेको पानी) मा अग्निधातुले पोल्नेझैं, यो जान्ने काम पनि राम्ररी गर्न सक्दैन । शेष समापत्तिहरूमध्ये संज्ञाजस्तै विपश्यनाको भावलाई गएर निर्वेद उत्पन्न गर्न पनि सक्दैन । प्रथमध्यान आदि अन्य स्कन्धहरूमा अभिनिवेश (विपश्यनाको अभ्यास) नगरिएको भिक्षु नैवसंज्ञानासंज्ञायतन स्कन्धमा विचार गरेर निर्वेद पाउनको लागि समर्थ छैन।

अरू पनि - आयुष्मान् सारिपुत्र स्वभावले विपश्यना गर्ने महाप्रज्ञावान हुनुहुन्थ्यो, सारिपुत्रजस्तै भिक्षुले नै यसो गर्न सक्नेछ। उहाँले पनि यसरी नै गर्नुहुन्छ - "यसरी यी धर्म नभएर हुन्छन्, भएर विनाशलाई प्राप्त हुन्छन्।" यसप्रकार कलाप (समूह) को विचारद्वारा नै गर्न सकिन्छ। अनुपद (स्पर्श आदिलाई अलग गरी स्वरूपले अनित्य दुःख, अनात्मअनुसार विचार गर्ने) धर्मको विपश्यनाद्वारा होइन। यसप्रकार यो समापत्ति सूक्ष्मभावलाई प्राप्त भएको छ।

पानीको उपमा - बाटोमा जाँदै गरेको स्थविरअगाडि हिड्दै गरेको श्रामणेरले अलिकता पानी



Downloaded from http://www.dhamma.digital

देखेर "भन्ते, पानी छ, जुत्ता फुकाल्नुहोस्" भन्यो। त्यसपछि स्थविरले "यदि पानी छ भने नुहाउने कपडा (स्नान शाटक) ल्याउनु, नुहाउनेछु भन्दा 'भन्ते, पानी छैन, भन्यो।"

त्यहाँ, जसरी जुत्ता भिज्ने अर्थमा पानी छ भनिन्छ तर नुहाउने अर्थमा छैन। यसरी पनि राम्ररी संज्ञाको काम गर्नको लागि असमर्थ हुनाले संज्ञा छैन तर अवशेष संस्कारहरूको सूक्ष्म हुनाले विद्यमान हुनाले नासंज्ञा हुन्छ।

यतिले मात्र नभएर, अन्य पनि अनुरूप उपमाहरूद्वारा अर्थ प्रकट गर्नुपर्दछ।

उपसम्पज्ज विहरति = यसलाई पहिले भनिएको ढंगले नै जान्नुपर्दछ।

## प्रकीर्णककथा

*असदिसरुपो नाथो, आरुप्पं यं चतुब्बिधं आह।*
*तं इति ञत्वा तस्मिं, पकिण्णककथापि विञ्ञेय्या॥*

(असदृशरूप भएको नाथ (भगवान् बुद्ध) ले जुन चार प्रकारका अरुपहरूलाई भन्नुभएको छ, त्यसलाई यसप्रकार जानेर त्यसमा प्रकीर्णककथा पनि जान्नुपर्दछ।)

अरूप-समापत्तिहरू –
*आरम्मणातिक्कमतो चतस्सोपि भवन्तिमा।*
*अंगातिक्कममेतासं न इच्छन्ति विभाविनो॥*

(आलम्बनहरूको अतिक्रमणद्वारा यी चारै पनि हुन्छन्, पण्डित यिनको अङ्गको अतिक्रमणलाई मान्दैनन्।)

यिनमा रूपनिमित्तको अतिक्रमणभन्दा पहिला, आकाशको अतिक्रमणद्वारा दोस्रो, आकाशमा प्रवर्तित विज्ञानको अतिक्रमणद्वारा तेस्रो, आकाशमा प्रवर्तित विज्ञानको नहुनाले चौथो - सबैप्रकारले आलम्बनको अतिक्रमणद्वारा, चारै पनि यी अरुप-समापत्तिहरू हुन्छन् भनी जान्नुपर्दछ। यसको अंगहरूको अतिक्रमण पण्डितहरू मान्दैनन्। रूपावचर समापत्तिहरूजस्तै यिनमा अङ्गहरूको अतिक्रमण छैन। यी सबैमा नै उपेक्षा र चित्तको एकाग्रता गरी दुई ध्यानअंगहरू हुन्छन्। यसो हुँदाखेरी पनि –

*सुप्पणीततरा होन्ति पच्छिमा पच्छिमा इध।*
*उपमा तत्थ विञ्ञेय्या पासादतल साटिका॥*

(यहाँ पछिल्लोपछिल्लो अत्यन्त उत्तमत्तर हुन्छन्, त्यसमा प्रासादतल र शाटिका (वस्त्र) को उपमा जान्नुपर्दछ।)

प्रासादतलको उपमा - जसरी चारतल्ले भवनको तल्लो तलामा दिव्य नाच, गान, बाजा, सुगन्धि, गन्ध, माला, भोजन, शयन, वस्त्र आदिद्वारा उत्तम पाँच कामभोगका वस्तुहरू तैयार होस्, दोस्रोमा त्यसभन्दा उत्तमतर वस्तुहरू तैयार होस्। तेस्रोमा त्यसभन्दा उत्तमतर वस्तुहरू तैयार होस्। चौथोमा सबभन्दा उत्तम वस्तुहरू तैयार होस्। यद्यपि ती चारैतल्लाहरु पनि भवन भित्र नै छन्, तापनि भवनकोठा हुनुमा विशेषता छैन। पाँच कामभोगको समृद्धिअनुसार तल्लो-तल्लो तलादेखि माथिल्लो-


Downloaded from http://www.dhamma.digital

माथिल्लो तला उत्तमतर हुन्छन् ।

वस्त्रको उपमा - जसरी एक स्त्रीद्वारा कातिएको मोटो, पातलो, नर्मतम धागोहरूको चार, तीन, दुई एक सुतको, लम्बाई चौडाईमा बराबर प्रमाण भएको वस्त्र होस् । त्यसको प्रमाणको विशेषता हुँदैन । सुख-स्पर्श मिहीन र मूल्यवान् हुनाले पहिलोपहिलोभन्दा पछिल्लोपछिल्लो कपडा उत्तमतर हुन्छन् । यसरी नै यद्यपि यी चारै वटामा पनि उपेक्षा, चित्तको एकाग्रता गरी दुई अंग हुन्छन् । तर विशेष भावनाद्वारा ती अंगहरू एकभन्दा अर्को उत्तम, उत्तमतर हुनाले पछिल्लोपछिल्लो उत्तमतर हुन्छन् भनी जान्नुपर्दछ । यसरी क्रमशः उत्तमउत्तम हुनेहरू यी –

*असुचिम्हि मण्डपे लग्गो एको तं निस्सितो परो ।*
*अञ्ञो बहि अनिस्साय तं तं निस्साय चापरो ॥*
*ठितो, चतुहि एतेहि पुरिसेहि यथाक्कमं ।*
*समानताय ञातब्बा चतस्सोपि विभाविना ॥*

(अशुचियुक्त मण्डपमा एक व्यक्ति टाँसिएर उभिएको होस्, ऊसंग टाँसिएर अर्को, अन्य बाहिर ऊसंग नटाँसिएर र फेरि ऊसंग टाँसिएर अर्को उभियोस् - यी चारैजना मानिसहरूको क्रमशः समानताले चारै समापत्तिहरूलाई पनि पण्डितद्वारा जान्नुपर्दछ ।)

अशुचिमण्डपको उपमा - अशुचिको स्थानमा एक मण्डप थियो । एक व्यक्ति आएर त्यस अशुचिसंग घृणा गर्दै त्यस मण्डपलाई हातले भर गरेर त्यहाँ त्यस मण्डपसंग लागेर टाँसिएजस्तै उभियो । तब दोस्रो व्यक्ति आएर त्यस मण्डपमा टाँसिएको मानिसको सहाराले उभियो । तेस्रो व्यक्ति आएर सोच्यो - "जुन यो मण्डपमा टाँसिएको मानिस छ र जुन उसको सहारामा उभिएको छ, यी दुवै खराब भइसके, मण्डप भत्किंदा यिनिहरुका पनि विनाश अवश्य हुन्छ । धेरै राम्रो कि म बाहिर उभिरहुँ ।" त्यो पहिलो व्यक्तिको सहाराले उभिएको दोस्रो व्यक्तिसंग भरोसा नलिएर मण्डपबाहिर नै उभियो । तब चौथो व्यक्तिआएर मण्डपमा लागेको र त्यसको सहारा उभिएको व्यक्तिको अक्षेमभाव (अरक्षित)लाई विचार गरी बाहिर उभिएको व्यक्तिलाई राम्ररी उभिएको मानेर उसको सहारामा उभियो ।

यो उपमेय हो - अशुचिको स्थानमा मण्डपजस्तै कसिणको उघारिएको आकाशलाई जान्नुपर्दछ । अशुचिको जिगुप्साले मण्डपसंग टाँसिएको मानिसजस्तै रूपनिमित्तमा जिगुप्सा गरी आकाशको आलम्बन गरिएको आकाशानन्त्यायतन हो । मण्डपसंग लागेको मानिसको सहाराले उभिएको व्यक्तिजस्तै आकाशको आलम्बन आकाशानन्त्यायतनप्रति प्रवर्तित भएको विज्ञानन्त्यायतन हो । ती दुवै पनि अक्षेम भएको सोचेर सहारा नलिएर मण्डपसंग नटाँसिएर बाहिर उभिने व्यक्तिजस्तै आकाशानन्त्यातनलाई आलम्बन गरी त्यस आलम्बनको अभावमा आकिंचन्यायतन हो । मण्डपसंग लागेको र त्यसको सहारा लिएको मानिसको अक्षेम भएको सोचेर बाहिर उभिएको व्यक्ति राम्ररी उभिएको छ भनी विश्वास गरेर उसको सहारा उभिने व्यक्तिजस्तै विज्ञानको अभावरूपी बाहिर प्रदेशमा स्थित आकिञ्चन्यायतनप्रति प्रवर्तित नैवसंज्ञानासंज्ञायतन जान्नुपर्दछ । यसरी प्रवर्तित भएको -

*आरम्मणं करोतेव अञ्ञाभावेन तं इदं ।*
*दिट्ठदोसम्पि राजानं वुत्तिहेतु जनो यथा ॥*



Downloaded from http://www.dhamma.digital

(ऊ नैवसंज्ञानासंज्ञायतन ध्यान अन्य आलम्बनको नहुनाले उसलाई आलम्बन नै गर्दछ। जसरी जीविकाको कारण राजाहरूको दोषलाई देखेर पनि राजालाई ग्रहण गर्दछ।)

यो नैवसंज्ञानासंज्ञायतन, विज्ञानत्यायतन समापत्तिको समीपवर्ति वैरी हो। यसरी दोष देखेर पनि त्यस आकिंचन्यायतनलाई अन्य आलम्बनको अभावले आलम्बन गर्छ नै । कसको समान ? जसरी संयमरहित काय, वचन, मनले कठोर चालढाल भएको, सबै दिशाहरूको मालिक, कुनै राजालाई 'यो कठोर चालढाल भएको छ' भनी दोष देखे तापनि अन्यत्र जागिर नपाएका व्यक्ति वृत्तिको कारण उसको सहारामा रहन्छ। यसरी नै त्यस आकिंचन्यायतनमा दोष देखे तापनि अन्य आलम्बनलाई नपाएकोले नैवसंज्ञानासंज्ञालाई आलम्बन गरिरहन्छ। यसरी गर्दै –

*आरुल्हो दीघनिस्सेणिं यथा निस्सेणिबाहुकं।*
*पब्बतञ्च आरुल्हो यथा पब्बतमत्थकं ॥*
*अत्तनो वा गिरिमारुल्हो यथा येव जण्णुकं।*
*ओलुब्भति तथेवेतं झानमोलुब्भ वत्तती ति ॥*

(लामो सिँढीमा चढ्ने व्यक्तिले जसरी सिँढिको भुजाहरूको, पर्वतको टुप्पामा चढ्ने व्यक्तिले जसरी पर्वतको सिरानको अथवा शिलामय गिरिमा चढ्ने व्यक्तिले आफ्नै घुंडाको सहारा लिन्छ। त्यसरी नै यी सबै आरुप्य तल्लोतल्लो ध्यानका सहाराले प्रवर्तित हुन्छन्।

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धिमार्गमा समाधि भावनाको भागमा*
*आरूप्य निर्देश नामक*
*दशौं परिच्छेद समाप्त*



Downloaded from http://www.dhamma.digital

# एघारौं परिच्छेद

## समाधि निर्देश

### (१) आहारमा प्रतिकूलसंज्ञा

अब आरुप्यको अनन्तर 'एक संज्ञा' यसप्रकार भनिएको आहारमा प्रतिकूलसंज्ञाको भावना निर्देशको समय आएको छ।

त्यहाँ, आहरण गर्दछ, यसैले आहार भनिन्छ । यी चार प्रकारका हुन्छन् (१) कवलींकार (गाँसगाँस बनाई खान योग्य) (२) स्पर्शाहार (३) मनोसञ्चेतना आहार (४) विज्ञानाहार ।

कुन के आहरण गर्दछ ? कबलिंकार आहार ओजष्टमक (चार महाभूत र गन्ध, वर्ण, रस, ओजा) रूपलाई ल्याउँदछ। स्पर्शाहार तीनै वेदनाहरूलाई ल्याउँदछ। विज्ञानाहार प्रतिसन्धिको क्षण नामरूपलाई ल्याउँदछ।

त्यसमा, कबलींकार आहारमा चाहना (रस तृष्णा)को भय छ। स्पर्शाहारमा आलम्बनसंग एक हुने उपगमनको भय छ। मनोसञ्चेतना आहारमा उत्पत्तिको भय छ। विज्ञानाहारमा प्रतिसन्धिको भय छ। यसरी त्यस भययुक्त कुराहरूमा पपञ्चसूदनी (१, १, ९) र संयुक्त निकाय (१२,७,३) अनुसार कबलीकार आहार पुत्रको मासुको उपमाले, स्पर्शाहारलाई छालारहित गाईको उपमाद्वारा, मनोसञ्चेतना आहारलाई कोइलाको खाल्डोको उपमाद्वारा विज्ञानाहारलाई तीनसय वर्छीद्वारा मारिएको चोरको उपमाद्वारा स्पष्ट गर्नुपर्दछ, ।

छोराको मासुको उपमा - सानो बालकसहित पतिपत्नी मरुभूमिको मार्ग भएर यात्रामा हिंडे । यात्रामा जाँदाजाँदै पाथेय (बाटो खर्च) समाप्त भयो। खानेकुराहरू केही पनि बाँकी रहेन। तर मरुभूमिको यात्रा समाप्त भएको छैन। तब आफ्नो ज्यान बचाउनको लागि, आपसमा सल्लाह गरेर, आफ्नो प्यारो छोरालाई मारेर, मासु सुकुटी पारेर खाँदै यात्रा पूर्ण गरे। पतिपत्नी दुवै छोराको मासु खाँदै हाय ! प्रिय छोरा भन्दै छाती पिटीपिटी रूँदै हिंडे। यसप्रकार आफ्नो शरीर रक्षाको लागि मात्र कवलिंकार आहार हो भनी बुझ्नुपर्दछ।

अंगारको आगोको खाल्डोको उपमा - एक मानिसजति गहिरो खाल्डोमा ज्वालारहित रातो भएको धपधपाएको अंगारको आगो छ त्यहाँ बाँच्न चाहने, मर्न नचाहने, दुःख मन नपर्ने, सुख मन पर्ने कुनै एक व्यक्तिलाई अर्को दुई जना व्यक्तिले पक्रेर त्यसलाई धपधपाएको अंगारको आगोको खाल्डोमा झारिदिन्छ। तर त्यो मानिसको भने त्यस खाल्डोबाट बाहिर आउने नै इच्छा, चेतना, प्रार्थना, प्रणिधि हुन्छ । किनकि उसलाई राम्ररी थाहा छ त्यस खाल्डोमा उ मरेर जानेछ वा मरणान्त दुःख पाउनेछ। यसरी नै मनोसञ्चेतना आहार पनि यसरी नै सचेत हुनपर्छ



Downloaded from http://www.dhamma.digital

भनी बुझ्नुपर्दछ।

चोरका उपमा – कुनै एउटा चोरलाई पक्राउ गरिसकेपछि राजाज्ञाद्वारा सयवटा भालाहरूले घोचेर मार्न पठाइन्छ। भारदारहरूले पनि त्यसैगरी सयवटा भालाहरूले घोच्दछन्। पछि राजाले सोध्दछ "के त्यो चोर मरिसक्यो"। "देव अझै बाँचिरेछ" भन्दा तब राजाले फेरि एक सय भालाले घोचेर मार्ने राजाज्ञा दिन्छ। तर दोस्रोपल्ट पनि सय भालाहरूले घोच्दा नमरेको कारणले तेस्रोपल्ट पनि सय वटा भालाहरूले घोचेर मार्ने राजाज्ञा दिन्छ। यसरी दिनभरिमा तीनसय भालाहरूद्वारा घोचिन्छ। एउटा भालाले रोप्दा त कति असह्य पीडा हुन्छ भने तीनसय भालाहरूले रोप्दा झन कति पीडा हुँदो हो। त्यसरी नै विज्ञान आहारलाई सम्झिनुपर्दछ।

यी चार प्रकारका आहारहरूमध्ये भोजन गरेको, पिएको, खाएको, जिब्रोले चाटेको आदि प्रभेदयुक्त कबलिंकार-आहार नै यहाँ अभिप्रेरित छ। त्यस आहारमा प्रतिकूलको आकारले ग्रहण गर्ने स्तरमा उत्पन्न भएको संज्ञा आहारमा प्रतिकूलसंज्ञा हो।

त्यस आहारमा प्रतिकूलसंज्ञाको भावना गर्ने इच्छुकलाई कर्मस्थानलाई सिकेर, सिकेकोबाट भोजन गरेको, पिएको, खाएको, चाटेको प्रभेदयुक्त कवलींकार-आहारमा दश प्रकारले प्रतिकूल भएको प्रत्यवेक्षण गर्नुपर्दछ। जस्तै - (१) गमनले, (२) पर्येषणले, (३) परिभोगले, (४) आशयले, (५) निधानले, (६) अपरि पक्वले, (७) परिपक्वले, (८) फलले, (९) निष्यन्द (यताउता बहनु)ले, (१०) संम्रक्षण (अंगालो मारी टाँसिनु)ले।

(१) गमनले = यसरी महानुभाव भएको शासनमा प्रब्रजित भएको योगीलाई सारा रात बुद्ध वचनको पाठ (स्वाध्याय) या श्रमण धर्म गरी, समयमा नै उठेर चैत्य, बोधिवृक्षको आँगनको गर्नयोग्य वृत्तलाई गरी परिभोग गर्ने पानी ल्याएर, राखेर परिवेण (आँगन)लाई बढाडेर, शरीरकृत्यलाई गरेर आसनमा गएर, बीसतीसपल्ट कर्मस्थानलाई मनमा गरी, उठेर पात्रचीवरलाई लिएर जनसम्बाध (विघ्न)द्वारारहित, प्रविवेक सुखयुक्त, छायाजलसम्पन्न, पवित्र, शीतल, रमणीय प्रदेश भएको तपोवनलाई छाडेर, आर्य विवेकको प्रीतिको इच्छा नगरी, श्मशानतर्फ जाने स्यालसमान आहारको लागि गाउँतर्फ जानुपर्दछ।

यसरी जानेलाई पिर्का वा खाटबाट उत्रिने समयदेखि लिएर पाइतालाको धूलो, माउसुलीको विष्ठा आदि फैलिएको टुक्राहरू (टाटाहरू)लाई टेक्नु, खुट्टा राखी माथिबाट जानुपर्दछ। त्यसपछि कहिलेकाँही मुसा, चमेराद्वारा दुषित हुनाले भित्र कोठाभन्दा प्रतिकूल बाहिर हेर्नुपर्दछ। त्यसपछि उल्लु, परेवा आदिको विष्ठाले भरिएको माथिल्लो सतहदेखि तल्लो सतहसम्म, त्यसबाट कहिलेकाँही वायुद्वारा हल्लाएको पुरानो तृणपातहरूले रोगी श्रामणेरहरूको पिसाप, दिसा, थूक, सिंगानद्वारा र वर्षाकालमा पानीको हिलो आदि फोहर हुनाले तल्लो तहदेखि प्रतिकूल परिवेण र परिवेणदेखि प्रतिकूल विहार जाने मार्गलाई हेर्नुपर्दछ।

क्रमशः बोधिवृक्ष र चैत्यको वन्दना गरी 'आज कहाँ भिक्षाटन जाउ' भनी विचार गर्ने स्थान (वितर्क मालक) मा उभिएको, मुक्ताराशिसमान चैत्य, मुजुरप्वाँखको कलाप (मोरछल) समान मनोहर बोधिवृक्ष र देवविमानको श्रीसम्पत्तिसमान शयनासनलाई देखेर यसरी रमणीय प्रदेशलाई पीठ्यू फर्काए,



Downloaded from http://www.dhamma.digital

आहारको कारणले जानुपर्दछ' आदि सोचेर, गएर गाउँको बाटो जाँदै कील्ला काँढाको बाटो पनि, पानीको वेगले भत्काएको विषम (अग्लो होचो) बाटो पनि हेर्नु पर्दछ।

त्यसपश्चात् खटेरालाई छोप्दै गरेको व्यक्तिसमान अंतरवासक ( कम्मरमुनि लगाउने लुंगीजस्तै लुगा) लगाएर, घाउलाई बाँध्ने कपडालाई बाँध्नेसमान कायबन्धनलाई बाँधेर, हड्डीसमूहलाई ढाक्दै गरेको व्यक्तिसमान चीवर लगाएर, औषधी राख्ने किस्तीजस्तै पात्रलाई निकालेर, गाउँको द्वारनजिक जानेलाई हात्तीको सिनो, घोडाको सिनो, गाईको सिनो, भैंसीको सिनो, मानिसको लाश, साँपको सिनो, कुकुरको सिनो पनि हेर्नुपर्दछ। न केवल हेर्नु, नाकमा लाग्ने त्यसको दुर्गन्ध पनि सहनुपर्दछ। त्यहाँबाट गाउँद्वारमा उभिएर चण्ड हात्ती, घोडा आदिको बाधाहरूलाई त्यागनको लागि गाउँको सडक निरीक्षण गर्नुपर्दछ।

यसप्रकार विष्टा आदि अनेक प्रतिकूल सिनोसम्मलाई आहारको कारण टेक्नु, हेर्नु र सुंघ्नुपर्दछ। आश्चर्यजनक छ प्रतिकूल-आहार ! यस्तो गमन (जाना)ले प्रतिकूल भएको प्रत्यवेक्षण गर्नुपर्दछ।

(२) कसरी पर्येषाणद्वारा ? यसरी गमनको प्रतिकूलतालाई सहेर पनि संघाटीलाई ओढेर गाउँमा गएको कृपण (माग्ने भिखारी) व्यक्तिसमान पात्रलाई हातमा लिएर, घरपिच्छै गाउँको गल्लिहरूमा घुम्नुपर्दछ। वर्षाकालमा पाइतला राखेराखेको स्थानमा नलिखुट्टासम्म पनि पानीको हिलोमा धस्ने गर्दछ एक हातले पात्रलाई पक्रिनुपर्दछ र अर्कोले चीवरलाई माथि उठाउनुपर्दछ। ग्रीष्मऋतुमा वायुको झोंकाले उठेको पशु, तृण, धूलोले भरिएको शरीर बनाएर घुम्नुपर्दछ। त्यसत्यस ढोकालाई पाएर माछ्राको फोहर मासुको फोहर, चामलको फोहर, थूक, सिंगान, कुकुर-सुंगुरको लेंढ आदिसंग मिलेको कीरासमूहले भरिएको, नीलो झिंगाहरूले ढाकिएको, खाल्डो र हिलो हेर्नुपर्ने हुन्छ, नाघ्नुपर्ने पनि हुन्छ। जहाँबाट ती झिंगाहरू उढेर संघाटीमा पनि, पात्रमा पनि, टाउकोमा पनि लुक्दछन्।

घरमा प्रवेश गरेकोलाई पनि कसैकसैले भिक्षा दिंदैनन्। दिंदाखेरी पनि कोही कोही, वासीभातलाई, पुरानो खाद्यवस्तुलाई पनि, सडेको दाल (कुल्माष) सूप आदिलाई पनि दिन्छन्। कसैकसैले "भन्ते,अगाडि जानुहोस्" भन्छन्। कोहीकोही नदेखेजस्तै गरी चुप हुन्छन्। कोहीकोही अर्कोतिर मुख फर्काउँछन्। कोहीकोही "जा भाग, मुण्डक' आदि कठोर वचनले व्यवहार गर्छन्। यसरी कृपण व्यक्तिसमान गाउँमा भिक्षाको लागि घुमेर निस्कनुपर्दछ।

यसप्रकार गाउँमा प्रवेश गर्ने समयदेखि लिएर निस्कन समयसम्म पानीको हिलो आदि प्रतिकूलतालाई आहारको कारण टेक्नु, हेर्नु, र सहनुपर्दछ। आश्यचर्यजनक छ प्रतूिकल-आहार ! यसरी पर्येषणद्वारा प्रतिकूल भएको प्रत्यवेक्षण गर्नुपर्दछ।

(३) कसरी परिभोगले ? यसरी आहारको पर्येषण गरी गाउँबाहिर उचित स्थानमा सुखपूर्वक बसेर, जबसम्म त्यस आहारमा हात राख्दैन, तबसम्म कुनै पनि गौरवणीय भिक्षु या लज्जावान् व्यक्तिलाई देखेर निमन्त्रित पनि गर्न सकिन्छ। तर खाने इच्छाले त्यस आाहारमा हात राख्नासाथ 'लिनुहोस्' भन्नेलाई पनि लज्जित हुनुपर्दछ। किनकि हात राखेर मुछ्दा पाँचै औंलाहरूको सहारा पसिना चुहुँदै सुखा कडा भातलाई पनि भिजाउँदै नरम गरिदिन्छ।

त्यसरी मुछ्ना मात्रले पनि सुन्दरतारहित भएकोलाई गाँस बनाई मुखमा राखी चपाउँदा तल्लो



Downloaded from http://www.dhamma.digital

दाँतले ओखलीको काम गर्दछ, माथिल्लो दांतले मूसलको काम तथा जिब्रो हातको काम गर्छ। उसलाई कुकुरहरूको लागि खान दिनको लागि बनाएको द्रोणीमा कुकुरहरूको भातसमान दाँतरूपी मुसलहरूले कुटेर, जिब्रोले ओल्टाउँदैपल्टाउँदै जिब्रोको अग्रभागमा पातलो परिशुद्ध थूक लटपटिन्छ। बीचदेखि लिएर बाक्लो थूक लटपटिन्छ र दतिवनले साफ नगरेको स्थानमा दाँतेगुहु लटपटिन्छ।

त्यो त्यसरी विचूर्ण भएर लटपटिएको, त्यही क्षण वर्णन गन्ध, बनावटको विशेषताबाट लुप्त भएर कुकुरहरूको द्रोणीमा गरिएको कुकुरको वान्तासमान अत्यन्त घृणित हुन्छ। यसरी हुँदाहुँदै पनि आँखाले नदेख्ने भए तापनि खानुपर्दछ। यसरी परिभोगले प्रतिकूल भएको प्रत्यवेक्षण गर्नुपर्दछ ?

(४) कसरी आशयले ? बुद्ध, प्रत्येकबुद्ध, चक्रवर्ती राजालाई पनि पित्त, कफ, पीप, रगत आदि चारैवटा आशयहरूमध्ये कुनै एक आशय हुन्छ नै। मन्द पुण्य हुनेहरूका पनि चारै आशय हुन्छन् यसैले यसरी खाएको आाहार भित्र जाँदा, जसको पित्तको आशय अधिक हुन्छ, उसको वाक्लो महुवाको तेलसंग लटपटिएसमान अत्यन्त घृणित हुन्छ। जसको कफको आशय अधिक हुन्छ उसको नागवलाको पातको रससंग लटपटिएसमान अत्यन्त घृणित हुन्छ। जसको पीपको आशय अधिक हुन्छ, उसको कुहेको लस्सीसंग लटपटिएसमान अत्यन्त घृणित हुन्छ। जसको रगतको आशय धेरै हुन्छ, उसको रातो रंगसंग लटपटिएसमान अत्यन्त घृणित हुन्छ। यसरी आशयले प्रतिकूल भएको प्रत्यवेक्षण गर्नुपर्दछ।

(५) कसरी निधानले ? त्यो यी चारै आशयमध्ये कुनै एक आशयसंग लटपटिएको पेटभित्र प्रवेश गरी न सुन न मणि, न चाँदी आदि भाँडाहरूमा नै निधान हुन्छ। यदि दश वर्षको बालकद्वारा खाइन्छ भने दश वर्षसम्म नधोएको चर्पीको कुवासमान स्थानमा प्रतिष्ठित हुन्छ। यदि बीस, तीस, चालीस,पचास, साठी, सत्तरी, असी, नब्बे वा सय वर्ष भएको व्यक्तिद्वारा खाइन्छ भने बीस वर्ष... सयवर्ष नधोएको चर्पीको कुवासमान स्थानमा प्रतिष्ठित हुन्छ। यसरी निधानले प्रतिकूल भएको प्रत्यवेक्षण गर्नुपर्दछ।

(६) कसरी अपरिपक्वले ? त्यो आहार यसप्रकारको स्थानमा निधान भएर, जबसम्म अपरिपक्व हुन्छ, तबसम्म माथि भनिएको प्रकारले अत्यन्त अन्धकार भएको नाना सडेको वस्तुहरूको दुर्गन्धसंग मिलेर हावासंग बहने अत्यन्त दुर्गन्ध घृणित स्थानमा, जसरी गर्मीको दिनहरूमा असमय वर्षा हुँदा चण्डालगाउँको द्वारको खाल्डोमा खसेको तृण, पात, चटाईको टुक्रा, सांप, कुकुर, मनुष्यको लाश आदि सूर्यको तापले सन्तप्त भएर, फिंज, फोकाहरूद्वारा भरिन्छ, यसरी नै त्यस दिन पनि, भोलि पनि त्यसभन्दा पहिला दिन खाएको सबै एउटै भएर, कफको पत्र (पोका)संग बाँधिएको अग्निको सन्तापबाट उम्लिंदै, उम्लिएकोकारणले उत्पन्न फिंज, फोकाहरूले भरिएको अत्यन्त घृणित दशालाई प्राप्त हुन्छ।

यसरी अपरिपक्वले प्रतिकूल भएको प्रत्यवेक्षण गर्नु पर्दछ।

(७) कसरी परिपक्वले ? त्यो शरीरको अग्निले पाकेर सुनचाँदी आदि धातुहरूसमान सुनचाँदी आदि हुँदैन। तर फिंज र फोकाहरूलाई फ्याँक्दै नरम गर्नयोग्य पिसेर नालामा राख्दै गरेको पहेंलो माटोसमान, दिसा भएर पक्वाशय तर्फ पिसाप भएर पिसापको थैली (मूत्रवस्ति) लाई भर्दछ।

यसरी परिपक्वले प्रतिकूल भएको प्रत्यवेक्षण गर्नुपर्दछ।

(८) कसरी फलले ? राम्ररी पाकेको आहारले केश, रौं, नङ, दाँत आदि नाना फोहरहरूलाई



Downloaded from http://www.dhamma.digital

बनाउँदछ र राम्ररी नपाकेको आहारले दाद, चिलाउने, लुतो, कुष्ट, ...कलास(कुष्ट विशेष) क्षय, खोकी, अतिसार, प्रभृति सैकडौं रोगहरू बनाउँदछन् । यो यसको फल हो ।

यसरी फलले परिपक्व भएको प्रत्यवेक्षण गर्नुपर्दछ ।

(९) कसरी निष्यन्दले ? खाने समय यो एक द्वाराबाट प्रवेश गरेर निस्कने समय आँखाबाट चिप्रा, कानबाट कानेगूजी आदिप्रकारले अनेक द्वाराहरूबाट निस्कन्छन् । खाने समयमा महापरिवारसंग पनि खाने गरिन्छ तर निस्कने समय दिसापिसाप आदि गर्नुपर्दा एकलै नै निकाल्ने गरिन्छ । पहिलो दिन त्यसलाई खाँदै धेरै आनन्दित पनि हुन्छ, गद्‌गद हुन्छ, प्रीति सौमनस्य उत्पन्न हुन्छ । तर अर्को दिन निकाल्ने समय, नाक बन्द गर्दछ, मुख बिगार्छ, घृणा गर्दछ, मन नपराई चुप रहन्छ । पहिलो दिन उसलाइ अनुरक्त भएर, लालच गर्दै, त्यसमा भिडेर बस्छ, संघर्ष गर्दै मूर्छित भएर पनि खान्छ । तर अर्को दिन एक रात्रिको वासले नै रागरहित भएर, दुःखीत, लज्जित र घृणित भएर निस्कन्छ । यसैले पुरानाहरूले भनेका छन् –

*अन्नं पानं खादनीयं भोजनञ्च महारहं ।*
*एकद्वारेन पविसित्वा नवहि द्वारेहि सन्दति ॥*

(अन्न, पेय, खादनीय र धेरै सुन्दर भोजन, एकद्वारबाट प्रवेश गरी नौद्वारबाट निस्कन्छन् ।)

*अन्नं पानं खादनीयं भोजनञ्च महारहं ।*
*भुञ्जति सपरिवारो निक्खामेन्तो निलीयति ॥*

(अन्न, पेय, खादनीय र धेरै सुन्दर भोजन परिवारसंग खान्छ, तर निकाल्ने समय लुक्छ ।)

*अन्नं पानं खादनीयं भोजनञ्च महारहं ।*
*भुञ्जति अभिनन्दतो निक्खामेन्ता जिगुच्छति ॥*

(अन्न, पेय, खादनीय र धेरै सुन्दर भोजनलाई अभिनन्दन गर्दै खान्छ, तर निकाल्दै घृणा गर्दछ ।)

*अन्नं पानं खादनीयं भोजनञ्च महारहं ।*
*एकरत्ति परिवासा सब्बं भवति पूतिकं ॥*

(अन्न, पेय, खादनीय र धेरै सुन्दर भोजन एकै रातको परिवासमा नै सबै सडेर जान्छ ।)

यसरी निष्यन्दले प्रतिकूल भएको प्रत्यवेक्षण गर्नुपर्दछ ।

(१०) कसरी संम्रक्षणले ? परिभोगको समय पनि यो हात, ओंठ, जिब्रो, तालुलाई लपेट्दछ । ती यिनीहरूबाट लपेटिएकोले प्रतिकूल छन् । जुन धुंदा पनि दुर्गन्धलाई हटाउनको लागि वारम्वार धुनुपर्दछ । जसरी भात पाक्दाखेरी भुस माडको फिंज आदि उम्लेर हाँडीको मुखको किनार र बिर्कोमा लटपटिन्छ, त्यसरी नै सारा शरीरमा रहने शारीरिक अग्निले फिंज फ्याँक्दैफ्याँक्दै पाकेर फैलिएको दाँतमा दाँतेगुहु भएर लटपटिन्छ । जिब्रो, तालु आदिमा थूक, कफ आदि भएर लटपटिन्छ । आँखामा चिप्रा, कानमा कानेगुजी, नाकमा सिंगान, गुह्यद्वार आदिमा पिसाप, दिसा आदि भएर लटपटाउँछ, जसद्वारा लटपटिएका यी द्वार प्रतिदिन धुंदाखेरी पनि न त पवित्र नै हुन्छ र न मनोरम नै हुन्छ । यसमध्ये कुनैलाई दुईपल्ट गोबरले पनि, माटोले पनि गन्धचूर्ण (गन्ध हटाउने चूर्ण, अथवा साबुन) ले पनि घुँदा प्रतिकूलता हराएर जाँदैन ।



Downloaded from http://www.dhamma.digital

यसरी संप्रक्षणले प्रतिकूल भएको प्रत्यवेक्षण गर्नुपर्दछ ।

यसरी दश प्रकारले प्रतिकूलताको प्रत्यवेक्षण, तर्कवितर्क गर्ने भिक्षुलाई प्रतिकूलको आकारले कवलिकार-आहार प्रकट हुन्छ । ऊ त्यस निमित्तलाई पुनः पुनः आसेवन गर्दछ, बढाउँदछ, बहुल गर्दछ । यसरी गर्ने भिक्षुको नीवरण दब्दछन् । कवलिंकार-आहारको स्वभावको धर्मताको गम्भीर हुनाले अर्पणालाई नपाएर उपचार-समाधिले चित्त समाधिस्त हुन्छ । प्रतिकूलको ग्रहणको रूपदेखि संज्ञा प्रकट हुन्छ, यसैले यो कर्मस्थान आहारमा प्रतिकूल-संज्ञा नै भनिन्छ ।

यस 'आहारमा प्रतिकूलसंज्ञा' मा लागेको भिक्षुको चित्त रसतृष्णा (स्वादनको इच्छा) ले मोडिन्छ, अगाडि बढ्दैन, रोकिन्छ । ऊ मरुभूमिलाई पार गर्ने इच्छा हुनेको छोराको मासुसमान मदरहित आहारको आहरण (भोजन) केवल दुःखलाई पार गर्नको लागि गर्दछ । तब सुखपूर्वक नै कबलिंकार आहारलाई जान्नाले उसको पाँच कामगुण भोगविलास सम्बन्धी राग हटेर जान्छ । ऊ पाँच कामगुणको हटेर जानाले रूपस्कन्धलाई जान्दछ । अपरिपक्व आदि प्रतिकूल भएअनुसार त्यसको कायगतास्मृतिको भावना पनि पूर्णतालाई प्राप्त हुन्छ । अशुभसंज्ञाको अनुलोम सीधा मार्गमा ऊ हिंड्ने हुन्छ । यस प्रतिपत्तिको सहारा यसै जन्ममा अमृतको अन्तसम्मलाई नपाए पनि सुगति परायण हुन्छ ।

## (२) चतुर्धातु व्यवस्थापन

अब 'आहारमा प्रतिकूलसंज्ञा'को पश्चात् "एक व्यवस्थापनमा बताइएको चतुर्धातु व्यवस्थापनको भावनाको निर्देशको समय आएको छ ।

व्यवस्थापनको अर्थ हो - कडा आदि स्वाभाविक लक्षणको उपधारणा (विचार गर्नु) गर्नेअनुसार निश्चय गर्नु । चारै धातुहरूको निश्चयकरण नै चतुर्धातु व्यवस्थान हो । धातुमनस्कार, धातुकर्मस्थान, चतुर्धातु व्यवस्थान आदि यी सबै अर्थले एक नै हुन् । यी दुई प्रकारले आएका छन् – (१) संक्षेपले र (२) विस्तारले । संक्षेपले महासतिपट्ठान सुत्त दीघनिकाय (२२)मा आएको छ र विस्तारले मज्झिम निकायको महाहत्थिपदूपम सुत्त, राहुलोवाद सुत्त तथा धातु विभङ्गमा उल्लेख गरिएका छन् ।

"जसरी भिक्षुहरू, दक्ष कसाई या कसाईको शिष्य गाईलाई मारेर चौवाटोमा टुक्राटुक्रा गरी बसेको होस् । यसरी नै भिक्षुहरू यसै कायलाई यथास्थित, यथाप्रणिहित धातुअनुसार प्रत्यवेक्षण गर्दछ - 'यस शरीरमा पृथ्वीधातु, आपोधातु, तेजोधातु, वायोधातु छन् ।" यसरी तीक्ष्ण प्रज्ञा भएको योगाभ्यासिक (कर्मस्थानिक) को लागि महासतिपट्ठानमा संक्षेपले बताइएको छ ।

त्यसको अर्थ हो - जसरी दक्ष कसाई या उसैको मजदूरीमा काम गर्ने शिष्य चारै दिशाहरूलाई जोडिएको महामार्गहरूको बीच भनिने चौबाटोमा गाईलाई मारेर टुक्राटुक्रा गरी भागभाग गरी बसेको होस् । यसरी नै भिक्षु चारै इर्यापथमध्ये जुनकुनै आकारले स्थित हुनाले यथास्थित हुन्छ र यथास्थित हुनु नै यथाप्रणिहित काय हो । उसलाई "यस शरीरमा पृथ्वीधातु, आपोधातु तेजोधातु, वायोधातु, छन्" आदि धातुअनुसार प्रत्यवेक्षण गर्दछ ।

के भनिएको छ ? जसरी कसाईले गाईलाई पाल्दा, मार्ने स्थानमा लैजाँदा, ल्याएर त्यहाँ बाँधेर राख्दा, मार्दा, मारी सकेकोलाई हेर्दा, उसलाई 'गाई हो' भन्ने संज्ञा (नाम) भइरहेको नै हुन्छ । तर जब



Downloaded from http://www.dhamma.digital

गाईलाई मारिसकेपछि काटेर टुक्राटुक्रा गरी भाग लगाउंछ तब मात्र गाईको नाम लुप्त हुन्छ र 'मासु' भन्ने संज्ञा नामले चिनिन्छ । उसलाई यस्तो हुँदैन कि गाई वेचिरहेछु, र यी मानिसहरू गाईलाई लगिरहेछन् प्रत्युत उसलाई "म मासु बेचिरहेछु र यी मानिसहरू मासु लैजाँदैछन्" यसरी नै विचार उत्पन्न हुन्छ। यसैप्रकार यस भिक्षुलाई पनि पहिले मूर्ख अनाडी रहँदा, गृहस्थ हुँदा पनि, प्रब्रजित भएपछि पनि, जबसम्म यसै शरीरलाई यथास्थित, यथाप्रणिहित घनभाव (स्थूल हुनु) लाई भाग गरेर धातुअनुसार प्रत्यवेक्षण गर्दैन तबसम्म "सत्व, पुरुष या व्यक्ति आदि संज्ञा लुप्त हुँदैन। धातुअनुसार प्रत्यवेक्षण गर्ने भिक्षुको सत्वसंज्ञा लुप्त हुन्छ। धातुअनुसार नै चित्त स्थिर हुन्छ। त्यसैले भगवान्ले भन्नुभएको छ - "जसरी भिक्षुहरू, दक्ष कसाही या .... बसेको होस्। यसरी भिक्षुहरू, भिक्षु ... वायो धातु।"

मज्झिम निकायको महाहत्थिपदूम सुत्तमा "आवुस, कुनचाहीं भित्री (आध्यात्मिक) पृथ्वीधातु हो ? जुन भित्र, आफ्नो सहाराले, कर्कश कडा, खस्रो शरीरस्थ, जस्तै केश, रौं नङ्, दाँत, छाला, मुटु, नशा, हड्डी, मासी, मृगौला, मुटु कलेजो, फियो, फोक्सो ठूलोआन्द्रा, सानोआन्द्रा, लादी, मल, गिदि या अरू पनि जुनसुकै आफ्नोभित्र, आफ्नो सहाराले, कर्कश कडा खस्रो शरीरस्थ छन्, आवुस, यसलाई पृथ्वीधातु भनिन्छ।"

"आवुस, कुनचाहीं भित्री आपोधातु हो ? जुन आफ्नोभित्र, आफ्नो सहाराले भएको शरीरस्थ जल, जलयुक्त छ, जस्तै - पित्त, खकार, पिप,, रगत, पसिना, मेद, आँशु, बोसो, थूक, सिंघान, तेल पिसाप या अरू पनि जुनसुकै आफ्नोभित्र, आफ्नो सहाराले भएको शरीरस्थ जल-जलयुक्त छन्, आवुस, यसलाई भित्री आपोधातु भनिन्छ।"

"आवुस कुनचाहीं भित्री तेजोधातुहो ? जुन आफ्नोभित्र, आफ्नो सहाराले भएको शरीरस्थ अग्नि-अग्निमय छ। जस्तै - (१) जीर्णतेजो = जरालाई प्राप्त गर्दछ। (२) सन्तापनतेजो = जसले ताप, आदि गराउँछ (३) परिडहनतेजो = जसले डाह गराउँछ या मन पोल्दछ। (४) परिपाचकतेजो = जसले खाएको, पिएको आदि आहारहरूलाई पचाइदिन्छ। या अरू पनि जुनसुकै आफ्नोभित्र, आफ्नो सहाराले भएको शरीरस्थ अग्नि अग्निमय छ , आवुस, यसलाई भित्री तेजोधातु भनिन्छ।"

"आवुस, कुनचाहिं भित्री वायोधातुहो ? जुन आफ्नोभित्र, आफ्नो सहाराले भएको शरीरस्थ वायु, वायुमय छ। जस्तै (१) उद्धंगमवायु = शरीरको माथिल्लो भागमा जाने वायु, यथा - डकार आदि (२) अधोगमवायु = शरीरको तल्लो भागमा जाने वायु, यथा पाद। (३) कुच्छिसवायु = पेटमा रहने वायु। (४) कोट्ठासवायु = आन्द्रा आदि कोठाहरूमा रहने वायु (५) अंगमगानुसारीवायु = अंगप्रत्यंग संचालन गर्ने वायु। (६) आनापानवायु = आश्वास-प्रश्वास गरिने वायु। या अरू पनि जुनसुकै आफ्नो भित्र, आफ्नो सहाराले भएको शरीरस्थ वायु, वायुमय छ, यसलाई आवुस भित्री वायोधातु भनिन्छ।

यसरी तीक्ष्ण प्रज्ञा नभएको धातु कर्मस्थानिकअनुसार विस्तारले आएको छ। जस्तै, यहाँ, यसरी नै राहुलोवाद सुत्तमा र धातु विभंगमा पनि उल्लेख गरिएका छन्।

त्यसमध्ये यो कठिन शब्दहरूको वर्णन यसप्रकार छन् – आफ्नोभित्र (अज्झत्तं) आफ्नो सहाराले (पच्चत्तं) - यी दुवै पनि आफ्नो नाम हो। आफू भनिन्छ आफूमा उत्पन्न हुनेलाई। आफ्नो शरीरमा भएको भन्ने अर्थ हो। त्यो, जसरी लोकमा स्त्रीहरूमा भएको कुराकानी 'अधिस्त्री' भनिन्छ, यसरी आफूमा



Downloaded from http://www.dhamma.digital

भएकोले अध्यात्म (आफ्नो भित्र) र आफ्नो सहाराले भएकोले प्रत्यात्म (आफ्नो सहारा) पनि भनिन्छ।

कर्कश = ठोस। खस्रो = हो। रूखो (ख्वारख्वार आवाज आउने)। त्यसमा पहिलो लक्षणसूचक शब्द हो र दोस्रो आकारसूचक शब्द हो। पृथ्वीधातु ठोस लक्षणको छ, त्यो रूखो आकारको नै हुन्छ, यसैले खस्रो भनिन्छ। शरीरस्थ - दृढताले पकडिएको। 'म' 'मेरो' यसरी दृढताले पकडिएको ग्रहण गरेको, परामृष्ट भन्ने अर्थ हो।

जस्तै = यो निपात अव्यय हो। त्यसको त्यो कुनचाहीं हो ? भन्ने अर्थ हो। त्यसपश्चात् त्यसलाई देखाउँदै केश, रौं आदि भनिएका छन्। त्यहाँ गिदीलाई मिलाएर २० प्रकारले पृथ्वीधातु भनिएको जान्नुपर्दछ। अरू पनि जुनसुकै = शेष तीनै भागहरूमा पृथ्वीधातु संग्रहीत छन्।

बहँदै त्यसत्यस स्थानलाई फैलाउँदछ, प्राप्त गर्दछ, यसैले आपो भनिन्छ। कर्मले उत्पन्न आदि भएअनुसार नानाप्रकारको जलमा अभिभूत भएको जलीय (जलमय) हो। त्यो के हो ? आपोधातुको बाँध्ने लक्षण।

तताउने रूपमा तेजो (अग्नि) हो। पहिले भनिएढंगले नै अग्निमा अभिभूत भएको अग्निमय हो। त्यो के हो ? उष्ण स्वभाव। जसबाट = जुन अग्नि कुपित हुनाले यो शरीर तातिएर आउँछ। एक दिनको ज्वर आदि हुनाले तातो हुन्छ। जसबाट जरा (वृद्धत्व)लाई प्राप्त हुन्छ = जसबाट यो शरीर जीर्ण हुन्छ, इन्द्रियहरूको विकलता, बलको नाश, चाउरी पर्नु र केशहरू फुल्नु हुन्छ। जसद्वारा जल्दछ = जसको कुपित हुनाले यो शरीर जल्दछ र त्यो व्यक्ति "जलिरहेछु, जलिरहेछु," यसरी रूँदै सयपल्ट तताउँदै पानीमा राखेर निकालेको घिउ, गोशीर्ष चन्दन लेप, पंखाको हावा आदि चाहन्छ। जसबाट भोजन गरेको, पिएको, खाएको, चाटेको राम्ररी पचाउँछ = जसले यो भोजन गरेको भात आदि पिएको पेय आदि, पीठोद्वारा बनिएको वस्तु आदि या चाटेको पाकेको आँप, सर्वत राम्ररी पचाउँछ। रस आदि भएर टुक्रिन्छ भन्ने अर्थ हो। यहाँ पहिलेको तीन तेजोजीर्ण तेजो, सन्तापनतेजो, परिडाह तेजो चारै कर्म, चित्त, ऋतु, आहार रूपसमुट्ठानद्वारा उत्पन्न हुन्छ। पछिल्लो परिपाचक तेजो कर्मले मात्र उत्पन्न हुन्छ।

बहनाले वायु भनिन्छ। पहिले भनिएअनुसारले नै वायुमा अभिभूत भएको वायुमय हो। त्यो के हो ? भर्ने, कस्सिने स्वभाव। माथि जाने वायु = डकार, हिक्का आदि उत्पन्न हुने माथि जाने वायु। तल जाने वायु = दिसा, पिसापलाई निकाल्ने, तल जाने वायु। कोष्टमा रहने वायु = आन्द्राभित्र रहने वायु। अंगअंगमा घुम्ने वायु = धमनी (नसा) जालअनुसार शरीरमा अंगअंगमा फैलिएर खुम्च्याउने, पसार्ने आदिलाई उत्पन्न गर्ने वायु। आश्वास वायु = बाहिर निस्कने वायु। प्रश्वास वायु = भित्र प्रवेश गर्ने वायु। यहाँ पहिलेको पाँच (उद्धंगम, अधोगम, कुच्छिस, कोट्ठास र अंगमंगानुसारी), वायुहरू चारै कर्म, चित्त, ऋतु, आहारले उत्पन्न हुन्छन्। आश्वास प्रश्वास चित्तले नै उत्पन्न हुन्छन्। सबै ठाउँमा या अरू पनि जुनसुकै = यस पदले शेष भागहरूमा आपो आदि धातुहरू संग्रहीत छन्।

यसप्रकारले वीस प्रकारले पृथ्वीधातु, बारह प्रकारले आपोधातु, चार प्रकारले तेजोधातु, ६ प्रकारले वायोधातु गरी जम्मा बयालीस प्रकारले चारै धातुलाई विस्तार गरिएका छन्। यो अहिले यहाँ पालिअनुसार वर्णन गरिएको हो।

## भावना विधि

भावनाको विधिमा यहाँ, तीक्ष्ण प्रज्ञा हुने भिक्षुको लागि - केश पृथ्वीधातु हो, रौं पृथ्वीधातु हो



Downloaded from http://www.dhamma.digital

आदि यसरी विस्तार गर्नेलाई धातुको परिग्रह प्रपञ्च जानकारी हुन्छ। जुन ठोस लक्षण छ त्यो पृथ्वीधातु हो। जुन बाँध्ने लक्षण छ, यो आपोधातु हो, जुन पकाउनेको लक्षण छ, यो तेजोधातु हो। जुन कस्सिने लक्षण छ यो वायोधातु हो, यसरी मनसिकार गर्नेलाई यो कर्मस्थान प्रकट हुन्छ। धेरै तीक्ष्ण प्रज्ञा नहुनेलाई यसरी मनसिकार गर्दै कर्मस्थान प्रकट हुँदैन। पहिलेको ढंगले नै विस्तारले मनसिकारलाई प्रकट हुन्छ। कसरी ?

भिक्षुहरूको पाठको उपमा - जसरी दुई भिक्षुहरूको धेरै ऐजनअनुसार आएको तन्ती (गाथा)हरूको पाठ गर्दै तीक्ष्ण प्रज्ञावाला भिक्षु एकपल्ट या दुईपल्ट ऐजनमुखलाई विस्तार गरी त्यसपछि दुवै छेउबाट नै पाठ गर्दै जान्छ। त्यहाँ, तीक्ष्ण प्रज्ञा नहुने यसरी भन्ने हुन्छ – "के पाठ गर्नु, लगातार पाठ नगरी मुख्यमुख्य मात्र पाठ गरेर ओंठलाई छुन मात्र पनि दिंदैन, यसरी पाठ गरेर कहिले पालि (गाथा) याद हुन्छ ?" भनी सोच्दै ऊ आएकोआएको ऐजनमुखलाई शब्दपिच्छै लगातार गरेर नै पाठ गर्दछ। उसलाई दोस्रोले भन्यो - "के यो पाठ गर्नु हो ? अन्तसम्म जान दिंदैन, यसरी शब्दशब्दपिच्छै पाठ गरी लाँदा कहिले पालि समाप्त हुन्छ ?" यसरी नै तीक्ष्ण प्रज्ञा हुनेलाई केश आदिअनुसार विस्तारले धातुको परिग्रह प्रपञ्च देखापर्दछ। जुन ठोस लक्षणयुक्त छ 'यो पृथ्वीधातु हो' आदिढंगले संक्षेपले मनसिकार गर्नेलाई अन्धकार प्रकट हुँदैन। केश आदिअनुसार विस्तारले मनसिकार गर्नेलाई प्रकट हुन्छ।

यसैले यस कर्मस्थानको भावना गर्न इच्छुक तीक्ष्ण प्रज्ञा हुनेलाई एकान्तमा गएर चित्तलाई चारैतिरबाट समेटेर आफ्नो सारा रूपकायलाई पनि आवर्जन गरेर - जुन यस शरीरमा ठोस या रूखो स्वभावको छ - यो पृथ्वीधातु हो। जुन बाँध्ने या द्रव्य (तरल) स्वभावको छ - यो आपोधातु हो। जुन पोल्ने गर्मी हुने स्वभावको छ यो तेजोधातु हो। जुन कस्सिने या फैलिने स्वभावको छ, यो वायोधातु हो। यसरी संक्षेपले धातुहरूको परिग्रह गरी पुनः पुनः पृथ्वीधातु, आपोधातु - यसप्रकारले धातु मात्रले, निःसत्व (निर्जीव) भएअनुसार आवर्जन मनसिकार र प्रत्यवेक्षण गर्नुपर्दछ।

यसरी प्रयत्न गर्नेलाई थोरै समयमा धातुहरूको प्रभेदलाई बताउने प्रज्ञाले परिगृहीत, स्वभाव धर्महरूको आलम्बन हुनाले अर्पणालाई नपाएर उपचार मात्रले समाधि उत्पन्न हुन्छ।

अथवा, जुन यी चार महाभूतहरूको निःसत्व भावनालाई देखाउनको लागि मज्झिम निकाय (१, ३८) अनुसार धर्म सेनापतिद्वारा - "हड्डी, नशा,, मासु, र छालालाई लिएर घेरिएको आकाश नै रूप भनिन्छ" भनी चार भाग भनिएको छ, त्यसमा त्यसत्यसको अन्तर पार्ने ज्ञानको हातद्वारा अलगअलग गरी जुन यसमा ठोस या रूखो स्वभावको छ – यो पृथ्वीधातु हो" आदि पहिलेको ढंगले नै धातुहरूको परिग्रह गरी पुनः पुनः पृथ्वीधातु, आपोधातु यसरी धातु मात्रले निःसत्व = निर्जीवअनुसार आवर्जन गर्नुपर्दछ, मनसिकार र प्रत्यवेक्षण गर्नुपर्दछ।

यसरी प्रयत्न गर्नेलाई थोरै समयमा नै धातुहरूको प्रभेदलाई बताउने प्रज्ञाले परिगृहीत स्वभावधर्महरूको आलम्बन हुनाले अर्पणालाई नपाएको उपचार मात्रले समाधि उत्पन्न हुन्छ।

यो संक्षेपमा आएको चतुर्धातु व्यवस्थापनमा भावना विधि हो।

## विस्तारले

विस्तारले यसरी जान्नुपर्दछ – यस कर्मस्थानको भावना गर्ने इच्छुक तीक्ष्ण प्रज्ञावान् योगीलाई



Downloaded from http://www.dhamma.digital

आचार्यकहाँ बयालीस प्रकारले विस्तारले धातुहरूलाई सिकेर उपयुक्तप्रकारको शयनासनमा विहार गर्दै गर्नुपर्ने सबै काम गरी एकान्तमा गएर चित्तलाई चारैतिरबाट तानेर (१) ससम्भारको संक्षेपले, (२) ससम्भारको विभक्तिले, (३) स्वलक्षणको संक्षेपले, (४) स्वलक्षणको विभक्तिले, यसरी चार प्रकारले कर्मस्थानको भावना गर्नुपर्दछ ।

कसरी ससम्भारको संक्षेपले भावना गर्दछ ? यहाँ, भिक्षु बीस भागहरूमा ठोस आकार भएकालाई पृथ्वीधातु निश्चित गर्दछ। बाह्र भागमा बहने पानी भनिने टाँसिने (जोड्ने) स्वभाव भएकोलाई आपोधातु निश्चित गर्दछ। चार भागहरूमा पकाउनेलाई तेजोधातु निश्चित गर्दछ। ६ भागहरूमा कस्सिने आकार लाई वायोधातु निश्चित गर्दछ । यसरी निश्चित गर्नेलाई नै धातुहरू प्रकट हुन्छन् । उसलाई पुनः पुनः आवर्जन, मनसिकार गर्नेलाई उक्तढंगले नै उपचार समाधि उत्पन्न हुन्छ ।

तर, जसलाई यसरी भावना गर्दा कर्मस्थान सिद्ध हुँदैन, उसलाई ससम्भारको विभक्तिद्वारा भावना गर्नुपर्दछ। कसरी ? त्यस भिक्षुलाई, जुन कि कायगतास्मृति कर्मस्थान निर्देशमा सात प्रकारका उग्गहको कुशलता र दश प्रकारका मनसिकारका कुशलता भनिएका छन्, ती सबैलाई बत्तीस आकारमा परिपूर्ण त्वचपञ्चक (केश, रौं, नङ, दाँत, छाला) आदिको अनुलोम-प्रतिलोमले उच्चारण पाठ गर्नाले गरेदेखि लिएर सारा भनिएको विधिलाई गर्नुपर्दछ । केवल यही विशेषता हो – त्यहाँ वर्ण, बनावट, दिशा, अवकाश परिच्छेदले केश आदिको मनसिकार गरेर पनि प्रतिकूलको स्तरमा चित्तलाई राख्नुपर्दछ । तर यहाँ धातुको स्तरमा। यसैले वर्ण आदिको स्तरमा पाँच-पाँच प्रकारले केश आदि मनसिकार गरी अन्तमा यसरी मनसिकार गर्नुपर्दछ ।

## पृथ्वीधातु

(१) केश = टाउकोको हड्डीमा टाँसिएको छालामा उत्पन्न हुन्छन् । जसरी वल्मिकको सिरानमा उम्रेको कुण्ठ (ससाना) घांसलाई वल्मिकको सिरानले जान्दैन कि ममा कुण्ठ घाँस उम्रेको छ, न त कुण्ठ घाँस नै जान्दछ कि हामी वल्मिकको सिरानमा उम्रेका छौं । यसरी नै टाउकाको खोपडीमा टाँसिएको छालालाई थाहा हुँदैन कि ममा केश उम्रेको छ, न त केश जान्दछ कि हामी टाउकाको खोपडीमा टाँसिने छालामा उम्रेका छौं । यी परस्पर आभोग प्रत्यवेक्षणरहित धर्म हुन् । यसप्रकारले केश यस शरीरमा अलग भाग हुन् जुन चेतनारहित, अव्याकृत, शून्य, निसत्व ठोस, पृथ्वीधातु हो ।

(२) रौं = शरीरमा टाँसिएको छालामा उत्पन्न हुन्छ । जसरी शून्य गाउँको चोक आदि स्थानमा कुश, दूबो, घाँस उम्रिनाले, चोकस्थान जान्दैन कि ममा कुशघाँस उम्रेका छन् । कुशघाँस पनि जान्दैन कि हामी शून्य गाउँको चोकस्थानमा उम्रेका छौं । यसरी नै शरीरमा टाँसिएको छाला जान्दैन कि ममा रौं उम्रेका छन्, रौं पनि जान्दैन कि हामी शरीरमा टाँसिएको छालामा उम्रेका छौं । परस्पर आभोग प्रत्यवेक्षणरहित यी दुवै धर्म हुन् । यसप्रकार रौं यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस पृथ्वीधातु हो ।

(३) नङ् = औंलाहरूको अघिल्लो भागमा उम्रिन्छन् । जसरी केटाहरू डण्डाहरूले महुआ **(Madhuka)** फलको बियाँलाई हिर्काउँदै खेल्दै गर्दा डण्डा जान्दैन कि हामीमाथि महुआको बियाँ राखिएको छ । महुआको बियाँ पनि जान्दैन कि हामी डण्डामाथि राखिएका छौं । यसरी नै औंलाहरू जान्दैन कि हाम्रो



Downloaded from http://www.dhamma.digital

अघिल्लो भागमा नङ उम्रेका छन् । नङ पनि जान्दैन कि हामी औंलाहरूको अघिल्लो भागमा उत्पन्न भएका छौ. । परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्म हुन् । यसप्रकार नङ यस शरीरमा अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस पृथ्वीधातु हो ।

(४) दाँत = चिउँडोको हड्डीहरूमा उत्पन्न हुन्छन् । जसरी लोहकर्मीद्वारा ढुंगाको ओखलीहरूमा खम्भाको तल्लो हिस्सालाई कुनैप्रकारको गुंदले बाँधेर (टाँसेर) अढाउँदा ओखलीले जान्दैन कि हामीमा खम्बा अडेको छ । खम्बा पनि जान्दैन कि हामी ओखलीमा अडेका छौं । यसरी नै चिउँडोको हड्डीहरू जान्दैन कि हामीमा दाँत उत्पन्न भएका छन् । दाँत पनि जान्दैन कि हामी चिउँडोको हड्डीहरूमा उत्पन्न भएका छौं । परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्म हुन् । यसप्रकार दांत यस शरीरमा एक अलग भाग हो । जुन चेतनारहित अव्याकृत, शून्य, निःसत्व ठोस पृथ्वीधातु हो ।

(५) छाला = सारा शरीरलाई घेरेर स्थित छ । जसरी गाइको काँचोछालाले महावीणा मोडिएको भएमा महावीणा जान्दैन कि म गाईको काँचोछालाले मोडिएको छुँ । गाईको काँचोछाला पनि जान्दैन कि मद्वारा महावीणा मोडिएको छ । त्यसरी नै शरीर पनि जान्दैन कि छाला मलाई घेरेर स्थित छ, र छाला पनि जान्दैन कि मद्वारा शरीर घेरिएको छ । परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन् । यसप्रकार छाला यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस पृथ्वीधातु हो ।

(६) मासु = हड्डीहरुको समूहलाई  पोतिएर स्थित छ । बाक्लो माटोले पोतिएको भित्ता भएमा भित्ता जान्दैन कि म बाक्लो माटोले पोतिएको छ । बाक्लो माटो पनि जान्दैन कि मद्वारा भित्ता पोतिएको छ । यसरि नै हड्डीहरुका समूह पनि जान्दैन कि ममा नौ सय प्रकारका मांश पेशिहरुद्वारा पोतिएको छु ।  मासु पनि जान्दैन कि मद्वारा हड्डिहरुका समूह पोतिएका छन् । परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन् । यसप्रकार मासु यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस पृथ्वीधातु हो ।

(७) स्नायु = शरीरभित्र हड्डीहरूलाई बाँधेर स्थित छ । जसरी लहराहरूद्वारा जकडिएको पर्खालको काठहरू भएमा पर्खालको काठहरू जान्दैन कि हामी लहराहरूद्वारा जकडिएका छौं । लहराहरू पनि जान्दैनन् कि हामीद्वारा पर्खालको काठहरू जकडिएका छन् । यसरी नै हड्डीहरू जान्दैनन् कि हामी नशाहरूद्वारा बाँधिएका छौं, नशाहरू पनि जान्दैनन् कि हामीद्वारा हड्डीहरू बाँधिएका छन् । परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन् । यसप्रकार यस शरीरमा नशा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस पृथ्वीधातु हो ।

(८) हड्डीहरूमा = कुर्कुच्चाको हड्डी, गोलीगाँठोको हड्डीलाई उठाएर स्थित छ । गोलीगाँठोको हड्डी नलिखुट्टाको हड्डीलाई उठाएर स्थित छ । नलिखुट्टाको हड्डी तिघ्राको हड्डीलाई उठाएर स्थित छ । तिघ्राको हड्डी कमरको हड्डीलाई उठाएर स्थित छ । कमरको हड्डी मेरुदण्डको काँटाहरूलाई उठाएर स्थित छ । मेरुदण्डको काँटाहरू गर्धनको हड्डीलाई उठाएर स्थित छ । गर्धनको हड्डी टाउकाको हड्डीलाई उठाएर स्थित छ । टाउकोको हड्डी गर्धनको हड्डीमा स्थित छ ।

गर्धनको हड्डी मेरुदण्डको काँटाहरूमा स्थित छ । मेरुदण्डको काँटाहरू कमरको हड्डीमा स्थित छ । कमरको हड्डी तिघ्राको हड्डीमा स्थित छ । तिघ्राको हड्डी नलिखुट्टाको हड्डीमा स्थित छ । नलिखुट्टाको



Downloaded from http://www.dhamma.digital

हड्डी गोलिगाँठाको हड्डीमा स्थित छ। गोलिगाँठोको हड्डी कुर्कुच्चाको हड्डीमा स्थित छ।

जसरी ईंटा, काठ, गोबर, आदिको थुप्रोमा तल्लोतल्लो ईंटा, काठ, गोबर आदि जान्दैन कि हामी माथिल्लोमाथिल्लोलाई उठाएर स्थित छौं। माथिल्लोमाथिल्लोहरू पनि जान्दैनन् कि हामी तल्लोतल्लोमा प्रतिष्ठित छौं। यसरी नै कुर्कुच्चाको हड्डी जान्दैन कि म गोलिगाँठोको हड्डीलाई उठाएर स्थित छु। गोली गाँठोको हड्डी पनि जान्दैन कि म नलिखुट्टाको हड्डीलाई उठाएर स्थित छ। नलिखुट्टाको हड्डी पनि जान्दैन कि म तिघ्राको हड्डीलाई उठाएर स्थित छु। तिघ्राको हड्डी जान्दैन कि म कमरको हड्डीलाई उठाएर स्थित छु। कमरको हड्डी जान्दैन कि म मेरुदण्डको काँटाहरुलाई उठाएर स्थित छु। मेरुदण्डको काँटाहरु जान्दैन कि म गर्धनको हड्डीलाई उठाएर स्थित छु। गर्धनको हड्डी जान्दैन कि म टाउकोको हड्डीलाई उठाएर स्थित छु।

यसरी नै टाउकाको हड्डी जान्दैन कि म गर्धनको हड्डीमा प्रतिठित छ। गर्धनको हड्डी जान्दैन कि म मेरुदण्डको काँटामा प्रतिष्ठित छु। मेरुदण्डको काँटाहरू जान्दैन कि म कमरको हड्डीमा प्रतिष्ठित छु। कमरको हड्डी जान्दैन कि म तिघ्राको हड्डीमा प्रतिष्ठित छु। तिघ्राको हड्डी जान्दैन कि म नलिखुट्टाको हड्डीमा प्रतिष्ठित छु। नलिखुट्टाको हड्डी जान्दैन कि म गोलिगाँठोको हड्डीमा प्रतिष्ठित छु। गोलिगाँठोको हड्डी जान्दैन कि म कुर्कुच्चाको हड्डीमा प्रतिष्ठित छु।

परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्म हुन्। यसप्रकार हड्डी यस शरीरमा एक अलग भाग हो, जुन चेतनारहित, अव्याकृत, शून्य निःसत्व, ठोस पृथ्वीधातु हो।

(९) हड्डी मासी = त्यसत्यस हड्डीहरूको बीचमा स्थित छ। जसरी बाँसको आँख्लाभित्र तताएर र ाखिएको मैन भएमा बाँसको आँख्ला जान्दैन कि हामीमा मैन राखिएका छन। मैन पनि जान्दैन कि हामी बाँसको आँख्लामा स्थित छौं। यसरी नै हड्डी पनि जान्दैन कि हामीभित्र मासी स्थित छ। मासी पनि जान्दैन कि म हड्डीभित्र स्थित छु। परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्म हुन्। यसप्रकार हड्डीको मासी यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस पृथ्वीधातु हो।

(१०) मृगौला = घाँटीको खाल्डादेखि निस्केको एक जड भएको, अलिक टाढा गएर दुई भागमा भएर मोटो नशामा बाँधिएको, मुटुको मासुलाई घेरेर स्थित छ। जसरी डाँठसंग बाँधिएको आँपको दुई फलहरू भएमा डाँठ जान्दैन कि मद्वारा आँपको दुई फलहरू बाँधिएका छन्। आँपका दुई फलहरू पनि जान्दैनन् कि हामी डाँठमा बाँधिएका छौं। यसरी नै मोटो नशा जान्दैन कि मेरोद्वारा मृगौला बाँधिएको छ, मृगौला पनि जान्दैन कि म मोटो नशाद्वारा बाँधिएको छु। परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन्। यसप्रकार मृगौला यस शरीरमा एक अलग भाग हो, जुन चेतनारहित अव्याकृत, शून्य, निःसत्व ठोस पृथ्वीधातु हो।

(११) मुटु = शरीरभित्र छात्तीको हड्डीपञ्जर (फ्रेम) को बीचको सहाराले स्थित छ। जसरी जीर्ण पालकीपञ्चरको सहाराले राखिएको मासुको पेशी (डल्ला) भएमा जीर्ण भित्री पालकीपञ्जर जान्दैन कि मेरो सहाराले मासुको डल्लो राखिएको छ। मासुको डल्लो पनि जान्दैन कि म जीर्ण पालकीपञ्जरको सहारामा स्थित छु। यसरी नै छात्तीको हड्डीपञ्जर जान्दैन कि मेरो सहारा मुटु स्थित छ। मुटु पनि जान्दैन कि म छात्तीको हड्डीपञ्जरको सहाराले स्थित छु। परस्पर आभोग प्रत्यवेक्षणरहीत



Downloaded from http://www.dhamma.digital

यी धर्म हुन् । यसप्रकार मुटु यस शरीरमा एक अलग भाग जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस, पृथ्वीधातु हो ।

(१२) कलेजो = शरीरभित्र दुवै स्तनहरूको बीच दाहिने छेउको सहाराले स्थित छ । जसरी घैंटोको घाँटीछेउमा बाँधिएको एक जोडा मासुटुक्रा भएमा घैंटोको घाँटीछेउ जान्दैन ममा एक जोडा मासुटुक्रा टाँसिएको छ । एक जोडा मासुटुक्रा पनि जान्दैन म घैंटोको घाँटीछेउमा टाँसिएको छु । यसरी नै स्तनहरूको भित्री दाहिनेछेउ जान्दैन कि मेरो सहाराले कलेजो स्थित छ । कलेजो पनि जान्दैन कि म स्तनहरूको भित्री दाहिनेछेउको सहाराले स्थित छु । परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन् । यसप्रकार कलेजो यस शरीरमा एक अलग भाग जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस, पृथ्वीधातु हो ।

(१३) किलोमक = प्रतिच्छन्न (ढाकिएको) किलोमक मुटु र मृगौलालाई घेरेर स्थित छ । अप्रतिच्छन्न नढाकेको किलोमक सारा शरीरमा छालामुनी मासुलाई बाँध्दै स्थित छ । जसरी कपडामा बेरिएको मासु भएमा मासु जान्दैन कि म कपडाले बेरिएको छु । कपडा पनि जान्दैन कि मद्वारा मासु बेरिएको छ । यसरी नै मृगौला मुटु र सारा शरीरमा मासु जान्दैन म किलोमकले ढाकिएको छु । किलोमक पनि जान्दैन कि मद्वारा मृगौला, मुटु र सारा शरीरमा मासु ढाकिएको छ । परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन् । यसप्रकार किलोमक यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस, पृथ्वीधातु हो ।

(१४) फियो = मुटुको बाँयाछेउमा पेटपत्रको शीरको छेउको सहारा स्थित छ । जसरी गोठको माथिल्लोछेउको सहाराले स्थित गोबरको गुइँठा भएमा गोठको माथिल्लोछेउ जान्दैन कि गोवरको गुइँठा मेरो सहारा स्थित छ । गोवरको गुइँठा पनि जान्दैन कि म गोठको माथिल्लोछेउको सहाराले स्थित छु । यसरी नै पेटपत्रको माथिल्लोछेउ जान्दैन कि फियो मेरो सहाराले स्थित छ । फियो पनि जान्दैन म पेटपत्रको माथिल्लोछेउको सहाराले स्थित छु । परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन् । यसप्रकार फियो यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस, पृथ्वीधातु हो ।

(१५) फोक्सो = शरीरभित्र दुवै स्तनबीच मुटु र कलेजोलाई माथिबाट ढाकेर झुण्डिएर स्थित छ । जसरी जिर्ण गोठभित्र झुण्डिएको चराको गुँड भएमा जीर्ण गोठको भित्रीभाग जान्दैन कि ममा चराहरूको गुँडहरू झुण्डिएका छन् । चराहरूको गुँडहरू पनि जान्दैन कि म जीर्ण गोठभित्र झुण्डिएर स्थित छु । यसरी नै त्यो शरीरको भित्री भाग जान्दैन कि ममा फोक्सो झुण्डिएर स्थित छ । फोक्सो पनि जान्दैन कि म यसप्रकार शरीरभित्र झुण्डिएर स्थित छु । परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन् । यसप्रकार फोक्सो यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस, पृथ्वीधातु हो ।

(१६) ठूलोआन्द्रा = घाँटीको खाल्डोदेखि लिएर गुद्वद्वारसम्म शरीरभित्र स्थित छ । जसरी रगतको भाँडोमा टेडो मोडेर टाउको काटिएको धामन साँपको शररिलाई राख्दा रगतको भाँडो जान्दैन कि ममा धामनसाँपको शरीर राखिएको छ । धामनसाँपको शरीर पनि जान्दैन म रगतको भाँडोमा



Downloaded from http://www.dhamma.digital

राखिएको छु। यसरी नै शरीरको भित्रीभाग जान्दैन कि ममा ठूलोआन्द्रा छ। ठूलोआन्द्रा पनि जान्दैन कि म शरीरभित्र छु। परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन्। यसप्रकार ठूलोआन्द्रा यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस, पृथ्वीधातु हो।

(१७) सानोआन्द्रा = ठूलोआन्दाको बीच एक्काइस आन्द्राहरू दोब्रिएको स्थानहरूलाई बाँधिएर स्थित छ। जसरी खुट्टा पुछ्नको लागि बनाइएको डोरीको चटाईलाई सिएर रहने डोरीहरूमा खुट्टापुछ्ने डोरीहरूको चटाई जान्दैन कि डोरीहरू मलाई सिएर स्थित छ। डोरीहरू पनि जान्दैन कि हामी खुट्टापुछ्ने डोरीको चटाइलाई सिएर स्थित छौं। यसरी नै ठूलोआन्द्रा जान्दैन कि सानोआन्द्रा मलाई बाँधेर स्थित छ। सानोआन्द्रा पनि जान्दैन कि म ठूलो आन्द्रालाई बाँधेर बसेको छु। परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन्। यसप्रकार सानोआन्द्रा यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस, पृथ्वीधातु हो।

(१८) लादी = पेटमा हुने भोजन गरिएको, पिएको, खाएको, चाटेको वस्तुहरू। जसरी ढुंगाको भाँडोमा कुकुरको वान्ता राखिएको भएमा ढुंगाको भाँडो जान्दैन कि ममा कुकुरको वान्ता छ। कुकुरको वान्ता पनि जान्दैन कि म ढुंगाको भाँडोमा छु। यसरी नै पेट जान्दैन कि ममा लादी छन्। लादी पनि जान्दैन कि म पेटमा छु। परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन्। यसप्रकार लादी यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस, पृथ्वीधातु हो।

(१९) दिसा = आठ अंगुल बाँसको आँख्लाजस्तै पक्वाशय भनिने आन्द्राको अन्तमा रहन्छ। जसरी बाँसको आँख्लामा खुब मलेर राखिएको मसिनो पहेंलो माटो भएमा बाँसको आँख्ला जान्दैन कि ममा पहेंलो माटो छ। पहेंलो माटो पनि जान्दैन कि म बाँसको आँख्लामा छु। यसरी नै पक्वाशय जान्दैन कि ममा मल छ। मल पनि जान्दैन कि म पक्वाशयमा छु। परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन्। यसप्रकार मल यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस, पृथ्वीधातु हो।

(२०) गिदी = टाउकोको खोपडीभित्र रहन्छ । जसरी पुरानो लौकाको खोपडीमा राखिएको पीठोको डल्लो भएमा लौकाको खोपडी जान्दैन कि ममा पीठोको डल्लो छ। पीठोको डल्लो पनि जान्दैन कि म लौकाको खोपडी छु। यसरी नै टाउकोको खोपडीको भित्रीभाग जान्दैन कि ममा गिदी छ। गिदी पनि जान्दैन कि म टाउकोको खोपडीमा छु। परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन्। यसप्रकार गिदी यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, ठोस, पृथ्वीधातु हो।

## आपोधातु

(१) पित्तमा = अवद्ध (नबाँधिएको) पित्त जीवितेन्दियको सहाराले सारा शरीरमा फैलिएको छ। बद्ध (बाँधिएको) पित्त पित्तथैलीमा रहन्छ। जसरी पुरीमा फैलिएको तेल भएमा पुरी जान्दैन कि तेलमा फैलिएको छ। तेल पनि जान्दैन कि म पुरीमा फैलिएको छु। यसरी शरीर जान्दैन कि अबद्धपित्त ममा फैलिएको छ। अबद्धपित्त पनि जान्दैन कि म शरीरमा फैलिएको छु।



Downloaded from http://www.dhamma.digital

जसरी वर्षाको पानीद्वारा नेनुआ (कोसातकी लहरा) को कोस भरिंदा नेनुआको कोसा जान्दैन कि ममा वर्षाको पानी छ । वर्षाको पानी पनि जान्दैन कि म नेनुआको कोसमा छु । यसरी नै पित्तथैली जान्दैन कि मसंग बद्धपित्त छ । बद्धपित्त पनि जान्दैन कि म पित्तथैलीमा छु ।

यी परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन् । यसप्रकार पित्त यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, तरल भएको ढिक्का पर्ने लक्षण भएको आपोधातु हो ।

(२) खकार = एउटा भरिएको पात्रजति पेटपत्रमा हुन्छ । जसरी ढल (भौंडी) माथि सतहमा उत्पन्न भएको फिंजको थुप्रो भएमा भौंडी जान्दैन कि ममा फिंजको थुप्रो छ । फिंजको थुप्रो पनि जान्दैन कि म भौंडीमा छु । यसरी पेटपत्र जान्दैन कि ममा खकार छ । खकार पनि जान्दैन कि म पेटपत्रमा छु । यी परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन् । यसप्रकार खकार यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, तरल भएको ढिक्का पर्ने लक्षण भएको आपोधातु हो ।

(३) पीप = पीपको लागि कुनै निश्चित स्थान छैन । जहाँ जहाँ कील्ला, काँडाले घोंचेर, पिटाई खाएर, आगोले पोलेर घाउ भएको शरीरको भागमा रगत जमेर पाक्दछ या घाउ खटिराआदि उत्पन्न हुन्छ, त्यहाँत्यहाँ पीप रहन्छ । जसरी बञ्चरो आदि काट्ने हतियारले रूख काट्दा चोप बहेर आएको स्थान भएमा रूखको काटिएको स्थान जान्दैन कि ममा चोप छ । चोप पनि जान्दैन कि म रूखको काटिएको स्थानमा छु । यसरी नै शरीरमा कील्ला, काँडा आदिले पारेको घाउ लागेको स्थान जान्दैन कि हामीमा पीप छ । पीप पनि जान्दैन कि म त्यस स्थानहरूमा छु । यी परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन् । यसप्रकार पीप यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, तरल भएको ढिक्का पर्ने लक्षण भएको आपोधातु हो ।

(४) रगत = सञ्चार गर्ने रगत पीपजस्तै शरीरभरी फैलिएको हुन्छ । एकत्रित रगत कलेजोको स्थानको तल्लो भागलाई पूर्ण गरी एक पात्रलाई भर्नेजति मृगौला, मुटु, कलेजो, फोक्सोलाई भिजाइराख्छ । त्यहाँ सञ्चार गर्ने रगतमा अबद्धपित्तजस्तै नै विनिश्चय छ । दोस्रो जसरी पुरानो भाँडोमा पानी वर्षिंदा त्यसको तल रहेको गिटीहरू पानीले भिज्दा गिटीहरू जान्दैन कि हामी पानीले भिजेका छौं । पानी पनि जान्दैन कि म गिटीहरूलाई भिजाइरहेको छु । यसरी नै कलेजोको तल्लो भाग या मृगौला आदि जान्दैनन् कि हामीमा रगत छ । या हामीलाई रगतले भिजाइरहेछ । रगत पनि जान्दैन कि म कलेजोको तल्लो भागलाई भरेर मृगौला आदिलाई भिजाइरहेछु । यी परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन् । यसप्रकार रगत यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, तरल भएको ढिक्का पर्ने लक्षण भएको आपोधातु हो ।

(५) पसिना = आगो, गर्मी आदि हुँदा केश, रौंप्वालहरूलाई भरिराख्दछ र बहन्छ । जसरी कमलको कोपिलाको पात र कमलको डाँठ पानीबाट उखेल्दा कमलको डाँठ र कमलको कोपिलाको पातछिद्रहरू जान्दैन कि हामीबाट पानी चुहिरहेको छ । कमलको डाँठ र कमलको कोपिलाको पातछिद्रहरूबाट चुहेको पानी पनि जान्दैन कि म कमलको डाँठ र कमलको कोपिलाको पातकोछिद्रहरूबाट चुहिरहेछु । यसरी नै केश, रौंछिद्रहरू जान्दैनन् कि हामीमा पसिना चुहिदैछ । पसिना पनि जान्दैन कि म केश रौंछिद्रबाट चुहिरहेछु । यी परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन् । यसप्रकार पसिना यस



Downloaded from http://www.dhamma.digital

शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, तरल भएको ढिक्का पर्ने लक्षण भएको आपोधातु हो।

(६) मेद = मोटो मानिसको सारा शरीरमा फैलिएर र दुब्लो मानिसको नलिखुट्टाको मासु आदिको सहाराले रहने बाक्लो तेल हो। जसरी हर्दी रंगाएको कपडाले ढाकिएको मासुको राशमा मासुको राश जान्दैन कि मेरो सहाराले हर्दी रंगाएको कपडा छ। हर्दी रंगाएको कपडा पनि जान्दैन कि म मासुको रासको सहारामा छु। यसरी नै सारा शरीरमा या नलिखुट्टा आदिमा पाइने मासु जान्दैन कि मेरो सहराले मेद रहेको छ। मेद पनि जान्दैन कि म सारा शरीरमा या नलिखुट्टा आदिमा मासुको सहाराले स्थित छु। यी परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन्। यसप्रकार मेद यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, तरल भएको ढिक्का पर्ने लक्षण भएको आपोधातु हो।

(७) आँशु = जब उत्पन्न हुन्छ तब आँखाको खाल्टोलाई भरेर बस्छ या बहेर जान्छ। जसरी पानीले भरिएको ठूलो ताडको कोयाहरूको खाल्डो भएमा ठूलो ताडको कोयाको खाल्डो जान्दैन कि हामीमा पानी छ। ठूलो ताडको कोयाहरूको खाल्डोको पानी पनि जान्दैन कि म ठूलो ताडको कोयाहरूको खाल्डोमा छु। यसरी आँखाको खाल्डो जान्दैन कि हामीमा आँशु छ। आँशु पनि जान्दैन कि म आँखाको खाल्डोमा छु। यी परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन्। यसप्रकार आँशु यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, तरल भएको ढिक्का पर्ने लक्षण भएको आपोधातु हो।

(८) बोसो = आगो, गर्मी आदि हुँदा हत्केला, हत्केलापछाडि, पाइताला, पाइतालामाथि, नाकको टुप्पा, निधार, कानको टुप्पामा पाइने विलिन तेल हो। जसरी तेल राखिएको भातको माड हुँदा माड जान्दैन कि तेल ममा फैलिएको छ। तेल पनि जान्दैन कि म माडमाथि फैलिएको छु। यसरी हत्केला आदि स्थानहरू जान्दैनन् कि बोसो हामीमाथि फैलिएको छ। बोसो पनि जान्दैन कि म हत्केला आदि स्थानहरूमा फैलिएको छु। यी परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन्। यसप्रकार बोसो यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, तरल भएको ढिक्का पर्ने लक्षण भएको आपोधातु हो।

(९) थूक = उत्पन्न हुने कारण हुँदा दुवै गालाहरूको किनाराहरूबाट झरेर जिब्रोमा आउँदछ। जसरी लगातार पानीवहाव भएको नदीकिनारामा कुवा भएमा कुवाको सतह जान्दैन कि ममा पानी अडेको छ। पानी पनि जान्दैन कि म कुवाको सतहमा अडेको छु। यसरी नै जिब्रोको सतह जान्दैन कि ममा दुवै गालाहरूको किनारहरूबाट झरेको थूक अड्दछ। थूक पनि जान्दैन कि म दुवै गालाहरूको किनाराहरूबाट झरेर जिब्रोको सतहमा रहेको छु। यी परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन्। यसप्रकार थूक यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, तरल भएको ढिक्का पर्ने लक्षण भएको आपोधातु हो।

(१०) सिंघान = जब उत्पन्न हुन्छ तब नाकको प्वाललाई भरेर बस्दछ या बहन्छ। जसरी सडेको दहीद्वारा सिपीलाई भर्दा सिपी जान्दैन कि ममा सडेको दही छ। सडेको दही पनि जान्दैन



Downloaded from http://www.dhamma.digital

कि म सिपीमा छु। यसरी नाकको प्वाल जान्दैन कि हामीमा सिंघान छ। सिंघान पनि जान्दैन कि म नाकको प्वालहरूमा छु। यी परस्पर आभोग प्रत्यवेक्षणरहित यी धर्महरू हुन्। यसप्रकार सिंघान यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, तरल भएको ढिक्का पर्ने लक्षण भएको आपोधातु हो।

(११) तेल = हड्डीहरूको जोर्निहरूको तेल, मल्ने काम गर्दै एक सय अस्सी जोर्निहरूमा पाइन्छन्। जसरी तेल लगाइएको गाडाको धुरीमा धुरी जान्दैन कि ममा तेल लगाएको छ। तेल पनि जान्दैन कि म धुरीमा लगाइएको छु। यसरी नै एक सय अस्सी जोर्निहरू जान्दैनन् कि हामीमा तेल लगाइएको छ। तेल पनि जान्दैन कि म एक सय अस्सी जोर्निहरूमा लगाइएको छु। यी परस्पर आभोग प्रत्यवेक्षणरहित धर्म हुन्। यसप्रकार लसिका यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, तरल पदार्थ, ढिक्का पार्ने स्वभाव भएको आपोधातु हो।

(१२) पिसाप = वस्ति (मूत्र थैली)को भित्र हुन्छ। जसरी भौंडीमा राखेको मुख नभएको रवनघट (पानी छान्ने घैंटो) भएमा रवनघट जान्दैन कि ममा भौंडीको फोहर पानी छ। भौंडीको फोहर पानी पनि जान्दैन कि म रवनघटमा हुँ। यसरी नै वस्ति जान्दैन कि ममा पिसाप छ। पिसाप पनि जान्दैन कि म वस्तिमा छु। यी परस्पर आभोग प्रत्येवेक्षणरहित धर्म हुन्। यसप्रकार मूत्र शरीरमा एक अलग भाग हो, जुन चेतनारहित अव्याकृत, शून्य, निःसत्व, तरल पदार्थ, ढिक्का पार्ने स्वभाव भएको आपोधातु हो।

## तेजोधातु

यसरी केश आदिमा मनसिकार गरी जसरी तपाउँछ यो यस शरीरमा अलग भाग हो जुन चेतनारहित, अव्याकृत शून्य, निःसत्व पकाउने स्वभाव भएको तेजोधातु हो। जसबाट तप्दछ, जसबाट जरालाई प्राप्त हुन्छ। त्यो जसबाट जल्दछ ..., .... जसद्वारा भोजन गरेको, पिएको, खाएको, चाटेको, राम्ररी पच्दछ - यो यस शरीरमा एक अलग भाग हो। जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, पकाउने स्वभाव भएको तेजोधातु हो। यसरी अग्निको भागहरूमा मनसिकार गर्नुपर्दछ।

## वायोधातु

त्यसपछि माथिजाने वायुमा माथिजाने स्तरमा विचार गरी, तलजाने वायुमा तलजाने स्तरमा, पेटमा रहने वायुमा पेटमा रहने स्तरमा, कोष्ठमा रहने वायुमा कोष्ठमा रहने स्तरमा, अंगअंगमा घुम्ने वायुमा अंगअंगमा घुम्ने स्तरमा, आश्वासप्रश्वास वायुमा आश्वासप्रश्वासको स्तरमा विचार गरिसकेपछि फेरि अलग विचार गर्नुपर्छ। माथिजाने वायु यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, कस्सिने स्वभाव भएको वायोधातु हो। तल जाने वायु ... कोष्ठमा रहने वायु .... अंगअंगमा घुम्ने वायु ... आश्वासप्रश्वासको वायु यस शरीरमा एक अलग भाग हो जुन चेतनारहित, अव्याकृत, शून्य, निःसत्व, कस्सिने स्वभाव भएको वायोधातु हो। यसरी वायुको भागहरूमा मनसिकार गर्नुपर्दछ।

यसप्रकार मनसिकार गर्ने त्यस योगीलाई धातुहरू प्रकट हुन्छन्। त्यसलाई वारम्वार आवर्जन र मनसिकार गर्नेलाई भनिएको ढंगले नै उपचार समाधि उत्पन्न हुन्छ।



Downloaded from http://www.dhamma.digital

तर जसलाई यसरी भावना गर्नाले कर्मस्थान सिद्ध हुँदैन उसलाई स्वलक्षण संक्षेपले भावना गर्नुपर्दछ। कसरी ? बीस भागहरूमा ठोस लक्षण भएकोलाई पृथ्वीधातु निश्चित गर्नुपर्दछ। त्यहीं ढिक्का पार्ने लक्षण भएकोलाई जलधातु, पकाउने लक्षण भएकोलाई तेजोधातु, कस्सिने लक्षण भएकोलाई वायोधातु निश्चित गर्नुपर्दछ। बाह्र भागमा ढिक्का पार्ने लक्षण भएको जलधातु निश्चित गर्नुपर्दछ। त्यहीं पकाउने लक्षण भएकोलाई तेजोधातु, कस्सिने लक्षण भएकोलाई वायोधातु, ठोस लक्षण भएकोलाई पृथ्वीधातु निश्चित गर्नुपर्दछ । चार भागमा पकाउने लक्षण भएको तेजोधातु निश्चित गर्नुपर्दछ । त्यसबाट अलग नभएको कस्सिने लक्षण भएकोलाई वायोधातु निश्चित गर्नुपर्दछ। ठोस लक्षण भएकोलाई पृथ्वीधातु, ढिक्का पार्ने लक्षण भएकोलाई जलधातु । ६ भागहरूमा कस्सिने लक्षण भएको वायोधातु निश्चित गर्नुपर्दछ । त्यहीं ठोस लक्षण भएकोलाई पृथ्वीधातु, ढिक्का पर्ने लक्षण भएकोलाई जलधातु, पकाउने लक्षण भएकोलाई तेजोधातु निश्चित गर्नुपर्दछ। यसरी निश्चित गर्नेलाई धातुहरू प्रकट हुन्छन्। त्यसलाई वारम्वार आवर्जन र मनसिकार गर्नेलाई भनिएको ढंगले नै उपचार समाधि उत्पन्न हुन्छ।

तर, जसलाई यसरी भावना गर्नाले पनि कर्मस्थान सिद्ध हुँदैन, उसलाई स्वलक्षण विभक्तिद्वारा भावना गर्नुपर्दछ। कसरी ? पहिले भनिएको ढंगले नै केश आदिको विचार गरेर केशमा ठोस लक्षण भएको पृथ्वधातु निश्चित गर्नुपर्दछ। त्यही ढिक्का पार्ने लक्षण भएकोलाई जलधातु, पकाउने लक्षण भएकोलाई तेजोधातु, कस्सिने लक्षण भएकोलाई वायोधातु। यसरी भागहरूमध्ये एक भागमा चार चार धातुहरूको निश्चित गर्नुपर्दछ। यसरी निश्चित गर्नेलाई धातुहरू प्रकट हुन्छन्। त्यसलाई वारम्वार आवर्जन र मनसिकार गर्नेलाई भनिएको ढंगले नै उपचार-समाधि उत्पन्न हुन्छ।

अरू पनि – (१) शब्दार्थले, (२) कलापले, (३) चूर्णले, (४) लक्षण आदिले, (५) उत्पत्तिले, (६) नानात्व-एकत्वले, (७) पृथकत्व मेलले, (८) समान-असमानले, (९) भित्र-बाहिरको विशेषताले, (१०) संग्रहले, (११) प्रत्ययले, (१२) विचार नगर्ने (असमन्वाहार)ले, १२ प्रत्ययहरूको विभागले - यी १२ आकारहरूले पनि धातुहरूको मनसिकार गर्नुपर्दछ।

(१) शब्दार्थले = मनसिकार गर्नेलाई - फैलिएकोले पृथ्वी हो। फैलिन्छ अन्य महाभूतहरूलाई सुखाउँछ या बढाउँछ, यसैले आपो भनिन्छ। बहन्छ यसैले वायु हो। साधारणरूपले आफ्नो लक्षणलाई धारण गर्ने, दुःखहरूलाई धारण गर्नाले धातु भनिन्छ। यसरी विशेष र साधारणअनुसार शब्दार्थले मनसिकार गर्नुपर्दछ।

(२) कलापले = जुन यो केश, रौं आदिढंगले बीस प्रकारले पृथ्वीधातु र पित्त कफ आदिढंगले बाह्र प्रकार आपोधातु निर्दिष्ट छ। त्यहाँ, किनकि –

*वण्णो गन्धो रसो ओजा, चतस्सो चापि धातुयो।*
*अट्ठधम्मसमोधाना होति केसा ति सम्मुति ॥*
*तेसं येव विनिब्भोगा नत्थि केसा ति सम्मुति ॥*

(वर्ण, गन्ध, रस, ओजा र चारै धातुहरू पनि यी आठ धर्महरूको मेलले 'केश' संज्ञा हुन्छ र त्यसैको अलग हुँदा 'केश छैन' भनी व्यवहार हुन्छ।)

यसैले केश पनि आठ वस्तुहरू कलाप (समूह) मात्र नै हो। त्यसरी नै रौं आदि। जुन यहाँ कर्मले उत्पन्न हुने भाग हो, त्यो जीवितेन्द्रिय र स्त्रीत्व र पुरुषत्वभावसाथै दश धर्मको कलाप पनि, उत्सद्



Downloaded from http://www.dhamma.digital

(अधिकांश) अनुसार पृथ्वीधातु, आपोधातु नामले पुकारिन्छ।

यसरी कलापले मनसिकार गर्नुपर्दछ।

(३) चूर्णले - यस शरीरमा मझौला शरीर हुने शरीरले विचार गर्दै परमाणुको भेहरूमा चूर्ण, सूक्ष्म, धूलो भएको पृथ्वीधातु द्रोण मात्र हुन्छ। त्यो त्यसभन्दा आधा प्रमाणको आपोधातु संगृहीत, तेजोधातुले पालिएको, वायुधातुले भरिएको छरिएर जादैन, विध्वंश हुँदैन। र नछरिए, विध्वंश नभएर अनेकप्रकारले स्त्री, पुरुषलिंग आदिको भावमा बाँडिन्छ तथा अणु, स्थूल, दीर्घ, ह्रस्व, स्थिर, ठोस, (कठिन) आदि भावलाई प्रकट गर्दछ।

**(क) परमाणु भेद**

*१ अंगु = ७ धान, १ धान = ७ जुम्रा, १ जुम्रा = ७ लिखा, १ लिखा = ३६ रथरेणु,*

*१ रथ रेणु = ३६ तज्जारी, १ तज्जारी = ३६ अणु, १ अणु = ३६ परमाणु,*

**(ख) द्रोण भेद -**

*४ मुठी = १ कुरी, ४ कुरी = १ नाली, ४ नाली = १ आढक, ४ आढक = १ द्रोण (३२ सेर),*

तरल भएको ढिक्का पर्ने स्वभाव भएको बनेर, पृथ्वीमा प्रतिष्ठित अग्निद्वारा पालन गरिएको वायुद्वारा भरिएको आपोधातु पग्लिदैन, बहँदैन र नपग्लने नबहेर बढ्दै गरेको देखापर्दछ।

भोजनको लागि, पिएको आदिलाई पचाउने उष्म आकारको भएको गर्मी स्वभाव भएको तेजोधातु पृथ्वीमा प्रतिष्ठित, जलद्वारा संगृहीत, वायुले भरिएको, यस कायलाई तपाउँछ। यस शरीरको वर्णसम्पत्ति (शोभा) लाई ल्याउँदछ र त्यसले तपाएको यो शरीर सड्दैन।

अंगअंगमा फैलिएको चल्ने र कस्सिने लक्षण भएको वायोधातु पृथ्वीमा प्रतिष्ठित, आपोद्वारा संगृहीत, तेजोद्वारा पालन गरिएको यस शरीरलाई ढिक्का पार्दछ। त्यसबाट ढिक्का पारिएको कारणले यो शरीर झुक्दैन (ढल्दैन), सीधा रहन्छ। अन्य वायोधातुले ढकेलेको प्रहार गरेको चल्नु, उभिनु, बस्नु, सुत्नु, यी इर्यापथहरूमा विज्ञप्ति देखाउँदछ, मोडिन्छ, फैलिन्छ, हातखुट्टा चलाउँछ। यस्तो यो वायोधातु स्त्री, पुरुषभावले मूर्ख मानिसहरूलाई ढग्ने, मायाजालसमान धातुरूपी यन्त्रलाई चलाउँदछ।

यसप्रकार चूर्णले मनमा गर्नुपर्दछ।

(४) लक्षण आदिले - पृथ्वीधातु कुन लक्षणको छ ? के त्यसको रस (कृत्य) छ ? के प्रत्युपस्थान छ ? यसरी चारै धातुहरूको आवर्जन गर्नुपर्दछ।

पृथ्वीधातु, ठोस लक्षण भएको हो। धारण गर्नु त्यसको रस हो। स्वीकार गर्नु प्रत्युपस्थान हो। आपोधातु पग्लने लक्षण भएको, बढाउने रस भएको र एकत्र गर्ने प्रत्युपस्थान हो। तेजोधातु गर्मी लक्षण भएको, तपाउने रस भएको र कोमलता उत्पन्न गर्ने प्रत्युपस्थान हो। वायोधातु कस्सिने लक्षण भएको, चलाउने रस भएको र एक स्थानबाट अर्को स्थानतिर लैजाने प्रत्युपस्थान भएको हो।

यसरी लक्षण आदिले मनसिकार गर्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

(५) उत्पत्तिले – जुन यी पृथ्वीधातु आदिको विस्तारले हेर्नेअनुसार केश आदि बयालीस भाग देखाइएका छन्, त्यसमा लादी, दिसा, पीप, पिसाप, यी चार भाग ऋतुले नै उत्पन्न हुन्छन्। आँशु पसीना, थूक, सिंघान यी चार ऋतु र चित्तले नै उत्पन्न हुन्छन्। भोजन गरिएको आदिलाई पचाउने तेजो कर्मले नै उत्पन्न हुन्छन्। आश्वासप्रश्वास चित्तले नै उत्पन्न हुने हुन्छन्। शेष सबै चारै (कर्म चित्त, ऋतु, आहार) द्वारा उत्पन्न हुन्छन्।

यसरी उत्पत्तिले मनसिकार गर्नुपर्दछ।

(६) नानत्व-एकत्वले = सबै धातुहरूको आफ्नो लक्षण आदिले नानत्व (असमानता) छन्। पृथ्वीधातुको लक्षण, रस, प्रत्युप्रस्थान एउटा छ भने आपोधातुको अर्को हुन्छ। यसरी लक्षण आदि र कर्मले उत्पन्न हुने आदिअनुसार नानत्व छन्। भूतहरूको पनि रूप, महाभूत, धातु, अनित्य आदिअनुसार एकत्व (समानता) हुन्छन्।

सबै धातुहरू शीत आदि विरोधी प्रत्ययहरूको सम्पर्कमा आउँदा बदलिएर जाने, परिवर्तन (रूप्पन) को स्वभावलाई नत्याग्नाले रूप हुन्। महान प्रादुर्भाव आदि कारणहरूले महाभूत हुन्। "महान प्रादुर्भाव आदिले" यी धातुहरू, (क) महान प्रादुर्भावले, (ख) महाभूतसमान हुनाले, (ग) महापरिहार्यले, (घ) महाविकारले, (ङ) महान र भूत (विद्यमान) हुनाले आदिकारणहरूले महाभूत भनिन्छ।

(क) महान प्रादुर्भावले = यी कर्मले उत्पन्न अठाह्र प्रकारका अनुपादिन्नरूप सन्ततिहरूमा पनि र शेष दश प्रकारका विनाकर्मले उत्पन्न उपादिन्नरूप सन्ततिहरूमा महान प्रादूर्भाव छन्। त्यसको अनुपादिन्न सन्ततिमा –

*दुवे सतसहस्सानि चत्तारि नहुतानि च।*
*एत्तकं बहलत्तेन संखातायं बसुन्धरा॥*

(२,४०,००० योजन प्रमाणको पृथ्वी मोटो भनिएको छ।)

- आदिढंगले महान प्रार्दुभाव हुनु बुद्धानुस्मृति निर्देशमा भनिएको नै छ। उपादिन्न सन्ततिमा पनि माछा, कछुवा, देव, दानव आदिको शरीरअनुसार महान प्रादुर्भूत नै हुन्। अंगुत्तर निकाय, र उदान (५४-५६) अनुसार भनिएको छ - "भिक्षुहरू, समुद्रमा सय योजन शरीर भएको प्राणी पनि छ" आदि

(ख) महाभूतसमान हुनाले = यी जसरी जादूगर विनामणिको पानीलाई मणि बनाइदेखाउँछ। माटोको डल्लालाई नै सन गरी देखाइदिन्छ। यसरी नै स्वयं नीलो नभएर नीलो उपादारूप (महाभूतहरूमा आश्रित रूप)लाई देखाउँछ। पहेंलो नभएर ... रातो नभएर ... सेतो नभएर नै पहेंलो ...सेतो उपादारूपलाई देखाउँछ। यसप्रकार जादूगरको महाभूतसमान हुनाले महाभूत हुन्।

जसरी यक्षरुपी महाभूत जसलाई पक्रिन्छ, त्यसको न त भित्र न त बाहिर नै त्यसको स्थान हुन्छ र त्यसको सहाराले अड्दैन यसो पनि होइन। यसरी नै यी पनि न त एक दोस्रोभित्र, न बाहिर नै उभिएको हुन्छ र एक दास्रोको सहारा लिएको हुँदैन भन्न पनि मिल्दैन। यसप्रकार नसोच्ने आदिकारण यक्षरुपी महाभूतसमानले पनि महाभूत हुन्।

जसरी यक्षिणीरुपी महाभूत मनाप वर्ण (मोटो, पातलो आदि) बनावट (हात, आखिभौं आदि)



Downloaded from http://www.dhamma.digital

विक्षेपहरूले आफ्नो भयानकतालाई लुकाएर प्राणीहरूलाई बहकाउँछन् । यसरी नै यो पनि स्त्री, पुरुष शरीर आदिमा मनाप छविवर्णले, आफ्नो अङ्गप्रत्यङ्गको बनावटले र मनाप हातको औंला, खुट्टाको औंला, आखिभौंको विक्षेप (कटाक्षपात)ले आफ्नो कठोर हुने आदिप्रकारको स्वाभाविक लक्षणलाई लुकाएर मूर्खहरूलाई बहकाउँछन् । आफ्नो स्वभावलाई हेर्न दिंदैन । यसप्रकार बहकाउने स्वभावले यक्षिणरुपी महाभूतसमानले पनि महाभूत हुन् ।

(ग) महापरिहार्यले = महाप्रत्ययहरूले परिहरण गर्ने भावले । यी प्रतिदिन महाभोजन-वस्त्रादि दिनाले हुन्छन्, प्रवर्तित छन् । यसैले महाभूत हुन् । या महापरिवारको नभएको हुनाले पनि महाभूत हुन् ।

(घ) महाविकारले = यी अनुपादिन्न पनि, उपादिन्न पनि महाविकारयुक्त हुन्छन् । अनुपादिन्नहरूको कल्पनाश हुने समय विकारको महानता प्रकट हुन्छन् । उपादिन्नहरूका धातुप्रकोपको समय । त्यसरी नै –

### अग्निले प्रलय

*भूमितो उट्ठितो याव ब्रह्मलोका विधावति ।*
*अच्चि अच्चिमतो लोके डय्हमानम्हि तेजसा ॥*

(लोकलाई अग्निले जलाउने समयमा आगोको मुस्लो भूमिदेखि उठेर ब्रह्मलोकसम्म दौडिन्छ ।)

### जलले प्रलय

*कोटिसतसहस्सेकं चक्कवालं विलीयति ।*
*कुपितेन यदा लोको सलिलेन विनस्सति ॥*

(जुन समय जलप्रकोपले लोकको नाश हुन्छ, त्यस समय एक करोड, लाख (१०,००,००,००,००,०००) चक्रवाल धूलो भएर नाश हुन्छन् ।)

यस चक्रवाल (ब्रह्माण्ड) को नाम मंगलचक्रवाल हो । जुन १२,०३,४५० योजन लामो, ३६,१०,३५० योजन गोलाई छ । यो प्रमाण बुद्धको एक करोड लाख चक्रवालमा हुने आज्ञाक्षेत्रको गणनाअनुसार भनिएको छ ।

### वायुले प्रलय

*कोटिसतसहस्सेकं चक्कवालं विकीरति ।*
*वायो धातुप्पकोपेन यदा लोको विनस्सति ॥*

(जुन समय वायोधातुप्रकोपले लोकको विनाश हुन्छन्, त्यस समय एक करोड, लाख चक्रवाल छरिन्छन् (छरपुष्ट हुन्छन् ।)

### धातुहरूको प्रकोप

*पत्थद्धो भवति कायो दट्ठोकट्ठ मुखेन वा ।*
*पठवी धातुप्पकोपेन होति कट्ठमुखे व सो ॥*

(जसरी काष्टमुखसर्पले टोकेको शरीर कडा हुन्छ, यसरी नै पृथ्वीधातुको प्रकोपले त्यो काष्टमुखसर्पको



Downloaded from http://www.dhamma.digital

मुखमा गएसमान हुन्छ ।)

*पूतिको भवति कायो दट्ठो पूतिमुखेन वा ।*
*आपोधातुप्पकोपेन होति पूति मुखे व सो ॥*

(जसरी पूतिमुखसर्पले टोकेको शरीर सड्दछ, यसरी नै आपोधातुको प्रकोपले त्यो पूतिमुखसर्पको मुखमा गएसमान हुन्छ ।)

*सन्तत्तो भवति कायो दट्ठ अग्गिमुखेन वा ।*
*तेजो धातुप्पकोपेन होति अग्गिमुखे व सो ॥*

(जसरी अग्निमुख सर्पले टोकेको शरीर सन्तप्त हुन्छ, यसरी नै तेजोधातुको प्रकोपले त्यो अग्निमुख सर्पको मुखमा गएसमान हुन्छ ।)

*सञ्छिन्नो भवति कायो दट्ठो सत्थमुखेन वा ।*
*वायो धातुप्पकोपेन होति सत्थमुखेव सो ॥*

(जसरी शस्त्रमुख सर्पले टोकेको शरीर चूर्णविचूर्ण हुन्छ, यसरी नै वायोधातुको प्रकोपले त्यो शस्त्रमुख सर्पको मुखमा गएसमान हुन्छ ।)

यसप्रकार महाविकारयुक्त हुनाले महाभूत हुन् ।

(ङ) महान र भूत हुनाले यी धेरै अधिक परिश्रमद्वारा जानिनेकारणले महान र विद्यमान हुनाले भूत हुन् । यसप्रकार महान र भूत हुनाले महाभूत हुन् । यसरी सबै यी धातुहरू महान प्रादुर्भाव आदिकारणहरूले महाभूत हुन् ।

आफ्नो लक्षणलाई धारण गर्ने, दुःखहरूलाई दिने र दुःखहरूलाई धारण गर्नाले सबै धातुको लक्षणलाई नछोड्नाले धातु हुन् । आफ्नो लक्षणलाई धारण गर्ने र आफ्नो लक्षणअनुरुप धारण गर्नाले धर्म हुन् । क्षणभंगुर हुनाले अनित्य हुन् । उत्पत्ति र विनाशलाई देखेर भय हुनाले दुःख हुन् । आत्मरूपी साररहित हुनाले अनात्म हुन् । यसप्रकार सबैको पनि रूप महाभूत, धातु, धर्म, अनित्य आदिअनुसार एकत्व छ । यसरी नानत्वले मनसिकार गर्नुपर्दछ ।

(७)पृथक र मेलले = एकसाथ उत्पन्न भएका यी चार धातुहरू सबभन्दा अन्तिम शुद्धाष्टक (ओजाष्टक) एकएक कलाप रूपसमूहमा एक भागले मिलेको हुन्छ, तर लक्षणले अलग हुन्छन् - यसरी पृथक र मेलले मनसिकार गर्नुपर्दछ ।

(८) समान-असमानले = यसरी यिनको अलग नभएको हुँदा पनि पहिलेको दुई पृथ्वीधातु र आपोधातु भारी हुनाले समान छन् । त्यसरी नै पछिल्लो तेजोधातु र वायोधातु हल्का हुनाले समान छन् । पहिलेको पछिल्लोसंग र पछिल्लोको पहिलोसंग असमान छन् । यसरी समान-असमानले मनसिकार गर्नुपर्दछ ।

(९) भित्री-बाहिरी विशेषताले = भित्री धातुहरू चक्षु, स्रोत, घ्राण, जिव्हा, काय, हृदय विज्ञानको वस्तुहरू, काय वाक् दुवै विज्ञप्तिहरू र इन्द्रियहरू (स्त्रीइन्द्रिय, पुरुषेन्द्रिय, जीवितेन्द्रिय) को सहायक हुन्छन् । इर्यापथहरूसंग चार (कर्म, चित्त, ऋतु, आहार)द्वारा उत्पन्न हुनेहरू हुन् । बाहिर भनिएकोको


Downloaded from http://www.dhamma.digital

विपरित प्रकारका छन् । यसरी भित्री-बाहिरी विशेषताले मनसिकार गर्नुपर्दछ ।

(१०) संग्रहले = कर्मले उत्पन्न पृथ्वीधातु, कर्मले उत्पन्न भएको दोस्रो धातुहरूसंग उत्पन्न भएको असमानताको अभावले एकमा संग्रह गरिन्छन् । त्यसरी नै चित्त आदिले उत्पन्न, चित्त आदिले उत्पन्न हुने धातुहरूसंग यसरी संग्रहले मनमा गर्नुपर्दछ ।

(११) प्रत्ययले = पृथ्वीधातु जलले संगृहीत (सम्हालिएको), अग्निले पालन गरिएको, वायुले भरिएको, तीनै महाभूतहरूको प्रतिष्ठा (आधार) भएर प्रत्यय हुन्छन् । जलधातु पृथ्वीमा प्रतिष्ठित भएर, अग्निद्वारा पालन गरिएर, वायुले भरिएर तीनै महाभूतहरूलाई ढिक्का पार्ने भएर प्रत्यय हुन्छ । अग्निधातु पृथ्वीमा प्रतिष्ठित भएर, जलले संगृहीत, वायुले भरेर तीनै महाभूतहरूलाई पकाउने भएर प्रत्यय हुन्छ। वायोधातु पृथ्वीमा प्रतिष्ठित भएर जलद्वारा संगृहीत, अग्निले पकाइएको, तीनै महाभूतहरूलाई कस्साउने भएर प्रत्ययले मनसिकार गर्नुपर्दछ ।

(१२) विचार नगर्नाले - पृथ्वीधातु 'म पृथ्वीधातु हुँ या तीनै महाभूतहरूको प्रतिष्ठा भएर प्रत्यय हुन्छु' भनी जान्नदैन । अन्य धातुहरुमा पनि, तीनै पृथ्वीधातु हामीहरूको प्रतिष्ठा भएर हुन्छ- भनी जाँदैन । यसैप्रकार सर्वत्र बुझ्नुपर्दछ । यसरी विचार नगरेको ढंगले मनसिकार गर्नुपर्दछ ।

(१३) प्रत्ययहरूको विभागले = धातुहरूको कर्म, चित्त आहार, ऋतु यी चार प्रत्यय हुन् । कर्मले उत्पन्न हुने धातुहरूका कर्म नै प्रत्यय हुन्छ । चित्त आदि होइन । चित्त आदिले उत्पन्न हुने धातुहरूको पनि चित्त आदि नै प्रत्यय हुन्छन्, दोस्रो होइन । र कर्मले उत्पन्न हुने धातुहरूका कर्म जनकप्रत्यय हुन्छन् शेषको पर्यायले उपनिश्रयप्रत्यय हुन्छ । चित्तले उत्पन्न हुने धातुहरूका चित्त जनकप्रत्यय हुन्छ । शेषहरूको पच्छ्राजातप्रत्यय, अस्तिप्रत्यय र अविगतप्रत्यय हुन्छ । आहारले उत्पन्न हुने धातुहरूको आहारजनकप्रत्यय हुन्छ । शेषहरूका आहारप्रत्यय, अस्तिप्रत्यय र अविगतप्रत्यय हुन्छ । ऋतुले उत्पन्न हुने धातुहरूको ऋतुजनकप्रत्यय हुन्छ । शेषहरूको अस्तिप्रत्यय र अविगतप्रत्यय हुन्छ । कर्मले उत्पन्न महाभूत कर्मले उत्पन्न हुने पनि महाभूतहरूको प्रत्यय हो । चित्तले उत्पन्न हुनेको पनि । त्यसरी नै चित्तले उत्पन्न, आहारले उत्पन्न । ऋतुले उत्पन्न महाभूत ऋतुले उत्पन्न हुने पनि महाभूतहरूको प्रत्यय हुन्छ । कर्म आदिले उत्पन्न हुनेहरूको पनि ।

कर्मले उत्पन्न पृथ्वीधातु कर्मले उत्पन्न भएको अन्य धातुहरूको सहजात, अञ्ञमञ्ञ, निश्रय, अस्ति, अविगतअनुसार र आधार (प्रतिष्ठा) भएअनुसार प्रत्यय हुन्छन्, तर जनकरूपमा होइन । अन्य तीन सन्ततिहरूका ऋतु, चित्त, आहारले उत्पन्न महाभूतहरूको निश्रय, अस्ति, अविगतअनुसार प्रत्यय हुन्छन् । न आधारको रूपमा न जनकको रूपमा । जलधातु अन्य तीनका सहजात आदि र बाँध्नेरूपमा प्रत्यय हुन्छ, जनकरूपमा होइन । अन्य तीन सन्ततिहरूका निश्रय, अस्ति, अविगतप्रत्ययको रूपमा नै प्रत्यय हुन्छन्, न ढिक्कापर्ने र न जनकको रूपमा । अग्निधातु पनि अन्य तीनैको सहजात आदि र पकाउनेरूपमा प्रत्यय हुन्छ, जनकरूपमा होइन । अन्य तीन सन्ततिहरूको निश्रय, अस्ति, अविगतप्रत्ययको रूपमा नै हुन्छ, न ढिक्कापर्नेरूपमा न जनकरूपमा । अग्निधातु पनि अन्य तीनैको सहजात आदि र पकाउनेरूपमा प्रत्यय हुन्छ, जनकरूपमा होइन । अन्य तीन सन्ततीहरूको निश्रय, अस्ति, अविगत प्रत्ययको रूपमा नै हुन्छ, न पकाउने र न जनकरूपमा । वायोधातु पनि अन्य तीनको सहजात आदि र



Downloaded from http://www.dhamma.digital

कस्सिनेरूपमा प्रत्यय हुन्छ, जनकरूपमा होइन। अन्य तीन सन्ततीहरूको निश्रय, अस्ति, अविगतप्रत्ययको रूपमा प्रत्यय हुन्छन्, न कस्सिनेरूपमा र न जनकरूपमा। चित्त, आहार, ऋतुले उत्पन्न पृथ्वीधातु आदिमा पनि यसैप्रकार बुझ्नुपर्दछ।

यसरी सहजात आदि प्रत्ययको रूपमा हुने यी धातुहरूमा –

*एकं पटिच्च तिस्सो, चतुधा तिस्सो पटिच्च एका च।*

*द्वे धातुयो पटिच्च, द्वे छद्धा सम्पवत्तन्ति॥*

(एकको प्रत्ययले तीन धातुहरू चार प्रकारले प्रवर्तित हुन्छन् र तीनको प्रत्ययले एक तथा दुई धातुहरूको प्रत्ययले दुई ६ प्रकारले प्रवर्तित हुन्छन्।)

एकको प्रत्ययले तीनमा -

पृथ्वी आदिमा एकएकको प्रत्ययले अन्य तीनतीन यसरी एकको प्रत्ययले तीन धातुहरू प्रवर्तित हुन्छन्। अर्थात् (१) पृथ्वीको प्रत्ययले आपो, तेजो, वायोधातुहरू प्रवर्तित हुन्छन्। (२) आपोधातुको प्रत्ययले पृथ्वी, तेजो, वायोधातुहरू प्रवर्तित हुन्छन्। (३) तेजोधातुको प्रत्ययले पृथ्वी, आपो, वायोधातुहरू प्रवर्तित हुन्छन् र (४) वायोधातुको प्रत्ययले पृथ्वी, आपो, र तेजोधातुहरू प्रवर्तित हुन्छन्।

तीनको प्रत्ययले एकमा -

त्यसरी नै पृथ्वीधातु आदिमा एकएक अन्य तीनतीनको प्रत्ययले यसरी तीनको प्रत्ययले एक धातु प्रवर्तित हुन्छ। अर्थात् (१) आपो, तेजो र वायोधातुले पृथ्वीधातु प्रवर्तित हुन्छ। (२) पृथ्वी, तेजो र वायो धातुहरूको प्रत्ययले आपोधातु प्रवर्तित हुन्छ। (३) पृथ्वी, आपो, वायोधातुहरूको प्रत्ययले तेजोधातु प्रवर्तित हुन्छ। (४) पृथ्वी, आपो, तेजोधातुहरूको प्रत्ययले वायोधातु प्रवर्तित हुन्छ।

दुई को प्रत्ययले दुईमा -

पहिलो दुईको प्रत्ययले पछिल्लो दुई अर्थात् (१) पृथ्वी र आपोधातुले तेजो र वायोधातु प्रवर्तित हुन्छन्। पछिल्लो दुईको प्रत्ययले पहिलो दुई अर्थात् (२) तेजो र वायोधातुले पृथ्वी र आपोधातु प्रवर्तित हुन्छन्। पहिलो र तेस्रोको प्रत्ययले दोस्रो र चौथो अर्थात् (३) पृथ्वी र तेजोधातुले आपो र वायोधातु प्रवर्तित हुन्छन्। दोस्रो र चौथोको प्रत्ययले पहिलो र तेस्रो अर्थात् (४) आपो र वायोधातुको प्रत्ययले पृथ्वी र तेजोधातु प्रवर्तित हुन्छन्। पहिलो र चौथोको प्रत्ययले दोस्रो र तेस्रो अर्थात् (५) पृथ्वी र वायोधातुको प्रत्ययले आपो र तेजोधातु प्रवर्तित हुन्छन्। दोस्रो र तेस्रोको प्रत्ययले पहिलो र चौथो अर्थात् (६) आपो र तेजोधातुको प्रत्ययले पृथ्वी र वायोधातु प्रवर्तित हुन्छ। यसरी दुई धातुहरूको प्रत्ययले दुई ६ प्रकारले प्रवर्तित हुन्छन्।

त्यसमा पृथ्वीधातु हलनचलन गर्ने आदिको समयमा दबाउने (उत्पीडन)को प्रत्यय हुन्छ। त्यहीं जलधातुअनुसार खुट्टालाई राख्ने, पृथ्वीधातुअनुसार (खुट्टालाई) झार्ने, वायोधातुअनुसार अग्निधातुले उठाउने, अग्निधातुअनुसार वायोधातु अगाडि बढाउने, पछि हटाउनेको प्रत्यय हुन्छ। यसरी प्रत्ययले मनसिकार गर्नुपर्दछ।

यसप्रकार शब्दार्थ आदिअनुसार मनमा गर्नुलाई पनि एकएक प्रकारले धातुहरू प्रकट हुन्छन्।



Downloaded from http://www.dhamma.digital

उसलाई वारम्वार आवर्जन, र मनसिकार गर्नेलाई भनिएको ढंगले नै उपचार-समाधि उत्पन्न हुन्छ। त्यो चारै धातुहरूको व्यवस्थापन गर्ने ज्ञानको आनुभावले उत्पन्न हुनाले चतुर्धातु व्यवस्थापन नै भनिन्छ।

यस चतुर्धातु व्यवस्थापनमा लागेको भिक्षु शून्यतालाई पाउँदछ, सत्व भएको विचारलाई त्यागिदिन्छ। ऊ सत्व भएको विचारलाई त्यागिदिनाले हिंसक जन्तु, यक्ष, राक्षस आदिको भेदमा फस्दैन, भयभैरवलाई सहने हुन्छ। एकान्त शयनासनको अरति र पाँच कामगुणहरूको रतिलाई सहने हुन्छ। इष्ट र अनिष्टमा हर्षोत्फूल्ल र खेदलाई प्राप्त नभएर र महाप्रज्ञावान् हुन्छ। अमृत (निर्वाण) को अन्त या सुगतिलाई पाउने हुन्छ।

*एवं महानुभाव योगिवर सहस्स कीलितं एतं।*

*चतुधातुववत्थानं निच्चं सेवेथ मेधावी॥*

(यस्तो महानुभाव हजारौं श्रेष्ठ योगीहरूद्वारा ध्यानको खेलको रूपमा खेलेको, यस चतुर्धातु व्यवस्थापनलाई नित्य प्रज्ञावान् सेवन गरोस्।)

## समाधि भावनाको फल

यहाँसम्म, जुन समाधिको विस्तार र भावना गर्नेढंगलाई बताउनको लागि - "समाधि के हो ? कुन अर्थमा समाधि हो ?" आदिप्रकारले प्रश्न गरिएका छन्, त्यसमा "कसरी भावना गर्नुपर्दछ ?" यस पदको सबप्रकारले अर्थवर्णन समाप्त भयो।

यहाँ, अभिप्रेत समाधि दुई प्रकारका छन् – उपचार-समाधि र अर्पणा-समाधि। त्यहाँ, दशै कर्मस्थानहरू र अर्पणाको पूर्वभागाको चित्तमा एकाग्रता उपचार-समाधि हो, शेष कर्मस्थानहरूमा चित्तको एकाग्रता अर्पणा-समाधि हो। त्यो दुवै प्रकारको पनि त्यसको कर्मस्थानहरूको भावना गर्नाले भावनाको गरिएको नै हुनेछ। त्यसैले भनिएको छ – "कसरी भावना गर्नुपर्दछ ?" यस पदको सबप्रकारले अर्थवर्णन समाप्त भयो।

तर, जुन भनिएको छ - "समाधिको भावना गर्नुमा कस्तो आनिशंस छ ?" त्यहाँ दृष्टधर्म यसै जीवनको सुखविहार आदि पाँच प्रकारको समाधिको भावना गर्नुमा आनिशंस छन्। त्यसरी नै, जो अर्हत्, क्षीणाश्रव अर्पणा-समाधिलाई प्राप्त भएर "एकाग्रचित्त भएर सुखपूर्वक दिनमा विहार गर्दछु भनी सोचेर समाधिको भावना गर्दछ। उसको अर्पणा-समाधिको भावना दृष्टधर्मको सुखविहारको आनिशंसयुक्त हुन्छ। त्यसैले मज्भिम निकाय (१,१,८) अनुसार,भगवान्ले भन्नुभयो - "चुन्द। यी आर्यविनयमा सल्लेख (तप) भनिन्दैनन् यी आर्यविनयमा दृष्टधर्म सुखविहार र त्यसै जन्ममा सुखपूर्वक विहार गर्नु भनिन्छन्।"

शैक्ष्य र पृथग्जनहरूको "समापत्तिदेखि उठेर एकाग्र चित्तले विपश्यना गर्दछु, " यसरी भावना गर्दै, विपश्यनाको सामीप्य हुनाले अर्पणा-समाधिको भावना पनि, संकिर्ण स्थानको प्राप्तिको ढंगले उपचासमाधि भावना पनि विपश्यनाको आनिशंसयुक्त हुन्छ। त्यसैले संयुक्त निकाय (३,२१,१,१५) अनुसार भगवान्ले भन्नुभयो "भिक्षुहरू समाधिको भावना गर, एकाग्र चित्तयुक्त भिक्षु यथार्थलाई जान्दछ।"

तर जो आठ समापत्तिहरूलाई उत्पन्न गरी ऋद्धिविध आदि अभिज्ञा अधिष्ठान भएको ध्यानप्राप्त भएर, समापत्तिदेखि उठेर "एक पनि भएर धेरै हुनेछु" यसरी भनिएको ढंगको अभिज्ञाहरूलाई चाहँदै



Downloaded from http://www.dhamma.digital

उत्पन्न गर्दछन् । उसको आयतन हुनेहुने या अभिज्ञाको सामीप्य हुनाले अर्पणा-समाधिको भावना अभिज्ञाको आनिशंसयुक्त हुन्छ । त्यसैले मज्झिम निकाय (३,२,९) अनुसार भगवान्‌ले भन्नुभयो –

"त्यो अभिज्ञाले साक्षात्कार करणीय जुनजुन धर्ममा, अभिज्ञाद्वारा साक्षात्कार गर्नको लागि चित्तलाई झुकाउँदछ, पूर्वजन्ममा शिद्ध अभिज्ञाप्राप्तिको लागि अधिकार गरिएको आयतन हुँदा त्यसलाई साक्षात्कार गरिलिन्छ ।" नगरे तापनि पृथग्जन समाधिले परिहीन हुँदैन । उसको विशेष भव (उत्पत्ति) लाई दिनाले अर्पणा-समाधिको भावना विशेष भवको आनिशंसयुक्त हुन्छ । त्यसैले विभंग (१३) अनुसार भगवान्‌ले भन्नुभयो – "प्रथमध्यानको परित्र (स्वल्प) भावना गरेर कहाँ उत्पन्न हुन्छ ?" आदि उपचार-समाधिको भावना पनि कामावचर सुगतिको विशेष भवलाई दिन्छ ।

जुन "ध्यानले परिहीन नभएर ब्रह्मलोकमा उत्पन्न हुन्छ" यसरी ब्रह्मलोकमा उत्पन्न हुने कामना या कामना नगर्दै पनि पृथक्जन समाधिले परिहीन हुँदैनन् उसको विशेष भवलाई दिनाले अर्पणा-समाधिको भावना विशेष भवको आनिशंसयुक्त हुन्छ । त्यसैले विभंग (१३)अनुसार भगवान्‌ले भन्नुभयो - "प्रथमध्यानको परित्र भावना गरी कहाँ उत्पन्न हुन्छन् ?" आदि । उपचार-समाधिको भावना पनि कामावचर र सुगतिको विशेष भवलाई दिन्छ ।

जो आर्य आठ समापतिहरूलाई उत्पन्न गरी निरोध-समापत्तिप्राप्त भएर सात दिन विनाचित्तको भएर यसै शरीरमा निरोध निर्वाणलाई पाएर सुखपूर्वक विहार गर्नेछ" भनि सोचेर समाधिको भावना गर्दछ, उसको अर्पणा-समाधिको भावना निरोधको आनिशंसयुक्त हुन्छ । त्यसैले पटिसम्भिदामग्ग (१) अनुसार भनिएको छ – "सोह्र ज्ञानचर्याले, नव समाधिचर्याले वशीभावले प्रज्ञा निरोध-समापत्तिमा ज्ञान छ ।"

यसरी यी दृष्टधर्म सुखविहार आदि पाँच प्रकारको समाधि भावना गर्नुमा आनिशंस छन् ।

*तस्मानेकानिसंसम्हि किलेसमल सोधने ।*

*समाधिभावनायोगे नप्पमज्जेय्य पण्डितो ॥*

(यसैले अनेक आनिशंस भएको, क्लेश मललाई शुद्ध गर्ने, समाधि भावनाको योगमा पण्डित प्रमाद नगरोस् ।)

यहाँसम्म "शीलमा प्रतिष्ठित भएर प्रज्ञावान् नर" यस गाथाद्वारा शील, समाधि, प्रज्ञाअनुसार उपदेश दिएको विशुद्धिमार्गमा समाधि पनि राम्ररी प्रकाशित गरिएको छ ।

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धि मार्गमा*
*समाधि निर्देश नामक*
*एघारौं परिच्छेद समाप्त*



Downloaded from http://www.dhamma.digital

# बाह्रौं परिच्छेद

## ऋद्धिविध निर्देश

अलौकिक अभिज्ञाहरूअनुसार 'यो समाधि भावना अभिज्ञाको आनिशंसयुक्त छ' भनी भनिएको छ, ती अभिज्ञाहरूलाई प्राप्त गर्नको लागि पृथ्वीकसिण आदिमा प्राप्त चतुर्थध्यान-योगीलाई योग गर्नुपर्दछ। यसरी उसलाई त्यो समाधि भावना आनिशंसप्राप्त र स्थिरतर हुन्छ। त्यो आनिशंसप्राप्त, स्थिरतर समाधि भावनाले समन्नागत (युक्त) सुखपूर्वक नै प्रज्ञा भावनालाई पूर्ण गरिलिन्छ। यसैले पहिला अभिज्ञाको वर्णन आरम्भ गर्नेछु।

दीघनिकाय (१२) अनुसार भगवान्‌ले चतुर्थध्यानको समाधिप्राप्त कुलपुत्रहरूका लागि समाधि भावनाको आनिशंस बताउन र पछिपछि उत्तमोत्तम धर्मोदेशना गर्नको लागि "ऊ यसरी एकाग्रचित्त, परिशुद्ध, स्वच्छ, मलरहित, क्लेशरहित, मृदु भएको, कर्म गर्नयोग्य, स्थिरताप्राप्त ऋद्धिविधको लागि चित्तलाई लैजान्छ, झुकाउँछ। ऊ अनेकप्रकारले ऋद्धिविधको अनुभव गर्दछ, एक भएर पनि धेरै हुन्छन्" आदिप्रकारले (१) ऋद्धिविध, (२) दिब्यस्रोत (३) चैतोपर्य ज्ञान (४) पूर्वेनिवासानुस्मृति ज्ञान (५) प्राणीहरूका च्युति उत्पत्तिमा ज्ञान-यसप्रकार पाँच लौकिक अभिज्ञाहरू भन्नुभएको छ। त्यहाँ 'एक भएर पनि धेरै हुन्छन्' आदि ऋद्धि विकुर्ण वर्ण (प्राकृतिक वर्णलाई त्याग्ने प्रकृया) गर्ने इच्छुक प्रारम्भिक योगीलाई अवदातकसिणसम्म आठैवटा कसिणहरूमा आठ-आठ समापत्तिहरूलाई उत्पन्न गरेर (१) कसिणको अनुलोमले, (२) कसिणको प्रतिलोमले, (३) कसिणको अनुलोम र प्रतिलोमले, (४) ध्यानको अनुलोमले, (५) ध्यानको प्रतिलोमले, (६) ध्यानको अनुलोम र प्रतिलोमले, (७)ध्यानलाई नाघेर (उत्क्रान्ति), (८) कसिणलाई नाघेर, (९) ध्यान र कसिणलाई नाघेर, (१०) अंगको अतिक्रमणले, (११) आलाम्बनको अतिक्रमणले, (१२) अंग र आलम्बनको अतिक्रमणले, (१४) अंगको व्यवस्थापनले, आलम्बनको व्यवस्थापनले - यी १४ आकारले चित्तलाई राम्ररी दमन गर्नुपर्दछ।

कुनचाहिं कसिणको अनुलोम हो ? ... कुनचाहिं आलम्बनको व्यवस्थापन हो ? यहाँ भिक्षु पृथ्वीकसिणमा ध्यानप्राप्त हुन्छ, त्यसपश्चात् आपोकसिण ...तेजोकसिण ...वायोकसिण ......नीलकसिण ...पीतकसिण ...लोहितकसिण...अवदातकसिणमा यसरी क्रमशः आठैवटा कसिणहरूमा सयपल्ट पनि, हजारपल्ट पनि, समापन्न हुन्छ। यो कसिणको अनुलोम हो। अवदातकसिणदेखि लिएर पृथ्वीकसिणसम्म त्यसरी नै प्रतिलोमको क्रमले समापन्न हुनु कसिणको प्रतिलोम हो। पृथ्वीकसिणदेखि लिएर अवदातकसिणसम्म र अवदात कसिण देखि लिएर पृथ्वी कसिण सम्म-अनुलोम प्रतिलोमअनुसार वारम्वार समापन्न हुनु कसिणको अनुलोम र प्रतिलोम हो।

प्रथमध्यानदेखि लिएर क्रमशः नैवसंज्ञानासंज्ञायतनसम्म वारम्वार समापन्न हुनु ध्यानको अनुलोम हो। नैवसंज्ञानासंज्ञायतनदेखि लिएर प्रथमध्यानसम्म वारम्वार समापन्न हुनु ध्यानको प्रतिलोम हो। प्रथमध्यानदेखि लिएर नैवसंज्ञानासंज्ञायतनसम्म र नैवसंज्ञानासंज्ञायतनदेखि लिएर प्रथमध्यानसम्म



Downloaded from http://www.dhamma.digital

यसरी अनुलोम प्रतिलोमअनुसार वारम्वार समापन्न हुनु ध्यानको अनुलोम र प्रतिलोम हो ।

पृथ्वीकसिणमा प्रथमध्यानलाई समापन्न भएर, त्यहीं तृतीयध्यानलाई समापन्न हुन्छ, त्यसपछि त्यसैलाई उघारेर आकाशानन्त्यायतनलाई, त्यसपछि आकिंचन्यायतनलाई समापन्न हुन्छ। यसरी कसिणलाई ननाघेर ध्यानलाई नै एकएकको फरक पारेर नाघ्नु ध्यानलाई नाघ्नु हो। यसप्रकार आपोकसिण आदिलाई पनि मिलाएर वर्णन गर्नुपर्दछ । पृथ्वीकसिणमा प्रथमध्यानलाई समापन्न भएर पनि फेरि त्यसैलाई तेजोकसिणमा, त्यसपछि नील कसिणमा, त्यसपछि लोहितकसिणमा यसप्रकारले ध्यानलाई ननाघेर, कसिणलाई नै एकएकको अन्तरले नाघ्नु कसिणलाई नाघ्नु हो । पृथ्वीकसिणमा प्रथमध्यानलाई प्राप्त भएर त्यसपछि तेजोकसिणमा तेस्रो ध्यानलाई प्राप्तगर्दछ । त्यसै गरी नीलकसिणलाई उघारेर आकाशानन्त्यायतनलाई, लोहितकसिणदेखि आकिंचन्यातनलाई - यसप्रकार ध्यान र कसिणलाई नाघ्नु ध्यान र कसिणलाई नाघ्नु हो ।

पृथ्वीकसिणमा प्रथमध्यानमा समापन्न भएर, त्यहीं अरू ध्यानहरूमा पनि समापन्न हुनु अंगको अतिक्रमण हो । पृथ्वीकसिणमा प्रथमध्यानमा समापन्न भएर, त्यसैलाई आपोकसिणमा, त्यसैलाई अवदातकसिणमा, यसरी सबै कसिणहरूमा एउटै ध्यानमा समापन्न हुनु आलम्बनको अतिक्रमण हो । पृथ्वीकसिणमा प्रथमध्यानमा समापन्न भएर, आपोकसिणमा द्वितीय, तेजोकसिणमा तृतीय, वायोकसिणमा चतुर्थ, नीलकसिणलाई उघारेर आकाशानन्त्यायतनलाई, पीतकसिणले विज्ञानन्त्यायतनलाई, लोहितकसिणले आकिंचन्यायतनलाई, अवदातकसिणले नैवसंज्ञानासंज्ञायतनलाई - यसरी एकएकको फरक पार्नेरूपले अंग र आलम्बनहरूको अतिक्रमण गर्नु अंग र आलम्बनको अतिक्रमण हो ।

प्रथमध्यान पाँच अंगयुक्त छन् - यसरी विचार गरी, द्वितीय तीन अंग, तृतीय दुई अंग, त्यसरी नै चतुर्थ आकाशानन्त्यायतन ... नैवसंज्ञानासंज्ञायतन - यसप्रकार ध्यानहरूका अंगहरू मात्र नै विचार गर्नु अंगको व्यवस्थापन हो । त्यसरी नै यो पृथ्वीकसिण हो - यसरी विचार गरी, यो आपोकसिण हो ... यो अवदातकसिण हो - यसरी आलम्बन मात्र नै विचार गर्नु आलम्बनको व्यवस्थापन हो । अंग र आलम्बनको व्यवस्थापनलाई पनि कसैले चाहन्छ, तर अर्थकथाहरूमा नआउनाले बिलकुल त्यो भावनाको विषय हुँदैन ।

यी १४ आकारहरूले चित्तलाई राम्ररी दमन नगरी पहिला कुनै पनि भावना नगरिएको प्रारम्भिक कर्मस्थानिक योगाभ्यासीले ऋद्धि-विकुर्वणलाई पूर्ण गर्नेछ भन्ने कुरा सम्भव छैन । किनभने प्रारम्भिक योगीको लागि कसिण-परिकर्म पनि कठिन छ । सैकडौं या हजारौंमा कोही एकले मात्र गर्न सक्दछ । कसिणको परिकर्म गरेकोलाई पनि प्रतिभाग-निमित्त उत्पन्न गर्नु कठिन छ। सैकडौं या हजारौंमा कोही एकले नै उत्पन्न गर्न सक्दछ। निमित्तको उत्पन्न हुँदा त्यसलाई बढाएर अर्पणा पाउनु पनि कठिन छ। सैकडौं या हजारौंमा कोही एकले मात्र पाउन सक्दछ । अर्पणा प्राप्त भएकोमध्ये १४ प्रकारले चित्तको राम्ररी दमन गर्नु कठिन छ । सैकडौं या हजारौंमा कोही एक जनाले मात्र गर्न सक्दछ। १४ प्रकारले राम्ररी दमन गरिएको चित्तयुक्तलाई पनि ऋद्धि-विकुर्वण कठिन छ । सैकडौं या हजारौंमा कोही एकले मात्र गर्न सक्दछ । विकुर्वणप्राप्त भएकोलाई पनि शीघ्रतर ध्यान समापन्न हुनु कठिन छ । सैकडौं या हजारौंमा कोही एकले नै शीघ्रतर ध्यानमा समापन्न हुने हुन्छ। महामहेन्द्र स्थविर उत्रिने आम्रस्थानमा



Downloaded from http://www.dhamma.digital

(अम्बतल, श्रीलंका) महारोहण गुप्त स्थविरको वीमारीमा सेवा गर्नका लागि आएका तीस हजार ऋद्धिमानहरूमा उपसम्पदाले आठ वर्षको आयु भएको बुद्ध रक्षित स्थविरसमान।

उहाँको आनुभाव पृथ्वीकसिण निर्देशमा भनिएको नै छ। उहाँको त्यस आनुभावलाई देखेर महारोहण स्थविरले भन्नुभयो - "आवुस, यदि बुद्धरक्षित स्थविर नभएको भए हामी सबै निन्दित हुने थियौं - नागराजलाई बचाउन सकेन भनेर। यसैले आफूले लिएर विचरणयोग्य हतियारको मललाई साफ गरेर नै लिएर हिंड्नु उचित छ।" स्थविरको उपदेशअनुसार आचरण गरेर ती तीसहजार भिक्षुहरू शीघ्रतर ध्यान समापन्न हुन सक्ने भए।

शीघ्रतर ध्यान समापन्न हुने भए तापनि दोस्रोको प्रतिष्ठा हुनु (उपद्रवलाई शान्त गर्नु) कठिन छ। प्राचीनकालमा श्रीलंकामा सम्पूर्ण द्वीप र समुद्रमा योजनयोजन भर प्रदीपपूजा गरिने गिरिभण्ड वाहनपूजामा मारद्वारा अंगार (आगो) को वर्षा गर्दा आकाशमा पृथ्वी बनाएर अंगारवर्षाबाट बचाउने स्थविरजस्तै सैकडौं या हजारौंमा कोही एक मात्रले गर्न सक्दछ। तर, बलवान् पूर्वयोगयुक्त बुद्ध, प्रत्येकबुद्ध, अग्रश्रावक आदिलाई माथि बताएअनुसार उक्तप्रकारको भावनाको अनुक्रम विनाअर्हत्वप्राप्तिले नै यो विकुर्वण र अन्य प्रतिसम्भिदा आदि नानाप्रकारका गुणप्राप्त हुन्छन्। यसैले जसरी कुनैप्रकारको आभूषणलाई बनाउने इच्छा भएको सुनार आगोले नरम पारेको सुनलाई मृदु, काम गर्नयोग्य गरेर नै बनाउँछ। जसरी कुनैप्रकारको भाँडा बनाउने इच्छा भएको कुम्हालले माटोलाई राम्ररी मुछेर, मृदु गरेर बनाउँछ, यसरी नै प्रारम्भिक योगाभ्यासीद्वारा यी १४ आकारहरूले चित्तलाई राम्ररी दमन गरी छन्दशीर्ष, चित्तशीर्ष, वीर्यशीर्ष, मीमांसाशीर्षको समापन्न हुने र आवर्जन आदि वशीभावको रूपले मृदु, कर्मण्य गरी ऋद्धिविधको लागि योग गर्नुपर्दछ। पूर्वहेतुयुक्त भएको भिक्षुलाई कसिणहरूको चतुर्थध्यानमात्र अभ्यस्त वशीलाई पनि गर्नु उचित छ। जसरी योग गर्नुपर्दछ, त्यस विधिलाई बताउनु हुँदै दीघनिकाय (१, २) अनुसार भगवान्ले भन्नुभयो।

*सो एवं समाहिते चित्ते परिसुद्धे परियोदाते अनङ्गणे विगतूपक्किलेसे मुदुभूते कम्मनिये ठिते आनेञ्जप्पत्ते इद्धिविधाय चित्तं अभिनीहरति अभिनिन्नामेति। सो अनेकविहितं इद्धिविधं पच्चनुभोति, एकोपि हुत्वा वहुधा होति।*

त्यहाँ सो = चतुर्थध्यानप्राप्त योगी। एवं = यसरी अर्थात् यो चतुर्थध्यानक्रमको निर्देशनले। यस प्रथमध्यानप्राप्त आदिको क्रमले चतुर्थध्यानलाई पाएर भनी भनिएको हो। समाहिते - यस चतुर्थध्यानको समाधिद्वारा समाहित (एकाग्र) हुँदा। चित्ते = रूपावचरचित्तमा। पारिसुद्धे = आदिमा उपेक्षाले उत्पन्न स्मृतिको परिशुद्धिले परिशुद्धि हुँदा। परिशुद्धि हुनाले नै परियोदाते अर्थात् प्रभास्वर चित्तलाई भनिन्छ। सुख आदिको प्रत्ययहरूको नाश हुनाले राग आदि अङ्गणरहित हुनाले अनङ्गणे। अनङ्गणा हुनाले नै विगतूपक्किलेसे। अङ्गणले नै चित्त उपक्लिष्ट हुन्छ। राम्ररी भावना गर्नाले मुदुभूते। वशीभावलाई पाउँदा भनिएको छ। वशमा रहने चित्त नै मृदु भनिन्छ र मृदु हुनाले नै कम्मनिये अर्थात् काममा समर्थ वा कामयोग्य भनिएको छ। मृदुचित्त नै काम गर्न योग्य हुन्छ, राम्ररी तताएको सुनजस्तै। ती दुवै पनि राम्ररी भावना गर्नाले नै हुन्छ। जसरी अंगुत्तर निकाय (१,९) अनुसार भगवान्ले भन्नुभएको छ – "भिक्षुहरू! म एउटा अन्य यस्तो धर्म पनि जान्दिन जुन यसरी भावना र अभ्यास गर्नाले मृदु तथा कर्म गर्नयोग्य हुन्छ, जस्तो कि भिक्षुहरू यो चित्त।"



Downloaded from http://www.dhamma.digital

यी परिशुद्ध आदि हुनुमा रहनाले ठिते। रहनाले नै आनेञ्जप्पत्ते। अचल प्रकम्पनरहित भनिएको छ अथवा मृदु र कर्मयोग्य हुनुको कारण आफ्नो वशमा रहनाले ठिते। श्रद्धा आदिले सम्हालिएको हुनाले आनेञ्जप्पत्ते । किनकि (१) श्रद्धा आदिद्वारा सम्हालिएको चित्त नै अश्रद्धाद्वारा डग्न सक्दैन । (२) प्रयत्नद्वारा सम्हालिएको चित्त आलस्यद्वारा डग्दैन । (३) स्मृतिले सम्हालिएको चित्त प्रमादले डग्दैन। (४) समाधिले सम्हालिएको चित्त चञ्चलताले डग्दैन। (५) प्रज्ञाले सम्हालिएको चित्त अविद्याले डग्दैन । (६) अवभास (प्रकाश-ज्ञानोभास) प्राप्त चित्त क्लेशको अन्धकारले डग्दैन । यी ६ कुराहरूले सम्हालिएको चित्त अचलतालाई प्राप्त हुन्छ।

यसरी आठ अंगयुक्त चित्त अभिज्ञाले साक्षात्कारयोग्य धर्महरूलाई अभिज्ञाले साक्षात्कार गर्नको लागि अभिनीहार (त्यसतर्फ लानु) मा समर्थ हुन्छ।

दोस्रो विधि – चतुर्थध्यानको समाधिले समाहिते (एकाग्र हुँदा) । नीवरणहरूको नाश हुनाले परिसुद्धे। वितर्क आदिको अतिक्रमणले परियोदाते। ध्यानप्राप्तिको कारण उत्पन्न हुने खराब इच्छाहरूको वशमा नहुनाले अनङ्गणे। लोभ आदि चित्तको उपक्लेशहरूबाट टाढा रहनाले विगतूपक्किलेसे। यो दुवै पनि मज्झिम निकाय (१,२,५) को अनंगण सुत्त, मज्झिम निकाय (१,१,७) को वत्थ सुत्तअनुसार जान्नुपर्दछ। वशीभावको प्राप्तिले मुदुभूते। ऋद्धिपादको प्राप्तिले कम्मनिये। भावनाको परिपूर्णताले प्रणीतभावको प्राप्तिले ठिते आनेञ्जप्पत्ते । जसरी अचलता प्राप्त हुन्छ, यस्तो स्थित भन्ने अर्थ हो । यसरी नै आठ अंगयुक्त अभिज्ञाले साक्षात्कार गर्नको लागि पादक र पदस्थान (सामीप्य हेतु) भएको अभिनीहारमा समर्थ हुन्छ।

इद्धिविधाय चित्तं अभिनीहरति अभिनिन्नामेति = यहाँ, सिद्ध हुने अर्थमा ऋद्धि हुन्छ। अर्थात् प्राप्ति र प्रतिलाभ भनी भनिएको छ। जुन प्राप्त र प्रतिलाभ हुन्छ, त्यो सिद्ध हुनु भनिन्छ। जसरी सुत्त निपात (७६६) अनुसार भनिएको छ - "यदि कामको चाहना राख्नेलाई उसको सिद्धि हुन्छ।" त्यसरी नै पटिसम्भिदामग्ग (१,४९) अनुसार भनिएको छ – "नैष्क्रम्यको सिद्धि हुन्छ, यसैले ऋद्धि हो। ... विरोधी धर्महरूलाई हटाउँछ त्यसैले प्रातिहार्य हो। ... अर्हतमार्गको सिद्धि हुन्छ त्यसैले ऋद्धि हो। ... विरोधी धर्महरूलाई हटाउँछ यसैले प्रातिहार्य हो।"

अर्को विधि - पूर्ण हुने अर्थमा ऋद्धि हुन्छ। उपाय सम्पदाको यो नाम हो। उपाय सम्पदा पनि अभिप्रेतफलको प्राप्तिले पूर्ण हुन्छ। जसरी संयुक्त निकाय (३९, १,१०) अनुसार भगवान्ले भन्नुभएको छ – "यो चित्त गृहपति शीलवान् र पुण्यात्मा छ। यदि भविष्यफलमा म चक्रवर्तीराजा होउँ", भनी कामनायोग्य शीलवान्को चित्तकामना विशुद्ध हुनाले फल दिनेछ।

अर्को विधि – यसले प्राणी बढ्दछ, यसैले ऋद्धि हो। बढ्दछको अर्थ हुन्छ ऋद्धि, वृद्धिप्राप्त हुन्छ, उन्नति गर्दछ। .... यी दश प्रकारका हुन्छन्। जसरी पटिसम्भिदामग्ग (२,२) अनुसार भगवान्ले भन्नुभएको छ – "ऋद्धिहरू भनिन्छन् दश ऋद्धिहरूलाई। कुनचाहीं दश ऋद्धिहरू हुन् ? (१) अधिष्ठान ऋद्धि (२) विकुर्वण ऋद्धि (३) मनोमय ऋद्धि (४) ज्ञानविस्फार ऋद्धि (५) समाधिविस्फार ऋद्धि (६) आर्यऋद्धि (७) कर्मविपाकज ऋद्धि (८) पुण्यवान्को ऋद्धि (९) विद्यामय ऋद्धि (१०) त्यसत्यस स्थानहरूमा सम्यक् प्रयोगको कारण सिद्ध हुने अर्थमा ऋद्धि।"


Downloaded from http://www.dhamma.digital

## अधिष्ठानऋद्धि

"एक स्वभावले धेरैको आवर्जन गर्दछ। सय, हजार या लाखको आवर्जन गरी ज्ञानले अधिष्ठान गर्दछ - "म धेरै होउ" यसरी बाँटेर देखाइएको ऋद्धि अधिष्ठानले सिद्ध हुनाले अधिष्ठान ऋद्धि हो।

## विकुर्वणऋद्धि

"त्यो स्वाभाविकरूपलाई छाडेर कुमारको रूप या नागको रूप देखाउँछ, नाना प्रकारले पनि सेना व्यूहलाई देखाउँछ" यसरी आएको ऋद्धि स्वाभाविक रूपलाई त्यागेअनुसार हुने विकुर्वण ऋद्धि हो।

## मनोमयऋद्धि

"यहाँ भिक्षु यस शरीरले अन्य रूपी, मनोमय शरीर बनाउँछ" यसप्रकारले आएको ऋद्धि शरीर भित्र अरू नै मनोमय शरीरअनुसार हुने मनोमय ऋद्धि हो।

## ज्ञानविस्फारऋद्धि

ज्ञानको उत्पत्तिभन्दा पहिले, पछाडि या त्यसै क्षण ज्ञानको आनुभावले उत्पन्न भएको विशेष ज्ञानविस्फार ऋद्धि हो। भनिएको छ – "अनित्यको अनुपश्यनाले नित्यसंज्ञा (नित्य हुने विचार) को प्रहाण (त्याग) सिद्ध हुन्छ , यसैले ज्ञानविस्फार ऋद्धि हो। ... अर्हत्मार्गद्वारा सबै क्लेशहरूको प्रहाण सिद्ध हुन्छ, यसैले ज्ञानविस्फार ऋद्धि हो। आयुष्मान् वक्कुलको ज्ञानविस्फार ऋद्धि हो। आयुष्मान् संकिच्चको ज्ञानविस्फार ऋद्धि हो। आयुष्मान् भूतपालको ज्ञानविस्फार ऋद्धि हो।"

## वक्कुल स्थविरको कथा

मज्झिम निकाय अट्ठकथा (३,३,४) अनुसार आयुष्मान् वक्कुल बच्चामा नै उत्सवको दिन नदीमा नुहाइदिएको समयमा धाईको बेहोसीले नदी धारमा खस्यो। एउटा माछाले उसलाई निलेर वाराणसी घाट गयो। त्यहाँ माझीहरूले त्यसलाई पक्रेर एक सेठको स्त्रीलाई बेचिदियो। उनले माछाप्रति स्नेह गरी 'म नै यसलाई पकाउँछु" भनी सोचेर त्यसलाई चिर्दा माछाको पेटमा सुनको मूर्तिजस्तै बच्चालाई देखेर 'मलाई छोरा प्राप्त भयो" भनी धेरै प्रसन्न भईन्। यसप्रकार माछाको पेटमा निरोग हुनु, अन्तिमजन्म भएको आयुष्मान् वक्कुलको त्यसै आत्मभावले प्राप्त गर्नयोग्य अर्हत्मार्ग ज्ञानको आनुभावले उत्पन्न हुनाले - ज्ञानविस्फार ऋद्धि हो।

## संकिच्च स्थविरको कथा

धम्मपद अर्थकथा (८,११) अनुसार संकिच्च गर्भमा रहँदा नै आमा मरिन्। लाशलाई चितामा राखेर हाडहरूले घोची जलाएको समय गर्भभित्र रहेको बच्चा हाडको टुप्पाले आँखाको छेउमा चोट लागेर करायो। तत्पश्चात् "बच्चा जीउँदो छ" भनी मलामीहरूले सोचेर, लाशलाई चिताबाट उतारेर, पेटलाई चिरेर, बच्चालाई निकालेर बज्यै हुनेलाई दिए। ऊ बज्यैद्वारा पालियो र तन्देरी भएपछि, प्रव्रजित भएर र प्रतिसम्भिदा ज्ञानसहित अर्हत्त्व प्राप्तगर्‍यो। यसप्रकार भनिएअनुसार नै चिताको आगोमाथि निरोगी हुनु आयुष्मान् संकिच्चको ज्ञानविस्फार ऋद्धि हो।

## भूतपालको कथा

पटिसम्भिदामग्गको अर्थकथाअनुसार भूतपालको बाबु राजगृहमा दरिद्र थियो। ऊ काठको लागि



Downloaded from http://www.dhamma.digital

गाडा लिएर जंगल गयो । त्यहाँ काठ लादेर साँझको समय नगरद्वारनजिक आयो । तब उसले गोरु जुआठ (युग) खोलेर नगरमा पस्यो । ऊ बच्चालाई गाडासंगै राखेर, तर गोरुहरूलाई भने आफूसंगै लगेर, नगरमा पस्यो । पछि ऊ निस्कन नपाउँदैमा नगरद्वार बन्द भयो । क्रुर यक्षहरू घुम्नयोग्य नगर बाहिर तीन प्रहर रात्रीमा नगरबाहिर गाडामा बसेको बच्चाको निरोग हुनु, भनिएको प्रकारले नै ज्ञानविस्फार ऋद्धि हो ।

## समाधिविस्फार-ऋद्धि

समाधिभन्दा पहिले, पछि या त्यसै क्षण शमथको आनुभावले उत्पन्न भएको विशेष, समाधिविस्फार ऋद्धि हो । भनिएको छ – "प्रथमध्यानले नीवरणहरूको प्रहाण सिद्ध हुन्छ यसैले समाधिविस्फार ऋद्धि हो । नैवसंज्ञानासंज्ञायतन समापत्तिले आकिंचन्यायतन संज्ञाको प्रहाण सिद्ध हुन्छ, यसैले समाधिविस्फार ऋद्धि हो । आयुष्मान् सारिपुत्रको समाधि विस्फार ऋद्धि हो । आयुष्मान संजीव, आयुष्मान् स्थाणुकौडिण्य, उत्तरा उपासिका, श्यामावती उपासिकाको समाधिविस्फार ऋद्धि हो ।"

## आयुष्मान् सारिपुत्रको कथा

उदानअनुसार जब आयुष्मान् सारिपुत्र महामौद्‌गल्यायनसंग परेवा कन्दरा नामको आरण्य विहारमा विहार गर्नुहुँदै, जुनेली रातमा नया केश मुण्डन गरी खुला मैदानमा वस्नुहँदा एक दुष्ट यक्षले, उसको सहायक यक्षले मनाही गर्दा पनि, सारिपुत्र स्थविरको टाउकोमा हिर्कायो, जसको शब्द गर्जिदै गरेको बादलसमान भयो । तर स्थविर भने त्यस यक्षले हिर्काउने समय समापत्ति समापन्न हुनुभयो । उहाँलाई त्यस मारबाट कुनै कष्ट भएन । यसरी कष्ट नहुनु उहाँ आयुष्मान्‌को समाधि विस्फार ऋद्धि हो ।

## संजीव स्थविरको कथा

मज्झिम निकाय (१,५,१०) अनुसार ककुसन्ध तथागतको द्वितीय अग्रस्रावक संजीव स्थविरलाई, एक दिन निरोध समापति ध्यानसमापन्न हुनुभएको समयमा 'मऱ्यो' भनी सोचेर गोठालाहरूले घाँस, काठ, गोबर जम्मा गरेर आगो लगाइदियो । तर स्थविरको चीवरको धागो मात्र पनि जलेन । यसैले उहाँको नाम 'नमर्ने' अर्थमा संजीव रहनपुग्यो । यो उहाँको अनुपूर्व समापत्तिको रूपले ,प्रवर्तित शमथको आनुभावले उत्पन्न हुनाले समाधिविस्फार ऋद्धि हो ।

## स्थाणु कोण्डञ्ञ स्थविरको कथा

धम्मपदट्ठकथा (८,१२) अनुसार स्थाणु कोण्डञ्ञ स्थविर स्वभावले नै समापत्ति बहुल हुनुहुन्थ्यो । उहाँ कुनै एक जंगलमा राती समापत्तिलाई प्राप्त गरी बस्नुभयो । ५०० चोरहरू सामान चोरेर भागेर जाँदा 'अब हामीहरूको पछीपछी कोही पनि आउनेहरू छैनन्' भनी सोचेर विश्राम गर्ने इच्छाले सामानलाई उतारेर 'यो काटिएको रूखको जरा हो, यसैमाथि सामान राखौं भनी स्थविरको शरीरमाथि नै सबै सामानहरूलाई राखे । उनीहरूले विश्राम गरी सकेपछि भोलिपल्ट जसले-जसले प्रथम राखिएको सामान हो त्योत्यो पहिले लिंदै जाँदा सबै समान समाप्त भएपछि स्थविर उठ्नुभयो । उनीहरूले स्थविरको हलनचलन देखेर, एक विहानैको अंध्यारोमा रूप नदेखेर, पिशाच सम्झेर भयभीत



Downloaded from http://www.dhamma.digital

भएर चिच्याए । स्थविरले – "उपासकहरू, नडराउ, म भिक्षु हुँ" भन्नुभयो । उनीहरू आएर प्रणाम गरी, स्थविरप्रति श्रद्धा गरी, पछि प्रब्रजित भएर प्रतिसम्भिदासाथै अर्हत्व प्राप्त गरे । यहाँ ५०० सामानहरूले दब्नुभएको स्थविरलाई कष्ट नहुनु समाधि विस्फार ऋद्धि हो ।

## उत्तरा उपासिकाको कथा

धम्मपदट्ठकथा (१७, ३) अनुसार उत्तरा उपासिका पूर्ण सेठकी छोरी थिईन् । उनीलाई ईर्ष्या स्वभावकी सिरिमा नामक गणिका (वेश्या)ले गरम तेल कडाहीले टाउकोमा खन्याइदिई । उत्तरा त्यसै क्षणमा मैत्री भावनामा समापन्न भईन् । तेल, कमलको पातबाट पानीको थोपाजस्तै लुढ्किंदै गयो । यो उनीको समाधिविस्फार-ऋद्धि हो ।

## श्यामावतीको कथा

धम्मपद अर्थकथा (२,१) अनुसार श्यामावती राजा उदयनकी महारानी थिईन् । मागन्दिय ब्राह्मणले आफ्नी छोरीको लागि महारानीको स्थान चाहेर, राजाको वीणामा आशीविष सर्पलाई राखेर राजालाई भन्यो – "महाराज श्यामावती तपाईंलाई मार्न चाहेर वीणामा आशिविष सर्प लिएर हिंड्छे ।" राजाले वीणामा राखेको सर्पलाई देखेर क्रुद्ध भएर - "श्यामावतिलाई मार्नेछु" भनी विष चोपेको बाण चढाएर धनुष तान्यो । शयामावती आफ्नी सेविका परिवारसंगै राजालाई मैत्रीले स्पर्श गरिन् । राजाले बाणलाई न त फ्याँक्न सक्यो न उतार्न नै सक्यो, काँप्दै उभिरह्यो । त्यसपछि देवीले उसलाई भनिन् –

"के महाराज थाक्नुभयो ?" "हो, थाकेको छु ।" "यस्तो हो भने धनुषलाई उतार्नुहोस् ।"

वाण राजाको खुट्टा नजिक नै खस्यो । त्यसपछि देवीले "महाराज, दोषरहितप्रति दोष गर्नु हुँदैन" आदि उपदेश दिइन् । यसप्रकार राजाद्वारा वाण चलाउनको लागि असमर्थ हुनु श्यामावती उपासिकाको समाथिविस्फार-ऋद्धि हो ।

Dhamma.Digital

## आर्यऋद्धि

प्रतिकूल आदिमा अप्रतिकूलसंज्ञी (अप्रतिकूलताको विचार गर्ने) भएर विहार गर्नु आदि आर्यऋद्धि हो । जसरी भनिएको छ – "कुनचाहिं हो आर्यऋद्धि ? यहाँ भिक्षु यदि चाहन्छ कि 'म प्रतिकूलमा अप्रतिकूलसंज्ञी भएर विहार गरूँ' तब अप्रतिकूलसंज्ञी भएर विहार गर्दछ । ... उपेक्षक भएर विहार गर्दछ स्मृति र सम्प्रजन्यसहित ।" यो चित्तमा वशीभाव प्राप्त भएको आर्यहरूको हुनाले आर्यऋद्धि भनिन्छ ।

यसले युक्त क्षीणास्रवी भिक्षु प्रतिकूल अनिष्टवस्तुमा मैत्री गर्दै या धातुमनसिकार गर्दै अप्रतिकूल संज्ञी भएर विहार गर्दछ । अप्रतिकूल इष्टवस्तुमा अशुभ या अनित्य छ – यसरी मनसिकार गर्दै प्रतिकूलसंज्ञी भएर विहार गर्दछ । त्यसरी नै प्रतिकूल र अप्रतिकूलमा त्यसैलाई मैत्री गर्दै या धातुमनसिकार गर्दै अप्रतिकूलसंज्ञी भएर विहार गर्दछ । अप्रतिकूल र प्रतिकूलमा त्यसैलाई अशुभ या अनित्य छ – यसरी मनसिकार गर्दै प्रतिकूलसंज्ञी भएर विहार गर्दछ । "चक्षुले रूपलाई देखेर प्रसन्न हुँदैन" आदिप्रकारले भनिएको ६ अंगयुक्त उपेक्षालाई प्रवर्तित गर्दै प्रतिकूल र अप्रतिकूल यी दुवैलाई हटाएर उपेक्षक भएर, स्मृति र सम्प्रजन्यसहित विहार गर्दछ ।



Downloaded from http://www.dhamma.digital

पटिसम्भिदामग्ग "कसरी प्रतिकूलमा अप्रतिकूलसंज्ञी भएर विहार गर्दछ ? अनिष्टवस्तुमा मैत्री गर्दछ या धातुले चित्तलाई लगेर देख्दछ" आदिप्रकारले भनिएकोमा यही अर्थ विभक्त छ । यसप्रकार चित्तलाई वशमा गरिएको आर्यहरूलाई नै हुनाले आर्यऋद्धि भनिन्छ ।

## कर्मविपाकज ऋद्धि

पंक्षी आदिको आकाशमा जानु आदि कर्मविपाकज ऋद्धि हो । जसरी भनिएको छ – "कुनचाहिं हो कर्मविपाकज ऋद्धि ? सबै पंक्षीहरूको, सबै देवताहरूको, कुनैकुनै व्यक्तिहरूको र कुनैकुनै विनिपातिकहरूको यो कर्मविपाकज ऋद्धि हो ।" यहाँ सबै पंक्षिहरू ध्यान या विपश्यनाविना नै आकाशद्वारा जानु, त्यसरी नै सबै देवताहरूको, प्रथम कल्पको कुनैकुनै मनुष्यहरूको, त्यसरी नै संयुक्त निकाय अट्ठकथा (१,१०,६) अनुसार प्रियङ्कर माता यक्षिणी, पेतवत्थु अट्ठकथा (२,१०) अनुसार उत्तरमाता, पुष्यमित्ता, धर्मगुप्ता - आदि कुनैकुनै विनिपातिकहरूको आकाशद्वारा जानु कर्मविपाकज ऋद्धि हो ।

## पुण्यवानको ऋद्धि

चक्रवर्ती आदिको आकाशद्वारा जानु आदि पुण्यवानको ऋद्धि हो । जसरी भनिएको छ – "कुनचाहिं पुण्यवान्को ऋद्धि हो ? चक्रवर्ती राजा चतुरंगिणी सेनासंगै आकाशद्वारा जान्छ, यहाँका सईस (घोडाको हेरचार गर्ने), गोठाला पनि उसको साथ रहन्छ । ज्योतिक गृहपतिको पुण्यवान्को ऋद्धि हो । मेण्डक गृहपतिको पुण्यवान् ऋद्धि हो । पाँच महापुण्यवानहरूको पुण्यवान्को ऋद्धि हो ।" संक्षेपले परिपक्व हुँदा पुण्य सम्भारको सिद्ध हुने विशेष, पुण्यवान्को ऋद्धि हो ।

धम्मपदट्ठकथा (२६,३३) अनुसार ज्योतिक गृहपतिको लागि पृथ्वीलाई छेडेर मणिमय प्रासाद उठ्यो र चौसट्ठी कल्पवृक्ष उठ्यो यो उसको पुण्यवान् ऋद्धि हो । जटिललाई अस्सी हातको सुनको पर्वत उत्पन्न भयो । धम्मपदट्ठकथा (२,१) अनुसार घोषकलाई सात स्थानहरूमा मार्ने प्रयत्न गर्दा पनि निरोगी हुनु पुण्यवान्को ऋद्धि हो । धम्मपदट्ठकथा (१८,१०) अनुसार मेण्डकको एक हराई मात्रको जमिनमा सात रत्नमय भेडाहरूको प्रादुर्भाव हुनु पुण्यवान्को ऋद्धि हो ।

विनयपिटक महावग्गअनुसार पाँच महापुण्यवान हुन् – मेण्डक सेठ, श्रीमती चन्द्रपद्मश्री, छोरा धनञ्जय सेठ, बुहारी सुमना देवी, दास पूर्ण । उनीहरूमा सेठको टाउकोले नुहाएर आकाशतिर हेर्ने समय साँढे बाह्र हजार (१२, ५००) कोष्ठ (भखारी) आकाशबाट झरेको रातो धानले भरिन्छ । श्रीमतीको एक पन्यू मात्रको भातलाई लिएर सम्पूर्ण जम्बूद्वीपमा रहनेहरूलाई बाँड्दा पनि भात समाप्त हुँदैन । छोराको हजारको थैलोलाई लिएर सम्पूर्ण जम्बूद्वीपमा रहनेहरूलाई दिए पनि कार्षापण (रूपिया) समाप्त हुँदैन । बुहारीको एक तुम्बे (चार किलो) धानलाई लिएर सम्पूर्ण जम्बूद्वीपमा रहनेहरूलाई बाँड्दा पनि धान समाप्त हुँदैन । दासको एक हलले जोत्दै यताबाट सात र उताबाट सात - चौध (१४) हराई (मार्ग) हुन्छन् । यी उनीहरूको पुण्यवान्का ऋद्धि हुन् ।

## विद्यामयऋद्धि

विद्याधर आदिको आकाशबाट जानु आदि विद्यामय ऋद्धि हो । जसरी भनिएको छ - "कुनचाहिं हो विद्यामय ऋद्धि ? विद्याधर मन्त्र पाठ गरी आकाशमा जान्छन्, आकाशमा हात पनि देखाउँछन्,



Downloaded from http://www.dhamma.digital

अन्तरीक्षमा हात पनि देखाउँछन्, नानाप्रकारले सेना व्यूह पनि देखाउँछन् ।"

## सिद्ध हुने अर्थमा ऋद्धि

त्यसत्यस काममासम्यक प्रयोगले त्यसत्यस कामको सिद्ध हुने, त्यहाँत्यहाँ सम्यकप्रयोगको कारणले सिद्ध हुने अर्थमा ऋद्धि हो । जसरी भनिएको छ – "नैष्क्रम्यले कामच्छन्दको प्रहाण सिद्ध हुन्छ त्यसैले त्यहाँत्यहाँ सम्यकप्रयोगको कारणले सिद्ध हुने अर्थमा ऋद्धि हो । ... अर्हतमार्गले सबै क्लेशहरूको प्रहाण सिद्ध हुन्छ, त्यसैले त्यहाँत्यहाँ सम्यकप्रयोगले सिद्ध हुने अर्थमा ऋद्धि हो ।" यहाँ, प्रतिपत्ति भनिएको सम्यकप्रयोगको नै प्रकाशित गरिएअनुसार पहिलो पालिसमान नै पालि आएको छ । अर्थकथामा यसरी आएको छ - "शकटव्युह आदि बनाउनेअनुसार जेजति शिल्पकर्म (गन्धर्व), गणित गन्धर्ब आदि) जेजति वैद्यकर्म, तीन पिटकहरूलाई पढ्नु, अन्ततोगत्वा जोत्नेछर्ने आदिदेखि लिएर त्यसत्यस कार्यलाई गरी उत्पन्न विशेषता, त्यहाँत्यहाँ सम्यकप्रयोगले सिद्ध हुने अर्थमा ऋद्धि हो ।"

यसप्रकार यी दश ऋद्धिहरूमा "इद्धिविधाय" यस पदमा अधिष्ठानऋद्धि नै आएको छ । यस अर्थमा विकुर्वणऋद्धिहरू पनि हुनुपर्छ नै ।

इद्धिविधाय = ऋद्धिको भागको लागि या ऋद्धिको विभाजनको लागि । चित्तं अभिनीहरति अभिनिन्नामेति = त्यो भिक्षु उक्तप्रकारले त्यस चित्तको अभिज्ञाको पादक हुँदा ऋद्धिविधिको प्राप्तिको लागि परिकर्मको चित्ततिर लैजान्छ । कसिणको आलम्बनबाट हटाएर ऋद्धिविधतिर पठाउँछ । अभिनिन्नामेति = प्राप्त गर्ने ऋद्धितर्फ झुकाउँछ, ऋद्धितर्फ नुहाउँछ । सो = ऊ यस्तो चित्तको अभिनिहार गरेको भिक्षु । अनेक विहितं = अनेक विध, नानाप्रकारले । इद्धिविधं = ऋद्धिको भागलाई । पच्चनुभोति = अनुभव गर्दछ, स्पर्श गर्दछ, साक्षात् गर्दछ, भन्ने अर्थ हो ।

अब यसको अनेकप्रकारको भएको देखाएर - "एक पनि भएर" आदि भनिएको छ । त्यहाँ एकोपि हुत्वा = ऋद्धि गर्नुभन्दा पहिले प्रकृतिले एक पनि भएर । बहुधा होति = धेरैजसो मानिसहरूसंग चंक्रमण गर्ने, पाठ गर्ने, प्रश्न सोध्ने इच्छुक भएर सय पनि, हजार पनि हुन्छन् । कसरी यो यस्तो हुन्छ ? ऋद्धिको चार भूमि, चार पाद, आठ पद र सोह्र मूललाई पूर्ण गरी ज्ञानले अधिष्ठान गर्दै ।

त्यसमा चार भूमि = चारध्यानहरूलाई जान्नुपर्दछ । धर्म सेनापतिले भन्नुभएको छ - "ऋद्धिको कुनचाहिं चार भूमि छ ? (१) विवेकले उत्पन्न भएको भूमि प्रथमध्यान, (२) प्रीति सुखको भूमि द्वितीयध्यान, (३) उपेक्षा सुखको भूमि तृतीयध्यान, (४) अदु:ख असुखको भूमि चतुर्थध्यान छन् । ऋद्धिका यी चार भूमि ऋद्धिको लाभ, ऋद्धिको प्राप्ति, ऋद्धिको विकुर्वण, ऋद्धिको नाना आनिशंसको उत्पन्न गर्ने, ऋद्धिको वशिभाव, ऋद्धिको विशारदताको लागि हुन्छन् ।" यहाँ पहिलेको तीन ध्यान, प्रीति र सुखको फैलिनाले सुखसंज्ञा र लघुसंज्ञामा परेर लघु, मृदु, कर्मण्य काययुक्त भएर ऋद्धिलाई पाउँदछ, यसैले यस पर्यायले ऋद्धिलाई लाभ गराउनाले सम्भारभूमि हो भनी यसरी जान्नुपर्दछ । चौथो, ऋद्धिको लाभको लागि प्राकृतभूमि नै हो ।

चार पाद = चार ऋद्धिपादहरूलाई जान्नुपर्दछ । भनिएको छ - "ऋद्धिको कुनचाहिं चार पाद छन् ? यहाँ भिक्षु छन्द-समाधि-प्रधान संस्कारयुक्त ऋद्धिपादको भावना गर्दछ । वीर्य ... चित्त ...मीमांसा समाधि प्रधान संस्कारयुक्त ऋद्धिपादको भावना गर्दछ । ऋद्धिका यी चार पाद ऋद्धिको लाभ ... ऋद्धिको



Downloaded from http://www.dhamma.digital

विशारदको लागि हुन्छन् ।"

यहाँ, छन्दको हेतु या अधिक छन्द समाधि, छन्द-समाधि हो । गर्ने इच्छा भएको छन्दलाई अधिपति (प्रधान) बनाएर प्राप्त गरिएको समाधिको यो नाम हो । प्रधान (प्रयत्न) भएको संस्कार प्रधान संस्कार हो । चार कामहरूलाई सिद्ध गर्ने सम्यकप्रधान वीर्य (प्रयत्न)को यो नाम हो । युक्त (समन्नागत) = छन्द समाधि र प्रधानसंस्कारयुक्त ।

ऋद्धिपाद = पूर्ण हुने पर्यायले, सिद्ध हुने अर्थमा या यसले प्राणी उन्नति गर्दछन्, ऋद्धि, वृद्धिलाई प्राप्त हुन्छन्, माथि उठ्दछन् आदि यस पर्यायले ऋद्धि नामले बोलाइने अभिज्ञाको चित्तयुक्त छन्द समाधि-प्रधान-संस्कारहरूको अधिष्ठानको अर्थमा पाद भयो, शेष चित्तचैतसिक राशी भनिने यो अर्थ हो । भनिएको छ "ऋद्धिपाद - त्यस्तो भएकोलाई वेदनास्कन्ध ... विज्ञान स्कन्ध ।"

अथवा, यसबाट चलाइन्छ, यसैले पाद हो, अर्थात् पाइन्छ – यो अर्थ हो । ऋद्धिको पाद ऋद्धिपाद हो । छन्द आदिको यो नाम हो । जसरी भनिएको छ – "भिक्षुहरू, यदि भिक्षु छन्दको सहारा समाधिलाई प्राप्त गर्दछ, चित्तको एकाग्रतालाई पाउँछ - यो छन्दसमाधि भनिन्छ । त्यो उत्पन्न नभएको खराब .... प्रयत्न गर्दछ । यी प्रधानसंस्कार भनिन्छन् । यसप्रकार यो छन्द, यो छन्दसमाधि र यी प्रधानसंस्कार- यो भनिन्छ, भिक्षुहरू, छन्दसमाधि प्रधान - संस्कारयुक्त ऋद्धिपाद हो ।" यसरी शेष पादहरूमा पनि अर्थ जान्नुपर्दछ ।

आठ पद = छन्द आदि आठ पद जान्नुपर्दछ । भनिएको छ – "ऋद्धिको कुनचाहिं आठ पद छन् ? यदि भिक्षु छन्दको सहाराले समाधिलाई प्राप्त गर्दछ, चित्तको एकाग्रतालाई पाउँदछ, छन्द समाधि हुँदैन, समाधि - छन्द हुँदैन, तव अर्के छन्द हुन्छ, अर्के समाधि हुन्छ । यदि भिक्षु वीर्य ... चित्त ... मीमांसाको सहाराले समाधिलाई प्राप्त गर्दछ, चित्तको एकाग्रतालाई पाउँछ, मीमांसा-समाधि हुँदैन, समाधि मीमांसा हुँदैन तव अर्के मीमांसा हुन्छ अर्के समाधि । ऋद्धिका यी आठ पद ऋद्धिको लाभ ... ऋद्धिको विशारदताका लागि हुन् ।" यहाँ ऋद्धिलाई उत्पन्न गर्ने इच्छुक छन्दसमाधिमध्ये एकमा लागेकोले ऋद्धिको लाभको लागि समर्थ हुन्छ । त्यसरी नै वीर्य आदि । यसैले यी आठ पद भनिएका छन् भनी जान्नुपर्दछ ।

सोन्ह मूल = सोन्ह प्रकारले चित्त प्रकम्पित नहुनु जान्नुपर्दछ । भनिएको छ – "ऋद्धिको कति मूल छन् ? सोन्ह मूल छन् । (१) नझूकेको चित्त आलश्यमा प्रकम्पित हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । (२) माथि नउठेको चित्त उद्धच्च (चञ्चलपन)मा प्रकम्पन हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । (३) ननुहेको चित्त रागमा प्रकम्पित हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । (४) दोषरहित चित्त व्यापादमा प्रकम्पित हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । (५) दृष्टिद्वारा अनिश्रित्त (म मेरो आदि नियमले) चित्त दृष्टिमा प्रकम्पित हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । (६) अप्रतिवद्ध (छन्दराग आदिद्वारा नबाँधिएको) चित्त छन्दरागमा प्रकम्पित हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । (७) पाँच प्रकारका मुक्तिहरूले विप्रयुक्त चित्त कामरागमा प्रकम्पित हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । (८) क्लेशहरूबाट अलग भएको चित्त क्लेशमा प्रकम्पित हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । (९) क्लेशहरूको सीमाबाट अलग भएको चित्त क्लेशहरूको सीमामा प्रकम्पित हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । (१०) एक आलम्बनमा लागेको चित्त नानाप्रकारको



Downloaded from http://www.dhamma.digital

क्लेशहरूमा प्रकम्पित हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । (११) श्रद्धाले राम्ररी पक्रिएको चित्त अश्रद्धामा प्रकम्पित हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । (१२) वीर्यले राम्ररी पक्रिएको चित्त आलश्यमा प्रकम्पित हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । (१३) स्मृतिले राम्ररी पक्रिएको चित्त प्रमादमा प्रकम्पित हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । (१४) समाधिले राम्ररी पक्रिएको चित्त उद्दच्च (चञ्चलता)मा प्रकम्पित हुँदैन,यसैले प्रकम्पित नहुने हुन्छ । (१५) प्रज्ञाले राम्ररी पक्रिएको चित्त अविद्यामा प्रकम्पित हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । (१६) अवभास (प्रकाश, ज्ञानोभास) प्राप्त चित्त अविद्याको अन्धकारमा प्रकम्पित हुँदैन, यसैले प्रकम्पित नहुने हुन्छ । ऋद्धिका यी १६ मूल ऋद्धिको लाभ ... ऋद्धिको विशारदताको लागि हुन्छन् ।"

यद्यपि यो अर्थ "यस्तो चित्तको एकाग्रता हुँदा" आदिले पनि सिद्ध नै छ, तर प्रथमध्यान आदिको, ऋद्धिभूमि, पाद, पद, मूल, भएको देखाउनको लागि पुनः भनिएको हो । पहिलो सूत्रहरूमा आएकोढंगले र यो पटिसम्भिदामग्गमा आएकोढंगले बताइएको छ । यसप्रकार दुवै स्थानहरूमा असंमोहको लागि पनि फेरि भनिएका हुन् ।

ज्ञानले अधिष्ठान गर्दै = त्यो योगी यी ऋद्धिका भूमि, पाद, मूल भएका धर्महरूलाई पूर्ण गरी अभिज्ञाको पादकध्यानप्राप्त भएर उठेर, यदि सय जना हुन चाहेमा "सय बनुं, सय बनुं" यसरी परिकर्म गरेर फेरि अभिज्ञाको पादकध्यानप्राप्त भएर उठेर अधिष्ठान गर्दछ । अधिष्ठानको चित्तसंगै सय हुन्छ । हजार आदिमा पनि यसैप्रकार बुझ्नुपर्दछ । यदि यसरी सिद्ध हुँदैन भने फेरि परिकर्म गरेर दोस्रो पटक पनि ध्यानप्राप्त भई उठेर अधिष्ठान गर्नुपर्दछ । संयुक्त निकायको अर्थकथामा - एकपल्ट, दुई पल्ट प्राप्त हुनु उचित भनिएको छ ।

त्यहाँ अभिज्ञाको पादक भएको कसिणआलम्बनयुक्त चतुर्थध्यानको चित्त, प्रतिभागनिमित्तको आलम्बनयुक्त हुन्छ, परिकर्मचित्त सय या हजारको आलम्बनयुक्त र वर्णअनुसार हुन्छन् । प्रज्ञप्तिअनुसार होइन । अधिष्ठानचित्त पनि त्यसरी नै सय या हजारको आलम्बनयुक्त हुन्छ । त्यो पहिले भनिएको अर्पणाचित्तजस्तै गोत्रभूको अनन्तर एक नै रूपावचर चतुर्थध्यानयुक्त चित्त उत्पन्न हुन्छ ।

जुन पटिसम्भिदामग्गमा भनिएको छ – "स्वभावले एक धेरैको आवर्जन गर्दछ । सय, हजार या लाखको आवर्जन गरी ज्ञानको अधिष्ठान गर्दछ कि "धेरै बनु" तब धेरै बन्दछ, जस्तै आयुष्मान् चूलपन्थक ।" त्यहाँ पनि "आवर्जन गर्दछ" भनी यो परिकर्मअनुसार नै भनिएको छ । आवर्जन गरी ज्ञानको अधिष्ठान गर्दछ भनी यो अभिज्ञा-ज्ञानअनुसार भनिएको छ । यसैले धेरैको आवर्जन गर्दछ तत्पश्चात् ती परिकर्म चित्तहरूको अन्तमा पनि समापन्न हुन्छ । समापत्तिबाट उठेर फेरि "धेरै होउ" यस्तो आवर्जन गरी त्यसपछि हुने तीन या चार पूर्वभागयुक्त चित्तहरूको पछि उत्पन्न भएको निष्पादनअनुसार 'अधिष्ठान' नाम भएको एक नै अभिज्ञाज्ञानले अधिष्ठान गर्दछ भनी यसप्रकार यहाँ अर्थ जान्नुपर्दछ ।

तर, जुन भनिएको छ – "जसरी आयुष्मान् चूलपन्थक ।" ऊ धेरै हुने साक्षीलाई देखाउनको लागि भनिएको हो । त्यसलाई कथाद्वारा प्रकाशित गर्नुपर्दछ ।

## चूलपन्थकको कथा

चूलपन्थको दुई दाजुभाई थिए । ती दुबै भाई पन्थ (मार्ग) मा उत्पन्न भएकाले 'पन्थक' भनियो । त्यसमा ज्येष्ठ महापन्थ थियो । प्रब्रजित भएर प्रतिसम्भिदाकासाथ अरहत्व प्राप्त गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

अर्हत् भएर भाई चूलपन्थलाई प्रब्रजित गरी संयुक्त निकाय (३,२,२) को निम्न गाथालाई कण्ठ गर्न दिनुभयो –

*पदुमं यथा कोकनदं सुगन्धं, पातो सिया फ़ूल्लमवीत गन्धं ।*
*अंगीरसं पस्स विरोचमानं, तपन्तमादिच्चमिवन्तलिक्खे ॥*

(जसरी कोकनद नामक रातो कमल प्रातः पुष्पित भएको अत्यन्त सुगन्धित हुन्छ यसरी नै शरीर र गुणको गन्धले सुगन्धित, आकाशमा चम्किएको सूयजस्तै सुशोभित कोमल अंगयुक्त वा रश्मियुक्त अङ्गीरस (भगवान् बुद्ध) लाई हेर ।

चूल्लपन्थले उपरोक्त गाथालाई चार महिनामा पनि याद गर्न सकेन । तब उसलाई महापन्थ स्थविरले 'तँ शासनमा अयोग्य छस्' भनी विहारबाट निकालिदिनुभयो । त्यस समय महापन्थ स्थविर दायकहरूद्वारा दिएको साँघिक भोजनको आराधनालाई स्वीकार गर्ने भोजन प्रबन्धक (भत्तुद्देसक) हुनुहुन्थ्यो । त्यस दिन उपासक जीवक (वैद्य) स्थविरकहाँ आएर "भन्ते-भोली भगवान्सहित ५०० भिक्षुहरूलाई लिएर हाम्रो घरमा भिक्षाको लागि पाल्नहोस्" भन्यो । स्थविरले पनि "चूलपन्थकलाई छाडेर शेषको लागि स्वीकार गर्दछु" भनेर स्वीकार गर्नुभयो । चूलपन्थकले त्यो कुरा सुनेर द्वारकोष्ठकमा बसेर रोइरहेको थियो । भगवान्ले दिव्यचक्षुले देख्नुभएर, उसकहाँ जानुभएर "किन रोइरहेको छौ ?" भन्नुभयो । उसले भएको सबै घटनालाई बतायो ।

भगवान्ले – "पाठ गर्न नसक्ने मेरो शासनमा अयोग्य हुँदैन, शोक नगर भिक्षु ।" भन्नुभएर उसलाई हातले पक्रेर विहारमा प्रवेश गर्नुभई, ऋद्धिद्वारा कपडाको टुक्रा बनाएर दिनुभएर भन्नुभयो -"लौ त भिक्षु यसलाई हातले मल्दै "मयल हटेर जावस्, मयल हटेर जावस्" (रजो हरणं रजो हरणं) भन्दै यसरी वारम्वार पाठ गर्दै गर ।" उसले पनि भनेअनुसार त्यसो गर्दागर्दै हातको मैलाले त्यो कपडा कालो रंगको भयो । यो "कपडा परिशुद्ध छ, यसमा दोष छैन, तर यस शरीरमा दोष छ" यसरी विचार गरी पञ्चस्कन्धमा ज्ञानलाई उतारेर, विपश्यनालाई बढाएर, अनुलोमले (सुल्टो तरिकाले) गोत्रभूसम्म बढाएर लग्यो । तब उसलाई भगवान्ले ज्ञानोभासको गाथा भन्नुभयो –

*रागो रजो न च पन रेणु वुच्चति, रागस्सेतं अधिवचनं रजो ति ।*
*एतं रजं विप्पजहित्व पण्डिता विहरन्ति ते विगतरजस्स सासने ॥*
*दोसो रजो न च पन रेणु वुच्चति, दोसस्सेतं अधिवचनं रजो ति ।*
*एतं रजं विप्पजहित्व पण्डिता, विहरन्ति ते विगतरजस्स सासने ॥*
*मोहो रजो न च पन रेणु वुच्चति, मोहस्सेतं अधिवचनं रजो ति ।*
*एतं रजं विप्पजहित्व पण्डिता, विहरन्ति ते विगतरजस्स सासने ॥*

(राग नै मयल हो, रेणु (धूलो) लाई मयल भनिन्दैन, मयल यो रागको नै नाम हो । यस मयललाई त्यागेर, मयलरहित (बुद्ध)को शासनमा ती पण्डित भएर विहार गर्दछन् ।

द्वेष नै मयल हो ... मोह नै मयल हो ... विहार गर्दछन्)

चूल्लपन्थलाई गाथाको अन्तमा चार प्रतिसम्भिदा र ६ अभिज्ञाहरूसहित नौ लोकोत्तर (चार मार्ग, चारफल एक निर्वाण) धर्म हात लाग्यो ।



Downloaded from http://www.dhamma.digital

शास्ता भोलिपल्ट जीवक वैद्यको घर भिक्षुसंघसहित जानुभयो, तब दानको समयमा अर्पण गरिने जल दक्षिणोदकको अन्तमा यवागु दिने वेलामा पात्रलाई ढाक्नुभयो । जीवक वैद्यले "भन्ते के भयो ?" भनी सोद्धा "विहारमा एकजना भिक्षु छ" भनी जवाव दिनुभयो । जीवकले मानिस पठायो "जाउ, आर्यलाई लिएर छिटै आउ ।"

उता विहारमा भिक्षुसंघसहित भगवान् भोजनको लागि विहारबाट बाहिर निस्कनुभएपछि–

*सहस्सक्खत्तुं अत्तानं निम्मिनित्वान पन्थको ।*
*निसीदि अम्बवने रम्मे याव कालप्पवेदना ॥*

(पन्थक आफूलाई हजार प्रकारको बनाएर, समय भनिएसम्म रमणीय आँप बगैंचामा बसिरह्यो।)

त्यसैबेला त्यो मानिस गएर काषायवस्त्रहरूको एक ज्योति भएको आराम (विहार)लाई देखेर फर्केर आएर "भन्ते, आराम भिक्षुहरूले भरिएको छ, म जान्दिन कि उहाँमध्ये आर्य कुन हो ?" भन्यो । तत्पश्चात् उसलाई भगवान्ले भन्नुभयो "जाउ जसलाई पहिले देख्छौ, उसको चीवरको छेउ पक्रेर- 'शास्ता तपाईंलाई बोलाउँदै हुनुहुन्छ' भनेर ल्याउ ।" ऊ गएर स्थविरको नै चीवरको छेउ पक्र्यो । त्यसै समय सबै बनाएकाहरू अन्तरधान भए । स्थविरले 'तिमी जाउ' भन्नुभएर, उसलाई पठाएर, मुख धुनु आदि शरीर कृत्य गरेर ऋद्धिशक्तिद्वारा त्यो मानिस पुग्नुभन्दा पहिले नै गएर योग्य आसनमा बस्नुभयो । यसैको लागि भनिएको छ – "जस्तै आयुष्मान् चूलपन्थक ।"

त्यहाँ जुन धेरै बनाएका थिए, ती नियमले नबनाएको कारणले ऋद्धिमान्जस्तै नै हुन्छन् । उभिनु, बस्नु आदिमा या बोल्नु, चुप हुनु आदिमा जसलाई ऋद्धिमान्ले गर्दछ त्यसलाई त्यसै समय गर्दछ । यदि नाना रूपको बनाउन चाहन्छ - कसैलाई पहिलो अवस्थाको, कसैलाई बीचको अवस्थाको, कसैलाई पछिल्लो अवस्थाको, त्यसरी नै लामो केश हुनेहरू, आधामुण्डन हुनेहरू, सम्पूर्ण मुण्डन हुनेहरू, मिश्रित केश हुनेहरू, आधा रातो चीवर हुनेहरू, पहेंलो चीवर हुनेहरू, शब्दार्थ भन्नेहरू, पाठ गर्नेहरू, प्रश्न सोध्नेहरू, प्रश्नोत्तर गर्नेहरू, धर्मकथा भन्नेहरू, रंगाउने, पकाउने, चीवर सिउने धुने आदि काम गर्नेहरू, अथवा अरू पनि नाना प्रकारका स्वरूपको बनाउन चाहन्छ, तब त्यसलाई पादकध्यानबाट उठेर - "यति भिक्षु पहिलो अवस्थाको होस्" आदिप्रकारले परिकर्म गरी, फेरि समापन्न भएर त्यसबाट उठेर अधिष्ठान गर्नुपर्दछ । अधिष्ठान चित्तसाथै चाहेअनुसार नै हुन्छन् । यसप्रकारले "धेरै पनि भएर एक हुन्छ "आदिमा पनि जान्नुपर्दछ ।

तर यो विशेषता छ – यस भिक्षुलाई यसरी धेरै हुनेलाई बनाएर फेरि "एक नै भएर चङ्क्रमण गर्नेछु, पाठ गर्नेछु, प्रश्न सोध्नेछु" भनी सोचेर या "यो विहार थोरै भिक्षुयुक्त छन्, यदि कोही कोही आए भने, तब यतिका यी कहाँबाट एक समानका भिक्षुहरू आए, अवश्य पनि स्थविरको यो आनुभाव हो"भनी सोचेर "यसप्रकार मलाई जान्दछ । अथवा अल्पेच्छताले उसको पश्चात् "एक वनुँ" यसरी चाहनेलाई पादकध्यानलाई समापन्न भएर उठेर 'एक बनुँ' यसरी परिकर्म गरी फेरि समापन्न भएर "एक होउँ" यसरी अधिष्ठान गर्नुपर्दछ । अधिष्ठान गर्ने व्यक्ति चित्तसंगै एक हुन्छ । तर यसप्रकार नगर्दै कालको परिच्छेदअनुसार आफैआफै एक हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## प्रकट र अन्तरधान हुनु

आविभावं तिरोभावं = प्रकट हुन्छ, अन्तर्धान हुन्छ भन्ने यो अर्थ हो। यसैप्रति पटिसम्भिदामग्गमा भनिएको छ – "प्रकट हुनु - कुनै वस्तुद्वारा अनावृत, नढाकिएको, खुला, प्रकट हुन्छ। अन्तरधान हुनु = कुनै वस्तुको आवृत, ढाकिएको, बन्द, माथिबाट ढाकिएको हुन्छ।" ऋद्धिमान् प्रकट हुने इच्छाले अन्धकार या प्रकाश गर्दछ, ढाकेकोलाई खोलेको या नदेखेकोलाई देखिने बनाइदिन्छ। कसरी ? जसरी ढाकिएको पनि या टाढा स्थित भएको पनि, यसरी आफू या अरुलाई गर्न चाहनेले पादकध्यान (चतुर्थ ध्यान) बाट उठेर "यो अन्धकारको स्थान प्रकाशमय होस्, यो ढाकिएको खुलोस्" या "यो देखिने देखापरोस्" यसरी आवर्जन गरी परिकर्मलाई गरेर त्यसप्रकारले नै अधिष्ठान गर्दछ। अधिष्ठानसंगसंगै अधिष्ठान गरिएको नै हुन्छ। अरुले टाढा उभिएको पनि देख्छन्, स्वयं पनि देख्न चाहँदै देख्दछ।

यो प्रातिहार्य पहिले कसद्वारा गरियो ? भगवान्द्वारा गर्नुभयो।

## साकेत जाने प्रातिहार्य

धम्मपदट्ठ कथा (२१,८७) अनुसार भगवान्ले अनाथपिण्डिककी छोरी चूलसुभद्राद्वारा निमंत्रित हुनुभएर विश्वकर्माद्वारा बनाइएको पाँच सय कुटागारहरू हुँदै श्रावस्तीबाट सात योजनको बीचमा साकेततिर जानुहुँदै, जसरी साकेतनगरवासी श्रावस्तीवासिहरूलाई र श्रावस्तीवासी साकेतवासिहरूलाई देख्दछन् – यसरी अधिष्ठान गर्नुभएर र नगरबीच उत्रिनुभएर पृथ्वीलाई दुई भागमा फाँडेर अवीचि नरकसम्म र आकाशलाई दुई भागमा हटाएर ब्रह्मलोकसम्म देखाउनुभयो।

## देवलोकबाट आरोहण

देवलोकबाट उत्रिनाले पनि यस अर्थलाई स्पष्ट गर्नुपर्दछ। भगवान्ले यमक प्रातिहार्य गर्नुभई चौरासीहजार प्राणीहरूलाई बन्धनबाट छुटाएर "अतीतकालका बुद्धहरू यमक प्रातिहार्यको अन्तमा कहाँ गए ?" भनी आवर्जन गर्नुहुँदा "तावितिंस देवलोकतिर गए" भनी देख्नुभयो। तब एउटा खुट्टाले पृथ्वीतलमा उभिनुभएर दोस्रो खुट्टालाई युगान्धर पर्वतमा प्रतिष्ठित गर्नुभई फेरि पहिलो खुट्टालाई उठाएर सिनेरूको टुप्पामा राख्नुभएर त्यहाँ पाण्डुकम्बल शिलातलमा वर्षावास गर्नुभई दस हजार चक्रवालहरूका एकत्र भएका देवताहरूलाई प्रारम्भदेखि लिएर अभिधर्मको उपदेश दिन आरम्भ गर्नुभयो। भिक्षाटनको समय निर्मित बुद्धलाई बनाउनुभयो। त्यस समय त्यो निर्मित बुद्ध उपदेश दिने गर्थ्यो।

भगवान् नागलता (पान)को दतिवन गर्नुभएर, अनवतप्त झील (मानसरोवर) मा मुख धुनुभएर, उत्तरकुरुमा भिक्षान्न ग्रहण गरी अनवतप्त झीलको किनारमा भोजन गर्नुहुन्थ्यो। सारिपुत्र स्थविर त्यहाँ जानुभएर भगवान्लाई प्रणाम गर्नुहुन्थ्यो। भगवान्ले आज यति धर्मको उपदेश दिएँ भनी स्थविरलाई सबै कुराले बताउनुहुन्थ्यो। यसप्रकार तीन महिना लगातार अभिधर्मको उपदेश दिनुभयो। त्यसलाई सुनेर अस्सी करोड देवताहरूलाई धर्मको ज्ञान भयो।

यमक प्रातिहार्यमा एकत्र भएका परिषद पनि बाह्र योजन भरिएका थिए। 'भगवान्लाई हेरेर नै जाने छौं' - यसरी सोचेर पाल टाँगेर बस्दथे। चूलअनाथपिण्डिक सेठ (अनाथपिण्डिकको भाइ)ले नै सबै प्रत्ययहरूद्वारा उनीहरूको उपस्थान गरे। मानिसहरू "भगवान् कहाँ हुनुहुन्छ ?" भनी जान्नको लागि



Downloaded from http://www.dhamma.digital

अनिरुद्ध स्थविरसंग याचना गरे। स्थविरले आलोकलाई बढाएर दिव्यचक्षुद्वारा त्यहाँ वर्षावास गर्दै गरेको भगवान्लाई देख्नुभयो र देख्नुभएअनुसार उनीहरूलाई सो कुरा बताउनुभयो।

तब ती मानिसहरूले भगवान्को बन्दना गर्नको लागि महामौद्गल्यायन स्थविरसंग याचना गरे। स्थविरले परिषदको बीचमा नै महापृथ्वीमा डुबेर सिनेरु पर्वतलाई छेडेर, तथागतको खुट्टा नजिक भगवान्को खुट्टालाई बन्दना गरेजस्तै गरी बाहिर निस्कनुभएर भगवान्लाई भन्नुभयो - "भन्ते, जम्बुद्वीपवासी "भगवान्को खुट्टामा बन्दना गरी, दर्शन गरेर नै जान्छौ, भन्दछन्।" भगवान्ले भन्नुभयो - "मौद्गल्यायन, यस समय तिम्रो दाजु धर्म सेनापति कहाँ छ?"

"भन्ते, शंकास्य (संकिसा, फरुखावाद जिल्ला, भारत) नगरमा।"

"मौद्गल्यायन, मलाई हेर्ने इच्छा हुनेहरू भोली शंकास्य नगरमा आवस्, म भोली महापवारणाको कात्तिक पूर्णिमासीको उपोसथको दिन शंकास्य नगरमा उत्रिने छु।"

"भन्ते, धेरै राम्रो" भनेर स्थविर दशबललाई बन्दना गरेर आएको मार्गबाट नै उत्रेर ती मानिसहरूकहाँ पुग्नुभयो। जाने र आउने समय जसरी उहाँलाई मानिसहरू देख्छन् त्यसरी नै उहाँले अधिष्ठान गर्नुभयो। मौद्गल्यायन स्थविरले यस प्रकट हुने प्रातिहार्यलाई गर्नुभयो। उहाँले यसरी आउनुभएर त्यस समाचारलाई सबैलाई भन्नुभएर 'टाढा छ" यस्तो विचार गर्नु नभई 'जलपान गरेर नै हिंड' भन्नुभयो।

भगवान्ले देवताहरूका राजा शक्र (इन्द्र) संग भन्नुभयो - "महाराज, भोलि मनुष्यलोक जानेछु।" देवराजले विश्वकर्मालाई आज्ञा दिए - "तात, भगवान् भोलि मनुष्यलोक जान चाहनुहुन्छ, तीन सिंढीको पंक्ति बनाउ - एउटा सुनको, एउटा चाँदीको, एउटा मणिको।" विश्वकर्माले पनि त्यसरी नै गऱ्यो।

भगवान्ले दोस्रो दिन सिनेरुको टुप्पामा उभिनुभएर पूर्वी लोकधातुलाई देख्नुभयो। अनेक हजार चक्रवाल खुल्ला आँगनजस्तै प्रकाशित भए। जसरी पूर्वमा त्यसरी नै पश्चिममा पनि, उत्तरमा पनि, दक्षिणमा पनि, सबैलाई खुला भएको देख्नुभयो। तल अवीचिसम्म, माथि जहाँसम्म अकनिष्ठ भवन छ, त्यहाँसम्म हेर्नुभयो। त्यस दिन लोक विवरण भएको थियो। मनुष्य पनि देवहरूलाई देख्दथे, देवहरू पनि मानिसहरूलाई देख्दथे। त्यहाँ न मनुष्य माथि हेर्दथे न देव तल हेर्दथे। सबै अगाडि एक अर्कालाई हेर्दथे।

भगवान् बीचको मणिमय सोपान (सीढी) बाट उत्रिनुभयो। कामावचर देवताहरू वाँयाको सुवर्णमय र शुद्धावासका अनागामी ब्रह्माहरू तथा सहम्पति महाब्रह्मा दायाँको रजतमय सिंढीबाट उत्रिए। देवराजले पात्र चीवर ग्रहण गर्नुभयो। महाब्रह्मा तीन योजनको श्वेत छत्र, सुयाम चंवर, पञ्चशिख गन्धर्व पुत्र तीन गव्यूति (दुई हजार धनुषको दुरी, दुई कोश ४ मील) को वेणुव नामक पाण्डु वीणा लिएर तथागतको पूजा गर्दै उत्रिए। त्यस दिन भगवान्लाई देखेर बुद्ध हुने अभिलाषा नगरी सत्व नै थिएन। भगवान्ले यो प्रकट हुने प्रातिहार्य गर्नुभयो।

## धर्मदिन्न स्थविरको प्रातिहार्य

ताम्रपर्णीद्वीप श्रीलंकामा तलङ्गरवासी धर्मदिन्न स्थविरले पनि तिष्य महाविहारको चैत्यको आँगनमा बसेर "भिक्षुहरू, तीन कुराले युक्त भिक्षु अपर्णक (विल्कुल सीधा) मार्गमा हिंड्ने हुन्छ। यसप्रकार अंगुत्तर



Downloaded from http://www.dhamma.digital

निकाय (३) को अपण्णक सुत्तलाई भन्नुहुँदै पंखालाई तलतिर पार्नुभयो । ब्रह्मलोकसम्म एक आँगन भयो । स्थविरले नरकको भयले भयभीत गर्नुभई र स्वर्गको सुखले प्रलोभित गरी धर्मोदेश गर्नुभयो । कोहीकोही स्रोतापन्न भए, कोहीकोही सकृदागामी, अनागामी, अर्हत भए ।

अन्तरधान गर्ने इच्छाले आलोक या अन्धकार गर्दछ । नढाकिएकोलाई ढाक्ने या देखिएकोलाई नदेखिने गर्दछ । कसरी ? यो जसरी नढाकिएको पनि या नजिक उभिएको पनि देखिंदैन, यसरी आफ्नो या अरूलाई गर्न चाहँदै पादकध्यानबाट उठेर "यो आलोकको स्थान अन्धकार होस् यो नढाकिएको ढाकियोस् या देखिएको नदेखियोस्" भनी यसरी आवर्जन गरी परिकर्म गरी उक्तप्रकारले नै अधिष्ठान गर्दछ । अधिष्ठानचित्तसंगै अधिष्ठान गरेझैं हुन्छ । अरू व्यक्ति नजिक उभिएको पनि देखिंदैन, स्वयं पनि देख्न नचाहेमा देखिंदैन ।

यो प्रातिहार्य कसद्वारा पहिला गरिएको थियो ? भगवान्द्वारा ।

## भगवानको अन्तर्धान प्रातिहार्य ।

यश कुलपुत्र वैरागले विरक्त भएर राति नै घरबाट निस्केर हा ! दुःख, हा !! दुःख भनी कराउँदै सारनाथ मृगदाव वनमा आए । भगवान्ले उसलाई बोलाउनुभएर धर्मोपदेश दिनुभयो । धर्मोपदेश सुनेर यशले अर्हत्व प्राप्त गर्नुभयो । भोलिपल्ट विहानै छोरालाई खोज्दै यशको पिता पनि भगवान्कहाँ आइपुगे । तब यशपितालाई पनि भगवान्ले धर्मोपदेश गर्नुभयो । तर यशपिताले आफ्नोनजिक बसेको छोरालाई नदेख्ने गरी यशलाई अन्तर्धान गराइराख्नुभयो ।

## कप्पिनको लागि प्रातिहार्य

महावग्ग विनयपिटकअनुसार भगवान् एकदिन एक सय बीस योजन जानुभएर महाकप्पिनलाई भेट (स्वागत) गरी उसलाई अनागामी फल र उसको हजार अमात्य (मंत्री) हरूलाई स्रोतापत्ति फलमा प्रतिष्ठित गर्नुभयो । केही समयपछि उसको पछिपछि हजार स्त्रीहरूको परिवारसंग आएकी रानी अनोजा देवी आएर नजिकमा बसेको भए तापनि परिषदसंगै राजालाई नदेख्नेगरी, अन्तर्धान गर्नुभयो । तब रानी अनोजा देवीले "के भन्ते, राजालाई देख्नुभयो ?" भनी सोद्धा "के तिमीलाई राजालाई खोज्नु उत्तम छ कि आफूलाई ?" भन्नुभयो । तब "भन्ते, आफूलाई खोज्नु उत्तम" भनी जवाफ दिंदा भगवान्ले आफूलाई खोज्ने धर्मोपदेश दिनुभयो । तब अनोजा देवी उपदेश सुन्न बस्दा त्यसरी नै धर्मोपदेश दिनुभयो, जसरी अनोजादेवी हजार स्त्रीहरूसंग स्रोतापत्ति फलमा प्रतिष्ठित भए, अमात्यहरू अनागामी फल र राजा अर्हत्वमा प्रतिष्ठित भए ।

अर्को घटना, ताम्रपर्णी द्वीपमा आउनुभएको दिन (इ. पू. ३२५) जसरी आफूसंग आएका इट्ठिए, उत्तिय, सम्वल, भद्दसाल शेष भिक्षुहरूलाई राजाले नदेखोस्, त्यसैप्रकार महामहेन्द्र स्थविरद्वारा पनि यो प्रातिहार्य गर्नुभयो ।

सबै व्यक्तरूपले हुने प्रातिहार्य प्रकट छन् र अव्यक्तरूपले हुने प्रातिहार्य अन्तर्धान । त्यसमा प्रकट प्रातिहार्यमा ऋद्धि पनि थाहा हुन्छ र ऋद्धिमान् पनि थाहा छन् । त्यसलाई यमक प्रातिहार्यद्वारा प्रकाशित गर्नुपर्दछ । त्यहाँ "तथागत यमक प्रातिहार्य गर्नुहुन्छ, श्रावकहरूभन्दा असाधारण, माथिल्लो शरीरबाट



Downloaded from http://www.dhamma.digital

अग्निस्कन्ध निस्कन्छ तल्लो शरीरबाट जलधारा निस्कन्छ।" यसरी ऋद्धि र ऋद्धिमान् दुवै थाहा हुन्छ। अव्यक्त प्रातिहार्यमा ऋद्धि मात्र थाहा हुन्छ, ऋद्धिमान् होइन। त्यसलाई संयुक्त निकाय (३९,४)को महक सूत्र र मज्झिम निकाय (१,४,९)को ब्रह्मनिमन्तनिक सूत्रद्वारा प्रकाशित गर्नुपर्दछ। त्यहाँ आयुष्मान् महक र भगवान्को ऋद्धि नै थाहा हुन्छ, ऋद्धिमान् होइन।

## आयुष्मान महकको ऋद्धि प्रातिहार्य

जसरी भनिएको छ – "एक छेउ बसेको चित्त गृहपतिले आयुष्मान् महकलाई भन्यो - धेरै राम्रो भन्ते, मेरो आर्य महक दश कुशल कर्म पथ (मनुष्य धर्म) भन्दा माथिको अलौकिक ऋद्धि प्रातिहार्यलाई देखाउनुहोस्।"

"तब, तिमी गृहपति, आँगनमा उत्तरासंग (ओढ्ने चीवर)लाई बिच्छयाएर घाँसको थुप्रोलाई छरिदेउ।"

"हवस् भन्ते" भनेर चित्त गृहपति आयुष्मान् महकलाई उत्तर दिएर, आँगनमा आएर, उत्तरासंग बिच्छयाएर, घाँसको थुप्रो छर्‍यो। तब आयुष्मान् महक विहारमा प्रवेश गरी त्यसप्रकार ऋद्धि अभिसंस्कार (प्रयोग) गर्नुभयो, जसप्रकार ताल्चाको प्वाल र ढोकाको प्वालबाट आगोको मुश्लो निस्केर घाँस सबै बले तर उत्तरासंग बलेन।"

अरू, जसरी मज्झिम निकाय (१,५,९) अनुसार भनिएको छ – "तब म भिक्षुहरू, त्यसप्रकार ऋद्धि प्रयोग गरें कि यतिमा नै ब्रह्मा परिषद् र ब्रह्म सभासद मेरो शब्दलाई सुन्दथे, तर मलाई देख्दैनथे, अन्तर्धान भएर मैले यस गाथालाई भने –

*भवे वाहं भयं दिस्वा भवञ्च विभवेसिनं।*
*भवं नाभिवदिं किञ्चि नान्दिञ्च न उपादियि॥*

(म संसारमा भयलाई देखेर नै र धनसम्पत्तिको इच्छुकलाई पनि संसारमा नै देखेर, तृष्णादृष्टिको रूपमा केही पनि संसारलाई ग्रहण गरिन र नन्दिलाई पनि ग्रहण गरिन।)

## नठोकिकन जानु

*तिरोकुड्डं तिरोपकारं तिरोपब्बतं असज्जमानो गच्छति सेय्यथापि आकासे।*

यहाँ तिरोकुड्डं = पर्खालको वारपार। पर्खालको अर्को भागलाई भनिएको हो। यसरी नै अर्को शब्दमा पनि कुड्डो = घरको भित्ताको यो नाम हो। पाकारो = घर, विहार, गाउँ आदिलाई घेरिएको पर्खाल। पब्बतो = माटोको पर्वत या ढुंगाको पर्वत। असज्जमानो = नलागिकन, नछुएर। सेय्यथापि आकासे = जस्तै आकाशमा भएको समान।

यसरी जान चाहनेलाई आकाशकसिणमा समापन्न भएर त्यसबाट उठेर पर्खाल या सिनेहरू पर्वत, चक्रवाल (ब्रह्माण्ड) मध्ये कुनै एक पर्वतको आवर्जन गरी परिकर्म गरी "आकाश होस्" यसरी अधिष्ठान गर्नुपर्दछ। तब आकाश नै हुन्छ। तल उत्रिन चाहनेलाई या माथि बढाउन चाहनेलाई खोक्रो हुनेछ। छेडेर जान चाहनेलाई प्वाल। ऊ त्यहाँ बिनाछुएर जानेछ।



Downloaded from http://www.dhamma.digital

त्रिपिटकधारी चूलाभय स्थविरले यहाँ भन्नुभयो – "आवुसो आकाशकसिणलाई किन समापन्न हुन जान्छ ? के हात्तीघोडा आदि कसिणहरूमा समापन्न हुन्छ ? जुनकुनै पनि कसिणमा परिकर्म गरी (चार ध्यान र चार आरुप्य) आठ समापत्तिहरूमा वशीभाव प्राप्त गर्नु नै पर्याप्त छ, जेजे चाहन्छ, त्योत्यो हुन्छ, होइन ?" भिक्षुहरूले भने – "भन्ते पालिमा आकाशकसिण नै आएको छ त्यसैले अवश्य पनि यही नै भन्नुपर्दछ।"

यो पाली हो – "प्रकृतिद्वारा आकाशकसिण समापत्तिको लाभ हुन्छ, भित्ताको वारपार, पर्खालको वारपार, पर्वतको वारपारको आवर्जन गर्दछ। आवर्जन गरी ज्ञानले अधिष्ठान गर्दछ – 'आकाश होस्' तब आकाश नै हुन्छ। भित्ताको वारपार, पर्खालको वारपार, पर्वतको वारपार विनाछुएर जान्छ। जसरी प्रकृतिले विनाऋद्धि भएको व्यक्ति, कसैद्वारा अनावृत, नघेरिएकोमा नछुइकन जान्छ। यसरी नै ऊ ऋद्धिमान चित्तमाथि वशीभावलाई प्राप्त, भित्ताको वारपार, पर्खालको वारपार, पर्वतको वारपार नछुइकन जान्छ जसरी कि आकाशमा।

यदि अधिष्ठान गरी जाने भिक्षुलाई बीचमा पर्वत या रूख उम्रिन्छ तब के फेरि समापन्न भएर अधिष्ठान गर्नुपर्दछ ? दोष छैन। जसरी "भन्ते मेरो आचार्य बन्नुहोस्, आयुष्मान्‌को सहारामा रहनेछु" भनी यसरी निश्रय (आधार) ग्रहण गरी आचार्यकहाँ भिक्षु बस्दछ। तर उपाध्यायसंग निश्रय ग्रहण गर्नु पर्ने काम छैन, यस्तो हुँदा पनि निश्रय ग्रहण गर्नुमा दोष छैन। फेरि समापन्न भएर अधिष्ठान गर्नु उपाध्यायसंग निश्रय ग्रहण गर्नुभैं हुन्छ। यस भिक्षुद्वारा 'आकाश होस्' यसरी अधिष्ठान गरेको कारण आकाश नै हुन्छ। पूर्व अधिष्ठानको बलद्वारा उसको बीच अर्को पर्वत या बृक्ष ऋतुअनुसार उम्रन्छ - यो असम्भव नै छ। दोस्रो ऋद्धिमान्‌द्वारा निर्मित हुँदा प्रथम निर्माण बलवान् हुन्छ। अर्कोलाई उसको माथि या तल जानुपर्दछ।

## पृथ्वीमा डुबुल्की लगाउनु

पठवियापि उम्मुज्जनिम्मुज्जं = यहाँ उम्मुजं = उत्रिनु भनिएको छ। निमुज्जं = डुब्नु। उत्रिनु र डुब्नु नै उम्मुजनिमुज्जं हो। यस्तो गर्न चाहनेलाई आपोकसिणलाई समापन्न भएर त्यसबाट उठेर 'यति स्थानमा पृथ्वी पानी होस्' यसरी परिच्छेद गरी परिकर्म गरी उक्तप्रकारले नै अधिष्ठान गर्नुपर्दछ। अधिष्ठानसंगै परिच्छेद गरिएको स्थानमा पृथ्वी पानी नै हुन् जान्छ। ऊ त्यहाँ डुबुल्कि मार्दछ।

यो पालि हो – "प्रकृतिले आपोकसिण समापत्तिको लाभी हुन्छ, पृथ्वीलाई आवर्जन गर्दछ, आवर्जन गरी ज्ञानद्वारा अधिष्ठान गर्दछ - 'पानी होस् भन्दा पानी हुन्छ। ऊ पृथ्वीमा डुबुल्कि मार्दछ। जसरी प्रकृतिले अऋद्धिमान् पानीमा डुबुल्कि मार्दछ, यसरी नै ऋद्धिमान् चित्तमाथि वशीभावप्राप्त, पृथ्वीमा डुबुल्कि लगाउँछ, जस्तै कि पानीमा।"

केवल डुबुल्कि लगाउनु नै होइन, नुहाउनु, पिउनु, मुख धुनु, सामान धुनु, आदिमा जसजसलाई चाहन्छ, त्यसत्यसलाई गर्दछ। मात्र पानी नै होइन घिउ तेल, मधु, सख्खर आदिमा जसजसलाई चाहन्छ, त्यसत्यसलाई 'यो यति होस्' यसरी आवर्जन गरी परिकर्म गरी, अधिष्ठान गर्नेलाई अधिष्ठान गरिएअनुसार हुन्छ। उठाएर भाडामा राख्नेलाई घिउ, घिउ नै हुन्छ। तेल आदि तेल आदि नै हुन्छ, पानी, पानी नै हुन्छ। ऊ त्यहाँ भिजाउन चाहेमा भिजाउन सक्छ, भिजाउन नचाहेमा भिज्दैन। उसको लागि नै पृथ्वी पानी हुन्छ, शेष व्यक्तिहरूको लागि होइन। त्यहाँ मनुष्य पैदल पनि जान्छ, सवारी आदिबाट



Downloaded from http://www.dhamma.digital

पनि जान्छ, खेती आदि पनि गर्दछ नै । यदि यो 'उसको लागि पनि जल होस् यस्तो चाहन्छ, तब हुन्छ नै । तर परिच्छेद गरिएको समयलाई व्यतित गरी जुन प्रकृतिभन्दा ठूलो, तलाउ आदिमा पानी हुन्छ त्यसलाई छाडेर अवशेष परिच्छेद गरिएको स्थान पृथ्वी नै हुन्छ ।

## पानीमाथि हिंड्नु

उदकेपि अभिज्जमाने = यहाँ जो पानीमाथि खुट्टा राख्दा डुब्दछ, उ भेद्यमान भनिन्छ । त्यसको विपरित अभेद्यमान् । यसरी हिंड्न चाहनेलाई पृथ्वीकसिणलाई समापन्न गरेर, उठेर 'यति स्थानमा पानी पृथ्वी होस्' यसरी परिच्छेद गरी परिकर्म गरी उक्तप्रकारले नै अधिष्ठान गर्नुपर्दछ । अधिष्ठानसंगै जसरी परिच्छेद गरिएको स्थानमा जल पृथ्वी नै हुन्छ । ऊ त्यहाँ हिंड्दछ ।

यो पालि हो - "प्रकृतिले पृथ्वीकसिण समापत्तिको लाभी हुन्छ, पानीको आवर्जन गर्दछ । आवर्जन गरी ज्ञानले अधिष्ठान गर्छ – 'पृथ्वी होस्' तब पृथ्वी नै हुन्छ । अभेद्यमान् पानीमाथि हिंड्छ । जसरी अऋद्धिमान् प्रकृतिले अभेद्यमान् पृथ्वीमा हिंड्दछ त्यसरी नै उ ऋद्धिमान चित्तमाथि वशीभावप्राप्त अभेद्यमान् पानीमाथि हिंड्दछ, जसरी पृथ्वीमा ।"

न केवल हिंड्दछ, बरू ऊ जुनजुन इर्यापथलाई चाहन्छ, त्यसलाई पनि गर्दछ र न मात्र पृथ्वीमा बरू मणि, सुवर्ण, पर्वत, वृक्ष आदिमा पनि जसजसलाई चाहन्छ त्यसत्यसलाई उक्तप्रकारले नै आवर्जन गरी अधिष्ठान गर्दछ र अधिष्ठान गरिएअनुसार नै हुन्छ । उसको लागि नै त्यो पानी पृथ्वी हुन्छ, अन्यहरूलाई पानी नै । माछा, कछुवा र पानी काग आदि इच्छानुसार विचरण गर्दछन् । यदि अन्य मनुष्यहरूको लागि पनि उसले पृथ्वी बनाउन चाहन्छ भने, तब बन्दछ पनि । तर परिच्छेद गरिएको समय बित्दा पानी नै हुन जान्छ ।

## आकाशबाट जानु

पल्लंकेन कमति - पलेटी मारेर जान्छ । पक्खिसकुणो - प्वांखयुक्त चरा । यस्तो गर्न चाहनेलाई पृथ्वीकसिणलाई समापन्न भएर, उठेर यदि बसेर जान्न चाहन्छ भन्ने तब पलेटी बराबरको स्थान परिच्छेद गरी परिकर्म गरी उक्तप्रकारले नै अधिष्ठान गर्नुपर्दछ । यदि सुतेर जान चाहेमा तब खाटको बराबर, यदि खुट्टाले जान चाहेमा तब बाटो बराबर । यसरी यथानुरूप स्थानको परिच्छेद गरी उक्तप्रकारले नै 'पृथ्वी होस्' भनि अधिष्ठान गर्नुपर्छ । अधिष्ठानसंग पृथ्वी नै हुन जान्छ ।

यो पालि हो - "आकाशमा पलेटि मारेर जान्छ जसरी प्वांख भएको चरा । प्रकृतिले पृथ्वीकसिण समापत्तिको लाभी हुन्छ, आकाशको आवर्जन गर्दछ, आवर्जन गरेर ज्ञानले अधिष्ठान गर्दछ 'पृथ्वी होस्' तब पृथ्वी हुन जान्छ । ऊ आकाशमा चक्रमण पनि गर्दछ उभिन्छ पनि, बस्दछ पनि, सुत्दछ पनि । जसरी अऋद्धिमान् प्रकृतिले पृथ्वीमा चक्रमण गर्दछ ... सुत्दछ पनि यसरी नै ऊ ऋद्धिमान् चित्तमाथि वशिभावलाई प्राप्त आकाशमा चक्रमण गर्दछ ... सुत्दछ पनि ।"

आकाशमा जाने इच्छुक भिक्षुलाई दिव्यचक्षुको लाभी हुनु पनि पर्दछ । किन ? बीचमा ऋतुद्वारा उत्पन्न पर्वत वृक्ष आदि हुन्छन् या दिव्य नाग, गरुड ईर्ष्या गरी बाधाहरू बनाउँछन् त्यसलाई देख्नको लागि । त्यसलाई देखेर के गर्नुपर्छ ? पादकध्यानलाई समापन्न भएर, उठेर 'आकाश होस्' भनी परिकर्म



Downloaded from http://www.dhamma.digital

गरी अधिष्ठान गर्नुपर्दछ ।

त्रिपिटकधारी चूलाभय स्थविरले भन्नुभयो – "आवुस, समापत्तिको समापन्न हुनु केको लागि हो ? यसको चित्त एकाग्र नै छ नि ? ऊ जुनजुन स्थानलाई "आकाश होस्" अधिष्ठान गर्दछ तब आकाश नै हुन्छ ।" यद्यपि यसो भनिएको छ तर भित्ताको वारपार जाने प्रातिहार्यमा उक्तप्रकारले नै गर्नुपर्दछ । अवकाश स्थानमा उत्रने योगीको लागि पनि दिव्यचक्षुको लाभी हुनुपर्दछ । यदि ऊ अवकाशरहित स्थान गरी घाट या गाउँको द्वारमा उत्रन्छ तब महाजनसमूहको अगाडि प्रकट हुन्छ । यसैले दिव्यचक्षुले देखेर अवकाशरहित स्थानलाई छाडेर अवकाशयुक्त स्थानमा उत्रन्छ ।

## चन्द्रसूर्यलाई छुनु

*इमेपि चन्दिमसुरिये एवं महिद्धिके एवं महानुभावे पाणिना परामसति परिमज्जति* = यस्तो महातेजश्वी सूर्य चन्द्रलाई पनि हातले छुन्छ र मल्दछ । यहाँ चन्द्रसूर्य बयालीस हजार योजन (बयालीस हजार योजन प्रथमकल्पअनुसार भनिएको हो । तर प्रतिवर्ष पृथ्वी थोरै थोरै मोटो हुँदैछ । अतः चन्द्रसूर्यको उचाई आजकाल त्यस दुरीभन्दा कम हुनेछ ।) माथि घुम्नाले महातेजश्वी हुनु र तीनै द्वीपहरूमा एकै क्षणमा प्रकाश गर्नाले महाआनुभावको हुन जान्नुपर्दछ । यसप्रकार माथि घुम्ने या प्रकाश गर्नाले महिद्धिके । त्यसै महातेजको हुनाले महानुभावे । परामसति = पक्रन्छ या एक छेउ हुन्छ । परिमज्जति = चारैतिरबाट ऐनाजस्तै मल्दछ ।

यो यसको ऋद्धि अभिज्ञा पादकध्यानले नै सिद्ध हुन्छ, यहाँ कसिण समापत्तिको नियम छैन । पटिसम्भिदामग्गमा भनिएको छ - 'यी चन्द्रसूर्यलाई ... मल्दछ - यहाँ त्यो चित्तमाथि वशीभावप्राप्त ऋद्धिमान् ... चन्द्रसूर्यको आवर्जन गर्दछ, आवर्जन गरी ज्ञानले अधिष्ठान गर्दछ - 'हातको नजिक होस्' तब हातको नजिक हुन्छ । ऊ बसेर या सुतेर चन्द्रसूर्यलाई हातले छुन्छ । स्पर्श गर्दछ, मल्दछ । जसरी मनुष्य प्रकृतिले अऋद्धिमान् नहुँदै कुनै रूपलाई हातले छुन्छ, स्पर्श गर्दछ, मल्दछ । यसरी नै ऊ ऋद्धिमान् ... मल्दछ ।

यदि ऊ गएर स्पर्श गर्न चाहन्छ भने तब गएर स्पर्श गर्न सक्दछ । यदि यहीं बसेर या सुतेर स्पर्श गर्न चाहन्छ भने तब 'हातनजिक होउ' यसरी अधिष्ठान गर्दछ । अधिष्ठानबलद्वारा बोटबाट खसेको ताडको फलजस्तै आएर हात नजिक उभिएर स्पर्श गर्दछ या हात बढाएर । बढाउनेको के उपादिन्नक (कर्मले उत्पन्न रूप) बढ्दछ ? या अनुपादिन्नक (यहाँ चित्तद्वारा उत्पन्न रूप मात्र अभिप्रेत छ ।) उपादिन्नकको सहारा अनुपादिन्नक बढ्दछ ।

यस सम्बन्धमा त्रिपिटकधारी चूलनाग स्थविरले भन्नुभयो - "के आवुस, उपादिन्नक सानो पनि, ठूलो पनि हुँदैन ? जब भिक्षु ताल्चा आदिको प्वालबाट निस्कन्छ तब उपादिन्नक सानो हुन्छ जब शरीरलाई ठूलो बनाउँछ तब महामौद्ल्यायन स्थविरजस्तै ठूलो हुन्छ होइन ?

## नन्दोपनन्द दमन प्रातिहार्य

एक समय अनाथपिण्डिक गृहपति भगवान्को धर्मोपदेश सुनेर - "भन्ते भोलि पाँच सय भिक्षुहरूसंगै हाम्रो घरमा भिक्षा ग्रहण गर्नुहोस्" भनी निमन्त्रणा दिएर हिंड्यो । भगवान्ले स्वीकार गरी त्यस दिनको



Downloaded from http://www.dhamma.digital

अवशेष भाग र रात्रिलाई व्यतीत गरी उषाको समय दश हजार लोकधातुलाई हेर्नुभयो । तब उहाँलाई नन्दोपनन्द नामक नागराजा ज्ञानमुखमा देखापऱ्यो ।

भगवान्‌ले - 'यो नागराजा मेरो ज्ञानमुखमा देखापरिरहेको छ, के यसलाई उपनिश्रय छ ?" भनी यसरी आवर्जन गर्दै हेर्नुहुँदा - 'यो मिथ्यादृष्टिको छ, त्रिरत्नमा (बुद्ध, धर्म, संघ) श्रद्धा राख्दैन" भनी देख्नुभएर "कसले यसलाई मिथ्यादृष्टिबाट छुटाउँछ ?' भनी यसरी विचार गर्नुभई महामौद्गल्यायन स्थविरलाई देख्नुभयो । तत्पश्चात् रात्रिको समय वितेर, शरीर कृत्य गर्नुभएर, आयुष्मान् आनन्दलाई आमन्त्रित गर्नुभएर - आनन्द, पाँच सय भिक्षुहरूलाई भन कि तथागत देवलोक घुम्न जानुहुँदैछ ।"

त्यस दिन नन्दोपनन्दको भोजन गर्ने स्थान सजाइएको थियो । ऊ दिव्य रत्नको खाटमा, दिव्य सेतो छत्रले धारण गरिएको, तीन प्रकारका (वधू, कुमारी र कन्या) नर्तकीहरू र नाग परिषदले घेरिएर दिव्यभाडाहरूमा सजाइएको अन्न पेयको विधिको अवलोकन गर्दै बसिरहेको थियो । तब भगवान् जसरी गर्दा नागराजाले देख्नेछ त्यसरी नै गर्नुभएर, उसको शिरमाथि बाट नै ५०० भिक्षुहरूसंगै तावतिंस देवलोकतिर जानुभयो ।

त्यस समयमा नन्दोपनन्द नागराजाको यस्तो खराब दृष्टि उत्पन्न भएको थियो - "यी मुण्डे श्रमण, हाम्रो भवनको माथिमाथि बाट नै तावतिंस देवहरूको भवनमा प्रवेश पनि गरिरहेका छन्, निस्की पनि रहेका छन् । अब आजदेखि लिएर यिनीहरूलाई आफ्नो टाउकोमाथि खुट्टाको धूलो छर्दै जाने दिने छैन ।" यति विचार गरी, ऊ उठेर सिनेरूको तल गएर उसले आफ्नो रूपलाई त्यागी, सिनेरुलाई सातपल्ट शरीरको भोगहरूले बेरेर, माथि फण फैलाएर तावतिंस भवनलाई झूकेको फणले पक्रेर अदृश्य गरिदियो ।

तब आयुष्मान् राष्ट्रपालले भगवान्‌संग भन्नुभयो - "भन्ते, पहिला यस प्रदेशमा उभिएको सिनेरुलाई देखिन्थ्यो, सिनेरुको परिमाण्ड (मेखला, ढाड)लाई देखिन्थ्यो, तावतिंसलाई देखिन्थ्यो, वैजयन्तलाई देखिन्थ्यो, बैजयन्त प्रासादमाथिको ध्वजालाई देखिन्थ्यो । भन्ते, कुनचाहिं हेतु, कुनचाहिं प्रत्यय हो, जुन कि यस समय न त सिनेरु देख्दछु ... न बैजयन्त प्रसादमाथिको ध्वजालाई नै देख्दछु ।"

"राष्ट्रपाल, यो नन्दोपनन्द नामक नागराजा तिमीहरूप्रति क्रुद्ध भएर, सिनेरुलाई सातपल्ट भोगहरूले बेरेर, माथि फणले ढाकेर अन्धकार गरिरहेको छ ।"

"भन्ते म उसलाई दमन गरूँ ?"

भगवान्‌ले आज्ञा दिनुभएन । तब आयुष्मान् भद्दिय, आयुष्मान् राहुल यसप्रकार क्रमशः सबै भिक्षुहरू उठ्नुभयो । भगवान्‌ले कसैलाई पनि आज्ञा दिनुभएन ।

अन्तमा महामौद्गल्यायन स्थविरले - "भन्ते, म दमन गरूँ ? भन्नुभयो । "मौद्गल्यायन दमन गर" भनी भगवान्‌ले आज्ञा दिनुभयो ।

स्थविरले आफ्नो रूप त्याग्नुभएर, ठूलो नागराजाको रूप बनाएर नन्दोपनन्दलाई चौधपल्ट भोगहरूले बेरेर, उसको फणमाथि आफ्नो फणलाई राख्नुभई, सिनेरुसंगै दबाउनुभयो । नागराज धुवां छोड्न थाल्यो । स्थविरले पनि - 'तेरो मात्र शरीरमा धूवां छैन मेरो पनि छ' भन्नुभएर धूवां



Downloaded from http://www.dhamma.digital

छाड्नुभयो । नागराजाको धूवां स्थविरलाई कष्ट दिंदैन थियो तर स्थविरको धूवांले नागराजालाई कष्ट दिन्थ्यो । तत्पश्चात् नागराजा प्रज्ज्वलित भइउठ्यो । स्थविर पनि "तेरो मात्र शरीरमा आगो छैन, मेरो पनि छ" भन्नुभएर प्रज्ज्वलित हुनुभयो । नागराजाको आगो स्थविरलाई पीढित गर्दैनथ्यो । तर स्थविरको आगो नागराजालाई पीढित गर्दथ्यो ।

नागराजाले - "यो मलाई सिनेरुसंग दबाएर धूवां छोड्दैछ र प्रज्वलित भइरहेको छ" भनी सोचेर - हे, तिमी को हौ ? भनी सोध्यो ।

"नन्द, म मोद्‌गल्यायन हुँ ।" "भन्ते, आफ्नो भिक्षुरूपमा हुनुहोस्"

स्थविरले त्यो आफ्नो रुपलाई छाडेर उसको दाहिने कानको प्वालबाट प्रवेश गरी बायाँ कानको प्वालबाट निस्कनुभयो । त्यसरी नै दाहिने नाकको प्वालमा प्रवेश गर्नुभई बायां नाकको प्वालबाट निस्कनुभयो र वायां नाकको प्वालबाट प्रवेश गर्नुभई दायां नाकको प्वालबाट निस्कनुभयो । तत्पश्चात् नागराजाले मुख फैलायो । स्थविर मुखबाट प्रवेश गरी भित्र पेटमा पूर्वबाट पश्चिम, पश्चिमबाट पूर्व चक्रमण गर्न थाल्नुभयो ।

भगवान्‌ले - "मौद्‌गल्यायन । मौद्‌गल्यायन ! ख्याल गर ! यो नाग महाऋद्धिमान् छ" भन्नुभयो । स्थविरले "भन्ते, मैले चार ऋद्धिपादहरूको भावना गरेको छु, अभ्यास गरेको छु, तरिका बनाइसकेको छु,, बानी बसाइसकेको छु, अनुत्थित, परिचित, सुसमारब्ध छ । भन्ते, नन्दोपनन्द रूकोस्, म नन्दोपनन्दजस्तै सय पनि, हजार पनि, लाख पनि नागराजाहरूलाई दमन गर्नेछु" भन्नुभयो ।

नागराजाले सोच्यो - "प्रवेश गर्ने समय मैले देखिन, निस्कने समय अब उसलाई दाँतहरूको बीचमा राखेर चपाउने छु ।" यसप्रकार सोचेर "भन्ते निस्कनुहोस् भित्र पेटमा यताबाट उता चक्रमण गर्दै मलाई पीढित नगर्नुहोस्" भन्यो । स्थविर निस्केर बाहिर उभिनुभयो । नागराजाले 'त्यो यो हो' भनी देखेर नाकको हावालाई छोड्यो । स्थविर तुरुन्तै चतुर्थध्यानमा समापन्न हुनुभयो । रौं को प्वाललाई पनि उसको हावाले हल्लाउन सकेन । अवशेष भिक्षु प्रारम्भदेखि लिएर सबै प्रातिहार्यहरूलाई गर्न सक्नुहुन्थ्यो तर यस स्थानलाई पाएर यसरी तुरुन्तै ध्यान समापन्न हुन सक्नुहुन्नथ्यो । यसैले भगवान्‌ले उहाँहरूलाई नागराजाको दमनको लागि आज्ञा दिनुभएन ।

नागराजाले - "म यस श्रमणलाई, नाकको हावाले रौं को प्वाल पनि हल्लाउन सकिन । श्रमण महाऋद्धिमान छ" भनी सोच्यो । स्थविर आफ्नो रूप छाडेर गरुडको रूप बन्नुभयो । गरुडको हावा देखाउनु हुँदै नागराजाको पछाडि लाग्नुभयो । नागराजाले आफ्नो रूपलाई छाडेर माणवकको रूप बनाएर - "भन्ते, म तपाईंको शरण जान्छु" भन्दै स्थविरको खुट्टामा बन्दना गऱ्यो । स्थविर "नन्द, शास्ता आउनुभएको छ, जाऔं हिंडौं" भन्दै नागराजालाई दमन गर्नुभएर निर्विष गर्नुभई भगवान् कहाँ जानुभयो ।

नागराजाले भगवान्‌को बन्दना गरेर भन्ते म तपाईंको शरण जान्छु" भन्यो । भगवान्‌ले - 'नागराजा सुखी होउ' भन्नुभएर भिक्षुसंघबाट घेरिएर अनाथपिण्डिकको घर जानुभयो । अनाथपिण्डिकले "भन्ते, किन धेरै समय बित्नु भएपछि आउनुभयो" भनी सोध्यो ।

"मौद्‌गल्यायन र नन्दोपनन्दको संग्राम भइरहेको थियो । "भन्ते, कसको जीत र कसको हार



Downloaded from http://www.dhamma.digital

भयो ?" "मौद्गल्यायनको जीत र नन्दको हार।"

अनाथपिण्डिकले - "भन्ते भगवान्, लगातार एक सप्ताहको लागि मेरो भोजन स्वीकार गर्नुहोस्, स्थविरलाई सप्ताहभरी सत्कार गर्नेछु" भनेर एक सप्ताभरी बुद्ध प्रमुख पाँच सय भिक्षुहरूलाई महासत्कार गऱ्यो।

यसप्रकार यस नन्दोपनन्दको दमनमा बनाइएको ठूलो शरीरको सम्बन्धमा भनिएको छ – "जब शरीर ठूलो बनाउँदछ, तब महामौद्गल्यायनझैं ठूलो हुन्छ"। यसो भन्दा पनि भिक्षुहरूले 'उपादिन्नकको सहाराले अनुपादिन्नक नै बढ्दछ" भने। यही यहाँ युक्ति छ।

ऊ यसरी गरेर न केवल चन्द्रसूर्यलाई स्पर्श गर्दछ, यदि चाहन्छ भने पदासन (खुट्टा राख्ने आसन) गरी खुट्टाको तल राख्दछ। कुर्सी बनाएर बस्दछ। खाट बनाएर सुत्दछ। अढेस लाग्ने तख्ता बनाएर अढेस लागि बस्दछ। जसरी एक त्यसरी नै अर्को पनि। अनेक लाख भिक्षुहरूलाई पनि यसो गर्दै गर्दा, ती एक एकलाई पनि त्यसरी नै सिद्ध हुन्छ। जसरी कि चन्द्रसूर्यको चलाउनु पनि, प्रकाश गर्नु पनि त्यसरी नै हुन्छ जसरी कि पानीले भरिएको हजार थालहरूमध्ये सबै थालहरूमा चन्द्रमण्डल देखापर्दछन्, चन्द्रको चल्नु र प्रकाश गर्नु स्वाभाविक नै हुन्छ, त्यसरी नै यो प्रातिहार्य हो।

## ब्रह्मलोक गमन

याव ब्रह्मलोकापि = ब्रह्मलोकको पनि परिच्छेद गरी। कायेन वसं वत्तेति = ब्रम्हलोकहरूदो शरीरले आफ्नो वशमा गर्दछ। त्यसको अर्थ पालिअनुसार जान्नुपर्दछ। यो पालि हो – "ब्रह्मलोक सम्मलाई पनि शरीरले वशमा गर्दछ। यदि चित्तमा वशीभावलाई प्राप्त त्यस ऋद्धिमान् ब्रह्मलोक जान चाहन्छ भने टाढा रहनेलाई पनि नजिक हुनको लागि अधिष्ठान गर्दछ - 'नजिक होस्' तब नजिक हुन जान्छ। नजिकमा भएकोलाई टाढा हुने अधिष्ठान गर्दछ। 'टाढा होस्' तब टाढा हुन्छ। धेरैलाई पनि धेरै हुने अधिष्ठान गर्दछ - 'धेरै होस्' तब धेरै हुन्छ। दिव्यचक्षुले त्यस ब्रह्माको रूपलाई देख्दछ। दिव्यस्रोतधातु (कान)ले त्यस ब्रह्माको शब्दलाई सुन्दछ। चैतोपर्यज्ञानले त्यस ब्रह्माको चित्तलाई राम्ररी जान्दछ। यदि चित्तमा वशीभावलाई प्राप्त त्यो ऋद्धिमान् देखिने गरी शरीरसहित ब्रह्मलोक जान चाहन्छ भने शरीरको स्तरमा चित्तलाई परिणत गर्दछ, शरीरको स्तरमा चित्तको अधिष्ठान गर्दछ। शरीरको स्तरमा चित्तलाई परिणत गरी, चित्तको स्तरमा चित्तको अधिष्ठान गर्दछ। शरीरको स्तरमा चित्तलाई परिणत गरी, चित्तको स्तरमा चित्तलाई अधिष्ठान गरी, सुखसंज्ञा र लघुसंज्ञालाई प्राप्त भएर, देखिने गरी शरीरद्वारा ब्रह्मलोक जान्छ। यदि त्यो चित्तमाथि वशीभावलाई प्राप्त ऋद्धिमान् अदृश्यमान् शरीरले ब्रह्मलोक जान चाहन्छ भने, चित्तको स्तरमा शरीरलाई परिणत गर्दछ, चित्तको स्तरमा शरीरको अधिष्ठान गर्दछ। चित्तको स्तरमा शरीरलाई परिणत गरी, चित्तको स्तरमा शरीरको अधिष्ठान्न गरी, सुखसंज्ञा र लघुसंज्ञालाई प्राप्त भएर अदृश्यमान् शरीरले ब्रह्मलोक जान्छ। ऊ त्यस ब्रह्माको अगाडि मनोमय सबै अंगप्रत्यंगले परिपूर्ण रूपलाई बनाउँछ। यदि ऊ ऋद्धिमान् चंक्रमण गर्दछ, तब निर्मित पनि त्यहाँ चंक्रमण गर्दछ। यदि ऊ ऋद्धिमान् उभिन्छ ... बस्छ ... सुत्छ तब निर्मित पनि त्यहाँ सुत्छ। यदि उ ऋद्धिमान् धुवाँ छोड्छ ... प्रज्ज्वलित गर्छ ... धर्मदेशना गर्छ ... प्रश्न सोध्छ ... प्रश्न सोद्धा जवाफ दिन्छ तब निर्मित पनि त्यहाँ ... प्रश्न सोद्धा उत्तर दिन्छ। यदि ऊ ऋद्धिमान् ब्रह्माको



Downloaded from http://www.dhamma.digital

अगाडि उभिन्छ, कुराकानी गर्दछ, छलफल गर्छ, तब निर्मित पनि त्यहाँ त्यस ब्रह्मासंग उभिन्छ, कुराकानी गर्छ, छलफल गर्छ। जसजसलाई त्यस ऋद्धिमान् गर्दछ, त्यसत्यसलाई नै निर्मितले गर्दछ।"

## टाढालाई नजिक बनाउनु

वहाँ दूरेपि सन्तिके अधिट्ठाति = पादकध्यानबाट उठेर टाढाको देवलोक या ब्रह्मलोकलाई आवर्जन गर्दछ - 'नजिक होस्', आवर्जन गरी, परिकर्म गरी, फेरि समापन्न भएर, ज्ञानले अधिष्ठान गर्दछ – 'नजिक होस्' तब नजिक हुन्छ। यसै गरी शेष पदहरूमा पनि बुझ्नुपर्दछ।

कसले टाढा रहेकोलाई नजिक गऱ्यो ? भगवान्ले । भगवान्ले यमक प्रातिहार्यको अन्तमा देवलोक जाँदा युगान्धर र सिनेरूलाई नजिक गरी पृथ्वी तलबाट एउटा खुट्टा युगान्धरमा राखेर अर्को खुट्टालाई सिनेरूको टाउकोमा राख्नुभयो।

अरू कसले गऱ्यो ? महामौद्गल्यायन स्थविरले। भोजन गरेर निस्केको बाह्र योजनको परिषदलाई श्रावस्तीबाट तीस योजनको शंकाश्य नगर जाने मार्गलाई छोटो गरी त्यसै क्षण पुऱ्याई दिनुभयो।

## चूल समुद्र स्थविरले बाटो छोटो बनाउनु

अरू पनि, ताम्रपर्णी द्वीप (श्रीलंका)मा चूलसमुद्र स्थविरले पनि गर्नुभयो । दुर्भिक्ष (अकाल)को समय स्थविरकहाँ सबेरै सात सय भिक्षुहरू आए। स्थविरले - 'भिक्षुसंघ धेरै ठूलो छ, कहाँ भिक्षाटन गर्ने ?" भनी सोच्दै सम्पूर्ण ताम्रपर्णी द्वीपमा नदेखेर "दोस्रो तीर पाटलिपुत्र (पटना)मा हुनेछ" भनी देख्नुभएर भिक्षुहरूलाई पात्रचीवर पक्रन लगाएर - "आवुसो, आऊ भिक्षाटनकोलाई जाऔं" भनेर पृथ्वीलाई सानो गरेर पाटलिपुत्र जानुभयो। भिक्षुहरूले - "भन्ते, यो कुनचाहिं नगर हो ?" भनी सोधे।

"आवुस, पाटलिपुत्र हो।" "भन्ते पाटलिपुत्र धेरै टाढा छ।" "आवुसो, वृद्ध स्थविर टाढा रहनेलाई पनि नजिक गरिदिन्छ।"

"भन्ते, महासमुद्र कहाँ छ ?" "आवुसो, बीच बाटोमा एउटा नीलो नालीलाई नाघेर आयौ होइन।" "हो भन्ते, तर महासमुद्र धेरै ठूलो छ।""आवुसो, वृद्धस्थविर धेरै ठूलोलाई पनि सानो गरिदिन्छ।"

## तिष्यदत्तको बोधि वन्दना

जसरी यो, त्यसरी नै तिष्य स्थविरले पनि सन्ध्याको समय नुहाउनुभएर उत्तरासंगलाई ओढेर "महाबोधि (बुद्धगयाको बोधिवृक्ष)लाई वन्दना गर्नेछु" भनी चित्त उत्पन्न गर्नुहुँदा महाबोधिलाई वन्दना गर्नुभयो। त्यसरी टाढालाई नजिग गर्नुभयो।

## नजिकलाई टाढा गर्नु

कसले नजिक रहनेलाई टाढा गऱ्यो ? मज्झिम निकाय (२,३,६) अनुसार भगवान्ले आफू र अंगुलिमालको बीच दुरीलाई नजिकलाई पनि टाढा गरिदिनुभयो।

## अंगुलिमालको कथा

सत्वप्राणीप्रति एकरति पनि दया नहुने अंगुलीमाल नामक डाँकु थियो । उसले गाउँ, शहर, जनपदमा मानिसहरू मारी, मानिसहरूका औंलाहरूका माला उनेर लगाउने गर्दथ्यो। त्यसैले



Downloaded from http://www.dhamma.digital

हाहाकार मच्चाएको थियो । एकदिन भगवान् अंगुलिमाल भएको जंगलमा प्रवेश गर्नुभयो । अंगुलिमालले पनि आफूलाई हेपेर आएजस्तै ठानेर हत्या गर्न दौडिँदै गयो । तर भगवान्लाई भेट्न सकेन । तब अंगुलिमालले भगवान्लाई भन्यो - "पख ! श्रमण रूक," भगवान्ले पनि भन्नुभयो - "म रोकिराखेको छु । अंगुलिमाल ! तिमी पनि रूक ।"

अंगुलिमालले विचार गऱ्यो - शाक्यपुत्र श्रमण सत्यवादी छ, झुठो बोल्दैन । त्यसैले सोध्न पऱ्यो किन उसले "म रोकिराखेको छु" भनेर र सोध्यो - "श्रमण, तिमी कसरी रोकिएका भयौ ? र म कसरी नरोकिएको भएँ ?" भगवान्ले भन्नुभयो, "अंगुलिमाल - सारा प्राणीहरूप्रति हिंसालाई छाडेकोले म रोकिएको छु । तिमी असंयमी छौ त्यसैले नरोकिएका हौ ।

यसरी भगवान्ले आफू र अंगुलिमाल डाँकुबीचमा नजिकलाई पनि टाढा गर्नुभयो ।

## धेरैलाई थोरै गर्नु

कसले धेरैलाई थोरै गऱ्यो ? महाकश्यप स्थविरले । राजगृहमा उत्सवको दिन पाँचसय कुमारीहरू चन्द्रमाजस्तै गोलोगोलो बनेको पुरीहरू (चन्द्रपुव)लाई लिएर उत्सवक्रीडाको लागि लैजाँदै गर्दा भगवान्लाई देखेर केही पनि दिएनन् । पछाडि आउँदै गर्नुभएको महाकाश्यप स्थविरलाई देखेर 'हाम्रो स्थविर आउँदैहुनुहुन्छ, पुरीहरू दिऔं" भनी सोचेर सबै पुरीहरूलाई लिएर स्थविरकहाँ गए । स्थविरले पात्रलाई निकालेर सबैलाई एक पात्रमा भर्नुभयो । भगवान् पनि स्थविरलाई आएको देख्नुहुँदै अगाडि बसिरहनुभयो । स्थविरले लिएर पुरीहरू भगवान्लाई दिनुभयो ।

## थोरैलाई धेरै गर्नु

धम्मपदअट्ठकथा (४,५) र जातकअट्ठकथा (७८) अनुसार इल्लीस सेठको कथामा महामौद्गल्यायन स्थविरले थोरैलाई धेरै बनाउनुभयो र काकवलियको कथामा भगवान्ले ।

## काकवलियको कथा

महाकाश्यप स्थविर एक सप्ताह समापत्तिमा बिताउनुभएर दरिद्रहरूको उपकार गर्दै काकवलिय नामक निर्धन व्यक्तिको घरद्वारमा उभिनुभयो । उसको स्त्री स्थविरलाई देखेर पतिको लागि पकाएको नूनरहित अमिलो यवागुलाई पात्रमा राखिदिईन् । स्थविरले त्यसलाई लिएर भगवान्को हातमा राखिदिनुभयो । भगवान्ले महाभिक्षुसंघको लागि यथेष्ठ पुग्ने गरी अधिष्ठान गर्नुभयो । एक पात्रमा ल्याएको यवागु सबैको लागि पर्याप्त भयो । काकवलियले पनि सातौं दिन सेठको स्थान पायो ।

## अनुल स्थविरले पानीलाई घिउ बनाउनु

न केवल थोरैलाई धेरै बनाउनु, बरू मधुरलाई अमधुर, अमधुरलाई मधुर आदि पनि जेजे चाहन्छ सब ऋद्धिमान्लाई सिद्ध हुन्छ । त्यसरी नै महाअनुल स्थविरले धेरै भिक्षुहरूको भिक्षाको लागि घुमेर सुखा भात मात्र पाएर, महवेलि गंगाको (श्रीलंका) किनारमा बसेर भोजन गर्दै गरेको देख्नुभएर गंगाको जललाई परिशुद्ध घिउको अधिष्ठान गर्नुभएर श्रामणेरहरूलाई संकेत गर्नुभयो । उनीहरूले पात्रको बिर्को भरी घिउ ल्याएर भिक्षुसंघलाई दिए । सबैले मधुर घिउसहित भोजन गरे ।


Downloaded from http://www.dhamma.digital

दिव्यचक्षुले = यहाँ स्थित आलोकलाई बढाएर त्यस ब्रह्माको रूपलाई देख्दछ। यहाँ स्थित उसको भनिएको शब्दलाई सुन्दछ, चित्तलाई राम्ररी जान्दछ।

शरीरको स्तरमा चित्तलाई परिणत गर्दछ = करजकायको स्तरमा चित्तलाई परिणत गर्दछ। पादकध्यानको चित्तलाई लिएर शरीरमा राख्दछ। विस्तारविस्तार चल्ने शरीरको चालको बनाउँछ। शरीरको गमन मन्द हुन्छ।

सुखसंज्ञा एवं लघुसंज्ञालाई प्राप्त गर्दछ – पादकध्यानको आलम्बनको ऋद्धिचित्तको साथै उत्पन्न भएको सुखसंज्ञा र लघुसंज्ञालाई प्राप्त गर्दछ। त्यसमा प्रवेश गर्दछ, स्पर्श गर्दछ, त्यहाँ पुग्दछ। सुखसंज्ञा भनिन्छ उपेक्षायुक्त सुखसंज्ञालाई। उपेक्षा, शान्त, सुख भनिएको छ। त्यसै संज्ञालाई नीवरणहरू र वितर्क आदि विरोधी धर्महरूले विमुक्त हुनाले लघुसंज्ञा जान्नुपर्दछ। त्यसलाई पाउने करजकाय पनि रूइजस्तै हल्का हुन्छ। ऊ यसरी हावामा फ्याँकिएको रूइजस्तै हल्का देखिने गरी शरीरले ब्रह्मलोक जान्छ।

यसरी जाँदै, यदि चाहन्छ भने पृथ्वीकसिणद्वारा आकाशमा मार्ग बनाएर पैदल जान्छ। यदि चाहन्छ भने वायुकसिणद्वारा वायुको अधिष्ठान गरी रुवाजस्तै हावाद्वारा जान्छ। त्यही पनि यहाँ, जाने इच्छा नै प्रमाण हो। जाने इच्छा हुँदा चित्तद्वारा अधिष्ठान गरिएको अधिष्ठानको वेगले फ्याँक्दासाथ नै त्यो धनुषबाट फ्याँकिएको वाणजस्तै देखिने गरी जान्छ।

चित्तको स्तरमा शरीरलाई परिणत गर्दछ = शरीरलाई लिएर चित्तमा राख्दछ, चित्तको गति समान शीघ्र जान सक्ने बनाउँछ। चित्तको चाल तेज हुन्छ। सुखसंज्ञा र लघुसंज्ञालाई प्राप्त गर्छ = रूपकायको आलम्बन भएको ऋद्धिचित्तसाथै उत्पन्न सुखसंज्ञा र लघुसंज्ञालाई प्राप्त गर्दछ। शेष उक्तप्रकारले जान्नुपर्दछ। तर यो चित्तको चालजस्तै नै हुन्छ।

यसरी अदृश्यमान् शरीरले जाँदै के ऊ अधिष्ठान चित्तको उत्पन्न हुने क्षणमा जान्छ ? स्थिति क्षण या भंग क्षणमा जान्छ ? यसो भन्दा तीनै क्षणमा जान्छ - अर्थकथाको आचार्यहरूमध्ये कुनै एक स्थविरले भन्नुभयो।

"के ऊ स्वयं जान्छ या निर्मितलाई पठाउँछ ?" "यथारूचि गर्दछ।"

तर यहाँ यसको स्वयं जानु नै आएको छ।

मनोमय = अधिष्ठानको मनबाट बनिएकोले मनोमय हो। परिपूर्ण इन्द्रिययुक्त - यो चक्षु, श्रोत्र, आदिको बनावटअनुसार भनिएको छ। तर निर्मित रूपमा चक्षुप्रसाद, श्रोत्रप्रसाद, घ्राणप्रसाद, जिव्हाप्रसाद, कायप्रसाद हुँदैन।

यदि ऋद्धिमान् चंक्रमण गर्दछ तब निर्मित पनि त्यहाँ चक्रमण गर्दछ = आदि सबै श्रावकहरूद्वारा निर्मितप्रति भनिएको छ। बुद्धद्वारा निर्मित, जसजसलाई भगवान् गर्नुहुन्छ, त्यसत्यसलाई पनि गर्दछ। भगवान्को इच्छानुसार अन्य कार्य पनि गर्दछ।

यहाँ जुन त्यो ऋद्धिमय यहीं स्थित दिव्यचक्षुले रूपलाई देख्दछ, दिव्यश्रोत्र धातु (कान)ले शब्दलाई सुन्दछ, चैतोपर्यज्ञानले चित्तलाई राम्ररी जान्दछ, यतिले शरीरद्वारा वशमा गर्दैन। जेजति छ यही स्थित त्यस ब्रह्माको नजिक उभिन्छ कुराकानी गर्दछ, छलफल गर्दछ, यसबाट पनि शरीरद्वारा वशमा गर्दैन। जेजति यसको 'टाढा रहनेलाई पनि नजिक गर्ने अधिष्ठान गर्दछ' - आदि अधिष्ठान छ यतिबाट पनि



Downloaded from http://www.dhamma.digital

शरीरद्वारा वशमा गर्दैन । जो पनि दृष्यमान् या अदृश्यमान् शरीरसंग ब्रह्मलोक जान्छ यतिसम्म पनि शरीरले वशमा गर्दैन र जुन यो "त्यस ब्रह्माको अगाडि रूपको निर्माण गर्दछ" – आदिप्रकारले उक्त विधानलाई गर्दछ यतिले शरीरद्वारा वशमा गर्दछ । शेष यहाँ शरीरद्वारा वशमा गर्ने पूर्वभागलाई देखाउनको लागि भनिएको हो ।

विकुर्वण र मनोमयको यो अन्तर छ -

## विकुर्वण ऋद्धि

त्यो प्रकृतिरूपलाई त्यागेर कुमारको रूप देखाउँछ, नागको रूप देखाउँछ, गरुडको रूप देखाउँछ, असुरको रूप देखाउँछ, इन्द्रको रूप देखाउँछ, देवको रूप देखाउँछ, ब्रह्माको रूप देखाउँछ, समुद्रको रूप देखाउँछ, पर्वतको रूप देखाउँछ, सिंहको रूप देखाउँछ, बाघको रूप देखाउँछ, चितुवाको रूप देखाउँछ, हात्तीलाई पनि देखाउँछ, घोडालाई पनि देखाउँछ, रथलाई पनि देखाउँछ, पैदल सेनालाई पनि देखाउँछ, नाना प्रकारको सेना व्यूहलाई पनि देखाउँछ, यसरी भनिएको कुमारको रूप आदिमा जुनजुन चाहन्छ त्यसत्यसलाई अधिष्ठान गर्दछ ।

अधिष्ठान गर्नेलाई पृथ्वीकसिण आदिमध्ये कुनै एक आलम्बनले अभिज्ञा पादकध्यानबाट उठेर, आफ्नो कुमारको रूपको आवर्जन गर्नुपर्दछ । आवर्जन गरी, परिकर्मको अन्तमा फेरि समापन्न भएर उठेर "यसप्रकारको कुमार होउँ" भनी अधिष्ठान गर्नुपर्दछ । अधिष्ठान चित्तको साथै देवदत्तजस्तै कुमार हुन्छ । यसैप्रकार सर्वत्र बुझ्नुपर्दछ । 'हाथीलाई पनि देखाउँछ' आदि यहाँ आफूलाई छाडेर अरूको बाहिर पनि हाथी आदिलाई देखाउनेअनुसार भनिएको छ । त्यहाँ "हाथी होउँ' अधिष्ठान गरी 'हाथी होस्' अधिष्ठान गर्नुपर्दछ । घोडा आदिमा पनि यसैप्रकार बुझ्नुपर्दछ ।

## मनोमय ऋद्धि

मनोमयलाई गर्ने इच्छुकले पादकध्यानबाट उठेर शरीरको आवर्जन गरी उक्तप्रकारले नै 'खोक्रो होस्' भनी अधिष्ठान गर्दछ तब खोक्रो हुन्छ । तब उसभित्र अर्को शरीरको आवर्जन गरी परिकर्म गरी उक्तप्रकारले नै अधिष्ठान गर्दछ । उसभित्र अर्को शरीर हुन्छ । ऊ त्यसलाई खर (घाँस) बाट पात चुडाएजस्तै, म्यानबाट तलवारजस्तै र दूलोबाट साँपजस्तै निस्कन्छ । त्यसबाट भनिएको छ – 'त्यहाँ भिक्षु यस शरीरद्वारा अर्को रूपी मनोमय सबै अंगप्रत्यंगहरूयुक्त परिपूर्ण इन्द्रिययुक्त शरीरको निर्माण गर्दछ । जसरी कुनै पुरुष भ्याङ्गबाट खर चुडाउँछ । उसको मनमा यस्तो होस् – "यो खर हो, यो भ्याङ्ग हो, अर्को नै खर हो र भ्याङ्ग अर्कै हो भ्याङ्गबाट नै खर निकालिगएको छ" आदि खर आदिजस्तै हुन्छन् । यसरी नै मनोमय रूप ऋद्धिमान्जस्तै नै हुन्छ । यसलाई बताउनको लागि यो उपमा भनिएको हो ।

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धि मार्गमा*
*ऋद्धिविध निर्देश नामक*
*बाह्रौं परिच्छेद समाप्त ।*



Downloaded from http://www.dhamma.digital

# तेह्रौं परिच्छेद

## अभिज्ञा निर्देश

अब दिव्यश्रोत्रधातुको निर्देशक्रम आएको छ । त्यसपछि तीन अभिज्ञाहरूको बारेमा दीघनिकाय (१,२) अनुसार यसप्रकार भनिएको छ -

*"सो एवं समाहिते चित्ते परिसुद्धे परियोदाते अनङ्गणे विगतूपक्किलेसे मुदुभूते कम्मनिये ठिते आनेञ्जप्पत्ते दिब्बाय सोतधातुया चित्तं अभिनीहरति अभिनिन्नामेति । सो दिब्बाय सोतधातुया विसुद्धाय अतिक्कन्तमानुसिकाय उभो सद्दे सुणाति दिब्बे च मानुसे च ये दुरे सन्तिके च ।"*

सो एवं समाहिते चित्ते .... आदिको अर्थ ऋद्धिविद निर्देशअनुसार जान्नुपर्दछ । बाँकी आवश्यकताअनुसार विशेष मात्र वर्णन गरिनेछ ।

### दिव्यश्रोतधातु

त्यहाँ दिब्बाय सोत धातुया = देवताहरू जस्तै हुनाले दिव्य हो । देवताहरूका, सुचरित कर्मले उत्पन्न हुनाले पित्त, कफ, रगत आदिले बिघ्नरहित, उपक्लेशले विमुक्त हुनाले, टाढाको आलम्बन पनि ग्रहण गर्नमा समर्थ दिव्यप्रसाद (कानमा शब्द ग्रहण गर्ने शक्ति विशेष) युक्त श्रोतधातु हुन्छ । यो पनि यस भिक्षुको उद्योगको भावनाबलले उत्पन्न ज्ञान श्रोतधातु त्यस्तै नै हो । यसैले देवताहरूजस्तै हुनाले दिव्य हो । दिव्य विहारको स्तरमा प्राप्त हुनु र आफ्नो दिव्य विहारयुक्त हुनाले पनि दिव्य हो । सुन्ने र निर्जिव हुने अर्थमा श्रोतधातुको काम गर्ने र श्रोतधातुजस्तै हुनाले पनि हो । त्यस दिव्य भन्ने अर्थ हो । विशुद्धाय = परिशुद्ध, क्लेशरहितले । अतिक्कन्तमानुसिका = मनुष्यको गोचरको अतिक्रमण गरी शब्द सुन्नाले, मानुषिक मेसस्रोतधातुको अतिक्रमण गर्नाले, नाघेर स्थित हुनाले भन्ने अर्थ हो ।

उभो सद्दे सुणाति = दुवै शब्दहरूलाई सुन्दछ । कुनचाहिं दुवै ? दिव्य र मानसिक । देवहरू र मनुष्यहरूका शब्दहरू सुन्दछ भन्ने अर्थ हो । यसले प्रदेशलाई ग्रहण गर्ने जान्नुपर्दछ । ये दुरे सन्तिके = जुन शब्द टाढा अर्को चक्रवालमा पनि छन् र जुन नजिक । यहाँसम्म कि आफ्नो शरीरमा आश्रय गरिएको कीराहरूको शब्द छन्, त्यसलाई पनि सुन्दछ भनी भनिएको छ । यसले प्रदेशलाई ग्रहण नगर्ने जान्नुपर्दछ ।

कसरी यसलाई उत्पन्न गर्नुपर्दछ ? त्यस भिक्षुलाई अभिज्ञाको पादकध्यानलाई समापन्न भएर, उठेर परिकर्म-समाधिको चित्तले पहिले प्रकृति श्रोतपथमा टाढाको स्थूल जंगलमा सिंह आदिको शब्दको आवर्जन गर्नुपर्दछ । विहारमा घंटीको शब्द, भेरीको शब्द, शंखको शब्द, श्रामणेर, तरुण भिक्षुहरूको खुब जोडजोडले पाठ गर्ने समय पाठ गरेको शब्द, साधारण कुराकानी गर्नेहरूको 'के हो भन्ते आवुसो' आदि शब्द, चराको शब्द, वायुको शब्द, हिंडेको शब्द, उम्लिएको पानीको भकभकाउने शब्द, घाममा सुखेको



Downloaded from http://www.dhamma.digital

ताङ्को पातको शब्द, कमिलाको शब्द-यस्ता सब स्थूलदेखि लिएर क्रमशः सूक्ष्मसूक्ष्म शब्दहरूको आवर्जन गर्नुपर्दछ। त्यसलाई पूर्वदिशाको शब्दहरूको आवर्जन गर्नुपर्दछ। त्यसलाई पूर्वदिशाको शब्दहरूको शब्दनिमित्तको मनसिकार गर्नुपर्दछ। पश्चिम, उत्तर, दक्षिण, तल, माथिदिशाको र पूर्व-अनुदिशा, पश्चिम-अनुदिशा, उत्तर-अनुदिशा, दक्षिण-अनुदिशाको शब्दहरूको शब्दनिमित्तको मनसिकार गर्नुपर्दछ। स्थूल र सूक्ष्म शब्दहरूको पनि शब्दनिमित्तको मनसिकार गर्नुपर्दछ।

ती शब्द उसको प्राकृतिक चित्तको लागि पनि प्रकट हुन्छन्। तर परिकर्म समाधिको चित्तको लागि अत्यन्त प्रकट हुन्छन्। उसलाई यस्तो शब्द निमित्तको मनसिकार गर्दै 'अब दिव्य श्रोतधातु उत्पन्न हुनेछ' भनी सोचेर ती शब्दहरूमध्ये कुनै एकलाई आलम्बन गरी मनोद्वारवर्जन उत्पन्न हुन्छ। त्यसको निरुद्ध हुँदा चार या पाँच जवनचित्त दौडिन्छन्। जसभन्दा पहिलेका तीन या चार परिकर्म, उपचार, अनुलोम, गोत्रभू नाम भएको कामावचरचित्त, चौथो या पाँचौ अर्पणाचित्त रूपावचर-चतुर्थ ध्यानयुक्त हुन्छ।

जुन त्यस अर्पणाचित्तसंगै उत्पन्न ज्ञान छ, यो दिव्यश्रोतधातु हो – भनी जान्नुपर्दछ। त्यसपश्चात् त्यस क्षेत्रमा परिरहन्छ। त्यसलाई बलवान् बनाउनेलाई 'यसबीच शब्दलाई सुन्नु' यसरी एक अंगुलमा परिच्छेद गरी बढाउनुपर्दछ। त्यसपछि दुई अंगुल, चार अंगुल, आठ अंगुल, एक बित्ता, एक हात, कोठाभित्र, मटान, प्रासाद (भवन) परिवेण, आंगन, संघाराम, गोचर, गाउँ, जनपद आदिअनुसार चक्रवालसम्म या त्यसभन्दा पनि अधिक परिच्छेद गरी बढाउनुपर्दछ।

यस्तो अभिज्ञालाई प्राप्त गरेको यो भिक्षु पादकध्यानको आलम्बनले स्पर्श गरिएको स्थानबीच पनि शब्दहरूलाई सुन्दछ। यसरी सुन्दै यदि ब्रम्हलोकसम्म पनि शंख, भेरी, नगाडा आदिको शब्दहरूले एक सोर हुन्छ तब अलग गरी व्यवस्थापनको इच्छा हुँदा "यो शंखको शब्द हो, यो भेरीको शब्द हो" – यसरी व्यवस्थापन गर्न सक्दछ।

*दिव्यश्रोतधातु कथा समाप्त*

## चैतोपर्य ज्ञान

चैतोपर्य ज्ञान कथामा पालि यसप्रकार छ -

*"चेतोपरियञाणाय चित्तं अभिनीहरति अभिनिन्नामेति सो परस्सत्तानं परपुग्गलानं चेतसा चेतो परिच्च पजानाति सरागं वा चित्तं सरागं चित्तन्ति पजानाति, ... वीतरागं ... सदोषं .... वीतदोषं .... समोहं .... वीतमोहं .... संखित्तं .... विक्खित्तं ... महग्गतं .... अहमहग्गतं .... सउत्तरं ... अनुत्तरं .... समाहितं ... असमाहितं .... विमुक्तं.... अविमुत्तं वा चित्तं अविमुत्तं चित्तन्ति पजानाति" ।*

यहाँ सराग आदिको विभागले परिच्छेद गरी जान्दछ, यसैले पर्य भनिन्छ। परिच्छेद गर्दछ भन्ने अर्थ हो। चित्तको पर्य चैतोपर्य हो। यो चैतोपर्य हो र ज्ञान पनि हो यसैले चैतोपर्य ज्ञान हो। त्यसैको लागि भनिएको हो। परसत्तानं = आफ्नोलाई छाडेर शेष सत्वहरूको लागि। पर पुग्गलानं = यो पनि यसको एउटै अर्थ हो। तर वैनेय्य (सिखाउन सकिने) व्यक्तिअनुसार र उपदेशको ढंगले व्यञ्जन नानात्व



Downloaded from http://www.dhamma.digital

गरिएको छ। चेतसा चेतो = आफ्नो चित्तले उसको चित्तलाई। परिच्च = परिच्छेद गरी। पजानाति = सराग आदिको रूपले नानाप्रकारले जान्दछ।

कसरी यस ज्ञानलाई उत्पन्न गर्नुपर्दछ ? यो दिव्यचक्षुको रूपमा शिद्ध हुन्छ। यो यसको परिकर्म हो। यसैले त्यस भिक्षुलाई आलोकलाई बढाएर, दिव्यचक्षुले अर्काको हृदयरूपको सहारा वर्तमान् रगतको रंगलाई देखेर, चित्तलाई खोज्नुपर्दछ। जब सौमनस्यचित्त हुन्छ तब रातो पाकेको वडहरजस्तै हुन्छ। जब दौर्मनस्यचित्त हुन्छ तब कालो पाकेको जामुनजस्तै र जब उपेक्षाचित्त हुन्छ तब परिशुद्ध तिलको तेलजस्तै हुन्छ। यसैले उसलाई यो रूप सौमनस्येन्द्रियले उत्पन्न भएको छ, यो दौर्मनस्येन्द्रियले उत्पन्न भएको छ, यो उपेक्षेन्द्रियले उत्पन्न भएको छ, भनी अर्काको हृदयको रगतको रंगलाई देखेर, चित्तलाई खोजेर, चैतोपर्यज्ञानलाई बलवान् बनाउनुपर्दछ।

यसरी त्यसको बलवान् हुँदा क्रमशः सबै कामवचरचित्त र रुपावचरचित्तलाई विनाहृदयरूपलाई देखेर, एक चित्तले अर्को चित्तमा जाँदै गरेकोलाई राम्ररी जान्दछ। अर्थकथामा भनिएको पनि छ – "अरूपलोकमा अर्कोको चित्तलाई जान्नको लागि कसको हृदयरूपलाई देख्दछ ? कसको इन्द्रियहरूको विकारको अवलोकन गर्दछ ? कसैको पनि होइन। यो ऋद्धिमान्को विषय हो, जुन यो जहाँकहिं पनि चित्तको आवर्जन गर्दै सोह्र प्रकारको चित्तलाई जान्दछ। तर यो कथा अभिनिवेश नगरिएअनुसार छ।"

सरागं ... वीतरागं = आदिमा आठ प्रकारका लोभसहगत चित्तलाई सरागचित्त जान्नुपर्दछ। शेष चातुर्भूमिक (कामावचर, रुपावचर अरुपावचर, लोकोत्तर) चित्तलाई वितराग भनिन्छ। दुई दौर्मनस्य चित्त, दुई विचिकिच्छा र उद्दच्च - यी चार चित्त यस जोडामा संगृहीत हुँदैनन्। कोहीकोही स्थविर तिनीहरूलाई संग्रहीत गर्दछन्। सदोसं ...वीतदोसं = दुई प्रकारका दौर्मनस्यचित्त सद्वेषचित्त हुन्। सबै चातुर्भूमिकचित्त, कुशल, अव्याकृत (विपाक र क्रियाचित्त), चित्त वीतद्वेष हुन्छ। शेष दश अकुशलचित्त यस जोडामा संग्रहीत छैन। कोहीकोही स्थविर यिनहिरूलाई पनि संग्रहीत गर्दछन्। समोहं...वीतमोहं = यहाँ व्यक्तिगतरूपले विचिकिच्छा र उद्धच्चसहगत दुई मात्र समोह हुन्। तर मोह सबै अकुशलहरूमा हुनाले वाह्रै प्रकारका पनि अकुशलचित्तलाई समोह जान्नुपर्दछ र शेषलाई वीतमोह भनिन्छ।

**चित्त संग्रह**

***अभिधम्मअनुसार चित्त विस्तृतमा १२१ र संक्षिप्तमा ८९ छन्।भूमिअनुसार ४ भूमि छन् जस्तै : कामावचर, रूपावचर,, अरूपावचर, र लोकोत्तर। चित्तहरूको संग्रह देखाइएको छ। भूमिअनुसार चित्तहरू यसप्रकार संग्रह गरिएका छन् -***

***१. कामावचर– जम्मा ५४ चित्त***

***(क) अकुशलचित्त - जम्मा १२ चित्त***

***(१) लोभ मूल - जम्मा ८ चित्त***

***(अ) सौर्मनस्यसहगत दृष्टिगत सम्प्रयुक्त असंस्कारिक र ससंस्कारिक - जम्मा २ चित्त***

***(आ) सौर्मनस्यसहगत दृष्टिगत विप्रयुक्त असंस्कारिक र ससंस्कारिक - जम्मा २ चित्त***

***(इ) उपेक्षासहगत दृष्टिगत सम्प्रयुक्त असंस्कारिक र ससंस्कारिक - जम्मा २ चित्त***

***(ई) उपेक्षा सहगत दृष्टिगत विप्रयुक्त असंस्कारिक र ससंस्कारिक - जम्मा २ चित्त***

***(२) द्वेष मूल - जम्मा २ चित्त***

***(अ) दौर्मनस्यसहगत पटिघ सम्प्रयुक्त असंस्कारिक र ससंस्कारिक - जम्मा २ चित्त***



Downloaded from http://www.dhamma.digital

*(३) मोहमूल - जम्मा २ चित्त*
*(अ) उपेक्षासहगत विचिकिच्छा सम्प्रयुक्त - १ चित्त*
*(आ) उपेक्षासहगत उद्दच्च सम्प्रयुक्त - १ चित्त*
*(ख) अहेतुकचित्त - जम्मा १८ चित्त*
*(अ) अहेतुक अकुशल विपाक - ७ चित्त (आ) अहेतुक कुशल विपाक - ८ चित्त*
*(इ) अहेतुक क्रियाचित्त - ३ चित्तहरू*
*(ग) सोभनचित्त - २४ चित्तहरू*
*(अ) महाकुशल चित्त - ८ चित्तहरू (आ) महाविपाक चित्त - ८ चित्त*
*(इ) महाक्रिया चित्त - ८ चित्तहरू*
*२. रूपावचर - जम्मा १५ चित्तहरू*
*(क) रूपावचर कुशल - ५ चित्त (ख) रूपावचर विपाक - ५ चित्त*
*(ग) रूपावचर क्रिया - ५ चित्त*
*३. अरूपावचरचित्त - जम्मा १२ चित्त*
*(क) अरूपावचर कुशल - ४ चित्त (ख) अरूपावचर विपाक - ४ चित्त*
*(ग) अरूपावचर क्रिया - ४ चित्त*
*४. लोकोत्तर - जम्मा ८ चित्त*
*(क) मार्गचित्त - ४ चित्त (ख) फलचित्त - ४ चित्त*

संक्खित्तं ... विक्खित्तं = थिनमिद्धमा परेको चित्त संक्षिप्त हो। उद्दच्चमा परेको विक्षिप्त हो। महग्गतं ... अहमग्गतं = रूपावचर र अरुपावचरचित्त महद्गत हुन्। शेष अमहग्गतचित्तहरू हुन्। सउत्तरं ... अनुत्तरं = सबै त्रैभूमिक (कामावचर, रूपावचर, अरुपावचर) का चित्तहरू सउत्तर हुन्। लोकोत्तरचित्त अनुत्तर हो। समाहितं ... असमाहितंउपचार र अर्पणालाई प्राप्त भएको चित्त समाहित हो र दुवैलाई अप्राप्त चित्त असमाहित हो। विमुत्तं ... अविमुत्तं = तदंग, विस्कम्भन (दबाउनु) समुच्छेद, र पाँच प्रकारका पनि यस विमुक्तिलाई प्राप्त विमुक्त चित्त हो। ५ प्रकारका यी विमुक्तिहरूलाई अप्राप्त चित्तलाई अविमुक्त जान्नुपर्दछ।

यसप्रकार चैतोपर्य ज्ञानको लाभी भिक्षु यी सबैप्रकारका पनि सराग चित्त ... या अविमुक्त चित्तलाई अविमुक्त चित्त हो भनी राम्ररी जान्दछ।

*चेतोपर्य ज्ञान कथा समाप्त*

## पूर्वेनिवासानुस्मृति ज्ञान

पूर्वेनिवासानुस्मृति ज्ञानको कथामा पालि यसप्रकार छ।

पुब्बेनिवासानुस्सतिञाणाय चित्तं अभिनीहरति अभिनिन्नामेति। सो अनेकविहितं पुब्बेनिवासं अनुस्सरति, सेय्यथीदं एकम्पि जातिं ... इति साकारं सउद्देसं अनेकविहितं पुब्बेनिवासं अनुस्सरति।

जसमध्ये पुब्बेनिवासानुस्सतिञाणाय = पूर्वेनिवासानुस्मृतिमा जुन ज्ञान छ त्यसको लागि। पूर्वेनिवास भनिन्छ पहिले भूतकालका जन्महरूमा निवास गरिएको स्कन्धहरूलाई। निवास गरिएको अर्थ



Downloaded from http://www.dhamma.digital

हो वास गरेको, अनुभव गरेको, आफ्नो सन्ततिमा उत्पन्न भएर निरुद्ध भएको या निवास गरिएको धर्म या गोचर निवाससंगै वास गरिएको, आफ्नो विज्ञानले जानिएको, परिच्छेद गरिएको या अरूको विज्ञानद्वार ा जानिएको पनि छिन्न भएको, संसार चक्रवालहरूको अनुस्मरण गर्नु आदिमा, ती बुद्धहरूलाई नै प्राप्त हुन्छन् । पूर्वेनिवासानुस्मृति = जुन स्मृतिले पूर्वोनिवासका अनुस्मरण हुन्छ, त्यो पूर्वेनिवासानुस्मृति हो । ज्ञान = त्यस स्मृतियुक्त ज्ञानलाई । यसरी यस पूर्वेनिवासानुस्मृति ज्ञानको लागि .... । यस ज्ञानको अधिगम प्राप्तिको लागि भनिएको छ ।

अनेक विहितं = अनेक विध या अनेक प्रकारले प्रवर्तित । विस्तार गरिएको भन्ने अर्थ हो पूब्बेनिवासं = पूर्वेनिवासलाई । समानन्तर भूतकालको जन्मलाई प्रारम्भ गरी त्यहाँत्यहाँ निवास गरिएको सन्ततिलाई । अनुस्सरति = अनुस्मरण गर्दछ । स्कन्धहरूको परिपाटीको स्तरमा या च्युति प्रतिसन्धिको स्तरमा गएर स्मरण गर्दछ ।

यस पूर्वेनिवासलाई ६ व्यक्ति अनुस्मरण गर्दछन् - १. अन्य मतावलम्बी, २ महाश्रावकबाहेक अन्य प्रकृतिश्रावक, ३. अस्सी महाश्रावक, ४. अग्रश्रावक, ५. प्रत्येकबुद्ध, ६. सम्यकसम्बुद्ध ।

अन्य मतावलम्बीहरू चालीस कल्पहरूलाई मात्र अनुस्मरण गर्दछन्, त्यसपश्चात् होइन । किन ? प्रज्ञा दुर्बल हुनाले । उसको प्रज्ञा नामरूपको परिच्छेदले विरहित हुनाले दुर्बल हुन्छ । प्रकृतिश्रावक सय कल्पलाई पनि, हजार कल्पलाई पनि, अनुस्मरण गर्दछ किनकि प्रज्ञा बलवान् हुनाले । अस्सी महाश्रावक लाख कल्पहरूलाई अनुस्मरण गर्दछन् । दुई अग्रश्रावक एक असंख्य लाख कल्पहरूलाई, प्रत्येकबुद्ध दुई असंख्य लाख कल्पहरूलाई अनुष्मरण गर्दछन् । यति नै उसको अभिनीहार (परिमितालाई पूर्ण गर्ने समय) हुन्छ । तर सम्यकसम्बुद्धहरूको लागि परिच्छेद छैन ।

अन्य मतावलम्बीहरू स्कन्धको परिपाटीलाई नै स्मरण गर्दछन् । परिपाटिलाई छाडेर च्युति प्रतिसन्धिअनुसार स्मरण गर्न सक्दैनन् । उनीहरूलाई अन्धाजस्तै इच्छित प्रदेशमा जानुछैन । जस्तै - अन्धा लट्ठीलाई नछाडी हिंड्छ, त्यसरी नै ती स्कन्धहरूको परिपाटीलाई नछाडेर नै स्मरण गर्दछन् । प्रकृतिश्रावक स्कन्धलाई परिपाटीले पनि अनुस्मरण गर्दछ र च्यूति प्रतिसन्धिअनुसार पनि संक्रमण गर्दछ । त्यसरी नै अस्सी महाश्रावकले पनि स्मरण गर्दछन् । दुवै अग्रश्रावकहरूलाई स्कन्धको परिपाटीको काम छैन । एक आत्मभाव (शरीर)को च्यूतिलाई देखेर प्रतिसन्धिलाई देख्दछ, फेरि दोस्रोको च्यूतिलाई देखेर प्रतिसन्धिलाई देख्दछ । यसरी च्यूति प्रतिसन्धिअनुसार नै संक्रमण गर्दै जान्छन् । त्यसरी नै प्रत्येकबुद्धले पनि स्मरण गर्दछन् ।

सम्यकसम्बुद्धहरूलाई न त परिपाटीको काम छ, न च्यूति प्रतिसन्धिको संक्रमणको काम छ । जसलाई चाहन्छ, ती सबै प्रकट नै हुन्छन् । यसैले अनेक करोड कल्पहरूलाई पनि ऐजन पालिजस्तै संक्षेप गरी, जेजे चाहन्छ त्यहाँत्यहाँ नै गएर, सिंह जानेअनुसार जान्छन् । यसरी जाने व्यक्तिको ज्ञान जसरी केशलाई छेड्नको लागि अभ्यास गरिएको सरभंग (जातक अट्ठकथा ५२१) जस्तै धनुषधारीले फ्याँकिएको वाण बीचमा वृक्ष, लताआदिमा नचुक्दै निशानामा नै झर्दछ, चुक्दैन, बिचलित हुँदैन, यसरी नै नचुक्दै, बिचलित नहुँदै चाहेचाहेको स्थानहरूलाई ग्रहणगर्दछ ।

यी पूर्वेनिवासलाई अनुस्मरण गर्ने सत्वहरूमा अन्य मतावलम्बीहरूको पूर्वेनिवासको दर्शन



Downloaded from http://www.dhamma.digital

जुनकीरीको प्रभाजस्तै भएर देखापर्दछ। प्रकृतिश्रावकहरूका बत्तीको प्रभाजस्तै, महाश्रावकहरूको मशालको प्रभाजस्तै, अग्रश्रावकहरूको शुक्रताराको प्रभाजस्तै, प्रत्येकबुद्धहरूको चन्द्रमाको प्रभाजस्तै, सम्यकसम्बुद्धहरूको हजारौं रश्मियुक्त शरदको सूर्यमण्डलजस्तै भएर देखापर्दछ।

अन्य मतावलम्वीहरूका पूर्वेनिवासानुस्मरण अन्धाको लट्ठीको शीर (टाउको) जस्तै हुन्छ। प्रकृतिश्रावकको एक डण्डाले बनाएको पुलमा हिंड्नेभैं, महाश्रावकहरूको खुट्टाले हिंड्ने पुलजस्तै, अग्रश्रावकहरूको वैलगाडी हिंड्ने पुलजस्तै, प्रत्येकबुद्धहरूको महाजनसमूह हिंड्ने मार्गजस्तै, सम्यकसम्बुद्धहरूको महाबैलगाडीहरू जाने मार्गजस्तै हुन्छन्। तर यो अधिकार (निर्दिष्ट समाधि भावना) मा श्रावकहरूको पूर्वेनिवासानुस्मरण नै अभिप्रेत छ। यसैले भनिएको हो–"अनुस्मरण गर्दछ - स्कन्धहरूको परिपाटीको स्तरमा या च्यूति प्रतिसन्धिको स्तरमा गएर स्मरणगर्दछ।"

यसैले यस्तो अनुस्मरण गर्न चाहने आदिकर्मिक (प्रारम्भिक योगाभ्यासी) भिक्षुलाई भोजनपश्चात् पिण्डपातबाट छुट्टी लिएर, एकान्तमा गएर, चित्तलाई एकाग्र गरी, परिपाटीले चार ध्यानहरूलाई समापन्न भएर, अभिज्ञापादक चतुर्थध्यानबाट उठेर, सबैभन्दा पछिल्लो वैठकको आवर्जन गर्नुपर्दछ। त्यसपश्चात् आसन बिछ्याउनु, शयनासनमा प्रवेश गर्नु, पात्र चीवरलाई सम्हाल्नु, भोजनको समय, गाउँबाट आउने समय, गाउँमा भिक्षाको लागि घुमेको समय, गाउँमा भिक्षाको लागि प्रविष्ट भएको समय, विहारबाट निस्केको समय, पात्रलाई फेरि लिनेदेखि लिएर मुख धुनेसम्ममा गरिएको काम, उषासमयमा गरिएको काम, बीचको प्रहरमा गरिएको काम, प्रथमप्रहरमा गरिएको काम - यसरी प्रतिलोमको क्रमले सम्पूर्ण रातदिनको गरिएको कामको आवर्जन गर्नुपर्दछ।

यति प्रकृतिचित्तको लागि पनि प्रकट हुन्छ, तर परिकर्म-समाधिचित्तको लागि भने अत्यन्त नै प्रकट हुन्छ। यदि यहाँ केही प्रकट हुँदैन भने फेरि पादकध्यानलाई समापन्न भएर उठेर आवर्जन गर्नुपर्दछ। यतिले बत्ती बलेभैं प्रकट हुन्छ। यसरी प्रतिलोमको क्रमले नै दोस्रो दिन पनि, तेस्रो, चौथो, पाँचौं दश दिनमा पनि आधा महिनामा पनि, एक महिनामा पनि, वर्षसम्म पनि गरिएको कामको आवर्जन गर्नुपर्दछ।

यसै उपायद्वारा दश वर्ष, बीस वर्ष, जबसम्म यस जन्ममा आफ्नो प्रतिसन्धि छ, तबसम्म आवर्जन गर्नेलाई पहिले जन्मको च्यूतिक्षणमा प्रवर्तित नामरूपको आवर्जन गर्नुपर्दछ। पण्डित भिक्षु पहिलोपल्टमा नै प्रतिसन्धिलाई उघारेर च्यूतिक्षणमा नाना रूपलाई आलम्बन गर्नुमा समर्थ हुन्छ।

पहिलो जन्ममा नामरूप विल्कुल विरूद्ध भइसक्यो, दोस्रो उत्पन्न भयो, यसैले त्यो स्थानमाथि र चारैतिरबाट ढाकिएको गल्लिको अन्धकारजस्तै हुन्छ। त्यसैले त्यो दुष्प्रज्ञको लागि दुदृश्य हुन्छ। तर त्यसलाई पनि 'म प्रतिसन्धिलाई उघारेर च्यूतिक्षण प्रवर्तित नामरूपलाई आलम्बन गर्न सक्दिन' यसरी बिलकुल अलग हुनु हुँदैन। त्यसै पादकध्यानलाई वारम्वार समापन्न हुनुपर्दछ र त्यसबाट उठेर त्यस स्थानको आवर्जन गर्नुपर्दछ।

## बञ्चरोको उपमा

यसरी गर्दै, जस्तै बलवान् पुरुष कुटागारको कर्णिका (कुट) को लागि धेरै ठूलो रुखलाई काट्दै, शाखा पलाश (हाँगापात) मात्रलाई काट्नाले नै बञ्चरोलाई धार भुत्तो हुँदा ठूलो रुख काट्न नसके तापनि कर्तव्यबिमुख नभएर कामीकहाँ गएर वञ्चरोलाई धार लगाएर फेरि आएर काट्दछ। फेरि भुत्तो भएमा



Downloaded from http://www.dhamma.digital

पुनः त्यसरी नै गरेर काट्दछ। ऊ यसरी काट्दै, काटिएकोलाई फेरि काट्नेको अभावले र नकाटिएकोलाई काट्नाले धेरै समयमा ठूलो रुखलाई ढाल्छ। यसरी नै पादकध्यानबाट उठेर पहिले आवर्जन गर्दै थोरै समयमा प्रतिसन्धिलाई उघारेर च्यूतिको क्षण प्रवर्तित नामरूपको अवलम्बन गरोस्। काठ चिर्नेहरूले र केश बनाउने आदि व्यक्तिहरूको उपमाबाट पनि यस अर्थलाई प्रकाशित गर्नुपर्दछ।

त्यहाँ पछिल्लो बैठकदेखि लिएर प्रतिसन्धिसम्म आलम्बन गरी प्रवर्तितज्ञान पूर्वेनिवास हुँदैन। त्यो परिकर्मसमाधिज्ञान हुन्छ। अतीतांश ज्ञान पनि कोहीकोही भन्दछन्। तर त्यो रुपावचरको लागि युक्त हुँदैन। जब यस भिक्षुलाई प्रतिसन्धिको अतिक्रमण गरी च्यूतिक्षण प्रवर्तित नामरूपलाई आलम्बन गरी मनोद्वारवर्जन उत्पन्न हुन्छ र त्यसको निरुद्ध हुँदा त्यसको आलम्बन गरी चार या पाँच जवन दौडिन्छन्, जसभन्दा पहिले भनिएको प्रकारले नै पहिलेको परिकर्म आदि नाम भएको कामावचरको हुन्छन् र पछिल्लो रूपावचरको चतुर्थध्यानको अर्पणाचित्त। तब, यसलाई जुन, त्यस चित्तसंग ज्ञान उत्पत्ति हुन्छ, त्यसलाई पूर्वेनिवासानुस्मृतिज्ञान भनिन्छ। त्यस ज्ञानयुक्त स्मृतिले - "नाना प्रकार पूर्वेनिवासको अनुस्मरण गर्दछ। जस्तै एक जन्म पनि दुई जन्म पनि ... यसप्रकार आकारप्रकारसंगै पूर्वेनिवासको अनुस्मरण गर्दछ।"

त्यहाँ एक जन्मलाई पनि = एउटै प्रतिसन्धि मूललाई च्यूतिको अन्तसम्म, एक जन्ममा भएको स्कन्धहरूको परम्परालाई। यसैप्रकार दुई जन्मलाई पनि। अनेक संवर्त कल्पहरूलाई आदिमा परिहानि हुँदै संवर्तकल्प बढ्दै गरेको कल्प विवर्त कल्प हुन्छ, भनी जान्नुपर्दछ।

## चार असंख्य कल्प

संवर्त (कल्प) मा संवर्त स्थायी (कल्प) पनि त्यसको मूल हुनाले आएको छ र विवर्तमा विवर्त स्थायी। यसो हुँदा जुन ती 'भिक्षुहरू यी चार असंख्य कल्प छन् कुनचाहिं चार ? संवर्त, संवर्त स्थायी, विवर्त, विवर्तस्थायी भनी अंगुत्तर निकाय (४,१,६) अनुसार भनिएको छ,

## संवर्त कल्प : प्रलय

संवर्त तीन छन् (१) अग्नि संवर्त (२) जल संवर्त (३) वायु संवर्त, तीन संवर्तका सीमाहरू - आभास्सर सुभकण्हा, वेहप्फल।

## प्रलय

जब कल्पको अग्निद्वारा संवर्त (प्रलय) हुन्छ तब आभास्सर देवलोकभन्दा तल अग्निले जल्दछ। जब जलद्वारा संवर्त हुन्छ तब शुभकण्हा देवलोकभन्दा तल जलद्वारा डुब्दछ, जब वायुद्वारा संवर्त हुन्छ तब वेहप्फल देवलोकभन्दा तल वायुद्वारा विध्वंस हुन्छ। विस्तारले सर्वदा पनि एक बुद्धक्षेत्रको विनाश हुन्छ। त्यसको प्रलय र सृष्टिलाई यसप्रकार जान्नुपर्दछ।

## बुद्धक्षेत्र

बुद्धक्षेत्र तीन प्रकारका हुन्छन् - उत्पत्तिक्षेत्र, आज्ञाक्षेत्र र विषयक्षेत्र। त्यसमा उत्पत्तिक्षेत्र दश हजार चक्रवालसम्म हुन्छ। जुन तथागतको प्रतिसन्धि ग्रहण गर्ने आदिको समय प्रकम्पित हुन्छ। आज्ञाक्षेत्र दश खरब चक्रवालहरूसम्म हुन्छ। जहाँ सुत्तनिपात (२,१) को रतनसुत्त, चुल्लवग्गको खन्ध



Downloaded from http://www.dhamma.digital

परित्त, संयुक्त निकाय (११,१,३) को धजग्ग परित्त, दीघनिकाय (३,९) को आटानाटिय परित्त, जातक अट्ठकथा (१५९)को मोर परित्त आदि परित्राणहरूका आनुभाव हुन्छन् । विषयक्षेत्र अनन्त अपरिमाण छन् । जुन अंगुत्तर निकाय (३,३,१०) मा जति चाहेमा भनिएको छ । अर्थात् जहाँ जसलाई तथागत चाहन्छ त्यस त्यसलाई जान्ने हुन्छ ।

**अभिधर्मअनुसार ओकासलोक यसप्रकार छन् –**

***(१) कामावचरभूमि –***

***(क) अपायभूमि = (अ) महानिरय (महानर्क) – संजीव, कालसूत्र, संघात, ज्वालरौरव, धूमरौरव, तापन, प्रतापन, अविचि ।***

***(आ) उत्सद निरय (क्षुद्र नर्क) – गू, कुक्कुल, सिम्बलिवन, अस्सीपत्र, क्षारोदक नदी***

***(इ) प्रेत (ई) असुर (उ) तिरश्चीन (पशुपंक्षी)***

***(ख) कामसुगतिभूमि – (अ) मनुष्यलोक***

***(आ) देवलोक – चातुमहाराजिक, तावतिंस, यामा, तुसिता, निम्माणरति, परनिम्मितवसवत्ति ।***

***(२) रूपावचरभूमि = ब्रह्मलोक –***

***(क) प्रथम ध्यानभूमि – ब्रह्मपारिसज्जा, ब्रह्मपुरोहित, महाब्रह्मा ।***

***(ख) द्वितियध्यानभूमि – परित्ताभा, अप्पमाणाभा, आभास्सरा ।***

***(ग) तृतीयध्यानभूमि – परित्तसुभा, अप्पमाण सुभा, सुभकण्हा ।***

***(घ) चतुर्थध्यानभूमि – वेहप्फला, असञ्ञसत्ता, सुद्धावासा***

***(ङ) सुद्धावासभूमि – अविहा, अतप्पा, सुदस्स, सुदस्सी, अकनिट्ठा ।***

***(३) अरूपावचरभूमि – ब्रह्मलोक***

***(क) आकासानञ्चायतनभूमि (ख) विञ्ञाणञ्चायतनभूमि (ग) आकिञ्चञ्ञायतनभूमि (घ) नेवसंज्ञानासंज्ञायतनभूमि ।***

## प्रलय

जब कल्पको अग्निद्वारा संवर्त (प्रलय) हुन्छ तब आभास्सर देवलोकभन्दा तल अग्निले जल्दछ । जब जलद्वारा संवर्त हुन्छ तब शुभकण्हा देवलोकभन्दा तल जलद्वारा डुब्दछ, जब वायुद्वारा संवर्त हुन्छ तब वेहप्फल देवलोकभन्दा तल वायुद्वारा विध्वंस हुन्छ । विस्तारले सर्वदा पनि एक बुद्धक्षेत्रको विनाश हुन्छ । त्यसको प्रलय र सृष्टिलाई यसप्रकार जान्नुपर्दछ ।

## बुद्धक्षेत्र

बुद्धक्षेत्र तीन प्रकारका हुन्छन् - उत्पत्तिक्षेत्र, आज्ञाक्षेत्र र विषयक्षेत्र । त्यसमा उत्पत्तिक्षेत्र दश हजार चक्रवालसम्म हुन्छ । जुन तथागतको प्रतिसन्धि ग्रहण गर्ने आदिको समय प्रकम्पित हुन्छ । आज्ञाक्षेत्र दश खरब चक्रवालहरूसम्म हुन्छ । जहाँ सुत्तनिपात (२,१) को रतनसुत्त, चुल्लवग्गको खन्ध परित्त, संयुक्त निकाय (११,१,३) को धजग्ग परित्त, दीघनिकाय (३,९) को आटानाटिय परित्त, जातक अट्ठकथा (१५९)को मोर परित्त आदि परित्राणहरूका आनुभाव हुन्छन् । विषयक्षेत्र अनन्त अपरिमाण छन् । जुन अंगुत्तर निकाय (३,३,१०) मा जति चाहेमा भनिएको छ । अर्थात् जहाँ जसलाई तथागत चाहन्छ त्यस त्यसलाई जान्ने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

यसरी यी तीन बुद्धक्षेत्रहरूमा एक आज्ञाक्षेत्र विनष्ट हुन्छ। उसको विनष्ट हुँदा उत्पत्तिक्षेत्र पनि विनष्ट नै हुन जान्छ र विनष्ट हुँदै एकैसाथ विनष्ट हुन्छ, बन्दाखेरी पनि एकैसाथ बन्दछ

## अग्निद्वारा प्रलय

जुन समय कल्प अग्निले नष्ट हुन्छ, प्रारम्भदेखि नै कल्पलाई विनाश गर्ने महामेघ उठेर दश खरब चक्रवालहरूमा एक महावृष्टि गर्दछ। मनुष्य अत्यन्त प्रसन्न भएर सबै बीजहरूलाई निकालेर छर्दछन्। फसल गाईद्वारा खानयोग्य मात्र हुँदा गधाको बोली बोल्दै एक थोपा पनि पानी पर्दैन। त्यस समय खुला वर्षा, खुला नै रहन्छ। यसप्रति नै अंगुत्तर निकाय (७,७,२) अनुसार भगवान्ले भन्नुभएको छ – 'भिक्षुहरू एक त्यो समय हुन्छ, जब धेरै वर्ष, धेरै सैकडौं वर्ष, धेरै हजारौं वर्ष, धेरै लाख वर्ष पानी पर्दैन। वर्षाद्वारा बाँच्ने प्राणी र पुष्पफलले बाँच्ने देवता मरेर ब्रह्मलोकमा उत्पत्ति हुन्छन्।

यसप्रकार दीर्घकाल बित्दा त्यसत्यस स्थानका जल सुक्दछन् तब, क्रमशः माछा, कछुवा पनि, निरय (नर्क) का प्राणी पनि मरेर ब्रह्मलोकमा उत्पन्न हुन्छन्। त्यसमा निरय प्राणी सातौं सूर्य को प्रार्दुभावद्वारा विनष्ट हुन्छन् - यस्तो कोहीकोही भन्दछन्। ध्यानविना ब्रह्मलोकमा उत्पत्ति हुँदैन र यसमध्ये कोही दुर्भिक्षले पीढित हुन्छन्, कोहीकोही ध्यानको प्राप्तिको लागि अभव्य (अयोग्य) हुन्छन्, ती कसरी त्यहाँ उत्पन्न हुन्छन्? कुनै अतीतभवमा देवलोकमा प्राप्त भएको ध्यानले उत्पन्न हुन्छन्।

त्यस समय लाख वर्ष वितेपछि कल्पको विनाश हुनेछ। लोकव्यूह नामक कामावचर देवता खुला टाउको, केश फिंजाएर रूँदै गरेको मुख, आँशुलाई हातले पुछ्दै, रातो रंगको लुगा लगाएर, अत्यन्त बिरुप भेष धारण गरेर, मनुष्य लोकमा घुम्दै, यसो भन्दछ – "मार्ष अबदेखि लाख वर्ष बित्दा कल्पको विनाश हुन्छ, यो लोक विनष्ट हुन्छ। महासमुद्र पनि सुक्दछ, यो महासमुद्र पनि सुक्दछ, यो महापृथ्वी र पर्वतराज सिनेरु जल्दछ, बिनष्ट हुनेछ, ब्रह्मलोकसम्मको लोक विनाश हुन्छ। मार्ष, मैत्रीको भावना गर, करुणा, मुदिता, उपेक्षाको भावना गर। आमाको सेवा गर्ने होउ।"

उसको कुरा सुनेर अधिकांश मानिस र भूमिमा रहने देवता संवेगलाई प्राप्त भएर, परस्पर मृदुचित्त भएर, मैत्री आदि पुण्यलाई गरेर, देवलोकमा उत्पन्न हुन्छन्। त्यहाँ दिव्य सुधा भोजनलाई खाएर वायोकसिणमा परिकर्म गरी ध्यानलाई प्राप्त गर्छन्। तर अन्य निरयवासी अपरापरिय वेदनीयकर्मले देवलोकमा उत्पन्न हुन्छन्। अपरापरिय वेदनीय कर्मरहित भएर संसारमा चक्कर काट्ने सत्व कुनै पनि छैन। ती पनि त्यहाँ, त्यही ध्यानलाई प्राप्त हुन्छन्। यसप्रकार देवलोकमा ध्यानप्राप्त सबै ब्रह्मलोकमा उत्पन्न हुन्छन्।

वर्षा बन्द हुनुभन्दा अगाडि दीर्घकाल बित्दा अर्को सूर्य उत्पन्न हुन्छ। अंगुत्तर निकाय (७,७,२) अनुसार सप्त सूर्यको विस्तार गर्नुपर्दछ। निस्कंदा न त रातिको परिच्छेद थाहा हुन्छ र न दिनको। एक सूर्य निस्कन्छ तब एक डुब्दछ। लोक अटूट सूर्य सन्तापयुक्त हुन्छ। जस्तै - साधारण सूर्यमा सूर्य देवपुत्र हुन्छ, यस्तो कल्प विनाश गर्ने सूर्यमा हुँदैन। साधारण सूर्य आकाशमा रहँदा बादल पनि, धूवाँ पनि घुम्दछन्, तर कल्प विनाश गर्ने सूर्य हुँदा धूवाँ बादलरहित आकाशमण्डलजस्तै निर्मल आकाश हुन्छ। पाँच महानदीहरू गङ्गा, यमुना, अचिरवती (राप्ती) सरयू र मही (गण्डकी) लाई छाडेर शेष साना नदीहरूका पानी सुक्दछन्।



Downloaded from http://www.dhamma.digital

त्यसदेखि पनि दीर्घकाल बित्दा तेस्रो सूर्य निस्कन्छ जसको निस्कनाले हिमालयमा महानदीहरू पनि सुक्दछन्। त्यसपछि पनि दीर्घकाल बित्दा चौथो सूर्य निस्कन्छ, जुन निस्कदा हिमालयमा महानदीहरू निस्कने स्थान सिंहप्रपातन, हंसप्रपातन, कर्णमुण्डक, रथकार ह्रद, अनवतप्त ह्रद, छद्दन्त ह्रद, कुनाल ह्रद - यी सात महासरोवर सुक्दछन्। त्यसको पनि दीर्घकाल बित्दा पाचौं सूर्य निस्कन्छ, जसको निस्कनाले क्रमशः महासमुद्रमा औंलाको जोड्नीसम्म पनि भिजाउन पानी रहने छैन। त्यसको पनि दीर्घकाल बित्दा छैठौं सूर्य निस्कन्छ जसको निस्कंदा सारा चक्रवाल एक धूवाँयुक्त हुन्छ। धूवाँले त्यसको तरलता सुक्दछ। जसरी यो चक्रवाल यसरी नै दश खरब चक्रवाल पनि भनी बुझ्नुपर्दछ।

त्यसदेखि पनि दीर्घकाल बित्दा सातौं सूर्य निस्कन्छ। जसको निस्कंदा सारा चक्रवाल दश खरब चक्रवालसंगै एकसाथ ज्वाला हुन्छ। सय योजन भएको सिनेरुको चुचुराहरू टुक्रिएर आकाशमा नै अन्तर्धान हुन्छ। त्यो अग्निको ज्वाला उठेर चातुर्महाराजिक देवलोकलाई जलाउँछ। त्यहाँ कनकविमान, रत्नविमान, मणिविमानलाई जलाएर तावतिंस भवनलाई जलाउँछ। यसैक्रमले प्रथमध्यानभूमिसम्म भेट्दछ। त्यहाँ तीनैवटा ब्रह्मलोकहरूलाई जलाएर आभास्सरमा आगो लागेर रोक्दछ। त्यो जबसम्म अणुमात्र पनि संस्कारगत हुन्छ तबसम्म निभ्दैन। सबै संस्कारहरूको क्षीण भएपछि घिउतेलले जलाउने अग्निशिखाजस्तै, खरानीलाई पनि शेष नराखेर निभ्दछ। तल्लो आकाशदेखि माथिको आकाशसम्म महाअन्धकार हुन्छ।

## विवर्त्त कल्प - सृष्टि

तब दीर्घकाल बितेपछि महामेघ उठेर पहिला सूक्ष्म वर्षा गर्दछ, क्रमशः मृणाल, लाठी, मूसल, ताड् स्कन्ध आदि प्रमाणको जलधारहरूले वर्षिंदै दश खरब चक्रवालहरूमा सबै भस्म भएका स्थानहरूलाई भरेर अन्तर्धान हुन्छ। त्यो पानी तल र तेर्सो, वायु उठाएर गोल कमलको पातमा पानीको थोपाजस्तै घना गर्दछ। कसरी महान जलराशिलाई घना गर्दछ ? विवरलाई पूर्ण गर्नाले। त्यो वायु यसमा जहातहीं विवर गरिदिन्छ।

यसरी वायुलाई गोल गर्दै, घना गर्दै, कमी हुँदै क्रमशः तल उत्रिन्छ। पानी उत्रे उत्रेको स्थानमा ब्रह्मलोकको स्थानमा ब्रह्मलोक र माथिको चार कामावचरका देवलोकहरूको स्थानमा देवलोक प्रकट हुन्छन्। यामा देवलोक आदि चारैका प्रतिष्ठित हुने स्थानमा प्रकट हुन्छन् तर पृथ्वीसंग सम्बन्ध भएको कारण चातुर्महाराजिक तावतिंश देवलोक अहिले प्रकट हुँदैन। पूर्वको पृथ्वीको स्थानमा उत्रिंदा ठूलो तेज वायु उत्पन्न हुन्छ, त्यो त्यसलाई मुख, बन्द घैंटोमा स्थित पानीजस्तै जोररहित गरी रोक्दछ। मीठो पानी क्षय हुँदै त्यसमाथि रसपृथ्वीलाई उत्पन्न गर्दछ। त्यो वर्ण, गन्ध र रसयुक्त पानीरहित पकाएको खीरको माथिल्लो तरजस्तै हुन्छ।

त्यस समय आभास्सर ब्रह्मलोकमा प्रथमतर उत्पन्न भएको सत्व आयुको क्षयले या पुण्यको क्षयले त्यहाँबाट च्यूत भएर यहाँ उत्पन्न हुन्छन्। ती प्रभावान् र आकाशमा विचरण गर्नेहरू हुन्छन्। दीघनिकाय (३,४) को अगञ्ञ सुत्तमा भनिएप्रकारले ती त्यस रस पृथ्वीलाई चाटेर तृष्णाको वशीभूत भएर आलोप गरी लुट्दैलुट्दै खाने प्रयत्न गर्दछ। तब उसको प्रभा अन्तर्धान हुन्छ। अन्धकार हुन जान्छ। ती प्राणीहरू अन्धकारलाई देखेर डराउँछन्।



Downloaded from http://www.dhamma.digital

त्यसपश्चात् उनीहरूको डरको नाश गरी सुरभावलाई उत्पन्न गर्दै परिपूर्ण पचास योजनको सूर्यमण्डल प्रकट हुन्छ। उनीहरू त्यसलाई देखेर 'हामीहरू लोक आलोकलाई पायौं' भनी धेरै प्रसन्न भएर 'हामी डराएकाहरूका भयलाई नाश गरी सुरभावलाई उत्पन्न गर्दै उदाएको छ यसैले यसको नाम सूर्य हो' भन्दै सूर्य नै त्यसको नाम राख्दछ। तब दिनभरी आलोक गरी सूर्य डुब्दा "जुन आलोकलाई हामीले पायौं त्यो पनि नाश भयो" भनी फेरि भयभीत हुन्छन्। उनीहरूलाई यस्तो हुन्छ - "धेरै राम्रो हुनेछ यदि अन्य आलोक पाएमा।"

उनीहरूको चित्तलाई जानेजस्तै गरी ४९ योजनको चन्द्रमण्डल प्रकट हुन्छ। उनीहरू त्यसलाई देखेर अधिक प्रसन्न भएर 'हाम्रो छन्दलाई जाने उदाएको छ यसैले यसको नाम चन्द्र हो" भनी त्यसप्रकार चन्द्रको नामाकरण हुन्छ, राख्दछ।

यसरी चन्द्रसूर्य प्रकट हुँदा नक्षत्रतारा प्रकट हुन्छन्। त्यस समयदेखि रात्री दिन जानिन थाल्दछ। क्रमशः महिना, आधा महिना, ऋतु, वर्ष आदिको जानकारी हुन थाल्दछ।

चन्द्रसूर्यको प्रकट भएको दिन सिनेरु पर्वतको नाम नेरु, सुमेरु, मेरु, त्रिविदाधार रहन्छ- चक्रवाल, हिमालय पर्वत प्रकट हुन्छन् र ती न पहिला न पछि, ठीक फाल्गुण पुर्णिमाकै दिन प्रकट हुन्छन्। कसरी ? जसरी कि कागुन (कोदो) को भातलाई पकाउने समयमा एकैसाथ फोका उठ्दछन्, कुनैकुनै भाग माथिमाथि उठ्दछन्, कुनैकुनै भाग तलतल र कुनैकुनै भाग बराबर उठ्दछ यसरी नै माथिमाथिका स्थानमा पर्वत हुन्छन्, तलतलको भागमा समुद्र र बराबर स्थानहरूमा द्वीप हुन्छन्।

तब ती सत्वहरू रसपृथ्वीलाई खाँदै क्रमैले कोहीकोही रूपवान, कोहीकोही कुरुप हुन्छन्। उनीहरूमा रूपवान् कुरुपहरूलाई अपमान गर्छन्। उनीहरूको अतिमानको कारण त्यो रसपृथ्वी पनि अन्तरधान हुन्छ। भूमिको पत्र प्रकट हुन्छ। तब माथि भनिएझैं खाएर घमण्ड गर्ने हुनाले त्यो पनि अन्तरधान हुन्छ। त्यसपछि बदालता (मधुर रसयुक्त एक लता विशेष, दीघनिकायमा भद्रलता भनिएको छ) प्रकट हुन्छ। त्यसैप्रकार त्यो पनि अन्तरधान हुन जान्छ। अकृष्ट पच्य (विनारोपिएको, छरिएको) धान प्रकट हुन्छ, जुन कण भूसरहित शुद्ध सुगन्धित, चामल फलयुक्त हुन्छ।

त्यसपश्चात त्यसको लागि भाडा प्रकट हुन्छ। ती चामललाई भाँडामा राखेर ढुंगामाथि राख्दछ। स्वयं आगोको मुश्लो उठेर त्यसलाई पकाउँछ। त्यो भात चमेलीफूलज्स्तै हुन्छ। त्यसलाई सूप या व्यञ्जनसंग खाने काम हुँदैन। जुनजुन रसको भोजन गर्न चाहन्छ त्यहीत्यही रस नै हुन्छ।

उनीहरूलाई त्यस स्थूल आहार खानाले दिसापिसाप उत्पन्न हुन्छ। तब उनीहरूलाई त्यसको निकाल्नको लागि ब्रण मुख फुट्दछन्। पुरुषलाई पुल्लिंग र स्त्रीलाई स्त्रीलिंग प्रकट हुन्छन्। त्यसमा स्त्री पुरुषलाई र पुरुष स्त्रीलाई धेरै बेरसम्म टकटकी लगाएर हेर्दछन्। उनीहरूले धेरै बेरसम्म एकोहोरो लगाएर हेरेको कारणले कामभोग सम्बन्धी परिदाह उत्पन्न हुन्छन्। त्यसपछि मैथुनधर्म सेवन गर्छन्।

ती असद्धर्मलाई सेवनको कारण विज्ञहरूद्वारा निन्दित हुँदै, परेशान हुँदै त्यस असद्धर्मलाई छोप्नको लागि घर बनाउँछन्। उनीहरू घरमा बस्दै क्रमशः कुनै एक आलसी सत्वलाई देखादेखी एकत्र गर्न थाल्दछन्। तबदेखि लिएर कण पनि, भूस पनि चामलमाथि ढाकिन्छ। काटेको स्थानमा पनि फेरि बढ्दैन। ती एकत्र भएर चिच्याउन थाल्दछन् - "हामी प्राणीहरूमा पापधर्म प्रकट भइरहेछन्, हामीहरू



Downloaded from http://www.dhamma.digital

पहिला मनोमय थियौं।" यहाँ अग्गञ्ञ सुत्तमा भनिएप्रकारले विस्तार गर्नुपर्छ।

त्यसपछि घरबारीको साँध बाँध्दछन्। तब कोही सत्व अरुको भागको चोरी गर्दछ। उसलाई दुई पल्ट निन्दा गरी तेश्रो पल्ट हात, ढुंगा डण्डाले हिर्काउँदछन्। ती यसप्रकार चोरी, निन्दा, झूठ डण्डालिएको आदिकारणले अशान्त जीवन भएको देखेर एकत्र भएर विचार गर्दछन् - "किन हामी एक सत्वलाई नचुनौं जो हामीलाई यथायोग्य निन्दायोग्यलाई निन्दा गरोस्, अपमानयोग्यलाई अपमान गरोस्। निर्वासनयोग्यलाई निर्वासन गरोस्, हामीहरू उसलाई धानको भाग दिन्छौं।"

यसरी सत्वहरूको निश्चय गर्दा यस कल्पमा यही भगवान् (गौतम बुद्ध) त्यसबेला बोधिसत्व भएको, त्यस समय ती सत्वहरूमा सुन्दरतर, दर्शनीय, प्रासादिक र महाशक्तिशाली, बुद्धिमान, निग्रह र संग्रह गर्नुमा दक्ष भएको थियो। उनीहरू उसकहाँ गए र याचना गरी चुने। उनी त्यस महाजनसमूहद्वारा सम्मत हुनाले महासम्मत, क्षेत्रहरूका स्वामी हुनाले क्षत्रिय धर्म र समचर्याद्वारा अरूको रञ्जन (प्रसन्न) गर्नाले राजा-यसप्रकार तीन नामहरूले जानिए। यो लोकमा आश्चर्यको कुरा हो कि बोधिसत्व नै आदिपुरुष हो। यसरी बोधिसत्वदेखि लिएर क्षत्रियमण्डल (राजवंश) को सृजना हुँदा क्रमशः ब्राह्मण आदि पनि वर्ण बने।

त्यहाँ कल्पलाई विनाश गर्ने महामेघद्वारा ज्वाला नाश भएसम्म यो एक असंख्य सवंर्त (कल्प) भनिन्छ। कल्पको विनाश गर्ने ज्वालाको नाश हुनाले दश खरब चक्रवालहरूलाई परिपूर्ण गरी महामेघको आउने समयसम्म यो दोस्रो असंख्य संवर्त स्थायी (कल्प) भनिन्छ। महामेघ आउनाले चन्द्रसूर्य प्रकट भएसम्म यो तेस्रो असंख्य विवर्त (कल्प) भनिन्छ। चन्द्रसूर्य प्रकट भएदेखि फेरि कल्पलाई विनाश गर्ने महामेघसम्म - यो चौथो असंख्य विवर्तस्थायी (कल्प) भनिन्छ। यी चार असंख्य कल्पहरूको एक महाकल्प हुन्छ। यसप्रकार अग्निद्वारा प्रलय र सृष्टिलाई जान्नुपर्दछ।

## जलद्वारा प्रलय र सृष्टि

जुन समय जलद्वारा कल्पको विनाश हुन्छ, प्रारम्भदेखि नै कल्पलाई विनाश गर्ने महामेघ उठेर - यसरी पहिला भनिएअनुसार विस्तार गर्नुपर्छ।

यहाँ यो विशेषता हो – जसरीअग्नी प्रलयमा दोस्रो सूर्य हुन्छ, यसरी यहाँ कल्पलाई विनाश गर्ने नुनिलो पानीको महामेघ उठ्दछ। त्यहाँ प्रारम्भदेखि सूक्ष्मसूक्ष्म वर्षा गर्दै क्रमशः महाधाराहरूले दश खरब चक्रवालहरूलाई चूर्ण गर्दै बर्सिनेछ। नुनिलो पानीले स्पर्श गरेगरेको स्थान पृथ्वी, पर्वतआदि धूलो हुँदै पग्लिन्छन्। पानी चारैतिर वायुले धारण गर्दछ। पृथ्वीदेखि द्वितीयध्यानभूमिसम्म जान्छ। त्यहाँ तीनै परित्ताभा, अप्पमाणाभा आभास्सर ब्रह्मलोकहरूलाई पनि पगालेर शुभकण्हामा गएर रोकिन्छ। त्यो जबसम्म अणु मात्र पनि संस्कारगत हुन्छ, तबसम्म शान्त हुँदैन। पानीमा गएको सबै संस्कारहरूको नाश गरी सहसा शान्त हुन्छ, अन्तर्धान हुन्छ। तलको आकाशदेखि लिएर माथिको आकाशसम्म अन्धकार हुन्छ - यसरी सबै माथि भनिएजस्तै बुझ्नुपर्दछ। केवल यहाँ आभास्सरा ब्रह्मलोकदेखि प्रारम्भ गरी लोक प्रकट हुन्छ र सुभकण्हादेखि च्यूत भएर आभास्सरा स्थान आदिमा सत्व उत्पन्न हुन्छन्।

त्यहाँ कल्पको विनाश गर्ने महामेघदेखि लिएर कल्पलाई विनाश गर्ने वर्षा बन्द भएसम्म यो एक असंख्य कल्प हो। वर्षा बन्द भएदेखि लिएर महामेघको आउनेसम्म यो दोस्रो असंख्य कल्प हो। महामेघ



Downloaded from http://www.dhamma.digital

आउनेदेखि लिएर यी चार असंख्य कल्पहरूको एक महाकल्प हुन्छ । यसप्रकार जलद्वारा प्रलय र सृष्टिलाई जान्नुपर्दछ ।

## वायुद्वारा प्रलय र सृष्टि

जुन समय वायुद्वारा कल्पको विनाश हुन्छ, प्रारम्भदेखि नै कल्पलाई विनाश गर्ने महामेघ उठेर - यसरी पहिला भनिएअनुसारले नै विस्तार गर्नुपर्दछ ।

यहाँ यो विशेषता हो – जसरी त्यहाँ दोस्रो सूर्य हुन्छ यसरी नै यहाँ कल्पलाई विनाश गर्नको लागि वायु चल्दछ, त्यो पहिले मोटो धूलो उडाउँछ, त्यसपछि सूक्ष्म धूलो, सूक्ष्म बालुवा, मोटो बालुवा, ससाना ढुंगा, पत्थर आदि - यसरी कुटागारको बराबर ढुंगा र विषम स्थानमा रहने महावृक्षसम्मलाई उडाउँछ । ती पृथ्वीदेखि आकाशमा माथि गएर फेरि झर्दैन, त्यहीं चूर्ण विचूर्ण भएर नाश भएर जान्छन् ।

तब क्रमशः महापृथ्वीको तलदेखि वायु उढेर पृथ्वीलाई उल्टाएर मूललाई माथि गरेर आकाशमा फ्याँकिदिन्छ । सय योजन बराबर पनि पृथ्वीको प्रदेश दुई तीन चार पाँचसय योजन बराबर पनि टुक्रिएर वायुको वेगले फ्यांकिएर आकाशमा नै चूर्णविचूर्ण भएर नाश भएर जान्छन् । चक्रवाल पर्वतलाई पनि, सिनेरु पर्वतलाई पनि, वायुले उडाएर आकाशमा फ्याँकिदिन्छन् । ती परस्पर ठक्कर खाएर चूर्णविचूर्ण भएर विनष्ट हुन्छन् । यसै क्रममा भूमिमा रहने विमानहरू आकाशमा रहने विमानहरूलाई विनाश गर्दै ६ कामावचरका देवलोकहरूलाई विनष्ट गर्दै दश खरब चक्रवालहरूलाई विनाश गरिदिन्छ । चक्रवाल चक्रवालहरूसंग, हिमालय हिमालयहरूसंग, सिनेरु सिनेरुहरूसंग परस्पर ठक्कर खाएर चूर्णविचूर्ण भएर विनष्ट हुन्छन् ।

पृथ्वीदेखि तृतीयध्यानभूमिसम्म वायु पुग्दछ । त्यहाँ तीनै ब्रह्मलोकहरूलाई विनष्ट गरी वेहप्फलामा पुगेर रोक्दछ । यसप्रकार सबै संस्कारगतलाई विनाश गरी स्वयं पनि नाश हुन्छ । तलको आकाशदेखि माथिको आकाशसम्म अन्धकार हुन जान्छ । यसरी सबै माथि भनिएजस्तै बुझ्नु पर्दछ । उहाँपछि यहाँ शुभकण्हा ब्रह्मलोकदेखि प्रारम्भ गरी लोक प्रकट हुन्छ र वेहप्फलादेखि च्यूत भएर शुभकण्हा स्थान आदिमा सत्व उत्पन्न हुन्छन् ।

त्यहाँ कल्पलाई विनाश गर्ने महामेघदेखि लिएर कल्पलाई विनाश गर्ने वायु वन्द.भएसम्म यो एक असंख्य कल्प हो । वायु बन्द भएदेखि लिएर महामेघ आउने समयसम्म यो दोस्रो असंख्य कल्प हो । ... यी चार असंख्य कल्पहरूको एक महाकल्प हुन्छ । यसप्रकार वायुद्वारा प्रलय र सृष्टिलाई जान्नुपर्दछ ।

## प्रलय र त्यसको कारण

के कारणले लोक यसरी विनष्ट हुन्छ ? अकुशल मूलको कारणले । अकुशल मूलहरूको अधिकता हुँदा लोक यसरी विनष्ट हुन्छ । रागको अधिकतर हुँदा अग्निले विनष्ट हुन्छ, द्वेषको अधिकतर हुँदा जलले विनष्ट हुन्छ । कोहीकोही द्वेषको अधिकतर हुँदा अग्निले र रागको अधिकतर हुँदा जलले भनेर पनि भन्दछन् । मोहको अकितर हुदा वायुले विनष्ट हुन्छ । सत्वहरूमा रागबहुल हुन्छ, त्यसैले रागद्वारा अधिकांश लोकको विनाश हुन्छ पनि भनिएको छ ।

यसरी विनाश हुँदा पनि लगातार सातपल्ट अग्निले नाश हुन्छ, आठौंपल्ट जलले फेरि सातपल्ट



Downloaded from http://www.dhamma.digital

अग्निले, आठौंपल्ट जलले यसरी आठौंआठौंपल्ट विनाश हुँदै सातपल्ट जलले विनाश भएर फेरि सातपल्ट अग्निले विनाश हुन्छ। यतिमा ६३ कल्प वित्दछ। यस बीच जलले नाश हुने पालोलाई हटाएर अवसर पाएर वायु परिपूर्ण चौसट्ठी (६४) कल्प आयु भएको शुभकण्हाहरूलाई विध्वंश गर्दै लोकको विनाश गर्दछ।

*सत्त सत्तग्गिना वारा अट्ठमे अट्ठमेदका।*
*चतुसट्ठि यदा पुण्णा एको वायुवरो सिया॥*
*अग्गिनाभत्सरा हेट्ठा आपेन सुभकिण्हतो।*
*वेहप्फलतो वातेन एवं लोको विनस्सति॥*

पूर्वेनिवासको अनुस्मरण गर्दै पनि कल्पहरूको अनुस्मरण गर्ने भिक्षु यी कल्पहरूमध्ये संवर्त कल्पलाई पनि, विवर्त कल्पलाई पनि, अनेक संवर्तविवर्त कल्पहरूलाई पनि अनुस्मरण गर्दछ। कसरी ? "म फलाना स्थानमा थिएँ" आदि प्रकारले। त्यहाँ म फलाना स्थानमा थिएँ को अर्थ हो फलाना संवर्त कल्पमा म फलाना भव, योनी, गति, विज्ञानको स्थिति, सत्वहरू रहने आवास, या सत्व समूहमा थिएँ।

यस नामको = तिष्य या पुष्य। यस गोत्रको = कात्यायन वा काश्यप। यो यसको बितेको जन्महरूमा गोत्रको अनुस्मरण गर्नेअनुसार भनिएको छ। यदि त्यस समय आफ्नो सुन्दरता निर्धन, धनवान् हुनु, सुखदु:खको अधिकता या कम आयु, लामो वायु भएको अनुस्मरण गर्न चाहन्छ भने त्यसलाई पनि अनुस्मरण गर्छ। त्यसैले दीघनिकाय (१,२) अनुसार भनिएको छ – यस वर्णको ... यति आयु भएको।

यहाँ यस वर्णको = सेतो वा गोरो। यस आहारको = चामल, मासु, भातको आहार या खसेको फलहरूको भोजन गर्ने। यस्तो सुख दु:खको अनुभव गर्ने = अनेकप्रकारको कायिक, चेतसिक आमिष, निरामिष (पञ्च कामगुणयुक्त सुखदु:ख वेदनालाई आमिष र ६ नैष्क्रम्ययुक्त सुखदु:ख वेदनालाई निरामिष वेदना भनिन्छ वेदना आदि या सुखदु:खको अनुभव गर्ने। यति आयु भएको = यस्तो यस वर्ष आयु भएको या चौरासी हजार कल्पको आयु भएको।

त्यहाँबाट च्यूत भएर अमुक स्थानमा उत्पन्न भएँ = त्यो म त्यस भव, योनि, गति, विज्ञानको स्थिति, सत्वावासमा उत्पन्न भएँ। त्यहाँ पनि = तब त्यहाँ पनि भव, योनि, गाति, विज्ञानको स्थिति सत्व आवास या सत्वसमूहमा फेरि उत्पन्न भएँ। यस नामको = आदि भनिएको ढंगले बुझ्नुपर्दछ।

'अमुक स्थान थियो' - यो क्रमशः माथि जानेको यथेच्छ अनुस्मरण हो। 'त्यहाँबाट च्यूत भएर' यो फर्केको प्रत्यवेक्षण हो। यसैले "यहाँ उत्पन्न भएको छु" यस यहाँको उत्पत्तिपछि नै यसको उत्पत्ति स्थानप्रति 'अमुक स्थानमा उत्पन्न भएँ' भनिएको जान्नुपर्दछ। 'त्यहाँ पनि थिएँ' आदि यसको त्यहाँ यस उत्पत्तिको अनन्तर हुने स्थानमा नामगोत्र आदिको अनुस्मरणलाई देखाउनको लागि भनिएको हो। त्यहाँबाट च्यूत भएर यहाँ उत्पन्न भए = त्यो म त्यस अनन्तर उत्पत्ति स्थानबाट च्यूत भएर यहाँ अमुक क्षत्रिय या ब्राह्मण कुलमा उत्पन्न भएँ।

यसप्रकार = यसरी। आकारप्रकारसहित = नामगोत्रअनुसार प्रकार र वर्ण आदिअनुसार आकार सहित। नामगोत्रले नै सत्व, तिष्य, काश्यप भनिन्छ। वर्णआदिले गोरो, सेतो, आदि यसरी नानात्वले जानिन्छ। यसैले नामगोत्र प्रकार र दोस्रो आकार हुन्। अनेक प्रकारले पूर्वेनिवासको अनुस्मरण गर्दछ =


Downloaded from http://www.dhamma.digital

यसको अर्थ सरल नै छ ।

*पूर्वेनिवासानुस्मृति ज्ञानकथा समाप्त*

## च्युत्योत्पादज्ञान

सत्वहरूको च्युत्योत्पादज्ञानकथामा पालि यसप्रकार छ -

*सत्तानं सत्तानं चुतूपपातञाणाय चित्तं अभिनीहरति, अभिनिन्नामेति । सो दिब्बेन चक्खूना विसुद्धेन अतिक्कन्तमानुसकेन सत्ते पस्सति चवमाने उपपज्जमाने हीने पणीते सुवण्णे दुब्बण्णे सुगते दुग्गते यथाकम्मूपगे सत्ते पजानाति । इमे वत भोन्तो सत्ता कायदुच्चरितेन समन्नगता, वच्ची दुच्चरितेन समन्नागता, मनोदुच्चरितेन समन्नागता, अरियानं उपवादक मिच्छादिट्ठिका मिच्छादिट्ठिकम्म समादाना, ते कायस्स भेदा परम्मरणा अपायं दुग्गतिं विनिपातं निरयं उप्पना। इमे वा पन भोन्तो सत्ता काय सुचरि तेन समन्नागता ... ते कायस्स भेदा परम्मरणा सुगतिं सग्गं लोकं उप्पन्नाति । इति दिब्बेन चक्खुना विसुद्धेन अतिक्कन्तमानुसकेन सत्ते पस्सति ।*

चुतूपपातञाणाय = सत्वहरूको च्युत्योत्पाद-ज्ञानकथामा च्युति र उत्पादनमा ज्ञानको लागि । जुन ज्ञानले सत्वहरूको च्युति र उत्पत्ति जान्न सकिन्छ, त्यसको लागि । अर्थात दिव्यचक्षुको ज्ञानको लागि भनिएको हो । चित्तं अभिनीहरति अभिनिन्नामेति = परिकर्मचित्तलाई लैजान्छ, झुकाउँछ । सो = ऊ चित्तलाई लैजाने भिक्षु । दिब्बेन = आदिमा देवताहरूजस्तै हुनाले दिव्य हो । देवताहरूको सुचरितकर्मले उत्पन्न, पित्त, कफ, रगत आदिले बिघ्नरहित र उपक्लेशहरूले विमुक्त हुनाले टाढा रहने पनि आलम्बनलाई देख्नमा समर्थ दिव्यप्रसादचक्षु हुन्छ । यो पनि वीर्यको भावना बलले उत्पन्न ज्ञानचक्षुजस्तै हुन्छ, यसैले देवताहरूजस्तै हुनाले दिव्य हो । दिव्यविहारको स्तरमा प्राप्त हुने र दिव्यविहार युक्त हुनाले पनि दिव्य हो । आलोकको परिग्रहले महाज्योतियुक्त हुनाले पनि दिव्य हो । भित्ताको वारपार आदिमा रहने रुपलाई देख्नाले महागतियुक्त हुनाले पनि दिव्य हो । त्यो सबै शब्द शास्त्र (व्याकरण) अनुसार जान्नुपर्दछ । देख्ने अर्थमा चक्षु हो, चक्षुको काम गर्नाले चक्षुजस्तै हुनाले चक्षु हो । च्युति उत्पत्तिलाई देख्नाले दृष्टिविशुद्धिको कारण विशुद्ध हो ।

जो च्यूति मात्र देख्दछ, उत्पत्तिलाई देख्दैन, त्यो उच्छेददृष्टिलाई पक्रन्छ । जो उत्पत्ति मात्रलाई देख्दछ, च्यूतिलाई देख्दैन, त्यो नयाँ सत्वहरूको उत्पत्ति हुने शाश्वतदृष्टिलाई ग्रहण गर्दछ । जो च्यूति र उत्पत्ति दुवैलाई देख्दछ र देख्नाले उ किनकि दुवै खराब दृष्टिलाई अतिक्रमण गरिलान्छ, यसैले उसको त्यो दर्शन दृष्टिविशुद्धिको लागि हुन्छ । यी दुवैलाई पनि बुद्धपुत्र (भिक्षु)ले देख्दछ । यसैले भनिएको छ - "च्यूतिउत्पत्तिलाई देख्नाले दृष्टिविशुद्धिको कारण विशुद्ध छ ।"

मनुष्यको उपचार (गोचर) को अतिक्रमण गरी रूपलाई देख्नाले मानुषिक अतिक्रमण गर्दछ । या मानुषिक मांसचक्षुको अतिक्रमण गर्नाले मानुषिकको अतिक्रमण गर्नु भनी जान्नुपर्दछ । त्यस दिब्बेन चक्खुना विसुद्धेन अतिक्कन्तमानुसकेन = विशुद्ध र अलौकिक दिव्यचक्षुले । सत्ते पस्सति = सत्वहरूलाई देख्दछ - मांसचक्षुले देखेझैं सत्वहरूको अवलोकन गर्दछ ।



Downloaded from http://www.dhamma.digital

चवमाने उपपज्जमाने = च्यूत र उत्पन्न हुँदै । यहाँ च्यूति (मृत्यु)को क्षण या उत्पत्तिक्षण दिव्यचक्षुले देख्न सकिदैन । तर जो मरणको निकट हुन्छन् र अब मर्दछु भन्ने व्यक्ति तथा जो प्रतिसन्धि ग्रहण गरिएको, सम्प्रति उत्पन्न भएको छ, जन्म लिंदै गरेको व्यक्तिप्रति नै यहाँ अभिप्रेत छन् । ऊ यसप्रकारको च्यूत भएको र उत्पन्न भएको सत्वहरूलाई देख्दछ भन्नको लागि यो देखाइएको छ ।

हीने = (हीन अवस्थामा आएको) मोहको फलयुक्त भएको हीन जाति, कुल, भोग आदिअनुसार निन्दित, घृणित, खराब मानिएको, उपेक्षित । पणीते = राम्रो अवस्थामा आएको - अमोहको फलयुक्त हुनाले उसको मोहको विपरित । सुवण्णे = राम्रो वर्ण भएको - अद्वेषको फलयुक्त हुनाले इष्ट कान्त मनाप वर्णयुक्त । दुब्बण्णे = दुर्वण - द्वेषको फलयुक्त हुनाले अनिष्ट अकान्त अमनाप वर्णयुक्त । अशोभन, कुरुप भन्ने यसको अर्थ हो । सुगते = राम्रो गतिलाई प्राप्त - सुगतिमा गएको या अलोभको फलयुक्त हुनाले आढ्य, महाधनवान । दुग्गते = खराब गतिप्राप्त - खराब गतिमा गएको या लोभको फलयुक्त हुनाले दरिद्र, अल्प अन्न, अल्प पेययुक्त ।

## यथाकर्मोपग ज्ञान

यथाकम्मूपगे = आफ्नो कर्मअनुसार अवस्थालाई प्राप्त जुनजुन कामलाई गरेको छ, त्यसत्यसलाई प्राप्त भएको । त्यहाँ पहिले 'च्यूत भएका' आदिले दिव्यचक्षुको काम भनिएको छ, तर यस पदले कर्मअनुसार प्राप्त हुने कामलाई जनाइएको छ ।

यस ज्ञानको यो उत्पत्ति क्रम हो – यहाँ भिक्षु तल नरकतिर आलोक बढाएर महादुःखलाई भोग्दै गरेको नरकको सत्वहरूलाई देख्दछ । त्यसलाई देख्नु दिव्यचक्षुको नै काम हो । ऊ यस्तो मनमा गर्दछ - 'कुन कर्मलाई गरेर यी सत्व यस दुःखलाई भोगिरहेछन् ?' तब उसलाई 'यसलाई गरेर' भनी त्यस कामको आलम्बनको ज्ञान उत्पन्न हुन्छ । त्यसरी नै माथिको देवलोकतिर आलोक बढाएर नन्दनवन, मिश्रकवन, फारुसकवनआदिमा महासम्पत्तिलाई भोग्दै गरेका सत्वहरूलाई देख्दछ । त्यसलाई पनि देख्नु दिव्यचक्षुको काम हो । ऊ यस्तो मनमा गर्दछ 'के काम गरेर यी सत्व यस सम्पत्तिलाई भोगिरहेछन् ?' तब उसलाई - यसलाई गरेर - भनेर कामको आलम्बनको ज्ञान उत्पन्न हुन्छ । यो यथाकर्मोपग ज्ञान हो ।

## अनागतंशज्ञान

यसको अलग परिकर्म छैन  जसरी यथाकमौपगज्ञानको त्यसरी नै अनागतंश-ज्ञानको पनि प्राप्ति हुन्छ । यी दिव्यचक्षुको पादक हुन् र दिव्यचक्षुसंगै सिद्ध हुन्छन् ।

कायदुच्चरितेन = शरीरको दुराचरणले आदिमा खराबप्रकारका गरिएका काम या क्लेशले दुर्गन्ध भएको दुश्चरित (दुराचरण) हो । शरीरले भएको दुश्चरित्र या शरीरबाट उत्पन्न भएको दुश्चरित्र कायदुश्चरित्र हो । वचीदुच्चरितेन, मनोदुच्चरितेन = आदिमा पनि यसैप्रकार बुझ्नुपर्दछ । समन्नागता = युक्त ।

आरियानं उपवादका =  आर्यहरूको निन्दा गर्ने - बुद्ध, प्रत्येकबुद्ध र श्रावक आर्यहरूका, यहाँसम्म कि गृहस्थ स्रोतापन्नहरूका पनि अहित चाहने भएर अन्तिम वस्तुले (चार पाराजिकाहरूलाई अन्तिमवस्तु



Downloaded from http://www.dhamma.digital

भनिन्छ किनकि त्यसले युक्त भिक्षु भिक्षुजीवनमा रहन पाउँदैन) या गुणलाई विध्वंस गर्नाले अपवाद गर्ने व्यक्ति। आक्रोषण गर्ने, निन्दा गर्ने आदि भनिएको छ।

त्यहाँ 'यसको श्रमण धर्म छैन, यो श्रमण होइन' यसरी भन्दै अन्तिमवस्तुले अपवाद गर्दछ। 'यसको ध्यान, विमोक्ष मार्ग या फल छैन' आदि भन्दै गुणलाई ध्वंस गर्नाले अपवाद गर्दछ भनेर पनि जान्नुपर्दछ। त्यो जान्दै अपवाद गरोस या नजानेर, दुवै प्रकारले पनि आर्यहरूको अपवाद अपवाद नै हुन्छ। आनन्तर्य (बाबु, आमा, अर्हतलाई मार्नु, संघमा फूट ल्याउनु, तथागतको शरीरबाट रक्तपात गर्नु - यी पाँच आनन्तर्य कर्म हुन्। जसमध्ये एउटालाई मात्र पनि गर्नाले महाअवीचि नरकमा जान्छ।) जस्तै त्यो महादोषयुक्त काम हो, स्वर्ग र मार्गको आवरण गर्ने हो, तर त्यसको प्रतिकार गर्न सकिन्छ। क्षमा आदि माग्नाले दोष मुक्त हुन सक्छ। त्यसलाई प्रकट गर्नको लागि यो कथा जान्नुपर्दछ।

क्षमायचना गरेको कथा – कुनै एक गाउँमा एक स्थविर र तरुण भिक्षु भिक्षाको लागि घुमिरहेथ्यो। उनीहरूले पहिलो घरमा नै डाडुभरी तातो यवागु पाए। स्थविरको पेटमा वायुप्रकोप भएको थियो। उहाँले सोच्नुभयो - यो यवागु मेरो योग्य छ, शीतल हुनुभन्दा अगाडि नै यसलाई पिउँ। उहाँले मनुष्यहरूको खाट बनाउन ल्याएको काठहरूमा नै बसेर पिउनुभयो। तरुण भिक्षुले उहाँलाई घृणा गर्दै - 'अत्यन्त मूर्खताले पीढित यो बूढा हामीहरूलाई लज्जित हुनयोग्य काम गऱ्यो" भनी भने। स्थविरले गाउँमा विचरण गरी विहारमा गएर तरुण भिक्षुलाई भन्यो – 'आवुस, यस शासनमा तेरो प्रतिष्ठा छ ? 'हो भन्ते ! म स्रोतापन्न हुँ।" "तव आवुस, माथिको सकृदागामी, अनागमी, अर्हत् मार्गको लागि प्रयत्न नगर, तिमीले क्षीणास्रवीको अपवाद गरेका छौं।"

ऊ त्यसको लागि क्षमा माग्यो। त्यसले उसको कर्म पहिलेजस्तै भयो।

## क्षमा माग्ने तरिका

यसैले, जो अन्य पनि आर्यको अपवाद गर्दछ, त्यसलाई गएर यदि आफूभन्दा बूढा भएमा, टुक्रुक्क बसेर (उकडूँ) - "मैले आयुष्मान्लाई योयो भनेको थिएँ त्यसलाई क्षमा गरिदिनोस्" भनेर क्षमा माग्नुपर्दछ। यदि कम आयु भएमा, बन्दना गरी उकडूँ बसेर हात जोडेर - 'भन्ते, मैले तपाईंलाई योयो भनेको थिएँ त्यसलाई क्षमा गरिदिनोस्" भनी क्षमा माग्नुपर्दछ। यदि अरू दिशाहरूमा गएको छ भने स्वयं गएर वा शिष्य आदिलाई पठाएर क्षमा माग्नुपर्दछ।

यदि आफू जान सकेन भने र मानिस पठाउन सकेन भने त्यस विहारमा जो भिक्षु बस्दछ उसकहाँ गएर, यदि कम आयु भएमा उकडू बसेर, यदि बूढा भएमा बूढाको लागि भनिएको नियमअनुसार नै गरी - 'भन्ते, मैले अमुक नामको आयुष्मान्लाई योयो भनेको थिएँ, उहाँ आयुष्मान्ले मलाई क्षमा गरिदेवस्, भनेर क्षमा माग्नुपर्दछ। अगाडि क्षमा नगर्दा पनि यही नै गर्नुपर्दछ।

यदि एक्लै घुम्ने भिक्षु भएमा, न उसको बस्ने स्थान न जाने स्थान थाहा हुन्छ, तब एक पण्डित भिक्षुकहाँ गएर - 'भन्ते, मैले अमुक आयुष्मानलाई योयो भनेको थिएँ, त्यसलाई स्मरण गर्दै मलाई पश्चाताप हुन्छ के गरुँ ?' भन्नुपर्दछ। उसले पनि भन्नुपर्दछ - तपाई चिन्ता नलिनोस्, स्थविर तपाईंलाई क्षमा गर्नुभएको छ, चित्तलाई शान्त गर्नोस्।' उसले पनि आर्य गएको दिशातिर हात जोडेर - क्षमा गरिदिनोस् - भन्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

यदि ऊ परिनिर्वाणलाई प्राप्त भैसकेको होस्, तब परिनिर्वृत भएको खाटको स्थानमा गएर, स्मशानसम्म गएर पनि, क्षमा माग्नुपर्दछ । यसरी गर्दा न त स्वर्गको आवरण हुन्छ र मार्गको नै, पहिलेजस्तै हुनजान्छ ।

मिच्छादिट्ठिका = (मिथ्यादृष्टिक) उल्टा धारणा राख्ने । मिच्छादिट्ठिकम्मसमादाना = (मिथ्यादृष्टिले काम गर्नाले) मिथ्यादृष्टिले ग्रहण गरिएको नाना प्रकारको कर्मले र जुन मिथ्या दृष्टिमूलक कायकर्म आदि छन्, त्यसलाई अरुलाई पनि ग्रहण गराउँदछन् । यहाँ वचीदुश्चरित्रको ग्रहणले नै आर्यहरूको अपवाद र मनको दुश्चरित्रको ग्रहणले मिथ्यादृष्टिमा आउँदा पनि यी दुवैलाई पुनः वचनको महादोषपूर्ण भएको देखाउनको लागि जान्नुपर्दछ ।

आर्यहरूको अपवाद गर्नु आनन्तर्य-कर्मजस्तै हुनाले महादोषयुक्त छ । मज्झिम निकाय (१,२,२) अनुसार भनिएको पनि छ "जसरी सारीपुत्र ! शील, समाधि र प्रज्ञाद्वारायुक्त भिक्षु यसै जन्ममा अर्हत्वलाई पाउँछ । त्यसरी नै सारीपुत्र ! त्यस चित्तलाई नत्यागीकन, त्यस दृष्टिलाई नत्यागीकन, नरकमा राखेझैं हुन्छ ।" र मिथ्यादृष्टिभन्दा अधिक महादोषयुक्त अन्य केही छैन । जस्तै अंगुत्तर निकाय (१,३,३) अनुसार भनिएको छ - "भिक्षुहरू, म यस्तो महादोषयुक्त एउटा पनि अर्को धर्मलाई देख्दिन जस्तो कि भिक्षुहरू यो मिथ्यादृष्टि छ । भिक्षुहरू, दोषहरूमा मिथ्यादृष्टि सबैभन्दा ठूलो छ ।"

कायस्स भेदा = (शरीरको भेद हुँदा) - उपादिन्नस्कन्धको परित्यागले । परम्मरणा = (परम मरणले) यसको अनन्तर उत्पन्न हुने स्कन्धको ग्रहण गर्नुमा, अथवा कायको भेदले - को अर्थ हो जीवितिन्द्रियको नाश हुनाले । परम मरणले - को अर्थ हो च्यूतिचित्तभन्दा माथि ।

अपाय दुग्गतिं, विनिपातं, निरयं = यी सबै निरयको पर्याय शब्द हुन् । निरय नै स्वर्ग, मोक्षको हेतु भएको पुण्यको अर्थभन्दा टाढा हुनाले । या सुखहरूको आय (आगमन) को भेदभावले अपाय हो । दुःखको गति प्रतिशरण दुर्गति हो । या द्वेष बाहुल्य अथवा खराबकर्मले उत्पन्न भएको गति दुर्गति हो । खराब कर्म गर्ने व्यक्ति विवश भएर यहाँ झर्दछन् । यसैले विनिपात हो । या विनाशलाई प्रष्ट हुँदै, अंगप्रत्यंगहरूलाई छोड्दै, भाँच्दै यहाँ खस्दछन् आदि अर्थमा पनि विनिपात हो । यहाँ आस्वाद (सुख) नामक अय छैन यसैले निरय हो ।

अथवा अपायको ग्रहणले तिर्यक योनिलाई बताउँछ । तिर्यक योनी सुगतिभन्दा टाढा हुनाले अपाय हो; महाप्रतापी नागराजा आदि हुनाले दुर्गति होइन । दुर्गतिको ग्रहणले प्रेत्य विषयलाई पनि बुझाउँछ । त्यो सुगतिभन्दा टाढा हुने र दुःखको गति हुनाले अपाय र दुर्गति हो । तर असुरहरूजस्तै समान विनिपात नहुनाले विनिपात होइन । विनिपातको ग्रहणले असुर कायलाई त्यो यथोक्त अर्थले अपाय र दुर्गति हो । तथा सब सम्पत्तिसमूहले विशेषरूपले पतित हुनाले विनिपात भनिन्छ । निरयको ग्रहणले अवीचि आदि अनेकप्रकारको निरयलाई नै बुझाउंछ । उपपन्ना = (उत्पन्न भएको) त्यहाँ भनिएअनुसार त्यहाँ उत्पन्न भएको भन्ने अभिप्राय हो ।

इमे वा पन ... सग्गं लोकं उप्पन्नाति = माथि भनिएको विपरीतरूपले शुक्लपक्षलाई जान्नुपर्दछ । यो विशेषता हो - त्यहाँ सुगतिको ग्रहणले मनुष्यगति पनि संग्रहीत छ - स्वर्गको ग्रहणले देवगति मात्र संग्रहीत छ । सुन्दरगति सुगति हो । रूप आदि विषयहरूले राम्ररी अग्र स्वर्ग हो । त्यो सबै



Downloaded from http://www.dhamma.digital

पनि नष्टविनष्ट भएको अर्थमा लोक हो। यो शब्दार्थ हो। इति दिब्बेन चक्खुना = यसप्रकार दिव्यचक्षुले - आदि सबै निगमन वचन हो। यसरी दिव्यचक्षुले देख्दछ - यो संक्षेपमा अर्थ हो।

यसरी हेर्ने इच्छा भएको आदिकर्मिक कुलपुत्रले कसिणको आलम्बन भएको अभिज्ञाको पादकध्यानलाई सबैप्रकारले अभिनीहारको योग्य गरी तेजोकसिण, अवदातकसिण, आलोककसिण - यी तीन कसिणहरूमध्ये कुनै एकलाई पूर्ण गर्नुपर्दछ। उपचार ध्यानलाई गोचर गरी, बढाएर राख्नुपर्दछ। त्यहाँ अर्पणा उत्पन्न गर्नु हुँदैन - यो अभिप्राय हो। यदि गर्दछ भने पादकध्यानको निश्रय हुन्छ, परिकर्मको विषय हुँदैन। यी तीनैमा आलोककसिण नै श्रेष्ठतर छ। यसैले त्यसलाई या अरूमध्ये कुनै एकलाई कसिण निर्देशमा भनिएअनुसार उत्पन्न गरी उपचारभूमिमा नै रहेर बढाउनुपर्दछ। यसको बढाउनेढंग पनि त्यहाँ बताइएअनुसार नै जान्नुपर्दछ। बढेको स्थानभित्र नै रूपलाई हेर्नुपर्दछ।

रूपलाई देख्दै यस परिकर्मको वार (सीमा) लाई नाघ्दछ। त्यसपश्चात् आलोक अन्तर्धान हुँदा रूप पनि देखापर्दैन। तब त्यसलाई पुनः पुनः पादकध्यानलाई नै हेरेर, त्यसबाट उठेर आलोक बढाउनुपर्दछ। यसरी क्रमशः आलोक बलवान् हुन्छ। यहाँ आलोक होस् - यसरी जति स्थानको परिच्छेद गर्दछ, त्यहाँ आलोक हुन्छ नै। दिनभरी बसेर हेर्दा पनि रूप देखापर्दछ। यहाँ, रातमा घाँसको मशालद्वारा मार्ग हिंड्ने पुरुषको उपमा छ।

मशालको उपमा - एक पुरुष रातमा घाँसको मशाल लिएर बाटो हिंड्न प्रारम्भ गऱ्यो। उसको त्यो मशाल निभ्यो। तब उसलाई समविषम जानकारी भएन। उसले त्यस घाँसको मशाललाई भूमिमा रगडेर जलायो। त्यो प्रज्ज्वलित भएर पहिलेको आगोभन्दा धेरै अधिक प्रकाशित भयो। यसरी पुनः पुनः निभ्ने, बाल्ने गर्दै क्रमः सूर्य उदायो। सूर्य उदायपछि मशालको कुनै काम छैन भनी सोचेर त्यसलाई फ्याँकेर दिनभरी पनि हिंड्यो।

त्यहाँ उल्काको आलोकजस्तै परिकर्मको समय कसिणको आलोक हो। उल्का (मशाल) निभ्दा समविषम नै देखा नपर्नुसमान रूपलाई देख्ने परिकर्मको वारलाई बाँध्नाले आलोकको अन्तर्धान हुँदा रूपहरूलाई देखा नपर्नु हो। उल्कालाई रगड्नेझैं पुनः पुनः प्रवेश गर्नु हो। उल्काको पहिलेको आलोकभन्दा धेरै अधिक आलोक भएझैं परिकर्म गर्ने धेरै अधिक आलोक फैलाउनु हो। सूर्य उदाउनेझैं बलवान् आलोकको परिच्छेदअनुसार स्थान हो। घाँसको उल्कालाई फ्याँकेर दिनभरी हिंडेझैं थोरै आलोकलाई छाडेर बलवान् आलोकद्वारा दिनभरी रूपलाई हेर्नु हो।

जब त्यस भिक्षुलाई मंसचक्षुले नदेखिने - पेटभित्र रहने, हृदयवस्तुले अवलम्बित, तल पृथ्वीतलमा आश्रित, भित्ताको वारपार, पर्खालमा रहनेहरू, दोस्रो चक्रवालमा रहनेहरू - आदि रूप ज्ञानचक्षुले देखापर्दछ, मंसचक्षुलाई दृश्यमान् हुन्छ, तब दित्यचक्षु उत्पन्न हुन्छ - भनी जान्नुपर्दछ। त्यही रूपलाई हेर्नुमा समर्थ हुन्छ, पूर्वभाग आवर्जन, परिकर्मको चित्तलाई हेर्नुमा होइन।

त्यो पृथक्जनको लागि बिघ्नकारक हुन्छ। किन ? किनकि ऊ जहाँजहाँ 'आलोक होस्' भनी अधिष्ठान गर्दछ त्योत्यो त्यहाँत्यहाँ पृथ्वी, समुद्र, पर्वतलाई छेडेर पनि एक आलोकमय नै हुन जान्छ। त्यहाँ उसलाई भयानक राक्षस आदिहरूको रूपहरूलाई देख्दै भय उत्पन्न हुन्छ, जसले गर्दा चित्त विक्षेपलाई प्राप्त गरी ध्यानको पागल हुन जान्छ। त्यसैले रूपलाई प्रमाद गरिनु हुन्न।



Downloaded from http://www.dhamma.digital

यो दिव्यचक्षुको उत्पत्तिक्रम हो । उक्तप्रकारको यस रूपालम्बनलाई गरेर मनोद्वारावर्जनको उत्पन्न भएर निरुद्ध हुँदा त्यसै रूपलाई आलम्बन गरी चार वा पाँच जवनचित्त उत्पन्न हुन्छन् । यसरी सबै पहिलेकै ढंगले नै जान्नुपर्दछ । यहाँ पनि पूर्वभागको चित्त वितर्क, विचारसहित कामावचरका हुन्छन् । अन्तमा अर्थलाई सिद्ध गर्ने चित्त चतुर्थध्यानयुक्त रूपावचरको हुन्छ । त्यससंग उत्पन्न भएको ज्ञान, सत्वहरूको च्यूति-उत्पत्तिमा ज्ञान पनि, दिव्यचक्षु ज्ञान भनिन्छ ।

*च्युत्योत्पाद ज्ञान कथा समाप्त*

## प्रकीर्णककथा

*इति पञ्चक्खन्ध विदू पञ्च अभिञ्ञा अवोच या नायो ।*
*ता ञत्वा तासु अयं पकिण्णककथापि विञ्ञेय्या ॥*

(यसप्रकार पञ्चस्कन्धको जानकार नाथ (बुद्ध)ले जुन पाँच अभिज्ञाहरूलाई भन्नुभयो त्यसलाई जानेर, त्यसमा यो अरू पनि प्रकीर्णककथा जान्नुपर्दछ ।)

यसमा जुन यो चुत्योत्पाद भनिने दिव्यचक्षु छ, त्यसको अनागतंशज्ञान र यथाकर्मोपगज्ञान, दुवै पनि परिवारज्ञान हुन् । यसप्रकार दुई र ऋद्धिविध आदि पाँच जम्मा सात अभिज्ञाज्ञान यहाँ आएका छन् ।

अब त्यसको आलम्बनको विभागको असंमोहको लागि -
*आरम्मणत्तिका वुता ये चत्तारो महेसिना ।*
*सत्तन्नम्पि हि ञाणानं पवतिं तेसु दीपये ॥*

(महर्षिले जुन चार आलम्बन त्रिक भन्नुभएको छ, त्यसमा पनि सातै वटा ज्ञानको प्रवर्तित हुने प्रकट गर्दछ ।)

यो प्रकट गर्नु हो - चार आलम्बन त्रिक महर्षिले भन्नुभएको छ । कुनचाहिं चार ? (१) परित्रालम्बन त्रिक (२) मार्गालम्बन त्रिक (३) अतीतालम्बन त्रिक (४) अध्यात्मालम्बन त्रिक् ।

त्यसमा ऋद्धिविध ज्ञान परित्र, महद्‌गत, अतीत, अनागत, वर्तमान्, भित्री, बाहिरी आलम्बनअनुसार सातै वटा आलम्बनहरूमा प्रबर्तित हुन्छ । कसरी ? त्यो, जब शरीरको चित्तको आश्रय गरी अदृश्यमान् शरीरले जान्न चाहँदै चित्तको स्तरमा शरीरलाई परिणत गर्दछ, महद्‌गतचित्तमा राख्दछ, स्थिर गर्दछ, तब उपयोग (यहाँ कर्मकारक गरी भनिएको छ - चित्तको स्तरमा शरीरलाई परिणत गर्दछ अर्थात् शरीरलाई चित्तमा राख्दछ ।)लाई प्राप्त आलम्बन हुन्छ । यसरी गरेर रूपकायको वर्णआलम्बनमा परित्रआलम्बन हुन्छ । जब चित्तलाई शरीरको आश्रय गरी दृश्यमान् शरीरद्वारा जान्दै शरीरको स्तरमा चित्तलाई गर्दछ, पादकध्यानको चित्तलाई रूपकायमा राख्दछ, स्थिर गर्दछ, तब उपयोगलाई प्राप्त आलम्बन हुन्छ - यसरी महद्‌गतचित्तको आलम्बनसंग महद्‌गतआलम्बन हुन्छ ।

त्यही चित्त भूतकालको निरुद्ध भइसकेकोलाई आलम्बन गर्दछ, यसैले अतीतआलम्बन हुन्छ । महाधातु विधानमा महाकाश्यप स्थविरआदिको स्थान भविष्यतकालको अधिष्ठान गर्नेको अनागत आलम्बन हुन्छ । दीघनिकाय अट्ठकथा (२, ३) र थूपवंस महाकाश्यप स्थविरले महाधातु निधानलाई गर्दै - "भविष्यकालमा २१८ वर्ष यी गन्ध नहरावस्, फूल नवैलावस्, बत्ती ननिभोस्" भनी अधिष्ठान



Downloaded from http://www.dhamma.digital

गर्नुभयो । तब त्यस्तै भयो । अश्वगुप्त स्थविरले वत्तनिय शयनासनमा (विन्ध्यावटीको एक विहार) भिक्षुसंघलाई सुकेको भात खाँदै गरेको देखेर 'पानीको पुष्करिणी प्रतिदिन भोजनपूर्व दही होस्' भनी अधिष्ठान गर्नुभयो । भोजनको पूर्वकालमा लिंदा त्यो पानी दही हुन्थ्यो र भोजनपछि साधारण जल नै ।

कायलाई चित्तको आश्रय गरी अदृश्यमान शरीरले जाने समय वर्तमान्आलम्बन हुन्छ । शरीरको स्तरमा चित्तलाई या चित्तको स्तरमा शरीरलाई परिणत गर्ने समय आफूलाई बच्चाको रूपआदि बनाउने समय आफ्नो चित्तको आलम्बन गर्नाले भित्रीआलम्बन हुन्छ । बाहिरी हात्ती, घोडाआदि देख्ने समय बाहिरीआलम्बन हुन्छ । यसरी ऋद्धिविधानका सातै वटा आलम्बनहरूमा पर्वर्तित हुने जान्नुपर्दछ ।

दिव्यश्रोतधातु ज्ञान परित्र, वर्तमान्, भित्री, बाहिरीआलम्बनको रूपमा चारैवटा आलम्बनहरूमा प्रवर्तित हुन्छन् । कसरी ? किनकि त्यो शब्दलाई आलम्बन गर्दछ र शब्द परित्र हो, यसैले परित्रआलम्बन हुन्छ । विद्यमान नै शब्दलाई आलम्बन गरी प्रवर्तित हुनाले वर्तमान्आलम्बन हुन्छ । त्यो आफ्नो पेटको शब्दलाई सुन्ने समय भित्रीआलम्बन हुन्छ र दोस्रो अरूहरूको शब्दलाई सुन्ने समय बाहिरीआलम्बन हुन्छ । यसरी दिव्यश्रोतधातु ज्ञानका चारैवटा आलम्बनहरूमा प्रवर्तित हुने जान्नुपर्दछ ।

चेतोपर्य ज्ञान परित्र, महद्‌गत, अप्रमाण, मार्ग, अतीत, अनागत, वर्तमान्, बाहिरीआलम्बनअनुसार आठ आलम्बनहरूमा प्रवर्तित हुन्छन् । कसरी ? त्यो अरुहरूको कामवचरचित्तलाई जान्ने समय परित्रआलम्बन हुन्छ । रूपावचर, अपावचरचित्तलाई जान्ने समय महद्‌गतआलम्बन हुन्छ । मार्गफललाई जान्ने समय अप्रमाणआलम्बन हुन्छ । यहाँ पृथक्जन स्रोतापन्नको चित्तलाई जान्दैन या स्रोतापन्न सकृदागामीको चित्तलाई जान्दैन । सकृदागामीले अनागामीको चित्तलाई जान्न सक्दैन, अनागामीले अरहन्तको चित्तलाई जान्न सक्दैन । तर अर्हत् सबैको चित्तलाई जान्दछ, अन्य पनि माथिल्लोले तल्लोको चित्तलाई जान्दछ - आदि विशेषतालाई जान्नुपर्दछ । मार्गचित्तको आलम्बनको समय मार्गआलम्बन हुन्छ । जब भूतकालको सात दिनभित्र र भविष्यकालको सात दिनभित्र अरुको चित्तलाई जान्दछ, तब अतीतआलम्बन र अनागतआलम्बन हुन्छ ।

कसरी वर्तमान्आलम्बन हुन्छ ? वर्तमान् तीन प्रकारका छन् - (१) क्षण-वर्तमान (२) सन्तति-वर्तमान् (३) अध्व-वर्तमान । त्यसमा उत्पत्ति, स्थिति, भंगलाई प्राप्त भएको क्षण-वर्तमान् । एक दुई सन्तति वारमा भएको सन्तति वर्तमान् हो ।

अन्धकारमा बसेर प्रकाशको स्थानमा जानेलाई प्रथम आलम्बन प्रकट हुँदैन । तर जबसम्म त्यो प्रकट हुन्छ तबसम्म यसबीच एकदुई सन्ततिको वारलाई जान्नुपर्दछ । प्रकाशको स्थानमा घुमेर कोठामा प्रवेश गर्नेलाई पनि तुरुन्तै रूप प्रकट हुँदैन । जहाँसम्म त्यो प्रकट हुन्छ तबसम्म यसबीच एकदुई सन्ततिको वार जान्नुपर्दछ । टाढा उभिएर धोबीहरूको हातको आकार र घण्टी, भेरी आदि बजाउनेको आकारलाई देखेर पनि प्रथम शब्द सुनाइदिंदैन । जबसम्म त्यसलाई सुन्दछ, त्यसबीच एकदुई सन्ततिको वारहरूलाई जान्नुपर्दछ, यसरी मज्झिम निकायको भाणक भन्दछ । तर संयुक्त निकायको भाणक रूपसन्तति, अरूपसन्तति - दुई सन्ततिहरूलाई भनेर पानीबाट भएर जानेलाई किनारामा भएको पानीको फोहोर रेखा, जबसम्म परिशुद्ध हुँदैन, दीर्घमार्ग हिंडेर आउनेलाई जबसम्म शरीरको गर्मी शान्त हुँदैन, घामबाट आएर भित्र कोठामा आउनेलाई जबसम्म अन्धकार हुने हटेर जाँदैन, भित्र कोठामा



Downloaded from http://www.dhamma.digital

कर्मस्थानलाई मनमा गरी दिनमा झ्याललाई खोलेर हेर्नेलाई जबसम्म आँखाको चञ्चलता हराएर जाँदैन आादि जुन भनिएको छ यो रूपसन्तति हो। दुई तीन जवनको वार अरुपसन्तति हो भनेर ती दुवैलाई पनि सन्तति वर्तमान् भन्दछन्।

एक जन्मबाट अलग भएको अध्व-वर्तमान् हो। जसप्रति मज्झिम निकाय (३,४,१) को भद्देकरत्त सुत्तमा "आबुस, जुन मन छ र जुन धर्म छ - यी दुई वर्तमान् हुन्। उक्त वर्तमान्मा छन्दरागले बाँधिएको विज्ञान हुन्छ। विज्ञानलाई छन्दरागमा बाँधिएकोले त्यसको अभिनन्दन गर्दछ। त्यसको अभिनन्दन गर्दै वर्तमान् धर्महरूमा तानेर जान्छ" भनिएको छ। अर्थकथाहरूमा सन्तति-वर्तमान् आएको छ र सूत्रमा अध्व-वर्तमान्।

कोहीकोही (अभयगिरी विहारमा बस्ने भिक्षुहरू) क्षण-वर्तमान्चित्त चैतोपर्यज्ञानको आलम्बन हुन्छ भन्दछन्। के कारणले ? किनकि यसको र अरुको एक क्षणमा चित्त उत्पन्न हुन्छ यो उपमा हो - जसरी आकाशमा मुट्ठीभर फूल फ्याँक्दा अवश्य नै एक फूलको डाँठ अर्को फूलको डाँठसंग ठक्कर खान्छ। यसरी नै 'अरूको चित्तलाई जान्नेछु" भनी सोचर राशिको रूपमा महानजनसमूहको चित्तहरूको आवर्जन गर्दा अवश्य नै एकको चित्त, एकको चित्तको उत्पत्तिक्षण, स्थितिक्षण या भंगक्षणमा जान्दछ।

त्यो सय वर्ष पनि, हजार वर्ष पनि आवर्जन गर्नेलाई जुन चित्तले आवर्जन गर्दछ र जसलाई जान्दछ, ती दुवैको एकसाथ स्थानको अभावले र आवर्जन तथा जवनको अनिष्ट स्थानमा नानाआलम्बन भएको दोषले अयुक्त छ - यसरी अर्थकथाहरूमा स्वीकार गरिएको छैन। तर सन्तति-वर्तमान् र अध्व-वर्तमान्आलम्बन हुन्छ - भनी जान्नुपर्दछ।

त्यहाँ जुन वर्तमान् जवनवीथीले अतीत, अनागतको रूपमा दुईतीन वीथी जवनको वरावर समयमा अरुको चित्त छ, त्यो पनि सन्तति-वर्तमान् हो। अध्व-वर्तमान्लाई जवनको वारले प्रकट गर्नुपर्दछ भनी जुन संयुक्त निकायको अर्थकथामा भनिएको छ, त्यो धेरै राम्रो भनिएको छ।

यो स्पष्टिकरण हो - ऋद्धिमान् अरुको चित्तलाई जान्ने इच्छाले आवर्जन गर्दछ। आवर्जन क्षणवर्तमान्लाई आलम्बन गरी त्यसैसंग निरुद्ध हुन जान्छ। त्यसपछि चार या पाँच जवन हुन्छन्, जसको पछि ऋद्धिचित्त हुन्छ र शेष कामावचरयुक्त चित्त। ती सबैको पनि त्यही निरुद्ध भएको चित्त आलम्बन हुन्छ। ती अध्वअनुसार वर्तमान्आलम्बन हुनाले नानाआलम्बन भएको हुँदैन। एक आलम्बनमा पनि ऋद्धिचित्त नै अरुको चित्तलाई जान्दछ, अर्को चित्तले होइन। जसरी चक्षुद्वारमा चक्षुविज्ञान नै रूपलाई देख्दछ अरुले होइन।

यसप्रकार सन्तति-वर्तमान् र अध्व वर्तमान्अनुसार वर्तमान्आलम्बन हुन्छ। अथवा सन्तति-वर्तमान् पनि अध्व-वर्तमान्मा नै आइपर्दछ। यसैले अध्व-वर्तमान्अनुसार नै त्यसलाई वर्तमान्आलम्बन जान्नुपर्दछ। अरुको चित्तको आलम्बन हुनाले नै बाहिरीआलम्बन हुन्छ। यसरी चैतोपर्यज्ञानको आठ आलम्बनहरूमा प्रवर्तित हुने जान्नुपर्दछ।

पूर्वेनिवासज्ञान परित्र, महद्गत, अप्रमाण, मार्ग, अतीत, भित्री, वाहिरी, नवक्तव्य-आलम्बन्अनुसार आठ आलम्बनहरूमा प्रवर्तित हुन्छ। कसरी ? त्यो कामावचरस्कन्धलाई अनुस्मरण गर्ने समय परित्र-आलम्बन हुन्छ। रुपावचर र अरुपावचर स्कन्धलाई अनुस्मरण गर्दा महद्गत-आलम्बन हुन्छ। भूतकालमा



Downloaded from http://www.dhamma.digital

आफ्नो या अरुबाट भावना गरिएको मार्ग र साक्षात् गरिएको फलको अनुस्मरण गर्ने समय अप्रमाण-आलम्बन हुन्छ। भावना गरिएको मार्गलाई नै अनुस्मरण गर्ने समय मार्गआलम्बन हुन्छ। नियमले यो अतीतआलम्बन नै हो।

यद्यपि चैतोपर्य ज्ञान, यथाकर्मोपग ज्ञान पनि अतीतआलम्बन नै हुन्छन् तर चैतोपर्यज्ञानको सात दिनभित्र बितेको चित्त नै आलम्बन हुन्छ। त्यो अन्य स्कन्ध या स्कन्धले सम्बन्ध रहनेलाई जान्दैन। मार्गचित्तको आलम्बन भएको कारण पर्यायले मार्गआलम्बन भनिएको हो। यथाकर्मोपग ज्ञानको अतीत चेतना मात्र नै आलम्बन हुन्छ। पूर्वेनिवासज्ञानको अतितस्कन्ध र स्कन्धसंग सम्बन्ध राख्ने धर्महरूमा सर्वज्ञज्ञानजस्तै गतिवान् हुन्छ भनी विशेषता जान्नुपर्दछ। यो यहाँ अर्थकथाको ढंग हो। "कुशलस्कन्ध ऋद्धिविधज्ञान, चैतोपर्य ज्ञान पूर्वेनिवासानुस्मृतिज्ञान, यथाकर्मोपगज्ञान, अनागतंशज्ञानको आलम्बन प्रत्ययले प्रत्यय हुन्छ" भनी तिक पट्ठानमा भनिएको छ। यसैले चारैवटा स्कन्धहरू पनि चैतोपर्यज्ञान, यथाकर्मोपगज्ञानको आलम्बन हुन्छन्। त्यहाँ पनि यथाकर्मोपगज्ञानको आलम्बन हुन्छ। त्यहाँ पनि यथाकर्मोपगज्ञानको कुशल र अकुशल नै आलम्बन हुन्छ।

आफ्नो स्कन्धलाई अनुस्मरण गर्ने समय यो भित्री-आलम्बन हुन्छ र अरुको स्कन्धहरूलाई अनुस्मरण गर्ने समय बाहिरी-आलम्बन हुन्छ। भूतकालमा विपश्यी भगवान् हुनुभएको थियो उहाँको माता वन्धुमती र पिता वन्धमा थिए आदि दीघनिकाय (२,१), अनुसार नाम, गोत्र, पृथ्वीको निमित्त आदिलाई अनुस्मरण गर्ने समयमा नवक्तव्यआलम्बन हुन्छ। नाम गोत्रको अर्थ यहाँ स्कन्धहरूसंग बाँधिएको, व्यवहारले सिद्ध, व्यञ्जनार्थ जान्नुपर्दछ, व्यञ्जन, होइन। किनकि व्यञ्जन शब्दायतनमा संगृहीत हुनाले परित्र हुन्छ। जसरी भनिएको छ - "निरुक्ति-प्रतिसम्भिदा परित्रआलम्बनयुक्त छ।" यो, यहाँ हाम्रो मत हो। यसरी पूर्वेनिवास ज्ञानलाई आठ आलम्बनहरूमा प्रवर्तित हुने जान्नुपर्दछ।

दिव्यचक्षु ज्ञान परित्र, वर्तमान्, भित्री, बाहिरीअनुसार चार आलम्बनहअरूमा प्रवर्तित हुन्छन्। कसरी ? त्यो रूपलाई आलम्बन गर्दछ र रूप परित्र हो। यसैले परित्रआलम्बन हुन्छ। रूपको विद्यमान हुँदा नै प्रवर्तित हुनाले वर्तमान्आलम्बन हुन्छ। आफ्नो पेटआदिमा रहने रूपहरूलाई देख्ने समय भित्रीआलम्बन र अरूको रूपलाई देख्ने समय बाहिरी-आलम्बन हुन्छ। यसरी दिव्यचक्षुलाई चार आलम्बनहरूमा प्रवर्तित हुने जान्नुपर्दछ।

अनागतंशज्ञान परित्र, महद्गत, अप्रमाण, मार्ग, अनागत, भित्री, बाहिरीनबक्तव्य आलम्बनअनुसार आठ आलम्बनहरूमा प्रवर्तित हुन्छन्। कसरी ? त्यो "यो भविष्यमा कामावचरमा उत्पन्न हुन्छ" आदि जान्ने समय परित्रआलम्बन हुन्छ। "रूपावचर या अरुपावचरमा उत्पन्न हुन्छ" आदि जान्ने समय महद्गतआलम्बन हुन्छ। 'मार्गको भावना गर्नेछ, फललाई साक्षात्कार गर्नेछ' आदि जान्ने समय अप्रमाण-आलम्बन हुन्छ। 'मार्गको भावना गर्नेछ' नै जान्ने समय मार्गआलम्बन हुन्छ। नियमतः त्यो अनागतआलम्बन नै हो। यद्यपि चैतोपर्यज्ञान पनि अनागतआलम्बन हुन्छ तर यसको सात दिनभित्र अनागतचित्त नै आलम्बन हुन्छ। त्यो अन्य स्कन्ध या स्कन्धसंग सम्बन्ध राख्नेलाई जाँदैन। अनागतंश ज्ञानको पूर्वेनिवासज्ञानमा उक्तप्रकारले अनागतअनालम्बन छैन।

"म अमुक्त स्थानमा उत्पन्न हुनेछु' आदि जान्ने समय भित्री आलम्बन हुन्छ। 'ऊ अमुक्त स्थानमा



Downloaded from http://www.dhamma.digital

उत्पन्न हुनेछ' जान्ने समय बाहिरी-आलम्बन हुन्छ । भविष्यकालमा मैत्रेय भगवान् उत्पन्न हुनेछ, सुब्रह्मा नामक उहाँको पिता हुनेछ, ब्रह्मवती नामक ब्राह्मणी माता आदि दीघनिकाय (३,३) अनुसार नामगोत्रलाई जान्ने समय पूर्वेनिवासज्ञानमा भनिएअनुसारले नै नवक्तव्यआलम्बन हुन्छ । यसप्रकार अनागतंशज्ञानको आठ आलम्बनहरूमा प्रवर्तित हुने जान्नुपर्दछ ।

यथाकर्मोपग ज्ञान परित्र, महद्गत, अतीत, भित्री, बाहिरी-आलम्बनअनुसार पाँच आलम्बनहरूमा प्रवर्तित हुन्छन् । कसरी ? त्यो कामावचर कर्मलाई जान्ने समय परित्र-आलम्बन हुन्छ । रुपावचर, अरुपावचर कर्मलाई जान्ने समय महद्गतआलम्बन हुन्छ। अतीतलाई नै जान्दछ, यसैले अतीतआलम्बन हो । आफ्नो कर्मलाई जान्ने समय भित्री-आलम्बन हुन्छ र अरुको कर्मलाई जान्ने समय बाहिरीआलम्बन हुन्छ। यसरी यथाकर्मोपगज्ञानलाई पाँच आलम्बनहरूमा प्रवर्तित हुने जान्नुपर्दछ।

जुन यहाँ - 'भित्री-आलम्बन र बाहिरीआलम्बन" आदि भनी पुरानो अर्थकथाहरूमा भनिएको छ त्यो समयसमयमा भित्री-बाहिरीलाई जान्ने समय भित्री-बाहिरीआलम्बन पनि हुन्छ ।

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धिमार्गमा*
*अभिज्ञा निर्देश नामक*
*तेह्रौं परिच्छेदसमाप्त*

♣♣♣

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# चौधौं परिच्छेद

## स्कन्ध निर्देश

यसरी अभिज्ञाको रूपले अनिशंस प्राप्त भएको स्थिरतर समाधि भावनायुक्त भिक्षुद्वारा –

*सीले पतिट्ठाय नरो सपञ्ञो चित्तं पञ्ञञ्च भावयं*

(शीलमा प्रतिष्ठित नर सप्रज्ञ, चित्त र प्रज्ञाको भावना गर्दै)

यहाँ चित्तको शीर्षले निर्दिष्ट भएको समाधिको सबैप्रकारले भावना जान्नुपर्दछ। त्यसपछि प्रज्ञाको भावना गर्नुपर्दछ र त्यो अत्यन्त संक्षेपमा भनिएकोले जान्नको लागि पनि सरल छैन, भावना गर्ने त कुरा नै के गर्नु ? यसैले त्यसको विस्तार र भावना गर्ने ढंगलाई देखाउनको लागि यी प्रश्न गरिएका छन-

(१) प्रज्ञा के हो ? (२) कुन अर्थमा प्रज्ञा हो ? (३) यसको लक्षण, रस प्रत्युपस्थान र पदस्थान हुन्? (४) प्रज्ञा कति प्रकारका छन् ? (५) कसरी भावना गरिनुपर्दछ ? (६) प्रज्ञाको भावना गरेमा कुनचाहिं गुण छ ?

### प्रज्ञा के हो ?

प्रज्ञा नानाप्रकारका हुन्छन्। ती सबैको व्याख्या गर्दा उत्तर इच्छित अर्थको सिद्ध गर्दैन र अगाडि पनि विक्षेप हुनेछ। यसैले यहाँ इच्छितप्रति नै भनिने छ – कुशल चित्तयुक्त विपश्यना ज्ञान प्रज्ञा हो।

### कुन अर्थमा प्रज्ञा हो ?

राम्ररी जान्ने अर्थमा प्रज्ञा हो। के हो त्यो राम्ररी जान्ने ? विशेषरूपले जान्नु विशिष्ट आकारलाई नानाप्रकारले जान्नु। यसको लागि संज्ञा, विज्ञान र प्रज्ञाले जान्ने विषयमा बुझ्नु आवश्यक छ। संज्ञा, विज्ञान, प्रज्ञाले जान्नु एउटै अर्थ हुँदा पनि संज्ञाले - नीलो छ, पहेंलो छ आदि स्तरमा आलम्बनलाई जान्नु मात्र हुन्छ। अनित्य, दु:ख अनात्मको लक्षणको प्रतिवेधसम्म पुग्न सक्दैन। विज्ञान ""नीलो" छ यसरी आलम्बनलाई जान्दछ र लक्षणको प्रतिवेधसम्म पनि पुग्दछ, तर प्रयत्न गरी मार्गलाई उत्पन्न गर्न सक्दैन। प्रज्ञाले संज्ञा र विज्ञानको भनिएप्रकारले आलम्बनलाई जान्दछ र लक्षणको प्रतिवेधसम्म पनि पुग्दछ तथा प्रयत्न गरी मार्गको प्रादुर्भावसम्म पनि पुग्दछ।

सराफको उपमा - जसरी सराफको टेबलमा राखिएको असर्फीको राशीलाई एक अनजान बच्चा, एक ग्रामीण पुरुष र एक सुनार-तीनै जनाले देख्दा अनजान बच्चा असर्फीको चित्रविचित्र, लामो, चार कुने गोल हुनु मात्र जान्दछ। तर यो मनुष्यको उपभोग परिभोग गर्ने रत्न हो भनी जान्दैन। ग्रामीण पुरुष चित्रविचित्र आदि हुनेलाई जान्दछ, सबै यो मनुष्यहरूको उपभोग परिभोग गर्ने रत्न हो भनि जान्दछ तर यो राम्रो छ, यो खोटो छ, यो आधा दामको छ - यस विभागलाई जान्दैन। सुनार यी सबैप्रकारलाई जान्दछ, जानेर असर्फीलाई देखेर बजाउने शब्दलाई सुनेर, गन्धलाई सुंघेर, रसलाई चाटेर, हातले लिए,



Downloaded from http://www.dhamma.digital

अमुक नामको गाउँ निगम, नगर, पर्वत या नदीको किनारामा बनाएको, अमुक आचार्यद्वारा बनाइएको हो भनेर पनि  जान्दछ। यसरी नै प्रज्ञालाई पनि जान्नुपर्दछ।

संज्ञा नीलो आदिअनुसार आलम्बनलाई जान्ने आकारलाई ग्रहण गर्नाले अनजान बच्चाको असर्फी देख्नेझैं हुन्छ। विज्ञान नीलो आदिअनुसार आलम्बनको आकारलाई ग्रहण गर्ने र माथिको लक्षणको प्रतिवेधसम्म पुग्ने ग्रामीण पुरुषले असर्फी देख्नेझैं हुन्छ। प्रज्ञा नीलो आदिअनुसार आलम्बनको आकारलाई ग्रहण गरी लक्षणको प्रतिवेधसम्म पनि पुगेर त्यसबाट पनि माथिको मार्गको प्रादुर्भावसम्म पुग्ने सुनारले असर्फी देख्नेझैं हुन्छ। यसैले जुन यो विशेषरूपले जान्ने विशिष्ट आकारलाई नानाप्रकारले जान्ने क्रिया छ यसलाई राम्ररी जान्नु (प्रजानन) सम्झिनुपर्दछ। यसप्रति नै यो भनिएको छ - राम्ररी जान्ने अर्थमा प्रज्ञा हो।

जहाँ, जुन चित्तमा, संज्ञा, विज्ञान हुन्छन् त्यहाँ प्रज्ञा विल्कुलै हुँदैन। प्रज्ञा सबै चित्तहरूमा हुँदैन। त्यो द्विहेतुका चित्तहरूलाई छाडेर त्रिहेतुक चित्तहरूमा मात्र हुन्छन्। तर जब, हुन्छ, तब ती धर्महरूसंग मिलेको हुन्छ। यो संज्ञा हो, यो विज्ञान हो, यो प्रज्ञा हो - यसप्रकार अलगअलग गरी जान्न नसक्नाले सूक्ष्म दुर्दृश्य हुन्छ। त्यसैले  मिलिन्दप्रश्नमा आयुष्मान् नागसेनले भन्नुभयो - महाराज, भगवान्ले धेरै कठिन काम गर्नुभयो।" "भन्ते नागसेन ! भगवान्ले के धेरै कठिन काम गर्नुभयो ?" "महाराज ! भगवान्ले धेरै कठिन काम गर्नुभयो, जुन अरुपी, एक आलम्बनमा हुने चित्तचेतसिक धर्महरूलाई अगलअलग गरी भन्नुभयो – यो स्पर्श हो, यो वेदना हो, यो संज्ञा हो, यो चेतना हो, यो चित्त हो।"

## यसको लक्षण, रस, प्रत्युपस्थान, पदस्थान हुन् ?

यहाँ धर्मको स्वभावलाई जान्ने लक्षणयुक्त प्रज्ञा हो। त्यो धर्महरूको स्वभावलाई ढाक्ने मोहरूपी अन्धकारको नाश गर्ने रसयुक्त छ। असंमोह यसको प्रत्युपस्थान हो। "एकाग्रचित्त हुनेले यथार्थ जान्दछ, देख्दछ" अगुत्तरनिकाय (१०,११)को वचनले समाधि यसको पदस्थान हो।

## प्रज्ञा कति प्रकारका हुन्छन् ?

धर्मको स्वभावको लक्षणले एक प्रकारको हुन्छ। लौकिक लोकोत्तरले दुई प्रकारका। त्यसरी नै आस्रव, अनास्रव आदिले, नामरूपको व्यवस्थापनले, सौमनस्य उपेक्षायुक्त हुनाले र दर्शन भावनाभूमिले चिन्तामय, श्रुतमय, भावनामयले तीन प्रकारका हुन्छन्। त्यसरी नै परित्र, महद्गत, अप्रमाणले, आय, अपाय, उपाय कौशल्यले र आध्यात्म अभिनिवेश आदिले। चार सत्यहरूको ज्ञान र चार प्रतिसम्भिदाले प्रज्ञा चार प्रकारका छन्।

### द्विक

त्यसमा एक प्रकारको अर्थ सरल नै छ। दुई प्रकारको भागमा पहिलो द्विकमा (१) लौकिक मार्गयुक्त लौकिक प्रज्ञा र (२) लोकोत्तर मार्गयुक्त लोकोत्तर प्रज्ञा छन्। यसरी लौकिक लोकोत्तरले दुई प्रकारका प्रज्ञा हुन्छन्।

द्वितीय द्विकमा = (१) आस्रवहरूको आलम्बन भएको सास्रव र त्यसको आलम्बन नभएको अनाश्रव प्रज्ञा हो। अर्थले यो लौकिक र लोकोत्तर नै हुन्छ। आश्रवले युक्त साश्रवप्रज्ञा र आस्रवरहित अनास्रवप्रज्ञा आदिमा पनि यसै प्रकार बुझ्नपर्दछ। यसरी आस्रव, अनास्रवआदिले दुई प्रकारका हुन्छन्।



Downloaded from http://www.dhamma.digital

तृतीय द्विकमा = (१) विपश्यना आरम्भ गर्ने इच्छा हुनेलाई चारै अरुपस्कन्धहरूको व्यवस्थापनमा जुन प्रज्ञा हो, यो नामव्यवस्थापनप्रज्ञा हो र (२) जुन रूपस्कन्धको व्यवस्थापनमा प्रज्ञा हो, त्यो रूप व्यवस्थापन प्रज्ञा हो । यसरी नामरूपको व्यवस्थापनले दुई प्रकारका हुन्छन् ।

चतुर्थ द्विकमा = (१) दुई कामचरको कुशलचित्तहरूमा र सोह्र पञ्चकनयले चतुर्थध्यानयुक्त मार्गचित्तहरूमा प्रज्ञा सौमनश्ययुक्त हुन्छ । (२) दुई कामावचर कुशलचित्तहरूमा र चार पञ्चकध्यानयुक्त प्रज्ञा हुँदा दुई कामावचर कुशल चित्तहरूमा र चार पञ्चकध्यानयुक्त मार्गचित्तहरूमा उपेक्षायुक्त प्रज्ञा हुन्छ । यसरी सौमस्श्य र उपेक्षायुक्त दुई प्रकारका हुन्छन् ।

पञ्चक द्विकमा = (१) प्रथममार्गको प्रज्ञा दर्शनभूमि प्रज्ञा हो ? (२) शेष तीन मार्गहरूको प्रज्ञा भावनाभूमि प्रज्ञा हो - यसरी दर्शन र भावनाभूमिले दुई प्रकारका हुंन्छन् ।

## त्रिक

पहिलो त्रिकमा = (१) अरुबाट नसुनेर प्राप्त भएको, आफ्नो चिन्ताले सिद्ध भएको चिन्तामय प्रज्ञा हो । (२) अरूबाट सुनेर प्राप्त गरिएको, सुनेर सिद्ध भएको प्रज्ञा श्रुतमयप्रज्ञा हो । (३) जसोतसो भावनाले सिद्ध भएको अर्पणालाई प्राप्त भावनामयप्रज्ञा हो । यो भनिएको छ - 'कुनचाहिं चिन्तामयप्रज्ञा हो ? युक्तिले गरिएको कामहरूले, युक्तिले गरिएको शिल्पहरूमा, युक्तिले गरिएको विद्याहरूमा, कर्मस्वकता (प्राणीहरूको यो कर्म आफ्नो हो, यो आफ्नो होइन त्यसरी जान्ने ज्ञान) सत्यानुलोमिक (विपश्यना ज्ञान) या रूप, वेदना, संज्ञा, संस्कार विज्ञान अनित्य छन् - जुन यसप्रकारको अनुलोम हुने क्षान्ति, दृष्टि, रूचि, मुक्ति अपेक्षा, धर्म निद्यान क्षान्तिलाई अरूबाट नसुनेर आफ्नो चिन्तनबाट प्राप्त गर्दछ - यो चिन्तामय प्रज्ञा भनिन्छ । तर ती सबै सुनेर प्राप्त गर्दछ भने यो श्रुतमयप्रज्ञा भनिन्छ । सबै समापत्तिलाई प्राप्त गरिएकोलाई भावनामयप्रज्ञा हो ।" यसरी विभङ्ग पालिअनुसार चिन्तामय, श्रुतमय, भावनामयअनुसार तीन प्रकारका हुन्छन् ।

दोस्रो त्रिकमा = (१) कामावचरधर्महरूप्रति प्रवर्तित परित्रआलम्बनयुक्त प्रज्ञा हुन्छ । रूपावचर र अरुपावचरप्रति प्रवर्तित महद्‌गतालम्बन प्रज्ञा हुन्छ, यो लौकिक विपश्यना हो । (२) निर्वाणप्रति प्रवर्तित अप्रमाणआलम्बनयुक्त प्रज्ञा हुन्छ यो लोकोत्तर विपश्यना हो - यसरी परित्र, महदगत, अप्रमाण आलम्बनअनुसार तीन प्रकारका हुन्छन् ।

तेस्रो त्रिकमा = आय भनिन्छ वृद्धिलाई । यो अर्थको हानि र अर्थको उत्पत्ति (लाभ) ले दुई प्रकारका हुन्छन् । त्यसमा कुशल हुनु आय=कौशल्य प्रज्ञा हो । जसरी विभंगमा भनिएको छ - "कुनचांहि आयकौशल्य हो ? यी धर्महरूलाई मनमा गर्नेलाई उत्पन्न नभएको अकुशलधर्म उत्पन्न हुँदैनन् र उत्पन्न भएको अकुशलधर्म टाढिएर जान्छन् या यी धर्महरूलाई मनमा गर्नेलाई उत्पन्न नभएको कुशल धर्महरू उत्पन्न हुन्छन् र उत्पन्न कुशलधर्म बढ्‌दछन्, विपुल हुन्छन्, भावनाको पूर्णता प्राप्ति हुन्छन् । जुन त्यहाँ प्रज्ञा, राम्ररी जान्नु ... अमोह - धर्मविचय, सम्यकदृष्टि हो त्यो आय-कौशल्य भनिन्छ ।'

(१) अपाय भनिन्छ अवनति, अवृद्धिलाई । त्यो पनि अर्थको हानि र अनर्थको उत्पत्तिले दुई प्रकारका हुन्छन् । त्यसमा कुशल हुनु अपाय-कौशल्य प्रज्ञा हो । जस्तै - विभंगमा भनिएको छ - 'कुनचाहिं अपाय कौशल्य हो ? यी धर्महरूलाई मनमा गर्नेलाई उत्पन्न नभएको कुशलधर्म उत्पन्न



Downloaded from http://www.dhamma.digital

हुँदैन ।' आदि

सर्वत्र त्यसत्यस कुराहरूलाई सिद्धिमा त्यसत्यस समय उत्पन्न स्थानोचित कौशल्य उपायकौशल्य प्रज्ञा हो । जस्तै - विभंगमा भनिएको छ - 'सबै उपाययुक्त प्रज्ञा उपाय-कौशल्य हो ।" यसरी आय, अपाय, उपाय कौशल्यअनुसार तीन प्रकारका हुन्छन् ।

चौथो त्रिकमा = (१) आफ्नो स्कन्धलाई लिएर प्रारम्भ गरिएको विपश्यना प्रज्ञा आध्यात्म अभिनिवेशयुक्त हो । (२) अरूको स्कन्धहरूलाई या वाह्य अनिन्द्रिय बद्ध रूप (वृक्ष, पर्वत फलाम आदि)लाई लिएर आरम्भ गरिएको वाह्य अभिनिवेशयुक्त प्रज्ञा हो । (३) दुवैलाई लिएर प्रारम्भ गरिएको आध्यात्म - वाह्य अभिनिवेशयुक्त प्रज्ञा हो - यसरी आध्यात्म, आदिले तीन प्रकारका छन् ।

पहिलो चतुष्कमा = (१) चतुष्कको दुःखसत्यप्रति प्रवर्तितज्ञान दुःखमा ज्ञान हो, (१) दुःख समुदयप्रति प्रवर्तित ज्ञान दुःखसमुदयमा ज्ञान हो, (२) दुःखनिरोधप्रति प्रवर्तित ज्ञान दुःख निरोध ज्ञान हो र (३) दुःख निरोधगामिनी प्रतिपदाप्रति प्रवर्तित ज्ञान दुःख निरोधगामिनी प्रतिपदामा ज्ञान हो । यसरी सत्यहरूमा ज्ञानअनुसारले चार प्रकारका छन् ।

दोस्रो चतुष्कमा चार प्रतिसम्भिदा भनिन्छन् - अर्थ आदिमा प्रभेदगत चार ज्ञानलाई । विभंगमा भनिएको छ - (१) 'अर्थमा ज्ञान अर्थप्रतिसम्भिदा हो । (२) धर्ममा ज्ञान धर्मप्रतिसम्भिदा हो । (३) त्यहाँ धर्मको निरुक्ति (व्याकरण) को अभिलाप (भनाई) मा ज्ञान निरुक्तिप्रतिसम्भिदा हो । (४) ज्ञानहरूमा ज्ञान प्रतिभान प्रतिसम्भिदा हो ।"

त्यहाँ अर्थ संक्षेपमा हेतुफलको यो नाम हो । हेतुफल हेतुअनुसार प्राप्त हुन्छ, यसैले अर्थ भनिन्छ । तर प्रभेदले (क) जेजति प्रत्ययले उत्पन्न हुन्छ । (ख) निर्वाण, (ग) भनिएको अर्थ (घ) विपाक, (ङ) क्रिया, यी पाँच धर्महरूलाई अर्थ जान्नुपर्दछ । त्यस अर्थको प्रत्यवेक्षण गर्ने त्यस अर्थमा प्रभेदगत ज्ञान अर्थप्रतिसम्भिदा हो ।

धर्म, संक्षेपले प्रत्ययको नाम हो । किनकि प्रत्यय त्यसत्यसको विधान गर्दछ, प्रवर्तित गर्दछ या पुऱ्याइदिन्छ त्यसैले धर्म भनिन्छ । प्रभेदले (क) जुनकुनै फललाई उत्पन्न गर्ने हेतु, (ख) आर्यमार्ग, (ग) भाषित (भनिएको) (घ) कुशल (ङ) अकुशल-यी पाँच कुराहरूलाई धर्म जान्नुपर्दछ । त्यस धर्मको प्रत्यवेक्षण गर्नेको त्यस धर्ममा प्रभेदगत ज्ञान धर्मप्रतिसम्भिदा हो ।

यही अर्थ अभिधर्ममा - "दुःखमा ज्ञान अर्थप्रतिसम्भिदा हो, दुःख समुदयमा ज्ञान धर्मप्रतिसम्भिदा हो । ... हेतुमा ज्ञान धर्मप्रतिसम्भिदा हो । हेतुफलमा ज्ञान अर्थप्रतिसम्भिदा हो । ... जुन धर्म जात = भूत = संजात उत्पन्न = प्रादुर्भूत छन् - यी धर्महरूमा ज्ञान अर्थप्रतिसम्भिदा हो । जुन धर्मले ती धर्मजात = भूत = सजात - उत्पन्न-प्रादुर्भूत छन्, ती धर्महरूमा ज्ञान धर्मप्रतिसम्भिदा हो । ... जरामरणमा ज्ञान अर्थप्रतिसम्भिदा हो । जरामरणको समुदयमा ज्ञान धर्मप्रतिसम्भिदा हो । ... संस्कार निरोधमा ज्ञान अर्थप्रतिसम्भिदा हो । संस्कारहरूको निरोधगामिनी प्रतिपदामा ज्ञान धर्मप्रतिसम्भिदा हो । ... यहाँ भिक्षु धर्म जान्दछ, सूत्र, गेय, वेदल्ल, - यसलाई धर्मप्रतिसम्भिदा भनिन्छ । उ त्यसत्यस भनिएको कुराहरूको अर्थ जान्दछ - 'यो यसलाई अर्थ प्रतिसम्भिदा भनिन्छ । ... कुनचाहिं कुशलधर्म हो ? जुन समय



Downloaded from http://www.dhamma.digital

कामावचर कुशलचित्त उत्पन्न हुन्छ ... यी धर्म कुशल हुन् । यी धर्महरूमा ज्ञान धर्मप्रतिसम्भिदा हो । त्यसको विपाकमा ज्ञान अर्थप्रतिसम्भिदा हो" आदिप्रकारले विभक्त गरी देखाइएका छन् ।

त्यहाँ धर्मनिरुक्तिको अभिलापमा ज्ञान - त्यस अर्थ र धर्ममा जुन स्वभावमा निरुक्ति छ, अव्यभिचारी व्यवहार छ, त्यसको अभिलापमा, त्यसको भन्नुमा, बोल्नुमा, त्यस भनिएको, बोलिएकोलाई सुनेर नै त्यो स्वभाव निरुक्ति हो, यो स्वभाव निरुक्ति होइन - यसरी त्यस धर्मनिरुक्तिको नामले भनिएको स्वभावनिरुक्ति मागधी सत्वहरूको मूलभाषामा प्रभेदगत ज्ञान निरुक्तिप्रतिसम्भिदा हो । निरुक्तिप्रतिसम्भिदा प्राप्त स्पर्श, वेदना - आदि वचनलाई सुनेर नै यो स्वभावनिरुक्ति हो भनी जान्दछ । स्पर्श, वेदना - आदिलाई यो स्वभावनिरुक्ति हो भनी जान्दछ ।

ज्ञानहरूमा ज्ञान - सबै विषयहरूमा ज्ञानलाई आलम्बन गरी प्रत्यवेक्षण गर्नेको ज्ञानको आलम्बन ज्ञान हो । या यथोक्त ती ज्ञानहरूमा गोचर र कृत्यआदिअनुसार विस्तारले ज्ञान प्रतिभानप्रतिसम्भिदा हो।

चारैवटा यी प्रतिसम्भिदाहरू पनि दुई स्थानहरूमा प्रभेदलाई प्राप्त हुन्छन् - शैक्ष्य र अशैक्ष्य भूमिमा । त्यहाँ, अगश्रावकहरू र महाश्रावकहरूको अशैक्ष्यभूमिमा प्रभेदलाई प्राप्त हुन्छन् । आनन्द स्थविर, चित्त गृहपत्ति, धार्मिक उपासक, उपालि गृहपति, खुज्जुत्तरा उपासिकाआदिको शैक्ष्यभूमि हो ।

यसरी दुई भूमिहरूमा प्रभेदलाई प्राप्त भएका पनि यी अधिगम, परियत्ति, श्रवण, परिपुच्छा (प्रश्नोत्तर) र पूर्वयोग - यी पाँच प्रकारले विस्तृत हुन्छन् । त्यहाँ अधिगम भनिन्छ अर्हत्व प्राप्तिलाई । परियत्ति भनिन्छ बुद्धवचन स्वाध्याय गर्नुलाई । श्रवण भनिन्छ सत्कारपूर्वक चित्तलाई एकाग्र गरी सद्धर्म सुन्नुलाई । परिपुच्छा भनिन्छ पालि अर्थकथाआदिमा कठिन पद अर्थपदको विनिश्चयकथालाई । पूर्वयोग भनिन्छ पूर्वबुद्धहरूको शासनमा जाने र फेरि आउने गतप्रत्यागतिक - (बस्ने स्थानदेखि गोचर गाउँसम्म र फेरि त्यहाँबाट बस्ने स्थानसम्म जाँदाआउँदा कर्मस्थानको अनुयोगमा युक्त रहनु) हुनाले जबसम्म अनुलोम गोत्रभूको समीप जानु हो, तबसम्म विपश्यनामा लागिरहनेलाई । त्यसैले भनेको छ -

*पुब्बयोगो बाहुसच्चं देशभासा च आगमो ।*
*परिपुच्छा अधिगमो गुरुसन्निस्सयो तथा ।*
*मित्त सम्पत्ति चेवा ति पटिसम्भिद पच्चया ॥*

(१) पूर्वयोग, (२) वहुश्रुत हुनु, (३) देशभाषा, (४) आगम, (५) परिपुच्छा, (६) अधिगम, (७) गुरुको आश्रय र त्यसरी नै (८) मित्र प्राप्ति यी प्रतिसम्भिदाका प्रत्यय हुन् ।)

त्यहाँ पूर्वयोग माथि भनिएको ढंगले जान्नुपर्दछ । (१) बहुश्रुत हुनु - अनेक शास्त्रहरू र शिल्पहरूमा कुशल हुनु भनिन्छ । (२) देशभाषा भनिन्छ पूर्वकालमा एक सय एक राजाहरूको देशमा प्रचलित एक सय एक भाषाहरूमा कुशल हुनु, विशेषरूपले मागधी (पालि) मा दक्षता हुनु भनिन्छ । आगम भनिन्छ अन्तिमत: ओपम्म (धम्मपदको या मज्झिम निकायको यमकवर्ग) वर्ग मात्र पनि बुद्धवचनको स्वाध्याय गर्नु । परिपुच्छा एक गाथाको पनि अर्थ विनिश्चय सोध्नुलाई । अधिगम भनिन्छ स्रोतापन्न हुन् या ... अर्हत् हुनुलाई गुरुको निश्रय श्रुत, प्रतिभानबहुल गुरुहरूसंग वास गर्नुलाई । मित्रको प्राप्ति त्यसप्रकारको नै मित्रहरूको प्रतिलाभलाई ।



Downloaded from http://www.dhamma.digital

बुद्ध र प्रत्येकबुद्ध पूर्वयोग अधिगमको सहाराले प्रतिसम्भिदाहरूलाई प्राप्त गर्छन् । श्रावक सम्पूर्ण यी कारणहरूको सहराले प्रतिसम्भिदाहरूलाई प्राप्त गर्छन् । प्रतिसम्भिदाको प्राप्तिको लागि अलग कुनै एक कर्मस्थान र भावनाको अनुयोग छैन । शैक्ष्यको शैक्ष्य फल, विमोक्षको अन्तमा हुने र अशैक्ष्यहरूको अशैक्ष्य फल विमोक्षको अन्तमा हुने प्रतिसम्भिदाको प्राप्ति हुन्छन् । तथागतहरूको दशबलहरू आर्यहरूलाई आर्यफलले नै प्रतिसम्भिदाहरूलाई प्राप्त हुन्छन् । यी प्रतिसम्भिदाहरूप्रति भनिएको छ - "चार प्रतिसम्भिदाअनुसार चार प्रकारका ।"

## कसरी भावना गर्नुपर्छ ?

यहाँ किनकि यस प्रज्ञास्कन्ध, आयतन, धातु, इन्द्रिय, सत्य, प्रतीत्य समुत्पाद आदिप्रकारका धर्मभूमि छन् । शीलविशुद्धि र चित्तविशुद्धि - यी दुई विशुद्धिहरू मूल हुन् । दृष्टिविशुद्धि, कांक्षावितरणविशुद्धि, मार्गामार्ग दर्शनविशुद्धि, प्रतिपदा ज्ञानदर्शन-विशुद्धि, ज्ञानदर्शन-विशुद्धि - यी पाँच विशुद्धिहरू शरीर हुन् । यसैले ती भूमि भएका धर्महरूमा उद्ग्रहण (अभ्यास) परिपुच्छाअनुसार ज्ञानको परिचय गरी मूल भएका दुई विशुद्धिहरूका सम्पादन गरी शरीर भएको पाँच विशुद्धिहरूको सम्पादन गर्दै भावना गर्नुपर्दछ । यो यहाँ संक्षेप हो ।

यो विस्तार हो - जुन भनिएको छ - स्कन्ध, आयतन, धातु, इन्द्रिय, सत्य, प्रतीत्य समुत्पाद आदिप्रकारका धर्मभूमि हो, यसमा स्कन्ध - पाँच स्कन्ध छन् (१) रूपस्कन्ध, (२) वेदनास्कन्ध (३) संज्ञास्कन्ध (४) संस्कारस्कन्ध (५) विज्ञानस्कन्ध

### १. रूपस्कन्ध

त्यसमा जेजति शीत आदिले विकार प्राप्त हुने स्वभाव भएको धर्म छ, ती सव एकगरी रूपस्कन्ध जान्नुपर्दछ । त्यो विकार प्राप्त भएको स्वभावले एक प्रकारका भए तापनि महाभूत र उपादाको भेदले दुई प्रकारका हुन्छन् ।

त्यसमा महाभूतरूप चार प्रकारका हुन्छन् - पृथ्वीधातु, आपोधातु, तेजोधातु, वायोधातु । त्यसको लक्षण रस, प्रत्युपस्थान, चतुर्धातु व्यवस्थानमा भनिएका छन् । पदस्थानले ती पनि अवशेष तीन धातुहरूका पदस्थान हुन् ।

उपादारूप चौबीस प्रकारका छन् - चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय, रूप, शब्द, गन्ध, रस, स्पर्श, स्त्रीन्द्रिय, पुरुषेन्द्रिय, हृदयवस्तु, कायविज्ञप्ति, वचीविज्ञप्ति, आकाशधातु, रूपको लघुता, रूपको मृदुता,रूपको कर्मण्यता, रूपको उपचय, रूपको सन्तति, रूपको जरता, रूपको अनित्यता, कवलिंकार आहार ।

(१) चक्षु, = त्यसमा रूपहरूको संघर्षण गर्नयोग्य भूतहरूको प्रसाद लक्षण या देख्न इच्छाको कारण कर्मले उत्पन्न भूतहरूको प्रसाद लक्षणयुक्त चक्षु हो । रूपतिर तानिएर जानु यसको कृत्य हो । चक्षुविज्ञानको आधार हुनु प्रत्युपस्थान हो र देख्ने इच्छाको कारण कर्मले उत्पन्न हुनु पदस्थान हो ।

(२) श्रोत्र, = शब्दहरूको संघर्षणयोग्य भूतहरूको प्रसाद लक्षण भएको या सुन्ने इच्छाको कारण कर्मले उत्पन्न भुतहरूको प्रसाद लक्षणयुक्त श्रोत्र हो । शब्दहरूतिर तानिएर जाने यसको कृत्य हो । श्रोतविज्ञानको आधार हुनु यसको प्रत्युपस्थान हो र सुन्ने इच्छाको कारण कर्मले उत्पन्न हुनु पदस्थापन



Downloaded from http://www.dhamma.digital

हो ।

(३) घ्राण = गन्धहरूको संघर्षणयोग्य भूतहरूको प्रसाद लक्षण भएको या सुंघ्ने इच्छाको कारण कर्मले उत्पन्न भूतहरूको प्रसाद लक्षणयुक्त घ्राण हो । गन्धहरूतिर तानिएर जाने यसको कृत्य हो । घ्राणविज्ञानको आधार हुनु प्रत्युपस्थान हो र सुंघ्ने इच्छाको कारण कर्मले उत्पन्न हुनु पदस्थान हो ।

(४) जिव्हा = रसहरू संघर्षणयोग्य भूतहरूको प्रसाद लक्षण भएको या चाहने इच्छाको कारण कर्मले उत्पन्न भूतहरूको प्रसाद लक्षणयुक्त जिव्हा हो । रसहरूतिर तानिएर जान यसको कृत्य हो । जिव्हाविज्ञानको आधार हुनु यसको प्रत्युपस्थान हो र चाट्ने इचछाको कारण कर्मले उत्पन्न हुनु पदस्थान हो ।

(५) काय = स्पर्शहरूमा संघर्षणयोग्य भूतहरूको प्रसाद लक्षण भएको या स्पर्श गर्ने इच्छाको कारण कर्मले उत्पन्न भूतहरूको प्रसाद लक्षणयुक्त काय हो । स्पर्शहरूतिर तानिएर जाने यसको कृत्य हो । कायविज्ञानको आधार हुने यसको प्रत्युपस्थान हो । स्पर्श गर्ने इच्छाको कारण कर्मले उत्पन्न हुनु पदस्थान हो ।

महासांघिकहरूमध्ये कोहीकोही आचार्य अग्नि अधिक रहने भूतहरूको प्रसाद चक्षु; वायु, पृथ्वी, जल अधिक रहने भूतहरूको प्रसाद श्रोत्र, घ्राण, जिव्हा; काय सबैका समान छन्  भन्दछन् । अन्य अभयगिरिवासी भिक्षुहरू यसो भन्दछन् - अग्नि अधिक रहने प्रसाद चक्षु, विवर (आकाश), वायु, जल; पृथ्वी अधिक रहने प्रसादहरू - श्रोत्र, घ्राण, जिव्हा, काय भन्दछन् । उनीहरूलाई भन्नुपर्दछ कि सूत्र ल्याउनु होस्' । यो निश्चित छ कि उनीहरू सूत्र नै देख्ने छैनन् । उनीहरूको भनाई सूत्र विपरित छ ।

वसुधर्माचार्य र अभयगिरीवासीहरूमध्ये पनि कोहीकोही यहाँ - अग्नि आदिको गुणहरूले रूप आदिको अनुग्रहण प्राप्त हुनाले भनी कारण बताउँछन् । उनीहरूलाई भन्नुपर्दछ - कसले यस्तो भन्यो रूपआदि अग्नि आदिको गुण हो ? किनकि अलग-अलग भएर रहने स्वभाव भएको भूतहरूमा - 'यो यसको गुण हो, यो यसको गुण हो' भनी भन्न सकिंदैन ।

तैपनि भनेमा - "जसरी तीती वस्तुहरूमा त्यसत्यस भूतको अधिकताले पृथ्वी आदिको धारण गर्ने आदि कृत्यहरूलाई मान्दछ, यसरी नै अग्नि आदि अधिक वस्तुहरूमा रूपआदि अधिक भएको देख्नाले यो मान्नु नै पर्दछ कि रूपआदि त्यसका गुण हुन् ।" तब उनीहरूलाई भन्नुपर्दछ - 'मान्दछौ, यदि जल अधिक भएको आस्रव (रक्सी)को गन्धले पृथ्वी अधिक भएको कपासमा गन्ध अधिकतर होस् र अग्नि अधिक भएको गरम पानीको वर्णसंग ठण्डा पानीको वर्ण घटोस् ?"

किनकि यी दुवै पनि हुँदैनन्, यसैले यी चक्षु आदिको प्रसादको आश्रित महाभूतहरूको विशेष कल्पनालाई छाड्नुहोस् । जसरी भूतहरूको अविशेष हुँदा पनि रूपरसआदि परस्पर भिन्न हुन्छन्, यसरी नै चक्षुप्रसादआदि अन्य विशेषकारण नरहनाले पनि मान्नुपर्दछ । त्यो के हो जुन परस्पर असाधारण होस् ? कर्म नै त्यसको विशेषकारण हो । यसैले कर्मको विशेषताले यसको विशेषता हो, भूतहरूको विशेषताले होइन । भूतहरूको विशेषता हुँदा प्रसाद नै उत्पन्न हुँदैन । "भूतहरूको बराबर हुनेहरूलाई नै प्रसाद हो, विषम हुनेहरू हुनेहरूलाई होइन" यसरी पुरानाहरूले भनेका छन् ।

यसरी यी विशेषकर्मले विशेष हुनेमा चक्षु, श्रोत्र, आफ्नो निश्रयमा नलगाएर निश्रय भएको



Downloaded from http://www.dhamma.digital

विषयमा नै विज्ञानको हेतु हुनाले अप्राप्त विषयलाई ग्रहण गर्ने हुन्छ। किनकि चक्षुप्रसादमा आएको रूप चक्षुप्रसादसंग नै लाग्दछ, चक्षु त्यसलाई देख्दैन, यसरी नै श्रोतको विवरमा आएको शब्द श्रोतप्रसादसंग नै लाग्दछ, श्रोत त्यसलाई सुन्दैन, यसैले आफ्नो निश्रयमा नलागेर आदि भनिएको छ। घ्राण, जिव्हा, रूप, निश्रयले र स्वयं (सृष्टव्य) आफ्नो निश्रय भएको भूतहरूसंग नलागेर नै विषयमा विज्ञानको हेतु हुनाले सम्प्राप्त विषयलाई ग्रहण गर्ने हुन्छ।

यहाँ चक्षु - जुन लोकमा नीलो कमलपत्रहरूले समाकीर्ण कालो, सेतो, मण्डलहरूले चित्रित, नीलो कमलदल चक्षु भनिन्छ। यस सम्भार चक्षुमण्डललाई घेरिएको कृष्णमण्डलको बीच, अगाडि उभिएको शरीरको बनावटको आकृति उत्पत्तिप्रदेशमा तेलले भिजाइएको कपासको सातपत्र, चक्षुको सात पत्रभित्र रसिएर आकृति देखापर्दछ। चक्षुको सात पत्रहरूमा व्याप्त भएर, चार धाइहरूले क्षत्रिय कुमारलाई धारण गर्ने, नुहाइदिने, सजाउने, पंखा हम्किने आदि यी चार कामहरूजस्तै चार धातुहरूले धारण गर्ने, बाँध्ने, पकाउने, चलाउने कामहरूले उपकृत, ऋतु, आहारले सम्हालिएको, आयुले पालिएको, वर्ण, गन्ध, रसआदिले घेरिएको, प्रमाणले जूम्राको टाउको बराबर चक्षुविज्ञानआदिको यथायोग्य वस्तुद्वार हुँदै स्थित छ। धर्म सेनापतिले भन्नुभएको पनि छ –

*येन चक्खुप्पसादेन रूपानि मनुपस्सति।*
*परित्तं सुखमं एतं उका सिर समूपमं॥*

(जुन चक्षुप्रसादले व्यक्ति आदि रूपहरूलाई देख्दछ यो अत्यन्त सानो जूम्राको टाउकोसमान छ।)

ससम्भार श्रोत्रप्वालभित्र पातलो तामारंगको रौंहरूले भरिएको अंगुलि वेष्ठन (खोल)को बनावटको प्रदेशमा श्रोत्र, त्यसप्रकारको धातुहरूले उपकृत, ऋतु, चित्त,, आहारले सम्हालिएको, आयुले पालिएको, वर्णआदिले घेरिएको, श्रोत्रविज्ञानआदिको यथायोग्य वस्तु र द्वार हुँदै स्थित छ।

ससम्भार घ्राणप्वालभित्र बाखाको खुरको बनावटप्रदेशमा घ्राण, यथोक्तप्रकारले उपकृत, सम्हालिएको, पालिएको, घेरिएको, विज्ञानआदिको यथायोग्य वस्तु र द्वार भएको सिद्ध गर्दै स्थित छ।

यस शरीरमा जहाँसम्म उपादिन्नरूप छ, त्यहाँसम्म सर्वत्र काय कपासको पात्रमा तेलजस्तै, उक्तप्रकारले उपकृत, सम्हालिएको, पालिएको, घेरिएको भएर कायविज्ञानआदिको यथायोग्य वस्तु र द्वार हुनेलाई सिद्ध गर्दै स्थित छ।

जसरी सर्प, गोही, चरा, कुकुर, श्यालआदि क्रमशः वल्मीक, पानी, आकाश, गाउँ, श्मशान भनिएको आफ्नो-आफ्नो गोचरतिर झुकिएझैं, चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय आदि आ-आफ्ना गोचर, जस्तै - रूप, शब्द, गन्ध, रस, स्पर्शतिर झुकिएका हुन्छन् भनी जान्नुपर्दछ।

(६) रुप = यसपश्चात् अन्य रूपआदिमा चक्षुलाई संघर्षण गर्ने लक्षण भएको रूप हो। चक्षुविज्ञानको विषय हुनु यसको कृत्य हो। त्यसैको गोचर हुनु प्रत्युपस्थान हो। चारै महाभूत पदस्थान हुन्। जसरी यो हो त्यसरी नै सारा पनि उपादारूप हुन्। जहाँ विशेषता छ त्यहाँ भनिनेछ। त्यो नीलो, पहेंलो आदि भेदहरूले अनेकप्रकारका छन्।

(७) शब्द = श्रोत्रको संघर्षण गर्ने लक्षण भएको शब्द हो। श्रोत्रविज्ञानको विषय हुनु यसको रस



Downloaded from http://www.dhamma.digital

हो, त्यसैको गोचर हुनु प्रत्युपस्थान हो । भेरीको शब्द, मृदंगको शंब्द आदिप्रकारले अनेक किसिमका हुन्छन् ।

(८) गन्ध = घ्राणको संघर्षण गर्ने लक्षण भएको गन्ध हो । घ्राणविज्ञानको विषय हुनु यसको कृत्य हो । त्यसैको गोचर हुनु प्रत्युपस्थान हो । जडको गन्ध, सारको गन्धआदिप्रकारले अनेक प्रकारका हुन्छन् ।

(९) रस = जिव्हाको संघर्षण गर्ने लक्षण भएको रस हो । जिव्हाविज्ञानको विषय हुनु यसको कृत्य हो । त्यसैको गोचर हुनु प्रत्युपस्थान हो । जडको रस, स्कन्धको रसआदिप्रकारले अनेकप्रकारका हुन्छन् ।

(१०) स्त्रीन्द्रिय = स्त्री हुने लक्षण स्त्रीन्द्रिय हो । स्त्री हो भनी प्रकट गर्नु यसको कृत्य हो । स्त्री लिंग, स्तनको मासु बढ्नु, जुंगादाह्री नहुनु, केश, बाँध्नु, वस्त्र ग्रहण गर्नु आदि स्त्री हुने प्रत्ययका निमित्त;केटाकेटीमा भात पकाउने, मुसलआदिको खेल, पुतली खेल, धागो कात्ने आदि स्त्रीहरूको क्रिया, हावभावका कारण प्रत्युप्रस्थान हुन् ।

(११) पुरुषेन्द्रिय = पुरुष हुने लक्षण पुरुषेन्द्रिय हो । 'पुरुष हो' भनी प्रकट गर्नु यसको कृत्य हो । पुरुष लिंग, निमित्त, क्रिया, हावभावको कारण प्रत्युपस्थान हो । ती दुवै पनि कायप्रसादसमान सारा शर ीरमा व्याप्त नै छ । तर कायप्रसादको स्थित भएको अवकाश स्थानमा स्थित छ या स्थित भएको अवकाशमा स्थित छैन भन्न सकिंदैन । अन्य रूपआदि परस्पर मिलेको छैन ।

(१२) जीवितेन्द्रिय = आफूसंग उत्पन्न भएको रूपहरूलाई पाल्ने स्वभाव भएको जीवितेन्द्रिय हो । त्यसलाई प्रवर्तित गर्नु यसको कृत्य हो । त्यसको स्थिति नै प्रत्युपस्थान हो । पाल्नयोग्य भूतहरूको पदस्थान हो । पालन गर्ने स्वभावआदिको विधान रहँदा पनि, हुने समयमा नै त्यो आफ्नो साथै उत्पन्न भएको रूपहरूको पालन गर्दछ, जसरी जल कमल आदिलाई पालन गर्दछ । आफ्नो आफ्नो प्रत्ययले उत्पन्न धर्महरूलाई पनि पाल्दछ । जसरी धाई कुमारलाई पाल्दछ । माझीसमान स्वयं प्रवर्तित धर्मको सम्बन्धले नै प्रवर्तित हुन्छ । आफ्नो प्रवर्तित गरिएको अभावले भंगअगाडि प्रवर्तित गर्दैन । स्वयं नाश हुनाले भंगको क्षणमा बत्तीको तेलको समाप्त हुँदा वत्तीको ज्वाला निभ्ने प्रवर्तित हुदैन । यथोक्त क्षणमा त्यसत्यसलाई सिद्ध गर्नाले, पाल्नाले, प्रवर्तित गर्नाले, बनाइराख्ने आनुभावले विरहित छैन भनी जान्नुपर्दछ ।

(१३) हृदयवस्तु = मनोधातु र मनोविज्ञानधातुको आश्रयको लक्षण भएको हृदयवस्तु हो । तिनै धातुहरूको धारण गर्नु यसको कृत्य हो । माथि उठाएर बहन गर्नु प्रत्युपस्थान हो । हृदयभित्र कायगतास्मृतिको कथामा भनिएप्रकारले रगतको सहारा यसको पदस्थान हो । यिनै धारण गर्ने आदि कामहरूले चार महाभूतहरूद्वारा उपकृत, ऋतु, चित्त, आहारले सम्हालिएको, आयुले पालिएको, मनोधातु, मनोविज्ञानधातु र त्यसयुक्त धर्महरूको वस्तुलाई सिद्ध गर्दै स्थित छ ।

(१४) कायविज्ञप्ति = अगाडि हिंड्ने आदिलाई प्रवर्तित गर्ने चित्तले उत्पन्न वायुधातुसंग उत्पन्न रूपलाई सम्हाल्ने, धारण गर्ने, चलाउने कारण भएको आकारविकार कायविज्ञप्ति हो । आशयलाई प्रकट गर्नु यसको कृत्य हो । कायको चञ्चलताको कारण जानिन्छ । चित्तले उत्पन्न वायुधातु यसको पदस्थान हो । त्यो चालढालले आशयलाई प्रकट गर्ने कारण र स्वयं त्यस कायको चल्नाले कायद्वारा विज्ञप्त भएको कारण कायविज्ञप्ति भनिन्छ । त्यसद्वारा चित्तले उत्पन्न भएको रूपहरू चल्दा त्यससंग सम्बन्धित ऋतुले उत्पन्न भएको आदि रूपहरूको पनि चल्नाले अगाडि बढ्नु आदि हुन्छन् भनी जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

(१५) वचीविज्ञप्ति = अर्थलाई अववोध गर्न समर्थ वाक् विशेषको प्रवर्तक चित्तले उत्पन्न भएको पृथ्वीधातुको उपादिन्नको संघर्षको कारण भएको आकारविकार वचीविज्ञप्ति हो। आशयलाई प्रकट गर्नु यसको कृत्य हो। वाक्को घोष (शब्द)को कारण जानिन्छ। चित्तले उत्पन्न पृथ्वीधातु पदस्थान हो। यो वाक्को घोषले आशयलाई प्रकट गर्ने कारण र स्वयं त्यस वाकको घोषले वाणीद्वारा विज्ञप्त भएको कारण वचीविज्ञप्ति भनिन्छ। जस्तै-जंगलमा माथि उठाएर बाँधिएको गोरुको टाउकोको हड्डी आदि पानीको निमित्तलाई देखेर 'यहाँ पानी छ' भनी जानिन्छ यसरी नै कायको चञ्चलता र वाक्को घोषलाई लिएर काय र वची विज्ञप्तिहरू पनि जानिन्छन्।

(१६) आकाशधातु = रूपहरूलाई अलग गर्ने स्वभाव भएको आकाशधातु हो। रूपको अन्तिम छेउलाई प्रकाशित गर्नु यसको कृत्य हो। रूपको सीमा प्रत्युपस्थान हो। या टाँसिएको नभएको प्वाल, विवर (खाली ठाउँ) हुनु प्रत्युपस्थान हो। परिच्छिन्नरूप यसको पदस्थान हो। जसले परिच्छिन्न रूपहरूलाई 'यो यहाँभन्दा माथि छ, तल छ, तेर्सो छ' आदि छुट्याउन सकिन्छ।

(१७) लघुता = भारी नहुने स्वभावयुक्त रूपको लघुता हो। रूपहरूको भारीपनलाई टाढा गर्नु यसको कृत्य हो। शीघ्र परिवर्तन हुनु प्रत्युपस्थान हो। लघुरूपको हुनु पदस्थापन हो।

(१८) मृदुता = ठोस नहुने स्वभाव भएको रूपको मृदुता हो। रूपहरूको ठोसपनलाई टाढा गर्नु यसको कृत्य हो। सबै क्रियाहरूमा विरोध नहुनु प्रत्युपस्थान हो। मृदुरूपको हुनु पदस्थान हो।

(१९) कर्मण्यता = शरीरको क्रिया अनुकूल काम गर्नुमा समर्थ भएको स्वभाव भएको रूपको कर्मण्यता हो। अकर्मण्यतालाई टाढा हटाउनु यसको कृत्य हो। दूर्बल नहुनु प्रत्युपस्थान हो। कर्मण्यरूपहरूका हुनु पदस्थान हो।

लघुता, मृदुग, कर्मण्यता - यी तीन एक अर्कोलाई त्याग्दैनन्। यस्तो हुँदा पनि जुन अरोगीजस्तै रूपहरूको लघु हुनु, हल्कापन, शीघ्रताले परिवर्तन हुनेप्रकार, रूपहरू भारी गर्नु, धातु प्रकोप (वायु, पित, कफको प्रकोप अथवा रसआदि धातुहरूको विकार अवस्था) र विरोधी प्रत्यय (अनुकूल ॠतु, आहारले विक्षिप्त चित्त) ले उत्पन्न भएको, त्यो रूपविकार रूपको लघुता हो। जुन राम्ररी मर्दित छालाजस्तै रूपहरूको मृदु हुनु, सबै विशेष क्रियाहरूमा वशमा राख्ने, मृदु प्रकार, रूपहरूलाई ठोस गर्नु, धातुप्रकोप र विरोधीप्रत्ययले उत्पन्न भएको, त्यो रूपविकार रूपको मृदुता हो। जुन राम्ररी तताएर शुद्ध गरिएको सुवर्ण सुनझैं रूपहरूको कर्मण्य हुनु, शरीरक्रिया अनुकूल भएको प्रकार, शरीरक्रियाहरूको प्रतिकूल गर्नु धातुप्रकोप र विरोधीप्रत्ययले उत्पन्न भएको त्यो रूपविकार रूपको कर्मण्यता हो। यसप्रकार यिनीहरूको विशेषताहरू जान्नुपर्दछ।

(२०) उपचय = आचय (चयन)को स्वभाव रूपको उपचय हो। पूर्वान्तले रूपहरूलाई माथि उठाउनु यसको कृत्य हो। सुम्पिनु या परिपूर्ण हुनु प्रत्युपस्थान हो। उपचित्त रूपहरूको हुनु पदस्थान हो।

(२१) सन्तति = जारीरहने स्वभाव भएको रूपको सन्तति हो। पछिपछि लागिरहनु यसको कृत्य हो। अटूट हुनु प्रत्युपस्थान हो। पूर्वपूर्वको उत्पन्न रूपहरूसंगै लागिरहनु पदस्थान हो।

यी उपचय र सन्तति दुवै पनि रूपको उत्पत्तिकै नै नाम हुन्। तर आकारको नानात्व र



Downloaded from http://www.dhamma.digital

वैनेयअनुसार "उपचय, सन्तति' भनेर धम्मसंगणीमा धर्मोपदेश गरिएको छ। किनकि यहाँ अर्थले नानात्व छैन, यसैले यी शब्दहरूको निर्देशमा 'जुन आयतनहरूको आचय (चयन) छ त्यो रूपको आचय हो ... जुन रूपको उपचय छ त्यो रूपको सन्तति हो भनी धम्मसंगणीमा भनिएको छ।

अर्थकथामा पनि "आचय भनिन्छ उत्पत्तिलाई, उपचय भनिन्छ वृद्धिलाई, सन्तति भनिन्छ जारीरहनुलाई। "नदीको किनारमा खनिएको कुवामा पानीमाथि उठ्ने समयजस्तै आचय उत्पत्ति हो, परिपूर्ण हुने समयजस्तै उपचय वृद्धि हो, माथि फैलिएर जाने समयजस्तै सन्तति जारि रहनु हो" भनी उपमा दिइएको छ। उपमाको अन्तमा "यसरी के भनिएको छ ? आयतनले आचय भनिएको छ। आचयले आयतन भनिएको छ" आदि भनिएको छ। यसैले जुन रूपको प्रथमोत्पत्ति हो, त्यो आचय हो, जुन उसमाथि अरू पनि उत्पन्न हुने रूपहरूको उत्पत्ति हो, त्यो वृद्धिको आकारमा जानिनाले उपचय हो, र जुन त्यसमाथि पनि माथि पुनः पुनः अरू उत्पन्न हुनेहरूको उत्पत्ति हो, त्यो पछिपछि लागिरहने आकारमा जानिनाले सन्तति भनिन्छ - भनी जान्नुपर्दछ।

(२२) जरता = रूपहरूको परिपक्व गर्ने स्वभाव भएको जरता (जीर्णता) हो। विनाशतिर लैजाने यसको कृत्य हो। ठोसआदि स्वभावको टाढा नहुँदा पनि नयाँ भावलाई टाढा हुनुबाट, धान पुरानो भएझैं, जानिने स्वभावको छ। दाँतआदि भाँचिदा दाँतआदिमा विकारलाई देख्नाले परिपक्व हुने रूप यसको पदस्थान हो। यो प्रकटजराप्रति भनिएको छ, तर अरुपधर्महरूको प्रतिच्छन्नजरा हुन्छ। त्यसलाई यो विकार छैन जुन पृथ्वी, जल, पर्वत, चन्द्र, सूर्यआदिमा अवीचिजरा (यस जरामा वीर्य - अन्तर हुँदैन त्यसैले अवीचि भनिन्छ) हो, त्यसमा पनि यो विकार छैन।

(२३) अनित्यता = रूपहरूको भेदन (विनाश) गर्ने स्वभाव भएको रूपको अनित्यता हो। विनाश गर्ने रूपमा डुबिनु यसको कृत्य हो। क्षयव्यय यसको प्रत्युपस्थान हो। विनाश हुँने रूपहरू यसको पदस्थान हो।

(२४) कवलिंकारआहार = अंगप्रत्यंगमा घुम्ने रसको सार, जुन बल उत्पन्न गर्ने भूतहरूको आश्रीत एक वस्तुविशेष ओजको स्वभाव भएको कवलिंकार आहार हो। रूपलाई ल्याउनु यसको कृत्य हो। ओजाष्टमको रूपोत्पादमा सम्हालिनु यसको प्रत्युपस्थान हो। गाँस गरी खानयोग्य वस्तु यसको पदस्थान हो। जुन ओजले प्राणी जीवन यापन गर्दछ, त्यसको यो नाम हो।

यी पालिमा आएको नै रूप हुन्। तर अर्थकथामा बलरूप, सम्भव (शुक्र) रूप, जाति (उत्पत्ति) रूप, रोगरूप, अमभयगिरी बासीहरूको मतले मृद्धरूप यसरी अन्य रूपहरू पनि भनिएका छन् तर सुत्तनिपात (३,६,३२) अनुसार "अद्धा मुनीसी सम्बुद्धो नत्थि नीवरणा तव" (निश्चय नै तपाईं मुनि सम्बुद्ध हुनुहुन्छ, तपाईकों नीवरण छैन) आदि भनेर 'मृद्ध रूप होइन' भनी अस्वीकार गरिएको छ। किनकि मृद्ध (मिद्ध) पञ्चनीवरणहरूमा संगृहीत हुनाले रूप हुँदैन। यदि मृद्धरूप हुँदो हो त दुई प्रकारका हुनेछन् - रूप र अरूप। फेरि यस्तो हुँदा उक्त गाथाको विरोध हुन्छ। किनकि त्यसमा 'तपाइको नीवरण छैन' भनिएको छ। वस्तुतः अभयगिरीवासी भिक्षुहरूको यो धर्म तथा तर्क बुद्धधर्मको विरूद्ध छ। अरूमा रोगरूप, जरता र अनित्यताको ग्रहणले गृहीत नै छ। जातिरूप उपचय र सन्ततिको ग्रहणले गृहीत नै छ। सम्भवरूप जलधातुको ग्रहणले गृहीत नै छ। बलरूप वायुधातुको ग्रहणले गृहीत नै छ।



Downloaded from http://www.dhamma.digital

यसैले त्यसमध्ये एउटा पनि अलग छैन भनी निश्चय गरिएको छ। यसप्रकार यी चौबीस प्रकारका उपादारूप र पहिले भनिएको चार प्रकारका भूत - अन्यूनाधिक (कूल) अट्ठाइस प्रकारका रूप हुन्छन्।

अट्ठाइस प्रकारका रूपहरूको एघार संग्रह हुन्छ, जुन दुई भागमा बाँडिएको छन्-

**१. निष्पन्नरूप (१८)**

*१. पृथ्वीधातु, आपोधातु, तेजोधातु, वायोधातु = ४ भूत रूप*

*२. चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय = ५ प्रसादहरू*

*३. रूप शब्द, गन्ध, रस = ४ विषय या गोचर रूप*

*४. स्त्रीन्द्रिय, पुरुषेन्द्रिय = २ भाव रूप*

*५. हृदयवस्तु = १ हृदय रूप*

*६. जीवितेन्द्रिय = १ जीवित रूप*

*७. कवलिंगकारआहार = १ आहार रूप*

**२. अनिष्पन्नरूप (१०)**

*८. आकाशधातु = १ परिच्छेद रूप*

*९. कायविज्ञप्ति, वचीविज्ञप्ति = २ विज्ञप्ति रूप*

*१०. रूपको लघुता, मृदुता, कर्मण्यता = ३ विकार रूप*

*११. रूपको उपचय, सन्तति, जरता, अनित्यता = ४ लक्षण रूप*

ती सबै पनि - 'हेतु छैन, अहेतुक हो, हेतुरहित हो, प्रत्ययसहित छ, लौकिक सास्रव नै हो।' आदि धम्मसंगणीको ढंगले एक प्रकारको छ। बाहिरी, भित्री, स्थूल, सूक्ष्म, दूरस्थ, समीपस्थ, निष्पन्न,अनिष्पन्न, प्रसादरूप, अप्रसादरूप, इन्द्रिय, अनिन्द्रिय, उपादिन्न, अनुपादिन्नआदिढंगले दुई प्रकारका छन्।

त्यहाँ चक्षु आदि पाँच प्रकारका रूप आफ्नो शरीरको सम्बन्धले प्रवर्तित हुनाले भित्रीरूप हुन्। शेष त्यसबाट बाहिर हुनाले बाहिरीरूप हुन्। चक्षु आदि नौ र जलधातुलाई छाडेर तीन धातुहरू - यी बाह्र प्रकारका रूप संघर्षणअनुसार ग्रहणयोग्य हुनाले स्थूलरूप हुन्। शेष त्यसबाट विपरित हुनाले सूक्ष्मरूप हुन्। त्यहीं कठिनाइले जानिने स्वभाव हुनाले दूरस्थरूप हुन्। अन्य राम्ररी जानिने हुनाले समीपस्थरूप हुन्। चार धातुहरू, चक्षु आदि पाँच, रूपआदि चार, दुई भावरूप जीवितेन्द्रिय र हृदयवस्तु, र कवलिंगकारआहार - यी अठार प्रकारका रूप परिच्छेद, विकार, लक्षण हुनलाई अतिक्रमण गर्ने स्वभावले नै परिग्रहयोग्य हुनाले निष्पन्नरूप हुन्। शेष त्यसको विपरित हुनाले अनिष्पन्न रूप हुन्। चक्षु आदि पाँच प्रकारका रूप आदिको ग्रहणयोग्य प्रत्यय हुनाले ऐनाजस्तै परिशुद्ध हुनाले प्रसादरूप हुन्। अन्य त्यसबाट विपरित हुनाले अप्रसादरूप हुन्। प्रसादरूप नै स्त्रीन्द्रियआदि तीन रूपसंगै अधिपति भएको अर्थमा इन्द्रियरूप हो। शेष त्यसबाट विपरीत हुनाले अनीन्द्रियरूप हुन्। जुन कर्मले उत्पन्न छ - त्यो कर्मले ग्रहण गरिनाले उपादिन्नरूप हो। शेष त्यसबाट विपरीत हुनाले अनुपादिन्नरूप हो।



Downloaded from http://www.dhamma.digital

फेरी सारा रूप नै सनिदर्शन र कर्मजआदि त्रिक्अनुसार तीन प्रकारका हुन्छन् । त्यसमा स्थूल (१२ प्रकार)मा रूप सनिदर्शन सप्रतिघ छन् । शेष अनिदर्शन सप्रतिघ । सारा पनि सूक्ष्म रूप अनिदर्शन, अप्रतिघ छ । यसरी सनिदर्शन त्रिकअनुसार तीन प्रकारका हुन्छन् ।

कर्मजआदि त्रिकअनुसार कर्मले उत्पन्न भएको कर्मजरूप हो । त्यसले अन्य प्रत्ययहरूसंग उत्पन्न अकर्मजरूप हो र कतैबाट उत्पन्न नभएको न त कर्मजरूप हो न अकर्मजरूप हो । चित्तले उत्पन्न चित्तजरूप, त्यसबाट अन्य प्रत्ययहरूले उत्पन्न अचित्तज रूप र कतैबाट उत्पन्न नभएको न त चित्तजरूप न त अचित्तजरूप हो । आहारले उत्पन्न आहारजरूप हो र त्यसदेखि अन्य प्रत्ययहरूले उत्पन्न अन् आहारजरूप, र कतैबाट उत्पन्न नभएको न त आहारज न अनाहारजरूप हो । ऋतुबाट उत्पन्न ऋतुजरूप हो । त्यसदेखि अन्य प्रत्ययबाट उत्पन्न अऋतुजरूप र कतैबाट पनि उत्पन्न नभएको न त ऋतुजरूप न अऋतुजरूप हो । यसरी कर्मजआदि त्रिक्अनुसार तीन प्रकारका हुन्छन् ।

फेरि दृष्टि आदि, रूप-रूप आदि, वस्तु आदि चतुष्कअनुसार चार प्रकारका हुन्छन् । त्यसमा रूपायतन दर्शन विषय हुनाले दृष्टरूप हो । शब्दायतन श्रवणको विषय हुनाले श्रुतरूप हो । गन्ध - रस, स्पृष्टव्य (स्पर्श) तीन सम्प्राप्त ग्राहक इन्द्रियहरूको विषय हुनाले मुक्तरूप हो । स्पृष्टव्य के हो ? पृथ्वी, अग्नि, वायु-यी तीन धातुहरू स्पृष्टव्य हुन् । किन यहाँ जलधातु ग्रहण नगरिएको हो ? शीतलतालाई छुएर त्यो जलधातु नै हुन्छ होईन ? त्यो जलधातु होइन । प्रत्युत अग्निधातु हो । उष्णको कमी हुँदा शीतलसंज्ञा हुन्छ । शेष विज्ञानको नै विषय हुनाले विज्ञान हो । यसरी दृष्टआदि चतुष्कअनुसार चारप्रकार का हुन्छन् ।

निष्पन्न-रूप यहाँ रूपरूप हो । आकाशधातु परिच्छेदरूप हो । कायविज्ञप्ति, वचीविज्ञप्ति, रूपको लघुता, मृदुता, कर्मण्यता विकाररूप हुन् । जाति, जरा, भंग लक्षणरूप हो । यसरी रूपरूप आदि चतुष्कअनुसार चारप्रकारका छन् ।

जुन यहाँ हृदयरूप हो यो वस्तुरूप हो, द्वाररूप होइन । दुवै विज्ञप्तिहरू द्वाररूप हुन्, वस्तुरूप होइन । प्रसादरूप वस्तुरूप र द्वाररूप पनि हो । हृदयवस्तु, दुई विज्ञप्तिहरू र पाँच प्रसाद, यी आठलाई छाडेर बीस प्रकारका रूप न त वस्तुरूप हुन् न द्वाररूप नै । यदि जलधातु शीतल भएमा एक कलापमा उष्णतासाथै नै रहोस् । तर त्यस्तो होइन । वायुमा पनि शीतलता छैन, केवल अग्निधातुको उष्णताको कमीले शीतलताको भान हुन्छ । जुन जलधातुको द्रवतालाई भन्दछ त्यो पनि कल्पना मात्र हो । किनकि द्रवता तीन भूतहरूको योगले हुन्छ, अन्यथा द्रवताको अभाव छ । यसरी वस्तु आदि चतुष्कअनुसार चारप्रकारका हुन्छन् ।

फेरि एकले उत्पन्न, दुईले उत्पन्न, तीनले उत्पन्न, चारले उत्पन्न, कतैबाट नउत्पन्नअनुसार पाँच प्रकारका रूप हुन्छन् । कर्मज र चित्तज नै एकज रूप हो । त्यसमा हृदयवस्तुको साथ इन्द्रियरूप कर्मज नै हो । दुवै विज्ञप्तिहरू चित्तज नै हुन् । जुन चित्त र ऋतुले उत्पन्न भएको रूप हो त्यो दुईले उत्पन्न द्विज रूप हो, त्यो शब्दायतन नै हो । जुन ऋतु, चित्त, आहारले उत्पन्न छ, त्यो तीनले उत्पन्न त्रिज रूप हो, त्यो लघुता आदि तीनले हुन् । जुन चारैवटा कर्म आदिले उत्पन्न रूप हो, त्यो चारले उत्पन्न रूप



Downloaded from http://www.dhamma.digital

चतुज हो, । त्यो लक्षणरूपलाई छाडेर अवशेष हुन्छ ।

तर लक्षणरूप कतैबाट पनि उत्पन्न हुँदैन । किन ? उत्पादको उत्पत्ति हुँदैन र उत्पन्न भएको रूपहरूको परिपक्व हुनु तथा नाशलाई प्राप्त हुनु मात्र अन्य दुई छन् । जुन पनि - 'रूपायतन,शब्दायतन, गन्धायतन, रसायतन, स्पर्शायतन, आकाशधातु, जलधातु, रूपको लघुता, रूपको मृदुता, रूपको कर्मण्यता, रूपको उपचय, रूपको सन्तति, कवलिंगकारआहार - यी धर्म चित्तले उत्पन्न हुनेहरू हुन्" आदिमा धम्मसंगणी र मज्झिमनिकाय (१,४,३) अनुसार उत्पत्तिले कतैबाट उत्पन्न हुने मानिएको छ । त्यो रूपको जनकप्रत्ययहरूको कृत्यअनुसार क्षणमा देखिनाले भनिएको भनी जान्नुपर्दछ ।

## २. विज्ञानस्कन्ध

दोस्रो स्कन्धमा जुन अनुभव गर्ने लक्षणको छ ती सबै एकमा गरी वेदनास्कन्ध हो । जेजति चिन्ने लक्षणको छ ती सबै एकमा गरी संज्ञास्कन्ध हो । जेजति राशी गर्ने लक्षणको छ ती सबै एकमा गरी संस्कारस्कन्ध हो भनी जान्नुपर्दछ । त्यसमा विज्ञानस्कन्धलाई जानिलिंदा अन्य स्कन्धहरू राम्ररी जान्न सकिन्छ, यसैले विज्ञानस्कन्धदेखि प्रारम्भ गरी वर्णन गर्नेछु ।

'जेजति जान्ने लक्षणको छ, ती सब एकमा गरी विज्ञानस्कन्ध हो - भनी जुन भनिएको छ त्यसमा जान्ने लक्षण के हो ? विज्ञान हो । जसरी मज्झिम निकाय (१,४,३) अनुसार भनिएको छ - 'जान्दछ जान्दछ आवुस, यसैले विज्ञान भनिन्छ ।" विज्ञान, चित्त, मन सबै अर्थले एकै हुन् । यो जान्ने लक्षणले स्वभावले एक प्रकारको भए तापनि उत्पत्तिअनुसार तीन प्रकारका हुन्छन् - कुशल, अकुशल, अब्याकृत । त्यसमा कुशल पनि भूमिको भेदले चार प्रकारका हुन्छन् । जस्तै – (१) कामावचर, (२) रूपावचर, (३) अरुपावचर र (४) लोकोत्तर ।

### कामावचर चित्त

त्यसमा कामावचर सौमनस्य, उपेक्षा, ज्ञान, संस्कृतको भेदले आठ प्रकारका छन् । जस्तै -

(१) सौर्मनस्य-सहगत ज्ञान-सम्प्रयुक्त असंस्कारिक (२) सौर्मनस्य-सहगत ज्ञान-सम्प्रयुक्त ससंस्कारिक (३) सौर्मनस्य-सहगत ज्ञान-विप्रयुक्त असंस्कारिक (४) सौर्मनस्य-सहगत ज्ञान-विप्रयुक्त ससंस्कारिक (५) उपेक्षा-सहगत ज्ञान-सम्प्रयुक्त असंस्कारिक (६) उपेक्षा-सहगत ज्ञान-सम्प्रयुक्त ससंस्कारिक (७) उपेक्षा-सहगत ज्ञान-विप्रयुक्त असंस्कारिक (८) उपेक्षा-सहगत ज्ञान-विप्रयुक्त ससंस्कारिक ।

(१) जव दानको वस्तु, प्रतिग्राहक, देश, काल, कल्याणमित्रआदिको सम्पत्ति, या अन्य सौमनस्यको कारण, 'दानको फल छ' भन्ने ज्ञानले सम्यकदृष्टिलाई अगाडि गरी संकोच गर्दैन, कुनै अन्यद्वारा उत्साहित नगर्दा पनि अत्यन्त प्रसन्न चित्तले दानआदि पुण्यकर्म गर्दछ तब उसको चित्त सौमनस्यसहगत ज्ञानयुक्त असंस्कृत हुन्छ । अर्थात् दानादि पुण्यकर्मको फल बारे स्वेच्छाले विनाअरुको प्रेरणाबाट, ज्ञानयुक्त भएर पुण्यकर्म गर्दछ भने पहिलो चित्त (सौर्मनस्य-सहगत ज्ञान-सम्प्रयुक्त असंस्कारिक) उत्पत्ति भएको हुन्छ ।



Downloaded from http://www.dhamma.digital

(२) जब उक्तप्रकारले नै सम्यकदृष्टिलाई अगाडि गरेर पनि कुनै वस्तु पाउने इच्छालाई त्याग गरी दान दिनेअनुसार संकोच गर्दै या अरूद्वारा उत्साहित गरिंदा मात्र अत्यन्त प्रसन्न चित्तले दानादि पुण्यकर्म गर्दछ तब उसको दोस्रो चित्त ससंस्कृत भएर उत्पन्न हुन्छ। अर्थात् अरुको प्रेरणा पाएर दानादि पुण्य कर्मको फलबारे ज्ञानयुक्त भएर प्रसन्न चित्तले पुण्यकर्म गर्दछ भने दोस्रो चित्त (सौर्मनस्यसहगत ज्ञान-सम्प्रयुक्त ससंस्कारिक) उत्पत्ति हुन्छ। यस अर्थमा संस्कृत यो आफ्नो या अरूबाट हुने पूर्वप्रयोगमा प्रेरणाको नाम हो।

(३) जब आफ्नो सम्बन्धिहरूको प्रतिप्रतिलाई देखेर परिचित सानो बच्चाले भिक्षुहरूलाई देखेर, प्रसन्न चित्त भएर, अनायास हातमा भएको कुनै वस्तुलाई दिन्छ या प्रणाम गर्छ तब तेस्रो चित्त उत्पन्न हुन्छ। अर्थात् कुनै ज्ञानविना अरुको देखासिखीमा स्वेच्छाले प्रसन्न चित्तले पुण्यकर्म गर्दछ भने तेस्रो चित्त (सौर्मनस्य-सहगत ज्ञान-विप्रयुक्त असंस्कारिक) उत्पत्ति हुन्छ।

(४) तर जब "देउ, प्रणाम गर" आदिप्रकारले भनेर सम्बन्धिहरूद्वारा उत्साहित गर्दा पुण्यकर्म गर्दछ तब चौथो चित्त उत्पन्न हुन्छ। अर्थात् कुनै ज्ञानविना त्यो पनि अरुको प्रेरणाले प्रसन्न चित्त भएर पुण्यकर्म गर्दछ भने चौथो चित्त (सौर्मनस्य-सहगत ज्ञान-विप्रयुक्त ससंस्कारिक) उत्पत्ति हुन्छ।

जव दिने वस्तु र प्रतिग्राहकआदि मिल्दैन या अन्य सौमनस्यको अभावमा चारैवटा चित्तको प्रकारमा पनि सौमनस्यरहित हुन्छन्, तब शेष चार उपेक्षासहगतचित्त उत्पन्न हुन्छन्। अर्थात् (५) पहिलो चित्त उत्पन्न भएजस्तै तर विभिन्न कारणले प्रसन्न चित्त नभई उपेक्षायुक्त भएर पुण्यादिकर्म गर्दछ भने पाँचौं चित्त (उपेक्षा-सहगत ज्ञान-सम्प्रयुक्त असंस्कारिक) उत्पत्ति हुन्छ। (६) यसैगरी दोस्रो चित्तजस्तै प्रसन्न चित्त नभई उपेक्षायुक्त भएमा छैठौं चित्त (उपेक्षा-सहगत ज्ञान-सम्प्रयुक्त ससंस्कारिक) उत्पत्ति हुन्छ। (७) तेस्रो चित्तमा प्रसन्न चित्त नभई उपेक्षा भएमा सातौं चित्त (उपेक्षा-सहगत ज्ञान-विप्रयुक्त असंस्कारिक) उत्पत्ति हुन्छ। (८) त्यसैगरी चौथो चित्तमा प्रसन्न चित्त नभई उपेक्षायुक्त भएमा आठौं चित्त (उपेक्षा-सहगत ज्ञान-विप्रयुक्त ससंस्कारिक) उत्पत्ति हुन्छ।

यसरी सौमनस्य उपेक्षा ज्ञान, संस्कृत भेदले आठ प्रकारका कामावचर कुशल जान्नुपर्दछ।

## रूपावचरको चित्त

रूपावचर - ध्यानाङ्ग योगको भेदले पाँच प्रकारका हुन्छन्। जस्तै - (१) वितर्क, विचार, प्रीति, सुख, एकाग्रतायुक्त प्रथमध्यान, (२) विचार, प्रीति, सुख, एकाग्रतायुक्त द्वितीयध्यान, (३) प्रीति, सुख, एकाग्रतायुक्त तृतीयध्यान, (४) सुख, एकाग्रतायुक्त चतुर्थध्यान, र (५) उपेक्षा एकाग्रतायुक्त पञ्चमध्यान

## अरूपावचरको चित्त

अरूपावचर - चार आरूप्य योगले चार प्रकारका हुन्छन्। जस्तै - (१) आशानन्त्यायतन कुशलचित्त (२) विज्ञानानन्त्यायतन कुशलचित्त (३) आकिंचन्यायतन कुशलचित्त र (४) नैवसंज्ञानासज्ञायतन कुशलचित्त ध्यान हुन्छन्।



Downloaded from http://www.dhamma.digital

## लोकोत्तर चित्त

लोकोत्तर - चार मार्गहरूको सम्प्रयोगले चार प्रकारका हुन्छन् । जस्तै - (१) स्रोतापत्तिमार्ग, (२) सकृदागामीमार्ग, (३) अनागामीमार्ग, र (४) अरहन्तमार्ग ।

यसरी कुशल विज्ञान नै एक्काइस प्रकारका हुन्छन् ।

अकुशलभूमिमा एक प्रकारको कामावचर नै हुन्छ । त्यसमा पनि मूलले तीन प्रकारका हुन्छन् - (१) लोभमूल, (२) द्वेषमूल, (३) मोहमूल । लोभमूलमा पनि - सौमनस्य, उपेक्षा, दृष्टिगत (मिथ्यादृष्टि), संस्कृतिको भेदले आठ प्रकारका हुन्छन् । जस्तै –

(१) सौर्मनस्य-सहगत दृष्टिगत-सम्प्रयुक्त असंस्कारिक (२) सौर्मनस्य-सहगत दृष्टिगत-सम्प्रयुक्त ससंस्कारिक (३) सौर्मनस्य-सहगत दृष्टिगत-विप्रयुक्त असंस्कारिक (४) सौर्मनस्य-सहगत दृष्टिगत-विप्रयुक्त ससंस्कारिक (५) उपेक्षा-सहगत दृष्टिगत-सम्प्रयुक्त असंस्कारिक (६) उपेक्षा-सहगत दृष्टिगत-सम्प्रयुक्त ससंस्कारिक (७) उपेक्षा-सहगत दृष्टिगत-विप्रयुक्त असंस्कारिक (८) उपेक्षा-सहगत दृष्टिगत-विप्रयुक्त ससंस्कारिक ।

(१) जब "कामभोगहरूमा दोष छैन" आदिप्रकारले उच्छेददृष्टिआदि बैसट्ठी प्रकारका मिथ्यादृष्टिलाई अगाडि गरी, सम्प्रयुक्त भएर, प्रसन्न चित्त भएर, कामभोगहरूको सेवन गर्दछ या ब्राह्मणहरूको सुवर्ण चोरीमा मात्र नै दोष छ, तर अन्य चोरीहरूमा दोष छैन, जस्तै – गुरुहरूको गाईहरू चोरी गर्नु दोष छैन । आफ्नो जीवन तथा विवाहआदिको लागि झूठ बोल्नुमा दोष छैन, अरूमा दोष छ । गुरु आदिको लागि चुक्लि गर्नु दोषरहित छ, महाभारत युद्ध, सीताहरणआदिको कथाहरूले पापलाई शान्ति गर्दछ, आदि, दृष्ट मंगल (साइतआदि) शकुनलाई मान्नु आदिलाई सारको स्तरमा मान्दछ । यसप्रकार मिथ्यादृष्टि-सम्प्रयुक्त भएर, आफ्नो स्वेच्छाले विनाअरूको प्रेरणाबाट अपुण्यादि कर्म गर्दछ भने प्रथम अकुशलचित्त (सौर्मनस्य-सहगत दृष्टिगत-सम्प्रयुक्त असंस्कारिक) उत्पन्न हुन्छ ।

(२) पहिलो चित्त उत्पन्न हुने शर्तहरूमध्ये अरूको प्रेरणा लिएर अपुण्यादिकर्म गर्दछ भने द्वितीय अकुशलचित्त (सौर्मनस्य-सहगत दृष्टिगत-सम्प्रयुक्त ससंस्कारिक) उत्पन्न हुन्छ ।

(३) जव मिथ्यादृष्टियुक्त प्रसन्न चित्तले मैथुनको सेवन गर्दछ, अरूको सम्पत्तिमा लोभ उत्पन्न गर्दछ, अरूको सामान चोर्दछ, विनाअरूको प्रेरणाबाट, स्वेच्छाले प्रसन्न चित्तले गर्दछ तब तृतीय अकुशलचित्त (सौर्मनस्य-सहगत दृष्टिगत-विप्रयुक्त असंस्कारिक) उत्पन्न हुन्छ ।

(४) त्यसरी नै तेस्रो चित्तको शर्तहरूमध्ये अरूको प्रेरणाबाट अपुण्यादिकर्म गर्दछ भने चतुर्थ अकुशलचित्त (सौर्मनस्य-सहगत दृष्टिगत-विप्रयुक्त ससंस्कारिक) उत्पन्न हुन्छ ।

जब कामभोगहरूलाई नपाउनाले या अरूको सौमनश्य हेतुको अभावले चार प्रकारहरूमा सौमनस्यरहित हुन्छन् तब शेष चार उपेक्षा-सहगत उत्पन्न हुन्छन् । अर्थात् (५) पहिलो चित्त उत्पन्न हुने शर्तहरूमध्ये प्रसन्न चित्त नभएर उपेक्षा भएमा पाँचौं चित्त (उपेक्षा-सहगत दृष्टिगत-सम्प्रयुक्त असंस्कारिक) उत्पन्न हुन्छ । (६) दोस्रो चित्त उत्पन्न हुने शर्तहरूमध्ये प्रसन्न चित्त नभएर उपेक्षा भएमा छैठौं चित्त (उपेक्षा-सहगत दृष्टिगत-सम्प्रयुक्त ससंस्कारिक) उत्पन्न हुन्छ (७) तेस्रो चित्त उत्पन्न हुने



Downloaded from http://www.dhamma.digital

शर्तहरूमध्ये प्रसन्न चित्त नभएर उपेक्षा भएमा सातौं चित्त (उपेक्षा-सहगत दृष्टिगत-विप्रयुक्त असंस्कारिक) उत्पन्न हुन्छ । चौथो चित्त उत्पन्न हुने शर्तहरूमध्ये प्रसन्न चित्त नभएर उपेक्षा भएमा आठौं चित्त (उपेक्षा-सहगत दृष्टिगत-विप्रयुक्त ससंस्कारिक) उत्पन्न हुन्छ ।

यसरी सौमनस्य, उपेक्षा, दृष्टिगत, संस्कृतको भेदले आठ प्रकारका लोभमूल चित्तलाई जान्नुपर्दछ ।

द्वेषमूल = (१) दौर्मनस्य-सहगत, प्रतिघ-सम्प्रयुक्त असंस्कृत र (२) दौर्मनस्य-सहगत, प्रतिघ-सम्प्रयुक्त ससंस्कृत - दुई प्रकारका द्वेषमूल हुन्छन् । त्यसरी हुनु पनि जीवहिंसाआदिमा तीक्ष्ण, मन्दको प्रवृतिको समय जान्नुपर्दछ । अर्थात् क्रोधआदियुक्त भएर स्वेच्छाले बदला, हिंसा, आघात गर्ने चित्त उत्पत्ति हुँदा पहिलो द्वेषमूलचित्त हुन्छ । त्यसैगरी अरुको प्रेरणाबाट बदला, हिंसा, आघात गर्ने चित्त उत्पत्ति हुँदा दोस्रो द्वेषमूलचित्त हुन्छ ।

मोहमूल = (१) उपेक्षा-सहगत, विचिकिच्छा-सम्प्रयुक्त र (२)उपेक्षा-सहगत, उद्दच्च-सम्प्रयुक्त दुई प्रकारका हुन्छन् । त्यसरी हुनु पनि संशय, भ्रान्ति हुने समयमा जान्नुपर्दछ । अर्थात् सुख-सहगत वा दुखसहगत नभइकन सत्य बारे शंका वा बुद्धप्रति शंका वा कर्म कर्मफलप्रति शंका भएर उत्पन्न हुने अज्ञान चित्तलाई प्रथममोहमूलचित्त भनिन्छ । यसैगरी प्रथमचित्तमा चञ्चलता, भ्रान्तियुक्त भएर उत्पन्न हुने चित्तलाई द्वितीयमोहमूलचित्त भनिन्छ ।

यसप्रकार अकुशलविज्ञान बाह्र प्रकारका हुन्छन् ।

अब्याकृतचित्त पनि उत्पत्तिको भेदले दुई प्रकारका हुन्छन् – (१) विपाक (२) क्रिया । त्यसमा विपाक पनि भूमिअनुसार चार प्रकारका हुन्छन्, जस्तै - (१) कामावचर (२) रूपावचर (३) अरूपावचर (४) लोकोत्तर । कामावचर दुई प्रकारका हुन्छन् - कुशलविपाक र अकुशलविपाक । कुशलविपाक पनि दुई प्रकारका हुन्छन्  अहेतुक र सहेतुक ।

अलोभआदि विपाक हेतुरहित अहेतुक हुन्छ । त्यो चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय, विज्ञान, सम्प्रतिच्छन कृत्य भएको मनोधातु र सन्तीरण (निश्चय गर्नु) को कृत्य गर्ने दुई मनोविज्ञान-धातुहरू (सौमनस्य-सहगत एवं उपेक्षा-सहगत) आठ प्रकारका हुन्छन् । जस्तै -

(१) उपेक्षा-सहगत कुशलविपाक चक्षुविज्ञान , (२) उपेक्षा-सहगत कुशलविपाक श्रोत्रविज्ञान । (३) उपेक्षा-सहगत कुशलविपाक घ्राणविज्ञान । (४) उपेक्षा-सहगत कुशलविपाक जिव्हाविज्ञान । (५) सुखसहगत कायविज्ञान । (६) उपेक्षा-सहगत सम्प्रतिच्छन्न चित्त । (७) सौमनस्य-सहगत सन्तीरण चित्त । (८) उपेक्षा-सहगत सन्तीरण चित्त ।

चक्षुको आश्रित रूपहरूलाई जान्ने लक्षण भएको चक्षुविज्ञान हो । रूप मात्रलाई आलम्बन गर्नु यसको कृत्य हो । रूपतिर झुकाव हुने यसको प्रत्युपस्थान हो । रूपहरूको आलम्बनले क्रिया मनोधातु टाढा हुनु यसको पदस्थान हो । श्रोत्रआदिको आश्रित शब्दआदिलाई  जान्ने लक्षण भएको श्रोत्रविज्ञान हुन् । शब्दआदि मात्रलाई आलम्बन गर्नु यसको कृत्य हो । शब्दआदितिर झुकाव हुनु प्रत्युपस्थान हो । शब्दको आलम्बनआदिसंग क्रिया मनोधातुहरूबाट टाढा हुनु पदस्थान हो । यसरी अन्य घ्राणविज्ञान, जिव्हाविज्ञान, कायविज्ञानलाई पनि जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

चक्षुविज्ञानआदिको अनन्तर रूपआदिलाई जान्ने लक्षण भएको मनोधातु हो । रूपआदिलाई स्वीकार गर्नु यसको कृत्य हो। त्यसरी नै भावले जानिने गरिन्छ। चक्षुविज्ञानादिबाट टाढा हुनु पदस्थान हो । अहेतुक विपाकहरूको ६ आलम्बनहरूलाई जान्ने लक्षण भएको दुई प्रकारका सन्तीरणआदिको कृत्यलाई गर्ने मनोविज्ञानधातु हो । सन्तीरण गर्नु आदि यसको कृत्य हो । त्यसरी भावले जानिने गरिन्छ। हृदयवस्तु पदस्थान हो।

सौमनस्य, उपेक्षा योग्य सौमनस्यसहगत दुई र उपेक्षासहगत पाँच स्थानको भेदले त्यसका भेद हुन्छन्। यसमा एक अत्यन्त इष्टआलम्बनमा प्रवर्तित हुनाले सौमनश्य भएर सन्तीरण, तदालम्बनअनुसार पाँचैद्वारमा र जवनचित्तको अन्तमा प्रवर्तित हुनाले उपेक्षालाई सम्प्रयुक्त सन्तीरण, तदालम्बन, प्रतिसन्धि, भवाङ्ग, च्यूतिअनुसार प्रवर्तित हुनाले पाँच स्थान हुन्छन्।

आठ प्रकारका यी अहेतुकविपाकविज्ञान पनि (१) नियत र (२) अनियतआलम्बन हुनाले दुई प्रकार का हुन्छन्। उपेक्षा, सुख, सौमनस्य भेदले तीन प्रकारका हुन्छन्। पाँच विज्ञान क्रमानुसार रूप आदिमा नै प्रवर्तित हुनाले नियत आलम्बन हुन्। शेष अनियत आलम्बन हुन्। मनोधातु पाँचै वटा पनि रूप आदि पाँच आलम्बनहरुमा प्रवर्तित हुन्छन् । दुई मनोविज्ञान धातु ६ आलम्बनहरुमा प्रवर्तित हुन्छन्। यहाँ कायविज्ञान सुखयुक्त हुन्छ । दुई स्थानयुक्त सन्तीरण मनोविज्ञान धातुमध्ये एक सौमनस्ययुक्त हुन्छ र शेष उपेक्षायुक्त हुन्छ । यसरी कुशल विपाक सहेतुक भएको आठ प्रकारका चित्तहरूलाई जान्नुपर्दछ।

अलोभआदि विपाक हेतुले सम्प्रयुक्त सहेतुक हो। त्यो कामावचरकुशलजस्तै सौमनस्यआदि भेदले आठ प्रकारका हुन्छन् । जस्तै -

(१) सौर्मनस्यसहगत ज्ञानसम्प्रयुक्त असंस्कारिक (२) सौर्मनस्यसहगत ज्ञानसम्प्रयुक्त ससंस्कारिक (३) सौर्मनस्यसहगत ज्ञानविप्रयुक्त असंस्कारिक (४) सौर्मनस्यसहगत ज्ञानविप्रयुक्त ससंस्कारिक (५) उपेक्षासहगत ज्ञानसम्प्रयुक्त असंस्कारिक (६) उपेक्षासहगत ज्ञानसम्प्रयुक्त ससंस्कारिक (७) उपेक्षासहगत ज्ञानविप्रयुक्त असंस्कारिक (८) उपेक्षासहगत ज्ञानविप्रयुक्त ससंस्कारिक ।

तर जसरी कामावचर कुशल दान आदिअनुसार ६ आलम्बनहरूमा प्रवर्तित हुन्छन् त्यसरी यो कामावचर विपाक त्यस्तो होइन। यो प्रतिसन्धि, भवांग, च्यूति, तदालम्बनअनुसार कामावचर (परित्र धर्म) भएको नै ६ आलम्बनहरूमा प्रवर्तित हुन्छन् । संस्कृत असंस्कृतको हुनु यहाँ आगमन आदिअनुसार जान्नुपर्दछ । सम्प्रयुक्त धर्महरूको विशेषता नहुँदा पनि ऐनामा मुखनिमित्तजस्तै उत्साहर हित विपाक र मुखजस्तै उत्साहयुक्त कुशललाई जान्नुपर्दछ ।

सम्पूर्ण अकुशलविपाक अहेतुक नै हुन्। ती चक्षु, श्रोत्र, घ्राण, काय आदि विज्ञानहरू, स्वीकार गर्ने मनोधातु, सन्तीरण आदि कृत्यलाई गर्ने पाँच स्थानहरू भएको मनोविज्ञान धातु, सात प्रकारका हुन्छन् । जस्तै -

(१) उपेक्षासहगत चक्षुविज्ञान , (२) उपेक्षासहगत श्रोत्रविज्ञान (३) उपेक्षासहगत घ्राणविज्ञान (४) उपेक्षासहगत जिव्हाविज्ञान (५) दुखसहगत कायविज्ञान (६) उपेक्षासहगत सम्प्रतिच्छन्न चित्त (७) उपेक्षासहगत सन्तीरण चित्त ।



Downloaded from http://www.dhamma.digital

त्यसलाई लक्षणआदिले कुशलअहेतुकविपाकमा भनिएप्रकारले जान्नुपर्दछ।

कुशलविपाक मात्र नै इष्ट, मध्यस्थआलम्बन हुन्छन्। यी अकुशलविपाक अनिष्ट, अनिष्टमध्यस्थ आलम्बन छन्। कुशलविपाक उपेक्षा, सुख, सौमनस्यको भेदले तीन प्रकारका हुन्छन्। यी दुःख,उपेक्षाअनुसार दुई प्रकारका हुन्छन्। यहाँ कायविज्ञान दुःख सहगत नै हो, शेष उपेक्षासहगत हुन्छन्। कुशलविपाकमा कायविज्ञान उपेक्षाहीन हुन्छ, दुःखजस्तै धेरै तीक्ष्ण हुँदैन। अहेतुककुशल विपाकहरूमा उपेक्षा प्रणीत हुन्छ, सुखजस्तै धेरै तीक्ष्ण हुँदैन। यसप्रकार यी सातै वटा अकुशल विपाकहरू र पूर्वको सोह्र कुशल विपाकहरूअनुसार कामावचर विपाकविज्ञान तेइस प्रकारका हुन्छन्।

रूपावचरविपाक, रूपावचरकुशलजस्तै पाँच प्रकारका हुन्छन्। जस्तै -(१) वितर्क, विचार, प्रीति, सुख, एकाग्रतायुक्त प्रथमध्यान, (२) विचार, प्रीति, सुख, एकाग्रतायुक्त द्वितीयध्यान, (३) प्रीति, सुख, एकाग्रतायुक्त तृतीयध्यान, (४) सुख, एकाग्रतायुक्त चतुर्थध्यान, र (५) उपेक्षा एकाग्रतायुक्त पञ्चमध्यान।

तर रूपावचरकुशल समापत्तिअनुसार जवनविथिमा प्रवर्तित हुन्छन् र यो रूपावचरविपाक उत्पत्तिमा प्रतिसन्धि, भवांग र च्युतिअनुसार प्रवर्तित हुन्छन्।

जसरी रूपावचर हो, त्यसरी नै अरुपावचर पनि कुशलजस्तै चार प्रकारका हुन्छन्। जस्तै - (१) आशानन्त्यायतन कुशल चित्त (२) विज्ञानानन्त्यायतन कुशल चित्त (३) आकिंचन्यायतन कुशल चित्त र (४) नैवसंज्ञानासज्ञायतन कुशल चित्त ध्यान हुन्छन्। यसको प्रवर्तित भएको प्रकार पनि रूपावचरमा भनिएको ढंगले नै हुन्छन्।

लोकोत्तरविपाक चार मार्गयुक्त कुशलचित्तको फल हुनाले चार प्रकारका हुन्छन्। जस्तै - (१) स्रोतापत्ति मार्ग, (२) सकृदागामी मार्ग, (३) अनागामी मार्ग, र (४) अरहन्त मार्ग। त्यो मार्गको वीथि र फल समापत्तिअनुसार दुई प्रकारले प्रवर्तित हुन्छन्। यसरी चारैवटा भूमिहरूमा सबै छत्तीस प्रकारका विपाकविज्ञान हुन्छन्।

क्रियाभूमिको भेदले तीन प्रकारका हुन्छन् - (१) कामावचर, (२)रुपावचर र (१) अरुपावचर। कामावचर दुइ प्रकारका हुन्छन् - अहेतुक र सहेतुक। अलोभआदि क्रिया हेतुरहित अहेतुकक्रिया हो। क्रियाअहेतुकमा मनोविज्ञान धातुको भेदले दुई प्रकारका हुन्छन्। अहेतुक क्रिया तीन प्रकारका छन्। जस्तै - (१) उपेक्षा-सहगत पञ्चद्वारावर्जन (२) उपेक्षा-सहगत मनोद्वारावर्जन (३) हसितुप्पाद चित्त।

त्यहाँ, चक्षुविज्ञानआदि अगाडि जाने भएर रूपआदि आलम्बनहरूलाई जान्ने लक्षण भएको मनोधातु हो। आवर्जन गर्नु यसको कृत्य हो। रूपआदिको अभिमुख हुनु प्रत्युपस्थान हो। त्यो उपेक्षायुक्त नै हुन्छ।

मनोविज्ञान धातु दुई प्रकारका हुन्छन् - साधारण र असाधारण। शैक्ष, अशैक्ष र पृथग्जनको साधारण हुन्छ तर असाधारण अशैक्ष्यहरूको मात्र हुन्छ। त्यसमा साधारण उपेक्षासहगत अहेतुकक्रिया ६ आलम्बनहरूलाई जान्ने लक्षण हुन्छ। कृत्यअनुसार पञ्चद्वार र मनोविज्ञानद्वारमा व्यवस्थापन र आवर्जनको काम गर्दछ। त्यसरी हुनु नै यसको प्रत्युपस्थान हो। अहेतुकविपाकमनोविज्ञानधातु भवांगहरूमध्ये कुनै एकको नरहनु यसको पदस्थान हो। असाधारण सोमनश्य-सहगत अहेतुक क्रिया ६ आलम्बनहरूलाई



Downloaded from http://www.dhamma.digital

जान्ने लक्षणको हुन्छ । कृत्यअनुसार अर्हतको अप्रणीत वस्तुहरूमा हाँसो उत्पन्न गर्ने कृत्य हुन्छ । त्यसरी हुनु यसको प्रत्युपस्थान हो । सर्वाशतः हृदयवस्तु यसको पदस्थान हो । यसप्रकार कामावचर अहेतुकक्रिया तीन प्रकारका हुन्छन् ।

कुशलजस्तै सहेतुक सौमनस्यआदि पनि भेदले आठ प्रकारका हुन्छन् । जस्तै - (१) सौर्मनस्य-सहगत ज्ञानसम्प्रयुक्त असंस्कारिक (२) सौर्मनस्यसहगत ज्ञानसम्प्रयुक्त ससंस्कारिक (३) सौर्मनस्यसहगत ज्ञानविप्रयुक्त असंस्कारिक (४) सौर्मनस्यसहगत ज्ञानविप्रयुक्त ससंस्कारिक (५) उपेक्षासहगत ज्ञानसम्प्रयुक्त असंस्कारिक (६) उपेक्षासहगत ज्ञानसम्प्रयुक्त ससंस्कारिक (७) उपेक्षासहगत ज्ञानविप्रयुक्त असंस्कारिक (८) उपेक्षासहगत ज्ञानविप्रयुक्त ससंस्कारिक । कुशल चित्त शैक्ष्य र पृथक्जनहरूलाई मात्र उत्पन्न हुन्छन् तर यी सहेतुक क्रियाचित्तहरु अर्हतलाई मात्र उत्पन्न हुन्छन् - यहाँ, यही विशेषता हो । यसरी कामावचर को क्रिया एघार प्रकारका हुनछन् ।

रूपावचरक्रिया र अरूपावचरक्रिया क्रमशः रुपावचरकुशल र अरुपावचरकुशलजस्तै पाँच प्रकार र चार प्रकारका हुन्छन् । जस्तै -

रुपावचर क्रिया - (१) वितर्क, विचार, प्रीति, सुख, एकाग्रतायुक्त प्रथमध्यान, (२) विचार, प्रीति, सुख, एकाग्रतायुक्त द्वितीयध्यान, (३) प्रीति, सुख, एकाग्रतायुक्त तृतीयध्यान, (४) सुख, एकाग्रतायुक्त चतुर्थध्यान, र (५) उपेक्षा एकाग्रतायुक्त पञ्चमध्यान ।

अरुपावचर क्रिया - (१) आशानन्त्यायतन क्रिया चित्त (२) विज्ञानानन्त्यायतन क्रिया चित्त (३) आकिंचन्यायतन क्रिया चित्त र (४) नैवसंज्ञानासज्ञायतन क्रिया चित्त ।

अर्हतलाई उत्पत्तिअनुसार नै उसको कुशलले विशेषता जान्नुपर्दछ । यसरी तीन भूमिहरूमा सबै बीस प्रकारका क्रिया विज्ञान हुन्छन् ।

**विज्ञान विवरण**

| भूमि | कुशल | अकुशल | विपाक | क्रिया | जम्मा |
|---|---|---|---|---|---|
| १.कामावचर | ८ | १२ | २३ | ११ | ५४ |
| २.रूपावचर | ५ | - | ५ | ५ | १५ |
| ३.अरूपावचर | ४ | - | ४ | ४ | १२ |
| ४.लोकोत्तर | ४ | - | ४ | - | ८ |
| जम्मा | २१ | १२ | ३६ | २० | ८९ |

यसप्रकार एक्काइस कुशल, बाह्र अकुशल, छत्तीस विपाक, बीस क्रिया - सबै गरी उनानब्बे विज्ञान हुन्छन् । जुन प्रतिसन्धि, भवाङ्ग, आवर्जन, देख्नु, सुन्नु, सुंघ्नु, स्वाद लिनु, स्पर्श गर्नु, सम्प्रतिच्छन्न, सन्तीरण, व्यवस्थापन, जवन, तदालम्बन, च्यूतिअनुसार चौध प्रकारले प्रवर्तित हुन्छन् ।

कसरी ? जब आठ कामावचर कुशलको आनुभावले देव मनुष्यभवमा प्राणी उत्पन्न हुन्छन्, तब



Downloaded from http://www.dhamma.digital

उसको मृत्युको समयमा उपस्थित कर्म, कर्मनिमित्त, गतिनिमित्तमध्ये कुनै एकलाई आलम्बन गरी आठ सहेतुककामावचरविपाक र मनुष्यहरूमा हिंजडा (नपुंसक) आदि हुने व्यक्तिको दुर्बल द्विहेतुककुशल विपाक उपेक्षासहगत अहेतुकविपाक मनोविज्ञानधातु यसप्रकार प्रतिसन्धिअनुसार नव विपाक चित्त प्रवर्तित हुन्छन् ।

जब रूपावचर र अरुपावचरकुशलको अनुभावले रूप र अरूप भवहरूमा उत्पन्न हुन्छन् तब उसको मृत्यु समयमा उपस्थित कर्मनिमित्तलाई नै आलम्बन गरी नौ रुपावचर र अरुपावचरविपाक प्रतिसन्धिअनुसार प्रवर्तित हुन्छन् ।

जब अकुशलको आनुभावले अपायमा उत्पन्न हुन्छन्, तब उसको मर्ने समयमा उपस्थित कर्म, कर्मनिमित्त, गतिनिमित्तमध्ये कुनै एकलाई आलम्बन गरी एक अकुशलविपाकअहेतुक-मनोविज्ञानधातु प्रतिसन्धिअनुसार प्रवर्तित हुन्छ । यसरी उन्नाइस विपाक विज्ञानहरुका प्रतिसन्धिअनुसार प्रवर्तिलाई जान्नुपर्दछ ।

प्रतिसन्धिविज्ञानको निरुद्ध हुंदा त्यस प्रतिसन्धिविज्ञानको पछि लागेको त्यसत्यस कर्मको विपाक, त्यसै आलम्बनमा त्यसैप्रकारको भवंग विज्ञान प्रवर्तित हुन्छ। पुन त्यसरी नै - यसरी चित्त प्रवाह रूकिंदा अन्य चित्त उत्पन्न हुदा नदीको स्रोतजस्तै स्वप्न नदेख्दै निद्रामा निमग्न हुने समय आदिमा असंख्यपल्ट पनि प्रवर्तित हुन्छ। यसरी तिनै विज्ञानहरूको भवंगको रूपमा प्रवर्तित हुने जान्नुपर्दछ।

यसप्रकार भवंग परम्पराको प्रवर्तित हुदा जब प्राणीहरूको इन्द्रियहरू आलम्बनलाई ग्रहणयोग्य हुन्छन् तब चक्षुद्वारमा रूपहरू आउँदा रूपको प्रत्ययले चक्षुप्रसादको संघर्ष हुन्छ, त्यसपछि संघर्षको आनुभावले भवंगचलन हुन्छ। तब भवाङ्गको निरुद्ध हुँदा, त्यसै रूपलाई आलम्बन गरी भवंगलाई विच्छेद गर्नेझैं आवर्जनको कृत्यलाई सिद्ध गर्दै क्रियामनोधातु उत्पन्न हुन्छन्। श्रोत्रद्वारआदिमा पनि यस्तै हो।

तर मनोद्वारमा ६ प्रकारका पनि आलम्बनमा द्वारमा जाँदा भवंगचलनको अनन्तर भवंग विच्छेद गर्ने आवर्जनको कृत्यलाई सिद्ध गर्दै उपेक्षासहगत अहेतुकक्रिया-मनोविज्ञान धातु उत्पन्न हुन्छन् । यसरी दुवै विज्ञानहरूको आवर्जनअनुसार प्रवर्तित हुने जान्नुपर्दछ।

आवर्जनको अनन्तर चक्षुद्वारमा कृत्यलाई सिद्ध गर्दै चक्षुप्रसाद वस्तुयुक्त चक्षुविज्ञान, श्रोत्रद्वार आदिमा श्रवणआदि कृत्यलाई सिद्ध गर्दै श्रोत्र, घ्राण, जिव्हा, काय विज्ञानहरु प्रवर्तित हुन्छन्। ती इष्ट मध्यस्थ विषयहरूमा कुशलविपाक र अनिष्ट, अनिष्टमध्यस्थमा अकुशलविपाक हुन्छन् । यसरी दश विपाकविज्ञानहरूको प्रवर्ति देख्नु, सुन्नु सुंघ्नु, स्वादलिनु, स्पर्श गर्नुअनुसार जान्नुपर्दछ।

'चक्षुविज्ञानधातुको उत्पन्न भएर निरुद्ध भएको समानान्तर उत्पन्न हुन्छ चित्त, मन, मानस, ... त्यसबाट उत्पन्न मनोधातु।" आदि विभंगको वचनले चक्षुविज्ञान आदिको अनन्तर त्यसैको विषयलाई ग्रहण गर्दै कुशलविपाकपछि कुशल विपाकयुक्त र अकुशलविपाकपछि अकुशलविपाकयुक्त मनोधातु उत्पन्न हुन्छन्। यसरी दुवै विपाक विज्ञानहरूलाई ग्रहण गर्नेअनुसार प्रवर्ति जान्नुपर्दछ।

"मनोधातुको पनि उत्पन्न भएर निरुद्ध भएपश्चात् उत्पन्न हुन्छ चित्त, मन, मानस, ... त्यसबाट उत्पन्न मनोविज्ञान धातु" वचनले मनोधातु ग्रहण गरिएकै विषयको सन्तीरण गर्दै अकुशलविपाक



Downloaded from http://www.dhamma.digital

मनोधातुको अनन्तर अकुशलविपाक र कुशलविपाकको अनन्तर इष्टालम्बनमा सौमनस्यसहगत तथा इष्टमध्यस्थमा उपेक्षासहगतविपाकअहेतुक -मनोविज्ञानधातु उत्पन्न हुन्छन् । यसरी तीन विपाक विज्ञानहरूको सन्तीरणअनुसार प्रवर्ति जान्नुपर्दछ ।

सन्तीरणअनुसार त्यसै विषयको व्यवस्थापन गर्दै उपेक्षासहगत क्रियाअहेतुकमनोविज्ञानधातु उत्पन्न हुन्छन् । यसरी एउटै क्रियाविज्ञानको व्यवस्थापनअनुसार प्रवर्ति जान्नुपर्दछ ।

व्यवस्थापनपछि यदि रूपआलम्बन महत् हुन्छ चौध चित्तक्षणको आयु भएको आलम्बन यहाँ महत् भनिन्छ । त्यसबाट पनि उत्पन्न भएर दुई तीन चित्तक्षण व्यतीत भएको द्वारमा जानेअनुसार जान्नुपर्दछ । तब व्यवस्थापित गरिएको विषयमा आठ कामावचर कुशल, वाह्र अकुशल या नौ अवशेष कामावचर क्रियामध्ये कुनै एकको अनुसार ६ या ७ जवन दौडिन्छन् । यो पञ्चद्वारमा नियम हो । तर मनोद्वारमा, मनोद्वारको आवर्जनपछि तीनैअनुसार दौडिन्छन् । गोत्रभूभन्दा माथि रूपावचरबाट पाँच कुशल, पाँच क्रिया, अरूपावचरले चार कुशल, चार क्रिया, लोकोत्तरले चार मार्गचित्त, चार फलचित्त-यसमा जुनजुन प्रत्ययलाई पाउँदछ त्योत्यो दौडिन्छ । यसरी पचपन्न कुशल, अकुशल, क्रिया, विपाकविज्ञानहरूको जवनअनुसार प्रवर्ति जान्नुपर्दछ ।

जवनको अन्तमा यदि पञ्चद्वारमा अतिमहन्त र मनोद्वारमा प्रकट (विभूत) आलम्बन हुन्छ, तब कामावचरको सत्वहरूलाई कामावचर जवनको अन्तमा प्रियआलम्बनआदि र पूर्वकर्म, जवनचित्त आदिअनुसार जुनजुन प्रत्यय प्राप्त हुन्छ, त्यसत्यसअनुसार आठ सहेतुक कामावचर विपाकहरूमा तथा तीनै वटा विपाक अहेतुकमनोविज्ञानधातुहरूमध्ये कुनै एक, उल्टो धार भएको नाउपछिपछि केही क्षणसम्म जाँदै गरेको पानीजस्तै, भवंगआलम्बनले दोस्रो आलम्बनमा दौडिएको जवनको पछिपछि लागेको दुई या एकपल्ट विपाक विज्ञान उत्पन्न हुन्छ । त्यो जवनको अन्तमा भवंगको आलम्बनमा प्रवर्तित हुनयोग्य हुँदै त्यस जवनको आलम्बनको आलम्बन गरी प्रवर्तित हुनाले तदालम्बन भनिन्छ । यसप्रकार विपाकविज्ञानहरूको तदालम्बनअनुसार प्रवर्ति जान्नुपर्दछ ।

तदालम्बनको अन्तमा पुनः भवांग नै प्रवर्तित नै हुन्छ । भवांगको विथि विच्छिन्नहुँदा फेरि आवर्जनआदि यसप्रकार प्रत्ययलाई चित्तको परम्परा भवांगपछि आवर्जन र आवर्जनपछि दर्शनआदि- यसरी चित्तको नियमअनुसार नै पुनः पुनः तबसम्म प्रवर्तित हुन्छ, जबसम्म एक भवमा भवांगको नाश हुँदैन । एक भवमा जुन सबैभन्दा पछिल्लो भवांगचित्त हुन्छ, त्यो त्यस भवले चुहिनाले च्यूति भनिन्छ । यसैले त्यो पनि उन्नाइस प्रकारका नै हुन्छन् । यसप्रकार उन्नाइस विपाकविज्ञानहरूको च्यूतिअनुसार प्रवर्ति जान्नुपर्दछ ।

च्यूतिले पुनः प्रतिसन्धि, प्रतिसन्धिले पुनः भवाङ्ग - यसप्रकार तीन भव, पाँच गति, सात विज्ञानको स्थिति र नौ सत्वहरूको वासस्थानमा चक्कर काट्दै प्राणीहरूको अटूट चित्तधारा जारिरहन्छ । यहाँ जुन अर्हत्वलाई प्राप्त गर्दछ, त्यसको च्यूतिचित्त निरुद्धहुँदा निरुद्ध नै हुन्छ ।

### ३. वेदनास्कन्ध

जुन भनिएको छ - 'जेजति अनुभव गर्ने लक्षणका छ, ती सबैमा एक गरी वेदनास्कन्ध जान्नुपर्दछ, यहाँ पनि अनुभव गर्ने लक्षण वेदना नै हो । जसरी मज्झिम निकाय (१,४,३) अनुसार भनिएको छ -



Downloaded from http://www.dhamma.digital

'आवुस, अनुभव गर्दछ, अनुभव गर्दछ, यसैले वेदना भनिन्छ।'

त्यो अनुभव गर्ने लक्षण स्वभावले एक प्रकारको भए तापनि उत्पतिअनुसार तीन प्रकारका हुन्छन् - (१) कुशल, (२) अकुशल, र (३) अव्याकृत। त्यहाँ कामावचर सौमनस्य, उपेक्षा, ज्ञान, संस्कृत भेदले आठ प्रकारका वेदना हुन्छन् - आदिप्रकारले भनिएका कुशलविज्ञानसंगै संयुक्त कुशल, अकुशलसंगै सम्प्रयुक्त अकुशल र अव्याकृतसंग सम्प्रयुक्त अव्याकृत जान्नुपर्दछ।

त्यो स्वभावको भेदले पाँच प्रकारका हुन्छन् - (१) सुख, (२) दुःख, (३) सौमनस्य, (४) दौर्मनस्य र (५) उपेक्षा। त्यसमा कुशलविपाक कायविज्ञानले सम्प्रयुक्त सुख र अकुशलविपाकले दुःख हुन्छ। कामावचरले चार कुशलहरूसंग, चार सहेतुकविपाकहरूसंग, एक अहेतुकविपाकसंग, चार सहेतुक क्रियाहरूसंग, एक अहेतुकक्रियासंग, चार अकुशलसंग, रूपावचरले पञ्चमध्यानको विज्ञानलाई छाडेर चार कुशलहरूसंग, चार विपाकहरूसंग, चार क्रियाहरूसंग - किनकि लोकोत्तर विनाध्यानको हुँदैन यसैले आठ लोकोत्तर, पाँच ध्यानअनुसार चालीस हुन्छन्। त्यसमा आठ पञ्चमध्यानहरूलाई छाडेर शेष बत्तीस कुशल विपाकहरूसंग, यसरी सौमनस्य बैसठ्ठी विज्ञानहरूसंग सम्प्रयुक्त छन्। दौर्मनस्य दुई अकुशलहरूसंग र उपेक्षा शेष पचपन्न विज्ञानहरूसंग सम्प्रयुक्त छन्।

(१) त्यसमा प्रिय स्पर्शलाई अनुभव गर्ने लक्षणयुक्त सुख हो। आफूसंग युक्तहरूलाई बढाउनु यसको कृत्य हो। यो कायिक आस्वादबाट जान्न सकिन्छ। कायोन्द्रियको पदस्थान हुन्छ। (२) अप्रिय स्पर्शको अनुभव गर्ने लक्षणयुक्त दुःख हो। आफूसंग युक्तहरूलाई म्लान गर्नु यसको कृत्य हो। यो कायिक रोगले जान्न सकिन्छ। कायीन्द्रिय यसको पदस्थान हो। (३) प्रियआलम्बनलाई अनुभव गर्ने लक्षण भएको सौमनस्य हो। जसोतसो प्रिय आकारको अनुभव गर्ने कृत्य हुन्छ। चैतसिक आस्वादले जान्न सकिन्छ। प्रश्रब्धि यसको पदस्थापन हो। (४) अप्रियआलम्बनको अनुभव गर्ने लक्षण भएको दौर्मनस्य हो। जसो तसो अप्रिय आकारलाई अनुभव गर्ने कृत्य हुन्छ। चैतसिक रोगले जान्न सकिन्छ। सर्वाशतः हृदयवस्तु यसको पदस्थान हो। (५) मध्यस्थलाई अनुभव गर्ने लक्षण भएको उपेक्षा हो। आफूसंग युक्तहरूलाई नबढाउनु र मलिन नगर्नु यसको कृत्य हो। शान्तभावले यो जान्न सकिन्छ। प्रीतिरहित चित्त यसको पदस्थान हो।

### ४. संज्ञास्कन्ध

जुन भनिएको छ 'जेजति चिन्ने लक्षण छ,न् ती सब एकमा गरी संज्ञास्कन्ध जान्नुपर्दछ।' यहाँ पनि चिन्ने लक्षण भएको संज्ञा नै हो। जस्तै मज्झिम निकाय (१,४,३) अनुसार भनिएको छ - 'आवुस, चिन्दछ, चिन्दछ, यसैले संज्ञा भनिएको छ।' त्यो चिन्ने लक्षणले एक प्रकारको भए तापनि उत्पत्तिअनुसार तीन प्रकारका हुन्छन् - (१) कुशल, (२) अकुशल र (३) अव्याकृत। त्यसमा कुशलविज्ञानले सम्प्रयुक्त कुशल हो, अकुशलले सम्प्रयुक्त अकुशल र अव्याकृतले युक्त अव्याकृत। त्यो विज्ञान होइन जुन संज्ञासंग विप्रयुक्त हुन्छ। यसैले जति विज्ञानको भेद छन्, त्यति नै संज्ञाका भेद हुन्छन्।

त्यो यस्तो विज्ञानको बराबर भेदयुक्त भए तापनि लक्षणले सबै चिन्ने लक्षण नै हो। त्यसलाई फेरि चिन्नको लागि काठमा आरावानले चिन्ह लगाउनेझैं कृत्यको हुन्छ। ग्रहण गरिएको निमित्तअनुसार हात्ती देख्ने अन्धाहरूजस्तै, अभिनेवश गर्नु यसको प्रत्युपस्थान हो। घाँसको बनाइएको मानिस (वुँ



Downloaded from http://www.dhamma.digital

ख्याचा)मा हरिणको बच्चालाई 'मानिस हो' यसरी उत्पन्न संज्ञाजस्तै उपस्थित विषयको पदस्थानको हो।

## ५. संस्कार स्कन्ध

जुन भनिएको छ – "जेजति अभिसंस्कार गर्ने लक्षणको छ ती सब एकमा गरी संस्कारस्कन्ध जान्नुपर्दछ।" यहाँ अभिसंस्कार लक्षण भनिन्छ, राशी गर्ने लक्षणलाई। त्यो के हो ? संस्कार नै हो। जस्तै संयुक्त निकाय (२१,१,१,६) अनुसार भनिएको छ - 'भिक्षुहरू, संस्कृतको अभिसंस्कार गर्दछन्, यसैले संस्कार भनिन्छन्।'

ती अभिसंस्कार गर्ने लक्षणका छन्। राशि गर्नु त्यसको कृत्य हो। विस्फारले जानिन्छ र शेष तीन स्कन्ध यसका पदस्थान हुन्। यसरी लक्षणआदिले एक प्रकारको भए तापनि उत्पत्तिअनुसार तीन प्रकारका हुन्छन् - कुशल, अकुशल अव्याकृत। त्यसमा कुशलविज्ञानयुक्त कुशल, अकुशलयुक्त अकुशल र अव्याकृतयुक्त अव्याकृत हुन्छन्।

त्यहाँ कामावचरको प्रथमकुशलविज्ञानले सम्प्रयुक्त नियत, स्वरूपले आएको सत्ताइस, येवापनक चार र अनियत पाँच गरी जम्मा छत्तीस छन्। त्यसमा (१) स्पर्श, (२) चेतना, (३) वितर्क, (४) विचार, (५) प्रीति, (६) वीर्य, (७) जीवित, (८) समाधि, (९) श्रद्धा, (१०) स्मृति, (११) हिरि, (१२) ओतप्प, (१३) अलोभ, (१४) अद्वेष, (१५) अमोह, (१६) कायप्रश्रब्धि, (१७) चित्तप्रश्रब्धि, (१८) कायलघुता, (१९) चित्तलघुता, (२०) कायमृदुता, (२१) चित्तमृदुता, (२२) कायकर्मण्यता (२३) चित्तकर्मण्यता (२४) कायप्रागुण्यता, (२५) चित्तप्रागुण्यता, (२६) कायऋजुकता, (२७) चित्तऋजुकता- यी स्वरुपले आएका सत्ताइस छन्। (२८) छन्द, (२९) अधिमोक्ष, (३०) मनसिकार, (३१) तत्रमध्यस्थता - यी चार येवापनक हुन्। (३२) करुणा, (३३) मुदिता, (३४) काय दुश्चरितले विरति, (३५)वाक दुश्चरितले विरति, (३६) मिथ्याआजीविकाले विरति - यी अनियत हुन्। किनकि यी कहिलेकाहिं उत्पन्न हुन्छन् र उत्पन्न भएर पनि एकसाथ उत्पन्न हुँदैनन्।

स्पर्श = छुनाले स्पर्श हो। त्यो छुने लक्षणको छ। संघर्ष गर्नु यसको कृत्य हो। एकत्र हुनाले जानिन्छ। द्वारमा आएको विषयहरूको पदस्थानको छ। यो अरुपधर्म भए तापनि हुँदै आलम्बनमा स्पर्श गर्ने आकारले नै प्रवर्तित हुन्छ। एकातिरबाट टाँसिएको नभए तापनि रूपसमान चक्षु र शब्दसमान श्रोत्र, चित्त र आलम्बनमा संघर्ष गर्दछ। तीनको जुटाउनाले उत्पन्न हुने यो आफ्नो कारणअनुसार भनिएकोले एकत्र हुनु यसको प्रत्युपस्थान हो। त्यसबाट उत्पन्न मनसिकार र इन्द्रियले परिष्कृत भएको विषयमा विनाबिघ्नको नै उत्पन्न हुनाले द्वारमा आएको विषयआलम्बनको पदस्थान भनिन्छ। वेदनाको अधिष्ठान (किनकि स्पर्शपछि वेदना उत्पन्न हुन्छ) हुनाले यसलाई छालारहित गाईजस्तै सम्झिनुपर्दछ।

चेतना = चिन्ता गर्नाले चेतना भनिन्छ। प्रवर्तित गर्नु अर्थ हो। त्यो चिन्ता गर्ने लक्षणको छ। राशि गर्नु यसको कृत्य हो। विचार गर्ने पदस्थानको छ। आफ्नो तथा अरुको कृत्यलाई ज्येष्ठ शिष्य, सिकर्मी नाइके आदिजस्तै सिद्ध गर्नेहुन्छ। यो अत्यन्त आवश्यक कार्यहरूको अनुस्मरणआदिमा सम्प्रयुक्तको उत्साह बढाउने भावले प्रवर्तित हुँदै प्रकट हुन्छ।

(१) वितर्क (२) विचार (३) प्रीतिमा = जुन भनिएको छ त्यो पृथ्वीकसिण निर्देशनमा प्रथमध्यानको



Downloaded from http://www.dhamma.digital

वर्णनमा भनिसकिएको नै छ ।

वीर्य = वीरभाव नै वीर्य हो । त्यो उत्साहलाई बढाउने लक्षणको छ । आफूसंग उत्पन्न भएको धर्महरूलाई सम्हाल्नु यसको कृत्य हो । नडुबाउने प्रत्युप्रस्थान हो । 'संवेगलाई व्याप्त व्यक्ति राम्ररी उत्साह गर्दछ' अंगुत्तर निकायको वचनले संवेगको पदस्थानयुक्त छ । या वीर्यआरम्भ गर्ने वस्तु यसको पदस्थान हो । राम्ररी आरम्भ गरिएको सबै सम्पत्तिहरूको मूल हुन्छ - भनी जान्नुपर्दछ ।

जीवित = त्यसबाट बाँच्दछ, आफू पनि बाँच्दछ या त्यो जीवन मात्र नै हो यसैले जीवित भनिन्छ । यसको लक्षणआदि रूप जीवितमा भनिएअनुसार नै जान्नुपर्दछ । त्यो रूपधर्महरूको जीवित हो र यो अरूपधर्महरूको, यहाँ यही भेद छ ।

समाधि = आलम्बनमा चित्तलाई बराबर राख्दछ, राम्ररी राख्दछ या यो चित्तको समाधान मात्र हो, यसैले समाधि भनिन्छ । त्यो फैलिन नदिन या अविक्षेप लक्षणको छ । आफूसंग उत्पन्न भएको धर्महरूलाई पिण्ड गर्ने कृत्य छ । नुहाउने सावुनको लागि पानीजस्तै । उपशम त्यसको प्रत्युपस्थान हो । विशेषरूपले सुख पदस्थान हो । वायुरहित स्थानमा वत्तीको ज्वालाको स्थितिसमान चित्तको स्थितिलाई जान्नुपर्दछ ।

श्रद्धा = यसले विश्वास गर्दछ या स्वयं विश्वास गर्दछ या यो विश्वास गर्नु मात्र नै हो यसैले श्रद्धा भनिन्छ । त्यो विश्वास गर्ने या आलम्बनभित्र प्रवेश गरी विश्वास गर्ने लक्षणको छ । पूर्वकालमा पानीलाई परिशुद्ध गर्ने उदकप्रसादान मणि हुन्थ्यो, जसले फोहर पानीलाई परिशुद्ध गर्दथ्यो । त्यस्तो मणिजस्तै परिशुद्ध गर्नु यसको कृत्य हो । यो बाढीको पानीलाई पार गर्नेझैं नाघ्ने कृत्यको छ । कलूसित नहुनु यसको प्रत्युपस्थान हो या अधिमुक्ति (दृढ भक्ति) हो । त्रिरत्न, कर्म, कर्मफलआदि श्रद्धायोग्यवस्तु यसका पदस्थान हुन् या सत्संग, सद्धर्मश्रवण, योनिसोः मनसिकार, धर्मानुधर्म प्रतिपत्ति आदि स्रोतापत्तिको अंगहरू यसका पदस्थान हुन् ।

पुण्यकर्महरूलाई गर्नुमा हातजस्तै, सबै सम्पत्तिहरूलाई दिनुमा धनजस्तै र अमृत कृषिफल बीजजस्तै जान्नुपर्दछ । 'सद्धा हत्थो महानागो' 'सद्धिघ वित्तं पुरिस्सस्स सेट्ठं', 'सद्धा बीजं तपो वुट्ठि' आदि यी उपमाहरू हुन् ।

स्मृति = त्यसले स्मरण गर्दछ, या स्वयं स्मरण गर्दछ या यो स्मरण मात्र नै हो यसैले स्मृति भनिन्छ । त्यो नडुब्ने लक्षणको छ । विस्मरण नगर्ने यसको कृत्य हो । आरक्षा गर्नु या विषयतिर बनिरहनु प्रत्युपस्थान हो । स्थिर संज्ञाको पदस्थान या कायआदि स्मृतिप्रस्थानको पदस्थानको छ । आलम्बनमा दृढतापूर्वक प्रतिष्ठित हुनाले एशिका (इन्द्रकील) जस्तै र चक्षुद्वाराआदिको रक्षा गर्नुमा द्वारपालजस्तै जान्नुपर्दछ ।

हिरि, ओतप्प = कायदुश्चरित्रआदिसंगै जिगुप्सा गर्दछ यसैले हिरि भनिन्छ, यो लज्जाको नाम हो । त्यसैले संकोच गर्दछ, यसैले ओतप्प भनिन्छ । पापसंग उद्देग हुनेको यो नाम हो । पापसंग घृणा गर्ने लक्षण हिरि हो र भयभीत हुने लक्षण ओतप्प । लज्जाको आकारले पापहरूलाई नगर्ने कृत्य हिरि हो र भयभीत हुने आकारले ओतप्प । उक्तप्रकारले नै पापसंग संकोच गर्नाले यी थाहा पाइन्छन् । आफ्नो र



Downloaded from http://www.dhamma.digital

अरूको गौरव राख्ने पदस्थानको छ। आफ्नो गौरव राखी, कुलवधूजस्तै, लज्जाले पापलाई छाडिदिन्छ र अरूको गौरव गरी, वेश्याजस्तै, ओतप्पले पापलाई छाडिदिन्छ । यी दुवै धर्महरूलाई लोकपालक जान्नुपर्दछ । जस्तै अंगुत्तर निकाय (२,१,९) अनुसार भनिएको छ – भिक्षुहरू दुई शुक्लधर्म लोकलाई पालन गर्दछन् । कुनचाहिं दुई - "हिरि र ओतप्प ।"

अलोभ = यसबाट लोभ्याउनु सकिंदैन, स्वयं लुब्ध हुँदैन या त्यो लुब्ध नहुने मात्र नै हो, यसैले अलोभ भनिन्छ। अद्वेष र अमोहमा पनि यसैप्रकार बुझ्नुपर्दछ। त्यसमा अलोभ आलम्बनमा चित्त लुब्ध नहुने लक्षण हो । या कमलपत्रमा पानीथोपाजस्तै नलाग्ने लक्षण छ । मुक्तभिक्षुजस्तै अपरिग्रह (कुनै वस्तुलाई ममत्वले ग्रहण नगर्नु) यसको कृत्य हो । अशुचिमा खसेको पुरुषजस्तै लीन नहुने यसको प्रत्युपस्थान हो ।

अद्वेष = चण्ड नहुने लक्षणको छ या अनुकूल मित्रजस्तै विरोध नगर्ने लक्षणको छ । आघात वैरलाई हटाउने यसको कृत्य हो या चन्दनजस्तै जलनलाई हटाउने। पूर्णचन्द्रजस्तै सौम्यभाव प्रत्युपस्थान हो ।

अमोह = स्वभावअनुसार जान्ने लक्षणको छ, या दक्ष धनुषधारीले फ्याँकिएको बाणले छेड्नेझैं अचूक प्रतिवेधको लक्षणको छ। बत्तीजस्तै विषयलाई प्रकाशित गर्ने कृत्य छ। जंगलमा गएको राम्ररी मार्ग जान्ने व्यक्तिसमान असम्मोह प्रत्युपस्थान हो। यी तीनै वटा पनि सबै कुशलहरूका मूल हुन् भनी जान्नुपर्दछ।

कायप्रश्रब्धि र चित्तप्रश्रब्धि = कायको शान्ति कायप्रश्रब्धि हो र चित्तको शान्ति चित्तप्रश्रब्धि हो । यहाँ कायवेदनाआदि तीन स्कन्धहरूलाई भनिन्छन् । यी दुवैलाई एक गरी कायचित्तको पीढालाई शान्तिको लक्षण भएको कायचित्तका प्रश्रब्धिहरू हुन् । कायचित्तको पीढालाई मिटाउने यसको कृत्य हो। कायचित्तको चञ्चल शान्त हुनु प्रत्युपस्थान हो। कायचित्तको पदस्थान हो। कायचित्तलाई अशान्त गर्ने औद्धत्य आदि क्लेशहरूको विरोधी यसलाई जान्नुपर्दछ।

कायलघुता र चित्तलघुता = काय (वेदना, संज्ञा, संस्कार)को हल्का हुनु कायलघुता हो। चित्तको हल्का हुनु चित्तलघुता हो। ती कायचित्तको भारीपनलाई शान्त गर्ने लक्षणको छ। कायचित्तको भारीपन मिटाउनु यसको कृत्य हो । कायचित्तको हल्कापन प्रत्युपस्थान हो । कायचित्तको पदस्थान हो । कायचित्तलाई भारी गर्ने थिन, मिद्धआदि क्लेशहरूको विरोधी जान्नुपर्दछ।

कायमृदुता र चित्तमृदुता = कायको मृदुता हुनु कायमृदुता हो। चित्तको मृदुता हुनु चित्तमृदुता हो । ती कायचित्तको कठोरपनलाई शान्त गर्ने लक्षणका छन् । कायचित्तको कठोरपनलाई मिटाउने यसको कृत्य हो । कुनै पनि आलम्बनमा संघर्षण नगर्नु प्रत्युपस्थान हो । कायचित्तको पदस्थानयुक्त छन्। कायचित्तलाई कठोर गर्ने दृष्टि, मानआदि क्लेशहरूको विरोध जान्नुपर्दछ।

कायकर्मण्यता र कायकर्मण्यता = कार्यको कर्मण्य (दानशीलआदि पुण्यकर्महरूमा लाग्न योग्य) हुनु कायकर्मण्यता हो । चित्तको कर्मण्य हुनु कायकर्मण्यता हो । ती कायचित्तको अकर्मण्य भावलाई शान्त गर्ने लक्षणका छन् । कायचित्तको अकर्मण्य भएको मिटाउनु यसको कृत्य हो । कायचित्तको



Downloaded from http://www.dhamma.digital

आलम्बनलाई ग्रहण गर्नुमा समर्थन हुनु प्रत्युपस्थान हो । कायचित्तको पदस्थानका छन् । कायचित्तलाई अकर्मण्य गर्ने अवशेष नीवरण आदिको विरोधी प्रसादनीय वस्तुहरू (बुद्ध, धर्म, संघ)मा प्रसाद (प्रसन्नता) ल्याउने, हितकर कामहरूमा लगाउनमा दक्षता ल्याउने, सुवर्णको शुद्धिजस्तै जान्नुपर्दछ ।

कायप्रागुण्यता र चित्तप्रागुण्यता = कायको प्रागुण्य हुनु कायप्रागुण्यता हो । चित्तको प्रागुण्य हुनु चित्तप्रागुण्यता हो । ती कायचित्तको निरोग हुने लक्षणको छ । कायचित्तको रोगीपनलाई मेटाउने यसको कृत्य हो । निर्दोष हुनु प्रत्युपस्थान हो । कायचित्तको पदस्थानको छ । कायचित्तलाई रोगी बनाउने अश्रद्धा आदि धर्महरूको विरोधी जान्नुपर्दछ ।

कायऋजुता र चित्तऋजुता = कायको ऋजु हुनु कायऋजुता हो । चित्तको ऋजु हुनु चित्तऋजुता हो । ती कायचित्तको ऋजु हुने लक्षणको छ । कायचित्तको टेढोपनलाई मेटाउने यसको कृत्य हो । अजृम्भता (अपराध वृत्तिरहित) प्रत्युपस्थान हो । कायचित्तको पदस्थानको हो । कायचित्तलाई टेढो बनाउने माया, शठता (ठगी वृत्ति) आदि धर्महरूको विरोधी जान्नुपर्दछ ।

छन्द = कुनै काम गर्ने इच्छाको यो नाम हो । यसैले यो गर्ने इच्छाको लक्षण छन्द हो । आलम्बनलाई खोज्नु यसको कृत्य हो । आलम्बनको हुनु प्रत्युपस्थान हो । त्यही यसको पदस्थान पनि हो । यसलाई आलम्बनलाई ग्रहण गर्नुमा चित्तको हात पसार्नेझैं जान्नुपर्दछ ।

अधिमोक्ष = निश्चय गर्नु अधिमोक्ष हो । त्यो निश्चित गर्ने लक्षणको छ । अगाडि-पछाडि नगर्ने यसको कृत्य हो । निश्चय नै यसको प्रत्युप्रस्थान हो । निश्चय गरिने धर्म पदस्थानको छ । आलम्बनमा निश्चय हुनाले यसलाई इन्द्रकीलजस्तै जान्नुपर्दछ ।

मनसिकार= गर्नु नै कार भनिन्छ । मनमा गर्नु मनसिकार हो । पहिलो मनले अन्यप्रकारले मनमा गर्दछ, त्यसैले पनि मनसिकार हो । त्यो आलम्बनप्रतिपादक, वीथिप्रतिपादक, जवनप्रतिपादक गरी तीन प्रकारका हुन्छन् ।

(क) आलम्बनप्रतिपादक = मनमा गर्ने मनसिकार हो । यो स्मरण गराउनको लक्षणको छ । सम्प्रयुक्तहरूलाई आलम्बनमा भिडाउनु यसको कृत्य हो । आलम्बनको अभिमूख हुनु प्रत्युपस्थान हो । आलम्बनको पदस्थानको छ । संस्कारस्कन्धमा आउने हुन्छ । आलम्बनको प्रतिपादक हुनाले सम्प्रयुक्तहरूको लागि यसलाई सारथीजस्तै जान्नुपर्दछ ।

(ख) वीथिप्रतिपादक = यो पञ्चद्वारमा आवर्जनको नाम हो ।

(ग) जवनप्रतिपादक = यो मनोद्वारमा आवर्जनको नाम हो । ती यहाँ अभिप्रेरित छैनन् ।

तत्रमध्यस्थता = ती धर्महरूमा मध्यस्थ हुनु तत्रमध्यस्थता हो । त्यो चित्तचैतसिकहरूलाई सम गरी उनीहरूको काममा लगाउने लक्षणको छ । न्यूनाधिकले रोक्नु यसको कृत्य हो या पक्षपातलाई मेटाउनु । मध्यस्थ हुनु प्रत्युपस्थान हो । चित्त चैतसिकप्रति उपेक्षाभावले एकजस्तो चालले हिंड्दै आजानीय (घोडा) प्रति उपेक्षा गर्ने सारथीजस्तै जान्नुपर्दछ ।

करुणा र मुदिता = ब्रह्मविहार निर्देशमा भनिएअनुसार जान्नुपर्दछ । मात्र ती अर्पणा प्राप्त



Downloaded from http://www.dhamma.digital

रूपावचरका हुन् र यी कामावचरका यही विशेषता हो। कोहीकोही मैत्री, उपेक्षालाई पनि अनियतहरूमा मान्दछन्। त्यसलाई ग्रहण गर्नु हुँदैन। अर्थले अद्वेष नै मैत्री र तत्रमध्यस्थताको उपेक्षा नै उपेक्षा हो।

विरति = कायदुश्चरित्रले अलगिगनु कायदुश्चरितबाट विरति हो। यसैप्रकार वाक दुश्चरि विरति, मिथ्याआजिविके विरतिहरूमा पनि सम्भिनुपर्दछ। लक्षण आदिले यी तीनै वटा पनि कायदुश्चरित्र वस्तुहरूको (परसम्पत्ति, परस्त्री) आदि अतिक्रमण गर्ने लक्षणका छन्। मर्दन नगर्ने लक्षणको छ भन भनिएको छ। कायदुश्चरित्र आदि वस्तुसंग संकोच गर्नु यसको कृत्य हो। कायदुश्चरित्र आदिलाई नगर्नु यसको प्रत्युपस्थान हो। श्रद्धा, हिरि, ओतप्प, अल्पेच्छता आदि गुणको पदस्थानका छन्। पापकर्म गर्नुबाट विमुख हुनु जान्नुपर्दछ।

## चित्तचेतसिक संग्रह

कामावचर = यसप्रकार यी छत्तीस संस्कार चेतसिकधर्म प्रथम-कामावचर-कुशल-विज्ञान ( सौर्मनस्य-सहगत ज्ञान-सम्प्रयुक्त असंस्कारिक)संग सम्प्रयुक्त हुन जान्छन् भनी जान्नुपर्दछ। यसरी नै दोस्रो कामावचर कुशल विज्ञान(सौर्मनस्य-सहगत ज्ञान-सम्प्रयुक्त ससंस्कारिक)संग पनि छत्तीस संस्कार चेतसिक धर्म सम्प्रयुक्त हुन जान्छन्। ससंस्कृत हुनु मात्र नै यहाँ विशेषता हो। तर तेस्रो कामावचर कुशल विज्ञान(सौर्मनस्य-सहगत ज्ञान-विप्रयुक्त असंस्कारिक)मा अमोहलाई छाडेर अवशेष ३५ चेतसिक धर्महरुसंग सम्प्रयुक्त हुन जान्छन् भनी जान्नुपर्दछ। त्यसरी नै चौथो कामावचर कुशलविज्ञान(सौर्मनस्य-सहगत ज्ञान-विप्रयुक्त ससंस्कारिक)संग पनि ३५ चेतसिकधर्महरु सम्प्रयुक्त हुन जान्छन्। यहाँ ससंस्कृत हुनुमात्र नै विशेषता हो।

प्रथममा भनिएको ३६ चेतसिकधर्महरूमध्ये प्रीतिलाई छाडेर शेष ३५ चेतसिक धर्महरु पाँचौं कामावचर कुशलविज्ञान(उपेक्षा-सहगत ज्ञान-सम्प्रयुक्त असंस्कारिक) संग सम्प्रयुक्त हुन जान्छन्। जसरी पाँचौं कामावचर कुशल विज्ञानसंग त्यसरी नै छैठौं कामावचर कुशलविज्ञान (उपेक्षा-सहगत ज्ञान-सम्प्रयुक्त ससंस्कारिक) संग पनि ३५ चेतसिकधर्महरु सम्प्रयुक्त हुन जान्छन्। यहाँ ससंस्कृत हुन मात्र नै विशेषता हो। सातौं कामावचर कुशल विज्ञान(उपेक्षा-सहगत ज्ञान-विप्रयुक्त असंस्कारिक) मा अमोहलाई छाडेर शेष ३५ चेतसिक धर्महरु सम्प्रयुक्त हुन जान्छन् भनी जान्नुपर्दछ। त्यसरी नै आठौं कामावचर कुशलविज्ञान(उपेक्षा-सहगत ज्ञान-विप्रयुक्त ससंस्कारिक) संग पनि ३५ चेतसिकधर्महरु सम्प्रयुक्त हुन जान्छन्। ससंस्कृत हुनु मात्र नै यहाँ विशेषता हो।

रूपावचर = ३६ चेतसिकधर्महरूमध्ये तीन विरतिहरूलाई छाडेर शेष ३३ चेतसिकधर्महरु रूपावचर कुशल प्रथमध्यान(वितर्क, विचार, प्रीति, सुख, एकाग्रतायुक्त प्रथमध्यान) संग सम्प्रयुक्त हुन जान्छन्। दोस्रो रूपावचरकुशल ध्यान(विचार, प्रीति, सुख, एकाग्रतायुक्त द्वितीयध्यान) संग वितर्करहित ३२ चेतसिकधर्महरु सम्प्रयुक्त हुन जान्छन्। तेस्रो रूपावचरकुशल ध्यान(प्रीति, सुख, एकाग्रतायुक्त तृतीयध्यान) संग वितर्क विचाररहित ३१ चेतसिक धर्महरु सम्प्रयुक्त हुन जान्छन्। चौथो रूपावचर कुशल ध्यान(सुख, एकाग्रतायुक्त चतुर्थध्यान) संग वितर्क, विचार, प्रीतिरहित ३० चेतसिक धर्महरु सम्प्रयुक्त हुन जान्छन्। पाँचौं रूपावचर कुशल ध्यान(उपेक्षा एकाग्रतायुक्त पञ्चमध्यान) संग वितर्क, विचार, प्रीति र अनियतमा करुणा र मुदितारहित २८ चेतसिक धर्महरु सम्प्रयुक्त हुन जान्छन्।



Downloaded from http://www.dhamma.digital

अरूपावचर = ती चारै नै अरूपावचरको कुशलध्यानहरूसंग पनि हुन्छन् । यहाँ अरूपावचर हुनु नै विशेषता हो । जस्तै - प्रथममा भनिएको ३६ चेतसिकधर्महरूमध्ये तीन विरतिहरूलाई छाडेर शेष ३३ चेतसिकधर्महरु अरूपावचर कुशल प्रथमध्यान(आशानन्त्यायतन चित्त) संग सम्प्रयुक्त हुन जान्छन् । दोस्रो अरूपावचर कुशल ध्यान(विज्ञानानन्त्यायतन चित्त)संग वितर्करहित ३२ चेतसिकधर्महरु सम्प्रयुक्त हुन जान्छन् । तेस्रो अरूपावचरकुशल ध्यान(आकिंचन्यायतन चित्त )संग वितर्क विचाररहित ३१ चेतसिक धर्महरु सम्प्रयुक्त हुन जान्छन् । चौथो अरूपावचर कुशल ध्यान(नैवसंज्ञानासज्ञायतन चित्त) संग वितर्क विचार प्रीतिरहित ३० चेतसिक धर्महरु सम्प्रयुक्त हुन जान्छन् ।

लोकोत्तरमा = ३६ चेतसिकधर्महरूमध्ये तीन विरतिहरूलाई छाडेर शेष ३३ चेतसिकधर्महरु प्रथमध्यानयुक्त स्रोतापत्तिमार्ग विज्ञानमा सम्प्रयुक्त हुन जान्छन् । दोस्रोध्यानयुक्त स्रोतापत्तिमार्ग विज्ञानमा वितर्करहित ३२ चेतसिकधर्महरु सम्प्रयुक्त हुन जान्छन् । तेस्रो ध्यानयुक्त स्रोतापत्तिमार्ग विज्ञानमा वितर्क, विचाररहित ३१ चेतसिकधर्महरु सम्प्रयुक्त हुन जान्छन् । चौथो ध्यानयुक्त स्रोतापत्तिमार्ग विज्ञानमा वितर्क, विचार, प्रीतिरहित ३० चेतसिकधर्महरु सम्प्रयुक्त हुन जान्छन् । पाँचौं ध्यानयुक्त स्रोतापत्तिमार्ग विज्ञानमा वितर्क, विचार, प्रीतिरहित र अनियतमा करुणा र मुदितारहित २८ चेतसिकधर्महरु सम्प्रयुक्त हुन जान्छन् । तर करुणा, मुदिताको अभाव, नियतले विरत हुनु र लोकोत्तर हुनु- यहाँ यो विशेषता हो ।

यसरी नै स्रोतापत्तिफल, सकृदागामीमार्ग, सकृदागामीफल, अनागामीमार्ग, अनागामीफल, अरहन्तमार्ग र अरहन्तफलका पाँचै ध्यानहरुमा उपर्युक्तप्रकारले चेतसिकधर्महरु सम्प्रयुक्त हुन्छन् । यसरी कुशलहरूका संस्कारहरु जान्नुपर्दछ ।

अकुशलहरूमा = लोभमूलमा प्रथमअकुशल (सौर्मनस्य-सहगत दृष्टिगत-सम्प्रयुक्त असंस्कारिक) संग सम्प्रयुक्त नियत स्वरूपले आएका तेह्र र येवापनक चार गरी सत्र छन् । त्यसमा (१) स्पर्श, (२) चेतना, (३) वितर्क, (४) विचार, (५) प्रीति, (६) वीर्य, (७) जीवित, (८) समाधि, (९) अहिरिक, (१०) अनोतप्प, (११) लोभ, (१२) मोह, (१३) मिथ्या दृष्टि - यी स्वरूपले आएको तेह्र र (१४) छन्द, (१५) अधिमोक्ष, (१६) उद्दच्च, (१७) मनसिकार - यी येवापनक चार छन् ।

अहिरिक र अनोतप्प = त्यहाँ लज्जा नगर्नु, यसैले अहिरिक (निर्लज्ज) भनिन्छ । निर्लज्ज हुनु अहिरिक हो । संकोच गर्दैन, यसैले अनोतप्प भनिन्छ । त्यसमा अहिरिक कायदुश्चरित्र आदिमा जिगुप्सा (घृणा) नगर्ने लक्षणको छ या निर्लज्जताको लक्षणको छ । अनोतप्प त्यसैमा निर्भय हुने लक्षणको छ । यो संक्षेप हो । विस्तारमा हिरि ओतप्पको गरिएको वर्णनको विपरित जान्नुपर्दछ ।

लोभ = त्यसले लुब्ध हुन्छन्, स्वयं लुब्ध हुन्छ या लुब्ध हुनु मात्र नै हो, यसैले लोभ भनिन्छ । त्यसले मोहित हुन्छन्, स्वयं मोहित हुन्छ या त्यो मोहित हुनु मात्र नै हो यसैले मोह भनिन्छ ।

त्यसमा लोभ बाँदरहरूलाई समात्नको लागि लगाएको लस्साजस्तै आलम्बनलाई ग्रहण गर्ने क्षणको छ । तातो कराहीमा फ्याँकिएको मासुटुक्रा टाँसिनेझैं यसको कृत्य हो । गाजल लगाउनेझैं नत्याग्नु प्रत्युपस्थान हो । संयोजनीयधर्महरूमा आस्वाद देख्ने पदस्थानको छ । तृष्णको नदीसमान बढ्दै तेजधार नदीजस्तै अपायरूपी महासमुद्रतिर नै लैजान्छ - यसरी जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

मोह = चित्तलाई अन्धा गर्ने लक्षण या अज्ञान लक्षणको छ। जान्नुमा असमर्थ हुनु यसको कृत्य हो या आलम्बनको स्वभावलाई ढाकिदिनु, असम्यक प्रतिपत्ति या अन्धकारको हुनु प्रत्युपस्थान हो। अयोनिसो मनसिकारको पदस्थानको हो। यसलाई सबै अकुशलहरूको मूल जान्नुपर्दछ।

मिथ्यादृष्टि = त्यसले मिथ्या देख्दछ, स्वयं मिथ्या देख्दछ या मिथ्या देख्नु मात्र नै हो, यसैले मिथ्यादृष्टि भनिन्छ। ऊ वेठीक स्तरले अभिनिवेश गर्ने लक्षणको छ। दृढतापूर्वक ग्रहण गर्नु यसको कृत्य हो। मिथ्या अभिनिवेश प्रत्युपस्थान हो। आर्यहरूलाई हेर्न मन नपराउने आदि पदस्थानको छ। यसलाई परम दोषपूर्ण जान्नुपर्दछ।

उद्दच्च = चञ्चलपन उद्दच्च हो। त्यो हावा लाग्दा हल्लिने पानीजस्तै अशान्ति लक्षणको छ। वायु वहँदा उड्ने झण्डा, पताकाजस्तै स्थिर नहुने कृत्यको छ। ढुंगा हान्दा माथि उठ्ने भस्मजस्तै भ्रान्त हुनु यसको प्रत्युपस्थान हो। चित्तलाई शान्त नहुँदा अयोनिसो मनसिकारको पदस्थानको छ। यसलाई चित्त विक्षेप जान्नुपर्दछ।

शेष कुशलमा भनिएअनुसार जान्नुपर्दछ। अकुशल हुनु नै र अकुशल हुनुबाट यसको विहीन हुनु नै विशेषता हो। यसप्रकारले सत्र संस्कार प्रथम अकुशल विज्ञानले सम्प्रयुक्त हुन जान्दछन् भनी यसरी जान्नुपर्दछ। जसरी प्रथम अकुशल विज्ञान यसरी नै दोस्रो अकुशल विज्ञान (२) सौर्मनस्य-सहगत दृष्टिगत-सम्प्रयुक्त ससंस्कारिक) पनि जान्नुपर्दछ। त्यहाँ थिनमिद्धको ससंस्कृत र अनियत हुनु विशेषता हो।

थिनमिद्ध = उत्साह नहुनु थिन हो। सामर्थ्यरहित मिद्ध हो। उत्साह नहुनु, आलसी हुनु र असक्तिलाई नाश गर्नु यो अर्थ हो। थिन र मिद्ध थिनमिद्ध हो। त्यसमा थिन अनुत्साह लक्षणको छ। वीर्यलाई टाढा हटाउने यसको कृत्य हो। पन्छ्याउनु प्रत्युपस्थान हो। मिद्ध अकर्मण्यताको लक्षणको छ। विज्ञानको द्वारहरू बन्द गरिदिनु यसको कृत्य हो। संकुचित हुनु प्रत्युपस्थान हो। या हाई गर्ने निद्रा प्रत्युपस्थान हो। दुवै पनि अरति, हाई आदिमा अयोनिसो मनसिकारको पदस्थानका छन्।

तेस्रो अकुशल विज्ञान(सौर्मनश्य-सहगत दृष्टिगत-विप्रयुक्त असंस्कारिक) ले प्रथममा भनिएकोमध्ये मिथ्यादृष्टिलाई छाडेर अवशेष १६ चेतसिकधर्महरु सम्प्रयुक्त हुनु जान्नुपर्दछ। मान पनि यहाँ अनियत हुन्छ , यो विशेषता हो।

मान = त्यो माथि उठ्ने लक्षणको छ। माथि उठाउनु यसको कृत्य हो। अग्लो झण्डाजस्तै फरफराउने इच्छा प्रत्युपस्थान हो। दृष्टिरहित लोभको पदस्थानको छ। यसले उन्मादजस्तै सम्झिनुपर्दछ

चतुर्थ अकुशल विज्ञान(सौर्मनश्य-सहगत दृष्टिगत-विप्रयुक्त ससंस्कारिक) ले द्वितीय अकुशल विज्ञानमा भनिएकोमध्ये मिथ्यादृष्टिलाई छाडेर शेष १६ चेतसिकधर्महरु सम्प्रयुक्त हुनु जान्नुपर्दछ। यहाँ पनि मान अनियतमा भई नै रहन्छ। पहिलो अकुशलविज्ञानमा भनिएकोमध्ये प्रीतिलाई छाडेर १६ चेतसिकधर्महरु पाचौं अकुशल विज्ञान(उपेक्षा-सहगत दृष्टिगत-सम्प्रयुक्त असंस्कारिक) संग सम्प्रयुक्त हुन जान्छन्। जसरी पाचौं अकुशलविज्ञानसंग यसरी नै छैठौं अकुशल विज्ञान(उपेक्षा-सहगत दृष्टिगत-सम्प्रयुक्त ससंस्कारिक) संग पनि १६ चेतसिकधर्महरु सम्प्रयुक्त हुन जान्छन्। यहाँ थिनमिद्धको ससंस्कृत र अनियत हुनु विशेषता हो। सातौं अकुशलविज्ञान(उपेक्षा-सहगत दृष्टिगत-विप्रयुक्त असंस्कारिक) ले



Downloaded from http://www.dhamma.digital

पाचौं अकुशलविज्ञानमा भनिएकोमध्ये दृष्टिलाई छाडेर अवशेष १५ चेतसिकधर्महरु सम्प्रयुक्त हुनु जान्नुपर्दछ। यहाँ पनि मान अनियतहरूमा भई नै रहन्छ। आठौं अकुशलविज्ञान(उपेक्षा-सहगत दृष्टिगत-विप्रयुक्त ससंस्कारिक)ले छैठौं अकुशलविज्ञानमा भनिएकोमध्ये दृष्टिलाई छाडेर अवशेष १५ चेतसिक धर्महरु सम्प्रयुक्त हुनु जान्नुपर्दछ। यहाँ पनि मान अनियतमा नै हुन्छ।

द्वेषमूलचित्त दुवैमा प्रथमसंग सम्प्रयुक्त स्वरूपले आएको एघार, येवापनक चार, अनियत तीन - जम्मा अठार छन्। (१) स्पर्श, (२) चेतना, (३) वितर्क, (४) विचार, (५) वीर्य, (६) जीवित, (७) समाधि, (८) अहिरिक, (९) अनोतप्प, (१०) द्वेष, (११) मोह - यी स्वरूपले आएका एघार छन्। (१२) छन्द, (१३) अधिमोक्ष, (१४) उद्दच्च, (१५) मनसिकार यी येवापनक चार छन्। (१६) ईष्या, (१७) मात्सर्य, (१८) कुक्कुच्च - यी तीन अनियत हुन्।

द्वेष = त्यसले दूषित हुन्छन्, स्वयं दूषित हुन्छ या त्यो दूषित हुनु मात्र छ, यसैले द्वेष भनिन्छ। त्यो कोपको लक्षणको छ, पिटाइखाएको आशिविष सर्पजस्तै। अनिष्ट गर्नाले, विष चढेझैं, फैलिन कृत्यको छ। या दावाग्निजस्तै आफ्नो निश्रित हृदय आदि सबैलाई जलाउने कृत्यको छ। अवसर पाएको वैरीजस्तै दूषित गर्नाले थाहा हुन्छ। अंगुत्तर निकाय, (१०,३,९) अनुसार दश आघातवस्तुको पदस्थानयुक्त छ। यसलाई विष मिलेको सडेको पिसापजस्तै सम्झिनुपर्दछ।

ईर्ष्या = डाह गर्नु ईर्ष्या हो।यो अरूको सम्पत्तिलाई सहन नगर्ने लक्षणको छ। त्यसमा नै उदास हुनु यसको कृत्य हो। त्यसबाट विमुख हुनु यसको प्रत्युपस्थान हो। अरूको सम्पत्तिको पदस्थानयुक्त छ। यसलाई संयोजन सम्झिनुपर्दछ।

मात्सर्य = कंजूसीको हुनु मात्सर्य हो। त्यो पाएको या पाइने आफ्नो सम्पत्तिलाई लुकाउने लक्ष्यको छ। त्यसलाई नै अरूहरूको लागि साधारण हुने अनिच्छाको कृत्ययुक्त छ। संकोच गर्नु प्रत्युपस्थान हो या कटुक आकार। आफ्नो सम्पत्तिको पदस्थानयुक्त छ। यसलाई चित्तको विरुप हुनु जान्नुपर्दछ।

कुक्कुच्च = नराम्रो गर्नु कुकृत्य भनिन्छ। त्यसको भाव कुक्कुच्च हो। यो पश्चाताप गर्ने लक्षणको छ। गरिएको र नगरिएको कार्यहरूको विषयमा शोक गर्नु यसको कृत्य हो। पश्चातापले जान्न सकिन्छ। गरिएको र नगरिएको कार्यहरूको पदस्थानको छ। जसरी दास अरूको अधिन हुन्छ त्यसरी नै यसलाई दासब्य सम्झिनुपर्दछ।

शेष उक्तप्रकारका नै छन्। यसप्रकार यी अठार संस्कार चेतसिकधर्महरु प्रथम द्वेषमूल अकुशल विज्ञान(दौर्मनश्य-सहगत, प्रतिघ-सम्प्रयुक्त असंस्कृत) संग सम्प्रयुक्त हुन्छन् भनी जान्नुपर्दछ। जसरी प्रथम अकुशलविज्ञानसंग यसरी नै द्वितीय अकुशलविज्ञान(दौर्मनश्य-सहगत, प्रतिघ-सम्प्रयुक्त ससंस्कृत) संग पनि सम्प्रयुक्त हुन्छन्। अनियतहरूमा ससंस्कृत र थिनमिद्धका हुनु विशेषता हो।

मोहमूलचित्त दुवैमा - विचिकिच्छा सम्प्रयुक्त(उपेक्षा-सहगत, उद्दच्च-सम्प्रयुक्त)ले (१) स्पर्श, (२) चेतना, (३) वितर्क, (४) विचार, (५) वीर्य, (६) जीवित, (७) चित्तको स्थिति, (८) अहिरिक, (९) अनोतप्प, (१०) मोह, (११) विचिकिच्छा - स्वरूपले आएको एघार र (१२) उद्दच्च, (१३) मनसिकार



Downloaded from http://www.dhamma.digital

येवापनक दुई-यसरी जम्मा तेह्र छन्।

विचिकिच्छा = त्यहाँ चित्तको स्थिति भनिन्छ चित्तको प्रवर्तिको स्थितिमात्र दुर्बल समाधिलाई। चिकित्सारहित विचिकित्सा हो। त्यो संशय लक्षणको छ। आलम्बनहरूमा कम्पित हुनु यसको कृत्य हो। अनिश्चय या नानाभावहरूलाई ग्रहण गरिनाले जानिन्छ। विचिकित्सामा वेठीक स्तरमा मनसिकार गर्ने पदस्थानको छ। यसलाई प्रतिपत्तिमा विघ्नकारक जान्नुपर्दछ। शेष उक्तप्रकारका नै छन्।

उद्दच्च = उद्दच्च सम्प्रयुक्त(उपेक्षा-सहगत, विचिकिच्छा-सम्प्रयुक्त) संग विचिकित्सा सम्प्रयुक्तमा भनिएकोमध्ये विचिकित्सालाई छाडेर शेष बाह्र प्रकारका छन्। विचिकिच्छाको अभावले यहाँ अधिमोक्ष उत्पन्न हुन्छ। त्यसको साथै तेह्र नै हुन्छन्। अधिमोक्ष हुनाले समाधि बलवानतर हुन्छ। जुन यहाँ उद्दच्च छ, यो स्वरूपले नै आएको छ। अधिमोक्ष र मनसिकार येवापनकको स्तरमा - यसरी अकुशल संस्कारहरूलाई जान्नुपर्दछ।

अव्याकृतहरूमा विपाक - अव्याकृत अहेतुक र अव्याकृत सहेतुकको भेदले दुई प्रकारका हुन्छन्। त्यसमा अहेतुक विपाकविज्ञानले सम्प्रयुक्तअहेतुक हुन्। त्यहाँ कुशल, अकुशलविपाक चक्षुविज्ञानले सम्प्रयुक्त (१) स्पर्श, (२) चेतना, (३) जीवित, (४) चित्तको स्थिति आदि स्वरूपले आएका चार, येवापनक (५) मनसिकार नै यसरी पाँच छन्। श्रोत्र, घ्राण, जिव्हा, कायविज्ञानले सम्प्रयुक्त पनि यिनै हुन्।

दुवै विपाक - मनोधातु (कुशल र अकुशल अहेतुक विपाकका दुवै उपेक्षा-सहगत सम्पटिच्छन्न चित्त)मा यी (१) स्पर्श, (२) चेतना, (३) जीवित, (४) चित्तको स्थिति (५) मनसिकार र (६) वितर्क, (७) विचार, (८) अधिमोक्ष आठ छन्। त्यसरी तीनै प्रकारका पनि अहेतुक मनोविज्ञान धातुमा (तीनै प्रकारका सन्तीरण चित्त)। जुन यहाँ सौमनस्यसहगत छ (सौमनस्य सहगत सन्तीरण चित्त) त्यसको साथै प्रीति अधिक हुन्छ भनी जान्नुपर्दछ।

सहेतुक विपाक विज्ञानले सम्प्रयुक्त सहेतुक हुन्। त्यसमा आठ कामावचर विपाकयुक्त आठ कामावचरकुशलहरूयुक्त संस्कारजस्तै नै हुन्छन्। तर जुन अनियतहरूमा करुणा, मुदिता छन्, ती प्राणीहरूको आलम्बन हुनाले विपाकहरूमा छैनन्। कामावचर विपाक विल्कुल परित्रालम्बन हुन्। करुणा मुदिता मात्र होइन, प्रत्युत विरतिहरू पनि विपाकहरूमा छैनन्। पाँच शिक्षापद (पञ्चशील) "कुशल नै हुन्" भनी विभंगमा भनिएको छ। रूपावचर, अरुपावचर, लोकोत्तर विपाकको विज्ञानयुक्त, त्यसको कुशलविज्ञानयुक्त संस्कारजसतैं नै हो।

क्रियाअव्याकृत पनि अहेतुकको भेदले दुई प्रकारका छन्। त्यसमा अहेतुक क्रियाविज्ञानयुक्त अहेतुक छन्। ती कुशलविपाक मनोधातु र दुई अहेतुक मनोविज्ञान धातुयुक्तजस्तै छन्। दुई मनोविज्ञान धातुमा वीर्य अधिक छ र वीर्य हुनाले समाधि बल प्राप्त हुन्छ। त्यो त्यहाँ विशेषता हो।

सहेतुक क्रिया विज्ञानले सम्प्रयुक्त सहेतुक हुन्। त्यसमा आठ कामावचर क्रिया विज्ञानले सम्प्रयुक्त विरतिहरूलाई छाडेर आठ कामावचर कुशलहरूले सम्प्रयुक्त संस्कारको समान छन्। रूपावचर र अरूपावचरको क्रियाले सम्प्रयुक्त सबैप्रकारले पनि त्यसको कुशल विज्ञानले सम्प्रयुक्तजस्तै नै छन्। यसरी अव्याकृत संस्कारहरूलाई पनि जान्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

## स्कन्धहरूको विस्तार कथा

यो अभिधर्मअनुसार बाँटिएको भाग अभिधर्म भाजनीयअनुसार स्कन्धहरूमा विस्तारकथा हो। विभंग (१,१) अनुसार भगवान्ले भन्नुभएको छ –

*"यं किञ्चि रूपं अतीतानागतपच्चुप्पन्नं अज्झत्तं वा बहिद्धा वा ओलारिकं वा सुखमं वा हीनं वा पणीतं वा यं दूरे सन्तिके वा तदेकज्झं अभिसयूहित्वा अभिसंखिपित्वा अयं वुच्चति रूपक्खन्धो। या काचि वेदना ... या काचि ... सञ्ञा ... ये केचि संखारा ... मं किञ्चि विञ्ञाणं अतीतानागतपच्चुपन्नं ... अभिसंखिपित्वा अयं वुच्चति विञाणक्खन्धो ति।*

(जेजति रूप भूत, भविष्यत्, वर्तमान् छन् भित्री या बाहिरी, स्थूल वा सूक्ष्म छन्, हीन या प्रणीत छन्, जुन नजिक वा टाढा छन्, त्यसमा एकमा गरेर, संक्षेप गरेर यो रूपस्कन्ध भनिन्छ। जुन कुनै वेदना ... संज्ञा ... संखारा ... विज्ञान भूत .... संक्षेप गरी यो भनिन्छ विज्ञान स्कन्ध।)

यसरी स्कन्धहरूलाई विस्तार गरिएको छ।

त्यहाँ यं किञ्चि - अवशेष ग्रहण गर्नु हो। रूपं यो जान्नेकारणको नियम गर्नु हो। यसप्रकार दुवै पदहरूले पनि रूपलाई पूर्णतः ग्रहण गरिएको छ। अब यसको भूत आदिले व्याख्या प्रारम्भ हुन्छ। किनकि त्यो केही भूतकालिक छ, केही भविष्यत् आदि भेदयुक्त छ। यसैप्रकार वेदना आदिमा पनि बुझ्नुपर्दछ। त्यहाँ अध्व, सन्तति, समय, क्षणअनुसार चार प्रकारका भेद छन्। यसैप्रकार वेदना आदिमा पनि बुझ्नुपर्दछ। त्यहाँ अध्व, सन्तति, समय, क्षणअनुसार चार प्रकारका भूतकालिक हुन्छ। त्यसरी नै भविष्यत् र वर्तमान्काल पनि बुझ्नुपर्दछ।

अध्वअनुसार एकको एक जन्ममा प्रतिसन्धिभन्दा पूर्व भूत च्यूतिभन्दा पछि भविष्यत् र दुवैको बीचमा वर्तमान् हुन्छ।

सन्ततिअनुसार एकजस्तै ॠतुले उत्पन्न र एक आहारले उत्पन्न पूर्व र माथि बताएजस्तैं भएर पनि वर्तमान् हो, त्यसभन्दा पहिले असदृश ॠतु, आहारले उत्पन्न भूत र पछि भविष्यत् हो। चित्तले उत्पन्न वीथि एक जवन, एक समापत्तिमा उत्पन्न वर्तमान् हो। त्यसभन्दा पहिला भूत र पछि भविष्यत् हो। कर्मले उत्पन्न भएको स्कन्धको अलग कुनै एक सन्ततिअनुसार भूत आदिको भेद छैन। त्यसैको नै ॠतु, आहार र चित्तले उत्पन्न हुनेहरूको सम्हाल्नेअनुसार त्यसको भूत आदि हुनेलाई जान्नुपर्दछ।

समयअनुसार एक मूहुर्त, पूर्वान्ह, अपरान्ह, रात, दिन, आदि समयमा परम्पराअनुसार प्रवर्तित हुँदै त्यसंत्यस समय वर्तमान् हो, त्यसभन्दा पूर्व भूत र पछाडि भविष्यत्।

क्षणको अनुसार उत्पत्ति आदि तीन क्षणहरूमा भएको वर्तमान् हो। त्यसभन्दा पहिले उत्पन्न नहुनाले भूत र पछि तीन क्षणलाई पाएर वित्दा भविष्यत्।

अरू पनि - हेतु र प्रत्ययको कृत्यको वित्दा भूत हो। जनक हेतुको कृत्य समाप्त भएको र उपस्थम्भक प्रत्ययको कृत्य समाप्त नभएको वर्तमान्। दुवै कृत्यहरूलाई नपाएको भविष्यत् हो। या आफ्नो कृत्यको क्षणमा वर्तमान् हो। त्यसभन्दा पहिले भविष्यत् र पछि भूत। यहाँ क्षण आदि कथा नै निष्पर्याय हो, शेष सपर्याय।



Downloaded from http://www.dhamma.digital

भित्रबाहिरीको भेदलाई भनिए अनुसार नै जान्नुपर्दछ। फेरि पनि त्यहाँ आफ्नो भित्रको भित्री र अरूहरूको बाहिरी यसरी जान्नुपर्दछ। स्थूलसूक्ष्मको भेद भनिएअनुसारले नै बुझ्नुपर्दछ।

हीनप्रणीत = यसको भेद दुई प्रकारका हुन्छन् - पर्याय र निष्पर्याय । अकनिष्ट ब्रह्मलोक देवताहरूको रूपले सुदर्शी देवताहरूको रूप हीन हुन्छ । त्यही सुंदर्शीहरूको रूपले प्रणीत । यसरी जहाँसम्म नरकहरूको प्राणीहरूको रूप छ त्यहाँसम्म पर्यायले हीनप्रणीत हुने जान्नुपर्दछ। निष्पर्यायले जहाँ अकुशल विपाक उत्पन्न हुन्छ त्यो हीन र जहाँ कुशलविपाक उत्पन्न हुन्छ त्यो प्रणीत भनी जान्नुपर्दछ।

दुरसन्तिके = यो पनि माथि भनिएअनुसार नै बुझ्नुपर्दछ। फेरि पनि अवकासले पनि यहाँ एक अर्कोलाई टाढा नजिक हुनु जान्नुपर्दछ।

तदेकज्झं अभिसंयूहित्वा अभिसंखिपित्वा = (त्यसलाई एकमा गरेर, संक्षेप गरेर) - त्यस भूत आदि पदहरूले अलगअलग भनिएको रूप सबै विनाश हुने लक्षणले एक प्रकारको हुँदा प्रज्ञाले राशि गरी रूपस्कन्ध भनिन्छ भन्ने अर्थ हो।

यसले सारा रूप पनि नाश हुने लक्षणमा राशि हुनाले रूपस्कन्ध देखाइएको छ । रूपभन्दा अर्को रूपस्कन्ध छैन । र जसरी रूपले, त्यसरी नै वेदना आदि पनि अनुभव गर्ने लक्षण आदिमा राशि हुनाले। वेदना आदि भन्दा अर्को वेदनास्कन्ध आदि छैन।

भूत आदिको विभागमा यहाँ सन्तति र क्षणअनुसार वेदनाको भूत, भविष्यत्, वर्तमान भएको जान्नुपर्दछ । त्यहाँ सन्ततिअनुसार एक वीथि, एक जवन, एक समापत्तिमा भएको र एक प्रकारको समायोगलाई प्राप्त वर्तमान् हुन् । त्यसभन्दा पहिले भूत, पछि भविष्यत् । क्षण आदिअनुसार तीनै क्षणहरूमा भएको पूर्व, अपरान्त, मध्य भावलाई प्राप्त, आफ्नो कृत्यलाई गर्दै वेदना वर्तमान् हो, त्यसभन्दा पहिले भूत र पछि भविष्यत्।

भित्री-बाहिरी भेद आफ्नो भित्रीअनुसार जान्नुपर्दछ । स्थूल, सूक्ष्म भेद, “अकुशलवेदना स्थूल, कुशल, अव्याकृत वेदना सूक्ष्म हो” आदिप्रकारले विभंगमा भनिएको जाति, स्वभाव, पुद्गल, लौकिक लोकोत्तरअनुसार जान्नुपर्दछ।

जातिअनुसार अकुश वेदना सदोष, क्रिया, अहेतु र क्लेशहरूको सन्ताप हुनाले अउपशान्त वृत्तिको छ, यसैले कुशलवेदनाभन्दा स्थूल छ। आफ्नो काममा लागेको हुनाले, उत्साह हुनाले, विपाकसहित हुनाले, पीढासहित हुनाले र सदोष हुनाले क्रिया अव्याकृतभन्दा स्थूल छ। कुशल अव्याकृत भनिएको विपर्यायले अकुशलभन्दा सूक्ष्म छ। दुबै पनि कुशल-अकुशल वेदनाहरू आफ्नो-आफ्नो काममा लागेको हुनाले, उत्साह हुनाले र विपाकसहित हुनाले यथायोग्य तीनै प्रकारका पनि अव्याकृतभन्दा स्थूल छन्। भनिएको विपर्यायले दुवै प्रकारका पनि अव्याकृत त्यसभन्दा सूक्ष्म छन्। यसरी जातिअनुसार स्थूलसूक्ष्म भएको जानुपर्दछ।

स्वभावअनुसार दुःख वेदना, निःस्वाद, सविष्फार (चञ्चलतासहित, अउपशान्त), क्षोभ गर्ने, उद्वेग गर्ने योग्य हुने र अभिनव गर्नाले अन्य दुईभन्दा स्थूल छन्। तर अन्य दुई सुख, शान्ति प्रणीत - मनाप



Downloaded from http://www.dhamma.digital

र मध्यस्थले यथायोग्य दुःखभन्दा सूक्ष्म छन्। दुबै सुख दुःख सविष्फार, क्षोभ गर्ने, र प्रकट हुनाले अदुःख असुखभन्दा स्थूल छन् । त्यो भनिएको विपर्यायले ती दुबैभन्दा सूक्ष्म छन् । यसरी स्वभावअनुसार स्थूलसूक्ष्म भएको जान्नुपर्दछ।

पुद्गलअनुसार ध्यान समापन्न नभएको व्यक्तिको वेदना नाना आलम्बनहरूमा विक्षिप्त हुनाले समापन्न व्यक्तिको वेदनाभन्दा स्थूल छन्। विपर्यायले दोस्रो सूक्ष्म छन्। यसरी पुद्गलअनुसार स्थूल सूक्ष्म भएको जान्नुपर्दछ।

लौकिक-लोकोत्तरकोअनुसार सास्रववेदना लौकिक हो । त्यो आस्रवको उत्पत्तिको हेतु हुनाले, वाढीजस्तै फैलेर बगाई लैजानाले तथा योग, ग्रन्थ, नीवरण, उपादानीय, संक्लेशिक र पृथग्जन साधारणले अनास्रवभन्दा स्थूल छ। त्यो विपर्यायले सास्रवभन्दा सूक्ष्म छ। यसरी लौकिक-लोकोत्तर अनुसार स्थूल सूक्ष्म भएको जान्नुपर्दछ।

जाति आदिअनुसार सम्भेद मिश्रण गरिनु हुँदैन। अकुशल-विपाक कायविज्ञानले सम्प्रयुक्त वेदना जातिअनुसार अव्याकृत हुनाले सूक्ष्म पनि हुँदै स्वभाव आदिअनुसार स्थूल हुन्छ। विभंगमा भनिएको छ – 'अव्याकृत वेदना सूक्ष्म छ। दुःख वेदना स्थूल छ ... त्यही समापन्नको वेदना स्थूल छ - सास्रव वेदना स्थूल छ।' जसरी दुःख वेदना छ - त्यसरी नै सुख आदि पनि जातिअनुसार स्थूल र स्वभाव आदिअनुसार सूक्ष्म हुन्छन्।

यसैले जसरी जाति आदिअनुसार सम्भेद हुँदैन, त्यसरी वेदनाहरूको स्थूलता र सूक्ष्मता जान्नुपर्दछ। जस्तै अव्याकृत जातिअनुसार कुशल अकुशलभन्दा सूक्ष्म छन्। कुनचाहिं अव्याकृत ? के दुःख ? के सुख ? के समापन्न को ? के असमापन्नको ? के सास्रव ? के अनास्रव ? यसरी स्वभाव आदिको भेदलाई ग्रहण गरिनु हुदैन। यसैप्रकार सर्वत्र बुझ्नुपर्दछ।

अरू पनि - "त्यसत्यस वेदनालाई लिएर स्थूल, सूक्ष्म वेदना सम्झिनुपर्दछ।" विभंगको यस वचनले अकुशल आदिमा पनि लोभद्वेषयुक्त वेदना अग्निसमान आफ्नो निश्रय (हृदयवस्तु आदि)लाई जलाउनाले स्थूल छन्, लोभसहगत सूक्ष्म छ। द्वेषसहगत पनि नियत स्थूल छन् र अनियत सूक्ष्म छन्। नियत पनि कल्पभरी स्थितरहने (आनन्तरिककर्महरूलाई गरेर कल्पभरी विपाकलाई भोग्नाले- देवदत्त आदिझैं कल्पभरी रहने) वेदना स्थूल र अन्य सूक्ष्म छन्। कल्पभरी स्थिर रहने वेदनामा पनि असंस्कृत स्थूल र अरू सूक्ष्म छन्। लोभसहगत दृष्टिसम्प्रयुक्त स्थूल र अरू सूक्ष्म छन्। त्यो पनि नियत कल्पभरी स्थिर रहने असंस्कृत स्थूल छन् र अरू सूक्ष्म छन्। अविशेषरूपले अकुशल धेरै विपाकयुक्त स्थूल र अल्प विपाकयुक्त सूक्ष्म छन्। तर कुशल अल्प विपाकयुक्त स्थूल र धेरै विपाकयुक्त सूक्ष्म छन्।

अरू पनि, कामावचरको कुशलवेदना स्थूल र रूपावचरको सूक्ष्म छ। त्यसभन्दा अरूपावचरको र त्यसभन्दा लोकोत्तरको सूक्ष्म छन् । कामावचरको दानमय वेदना स्थूल छ, शीलमय सूक्ष्म छ र त्यसभन्दा भावनामय सूक्ष्म छन्। भावनामय पनि द्विहेतुक स्थूल छ र त्रिहेतुक सूक्ष्म छ। त्रिहेतुक पनि ससंस्कृत स्थूल छ र असंस्कृत सूक्ष्म छ । रूपावचरको प्रथमध्यानयुक्त सूक्ष्म छ ... पञ्चमध्यानयुक्त सूक्ष्म छ। अरूपावचरको आकाशानन्त्यायनसंग सम्प्रयुक्त स्थूल छ ... नैवसंज्ञा नासंज्ञायतनले सम्प्रयुक्त सुक्ष्म नै छ । लोकोत्तर स्रोतापत्तिमार्गले सम्प्रयुक्त स्थूल छ ... अर्हतमार्गले सम्प्रयुक्त सूक्ष्म नै छ।



Downloaded from http://www.dhamma.digital

यसैप्रकार त्यसत्यस भूमि, विपाक, क्रियाको वेदनाहरूमा दुःख आदि असमापन्न आदि सास्रव आदि अनुसार भनिएको वेदनाहरूमा बुझ्नुपर्दछ ।

अवकाशअनुसार पनि निरयमा दुःखवेदना स्थूल, तिर्यकयोनिमा सूक्ष्म ... परनिर्मित वशवर्तीमा सूक्ष्म नै छ। जसरी दुःख छ, त्यसरी नै सुख पनि – सर्वत्र यथानुरूप जोड्नुपर्दछ।

वस्तुअनुसार पनि हीनवस्तुलाई आलम्बन गरी उत्पन्न जुन वेदनामध्ये कुनै वेदना स्थूल छ र प्रणीतवस्तुलाई आलम्बन गरी उत्पन्न वेदनामध्ये कुनै सूक्ष्म छ र हीनप्रणीतको भेदमा जुन स्थूल छ, त्यो हीन छ र जुन सूक्ष्म छ त्यो प्रणीत, यसरी सम्झिनुपर्दछ।

टाढा शब्द - "अकुशलवेदना अव्याकृतवेदना कुशलवेदनाहरूभन्दा टाढा छन् ।" नजिक शब्द- "अकुशलवेदना अकुशलवेदनाको नजिक छन्" आदिप्रकारले विभंगमा विभक्त गरिएको छ । यसैले अकुशलवेदना विसभाग, संसर्गरहित, र असदृश हुनाले कुशल र वेदना अव्याकृतभन्दा टाढा छन् । त्यसरी नै कुशल र अव्याकृतवेदना अकुशलवेदनाभन्दा टाढा छ । यसरी नै सबै वारहरूमा जान्नुपर्दछ। अकुशलवेदना सभाग र सदृश हुनाले अकुशलको नजिक छ।

यो वेदनास्कन्धको भूत आदिको विभागअनुसार विस्तारपूर्वकको वर्णन हो।

## विनिश्चय कथा

त्यसत्यस वेदनाले सम्प्रयुक्त संज्ञा आदिको पनि यो यसरी नै जान्नुपर्दछ र यसरी जानेर फेरि यसैमा –

*खन्धेसु ञाणभेदत्थं कमतो थ विसेसतो ।*
*अनूनाधिकतो चेव उपमातो तथेव च ॥*
*दट्ठब्बो द्विधा एवं पस्सन्तस्सत्थ सिद्धितो ।*
*विनिच्छयनयो सम्मा विञ्ञातब्बो विभाविना ॥*

(स्कन्धहरूमा नाना प्रकारले ज्ञान प्रभेदको लागि (१)क्रमले, (२)विशेषताले, (३)अन्यूनाधिकले र (४)त्यसरी नै उपमाले, (५)दुई प्रकारले देख्नाले, तथा यसरी देख्नेको (६)अर्थ सिद्धिले प्रज्ञावान्लाई राम्ररी विनिश्चयको नियम जान्नुपर्दछ।)

क्रमले = यहाँ (१) उत्पत्ति क्रम, (२) प्रहाण क्रम, (३) प्रतिपत्तिक्रम, (४) भूमिक्रम, (५) देशनाक्रम - धेरै प्रकारका क्रम हुन्छन्। त्यसमा 'पहिले कलल हुन्छ, कललले अर्वुद हुन्छ।" यसरी संयुक्त निकाय (१,१०,१) अनुसार भनिएकोले उत्पत्तिक्रम बुझ्नुपर्दछ। "दर्शनले प्रहातव्य धर्म, भावनाले प्रहातब्य धर्म" यसरी धम्मसंगणी (१) भनिएको प्रहाणक्रम हो। "शील विशुद्धि ... चित्त विशुद्धि" आदि यसरी मज्झिम निकाय (१,३,४) मा भनिएको प्रतिपत्तिक्रम हो "कामावचर रूपावचर" आदि यसरी पटिसम्भिदामग्ग (१) भनिएको भूमिक्रम हो। दीघनिकाय (२,३)को "चारस्मृतिप्रस्थान, चार सम्यकप्रधान" या "दान कथा, शील कथा" यसरी मज्झिम निकाय (१,३,४) आएको देशनाक्रम हो।

त्यसमा यहाँ कलल आदिजस्तै स्कन्धहरूको पूर्वअपरको व्यवस्थानले उत्पत्ति नहुनाले उत्पत्तिक्रम जुड्दैन । कुशल र अव्याकृतको अप्रहातव्य हुनाले प्रहाणक्रम पनि होइन । अकुशलहरूको प्रतिपन्न



Downloaded from http://www.dhamma.digital

नहुनाले प्रतिपत्तिक्रम पनि होइन। वेदना आदिको चारै वटा भूमिहरूको हुनाले भूमिक्रम पनि होइन। तर देशनाक्रम जुड्दछ।

अभेदले पाँचै स्कन्धहरूमा आत्मा भएको ग्राहमा परेको वैनय जनलाई समूह, धन, विनिभोग (अलगअलग गरी बाट्नु)को दर्शनले आत्माको गाहदेखि छुडाउने इच्छा भएको भगवान्ले हितको इच्छाले त्यस जनलाई सुखपूर्वक जान्नको लागि चक्षु आदिको पनि विषय भएको स्थूल रूपस्कन्धलाई पहिले देखाउनुभयो। त्यसपछि प्रियअप्रिय रूपको अनुभव गर्ने वेदनालाई। मज्झिम निकाय (१,३,४) अनुसार "जसको अनुभव गर्दछ, त्यसलाई जान्दछ" यस्तो वेदनाको विषयको आकारलाई ग्रहण गर्ने संज्ञालाई। संज्ञाअनुसार अभिसंस्करण गर्ने संस्कारहरूलाई। त्यस वेदना आदिको निश्रय र अधिपति भएको विज्ञानलाई। यसरी क्रमले विनिश्चय जान्नुपर्दछ।

विशेषताले = स्कन्ध र उपादानस्कन्धको विशेषताले। कुनचाहिं यसको विशेषता हो ? स्कन्ध साधारणरूपले भनिएको छ र उपादानस्कन्ध सास्रव, उपादानीय भएको विशेषता गरी। जस्तै संयुक्त निकाय (२१,१,५,६) भनिएको छ - 'भिक्षुहरू पाँच स्कन्धहरू र पाँच उपादानस्कन्धहरूको उपदेश दिनेछु, त्यसलाई सुन। भिक्षुहरू, कुनचाहिं पाँच स्कन्ध हुन् ? भिक्षुहरू, जुनकुनै रूप भूत, भविष्यत्, वर्तमान्को छ - नजिक छ - यो रूपस्कन्ध भनिन्छ। जुन कुनै वेदना ... विज्ञान .... नजिक छ त्यो विज्ञानस्कन्ध भनिन्छ। भिक्षुहरू यी पञ्चस्खन्ध भनिन्छन्। र भिक्षुहरू कुनचाहिं पाँच उपादानस्कन्ध हुन् ? भिक्षुहरू, जुन कुनै रूप ... नजिक छ, सास्रव, उपादानीय छ - यो रूप उपादानस्कन्ध भनिन्छ। जुन कुनै वेदना ... संज्ञा .... संस्कार ... विज्ञान ... नजिग छ, सास्रव, उपादानीय छ, यो विज्ञान उपादानस्कन्ध भनिन्छ। भिक्षुहरू, यी पाँच उपादानस्कन्ध भनिन्छ।" यहाँ जसरी वेदना आदि अनास्रव पनि छन्, त्यसरी रूप छैनन्। किनकि यसको राशिको अर्थमा स्कन्ध हुनु ठीक छ, यसैले स्कन्धहरूमा भनिएको हो। किनकि राशि र साश्रवको अर्थमा उपादानको हुनु ठीक छ, यसैले उपादानस्कन्धहरूमा भनिएको हो। वेदना आदि अनास्रव नै स्कन्धहरूमा भनिएका छन्। सास्राव उपादानस्कन्धहरूमा। र यहाँ उपादानस्कन्धको अर्थ हो उपादानको गोचरस्कन्ध - यसरी अर्थ सम्झिनुपर्दछ। यहाँ यी सबै एकमा गरी स्कन्ध अभिप्रेत छन्।

अन्यूनाधिकले = किन भगवान्ले न कम, न अधिक पाँचस्कन्ध नै भन्नुभएको हो ? सबै संस्कृतहरूको सभागले एकमा संग्रह हुनाले। आत्मा, आत्मेयको ग्रहण गर्ने वस्तुको यही अन्तिम हुनाले र अरूको त्यसको अवरोधद्वारा।

अनेक प्रभेदयुक्त संस्कृतधर्महरूमा सभाअनुसार संग्रह गरिने स्कन्धहमा रूप र रूपको सभागको संग्रहअनुसार एक स्कन्ध हुन्छ। वेदना, वेदनाको सभागको एक संग्रहअनुसार एक स्कन्ध हुन्छ। यसैप्रकार संज्ञा आदिमा। यसैले सबै संस्कृत धर्महरूको सभागले एकमा संग्रह गर्नाले पाँच नै भनिएको छ।

आत्मा, आत्मीयअनुसार ग्रहण गर्ने यही परम हुन जुन कि यो रूप आदि पाँच स्कन्ध छन्। यो संयुक्त निकाय (२१,३,५,१) भनिएको छ – 'भिक्षुहरू' रूपहुँदा, रूपलाई लिएर, रूपको अभिनिवेश गरी यसरी दृष्टि उत्पन्न हुन्छ - "यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो।" वेदना ... ... संज्ञा ....



Downloaded from http://www.dhamma.digital

संस्कार ... विज्ञानहुँदा, विज्ञानलाई लिएर विज्ञानको अभिनिवेश गरी यसरी दृष्टि उत्पन्न हुन्छ - यो मेरो, यो म हुँ, यो मेरो आत्मा हो। यसैले आत्मा, आत्मीयको ग्रहण गर्ने वस्तुको यी परम हुनाले पनि पाँच नै भनिएका छन्।

जुन अरू पनि, शील, समाधि प्रज्ञा, विमुक्ति र विमुक्तिज्ञानदर्शन पाँच धर्मस्कन्ध भनिएका छन्, ती पनि संस्कारस्कन्धमा हुनाले यहीं आउँछन्। यसैले अरूको सम्मिलित हुनाले पनि पाँच नै भनिएका छन्। यसरी अन्यूनाधिकले विनिश्चयको नियमलाई जान्नुपर्दछ।

उपमाले = यहाँ रोगको शान्तिको लागि विज्ञान उपादानस्कन्धको वस्तु, द्वार, आलम्बन भएअनुसार निवासस्थानले रूपउपादानस्कन्ध अस्पतालजस्तै हो। पीढा गर्नाले रोगजस्तै वेदनाउपादानस्कन्ध हो। कामसंज्ञा आदिअनुसार राग आदिले सम्प्रयुक्त वेदनाको उत्पत्तिले संज्ञाउपादानस्कन्ध रोग उत्पन्न हुनेझैं हो। वेदना रोगको निधान हुनाले संस्कारउपादानस्कन्ध अपथ्यको सेवन गर्नेझैं हो। संयुक्त निकाय (२१,२,३,७) भनिएको छ - "वेदनालाई वेदनाको लागि अविसंस्करण गर्दछ।" धम्मसंगणीमा भनिएको छ - "अकुशलकर्मको लागि हुनाले, उपचित्त गरिएको हुनाले, विपाक-दुःख-सहगत कायविज्ञान उत्पन्न हुन्छन्।" वेदनाको रोगले मुक्त नहुनाले विज्ञानउपादानस्कन्ध रोगजस्तै हो।

अरू पनि झ्यालखाना, सजाय, अपराध, सजाय दिने, अपराधी समान र भाँडा, भोजन, तरकारी, खाना बाँड्ने व्यक्तिजस्तै यी हुन्। यसरी उपमाले विनिश्चयलाई जान्नुपर्दछ।

दुई प्रकारले देख्नाले = (१) संक्षेप र (२) विस्तारले - यसरी दुई प्रकारले देख्नाले पनि यहाँ विनिश्चयलाई जान्नुपर्दछ।

संक्षेपले पाँच उपादानस्कन्ध संयुक्त निकाय (३४,४,४,१) को आशीविष सर्पको उपमामा भनिएको प्रकारले तलवार उठाएको वैरीजस्तै, संयुक्त निकाय (२१,१,३,१) को भार सूत्रअनुसार भारीजस्तै, धम्मसंगणीको खाद्यनीय पर्यायअनुसार खाने मानिसजस्तै, संयुक्त निकायको यमक सूत्रअनुसार अनित्य, दुःख, अनात्म, संस्कृत हुनाले वधकजस्तै सम्झिनुपर्दछ।

विस्तारले यहाँ फिंजको पिण्डजस्तै परिमर्दनलाई नसहनाले रूपलाई जान्नुपर्दछ। क्षणभर रमणीय हुनाले पानीफोकाजस्तै वेदनालाई, धोखा दिनाले मृगमरीचिकासमान संज्ञालाई, साररहित हुनाले केराथामजस्तै संस्कारलाई, ठग्ने मायाजस्तै विज्ञानलाई र विशेषरूपले अत्युत्तम पनि भित्रीरूपलाई अशुभ सम्झिनुपर्दछ। वेदना तीन दुःखहरूले मुक्त नहुनाले दुःख हो, संज्ञा, संस्कार अविधेयले अनात्म हो र विज्ञान उत्पत्ति विनाशको स्वभाव हुनाले अनित्य हो - भनी सम्झिनुपर्दछ।

यसरी देख्नेलाई अर्थको सिद्धिले = यसरी संक्षेप र विस्तार - दुई प्रकारले देख्नेलाई जुन अर्थको सिद्धि हुन्छ, त्यसले पनि विनिश्चयको नियम जान्नुपर्दछ। जस्तै - संक्षेपले पाँच उपादान स्कन्धहरूलाई तलवार उठाएको वैरी आदिजस्तै देख्दै स्कन्धहरूले पीढित हुँदैनन्। र विस्तारले रूप आदिलाई फिंज पिण्डसमान भएको रूपमा देख्दै साररहितमा सार देख्ने हुँदैन।

विशेष रूपले भित्रीरूपलाई अशुभको स्तरमा देख्दै कवलिंकार आहारमा छन्दरागलाई त्याग्दछ। अशुभमा शुभ हुने भ्रमलाई छाड्दछ। कामको बाढलाई तर्दछ। कामको योग (वन्धन) देखि अलग



Downloaded from http://www.dhamma.digital

हुनजान्छ । कामको आस्रवले अनास्राव भै जान्छ । अभिध्या (लोभ) रूपी कायग्रन्थ (गाँठो) लाई तोडिदिन्छ । कामको उपादानलाई ग्रहण गर्दैन ।

वेदनालाई दुःखको स्तरमा देख्दै स्पर्शको आहारलाई त्याग्दछ । दुःखमा सुख भएको भ्रमलाई छाड्दछ । भवको वाढीलाई तर्दछ । भवको योगदेखि अलग हुनजान्छ । भवास्रवदेखि अनास्रव हुनजान्छ । व्यापादरूपी कायको गाँठोलाई तोड्दछ । शीलव्रतको उपादानलाई ग्रहण गर्दैन ।

संज्ञा र संस्कारलाई अनात्मको स्तरमा देख्दै मनोसंचेतनाको आहारलाई त्याग्दछ । अनात्मामा आत्मा भएको भ्रमलाई छाड्दछ । दृष्टिको बाढीलाई तर्दछ । दृष्टिको योगदेखि अलग हुनजान्छ । दृष्टास्रवदेखि अनास्रव हुन जान्छ । "यही सत्य हो" - यसको अभिनिवेशरूपी कायको गाँठोलाई तोडिदिन्छ । आत्मवादको उपादानलाई ग्रहण गर्दैन ।

विज्ञानलाई अनित्यको स्तरमा देख्दै विज्ञानको आहारलाई त्याग्दछ । अनित्यमा नित्य भएको भ्रमलाई छाड्दछ । अविद्याको बाढीलाई तर्दछ । अविद्याको योगले अलग हुन जान्छ । अविद्या आस्रवबाट अनास्रव हुनजान्छ । शील व्रतपरामर्शरूपी कायको गाँठोलाई तोड्दछ । दृष्टिको उपादानलाई ग्रहण गर्दैन ।

*एवं महानिसंसं वधकादिवसेन दस्सनं यस्मा ।*
*तस्मा खन्धे धीरो वधकादिवसेन पस्सेय्या ति ॥*

(किनकि यस्तो वधक आदिअनुसार देख्नु महागुणवान हुन्छ, यसैले प्रज्ञावान् व्यक्ति स्कन्धहरूलाई वधक आदिअनुसार देखोस् ।)

Dhamma.Digital

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धिमार्गमा प्रज्ञा भावनाको भागमा*
*स्कन्ध निर्देश नामक*
*चौधौं परिच्छेद समाप्त*

♣♣♣



Downloaded from http://www.dhamma.digital

# पन्ध्रौं परिच्छेद

## आयतन - धतु निर्देश

### आयतनकथा

आयतन - बाह्र आयतन छन् । (१) चक्षुआयतन (२) रूपायतन (३) श्रोत्रायतन (४) शब्दायतन (५) घ्राणायतन (६) गन्धायतन (७) जिव्हायतन (८) रसायतन (९) कायायतन (१०) स्पर्शायतन (११) मनायतन (१२) धर्मायतन ।

त्यहाँ,

*अत्थ लक्खण तावत्व कम संखेपवित्थारा ।*
*तथा दट्ठब्बतो चेव विञ्ञातब्बो विनिच्छयो ॥*

((१) अर्थ, (२) लक्षण, (३) त्यति नै हुने, (४) क्रम, (५) संक्षेपले (६) विस्तारले र त्यसरी नै (७) द्रष्टव्यले विनिश्चय जान्नुपर्दछ ।)

(१) अर्थले = चाख्दछ यसैले चक्षु भनिन्छ । रूपको आस्वाद र विभावन गर्दछ भन्ने यो अर्थ हो । रूपलाई प्रकट गर्दछ, यसैले रूप भनिन्छ । वर्ण विकारलाई प्राप्त भएर हृदयको भावलाई प्रकट गर्दछ भन्ने यो अर्थ हो । सुन्दछ यसैले श्रोत्र भनिन्छ । आफ्नो प्रत्यहरूले प्रकाशित हुन्छ त्यसैले शब्द भनिन्छ भन्ने अर्थ हो । सूंघ्दछ, त्यसैले घ्राण भनिन्छ । वास आउँछ त्यसैले गन्ध भनिन्छ । आफ्नो वस्तु प्रकट गर्दछ भन्ने अर्थ हो । जीवनलाई बोलाउँछ त्यसैले जिव्हा भनिन्छ । त्यसमा प्राणी रस लिन्छ, यसैले रस भनिन्छ । आस्वादन गर्दछ भन्ने अर्थ हो । कुत्सित आस्रवयुक्त धर्महरूको आय हो यसैले काय हो । आयको अर्थ हो उत्पत्ति देश । छुइन्छ यसैले स्पर्श भनिन्छ । आलम्बनलाई जान्दछ त्यसैले मन भनिन्छ । आफ्नो लक्षणलाई धारण गर्दछ यसैले धर्म भनिन्छ ।

साधारण अर्थले (आफ्नो परिच्छेदअनुसार) यत्न गर्नाले, आय भएको स्वभावधर्महरूलाई तान्नाले र दीर्घसंसारको दुःखलाई ल्याउनाले आयतन जान्नुपर्दछ । रूप आदिमा त्यसत्यस द्वारको आलम्बनयुक्त चित्त-चैतसिक धर्म आफ्नो-आफ्नो कृत्यहरूले आउँदछन्, उठ्दछन्, प्रयत्न गर्दछन्, उत्साह गर्दछन्, आदि भनिएको छ । ती आएका धर्महरूलाई यी तान्दछन्, फैलाउँदछन् भनी भनिएको छ । यो अनादिसंसारमा प्रवर्तित अत्यन्त दीर्घसंसारका दुःख जबसम्म रोकिंदैन, तबसम्म ल्याउने छन् नै । त्यसैले जारीराख्दछ आदि भनिएको छ । यसप्रकार यी सबै धर्म आफ्नो परिच्छेदअनुसार यत्न गर्नाले, आएको स्वभावधर्महरूलाई तान्नाले र दीर्घसंसारको दुःखलाई ल्याउनाले आयतन भनिन्छन् ।

अरू पनि, निवास स्थान, आकार समोसरण (जुट्नु) स्थान, उत्पत्तिदेश र कारणको अर्थमा आयतन जान्नुपर्दछ । त्यसरी नै लोकमा ईश्वरको आयतन, वासुदेवको आयतन आदिमा निवास स्थानलाई आयतन भनिएको छ । सुवर्णको आयतन, रत्नको आयतन आदिमा आकर (खानी) को अर्थमा



Downloaded from http://www.dhamma.digital

आउंदछ। तर शासन (धर्म)मा 'मनोरम आयतनमा जसलाई पंक्षी सेवन गर्दछन् ।" अंगुत्तर निकाय (४,१८) आदिको वचनमा समोसरण (जुट्नु) स्थानको अर्थमा आएको छ । 'दक्षिणापथ गाईहरूको आयतन हो' आदिमा उत्पत्तिदेशको अर्थमा आएको छ। "त्यहाँत्यहाँ नै आयतन (कारण) हुँदा साक्षात् गर्नमा समर्थ हुन्छ" अंगुत्तर निकाय (१) आदिको वचनमा कारणको अर्थमा आएको छ।

चक्षु आदिमा पनि तीती चित्तचेतसिकधर्म त्यसको आश्रित हुनाले निवास गर्दछन्, यसैले चक्षु आदि त्यसको निवास स्थान हो। चक्षु आदिमा ती उनिहरुको आश्रित र त्यसको आलम्बन हुनाले छरिएका छन्। यसैले चक्षु आदि त्यसको आकर हो। त्यहाँ-त्यहाँ वस्तु, द्वार, आलम्बनअनुसार जुट्नाले चक्षु आदि त्यसको समोसरण स्थान हो। त्यसको आश्रित आलम्बन भएर त्यही उत्पन्न हुनाले चक्षु आदि त्यसको उत्पत्ति स्थान हो र त्यसको अभावमा अभाव हुनाले चक्षु आदि त्यसको कारण हो।

यसप्रकार निवासस्थान, आकर समोसरण स्थान, उत्पत्तिदेश, र कारणको अर्थले - यिनै कारणहरूले पनि यी धर्मआयतन, आयतन भनिन्छन्। यसैले यथोक्त अर्थले चक्षु पनि हो र त्यो आयतन पनि हो यसैले चक्षुआयतन हो। ... धर्म पनि हो र त्यो आयतन पनि हो यसैले धर्मायतन भनिन्छ। यसरी यहाँ अर्थले विनिश्चय जान्नुपर्दछ।

(२) लक्षणले = चक्षु आदि लक्षणले पनि यहाँ विनिश्चय जान्नुपर्दछ। ती त्यसको लक्षण स्कन्ध निर्देशमा भनिएअनुसार जान्नुपर्दछ।

(३) त्यति कै हुनाले = यो भनिएको छ - चक्षु आदि पनि धर्म नै हुन्। यसरी हुँदा धर्मायतन हुन्-यति मात्र नभनेर किन बाह्र आयतन भनिएका छन् ? ६ विज्ञानकायको उत्पत्तिद्वार, आलम्बनको व्यवस्थानले भनिएको हो। किनकि यहाँ ६ विज्ञान कायहरूद्वार र आलम्बनको व्यवस्थानले यो यसको भेद हुन्छ, यसैले बाह्र भनिएका छन्।

चक्षुविज्ञानको वीथिमा भएको विज्ञानकायको चक्षुआयतन नै उत्पत्तिद्वार हो र रूपायतन नै आलम्बन हो। त्यसरी नै अरूअरू पनि बुझ्नुपर्दछ। तर छैठौं मनायतनको भवाङ्गमन भनिने मनायतनको एक भाग नै उत्पत्तिद्वार हो। (दुईपल्ट चलेर प्रवर्तित भवाङ्गचित्त। चल्नेअनुसार भवाङ्गको प्रवर्तित हुँदा नै आवर्जनको उत्पत्ति हुन्छ र अन्यथा हुँदैन। यसैले आवर्जनको पनि कारण भएको बताइएको छ।) र असाधारण धर्मायतन आलम्बन हो। यसप्रकार ६ विज्ञान कायहरूको उत्पत्तिद्वार आलम्बनको व्यवस्थानले बाह्र भनिएका छन्। यसरी यहाँ 'त्यति नै हुनाले' विनिश्चय जान्नुपर्दछ।

(४) क्रम -त्यहाँ पनि पहिले भनिएको उत्पत्तिक्रमआदिमा देशनाक्रम नै युक्त छ। भित्री आयतनहरूमा सनिदर्शन, सप्रतिघ, विषय हुनाले चक्षुआयतन प्रकट छ, यसैले पहिले भनिएको हो। त्यसपछि अनिदर्शन (नदेखिने), सप्रतिघ विषययुक्त श्रोत्रायतन आदि अथवा 'बुद्ध र बुद्धको श्रावकहरूको दर्शन दर्शनानुत्तरीय र सद्धर्मश्रवण श्रवणानुत्तरीय श्रवणहेतुले धेरै उपकारक हुनाले भित्रीआयतनमा चक्षु आयतन आदि तीन आयतन पाँचौं को पनि गोचर विषय हुनाले अन्तमा मनायतन भनिएको छ। चक्षुआयतन आदिको गोचर हुनाले त्यसत्यसपछि बाहिरीमा रूपायतन आदि भनिएको छ। यस शरीरमा चक्षु सबैभन्दा माथि छ। त्यसभन्दा तल श्रोत्र, त्यसभन्दा तल घ्राण, त्यसभन्दा तल जिव्हा। काय सर्वत्र नै छ तर मन अरूपी हुनाले सबैभन्दा पछि भनिएको छ र त्यसको गोचर हुनाले त्यसत्यसको



Downloaded from http://www.dhamma.digital

बाहिरीआयतन भनिएको छ भनी क्रम जान्नुपर्दछ ।

अरू पनि, विज्ञानको उत्पत्तिको कारणको व्यवस्थापनले पनि यो यसको क्रम जान्नुपर्दछ। संयुक्त निकाय (१२,२,१०) अनुसार भनिएको छ - "चक्षुको कारण रूपमा चक्षुविज्ञान उत्पन्न हुन्छ। .... मनको कारण धर्ममा मनोविज्ञान उत्पन्न हुन्छ" यसरी क्रमले पनि यहाँ विनिश्चय जान्नुपर्दछ ।

(५) संक्षेपले = मनायतन र धर्मायतनको एक नामले र त्यसबाट शेष बचेको आयतनहरूको रूपले संग्रह हुनाले बाह्रआयतन सबै नामरूप मात्र नै हुन्छन् ।

(६) विस्तारले = भित्रीआयतनमा चक्षुआयतन जातिअनुसार चक्षुप्रसाद मात्र नै हो। तर प्रत्यय, गति, निकाय, पुद्गलको भेदले अनन्त प्रभेद हुन्छन् र त्यसरी नै श्रोतायतनआदिमा चार आयतन । मनायतन कुशल , अकुशल, विपाक, क्रिया विज्ञानको भेदले उनानब्बे (८९) प्रकारका हुन्छन्। या एक सय एक्काइस प्रकारका हुन्छन् ।

**लौकिक विज्ञान चित्त विस्तार -**

| भूमि | कुशल | अकुशल | विपाक | क्रिया | योग |
|---|---|---|---|---|---|
| कामावचर | ८ | १२ | २३ | ११ | ५४ |
| रूपावचर | ५ | – | ५ | ५ | १५ |
| अरूपावचर | ४ | – | ४ | ४ | १२ |
| जम्मा | १७ | १२ | ३२ | २० | ८१ |

**लोकोत्तर विज्ञान चित्त विस्तार**

| अंग | मार्ग | फल | योग |
|---|---|---|---|
| स्रोतापत्ति | ५ | ५ | १० |
| सकृदागामि | ५ | ५ | १० |
| अनागामि | ५ | ५ | १०. |
| अरहन्त | ५ | ५ | १० |
| जम्मा | २० | २० | ४० |

*जम्मा विज्ञानमा विस्तार - ८१ + ४० = १२१ चित्तहरु*

वस्तु, प्रतिपदाआदिको भेदले अनन्त प्रकारका हुन्छन् , रूप, शब्द, गन्ध, रसआयतन अनमेल प्रत्ययआदिको भेदले अनन्त प्रकारका हुन्छन्। स्पर्शआयतन, पृथ्वीधातु, अग्निधातु, वायुधातुअनुसार तीन प्रकारका हुन्छन् । प्रत्यय आदिको भेदले अनेक प्रकारका हुन्छन्। धर्मायतन वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध, सूक्ष्मरूप, निर्वाण स्वभाव नानात्वको भेदले अनेक प्रकारका हुन्छन् । यसरी संक्षेप विस्तारले विनिश्चय जान्नुपर्दछ ।

(७) द्रष्टव्य = यहाँ सारा नै संस्कृत आयतन नआउने र नजानाले द्रष्टव्य हुन्। ती उत्पत्तिपूर्व



Downloaded from http://www.dhamma.digital

कतैबाट आउँदैन र न त विनाशअगाडि कतै जान्छ। प्रत्युत उत्पत्तिपूर्व नमिल्ने स्वभावको र विनाशअगाडि छिन्नभिन्न हुने स्वभावका छन्। पूर्व र अपरान्तको बीच प्रत्ययहरुका अधीन हुनाले अवश भएर प्रवर्तित हुन्छन्, यसैले नआउने र नजानेले द्रष्टव्य हुन्। त्यसरी निरीह (चेष्टारहित) र अव्यापार (काममा नलाग्ने) ले पनि द्रष्टव्य हुन्। चक्षुरूप आदिलाई यस्तो हुँदैन - "धेरै राम्रो यदि हाम्रो मिलनले विज्ञान उत्पन्न होस्" र ती विज्ञानलाई उत्पन्न गर्नको लागि द्वार, वस्तु या आलम्बन हुनाले चेष्टा गर्दैनन्, काममा लाग्दैनन्। प्रत्युत यो स्वभाव नै हो जुन चक्षुरूप आदिको मिलनमा चक्षुविज्ञान आदि उत्पन्न हुन्छन्, यसैले निरीह र अव्यापारले द्रष्टव्य हुन्।

अरू पनि, भित्रीआयतन ध्रुव, शुभ, सुख, आत्मारहित हुनाले शून्य गाउँको द्रष्टव्य हुन्। भित्री आयतनहरूको अभिधात गर्नाले बाहिरी आयतन गाउँलाई विनाश गर्ने चोरहरूजस्तै हुन्। यो संयुक्त निकाय (३४,३४) अनुसार भनिएको छ - "भिक्षुहरु, चक्षु प्रिय र अप्रियरूपहरूद्वारा पीढित गरिन्छ" यसरी विस्तार गरिनुपर्दछ। अरू पनि भित्रीआयतन ६ कीराहरू र बाहिरी त्यसको गोचरजस्तै द्रष्टव्य छन्। यसरी यहाँ द्रष्टव्यले विनिश्चय जान्नुपर्दछ।

यो आयतनहरूको विस्तारपूर्वक वर्णन हो।

## धातु कथा

त्यसपछि धातुहरूमा - अठार धातुहरू छन् (१) चक्षुधातु (२) रूपधातु (३) चक्षुविज्ञानधातु (४) श्रोत्रधातु (५) शब्दधातु (६) श्रोत्रविज्ञानधातु (७) घ्राणधातु (८) गन्धधातु (९) घ्राणविज्ञान धातु (१०) जिव्हाधातु (११) रसधातु (१२) जिव्हाविज्ञानधातु (१३) कायधातु (१४) स्पर्शधातु (१५) कायविज्ञानधातु (१६) मनोधातु (१७) धर्मधातु (१८) मनोविज्ञानधातु

यहाँ –

*अत्थतो लक्खणादीहि कम तावत्व संखतो।*
*पच्चया अथ दटठब्बा वेदितब्बो विनिच्छयो ॥*

((१) अर्थ, (२) लक्षण, (३) क्रम, (४) त्यति नै हुने, (५) संख्या, (६) प्रत्यय, र (७) द्रष्टव्यले विनिश्चय जान्नुपर्दछ।)

(१) अर्थले = चाख्दछ यसैले चक्षु हो। रूपलाई प्रकट गर्दछ यसैले रूप हो। चक्षुको विज्ञान चक्षुविज्ञान हो। यसरी आदिप्रकारले चक्षुआदिको विशेषअर्थले विनिश्चय जान्नुपर्दछ। अविशेषले विधान गर्दछ, धारण गरिन्छ, विधान यसद्वारा चलाइन्छ या यहाँ राखिन्छ, यसैले धातु हो।

लौकिकधातुहरू कारणभावले व्यवस्थित भएर सुनचाँदी आदि धातुहरूजस्तै सुनचाँदी अनेक प्रकारका संसार दुःखको विधान गर्दछ र बोझ बोक्ने व्यक्तिहरूद्वारा जसरी बोझा लैजान्छ त्यसरी नै बोझाजस्तै प्राणीहरूद्वारा धारण गरिन्छ। ... आफ्नो वशमा नहुनाले यी दुःख विधान मात्र नै हुन्। कारण भएको यी धातुहरूले संसार दुःख प्राणहिरूको पछिपछि चलाइन्छ र त्यसप्रकारको त्यो यसैले राखिन्छ, स्थापित गरिन्छ भन्ने यो अर्थ हो। यसप्रकार चक्षु आदिमा एकएक धर्म यथा सम्भव विधान गर्दछ, धारण गरिन्छ - आदि अर्थअनुसार धातु भनिन्छ।



Downloaded from http://www.dhamma.digital

जसरी तैर्थिक (अन्य मतावलम्बिहरु) को आत्मा स्वभावले छैन, त्यसरी नै यी होईनन् । तर यी आफ्नो स्वभावलाई धारण गर्दछन्, यसैले धातु हुन् । जस्तै लोकमा चित्रित हरिताल (पहेंलोरंगको मणि विशेष), मनोशिला (रातोरंगको मणि विशेष) आदि पत्थरको अवयव धातु भनिन्छ त्यसरी नै यसमा पनि पञ्चस्कन्ध शरीरको अवयवहरूमा धातु नाम हुनु जान्नुपर्दछ । यी चक्षु आदि परस्पर असमान लक्षणले बाँटिएका छन् ।

अरू पनि धातु - यो निर्जीव मात्रको नै नाम हो । त्यसरी नै मज्झिम निकाय (३,४,१०) अनुसार भगवान्ले - "भिक्षु यो पुरुष ६ धातुहरूयुक्त छ" आदिमा जीव भएको संज्ञालाई मेटाउनको लागि चक्षुधातु हो ... मनोविज्ञानधातु हो र त्यो धातु पनि हो, यसैले मनोविज्ञानधातु हो - यसरी यहाँ अर्थले विनिश्चय जान्नुपर्दछ ।

(२) लक्षण = चक्षु आदिको लक्षण आदिले पनि यहाँ विनिश्चिय जान्नुपर्दछ । ती त्यसको लक्षण आदि स्कन्ध निर्देशमा भनिएप्रकारले नै जान्नुपर्दछ ।

(३) क्रम = यहाँ पनि पहिले भनिएको उत्पत्तिक्रम आदिमा देशनाक्रम नै युक्त छ र त्यो हेतु फलको क्रमले व्यवस्थापनअनुसार भनिएको छ । यसलाई निम्नअनुसार बुझ्नुपर्दछ ।

| हेतु | | फल |
|---|---|---|
| (१) चक्षुधातु+रूपधातु | = | चक्षुविज्ञानधातु |
| (२) श्रोतधातु+शब्दधातु | = | स्रोतविज्ञानधातु |
| (३) घ्राणधाातु+गन्धधातु | = | घ्राणविज्ञानधातु |
| (४) जिव्हाधाातु+रसधातु | = | जिव्हाविज्ञानधातु |
| (५) कायधाातु+स्पर्शधातु | = | कायविज्ञानधातु |
| (६) मनोधाातु+धर्मधातु | = | मनोविज्ञानधातु |

(४) त्यति नै हुनु - संयुक्त निकाय (१३, २, १) यो भनिएको छ – त्यसत्यस सूत्र र अभिधर्मको उपदेशहरूमा - 'आभाधातु, शुभधातु, आकाशानन्त्यायतन-धातु, विज्ञानन्त्यायतन-धातु, आकिंचन्यायतन-धातु, नैवसंज्ञानासंज्ञायतन-धातु, संज्ञावेदयित-निरोध-धातु "। (विभंग २) "कामधातु व्यापादधातु, विहिंसाधातु, नैष्क्रम्यधातु, अव्यापादधातु, अविहिंसाधातु ।" संयुक्त निकाय (४३,७) "सुखधातु, दुःखधातु, सौमनस्यधातु, दौर्मनस्यधातु, उपेक्षाधातु, अविद्याधातु, आरम्भधातु नैष्क्रम्यधातु, पराक्रमधातु ।" दीघनिकाय (३.१०)"हीनधातु, मध्यमधातु, प्रणीतधातु", विभंग (२) पृथ्वीधातु, जलधातु, अग्नीधातु, वायुधातु, आकाशधातु, विज्ञानधातु",मज्झिम निकाय(३,२,५) मा "संस्कृतधातु, असंस्कृतधातु", मज्झिम निकाय (१,२,२) "अनेकधातु नाना धातुयुक्त लोक" इत्यादि यसप्रकारका अन्य पनि धातुहरू देखिन्छन् । यस्तो हुँदा पनि सबैअनुसार परिच्छेद नगरी किन अठार मात्र परिच्छेद गरिएको छ ? स्वभावले विद्यमान सबै धातुहरू त्यसैमा आउनाले ।

रूपधातु नै आभाधातु हो । शुभरूप आदिले जुटिएका छन् । किन ? शुभनिमित्त हुनाले शुभनिमित्त



Downloaded from http://www.dhamma.digital

नै शुभधातु हो र त्यो रूप आदिले भिन्न छैन। या कुशलविपाकको आलम्बन रूप आदि नै शुभधातु हुन्। यसैले यो रूप आदि मात्र नै छ। आकाशानन्त्यायतन-धातु आदिमा चित्त मनोविज्ञानधातु नै हो। शेष धर्मधातु हुन्। संज्ञावेदयित निरोधधातु स्वभावले छैन। ती दुई मनो विज्ञानधातु र धर्मधातुहरूको विरोधमात्र नै हो।

कामधातु धर्मधातु मात्र हुन्छ। जस्तै विभंग (२) मा भनिएको छ – कुनचाहिं कामधातु हो ? काम सम्बन्धी तर्क-वितर्क ... मिथ्यासंकल्प।" या अठार धातुहरू पनि। जस्तै - विभंग (२) भनिएको छ – 'तल अविचि निरयदेखि लिएर माथि परनिर्मित वशवर्तीदेवहरूको अन्तसम्म - जुन यसबीचमा विचरण गर्दछन्, त्यहाँ हुने स्कन्ध, धातु, आयतन, रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान छन्, यो कामधातु भनिन्छन्।"

नैष्क्रम्यधातु धर्मधातु नै हो। "सबै कुशलधर्म नैष्क्रम्यधातु हो।" विभंग (२) को यस वचनले मनोविज्ञानधातु पनि हुन्छ नै। व्यापाद, विहिंसा, अव्यापाद, अविहिंसा, सुख, दुःख, सौमनश्य, दौर्मनस्य, उपेक्षा, अविद्या, आरम्भ, नैष्क्रम्य, पराक्रमधातुहरू धर्मधातु नै हुन्।

हीन, मध्यम, प्रणीत धातुहरू अठार धातुमात्र नै हुन्। हीन चक्षु आदि हीन हो र मध्यम प्रणीत, मध्यम तथा प्रणीत हुन्। निष्पर्यायले -कुशल धर्मधातु र मनोविज्ञानधातुहरू हीन धातुहरू हुन्। लौकिक कुशल, अव्याकृत दुबै पनि र चक्षुधातु आदि मध्यमधातु हुन्। लोकोत्तरधर्म धातु, मनोविज्ञान धातु यी प्रणीत धातु हुन्।

पृथ्वी, अग्नि, वायुधातुहरू स्पर्शधातु नै हुन्। जलधातु र आकाशधातु धर्मधातु नै हुन्। विज्ञानधातु, चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय, मनोधातु र मनोविज्ञानधातुहरूको समूह नै हुन्।

सत्र धातुहरू र अरू धर्मधातुहरूको एक भाग संस्कृतधातु हो। तर असंस्कृतधातु धर्मधातुको एक भाग नै हो। अनेकधातु, नानाधातु लोक अठार धातुको प्रभेद मात्र नै हो। यसप्रकार स्वभावले विद्यमान् सबै धातुहरू त्यसमा आउनाले अठार नै भनिएका छन्।

जान्ने स्वभाव भएको विज्ञानमा जीवको भाव राख्नेहरूको विचारलाई हटाउनको लागि अठार नै भनिएका छन्। जान्ने स्वभाव भएको विज्ञानमा जीवनको विचार राख्नेहरू प्राणी हुन्। उसको लागि चक्षु, श्रोत्र, घ्राण, जिव्हा काय, मनोधातु, मनोविज्ञानधातुको भेदले त्यस विज्ञानको अनेकता र चक्षुरूप आदिको प्रत्ययहरू हुनाले अनित्यतालाई प्रकाशित गरी दीर्घकालसम्म अनुशय भएको जीव भएको विचारलाई नाश गर्ने इच्छाले भगवानले अठार धातुहरूलाई प्रकाशित गर्नुभयो।

के अधिक भनौ ? त्यसप्रकारले सिखाउनयोग्य व्यक्तिको आशयअनुसार र जुन या न धेरै संक्षेप न धेरै विस्तारअनुसार र जुन यो न धेरै संक्षेप न धेरै विस्तारको देशनाले वैनेय्य सत्व छन्, उसको आशयअनुसार अठार नै प्रकाशित गर्नुभयो।

*संखेपवित्थरनयेन तथा हि धम्मं पकासयति एस यथा यथास्स।*
*सद्धम्मतेजविहतं विलयं खणेन वेनेय्यसत्तहदयेसु तमो पयाति॥*

(उहाँ भगवान् जसैजसै संक्षेप र विस्तारले धर्मलाई प्रकाशित गर्नुहुन्छ, त्यसरीत्यसरी उहाँको



Downloaded from http://www.dhamma.digital

सद्धर्मलाई प्रकाशित गर्नुहुन्छ, त्यसरीत्यसरी उहाँको सद्धर्मको तेजले नष्ट हुन्छ, त्यसरीत्यसरी उहाँको सद्धर्मको तेजले नष्ट भएर वैनय्य सत्वको हृदयको अन्धकार क्षणभरमा नै क्षयलाई प्राप्त हुन्छ ।)

यसरी यहाँ त्यति नै हुनाले विनिश्चय जान्नुपर्दछ

(५) संख्या = चक्षुधातु जातिले चक्षुप्रसाद - एक धर्मयुक्त भनिन्छ। त्यसरी नै श्रोत्र, घ्राण, जिव्हा, काय, रूप, शब्द, गन्ध, रसधातुहरू श्रोत्रप्रसादआदिअनुसार एक धर्मयुक्त भनिन्छ । स्पर्शधातु पृथ्वी, अग्नि, वायुअनुसार तीन धर्मयुक्त भनिन्छ। चक्षुविज्ञानधातु, कुशल, अकुशलविपाकअनुसार दुई धर्मयुक्त भनिन्छन्। त्यसरी नै श्रोत्र, घ्राण, जिव्हा, कायविज्ञानधातुहरू पनि दुई धर्मयुक्त भनिन्छ। तर मनोधातु पञ्चद्वारवर्जन, कुशल, अकुशल, सम्प्रतिछन्नअनुसार तीन धर्मयुक्त भनिन्छन् । धर्मधातु तीन अरूपी स्कन्धहरू, सोह्र सूक्ष्मरूपहरू र असंस्कृतधातुकाअनुसार बीस धर्मयुक्त भनिन्छन्। मनोविज्ञानधातु शेष कुशल, अकुशल र अव्याकृतविज्ञानअनुसार उनानब्बे (८९) चित्तहरूमा कुशल, अकुशलविपाकयुक्त द्विपञ्चक विज्ञान र मनोधातु सम्बन्धी तीन विज्ञानहरूलाई छाडेर शेष छहत्तर (७६) धर्मयुक्त भनिन्छन्। यसरी संख्याले पनि विनिश्चय जान्नुपर्दछ।

(६) प्रत्ययले = यहाँ चक्षुविज्ञानधातुको विप्रयुक्त, पुरेजात, अस्ति, अविगत, निश्रय, इन्द्रिय प्रत्ययअनुसार ६ प्रत्ययहरूले प्रत्यय हुन्छन्। रूपधातु पुरेजात, अस्ति, अविगत, आलम्बनप्रत्ययहरूले प्रत्यय हुन्छन्। यसरी नै श्रोत्रविज्ञानधातु आदिको श्रोतधातु, शब्दधातु, आदिको प्रत्ययले प्रत्यय हुन्छ ।

ती पाँचैको आवर्जन मनोधातु अनन्तर, समानान्तर, नास्ति, विगत, अनन्तर उपनिश्रयअनुसार पाँच प्रत्ययहरूले प्रत्यय हुन्छन् । ती पाँच पनि सम्प्रतिच्छन्न मनोधातुको, त्यसरी नै सम्प्रतिच्छन्न मनोधातु सन्तीरण मनोधातुको र त्यो व्यवस्थापन मनोविज्ञानधातुको प्रत्ययले प्रत्यय हुन्छ। व्यवस्थापन मनोविज्ञानधातु जवनमनोविज्ञानधातुको प्रत्ययले प्रत्यय हुन्छ। जवनमनोविज्ञानधातु ठीक त्यसपछि हुने जवन मनोविज्ञानधातुको प्रत्ययले प्रत्यय हुन्छ। ती पाँचैसंग र आसेवन प्रत्ययले - यसरी छ प्रत्ययहरूले प्रत्यय हुन्छन्। यो पञ्चद्वारमा नियम हो ।

तर मनोद्वारमा भवाङ्ग मनोविज्ञानधातु आवर्जन मनोविज्ञानधातुको र आवर्जन मनोविज्ञानधातु जवन मनोविज्ञानधातुको पहिले कै पाँच प्रत्ययहरूले प्रत्यय हुन्छन् ।

धर्मधातु सात विज्ञानधातुहरूको सहजात, अञ्ञमञ्ञ, निश्रय, सम्प्रयुक्त, अस्ति, अविगत, आदिले धेरै प्रकारले प्रत्यय हुन्छन् । चक्षुधातु, आदि कुनैकुनै धर्मधातु कुनैकुनै मनोविज्ञानधातुको आलम्बन प्रत्यय आदिले प्रत्यय हुन्छन् ।

चक्षुविज्ञानधातु आदिको न केवल चक्षुरूप आदि नै प्रत्यय हुन्छन्, आलोक आदि पनि हुन्छन् । त्यसैले पूर्वआचार्यहरूले भनेका छन् – "चक्षु, रूप, आलोक, मनसिकारको कारण चक्षुविज्ञान उत्पन्न हुन्छ। श्रोत्र, शब्द, विवर (प्वाल), मनसिकारको कारण श्रोत्रविज्ञान उत्पन्न हुन्छ । घ्राण, गन्ध, वायु, मनसिकारको कारण घ्राणविज्ञान उत्पन्न हुन्छ । काय, स्पर्श, पृथ्वी, मनसिकारको कारण कायविज्ञान उत्पन्न हुन्छ। भवांग, मन, धर्म, मनसिकारको कारण मनोविज्ञान उत्पन्न हुन्छ।' त्यो यहाँ संक्षेप हो। विस्तारले प्रत्ययहरूको प्रभेदयुक्त प्रतीत्य समुत्पाद निर्देशमा प्रकट हुनेछ। यसरी प्रत्ययले पनि विनिश्चय जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

(७) द्रष्टव्यले = पनि यहाँ विनिश्चय जान्नुपर्दछ । यो अर्थ हो - सारा नै संस्कृतधातुहरू पूर्वापरान्तको अभावले ध्रुव, शुभ, सुख, आत्माले शून्य हुने र प्रत्ययहरूको अधीन हुनाले द्रष्टव्य हुन् ।

विशेषले यहाँ भेरितलजस्तै चक्षुधातुलाई देख्नुपर्दछ । डण्डाजस्तै रूपधातु र शब्दजस्तै चक्षुविज्ञानधातुलाई । त्यसरी नै ऐनाजस्तै चक्षुधातु, मुखसमान रूपधातु र मुखको निमित्तजस्तै चक्षुधातुलाई । अथवा उखु र तिलजस्तै चक्षुधातुलाई, कोल (तेल पेल्ने ठाउँ) र चक्रयष्ठि (तेल पेल्ने मियो) जस्तै रूपधातु र उखुरस तथा तेलजस्तै चक्षुविज्ञानधातुलाई । त्यसरी नै तल्लो अरणी (आगो निकाल्ने काठ) समान चक्षुधातु, माथिल्लो अरणीतेलसमान रूप धातु र आगोसमान चक्षुविज्ञानधातुलाई यसैप्रकार श्रोत्रधातु आदिमा पनि बुझ्नुपर्दछ ।

मनोधातु यथासम्भव चक्षुविज्ञानधातु आदिको अगाडि हिंड्ने अनुचरजस्तै द्रष्टव्य हो । धर्मधातुमा वेदनास्कन्ध काँडा र शूलजस्तै द्रष्टव्य हो । संज्ञा र संस्कारस्कन्ध वेदनारूपी काँढा, शूल लागेको आतुर व्यक्तिजस्तै । या पृथग्जनहरूको संज्ञा आशा दुःख उत्पन्न गर्नाले रिक्त मुट्ठिजस्तै । असत्यमा सत्य भएको निमित्त बुँख्याचा मानिसजस्तै ग्रहण गर्नाले वनमृगसमान । संस्कार प्रतिसन्धिमा फ्याँक्नाले आगोको खाल्डोमा फ्याँकिएको व्यक्तिहरूसमान । जन्मको दुःखहरूको पछिपछि पड्नाले सिपाहीहरूले पछ्याइएको चोरहरूसमान । सबैप्रकारको अनर्थलाई निम्त्याउने स्कन्ध परम्पराको हेतुले विषवृक्षको बीजहरूजस्तै । रूप नानाप्रकारको उपद्रवको निमित्तहरूले कमलको फुलमालाजस्तै देखिने क्षुरचक्र **(Razer wheel)** को द्रष्टव्य हो । असंस्कृतधातु, अमृत, शान्त र क्षेमको रूपले द्रष्टव्य हो । किन ? सारा अनर्थहरूको विरोधी हुनाले ।

मनोविज्ञानधातु आलम्बनहरूमा व्यवस्थानको अभावले जंगली बाँदरसामन, कठिनाईले दमन गरिने बदमाश घोडासमान, जताततै इच्छानुसार आलम्बनमा खस्ने स्वभाव हुनाले आकाशमा फ्याँकिएको डण्डासमान र लोभद्वेष आदि नाना प्रकारका क्लेशहरूको भेष हुनाले नर्तकसमान द्रष्टव्य हो ।

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धि मार्गमा प्रज्ञा भावनाकोभागमा*
*आयतन धातु निर्देश*
*नामक पन्ध्रौं परिच्छेद समाप्त*

♣♣♣



Downloaded from http://www.dhamma.digital

# सोहौं परिच्छेद

## इन्द्रिय-सत्य-निर्देश

### इन्द्रियकथा

वस्तुहरूको अनन्तर भनिएका इन्द्रियहरू बाइस (२२) हुन्छन्, जस्तै - (१) चक्षुइन्द्रिय (२) श्रोत्रीन्द्रिय (३) घ्राणीन्द्रिय (४) जिव्हेन्द्रिय (५) कायेन्द्रिय (६) मनेन्द्रिय (७) स्त्रीन्द्रिय (८) पुरुषेन्द्रिय (९) जीवितेन्द्रिय (१०) सुखेन्द्रिय (११) दुःखेन्द्रिय (१२) सौमनस्येन्द्रिय (१३) दौर्मनस्येन्द्रिय (१४) उपेक्षेन्द्रिय (१५) श्रद्धेन्द्रिय (१६) वीर्येन्द्रिय (१७) स्मृतीन्द्रिय (१८) समाधीन्द्रिय (१९) प्रज्ञेन्द्रिय (२०) अनज्ञातज्ञस्यामीतीन्द्रिय (२१) आज्ञेन्द्रिय (२२) आज्ञातावीन्द्रिय । त्यहाँ –

*अत्थतो लक्खणादीहि कमतो च विजानिया ।*
*भेदाभेदा तथा किच्चा भूमितो च विनिच्छयं ॥*

((१) अर्थ, (२) लक्षण आदि, (३) क्रम, (४) भेद अभेद, (५) कृत्य र त्यसरी नै (६) भूमिले विनिश्चय जानोस् )

(१) अर्थले = क्रमले (१) चक्षुइन्द्रिय (२) श्रोत्रीन्द्रिय (३) घ्राणीन्द्रिय (४) जिव्हेन्द्रिय (५) कायेन्द्रिय (६) मनेन्द्रिय (७) स्त्रीन्द्रिय (८) पुरुषेन्द्रिय (९) जीवितेन्द्रिय (१०) सुखेन्द्रिय (११)दुःखेन्द्रिय (१२) सौमनस्येन्द्रिय (१३) दौर्मनस्येन्द्रिय (१४) उपेक्षेन्द्रिय (१५) श्रद्धेन्द्रिय (१६) वीर्येन्द्रिय (१७) स्मृतीन्द्रिय (१८) समाधीन्द्रिय (१९) प्रज्ञेन्द्रियसम्म चक्षु आदिको, 'चाख्दछ, यसैले चक्षु हो' आदिप्रकारले अर्थ बाह्रौं परिच्छेदमा प्रकाशित गरिएका छन् । पछिल्लो (२०) अनज्ञातज्ञस्यामीतीन्द्रिय, पूर्वभागमा अज्ञात, अमृतपद या चार सत्यधर्मलाई जान्नेछु - यसरी प्रतिपन्न भएको योगीलाई उत्पन्न भएको र इन्द्रियार्थको सम्भवले अनज्ञातज्ञस्यामीतीन्द्रिय (स्रोतापत्ति-मार्गज्ञान) भनिएको छ । अर्को (२१) आज्ञेन्द्रिय, जान्ने र इन्द्रियार्थको सम्भवले आज्ञेन्द्रिय(स्रोतापत्ति-फलज्ञानदेखि लिएर अर्हत् -मार्गज्ञानसम्म ज्ञान) भनिन्छ । तेस्रो (२२) आज्ञातावीन्द्रिय, आज्ञातावी (अर्हत्फलज्ञान) को चार सत्यहरूमा ज्ञानको कृत्यले समाप्त भएको क्षीणास्रवलाई उत्पन्न हुने र इन्द्रियार्थमा सम्भव हुनाले आज्ञातावीन्द्रिय भनिन्छ । कुनचाहिं यसको इन्द्रियार्थ हो ? इन्द्रको लिंगार्थ इन्द्रियार्थ हो । इन्द्रद्वारा उपदेश दिइएको अर्थ इन्द्रियार्थ हो । इन्द्रद्वारा देखिएको अर्थ इन्द्रियार्थ हो । इन्द्रद्वारा उत्पन्न गरिएको अर्थ इन्द्रियार्थ हो । इन्द्रद्वारा सेवन गरिएको अर्थ इन्द्रियार्थ हो । ती सबै यहाँ यथायोग्य युक्त छ ।

कुशल र अकुशलकर्म छन्, कर्महरूमा कसैको ऐश्वर्यको अभावले भगवान सम्यक्सम्बुद्ध परम ऐश्वर्यप्राप्त इन्द्र हुनुहुन्छ । त्यसले यहाँ कर्मले उत्पन्न इन्द्रिय कुशलाकुशल कर्मलाई प्रकट गर्दछन् र त्यसबाट उत्पन्न गरिएका हुन्, यसैले इन्द्रको लिंगार्थ र इन्द्रले उत्पन्न गरिने अर्थमा इन्द्रिय हुन् । यी सबै भगवान्द्वारा यथार्थरूपले प्रकाशित गरिएका छन्, ज्ञानले देखिएका छन् । यसैले इन्द्रद्वारा देखिएको



Downloaded from http://www.dhamma.digital

अर्थले इन्द्रिय हुन्। उहाँ भगवान् मुनीन्द्रद्वारा कुनैकुनै गोचरको सेवन गर्नुहुने र कुनैकुनै भावनाको सेवन गर्नुहुनाले सेवित छन्, यसैले इन्द्रद्वारा सेवन गरिने अर्थले पनि इन्द्रिय हुन्।

चक्षुविज्ञान आदिको प्रवर्तिमा, त्यसको तीक्ष्ण र मन्द हुंदा चक्षु आदिको अधिपत्य सिद्ध छ, यसैले अधिपत्य भनिने ऐश्वर्यको अर्थले पनि यी इन्द्रिय हुन्। यस अर्थले विनिश्चय हो।

(२) लक्षणले = लक्षण, रस, प्रत्युपस्थान, पदस्थानले पनि चक्षु आदिको विनिश्चय जानोस्। ती त्यसको लक्षण आदि स्कन्ध निर्देशमा भनिएका नै छन्। प्रज्ञेन्द्रिय आदि चार अमोह नै हुन्। शेष त्यहाँ स्वरूपले नै आएका छन्।

(३) क्रमले = यो पनि देशनाक्रम नै हो। आध्यात्मधर्महरूलाई जान्नाले आर्यभूमिको प्राप्ति हुन्छ। यसैले इन्द्रियहरुमध्ये शरीरमा भएको चक्षुन्द्रिय, श्रोतेन्द्रिय,घ्राणेन्द्रिय, जिव्हेन्द्रिय, कायेन्द्रिय, मनेन्द्रिय आदि पहिले बताइएका छन्। त्यसपछि त्यो शरीर, जुन धर्मको हुनाले स्त्री या पुरुष भनिन्छ, 'त्यो यो हो' भनी देखाउनको लागि स्त्रीन्द्रिय र पुरुषेन्द्रिय भनी बताइएका छन्। त्यसपश्चात् ती दुवै प्रकारका इन्द्रियहरु पनि जीवितेन्द्रियसंग प्रतिबद्ध वृतिका छन् भनी बताउनको लागि जीवितेन्द्रिय भनिएको छ। त्यसपश्चात् जबसम्म त्यो वर्तमान् रहन्छ तबसम्म यसको अनुभव आदि रोकिदैनन् र जेजति अनुभव छन् ती सव दुःख छन् भनी बताउनको लागि सुखेन्द्रिय, दुःखेन्द्रिय, सौमनस्येन्द्रिय, दौर्मनस्येन्द्रिय, उपेक्षेन्द्रिय आदि भनिएका छन्। त्यसपछि त्यसको निरोधको लागि 'यी धर्महरूको भावना गर्नुपर्दछ' आदि प्रतिपतिलाई देखाउनको लागि श्रद्धेन्द्रिय,वीर्येन्द्रिय, स्मृतीन्द्रिय, समाधीन्द्रिय, प्रज्ञेन्द्रिय आदि भनिएका छन्। त्यसपछि यस प्रतिपतिले 'यो धर्म पहिले आफूमा प्रकट हुन्छ' आदि प्रतिपत्तिको अचूक हुने देखाउनको लागि अनज्ञातज्ञस्यामीतीन्द्रिय भनिएको छ। त्यसपछि त्यसैको फल हुने र त्यसपछि भावनायोग्य हुनाले त्यसपछि आज्ञेन्द्रिय भनिएको छ। त्यसपछि भावनाले यसको प्राप्ति हुन्छ र यसको प्राप्ति हुँदा अगाडि केही करणीय छैन भनी बताउनको लागि अन्तमा परम आश्वासयुक्त आज्ञातावीन्द्रियको उपदेश गरिएको छ। यो यहाँ क्रम हो।

(४) भेद-अभेद = जीवितेन्द्रियको नै यो भेद हो। यो रूप-जीवितेन्द्रिय र अरूप-जीवितेन्द्रियको भेदले दुइप्रकारका हुनछन्। शेषको भेद छैन। यसरी यहाँ भेद-अभेदले विनिश्चय भन्नुपर्दछ।

(५) कृत्य = इन्द्रियहरूको के काम छ ? "चक्षुआयतन चक्षुविज्ञानधातु र त्यससंग सम्प्रयुक्त धर्महरूको इन्द्रियप्रत्यय हुन्छ" तीक पट्ठानको यस वचनले जुन त्यो इन्द्रियप्रत्ययले सिद्ध गर्नयोग्य आफ्नो तीक्ष्णमन्द आदि हुँने चक्षुविज्ञान आदि धर्महरूलाई तीक्ष्णमन्द आदि आफ्नो आकारअनुसार प्रवर्तित गराउनु चक्षुइन्द्रियको कृत्य हो। यसरी नै श्रोत्र, घ्राण, जिव्हा, कायको पनि बुझ्नुपर्दछ। तर आफूसंग उत्पन्न धर्महरूलाई आफ्नो वशमा गर्नु मनेन्द्रियको कृत्य हो। आफूसंग उत्पन्न हुने धर्महरूलाई पाल्नु जीवितेन्द्रियको कृत्य हो। स्त्रीपुरुषको लिंग, निमित्त, कृत्य, हाउभाउको आकारको अनुविधान गर्नु स्त्रीन्द्रिय, पुरुषेन्द्रियको कृत्य हो। आफूसंग उत्पन्न हुने धर्महरूलाई पछ्याएर यथासम्भव स्थूलआकारलाई पुऱ्याउनु सुख, दुःख, सौमनस्य, दौर्मनस्येन्द्रियहरूको कृत्य हो। शान्त, प्रणीत, मध्यस्थआकार लाई पुऱ्याउन उपेक्षेन्द्रियको कृत्य हो। विरोधिहरूलाई पछ्यार्नु र सम्प्रयुक्त धर्महरूलाई प्रसन्न आकार आदिको भावलाई पु-याउनु श्रद्धेन्द्रिय,वीर्येन्द्रिय, स्मृतीन्द्रिय, समाधीन्द्रिय, प्रज्ञेन्द्रियआदिको कृत्य हो।



Downloaded from http://www.dhamma.digital

सत्कायदृष्टि, विचिकित्सा र शीलव्रत परामर्श तीन संयोजनहरूको प्रहाण र सम्प्रयुक्तधर्महरूलाई प्रहाण गर्नु अनञ्ञातञ्ञस्सामीन्द्रियको कृत्य हो। कामराग, व्यापादआदिलाई तनु गर्नु, प्रहाण र आफूसंग उत्पन्न धर्महरूलाई आफ्नो वशमा गर्नु आञ्ञेन्द्रियको कृत्य हो । सबै कामहरूमा उत्साहलाई छाड्नु र सम्प्रयुक्तधर्महरूलाई अमृत (निर्वाण)तिर हुने प्रत्यय हुन् आञ्ञातावेन्द्रियको कृत्य हो। यसरी यहाँ कृत्यले विनिश्चयलाई जान्नुपर्दछ।

(६) भूमि = चक्षु , श्रोत्र, घ्राण, जिव्हा, काय, स्त्री, पुरुष, सुख, दुख र दौर्मनश्येन्द्रियहरु कामावचरका नै हुन्। मनेन्द्रिय, उपेक्षेन्द्रिय, श्रद्धा, वीर्य, स्मृति, समाधि, प्रज्ञा इन्द्रियहरू चारै भूमिहरूमा हुने हुन्। सौमनश्येन्द्रिय, कामावचर, रूपावचर, लोकोत्तरअनुसार तीन भूमिहरूमा हुने हुन्। अन्तको तीन लोकोत्तर नै हुन्। यसरी यहाँ भूमिले पनि विनिश्चयलाई जान्नुपर्दछ्। यसरी जान्दै –

*संवेगबहुलो भिक्खु ठितो इन्द्रिय संवरे।*
*इन्द्रियानि परिञ्ञाय दुक्खस्सन्तं करिस्सती ति॥*

(संवेगवहुल भिक्षु इन्द्रियसंवरमा स्थित भएको इन्द्रियहरूलाई राम्ररी जानेर दुःखको अन्त गर्दछ।)

यो इन्द्रियहरुका विस्तारपूर्वक वर्णन हो।

## सत्यकथा

त्यसपश्चात् भनिएको आर्यसत्य चार हुन्छन्, जस्तै - (१) दुःख आर्यसत्य (२) दुःखसमुदय आर्यसत्य (३) दुःखनिरोध आर्यसत्य (४) दुःखनिरोधगामिनी प्रतिपदा आर्यसत्य।

त्यहाँ –

*विभागतो निब्बचन लक्खणादिप्पभेदतो।*
*अत्थत्थुद्धारतो चेव अनुनाधिकतो तथा॥*
*कमतो जाति आदीनं निच्छया ञाणकिच्चतो।*
*अन्तोगतानं पभेदा उपमातो चतुक्कतो॥*
*सुञ्ञतेकविधादीहि सभागविसभागतो।*
*विनिच्छयो वेदितब्बो विञ्ञुना सासनक्कमे॥*

(१) विभाग, (२) शब्दविग्रह (निर्वचन), (३) लक्षण आदिप्रभेद, (४) अर्थ, (५) अर्थोद्वार, (६) अन्यूनाधिक, (७) क्रम, (८) जाति आदिको निश्चय, (९) ज्ञानको कृत्य, (१०) अन्तरगत प्रभेद, (११) उपमा, (१२) चतुष्क, (१३) शून्यता, (१४) एकविधआदि र त्यसरी नै (१५) समान-असमानले विज्ञद्वारा शासनक्रममा विनिश्चय जान्नुपर्दछ। शासनक्रम आर्यसत्यलाई नै भन्दछ। किनकि सम्पूर्ण सासन, भगवान्को वचन आर्यसत्यले रहित छैन।)

(१) विभागले = दुःख आदिको चारचार (१) अर्थ (स्वभाव), (२) तथ्य (सत्य), (३) अवितथ (यथार्थ), (४) नअन्यथानुसार विभक्त भएका छन्, जुन दुःख आदिलाई जान्नेहरूद्वारा ज्ञातव्य छन्। जस्तै- पटिसम्भिदामग्ग (२) अनुसार भनिएको छ - "दुःखको (१) पीढा दिने स्वभाव हो, (२) प्रत्ययद्वारा बनाइएको स्वभाव हो, (३) सन्तापको स्वभाव हो, (४) विपरिणामको स्वभाव हो - यी चार दुःखको अथ



Downloaded from http://www.dhamma.digital

तथ्य, अवितथ, नअन्यथा स्वभाव हुन् । ... समुदयको (१) दुःखको राशी गर्ने स्वभाव हो, (२) दुःखको कारण हुने स्वभाव हो, (३) दुःखहरूसंग संयोग गर्ने स्वभाव हो, (४) विघ्न गर्ने स्वभाव हो ... निरोधको (१) निस्तारको स्वभाव हो, (२) विवेकको स्वभाव हो, (३) असंस्कृत स्वभाव हो, (४) अमृत स्वभाव हो । ... मार्गको (१) निस्कने स्वभाव हो, (२) मोक्ष दिलाउने हेतुको स्वभाव हो, (३) चार आर्यसत्यहरूलाई देख्ने स्वभाव हो, (४) सम्प्रयुक्तधर्महरूलाई आफ्नो वशमा राख्ने स्वभाव हो - यी चार मार्गको अर्थ तथ्य, अवितथ, नअन्यथा मार्ग स्वभाव हुन् ।" त्यसरी नै - "दुःखको (१) पीढित गर्ने स्वभाव हो, (२) संस्कृत स्वभाव हो, (३) सन्ताप गर्ने स्वभाव हो, (४) विपरिणाम स्वभाव, ......प्रतिवेधको स्वभाव हो ।" यसरी पटिसम्भिदामग्ग (१) मा विभक्त चारचार अर्थअनुसार दुःख आदिलाई जान्नुपर्दछ । यो यहाँ विभागले विनिश्चय हो ।

(२) शब्दविग्रहले = यहाँ शब्द विग्रहसंग 'दु' यो शब्द कुत्सित (निन्दित)को अर्थमा देखापर्छ । कुत्सितपुत्रलाई दुःपुत्र (कुपुत्र) भनिन्छ । 'ख' शब्द तुच्छको अर्थमा आउँछ । तुच्छ आकाश 'खं' भनिन्छ । यो पहिलो सत्य अनेक उपद्रवहरूको वासस्थान हुनाले कुत्सित हो । मूर्खजनहरूद्वारा परिकल्पित, ध्रुव शुभ, सुख, आत्मारहित हुनाले तुच्छ छ । यसैले कुत्सित र तुच्छ हुनाले दुःख भनिन्छ ।

'सं' यो शब्द समागम (सं+आगम), समेत (सं+एत) आदिमा संयोग प्रकट गर्दछ । 'उ' यो उत्पन्न, उदित आदिमा उत्पत्ति र 'अय' शब्दले कारण प्रकट गर्दछ । यो पनि दोस्रो सत्य अवशेष प्रत्ययहरूको समायोग हुँदा दुःखको उत्पत्तिको कारण हो । यसप्रकार दुःखको संयोगमा उत्पत्तिको कारण हुनाले दुःखसमुदय भनिन्छ ।

तेस्रो सत्य = किनकि 'नि' शब्द अभाव र 'रोध' शब्द बन्धनागार प्रकट गर्दछ, यसैले यहाँ, संसाररूपी बन्धनागार भनिने दुःखको रोधको सबै गतिहरूको शून्य हुनाले अभाव हो । या त्यसको प्राप्त हुँदा संसाररूपी बन्धनागार भनिने दुःख रोधको अभाव हुन्छ, त्यसको प्रतिपक्षी हुनाले पनि दुःखनिरोध भनिन्छ । अथवा दुःखको अनुत्पाद - निरोधको प्रत्यय हुनाले दुःखनिरोध हो ।

चौथो सत्य = किनकि आलम्बनअनुसार त्यसतर्फ हुनाले यो दुःखनिरोधतिर जान्छ र दुःखनिरोधलाई प्राप्तिको लागि प्रतिपदा पनि हुन्छ, यसैले दुःखनिरोधगामिनी प्रतिपदा भनिन्छ ।

किनकि यसलाई बुद्ध आदि आर्य प्रतिवेध गर्दछन् त्यसैले आर्यसत्य भनिन्छन् । जस्तै-संयुक्त निकाय (५४,२,१)अनुसार भनिएको छ - 'भिक्षुहरू, यी चार आर्यसत्य हुन् । कुनचाहीं चार ? ... भिक्षुहरू यी चार आर्यसत्य हुन् ।" आर्य यसलाई प्रतिवेध गर्दछन्, यसैले आर्यसत्य भनिन्छन् ।

अरू पनि, आर्यको सत्य हुन्, यसले पनि आर्यसत्य हुन् । जसरी संयुक्त निकाय (५४,२,१)अनुसार भनिएको छ- "भिक्षुहरू, देवहरूसंग मनुष्यलोकमा ... तथागत आर्य हुनुहुन्छ, यसैले आर्यसत्य भनिन्छ ।" अथवा यसको प्रतिवेधले आर्यभावको सिद्धि हुनाले पनि आर्यसत्य हुन् । जस्तै संयुक्त निकाय (५४,२,१)अनुसार भनिएको छ - "भिक्षुहरू, यी चार आर्यसत्यहरूको यथार्थज्ञान प्राप्त हुनाले तथागत अर्हत, सम्यकसम्बुद्ध भनिन्छ ।"

अरू पनि, आर्यसत्य यथार्थ हो, यसैले पनि आर्यसत्य हो । आर्य भनिन्छ सत्यलाई । झूठो नहुने अर्थ हो । जस्तै - संयुक्त निकाय (५४,२,१)अनुसार भनिएको छ - "भिक्षुहरू यी चार आर्यसत्य तथ्य,



Downloaded from http://www.dhamma.digital

अवितथ, नअन्यथा हुने हुन्, यसैले आर्यसत्य भनिन्छन् ।" यसरी शब्द विग्रहले विनिश्चय जान्नुपर्दछ ।

(३) लक्षण आदिको भेद - यहाँ पीढित गर्ने लक्षणयुक्त दुःखसत्य हुन् । सन्ताप गर्नु यसको कृत्य हो । प्रवृत्तिले त्यो जानिन्छ । समुदयसत्य उत्पत्तिको लक्षणको हो । उपच्छेद नगर्नु त्यसको कृत्य हो । विघ्नले त्यो जानिन्छ । निरोधसत्य शान्तिको लक्षणयुक्त छ । च्यूत नहुने त्यसको कृत्य हो । अनिमित्तले त्यो जानिन्छ । मार्गसत्य संसाररूपी बन्धनागारदेखि निस्कने लक्षणको छ । क्लेशहरूको प्रहाण गर्नु यसको कृत्य हो । निमित्तले चित्त उठ्नाले त्यो जानिन्छ । यी क्रमशः प्रवृत्ति, प्रवर्तन, निवृति, निवर्त्तनको लक्षणका हुन् र त्यसरी नै संस्कृत, तृष्णा, असंस्कृत, दर्शनको लक्षणयुक्त यसरी लक्षण आदिको प्रभेदले विनिश्चय जान्नुपर्दछ ।

(४) अर्थ - यहाँ अर्थले के सत्यार्थ हो ? जुन प्रज्ञाचक्षुले राम्ररी देख्नेलाई मायासमान, विपरितको स्तरमा, मरीचिसमान, असत्य र अन्य मतावलम्बिहरूको आत्मासमान नरहने स्वभावको हुँदैन । प्रत्युत रोग, उत्पत्ति, शान्ति, निस्तार (निर्माण)को प्रकारले तथ्य, अविपरीत, सत्य हुनाले आर्यज्ञानको गोचर नै हुन्छ । यसलाई उष्ण हुने अग्निको लक्षणसमान र जाति, जरा आदिले हुने लोकको प्रकृतिसमान तथ्य, अविरीत, सत्य हुने सत्यार्थ जान्नुपर्दछ । जस्तै संयुक्त निकाय (५४,४,१) अनुसार भनिएको छ - "भिक्षुहरू, यो दुःख हो, यो तथ्य हो, यो अवितथ हो, यो अन्यथा होइन । आदि सबै विस्तार गर्नुपर्दछ ।

*नावाधकं यतो दुक्खं दुक्खा अञ्ञं न बाधकं ।*
*बाधकत्तानियामेन ततो सच्चकमिदं मत्तं ॥*

(जुनकारण दुःख पीढित नगर्ने होइन र दुःखलाई छाडेर अन्य पीढित गर्ने छैन, त्यसकारण पीढित गर्ने नियमले यो सत्य मानिन्छ ।)

*तं विना नाञ्ञतो दुक्खं न होति न चतं ततो ।*
*दुक्खहेतुनियामेन इति सच्चं विसत्तिका ॥*

(त्यस तृष्णा विनाअरुबाट दुःख छैन र त्यो दुःख त्यसबाट नहुने होइन यसप्रकार दुःखको हेतुको नियमले तृष्णा सत्य हो ।)

*नाञ्ञा निब्बानतो सन्ति सन्तं न च न तं यतो ।*
*सन्तभावनियामेन ततो सच्चमिदं मतं ॥*

(जुनकारण निर्वाणभन्दा अन्य शान्ति छैन र त्यो निर्वाण अशान्ति होइन, त्यसकारण शान्त भावको नियमले यो सत्य मानिन्छ ।)

*मग्गा अञ्ञं न निय्यानं अनिय्यानो न चापि सो ।*
*तच्छनिय्यान भावता इति सो सच्चसम्मतो ॥*

(मार्गदेखि अन्य निस्तार छैन र त्यो मार्ग अनिस्तार पनि होइन, यसप्रकार तथ्य निस्तार हुनाले यो सत्य मानिन्छ ।)

*इति तच्छाविपल्लास भूत भावं चतुस्वपि ।*
*दुक्खादिस्वविसेसेन सच्चट्ठं आहु पण्डिताति ॥*

(यसप्रकार तथ्य र अविपरीत अस्तित्व भएको दुःख आदि चारै सत्यहरूमा पनि सामान्यरूपले



Downloaded from http://www.dhamma.digital

पण्डित सत्यार्थ भन्दछन् ।)

यसरी अर्थले विनिश्चय जान्नुपर्दछ ।

(५) अर्थोद्वार -= यहाँ यो शब्द अनेक अर्थहरूमा देखापर्दछ । जस्तै - धम्मपद (१७,४) आदिको "सत्य बोल, क्रोध नगर" वचन सत्यअर्थमा आएको छ । संयुक्त निकाय आदिको "सत्यमा स्थित श्रमण ब्राह्मण" विरतिसत्यअर्थमा आएको छ । सुत्तनिपात (४,१२,८) आदिको "आफ्नोलाई दक्ष भन्ने प्रवादी (अन्य लब्धियुक्त) नाना प्रकारका सत्यहरूलाई किन भन्दछन् ?" दृष्टिसत्यको अर्थमा आएको छ । सुत्तनिपात (४,१२,७) आदिको "एक नै सत्य छ, दोस्रो छैन" परमार्थसत्य, निर्वाण र मार्गको अर्थमा आएको छ । विभंग आदिको "चार सत्यहरूमा कति कुशल छन् ?" आर्यसत्यको अर्थमा आएको छ । त्यो यहाँ पनि आर्यसत्यमा हुन्छ । यसरी अर्थोद्वारले पनि विनिश्चय जान्नुपर्दछ ।

(६) अन्यूनाधिक = किन न कम, न अधिक चार नै आर्यसत्य भनिएका छन् ? अरू नभएको र कुनै एकको निकाल्नयोग्य नभएको हुनाले । यससंग अरू अधिक मिल्न सक्दैन र न यसमध्ये कुनै एक निकाल्न नै सकिन्छ । जस्तै संयुक्त निकाय (५४,३,१) अनुसार भनिएको छ - "भिक्षुहरू, यहाँ कुनै श्रमण या ब्राह्मण आवस् र भनोस् - 'यो दु:ख आर्यसत्य होइन, अर्को दु:ख आर्यसत्य हो । म यस दु:खआर्यसत्यलाई छाडेर अर्को दु:ख आर्यसत्यको प्रज्ञापन गर्नेछु' यो सम्भव छैन ।" अरू पनि, जस्तै - संयुक्त निकाय (५१,२,४) अनुसार भनिएको छ - "भिक्षु जुनकुनै श्रमण या ब्राह्मणले यस्तो भनोस् - 'यो दु:ख आर्यसत्य प्रथम होइन जुन श्रमण गौतमद्वारा उपदेश दिइएको छ, म यस प्रथम दु:ख आर्यसत्यलाई छाडेर अर्को प्रथम दु:ख आर्यसत्यलाई प्रज्ञापन गर्नेछ' - यस्तो सम्भव छैन" आदि ।

अरू पनि, भगवान्ले प्रवृत्तिलाई भन्नुहुँदै हेतुको साथ भन्नुभयो र निवृत्तिलाई उपायको साथ, यसप्रकार प्रवृत्तिनिवृति दुवैको हेतुहरू चार नै हुनाले चार नै भनिएका छन् । त्यसरी नै (१) परिज्ञेय, प्रहातव्य, साक्षात्योग्य, भावनायोग्य; तृष्णावस्तु, तृष्णानिरोध, तृष्णानिरोधको उपाय र आलय; आलयरामता, आलयको नाश, आलयलाई नाश गर्ने उपायअनुसार पनि चार नै भनिएका छन् । यसरी यहाँ अन्यूनाधिकले विनिश्चय जान्नुपर्दछ ।

(७) क्रम = यो पनि देशनाक्रम नै हो । यहाँ स्थूल भएको तथा सबै सत्वहरूको लागि साधारण हुनाले राम्ररी जान्नयोग्य छ, यसैले दु:खसत्य पहिले भनिएको छ । त्यसैको हेतुलाई देखाउनको लागि त्यसपश्चात् समुदयसत्य भनिएको छ । हेतुको निरोधले फलको निरोध हुन्छ यसलाई बताउनको लागि त्यसपछि निरोधसत्य बताइएको छ । त्यसको प्राप्तिको उपायलाई देखाउनको लागि अन्तमा मार्गसत्य देखाइएको छ ।

या संसार सुखको आस्वादमा लिप्त भएका सत्वहरूलाई संवेग उत्पन्न गर्नको लागि प्रथम दु:खसत्य भनिएको छ । त्यो न त नगरिकन त्यसै आउँछ, न ईश्वरनिर्माण आदिले नै हुन्छ । तर 'यसले हुन्छ' बताउनको लागि त्यसपछि समुदयसत्य, त्यसपछि हेतुसहित दु:खले अभिभूत हुनाले संवेगलाई प्राप्त भएको मनयुक्त तथा दु:खको निस्तारलाई खोज्नेलाई निस्तारको दर्शनले आश्वास उत्पन्न गर्नको लागि निरोधसत्य एवं त्यसपछि निरोधको प्राप्तिको लागि निरोधलाई पुऱ्याउने मार्गसत्य बताइएको छ । यसरी यहाँ क्रमले विनिश्चय जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

(८) जाति आदिको निश्चयले = जुन ती आर्यसत्यहरूको निर्देश गर्नुहुँदै संयुक्त निकाय (५४,२,१) अनुसार भगवान्‌द्वारा -

*"जातिपि दुक्खा, जरापि दुक्खा, मरणम्पि दुक्खं, सोकपरिदेवदुक्ख दोमनस्सुपायासा पि दुक्खा, अप्पियेहि सम्पयोगो दुक्खो, पियेहि विप्पयोगो दुक्खो, यम्पिच्छं न लभति तम्पि दुक्खं, संखित्तेन पञ्चुपादानक्खन्धा दुक्खा ।"*

"जाति पनि दुःख, जरा पनि दुःख, मरण पनि दुःख, शोक, विलाप, दुःख, दौर्मनस्य, डाह पनि दुःख, अप्रियसंग सम्प्रयोग हुनु दुःख, प्रियसंग विप्रयोग हुनु दुःख, जुन इच्छा भएको पाईंदैन त्यो पनि दुःख, संक्षेपमा पाँच उपादानस्कन्ध दुःख हो ।' यसरी दुःख निर्देशमा बाह्र दुःख छन् ।

*यायं तण्हा पोनोब्भविका नन्दिरागसहगता तत्र तत्राभिनन्दिनी, सेय्यथिदं कामतण्हा, भवतण्हा, विभवतण्हा ।"*

जुन यो तृष्णा पुनर्भवयुक्त, नन्दीरागयुक्त, त्यहाँत्यहाँ अभिनन्दन गर्दछ, जस्तै - कामतृष्णा,भवतृष्णा, विभवतृष्णा ।" यसरी समुदय निर्देशमा तीन प्रकारका तृष्णा छन् ।

*"यो तस्सायेव तण्हाय असेस विराग निरोधो चागो पटिनिस्सगो मुक्ति अनालयो ।"*

'जुन त्यस तृष्णाको अशेष विराग, निरोध, त्याग, प्रतिनिःसर्ग, मुक्ति, अनालय छ ।' यसरी निरोध निर्देशमा अर्थले एक नै निर्वाण छ ।

*"कतमं दुक्खनिरोध गामिनी पटिपदा अरियसच्चं ? अयमेव अरियो अट्ठङ्गिको मग्गो सेय्यथिदं - सम्मा दिट्ठि ... सम्मा समाधि ।"*

'कुनचाहीं हो दुःखनिरोधगामिनी प्रतिपदा आर्यसत्य ? यही आर्य अष्टाङ्गिकमार्ग जस्तै - सम्यकदृष्टि ... सम्यकसमाधि ।' यसरी मार्ग निर्देशमा आठ धर्म छन् ।

### (१) दुःख

यसप्रकार चारै सत्यहरूको निर्देशमा जाति आदि धर्म बताइएको छ, त्यस जाति आदिको निश्चयले पनि यहाँ विनिश्चय जान्नुपर्दछ ।

### जाति

यो जाति शब्द अनेक अर्थयुक्त छ । त्यसरी नै दीघनिकाय (१,२) अनुसार - 'एक पनि जातिलाई, दुई पनि जातिलाई' आएको छ त्यो यहाँ भव (जन्म)को अर्थमा आएको छ । अंगुत्तर निकाय (३,२,१०)अनुसार आएको - 'विशाखे, निर्ग्रन्थ नामको श्रमण जाति छ' यो यहाँ समूहको अर्थमा छ । धातु कथामा आएको "जाति दुई स्कन्धहरूले संगृहीत छ" यो यहाँ संस्कृत लक्षणमा छ । महानिर्देशमा आएको 'जुन माताको पेटमा प्रथमचित्त उत्पन्न भएको, प्रथमविज्ञान प्रार्दुर्भाव भएको, यहाँदेखि लिएर त्यो वर्ष जाति हो" यो यहाँ प्रतिसन्धिको अर्थमा छ । मज्झिम निकाय (३,३,३)अनुसार आएको 'आनन्द, सम्प्रति (जात) बोधिसत्व" यो यहाँ प्रसुतिको अर्थमा छ । दीघनिकाय (१,३) अनुसार आएको 'अक्षिप्त, अनिन्दित जातिवादले" यो यहाँ कुलको अर्थमा छ । मज्झिम निकाय (२,४,६)अनुसार आएको 'भगिनी जबदेखि म आर्यजातिमा उत्पन्न भएँ' यो यहाँ आर्यशीलको अर्थमा छ ।

गर्भमा रहेको सत्वको प्रतिसन्धिदेखि लिएर जवसम्म आमाको पेटदेखि बाहिर निस्कदैन तबसम्म



Downloaded from http://www.dhamma.digital

प्रवर्तितस्कन्धहरूमा र अन्य संस्वेदज र औपपातिक सत्वहरुको प्रतिसन्धिस्कन्धहरूमा नै जाती हो भनी सम्झनुपर्दछ। यो पनि पर्यायकथा नै हो। निष्पर्यायले त्यहाँत्यहाँ उत्पन्न हुने सत्वहरूको जुनजुन स्कन्ध प्रकट हुन्छ त्यसत्यसको प्रथम प्रकट हुनु जाति हो।

त्यहाँत्यहाँ भवमा प्रथम उत्पन्न हुने जातीको लक्षण हो। दुःखलाई सुम्पिनु यसको कृत्य हो। भूतकालको भवले यहाँ उत्पन्न हुनाले जान्न सकिने छ या दुःखको विचित्रताले जान्न सकिन्छ। किन यो दुःख हो ? अनेक दुःखहरूको वस्तु हुनाले अनेक दुःख हुन् - जस्तै - (१) दुःखदुःख (२) विपरिणामदुःख (३) संस्कारदुःख (४) प्रतिच्छन्नदुःख (५) अप्रतिच्छन्नदुःख (६) पर्यायदुःख (७) निष्पर्यायदुःख।

त्यहाँ कायिक, चैतसिक दुःखवेदना स्वभाव र नामले दुःख भएको कारण दुःखदुःख भनिन्छ। सुखवेदना विपरिणाममा दुःखको उत्पत्तिको कारण विपरिणामदुःख भनिन्छ। उपेक्षावेदना र अवशेष त्रैभूमिकसंस्कार उत्पत्तिविनाशले पीढित भएको कारणले संस्कारदुःख भनिन्छ। कर्णशूल, दन्तशूल, रागले उत्पन्न परिदाह, द्वेषले उत्पन्न परिदाह आदि कायिक, चैतसिक रोगको लागि सोध्नुपर्ने र उपक्रमको अप्रकट हुनाले प्रतिच्छन्नदुःख भनिन्छ। यसलाई अप्रकटदुःख पनि भनिन्छ। मज्झिम निकाय (१,२,३) अनुसार वत्तीस प्रकारका दण्ड आदिले उत्पन्न रोग नसोधिकन नै जान्न सकिने कारण र उपक्रम प्रकट हुनाले अप्रतिच्छन्नदुःख हो। यसलाई प्रकटदुःख पनि भनिन्छ। दुःखदुःखलाई छाडेर शेष दुःख, दुःखसत्यको भागवण्डामा आएको जाति आदि, सबै त्यसत्यस दुःखको वस्तु हुनाले पर्यायदुःख हो। दुःखदुःख निष्पर्यायदुःख भनिन्छ।

त्यहाँ, यो जाति जुन त्यो बालपण्डित सुत्त, मज्झिम निकाय (३,३,९) आदिमा भगवान्द्वारा पनि उपमाअनुसार उपायको दुःख प्रकाशित गर्नुभएको छ र सुगतिमा पनि तथा मनुष्यलोकमा गर्भमा आउने आदिले दुःख उत्पन्न हुन्छ, त्यसको वस्तु हुनाले गर्भ दुःख हो।

यो गर्भमा आउने आदिले उत्पन्न दुःख हो - यो सत्व आमाको पेटमा उत्पन्न हुँदै उत्पल, पद्म, पुण्डरिक आदिमा उत्पन्न हुँदैन, प्रत्युत आमाशयको तल पक्वाशयको माथि पेटपटल र पीठ्यूँको काँटा (हड्डी)को बीच अत्यन्त थोरै स्थानमा, घना अन्धकारमा, नाना दूर्गन्धहरूको गन्धले परिभावित, परम दुर्गन्ध वायु घुम्दै गरेको, अत्यन्त घृणित, पेटको प्रदेशमा, सडेको माछा, सडेको दाल, ढल आदिमा कीरासमान उत्पन्न हुन्छ। त्यो त्यहाँ उत्पन्न दश महिना आमाको पेटमा उत्पन्न भएको गर्मीले पोका बाँधेर पकाएको समान पाक्दै, आँटाको डल्लोसमान तताएजस्तै, घुंम्ने, पसार्ने आदिले रहित अत्यन्त दुःखको अनुभव गर्दछ। यो गर्भमा आउने आदिले उत्पन्न दुःख हो।

जुन त्यो आमाको अचानक चिप्लने, चल्ने, बस्ने, उठ्ने, पल्टिने आदिमा, रक्सीयाको हातमा परको भेंडाजस्तै र सपेराको हातमा परेको साँपको बच्चाजस्तै, तानिनु आदि उपक्रमले धेरै दुःख अनुभव गर्दछ। जुन आमाले शीतल जललाई पिउने समय, शीतनरकमा उत्पन्न भएजस्तै, गर्म यवागु, भात आदि खाने समय अंगारको वृष्टिले भरेकोसमान, नुनिलो, अमिलो आदिको खाने समय, शरीरलाई बसुला आदिले छिलेर नुनले छर्केर दिइने दण्ड सजाय खारापच्छिका आदि दण्ड पाएसमान, तीव्र दुःखको अनुभव गर्दछ। त्यो गर्भपरिहरणमूलक दुःख हो।

जो गर्भले वेहोश भएको आमालाई मित्र, अमात्य, सुहृद आदिद्वारा पनि नदेख्नयोग्य दुःखोत्पत्तिको



Downloaded from http://www.dhamma.digital

स्थानमा काट्ने फार्ने आदिको दुःख उत्पन्न हुन्छ, यो गर्भ वपत्तिमूलक दुःख हो ।

जुन उत्पन्न गर्दै आमाको कर्मजवायुले उल्टाएर नरक प्रपात (भीर) जस्तै भयानक योनिमार्गमा पुऱ्याएजस्तै, धेरै साँगुरो योनिमुखबाट, तालाको प्वालाबाट निकालिएको धेरै ठूलो सर्पजस्तै र नरकको सत्वसमान संघातपर्वतहरूले चूर्णविचूर्ण गरिएजस्तै दुःख उत्पन्न हुन्छ। त्यो विजायनमूलक दुःख हो ।

भरखरै भएको नयाँ घाउजस्तै सुकुमार शरीरलाई हातले पक्रने, नुहाइदिने, धुने, लुगाले मल्ने आदि समय सियोको मुख टुप्पाले र छुराको धारले प्वाल पार्ने, च्यात्नेभैंं दुःख उत्पन्न हुन्छ त्यो आमाको पेटबाट बाहिर निस्कनाले उत्पन्न हुने जन्म दुःख हो ।

त्यसपछि जीवनकालमा आफैंले आफ्नो वध गर्नेलाई, नांगा रहने अचेलकब्रत आदिअनुसार आतापन (भोक, प्यास र घाम आदिबाट आफूलाई पीढित गर्नु), परितापन (पञ्चाग्निले आफ्नो शरीर तपाउनु) को योगमा लागेकोलाई, क्रोधले नखानेलाई र फाँसी लाउनेलाई दुःख हुन्छ यो आफ्नो उपक्रमले उत्पन्न उपक्रम दुःख हो ।

वध, वन्धन आदि भोग्नेलाई जुन पछि दुःख उत्पन्न हुन्छ यो अरूको उपक्रमले उत्पन्न दुःख हो । यसप्रकार यी सबै दुःखको यो जातिवस्तु नै हो । यसैले भनिएको छ –

*जायेथ नो चे नरकेसु सत्तो तत्थग्गिदाहादिकमप्पसय्हं ।*
*लभेथ दुक्खं नु कुहिं पतिट्ठं इच्चाह दुक्खाति मुनीध जाति ॥*

(यदि सत्व नरकहरूमा उत्पन्न भएन भने त्यहाँको असह्य दुःख कहां प्रतिष्ठा पाउँछ ? यसैले यहाँ मुनिले जातिलाई दुःख भन्नुभयो ।)

*दुक्खं तिरच्छेसु कसापतोद दण्डाभिधातादिभवं अनेकं ।*
*यं तं कथं तत्थ भवेय्य जातिं विना तहिं जाति ततोपि दुक्खा ॥*

(पशुहरूमा चाबुक लगाउनु, छेक्नु डण्डाले हिर्काउनु आदिले उत्पन्न जुन अनेक प्रकारका दुःख छन् ती दुःखहरू त्यहाँ त्यस जातिविना कसरी हुन्छ ? त्यसकारणले पनि जाति दुःख हो ।)

*पेतेसु दुक्खं पन खुप्पिपासा वातामतपादिप्पभवं विचित्तं ।*
*यस्मा अजातस्स न तत्थ अत्थि तस्मापि दुक्खं मुनि जातिमाह ॥*

(प्रेतहरूमा भोक प्यास, हावा, गर्मी आदिले उत्पन्न विचित्र दुःख छन् । त्यहाँ उत्पन्न नहुनेलाई त्यो दुःख छैन, यसैले मुनिले जातिलाई दुःख भन्नुभयो ।)

*तिब्बन्धकारे च असय्हसीते लोकन्तरे यं असुरेसु दुक्खं ।*
*न तं भवे तत्थ न चस्स जाति यतो अयं जाति ततोपि दुक्खा ॥*

(घना अन्धकार र असह्य शीतयुक्त लोकोत्तर नरक तथा असुरहरूमा जुन दुःख छ, यदि त्यहाँ जाति नभएमा, तब त्यो दुःख पनि हुँदैन जसको कारणले दुःख छ, त्यसकारणले पनि जाति दुःख हो ।)

*यञ्चापि गूथनरके विय मातुगब्भे सत्तो वसं चिरमतो बहि निक्खमञ्च ।*
*पप्पोति दुक्खमतिधोरमिदम्पि नत्थि जातिं विना इतिपि जाति अयं हि दुक्खा ॥*

(गुहुनरकमा रहनेजस्तै, आमाको गर्भमा धेरै दिनसम्म रहेर, त्यसबाट बाहिर निस्कँदै सत्व अत्यन्त



Downloaded from http://www.dhamma.digital

भयानक जुन दुःखलाई पाउँछ, यो पनि दुःख जातिविना हुँदैन, यसकारणले पनि यो जाति दुःख हो ।)

*किं भसितेन बहुना ननु यं कुहिञ्चि*
*अत्थिध किञ्चिदपि दुक्खमिदं कदाचि ।*
*नेवत्थि जातिविरहे यदतो महेसि*
*दुक्खाति सब्बपठमं इममाह जातिं ॥*

(धेरै भन्नाले के हुन्छ ? जसबाट यहां कतै पनि, कहिले पनि, केही पनि, जुन दुःख छन्, ती जातिलाई छाडेर छैनन् होइन ? त्यसले महर्षिले सबैभन्दा पहिले यस जातिलाई दुःख भन्नुभयो ।)

## जरा

जरा पनि दुःख हो – यहाँ जरा दुइप्रकारका हुन्छन् - (१) संस्कृत लक्षण र (२) दाँत भाँचिने आदि सम्मत, सन्ततिमा एक भवमा हुने स्कन्धहरूको पुरानो हुनु । त्यो यहां अभिप्रेरित छ । त्यो जरा स्कन्धहरूको परिपक्व गर्ने लक्षणको छ । मृत्युतिर लैजानु त्यसको कृत्य हो । यौवनको विनाशले जान्न सकिन्छ । संस्कारहरूको दुःख हुनु र दुःखको वस्तु हुनाले दुःख हो ।

जुन अंगप्रत्यंगको कमजोर हुनु, इन्द्रियहरूको विकार, कुरुप हुंनु, यौवनको विनाश, बलको ह्रास, स्मृति र बुद्धिको विप्रवास तथा अरुद्वारा परिभव गरिनु आदि अनेककारणले कायिक र चैतसिक दुःख उत्पन्न हुन्छन् जरा त्यसको वस्तु हो । यसैले यो भनिएको छ ।

*अङ्गानं सिथलीभावा इन्द्रियानं विकारतो ।*
*योब्बनस्स विनासेन बलस्स उपधाततो ॥*
*विप्पवासा सतादीनं पुत्तदारेहि अत्तनो ।*
*भपसादनीयतो चेव भिय्यो बालत्तपत्तिया ॥*
*पप्पोति दुक्खं यं मच्चो कायिक मानसं तथा ।*
*सब्बमेतं जरा हेतु यस्मा तस्मा जरा दुक्खा ॥*

(अंगहरूको शिथिल हुनु, इन्द्रियहरूको विकार, यौवनको विनाश, बलको ह्रास, स्मृति आदिको विप्रवास, आफ्नो स्त्रीपुत्रद्वारा अप्रसादको योग्य र अत्यन्त मूर्खभावलाई प्राप्त हुनाले व्यक्ति कायिक र मानसिक जुन दुःखलाई पाउँछन् त्यसरी सबै यी जराको कारणले हुन्छ - यसैले जरा दुःख हो ।)

यो जरामा विनिश्चय हो ।

## मरण

मरणं पनि दुःख हो – यहाँ पनि मरण दुई प्रकारका हुन्छन् - (१) संस्कृत लक्षण, जसप्रति विभंगअनुसार भनिएको छ - जरामरण दुई स्कन्धहरूले संगृहीत छन् र (२) एक भवमा भएको जीवितेन्द्रियको परम्पराको विच्छेद । जसप्रति सुत्तनिपात (३,८) अनुसार भनिएको छ - 'नित्य मरणले भय छ' । त्यो यहाँ अभिप्रेरित छ । जातिमरण, उपक्रममरण, सरसमरण, आयुायले मरण र पुण्यक्षयले मरण पनि त्यसैको नाम हो ।

यो च्यूतिको लक्षणयुक्त छ । वियोग गर्नु यसको कृत्य हो । गतिको विप्रवासले जानिन्छ । दुःखको वस्तु हुनाले यसलाई दुःख जान्नुपर्दछ । यसैले यो भनिन्छ –



Downloaded from http://www.dhamma.digital

*पापस्स पापकम्मादि निमित्त मनुपस्सतो ।*
*भद्दस्सापसहन्तस्स वियोगं पियवत्थुकं ॥*
*मीयमानस्स यं दुक्खं मानसं अविसेसतो ।*
*सब्बेसञ्चापि यं सन्धिबन्धनच्छेदनादिकं ॥*
*वितुज्जमानम्मानं होति दुक्खं सरीरजं ।*
*असह्यमप्पतीकारं दुक्खस्सेतस्सिदं यतो ।*
*मरणं वत्थु तेनेतं दुक्खमिच्चेव भासितं ॥*

(पापकर्म आदिको निमित्तलाई देख्ने पापीलाई, पुण्यकर्म गर्नेलाई पनि प्रियवस्तुको वियोगलाई सहँदै, मर्नेलाई जुन मानसिक दुःख हुन्छ, साधारणरूपले मन बाँध्न नसक्नेहरू सबैको पनि जोड्नीहरू भाँचिने आदि असह्य, प्रतिकाररहित (असाध्य) शरीरले उत्पन्न जुन दुःख छ, मरण यसको कारण हो, यसैले मरण दुःख नै भनिएको छ ।)

यो मरणप्रति विनिश्चय हो ।

## शोक

शोक भनिन्छ ज्ञातिको विनाश आदिलाई प्राप्त भएको व्यक्तिको चित्तको सन्तापलाई । यद्यपि त्यो अर्थले दौर्मनश्य नै हुन्छ, यस्तो हूंदा पनि भित्र चिन्तन गर्ने लक्षणको हुन्छ । चित्तलाई तड्पाउनु यस्को कृत्य हो । पश्चाताप गर्नाले जानिन्छ । दुःखदुःख र दुःखको वस्तु हुनाले दुःख हो । यसैले भनिएको छ –

*सत्तानं हदयं सोको विसल्लं व तुज्जति ।*
*अग्गितत्तोव नाराचो भुसञ्च दहते पुन ॥*
*समावहति च व्याधि जरामरण भेदनं ।*
*दुक्खम्पि विविधं यस्मा तस्मा दुक्खोति वुच्चति ॥*

(किनकि प्राणीहरूको हृदयलाई शोक, विष चोपिएको काँढाजस्तै, घोच्दछ, आगोमा तताएको नाराच (फलामको वाण) अत्यन्त तड्पाउँछ र फेरि रोग, जरा, मरण आदि नानाप्रकारका दुःखलाई पनि ल्याउँछ, यसैले दुःख भनिन्छ ।)

यो शोकप्रति विनिश्चय हो ।

## परिदेव

परिदेव भनिन्छ ज्ञाति विनाश आदिलाई प्राप्त भएको व्यक्तिले आवाज निकालीनिकाली शब्दले विलाप गर्नुलाई । त्यो अत्यन्त कराउने लक्षणको छ । विलाप गर्दा गुण दोषलाई भत्भताउनु यसको कृत्य हो । गरिएका समयमा संभ्रान्त (विचलित हुनु) हुनाले जानिन्छ । संस्कार दुःख हुने र दुःखको वस्तुले दुःख हो । यसैले यो भनिएको छ –

*यं सोकसल्लविहतो परिदेवमानो कण्ठोट्ठतालुगलसोसजमप्पसय्हं ।*
*भिय्योधिमत्तमधिगच्छति येव दुक्खं दुक्खोति तेन भगवा परिदेवमाह ॥*

(जसले शोकको काँढाले हतास भएको परिदेव गर्दै, कण्ठ, ओंठ, तालु, गला सुख्नाले असह्य,



Downloaded from http://www.dhamma.digital

अत्यन्त अधिक दुःखलाई प्राप्त नै हुन्छ। यसैले भगवान्ले परिदेवलाई दुःख भन्नुभयो।)

यो परिदेवप्रति विनिश्चय हो।

## दुःख

दुःख भनिन्छ कायिक दुःखलाई। त्यो कायलाई पीढित गर्ने लक्षणको छ। दुष्प्रज्ञहरूको लागि दौर्मनस्य गर्ने कृत्यको छ। कायिक आवाधा (पीढा)ले जानिन्छ। दुःखदुःख र मानसिकदुःखलाई ल्याउनाले दुःख हो। यसैले यो भनिएको छ –

*पीलेति कायिकमिदं दुक्खं दुक्खञ्च मानसं भिय्यो।*

*जनयति यस्मा तस्मा दुक्खन्ति विसेसतो वुत्तं॥*

(किनकि यो कायिकदुःख पीढित गर्दछ र धेरै अधिक मानसिकदुःख उत्पन्न गर्दछ, यसैले विशेष रूपले दुःख भनिएको हो।)

यो दुःखप्रति विनिश्चय हो।

## दौर्मनस्य

दौर्मनस्य भनिन्छ मानसिकदुःखलाई। त्यो चित्तलाई पीढित गर्ने लक्षणको छ। मनलाई दुःखीत गर्नु यसको कृत्य हो। मनको रोगले जानिन्छ। दुःखदुःख र कायिकदुःखलाई ल्याउनाले दुःख हो। चित्तको दुःखलाई प्राप्त भएको व्यक्ति केश फिंजाएर रूँदै, छाती पिट्दै, लडीबुडी खेल्दै, खुट्टा मास्तिर पारेर खस्दछ, आत्महत्या गर्दछ, विष खान्छ, डोरीले फाँसी लाउँछ, आगोभित्र पस्दछ। यसरी नाना प्रकारका दुःखको अनुभव गर्दछन्। यसैले यो भनिएको छ –

*पीलेति यतो चित्तं कायस्स च पीलनं समावहति।*

*दुक्खन्ति दोमनस्सं विदोमनस्सा ततो आहु।*

(किनकि चित्तलाई पीढित गर्दछ र कायको पीढालाई पनि ल्याउँदछ, यसैले दौर्मनस्यरहित भगवान्‌बुद्धले दौर्मनस्यलाई दुःख भन्नुभयो।

यो दौर्मनस्यप्रति विनिश्चय हो।

## उपायास

उपायास भनिन्छ ज्ञातिको विनाश आदिलाई प्राप्त भएको व्यक्तिको अत्यन्त चित्तको दुःखले उत्पन्न द्वेषलाई को संस्कारस्कन्धमा हुने एक धर्म हो - यसरी कोहीकोही भन्दछन्। चित्तलाई तडपाउने यसको लक्षण हो। कुढिनु यसको कृत्य हो। खेद विषाद गर्नाले जानिन्छ। संस्कारदुःख हुने, चित्तलाई तडपाउने र कामको विषादले दुःख हो। यसैले यो भनिएको छ –

*चित्तस्स च परिदहना कायस्स विसादना च अधिमत्तं।*

*यं दुक्खमुपायासो जनेति दुक्खो ततो कुतो॥*

(चित्तलाई जलाउने र कायलाई विषाद उत्पन्न गर्नाले जुन अत्यन्त दुःख उत्पन्न गर्दछ, त्यसैले उपायास दुःख भनिन्छ।)



Downloaded from http://www.dhamma.digital

यो उपायासप्रति विनिश्चय हो ।

यहाँ मन्द आगोले भाँडोभित्र पकाउने शोक, तेज अग्निले पकाउने भाँडोबाहिर निस्कने परिदेव र बाहिर निस्केर अवशेषलाई निकाल्न नसक्ने भाँडोभित्र नै जलेर समाप्त भएसम्म पाक्ने उपायासलाई सम्झिनुपर्दछ ।

## अप्रियको सम्प्रयोग

अप्रियको सम्प्रयोग भनिन्छ अमनाप सत्व र काँढाआदि अप्रियवस्तुहरूसंग मिलनलाई । यो अनिष्टसंग मिलन हुने लक्षणको छ । चित्तलाई दुःखीत गर्नु त्यसको कृत्य हो । अनर्थभावले जानिन्छ । दुःखको वस्तु हुनाले दुःख हो । यसैले यो भनिने गरिन्छ –

*दिस्वाव अप्पिये दुक्खं पठमं होति चेतसि ।*
*तदुपक्कमसम्भूतमथ काये यतो इध ॥*
*ततो दुक्खद्वयोस्सापि वत्थुतो सो महेसिना ।*
*दुक्खो वुत्तोति विञ्ञेय्य अप्पियेहि समागमो ॥*

(जसबाट अप्रियहरूलाई देख्नासाथ पहिला चित्तमा दुःख हुन्छ, त्यसपछि त्यसको उपक्रमले उत्पन्न कायमा दुःख हुन्छ । यसैले दुवै दुःखहरू पनि वस्तु हुनाले त्यो अप्रियहरूसंग मेल हुनु महर्षिद्वारा दुःख भनिएको छ - यसरी जान्नुपर्दछ ।)

यो अप्रियको सम्प्रयोगप्रति विनिश्चय हो ।

## प्रियको वियोग

प्रियको वियोग भनिन्छ मनाप सत्व र चीवर पिण्डपातआदि प्रिय वस्तुहरूबाट अलग हुनुलाई । त्यो इष्टवस्तुको वियोगको लक्षणको छ । शोक उत्पन्न गर्नु यसको कृत्य हो । वस्तुको विनाशले उत्पन्न शोकले जानिन्छ । शोक दुःखको वस्तु हुनाले दुःख हो । यसैले यो भनिन्छ –

*ञातिधनादिवियोगा सोकसरसमप्पिता वितुज्जन्ति ।*
*बाला यतो ततोयं दुक्खोति मतो पियवियोगो ॥*

(जसबाट मूर्खहरू ज्ञाति, धनआदिको वियोगले शोकरूपी वाण लागेर पीढित हुन्छन्, त्यसबाट यो प्रियको वियोग दुःख मानिन्छ ।)

यो प्रियको वियोगप्रति विनिश्चय हो ।

## इच्छितको अलाभ

जुन चाहिएको पाईंदैन - यहाँ 'धेरै राम्रो हुन्थ्यो कि हामीहरू उत्पन्न हुने नहोऔं' आदि प्राप्त नहुने वस्तुहरूको लागि इच्छा नै "जुन चाहिएको नपाउनु हो, त्यो पनि दुःख हो" विभंगमा भनिएअनुसार भनिएको हो । त्यो अलभ्यवस्तुलाई चाहने लक्षणको छ । त्यसलाई खोज्नु यसको कृत्य हो । त्यसको अप्राप्तिले जानिन्छ । दुःखको वस्तु हुनाले दुःख हो । यसैले यो भनिन्छ –



Downloaded from http://www.dhamma.digital

*तं तं पत्थयमानानं तस्स तस्स अलाभतो ।*
*यं विधातमयं दुक्खं सत्तानं इध जायति ॥*
*अलब्भनेय्यवत्थूनं पत्थना तस्स कारणं ।*
*यस्मा तस्मा जिनो दुक्खं इच्छितालाभमब्रवी"*

(किनकि त्यसत्यस वस्तुको चाहना गर्नेको त्यसत्यसको अप्राप्तिले प्राणीहरूलाई जुन हैरान गरिने दुःख उत्पन्न हुन्छ, अलभ्यवस्तुको चाहना त्यसको कारण हुन्छ, यसैले जिन (बुद्ध) ले इच्छितको अलाभलाई दुःख भन्नुभएको छ ।)

यो इच्छितको अलाभप्रति विनिश्चय हो ।

### पाँच उपादानस्कन्ध

संक्षेपमा पञ्च उपादानस्कन्ध दुःख हो - यहाँ
*जातिप्पभुतिकं दुक्खं यं वुत्तमिध तादिना ।*
*अवुत्तं यञ्च तं सब्बं विना एते न विज्जति ॥*
*यस्मा तस्मा उपादानक्खन्धा संखेपतो इमे ।*
*दुक्खाति वुता दुक्खन्तदेसकेन महेसिना ॥*

(जाति आदि जुन दुःख यहाँ भनिएको छ र भगवान्‌द्वारा जुन बालपण्डितादि सूत्रहरूमा भन्नुभएको छ, त्यो पनि यहाँ स्वरूपले भनिएको छैन, किनकि त्यो सबै यसविना हुँदैन, यसैले दुःखको अन्त (निर्वाण)को उपदेशक महर्षिद्वारा संक्षेपमा यी पाँच उपादानस्कन्ध दुःख भन्नुभएको छ ।)

काठको लागि आगो, लक्ष्यलाई प्रहार, गाईलाई माखा, मच्छर आदि, खेतलाई खेत काट्ने किसान, गाउँलाई डाकू आढि पीढित गर्दछ त्यसरी नै पाँच उपादानस्कन्धलाई नै जाति आदि नानाप्रकारले पीढित गर्दै, तृणलता आदिको भूमिमा र फूल, फल, पालुवा रूखहरूमा उत्पन्न हुने दुःखहरू उपादानस्कन्धहरूमा नै उत्पन्न हुन्छन् ।

उपादानस्कन्धहरूको प्रारम्भिक दुःख जाति हो । मध्य दुःख जरा हो । अन्तिम दुःख मरण हो । मरणान्तक दुःखको पीढाले चित्तको सन्ताप शोक हो । त्यसलाई नसहनाले अत्यन्त विलाप गर्ने दुःख परिदेव हो । त्यसपछि धातुप्रकोप भनिने अनिष्टस्पर्शको मिलनले कायको पीढाको दुःख, दुःख हो । त्यसबाट पीढित हुने पृथग्जनहरूको त्यसमा प्रतिधको उत्पत्तिले चित्तलाई पीढित गर्ने दुःख दौर्मनस्य हो । शोक आदिको वृद्धिले उत्पन्न विपाद गर्नेहरूको कुढ़िनु (भित्री चिन्ता गर्नु)को दुःख उपायास हो । मनोरथको पूर्ति नभएको व्यक्तिहरूको इच्छित वस्तुको अप्राप्तिको दुःख इच्छितको अलाभ हो । यसरी नाना प्रकारले राम्ररी विचार गर्दा उपादानस्कन्ध नै दुःख हो ।

यसमध्ये एकएकलाई केलाएर भन्दा अनेक कल्पहरूमा पनि सम्पूर्ण भन्न सकिँदैन, यसैले ती सब दुःख हुन् । एक थोपा पानीमा समुद्र जल जुनकुनै पाँच उपादानस्कन्धहरूमा संक्षिप्त गरी देखाउनको लागि संक्षेपमा पाँच उपादानस्कन्ध दुःख हो भनी भगवान्‌ले भन्नुभयो ।

यो उपदानस्कन्धहरूमा विनिश्चय हो ।



Downloaded from http://www.dhamma.digital

## २. दुःखसमुदय

समुदय निर्देशमा यायं तण्हा - जुन यो तृष्णा। पोनोब्भविका - पुनः उत्पन्न हुनु पुनर्भव हो। पुनर्भव गर्नु यसको स्वभाव हो, यसैले पुनर्भवयुक्त छ। नन्दी र रागयुक्त नन्दिरागसहगता हो। नन्दी र राग अर्थले एकत्र नै भएको छ भनी भनिएको छ। तत्र तत्राभिनन्दिनी - जहाँजहाँ शरीर उत्पन्न हुन्छ, त्यहाँत्यहाँ अभिनन्दन गर्ने गर्छ। सेय्यथिदं - यो निपात हो। त्यसको 'त्यो कुनचाहिं हो ? भन्ने अर्थ हो। कामतण्हा, भवतण्हा, विभवतण्हा - यो प्रतीत्यसमुत्पाद निर्देशमा प्रकट हुनेछ। यहाँ तीनै प्रकारका दुःखसत्यलाई पनि उत्पन्न गर्ने अर्थमा ल्याएर दुःखसमुदय-आर्यसत्य भनिएको छ भनी जान्नुपर्दछ।

## ३. दुःखनिरोध

दुःखनिरोध निर्देशमा - यो तस्सायेव तण्हाय आदिप्रकारले समुदयको निरोध भनिएको छ, त्यो किन भनिएको छ ? समुदयको निरोधले, दुःखको निरोध हुनाले। किनकि समुदयको निरोधले दुःख निरुद्ध हुन जान्छ, अन्यथा होइन। यसैले धम्मपद (२४,५) अनुसार भनिएको छ –

*यथापि मूले अनुपद्दवे दल्हे छिन्नोपि रुक्खो पुनदेव रुहति।*
*एवम्पि तण्हानुसय अनूहते निब्बत्तति दुक्खमिदं पुनप्पुनं॥*

(जसरी दृढमूलको पूर्णतया नष्ट नभएसम्म काटिएको रूख फेरि पनि बढ्दछ, त्यसरी तृष्णा र अनुशयसमूह नष्ट नहुनाले यो दुःख वारम्वार उत्पन्न भई नै रहन्छ।)

यसप्रकार समुदयको निरोधले नै दुःख निरुद्ध हुन जान्छ। यसैले भगवान्ले दुःखनिरोधलाई देखाउनुहुँदै समुदयको निरोधले उपदेश दिनुभयो। तथागत सिंहजस्तै स्वभाव भएको हुन्छन्। जसरी सिंह कुनै चीजद्वारा पिटाईखाँदा वस्तुप्रति आफ्नो बल देखाउँदैन, प्रत्युत पिट्नेप्रति नै झम्टिन्छ। यसरी नै तथागत कारणलाई नै देख्नुहुन्छ, फललाई होइन। उहाँहरू दुःखको निरोध गर्नुहुँदै र दुःखनिरोधलाई बताउनुहुँदै हेतुमा भिड्नु हुन्छ, फलमा होइन। तर अन्य मतावलम्बी कुकुरको स्वभावका छन्। कुकुर ढुंगाद्वार हिर्काईंदा ढुंगालाई नै झम्टिन्छ, तर हिर्काउनेलाई लखेट्दैन। यसरी नै अन्य मतावलम्बीहरू फललाई देख्दछन्, हेतुलाई होइन। ती दुःखको निरोध गर्दै र दुःखनिरोधलाई बताउँदै अत्तकिलमथानुयोग (नाना प्रकारले शरीरलाई कष्ट दिने पद्धति) को उपदेश आदिले फलमा भिड्दछ, हेतुमा होइन। यसरी दुःखनिरोधको समुदयनिरोधले उपदेशको प्रयोजनलाई जान्नुपर्दछ।

यो अर्थ हो - तस्सायेव तण्हाय - त्यस पुनर्भवलाई देखाएर कामतृष्णा आदिअनुसार विभक्त तृष्णालाई देखाउनको लागि। विराग भनिन्छ मार्गलाई। मज्झिम निकाय (३,२,२) अनुसार भनिएको छ "विरागले विमुक्त हुन्छ।" विरागले निरोध विरागनिरोध हो। अनुशयहरूको विनाशले सम्पूर्णतः विराग निरोध असेसविरागनिरोध हो। अथवा विराग प्रहाणलाई भनिन्छ। यसैले सम्पूर्णतः निरोध - यसरी पनि यहाँ, योजना द्रष्टव्य छ। अर्थले सारा नै यी निर्वाणका पर्याय हुन्।

परमार्थले दुःखनिरोध-आर्यसत्य निर्वाण भनिन्छ। किनकि त्यसलाई पाएर तृष्णा अलग हुन्छ र निरुद्ध हुन जान्छ, यसैले विराग र निरोध भनिन्छ। त्यसैलाई पाएर त्यसको त्याग आदि हुन्छन्, तथा कामगुणको आलयहरूमा यहाँ एक पनि आलय छैन यसैले चागो (त्याग), पटिनिस्सगो (प्रतिनिःसर्ग), मुत्ति (मुक्ति), अनालयो भनिन्छन्।



Downloaded from http://www.dhamma.digital

यो शान्ति लक्षणको छ । अच्युत या आश्वास गर्ने कृत्यको छ । अनिमित्तले या निष्प्रपञ्चले जानिन्छ ।

## के निर्वाण छैन ?

के खरायोको सींग उपलब्ध नभएजस्तै निर्वाण पनि छैन ? उपायले निर्वाण उपलब्ध हुनाले खरायोको सींग उपलब्ध नभएजस्तै कुरा होइन । त्यो त्यसअनुरूप भनिने उपायले, चैतोपर्यज्ञानले अरूको लोकोत्तरचित्तलाई जान्नेसमान निर्वाण पनि उपलब्ध छ । यसैले प्रत्यक्ष उपलब्ध नहुँदैमा छैन भनी भन्नु हुँदैन । जसलाई मूर्ख पृथग्जनले कुनै वस्तु नपाउँदैमा 'त्यो छैन' भनी भन्दछन् यसरी पनि भन्नु हुँदैन ।

किन निर्वाण छैन भनी भन्नु हुँदैन? प्रतिपत्तिको बन्ध्या हुनाले । किनकि निर्वाण नहुँदा सम्यकदृष्टिलाई अगाडि पारिदिएकोर शील, समाधि, प्रज्ञा आदि तीन स्कन्धहरूमा संगृहीत भएको प्रतिपत्ति बन्ध्या हुन जान्छ र यस प्रतिपत्तिले निर्वाणलाई पुऱ्याउने हुनाले निर्वाण बन्ध्या होइन । के पाप गर्नेहरूको अभावले प्रतिपत्ति बन्ध्या होइन ? भूत, भविष्यत् हुँदा पनि निर्वाणको प्राप्तिको अभावले प्रतिपत्ति बन्ध्या छैन । के निर्वाण छ भने वर्तमान्को पनि अभाव छ ? (१) त्यसको अभावको असम्भव हुनाले, (२) अभावमा वर्तमान् नहुनाले र (३) वर्तमान् स्कन्धको आश्रित मार्गको क्षण सोपादिशेष निर्वाणधातुको प्राप्तिले यी वर्तमान्का अभावको दोषले वर्तमान्को अभाव छ भनी भनिएको विचार ठीक छैन । तब के क्लेशहरूको वर्तमान् नहुनाले दोष छैन ? यस भनाईले आर्यमार्ग निरर्थक हुने हुनाले यस्तो भनाई पनि ठीक छैन । किनकी यस्तो हुँदा आर्यमार्गको क्षणभन्दा पहिला पनि क्लेश हुँदैनन् भनी सम्झिने कारणले आर्यमार्ग निरर्थक हुन जान्छ । यसैले यो अकारण (अयुक्ति) हो ।

## के क्षय निर्वाण हो ?

"आवुसो जुन रागको क्षय हो" आदि संयुक्त निकाय (४१,२,१)को वचनले के क्षय निर्वाण हो ? होइन, अर्हत्को पनि रागको मात्र क्षय हुनाले । त्यो पनि "आवुस, जुन रागको क्षय हो" आदिप्रकारले निर्दिष्ट भएको अनुसार क्षय निर्वाण भएमा निर्वाण स्वल्पकालिक, संस्कृत लक्षणयुक्त र सम्यक व्यायाम तथा निरपेक्षाले प्राप्त हुने हुन जान्छ । साथै संस्कृत लक्षण हुनाले संस्कृतमा हुने तथा संस्कृतमा हुनाले राग आदि अग्निले आदिप्त, र आदिप्त हुनाले दुःख पनि हुन जान्छ । त्यसैले निर्वाणको स्वल्पकालिक आदि भएको दोषले क्षय निर्वाण होईन, त्यसभन्दा बढी अरू के भन्नु ? क्षयका कारणले फेरि प्रवर्ति हुँदैन, त्यसैले के क्षयको निर्वाण हुनुले के दोष छैन ? छैन, किनकी त्यसप्रकारको क्षय नहुनाले । पछि त्यसप्रकारको क्षय हुँदा पनि उक्तप्रकारको दोष नहुनाले र आर्यमार्गले निर्वाणभावलाई प्राप्त हुनाले । किनकी आर्यमार्गले दोषहरूलाई नाश गर्दछ, यसैले क्षय भनिन्छ र तबदेखि लिएर फेरि दोष प्रवर्तित हुँदैन ।

अनुत्पत्ति र निरोध भनिने क्षयको पर्यायले उपनिश्रय हुनाले । जसको उपनिश्रय हुन्छ, त्यसको उपचारले क्षय भनिन्छ । किन स्वरूपले नै भनिएको छैन ? अत्यन्त सूक्ष्म हुनाले । त्यसको अत्यन्त सूक्ष्मता भगवान्लाई पनि बोधगयामा धर्मोपदेश गर्न निरुत्साह गर्ने भएकोले र आर्यचक्षुले देख्नयोग्य हुनाले सिद्ध छ । मज्झिम निकाय (१,३,६) अनुसार भगवान्ले भन्नुभयो –



Downloaded from http://www.dhamma.digital

*यो धर्म पाएँ कष्टले यसको युक्त प्रकाश न गर्नु ।*
*राग द्वेष प्रलिप्तलाई छैन सजिलो यसलाई जान्नु ॥*
*गम्भीर उल्टाधार युक्त दुर्दृश्य सूक्ष्म प्रवीणको ।*
*तम पुँजछ्यादित रागरतद्वारा छैन सम्भव देख्नु ।*

## निर्वाण कस्तो छ ?

यो मार्ग समङ्गीद्वारा पाइनाले असाधारण छ । पूर्वकोटिको अभावले अप्रभव छ । मार्गको हुँदा भावले अप्रभव, छैन ? छैन, मार्गले उत्पन्न नगर्नाले । यो मार्गले नै पाइन्छ, उत्पन्न गरिंदैन यसैले अप्रभव हो । अप्रभव हुनाले अजरअमर छ । प्रभव र जरामरणको अभावले नित्य छ ।

के निर्वाणजस्तै अणु आदि पनि नित्य छ ? छैन, हेतुको अभावले । के निर्वाणको नित्य हुनाले ती नित्य छन् ? छैन, हेतु स्वभावको उत्पन्न नहुनाले । के उत्पत्ति आदिको अभावले निर्वाणजस्तै नित्य छ ? छैन, अणु आदिको सिद्ध नहुनाले ।

यथोक्तयुक्तिको हुनाले यही नित्य हो । रूपको स्वभावको अतिक्रमण गर्नाले अरूप हो । बुद्ध आदिको निष्टाको विशेषभावले एक नै निष्ठा छ । जसद्वारा भावनाले पाइएको छ, त्यसको क्लेशहरूको उपशम र उपादिशेषलाई लिएर प्रज्ञापन गरिनाले उपादिशेषसंगै प्रज्ञापित हुन्छ, यसैले सोपादिशेष हो । जुन त्यसको समुदयको प्रहाणले भविष्यको कर्मफलको नाश हुनाले र अन्तिम च्यूतिचित्तअगाडि प्रवर्तित स्कन्धहरू उत्पन्न नहुनाले तथा उत्पन्न भएको स्कन्धहरू अन्तरधान हुनाले उपादिशेषको अभाव छ, जसलाई लिएर "छैन यहाँ उपादिशेष" आदि भनिने गरिन्छ यसैले अनुपादिशेष हो ।

अशिथिल पराक्रमले सिद्ध, विशेषज्ञानले प्राप्त गरिनाले र सर्वज्ञको वचन तथा परमार्थले निर्वाण अविद्यमान छैन । यो उदान (८,३) र इतिवुत्तक (२,२,६) अनुसार भनिएको छ – "भिक्षुहरू, निर्वाण - अजात, अभूत, अकृत, असंस्कृत हो ।"

यो दुःखनिरोध निर्देशमा विनिश्चय कथा हो ।

## ४. दुःखनिरोधगामिनी प्रतिपदा

दुःखनिरोधगामिनी प्रतिपदाको निर्देशमा भनिएको आठ धर्म यद्यपि स्कन्ध निर्देशमा पनि अर्थले प्रकाशित नै छ, तर यहाँ त्यसको एक क्षणमा हुने धर्महरूको विशेष जानकारीको लागि भनिने छ ।

### सम्यकदृष्टि

संक्षेपमा चार आर्यसत्यको प्रतिवेधको लागि लागेको योगीको, निर्वाणको आलम्बनयुक्त, र अविद्याको अनुशयलाई नाश गर्ने प्रज्ञाचक्षु सम्यकदृष्टि हो । त्यो ठीकले देख्ने लक्षणको छ । धातुलाई प्रकाशित गर्नु यसको कृत्य हो । अविद्यारूपी अन्धकारलाई विध्वंस गर्नाले जानिन्छ ।

### सम्यकसंकल्प

त्यसप्रकारको सम्यकदृष्टि हुनेको त्यसयुक्त मिथ्यासंकल्पलाई नाश गर्ने चित्तलाई निर्वाणपदमा लगाउने सम्यकसंकल्प हो । त्यो चित्तलाई ठीकसंग लगाउने लक्षणको छ । निर्वाणको आलम्बन गरी



Downloaded from http://www.dhamma.digital

त्यहाँसम्म पुऱ्याइदिनु यसको कृत्य हो । मिथ्यासंकल्पको प्रहाणले जानिन्छ ।

### सम्यकवचन

त्यसरी देख्नेलाई र वितर्क गर्ने व्यक्तिको, त्यसयुक्त वाकदुश्चरितलाई नाश गर्ने मिथ्यावचनले विरति सम्यकवचन हो । त्यो परिग्रहको लक्षणको छ । विरत हुनु यसको कृत्य हो । मिथ्यावचनको प्रहाणले जानिन्छ ।

### सम्यककर्मान्त

त्यसरी विरत हुने व्यक्तिको त्यसयुक्त मिथ्याकर्मान्तलाई नाश गर्ने जीवहिंसाआदिले विरति सम्यककर्मान्त हो । त्यो उठाउने लक्षणको छ । विरत हुनु त्यसको कृत्य हो । मिथ्याकर्मान्तको प्रहाणले जानिन्छ ।

### सम्यकआजीविका

जुन सम्यकवचन र सम्यककर्मान्तको विशुद्धि स्वरूप त्यसयुक्त कुहन (ठगी) आदिलाई नाश गर्ने मिथ्याआजीवले विरति हो, त्यो सम्यकआजीव हो । त्यो परिशुद्ध लक्षणको छ । ज्ञानले आजीवलाई चलाउने कृत्य हो । मिथ्याआजीवको प्रहाणले जानिन्छ ।

### सम्यकव्यायाम

जो त्यस सम्यकवचन, सम्यककर्मान्त र सम्यकआजीव भनिने शीलको भूमिमाथि प्रतिष्ठित भएको व्यक्तिको त्यसअनुरूप आलस्यलाई नाश गर्ने प्रयत्न छ, यो सम्यकव्यायाम हो । त्यो पछाडि नहट्ने लक्षणको छ । अनुत्पन्न अकुशललाई उत्पन्न हुन नदिने आदि त्यसको कृत्य हो । मिथ्याव्यायामको प्रहाणले जानिन्छ ।

### सम्यकस्मृति

यसरी व्यायाम गर्ने व्यक्तिको मिथ्यास्मृतिलाई नाश गर्ने चित्तको नभूल्नु, सम्यकस्मृति हो । त्यो आलम्बनको यथार्थरूपले जानिने स्वभावको छ । नभुल्नु यसको कृत्य हो । मिथ्यास्मृतिको प्रहाणले जानिन्छ ।

### सम्यकसमाधि

यसरी अनुत्तर स्मृतिले राम्ररी बचाइएको चित्तयुक्त व्यक्तिको त्यसले सम्प्रयुक्त भएर नै मिथ्यासमाधिलाई विध्वंस गर्ने चित्तको एकाग्रता सम्यकसमाधि हो । त्यो अविक्षेपको लक्षणको छ । समाधान गर्नु यसको कृत्य हो । मिथ्यासमाधिको प्रहाणले जानिन्छ ।

यो दु:खनिरोधगामिनी प्रतिपदा निर्देशमा ढंग हो । यसरी यहाँ जाति आदिको निश्चयले विनिश्चय जान्नुपर्दछ ।

(९) ज्ञानको कृत्य = सत्यज्ञानको कृत्यले पनि विनिश्चय जान्नुपर्दछ । सत्यज्ञान दुई प्रकारका छन् - (१) अनुबोधज्ञान र (२) प्रतिवेधज्ञान । त्यसमा अनुबोधज्ञान लौकिक हो । त्यो अनुश्रवण



Downloaded from http://www.dhamma.digital

आदिअनुसार निरोध र मार्गमा प्रवर्तित हुन्छ। प्रतिवेधज्ञान लोकोत्तर निरोधलाई आलम्बन गरी कृत्यले चार सत्यहरूको प्रतिवेध गर्दछ। जस्तै-संयुक्त निकाय (५४,३,१) अनुसार भनिएको छ - 'भिक्षुहरू, जसले दु:खलाई देख्दछ, उसले दु:खको समुदयलाई पनि देख्दछ, दु:खको निरोधलाई पनि देख्दछ, दु:ख निरोधगामिनी प्रतिपदालाई पनि देख्दछ" आदि सबै भन्नुपर्दछ। त्यो यसको कृत्य ज्ञानदर्शन विशुद्धिमा प्रकट हुनेछ।

जुन लौकिक छ, त्यहाँ दु:खज्ञान क्लेशहरूको उत्पत्ति र अभिभवअनुसार प्रवर्तित सत्कायदृष्टिलाई रोक्दछ। समुदयज्ञान उच्छेददृष्टिलाई, निरोधज्ञान शाश्वतदृष्टिलाई, मार्गज्ञान अक्रियदृष्टिलाई रोक्दछ। या दु:खज्ञान ध्रुव, शुभ, सुख र आत्मारहित स्कन्धहरूमा ध्रुव, शुभ, सुख, आत्मा भएको फलमा विप्रतिपत्तिलाई रोक्दछ। समुदयज्ञान ईश्वर (ईश्वर नै लोकलाई बनाउँछ, बिगार्छ आदि ईश्वरवादिहरूको मत) प्रधान, (प्रधानले लोक प्रकट हुन्छ, त्यही चाउरिएर जान्छ, यसरी प्रधानवादी भन्दछन्), काल (कालवादी भन्दछ कि काल नै सबैथोक गर्दछ)- स्वभाव (माउसुलीको तीक्ष्णभाव जस्तै, कपित्थफल आदिको गोलाईसमान, मृग, पंक्षी सर्पआदिको विचित्र भएजस्तै स्वभावले नै लोक उत्पन्न हुन्छ र नष्ट हुन्छ यसरी स्वभाववादी भन्दछन्।), आदि (आदि शब्दमा नियतवादी पनि आउँछन् जो भन्दछ कि अणुले लोक प्रवर्तित हुन्छ।) यसरी अकारणमा कारण मान्नेरूपले प्रवर्तित हेतुमा विप्रतिपत्तिलाई रोक्दछ। निरोधज्ञान उदकरामपुत्र र आलारकालाम आदिजस्तै अरूपलोक, लोकस्ततुपि (निर्गन्थहरूजस्तै लोकस्तुपिका आदिमा अपवर्गलाई मान्ने। ती नैवसंज्ञानासंज्ञालाई नै लोकको स्तूप मान्दछन्) आदिमा अपवर्गलाई ग्रहण गर्ने निरोधमा विप्रतिपत्तिलाई रोक्दछ। मार्गज्ञान भोगविलास र आफूलाई तपाउनुमा भिड्नेको अविशुद्ध मार्गलाई ग्रहण गर्नाले प्रवर्तित उपायमा विप्रतिपत्तिलाई रोक्दछ। यसैले यो भनिएको छ –

*लोके लोकप्पभवे लोकत्थगमे सिवे च तदुपाये।*
*सम्मुय्हति ताव नरो न विजानति याव सच्चानि॥*

(लोकमा लोकको उत्पत्ति, लोकको विनाश, शिव (निर्वाण) र त्यसको उपाय (मार्ग) मा पुरुष तवसम्म मूढ बनीरहन्छ जबसम्म सत्यहरूलई जान्दैन)।

यसरी यहाँ ज्ञानको कृत्यले पनि विनिश्चय जान्नुपर्दछ।)

(१०) अन्तरगत प्रभेद = दु:खसत्यमा तृष्णा र अनास्रव (लोकोत्तर आठ चित्तहरू) धर्महरूलाई छाडेर शेष सारा लौकिकधर्म अन्तरगत छन्। अंगुत्तर निकाय (४,५,९) अनुसार समुदयसत्यमा छत्तीस (अठार भित्री र अठार बाहिरी गरी जम्मा छत्तीस) तृष्णा विषयक विचार छन्। निरोधसत्य अमिश्रीत छ। मार्गसत्यमा सम्यकदृष्टिद्वारा मीमांसा, ऋद्धिपाद, प्रज्ञेन्द्रिय, प्रज्ञाबल, धर्मविचय सम्बोध्यंग; सम्यकसंकल्प भन्नाले तीन नैष्क्रम्य वितर्क आदि; सम्यकवचन भन्नाले चार वाकसुचरित्र; सम्यककर्मान्त भन्नाले तीन कायसुचरित्र; सम्यकआजीवद्वारा अल्पेच्छता र सन्तुष्ठि या यी सबै सम्यकवचन, कर्मान्त, आजीवको आर्यकान्तशील हुनाले र आर्यकान्तशीललाई श्रद्धाको हातको प्रतिग्रहण गर्नाले, त्यसको अस्तित्व हुनाले श्रद्धेन्द्रिय, श्रद्धाबल, छन्द ऋद्धिपाद; सम्यकव्यायाम भन्नाले चार प्रकारका सम्यकप्रधान, वीर्येन्द्रिय, वीर्यबल, वीर्य सम्बोध्यंग; सम्यकस्मृति भन्नाले चार प्रकारका स्मृतिप्रस्थान, स्मृतीन्द्रिय, स्मृतिबल, स्मृति सम्बोध्यंग; सम्यकसमाधि भन्नाले सवितर्क, सविचार आदि तीन समाधि, चित्तसमाधि, समाधीन्द्रिय, समाधिबल, प्रीति सम्बोध्यंग, प्रश्रब्धि,समाधि, उपेक्षा सम्बोध्यंग अन्तरगत छन्। यसरी यहाँ अन्तरगतको



Downloaded from http://www.dhamma.digital

प्रभेदले पनि विनिश्चय जान्नुपर्दछ।

(११) उपमा = भारीजस्तै दु:खसत्यलाई सम्झिनुपर्दछ। भारीलाई ग्रहण गर्नेझैं समुदयसत्यलाई भारीलाई फ्याँक्नझैं निरोधसत्यलाई। भारीलाई फ्याँक्ने उपायजस्तै मार्गसत्यलाई। फेरि रोगजस्तै दु:खसत्यलाई। रोगको निदानजस्तै समुदयसत्यलाई, रोगको शान्तिजस्तै निरोधसत्यलाई, रोगको औषधिजस्तै मार्गसत्यलाई। या दुर्भिक्षजस्तै दु:खसत्यलाई, दुर्वृष्टिजस्तै समुदयसत्यलाई। सुभिक्षजस्तै निरोधसत्यलाई, सुवृष्टिजस्तै मार्गसत्यलाई। अरू पनि - वैरी, वैर, वैर मिटाउनु, वैर मिटाउने उपायले; विषवृक्ष, वृक्षमूल, वृक्षमूललाई काट्नु, त्यसलाई काट्ने उपायले; भय, भयको मूल, निर्भय, त्यसको प्राप्तिको उपायले; वारी तीर, वाढी, पारी तीर, त्यहाँ पुग्ने प्रयत्न आदि उपमाहरूले मिलाएर पनि यिनीहरूलाई जान्नुपर्दछ। यसरी यहाँ उपमाले विनिश्चय जान्नुपर्दछ।

(१२) चतुष्क = यहाँ दु:ख छ आर्यसत्य छैन, आर्यसत्य छ दु:ख छैन, दु:ख पनि छ आर्यसत्य पनि छ, न त दु:ख छ, न आर्यसत्य नै। यसैप्रकार समुदय आदिमा पनि सम्झिनुपर्दछ।

त्यहाँ मार्गयुक्तधर्म र श्रामण्यफल 'जुन अनित्य छ, त्यो दु:ख हो, संयुक्त निकाय (२१,१,२,४)को यस वचनले संस्कारहरूको दु:ख हुनाले दु:ख हो, आर्यसत्य होइन। निरोध आर्यसत्य हो, दु:ख होइन। अर्को दुवै आर्यसत्य अनित्यले दु:ख हुन सक्दछन्। तर जुन ज्ञानको लागि भगवान्‌को शासनमा ब्रह्मचर्य वास गर्दछ त्यस भावले दु:ख हुँदैन। तृष्णालाई छाडेर सबैप्रकारले पाँच उपादानस्कन्ध दु:ख पनि हो र आर्यसत्य पनि। मार्गयुक्तधर्म र श्रामण्यफल जुन ज्ञानको लागि भगवान्‌को शासनमा ब्रह्मचर्य वास गर्दछ, त्यस भावले न दु:ख हो न आर्यसत्य। त्यसरी समुदय आदिमा पनि यथायोग्य जोडेर चतुष्कले पनि यहाँ विनिश्चय जान्नुपर्दछ।

(१३) शून्यता = यहाँ शून्यताको तात्पर्य हो परमार्थले सबै सत्यहरूलाई अनुभव गर्ने व्यक्ति कर्ता, शान्त हुने व्यक्ति र शान्ति (निर्वाण)तिर जाने व्यक्तिको अभावले शुन्य जान्नुपर्दछ। यसैले भनिन्छ -

*दुक्खमेव हि न कोचि दुक्खतो कारको न किरिया व विज्जति।*
*अत्थि निब्बुति न निब्बुतो पुमा मग्गमत्थि गमको न विज्जति॥*

(दु:ख नै छ, कोही दु:ख भोग्ने व्यक्ति छैन। कर्ता छैन, क्रिया नै छ, निर्वाण छ निर्वाणलाई प्राप्त व्यक्ति छैन। मार्ग छ जाने यात्री छैन।)

*धुवसुभसुखत्तसुञ्ञं पुरिमद्वयमत्तसुञ्ञममतपदं।*
*धुसुख अत्त विरहितो मग्गो इति सुञ्ञता तेसु॥*

(पहिलेको दुई ध्रुव, शुभ, सुख र आत्माले शुन्य छन् , निर्वाण आत्माले शुन्य छ, मार्ग ध्रुव, सुख, आत्माले विरहित छ, त्यसमा यसप्रकार शून्यता जान्नुपर्दछ।)

निरोध-शून्यता तीन छन् र निरोध शेष तीनले शून्य छन्। अथवा यहाँ समुदयमा दु:खको अभावले हेतुफलले शून्य छ र मार्गमा निरोधको। प्रकृतिवादिहरू (प्रकृतिवादी प्रकृतिको फलले सगर्भ मान्दछन्। उनहिरूको भनाई छ – त्यसैले महाभूत आदि उत्पन्न हुन्छन्।) प्रकृतिजस्तै हेतु फलमा मिलेको छैन। फल हेतुले शून्य छ - दु:ख, समुदय, निरोध र मार्गको असमवाय (जसरी माटो घैंटोको र धागो वस्त्रको समवाय कारण हुन्छ, त्यसरी कारण समुदयसत्य या मार्गसत्यमा हुँदैन।) हुनाले हेतुफलमा समवाय



Downloaded from http://www.dhamma.digital

छैन । समवायवादिहरू (वैशेषिक सिद्धान्तवादीहरू)को दुई अणुहरूमा 'दुई समवाय कारणले उपलब्ध हुन्छन्' आदिजस्तै । यसैले यो भनिएको छ –

*तयमिध निरोधसुञ्ञं तयेन तेनापि निब्बुति सुञ्ञा ।*
*सुञ्ञो फलेन हेतु फलम्पि तं हेतुना सुञ्ञं ॥*

(यहाँ दुःख, समुदय, मार्ग, आदि तीन निरोधले शून्य छन्, त्यस तीनैले पनि निवृत्ति (निर्वाण) शून्य छ, हेतु फलले शून्य छ, त्यो फल पनि हेतुले शून्य छ ।)

यसरी शून्यताले विनिश्चय जान्नुपर्दछ ।

(१४) एकविध आदि = यहाँ सारा नै दुःख प्रवर्तित हुनाले एकविध हो । नाम र रूपले दुई प्रकारका छन् । काम, रूप, अरूपको उत्पत्तिभवको भेदले तीन प्रकारका छन् । चार प्रकारका आहारको भेदले चार प्रकारका छन् । पाँच उपादानस्कन्धको भेदले पाँच प्रकारका छन् ।

समुदय पनि प्रवर्तक हुनाले एक प्रकारको छ । दृष्टिले सम्प्रयुक्त र असम्प्रयुक्त हुनाले दुई प्रकारका छन् । काम, भव, विभवतृष्णाको भेदले तीन प्रकारका छन् । चार मार्गहरूले प्रहीण हुनाले चार प्रकारका छन् । रूपको अभिनन्दन गर्ने आदिको भेदले पाँच प्रकारका छन् । रूप, शब्द, गन्ध, रस, स्पर्श, धर्म ६ तृष्णाकायको भेदले ६ प्रकारका छन् ।

निरोध पनि असंस्कृत धातुअनुसार एक प्रकारको छ । सोपादिशेष र अनुपादिशेषको भेदले दुई प्रकारका छन् । तीनै भवहरूलाई शान्त हुनाले तीन प्रकारका छन् । चारै मार्गहरूले प्राप्त हुनाले चार प्रकारका छन् । पाँच अभिनन्दन (रूप शब्द आदि) को शान्तिले पाँच प्रकारका छन् । तृष्णाकायको भेदले ६ प्रकारका छन् ।

मार्ग पनि भावना गरिनाले एक प्रकारको छ । समथविपश्यनाको भेदले या दर्शन र भावनाको भेदले दुई प्रकारका छन् । शील, समाधि, प्रज्ञा तीन स्कन्धको भेदले तीन प्रकारका छन् । यो शीलस्कन्ध आदि प्रदेशसहित हुनाले राज्य संग्रहीत नगरजस्तै निष्प्रदेष तीन स्कन्धहरूले संगृहीत छन् । जस्तै - मज्झिम निकाय (१,५,४) अनुसार भनिएको छ - 'आवुस विशाख, आर्य अष्टाङ्गिकमार्गमा तीनै स्कन्धहरू संगृहीत छैन, प्रत्युत तीन स्कन्धहरूमा आर्य अष्टाङ्गिकमार्ग संगृहीत छ । आवुस विशाख, जुन सम्यकबचन, सम्यकआजीव, सम्यककर्मान्त छन् ती शीलस्कन्धमा संग्रहीत छन् । जुन सम्यकव्यायाम, सम्यकस्मृति र सम्यकसमाधि छन् ती समाधिस्कन्धमा संगृहीत छन् । जुन सम्यकदृष्टि र सम्यकसंकल्प छन् ती प्रज्ञास्कन्धमा संगृहीत छन् ।"

यहाँ सम्यकवचन आदि तीनै शील नै हुन्, यसैले ती समान हुनाले शीलस्कन्धले संगृहीत छन् । यद्यपि पालिमा 'शीलस्कन्धमा "अधिकरणकारकद्वारा निर्देश गरिएको छ तर अर्थ करणकारकअनुसार नै जान्नुपर्दछ । सम्यकव्यायाम आदि तीनैमा समाधि आफ्नो स्वभावले आंलम्बनसंग एकाग्र हुनाले प्रतिष्ठित हुन सक्दैन प्रत्युत वीर्यको प्रयत्न गर्ने कृत्यलाई र स्मृतिको पुनः पुनः भन्ने कृत्यलाई पूर्ण गर्दा सहायता पाएर प्रतिष्ठित हुन सक्दछ । त्यहाँ यो उपमा हो -

नक्षत्रक्रीडाको उपमा - जसरी 'नक्षत्र क्रीडा गर्नेछु सोचर उद्यानमा तीन सहायकहरू प्रविष्ट



Downloaded from http://www.dhamma.digital

हुँदा, एक सहायकले सुपुष्पित चम्पकवृक्षलाई देखेर हातलाई माथि उठाएर टिप्न खोज्दा सकेन। अर्को सहायकले झुकेर उसको पीठ्यूमा बसेर उभिएर टिप्न खोज्दा पनि काम्दै टिप्न सकेन। तब उसलाई तेस्रो काँध देओस्। ऊ एउटाको पीठ्यूमा उभिएर, एउटाको काँधमा झुण्डिएर इच्छानुसार फूलहरूलाई टिपेर माला लगाएर नक्षत्रक्रीडा गऱ्यो। यसरी नै यसलाई पनि सम्झिनुपर्दछ।

एकसाथ उद्यानमा प्रविष्ट भएको तीन सहायकहरूजस्तै एकसाथ उत्पन्न सम्यकव्यायाम आदि तीन धर्म हुन्। सुपुष्पित चम्पकफूलजस्तै आलम्बन हो। हातलाई माथि उठाएर पक्रन नसकेजस्तै स्वभावले आलम्बनमा एकाग्र भावले प्रतिष्ठित हुन नसकेको समाधि हो। पीठ्यूँ दिएर झुकेको सहायकजस्तै व्यायाम हो। काँधलाई दिएर उभिएको सहायकसमान स्मृति हो। जसरी उनीहरूको एउटाको पीठ्यूँमा उभीएर, एउटाको काँधमा झुण्डिएर अर्को इच्छानुसार पुष्प टिप्न सक्दछ यसरी नै वीर्यको प्रयत्न गर्ने कृत्य र स्मृतिको पुनः पुनः भन्ने कृत्यलाई पूर्ण गर्दा सहायता पाएर समाधि आलम्बनमा एकाग्रभावले प्रतिष्ठित हुन सक्दछ। यसैले समाधि नै यहाँजस्तै हुनाले समाधिस्कन्धमा संगृहीत छ, तर व्यायाम र स्मृति क्रिया (समाधिअनुरूप क्रिया) ले संगृहीत हुन्छन्।

सम्यकदृष्टि र सम्यकसंकल्पमा पनि प्रज्ञा आफ्नो स्वभावले 'अनित्य, दुःख, अनात्म' यसरी आलम्बनको निश्चय गर्न सक्दैनन्, तर वितर्कले चित्तलाई लक्ष्यतिर ठोक्दैठोक्दै दिनाले सक्दछन्।

कसरी ? जसरी शराफ कार्षापण (असर्फि)लाई हातमा राखेर सबै भागहरूमा हेर्न चाहे तापनि आँखाले उल्टाउन सक्दैनन्। तर औंलाको जोर्नीले उल्टाएर यताउता हेर्न सक्दछ। यसरी नै प्रज्ञा आफ्नो स्वभावले अनित्य आदिअनुसार आलम्बनलाई निश्चय गर्न सक्दैनन्। अभिनिरोपण आहनन, पर्याहनन कृत्ययुक्त वितर्कले ठोक्नेझैं र उल्टाउनेझैं, लिएरलिएर दिएको नै निश्चय गर्न सक्दछ। यसैले यहाँ पनि सम्यकदृष्टि नै समान हुनाले प्रज्ञास्कन्धमा संगृहीत छ र सम्यकसंकल्प क्रियाले संगृहीत हुन्छ।

यसप्रकार यी तीन स्कन्धहरूमा मार्ग संगृहीत हुन्छ। यसैले भनियो "तीन स्कन्धहरूका भेदले तीन प्रकारका छन्।" स्रोतापत्तिमार्ग आदिअनुसार नै चार प्रकारका छन्।

अरू पनि, सबै सत्य अवितथ या अभिज्ञेय हुनाले एक प्रकारको हुन्छ। लौकिक, लोकोत्तर, या संस्कृत, असंस्कृतले दुई प्रकारका छन्। दर्शन, भावनाले प्रहातव्य र अप्रहातव्य हुनाले तीन प्रकारका, परिज्ञेय आदिको भेदले चार प्रकारका हुन्छन्। यसरी यहाँ एकविध आदिले विनिश्चय जान्नुपर्दछ।

(१५) समान-असमान = सबै सत्य झूठो नहुने, आत्मशून्य र कठिनाईले जानिनाले परस्पर समान छन्। जस्तै संयुक्त निकाय (५४,५,५) अनुसार भनिएको छ - "आनन्द, तिमी के सम्झन्छौ, कुनचाहिं दुष्करतर या कठिनाईले सम्भव हुने छ ? जुन टाढाबाट नै सूक्ष्म तालाको प्वालबाट एकअर्काको टाउकोमा अचुक वाण हिर्कावस् या जुन सय टुक्रामा काटिएको केशको टुप्पाले अर्को केशको टुप्पामा हिर्काएर प्वाल पारोस् ?"

"भन्ते, यही दुष्करतर र कठिनाईले सम्भव हुने छ जुन सय टुक्रामा काटिएको केशको टुप्पाले अर्को टुप्पालाई हिर्काएर प्वाल पारोस्।"

"आनन्द त्यसभन्दा पनि कठिनाईले जानिने वस्तुलाई ती जान्दछन् जुन 'यो दुःख हो यथार्थ



Downloaded from http://www.dhamma.digital

जान्दछन् ... यो दु:खनिरोधगामिनी प्रतिपदा हो, यथार्थ जान्दछन् । आफ्नो लक्षणको व्यवस्थापनले असमान छन् ।

पहिलेको दुई अवगाहन गर्नुमा कठिन, गम्भीर, लौकिक र सास्रव हुनाले समान छन् । फल हेतुको भेदले र परिज्ञेय प्रहातव्यले असमान छन् । पछिको पनि दुई गम्भीर भएको कारण कठिनाईले अवगाहन गरिने, लोकोत्तर र अनास्रव हुनाले समान छन् । विषय विषयीको भेद र साक्षात गर्ने तथा भावनायोग्य हुनाले असमान छन् । फल भनिनाले पहिलो र तेस्रो पनि समान छन् । तर संस्कृत र असंस्कृत हुनाले असमान छन् । हेतु भनिनाले दोस्रो र चौथो पनि समान छन् तर लौकिक र लोकोत्तर हुनाले असमान छन् । दोस्रो र तेस्रो पनि नशैक्ष्य हुनाले समान छन् तर सालम्बन र अनालम्बन हुनाले असमान छन् ।

*इति एवंपकारेहि नयेहि च विचक्खणो ।*
*विजञ्ञा अरिसच्चानं सभाग विंसभागतं ॥*

(यसप्रकार र ढंगले प्रज्ञावान आर्यसत्यहरूको समानता र असमानता जानुन् ।)

*सज्जहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धि मार्गमा*
*इन्द्रिय, सत्य निर्देश नामक*
*सोह्रौं परिच्छेद समाप्त*

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# सत्रौं परिच्छेद

## पञ्ञाभूमि निर्देश

### अथवा

### प्रतीत्यसमुत्पाद निर्देश

अब, "स्कन्ध, आयतन, धातु, इन्द्रिय, सत्य, प्रतीत्य समुत्पाद आदिको भेदयुक्त धर्मभूमि हो" यसरी भनिएको यस प्रज्ञाभूमि भएको धर्महरूमा किनकि 'प्रतीत्यसमुत्पाद र आदि' शब्दले संगृहीत प्रतीत्यसमुत्पन्नधर्म अवशेष छन्, यसैले त्यसको वर्णनक्रमको समय आएको छ ।

### प्रतीत्य समुत्पाद के हो ?

अविद्या आदि धर्महरूलाई प्रतीत्य समुत्पाद जान्नुपर्दछ । संयुक्त निकाय (१२,१,१) अनुसार भगवान्ले भन्नुभएको छ - 'भिक्षुहरू प्रतीत्यसमुत्पाद कुनचाहिं हो ? भिक्षुहरू, अविद्याको प्रत्ययले संस्कार, संस्कारहरूको प्रत्ययले विज्ञान, विज्ञानको प्रत्ययले नामरूप, नामरूपको प्रत्ययले ६ आयतन, ६ आयतनको प्रत्ययले स्पर्श, स्पर्शको प्रत्ययले वेदना, वेदनाको प्रत्ययले तृष्णा, तृष्णाको प्रत्ययले उपादान, उपादानको प्रत्ययले भव, भवको प्रत्ययले जाति, जातिको प्रत्ययले जरा, मरण, शोक, विलाप, दुःख, दौर्मनस्य डाह उत्पन्न हुन्छन् । यसप्रकार यो सारा दुःखसमूहको समुदय हुन्छ । भिक्षुहरू? यो प्रतीत्य समुत्पाद भनिन्छ ।"

### प्रतीत्यसमुत्पन्न के हो ?

जरा मरण आदिलाई प्रतीत्य समुत्पन्न धर्म मान्नुपर्दछ । संयुक्त निकाय (१२,२,१०)अनुसार भगवान्ले यो भन्नुभयो - "भिक्षुहरू कुनचाहिं प्रतीत्य समुत्पन्न धर्म हुन् ? भिक्षुहरू जरा मरण अनित्य, संस्कृत, प्रतीत्य समुत्पन्न, क्षय, व्यय, विराग, र निरोध स्वभावका छन् । भिक्षुहरू जाति ... भव ... उपादान ... तृष्णा ... वेदना .... स्पर्श .... ६ आयतन.... नामरूप.... विज्ञान.... संस्कार.... अविद्या ... । भिक्षुहरू यिनीहरूलाई प्रतीत्य समुत्पन्न धर्म भनिन्छन् ।"

### अर्थ विश्लेषण

यो यहाँ संक्षेप हो - प्रतीत्यसमुत्पाद प्रत्ययधर्महरूलाई जान्नुपर्दछ र प्रतीत्यसमुत्पन्नधर्म त्यसत्यस प्रत्ययहरूले उत्पन्न धर्महरूलाई जान्नुपर्दछ ।

यो कसरी जान्नुपर्दछ ? भगवान्को वचनले जान्नुपर्दछ । भगवान्ले प्रतीत्य समुत्पाद र प्रतीत्य समुत्पन्नधर्मको उपदेश भएको संयुक्त निकाय (१२,२,१०)को सूत्रमा -भिक्षुहरू कुनचाहिं प्रतीत्य समुत्पाद हो ? भिक्षुहरू जातिको प्रत्ययले जरामरण उत्पन्न हुन्छन् । तथागतहरूको उत्पन्न हुँदा या तथागतहरूको उत्पन्न नहुँदा पनि धर्मस्थिति (प्रत्ययले उत्पन्न) धर्मनियामता (प्रत्ययधर्महरूलाई ठीक गर्नु) र इदम्प्रत्ययता



Downloaded from http://www.dhamma.digital

(जरामरण आदिको प्रत्ययलाई इदम्प्रत्यय भनिन्छ र इदम्प्रत्यय नै इदम्प्रत्ययता हो ।) युक्त त्यो धातु स्वभावस्थिति नै हुन्छ । त्यसलाई तथागत बुझ्नुहुन्छ , जान्नुहुन्छ, बुझ्नुभएर, जान्नुभएर भन्नुहुन्छ, उपदेश दिनुहुन्छ, प्रज्ञापन गर्नुहुन्छ, ज्ञानलाई अगाडि राख्नुहुन्छ, खोलेर देखाउनुहुन्छ, विभक्त गर्नुहुन्छ, प्रकट गर्नुहुन्छ र भन्नुहुन्छ "भिक्षुहरू, हेर, जातिको प्रत्ययले जरामरण हुन्छन् । भिक्षुहरू, भवको प्रत्ययले जाति ... अविद्याको प्रत्ययले संस्कार हुन्छ । तथागतहरूको उत्पन्न हुँदा या ... विभक्त गर्दछ, प्रकट गर्दछ र भन्दछ - भिक्षुहरू हेर, अविद्याको प्रत्ययले संस्कार हुन्छन् । भिक्षुहरू यसप्रकार जुन त्यहाँ तथ्यता, अवितथता, न अन्यथा हुनु र इदम्प्रत्ययता हो, यो प्रतीत्यसमुत्पाद भनिन्छ ।" यसप्रकार प्रतीत्यसमुत्पादलाई बताउनुहुँदै तथ्यता आदि शब्दहरूले प्रत्यय धर्मलाई नै प्रतीत्य समुत्पाद भनिएको छ । यसैले जरामरण आदि धर्महरूको प्रत्यय भएको लक्षणयुक्त प्रतीत्य समुत्पाद हो । दुःखको तारतम्य बनाइराख्ने यसको कृत्य हो, कुमार्गले जानिन्छ । यसरी सम्झिनु पर्दछ ।

त्यसत्यस अन्यूनाधिक प्रत्ययहरूले नै त्यसत्यस धर्मको उत्पन्न हुनाले तथ्यता, समग्र भएको प्रत्ययहरूमा मुहुर्तभर पनि त्यसबाट उत्पन्न भएको धर्महरूको असम्भव भएको अभावले अवितथता, अन्य धर्मको प्रत्ययहरूले अन्य धर्मको उत्पन्न नहुनाले नअन्यथा हुनु र त्यसरी भनिएको यस जरामरण आदिको प्रत्ययले या प्रत्ययको समुहले इदम्प्रत्ययता भनिएको छ ।

त्यसको यो शब्दार्थ हो - यसको प्रत्यय इदम्प्रत्यय हो र इदम्प्रत्यय नै इदम्प्रत्ययता हो । या इदम्प्रत्ययहरूको समूह इदम्प्रत्ययता हो । यसको लक्षणलाई शब्द शास्त्र (व्याकरण) मा खोज्नुपर्दछ ।

कोहीकोही - 'तीर्थियहरू (अन्य मतावलम्बिहरू)को परिकल्पित प्रकृतिपुरुषआदिको सम्यक प्रत्ययले उत्पन्न हुनु नै प्रतीत्य समुत्पाद हो' यसरी उत्पाद मात्रलाई प्रतीत्य समुत्पाद भन्दछन् । त्यो युक्त छैन । किन ? (१) सूत्रको अभावले, (२) सूत्रको विरोधले, (३) गम्भीर नय (न्याय)को असम्भव हुनाले र (४) शब्दको विन्यास भेदले ।

(१) सूत्रको अभाव = "उत्पाद मात्र प्रतीत्यसमुत्पाद हो" भनिएको यस्तो कुनै सूत्र छैन र त्यसलाई प्रतीत्यसमुत्पाद भनिएमा प्रदेशविहार सूत्रले विरोध हुन्छ । कसरी ? 'तव भगवान्ले रात्रीको पहिलो प्रहरमा प्रतीत्यसमुत्पादलाई अनुलोम प्रतिलोमले मनमा गर्नुभयो,'आदि महावग्ग (१,१,१) अनुसार भगवान्को 'वचनले प्रतीत्य समुत्पादलाई मनमा गर्नु सम्यकसम्बुद्ध भएर प्रथम विहार थियो र प्रदेशविहार त्यसको एक देश भागको विहार मात्र हो । जस्तै संयुक्त निकाय (१२,२,१)अनुसार भनिएको छ - "भिक्षुहरू, म जुन विहारले सम्यकसम्बुद्ध भएर प्रथमविहार गरेको थिएँ, त्यस प्रदेशले नै विहार गरें ।" त्यहाँ प्रत्ययको आकारलाई देख्नुहुँदै तथागतले विहार गर्नुभयो, न कि उत्पाद मात्रलाई हेर्नुहुँदै । जस्तै त्यही सूत्रमा भनिएको छ - 'म यस्तो जान्दछु, - मिथ्यादृष्टिको प्रत्ययले पनि अनुभव हुन्छ, सम्यकदृष्टिको प्रत्ययले पनि अनुभव हुन्छ, मिथ्यासंकल्पको प्रत्ययले पनि अनुभव हुन्छ" आदि सबैको विस्तार गर्नुपर्छ । यसरी 'उत्पाद मात्र प्रतीत्यसमुत्पाद हो' भन्नेहरूको प्रदेश विहार सूत्रले विरोध हुन्छ ।

(२) सूत्रको विरोध = त्यसरी नै संयुक्त निकाय (१२,५४) को कच्चायन सुत्तको पनि विरोध हुन्छ । कच्चायन सुत्तमा पनि - 'कात्यायन लोकको उत्पत्तिलाई यथार्थ सम्यकप्रज्ञाले देख्नेहरूलाई



Downloaded from http://www.dhamma.digital

जुन लोकमा नास्तित्व छ (उच्छेददृष्टि) त्यो हुँदैन ।" अनुलोमप्रतीत्यसमुत्पाद लोकको प्रत्यय हुनाले लोकको उत्पत्ति हो - यसरी उच्छेददृष्टिलाई मिटाउनको लागि प्रकाशित गरिएको छ, न कि उत्पाद मात्रको लागि । किनकि उत्पाद मात्रलाई देख्नाले उच्छेददृष्टि मेटिदैन, तर प्रत्ययहरूको अविच्छिन्न हुँदा फलको अविच्छिन्न हुनाले प्रत्ययहरूको अविच्छिन्नरूपले देख्नाले हुन्छ । यसरी 'उत्पाद मात्र प्रतीत्य समुत्पाद हो" भन्नेहरूको कच्चायन सुत्तले पनि विरोध हुन्छ ।

(३) गम्भीर नयको असम्भव हुनाले = दीघनिकाय (२,२)अनुसार भगवान्ले भन्नुभयो - 'आनन्द, यो प्रतीत्यसमुत्पाद गम्भीर छ र गम्भीरजस्तै देखिने छ । गम्भीर्य पनि चार प्रकारका हुन्छन्, त्यसको पछि वर्णन गरिने छ । त्यो उत्पाद मात्रमा छैन र जुन चार प्रकारका नय (न्याय)ले युक्त यस प्रतीत्यसमुत्पादको वर्णन गरिन्छ त्यो पनि नय चतुष्क उत्पाद मात्रमा छैन । यसप्रकार गम्भीर नयको असम्भव हुनाले पनि उत्पाद मात्रै प्रतीत्यसमुत्पाद होइन ।

(४) शब्दको भेद = 'प्रतीत्य' शब्द समानकर्ताको पूर्वकालमा प्रयूक्त हुनाले अर्थलाई सिद्ध गर्दछ । जस्तै संयुक्त निकाय (१२,५,४) अनुसार भनिएको छ - 'चक्षुको प्रत्ययले रूपमा चक्षु विज्ञान उत्पन्न हुन्छ," यहाँ भावलाई सिद्ध गर्ने उत्पाद शब्दसंग प्रयुक्त हुनाले समानकर्ताको अभावले शब्दको भेद हुन्छ, तर कुनै अर्थ सिद्ध गर्दैन । यसप्रकार शब्दको भेदले पनि उत्पाद मात्र प्रतीत्यसमुत्पाद होइन ।

भन्न सकिन्छ कि 'हुन्छ' शब्दको साथ जोडिनेछ । जस्तै 'प्रतीत्यसमुत्पाद हुन्छ" तर यो युक्त छैन। किन ? जोडको अभाव र उत्पादको उत्पाद भएको दोषले । "भिक्षुहरू तिमीहरूलाई प्रतीत्यसमुत्पादको उपदेश गर्नेछु ... । भिक्षुहरू, कुनचाहिं हो प्रतीत्यसमुत्पाद ? ... भिक्षुहरू, यसलाई प्रतीत्यसमुत्पाद भनिन्छ ।" संयुक्त निकाय (१२,१,१)को यी पदहरूमा एउटाको पनि 'साथ हुन्छ' शब्द जुड्दैन र उत्पाद पनि हुँदैन । यदि भएमा उत्पादको पनि उत्पाद होवस् ।

जस्ले यो कुरालाई मान्दछ - "इदम्प्रत्ययहरूको भाव इदम्प्रत्ययता हो - जुन आकार अविद्या आदिको संस्कार आदिको प्रार्दुभावमा हेतु हो त्यो भाव हो - त्यस संस्कारको विकारमा प्रतीत्यसमुत्पाद नाम हुन्छ," भने त्यसको त्यो मत युक्त छैन । किन ? अविद्या आदिलाई हेतु भन्नाले । दीघनिकाय (२,२)अनुसार भगवान्ले - 'यसैले आनन्द, जरामरणको यही हेतु हो, यो निदान हो, यो समुदय हो, यो प्रत्यय हो जुन कि यो जाति हो । संस्कारहरूको ... जुन कि यो अविद्या हो ।" यसरी अविद्या आदिलाई हेतु भन्नुभयो, त्यसको विकार होइन । यसैले प्रतीत्यसमुत्पाद प्रत्यय धर्महरूलाई जान्नुपर्दछ । यसप्रकार जुन त्यो भनिएको छ, त्यो ठीक भनिएको छ भनि जान्नुपर्दछ ।

जुन यहाँ प्रतीत्यसमुत्पाद यस व्यञ्जनको छायाँले उत्पाद नै भनिएको छ - यसरी विचार हुन्छ, त्यसलाई यस पदको यसप्रकारले अर्थ लिएर शान्त गर्नुपर्दछ । भगवान्द्वारा –

*द्वेधा ततो पवत्ते धम्मसमूहे यतो इदं वचनं ।*
*तत्पच्चयो ततोयं फलोपचारेन इति वुतो ॥*

(जुन प्रत्ययले प्रवर्तित भएको धर्मसमूहमा (प्रतीत्य समुत्पाद) - यो वचनलाई दुई भागहरूमा गर्नुपर्दछ, त्यसले त्यसको प्रत्यय फलोपचारले यसप्रकार भनिएको छ ।)

जुन यो प्रत्ययताले प्रवर्तित धर्मसमूह छ, त्यहाँ प्रतीत्यसमुत्पाद यस वचनलाई दुई भागहरूमा



Downloaded from http://www.dhamma.digital

चाहन्छन् । किनकि त्यो जानिदै हित र सुखको लागि हुन्छ । यसैले त्यसलाई पण्डित जान्नयोग्य छ, त्यसैले प्रतीत्य हो । र उत्पन्न हुदै ठीकसाथ उत्पन्न हुन्छ र न कि एक्लैएक्लै, अहेतुले पनि होइन, यसैले समुत्पाद हो । यसरी त्यो प्रतीत्य र समुत्पाद हो यसैले प्रतीत्य समुत्पाद हो ।

अरू पनि, साथै उत्पन्न हुन्छ, यसैले समुत्पाद हो, तर मेलको प्रत्ययले, न कि त्यसलाई छाडेर । यसरी पनि, त्यो प्रतीत्य र समुत्पाद हो, यसैले प्रतीत्यसमुत्पाद हो । त्यसको यो हेतुसमूह प्रत्यय हो, यसैले त्यसको प्रत्यय हुनाले यो पनि । जस्तै लोकमा श्लेष्माको प्रत्यय सख्खर हो, श्लेष्मा सख्खर भनिन्छ र जसरी शासनमा बुद्धहरुको उत्पाद सुखको प्रत्यय हो । धम्मपद (१४,१६)मा "बुद्धहरूको उत्पन्न हुनु सुख हो" भनिएको फलको व्यवहारले भनिएको छ भनी जान्नुपर्दछ । अथवा –

*पटिमुखमितोति वुत्तो हेतुसमूहो अयं पटिच्चोति ।*
*सहिते उप्पादेति च इति उत्तो सो समुप्पादो ।*

(यो हेतुसमूह 'यसले प्रतिमुख (प्रतीत्य शब्दमा प्रति अभिमुखार्थ हो र इत्य गव्यार्थ हो । यसलाई देखाउँदै नै प्रतिमुख भनिएको हो ।) छ' यसैले प्रतीत्य भनिन्छ र साथ रहने धर्महरूलाई उत्पन्न गर्दछ, यसैले त्यो समुत्पाद भनिन्छ ।)

जुन यो संस्कार आदिको उत्पत्तिको लागि अविद्या आदिको एकएक हेतुशीर्षले निर्दिष्ट हेतुसमूह हो, त्यो साधारण फललाई निष्पादन गर्ने र अविकल हुनाले सामूहिक अंगहरूको परस्पर यसले प्रतिमुख गएको छ - यसो गरेर प्रतीत्य भनिन्छ । त्यो साथ रहने परस्पर मिलेर रहने स्वभावधर्महरूलाई नै उत्पन्न गर्दछ, यसैले पनि समुत्पाद भनिन्छ । यसरी पनि त्यो प्रतीत्य र समुत्पाद हो अतः प्रतीत्यसमुत्पाद हो ।

**दोश्रो नय –**

*पच्चयता अञ्ञोञ्ञं पटिच्च यस्मा समं सह च धम्मे ।*
*अयम्मुप्पादेति ततोपि एवमिध भासिता मुनिना ॥*

(यो प्रत्ययसमूह, एकअर्काको प्रत्ययले किनकि सम र एकत्र धर्महरूलाई उत्पन्न गर्दछ, त्यसले पनि मुनिद्वारा यसो भनिएको हो ।)

अविद्या आदिको शीर्षले निर्दिष्ट भएको प्रत्ययहरूमा जुन प्रत्यय जुन संस्कार आदि धर्मलाई उत्पन्न गर्दछन्, ती एकअर्काको विनाप्रत्यय र एकअर्काको विकल (खराब) हुँदा उत्पन्न गर्नको लागि समर्थ छैन । यसैले यो प्रत्यय हुने धर्महरूलाई सम र एकत्र हुने प्रत्ययले सम्पूर्णत र एकसाथ उत्पन्न गर्दछ, यसैले अर्थअनुसार व्यवहारकुशल मुनिद्वारा यहाँ यस्तो भनिएको हो । प्रतीत्य समुत्पाद नै भनिएको छ - यो अर्थ हो । यसरी भन्नाले –

*पुरिमेन सस्सतादीनमभावो पच्छिमेन च पदेन ।*
*उच्छेदादिविधातो द्वयेन परिदीपितो ञायो ॥*

(पहिलो पद (प्रतीत्य)ले शाश्वत आदिको अभाव र पछिल्लो पद (समुत्पाद)ले उच्छेद आदिको प्रहाण तथा दुबैले न्याय प्रकाशित छ ।)



Downloaded from http://www.dhamma.digital

पहिलोले - प्रत्ययहरूको सामग्री (समवाय) प्रकट गर्ने प्रतीत्य पदले प्रवर्तित भएको धर्महरूको प्रत्ययहरूको एकतामा अधीन हुनाले शाश्वत (आत्मा र लोक दुबै नित्य छन् यस्तो वादलाई मान्नेहरू) अहेतु, (महाराज, सत्वहरूको क्लेशको हेतु छैन, प्रत्यय छैन। विनाहेतु र विनाप्रत्ययले नै क्लेश पाउँछन्। सत्वहरूको शुद्धिको कुनै हेतु छैन, कुनै प्रत्यय छैन।" यस्तो वाद माान्नेहरु), विषम हेतु (प्रकृति, अणु, कालआदिअनुसार लोक प्रवर्तित हुन्छ - यस्तोवाद मान्नेहरू), वशवर्तीवाद ("ईश्वर, पुरुष, प्रजापति आदिको वशमा लोक छ" यस्तो वाद मान्नेहरू) को प्रभेदले शाश्वतआदिको अभाव प्रकाशित हुन्छ। शाश्वत या अहेतु आदिअनुसार प्रवर्तित भएको धर्महरूलाई प्रत्ययहरूको एकतासंग के प्रयोजन छ ?

पछिल्लो पदले - धर्महरूको उत्पादलाई प्रकट गर्ने समुत्पाद पदले प्रत्यहरूको एकतामा धर्महरूको उत्पत्तिले उच्छेद ('भिक्षुहरू, कति श्रमण र ब्राह्मण सात कारणहरूले आत्माको उच्छेद विनास, र लोप हुन्छ भन्दछ - यस्तो वाद मान्नेहरू), नास्तिक ('महाराज न दान छ, न यज्ञ छ, न होम छ, न पुण्य या पापको अशलखराब फल हुन्छ - यस्तो वाद मान्नेहरू), अक्रियवाद ('महाराज - गर्दै, गराउँदै, छेदन गर्दै, छेदन गराउँदै पकाउँदै, पकाउन लगाउँदै, पाप हुँदैन - यस्तो वाद मान्नेहरु) नष्ट भएका छन् - यसरी उच्छेदआदिको विनाश प्रकाशित भएको छ। पूर्वपूर्वको प्रत्ययले बारम्बार उत्पन्न हुने धर्महरूमा उच्छेद, नास्तिक र अक्रियवाद कहाँ लागु हुन्छ ?

दुबैले - सम्पूर्ण प्रतीत्यसमुत्पाद वचनले त्यसत्यस प्रत्ययको एकतामा (हेतुफलरूपी) सन्तती (परम्परा)को विच्छेद नगरी, त्यसत्यस धर्महरूको उत्पन्न हुनाले मध्यम प्रतिपदा हो, "त्यो अनुभव गर्दछ - दास्रो गर्दछ, दोस्रो अनुभव गर्दछ।" संयुक्त निकाय (१२,२,४)को यस वादको प्रहाण, जनपद निरुक्ति (भाषा) को आग्रह नगर्नु, व्यवहार नामको पछि नदौडिनु - यो न्याय प्रकाशित हुन्छ। यो प्रतीत्यसमुत्पाद वचन मात्रको अर्थ हो।

जुन यो भगवान्द्वारा प्रतीत्य समुत्पादको उपदेश गर्दै 'अविद्याको प्रत्ययले संस्कार' आदिप्रकारले भनिएको तन्ति (अर्थको अभिप्रायलाई तान्नाले तन्ति भनिन्छ, पालि यसको अर्थ हो।) छ, त्यसको अर्थ वर्णन गर्दै विभक्तवादी मण्डलमा उत्रेर (अवगाहन गरी अर्थात् स्वयं विभक्तवादी भएर) -

**विभक्तवादी मण्डल**

*धर्मराज अशोकले तृतीयसंगीतिको समय लज्जावान् स्थविर भिक्षुहरूसंग सोध्नुभयो - 'भन्ते। सम्यकसम्बुद्ध कुन वादलाई मान्ने हुनुहुन्थ्यो ? 'महाराज विभक्तवादी हो, यसो भन्दा राजाले मोग्गलिपुत्त स्थविरसंग सोध्नुभयो - 'भन्ते सम्यकसम्बुद्ध विभक्तवादी हुनुहुन्थ्यो ?" हो महाराज। कथावत्थु अर्थकथानुसार यसरी भनिनाले विभक्तवादी भगवान् हुनुहुन्छ जुन आत्मा हो या होइन बताउने हुनुहुन्छ। पञ्चस्कन्धहरूलाई विभक्त गरी त्यसको अनित्यतालाई देखाउनुहुन्छ उहाँ भगवान्को परियत्तिधर्मको जानकार श्रावक पनि त्यस वादको अनुसरण गर्दछन्, यसैले तिनीहरू विभक्तवादी भनिन्छन्। ती विभक्तिवादीहरूको परिषद् विभक्तवादी मण्डल हो।*

*सच्चं सत्तो पटिसन्धि पच्चयाकारमेव च।*
*दुद्दसा चतुरो धम्मा देसेतुञ्च सुदुक्करा॥*

(सत्य, सत्व, प्रतिसन्धि र प्रत्ययहरूको आकार (प्रतीत्य समुत्पाद) चारै धर्म नै दुदृश्य हुन् र



Downloaded from http://www.dhamma.digital

उपदेश दिनको लागि अत्यन्त दुष्कर छन् ।)

यसैले आगम र अधिगम (मार्गफल) लाई प्राप्त व्यक्तिहरूको अतिरिक्त प्रतीत्यसमुत्पादको अर्थ वर्णन गर्नु सजिलो छैन - यसरी सबै प्रकारले परीक्षा गरीनुपर्दछ –

## प्रतीत्यसमुत्पादको गम्भीरता

म आज प्रत्ययहरूको आकार (प्रतीत्य समुत्पाद)को वर्णन गर्न चाहन्छु, महासागरमा पसेजस्तै सहारा पाइरहेको छुइन । किनकि यो परियत्तिशासन नाना देशनाको न्यायहरूले प्रतिमण्डित छ र पहिलेको आचार्यहरूको मार्ग (त्यसको अर्थकथा) अटूट चलिआइरहेको छ, यसैले ती दुवैको सहाराले यसको अर्थवर्णन गर्न प्रारम्भ गर्नेछु, त्यसलाई एकाग्रचित्त भएर सुनुन् ।

यो पूर्वआचार्यहरूले भनेका छन् –

*यो कोचिमं अट्ठिकत्वा सुणेय्य लभेथ पुब्बापरियं विसेसं ।*
*लद्धानं पुब्बापरियं विसेसं अदस्सनं मच्चुराजस्स गच्छे ॥*

(जोकोही यस अर्थको विचार गर्दै सुनोस्, त्यो आरम्भले लिएर अन्तसम्म ज्ञान प्राप्त गरोस् र प्रारम्भले लिएर अन्तसम्म ज्ञान प्राप्त गरी मृत्युराजको अदर्शन (निर्वाण) तिर जावस् ।)

## अविद्याको प्रत्ययले संस्कार

यसप्रकार अविद्याको प्रत्ययले संस्कार आदिमा प्रारम्भले नै –

*देशनाभेदतो अत्थलक्खणेक विधादितो ।*
*अंगानञ्च ववत्थाना विञ्ञातब्बो विनिच्छयो ॥*

((१) देशनाको भेद, (२) अर्थ, (३) लक्षण, (४) एकविध आदि र (५) अंगहरूको व्यवस्थानले विनिश्चय जान्नुपर्दछ ।)

(१)देशनाको भेद= लहरा ल्याउने चार जना मानिसहरूले लहरालाई पक्रिनेसमान, प्रारम्भ या वीचदेखि लिएर अन्तसम्म, त्यसरी अन्तले या बीचदेखि लिएर प्रारम्भसम्म चार प्रकारका भगवान्‌को प्रतीत्य समुत्पादको देशना छ ।

## लहराको उपमा

जस्तै लहरा ल्याउने चार जना मानिसहरूमध्ये एक जनाले लहराको फेदलाई नै पहिला देख्दछ, ऊ त्यस फेदलाई काटेर सबै तानेर काममा लगाउँछ । यसरी मज्झिम निकाय (१,४,८) अनुसार भगवान्‌ले 'यसप्रकार भिक्षुहरू अविद्याको प्रत्ययले संस्कार ... जातिको प्रत्ययले जरामरण" भन्नुभएर प्रारम्भदेखि लिएर अन्तसम्म पनि प्रतीत्य समुत्पादको उपदेश दिनु हुन्छ ।

जसरी ती मानिसहरूमध्ये एकजना लहराको बीच भागलाई पहिले देख्दछ, ऊ बीचदेखि काटेर माथिको भागलाई नै तानेर काममा ल्याउँछ । यसरी मज्झिम निकाय (१,४,८) अनुसार भगवान्‌ले 'त्यस वेदनाको अभिनन्दन गर्नेले, भन्नेले, त्यसमा प्रवेश गरी रहनेलाई नन्दी उत्पन्न हुन्छ । जुन वेदनामा नन्दी छ, यो उपादान हो । त्यस उपादानको प्रत्ययले भव, भवको प्रत्ययले जाति" भन्नुभएर यसरी बीचदेखि



Downloaded from http://www.dhamma.digital

लिएर अन्तसम्म पनि उपदेश दिनुहुन्छ।

जसरी ती मानिसहरूमध्ये एक जना लहराको टुप्पालाई पहिला देख्दछ, ऊ टुप्पालाई प्रक्रेर टुप्पाअनुसार फेदसम्म सबै लिएर काममा ल्याउँछ। यसरी भगवान्ले "जातिको प्रत्ययले जरामरण हुन्छ कि हुँदैन ? यसमा तिमीहरू के जान्दछौं ?" "भन्ते, जातिको प्रत्ययले जरामरण हुन्छन् - हामीलाई यही जानकारी हुन्छ कि जातिको प्रत्ययले जरामरण हुन्छ।"

"भिक्षुहरू, भवको प्रत्ययले जाति हुन्छ, ... अविद्याको प्रत्ययले संस्कार हुन्छन् या हुँदैन ... यसमा तिमीहरू के जान्दछौं" भन्नुभएर यसरी अन्तदेखि लिएर प्रारम्भसम्म पनि प्रतीत्यसमुत्पादको उपदेश दिनुहुन्छ।

जसरी ती मानिसहरूमध्ये एक जना लहराको बीचभागलाई नै पहिला देख्दछ, ऊ बीचभागदेखि काटेर तल फेदसम्म लिएर काममा ल्याउँछ। यसरी भगवान्ले "भिक्षुहरू यी चार आहारहरूको के निदान (हेतु) हो ? के समुदय हो ? कसबाट जन्मेको हो ? कसबाट सम्भूत हो ? भिक्षुहरू, यी चारै आहारहरूको निदान तृष्णा हो, समुदय तृष्णा हो। यो तृष्णाले जन्मको हो। यो तृष्णाले संभूत हो। भिक्षुहरू यस तृष्णाको के निदान हो ? ... वेदना ... स्पर्श ... ६ आयतन ... नामरूप .... विज्ञान .... संस्कारको के निदान हो ? भिक्षुहरू संस्कारहरूको निदान अविद्या हो। यी अविद्याले संभूत छन्" भन्नुभएर यसरी बीचदेखि लिएर प्रारम्भसम्म उपदेश दिनुहुन्छ।

किन यसरी उपदेश दिनुहुन्छ ? प्रतीत्यसमुत्पादको समन्तभद्र हुने र स्वयं देशनामा निपूर्णता प्राप्त हुनाले। प्रतीत्यसमुत्पाद समन्तभद्र छ, किनकि चारै प्रकारका देशनामा त्यसत्यस देशनाबाट त्यो न्यायलाई प्राप्त गर्दछ, गराउँछ नै। चार वैशारद्य र प्रतिसम्भिदाहरूको योग तथा चार प्रकारले गम्भीर त्वलाई प्राप्त हुनाले भगवान् देशनामा निपूर्णता प्राप्त हुनुहुन्छ। उहाँ देशनामा निपूर्णतालाई प्राप्त हुनुहुनाले नाना न्यायहरूले नै धर्मोपदेश गर्नुहुन्छ।

विशेषरूपले यसको जुन आरम्भदेखि लिएर अनुलोमदेशना छ, त्यो संसारको प्रवर्तिको कारणको विभागमा मूढ भएको वैनयजनलाई देख्दै, यथानुरूप कारणहरूले प्रवर्ति र उत्पत्ति क्रमलाई देखाउनको लागि देशना भएको हो भनी जान्नुपर्दछ। जुन अन्तदेखि लिएर प्रतिलोमदेशना छ, त्यो 'यो लोक पीढामा परेको छ, जुन जन्म लिन्छ, जीउँछ, मर्दछ, च्यूत हुन्छ र उत्पन्न हुन्छ" आदिप्रकारले संयुक्त निकाय (१२,१,१०) अनुसार पीढामा परेका लोकको अनुविलोकन गर्दै पूर्व भागको प्रतिवेधअनुसार त्यसत्यस जरामरण आदिको दु:खलाई आफूले जानेको कारणलाई देख्नको लागि देशना भएको हो। जुन बीचदेखि लिएर प्रारम्भसम्म छ, त्यो आहारको निदानको व्यवस्थापनअनुसार भूतकालसम्मलाई ल्याएर पुन: भूतकालदेखि लिएर हेतुफलको परिपाटीलाई देखाउनको लागि देशना भएको छ। जुन बीचदेखि लिएर अन्तसम्म प्रवर्तित छ, त्यो वर्तमानकालमा भविष्यतकालको हेतुको उत्पत्तिदेखि लिएर भविष्यत काललाई देखाउनको लागि देशना भएको हो।

त्यसमा जुन प्रवर्तिको कारण विभागमा मूढ भएको वैनय्यजनलाई देख्दै यथानुरूप कारणहरूले प्रवर्ति र उत्पत्तिक्रमलाई देखाउनको लागि प्रारम्भदेखि लिएर अनुलोमदेशना भनिएको छ, त्यो यहाँ भनिएको छ भनी जान्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

किन त्यहाँ अविद्या प्रारम्भमा भनिएको छ ? के अविद्या पनि, जुन लोकको मूलकारण हो, प्रकृतिवादीहरूको प्रकृतिसमान अकारण हो ? अकारण होइन । 'आस्रवको समुदयले अविद्याको समुदय हुन्छ" यसरी मज्झिम निकाय (१,१,९) अनुसार अविद्याको कारण भनिएको छ। पर्याय छ, जसबाट त्यो मूलकारण हो । त्यो कुनचाहिं पर्याय हो ? वर्त्तकथाको शीर्ष हुनु यसको पर्याय हो ।

भगवान् वर्त्तकथा भन्नुहुँदै दुई धर्महरूलाई शीर्ष गर्नुहुँदै भन्नुहुन्छ । (१) अविद्या । जस्तै अंगुत्तर निकाय (१०,२,१)अनुसार भनिएको छ - 'भिक्षुहरू, अविद्याको प्रारम्भको कोटि (अन्त) देखापर्दैन कि यसभन्दा पूर्व अविद्या थिएन, तबपछि मात्र उत्पन्न भयो। भिक्षुहरू यसरी यो भनिन्छ तर यो देखिन्छ कि यसको कारणले अविद्या हुन्छ।" या (२) भव तृष्णा । जस्तै- अंगुत्तर निकाय (१०,२,२) अनुसार भनिएको छ - 'भिक्षुहरू, भव तृष्णाको प्रारम्भको कोटि देखापर्दैन कि यसभन्दापूर्व भवतृष्णा थिएन, तबपछि मात्र उत्पन्न भयो। भिक्षुहरू यसरी भनिन्छ तर यो देखापर्दछ कि यसको कारणले भवतृष्णा उत्पन्न हुन्छ।"

किन भगवान् वर्त्तकथालाई भन्नुहुँदै यी दुई धर्महरूलाई शीर्ष गरी भन्नुहुन्छ ? किनकि सुगति दुर्गतितिर लैजाने कर्मको विशेष हेतु हुनाले। दुर्गतिगामी कर्मको विशेष हेतु अविद्या हो ।

## बध्य गाईको उपमा

किन ? बुद्धकालीन अवस्थामा कसाही मासुलाई हड्डीबाट अलग गर्न बारम्बार गरम गरी, पीटेर, तातो पानी पिलाएर, खाली हड्डीबाट अलग भएको मांसयुक्त गाईलाई मार्दछ। त्यसरी मार्नको लागि ल्याएको बध्यगाई बाटोमा ल्याउंदा गर्मि, सन्ताप, मुंग्रोको पिटाई र परिश्रमले थाकिएको त्यो गाईलाई त्यस परि श्रमले आतुर हुनाले आस्वादरहित र आफ्नो लागि अनर्थकारक भए तापनि त्यस्तो गरम तातो पानी पिउनुपर्दछ । यसैले अविद्याले पछ्यारिएको पृथग्जन, जसरी त्यस बध्यगाईले तातो पानी पिउनेसमान त्यसरी नै क्लेश सन्तापले आतुर भएर आस्वादरहित र दुर्गतिमा झार्ने आफ्नो लागि अनर्थकारक भए तापनि प्राणीहिसा आदि अनेक प्रकारका दुर्गतिगामी कामलाई गर्दछन् ।

सुगतिगामी कर्मको विशेष हेतु भवतृष्णा हो। किन ? यसैले कि भवतृष्णाले पछ्याडिएको पृथग्जन त्यो उक्तप्रकारको गाईले चिसो पानीको तृष्णाले आस्वादयुक्त र आफ्नो परिश्रमलाई मिटाउने चिसो पानीलाई पिउनेसमान, क्लेश सन्तापको विरहले आस्वादयुक्त सुगतिलाई पुऱ्याउने, आफ्नो दुर्गतिको, दुःखलाई मेटाउने, प्राणातिपातबाट विरत हुनु आदि अनेक प्रकारको सुगतिगामी कामलाई गर्दछ।

यस वर्त्तकथाको शीर्ष भएको धर्महरूमा कहीं भगवान् एक धर्मलाई मूल गर्नुभएर उपदेश दिनुहुन्छ। जस्तै- संयुक्त निकाय (१२,३) अनुसार भनिएको छ - 'यसप्रकार भिक्षुहरू, अविद्याको कारण संस्कार हुन्छ, संस्कारको कारण विज्ञान" आदि । त्यसरी नै संयुक्त निकाय (१२,६,५) अनुसार 'भिक्षुहरू, उपादान धर्महरूमा आस्वादलाई देखेर विहार गर्दै तृष्णा बढ्दछ। तृष्णाको प्रत्ययले उपादान" आदि। कतै दुई धर्महरूको मूल गरेर पनि उपदेश दिनुहुन्छ। जस्तै संयुक्त निकाय (१२,२,९) अनुसार भनिएको छ - 'भिक्षुहरू, तृष्णाले युक्त अविद्याको नीवरणयुक्त बालमूर्खको यस्तो यो काय समुदागत (उत्पन्न) हुन्छ। यसप्रकार यो काय र वाह्य नामरूप - यी दुई हुन्छन्। दुबैको प्रत्ययले



Downloaded from http://www.dhamma.digital

स्पर्श र ६ आयतन हुन्छन् । जसले स्पर्श गरिएको बालमूर्ख सुखदु:खको अनुभव गर्दछ" आदि ।

ती देशनाहरूमा "अविद्याको प्रत्ययले संस्कार हुन्छ" यसलाई अविद्याअनुसार एक धर्मको मूल देशना जान्नुपर्दछ । यसरी यहाँ देशनाको भेदले विनिश्चय जान्नुपर्दछ ।

(२) अर्थले = अविद्या आदि पदहरूको अर्थले । जस्तै - पूर्ण गर्नको लागि अयुक्त भएको अर्थले कायदुश्चरित्रआदि अप्राप्य छन् । पाउन अयोग्य छन् भन्ने अर्थ हो । त्यस अप्राप्यलाई प्राप्त गर्दछ, यसैले अविद्या भनिन्छ । त्यसको विपरित कायसुचरित्रआदि प्राप्य छन् । त्यस प्राप्यलाई पाउँदैन, यसैले अविद्या भनिन्छ । स्कन्धहरूको राशी हुने, आयतनहरूको आयतन हुने, धातुहरूको शून्य हुने, इन्द्रियहरूको अधिपति हुने र सत्यहरूको यथार्थ भएको कुरालाई प्रकट गर्दैन, यसैले अविद्या हो । दु:ख आदिको पीढाअनुसार भनिएको चारै प्रकारको कुराहरूलाई अविदित गर्दछ, यसैले पनि अविद्या हो । अन्तररहित संसारमा सबै योनि, गति, भव, विज्ञानको स्थिति, सत्वहरूको आवासमा सत्वहरूलाई दौडाउँछ, यसैले अविद्या हो । परमार्थत: अविद्यमान् स्त्रीपुरुषआदिमा दौड्दछ र विद्यमान् पनि स्कन्ध आदिमा दौडिदैन, यसैले अविद्या हो । अरू पनि चक्षुविज्ञान आदिको आलम्बनहरू, प्रतीत्यसमुत्पाद र प्रतीत्यसमुत्पन्न धर्महरूलाई ढाक्नाले पनि अविद्या हो ।

जसको कारण फल आउँछ, त्यो प्रत्यय हो । 'जसको कारण' = जसलाई नत्यागेर, नछाडेर भन्ने अर्थ हो । आउँछ = उत्पन्न हुन्छ र प्रवर्तित हुन्छ । अरू पनि, उपकार गर्ने स्वभावयुक्त प्रत्यय हो । अविद्या र त्यो प्रत्यय पनि हुनाले अविद्याप्रत्यय हो । त्यस अविद्याको प्रत्ययले, संस्कृतलाई एकत्र गर्दछन्, यसैले संस्कार हो । अरू पनि, अविद्याको प्रत्ययले संस्कार र संस्कार शब्दले आएको संस्कार यसरी दुई प्रकारका संस्कार छन् । जसमध्ये पहिलोमा (१) पुण्य (२) अपुण्य (३) आनेञ्ज संस्कार तीन र (१) काय (२) वाक (३) चित्तसंस्कार तीन - यी ६ संस्कारहरु अविद्याको प्रत्ययले संस्कार हुन् । ती सबै लौकिक कुशल, अकुशलचेतना मात्र नै हुन्छन् । दोस्रोमा (१) संस्कृतसंस्कार (२) अभिसंस्कृतसंस्कार (३) अभिसंस्करणकसंस्कार (४) प्रयोगाभिसंस्कार - यी चार संस्कार शब्दले आएका संस्कार हुन् ।

त्यहाँ, "संस्कार अनित्य छ" यसरी दीघनिकाय (२,३) आदिमा भनिएको सबै प्रत्ययधर्म संस्कृत संस्कार हुन् । कर्मले उत्पन्न भएको त्रैभूमिक रूप, अरुप धर्म अभिसंस्कृत संस्कार हुन् - यसरी अर्थकथाहरूमा भनिएको छ । ती पनि "संस्कार अनित्य छन्" यसैमा संगृहीत हुन जान्छन् । अलगबाट त्यसको आउने स्थान देखापर्दैन । त्रैभूमिक कुशल, अकुशलको चेतना अभिसंस्करणक संस्कार भनिन्छ । त्यसको संयुक्त निकाय (१२,६,१) अनुसार 'भिक्षुहरू, यो पुरुष अविद्यामा परेको पुण्य संस्कारलाई गर्दछ" आदि आएको स्थान देखापर्दछ । कायिक र चेतसिक वीर्य प्रयोगाभिसंस्कार भनिन्छ । त्यो अंगुत्तर निकाय (३,२,४) अनुसार 'जहाँसम्म अभिसंस्कार (धक्का दिनु)को गति थियो त्यहाँसम्म गएर मानो किल्ला गाडेजस्तो उभियो" आदि आएको छ ।

न केवल यो मात्र, अरू पनि - 'आवुस, विशाख, संज्ञा-वेदयित-निरोधलाई समापन्न भिक्षुको पहिलो वाक्संस्कार निरुद्ध हुन्छ, त्यसको वाद कायसंस्कार र त्यसको वाद चित्तसंस्कार" आदिप्रकारले मज्झिम निकाय (१,४,४) अनुसार आएको संस्कार शब्दले आएको अनेक संस्कार छन् । त्यसमा त्यो संस्कार छैन जुन संस्कृत संस्कारले संगृहीत नहोस् ।

यसपछि संस्कारको प्रत्ययले विज्ञान आदिमा उक्तप्रकारले नै जान्नुपर्दछ । तर नभनिएकोमा



Downloaded from http://www.dhamma.digital

विजानन गर्दछ यसैले विज्ञान हो। आलम्बनतिर झुक्दछ यसैले नाम हो। ठण्डी गर्मी आदिले नाश हुन्छ त्यसैले रूप हो। आय भएको धर्महरूलाई तान्दछ फैलाउँछ यसैले र दीर्घसंसारको दुःखमा ल्याउँछ यसैले आयतन हो। छुन्छ यसैले स्पर्श हो। वेदन (अनुभव) गर्दछ यसैले वेदना हो। प्यासी हुनु तृष्णा हो। दृढतापूर्वक ग्रहण गर्दछ यसैले उपादान हो। कर्मभवले हुन्छ र उत्पत्तिभवले बढाउँछ यसैले भव हो। उत्पत्ति हुनु जाति हो। जीर्ण हुनु जरा हो। यसबाट मर्दछ यसैले मरण हो। सोक गर्नु शोक हो। विलाप गर्नु परिदेव हो। दुःखाउँछ यसैले दुःख हो। या उत्पत्तिअनुसार दुई भागमा खन्दछ यसैले दुःख हो। दुर्मन हुनु दौर्मनस्य हो। अत्यन्त दिक्दार हुनु उपायास हो। उत्पन्न हुन्छन्‌को अर्थ जन्म लिन्छन् हो।

न केवल शोकआदिसंग नै, प्रत्युत सबै पदहरू (शब्दहरू)संग "उत्पन्न हुन्छन्" शब्दलाई जोड्नुपर्दछ। अन्यथा 'अविद्याको प्रत्ययले संस्कार' भन्दा के गर्दछ ? भन्ने कुरा जान्न सकिंदैन। तर 'उत्पन्न हुन्छन्' जोड्दा अविद्या र त्यो प्रत्यय पनि छ यसैले अविद्या प्रत्यय हो। त्यस अविद्याको प्रत्ययले संस्कार उत्पन्न हुन्छन् - यसरी प्रत्यय र प्रत्ययले उत्पन्न भएको धर्महरूको व्यवस्थान गरिएको छ। यसैप्रकार सबैमा बुझ्नुपर्दछ।

यसरी - निर्दिष्ट भएको नियमको निर्देशन छ। त्यसले अविद्या आदिको कारणहरूले नै न कि ईश्वर निर्माण आदिले देखाउँछन्। यसको = यथोक्तको। सम्पूर्णको = अमिश्रित या सफलको। दुःखको स्कन्धको = दुःखको समूहको, न सत्वको, न सुख शुभ आदिको। समुदय = उत्पत्ति। हुन्छ ...। यसरी यहाँ अर्थले विनिश्चय जान्नुपर्दछ।

(३) लक्षण आदि = अविद्या आदिको लक्षण आदिले पनि विनिश्चय जान्नुपर्दछ। जस्तै - अज्ञानको लक्षणयुक्त अविद्या हो। मूढ बनाउनु यसको काम हो। आलम्बनको स्वभावलाई ढाक्नु यसको प्रत्युपस्थान हो। आस्रव यसको पदस्थान हो।

अभिसंस्करणको लक्षणयुक्त संस्कार हो। राशी गर्नु यसको काम हो। चेतनाले यो जानिन्छ। अविद्या यसको पदस्थान हो।

विजानन (विशेषरूपले जान्नु) को लक्षणयुक्त विज्ञान हो। अगाडिअगाडि जानु यसको कृत्य हो। प्रतिसन्धिले जानिन्छ। संस्कार यसको पदस्थान हो या वस्तुको आलम्बन।

झुक्ने लक्षण भएको नाम हो। मिल्नु यसको काम हो। वियुक्त नहुनाले यो जानिन्छ। विज्ञान यसको पदस्थान हो।

नाश हुने लक्षण भएको रूप हो। विकीर्ण हुनु यसको काम हो। अव्याकृतले यो जानिन्छ। विज्ञान यसको पदस्थान हो।

आयतनको लक्षण भएको ६ आयतन हो। देख्नु आदि यसको काम हो। वस्तु, द्वार भावले यी जानिन्छन्। नामरूप यसको पदस्थान हो।

छुने लक्षण भएको स्पर्श हो। संघर्ष गर्नु यसको काम हो। मिल्नाले यो जानिन्छ। ६ आयतन यसको पदस्थान हो।



Downloaded from http://www.dhamma.digital

अनुभव गर्ने लक्षण भएको वेदना हो। विषयको रसको आस्वादन गर्नु यसको काम हो। सुख दुःखले यो जानिन्छ। स्पर्श यसको पदस्थान हो।

हेतुको लक्षण भएको तृष्णा हो। अभिनन्दन गर्नु यसको काम हो। तृप्ति नहुनाले जानिन्छ। वेदना यसको पदस्थान हो।

ग्रहण गर्ने लक्षण भएको उपादान हो। नछोड्नु यसको काम हो। तृष्णाको दृढता (कामउपादान) र दृष्टि (आत्मवादउपादान, शीलव्रतउपादान र दृष्टिउपादान) ले जानिन्छ। तृष्णा यसको पदस्थान हो।

कर्म र कर्मफल लक्षणका भएको भव हो। उत्पन्न गराउनु र उत्पन्न हुनु यसको काम हो। कुशल, अकुशल र अव्याकृतले यो जानिन्छ। उपादान यसको पदस्थान हो।

जाति आदिको लक्षण आदि सत्य निर्देशमा भनिएको प्रकारले जान्नुपर्दछ। यसरी यहाँ लक्षण आदिले पनि विनिश्चय जान्नुपर्दछ।

(४) एकविद्य आदि = यहाँ अविद्या = अज्ञान, अदर्शन, मोह आदि हुनाले एक प्रकारको हो। अप्रतिपत्ति, मिथ्या प्रतिपत्तिले दुई प्रकारका छन्। त्यसरी नै ससंस्कृत र असंस्कृतले पनि। तीन वेदनाहरूको सम्प्रयोगले तीन प्रकारका छन्। चार सत्यको अप्रतिवेधले चार प्रकारका छन्। पाँच गतिहरूमा आदीनव (दुष्परिणाम)लाई ढाक्नाले पाँच प्रकारका छन् र द्वारआलम्बनले सबै अरूपधर्महरूमा ६ प्रकारका हुने जान्नुपर्दछ।

संस्कार = सास्रव, विपाकधर्मधर्मा (विपाकको स्वभावयुक्त धर्म) आदि हुनाले एक प्रकारको छ। कुशल, अकुशलले दुई प्रकारका छन् त्यसरी नै कामावचरसंस्कार परित्र, रूपावचरको तथा अरुपाचरको संस्कार महद्गत, अकुशल संस्कार हीन, शेष त्रैभूमिक संस्कार मध्यम; मिथ्यात्वनियत (५ अन्तरायकर्म र जुन नियत मिथ्यादृष्टि), अनियत (शेष त्रैभूमिक मिथ्यात्व) ले दुई प्रकारका छन्। तीन प्रकारकाहरूमा पुण्याभिसंसंस्कार, अपुण्याभिसंस्कार, आनेञ्जाभिसंस्कार छन्। चार प्रकारका छन् - जलावुज, अण्डज, संस्वेदज, ओपपातिक, चार योनिहरूमा हुनाले। पाँच प्रकारका छन् - निरय, तिरच्छान, पेतविषय, मनुष्य, देव पाँच गतिहरूमा जानाले।

विज्ञान = लौकिक विपाक आदि हुनाले एक प्रकारको छ। सहेतुक, अहेतुक आदिले दुई प्रकारका छन्। तीनै भवहरूमा हुनाले, तीन वेदनाहरूको सम्प्रयोगले र चार कामावचरज्ञानविप्रयुक्त विपाकविज्ञान द्विहेतुक, चार कामावचरज्ञानसम्प्रयुक्त विपाक विज्ञान र रुपावचर तथा अरुपावचरको विपाकविज्ञान त्रिहेतुक र शेष लौकिक विपाक विज्ञान अहेतुकले तीन प्रकारका हुन्छन्। योनि, गतिअनुसार चार प्रकारका र पाँच प्रकारका हुन्छन्।

नामरूप = विज्ञानमा आश्रित हुने र कर्मको प्रत्ययले एक प्रकारको हुन्छ। आलम्बन र अनालम्बनले दुई प्रकारका हुन्छन्। भूत आदिले तीन प्रकार हुन्छन्। योनि , गतिअनुसार चार प्रकारका र पाँच प्रकारका हुन्छन्।

६ आयतन = उत्पत्ति, समोसरण (जुटाव) स्थानले एक प्रकारको हुन्छ। भूतहरूको प्रसाद र



Downloaded from http://www.dhamma.digital

विज्ञान आदिले दुई प्रकारका, सम्प्राप्त गोचर, घ्राण, जिव्हा, काय असम्प्राप्त गोचर चक्षु, श्रोत र न उभय गोचर मनायतनले तीन प्रकारका हुन्छन् । योनि गतिमा हुनाले चार प्रकार र पाँच प्रकारका छन् । यसप्रकार स्पर्श आदिको पनि एकविध आदि हुनेलाई जान्नुपर्दछ । यसरी यहाँ एकविध आदिले पनि विनिश्चय जान्नुपर्दछ ।

(५) अंगहरूको व्यवस्थापन = शोक आदि यहाँ भव चक्रको अविच्छेदलाई देखाउनको लागि भनिएका छन् । जरामरणले प्रहार प्राप्त बालमूर्खलाई नै ती उत्पन्न हुन्छन् । जस्तै संयुक्त निकाय (३४,५) अनुसार भनिएको छ - 'भिक्षुहरू, अश्रुतवान पृथग्जन कायिक दुःखवेदना हुँदा शोक गर्दछ, दिक्दार हुन्छ । विलाप गर्दछ, हातले छाती पिटीपिटी रुन्छ, संमोहलाई प्राप्त हुन्छ ।" र जबसम्म ती प्रवर्तित हुन्छन्, तबसम्म अविद्याले, फेरि पनि अविद्याको प्रत्ययले संस्कार - यसरी भवचक्रको सम्बन्ध लागि नै रहन्छ । यसैले त्यसको जरामरणले नै एक संक्षेप (समूह) गरी बाह्र नै प्रतीत्यसमुत्पादको अंग जान्नुपर्दछ । यसरी यहाँ अंगहरूको व्यवस्थानले पनि विनिश्चय जान्नुपर्दछ । यहाँ यो संक्षेप कथा हो ।

यो विस्तार गर्ने नियम हो । अविद्या - सूत्रान्तको पर्यायले दुःख आदि चारै स्थानहरूमा अज्ञानलाई अविद्या भनिन्छ । अभिधर्मको पर्यायले पूर्वान्त आदिको साथै आठ स्थानहरूमा । धम्मसंगणीमा यो भनिएको छ - "कुनचाहिं अविद्या हो ? दुःखमा अज्ञान, दुःख समुदयमा अज्ञान, दुःख निरोधगामिनी पटिपदामा अज्ञान, पूर्वान्तमा अज्ञान, अपरान्तमा अज्ञान, पूर्वान्तापरान्तमा अज्ञान, यसको प्रत्ययले उत्पन्न भएको प्रतीत्य समुत्पन्न धर्महरूमा अज्ञान ।"

यहाँ, यद्यपि लोकोत्तर दुई सत्यहरूलाई छाडेर शेष स्थानहरूमा आलम्बनको रूपले पनि अविद्या उत्पन्न हुन्छ । यसरी हुँदा पनि ढाक्नेरूपमा नै यहाँ अभिप्रेत छ । त्यो उत्पन्न भएर दुःख सत्यलाई ढाकिदिन्छ । स्वभावअनुसार लक्षणलाई जान्न दिँदैन । त्यसरी नै समुदय, निरोध, मार्ग पूर्वान्त भनिने भूतकालिक पञ्चस्कन्ध, अपरान्त भनिने भविष्यतकालिक पञ्चस्कन्ध, पूर्वान्तापरान्त भनिने ती दुबैलाई, यस प्रत्ययले उत्पन्न भएको प्रतीत्य समुत्पन्न धर्म भनिने इदम्प्रत्ययता र प्रतीत्य समुत्पन्न धर्महरूलाई ढाकेर राख्दछ । 'यो अविद्या हो' यी संस्कार छन् - यसरी स्वभावअनुसार लक्षणलाई जान्न दिंदैनन् । यसैले दुःखको अज्ञान ... यस प्रत्ययले उत्पन्न प्रतीत्यसमुत्पन्न धर्महरूमा अज्ञान हो - यसरी भनिन्छ ।

संस्कार = पुण्य आदि तीन, काय संस्कार आदि तीन यसरी पहिले संक्षेपमा भनिएको ६ प्रकार - यहाँ विस्तारले पुण्याभिसंस्कार, दान शील आदिअनुसार हुने आठ कामावचरको कुशल चेतना र भावनाअनुसार हुने पाँच रूपावचरको कुशल चेतना यसरी तेह्र चेतना हुन्छन् । अपुण्याभिसंस्कार, पाणातिपात आदिअनुसार हुने बाह्र अकुशल चेतना हो । आनेञ्जाभिसंस्कार, भावनाअनुसार नै उत्पन्न हुने चार अरुपावचरको कुशल चेतना हो - यसरी तीनै संस्कार पनि गरी उनन्तीस चेतना हुन्छन् ।

अन्य तीन प्रकारहरूमा कायसंचेतना कायसंस्कार हो, वाकसंचेतना वाकसंस्कार हो, मनोसंचेतना चित्तसंस्कार हो । यो त्रिक् कर्म गर्ने समय पुण्याभिसंस्कार आदिको द्वारले प्रवर्तिलाई



Downloaded from http://www.dhamma.digital

देखाउनको लागि भनिएको । कायविज्ञप्तिलाई उत्पन्न गरी कायद्वारले प्रवर्तित आठ कामावचरको कुशलचेतना र बाह्र अकुशलचेतना यसरी बीस चेतना कायसंस्कार हुन्। ती नै वाकविज्ञप्तिलाई उत्पन्न गरी वाक्‌द्वारले प्रवर्तित भएको वाकसंस्कार हुन् । यहाँ अभिज्ञाको चेतनापछि विज्ञानको प्रत्यय हुँदैन अभिज्ञाको चेतना काय, वाक, संस्कारअनुसार प्रवर्तित पनि यही समानान्तर भवमा उत्पन्न हुने विज्ञानको प्रत्यय हुँदैन । किन ? किनकि त्यो कुशल पनि हुँदै कसिण आदिको भावनाले फलसमान छन्। यसैले अर्को फललाई उत्पन्न हुन दिंदैन। किनकि फलको फल हुँदैन । उद्दच्च चतुर्थमार्गले प्रहीण हुन्छ। यदि त्यो प्रतिसन्धिलाई ल्याए भने स्रोतापन्न आदि पनि सुगतिगामी हुँदैन, यसैले त्यो अकुशल भए तापनि विपाकविज्ञानको प्रत्यय हुँदैन । यसैले ग्रहण गरिएको छैन र जसरी अभिज्ञाको चेतना, यसरी नै उद्दच्च चेतना पनि प्रत्यय हुँदैन । यसैले त्यो पनि विज्ञानको प्रत्यय हुनाले हटाउन पर्दछ, तर अविद्याको प्रत्ययले यी सबै हुन्छन् । दुवै पनि विज्ञप्तिहरूलाई उत्पन्न नगरेर मनोद्वारका उत्पन्न सबै उनन्तीस चेतना चित्तसंस्कार हुन्। यसप्रकार यो त्रिक पहिलो त्रिकमा समावेश हुन्छ - यसैले अर्थले पुण्याभिसंस्कार आदिअनुसार  नै अविद्याको प्रत्यय हुनेलाई जान्नुपर्दछ ।

प्रश्न हुन सक्दछ - कसरी यो जान्नुपर्दछ कि यी संस्कार अविद्याको प्रत्ययले हुन्छन् । किनकि अविद्या हुँदा भन्ने पद हुनाले । जसको दुःखआदिमा अविद्या भनिने अज्ञान अप्रहीण हुन्छ, त्यो दुःख र पूर्वान्तआदिमा अज्ञानले संसारदुःखलाई सुखको विचारले ग्रहण गरी त्यसैको हेतु भएको तीन प्रकारका संस्कारहरूलाई पनि गर्दछ । समुदयमा अज्ञानले दुःखको हेतु भएको पनि तृष्णाको संस्कारहरूलाई सुखको हेतु सम्झिँदै गर्दछ। निरोध र मार्गमा अज्ञानले दुःखको निरोध भएको ख्याल गरी निरोध र अमार्ग भए पनि यज्ञ, अमर तप आदि (अश्वमेघ आदि यज्ञहरू र अमर हुनाको लागि गरिने नाना प्रकारको तपहरूमा) मा निरोध र मार्गको ख्याल गरी दुःखको निरोध चाहँदै यज्ञ, अमर तपआदिद्वारा तीनै प्रकारका संस्कारहरूलई गर्दछ ।

अरू पनि - त्यो त्यस चार सत्यहरूमा अविद्याको प्रहीण नहुनाले विशेष रूपले जाति, जरा, रोग, मरणआदि अनेक दोषहरूले भरेर पनि पुण्यफल भनिने दुःखलाई दुःखको स्तरमा नजानेर, त्यसको प्राप्तिको लागि काय वाक, चित्तसंस्कारको भेदयुक्त पुण्याभिसंस्कारलाई गर्दछ । देवलोकको अप्सरालाई चाहने व्यक्तिको मरू प्रपातसमान सुख माने पनि त्यस पुण्यफलको अन्तमा महापीडोत्पादक विपरिणामदुःख र अल्पस्वादको भएको नदेख्दै पनि त्यसकारणले उक्तप्रकारले नै दीपकको ज्वालामा पुतली खसेझैं र महमा लिप्त हतियारको धारलाई महथोपाको लोभीले चाट्नेसमान, पुण्याभिसंस्कारलाई गर्दछ । विपाकयुक्त कामभोगआदिमा दोषलाई नदेख्दै सुखको ख्याल र क्लेशले अभिभूत तीन द्वारमा प्रवर्तित हुँदै पनि, केटाकेटीको गुहु क्रीडासमान र मर्न चाहनेले विष खानेसमान, अपुण्याभिसंकारलाई गर्दछ । आरुप्यविपाकहरूमा पनि संस्कारको विपरिणाम

**मरूप्रपात**

***भारतमा कुनै समय तीर्थ मानिने एक बरको बोट, जो व्यक्ति त्यस रूखमाथि चढेर खसेर मर्दछ त्यो मुक्त हुन्छ भनी विश्वास गर्दछ । चिनीयाँ यात्री - हुयेङसांगले पनि एक यस्तो वृक्षको वर्णन आफ्नो "भारतभ्रमण" पुस्तकमा गरेको छ । उहाँले लेख्नु भएको छ । कि गंगा यमुनाको संगममा एउटा बरको रूख थियो, त्यहाँ स्वर्ग र मुक्तिलाई चाहाने व्यक्तिहरू चढेर खसेर मर्दथे ।***



Downloaded from http://www.dhamma.digital

दुःख भएकोलाई थाहा नपाएर शाश्वत आदि विपर्यास (भ्रम)ले चित्तसंस्कार भएको आनेंजाभिसंस्कारलाई, दिशा भुलेको व्यक्तिले पिशाचहरूको नगरतिर जाने मार्गमा जानेसमान, गर्दछ।

यसरी अविद्याको भावले नै संस्कारको भाव हो, न कि अभावले, यसैले यसलाई जान्नुपर्दछ - 'यी संस्कार अविद्याको प्रत्ययले हुन्छन्।' संयुक्त निकाय (१२,६,१) अनुसार भनिएको पनि छ - "भिक्षुहरू, अविज्ञ अविद्यामा परेको व्यक्ति पुण्याभिसंस्कारलाई पनि गर्दछ, अपुण्याभिसंस्कारलाई पनि गर्दछ, आनेंजाभिसंस्कारलाई पनि गर्दछ। भिक्षुहरू, जब भिक्षुको अविद्या टाढिएर जान्छ, विद्या उत्पन्न हुन्छ, तब ऊ अविद्याको विरागले, विद्याको उत्पत्तिले पुण्याभिसंस्कार, अपुण्याभिसंस्कार, आनेंजाभिसंस्कार ... गर्दैन।"

यहाँ फेरि प्रश्न हुन्छ - यसलाई मान्दछौं कि अविद्या संस्कारहरूको प्रत्यय हो, तर यो कुरा बताउनोस् कि कुन संस्कारहरूको कुन प्रत्यय हुन्छन्?

यो उत्तर दिइन्छ - पट्ठानप्पकरणअनुसार भगवान्द्वारा (१) हेतुप्रत्यय (२) आलम्बनप्रत्यय (२) अधिपतिप्रत्यय (४) अनन्तरप्रत्यय (५) समानन्तरप्रत्यय (६) सहजातप्रत्यय (७) अञ्ञमञ्ञप्रत्यय (८) निश्रयप्रत्यय (९) उपनिश्रयप्रत्यय (१०) पुरेजातप्रत्यय (११) पच्छा जातप्रत्यय (१२) आसेवनप्रत्यय (१३) कर्मप्रत्यय (१४) विपाकप्रत्यय (१५) आहारप्रत्यय (१६) इन्द्रियप्रत्यय (१७) ध्यानप्रत्यय (१८) मार्गप्रत्यय (१९) सम्प्रयुक्तप्रत्यय (२०) विप्रयुक्तप्रत्यय (२१) अस्तिप्रत्यय (२२) नास्तिप्रत्यय (२३) विगतप्रत्यय (२४) अविगतप्रत्यय। चौवीसप्रत्यय भन्नुभएको छ।

## हेतुप्रत्यय

त्यो हेतु हो र प्रत्यय पनि, यसैले हेतुप्रत्यय भनिन्छ। हेतु भएर प्रत्यय हो, हेतु भावले प्रत्यय हो आदि भनिएको छ। आलम्बनप्रत्ययआदिमा पनि यसैप्रकार। हेतु यो वचन अवयव, कारण, मूलको नाम हो। प्रतिज्ञा, हेतु, उदाहरण, उपनय, निगमन (यी पाँच अवयवहरूले युक्त वचन परमार्थ अनुमानलाई सिद्ध गर्ने हुन्छ।) आदिमा वचन अवयव लोकमा हेतु भनिन्छ। तर महावग्गको शासनमा "जुन धर्म हेतुले उत्पन्न छ" आदिमा कारण, धम्मसंगणीको "तीन कुशल हेतु छन्, तीन अकुशल हेतु छन्" आदिमा मूल हेतु भनिन्छ। त्यो यहाँ अभिप्रेत छ।

प्रत्यय = यहाँ यो शब्दार्थ हो - यसको कारणले आउँछ, यसैले प्रत्यय हो। त्यसलाई त्यागेर रहँदैन - यो अर्थ हो। जुन धर्म जुन धर्मलाई विनात्यागी रहन्छ या उत्पन्न हुन्छ त्यो त्यसको प्रत्यय भनिन्छ। लक्षणले प्रत्यय उपकार गर्ने लक्षणको छ। जुन धर्म जुन धर्मको स्थिति या उत्पत्तिको उपकारक हुन्छ, त्यो त्यसको प्रत्यय अनिन्छ। प्रत्यय, हेतु, कारण, निदान, सम्भव, प्रभवआदि अर्थले एक हुन्, व्यञ्जनले भिन्न हुन्। यसप्रकार मूलको अर्थले हेतु र उपकारकको अर्थले प्रत्यय - यसरी संक्षेपमा मूलको अर्थले उपकारक धर्म हेतुप्रत्यय हो।

त्यो धानआदिको लागि धानको बीजआदिसमान र मणिको प्रभाआदिको मणिको वर्णआदिसमान कुशलआदिलाई कुशल बनाउने हो, यसरी रेवत स्थविर आदि आचार्यहरूको अभिप्रायः छ। तर त्यस्तो हुँदा त्यसबाट उत्पन्न भएको रूपहरूमा हेतुप्रत्ययको हुनु सिद्ध हुँदैन। किनकि त्यो त्यसको कुशलआदि भएको सिद्ध गर्दैन र न त प्रत्यय हुँदैन। पट्ठान (१) अनुसार यो भनिएको छ - 'हेतु हेतुयुक्त धर्महरू



Downloaded from http://www.dhamma.digital

र त्यसबाट उत्पन्न भएको रूपहरूको हेतुप्रत्ययले प्रत्यय हुन्छ।' अहेतुकचित्तहरूको यसविनाअव्याकृत सिद्ध छ र सहेतुकहरूको पनि योनिसो मनसिकार आदिले प्रतिबद्धको कुशल आदि हुनु सिद्ध छ। तर हेतुले युक्तको प्रतिबद्ध हुनु सिद्ध छैन। यदि हेतुले युक्तहरूमा स्वभावले नै कुशल आदि हुनु भएमा युक्तहरूमा हेतुले प्रतिबद्ध अलोभ कुशल होस् या अव्याकृत। किनकि दुवै पनि हुन्छ, यसैले जस्तै युक्तहरूमा, त्यसरी नै हेतुहरूमा पनि कुशल आदि भएको खोज्नुपर्दछ।

कुशल आदि भएकोलाई सिद्ध गर्नाले हेतुहरूको मूलार्थलाई ग्रहण नगरी आलम्बनमा सुप्रतिष्ठत हुनेलाई सिद्ध गर्नाले ग्रहण गरिंदा केही पनि विरुद्ध हुँदैन। हेतुप्रत्ययलाई पाएकै धर्म, बढेको जरायुक्त रूखसमान, स्थिर र सुप्रतिष्ठित हुन्छन्। अहेतुक तिलवीज आदि सेवालसमान सुप्रतिष्ठित हुँदैनन्। यसप्रकार मूलको अर्थले उपकारक अर्थात् सुप्रतिष्ठित भएको सिद्ध गर्नाले उपकारकधर्मलाई हेतुप्रत्यय जान्नुपर्दछ।

## आलम्बनप्रत्यय

त्यसपछि अर्को प्रत्ययहरूमा आलम्बन हुनाले उपकार गर्ने धर्म आलम्बनप्रत्यय हो। त्यो 'रूपायतन चक्षुविज्ञानधातुको यसरी आरम्भ गरेर पनि "जुनजुन धर्मलाई लिएर जुनजुन चित्तचेतसिक धर्म उत्पन्न हुन्छन्, तीती धर्म त्यसत्यस धर्महरूको आलम्बनप्रत्ययले प्रत्यय हुन्छन्" भनी समाप्त गरिनाले कुनै धर्म हुँदैन - यस्तो छैन। जस्तै - दूब्लो मानिस डण्डा वा डोरीको सहाराले उठ्दछ र उभिन्छ यसरी चित्तचेतसिकधर्म रूपआदिको सहाराले नै उत्पन्न हुन्छन् र स्थिर हुन्छन्। यसैले सारा चित्तचेतसिकहरूको आलम्बन भएको धर्मलाई आलम्बनप्रत्यय जान्नुपर्दछ।

## अधिपतिप्रत्यय

ज्येष्ठको अर्थले उपकार गर्ने धर्म अधिपतिप्रत्यय हो। त्यो सहजात र आलम्बनअनुसार दुई प्रकारका हुन्छन्। त्यहाँ "छन्दअधिपति छन्दयुक्तधर्महरू र त्यसले उत्पन्न रूपहरूको अधिपतिप्रत्ययले प्रत्यय हुन्छ" आदि पट्ठान (२) को वचनले छन्द, वीर्य, चित्त, मीमांसा नामक चारै धर्महरूलाई अधिपतिप्रत्यय जान्नुपर्दछ, तर एकमा होइन। जब छन्दलाई मुख्य, छन्दलाई ज्येष्ठ गरी चित्त प्रवर्तित हुन्छ तब छन्द नै अधिपति हुन्छ, अरू होइन। यसैप्रकार शेषहरूमा पनि बुझ्नुपर्दछ। जुन धर्मलाई प्रधान गरी अरूपधर्म प्रवर्तित हुन्छन् त्यो त्यसको आलम्बनाधिपत्ति हो। यसैले पट्ठान (२) अनुसार भनियो - 'जुनजुन धर्मलाई प्रधान गरी जुनजुन चित्तचेतसिकधर्म उत्पन्न हुन्छन्, तीती धर्म त्यसत्यस धर्महरूको अधिपतिप्रत्ययले प्रत्यय हुन्छन्।"

## अनन्तरप्रत्यय र समानन्तरप्रत्यय

अन्तर (फरक) नपारेर उपकार गर्ने धर्म अनन्तरप्रत्यय हो। समानान्तर हुनाले उपकार गर्ने धर्म समानान्तरप्रत्यय हो। यी दुवै प्रत्ययहरूको नाना प्रकारले वर्णन गर्दछन्। (व्यर्थको ग्रन्थ विस्तार गर्दछन् भन्ने अर्थ हो।) यो यहाँ सार हो - जुन यो चक्षुविज्ञानको अनन्तर मनोधातु हुन्छ, मनोधातुको अनन्तर मनोविज्ञानधातु हुन्छ, आदि चित्तको नियम हो त्यो किनकि पूर्वपूर्वको चित्तले नै सिद्ध हुन्छ अन्यथा होइन, यसैले आफ्नोआफ्नो अनुरूप चित्तलाई उत्पन्न गर्नुमा समर्थ धर्म अनन्तरप्रत्यय हो। त्यसैले भनियो - "अनन्तरप्रत्यय= चक्षुविज्ञानधातु र त्यसले युक्त धर्म मनोधातु र त्यसले युक्त धर्मको अनन्तरप्रत्ययले



Downloaded from http://www.dhamma.digital

प्रत्यय हुन्छन्" आदि । जुन अनन्तरप्रत्यय हो त्यही समानान्तरप्रत्यय हो । यहाँ व्यञ्जन मात्र नै भिन्न छ तर उपचय सन्तति र अधिवचन निरुति द्विकआदिको समान अर्थले भिन्नता छैन ।

जुन पनि काल (अध्व)को अनन्तर हुनाले अनन्तर हुन्छ, त्यो कालको अनन्तर हुनाले समानाान्तर प्रत्यय हुन्छ - यसरी रेवत स्थविर आदि आचार्यहरूको मत छ । त्यो "निरोधले उठ्दै गरेको व्यक्तिको नैवसंज्ञानासंज्ञायतन कुशल फल समापत्तिको समानान्तरप्रत्ययले प्रत्यय हुन्छ" आदिले विरुद्ध हुन जान्छ । जो भिक्षु निरोधसमापत्तिलाई समापन्न हुन्छ त्यो आकिंचन्यायतनको पछाडि एक दुई चित्तमा नै नैवसंज्ञानासंज्ञायतनलाई समापन्न भएर चित्तरहित हुन जान्छ र त्यस निरोधसमापत्तिले सप्ताहभरी पनि व्यतीत गर्दछ, यसैले त्यहाँ कालको अनन्तर हुनु सिद्ध छैन, केवल चित्तको नै अनन्तर हुन्छ ।

जो भन्ने गर्दछ - "धर्महरूलाई उत्पन्न गर्नको सामर्थ्य घट्दैन, तर भावनाको बलले रोकिएको हुनाले धर्म समानान्तर उत्पन्न हुँदैनन्" त्यो पनि कालको अनन्तर हुनाले अभावलाई नै सिद्ध गर्दछ । भावनाको बलले त्यहाँ कालको अनन्तर हुदैन - हामी पनि यही भन्दछौं । किनकि कालको अनन्तर हुँदैन, यसैले समानानतरप्रत्ययको हुनु युक्त छैन । कालको अनन्तर हुनाले समानान्तरप्रत्यय हुन्छ यसरी ती मान्दछन्, यसैले आग्रह नगरी व्यञ्जन मात्रले नै यहाँ भिन्नता जान्नु पर्दछ, अर्थले होइन । कसरी ? यसको अनन्तर छैन, यसैले अनन्तर भनिन्छ र रूपधर्महरूको समान बनावटको अभावले राम्ररी अनन्तर नै समानान्तर हो ।

## सहजातप्रत्यय

उत्पन्न हुनासाथ उत्पन्न हुनाले उपकार गर्ने सहजातप्रत्यय हो, प्रकाशको लागि प्रदीपसमान । त्यो अरुपस्कन्धआदिअनुसार ६ प्रकारका हुन्छन् । जस्तै - तिकपट्ठान (३)अनुसार भनिएको छ - "चारै अरूपीस्कन्ध परस्पर सहजातप्रत्ययले प्रत्यय हुन्छन् । चार महाभूत परस्पर ... प्रतिसन्धि (अवक्रान्ति)को क्षण नामरूप परस्पर ... चित्तचेतसिकधर्म चित्तले उत्पन्न भएको रूपहरूको ... महाभूत उपादा रूपहरूको ... रूपीधर्म अरुपीधर्महरूको कुनै समय सहजातप्रत्ययले प्रत्यय हुन्छन्, कुनै समय नसहजातप्रत्ययले प्रत्यय हुन्छन्" यो हृदयवस्तुप्रति नै भनिएको हो ।

## अञ्ञमञ्ञप्रत्यय

परस्पर उत्पत्ति र उपस्तम्भ भएअनुसार उपकार गर्ने धर्म, एक अर्कालाई सम्हाल्ने त्रिदण्डसमान, अञ्ञमञ्ञप्रत्यय हो । त्यो अरूपस्कन्धआदिअनुसार तीन प्रकारका हुन्छन् । जस्तै - तिक पट्ठान (४)मा भनिएको छ - 'चारै अरूपीस्कन्ध अञ्ञमञ्ञप्रत्ययले प्रत्यय हुन्छन् । चारै महाभूत ... प्रतिसन्धिको क्षण नामरूप अञ्ञमञ्ञप्रत्ययले प्रत्यय हुन्छन् ।"

## निश्रयप्रत्यय

अधिष्ठान र निश्रयको आकारले उपकार गर्ने धर्म, वृक्षको लागि पृथ्वी, चित्रकर्मआदिको लागि वस्त्रआदिसमान निश्रयप्रत्यय हो । त्यो "चारै अरुपीस्कन्ध परस्पर निश्रयप्रत्ययले प्रत्यय हुन्छन् ।" यसरी सहजातमा भनिएको प्रकारले नै जान्नुपर्दछ । यहाँ छैठौं भाग, 'चक्षुआयतन, चक्षुविज्ञानधातुको ... श्रोत्र ... घ्राण ... जिव्हा ... कायायतन कायविज्ञानधातु र त्यसले युक्त धर्महरूको निश्रयप्रत्ययले प्रत्यय



Downloaded from http://www.dhamma.digital

हुन्छ। जुन रूपको सहारा मनोधातु र मनोविज्ञानधातुहरू हुन्छन्, त्यो रूप मनोधातु, मनोविज्ञानधातु र त्यसले युक्त धर्महरूको निश्रयप्रत्ययले प्रत्यय हुन्छन् । यसरी विभक्त भएको छ ।

## उपनिश्रयप्रत्यय

यहाँ यो शब्दार्थ हो - त्यसको अधीन भएको स्वभावले फलले निश्रित, अलग नभएको निश्रय हो। जसरी अत्यन्त परिश्रमलाई उपायास भनिन्छ, यसरी अत्यन्त निश्रय उपनिश्रय हो। वलवान कारणको यो नाम हो । यसैले वलवान कारण हुनाले उपकार गर्ने धर्म उपनिश्रयप्रत्यय हो भनी जान्नुपर्दछ । (१) त्यो आलम्बनउपनिश्रय, (२) अनन्तरउपनिश्रय, (३) प्रकृतिउपनिश्रय - यसरी तीन प्रकारका हुन्छन् ।

(१) आलम्बन उपनिश्रय= "दान दिएर, शील ग्रहण गरेर, उपोशथकर्म गरेर, त्यसलाई प्रधान गरी प्रत्यवेक्षण गर्दछ, पहिलेको लागि गरिएको कुशलकर्मलाई प्रधान गरी प्रत्यवेक्षण गर्दछ। ध्यानले उठेर ध्यानलाई प्रधान गरेर प्रत्यवेक्षण गर्दछ। शैक्ष्य स्रोतापत्तिमार्गको गोत्रभू चित्तलाई प्रधान गरेर प्रत्यवेक्षण गर्दछन्। सकृदागामी र अनागामी अवदानलाई प्रधान गरी प्रत्यवेक्षण गर्दछन्। शैक्ष्य मार्गले उठेर मार्गलाई प्रधान गरी प्रत्यवेक्षण गर्दछन्।" यसरी आदिप्रकारले आलम्बनउपनिश्रय आलम्बनाधिपतिको साथ भेद नगरेर नै विभक्त भएको छ। त्यहाँ जुन आलम्बनलाई प्रधान गरी चित्तचेतसिक उत्पन्न हुन्छन्, त्यो नियमले उनको आलम्बनहरूमा बलवान आलम्बन हुन्छ। यसप्रकार प्रधान गर्ने मात्रको अर्थले आलम्बनाधिपति र बलवान कारणको अर्थले आलम्बनउपनिश्रय हो, - यसरी यसको भेदलाई जान्नुपर्दछ ।

(२) अनन्तर उपनिश्रय = "पहिलेपहिलेको कुशलस्कन्ध पछिपछिको कुशलस्कन्धहरूको उपनिश्रयप्रत्ययले प्रत्यय हुन्छन्" आदिप्रकारले अनन्तर प्रत्ययसंगै भेद नगरेर नै विभक्त भएको छ । त्यसको मात्रिकाको निःक्षेपमा "चक्षुविज्ञानधातु र त्यसले सम्प्रयुक्तधर्म मनोधातु र त्यसले सम्प्रयुक्त धर्महरूको अनन्तरप्रत्ययले प्रत्यय हुन्छ" आदिप्रकारले अनन्तरको "पहिलेपहिलेको कुशलधर्म पछाडिपछाडिको कुशलधर्महरूको उपनिश्रयप्रत्ययले प्रत्यय हुन्छन्" आदिप्रकारले उपनिश्रय आएको हुनाले निःक्षेपमा विशेषता हो, त्यो पनि अर्थले एउटा मै हुन जान्छ । यस्तो हुँदा पनि आफ्नोआफ्नो अनन्तर अनुरूप चित्तको उत्पत्तिको प्रवर्तनको सामर्थ्यले अनन्तर हुने र पहिले चित्तको पछिल्लो चित्तभन्दा बलवान हुनाले अनन्तर उपनिश्रय हुने जान्नुपर्दछ ।

जस्तै - हेतुप्रत्ययआदिमा कुनै प्रत्यय धर्मविना पनि चित्त उत्पन्न हुन्छ यसरी अनन्तर चित्तविना पनि चित्तको उत्पत्ति छैन, यसैले वलवान प्रत्यय हुन्छ। यसप्रकार आफ्नोआफ्नो अनन्तर अनुरूप चित्तको उत्पत्तिअनुसार अनन्तरप्रत्यय हुन्छ। बलवान कारणअनुसार अनन्तर उपनिश्रय हुन्छ - यसरी यसको भेद जान्नुपर्दछ ।

(३) प्रकृति उपनिश्रय = प्राकृतिक-उपनिश्रय नै प्रकृति-उपनिश्रय हो। प्रकृति भनिन्छ आफ्नोभित्र निष्पादित श्रद्धा, शील आदिलाई या उपसेवित ऋतु, भोजन आदिलाई, अथवा प्रकृतिले नै उपनिश्रय भएको प्रकृति उपनिश्रय हो। आलम्बन अनन्तरले अमिश्रित भन्ने अर्थ हो। त्यसको - 'प्रकृतिउपनिश्रय, श्रद्धा उपनिश्रयले दान दिन्छ, शील ग्रहण गर्दछ, उपोशथ कर्म गर्दछ, ध्यान उत्पन्न गर्दछ, विपश्यना



Downloaded from http://www.dhamma.digital

उत्पन्न गर्दछ, अभिज्ञा उत्पन्न गर्दछ, समापत्ति उत्पन्न गर्दछ । शील... श्रुत ... त्याग ... प्रज्ञाको उपनिश्रयले दान दिन्छ ... समापत्ति उत्पन्न गर्दछ । श्रद्धा, शील, श्रुत, त्याग, प्रज्ञा, श्रद्धाको, शीलको, श्रुतको, त्यागको प्रज्ञाको उपनिश्रयप्रत्ययले प्रत्यय हुन्छन्" आदिढंगले अनेक प्रकारका प्रभेद जान्नुपर्दछ । यसप्रकार यी श्रद्धाआदि प्रकृति र बलवान कारणको अर्थले उपनिश्रय छन्, यसैले प्रकृति-उपनिश्रय भनिन्छ ।

## पुरेजातप्रत्यय

प्रथमतर उत्पन्न भएर वर्तमान् हुनाले उपकार गर्ने धर्म पुरेजातप्रत्यय हो । त्यो पाचौं वटा द्वाहरूमा वस्तु, आलम्बन हृदयवस्तुअनुसार एघार प्रकारका हुन्छन् । जस्तै भनियो - 'चक्षुआयतन चक्षुविज्ञानधातु र त्यसले सम्प्रयुक्तधर्महरूको पुरेजातप्रत्ययले प्रत्यय हुन्छ । श्रोत्र, घ्राण, जिव्हा, कायायतन, रूपायतन, शब्द, गन्ध, रस - स्पर्शायतन मनोधातुको ... जुन रूपको सहारा मनोधातु र मनोविज्ञानधातु हुन्छ त्यो रूप मनोधातु र त्यसले सम्प्रयुक्तधर्महरूको पुरेजातप्रत्ययले प्रत्यय हुन्छन् । मनोविज्ञानधातु र त्यसले सम्प्रयुक्तधर्महरूको कुनै समय पुरेजातप्रत्ययले प्रत्यय हुन्छ र कुनै समय पुरेजातप्रत्ययले प्रत्यय हुँदैन ।"

## पच्छाजातप्रत्यय

पहिले उत्पन्न भएको रूपधर्महरूको उपस्तम्भ हुनाले उपकार गर्ने अरूपधर्म, आमाले अब आहार ल्याउने छ, ल्याउने छ भन्दै आहारको आशाले बाँच्ने गिद्धको बच्चाको चेतनासमान पच्छाजातप्रत्यय हुन् । लिनत्थ वण्णना टीकामा भनिएको छ - "यसले मनोसंचेतना आहारअनुसार हुने अरूपधर्महरूले रूपकायको उपस्तम्भित हुने देखाउँछ । त्यसले नै आहारको आशासमान नभनेर चेतना ग्रहण गर्दछ ।" यसैले भनियो - "पछाडि उत्पन्न भएको चित्तचेतसिकधर्म पहिले उत्पन्न यस कायको पच्छाजातप्रत्ययले प्रत्यय हुन्छन् ।"

## आसेवनप्रत्यय

आसेवन गर्ने अर्थले अनन्तरधर्महरूको अभ्यस्त हुनाले उपकार गर्ने धर्मग्रन्थ आदिमा पहिलोपहिलो पढ्ने, सुन्ने, पाठ गर्ने आदिमा पहिलेपहिले पढेसमान आसेवनप्रत्यय हो । त्यो कुशल, अकुशल, क्रिया जवनअनुसार तीन प्रकारका हुन्छन् । जस्तै भनियो - 'अगाडिअगाडिको कुशलधर्म पछाडिपछाडिको कुशलधर्महरूको आसेवनप्रत्ययले प्रत्यय हुन्छन् । अगाडिअगाडिको अकुशल ... क्रिया - अव्याकृतधर्म पछाडिपछाडिको क्रिया अव्याकृतधर्महरूको आसेवनप्रत्ययले प्रत्यय हुन्छन् ।"

## कर्मप्रत्यय

चित्तको प्रयोग भनिने क्रियाले उपकार गर्ने धर्म कर्मप्रत्यय हो । त्यो नानाक्षणहरूमा उत्पन्न हुने कुशल, अकुशलचेतना र सहजात सबै चेतनाअनुसार दुई प्रकारका हुन्छन् । जस्तै भनियो - 'कुशल अकुशल कर्म, विपाकको स्कन्धहरू र कर्मज रूपहरूको कर्मप्रत्ययले प्रत्यय हुन्छ । चेतनाले सम्प्रयुक्तधर्महरू र त्यसले उत्पन्न रूपहरूको कर्मप्रत्ययले प्रत्यय हुन्छ ।"



Downloaded from http://www.dhamma.digital

## विपाकप्रत्यय

निरुत्साह शान्त हुनाले निरुत्साह शान्त भावको लागि उपकार गर्ने विपाकधर्म विपाकप्रत्यय हो। त्यो प्रवर्ति (जीवनकाल) या त्यसले उत्पन्न भएको र प्रतिसन्धिमा कर्मजरूपहरू तथा सर्वत्र (प्रतिसन्धिमा नै) सम्प्रयुक्तहरूको प्रत्यय हुन्छ। जस्तै भनियो - "विपाक अव्याकृत एक स्कन्ध तीनै स्कन्धहरू र चित्तले उत्पन्न भएको रूपहरूको विपाकप्रत्ययले प्रत्यय हुन्छ। ...प्रतिसन्धिको क्षण विपाक अव्याकृत एक स्कन्ध तीनै ... तीनै स्कन्ध एकको ... दुई स्कन्ध दुई स्कन्धहरूको र कर्मजरूपहरूको विपाकप्रत्ययले प्रत्यय हुन्छ। स्कन्ध बस्तुको विपाकप्रत्ययले प्रत्यय हुन्छ।

## आहारप्रत्यय

रूप र अरुपलाई सम्हाल्नाले उपकार गर्ने चारै आहार आहारप्रत्यय हो। जस्तै भनियो - "कवलिंकार आहार यस कायको आहारप्रत्ययले प्रत्यय हो। अरुपी आहार सम्प्रयुक्तधर्महरू र त्यसले उत्पन्न रूपहरूको आहारप्रत्ययले प्रत्यय हुन्छ।" तर पट्ठानप्पकरणंको पञ्हवार मा - "प्रतिसन्धिको क्षण विपाक अव्याकृत आहार सम्प्रयुक्त स्कन्धहरू र कर्मजरुपहरूको आहारप्रत्ययले प्रत्यय हुन्छन्" पनि भनिएको छ।

## इन्द्रियप्रत्यय

अधिपतिको अर्थले उपकार गर्ने स्त्रीन्द्रिय र पुरुषेन्द्रियलाई छाडेर वीस इन्द्रियहरू इन्द्रियप्रत्यय छन्। त्यहाँ, चक्षुइन्द्रिय आदि अरुपधर्महरूको नै, तथा शेष रूप र अरुपको प्रत्यय हुन्छन्। जस्तो भनियो - "चक्षुइन्द्रिय चक्षुविज्ञानधातुको, स्रोत... घ्राण ... जिव्हा ... कायीन्द्रिय कायविज्ञानधातुको र त्यसले सम्प्रयुक्तधर्महरूको इन्द्रियप्रत्ययले प्रत्यय हुन्छ। रूप जीवितेन्द्रिय कर्मजरूपहरूको इन्द्रियप्रत्ययले प्रत्यय हुन्छ। अरुप इन्द्रियहरू सम्प्रयुक्तधर्महरू र त्यसले उत्पन्न रूपहरूको इन्द्रियप्रत्ययले प्रत्यय हुन्छन्।" तर पञ्हवारमा "प्रतिसन्धिको क्षण विपाक-अव्याकृत इन्द्रियहरू सम्प्रयुक्त-स्कन्धहरू र कर्मजरुपहरूको इन्द्रियप्रत्ययले प्रत्यय हुन्छन्" पनि भनिएको छ।

## ध्यानप्रत्यय

आलम्बनहरूको चिन्तन गर्ने अर्थले उपकार गर्ने द्विपञ्च-विज्ञानहरूमध्ये सुखदुःख दुवै वेदनाहरूलाई छाडेर सारा पनि कुशलआदिको भेदयुक्त द्विपञ्चविज्ञानहरूलाई छाडेर शेष चित्तहरूमा उत्पन्न वितर्क, विचार, प्रीति, सौमनस्य, दौर्मनस्य, उपेक्षा, चित्तको एकाग्रता ध्यानको सात अंगहरू ध्यानप्रत्यय हो। जस्तै भनियो - "ध्यानको अंग ध्यानले सम्प्रयुक्तधर्महरू र त्यसले उत्पन्न रूपहरूको ध्यानप्रत्ययले प्रत्यय हुन्छ।" तर पञ्हवारमा "प्रतिसन्धिको क्षण विपाक अव्याकृतधर्महरूको अंग सम्प्रयुक्त स्कन्धहरू र कर्मजरूपहरूको ध्यानप्रत्ययले प्रत्यय हुन्छन्" पनि भनिएको छ।

## मार्गप्रत्यय

जहींतहींबाट निस्केर जानेको अर्थले उपकार गर्ने कुशलआदि मार्गको बाह्र अंग (सम्यकदृष्टि, सम्यकसंकल्प, सम्यकवचन, सम्यककर्मान्त, सम्यकाजिवीका, सम्यकव्यायम, सम्यकस्मृति, सम्यकसमाधि, मिथ्यादृष्टि, मिथ्यासंकल्प, मिथ्याव्यायाम, मिथ्यासमाधि) मार्गप्रत्यय हो। जस्तै भनियो - 'मार्गको अंग



Downloaded from http://www.dhamma.digital

मार्गले सम्प्रयुक्तधर्महरू र त्यसले उत्पन्न रुपहरूको मार्गप्रत्ययले प्रत्यय हुन्छन् ।" तर पञ्हवारमा 'प्रतिसन्धिको क्षण विपाक अव्याकृत मार्गहरूको अंग सम्प्रयुक्त स्कन्धहरू र कर्मजरूपहरूको मार्ग प्रत्ययले प्रत्यय हुन्छ" पनि भनिएको छ । यी दुवै पनि ध्यान र मार्गप्रत्यय द्वीपञ्च विज्ञानको अहेतुक चित्तहरूमा हुँदैनन् भनी जान्नुपर्दछ ।

## सम्प्रयुक्तप्रत्यय

एक वस्तु एक आलम्बन, एक उत्पाद, एक निरोध भनिने सम्प्रयुक्त हुनाले उपकार गर्ने अरुपधर्म सम्प्रयुक्तप्रत्यय हो । जस्तै भनियो - 'चारै अरुपीस्कन्ध परस्पर सम्प्रयुक्तप्रत्ययले प्रत्यय हुन्छन् ।"

## विप्रयुक्तप्रत्यय

एक वस्तु आदि नभएर उपकार गर्ने रूपीधर्महरू अरुपीधर्महरूको र अरूपी पनि रूपीधर्महरूको विप्रयुक्तप्रत्यय हुन्छन् । त्यो सहजात, पच्छाजात, पुरेजातअनुसार तीनप्रकारका हुन्छन् । यो भनिएको छ - "सहजात कुशलस्कन्ध चित्तले उत्पन्न रुपहरूको विप्रयुक्तप्रत्ययले प्रत्यय हुन्छन् । पच्छाजात कुशलस्कन्ध पुरेजात यस कायको विप्रयुक्तप्रत्ययले प्रत्यय हुन्छन् ।" तर अव्याकृत पदको सहजात विभंगमा - "प्रतिसन्धिको क्षण विपाक अव्याकृतस्कन्ध कर्मजरूपहरूको विप्रयुक्तप्रत्ययले प्रत्यय हुन्छन् । स्कन्धवस्तु (हृदयवस्तु)को वस्तु स्कन्धहरूको विप्रयुक्तप्रत्ययले प्रत्यय हुन्छन्" पनि भनिएको छ । पुरेजातलाई चक्षुइन्द्रिय आदि वस्तुअनुसार नै जान्नुपर्दछ । जस्तै भनियो - "पुरेजात चक्षुआयतन चक्षुविज्ञानको ... कायायतन कायविज्ञानको विप्रयुक्तप्रत्ययले प्रत्यय हुन्छ । वस्तु विपाक अव्याकृत क्रिया अव्याकृत स्कन्धहरूको ... वस्तु कुशलस्कन्धहरूको ... वस्तु अकुशलस्कन्धहरूको विप्रयुक्तप्रत्यय हुन्छ ।"

## अस्तिप्रत्यय

वर्तमान् लक्षण भएको अस्तिभाव (हुनु)ले त्यसैप्रकारको धर्मलाई सम्हाल्नाले उपकारक गर्ने धर्म अस्तिप्रत्यय हो । त्यसको अरुपस्कन्ध, महाभूत, नामरूप, चित्त चेतसिक, महाभूत, आयतन, वस्तुअनुसार सात प्रकारले मात्रिका भनिएका छन् । जस्तै भनियो - "चारै अरुपीस्कन्ध परस्पर अस्तिप्रत्ययले प्रत्यय हुन्छन् । चारै महाभूत ... अवक्रान्तिको क्षण नामरूप परस्पर ... चित्तचेतसिकधर्म चित्तले उत्पन्न रूपहरूको ... महाभूत उपादारूपहरूको ... चक्षुआयतन चक्षुविज्ञानधातु र त्यसले सम्प्रयुक्तधर्महरूको ... अस्तिप्रत्ययले प्रत्यय हुन्छन् । रूपायतन .... स्पर्शायतन र त्यसले सम्प्रयुक्तधर्महरूको ... जुन रूपको सहाराले मनोधातु र मनोविज्ञानधातु हुन्छन्, ती रूप मनोधातु, मनोविज्ञानधातु र त्यसले सम्प्रयुक्तधर्महरूको अस्तिप्रत्ययले प्रत्यय हुन्छन् ।"

तर पञ्हवारमा - "सहजात, पुरेजात, पच्छाजात, आहार, इन्द्रिय" पनि भनेर सहजातमा - "एक स्कन्ध तीनै स्कन्धहरू र त्यसले उत्पन्न रूपहरूको अस्तिप्रत्ययले प्रत्यय हुन्छन्" आदिप्रकारले निर्देश गरिएको छ । पुरेजातमा पहिला उत्पन्न भएको चक्षु आदिअनुसार निर्देश गरिएको छ । पच्छाजातमा पहिले उत्पन्न यस कायको पछाडि उत्पन्न चित्तचेतसिकहरूको प्रत्ययअनुसार निर्देश गरिएको छ । आहार र इन्द्रियमा - "कवलिंकारआहार यस कायको अस्तिप्रत्ययले प्रत्यय हुन्छ । रूप जीवितेन्द्रिय कर्मजरूपहरूको अस्तिप्रत्ययले प्रत्यय हुन्छ" यसरी निर्देश गरिएको छ ।



Downloaded from http://www.dhamma.digital

## नास्ति प्रत्यय

आफ्नो अनन्तर उत्पन्न हुने अरूपधर्महरूलाई प्रवर्तित हुनको लागि अवसर दिनाले उपकार गर्ने समानान्तर निरुद्ध भएको अरूपधर्म, नास्तिप्रत्यय हो। जस्तै भनियो - 'समानान्तर निरुद्ध चित्तचेतसिकधर्म वर्तमान् चित्तचेतसिकधर्महरूको नास्तिप्रत्ययले प्रत्यय हुन्छन् ।"

## विगतप्रत्यय

ती नै विगत भावले उपकारक हुनाले विगतप्रत्यय हो। जस्तै भनियो - "समानान्तर विगत चित्त चेतसिक धर्म वर्तमान् चित्त चेतसिक धर्महरूको विगतप्रत्ययले प्रत्यय हुन्छन् ।"

## अविगतप्रत्यय

अस्तिप्रत्यय धर्म नै अविगत भावले उपकारक हुनाले अविगतप्रत्यय जान्नुपर्दछ । देशनाको आकार या त्यसप्रकारको वैनेय व्यक्तिअनुसार यो द्विक भनिएको छ । अहेतुकद्विकलाई भनेर पनि हेतु विप्रयुक्तद्विकको भन्नेसमान ।

यसरी यी चौवीस प्रत्ययहरूमा यो अविद्या –

*पच्चयो होति पुञ्ञानं दुविधानेकधा पन ।*
*परेसं पच्छिमानं सा एकधा पच्चयो मता ॥*

(पुण्यहरूको दुई प्रकारले प्रत्यय हुन्छन् । दोस्रो (अपुण्य) को अनेक प्रकारले । त्यो पछिल्लो (आनेञ्जभ)को एक प्रकारले प्रत्यय मानिन्छ ।)

पुण्यहरूको दुई प्रकारले = आलम्बनप्रत्यय र उपनिश्रयप्रत्ययले दुई प्रकारले प्रत्यय हुन्छ । त्यो अविद्यालाई क्षयको स्तरले विचार गर्ने समय कामावचरको पुण्याभिसंस्कारहरूको आलम्बनप्रत्ययले प्रत्यय हुन्छ । चैतोपर्य, पूर्वेनिवास, अनागतांश भनिने अभिज्ञाचित्तले आफ्नो तथा अरूको मोहयुक्त चित्तलाई जान्ने समय रुपावचरहरूको अविद्याको समतिक्रम गर्नको लागि दानआदि र कामावचरको पुण्यक्रियावस्तुहरू (दान, शील, भावना, कर्तव्यपालन गर्नु, परसेवासत्कार, परमंगलकामना, परप्रगतिमा खुशी हुनु, धर्मश्रवण, धर्मदेशना, शुद्धधारणा)लाई पूर्ण गर्ने तथा रूपावचरध्यानहरूलाई उत्पन्न गर्ने, ती दुवैको पनि उपनिश्रयप्रत्ययले प्रत्यय हुन्छ । त्यसरी नै अविद्याले मूढ हुनाले कामभव, रूपभवको सम्पत्तिहरूको प्रार्थना गरेर तीनै पुण्यहरूलाई गर्ने पनि उपनिश्रयप्रत्ययले प्रत्यय हुन्छ ।

अपुण्यहरूको अनेक प्रकारले प्रत्यय हुनु = अपुण्याभिसंस्कारहरूको अनेक प्रकारले प्रत्ययले प्रत्यय हुन्छन् । कसरी ? यो अविद्यालाई लिएर राग आदिको उत्पन्न हुने समय आलम्बनप्रत्ययले, प्रधान गर्ने आस्वादन गर्ने समय आलम्बनाधिपति र आलम्बन उपनिश्रयले, अविद्याले मूढ भएर दोष नदेखि प्राणीहिंसा आदि गर्नेको उपनिश्रयप्रत्ययले, द्वितीयजवन आदिको अनन्तर, समानान्तर, अनन्तर उपनिश्रय, नास्ति, विगत प्रत्ययहरूले जुनकुनै अकुशल कर्मलाई गर्ने व्यक्तिको हेतु, सहजात, अञ्ञमञ्ञ, निश्रय, सम्प्रयुक्त, अस्ति, अविगतप्रत्ययहरूले - यसरी अनेक प्रकारले प्रत्यय हुन्छन् ।

आनेञ्जहरूको एक प्रकारले प्रत्यय हुनु मानिन्छ = आनेंजाभिसंस्कारहरूको उपनिश्रय प्रत्ययले नै



Downloaded from http://www.dhamma.digital

एक प्रकारले प्रत्यय मानिन्छ। त्यो यसको उपनिश्रय भाव पुण्याभिसंस्कारमा भनिएढंगले नै जान्नुपर्दछ।

यहाँ भनियो - के यो एउटै अविद्या संस्कारहरूको प्रत्यय हुन्छ अथवा अन्य पनि प्रत्यय छन् ? के यहाँ, यदि एक नै भएमा एककारणवाद हुनेछ, तब अन्य पनि छन् 'अविद्याको कारणले संस्कार' यसरी एककारण निर्देश उत्पन्न हुँदैनन् ? उत्पन्न हुँदैन - यस्तो होइन। किन ? किनकि –

*एकं न एकतो इध नानोकमनेकतोपि नो एकं।*
*फलमत्थि अत्थि पन एक हेतु फलदीपने अत्थो॥*

(कोही एक फल यहाँ एकले छैन। अनेक पनि एउटै छैन। अनेकले पनि एक छैन। एक हेतुफलको प्रकाशनमा अर्थ (प्रयोजन) छ।)

एककारणले यहाँ कुनै एक फल छैन, न त अनेक र अनेककारणहरूले पनि एक छैन तर अनेककारणहरूले अनेक नै हुन्छन्। त्यसरी नै अनेक ऋतु, पृथ्वी, बीज, जलरूपी कारणहरूले अनेक नै रूप, गन्ध, रस आदि अंकुररूपी फल उत्पन्न हुँदै देखापर्छ। जुन यो "अविद्याको प्रत्ययले संस्कार, संस्कारको प्रत्ययले विज्ञान" यसरी एक हेतुफललाई प्रकाशित गरिएको छ। उहाँ अर्थ हो = प्रयोजन विद्यमान छ।

भगवान् कतै प्रधान हुनाले, कतै प्रकट हुनाले, कतै असाधारण हुनाले, देशनाको आकार र वैनेय व्यक्तिको अनुरुप हुनाले एउटै हेतु या फललाई प्रकाशित गर्नुहुन्छ। "स्पर्शको प्रत्ययले वेदना" प्रधान हुनाले उहाँले एउटै हेतुफल भन्नुभयो। किनकि स्पर्शअनुसार वेदनाको नियमित हुनाले स्पर्श वेदनाको प्रधान हेतु हो र वेदनाअनुसार स्पर्शको नियमित हुनाले वेदना स्पर्शको प्रधान फल हो। अंगुत्तर निकाय (१०,१,१०) अनुसार 'श्लेष्मा (कफ)ले उत्पन्न रोग" प्रकट हुनाले एकहेतु भनियो। यहाँ श्लेष्मा प्रकट छ न कि कर्म आदि। 'भिक्षुहरू, जुनकुनै अकुशलधर्म छन् ती सब अनुचितरूपले मनसिकार गर्नाले उत्पन्न हुन्छन्" आदिमा असाधारण हुनाले एकहेतु भन्नुभयो। अकुशलहरूको लागि अनुचितरूपले मनसिकार गर्नु असाधारण हो। वस्तु, आलम्बन आदि साधारण हुन्।

यसैले यहाँ यो अविद्या अन्य वस्तु, आलम्बन, सहजात धर्मआदि संस्कारको कारणहरू रहँदा पनि संयुक्त निकाय (१२,६,३) अनुसार "आस्वादको अवलोकन गर्नेलाई तृष्णा बढ्दछ" र मज्झिम निकाय (१,१,२)को 'अविद्याको समूहले आस्रवको समुदय हुन्छ" वचनले अन्य पनि तृष्णाआदि संस्कारको हेतुहरूको हेतु हुन् - यसरी प्रधान हुनाले 'भिक्षुहरू, अविज्ञ अविद्यामा लिप्त भएको भिक्षु पुण्याभिसंस्कालाई पनि संचित गर्दछ" भनिएअनुसार प्रकट र असाधारण हुनाले संस्कारहरूको हेतु हुनाले प्रकाशित छन् भनी जान्नुपर्दछ। यसैले एक एकहेतुफलले प्रकाशित गर्नुमा प्रयोजन जान्नुपर्दछ।

यहाँ भनियो - यसरी हुँदा पनि, एकदम अनिष्ट फलयुक्त सदोष अविद्याको कसरी पुण्याभिसंस्कार र आनेंजाभिसंस्कारको प्रत्यय हुनु युक्त छ ? किनकि नीमको वीजले उखु उत्पन्न हुदैन। कसरी युक्त नहोला ? लोकमा –

*विरुद्धो चाविरुद्धो च सदिसासदिसो तथा।*
*धम्मानं पच्चयो सिद्धो विपाका एव ते च न॥*

(विरुद्ध, अविरुद्ध र त्यसरी नै सदृश, असदृशधर्महरूको प्रत्यय सिद्ध छ, ती विपाक नै होइनन्।)



Downloaded from http://www.dhamma.digital

स्वभावधर्महरूको स्थान, स्वभाव, कृत्य आदि विरुद्ध अविरुद्धप्रत्यय लोकमा सिद्ध छन् । पहिलो चित्त पछिको चित्तको स्थान विरुद्ध प्रत्यय हो । जस्तै - पूर्वशिल्प आदिको शिक्षापछि हुने शिल्प आदि क्रियाहरूको विरूद्धप्रत्यय हो । कर्मरूप स्वभाव विरुद्धप्रत्यय हो । जस्तै - दूध आदि दहि आदिको । आलोक चक्षुविज्ञानको कृत्य विरुद्धप्रत्यय हो र सख्खर आदिको रक्सी आदि विरूद्ध प्रत्यय हो । चक्षुरूप आदि चक्षु वज्ञान आदिको स्थान अविरुद्ध प्रत्यय हो । पूर्वजवन आदि पछिल्लो जवन आदिको स्वभाव अविरुद्ध र कृत्य अविरुद्ध प्रत्यय हो । जस्तै - विरुद्ध अविरुद्ध प्रत्य सिद्ध छ यसरी सदृश असदृश पनि । सदृश ऋतु, आहार भनिने रूप, रूपको प्रत्यय हुन्छ र धानको वीज आदिको फल आदिको सदृशप्रत्यय हो । असदृश पनि अरुपको र अरुपको रुपको प्रत्यय हुन्छ । गाईको रौं र भेंडाको रौं दुबोको, सींग नर्कटको, दही र पिना खरको असदृशप्रत्यय हुन्छन् । जुन धर्महरूको ती विरुद्ध अविरुद्ध र सदृश असदृश प्रत्यय छन् ती धर्म ती धर्महरूको विपाक नै छैन ।

यसप्रकार यो अविद्या विपाकअनुसार एकदम अनिष्ट फलयुक्त, स्वभावअनुसार सदोष भए तापनि, सबै यी पुण्याभिसंस्कार आदिको यथानुरुप स्थान, कृत्य, स्वभाव, विरुद्ध, अविरुद्ध प्रत्ययअनुसार र सदृश असदृश प्रत्ययअनुसार प्रत्यय हुन्छ भनी जान्नुपर्दछ । त्यो त्यसको प्रत्यय भाव "जसको दुःख आदिमा अविद्या भनिने अज्ञान अप्रहीण हुन्छ, त्यो दुःख र पूर्वान्त आदिमा अज्ञानले संसार दुःखलाई सुखको ख्यालले ग्रहण गरी त्यसको हेतु भएको तीनै प्रकारका संस्कारहरूलाई गर्दछन्" आदिढंगले भनिएको नै छ । अरुपनि यो अर्को पर्याय हो –

*चुतूपपाते संसारे संखारानञ्च लक्खणे ।*
*यो पटिच्चसमुपन्न धम्मेसु च विमुय्हति ॥*
*अभिसंखारोति सो एते संखारे तिविधे यतो ।*
*अविज्जा पच्चयो तेसं तिविधानं अयं ततो ॥*

(च्यूतिउत्पति संसारमा संस्कारहरूको लक्षण र प्रतीत्यसमुत्पन्नधर्महरूमा जुन भुल्दछ, त्यो जसले यी तीनै प्रकारका संस्कारहरूको संचय गर्दछ, त्यसले यो अविद्या ती तीनै प्रकारका प्रत्यय हुन् ।)

कसरी जो भुल्दछ त्यो यी तीनै प्रकारका पनि संस्कारहरूलाई गर्दछन् ? च्युतिमा भुलेको सबै ठाउँमा "स्कन्धहरूको भेद हुनु मरण हो" भनी परमार्थसत्यअनुसार च्युतिलाई ग्रहण नगर्दै, 'सत्व मर्दछ' 'सत्वको एक देहले दोस्रो देहमा संक्रमण हुन्छ' आदि व्यवहारिकसत्यअनुसार विकल्प गर्दछ ।

उत्पत्तिमा भुलेको व्यक्तिले "सबै स्थानहरूमा स्कन्धहरूको प्रादुर्भाव जन्म हो" यसरी परमार्थसत्यअनुसार उत्पत्तिलाई ग्रहण गर्दैन । 'सत्व उत्पन्न हुन्छ', 'सत्वको नया शरीरको प्रादुर्भाव हुन्छ आदि विकल्प गर्दछ ।

व्यवहारिकसत्यअनुसार आत्मवादी यसरी नै मान्दछन् । जस्तै - गीतामा पनि भनिएको छ - जसरी मानिस पुरानो वस्त्रहरूलाई त्यागेर अर्को नयाँ वस्त्रहरूलाई ग्रहण गर्दछ त्यसरी नै जीवात्मा पुरानो शरीरलाई त्यागेर अर्को नयाँ शरीरलाई प्राप्त गर्दछ ।

संसारमा भुलेको, व्यक्तिको जुन यो –



Downloaded from http://www.dhamma.digital

*खन्धानञ्च पटिपाटि धातु आयतनानं च ।*
*अब्बोच्छिन्नं वत्तमाना संसारो ति वुच्चति ॥*

(स्कन्ध, धातु र आयतनहरूको अटुट प्रवर्तित परिपाटी छ त्यसलाई संसार भनिन्छ ।)

- यसरी वर्णित संसार हो । त्यसलाई यसप्रकार ग्रहण गर्दै "यो सत्व यस लोकदेखि अर्को लोकमा जान्छ, अर्को लोकबाट यस लोकमा आउँछ" आदि विकल्प गर्दछ ।

संस्कारहरूको लक्षणमा भुलेको व्यक्तिले संस्कारहरूको स्वभाव लक्षण र (अनित्य आदि भएको) सामान्य लक्षणलाई ग्रहण नगर्दै संस्कारहरूलाई आत्मा, आत्मीय, ध्रुव, सुख, शुभस्तरमा विकल्प गर्दछ ।

प्रतीत्यसमुत्पन्न धर्महरूमा भुलेको व्यक्तिले अविद्या आदिले संस्कार आदिको भएको ग्रहण नगर्दै "आत्मा जान्दछ या जान्दैन, ऊ नै गर्छ र गराउँछ, प्रतिसन्धिमा उत्पन्न हुन्छ । अणु, ईश्वर आदि कलल आदि भावले त्यसको शरीरलाई बनाउँदै इन्द्रियहरू सम्पादन गर्दछ । त्यो इन्द्रिय सम्पन्न भएर स्पर्श गर्दछ, अनुभव गर्दछ, दृढतापूर्वक ग्रहण गर्दछ, जोड्दछ । त्यो फेरि भवान्तरमा हुन्छ या सबै सत्व...नियति संगति (भवितव्यता) स्वभावले परिणत छन् आदि विकल्प गर्दछ ।" यो मक्खलि गोसालको सिद्धान्तप्रति भनिएको हो ।

अविद्याले अन्धो भएको व्यक्तिले यसरी विकल्प गर्दै, जसरी अन्धो पृथ्वीमा घुम्दै मार्ग पनि, अमार्ग पनि, अग्लो पनि, होचो पनि, समभूमिमा पनि, विषमभूमिमा पनि हिंड्दछ, यसरी नै ऊ पुण्य पनि, अपुण्य पनि, आनेंजाभिसंस्कार पनि गर्दछ । यसैले यो भनिन्छ –

*यथापि नाप जच्चन्धो नरो अपरिनायको ।*
*एकदा याति मग्गेन कुमग्गेनापि एकदा ॥*
*संसारे संसरं बालो तथा अपरिनायको ।*
*करोति एकदा पुञ्ञं अपुञ्ञमपि एकदा ॥*
*यदा च ञत्वा सो धम्मं सच्चानि अभिसमेस्सति ।*
*तदा अविज्जूपसमा उपसन्तो चरिस्सति ॥*

(जसरी जन्मान्ध, हात पक्रेर लैजाने मानिस नहुँदा कहिले मार्गबाट जान्छ, कहिले कुमार्गबाट पनि जान्छ, त्यसरी नै संसारमा चक्कर काट्दै अज्ञ, अकल्याणभित्र भएको व्यक्तिले, कहिले पुण्य गर्दछ, त कहिले अपुण्य गर्दछ । जव ऊ धर्मलाई जानेर सत्यहरूलाई अवबोध गर्दछ तब अविद्याको उपशमले शान्त भएर विचरण गर्नेछ ।)

यो 'अविद्याको प्रत्ययले संस्कार' पदको विस्तारपूर्वक वर्णन हो ।

## संस्कारको प्रत्ययले विज्ञान

'संस्कारको प्रत्ययले विज्ञान' पदमा विज्ञान = चक्षुविज्ञानआदि ६ प्रकारका हुन्छन् । त्यहाँ चक्षुविज्ञान पनि कुशल विपाक र अकुशलविपाक गरी दुई प्रकारका हुन्छन् । त्यसरी नै श्रोत्र, घ्राण, जिव्हा, कायविज्ञानआदि पनि बुझ्नुपर्दछ । मनोविज्ञान कुशलअकुशल, विपाकयुक्त दुई मनोधातु, तीन अहेतुक मनोविज्ञानधातु, आठ सहेतुककामावचरविपाक चित्त, पाँच रूपावचर, चार



Downloaded from http://www.dhamma.digital

अरुपावचर गरी बाइस प्रकारका हुन्छन्। यसप्रकार यी ६ विज्ञानहरूले सबै बत्तीस लौकिकविपाक विज्ञान संगृहीत हुन्छन् तर लोकोत्तरविज्ञान संसार (वर्त्त) कथामा युक्त छैन, यसैले ग्रहण गरिएको छैन।

त्यहाँ प्रश्न हुन सक्छ - कसरी जान्नुपर्दछ कि यी उक्तप्रकारका विज्ञानहरू संस्कारहरूको प्रत्ययले हुन्छन् ? किनकि संचितकर्महरूको अभावमा विपाकको अभावले गर्दा हुन्छ। यो विपाक हो र विपाक संचितकर्मको अभावमा उत्पन्न हुँदैन। यदि उत्पन्न भएमा तब सत्वहरूको संचितकर्मविना नै सबै विपाक उत्पन्न होस् तर त्यसरी उत्पन्न हुँदैन। यसैले जान्नुपर्दछ कि संस्कारहरूको प्रत्ययले यो विज्ञान हुन्छ।

कुन संस्कारको प्रत्ययले कुनचाहिं विज्ञान हुन्छ ? कामावचर पुण्याभिसंस्कारको प्रत्ययले कुशलविपाकआदि पाँच चक्षुविज्ञान आदि, मनोविज्ञानमा एक मनोधातु, दुई मनोविज्ञानधातुहरू, आठ कामावचर महाविपाक - यसरी सोह्र विज्ञान हुन्छन्। जस्तै - धम्मसंगणी र विभंगमा भनिएको छ - "कामावचर कुशल कर्म गरिएको हुनाले, संचित हुनाले विपाक चक्षु उत्पन्न हुन्छ। ... श्रोत्र ... घ्राण ... जिव्हा ... कायविज्ञान ... विपाक मनोधातु उत्पन्न हुन्छ। ... सौमनस्यसहगत मनोविज्ञानधातु उत्पन्न हुन्छ। ... उपेक्षासहगत मनोविज्ञानधातु उत्पन्न हुन्छ। ... सौमनस्यसहगत ज्ञानसम्प्रयुक्त .... सौमनस्यसहगत ज्ञानसम्प्रयुक्त ससंस्कृतले ... सौमनस्यसहगत ज्ञानविप्रयुक्त ... सौमनस्यसहगत ज्ञानविप्रयुक्त ससंस्कृतले ... उपेक्षासहगत ज्ञानसम्प्रयुक्त ... उपेक्षासहगत ज्ञानसम्प्रयुक्त ससंस्कृतले ... उपेक्षासहगत ज्ञानविप्रयुक्त ... उपेक्षासहगत ज्ञानविप्रयुक्त ससंस्कृतले।"

रूपावचर पुण्याभिसंस्कारको प्रत्ययले पाँच रूपावचरविपाक हुन्छन्। जस्तै भनियो, 'त्यसै रूपावचरकुशलकर्म गरिएको हुनाले, संचित हुनाले विपाक, कामरहित प्रथमध्यान ... पंचमध्यानलाई, प्राप्त भएर विहार गर्दछ।" यसरी पुण्यभिसंस्कारको प्रत्ययले एक्काइस प्रकारका विज्ञान हुन्छन्।

अपुण्याभिसंस्कारको प्रत्ययले अकुशलविपाक, पाँच चक्षुविज्ञानआदि, एक मनोधातु, एक मनोविज्ञानधातु - यसरी सात प्रकारका विज्ञान हुन्छन्। जस्तै भनियो - 'अकुशलकर्म गरिएको हुनाले, संचित हुनाले, विपाक चक्षुविज्ञान उत्पन्न हुन्छ। श्रोत्र ... घ्राण...जिव्हा ...कायविज्ञान...विपाकमनोधातु ... विपाकमनोविज्ञानधातु उत्पन्न हुन्छ।"

आनेंजाभिसंस्कारको प्रत्ययले चार अरुपविपाकआदि चार प्रकारका विज्ञान हुन्छन्। जस्तै भनियो - 'त्यसै अरुपावचरकुशलकर्म गरिएको हुनाले संचित हुनाले विपाक सबै प्रकारले रूप संज्ञाहरूको समतिक्रमणले ... आकाशानन्त्यायतन संज्ञासहगत ... विज्ञानान्त्यायतन ... आकिंचन्यायतन ... नैवसंज्ञानासंज्ञायतन संज्ञासहगत सुखको प्रहाणले ... चतुर्थध्यानलाई प्राप्त भएर विहार गर्दछ।"

यसरी जुन संस्कारको प्रत्ययले जुन विज्ञान हुन्छ, त्यसलाई जानेर, अब यसप्रकार यसको प्रवर्तिलाई जान्नुपर्दछ। यो सबै प्रवर्ति (जीवन) र प्रतिसन्धिअनुसार दुई प्रकारले प्रवर्तित हुन्छन्। यहां द्विपञ्चविज्ञान, दुई मनोधातु, सौमनस्यसहगत अहेतुकमनोविज्ञानधातु - यी तेह्र पञ्चोकार (पञ्चस्कन्ध) भवमा प्रवर्तिमा नै प्रवर्तित हुन्छन्। शेष उन्नाइस् तीनै भवहरूमा यथानुरुप प्रवर्तिमा पनि, प्रतिसन्धिमा पनि प्रवर्तित हुन्छन्।



Downloaded from http://www.dhamma.digital

कसरी ? कुशलविपाकचक्षुविज्ञानआदि पाँच कुशलविपाकले या अकुशलविपाकले उत्पन्न भएको, यथाक्रम परिपक्व भएको इन्द्रिय चक्षुआदिको द्वारमा आएको इष्ट या इष्टमध्यस्थ रूपआदि आलम्बनहरूप्रति चक्षु आदि प्रसादको कारण देख्ने, सुन्ने, सूँघ्ने, स्वादलिने, छुने, कृत्यलाई सिद्ध गर्दै प्रवर्तित हुन्छन् । त्यसरी नै पाँच अकुशलविपाक पनि प्रवर्तित हुन्छन् । केवल त्यसको अनिष्ट या अनिष्ट मध्यस्थ आलम्बन हुन्छ । यही विशेषता हो र यी दश नियतद्वार, आलम्बन, वस्तु, स्थान र नियत कृत्ययुक्त नै हुन्छन् ।

त्यसले कुशलविपाकहरूको चक्षुविज्ञानआदिको अनन्तर कुशलविपाकमनोधातु त्यसैको आलम्बनप्रति हृदयवस्तुको सहाराले सम्प्रतिच्छन्न कृत्यलाई सिद्ध गर्दै प्रवर्तित हुन्छ । त्यसरी अकुशलविपाकहरूको अनन्तर अकुशल विपाक र यो दुबै अनियतद्वार, आलम्बन, नियतवस्तु, स्थान र नियतकृत्ययुक्त हुन्छ ।

सौमनस्यसहगत अहेतुकमनोविज्ञानधातु कुशल विपाकमनोविज्ञानधातुको अनन्तर त्यसैको आलम्बनलाई लिएर हृदयवस्तुको सहाराले सन्तीरणकृत्यलाई सिद्ध गर्दै ६ द्वारहरूमा बलवान आलम्बन (अति महन्तालम्बन)मा कामावचरको सत्वहरूलाई अधिकांशतः लोभसम्प्रयुक्त जवनको अन्तमा भवांगको वीथिलाई काटेर जवनले ग्रहण गरिएको आलम्बनमा तदालम्बनको रूपमा एकपल्ट या दुईपल्ट प्रवर्तित हुन्छ भनी मज्झिम निकायको अर्थकथामा भनिएको छ। तर अभिधम्म पिटकको अर्थकथामा तदालम्बनमा दुई चित्तको वार आएको छ । यो चित्त तदालम्बन र पृष्ठ-भवांग गरी दुई नामहरूले चिनिन्छ । अनियतद्वार, आलम्बन, नियतवस्तु र अनियत स्थान, कृत्ययुक्त हुन्छ । यसरी तेह्र पञ्चस्कन्धभवमा प्रवर्तिमा नै प्रवर्तित हुन्छन् भनी जान्नुपर्दछ ।

शेष उन्नाइसमध्ये आफ्नो अनुरूप प्रतिसन्धिमा कुनै प्रवर्तित हुँदैनन् - यसरी होइन । प्रवर्तिमा कुशलअकुशलविपाक, दुई अहेतुकमनोविज्ञानधातु, पञ्चद्वारमा कुशलअकुशलविपाकमनोधातुको अनन्तर सन्तीरण कृत्य ६ द्वारहरूमा पूर्वोक्तढंगले नै तदालम्बन कृत्य, आफूले दिएको प्रतिसन्धिभन्दा अगाडि भवांगको उपच्छेद गर्ने चित्तोत्पादको नहुँदा भवांग कृत्य र अन्तमा च्यूति कृत्य हुन्छन् । यसरी चार कृत्यहरूलाई सिद्ध गर्दै नियतवस्तुयुक्त र अनियतद्वार, आलम्बन, स्थान, कृत्ययुक्त भएर प्रवर्तित हुन्छन् ।

आठ कामावचरसहेतुकचित्त भनिएको ढंगले नै ६ द्वारहरूमा तदालम्बन कृत्य, आफूले दिएको प्रतिसन्धिभन्दा अगाडि भवाङ्गको उपच्छेद गर्ने चित्तोत्पाद नहुँदा भवाङ्गकृत्य र अन्तमा च्यूतिकृत्य - यसरी तीन कृत्यहरूलाई सिद्ध गर्दै नियतवस्तु र अनियतद्वार, आलम्बन, स्थान, कृत्ययुक्त भएर प्रवर्तित हुन्छन् ।

पाँच रूपावचर र चार अरुपावचर आफ्नो दिइएको प्रतिसन्धिभन्दा अगाडि भवांगको उपच्छेद गर्ने चित्तोत्पाद नहुँदा भवांग कृत्य र अन्तमा च्यूति कृत्य - यसरी दुई कृत्यहरूलाई सिद्ध गर्दै प्रवर्तित हुन्छन् । त्यसमा रूपावचर नियतबस्तु, आलम्बन र अनियतस्थान, कृत्य हुन् । अर्को अरुपविपाक, नियत वस्तु, नियत आलम्बन र अनियत स्थान, कृत्ययुक्त भएर प्रवर्तित हुन्छन् । यसरी बत्तीस प्रकारका विज्ञान प्रवर्तिमा संस्कारहरूको प्रत्ययले प्रवर्तित हुन्छन् । त्यसमा त्यसका तीती संस्कार कर्मप्रत्यय र



Downloaded from http://www.dhamma.digital

उपनिश्रयप्रत्ययले प्रत्यय हुन्छन् ।

जुन भनिएको छ - शेष उन्नाइसमध्ये आफ्नोअनुरुप प्रतिसन्धिमा कुनै प्रवर्तित हुँदैन - यस्तो होइन । त्यो अत्यन्त संक्षिप्त हुनाले जान्नु कठिन छ । यसैले त्यसको विस्तारपूर्वक वर्णन गर्नको लागि भनिन्छ (१) कतिवटा प्रतिसन्धिहरू छन् ? (२) कति प्रतिसन्धिचित्त छन् ? (३) कसले कहाँ प्रतिसन्धि हुन्छन् ? (४) प्रतिसन्धिको के आलम्बन छ ?

असंज्ञाको प्रतिसन्धिको साथै बीस प्रतिसन्धिहरू छन् । उक्तप्रकारले नै उन्नाइस प्रतिसन्धिचित्त छन् । त्यहाँ, अकुशलविपाक अहेतुकमनोविज्ञानधातुले अपायहरूमा प्रतिसन्धि हुन्छन् । कुशलविपाकले मनुष्यलोकमा जन्मान्ध, जन्मले बहिरो, जन्मले पागल, जन्मले लाटो, नपुंसकआदि हुन्छन् । आठ सहेतुककामावचरको विपाकहरूले कामावचरको देवहरू र मनुष्यहरूमा पुण्यवानहरूको प्रतिसन्धि हुन्छन् । पाँच रुपावचरको विपाकहरूले रूपीब्रह्मलोकमा र चार अरुपावचरको विपाकहरूले अरुपलोकमा प्रतिसन्धि हुन्छन् । जसबाट जहाँ प्रतिसन्धि हुन्छ, त्यही त्यसअनुरुप प्रतिसन्धि हो । संक्षेपमा प्रतिसन्धिको तीन आलम्बन हुन्छन् । (१) अतीत (२) वर्तमान् र (३) नवक्तव्य । असंज्ञा प्रतिसन्धि आलम्बनरहित हुन्छ ।

विज्ञानन्त्यायतन र नैवसंज्ञानासंज्ञायतनको प्रतिसन्धिहरूको अतीत आलम्बन नै हुन्छ । दस कामावचरको प्रतिसन्धिहरूको अतीत या वर्तमान्, र शेषहरूको नवक्तव्यआलम्बन हुन्छन् । यसरी तीनै आलम्बनहरूमा प्रवर्तित हुँदै प्रतिसन्धि, किनिकि अतीतआलम्बन या नवक्तव्यआलम्बनको च्युति चित्तको अनन्तर नै प्रवर्तित हुन्छ । वर्तमान्आलम्बनयुक्त च्युति चित्त छैन - यसैले दुई आलम्बनहरूमध्ये कुनै एक आलम्बनको च्युतिको अनन्तर तीनै आलम्बनहरूमध्ये कुनै एक आलम्बनयुक्त प्रतिसन्धिले सुगति, दुर्गतिअनुसार प्रवर्तित भएको आकारलाई जान्नुपर्दछ ।

जस्तै – कामावचर सुगतिमा रहने पापी व्यक्तिलाई 'ती पाप कर्म त्यस समय उसलाई देखापर्छ (यसको भावार्थ हो - मृत्युशय्यामा पल्टिएको समय उसको पहिले गरिएको कर्म उसलाई देखापर्दछ । जस्तै - अपरान्हकालमा पर्वतको छाया भूमिमा पर्छ, त्यसरी नै त्यस समय उसको कर्म उसलाई थाहा हुन्छ) आदि वचनले मृत्युशय्यामा सुतेको यथा संचित पापकर्म या पापकर्मको निमित्त (जीवहिंसा गर्ने समयको हथियारआदि, चोरी गर्न समयको सामानआदि पाप कर्मनिमित्त भनिन्छन् यसरी नै दश अकुशलकर्मपथहरूमा यथा सम्भव जान्नुपर्दछ ।) मनोद्वारमा देखापर्दछ । त्यसप्रति उत्पन्न तदालम्बनको अन्तमा जवनवीथिको अनन्तर भवांगको विषयलाई आलम्बन गरी च्युतिचित्त उत्पन्न हुन्छ । त्यसको निरुद्ध हुँदा त्यहीं देखापरेको कर्म या कर्मनिमित्तप्रति अटुट क्लेशहरूको बलले झुकेको दुर्गतिमा हुने प्रतिसन्धिचित्त उत्पन्न हुन्छ । यो अतीतआलम्बनयुक्त च्युतिको अनन्तर अतीतआलम्बन प्रतिसन्धि हो ।

अन्य कसैको मर्ने समयमा उक्तप्रकारको कर्मअनुसार नरकआदिमा अग्निज्वालाको वर्णआदि दुर्गतिको निमित्त मनोद्वारमा देखापर्छ । त्यसलाई दुईपल्ट भवांग उत्पन्न भएर निरुद्ध हुँदा त्यस आलम्बनप्रति एक आवर्जन, मृत्युको सन्निकट हुनाले, वेगको मन्द हुनाले, पाँच जवन, दुई तदालम्बन - यसरी तीन वीथिचित्त उत्पन्न हुन्छन् । त्यसपश्चात् भवांगको विषयलाई आलम्बन गरी एक च्युतिचित्त उत्पन्न हुन्छन् । यहाँसम्म एघार चित्तक्षण वितिसक्दछन् । तब त्यसलाई अवशेष पाँच चित्तक्षणको आयु भएको



Downloaded from http://www.dhamma.digital

त्यसै आलम्बनमा प्रतिसन्धिचित्त उत्पन्न हुन्छन्। यो अतीतआलम्बनयुक्त च्यूतिको अनन्तर वर्तमान्आलम्बन प्रतिसन्धि हो ।

अन्य कसैको मर्ने समयमा पाँचैद्वारमध्ये कुनै एकमा रागआदि हेतुले हीनआलम्बन देखापर्छ । त्यसलाई क्रमानुसार उत्पन्न भएको व्यवस्थापनचित्तको अन्तमा मृत्युको सन्निकट हुनाले, वेगको मन्द हुनाले पाँच जवन र तदालम्बनचित्त उत्पन्न हुन्छन्। त्यसपछि भवांगको विषयलाई आलम्बन गरी एक च्युतिचित्त उत्पन्न हुन्छन्। यहाँसम्म दुई भवांग, आवर्जन, दर्शन, सम्प्रतिच्छन्न, सन्तीरण, व्यवस्थापन, पाँच जवन, दुई तदालम्बन, एक च्युतिचित्त यसरी पन्ध्र चित्तक्षण वित्दछन्। तब अवशेष एक चित्तक्षणको आयु भएको त्यसै आलम्बनमा प्रतिसन्धिचित्त उत्पन्न हुन्छ । त्यो पनि अतीतआलम्बनयुक्त च्युतिको अनन्तर वर्तमान्आलम्बन प्रतिसन्धि हो । यो अतीतआालम्बनयुक्त सुगतीको अनन्तर अतीतवर्तमान् आलम्बनयुक्त दुर्गतिको प्रतिसन्धिको प्रवर्तित हुने आकार हो ।

दुर्गतिमा रहने निर्दोषकर्म गरिएको व्यक्तिलाई उक्तढंगले नै, त्यो दोषरहित कर्म या कर्मनिमित्त मनोद्वारमा आउँछ, यसरी कृष्णपक्षमा शुक्लपक्षलाई राखेर सबै पहिले कै ढंगले जान्नुपर्दछ। यो अतीत आलम्बनयुक्त दुर्गतिप्रतिको अनन्तर अतीतवर्तमान्आलम्बनयुक्त सुगतिको प्रतिसन्धिको प्रवर्तित हुने आकार हो ।

सुगतिमा रहने निर्दोषकर्म गरेको व्यक्तिलाई 'ती त्यस समय उसलाई देखापर्दछ" आदि मज्झिम निकाय (३,४,५)को वचनले मृत्युशय्यामा सुत्दै यथा संचित निर्दोष कर्म या कर्मनिमित्त मनोद्वारमा आउँछ र यो संचित कामावचरको निर्दोषकर्म गर्नेलाई कामावचरमा जुनकेही दाक्षिणेय्य वस्तुआदि नै आाउंछ । संचित महद्गतकर्म गर्नेलाई महद्गतको कारण कर्मनिमित्त नै अगाडि आउँछ । त्यसप्रति उत्पन्न तदालम्बनको अन्त या शुद्ध जवनवीथिको अनन्तर भवांगको विषयलाई आलम्बन गरी च्युतिचित्त उत्पन्न हुन्छ । त्यसको निरुद्ध हुँदा अगाडि आएको कर्म या कर्मनिमित्तप्रति अटूट क्लेशहरूको बलले झूकेको सुगतिमा हुने प्रतिसन्धिचित्त उत्पन्न हुन्छ। यो अतीतआलम्बनयुक्त च्युतिको अनन्तर अतीतआलम्बन या नवक्तव्यआलम्बन प्रतिसन्धि हो ।

अन्य कसैको मर्ने समयमा कामावचरको निर्दोष कर्मअनुसार मनुष्यलोकमा आमाको पेटको वर्ण या देवलोकको उद्यान, विमान, कल्प, वृक्षआदि वर्णरूपी सुगतिका निमित्त मनोद्वारमा अगाडि आउंछ । त्यसलाई दुर्गति निमित्तमा देखाइएको अनुक्रमले नै च्युतिचित्तको अनन्तर प्रतिसन्धिचित्त उत्पन्न हुन्छ । यो अतितआलम्बनयुक्त च्युतिको अनन्तर वर्तमान्आलम्बन प्रतिसन्धि हो ।

अन्य कसैको मर्ने समयमा भाईबन्धुहरुले - "तात । यो तेरोलागि बुद्ध पूजा गरिंदैछ, चित्तलाई प्रसन्न गर" भनेर फूलको माला, पताकाआदिले रूपालम्बन, धर्मश्रवण, तूर्य पूजाआदि शब्दालम्बन, धूप, वास, गन्धआदिको गन्धालम्बन या 'तात । यसलाई चाट, तिम्रोलागि दिइने खाद्यवस्तु हो' भनेर मह, सख्खरआदिको रसालम्बनमा, "तात, यसलाई छुअ, तिम्रोलागि दानको वस्तु हो" भनेर चीन देशमा बनेको वस्त्र चीनपट्ट, मिश्र देशमा बनेको बस्त्र सोमारपट्टआदिको स्पर्शालम्बनहरु पाँचै द्वारमा ल्याउँछन्। उसलाई त्यस रूपआदि आलम्बनको अगाडि आउँदा यथाक्रमले उत्पन्न भएको व्यवस्थापनको अन्तमा मृत्युको सन्निकट हुनाले वेगको मन्द हुनाले पाँच जवन र दुई तदालम्बन उत्पन्न हुन्छन्। त्यस



Downloaded from http://www.dhamma.digital

पछि भवांग विषयलाई आलम्बन गरेर एक च्युतिचित्त, त्यसको अन्तमा त्यसै एक चित्तक्षणको स्थितियुक्त आलम्बनमा प्रतिसन्धिचित्त उत्पन्न हुन्छ । यो पनि अतीतआलम्बनयुक्त च्यूतिचित्तको अनन्तर वर्तमान्आलम्बन प्रतिसन्धि हो ।

अन्य कसैको पृथ्वीकसिणको ध्यान आदिअनुसार महद्गतप्राप्त, सुगतिमा रहनेको मर्ने समय कामावचरकुशलकर्म, कर्मनिमित्त, गतिनिमित्तमध्ये कुनै एक या पृथ्वीकसिणआदि निमित्त अथवा महदगतचित्त मनोद्वारमा अगाडि आउँछ या चक्षु, श्रोत्रमध्ये कुनै एकमा कुशल उत्पत्तिको हेतु प्रणीतआलम्बन अगाडि आउँछ । त्यसलाई यथाक्रमले उत्पन्न भएको व्यवस्थापनको अन्तमा मृत्युको सन्निकट हुनाले वेगको मन्द हुनाले पाँच जवन उत्पन्न हुन्छन् । महद्गत गतियुक्तहरूलाई तदालम्बन हुँदैन । यसैले जवनको अनन्तर नै भवांगको विषयलाई आलम्बन गरी एक च्युतिचित्त उत्पन्न हुन्छ । त्यसको अन्तमा कामावचर र महद्गत सुगतिमध्ये कुनै एकै सुगतिमा हुने, यथा उपस्थित आलम्बनहरूमा कुनै एक आलम्बन प्रतिसन्धिचित्त उत्पन्न हुन्छ । यो नवक्तव्यआलम्बनयुक्त सुगतिको च्युतिको अनन्तर अतीत, वर्तमान्, नवक्तव्यआलम्बनयुक्तमध्ये कुनै एक आलम्बनयुक्त प्रतिसन्धि हो ।

यसअनुसार अरूपको च्युतिको पनि अनन्तर प्रतिसन्धि जान्नुपर्दछ । यो अती, नवत्तव्यआलम्बनयुक्त सुगतिको च्यूतिको अनन्तर अतीत, नवक्तव्य, वर्तमान्आलम्बनयुक्त प्रतिसन्धिको प्रवर्तित भएको आकार हो ।

दुर्गतिमा रहने पापीको उक्तढंगले नै त्यो कर्म, कर्मनिमित्त या गतिनिमित्त मनोद्वारमा अथवा पञ्चद्वारमा अकुशल हेतु भएको आलम्बन अगाडि आउँछ । तव उसलाई यथाक्रमले च्युतिचित्तको अन्तमा दुर्गतिमा हुने, त्यस आलम्बनहरूमध्ये कुनै एक आलम्बनयुक्त प्रतिसन्धिचित्त उत्पन्न हुन्छ । यो अतीतआलम्बनयुक्त दुर्गतिको च्यूतिको अनन्तर अतीत, वर्तमान्आलम्बनयुक्त प्रतिसन्धि प्रवर्तित भएको आकार हो । यहाँसम्म उन्नाइस प्रकारका पनि विज्ञानको प्रतिसन्धिअनुसार प्रवर्ति प्रकाशित छ । यो सबै यसरी –

*पवत्तमानं सन्धिम्हि द्वेधा कम्मेन वत्तति ।*
*मिस्सादीहि च भेदेहि भेदस्स दुविधादिको ॥*

(प्रवर्तित हुँदै प्रतिसन्धिमा कर्मले दुई भागहरूमा प्रवर्तित हुन्छ । मिश्रआदिको भेदहरूले त्यस विज्ञानको भेद दुई प्रकारका हुन्छन् ।)

यो उन्नाइस प्रकारका पनि विपाकविज्ञान प्रतिसन्धिमा प्रवर्तित हुँदै कर्मले दुई भागहरूमा हुन्छन् । यसको स्वकीय जनककर्म नाना क्षणयुक्त कर्मप्रत्यय र उपनिश्रयप्रत्ययले प्रत्यय हुन्छ । यो भनिएको छ - 'कुशल र अकुशलकर्मविपाकको उपनिश्रयप्रत्ययले प्रत्यय हुन्छ ।"

यसरी यसको वर्तमान्को मिश्रआदिको भेदहरूले दुई प्रकारका हुने आदिको भेद पनि जान्नुपर्दछ । जस्तै - यो प्रतिसन्धिअनुसार एक प्रकारले प्रवर्तित हुँदै पनि रूपको साथ मिश्रअभिश्रको भेदले दुई प्रकारका, काम, रूप, अरुपभवको भेदले तीन प्रकारका, अण्डज, जरायुज, संस्वेदज, औपपातिक योनिअनुसार चार प्रकारका, गतिअनुसार पाँच प्रकारका, विज्ञानको स्थितिअनुसार सात प्रकारका र सत्त्वावासअनुसार आठ प्रकारका हुन्छन् ।



Downloaded from http://www.dhamma.digital

त्यहाँ –

*मिस्सं द्विधा भावभेदा, सभावं तत्थ च द्विधा ।*
*द्वे वा तयो वा दसका ओमतो आदिना सह ॥*

(मिश्रभावको भेदले दुई प्रकारका हुन्छन् र त्यसमा स्वभाव दुई प्रकारका छन् । प्रारम्भको साथ तल्लो गणनाले दुई या तीन दशक हुन्छन् ।)

मिश्र भावको भेदले दुई प्रकारका हुन्छन् - जुन यहाँ अरूपभवको अतिरिक्त रूपले मिश्रप्रतिसन्धि विज्ञान उत्पन्न हुन्छ। त्यो रूपभवमा स्त्रीन्द्रिय, पुरुषेन्द्रिय भनिने भावको विनाउत्पत्ति हुनाले, कामभवमा जन्मले हिंजडा (नपुंसक) को प्रतिसन्धिलाई छाडेर, भावको साथ उत्पत्ति हुनाले स्वभाव र अभाव दुई प्रकारका हुन्छन् । र त्यसमा स्वभाव दुई प्रकारका छन् - त्यसमा पनि जुन स्वभाव छ, त्यो स्त्रीपुरुषको भावहरू (लिंग) मध्ये कुनै एकको साथ उत्पत्ति हुनाले दुई प्रकार नै हुन्छ ।

प्रारम्भको साथ तल्लो गणनाले दुई या तीन दशक हुन्छन् - जुन यहाँ मिश्रअमिश्र जोडाको प्रारम्भमा आएको रूपले मिश्रप्रतिसन्धिविज्ञान छ त्यसको साथ वस्तुदशक (वर्ण, गन्ध, रस, ओज, चारै महाभूत, जीवितेन्द्रिय र हृदयवस्तु) तथा र कायदशक (वर्ण, गन्धआदि आठ अविनिर्भोग रूप, जीवितेन्द्रिय र कायप्रसाद) अनुसार दुई या वस्तुकाय भावदशकअनुसार तीन दशक तल्लो गणनाले उत्पन्न हुन्छन् । त्यसपछि रूपको परिहानि हुँदैन ।

त्यो यसरी तल्लो परिणामले उत्पन्न हुँदै अण्डज, जरायुज, नामक दुई योनिहरूमा, भेडाको स्वाभाविक ऊन, (जाति ऊर्ण)को एक अंशुले उठाएको परिशुद्ध घिउको थोपाको बराबर, कलल नामले पुकारिने भएर उत्पन्न हुन्छ । त्यहाँ योनिहरूको गतिअनुसार उत्पत्तिको भेद जान्नुपर्दछ । यसमा –

*निरये भुम्मवज्जेसु देवेसु च न योनियो ।*
*तिस्सो पुरिमिका होन्ति चतस्सोपि गतित्तये ।*

(नरक र भूमिमा रहने देवहरूलाई छाडेर देवहरूमा पहिलेको अण्डज, जरायुज, संस्वेदज तीन योनिहरू हुँदैनन् र तीन गतिहरूमा चारैवटा पनि हुन्छन् ।)

त्यहाँ देवेसु च = देवहरूमा र । च शब्दले जस्तै नरकमा र भूमिमा रहने देवहरूलाई छाडेर देवहरूमा - यसरी निज्झाम तण्हिक नामक प्रेतहरूमा पहिलोको तीन योनिहरू छैन भनी यसरी जान्नुपर्दछ। औपपातिक नै तिनीहरू हुन्छन्। शेषमा तिर्यक, प्रेत विषय, मनुष्य भनिने तीन गतिहरू र पहिलेको भूमिमा रहने देवहरूलाई छाडेर देवहरूमा चारैवटा पनि योनिहरू हुन्छन् । मज्झिम निकाय अट्ठकथाअनुसार "चातुर्महाराजिकदेखि लिएर माथिको देव औपपातिक नै हुन्छन् । भूमिमा रहने देव चार योनियुक्त हुन्छन् । मनुष्यहरू कुनैकुनै देवताहरूसमान औपपातिक हुन्छन्, यी प्रायः जरायुक्त नै हुन्छन् । अण्डज पनि यहाँ कुन्तीको पुत्र दुई भ्रातस्थविरको समान र संस्वेदज पनि पद्मको गर्भमा उत्पन्न भएको पौस्करसाति ब्राह्मण तथा पद्मावती देवी आदिको समान नै हुन्छन् । विनिपातिकाहरूमा निज्झाम तण्हिक प्रेत नारकीय सत्वहरूको समान औपपातिक नै हुन्छन् र शेष चार योनीयुक्त पनि



Downloaded from http://www.dhamma.digital

हुन्छन् र जसरी तिनीहरू हुन्छन् त्यसरी नै यक्ष पनि । सबै पशुपंक्षी, सरीसृप आदि चार योनीयुक्त नै हुन्छन् ।" - त्यहाँ –

*तिसं नव चेव रूपीसु सत्तति उक्कंसतोथ रूपानि ।*
*संसेदूपपातयोनिसु अथवा अवकंसतो तिंस ॥*

(रूपलोकमा उन्चालीस, उत्कर्षले सत्तरी रूप हुन्छन् अथवा अवकर्षले तीस संस्वेदज र औपपातिक योनीहरूमा ।)

औपपातिक योनि रूपावचरको ब्रह्माहरूमा चक्षु, श्रोत्र, वस्तुदशक र जीवित नवक (आठ अविनिर्भोगरूप र जीवितेन्द्रिय) का चार कलापअनुसार उन्चालीस प्रतिसन्धि विज्ञानहरूको साथ रूप उत्पन्न हुन्छन् । रूपावचरको ब्रह्माहरूलई छाडेर अन्य संस्वेदज र औपपातिकहरूमा उत्कर्षले चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय, वस्तु, भावदशकअनुसार सत्तरी  र ती पनि नित्य देवहरूमा उम्त्पन्न हुन्छन् । त्यहाँ वर्ण, गन्ध, रस, ओज र चारै पनि धातुहरू चक्षुप्रसाद, जीवित - यी दश रूपको परिणामयुक्त रूप पुञ्ज चक्षुदशक भनिन्छ । यसरी शेषलाई जान्नुपर्दछ ।

अवकर्षले जन्मान्ध, बहिरो, नाकरहित, नपुंसकको काय, वस्तु, दशकअनुसार तीस रूप उत्पन्न हुन्छन् । उत्कर्ष र अवकर्षको बीचमा अनुरूपले विकल्प जान्नुपर्दछ । यसरी जानेर फेरि –

*खन्धारम्मण गति हेतु वेदना पीति वितक्क विचारेहि ।*
*भेदाभेदविसेसो चुतिसन्धीनं परिञ्ञेयो ॥*

(च्युति र प्रतिसन्धिको स्कन्ध, आलम्बन, गति, हेतु, वेदना, प्रीति, वितर्क, विचारले भेद अभेदको विशेषता जान्नुपर्दछ ।)

जुन यो मिश्र र अमिश्रले दुई प्रकारका प्रतिसन्धि छन् र जुन त्यसको अतीतको अनन्तर च्युति हो, त्यसको यी स्कन्ध आदिले भेद र अभेदको विशेषता जान्नुपर्दछ भन्ने अर्थ हो ।

कसरी ? कहिले चार स्कन्धयुक्त अरुपको च्युतिको अनन्तर चार स्कन्धयुक्त नै आलम्बनले पनि अभिन्न प्रतिसन्धि हुन्छ । कहिले अमहद्गत वाह्य आलम्बनयुक्त च्युति (आकाशानन्त्यायतन र आकिंचन्यायतन - यी महद्गत र वाह्य आलम्बनयुक्त हुन्, त्यसलाई आलम्बन गरी जुन च्यूति हुन्छ, त्यस अमहद्गत वाह्य आलम्बनयुक्त च्यूतिको अनन्तरको अनन्तर महद्गत आध्यात्मआलम्बन (विज्ञानन्त्यायतन र नैवसंज्ञानासंज्ञायतन - यी दुबै महद्गतआलम्बनयुक्त हुन् । उनीहरूलाई आलम्बन गरी जुन प्रतिसन्धि हुन्छ, त्यो महद्गत अध्यात्म आलम्बनयुक्त प्रतिसन्धि हो ।) यो अरूपभूमिहरूमा नै ढंग हो । कहिले चार स्कन्धयुक्त अरूपको च्युतिको अनन्तर पञ्चस्कन्धयुक्त कामावचरको प्रतिसन्धि हुन्छ । कहिले पञ्चस्कन्धयुक्त कामावचरयुक्त च्युति या रुपावचरको च्युतिको अनन्तर चार स्कन्धयुक्त अरुप प्रतिसन्धि हुन्छ । यसरी अतीतआलम्बनयुक्त च्युतिले वर्तमान्आलम्बनयुक्त प्रतिसन्धि, कुनै सुगतिको च्युतिले कोही दुर्गतिको प्रतिसन्धि, अहेतुकच्युतिले सहेतुकप्रतिसन्धि, द्विहेतुकच्युतिले त्रिहेतुकप्रतिसन्धि, उपेक्षासहगतच्युतिले सौमनस्यसहगतप्रतिसन्धि, अप्रीतिकच्युतिले सप्रीतिकप्रतिसन्धि, अवितर्ककोच्युतिले सवितर्ककोप्रतिसन्धि, अविचारकोच्युतिले सविचारकोप्रतिसन्धि, अवितर्क अविचारकोच्युतिले सवितर्क



Downloaded from http://www.dhamma.digital

सविचारको प्रतिसन्धि - यसरी त्यसत्यसको विपरित यथायोग्य जोड्नुपर्दछ ।

*लद्धप्पच्चयमिति धम्ममत्तमेतं भवन्तरमुपेति ।*
*नास्स ततो संकन्ति न ततो हेतुं विना होति ॥*

(यसप्रकार प्रत्यय प्राप्त यो धर्म मात्र भवान्तरलाई आउँछ । त्यसको त्यहाँबाट संक्रान्ति हुँदैन र त्यो त्यहाँदेखि विनाहेतुको हुन्छ ।)

यसप्रकार प्रत्यय प्राप्त रूप र अरूपधर्म मात्र उत्पन्न हुँदै भवान्तरमा आउँछ - यसरी भनिन्छ । न सत्व आउँछ र न जीव । त्यसको अतीतभवले यहाँ संक्रान्ति पनि हुँदैन र त्यो त्यहाँबाट हेतुविना पनि यहाँ उत्पन्न हुँदैन । यसलाई प्रकट मनुष्यको च्युति र प्रतिसन्धिको क्रमले प्रकाशित गर्ने छौं । अतीतभवमा स्वभावले (समाप्त भएको आयु संस्कारले) या उपक्रम (आत्मघातआदि)ले मृत्युको सन्निकट हुनेको असह्य सारा अंगप्रत्यंगको सन्धि वन्धनलाई तोड्ने मरणान्तं वेदनारूपी हथियारहरूको पिटाई खानेलाई नसहनेको, घाममा सुकाएको हरियो ताड्को पातसमान, क्रमशः शरीर सुक्ने र चक्षु आदि इन्द्रियहरूको निरुद्ध हुँदा, हृदयवस्तु मात्रमा कायेन्द्रिय, मनेन्द्रिय, जीवितेन्द्रिय प्रतिष्ठित हुँदा, त्यस क्षण अवशेष हृदयवस्तुको सहारा हुने विज्ञान गरूकर्म (आमाको हत्याआदि अकुशलकर्म या महद्गत समान कुशलकर्म), आचिण्णकर्म (अधिकांश, गरिएको अभ्यस्तकर्म), आसन्नकर्म (मृत्युको समय स्मरण गरिएको या स्वयं गरिएको कर्म) र पूर्वको जन्महरूमा गरिएको कर्महरूमध्ये कुनै एक अविद्या आदिको अवशेष प्रत्ययलाई पाएको संस्काररूपी कर्म या त्यसले उपस्थित गरिएको कर्मनिमित्त र गतिनिमित्तरूपी विषयलाई लिएर प्रवर्तित हुन्छ । त्यो यसरी प्रवर्तित हुँदै तृष्णा र अविद्याको प्रहीण नहुनाले अविद्याले ढाकिएको दोषयुक्त त्यस विषयमा तृष्णा झुक्दछ । सहजात संस्कार फ्याँक्दछन् । त्यो सन्ततिअनुसार तृष्णाले झुकाइएको, संस्कारहरूले फ्याँकिएको, वारी तिरमा बाँधिएको डोरीको सहारा नलिई पार तर्ने व्यक्तिसमान, पहिले निश्रयलाई छोड्दछ र पञ्चस्कन्धयुक्त भवमा अर्को कर्मले उत्पन्न गरिएको निश्रय (हृदयवस्तु) को आस्वादन गर्दै या भवमा आस्वादन नगर्दै आलम्बनआदि प्रत्ययहरुले नै प्रवर्तित हुन्छ ।

यहाँ, पहिलो चित्त च्युत हुनाले च्युति र पछिल्लो चित्त भवान्तरआदिलाई मिलाउनाले प्रतिसन्धि भनिन्छ । त्यो विज्ञान पहिलेको भवदेखि पनि यहाँ आएको छैन र त्यहाँको कर्म, संस्कार, झुकाव, विषयआदि हेतुविना उत्पन्न पनि भएको छैन - यसरी जान्नुपर्दछ ।

*सियुं निदस्सनानेत्थ पटिघोसादिका अथ ।*
*सन्तानबद्धतो नत्थि एकता नपि नानता ॥*

(यहाँ प्रतिघोष आदि दृष्टान्त हुन सक्दछन् । सन्ततिको बद्ध हुनाले एकता पनि छैन र नानत्व पनि छैन ।)

यस विज्ञानको पहिलेको भवले यहाँ नआउनुमा अतीतभवमा हुने हेतुहरूले र उत्पत्तिमा प्रतिघोषको हेतु शब्द, प्रदीपको हेतु प्रदीपान्तर, मुद्राको हेतु छाप्नु, प्रतिविम्बको हेतु ऐनाधर्मदृष्टान्त हुन सक्दछन् ती सब अन्यत्र नगएर नै हुन्छन्, यसैप्रकारको यो चित्त हो ।

यहाँ सन्तति बद्ध हुनाले एकता छैन र नानत्व पनि छैन । यदि सन्तति बद्ध हुँदा विल्कुल नै एकता



Downloaded from http://www.dhamma.digital

भएमा दुधले दही नबनोस्, र यदि विल्कुल नानात्व पनि नभएमा जसको दूध हो उसलाई दही नपावस्। यसैप्रकार सव हेतुले उत्पन्न भएको धर्महरूमा बुझ्नुपर्दछ। यसरी हुँदा "भन्ते, भूतपूर्वमा म रोहिताश्व नामक ऋषि थिएँ" आदि यसप्रकारको लोकको सबै व्यवहार मेटिने छ र त्यो अनिष्ट हुनेछ, यसैले यहाँ विल्कुल एकता या नानात्वलाई मान्नु हुँदैन।

यहाँ प्रश्न हुन्छ - यसरी संक्रान्तिरहित उत्पत्ति हुँदा, जुन मनुष्य शरीरमा स्कन्ध छन् त्यसको निरुद्ध, हुनाले र फलको प्रत्यय कर्मको त्यहाँ नजानाले अर्कोलाई अर्को कर्मले त्यो फल हुन्छ होइन ? तथा उपभोग कर्ताको नहुँदा कसलाई त्यो फल हुन्छ ? यसैले यो विधान सुन्दर छैन। त्यसको सम्बन्धमा यो भनिन्छ –

*सन्ताने यं फलं एकं नाञ्ञस्स च अञ्ञतो।*
*बीजानं अभिसंखारो एतस्सत्थस्स साधको॥*

(एक सन्ततिमा जुन फल उत्पन्न हुन्छ, त्यो न यसको हो न अरूबाट हो। वीजहरूको अभिसंस्कार (चार मधुरवस्तुहरू र लाखको रस आदि दिएर वीजहरूको अभिसंस्कार गरिन्छ।) यस अर्थको साधक हो।)

एक सन्ततिमा उत्पन्न भएको फल, विल्कुल एकत्व र नानात्वको सिद्ध नहुनाले अर्कोको हो या अरूबाट हो यस्तो हुँदैन। यस अर्थको साधक वीजहरूको अभिसंस्कार हो। आँपको वीज आदिको अभिसंस्कार (कलम) गरिंदा त्यसको वीजको सन्तति प्राप्त प्रत्यय कालान्तरमा विशेष फल उत्पन्न हुँदै न अरूको वीजको हुन्छ न अरू अभिसंस्कारको प्रत्ययले उत्पन्न हुन्छ र न त ती वीज या अभिसंस्करण फलको स्थानलाई प्राप्त हुन्छन्। यसरी यसलाई पनि बुझ्नुपर्दछ। विद्या, शिल्प, औषधि आदिको पनि बालक शरीरमा उपयुक्त हुँदा कालान्तरमा बृद्ध शरीर आदिमा फलदायक हुनाले यस अर्थलाई जान्नुपर्दछ। जुन भनिएको छ 'उपभोग कर्ताको नहुँदा कसलाई फल हुन्छ ?"त्यसको जवाबको लागि त्यहाँ –

*फलस्सुप्पतिया एव सिद्धा भुञ्जकसम्मुति।*
*फलुप्पादेन रूक्खस्स यथा फलति सम्मुति॥*

(फलको उत्पत्तिले नै खाने व्यक्तिको व्यवहार सिद्ध हुन्छ, जस्तै - फलको उत्पत्तिले वृक्षको 'फल्दछ' व्यवहार हुन्छ।)

जसरी वृक्ष भनिने धर्महरूको एक अंग भएको वृक्षको फलको उत्पत्तिले नै वृक्ष फल्दछ या फलेको छ भनिन्छ। त्यसरी देव र मनुष्य भनिने स्कन्धहरूको एक अंगको उपभोगरूपी सुखदुःखको फलको उत्पत्तिले नै देव या मनुष्य उपभोग गर्दछ अथवा सुखी या दुःखी छ, भनिन्छ। यसैले यहां अर्को उपभोग कर्तासंग कुनै प्रयोजन छैन।

जसले यसो भन्दछ – "यसरी हुँदा पनि यी संस्कार विद्यमान् हुँदै फलको प्रत्यय हुनेछ, या अविद्यमान्। यदि विद्यमान् भएमा, तब प्रवर्तिको क्षण उसलाई विपाकसंग हुनुपर्दछ र यदि अविद्यमान् भएमा प्रवर्तिभन्दा पहिले तथा पछाडि नित्य फल ल्याउने हुनेछ।" उसलाई यसरी भन्नुपर्छ –



Downloaded from http://www.dhamma.digital

*कतत्ता पच्चया एते न च निच्चं फलावहा ।*
*पाटिभोगादिकं तत्थ वेदितब्बं निदस्सनं ॥*

(यी गरिएका कर्मको प्रत्यय हुन् । नित्य फलदायक होइन । वन्धगी आदिको त्यहाँ दृष्टान्त जान्नुपर्दछ ।)

गरिएको कर्मले नै संस्कार आफ्नो फलको प्रत्यय हुन्छन्, न कि विद्यमान् या अविद्यमान् हुनाले जस्तै भनियो - 'कामावचरकुशलकर्मको गरिनाले, संचित हुनाले, विपाक चक्षुविज्ञान उत्पन्न हुन्छ ।" आदि । र यथायोग्य आफ्नो फलको प्रत्यय भएर विपाकको विपाक हुनाले फेरि फलदायक हुँदैनन् । यस अर्थलाई स्पष्ट गर्नको लागि यो जमानतआदिको दृष्टान्त जान्नुपर्दछ । जसरी लोकमा जुनकुनै वस्तुलाई सुम्पिनको लागि 'बन्धगी' हुन्छ, सामान किन्छ या ऋण लिन्छ, उसको त्यस काम मात्रले नै त्यस सुम्पिने आदिमा प्रत्यय हुन्छ । न कामको विद्यमान् हुनु या अविद्यामान् हुनु र त्यस वस्तुलाई सुम्पिने आदिले पछि पनि धारण गर्ने नै हुन्छ । किन ? सुम्पिने आदिको कार्यलाई गरिएको हुनाले । यसरी गरिएको कर्मले नै संस्कार पनि आफ्नो फलको प्रत्यय हुन्छन्, न कि यथायोग्य फल दिनाले अर्को पनि फल दिने हुन्छन् ।

यहाँसम्म मिश्र र अमिश्रअनुसार दुई प्रकारले पनि प्रवर्तित हुँदै प्रतिसन्धि विज्ञानको संस्कारको प्रत्ययले प्रवर्ति प्रकाशित छ । अब यी सबै बत्तीस विपाकविज्ञानहरूमा संमोह मिटाउनको लागि –

*पटिसन्धिपवत्तीनं वसेनेते भवादिसु ।*
*विजानितब्बा संखारा यथा येसञ्च पच्चया ॥*

(यी संस्कार भवआदिमा प्रतिसन्धि र प्रवर्तिअनुसार जसको प्रत्यय हुन्छन् र जसरी प्रत्यय हुन्छन् त्यसरी जान्नुपर्दछ ।)

त्यहाँ, तीन भव, चार योनीहरू, पाँच गतिहरू, सात विज्ञानको स्थितिहरू, नव सत्वावास - यी भवआदि भनिन्छन् । यी भवआदिमा, प्रतिसन्धि र प्रवर्तिमा यी जुन विपाक विज्ञानहरूको प्रत्यय हुन्छन् र जसरी प्रत्यय हुन्छन्, त्यसरी जान्नुपर्दछ भन्ने यो अर्थ हो ।

त्यहाँ, पुण्याभिसंस्कारमा कामावचरको आठ प्रकारको चेतनायुक्त पुण्याभिसंस्कार सामान्यरूपले कामभवसुगतिमा, नौ विपाकविज्ञानहरूको प्रतिसन्धिमा, नानाक्षणयुक्त कर्मप्रत्यय र उपनिश्रयप्रत्ययले - दुई प्रकारले प्रत्यय हुन्छन् । रुपावचरको पाँच कुशलचेतनायुक्त पुण्याभिसंस्कार रूपभवमा प्रतिसन्धिमा - यसरी पाँच विपाक विज्ञानहरूका प्रत्यय हुन्छन् ।

त्यस प्रभेदयुक्त कामावचर कामभवमा सुगतिमा उपेक्षासहगतअहेतुकमनोविज्ञानधातुलाई छाडेर चक्षुविज्ञानआदि पाँच, एक मनोधातु र एक सौमनस्यसहगत अहेतुक मनोविज्ञानधातु - यी सात परित्रविपाकविज्ञान (कामावचर विपाक विज्ञान) हरुको उक्तढंगले नै दुई प्रकारले प्रत्यय प्रवर्तिमा हुन्छ, प्रतिसन्धिमा होइन । त्यही रूपभवमा चक्षुविज्ञान श्रोत्रविज्ञान, एक मनोधातु र दुवै अहेतुक मनोविज्ञानधातुहरू यी पाँच विपाक (घ्राण, जिव्हाकाय छैन यसैले तीन अहेतुकविपाकविज्ञानहरूलाई छोडेर ।) विज्ञानहरूको त्यसरी नै प्रत्यय प्रवर्तिमा हुन्छ, प्रतिसन्धिमा होइन । निरयमा महामोद्गल्यायन स्थविरको नरकमा विचरण गर्ने आदिमा इष्टआलम्बनको समायोग (स्थविर नरकमा ऋद्धिले वर्षा गरी नरकको अग्नि शान्त



Downloaded from http://www.dhamma.digital

गरी धर्मोपदेश गर्ने समयमा) मा त्यो प्रत्यय हुन्छ । पशुहरू र महाऋद्धिवान प्रेतहरूमा इष्टआलम्बन हुन्छ ।

त्यहाँ कामभवमा सुगतिमा आठ अहेतुक र आठ सहेतुक गरी सोह्र कुशलविपाकविज्ञानहरूको त्यसरी नै प्रवर्ति र प्रतिसन्धिमा प्रत्यय हुन्छ । सामान्यरूपले पुण्याभिसंस्कार रूपभवमा पाँच प्रतिसन्धि विज्ञानहरूको प्रतिसन्धि, भवाङ्ग र च्युतिअनुसार चक्षु, श्रोत्रविज्ञान मनोधातु र दुई अहेतुक मनोविज्ञानधातु दश विपाकविज्ञानहरू - यी पाँचैको प्रवर्तिमा नै सबै दश विपाकविज्ञानहरूको त्यसरी नै प्रवर्ति र प्रतिसन्धिमा प्रत्यय हुन्छ ।

बाह्र प्रकारको अकुशल चेतनायुक्त अपुण्याभिसंस्कार कामभवमा दुर्गतिमा । एक विज्ञान उपेक्षासहगत अहेतुकमनोविज्ञानधातुको चित्तको त्यसरी नै प्रतिसन्धिमा प्रत्यय हुन्छ, प्रवर्तिमा होइन । ६ को प्रवर्तिमा, प्रतिसन्धिमा होइन । सातैवटा पनि अकुशलविपाकको विज्ञानहरू प्रवर्ति र प्रतिसन्धिमा । तर कामभवमा सुगतिमा तिनै सातैवटाको त्यसरी नै प्रवर्तिमा प्रत्यय हुन्छ, प्रतिसन्धिमा होइन । रूपभवमा (अकुशलविपाक चक्षु, श्रोत्र, विज्ञान मनोधातु र मनोविज्ञानधातुको चित्तहरू) चित्तहरू आदि चार विपाक विज्ञानहरूको त्यसरी नै प्रवर्तिमा प्रत्यय हुन्छ, प्रतिसन्धिमा होइन, र त्यो कामावचरमा अनिष्ट रूपलाई हेर्ने तथा शब्दलाई सुन्नेअनुसार । ब्रह्मलोकमा त्यसरी कामावचर देवलोकमा पनि अनिष्ट रूपआदि छैन ।

आनेञ्जाभिसंस्कार अरूपभवमा चारै विपाक विज्ञानहरूको त्यसरी नै प्रवर्ति र प्रतिसन्धिमा प्रत्यय हुन्छ । यसरी भवहरूमा प्रतिसन्धि प्रवर्तिअनुसार यी संस्कार जसको प्रत्यय हुन्छन्, र जसरी प्रत्यय हुन्छन्, त्यसरी जान्नुपर्दछ । यसैढंगले योनी आदिमा पनि जान्नुपर्दछ ।

यो प्रारम्भदेखि लिएर संक्षेप वर्णन हो – यी संस्कारहरूमा किनकि पुण्याभिसंस्कार दुई भवहरूमा प्रतिसन्धि दिएर आफ्नो सबै विपाकलाई उत्पन्न गर्दछ । त्यसरी अण्डजआदि चारै योनीहरूमा देव र मनुष्य भनिने दुई गतिहरूमा, नानात्वकाय नानात्वसंज्ञी, नानात्वकाय एकत्वसंज्ञी, एकत्वकाय नानात्वसंज्ञी, एकत्वकाय एकत्वसंज्ञी भनिने चार विज्ञानको स्थितिहरूमा र असंज्ञा सत्वावासमा यो रूप मात्रलाई नै बनाउँछ । यसप्रकार चार नै सत्वावासहरूमा प्रतिसन्धिलाई दिएर आफ्नो सबै विपाकलाई उत्पन्न गर्दछ । यसैले यो यी दुई भवहरूमा - चार योनीहरूमा, दुई गतिहरूमा, चार विज्ञानको स्थितिहरूमा र सत्वावासहरूमा कामावचरको अहेतुक र सहेतुक सोह्र विपाक र पाँच रूपावचरको विपाक गरी एक्काइस विपाकविज्ञानहरूको उक्तढंगले नै सम्भव प्रतिसन्धि र प्रवर्तिमा प्रत्यय हुन्छ ।

अपुण्याभिसंस्कार एउटै कामभवमा, चारै योनीहरूमा, अवशेषहरूमा तीन गतिहरूमा, नानत्वकाय एकत्वसंज्ञी भनिने एक विज्ञानको स्थितिमा र त्यसैप्रकारको एक सत्वावसमा प्रतिसन्धिअनुसार फल दिन्छ, यसैले यो एक भवमा, चार योनीहरूमा, तीन गतिहरूमा, एक विज्ञानको स्थितिमा र एक सत्वावासमा सात विपाक विज्ञानहरूको उक्तढंगले नै प्रतिसन्धि र प्रवर्तिमा प्रत्यय हुन्छ ।

आनेंजाभिसंस्कार एउटै अरूपभवमा, एक औपपातिक योनीमा, एक देवगतिमा, आकाशानन्त्यायतन आदि तीन विज्ञानको स्थितिहरूमा, आकाशानन्त्यायतन आदि चार सत्वहरूमा प्रतिसन्धिअनुसार विपाक दिन्छ, यसैले यो एक भवमा, एक योनीमा, एक गतिमा, तीन विज्ञानको स्थितिमा, चार सत्वावासहरूमा,



Downloaded from http://www.dhamma.digital

चारै विज्ञानहरूको उक्तढंगले नै प्रतिसन्धि र प्रवर्तिमा प्रत्यय हुन्छ। यसरी –

*पटिसन्धि पवत्तीनं वसेनेते भवादिसु।*
*विजानितब्बं संखारा यथा येसञ्च पच्चया॥*

(यो संस्कार भवआदिमा प्रतिसन्धि र प्रवर्तिअनुसार जसको प्रत्यय हुन्छन् र जसरी प्रत्यय हुन्छन्, त्यसरी जान्नुपर्दछ।)

यो 'संस्कारको प्रत्ययले विज्ञान' पदको विसगरपूर्वक वर्णन हो।

## विज्ञानको प्रत्ययले नामरूप

विज्ञानको प्रत्ययले नामरूप पदमा –

*विभाग नाम रुपानं भवादिसु पवत्तितो।*
*संगहा पच्चयनया विञ्ञातब्बो विनिच्छयो॥*

(१) नामरूपको विभाग, (२) भवआदिमा प्रवर्तित हुनु, (३) संग्रह र (४) प्रत्यय भएको ढंगले विनिश्चय जान्नुपर्दछ।)

(१) नामरूपको विभागले = यहाँ नाम भनिन्छ आलम्बनतिर झुक्नाले वेदनाआदि तीन स्कन्धहरूलाई रूप भनिन्छ चार महाभूत र चार महाभूतहरूलाई लिएर उत्पन्न भएको रूपलाई। त्यसको विभाग स्कन्ध निर्देशमा भनिएको छ। यसरी यहाँ नामरूपको विभागले विनिश्चय जान्नुपर्दछ।

(२) भवआदिमा प्रवर्तित हुनाले = यहाँ नाम एक सत्वावास छाडेर सबै भव, योनी, गति, विज्ञानको स्थिति र शेष सत्वावासहरूमा प्रवर्तित हुन्छन्। रूप दुई भवहरूमा, चार योनीहरूमा, पाँच गतिहरूमा, पूर्वको चार विज्ञानको स्थितिहरूमा, पाँच सत्वावासहरूमा प्रवर्तित हुन्छन्।

यसरी यी नामरूपको प्रवर्तित हुँदा, किनकि भाव (लिंग) रहित गर्भशायी र अण्डजहरूको प्रतिसन्धिको क्षण वस्तु, कायदशकअनुसार रूपले दुई सन्तति शीर्ष र तीन अरूपीस्कन्ध उत्पन्न हुन्छन् यसैले त्यसको विस्तारले, रूपरूपले बीस धर्म र तीन अरूपीस्कन्ध - यी तेइस धर्म - विज्ञानको प्रत्ययले नामरूप जान्नुपर्दछ। ग्रहण नगरेकोलाई ग्रहण गर्नाले एक सन्तति शीर्षले नौ रूपधर्महरूलाई निकालेर चौध, भावहरूको भावदशाकलाई राखेर तेत्तीस र त्यसको पनि ग्रहण नगरेकोलाई ग्रहण गर्नाले दुई सन्तति शीर्षले अठार रूपधर्महरूलई निकालेर पन्ध्र धर्म विज्ञानको प्रत्ययले नामरूप जान्नुपर्दछ।

किनकि ओपपातिक सत्वहरूमा ब्रम्हकायिकआदिलाई प्रतिसन्धिको क्षण, चक्षु, श्रोत्र, वस्तुदशक र जीवितेन्द्रिय नवकअनुसार रूपले चार सन्तति शीर्ष र तीन अरूपीस्कन्ध प्रकट हुन्छन्। यसैले त्यसको विस्तारले रूपरूपले उनन्चालीस धर्म र तीन अरुपीस्कन्ध गरी यी बयालीस धर्म विज्ञानको प्रत्ययले नामरूप जान्नुपर्दछ। ग्रहण नगरेकोलाई ग्रहण गर्नाले तीनै सन्तति शीर्षहरूले सत्ताइस धर्महरूलाई निकालेर पन्ध्र धर्म विज्ञानको प्रत्ययले नामरूप जान्नुपर्दछ।

कामभवमा भावसहित परिपूर्ण आयतनयुक्त ब्रम्हकायिकहरूलाई छाडेर शेष कामावचरको ओपपातिक या संस्वेदजहरूलाई प्रतिसन्धिको क्षण रूपले सात सन्तति शीर्ष र तीन अरुपीस्कन्ध प्रकट



Downloaded from http://www.dhamma.digital

हुन्छन् । यसैले त्यसको विस्तारले रुपरूपले सत्तरी धर्म र तीन अरुपीस्कन्ध - यी त्रिहत्तर धर्म विज्ञानको प्रत्ययले नामरूप जान्नुपर्दछ । ग्रहण नगरेकोलाई ग्रहण गर्नाले रूप सन्तति ६ शीर्षहरूमा चौवन्न धर्मलाई निकालेर उन्नाइस - या उत्कर्ष हो । अवकर्षले त्यसत्यस रूप सन्तति शीर्षको नहुनेहरूको त्यसत्यसको अनुसार कम गरेर, कम गरेर संक्षेप र विस्तारले प्रतिसन्धिमा विज्ञानको प्रत्ययले नामरूपको संज्ञा जान्नुपर्दछ ।

अरूपभवहरूको तीनै अरूपीस्कन्ध र असंज्ञाहरूमा रूपले जीवितेन्द्रियनवक नै विज्ञानको प्रत्ययले नामरूपको संज्ञा जान्नुपर्दछ । यो प्रतिसन्धिमा ढंग हो ।

तर प्रवर्तिमा सर्वज्ञरूपको प्रवर्तित हुने प्रदेशमा प्रतिसन्धिचित्तको स्थितिको क्षणमा प्रतिसन्धिचित्तसंगै प्रवर्तित ऋतुले, ऋतुले उत्पन्न शुद्धाष्टक प्रकट हुन्छ, तर प्रतिसन्धिचित्त रूप उत्पन्न गर्दैन । त्यो जस्तै प्रपातमा खसेको मानिस अरूको सहारा हुन सक्दैन, यसरी हृदयवस्तुको दूर्बल हुनाले रूपलाई उत्पन्न गर्न सक्दैन । प्रतिसन्धिचित्तभन्दा अगाडि प्रथमभवांगदेखि लिएर चित्तले उत्पन्न शुद्धाष्टक र शब्दको उत्पत्तिको समय प्रतिसन्धिचित्तको क्षणभन्दा अगाडि प्रवर्तित ऋतु र चित्तले शब्दनवक प्रकट हुन्छ ।

जुन कवलिंकारआहारले बाँच्ने गर्भगायी सत्व छन् उसको –

*यञ्चस्स भुञ्जति माता अन्नं पानञ्च भोजनं ।*
*तेन सो तत्थ यापेति मातुकुच्छिगतो तिरो ॥*

(जुन उसको आमा अन्न पेय, भोजन खान्छिन् त्यसको पेटभित्र गएको त्यो त्यहाँ यापन गर्दछ ।)

संयुक्त निकाय (११,१,१) अनुसार भगवान्‌को यस वचनले आमाद्वारा खाइएको आहार शरीरमा जाँदा र औपपातिकहरूलाई सर्वप्रथम आफ्नो मुखमा परेको थुकलाई मिसाउँदा आहारले उत्पन्न शुद्धाष्टक प्रकट हुन्छन् । यो आहारले उत्पन्न शुद्धाष्टक र ऋतु तथा चित्तले उत्पन्न भएको रूपहरूको उत्कर्षले दुई नवकहरूअनुसार छब्बीस प्रकार एवं पहिले एक चित्तक्षणमा तीनपल्ट उत्पन्न हुँदै उक्त कर्मले उत्पन्न पनि सत्तरी प्रकारका - कुल छियानब्बे (९६) प्रकारका रूप र तीनै अरूपीस्कन्ध - सबै संक्षेपले उन्नान्सय (९९) धर्म, किनकि कहिलेकहिले प्रकट हुनाले शब्द अनियत हो, यसैले ती दुवैलाई पनि निकालेर यी सन्तानब्बे (९७) धर्महरूलाई यथासम्भव सबै सत्वहरूलाई विज्ञानको प्रत्ययले नामरूप जान्नुपर्दछ । त्यसलाई सुत्दा पनि, प्रमत्त हुंदा पनि, खाँदा पनि, पिउंदा पनि, दिनमा पनि, रातमा पनि, यी विज्ञानको प्रत्ययले प्रवर्तित हुन्छन् । त्यसको विज्ञानको प्रत्यय भएको पछि वर्णन गरिनेछ ।

जुन यहां कर्मजरूप छन् त्यो भव, योनी, गति, स्थिति र सत्वावासहरूमा सर्बप्रथम प्रतिष्ठित हुँदै पनि तीनले उत्पन्न रूपले सहारा नपाउनाले रहन सक्दैन । र तीनले उत्पन्न पनि त्यसले आश्रित छैन । प्रत्युत वायुले धक्का खाएको चारै दिशाहरूमा राम्ररी राखेको नरकटको बोझसमान र लहरको वेगले ठक्कर खाएको महासमुद्रमा कतै आधार प्राप्त विग्रेको नाउँसमान एकअर्काको सहारालेनै यी लडदै एक वर्ष पनि, दुई वर्ष पनि... सय वर्ष पनि, जबसम्म ती सत्वहरूको आयुक्षय वा पुण्यक्षय हुँदैन तबसम्म प्रवर्तित हुन्छन् । यसरी भवआदि प्रवर्तितले पनि यहाँ विनिश्चय जान्नुपर्दछ ।

(३) संग्रहले = यहाँ जुन अरूपलोकमा प्रवर्ति र प्रतिसन्धिमा तथा पञ्चस्कन्धभवमा प्रवर्तिमा



Downloaded from http://www.dhamma.digital

विज्ञानको प्रत्ययले नाम नै हो, जुन असंज्ञाभवमा र सर्वत्र पञ्चस्कन्धभवमा प्रवर्तिमा विज्ञानको प्रत्ययले रूप नै हो र पञ्चस्कन्धभवमा सर्वत्र विज्ञानको प्रत्ययले नामरूप हो, त्यो सब नाम, रूप र नामरूप = नामरूप हो । यसरी एक भाग, स्वरूपले एकशेष (द्वन्द समास) ढंगले संग्रह गरी विज्ञानको प्रत्ययले नामरुपलाई जान्नुपर्दछ ।

के असंज्ञाभवमा विज्ञानको अभावले अयुक्त छ ? अयुक्त छैन ।

*नामरूपस्स यं हेतु विञ्ञाणं तं द्विधा मतं ।*
*विपाकमविपाकञ्च युत्तमेव यतो इदं ॥*

(नामरूपको जुन हेतु विज्ञान हो, त्यो विपाक र अविपाकको भेदले, किनकि दुई प्रकारका मानिन्छन् यसैले यो युक्त नै छ ।)

जुन नामरूपको हेतु विज्ञान हो, त्यो विपाक र अविपाकको भेदले दुई प्रकारका मानिन्छ र यो असंज्ञाको सत्वहरूमा कर्मले उत्पन्न हुनाले पञ्चस्कन्धभवमा प्रवर्तित अभिसंस्कार विज्ञानको प्रत्ययले रूप हो । त्यसरी पञ्चस्कन्धभवमा प्रवर्तिमा कुशलआदिको चित्तक्षणमा कर्मले उत्पन्न हुन्छ, यसैले यो युक्त नै छ । यसरी संग्रहले पनि यहाँ विनिश्चय जान्नुपर्दछ ।

(४) प्रत्ययले हुने ढंगले =

*नामस्स पाकविञ्ञाणं नवधा होति पच्चयो ।*
*वत्थुरुपस्स नवधा सेसरुपस्स अट्ठधा ॥*
*अभिसंखार विञ्ञाणं होति रुपस्स एकधा ।*
*तदञ्ञम्पन विञ्ञाणं तस्स तस्स यथारहं ॥*

(विपाक विज्ञान नामको नौ प्रकारले प्रत्यय हुन्छ । हृदयवस्तुको नौ प्रकारले प्रत्यय हुन्छ । शेष रूपको आठ प्रकारले प्रत्यय हुन्छ । अभिसंस्कार विज्ञान रूपको एक प्रकारले प्रत्यय हुन्छ । त्यसलाई छाडेर अन्य विज्ञान यथायोग्य त्यसत्यसको प्रत्यय हुन्छ ।)

जुन यो प्रतिसन्धिमा प्रवर्तिमा विपाक भनिने नाम छ, त्यसको रूपले मिश्र या अमिश्रको प्रतिसन्धियुक्त या अन्य विपाकविज्ञान सहजात, अञ्ञमञ्ञ, निश्रय, सम्प्रयुक्त, विपाक, आहार, इन्द्रिय, अस्ति, अविगतप्रत्ययहरूले नौ प्रकारले प्रत्यय हुन्छन् । हृदयवस्तुरूपलाई छाडेर शेष रूपका यी नौमध्ये अञ्ञमञ्ञप्रत्ययलाई निकालेर शेष आठ प्रत्ययहरूले प्रत्यय हुन्छन् । अभिसंस्कारविज्ञान असंज्ञासत्वको रूपको या पञ्चोकारभवमा कर्मजरूपको सूत्रान्तिक पर्यायले प्रत्यय हुन्छन् । पट्ठानप्परणमा - "कुशल या अकुशलकर्मको रूप उपनिश्रयप्रत्ययले प्रत्यय हुन्छ" भनिएको छैन । यसैले सूत्रान्तिकपर्यायले भनिएको हो । उपनिश्रयअनुसार एक प्रकारले नै प्रत्यय हुन्छ । अवशेष प्रथमभवांगदेखि लिएर सारा विज्ञान पनि त्यसत्यस नामरूपको यथायोग्य प्रत्यय हुन्छ - यसरी जान्नुपर्दछ । विस्तारले त्यसको प्रत्यय भएको ढंगलाई देखाउँदा सारा नै पट्ठान पालिको अर्थकथाको विस्तार गर्नुपर्नेछ । त्यसैले त्यसलाई आरम्भ गरिने छैन ।

त्यहाँ प्रश्न हुन सक्दछ - यो कसरी जान्नुपर्दछ कि प्रतिसन्धिको नामरूप विज्ञानको प्रत्ययले हुन्छ



Downloaded from http://www.dhamma.digital

? सूत्र र युक्तिले । सूत्रमा - 'चित्तअनुसार परिवर्तन हुने धर्म' आदिढंगले धेरै प्रकारले वेदना आदिको विज्ञानको प्रत्ययले हुने सिद्ध छ । युक्तिले –

*चित्तजेन हि रूपेन इध दिट्ठेन सिज्झति ।*
*अदिट्ठस्सापि रुपस्स विञ्ञाणं पच्चयो इति ॥*

(त्यहाँ देखिएको चित्तजरूपले, नदेखिएको पनि रूपको विज्ञान प्रत्यय हुन्छ, यो सिद्ध छ ।)

चित्तले प्रसन्न या अप्रसन्न हुँदा त्यसअनुरूप उत्पन्न हुँदै गरेको देखिन्छन् र देखिएकोले नदेखिएको रूपहरूको अनुमान हुन्छ - यसले यहाँ देखिएको चित्तजरूपले नदेखिएको पनि प्रतिसन्धिरूपको विज्ञान प्रत्यय हुन्छ भनी जान्नुपर्दछ । कर्मले उत्पन्न भएको पनि त्यस रूपको चित्तले उत्पन्न रूपसमान विज्ञानको प्रत्यय हुने भनी पट्ठान पालिमा आएको छ । यसरी प्रत्यय भएको ढंगले पनि यहाँ विनिश्चय जान्नुपर्दछ ।

यो विज्ञानको प्रत्ययले नामरूप पदमा विस्तारपूर्वक वर्णन हो ।

## नामरूपको प्रत्ययले ६ आयतन

नामरूपको प्रत्ययले ६ आयतन पदमा –

*नामं खन्धत्तयं रूपं भूत वत्थादिकं मतं ।*
*कतेकसेसं तं तस्स तादिसस्सेव पच्चयो ॥*

(नाम तीन स्कन्ध (वेदना, संज्ञा संस्कार) र रूप भूत, वस्तु आदि मानिन्छन् । त्यो एकशेष गरिएको छ तथा त्यसैप्रकारको त्यसको प्रत्यय पनि हुन्छ ।)

जुन यो ६ आयतनको नै प्रत्यय भएको नामरुप छ, त्यहां नाम वेदना आदि तीन स्कन्ध छन् । रूप आफ्नो सन्ततिमा हुन्छ । नियमले चार भूत, ६ वस्तुहरू, जीवितेन्द्रिय - यसरी भूत वस्तु आदि मानिन्छन् भनी जान्नुपर्दछ । यो नाम, रूप र नामरूप = नामरूप हुन् । यसप्रकार एकशेष गरिएको छैठौं आयतन र ६ आयतन षडायतन हो - यसरी गरिएको एकशेषको समान ६ आयतनको प्रत्यय जान्नुपर्दछ । किन ? किनकि अरुपमा नाम नै प्रत्यय हुन्छ र त्यो छैठौं आयतनको नै प्रत्यय हुन्छ, अरुको होइन । "नामको प्रत्ययले छैठौं आयतन" भनि विभंग (२)मा भनिएको छ ।

त्यहाँ प्रश्न हुन सक्दछ - कसरी यो जान्नुपर्दछ कि नामरूप ६ आयतनको प्रत्यय हुन्छ ? किनकि 'नामरूप हुँदा' भनिएको हुनाले । त्यसत्यस नाम र रूपको हुँदा त्योत्यो आयतन हुन्छ, अन्यथा होइन । त्यो त्यसको हुँदा त्यसको हुने प्रत्यय हुने ढंगमा नै प्रकट हुन्छ । यसैले –

*पटिसन्धिया पवत्ते वा होति यं यस्स पच्चयो ।*
*यथा च पच्चयो होति तथा नेय्यं विभाविना ॥*

(प्रतिसन्धि या प्रवर्तिमा जुन जसको प्रत्यय हुन्छ र जसरी प्रत्यय हुन्छ, त्यसरी प्रज्ञावानले जान्नुपर्दछ ।)



Downloaded from http://www.dhamma.digital

यो अर्थवर्णन हो –

*नाममेव हि आरुप्पे पटिसन्धिप्पवत्तिसु ।*
*पच्चयो सत्तधा छद्धा होति तं अवकंसतो ॥*

(त्यो नाम नै अरुपभवमा प्रतिसन्धि र प्रवर्तिमा सात प्रकार र ६ प्रकारले अवकर्षले प्रत्यय हुन्छ ।)

कसरी ? प्रतिसन्धिमा अवकर्षले सहजात, अञ्ञमञ्ञ, निश्रय, सम्प्रयुक्त, विपाक, अस्ति, अविगतप्रत्ययहरूले सात प्रकारले नाम छैठौं आयतनको प्रत्यय हुन्छ । यहाँ केही हेतुप्रत्ययले र केही आहारप्रत्ययले - यसरी अन्यथा पनि प्रत्यय हुन्छन् । यसअनुसार उत्कर्ष र अवकर्ष जान्नुपर्दछ । प्रवर्तितमा पनि विपाक उक्तढंगले नै प्रत्यय हुन्छ । अर्को अवकर्षले उक्तप्रकारको प्रत्ययहरूमा विपाकलाई छाडेर ६ प्रत्ययले प्रत्यय हुन्छ । केही यहाँ हेतुप्रत्ययले र केही आहारप्रत्ययले - यसरी अन्यथा पनि प्राप्त हुन्छ । त्यसअनुसार उत्कर्ष र अवकर्ष जान्नुपर्दछ । सात प्रकारले प्रत्यय भएको उत्कर्ष आठ प्रकारले प्रत्यय हुन्छ, तत्पश्चात् नौ प्रकारले, तत्पश्चात् दश प्रकारले, यस प्रकारले यो उत्कर्ष हो । अवकर्ष पनि दश प्रकारले प्रत्यय हुनाले नौ प्रकारले प्रत्यय हुनु, तत्पश्चात् आठ प्रकारले, तत्पश्चात् सात प्रकारले हुन्छन् ।

*अञ्ञस्मिम्पि भवे नामं तथेव पटिसन्धियं ।*
*छट्ठस्स इतरेसं तं छहाकारेहि पच्चयो ॥*

(अन्य पनि भवमा नाम प्रतिसन्धिमा त्यसरी नै छैठौंको र अरुको त्यो ६ आकारहरूले प्रत्यय हुन्छ।)

अरूपभवले अरू पनि पञ्चोकारभवमा त्यो विपाक नाम हृदयवस्तुको सहायक भएर छैठौं मनायतनको, जस्तो अरुपमा भनिएको छ, त्यसरी नै अवकर्षले सात प्रकारले प्रत्यय हुन्छन् । तर त्यो अरु पाँच चक्षुआयतनआदिको चारै महाभूतहरूको सहायक भएर सहजात, निश्रय, विपाक, विप्रयुक्त, अस्ति, अविगतअनुसार ६ आकारहरूले प्रत्यय हुन्छन् । यहां कुनै हेतुप्रत्ययले र कुनै आहारप्रत्ययले - यसरी अन्यथा पनि प्रत्यय हुन्छन्, त्यसअनुसार उत्कर्ष र अवकर्ष जान्नुपर्दछ ।

*पवत्तेपि तथा होति पाकं पाकस्स पच्चयो ।*
*अपाकं अविपाकस्स छधा छट्ठस्स पच्चयो ॥*

(प्रवर्तिमा पनि जसरी हुन्छ, त्यसरी विपाक विपाकको प्रत्यय हुन्छ । अविपाक अविपाकयुक्त छैठौंको ६ प्रकारले प्रत्यय हुन्छ ।)

प्रवर्तिमा पनि पञ्चोकार भवमा, जसरी प्रतिसन्धिमा, त्यसरी नै विपाक नाम विपाक भएको छैठौं आयतनको अवकर्षले सात प्रकारले प्रत्यय हुन्छ । अविपाक अविपाकयुक्त छैठौंको अवकर्षले नै त्यसबाट विपाकप्रत्ययलाई निकालेर ६ प्रकारले प्रत्यय हुन्छ । उक्तढंगले नै यहाँ उत्कर्ष र अवकर्ष जान्नुपर्दछ ।

*तत्थेव सेसपञ्चन्नं विपाकं पच्चयो भवे ।*
*चतुधा अविपाकम्पि एवमेव पकासितं ॥*



Downloaded from http://www.dhamma.digital

(त्यहीं शेष पाँचैको विपाक चार प्रकारले प्रत्यय हुन्छ, अविपाक पनि यसरी प्रकाशित गरिएको छ ।)

त्यहीं प्रवर्तिमा शेष चक्षुआयतन आदि पाँचैको चक्षुप्रसाद आदि वस्तुयुक्त अरू पनि विपाक नाम पच्छाजात, विप्रयुक्त, अस्ति, अविगतप्रत्ययहरूले चार प्रकारका प्रत्यय हुन्छन् र जसरी विपाक, यसरी नै अविपाक पनि प्रकाशित गरिएको छ । यसैले कुशल आदि पनि त्यसको चार प्रकारले प्रत्यय हुन्छन् भनी जान्नुपर्दछ । यसप्रकार नाम नै प्रतिसन्धि या प्रवर्तिमा जुनजुन आयतनको प्रत्यय हुन्छ र जसरी प्रत्यय हुन्छ, त्यसरी नै जान्नुपर्दछ ।

*रूपं पनेत्थ आरुप्पे भवे भवति पच्चयो ।*
*न एकायतनस्सापि पञ्चक्खन्ध भवे पन ॥*
*रूपतो सन्धियं वत्थु छधा छट्ठस्स पच्चयो ।*
*भूतानि चतुधा होन्ति पञ्चन्नं अविसेतो ॥*

(रूप, अरूपभवमा एक आयतनको पनि प्रत्यय हुँदैन । पञ्चस्कन्धभवमा रूपले वस्तु प्रतिसन्धिमा छैठौं मनायतनको ६ प्रकारले प्रत्यय हुन्छन् । भूत (रूप) सामान्यरूपले पाँचको चार प्रकारले प्रत्यय हुन्छन् ।)

रूपले प्रतिसन्धिमा वस्तुरूप छैठौं मनायतनको सहजात, अञ्यमञ्य निश्रय, विप्रयुक्त, अस्ति, अविगतप्रत्ययहरूका ६ प्रकारले प्रत्यय हुन्छन्, चार भूत, अविशेषले प्रतिसन्धि र प्रवर्तिमा जुनजुन आयतन उत्पन्न हुन्छ, त्यसत्यसको अनुसार पाँचै पनि चक्षुआयतन आदिको सहजात, निश्रय, अस्ति, अविगतप्रत्ययहरूले ६ प्रकारले प्रत्यय हुन्छन् ।

*तिधा जीवितमेतेसं आहारो च पवत्तियं ।*
*तानेव छधा छट्ठस्स वत्थु तस्सेव पञ्चधा ॥*

(प्रवर्तिमा रूप जीवित र आहार यसको तीन प्रकारले प्रत्यय हुन्छन् । ती नै छैठौंको ६ प्रकारले प्रत्यय हुन्छन् । वस्तु त्यसैको पाँच प्रकारले प्रत्यय हुन्छन् ।)

यी चक्षु आदि पाँचैको प्रतिसन्धि र प्रवर्तिमा अस्ति, अविगत, इन्द्रियअनुसार रूपजीवित तीन प्रकारले प्रत्यय हुन्छन् । आहार, अस्ति, अविगत, आहारअनुसार तीन प्रकारले प्रत्यय हुन्छन् र त्यो पनि जुन सत्व आहारले बाँच्दछन् त्यसको कायमा आहार जाँदा प्रवर्तिमा नै प्रत्यय हुन्छ, प्रतिसन्धिमा होइन । ती पाँच चक्षुआयतन आदि छैठौं चक्षु, श्रोत्र, घ्राण, जिव्हा, कायविज्ञान भनिने मनायतनको निश्रय, पुरेजात, इन्द्रिय, विप्रयुक्त, अस्ति, अविगतअनुसार ६ आकारहरूले प्रवर्तिमा प्रत्यय हुन्छन्, प्रतिसन्धिमा होइन । पाँच विज्ञानहरूलाई छाडेर त्यस अवशेष मनायतनको नै वस्तु रूप, निश्रय, पुरेजात, विप्रयुक्त, अस्ति, अविगतअनुसार ५ प्रकारले प्रवर्तिमा प्रत्यय हुन्छ, प्रतिसन्धिमा होइन । यसरी रूप नै प्रतिसन्धि या प्रवर्तिमा जुनजुन आयतनको प्रत्यय हुन्छ र जसरी प्रत्यय हुन्छ, त्यसरी जान्नुपर्दछ ।

*नामरूपं पनुभयं होति यं यस्स पच्चयो ।*
*यथा च तम्पि सब्बत्थ विञ्ञातब्बं विभाविना ॥*



Downloaded from http://www.dhamma.digital

(नामरूप दुबै जुन जसको प्रत्यय हुन्छ र जसरी प्रत्यय हुन्छ, त्यो पनि सर्वत्र प्रज्ञावानले जान्नु पर्दछ ।)

जस्तै - प्रतिसन्धिमा - पञ्चोकारभवमा तीन स्कन्ध, वस्तुरूप भनिने नामरूप छैठौं आयतनको सहजात, अञ्ञमञ्ञ, निश्रय, विपाक, सम्प्रयुक्त, विप्रयुक्त, अस्ति, अविगतप्रत्यय आदिले प्रत्यय हुन्छन् - यो संक्षेप मात्र हो । किनकि उक्तप्रकारले सबै जान्न सकिन्छ, यसैले यहाँ विस्तारपूर्वक देखाइएको छैन ।

यो नामरूपको प्रत्ययले ६ आयतन पदमा विस्तारपूर्वक वर्णन हो ।

## ६ आयतनको प्रत्ययले स्पर्श

६ आयतनको प्रत्ययले स्पर्श पदमा –

*सलेव फस्सा संखेपा चक्खुसम्फस्स आदयो ।*
*विञ्ञाणमिव बत्तिंस वित्थारेन भवन्ति ते ।*

(संक्षेपले चक्षुस्पर्श आदि स्पर्श ६ नै छन्, ती विस्तारले विज्ञानसमान बत्तीस हुन्छन् ।)

संक्षेपले ६ आयतनको प्रत्ययले चक्षुस्पर्श, श्रोत्रस्पर्श, घ्राणस्पर्श, जिव्हास्पर्श, कायस्पर्श, मनोस्पर्श आदि पाँच कुशलविपाकयुक्त, पाँच अकुशलविपाकयुक्त गरी दश र शेष बाइस लौकिकविपाक विज्ञानले सम्प्रयुक्त बाइस, यसरी सबै संस्कारको प्रत्ययले भनिएको विज्ञानसमान बत्तीस स्पर्श हुन्छन् ।

जुन यी बत्तीस प्रकारका पनि स्पर्शको प्रत्यय ६ आयतन छ, त्यहाँ –

*छट्ठेन सह अज्झत्तं चक्खादिं बाहिरेहिपि ।*
*सलायतनमिच्छन्ति छहि सद्धिं विचक्खणा ॥*

(छैठौंको साथ आध्यात्म चक्षु आदिलाई र वाह्यको पनि ६ संगै प्रज्ञावान् ६ आयतन मान्दछन् ।)

महाविहारवासी आचार्यहरूमध्ये जोकोही आचार्य 'यो उपादिन्न प्रवर्तिको वर्णन हो' भनेर आएको सन्ततीमा आएको नै प्रत्यय र प्रत्ययले उत्पन्न भएकोलाई प्रकाशित गर्दछन्, ती "छैठौं आयतनको प्रत्ययले स्पर्श" यस विभंग (२) पालिअनुसार आरुप्यमा छैठौं आयतन, र अन्यत्र सवलाई एकमा गरेर ६ आयतन स्पर्शको प्रत्यय हो - यसरी एक भाग र स्वरूपले एक शेष गरी, छैठौसंगै आध्यात्मिक चक्षु आदिलाई ६ आयतन मान्दछन् । त्यो छैठौं आयतन र ६ आयतन = ६ आयतन नै भनिन्छ । तर जुन प्रत्ययले उत्पन्नलाई नै एक सन्ततिमा आएको बताउँछ र प्रत्ययलाई सन्ततिले भिन्न पनि, ती जुनजुन आयतन स्पर्शको प्रत्यय हुन्छ, ती सबैलाई बताउँदै वाह्यलाई पनि लिएर त्यसैलाई छैठौंसंगै अध्यात्म र वाह्यले पनि रूपआयतन आदिसंग ६ आयतन मान्दछन् । त्यो पनि छैठौं आयतन र ६ आयतन नै = ६ आयतन हुन् - यसरी यसको एकशेष गर्दा ६ आयतन नै भनिन्छ ।

यहाँ प्रश्न हुन्छ - सबै आयतनहरूले एक स्पर्श उत्पन्न हुँदैन, एक आयतनले पनि सबै स्पर्श हुँदैनन्, तर यो ६ आयतनको प्रत्ययले स्पर्श एउटै भनिएको छ, त्यो किन ?

यो उत्तर हो – यो सत्य हो कि सबैले एक या एकले सबै उत्पन्न हुँदैनन तर अनेकले एक उत्पन्न हुन्छ । जस्तै - चक्षुस्पर्श, चक्षुआयतन, रूपायतनले चक्षुविज्ञान भनिने मनायतन र अवशेष सम्प्रयुक्त



Downloaded from http://www.dhamma.digital

धर्मायतनले उत्पन्न हुन्छ। यसरी सर्वत्र यथानुरूप जोड्नुपर्दछ। यसैले –

*एको पनेकायतनप्पभवो इति दीपितो।*
*फस्सो यं एकवचननिद्देसेनिध तादिना॥*

(यहाँ यो एक स्पर्श अनेक आयतनहरूले उत्पन्न भएको, एकवचनको निर्देशले भगवान्द्वारा प्रकट गरिएको छ।)

एकबचनको निर्देशले '६ आयतनको प्रत्ययले स्पर्श' यस एकवचनको निर्देशले अनेक आयतनहरूले एक स्पर्श हुन्छ, यसरी भगवान्द्वारा प्रकट गरिएको छ भन्ने अर्थ हो तर आयतनहरूमा –

*छधा पञ्च ततो एकं नवधा बाहिरानी छ।*
*यथा सम्भवमेतस्स पच्चयत्ते विभावये॥*

(पाँच ६ प्रकारले, तत्पश्चात् एक नव प्रकारले, र वाह्य ६ यथासम्भव यसको प्रत्यय हुन्छन् - यसरी विभावन गरोस्।)

यो विभावन गर्नु हो – भित्री आयतनहरूमा चक्षुआयतनआदि पाँच आयतनहरू, चक्षुस्पर्शआदिको भेदले पाँच प्रकारको स्पर्शको निश्रय, पुरेजात, इन्द्रिय, विप्रयुक्त, अस्ति, अविगतअनुसार ६ प्रकारले प्रत्यय हुन्छन्। तत्पश्चात् एक विपाक मनायतन भने अनेक प्रकारको विपाक मनोस्पर्शको सहजात, अञ्ञमञ्ञ, निश्रय, विपाक, आहार, इन्द्रिय, सम्प्रयुक्त, अस्ति, अविगतअनुसार नौ प्रकारले प्रत्यय हुन्छन्। वाह्य आतनहरूमा रूपायतन चक्षुस्पर्शको आलम्बन, पुरेजात, अस्ति, अविगतअनुसार चार प्रकारले प्रत्यय हुन्छन्। त्यसरी नै शब्दायतन आदि श्रोत्रस्पर्श आदिको प्रत्यय हुन्छन्। तर मनोस्पर्शको ती धर्मालम्बन र त्यसरी नै आलम्बनप्रत्यय मात्रले नै प्रत्यय हुन्छन्। यसप्रकार वाह्य ६ यथासम्भव यसको प्रत्यय हुन्छन् - यसरी विभावन गरोस्।

यो ६ आयतनको प्रत्ययले स्पर्श पदमा विस्तारपूर्वक वर्णन हो।

## स्पर्शको प्रत्ययले वेदना

स्पर्शको प्रत्ययले वेदना पदमा –

*द्वारतो वेदना वुत्ता चक्खुसम्फस्सजादिका।*
*सलेव ता पभेदेन एकूननवुती मता॥*

(चक्षुस्पर्शले उत्पन्न हुने वेदनाहरू द्वारले ६ नै भनिएको छ। ती प्रभेदले अन्ठानब्बे (९८)मानिन्छन्।)

यस पदको पनि विभंगमा - "चक्षुस्पर्शले उत्पन्न वेदना, श्रोत्र ... घ्राण ... जिव्हा ... काय ... मनोस्पर्शले उत्पन्न वेदना" यसरी द्वारले ६ नै वेदनाहरू भनिएका छन्। ती प्रभेदले अन्ठानब्बे चित्तहरूले सम्प्रयुक्त हुनाले अन्ठानब्बे मानिन्छन्।

*वेदनासु पनेतासु इध बत्तिंस वेदना।*
*विपाक सम्पयुत्ता व अधिप्पेताति भासिता॥*
*अट्ठधा तत्थ पञ्चन्नं पञ्चद्वारम्हि पच्चयो।*
*सेसानं एकधा फस्सो मनोद्वारेपि सो तथा॥*



Downloaded from http://www.dhamma.digital

(यी वेदनाहरूमा विपाकसंग सम्प्रयुक्त बत्तीस वेदनाहरू नै यहाँ अभिप्रेत छन् - यसरी भनिएका छन् । त्यहाँ पञ्चद्वारमा पाँचैको त्यो स्पर्श आठ प्रकारले प्रत्यय हुन्छन् । शेषको एक प्रकारले र मनोद्वारमा पनि त्यसरी नै हुन्छन् ।)

त्यहाँ पञ्चद्वारमा चक्षुप्रसाद आदि वस्तु पाँच वेदनाहरूको चक्षुस्पर्श आदि स्पर्श सहजात, अञ्ञमञ्ञ, निश्रय, विपाक, आहार, सम्प्रयुक्त, अस्ति, अविगतअनुसार आठ प्रकारले प्रत्यय हुन्छन् । शेषहरूको एक द्वारमा सम्प्रतिच्छन्न, सन्तीरण, तदालम्बनअनुसार प्रवर्तित कामावचरविपाकवेदनाहरूको त्यो चक्षुस्पर्श आदि स्पर्श उपनिश्रयअनुसार एक प्रकारले नै प्रत्यय हुन्छ ।

मनोद्वारमा पनि त्यसरी नै - मनोद्वारमा पनि तदालम्बनअनुसार प्रवर्तित कामावचरविपाक वेदनाहरूको त्यो सहजात मनोस्पर्श भनिने स्पर्श त्यसरी नै आठ प्रकारले प्रत्यय हुन्छन् । प्रतिसन्धि, भवाङ्ग, च्युतिअनुसार प्रवर्तितत्रैभूमिक विपाकवेदनाहरूका पनि त्यसरी नै प्रत्यय हुन्छन् । जुन ती मनोद्वारमा तदालम्बनअनुसार प्रवर्तित कामावचरवेदनाहरू छन्, त्यसको मनोद्वारावर्जनले सम्प्रयुक्त मनोस्पर्श उपनिश्रयअनुसार एक प्रकारले प्रत्यय हुन्छ ।

यो स्पर्शको प्रत्ययले वेदना पदमा विस्तारपूर्वक वर्णन हो ।

## वेदनाको प्रत्ययले तृष्णा

वेदनाको प्रत्ययले तृष्णा पदमा –

*रूपतण्हादि भेदेन ६ तण्हा इध दीपिता ।*
*एकेका तिविधा तत्थ पवत्ताकारतो मता ॥*

(यहाँ रूपतृष्णाआदिको भेदले ६ तृष्णा बताइएका छन् । त्यो एकएक प्रवर्तित भएको आकारले तीन प्रकारको मानिन्छन् ।)

यस पदमा - एउटै व्यक्तिलाई सेठको पुत्र, ब्राह्मण पुत्रआदि पिताको पुत्रको नामसमान, रूपतृष्णा, शब्दतृष्णा, गन्धतृष्णा, रसतृष्णा, स्पशतृर्ष्णा, धर्मतृष्णाआलम्बनले नामअनुसार विभंगमा तृष्णा बताइएको छ । ती तृष्णाहरूमा एकएक प्रवर्तिको आकारले कामतृष्णा, भवतृष्णा, विभवतृष्णा यसरी तीन प्रकारले मानिन्छन् ।

रूपतृष्णा नै, जब चक्षुको अगाडि आएको रूपालम्बनलाई कामको आस्वादअनुसार आस्वाद गर्दै प्रवर्तित हुन्छ, तब कामतृष्णा हुन्छ । जब त्यही आलम्बन ध्रुव छ, शाश्वत छ भनी शाश्वतदृष्टिसंगै प्रवर्तित हुन्छ तब भवतृष्णा हुन्छ । शाश्वतदृष्टियुक्त राग नै भवतृष्णा भनिन्छ । जब त्यही आलम्बन उच्छेद हुन जान्छ, विनाश हुन्छ भनी उच्छेददृष्टिसंग प्रवर्तित हुन्छ तब विभवतृष्णा हुन्छ । उच्छेददृष्टि युक्त राग नै विभवतृष्णा भनिन्छ । यही नियम शब्दतृष्णा आदिमा पनि हुन्छ । यसप्रकार काम, भव, विभवअनुसार यी अठार तृष्णाहरू हुन्छन् । ती पनि फेरी अध्यात्मरूप आदिमा अठार, वाह्यरूप आदिमा अठार कुल छत्तीस हुन्छन् । त्यसलाई फेरि कालअनुसार भूतकालको छत्तीस, भविष्यतकालको छत्तीस, वर्तमानकालको छत्तीस गरी सबै एक सय आठ (१०८) तृष्णाहरू हुन्छन् । ती पुनः संक्षिप्त गर्दै रूप आदि आलम्बनअनुसार ६ या कामतृष्णा आदिअनुसार तीन नै तृष्णाहरू हुन्छन् भनी जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

किनकि यी प्राणी पुत्रलाई आस्वादन गरी ममत्व गर्ने धाईसमान रूपआदि आलम्बनअनुसार उत्पन्न हुँदै वेदनालाई आस्वादन गरी वेदनाको ममत्वले रूपआदि आलम्बनलाई दिने चित्रकार, गन्धर्व, गन्धिक (गन्धको आलम्बन दिने), भान्छे, जुलाहा, रसायन शास्त्री, वैद्यआदिको महासत्कार गर्दछन्, यसैले सबै यो वेदनाको प्रत्ययले तृष्णा हुन्छ भनी जान्नुपर्दछ ।

*यस्मा चेत्थ अधिप्पेता विपाक सुख वेदना ।*
*एकाव एकधा वेसा तस्मा तण्हाय पच्चयो ॥*

(किनकि यहाँ एक नै विपाक चित्तले सम्प्रयुक्त सुखवेदना अभिप्रेरित छ, यसैले यो एक प्रकारले नै तृष्णाको प्रत्यय हुन्छ ।)

एक प्रकारले अर्थात् उपनिश्रयप्रत्ययले नै प्रत्यय हुन्छ । किनकि –

*दुक्खी सुखं पत्थयति सुखी भिय्योपि इच्छसि ।*
*उपेक्खा पन सन्तत्ता सुखमिच्चेव भासिता ॥*
*तण्हाय पच्चया तस्सा होन्ति तिस्सोपि वेदना ।*
*वेदना पच्चया तण्हा इति वुत्ता महेसिना ॥*
*वेदना पच्चया चापि यस्मा नानुसयं विना ।*
*होति तस्मा न सा होति ब्राह्मणस्स वुसीमतो ॥*

(दु:खी सुखको प्रार्थना गर्दछ, सुखी अरू पनि सुख चाहन्छ, तर उपेक्षा शान्त हुनाले सुख नै भनिएको छ, यसैले तीनै वटा पनि वेदनाहरू तृष्णाको प्रत्यय हुन्छन् । महर्षिले वेदनाको प्रत्ययले तृष्णा भन्नुभएको छ र किनकि वेदनाको प्रत्ययले तृष्णा पनि विनाअनुशयको हुँदैन, यसैले त्यो मार्गब्रह्मचर्यको वास गरेको, सबै प्रकारका पापहरूलाई वगाइदिने अर्हत् (भिक्षु ब्राह्मण)लाई हुँदैन ।

त्यो वेदनाको प्रत्ययले तृष्णा पदमा विस्तारपूर्वक वर्णन हो ।

## तृष्णाको प्रत्ययले उपादान

तृष्णाको प्रत्ययले उपादान पदमा –

*उपादानानि चत्तारि तानि अत्थविभागतो ।*
*धम्मसंखेपवित्थारा कमतो च विभावये ॥*

(उपादान चार छन् त्यसलाई (१) अर्थ विभाग, (२) धर्महरूको संक्षेप-विस्तार र (३) क्रमले विभावन गरोस् ।)

यो विभावन हो (क) काम-उपादान, (ख) दृष्टि-उपादान, (ग) शीलव्रत-उपादान, (घ) आत्मवाद-उपादान, यहाँ यी चार उपादान छन् ।

(१) यो अर्थ विभाग हो - काम दुई प्रकारका छन् - वस्तुकामलाई दृढतापूर्वक ग्रहण गर्दछ यसैले काम-उपादान हो । यो काम पनि हो र उपादान पनि हो यसैले काम-उपादान हो । उपादानको अर्थ हो दृढतापूर्वक ग्रहण गर्नु । दृढ अर्थको द्योतक नै यहाँ 'उप' शब्द हो । उपायास, उपकुष्टआदिसमान ।

त्यसरी नै दृष्टि पनि हो र उपादान पनि हो यसैले दृष्टि-उपादान हो । या दृष्टिलाई दृढतापूर्वक



Downloaded from http://www.dhamma.digital

ग्रहण गर्दछ यसैले दृष्टि-उपादान हो। 'आत्मा र लोक शाश्वत छन्' आदिमा पहिलेको दृष्टिलाई पछिको उत्पन्न भएको दृष्टि दृढतापूर्वक ग्रहण गर्दछ। पहिलेको दृष्टि शाश्वत भावले ग्रहण गर्दछ या पहिलेको दृष्टिको आकारले पछिको दृष्टि उत्पन्न भएको, त्यसभन्दा पहिलेको दृष्टिलाई दृढ गर्दै त्यसलाई दृढतापूर्वक ग्रहण गर्दछ।

त्यसरी नै शीलव्रतलाई दृढतापूर्वक ग्रहण गर्दछ, यसैले शीलव्रत-उपादान हो। शीलव्रत पनि हो र त्यो उपादान पनि हो, यसैले पनि शीलव्रत-उपादान हो। मज्झिम निकाय (२,१,७) अनुसार गौशील, गौव्रतआदिमा 'यसरी शुद्धि हुन्छ' भनी यसको अभिनिवेश हुनाले स्वयं नै उपादान हुन्छ।

त्यसरी नै यसकारणलाई लिएर बोल्दछ, यसैले वाद हो र यसले दृढतापूर्वक ग्रहण गर्दछन् यसैले उपादान हो। के वोल्दछ या दृढतापूर्वक ग्रहण गर्दछ ? आत्मालाई। आत्माको वादको उपादान आत्मवाद-उपादान हो। या आत्मवाद मात्र नै आत्मा हो। यसले दृढतापूर्वक ग्रहण गर्दछ यसैले आत्मवाद-उपादान हो। यो त्यसको अर्थ विभाग हो।

(२) धर्मको संक्षेप विस्तारमा = काम-उपादान - "कुनचाहिं काम-उपादान हो ? जुन काम गुणहरूमा कामच्छन्द, कामराग, कामनन्दी, कामतृष्णा, कामस्नेह, कामपरिदाह, काममूर्च्छा, काममा परिरहनु - यी काम-उपादान भनिन्छन्।" यसरी धम्मसंगणीमा आएको हुनाले संक्षेपले तृष्णाको दृढत्व भनिन्छ। तृष्णाको दृढत्व पहिलेको तृष्णाको उपनिश्रयप्रत्ययले दृढताले उत्पन्न भएको पछिल्लो तृष्णा नै हो। कोहीकोही भन्दछन् अप्राप्त विषयलाई पाउने इच्छा तृष्णा हो, अन्धकारमा चोरले हात फैलाउनेसमान। सम्प्राप्त विषयलाई ग्रहण गर्नु उपादान हो, आफ्नै सामानलाई ग्रहण गर्नेसमान। ती धर्म अल्पेक्ष र सन्तुष्टिको पक्षपाती छन्। त्यसरी खोज्ने, रक्षा गर्ने आदिले दुःखमूलक छन्। शेष तीनै उपादान संक्षेपले दृष्टि मात्र नै हुन्।

विस्तारले पहिले रूप आदिमा भनिएको एक सय आठ प्रकारका तृष्णाको दृढ हुनु काम-उपादान हो। दशवस्तुयुक्त मिथ्यादृष्टि मिथ्याउपादान हो। जस्तो - धम्मसंगणी (२)मा भनिएको छ - 'कुनचाहिं दृष्टि-उपादान हो ? दान छैन, यज्ञ छैन ... ... साक्षात गरी भन्दछन्। जुन यसप्रकारको दृष्टि ... उल्टा पक्रिनु हो, यो दृष्टि-उपादान भनिन्छ।" शीलव्रतहरूले शुद्धि हुन्छ - यसरी धारण गर्नु शीलव्रत-उपादान हो। जस्तै भनियो - 'कुनचाहिं शीलव्रत-उपादान हो ? ... उल्टा पक्रनु - यो शीलव्रत-उपादान भनिन्छ।' बीसवस्तुयुक्त सत्कायदृष्टि आत्मवाद-उपादान हो। जस्तै - विभंग (२)मा भनियो - 'कुनचाहिं आत्मवाद-उपादान हो ? यहाँ अश्रुत, पृथग्जन ... सत्पुरुषहरूको धर्ममा अविनीत व्यक्तिले रूपलाई आत्माको स्तरमा देख्दछ ... उल्टा पक्रन्छ, यो आत्मावाद-उपादान भनिन्छ।" यो यहाँ उपादानधर्महरूको संक्षेप विस्तार हो।

(३) क्रमले = यहाँ, क्रम तीन प्रकारका हुन्छन् (१) उत्पत्तिक्रम (२) प्रहाणक्रम (३) देशनाक्रम। त्यसमा अनादि संसारमा 'यसको पहिले उत्पत्ति भयो' यस प्रकारको अभावले क्लेशहरूको निष्पर्यायले उत्पत्तिक्रम भनिदैन। तर पयार्यले अधिकांशतः एक भवमा आत्मग्रहको अग्रगामी श्वाश्वत, उच्छेदको अभिनिवेश छन् ,तत्पश्चात् "यो आत्मा शाश्वत छ" यसरी ग्रहण गर्नेको आत्माको विशुद्धिको लागि शीलव्रत उपादान र "उच्छेद हुनेछ" यस्तो ग्रहण गर्ने, परलोकको अनिच्छुकको काम-उपादान हुन्छ। यो



Downloaded from http://www.dhamma.digital

यसको एव भवमा उत्पत्तिक्रम हो । श्रोतापत्ति मार्गले प्रहीण हुनाले दृष्टि-उपादानआदि पहिले प्रहीण हुन्छन् र अर्हत् मार्गले प्रहीण हुनाले पछि काम-उपादान । यो यसको प्रहाणक्रम हो ।

महाविषय हुने र प्रकट हुनाले यसमा काम-उपादानको प्रथम देशना भएको छ। आठ लोभसहगत चित्तहरूले सम्प्रयुक्त हुनाले महाविषययुक्त छ र अधिकांशतः आलयमा रम्ने प्राणीको लागि काम-उपादान प्रकट छन्, अरू होइन । काम-उपादान भएकाहरु कामहरूको प्राप्तिको लागि कौतूहल मंगलवहुल हुन्छ। यो त्यसको दृष्टि हुन्छ। यसैले त्यसको अनन्तर दृष्टि-उपादानको देशना भएको छ। त्यो भाग गर्दा दुई प्रकारका हुन्छन् - शीलव्रत-उपादान र आत्मवाद-उपादान । यी दुवैमा गोब्रतक्रिया या कुकुरब्रतको क्रियालाई देखेर पनि जान्ने र स्थूल हुनाले शीलव्रत-उपादानको पहिलो उपदेश भएको छ र सूक्ष्म हुनाले अन्तमा आत्मवाद-उपादानको । यो यसको देशनाक्रम हो ।

*तण्हा च पुरिमस्सेत्थ एकधा होति पच्चयो ।*
*सत्तधा अट्ठधा वापि होति सेसत्तयस्स सा ॥*

(तृष्णा पहिलेको एक प्रकारले नै प्रत्यय हुन्छ, शेष तीनैको त्यो सात प्रकार या आठ प्रकारले पनि हुन्छन् ।)

यहाँ, यसप्रकार उपदेश दिइएको उपादान चतुष्कमा पहिले काम-उपादानको कामतृष्णा, तृष्णाले अभिनन्दित विषयहरूमा उत्पन्न हुनाले उपनिश्रयअनुसार एक प्रकारले नै प्रत्यय हुन्छ । शेष तीनैको सहजात, अञ्ञमञ्ञ, निश्रय, सम्प्रयुक्त, अस्ति, अविगत, हेतुअनुसार सात प्रकार या उपनिश्रयको साथ आठ प्रकारले पनि प्रत्यय हुन्छन् र जब उपनिश्रयअनुसार प्रत्यय हुन्छ तब सहजातविना नै हुन्छ ।

यो तृष्णाको प्रत्ययले उपादान पदमा विस्तारपूर्वक वर्णन हो ।

## उपादानको प्रत्ययले भव

उपादानको प्रत्ययले भव पदमा –
*अत्थतो धम्मतो चेव सात्थतो भेदसंगहा ।*
*यं यस्स पच्चयो चेव विञ्ञातब्बो विनिच्छयो ॥*

(१) अर्थ, (२) धर्म, (३) सार्थक, (४) भेद, (५) संग्रह र (६) जुन जसको प्रत्यय हुन्छ त्यसले विनिश्चय जान्नुपर्दछ ।)

(१) अर्थ = त्यहाँ हुन्छ यसैले भव भनिन्छ। त्यो (क) कर्मभव र (ख) उत्पत्तिभव - दुई प्रकारका हुन्छन्। जस्तै भनियो - 'भव दुई प्रकारका हुन्छन्, कर्मभव र उत्पत्तिभव ।" कर्म नै भव हो, यसैले कर्मभव हो। त्यसरी उत्पत्ति नै भव हो, यसैले उत्पत्तिभव हो। यहाँ उत्पत्ति हुन्छ यसैले भव हो। कर्म यथा सुखको कारण हुनाले धम्मपद (१९४)मा "बुद्धहरूको उत्पन्न हुनु सुखदायक " भनिएको छ । यसरी भवको कारण हुनाले फलको व्यवहारले भव हुन्छ भनी जान्नुपर्दछ । यसरी अर्थले विनिश्चय जान्नुपर्दछ ।

(२) धर्म = (क) कर्मभव - संक्षेपले चेतना र चेतनाले सम्प्रयुक्त अभिध्या (लोभ) आदि कर्म भनिने धर्म हुन् । जस्तै भनियो - "कुनचाहिं कर्मभव हो ? पुण्याभिसंस्कार, अपुण्याभिसंस्कार, आनेञ्जाभिसंस्कार, कामावचरभूमियुक्त या महद्गतभूमियुक्त - यी कर्मभव भनिन्छन् । सबै भवगामी



Downloaded from http://www.dhamma.digital

कर्म कर्मभव हो।"

पुण्याभिसंस्कारमा तेह्र, अपुण्याभिसंस्कारमा बाह्र र आनेञ्जाभिसंस्कारमा चार चेतना छन्। यसरी कामावचरभूमियुक्त या महद्‌गतभूमियुक्त यसले त्यसै चेतनाहरूको कमवेशी विपाकयुक्त हुनु भनिएको छ। 'सबै भवगामी कर्म' यस पदले चेतनाले सम्प्रयुक्त अभिध्याआदि भनिएका छन्।

(ख) उत्पत्तिभव - संक्षेपले कर्मले उत्पन्न स्कन्ध हो। यो प्रभेदले नौ प्रकारका हुन्छन्। जस्तै भनियो – 'कुनचाहिं उत्पत्तिभव हो ? कामभव, रूपभव, अरुपभव, संज्ञाभव, असंज्ञाभव, नैवसंज्ञानासंज्ञा भव, एकअवकारभव, चतुःअवकारभव, पञ्चअवकारभव - यो उत्पत्तिभव भनिन्छ।

काम भनिने भव कामभव हो। यसैप्रकार रूपभव, अरुपभव पनि बुभ्नुपर्दछ। संज्ञावान्‌भव या संज्ञा यहाँ भवमा छ, यसैले संज्ञाभव हो र त्यसको विपरित असंज्ञाभव हो। स्थूल संज्ञाको अभाव र सूक्ष्म हुनाले यस भवमा संज्ञा छैन, असंज्ञा पनि छैन यसैले नैवसंज्ञानासंज्ञाभव हो। एक रुपस्कन्धले छरिएको भव एकअवकारभव हो। या यस भवको एकअवकार (स्कन्ध) छ, यसैले एकअवकारभव भनिन्छ। यसैगरी चतुः अवकार भव र पञ्चअवकारभवलाई पनि जान्नुपर्दछ।

कामभव पाँच उपादिन्न स्कन्ध हुन्, त्यसरी रुपभव, अरूपभव चार स्कन्ध, संज्ञाभव पाँच असंज्ञाभव एक उपादिन्न स्कन्ध र नैवसंज्ञानासंज्ञाभव चार स्कन्ध छन्। एकअवकारभवआदि एक स्कन्ध चार स्कन्ध, पाँच स्कन्धआदि उपादिन्नस्कन्धहरूले छरिएका छन्। यसरी धर्मले पनि विनिश्चय जान्नुपर्दछ।

(३) सार्थक = जसरी भव निर्देशमा, त्यसरी नै यद्यपि संस्कार निर्देशमा पनि पुण्याभिसंस्कारआदि नै भनिएका छन्, यसरी हुँदा पनि पहिले अविद्याको प्रत्ययले संस्कारमा पूर्वजन्मको गरिएको कर्मअनुसार आगामी प्रतिसन्धिको प्रत्यय हुनाले संस्कारको पुनः कथन सार्थक नै छ। अथवा, पहिलोमा "कुनचाहि पुण्याभिसंस्कार हो ? कामावचरको कुशल चेतना" यसरी आदिढंगले चेतना नै संस्कार भनिएको छ। यहाँ 'सबै भवगामी कर्म" वचनले चेतनासंग सम्प्रयुक्त पनि भनिएको छ। पहिलोमा विज्ञानको प्रत्यय नै कर्मसंस्कार हुन् भनी भनियो। अव असंज्ञाभवमा उत्पन्न गर्ने पनि कर्मसंस्कार नै हुन्।

धेरै भन्नाले के हुन्छ ? 'अविद्याको प्रत्ययले संस्कार' - यहाँ पुण्याभिसंस्कारआदि नै कुशल अकुशलअव्याकृतधर्म भनिएका छन्। यसैले सबैप्रकारले पनि यो पुनः कथन सार्थक नै छ। यसरी सार्थकले पनि विनिश्चय जान्नुपर्दछ।

(४) भेद= उपादानको प्रत्ययले भवको भेद र संग्रहले। जुन काम-उपादानको कामभवमा उत्पन्न गर्ने कर्म गरिन्छ त्यो कर्मभव हो। त्यसले उत्पन्न भएको स्कन्ध, उत्पत्तिभव हो। यसै प्रकार रूप, अरुपभवहरूमा बुझ्नुपर्दछ। यसरी काम-उपादानको प्रत्ययले दुई कामभव र त्यसको अन्तरगत संज्ञाभव, पञ्चअवकारभव छन्। दुई अरूपभव र त्यसको अन्तरगत संज्ञाभव, नैवसंज्ञानासंज्ञाभव, एकअवकारभव छन्। यसप्रकार अन्तरगत भवहरूको साथै ६ भव छन्। जस्तै - काम-उपादान प्रत्ययसंग अन्तगतहरूसंगै ६ भव छन्। त्यसरी शेष उपादानप्रत्ययले पनि ६/६ नै भव हुन्छन्। यसरी 'उपादानको प्रत्ययले' भेदले अन्तरगतहरूसंगै चौबीस भव छन्।



Downloaded from http://www.dhamma.digital

(५) संग्रह = कर्मभव र उत्पत्तिभवलाई एकमा गरी उपादानको प्रत्ययले अन्तरगतहरुसंगै एक कामभव छ। त्यसरी रूप, अरूपभव छन्, कुल तीन भव हुन्छन् , त्यसरी नै शेष उपादान प्रत्ययहरूले पनि ३/३ भव हुन्छन्। यसरी उपादानको प्रत्ययले संग्रहसंग अन्तरगतहरूसंगै वाह्र भव हुन्छन्।

अरू पनि, सामान्यरूपले उपादानको प्रत्ययले कामभवमा लैजाने कर्म कर्मभव हो। त्यसले उत्पन्न भएको स्कन्ध उत्पत्तिभव हो। यसैप्रकार रूप, अरूपभवहरूमा बुझ्नुपर्दछ। यसरी उपादानको प्रत्ययसंग अन्तरगतहरूसंगै दुई कामभव, दुई रूपभव, दुई अरूपभव - अरू पर्यायले संग्रहले ६ भव हुन्छन्। या कर्मभव, उत्पत्तिभवको भेदलाई नलिएर अन्तरगतहरूसंगै कामभव आदिअनुसार तीन भव हुन्छन् र कामभव आदिलाई नलिएर, कर्मभव, उत्पत्तिभवअनुसार दुई भव हुन्छन्। कर्म उत्पत्तिको भेदलाई पनि नलिएर 'उपादानको प्रत्ययले भव' यसरी भवअनुसार एउटै भव हुन्छ। यसप्रकार उपादानको प्रत्ययले भवको भेद, संग्रहले पनि विनिश्चय जान्नुपर्दछ।

(६) प्रत्यय = जुन जसको प्रत्यय हुन्छ अर्थात जुन उपादान जसको प्रत्यय हुन्छ, त्यसले पनि विनिश्चय जान्नुपर्दछ भन्ने यो अर्थ हो। कुन कसको प्रत्यय हुन्छ ? जुनकुनै जुनकसैको प्रत्यय हुन्छ नै, किनकि पृथग्जन पागलसमान हुन्छ। त्यो 'यो युक्त छ, यो अयुक्त छ' यसरी विचार नगरेर जुनकुनै उपादानअनुसार जुनकसैको भवको प्रार्थना गरी जुनकुनै काम गर्दछ नै। यसैले जो शीलव्रत-उपादानले रूप, अरुपभव हुँदैन भनी भन्दछन् त्यसलाई मान्नु हुँदैन।

जस्तै, यहाँ कोही सुन्ने वा देख्नेअनुसार यी काम मनुष्यलोकमा क्षत्रियमहासार कुल आदिमा र ६ कामावचरको देवलोकमा समृद्ध छन् - यसप्रकार सोचेर त्यसको प्राप्तिको लागि असद्धर्म (पुराण, महाभारत, सीताहरण, पशुवन्ध विधि आदि असद्धर्म हुन् - टीका)को श्रवण आदिले वञ्चित भएर 'यस कर्मले काम प्राप्त हुन्छन्" यसरी मान्दै काम-उपादानअनुसार कायदुश्चरित आदि गर्दछ। ऊ दुश्चरित्रलाई परिपूर्ण गर्नाले अपायमा उत्पन्न हुन्छ या यसै जीवनमा कामहरूलाई चाहँदै र प्राप्त भएकोलाई बचाउँदै काम-उपादानअनुसार कायदुश्चरित्र आदि गर्दछ। ऊ दुश्चरित्रलाई परिपूर्ण गर्नाले अपायमा उत्पन्न हुन्छ। त्यहाँ उसको उत्पत्तिको हेतु भएको कर्म कर्मभव हो, कर्मले उत्पन्न स्कन्ध उत्पत्तिभव हो। संज्ञाभव, पञ्चअवकारभव त्यसको अन्तरगत नै हुन्।

अर्को व्यक्ति सद्धर्म श्रवण आदिले वढेको ज्ञानी 'यस कर्मले काम प्राप्त हुन्छन्' - यसरी मान्दै काम-उपादानअनुसार कायसुचरित्र आदि गर्दछ। यो कायसुचरित्रको परिपूर्तिले देवहरू या मनुष्यहरूमा उत्पन्न हुन्छ। त्यहाँ उसको उत्पत्तिको हेतु भएको कर्म कर्मभव हो, कर्मले उत्पन्न भएको स्कन्ध उत्पत्तिभव हो। संज्ञाभव, पञ्चअवकारभव त्यसको अन्तरगत नै छन्। यसप्रकार काम-उपादान प्रभेदसहित अन्तरगतहरूसंगै कामभवको प्रत्यय हुन्छन्।

अर्को व्यक्ति 'रूप अरूपभवहरूमा त्यसबाट समृद्धतर काम हो' यस्तो सुनेर या कल्पना गरी काम-उपादानअनुसार नै रूपअरूप समापत्तिहरूलाई उत्पन्न गरी समापत्तिको वलले रूपअरूप ब्रह्मलोकमा उत्पन्न हुन्छ। त्यहाँ त्यसको उत्पत्तिको हेतु भएको कर्म कर्मभव हो। कर्मले उत्पन्न भएको स्कन्ध उत्पत्तिभव हो। संज्ञा, असंज्ञा, नैवसंज्ञानासंज्ञा, एक, चार, पञ्चअवकारभव त्यसको अन्तरगत नै छन्। यसप्रकार काम-उपादान प्रभेदसहित अन्तरगतहरूसंगै रूप, अरूपभवहरूको पनि प्रत्यय हुन्छन्।



Downloaded from http://www.dhamma.digital

अर्को व्यक्ति यो आत्मा कामावचर सम्पत्तिको भव या रूपअरूपभवहरूमध्ये कुनै एकको नष्ट हुँदा राम्ररी नष्ट हुन जान्छ" यसप्रकारको उच्छेददृष्टिलाई ग्रहण गरेर त्यहाँ जाने कर्मलाई गर्दछ । उसको कर्म कर्मभव हो, कर्मले उत्पन्न भएको स्कन्ध उत्पत्तिभव हो । संज्ञाभव आदि त्यसको अन्तरगत नै छन् । यसप्रकार दृष्टि-उपादान प्रभेदसहित अन्तरगतहरूसंगै तीनैं वटा पनि काम, रूप, अरूपभवहरूको प्रत्यय हुन्छन् ।

अर्को व्यक्ति यो आत्मा कामावचर सम्पत्तिको भव या रूप, अरूपभवहरूमध्ये कुनै एकमा सुखी हुन्छ, परिदाहरहित हुन्छ" यसरी आत्मवाद-उपादानले त्यहाँ लैजाने कर्मलाई गर्दछ । त्यसको त्यो कर्म कर्मभव हो र त्यसबाट उत्पन्न भएको स्कन्ध उत्पत्तिभव हो । संज्ञाभव आदि त्यसको अन्तरगत नै छन् । यसप्रकार आत्मवाद-उपादान प्रभेदसहित अन्तरगतहरूसंगै तीनै भवहरूको प्रत्यय हुन्छन् ।

अर्को व्यक्ति 'यो शीलव्रत कामावचरको सम्पत्ति भवमा या रूप र अरूपभवहरू कुनै एकमा परिपूर्ण गर्ने सुखले परिपूर्ण हुन्छ' यसरी शीलव्रत-उपादानअनुसार त्यहाँ जाने कर्मलाई गर्दछ । उसको त्यो कर्म कर्मभव हो र त्यसले उत्पन्न भएको स्कन्ध उत्पत्तिभव हो । संज्ञाभवआदि त्यसको अन्तरगत नै छन् । यसप्रकार शीलव्रत-उपादान प्रभेदसहित अन्तरगतहरूसंगै तीनै भवहरूको प्रत्यय हुन्छन् । यसरी यहाँ जुन जसको प्रत्यय हुन्छ त्यसले पनि विनिश्चय जान्नुपर्दछ ।

को कुन भवको कसरी प्रत्यय हुन्छ ?

*रूपारूपभवानं उपनिस्सयपच्चयो उपादानं ।*
*सहजातादीहि पि तं काम भवस्साति विञ्ञेय्यं ॥*

(रूप र अरूपभवहरूको उपादानउपनिश्रयप्रत्ययले प्रत्यय हुन्छ । त्यो कामभवको सहजातआदिले पनि प्रत्यय हुन्छ भनी जान्नुपर्दछ ।)

रूप र अरूपभवहरूको तथा कामभवको कर्मभवमा कुशलकर्मको नै, र उत्पत्तिभवको त्यो चार प्रकारका पनि उपादानउपनिश्रयप्रत्ययले एक प्रकारले नै प्रत्यय हुन्छ । कामभवमा आफूसंग सम्प्रयुक्त अकुशलकर्मभव सहजात, अञ्ञमञ्ञ, निश्रय, सम्प्रयुक्त, अस्ति, अविगत, हेतुप्रत्ययको प्रभेदहरूले सहजातआदिले प्रत्यय हुन्छन् र विप्रयुक्तको उपनिश्रयप्रत्ययले नै प्रत्यय हुन्छ ।

यो उपादानको प्रत्ययले भव पदमा विस्तारपूर्वक वर्णन हो ।

## भवको प्रत्ययले जाति

भवको प्रत्ययले जाति, आदिमा जातिको विनिश्चय सत्य निर्देशमा भनिएको ढंगले नै जान्नुपर्दछ । भव- यहाँ कर्मभव नै अभिप्रेरित छ । किनकि त्यो जातिको प्रत्यय हो, उत्पत्तिभवको होइन । त्यो कर्मप्रत्यय, उपनिश्रयप्रत्ययले दुई प्रकारले प्रत्यय हुन्छन् ।

प्रश्न हुन सक्दछ - यो कसरी जान्नुपर्दछ कि भव जातिको प्रत्यय हुन्छ ? किनकि बाहिरी प्रत्ययहरूको समान हुँदा पनि हीन, प्रणीत आदि विशेषतालाई देख्नाले । किनकि बाहिरी जनक, जननी, शुक्र, शोणित, आहार आदि प्रत्ययहरूले युक्त हुँदा पनि, सत्वहरूको जमुल्याहा जोडा हुँदा पनि, प्राणीमा हीन, प्रणीत आदि विशेषता देखापर्दछ । त्यो सर्वदा सबैको अभावले अहेतुक होइन । त्यसले उत्पन्न



Downloaded from http://www.dhamma.digital

सत्वहरूको आफूमा अन्य कारणको अभावले कर्मभवले अहेतुक छैन, प्रत्युत कर्म हेतुक नै हो। किनकि कर्म नै सत्वहरूको हीन, प्रणीतआदि विशेषताको हेतु हो। त्यसैले मज्झिम निकाय (३,४,५) अनुसार भगवान्ले भन्नुभयो - 'कर्म प्राणिहरूको हीन, प्रणीततामा विभक्त गर्दछ।" यसैले यो जान्नुपर्दछ कि भव जातिको प्रत्यय हो।

किनकि जातिको नहुँदा जरा, मरण, शोकआदि धर्म हुँदैन तर जाति हुँदा जरा, मरण, र जरामरण भनिने दुःखधर्मलाई प्राप्त भएको अज्ञानीलाई, जरामरणसंग सम्बन्ध राख्ने या त्यसत्यस दुःखधर्मलाई प्राप्त भएको सम्बन्ध नराख्ने शोक आदि धर्म हुन्छन्। यसैले यो पनि जाति, जरा, त्यो उपनिश्रयअनुसार एक प्रकारले नै प्रत्यय हुन्छ।

यो भवको प्रत्ययले जाति आदिमा विस्तारपूर्वक वर्णन हो।

## भव चक्र कथा

यहाँ शोक आदि अन्तमा भनिएका छन्, यसैले जुन त्यो 'अविद्याको प्रत्ययले संस्कार' यसरी यस भव चक्रको प्रारम्भमा भनिएको छ, यो अविद्या शोक आदिले सिद्ध छ।

*भवचक्कमविदितादिमिदं कारकवेदकरहितं।*
*द्वादसविधसुञ्ञातुसुञ्ञं सततं समितं पवत्तति॥*

(प्रारम्भको थाहा नहुने यो भवचक्र कर्ता र अनुभवीरहित वाह्र प्रकारको शून्यताले शून्य निरन्तर प्रवर्तित भैरहेको छ।)

(१) कसरी यो शोक आदिले अविद्या सिद्ध छ ? किनकि यहाँ शोक, दौर्मनस्य, उपायास, अविद्यादेखि अलग हुने कोही पनि छैन र परिदेव मूढलाई हुन्छ। त्यसको सिद्ध हुँदा अविद्या सिद्ध हुन्छ। अरू पनि, मज्झिम निकाय (१,१,९)अनुसार "आस्रवको उत्पत्तिले अविद्याको उत्पत्ति हुन्छ" भनिएको छ। आस्रवको उत्पत्तिले यी शोकआदि हुन्छन्।

कसरी ? वस्तुकामको वियोगमा शोककाम आस्रवको उत्पत्ति हुन्छ। जस्तै - सुत्तनिपात (४,१) अनुसार भनिएको छ –

*तस्स चे कामयमानस्स छन्दजातस्स जन्तुनो।*
*ते कामा परिहायन्ति सल्लविद्धोव रूप्पति॥*

(यदि तृष्णाको वशीभूत कामना गर्ने प्राणीको ती काम नष्ट हुन जान्छन् तब त्यो शल्यले चिरेजस्तै पीढित हुन्छन्।)

जस्तै - धम्मपद (२१५) अनुसार भनियो - ' कामतो जायते सोको' (कामले शोक उत्पन्न गर्दछ) यी सबै दृष्टास्रवको उत्पत्तिले हुन्छन्। जस्तै - मज्झिम निकाय (२१,१,१,३) अनुसार भनियो - 'म रूप हु, मेरो रूप हो' - यसरी त्यस दृष्टिले उठेर स्थित भैरहनेलाई रूपको विपरिणाम हुने, अन्यथा हुनाले शोक, परिदेव, दुःख, दौमर्नस्य, उपायास उत्पन्न हुन्छन्।

जसरी दृष्टास्रवको उत्पत्तिले, यसरी भवास्रवको उत्पत्तिले पनि शोक आदि उत्पत्ति हुन्छन्। जस्तै



Downloaded from http://www.dhamma.digital

- संयुक्त निकाय (२१,२,३,६) अनुसार भनियो - "जो पनि ती देव दीर्घायु भएको, वर्णवान्, सुखवहुल, अग्लो विमानमा धेरै दिनसम्म रहन्छन्, ती देवताहरु पनि तथागतको मरण (च्यूत) हुनुपर्छ भन्ने धर्मदेशनालाई सुनेर भय, संत्रास, संवेगलाई प्राप्त हुन्छन् ।" मज्झिम निकाय १,१,६ इतिवृत्तक र अंगुत्तर निकायमा देवताहरू च्यूत हुने पाँच पूर्वनिमित्तहरू यसप्रकार बताइएका छन् - (१) मालाहरू ओइलाएर जानु, (२) वस्त्र मैलो हुनु, (३) काखी बाट पसीना चुहिनु, (४) शरीर विवर्ण र कुरुप पहुनु, (५) देवताहरु देवासनमा अभिरमण नगर्नु । यसरी पाँच पूर्वनिमित्तहरूलाई देखेर मर्ने भयले डराएका देवताहरूसमान भवास्रवको उत्पत्तिले पनि शोकआदि उत्पत्ति हुन्छन् ।

जसरी भवास्रवको उत्पत्तिले, यसरी नै अविद्याको उत्पत्तिले पनि शोकआदि उत्पत्ति हुन्छन् । जस्तै - मज्झिम निकाय (३,३,९) अनुसार भनियो - "भिक्षुहरू त्यो बालमूर्ख यसै जीवनमा तीन प्रकारको दुःख दौर्मनस्यलाई भोग्दछ ।" यसप्रकार आस्रवको उत्पत्तिले यी धर्म उत्पन्न हुन्छन्, यसैले यी सिद्ध हुँदै अविद्याको हेतु भएको आस्रवहरूको सिद्ध गर्दछन् र आस्रवहरूको सिद्ध हुँदा प्रत्ययको हुनाले अविद्या पनि सिद्ध नै हुन्छ । यसरी यहाँ शोकआदिले अविद्या सिद्ध हुन्छ भनी जान्नुपर्दछ ।

(२) कसरी यो भवचक्र अनादि हो ? किनकि यसरी प्रत्ययको हुनुमा त्यसको हुनाले अविद्याको सिद्ध हुँदा फेरि अविद्याको प्रत्ययले संस्कार, संस्कारको प्रत्ययले विज्ञान - यसप्रकार हेतु फलको परम्पराको अन्त हुँदैन । यसैले त्यस हेतुफलको सम्बन्धले प्रवर्तित वाह्र अंगहरूयुक्त भवचक्रको प्रारम्भको जानकारी छैन यसरी यो सिद्ध हुन्छ ।

यस्तो हुँदा 'अविद्याको प्रत्ययले संस्कार' भनेर अविद्यालाई प्रारम्भ मात्र भन्नु के हेतुफलको विरुद्ध हुन्छ ? यो प्रारम्भ कथन मात्र होइन, प्रत्युत यो प्रधानधर्म कथन हो । तीनै कर्म, क्लेश, विपाकवर्त्तहरूको प्रधान (मूलकारण) अविद्या हो । अविद्याको ग्रहणले, जसरी सांपको टाउकोलाई पक्रिनाले सर्पको शेष शरीरले जसरी हातलाई वेरिलिन्छ । त्यसैप्रकार अवशेष क्लेशवर्त्त र कर्मवर्त्तआदिले बालअज्ञानीलाई नाना प्रकारले दुःख दिन्छन् । सर्पको टाउको काटेर सर्पले वेरिएको हातबाट सर्पलाई छुटाएजस्तै, अविद्याको नाश गरेर वर्त्तहरुबाट विमोक्ष हुन्छ । जस्तै - उदान (१,२) अनुसार भनियो - 'अविद्याको नै सम्पूर्णतः विराग र निरोधले संस्कारहरूको निरोध हुन्छ "आदि । यसप्रकार जसलाई ग्रहण गर्नाले वन्धन र छोड्नाले मोक्ष हुन्छ, त्यस प्रधानधर्मको यो कथन हो, न कि प्रारम्भ मात्रको कथन हो । यसरी यो भवचक्र अविदित प्रारम्भयुक्त हो भनी जान्नुपर्दछ ।

(३) कसरी कर्ता र अनुभवीरहित छ ? किनकि अविद्याआदि कारणहरूले संस्कारआदिको प्रवर्ति हुन्छ, यसैले दीघनिकाय (१,१) अनुसार त्यस अन्य 'ब्रह्मा, महाब्रह्मा ... श्रेष्ठ, सृष्टि गर्ने" यसरी परिकल्पित व्रह्मआदि संसारको कर्ता वा मज्झिम निकाय (१,१,३) अनुसार 'यो मेरो आत्मा वोल्ने, अनुभव गर्ने छ" यसरी परिकल्पित सुखदुःखलाई अनुभव गर्ने आत्मारहित छ भनी भनिएको छ । यसप्रकार कर्ता र अनुभव गर्नेले रहित जान्नुपर्दछ ।

(४) कसरी बाह्र प्रकारको शून्यताले शून्य छ ? किनकि यहाँ अविद्या (१) उत्पत्ति, (२) विनाशको स्वभाव हुनाले ध्रुव छ, (३) संक्लिष्ट र (४) सक्लेशिक हुनाले शुभ छ, (५) उत्पत्ति, (६) विनाशले पीढित हुनाले सुख छ, (७) प्रत्ययहरूको अधीन हुनाले र (८) वशमा राख्ने आत्मभावले शून्य छ । त्यसरी नै



Downloaded from http://www.dhamma.digital

संस्कारआदि  अंग पनि शून्य छ । या किनकि अविद्या (९) आत्मा होइन, (१०) न आत्माको हो, (११) न आत्मामा छ, (१२) न आत्मायुक्त हो । त्यसरी नै संस्कारआदि  अंगहरू पनि शून्य छन् । यसैले बाह्र प्रकारको शून्यताले शून्य यस भवचक्रलाई जान्नुपर्दछ । र यसप्रकार जानेर पुनः

*तस्साविज्जा तण्हा, मूलमतीतादयो तयो काला ।*
*द्वे अट्ठ द्वे एव च सरुपतो तेसु अंगानि ॥*

(त्यस भवचक्रको अविद्या तृष्णा मूल हो, अतीतआदि तीन काल हुन्, त्यसमा स्वरूपले अंग दुई, आठ र दुई नै छन् ।)

त्यस भवचक्रको अविद्या र तृष्णा यी दुई धर्महरूलाई मूल जान्नुपर्दछ । त्यो पूर्वान्तलाई ल्याउनाले अविद्याको मूल र वेदनाको अन्त हो । अपरान्तलाई  मिलाउनाले तृष्णाको मूल र जरामरणको अन्त हो – यसरी दुई प्रकारको हुन्छ ।

त्यसमा पहिला दृष्टिचरित्रअनुसार भनियो । पछिल्लो तृष्णाचरित्रअनुसार भनियो । दृष्टिचरित्रहरूलाई अविद्या र तृष्णाचरित्रहरूलई तृष्णाले संसारमा ल्याउने छ । या उच्छेददृष्टिको नाशको-लागि पहिलो फलको उत्पत्तिको हेतुहरूको अनुपच्छेदलाई प्रकाशित गर्नाले अविद्या र शाश्वतदृष्टिको नाशको लागि तृष्णा - यसप्रकार उत्पन्न भएको उच्छेद, शाश्वतदृष्टियुक्त व्यक्तिहरूको जरामरणलाई प्रकाशित गर्नाले दुई मूल भनिएका छन् । अथवा गर्भशायीअनुसार पहिला क्रमशः प्रवर्तिलाई गर्नाले अविद्या र औपपातिकअनुसार पछिल्लो मतृष्णा - यसप्रकार एकसाथ उत्पत्ति हुनेलाई प्रकट गर्नाले पनि दुई मूल भनिएका छन् ।

अतीत, वर्तमान् र भविष्यत गरी भवचक्रको तीन काल छन् । त्यसमा पालिमा स्वरूपले आएअनुसार अविद्या र संस्कार दुई अंग अतीतकाल छन् । विज्ञान, नामरुप, ६ आयतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भवसम्म आठ वर्तमानकाल छन् । जाति र जरामरण दुई भविष्यतकाल छन् भनी जान्नुपर्दछ । पुनः निम्नप्रकार पनि जान्नुपर्दछ ।

*हेतु फल हेतु पुब्बक तिसन्धि चतुभेदसंगहञ्चेतं ।*
*वीसति आकारारं तिवट्टमनवट्ठितं भमति ॥*

(हेतु, फल, पूर्वको हेतु, तीन सन्धि, चार प्रभेदहरूको संग्रह, वीस आकारको आरा र तीन वर्त यी विनारुक्दै घुमिरहेका छन् ।)

त्यसमा, संस्कारहरू र प्रतिसन्धि विज्ञानको बीचमा एक हेतु र फलको सन्धि छ । वेदना र तृष्णाको बीचमा एक फल र हेतुको सन्धि छ । भव र जातिको बीचमा एक हेतु र फलको सन्धि छ । यसरी हेतु, फल र पूर्वको हेतु र तीन सन्धिहरूलाई जान्नुपर्दछ ।

सन्धिहरूको प्रारम्भ र अन्तको व्यवस्थान गर्नाले यसको चार संग्रह (चार संक्षेप) हुन्छन् । जस्तै अविद्या, संस्कार एक संग्रह हो । विज्ञान, नामरूप, ६ आयतन, स्पर्श वेदना दोस्रो संग्रह हो । तृष्णा, उपादान, भव तेस्रो संग्रह हो र जाति, जरामरण चौथो संग्रह हो । यसरी प्रभेदहरूको संग्रहलाई जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

*अतीते हेतवो पञ्च, इदानि फल पञ्चकं ।*
*इदानि हेतवो पञ्च, आयतिं फलपञ्चकं ॥*

(अतीतमा पाँच हेतु थियो, यस समय पाँच फल छन् । यस समय पाँच हेतु छन् अगाडि पाँच फल हुनेछन् ।)

अतीतमा पाँच हेतु थियो = अविद्या र संस्कार यी दुई भनिएका नै छन् । किनकि अविज्ञ तृष्णाले पिपासित हुन्छ, तृष्णाले प्यासी भएर दृढतापूर्वक ग्रहण गर्दछ । त्यसको उपादानको प्रत्ययले भव हुन्छ । यसैले तृष्णा, उपादानभव पनि संगृहीत छन् । त्यसले पटिसम्भिदामग्ग (१) मा भनियो - 'पूर्वकर्मभवमा मोह अविद्या हो, राशी गर्नु संस्कार हो, चाहना तृष्णा हो, दृढतापूर्वक ग्रहण गर्नु उपादान हो, चेतना भव हो - यसप्रकार यी पाँच धर्म पूर्वकर्मभवमा यहाँ प्रतिसन्धिको प्रत्यय हुन्छन ।"

पूर्वकर्मभवमा = पहिलेको कर्मभवमा । अतीतजन्मको कर्मभवमा गरिएको भन्ने यो अर्थ हो । मोह अविद्या हो - जुन त्यस समय दुःखआदिमा मोह हुन्छ, जसले मूढ भएर कर्म गर्दछ, त्यो अविद्या हो । राशी गर्नु संस्कार हो - त्यस कर्मको गर्नेलाई जुन पहिलेको चेतनाहरू छन्, जस्तै 'दान दिनेछु' यसरी चित्त उत्पन्न गरी महिनाभरी पनि दानको उपकरणलाई सजाउँदै उत्पन्न भएको पूर्वकोचेतनाहरू । प्रतिग्राहकहरूको हातमा दक्षिणालाई राख्ने चेतना भव भनिन्छ । एक आवर्जन या ६ जवनहरूमा उत्पन्न चेतना राशी गर्ने संस्कार हो । सातौं भव हो । अथवा जुनकुनै चेतना भव हो । स्पर्श या अभिद्या आदिले सम्प्रयुक्त राशी गर्ने संस्कार हुन् । चाहना तृष्णा हो - कर्म गर्नेको त्यसको फलोत्पत्ति भवमा चाहना छ, प्रार्थना छ, त्यो तृष्णा हो । दृढतापूर्वक ग्रहण गर्नु उपादान हो-जुन कर्मभवको प्रत्यय हो । 'यसलाई गरेर अमुक स्थानहरूमा कामहरूको सेवन गर्नेछु, उच्छेदलाई प्राप्त हुनेछु,' आदिप्रकारले हुने जुन उपगमन हो, ग्रहण गर्नु हो - पक्रिनु हो - यो उपादान हो । चेतना भव हो - राशी गर्ने अन्तमा भनिएको चेतना भव हो । यसरी अर्थ जान्नुपर्दछ ।

यस समय पाँच फल छन् = विज्ञान आदि वेदनाको अन्तसम्म पालिमा आएको नै छ । जस्तै भनियो "यहां प्रतिसन्धि विज्ञान हो, आमाको पेटमा उत्रिनु नामरूप हो । प्रसाद आयतन हो । छुनु स्पर्श हो । अनुभव गर्नु वेदना हो । यसप्रकारले पाँच धर्म यहाँ उत्पत्तिभवमा पूर्वको गरिएको प्रत्यय हुन् ।"

प्रतिसन्धि विज्ञान हो = जुन एक भवदेखि अर्को भवलाई जोडनेअनुसार उत्पन्न हुनाले प्रतिसन्धि भनिन्छ । आमाको पेटमा उत्रिनु नामरूप हो - जुन गर्भमा रूप र अरूपधर्महरूलाई उतार्नु छ, आएर प्रवेश गर्नेसमान, यो नामरूप हो । प्रसाद आयतन हो = यो चक्षु आदि पाँच आयतनहरूको अनुसार भनिएको छ । छुनु स्पर्श हो=- जुन आलम्बनलाई छुनाले उत्पन्न हुन्छ, यो स्पर्श हो । अनुभव गर्नु वेदना हो = जुन प्रतिसन्धि विज्ञान या ६ आयतनले स्पर्शको साथै उत्पन्न भएको विपाकको अनुभव गर्नु छ, त्यो वेदना हो । यसरी अर्थ जान्नु हो ।

यस समय पाँच हेतु छन्= तृष्णाआदि । पालिमा आएको तृष्णा, उपादान, भव, भवको ग्रहणले त्यसको पूर्वभाग या त्यसले सम्प्रयुक्त संस्कार गृहीत नै हुन्छन् । र तृष्णा, उपादानको ग्रहणले त्यसले सम्प्रयुक्त या जसद्वारा मूढ भएको कर्म गर्दछ, त्यो अविद्या गृहीत नै हुन्छ - यसरी तृयणा, उपादान,भव, संसकार, अविद्या पाँच । त्यसैले भनियो - "यहाँ आयतनहरूको परिपक्व हुनाले मोह अविद्या हो, राशी



Downloaded from http://www.dhamma.digital

गर्नु संस्कार हुन् , चाहना तृष्णा हो - दृढतापूर्वक ग्रहण गर्नु उपादान हो, चेतना भव हो। यी पाँच धर्म यहाँ कर्मभवमा अगाडि प्रतिसन्धिको प्रत्यय हुन् ।" त्यसमा यहाँ आयतनहरूको परिपक्व हुनाले - परिपक्व भएको आयतनको कर्म गर्ने समय संमोह देखाउँदछ। शेष अर्थ सरल नै छ, ।

अगाडि पाँच फल हुनेछ - विज्ञानआदि पाँच। ती जातिको ग्रहणले भनिएका छन्। जरामरण, त्यसैको जरामरण हो । त्यसले भनियो - "अगाडिको प्रतिसन्धि विज्ञान हो, आमाको पेटमा उत्रिनु नामरूप हो, प्रसाद आयतन हो, छुनु स्पर्श हो, अनुभव गर्नु वेदना हो - यी पाँच धर्म अगाडि उत्पत्ति भवमा यहाँ गरिएको कर्मको प्रत्यय हुन्।" यसरी यी बीस आकारका आरायुक्त छन्।

तीन वर्त्त विनारूकेर घुमिरहेको छ = यहाँ संस्कार र भव कर्मवर्त्त हुन्। अविद्या, तृष्णा, उपादान क्लेशवर्त्त हुन् । विज्ञान, नामरूप, ६ आयतन, स्पर्श, वेदना विपाकवर्त्त हुन् - यी तीन वर्त्तहरूले यो भवचक्र तीन वर्त्तयुक्त छ। जबसम्म क्लेशवर्त्त टुट्दैन, तबसम्म नटुट्नाको कारण विनारुकेर पुनः पुनः घुम्नाले घुम्दै रहन्छ भनी जान्नुपर्दछ। यो यसरी चक्कर काट्दै –

*सच्चप्पभवतो किच्चा वारणा उपमाहि च।*
*गम्भीर नयभेदा च विञ्ञातब्बं यथारहं ॥*

(सत्यले उत्पन्न हुने, कृत्य, निवारण, उपमा र गम्भीर नयको भेदले यथायोग्य जान्नुपर्दछ।)

## सत्यको उत्पन्न हुनु

कुशल र अकुशलकर्म सामान्यरुपले समुदयसत्य हो - यसरी सत्यविभंगमा भनिएको छ। यसैले अविद्याको प्रत्ययले संस्कार - यसरी अविद्याले संस्कार, द्वितीयसत्यले उत्पन्न हुनाले द्वितीयसत्य हो। संस्कारहरूले विज्ञान द्वितीयसत्यले उत्पन्न भएको प्रथमसत्य हो । विज्ञानआदिले नामरूपआदिको विपाकवेदनाको अन्तसम्म प्रथमसत्यले उत्पन्न प्रथमसत्य हो । वेदनाले तृष्णा प्रथमसत्यले उत्पन्न द्वितीयसत्य हो। तृष्णाले उपादान द्वितीयसत्यले उत्पन्न द्वितीयसत्य हो। उपादानले भव द्वितीयसत्यले उत्पन्न प्रथम र द्वितीय दुवै सत्य हुन्। भवले जाति द्वितीयसत्यले उत्पन्न प्रथमसत्य हो। जातिले जरामरण प्रथमसत्यले उत्पन्न प्रथमसत्य हो । यसरी यो सत्यले उत्पन्न हुनाले यथायोग्य जान्नुपर्दछ।

## प्रवर्तिको कृत्य

यहाँ अविद्यावस्तुहरूमा प्राणीहरूलाई संमोहित गर्दछ र संस्कारहरूको उत्पत्तिको लागि प्रत्यय हुन्छ, त्यसरी संस्कार आफ्नो साथै उत्पन्न भएको संस्कारहरूलई एकत्र गर्दछन् र विज्ञानको प्रत्यय हुन्छन्। विज्ञान पनि आलम्बनलाई जान्दछ र नामरूपको प्रत्यय हुन्छ। नामरूप पनि एक अर्कालाई सम्हाल्दछन् र ६ आयतनको प्रत्यय हुन्छन्। ६ आयतन पनि आफ्नो विषय रुपायतन आदिमा प्रवर्तित हुन्छ र स्पर्शको प्रत्यय हुन्छ। स्पर्श पनि आलम्बनलाई स्पर्श गर्दछ र वेदनाको प्रत्यय हुन्छ। वेदना पनि आलम्बनलाई अनुभव गर्दछ र तृष्णाको पनि प्रत्यय हुन्छ। वेदना पनि आलम्बनलाई अनुभव गर्दछ र तृष्णाको पनि प्रत्यय हुन्छ । तृष्णा पनि प्रेम गर्नयोग्य धर्महरूसंग प्रेम गर्दछ र उपादानको प्रत्यय हुन्छ । उपादान पनि दृढताले ग्रहण गर्नयोग्य धर्महरूलाई दृढतापूर्वक ग्रहण गर्दछ र भवको प्रत्यय हुन्छ । भव पनि नाना गतिहरूमा खसाउँछ र जातिको प्रत्यय हुन्छ। जाति पनि त्यस स्कन्धहरूको



Downloaded from http://www.dhamma.digital

उत्पत्तिमा प्रवर्तित हुनाले स्कन्धहरूलाई उत्पन्न गर्दछ र जरामरणको प्रत्यय पनि हुन्छ। जरामरण पनि स्कन्धहरूको पाक्ने, नाश हुनेमा ठहर्दछ र शोक आदिको कारण हुनाले यस भवदेखि अर्को भवमा उत्पत्तिको प्रत्यय हुन्छ। यसैले सबै पदहरूमा दुई प्रकारले प्रवर्तित भएको कृत्यले पनि यो यथायोग्य जान्नुपर्दछ।

## मिथ्या दर्शनको निवारण

यहाँ - 'अविद्याको प्रत्ययले संस्कार' - यो कर्ता ईश्वर आदिको दर्शनको निवारण गर्दछ। 'संस्काको प्रत्ययले विज्ञान' यो आत्माको संक्रान्तिको दर्शनको निवारण गर्दछ। 'विज्ञानको प्रत्ययले नामरूप' यो आत्मा हो यसरी काल्पनिक वस्तुको विनाशलाई देख्नाले घनसंज्ञाको निवारण गर्दछ। 'नामरूपको प्रत्ययले ६ आयतन हो' आदि आत्माले देख्दछ - जान्दछ, स्पर्श गर्दछ, अनुभव गर्दछ, तृष्णा गर्दछ, छुन्छ, जन्मन्छ, बाँच्छ, मर्दछ - यसरी आदि दर्शनको निवारण गर्दछ। यसैले मिथ्यादर्शनको निवारणले पनि यो भवचक्र यथायोग्य जान्नुपर्दछ।

## उपमा

यहाँ स्वलक्षण र सामान्य लक्षणअनुसार धर्महरूको नदेख्नाले अन्धासमान अविद्या हो। अन्धा चिप्लिनेसमान अविद्याको प्रत्ययले संस्कार हो। चिप्लिने व्यक्तिको लड्नेसमान संस्कारहरूको प्रत्ययले विज्ञान हो। लड्नेलाई घाउ हुनेसमान विज्ञानको प्रत्ययले नामरूप हो। घाउ फुटाउनाले उत्पन्न पानी, पीपसमान नामरूपको प्रत्ययले ६ आयतन हुन्। घाउ र पीपको घर्षणसमान ६ आयतनको प्रत्ययले स्पर्श हो। संघर्षणको दुःखसमान स्पर्शको प्रत्ययले वेदना हो। दुःखको उपचार गर्ने इच्छासमान वेदनाको प्रत्ययले तृष्णा हो। उपचारको इच्छाले अपथ्यलाई ग्रहण गर्नेसमान तृष्णाको प्रत्ययले उपादान हो। ग्रहण गरिएको अपथ्यको आलेपनसमान उपादानको प्रत्ययले भव हो। अपथ्यको आलेपनले घाउको विकार उत्पन्न भएसमान भवको प्रत्ययले जाति हो। घाउको विकार घाउ फुटेझैं जातिको कारणले जरामरण हो। अथवा यहाँ अविद्या अप्रतिपत्ति र मिथ्या प्रतिपत्ति हुनाले सत्वहरूलाई त्यसैप्रकार पीढित गर्दछ जसरी परेलाले आँखालाई। त्यसले पीढित बालअज्ञ पुनः पुनः हुने संस्कारहरूले आफूलाई त्यसैप्रकार बेरेर राख्दछ जसरी कोशाको प्रदेशहरूबाट रेशम बनाउने कीराले आफैले वनाएको रेशमले आफैलाई बेर्दछ। संस्कारहरूले परिगृहीत विज्ञान गतिहरूमा त्यसैप्रकार प्रतिष्ठा पाउँदछ जसरी राज्यमा परिनायक (प्रधान मन्त्री) द्वारा परिगृहीत राजकुमारले प्रतिष्ठा पाउंदछ। उत्पत्ति निमित्तको परिकल्पनाले विज्ञान प्रतिसन्धिमा अनेक प्रकारको नामरूपलाई जादूगरको जादूसमान उत्पन्न गर्दछ। नामरूपमा प्रतिष्ठित ६ आयतन बृद्धि विरुढि वैपुल्यभावलाई प्राप्त हुन्छ जसरी राम्रो भूमिमा प्रतिष्ठित वनसमूह सप्रिन्छ। आयतनको संघर्षले अरणिको युग्मलाई रगड्नाले अग्निसमान स्पर्श उत्पन्न हुन्छ। स्पर्शले छुएको आगोलाई छुनेलाई डाहसमान वेदना उत्पन्न हुन्छ। अनुभव गर्नेको तृष्णा नुनिलो पानी पिउनेको प्याससमान वड्दछ। प्यासी भएको भवहरूमा पानीको प्याससमान अभिलाषा गर्दछ। त्यो त्यसको उपादान हो। उपादानले भवलाई दृढतापूर्वक त्यसैप्रकार ग्रहण गर्दछ, जसरी माछा चारोको लोभले बल्छीलाई ग्रहण गर्दछ। भव हुँदा जाति त्यसैप्रकार उत्पन्न हुन्छ जसरी बीज हुँदा अंकुर टुसाएर आउंछ उत्पन्न भएको, उत्पन्न वृक्षको ढलेसमान जरामरण निश्चित छ। यसैले यसरी उपमाहरूले पनि यो भवचक्र यथायोग्य जान्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

## गम्भीर भेद

दीघनिकाय (२,२) अनुसार भगवान्ले अर्थले पनि, धर्मले पनि, देशनाले पनि, प्रतिवेधले पनि यसको गम्भीर भएकोप्रति भन्नुभएको छ - "आनन्द यो प्रतीत्यसमुत्पाद गम्भीर छ र गम्भीरको रूपमा देखापर्ने छ ।" यसैले गम्भीर भेदले पनि यो भवचक्र यथायोग्य जान्नुपर्दछ ।

## नय भेद

जातिले नै जरामरण हुन्छ, जातिविना अन्यत्रले हुँदैन र यसप्रकार जातिले हुन्छ - यसरी जातिको प्रत्ययले भएको दुर्बोध हुनाले जरामरणको जातिको प्रत्ययले उत्पन्न भएको स्वभाव गम्भीर छ । त्यसरी जातिको भवको प्रत्ययले ... संस्कारहरूको अविद्याको प्रत्ययले उत्पन्न भएको स्वभाव गम्भीर छ । यसैले यो भवचक्र अर्थले गम्भीर छ - यो यहाँ अर्थको गम्भीरता हो । हेतुफल अर्थ भनिन्छ । जस्तै भनियो - 'हेतुफलमा ज्ञान अर्थप्रतिसम्भिदा हो ।"

जुन आकारले जुन अवस्थामा अविद्या त्यसत्यस संस्कारहरूको प्रत्यय हुन्छ, त्यसको दुर्वोध हुनाले अविद्याको संस्कारहरूको प्रत्यय हुनु गम्भीर छ । त्यसरी संस्कारहरूको ... जातिको, जरामरणको प्रत्यय हुनु गम्भीर छ । यसैले यो भवचक्रधर्म गम्भीर छ । यो यहाँ धर्मको गम्भीरता हो । हेतुको नै नाम धर्म हो । जस्तै भनियो - 'हेतुमा ज्ञान धर्मप्रतिसम्भिदा हो ।"

त्यसको त्यसत्यस कारणले त्यसरीत्यसरी प्रवर्तित गर्नयोग्य हुनाले देशना पनि गम्भीर छ, त्यहाँ सर्वज्ञज्ञानभन्दा अर्को ज्ञानले प्रतिष्ठा पाउँदैन । त्यसरी नै यो कतै सूत्रमा अनुलोमले, कतै प्रतिलोमले, कतै अनुलोम प्रतिलोमले, कतै वीचदेखि लिएर अनुलोम या प्रतिलोमले, कतै तीन सन्धि, चार संक्षेप, कतै दुई सन्धि तीन संक्षेप, कतै एक सन्धि दुई संक्षेपले उपदेश दिइएको छ । यसैले भवचक्र देशनाले गम्भीर छ, यो देशनाको गम्भीरता हो ।

यहाँ जुन यो अविद्या आदिको स्वभाव छ, जसको प्रतिवेधले अविद्या आदि सम्यक स्वलक्षणले जानिन्छन् । त्यो वुद्धिले थाहा पाउन नसक्ने कारण गम्भीर छ । यसैले यो भवचक्र प्रतिवेधले गम्भीर छ । त्यसरी नै, यहाँ अविद्याको अज्ञान, नदेखाइदिने, र सत्वहरूको स्वभावतः ज्ञान नहुनु गम्भीर छ । संस्काहरूको कुशलअकुशलकर्महरूलाई गर्नु, राग र विरागयुक्त हुनु गम्भीर छ । विज्ञानको शून्य, व्यापारमा नपर्नु, एक शरीरले अर्को शरीरमा निस्केर नजानु, र प्रतिसन्धिमा प्रकट हुनु गम्भीर छ । नामरूपको एकोत्पाद, परस्पर विनिर्भोग र स्वयं अविनिर्भोग, झुक्नु तथा नष्ट हुनु गम्भीर छ । ६ आयतनको अधिपत्ति, लोक, द्वार, क्षेत्र र विषय हुनु गम्भीर छ । स्पर्शको छुनु, संघर्षण, मिल्नु, एकत्र हुनु गम्भीर छ । वेदनाको आलम्बनहरूको रस अनुभव गर्नु, सुख दुःख, उपेक्षा, निर्जीव र वेदन गर्नु गम्भीर छ । तृष्णाको अभिनन्दन गरी प्रवेश गर्नु, सरिता, लता, नदी, तृष्णा, समुद्र र कठिनाईले पूर्ण हुनु गम्भीर छ । उपादनको ग्रहण गर्नेको अभिनिवेश दृढतापूर्वक पक्रनु र अतिक्रमण नगर्नु गम्भीर छ । भवको एकत्र गर्नु, अभिसंस्करण, योनी, गति, स्थिति, निवासहरूमा खसाउनु गम्भीर छ । जातिको उत्पत्ति, उत्रनु, उत्पन्न हुनु, प्रकट हुनु गम्भीर छ । जरामरणको क्षय व्यय, भेद (विनाश), विपरिणामको हुनु गम्भीर छ । यसरी यहाँ प्रतिवेधको गम्भीरता छ ।

यहाँ एकत्व नय, नानत्व नय, अव्यापार नय, एवं धर्मता नय यसरी चार अर्थ नय हुन्छन् । यसैले नयको भेदले पनि यो भवचक्र यथायोग्य जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

यहाँ अविद्याको प्रत्ययले संस्कार, संस्कारको प्रत्ययले विज्ञान - यसरी वीजको अंकुर आदिको हुनाले वृक्ष भएको समान सन्ततिको उच्छेद नहुने एकत्वनय हो। जसलाई सम्यकरूपले देख्नेले हेतु फलको सम्बन्धले सन्ततिको अनुपच्छेदको अववोधले उच्छेददृष्टिलाई त्यागदछ, मिथ्यारूपले देख्नेले हेतुफलको सम्बन्धले प्रवर्तित हुँदै सन्तानको अनुपच्छेदको एकत्वको ग्रहणले शाश्वतदृष्टिलाई ग्रहण गर्दछ।

अविद्या आदिको आफ्नो लक्षणअनुसार व्यवस्थापन गर्नु नानात्वनय हो। जसलाई सम्यकरूपले देख्नेले नयाँनयाँ उत्पत्तिको दर्शनले शाश्वतदृष्टिलाई त्यागदछ, मिथ्यारूपले देख्नेले एक सन्तानमा परेको भिन्न सन्तानसमान नानात्वलाई ग्रहण गर्नाले उच्छेददृष्टिलाई ग्रहण गर्दछ।

अविद्याको संस्कारहरूलाई मैले उत्पन्न गर्नुपर्दछ या संस्कारहरूको विज्ञानलाई हामीहरूले उत्पन्न गर्नु र्दछ - यसरी व्यापार (कृत्य) को अभावले अव्यापारनय हो। जसलाई सम्यकरूपले देख्नेले कर्ताको अभावको अववोधले आत्मदृष्टिलाई त्यागदछ। मिथ्यारूपले देख्नेले, जुन व्यापारको नहुँदा पनि अविद्या आदिको हेतु स्वभावले नियमले सिद्ध छ, त्यसलाई - ग्रहण नगर्नेले अक्रियदृष्टिलाई ग्रहण गर्दछ।

अविद्या आदि कारणहरूले संस्कार आदिको नै सम्भव छ, दूध आदिले दही आदि बन्नेसमान। अरूको होइन। यो एवं धर्मता नय हो। जसलाई सम्यकरूपले देख्नेले प्रत्ययअनुरूप फलको अवबोधले अहेतुकदृष्टि र अकृयदृष्टिलाई त्यागदछ। मिथ्यारूपले देख्नेले प्रत्ययअनुरूप फलको प्रवर्तिलाई ग्रहण नगरी जहाँ कतैबाट जुनकुनैको असम्भव भएको ग्रहण गर्नाले अहेतुकदृष्टि र नियतिवादलाई ग्रहण गर्दछ।

यो अति गम्भीर हुनाले अथाह, नाना नयहरूको ग्रहणले कठिनाईले अतिक्रमण गर्नु, अशनि मण्डलसमान नित्य मर्दन गर्ने, यो भवचक्र समाधिरूपी उत्तम पत्थरमा राम्ररी धार लगाएको ज्ञानको तलवारले नकाटी संसार भयको स्वप्नमा पनि पार गरिएको कोही छैन। भगवान्ले यो भन्नुभएको पनि छ - "आनन्द, यो प्रतीत्य समुत्पाद गम्भीर छ र गम्भीरको रूपमा देखाइदिने छ। आनन्द, यस धर्मको अज्ञानले, अववोध नहुनाले, यसरी यो प्रजा धागोको डल्लो भएका छन्। बांधिएका गांठोजस्तै भएका छन, लट्टा परेको खरको जराजस्तै भएका छन्। अपाय, दुर्गति, विनिपात, संसारको अतिक्रमण गर्न पाउँदैन।" यसैले आफू या अरुको हित र सुखको लागि प्रतिपन्न भएको अवशेष कामहरूलाई छाडेर -

*गम्भीर पच्चयाकारप्पभेदे इध पण्डितो।*
*यथा गाधं लभेथेवमनुयुञ्जे सदा सतो ति॥*

(यहाँ पण्डित सदा स्मृतिवान गम्भीर प्रतीत्यसमुत्पादको प्रभेदमा जसरी थाहा पाउँछ, त्यसरी भिडोस्।)

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धिमार्गमा प्रज्ञा भावनाको भागमा*
*प्रज्ञाभूमि निर्देश नामक*
*सत्रौं परिच्छेद समाप्त*

♣♣♣



Downloaded from http://www.dhamma.digital

# अठारौं परिच्छेद

## दृष्टिविशुद्धि निर्देश

अब "यस भूमि भएको धर्महरूमा उद्ग्रहण (अभ्यास) परिपुच्छाअनुसार ज्ञानको परिचय गरी शीलविशुद्धि र चित्तविशुद्धि दुई मुल भएको विशुद्धिहरूको सम्पादन गर्नुपर्दछ" भनिएको छ, त्यसमा शीलविशुद्धि भनिन्छ सुपरिशुद्ध प्रातिमोक्षसंवर आदि चार प्रकारका शीललाई र ती शील निर्देशमा विस्तारपूर्वक बताइएका नै छन्। चित्तविशुद्धि भनिन्छ उपचारसंगै आठ समापत्तिहरूलाई। ती पनि चित्त शीर्षकले भनिएको समाधि निर्देशमा सबैप्रकारले विस्तारपूर्वक बताइएका नै छन्। यसैले त्यसलाई त्यहाँ विस्तारपूर्वक बताइएको ढंगले नै जान्नुपर्दछ।

तर, जुन, भनिएको छ - 'दृष्टिविशुद्धि, कांक्षावितरणविशुद्धि, मार्गामार्ग ज्ञानदर्शनविशुद्धि, प्रतिपदा ज्ञानदर्शनविशुद्धि, ज्ञानदर्शनविशुद्धि - यी पाँच विशुद्धिहरू शरीर हुन्।" त्यहाँ नामरूपको यथार्थ स्वभावलाई देख्नु दृष्टिविशुद्धि हो।

### नामरूपको निरुपण

त्यसको सम्पादन गर्न चाहने शमथमार्गीलाई नैवसंज्ञानासंज्ञायतनलाई छाडेर अवशेष रुपावचर, अरुपावचरध्यानहरूमध्ये कुनै एकदेखि उठेर वितर्क आदि ध्यानको अंग र त्यसले सम्प्रयुक्त धर्महरूलाई लक्षण, कृत्य आदिले राम्ररी जान्नुपर्दछ। राम्ररी जानेर, यी आलम्बनतिर भुक्ने स्वभावले नाम हो - यसरी निरुपण गर्नुपर्दछ।

त्यसपश्चात् जसरी मानिस घरभित्र साँपलाई देखेर त्यसको पछिपछि जाँदै त्यसको प्वाललाई देख्दछ, यसरी नै यो योगी पनि त्यस नामको परीक्षा गर्दै - "यो नाम कसको सहाराले प्रवर्तित भैरहेको छ" ? भनी खोज्दै जाँदा त्यसको निश्रय हृदयरूपलाई देख्दछ, तत्पश्चात् हृदयरूपको निश्रय भएको भूतहरूलाई र भूतहरूको निश्रित शेष उपादानरूपहरूलाई - यसरी रूपको परिग्रह गर्दछ। तत्पश्चात् आलम्बनतिर भुक्ने लक्षण नाम र नाश हुने लक्षण रूप हो - यसरी संक्षेपमा नामरूपको निरुपण गर्दछ।

तर जो उपचार समाधि या अर्पणासमाधिविना नै विपश्यना गर्दछ त्यस शुद्ध विपश्यनामार्गी या यही शमथमार्गी चतुर्धातु व्यवस्थापनमा भनिएको त्यसत्यस धातुहरूको परिग्रहमुखहरूमध्ये कुनै एक परिग्रहमुखको अनुसार संक्षेप या विस्तारले चारै धातुहरूको परिग्रह गर्दछ, तब त्यसलाई स्वभावअनुसार लक्षणले प्रकट भएको धातुहरूमध्ये पहिले कर्मले उत्पन्न केशमा चार धातु, वर्ण, गन्ध, रस, ओज, जीवित- कायप्रसाद आदि कायदशकअनुसार, दश रूप प्रकट हुन्छन्। त्यही भाव (लिंग)को हुनाले भावदशकअनुसार दश रूप प्रकट हुन्छन्। त्यही आहारले उत्पन्न भएको ओजाष्टमकरूप प्रकट हुन्छन्। ऋतुले उत्पन्न भएको र चित्तले उत्पन्न हुने यसरी अन्य पनि चौबीस रूप प्रकट हुन्छन्।



Downloaded from http://www.dhamma.digital

यसप्रकार चारै कर्म, चित्त, ऋतु, आहारले उत्पन्न भएको चौबीस भागहरूमा चौवालीस/चौवालीस रूप प्रकट हुन्छन्। पसीना, थूक, आँशु, सिंघान-यी चार ऋतु र चित्तले उत्पन्न हुनेहरूमा दुबै ओजाष्टमकअनुसार सोह्र/सोह्र रूप र लादीवस्तुहरू, मल, पीप, पिसाप - यी चार ऋतुले उत्पन्न हुनेहरूमा ऋतुले उत्पन्न हुनेको नै ओजाष्टमक आठ/आठ रूप प्रकट हुन्छन्। यो बत्तीस भागहरूको बारेमा बताइएको ढंग हो।

यो बत्तीस भागहरूमा प्रकट हुँदा जुन अर्को अग्निको चार र वायुको ६ भाग गरी दश भाग प्रकट हुन्छन्, त्यसमा खाएको आदिलाई पचाउने कर्मजअग्निको भागमा ओजाष्टमक र जीवित गरी नौ रूप, त्यसरी नै चित्तजमा आश्वासप्रश्वासको भागमा पनि ओजाष्टमक र शब्द गरी नौ रूप, शेष चारैबाट उत्पन्न हुने आठौंमा जीवित नवकरुप र तीन ओजाष्टमक गरी तेत्तीसतेत्तीस रूप प्रकट हुन्छन्।

त्यसको यसरी विस्तारपूर्वक बयालीस आकारअनुसार यी भूतोपादा (भूतलाई लिएर उत्पन्न) रूपहरूको प्रकट हुँदा वस्तुद्वारअनुसार पाँच, चक्षुदशक आदि हृदयवस्तुदशक यी अर्को पनि साठी रूप प्रकट हुन्छन्। ती सबैलाई विनाश भएको लक्षणले एकमा गरी यो रूप हो यसरी देख्दछ।

यसप्रकार त्यसलाई परिग्रह गरिएको रूपअनुसार द्वारले अरूपधर्म (नाम) प्रकट हुन्छन्। जस्तै द्विपञ्चविज्ञान, तीन मनोधातु, अठ्सट्ठी मनोविज्ञानधातु - यसरी एक्काइस लौकिक चित्त र साधारणरूपले ती चित्तहरूसंगै उत्पन्न स्पर्श, वेदना, संज्ञा, चेतना, जीवित, चित्त स्थिति (समाधि) मनस्कार - यी सात चेतसिक तर लोकोत्तरचित्त अववोध नहुनाले नशुद्ध विपश्यकलाई नै र शमथमार्गीलाई परिग्रह हुन्छन्। त्यो ती सबै अरुपधर्महरूलाई झुक्ने लक्षणले एकमा गरी यो नाम हो - यसरी देख्दछ। यसप्रकार एक चतुर्धातु व्यवस्थापनको रूपमा विस्तारपूर्वक वर्णन गरिएको नामरूप निरुपण गर्दछ।

अर्को, अठार धातुहरूअनुसार। कसरी ? यहाँ भिक्षु 'यस शरीरमा चक्षुधातु छ ... मनोविज्ञानधातु छ" यसरी धातुहरूको आवर्जन गरी, जसलाई लोक चित्रित श्वेत, कृष्ण, गोलो, लामो चौंडा आँखाको खाल्डोमा नशाको धागोले बाँधिएको मासुको पिण्डलाई चक्षु भनी जानिन्छ, त्यसलाई ग्रहण नगरी स्कन्ध निर्देशमा उपादारूपहरूमा भनिएको प्रकारको चक्षुप्रसादलाई चक्षुधातु निरुपण गर्दछ।

जुन त्यसको निश्रय भएको चार धातुहरू छन् र परिवार भएको चार वर्ण, गन्ध, रस, ओज रूप छन्, पालन गर्ने जीवितेन्द्रिय छ - यी नौ सहजात रूप छन्। त्यही रहने कायदशक र भावदशकअनुसार बीस कर्मजरूप छन्। आहारले उत्पन्न हुने आदि तीन ओजाष्टमकअनुसार चौबीस अनुपादितरूप छन् - यसप्रकार त्रिपन्न रूप छन्। ती चक्षुधातु होइनन् - यसरी निरुपण गर्दछ। यसैढंगले श्रोत्रधातु आदिमा पनि बुझ्नुपर्दछ। तर कायधातुमा अवशेष त्रिचालीस रूप हुन्छन्। कुनै ऋतु र चित्तले उत्पन्न हुने रुपहरूलाई शब्दसंगै नौ, नौ गरी पैंतालीस भन्दछन्।

यसप्रकार यी पाँच प्रसाद र त्यसको विषय रूप, शब्द, गन्ध, रस, स्पर्श, - पाँच यी दश रूप दश धातुहरू हुन्छन्। अवशेष रूपधर्म धातु नै हुन्छन्। चक्षुको कारण रूप रूपप्रति प्रवर्तित भएको चित्त चक्षुविज्ञानधातु हो। यसरी पाँच विज्ञान पाँच विज्ञानधातुहरू हुन्छन्। तीन मनोधातुचित्त एक मनोधातु र अठसट्ठी मनोविज्ञानधातु चित्त - सबै एक्काइस लौकिकचित्त, सात विज्ञानधातु र त्यसैले सम्प्रयुक्त स्पर्श आदि धर्मधातु छन्। यसरी यहाँ साढे दश धातुहरू रूप र साँढे सात धातुहरू नाम छन् - यसप्रकार एक अठार धातुहरूअनुसार नामरूपको निरुपण गर्दछ।



Downloaded from http://www.dhamma.digital

अर्को, बाह्र आयतनहरूअनुसार । कसरी ? चक्षुधातुमा भनिएको ढंगले नै, त्रिपन्न रूपहरूलाई छाडेर चक्षुप्रसाद मात्रलाई चक्षुआयतन निरुपण गर्दछ। त्यहाँ भनिएको ढंगले नै श्रोत्र घ्राण, जिव्हा, कायधातुहरूलाई श्रोत्र, घ्राण, जिव्हा, कायआयतन निरुपण गर्दछ। त्यसको विषय भएको पाँच धर्महरूलाई रूप, शब्द, गन्ध, रस, स्पर्शआयतन, लौकिक सात विज्ञानधातुहरूलाई मनायतन, त्यसले सम्प्रयुक्त स्पर्श आदि र शेष रूपलाई धर्मायतन निरुपण गर्दछ। यसरी यहाँ साँढे दश आयतन रूप र डेढ आयतन नाम छ। यसप्रकार एक बाह्र आयतनहरूअनुसार नामरूपको निरुपण गर्दछ।

अर्को, त्यसभन्दा संक्षेपतर स्कन्धअनुसार निरुपण गर्दछ । कसरी ? यहाँ भिक्षु यस शरीरमा चारैबाट उत्पन्न चार धातुहरू, त्यसको निश्रित वर्ण, गन्ध, रस, ओज, चक्षुप्रसाद आदि पाँच प्रसाद, वस्तु रूप, भाव, जीवितेन्द्रिय, ऋतु र चित्त दुईबाट उत्पन्न शब्द - यी सत्रह रूप समर्शन (विचार गर्न) योग्य छन्, निष्पन्न छन्, रूप, रूप हुन्, तर कायविज्ञप्ति, वाकविज्ञप्ति, आकाशधातु, रुपको लघुता, मृदुता, कर्मण्यता, उपचय, सन्तति, जरता, अनित्यता - यी दश रूप समर्शनयोग्य छैनन् । यी आकार, विकार, अन्तर, परिच्छेद मात्र हुन् । न निष्पन्न हुन् न रूप रूप हुन् । फेरि पनि रूपहरूको आकार, विकार, अन्तर, परिच्छेद मात्रले रुप भनिन्छन् । यसप्रकार सबै यी सत्ताइस रूप रूपस्कन्ध हो, एक्काइस लौकिकचित्तहरूको साथै उत्पन्न वेदना, वेदनास्कन्ध हो, त्यसले सम्प्रयुक्त संज्ञा संज्ञास्कन्ध हो, संस्कार संस्कारस्कन्ध हो, विज्ञान विज्ञानस्कन्ध हो - यसरी रूपस्कन्ध रुप हो र चार अरुपस्कन्ध नाम हुन् । यसप्रकार एक पञ्चस्कन्धअनुसार नामरूपको निरुपण गर्दछ ।

अर्को मज्झिम निकाय (१,३,८) अनुसार "जेजति रूप छन् ती सब चार महाभूत र चारै महाभूतहरूलाई लिएर प्रवर्तित रूप हुन् ।" यसरी संक्षेपले नै यस शरीरमा रूपको परिग्रह गरी त्यसरी नै मनायतन र धर्मायतनको एक भागको परिग्रह गरी, यो नाम हो र यो रूप हो - यसरी नामरूप भनिन्छन् । यसप्रकार संक्षेपले नामरूपको निरुपण गर्दछ ।

यदि त्यसलाई त्यसत्यस द्वारले रूपलाई परिग्रह गरी अरूपको परिग्रह गर्दै सूक्ष्म हुनाले अरूप थाहा हुदैन, तापनि त्यसलाई हिम्मत नहारेर रूपको नै पुनः पुनः विचार गर्नुपर्दछ, त्यसलाई मनमा गर्नुपर्दछ, परिग्रह गर्नुपर्दछ, निरुपण गर्नुपर्दछ । जसैजसै त्यसलाई रूप परिशुद्ध हुँदै जान्छन्, जटाहरू सुल्झिंदै जान्छन्, त्यसैत्यसै उसको आलम्बन अरुपधर्म स्वयमेव प्रकट हुन्छन् ।

ऐनाको उपमा = जसरी आँखा भएको मानिसको अपरिशुद्ध ऐनामा मुखप्रतिबिम्बलाई हेर्दै प्रतिविम्ब देखापर्दैन । तब ऊ "प्रतिविम्ब देखापर्दैन" भनी सोचेर ऐनालाई फ्याँक्दैन, प्रत्युत त्यसलाई पुनः पुनः रगड्दछ, तब परिशुद्ध ऐनामा त्यसलाई प्रतिविम्ब स्वयमेव प्रकट हुन्छ ।

तेलको उपमा = जसरी तेल चाहनेले तिलको धूलोलाई द्रोणीमा राखेर पानीले फोहरा दिएर एकपल्ट, दुईपल्ट पेल्ने मात्रले तेल ननिस्कदा तिलको धूलोलाई फ्याँक्दैन, प्रत्युत त्यसलाई पुनः पुनः गरम पानीको फोहरा दिएर मर्दन गरेर, मर्दन गरी पेल्दछ । उसले यसो गर्नाले परिशुद्ध तिलको तेल निस्कन्छ ।

पानीको उपमा = जसरी पानीलाई परिशुद्ध गर्ने इच्छुकले रीट्ठाको गेडालाई लिएर थैलाभित्र हात पसाएर एक दुईपल्ट रगड्दा मात्रले पानी परिशुद्ध नभएमा रीट्ठाको गेडालाई फ्याँक्दैन, प्रत्युत त्यसलाई



Downloaded from http://www.dhamma.digital

पुनः पुनः रगड्दछ, उसले यसो गर्दै फोहर मैला तल पींधमा जम्मा हुन्छ, पानी स्वच्छ परिशुद्ध हुन्छ। यसरी नै त्यस भिक्षुलाई हिम्मत नहारेर रुपलाई नै पुनः पुनः विचार गर्नुपर्दछ, मनमा गर्नुपर्दछ, परिग्रह गर्नुपर्दछ, निरुपण गर्नुपर्दछ।

जसैजसै उसलाई रूप सुविशोधित, जटारहित र सुपरिशुद्ध हुँदै जान्छन्, त्यसैत्यसै उसको विरुद्ध रहने क्लेश बस्दछन्, कसरको माथि पानीजस्तै चित्त परिशुद्ध हुन जान्छ। उसको आलम्बन अरुपधर्म स्वयमेव प्रकट हुन्छन्। यसरी अन्य पनि उखु, चोर, गोरु, दही, माछा, आदिको उपमाहरूले यस कुराको स्पष्ट गर्नुपर्दछ।

जसरी उखुको रस निकाल्न चाहने व्यक्तिले मेशिनमा राखेर एकपल्ट, दुईपल्ट, मेशनि घुमाउँदा उखुको रस ननिस्कंदा उखुलाई छाडीजाँदैन। जसरी चोरहरूले पक्रेर प्रहरी उनीहरूको चोर कर्मलाई जान्नको लागि दुई तीनपल्ट हिर्काउँदैमा उसले नवताउँदा उसलाई छाड्दैन। जसरी गोरुलाई नार्ने इच्छाले गाडीमा जोतेर एक, दुईपल्ट मार्गमा नहिंड्दैमा छाडिदिंदैन। जसरी दही मथेर नौनी निकाल्ने व्यक्ति दहीलाई भाँडामा राखी पानीले एक, दुईपल्ट मथनी घुमाउना मात्रले नौनी ननिस्कदैमा दहीलाई फ्याँकिदिंदैन। जसरी माछा पकाएर खान चाहने व्यक्तिले एकदुईपल्ट आगोमा राख्ना मात्रले माछा नपाक्दा त्यसलाई छाड्दैन। यहाँ भनिएअनुसार 'प्रस्तुत उसलाई मेशिनमा फेरिफेरि पेल्दछ, आदिप्रकारले सबैमा उपमाअनुसार जोड्नुपर्दछ।

यसरी त्यो सुविशुद्धको परिग्रह गर्नेलाई अरुपधर्म तीन आकारहरूले जानकारी हुन्छ - (१) स्पर्शअनुसार या (२) वेदनाअनुसार या (३) विज्ञानअनुसार। कसरी ? एकलाई पृथ्वीधातु ठोस लक्षण हो आदिप्रकारले धातुहरूको परिग्रह गर्दै आलम्बनमा प्रथम पर्नु स्पर्श हो, त्यसले सम्प्रयुक्त वेदना वेदनास्कन्ध हो, संज्ञा संज्ञास्कन्ध हो, स्पर्शको साथै चेतना संस्कारस्कन्ध हो, चित्त विज्ञानस्कन्ध हो - यसरी जानकारी हुन्छ। त्यसरी केशमा पृथ्वीधातु ठोस लक्षण ... आश्वासप्रश्वासमा पृथ्वीधातु ठोस लक्षण, हो, यसरी आलम्बनमा प्रथम पर्नु स्पर्श हो, त्यसले सम्प्रयुक्त वेदना वेदनास्कन्ध हो ... चित्त विज्ञानस्कन्ध हो - यसरी जानकारी हुन्छ। यसप्रकार अरुपधर्म स्पर्शअनुसार जानकारी हुन्छ।

कसैलाई 'पृथ्वीधातु ठोस लक्षणको छ' - यसरी उसको आलम्बनको रसलाई अनुभव गर्ने वेदनास्कन्ध हो। त्यसले सम्प्रयुक्त संज्ञास्कन्ध हो। त्यसले सम्प्रयुक्त स्पर्श र चेतना संस्कारस्कन्ध हो। त्यसले सम्प्रयुक्त चित्त विज्ञान स्कन्ध हो यसरी जानकारी हुन्छ। त्यसरी केशमा पृथ्वीधातु ठोस लक्षणको छ ... आश्वास प्रश्वासमा पृथ्वीधातु ठोस लक्षणको छ - यसरी जानकारी हुन्छ। उसको आलम्बनको रसको अनुभव गर्ने वेदना वेदनास्कन्ध हो ... यसले सम्प्रयुक्त चित्त विज्ञानस्कन्ध हो - यसरीजानकारी हुन्छ। यसप्रकार वेदनाको अनुसार अरुपधर्म जानकारीहुन्छ।

कसैलाई, पृथ्वीधातु ठोस लक्षणको हो, यसरी आलम्बनलाई जान्ने विज्ञान-विज्ञानस्कन्ध हो। त्यसले सम्प्रयुक्त वेदना वेदनास्कन्ध हो। संज्ञ -संज्ञास्कन्ध हो स्पर्श र चेतना संस्कारस्कन्ध हो यसरी जानकारी हुन्छ। त्यसरी केशमा पृथ्वीधातु ठोस लक्षणको छ ... आश्वासप्रश्वासमा पृथ्वीधातु ठोस लक्षणको छ - यसरी आलम्बनलाई जान्ने विज्ञा विज्ञानस्कन्ध हो, त्यसले सम्प्रयुक्त वेदना-वेदनास्कन्ध हो, संज्ञा संज्ञास्कन्ध हो, स्पर्श र चेतना सस्कारस्कन्ध हो - यसरी जानकारी हुन्छ। यसप्रकार



Downloaded from http://www.dhamma.digital

विज्ञानअनुसार अरुपधर्म जानकारी हुन्छ।

यसै उपायले कर्मले उत्पन्न हुने केशमा पृथ्वीधातु ठोस लक्षणको हो - आदिढंगले बयालीस धातुको भागहरूमा चारचार धातुहरूअनुसार र शेष चक्षुधातु आदि रूप परिग्रहहरूमा सबै नयको भेदअनुसार सम्झेर योजना गर्नुपर्दछ।

यसरी सुविशुद्ध रूपका परिग्रह गर्ने त्यस योगीलाई नै अरुपधर्म तीन आकारहरूले प्रकट हुन्छन्, यसैले सुविशुद्ध रूपको परिग्रह गर्नेलाई नै अरुपको परिग्रहको लागि भिड्नुपर्दछ। अरुलाई होइन। यदि एक या दुई अरुपधर्मको जानकारी हुँदा रुपलाई छाडेर अरुपको परिग्रह प्रारम्भ गर्दछ, तब कर्मस्थानदेखि परिहीन हुन जान्छ। पृथ्वीकसिणको भावनामा भनिएको पहाडीगाईसमान बुझ्नुपर्दछ। तर सुविशुद्ध रुपको परिग्रह गर्ने अरुपको परिग्रहको लागि योग गर्नेको कर्मस्थान वृद्धि, विरुढि वैपुल्यतालाई प्राप्त हुन्छ।

ऊ यसरी स्पर्श आदिअनुसार जानकारी हुँदा चार अरुपीस्कन्धहरूलाई नाम तथा त्यसको आलम्बन भएको चार महाभूत र चारै महाभूतहरूलाई लिएर प्रवर्तित रूप रूप हो - यसरी निरुपण गर्दछ। यसप्रकार अठार धातुहरू, बाह्र आयतन, पाँच स्कन्ध - यसरी सबै त्रैभूमिकधर्महरूलाई, तलवारले सन्दूकलाई खोल्नेझैं र जोडी ताडको स्कन्धलाई फोड्नेझैं नाम र रूपको दुई भागहरूमा निरुपण गर्दछ। नामरूपभन्दा अगाडि अन्य सत्व, पुद्गल, देव या ब्रह्मा छैन भनी निष्कर्षमा पुग्दछ।

ऊ यसरी यथार्थ स्वभावले नामरूपको निरुपण गरी राम्ररी सत्व, पुद्गल-यस लोक व्यवहारको प्रहाणको लागि, सत्व संमोहलाई त्याग्ने र असंमोहभूमिमा चित्तलाई राख्नको लागि धेरै जसो सूत्रान्तहरू अनुसार 'यो नामरूप मात्र हो, सत्व होइन, पुद्गल होइन यस कुराको मेल बसाएर निरुपण गर्दछ। संयुक्त निकाय (६,२,१०) अनुसार यो भनिएको छ -

*यथापि अंग सम्भारा होति सद्दो रथो इति।*
*एवं खन्धेसु सन्तेसु होति सत्तो ति सम्मुति॥*

(जसरी अंगहरूको सम्भारले रथ - शब्द हुन्छ, यसरी स्कन्धहरूको हुँदा सत्व हो यसरी व्यवहार हुन्छ)

अर्को पनि मज्झिम निकाय (१,३,८) अनुसार 'आवुस, जसरी काष्ठ, डोरी (लहरा), माटो र घाँसले घेरिएको आकाश घर भनिन्छ। यसरी नै आवुस, हड्डी, नशा, मासु र छालाले घेरिएको आकाश रूप (शरीर) भनिन्छ।" अर्को पनि संयुक्त निकाय (६,२,१०) अनुसार भनिएको छ।

*दुक्खमेव हि सम्भोति दुक्खं तिट्ठति वेति च।*
*नाञ्ञत्र दुक्खा सम्भोति नाञ्ञं दुक्खं निरुज्झति॥*

(दुःख नै उत्पन्न हुन्छ, दुःख रहन्छ र नाश हुन्छ। दुःखको अतिरिक्त अरु उत्पन्न हुँदैन र न दुःखको अतिरिक्त अरू निरुद्ध हुन्छ।)

यसरी सयभन्दा अधिक सूत्रान्तहरूले नामरूप नै प्रकाशित गरिएको छ, न सत्व, न पुद्गल हुन्। यसैले जसरी धुरी, चक्का, पञ्जर, ईषा आदि अंग सम्भारहरूले एक आकारले बनाइएको हुनाले



Downloaded from http://www.dhamma.digital

रथ भनिन्छ, परमार्थले एकएक अंगमा राम्ररी विचार गर्दा रथ छैन । जसरी काष्ट आदिको घरको सम्भारहरूको एक आकारले आकाशलाई घेरेर रहँदा घर भनिन्छ, परमार्थमा घर रहँदैन । जसरी औंला, बुढी औंला आदिको एक प्रकारले रहँदा मुट्ठी भनिन्छ; द्रोणी, तांत आदिको वीणा; हाथी घोडा आदिको सेना; प्रकार, गृह, गोपुर आदिको नगर; हाँगा, शाखा, पालुवा आदिको एक आकार रहँदा रूख भनिन्छ, परमार्थले एकएक भागमा राम्ररी विचार गर्दा घर, मुट्ठी, वीणा, सेना, नगर, रूख छैन । यसरी नै पाँच उपादानस्कन्धहरू हुँदा सत्व, पुद्गल भनिन्छ, परमार्थले एकएक धर्ममा राम्ररी विचार गर्दा "म हुँ" (अभिमान) या "म" (आत्मा भाव) यसप्रकार ग्रहण गर्ने वस्तु भएको सत्व छैन, परमार्थले नामरूप मात्र नै छ । यसरी देख्न भिक्षुको दर्शन यथार्थदर्शन हुन्छ ।

जो यस यथार्थदर्शनलाई छाडेर सत्व छ यसरी ग्रहण गर्दछ, त्यो उसको विनाश या अविनाशलाई मान्दछ । अविनाशलाई मान्दै शाश्वतदृष्टिमा पर्दछ र विनाशलाई मान्दै उच्छेदमा पर्दछ । किन ? दूधको अन्वयले दहीसमान, त्यसको अन्वयले अन्यको अभावले । त्यो 'सत्व शाश्वत हो' यसरी ग्रहण गर्दै भवमा नै टाँसिएर बस्दछ । "उच्छेद भएर जान्छ" - यसरी ग्रहण गर्दा अति धावन गर्दछ । त्यसले इतिवृत्तक (२,२,१२)अनुसार भगवान्ले भन्नुभयो - 'भिक्षुहरू, दुई दृष्टिहरूले पछ्यारिएका देव मनुष्यहरूमध्ये कोही भवमा नै टाँसिएर बस्दछ, कोही अतिधावन गर्दछ । आँखा हुनेले नै देख्दछ भिक्षुहरू, कसरी कोही भवमा टाँसिन्छ ? भिक्षुहरू, देव मनुष्य भवमा रमाउने छन् , भवमा रत रहने छन् भवमा मुदित हुन्छन् । उनीहरूलाई भवको निरोधको लागि धर्मको उपदेश दिइँदा, चित्त दौडिंदैन, प्रसन्न हुँदैन, ठहरिंदैन, लाग्दैन । भिक्षुहरू, यसरी कोही भवमा नै टाँसिन्छन् ।

भिक्षुहरू, कसरी कोही अतिधावन गर्दछन् ? भवले नै कोही दुःखित हुँदै, लज्जित हुँदै, घृणा गर्दछन्, विनाश हुनेको अभिनन्दन गर्दछन्, जसले यो आत्मा कायको भेदले उच्छेद हुन जान्छ, नष्ट हुन्छ, परम मरणपश्चात हुँदैन, यो शान्त छ, यो उत्तम छ, यो यथार्थ छ । भिक्षुहरू, यसरी कोही अतिधावन गर्दछन् ।

भिक्षुहरू, कसरी आँखा हुनेले नै देख्दछन् ? यहाँ भिक्षुहरू, भिक्षु भूत (पञ्चस्कन्ध)लाई भूतको (भैरहेको) रूपमा देख्दछ - भूतलाई भूतको रूपमा देखेर भूतको निर्वेद, विराग निरोधको लागि प्रतिपन्न हुन्छ । यसरी भिक्षुहरू, आँखा हुनेले नै देख्दछ ।"

यसैले जसरी काष्ट यन्त्र शून्य, निर्जीव, निरीह हुन्छ, तर काष्ट र डोरीको योगले चल्दछ पनि, उठ्दछ पनि, सचेष्ट र सक्रियजस्तै जानकारी हुन्छ । यसरी यो नामरूप पनि शून्य, निर्जीव, निरीह छ, तर एक अर्काको समायोगले चल्दछ पनि, उभिन्छ पनि, सचेष्ट र सक्रिय जानकारी हुन्छ - सम्झिनुपर्दछ । त्यसैले पुराना मानिसहरूले भनेका छन् -

*नामञ्च रूपञ्च इधत्थि सच्चतो ।*
*न हेत्थ सत्तो मनुजो च विज्जति ॥*
*सुञ्ञं इदं यन्तमिवाभिसंखतं ।*
*दुक्खस्स पुञ्जो तिणकट्ठसादिसो ॥*

(यस शरीरमा यथार्थत नाम र रूप छन् सत्व र मनुज यसमा विद्यमान छैन । बनाइएको



Downloaded from http://www.dhamma.digital

यन्त्रजस्तै शून्य छ, तृण या काष्टको पुञ्जजस्तै दुःखको पुञ्ज हो ।)

न केवल यसलाई काष्टयन्त्रको उपमाले प्रत्युत अन्य पनि, नरकटको बोझ आदिको उपमाहरूले स्पष्ट गर्नुपर्दछ। जस्तै - नरकटको दुई बोझाहरूलाई एक अर्काको सहाराले राखिएको हुँदा एक अर्कोको अवलम्ब हुन्छ, एकको खस्दैमा अर्को पनि खस्दछ। यसरी नै पञ्चअवकारभवमा नामरूप एकअर्काको सहाराले प्रवर्तित हुन्छ। एक अर्कोको अवलम्व हुन्छ, मरणअनुसार एकको खस्नाले अर्को पनि खस्दछ। त्यसैले पुराना मानिसहरूले भनेका छन्।

*यमकं नामरूपञ्च उभो अञ्ञोञ्ञनिस्सिता।*
*एकस्मिं भिज्जमानस्मिं उभो भिज्जन्ती पच्चया॥*

(नाम र रूप दुवै जोडा अन्योन्याश्रित छन्, एकको नाश हुँदा दुवै प्रत्यय नष्ट हुन्छन्।)

जसरी डण्डाले पीट्दा भेरीको सहाराले शब्द निस्कन्छ, तर भेरी अर्को हुन्छ, शब्द अर्कै हुन्छ, भेरी तथा शब्द अमिश्रित छन्। भेरी शब्दले शून्य छ, शब्द भेरीले शून्य छ। यसरी वस्तु, द्वार, आलम्बन, भनिने रूपको सहाराले नाम प्रवर्तित हुन्छ। तर रूप अर्कै हो र नाम अर्कै हो। नाम तथा रूप अमिश्रित छन्। नाम रूपले शून्य छ, रूप नामले शून्य छ। फेरि पनि भेरीको कारणले शब्द भएजस्तै रूपको कारण नाम प्रवर्तित हुन्छ। त्यसैले पुराना मानिसहरूले भनेका छन् –

*न चक्खुतो जायरे फस्सपञ्चमा न रुपतो नो च उभिन्नमन्तरा।*
*हेतुं पटिच्च पभवन्ति संखता यथापि सद्दो पहटाय भेरिया॥*

(चक्षुले स्पर्श, वेदना, संज्ञा, चेतना, चित्त आदि स्पर्श पञ्चम उत्पन्न हुँदैनन्, न त रूपले नै न त दुवैको बीचबाट उतपन्न हुन्छ। चक्षु, रूप, आलोक मनसिकार आदि देखिने हेतुको कारण संस्कृत (प्रतीत्य समुत्पन्न) त्यसरी नै उत्पन्न हुन्छन् जसरी भेरीलाई पीट्दा शब्द निस्कन्छ।)

*न सोततो जायरे फस्सपञ्चमा न सद्दतो नो च उभिन्नमन्तरा।*
*हेतुं पटिच्च पभवन्ति संखता यथापि सद्दो पहटाय भेरिया॥*
*न घानतो जायरे फस्सपञ्चमा न गंधतो नो च उभिन्नमन्तरा।*
*हेतुं पटिच्च पभवन्ति संखता यथापि सद्दो पहटाय भेरिया॥*
*न जीव्हतो जायरे फस्सपञ्चमा न रसतो नो च उभिन्नमन्तरा।*
*हेतुं पटिच्च पभवन्ति संखता यथापि सद्दो पहटाय भेरिया॥*
*न कायतो जायरे फस्सपञ्चमा न फस्सतो नो च उभिन्नमन्तरा।*
*हेतुं पटिच्च पभवन्ति संखता यथापि सद्दो पहटाय भेरिया॥*
*न वत्थुरुपा पभवन्ति संखता न चापि धम्मायतनहि निग्गता।*
*हेतुं पटिच्च पभवन्ति संखता यथापि सद्दो पहटाय भेरिया॥*

(श्रोत्रले स्पर्श पञ्चम उत्पन्न गर्दैन, न त शब्दले र न दुवैको बीचबाट। ... घ्राणले स्पर्श पञ्चम उत्पन्न गर्दैन न त रसले र न दुवैको बीचले ... काय ... स्पर्श। वस्तुरुपले संस्कृत उत्पन्न हुँदैन र धर्मायतनले पनि निस्कँदैन। हेतुको कारण संस्कृत त्यसरी नै उत्पन्न हुन्छन् जसरी भेरीलाई बजाउँदा शब्द निस्कन्छ।)



Downloaded from http://www.dhamma.digital

अरू पनि, यहाँ नाम निस्तेज छ - आफ्नो तेजले प्रवर्तित हुन सक्दैन । न खान्छ, न पिउँछ, न बोल्छ, न इर्यापथ (हिंडडुल) गर्छ । रूप पनि निस्तेज छ, आफ्नो तेजले प्रवर्तित हुन सक्दैन, उसलाई खानको इच्छा छैन, पिउने इच्छा छैन, बोल्ने इच्छा छैन, ईर्यापथ गर्ने इच्छा छैन । तर नामको सहाराले रूप प्रवर्तित हुन्छ र रूपको सहाराले नाम प्रवर्तित हुन्छ । नामको खानेको इच्छा, पिउने इच्छा, बोल्ने इच्छा, ईर्य्यापथ गर्ने इच्छा हुदा रूप खान्छ, पिउँछ, बोल्छ, ईर्य्यापथ गर्दछ ।यस कुराको स्पष्ट गर्नको लागि यस उपमालाई भन्नुपर्छ –

जन्माध र लंगडाको उपमा - जसरी एक जन्मान्ध र एक लंगडा कतै जान चाहोस् । जन्मान्धले लंगडोलाई यसो भन्यो - 'भाई म खुट्टाले हिंड्न सक्दछु, तर मेरो आँखा छैन, जसले समविषम देखुँ ।" लंगडाले पनि जन्मान्धलाई यसो भन्यो - "भाई, म आँखाले देख्न सक्दछु तर मेरो खुट्टा छैनन्, जसले गर्दा हिंड्न सकुँ वा फर्किन सकुँ ।" उनीहरू धेरै नै प्रसन्न भए। जन्मान्धले लंगडालाई आफ्नो काँधमा राख्यो, लंगडा जन्मान्धको काँधमा बसेर यसरी भन्यो - वाँया हिड-दायाँ पक्र, दायाँ हिड वायाँ पक्र ।" त्यो जन्मान्ध पनि निस्तेज र दुर्बल छ, आफ्नो तेजले र आफ्नो बलले जाँदैन, लंगडा पनि निस्तेज र दुर्बल छ आफ्नो तेजले र बलले जाँदैन । तर उनीहरू गमन एक अर्काको सहाराले हुन्छ । यसरी नै नाम पनि निस्तेज छ, आफ्नो तेजले उत्पन्न हुँदैन । त्यसत्यस क्रियाहरूमा प्रवर्तित हुँदैन । रूप पनि निस्तेज छ, आफ्नो तेजले उत्पन्न हुँदैन । त्यसत्यस क्रियाहरूमा प्रवर्तित हुँदैन, तर त्यसको उत्पत्ति र प्रवर्ति एक अर्काको सहारा हुन्छ । त्यसैले यो भनिन्छ –

*न सकेन वलेन जायरे, नोपि सकेन बलेन तिट्ठरे ।*
*पर धम्मवसानुवत्तिनो जायरे संखाता अत्तदुब्बला ॥*

(आफ्नो बलले उत्पन्न हुँदैनन्, आफ्नो बलले स्थित हुँदैन, प्रत्युत अरू धर्महरूको वशमा रहने आत्म दुर्बल र संस्कृतधर्म नै उत्पन्न हुनछन् ।)

*परपच्चयतो च जायरे परआरम्मणतो सम्मुट्ठिता ।*
*आरम्मणपच्चयेहि च परधम्मेहि चिमे पभाविता ॥*

(अन्य धर्महरूको प्रत्ययले उत्पन्न हुन्छन् । अन्य धर्महरूको आलम्बनले स्थित रहन्छन् । यी अन्य धर्महरूको आलम्बन र प्रत्ययले उत्पादित छन् ।)

*यथापि नावं निस्साय मनुस्सा यन्ति अण्णवे ।*
*एवमेव रूपं निस्साय नामकायो पवत्तति ॥*

(जसरी नाउको सहारा मनुष्य समुद्रमा जान्छन्, यसरी नै रूपको सहारा नामकाय प्रवर्तित भइरहेको छ ।)

*यथा मनुस्से निस्साय नावा गच्छति अण्णवे ।*
*एवमेव नामं निस्साय रुपकायो पवत्तति ॥*

(जसरी मनुष्यहरूको सहारा नाउ समुद्रमा जान्छन्, यसरी नै नामको सहाराले रूपकाय प्रवर्तित भैरहेको छ ।)



Downloaded from http://www.dhamma.digital

*उभो निस्साय गच्छन्ति मनुस्सा नावा च अण्णवे ।*
*एवं नामञ्च रुपञ्च उभो अञ्ञोञ्ञनिस्सिता ॥*

(मनुष्य र नौका दुवै एक अर्काको सहाराले समुद्रमा जान्छन्, यसरी नामरुप दुवै अन्योन्याश्रित छन् ।)

यसप्रकार नानाढंगले नामरूपको निरुपण गर्नेको सत्वको संज्ञालाई दबाएर असंमोहभूमिमा स्थित नामरूपको यथार्थदर्शन दृष्टिविशुद्धि जान्नुपर्दछ । नामरूपको निरुपण र संस्कारहरूको परिच्छेद यसैको नाम हो ।

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धिमार्गमा प्रज्ञा भावनाको भागमा*
*दृष्टिविशुद्धि नामक*
*अठारौं परिच्छेद समाप्त*

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# उन्नाइसौं परिच्छेद
## कांक्षावितरणविशुद्धि निर्देश

यसै नामरूपको प्रत्ययको परिग्रहले तीनै कालहरूमा कांक्षा (शंका)लाई मेटाएर प्राप्त भएको ज्ञान कांक्षावितरण-विशुद्धि हो।

यसलाई पूर्ण गर्ने इच्छुक भिक्षु, जसरी दक्ष वैद्य रोगलाई देखेर उसको कारणलाई खोज्दछ अथवा जसरी दयालु पुरुष कलिलो साना, उतानो सुत्ने बालकलाई बाटोमा सुतेको देखेर 'यो कसको छोरा होला ? भनी उसको आमाबाबुको आवर्जन गर्दछ, यसरी नै यस नामरूपको हेतुप्रत्ययलाई खोज्दछ।

त्यो प्रारम्भदेखि नै यसप्रकार सोच्दछ - यो नामरूप विनाहेतुको छैन, किनकि, यदि हेतु नभएमा, सबै ठाउँमा, सर्वदा एक सदृश हुनेथियो। ईश्वर आदि हेतुले पनि होइन किनकि नामको अगाडि ईश्वर आदिको अभाव छ। जसले नामरूप मात्रलाई नै ईश्वर आदि भन्दछन् तब उसको ईश्वर आदि भनिने नामरूप अहेतुक छैन। यसैले यसको हेतुप्रत्यय हुनुपर्दछ। तर ती कुनचाहिं हुन् ?

यसप्रकार नामरूपको हेतुप्रत्ययहरूको आवर्जन गरी, यस रूपकायको हेतुप्रत्ययहरूको यसरी परि ग्रह गर्दछ - "यो काय उत्पन्न भएको उत्पल, पद्म, पुण्डरीक, कुमुदिनी आदिभित्र उत्पन्न हुँदैन। न मणि, मोतीको खानीभित्र उत्पन्न हुन्छ। प्रत्युत आमाशय र पक्वाशयको बीच, आमाशयपछाडि र पीठ्यूँको हड्डीअगाडि गरी ठूलोआन्द्रा तथा सानोआन्द्राले घेरिएको स्वयं पनि दुर्गन्ध, घृणित, प्रतिकुल, दुर्गन्ध, प्रतिकूल; अत्यन्त साँघुरो स्थापना सडेको माछा, सडेको मुर्दा, सडेको दाल, रछ्यान फोहर खाल्डो आदिमा कीरासमान उत्पन्न हुन्छन्। त्यसरी उत्पन्न भएको त्यस कायको अविद्या, तृष्णा, उपादान, कर्म- यी चार धर्म उत्पन्न गर्नाले हेतु हुन् र आहार सम्हाल्नाले प्रत्यय हुन् - यसरी पाँच धर्म हेतुप्रत्यय हुन्छन्। त्यसमा पनि अविद्या आदि तीन यस कायको बच्चाको लागि आमासमान उपनिश्रय हुन्छन्। कर्म, पुत्रको लागि पिताजस्तै जनक हुन्छ। आहार, बच्चाको लागि धाइजस्तै धारण गर्ने हुन्छ।"

यसप्रकार रूपकायको प्रत्ययको परिग्रह गरी फेरि - "चक्षु र रूपको कारण चक्षुविज्ञान उत्पन्न हुन्छ।" आदिप्रकारले संयुक्त निकाय (१२,५,४) अनुसार भनिएअनुसार नामकायको परिग्रह गर्दछ। ऊ यसरी प्रत्ययले नामरूपको प्रवर्तितलाई देखेर जसरी ऊ यस समयमा छ, यसरी नै अतीतकालमा पनि प्रत्ययले प्रवर्तित भएको थियो र भविष्यमा पनि प्रवर्तित हुनेछ भनी देख्दछ।

यसरी देख्नेलाई मज्झिम निकाय (१,१,२) अनुसार जुन त्यो पूर्वान्तप्रति "म अतीतकालमा थिएँ कि ? म अतीतकालमा के भएको थिएँ ? कसरी म अतीतकालमा भएको थिएँ ? अतीतकालमा म के भएर के भएको थिएँ ?" आदि विचार उत्पन्न हुन्छन्, जसलाई पाँच प्रकारका विचिकित्सा भनिएका छन्। जुन



Downloaded from http://www.dhamma.digital

पनि अपरान्तप्रति "म भविष्यकालमा हुनेछु ? के म भविष्यकालमा हुँला ? भविष्यकालमा म के हुँला ? कसरी भविष्यकालमा हुँला ? भविष्यकालमा के भएर के हुँला ?" आदि विचारहरूलाई पाँच प्रकारका विचिकित्सा भनिएका छन् र जुन वर्तमानकालप्रति अध्यात्मको शंका गर्ने हुन्छ - "म हुँ ? म हैन ? म के हुँ ? म कसरी हुँ ? यो सत्व कहाँबाट आएको हो ? ऊ कहाँ जाने होला ? यस्ता ६ प्रकारको विचिकित्सा भनिएका छन् । ती सबै नाश भएर जान्छन् ।

अर्को साधारण र असाधारणअनुसार दुई प्रकारको नामको प्रत्ययलाई देख्दछ तथा कर्मअनुसार चार प्रकारको रूपको प्रत्ययलाई देख्दछ । नामको साधारण र असाधारण दुई प्रत्यय हुन्छन् । चक्षु आदि ६ द्वार र रूप आदि ६ आलम्बन नामको साधारण प्रत्यय हुन् । कुशल आदिको भेदले सबैप्रकारका पनि त्यसले प्रवर्तित हुनाले मनसिकार आदि असाधारण हुन् । योनिसो मनसिकार, सद्धर्मश्रवण आदि कुशलका नै हुन्छन् त्यसैगरी अयोनिस मनसिकार अकुशलको, कर्म आदिको विपाकको, भवांग आदि क्रियाको प्रत्यय हुन्छन् ।

रूपको कर्म, चित्त, ऋतु, आहार - यी चार प्रकारका प्रत्यय हुन् । त्यसमा अतीतकालको कर्म नै कर्मले उत्पन्न रूपको प्रत्यय हुन्छ । चित्त चित्तले उत्पन्न हुने रूपको प्रत्यय हुन्छ । ऋतु, आहार ऋतु आहारले उत्पन्न भएको स्थितिक्षण प्रत्यय हुन्छन् । यसरी एक नामरूपको प्रत्ययको परिग्रह गर्दछ ।

ऊ यसप्रकार प्रत्ययले नामरूपको प्रवर्तिलाई देखेर, जसरी यो यस समय छ, यसरी नै अतीतकालमा पनि प्रत्ययले प्रवर्तित भएको थियो, भविष्यकालमा पनि प्रत्ययले प्रवर्तित हुनेछ - भनी देख्दछ । यसरी देख्नेलाई उक्तप्रकारले नै तीनै कालहरूमा विचिकित्सा नाश भएर जान्छ ।

अर्को, यिनै नामरूप भनिने संस्कारहरूको बूढा हुने र बूढा हुनेको विनष्ट भएकोलाई देखेर, यो संस्कारहरू बुढा हुनु र मर्नु, जन्म हुँदा हुन्छ । जन्म भव हुँदा, भव उपादान हुँदा, उपादान तृष्णा हुँदा, तृष्णा वेदना हुँदा, वेदना स्पर्श हुँदा, स्पर्श ६ आयतन हुँदा, ६ आयतन नामरूप हुँदा, नामरूप विज्ञान हुँदा, विज्ञान संस्कारहरू हुँदा, संस्कार अविद्या हुँदा - यसरी प्रतिलोम प्रतीत्य समुत्पादअनुसार नामरूपको प्रत्ययको परिग्रह गर्दछ । तब भनिएप्रकारले उसको विचिकित्सा नाश भएर जान्छ ।

अर्को 'यसप्रकार ... अविद्याको प्रत्ययले संस्कार' पहिले विस्तारपूर्वक देखाइएको अनुलोम प्रतीत्य समुत्पादअनुसार नै नामरूपको प्रत्ययको परिग्रह गर्दछ । तब उक्तप्रकारले नै उसको विचिकित्सा नाश भएर जान्छ ।

अर्को 'पहिलेको कर्मभवमा मोहमा अविद्या हो - राशिकरण संस्कार हो, चाहना तृष्णा हो, दृढतापूर्वक ग्रहण गर्नु उपादान हो, चेतना भव हो - यसप्रकार यी पाँच धर्म पहिलेको कर्मभवमा यहाँ प्रतिसन्धिको प्रत्यय हुन् । यहाँ प्रतिसन्धिविज्ञान हो, आमाको पेटमा प्रवेश गर्नु नामरूप हो, प्रसाद आयतन हो, छुनु स्पर्श हो, अनुभव गर्नु वेदना हो - यसप्रकार यी पाँच धर्म यहाँ उत्पत्तिभवमा पहिले गरिएको कर्मको प्रत्यय हुन् । यहाँ आयतनहरूको परिपक्व हुनाले मोह अविद्या हो ... चेतना भव हो - यसप्रकार यी पाँच धर्म यहाँ कर्मभवमा अगाडि प्रतिसन्धिको प्रत्यय हुन् ।" यसरी कर्मवर्त्त र विपाकवर्त्तअनुसार नामरूपको प्रत्ययको परिग्रह गर्दछ ।



Downloaded from http://www.dhamma.digital

## चार प्रकारका कर्म

चार प्रकारका कर्म हुन् - (१) दिट्ठधम्म वेदनीय (२) उपपज्ज वेदनीय (३) अपरापरिय वेदनीय (४) अहोसि कर्म । त्यसमा एक जवनको वीथिमा सातै चित्तहरूमा कुशल या अकुशलचेतना दिट्ठधम्म वेदनीयकर्म हो । त्यो यसै आत्मभाव (जीवनकाल)मा विपाक दिन्छ । त्यस्तो गर्न नसक्दै, कर्म भएको, तर कर्मविपाक नभएको, कर्मविपाक नहुने, कर्मविपाक छैन - यस त्रिकअनुसार अहोसिकर्म हुन्छ । अर्थको सिद्ध गर्ने सातौं जवनचेतना उपपज्जवेदनीयकर्म हो । यो ठीक पछाडिको आत्मभावमा विपाक दिन्छ । दुवैको वीचको पाँच जवनचेतनाहरू अपरापरियवेदनीयकर्म हुन् । यो भविष्यमा जव अवसर पाउँछ तब विपाक दिन्छ । संसारको प्रवर्ति हुँदा अहोसिकर्म हुँदैन ।

अरू पनि चार कर्म हुन्छन् – (१) गरुकर्म - जुन कर्मको बढी ओजन (प्रभाव) हुन्छ त्यसलाई गरु (वजनदार) कर्म भनिन्छ कुशलमा यो महग्गत र अकुशलमा आमा बाबु, अरहन्तहरूलाई मार्नु, बुद्धलाई घाइते बनाउनु र संघभेदजस्ता आनन्तरियकर्म हुन्छन् । कुशल होस् या अकुशल, कर्मको फल दिंदा सबैभन्दा पहिले गरुकर्म भएको हुन्छ, त्यही पहिले विपाक दिन्छ । (२) आचिण्णकर्म - जुन कर्मलाई बारम्बार गरिन्छ, वा अभ्यस्त हुन्छ त्यसलाई आचिण्णकर्म भनिन्छ । कुशलमा दानशील भावना आदि नित्य गर्नु र अकुशलमा मिथ्याकर्मआदि आउँछन् । त्यसरी बहुल, अवहुलकर्महरूमा जुन बहुल हुन्छ, सुशीलता, दुःशीलता त्यही पहिले विपाक दिन्छ । (३) आसन्नकर्म - मर्ने समयमा गरिएको वा अनुस्मरण गरिएको कर्म आसन्न कर्म भनिन्छ । मृत्युको नजिक हुने व्यक्ति जुन कर्म गर्दछ वा पुरानो अनुस्मरण गर्न सक्दछ, त्यसै कर्मअनुसार नयाँभवमा उत्पन्न हुन्छ । (४) कटत्ताकर्म - उपरोक्त कर्महरूले रहित पुनः पुनः सेवित वा समय समयमा गरिएको कर्मलाई कटताकर्म हुन्छ । त्यसको अभावमा ऊ प्रतिसन्धिलाई तानेर ल्याउँछ ।

अरू पनि चार प्रकारका कर्म छन् – (१) जनककर्म - जनक कुशल पनि हुन्छ, अकुशल पनि हुन्छ । त्यो प्रतिसन्धिमा पनि, प्रवृर्ति (जीवनकाल)मा पनि रूप, अरूप, विपाकस्कन्धहरूलाई उत्पन्न गर्दछ । (२) उपस्थम्भककर्म - उपस्थम्भकले विपाक उत्पन्न गर्न सक्दैन, अन्य कर्मले दिइएको प्रतिसन्धिले विपाकको उत्पन्न हुँदा उत्पन्न हुने सुखदुःखलाई अवलम्बन गर्दछ, धेरै दिनसम्म प्रवर्तित गर्दछ । (३) उपपीडककर्म - उपपीडकले अन्यकर्मले दिइएको प्रतिसन्धिले विपाकको उत्पन्न हुँदा, उत्पन्न हुने सुखदुःखलाई पीडित गर्दछ, वाधा गर्दछ, धेरै दिनसम्म प्रवर्तित हुन दिंदैन । (४) उपधातककर्म - उपघातक स्वयं कुशल अकुशल हुँदै पनि अन्य दुर्बलकर्मको हिंसा गरी त्यसको विपाकलाई हटाएर आफ्नो विपाकको लागि अवकाश गर्दछ । यसरी कर्मले अवकाश गरिंदा त्यो विपाक उत्पन्न भएको भनिन्छ ।

यसप्रकार यी वाह्र कर्महरूको कर्मान्तर र विपाकान्तर बुद्धहरूको कर्मविपाकज्ञानलाई नै यथार्थ रूपले प्रकट हुन्छ । श्रावकहरूलाई असाधारण छ । तर विपश्यना गर्ने योगीलाई कर्मान्तर र विपाकान्तरको एक भागलाई जान्नुपर्दछ । यसैले यो द्वार मात्रको दर्शनले कर्मको विशेषता बताइएको छ । यसप्रकार यस बाह्र प्रकारका कर्महरूलाई कर्मवर्त्तमा राखेर, यसरी एक कर्मवर्त्त र विपाकवर्त्तअनुसार नामरूपको प्रत्ययको परिग्रह गर्दछ ।



Downloaded from http://www.dhamma.digital

ऊ यसप्रकार कर्मवर्त्त र विपाकवर्त्तअनुसार प्रत्ययले नामरूपको प्रवर्तिलाई देखेर, जसरी यो यस समय छ, यसरी अतीतकालमा पनि कर्मवर्त्तअनुसार प्रत्ययले प्रवर्तित भएको थियो । भविष्यमा पनि कर्मवर्त्त र विपाकवर्त्तअनुसार प्रत्ययले प्रवर्तित हुनेछ । यसप्रकार कर्म र विपाक, कर्मवर्त्त र विपाकवर्त्त, कर्मको प्रवर्ति र विपाकको प्रवर्ति, कर्मको सन्तति र विपाकको सन्तति एवं क्रिया र क्रियाको फल हुन् भनी यसप्रकार देख्दछ -

*कम्मा विपाका वत्तन्ति विपाको कम्मसम्भवो ।*
*कम्मा पुनब्भवो होति एवं लोको पवत्तति ॥*

(कर्म र विपाक विद्यमान् छन्, विपाक कर्मले सम्भूत छ र कर्मले पुनर्भव हुन्छ - यसरी संसार प्रवर्तित भइरहेको छ ।)

त्यसरी देख्ने त्यस योगीको जुन त्यो पूर्वान्तआदिकोप्रति 'म भएको थिएँ ? आदि प्रकारले भनिएको सोह्र प्रकारका विचिकित्सा छन्, त्यी सबै नाश भएर जान्छन् । सबै भव, योनि, गति, स्थिति, निवासमा हेतुफलको सम्बन्धअनुसार प्रवर्तित हुँदै गरेको नामरूप मात्र नै जानकारी हुन्छ । ऊ कारणभन्दा अगाडि कर्तालाई देख्दैन, न विपाकको प्रवर्तिभन्दा अगाडि विपाक भोग्नेलाई देख्दछ । तर कारण हुँदा कर्त्ता छ र विपाकको प्रवर्ति हुँदा भोग्ने छ, यसरी व्यवहार मात्रले पण्डितहरू भन्दछन् - भनी ऊ राम्ररी प्रज्ञाले देख्दछ । त्यसैले पुराना मानिसहरू भन्दछन् –

*कम्मस्स कारको नत्थि विपाकस्स च वेदको ।*
*सुधम्मा पवत्तन्ति एवेतं सम्मदस्सनं ॥*

(कर्मको कर्त्ता छैन र न विपाकको भोक्ता छ । शुद्ध धर्म मात्र प्रवर्तित हुन्छन् - यसप्रकार जान्नु सम्यकदर्शन हो ।)

Dhamma.Digital

*एवं कम्मे विपाके च वत्तमाने सहेतुके ।*
*बीज रूक्खादिकानं व पुब्बा कोटि न ञायति ॥*

(यसरी सहेतुककर्म र विपाकको प्रवर्तित हुँदा वीज, रूखआदिजस्तै पूर्वसुरुआत (किनारा) जानकारी हुँदैन ।)

*अनागतेपि संसारे अप्पवत्तिं न दिस्सति ।*
*एतमत्थं अनञ्ञाय तित्थिया असयंवसी ॥*

(भविष्यत्कालमा पनि संसारमा अप्रवर्ति देखापर्दैन, यस कुरालाई नजानेर तीर्थक (अन्य मतावलम्बीहरू) परवश छन् ।)

*सत्त सञ्ञं गहेत्वान सस्सतुच्छेददस्सिनो ।*
*द्वासट्ठिदिट्ठिं गण्हन्ति अञ्ञमञ्ञविरोधिता ॥*

(सत्व भएको संज्ञालाई ग्रहण गरी शाश्वत र उच्छेददर्शनलाई मान्नेहरू परस्पर विरोधी बासठ्ठी प्रकारका मिथ्यादृष्टिहरूलाई ग्रहण गर्दछन् ।)



Downloaded from http://www.dhamma.digital

*दिट्ठिबन्धनबन्धा ते तण्हासोतेन वुय्हरे ।*
*तण्हासोतेन वुय्हन्ता न ते दुक्खा पमुच्चरे ॥*

(ती दृष्टिबन्धनले बाँधिएको, तृष्णास्रोतसंग वहिरहेका छन् र ती तृष्णास्रोतसंग बहँदै दुःखबाट छुटकारा पाउँदैनन् ।)

*एवमेतं अभिञ्ञाय भिक्खु बुद्धस्स सावको ।*
*गम्भीरं निपुणं सुञ्ञं पच्चयं पटिविज्झति ॥*

(यसरी यसलाई जानेर बुद्धश्रावक भिक्षु गम्भीर, निपूर्ण, शून्य प्रत्ययको ज्ञान प्राप्त गर्दछ ।)

*कम्मं नत्थि विपाकम्हि पाको कम्मे न विज्जति ।*
*अञ्ञमञ्ञं उभो सुञ्ञा न च कम्मे विना फलं ॥*

(विपाकले कर्म छैन, कर्ममा विपाक छैन, एक अर्कोले दुवै शून्य छन् र कर्मविना फल छैन ।)

*यथा न सुरिये अग्गि, न मणिम्हि न गोमये ।*
*न तेसं बहि सो अत्थि, सम्भारेहि च जायति ॥*

(जसरी सूर्यमा आगो छैन । न मणिमा, न गोवरमा छ र त्यो त्यसको बाहिर पनि छैन, प्रत्युत कारणहरूले उत्पन्न हुन्छन् ।)

*तथा न अन्तो कम्मस्स विपाको उपलब्भति ।*
*बहिद्धापि न कम्मस्स न कम्मं तत्थ विज्जति ॥*

(त्यसरी कर्मभित्र विपाक हुँदैन, कर्मबाहिर पनि हुँदैन र त्यसमा कर्म छैन ।)

*फलेन सुञ्ञं तं कम्मं, फलं कम्मे न विज्जति ।*
*कम्मञ्च खो उपादाय ततो निब्बत्तती फलं ॥*

(त्यो कर्म फलले शून्य छ, फल कर्ममा छैन, तर कर्मको कारण त्यसले फल उत्पन्न हुन्छन् ।)

*न हेत्थ देवो ब्रह्मा वा संसारस्सत्थि कारको ।*
*सुद्धधम्मा पवत्तन्ति हेतु सम्भार पच्चया ॥*

(कोही संसारको कर्ता देव या ब्रह्मा छैन, हेतुप्रत्ययको कारण शुद्ध धर्म मात्र प्रवर्तित भैरहेका छन् ।)

त्यस यसरी कर्मवर्त्त र विपाकवर्त्तअनुसार नामरूपको प्रत्ययको परिग्रह गरी तीनै कालहरूमा विचिकित्सा नाश भएकोलाई सारा अतीत, भविष्यत्, वर्तमानको धर्म च्युति, प्रतिसन्धिअनुसार विदित हुन्छन् । ऊ त्यसको ज्ञानवती प्रज्ञा हुन्छ । ऊ यसरी जान्दछ - जुन अतीतमा कर्मको प्रत्ययले उत्पन्न स्कन्ध थियो, ती त्यही निरुद्ध भए, तर अतीतकर्मको प्रत्ययले यस भवमा अन्यस्कन्ध उत्पन्न भए । अतीतभवले यस भवमा आएको एउटै पनि धर्म छैन । यसभवमा पनि कर्मको प्रत्ययले उत्पन्न भएको



Downloaded from http://www.dhamma.digital

स्कन्ध निरुद्ध भइजान्छन् । अर्को भवमा अन्य उत्पन्न हुन्छन् । यसरी यस भवले अर्को भवमा एक धर्म पनि जादैन । फेरी पनि, जसरी आचार्यको मुखबाट निस्केर पाठ शिष्यको मुखमा घुस्दैन र त्यसकारणले शिष्यलाई पाठ आउँदैन - भनी सम्झिनु हुँदैन । दूतद्वारा पिएको मन्त्रजल रोगीको पेटमा घुस्दैन र त्यसकारणले रोग शान्त हुँदैन - भनी सम्झिनु हुँदैन । क्रिम पाउडरद्वारा श्रृंगारिएको अनुहारअगाडि राखिएको ऐना आदिमा परेको मुखाकृति जाँदैन र त्यसकारण श्रृंगार आदि देखापर्दैन भनी सम्झिनु हुँदैन एक वत्तीको दीपशिखा अर्को वत्तीमा सर्दैन र त्यहाँ त्यसकारणले दीप शिखा उत्पन्न हुँदैन - भनी सम्झिनु हुँदैन । यसरी नै अतीतभवले यस भवमा या यहाँबाट पूनर्भवमा कुनै धर्म जाँदैन र अतीतभवमा स्कन्ध, आयतन, धातुको प्रत्ययले पूनर्भवमा स्कन्ध, आयतन, धातुहरू उत्पन्न हुँदैन - भनी सम्झिनु हुँदैन ।

*यथेव चक्खुविञ्ञाणं मनोधातु अनन्तरं ।*
*न चेव आगतं नापि न निब्बतं अनन्तरं ॥*
*तथेव पटिसन्धिम्हि वत्तते चित्तसन्तति ।*
*पुरिमं भिज्जति चित्तं पच्छिमं जायति ततो ॥*
*तेसं अन्तरिका नत्थि, वीचि तेसं न विज्जति ।*
*त चितो गच्छति किञ्चि पटिसन्धि च जायति ॥*

(जसरी मनोधातुको अनन्तर चक्षुविज्ञान आएको छैन र त्यसको अनन्तर उत्पन्न भएको छैन, यस्तो होइन । त्यसरी नै प्रतिसन्धिमा चित्तसन्तति प्रवर्तित हुन्छ, पूर्वको चित्त नाश हुन्छ, त्यसपछि पछिल्लो चित्त उत्पन्न हुन्छ । त्यसको बीच अन्तर छैन । त्यसको वीचि छैन । यहाँबाट केही जाँदैन र प्रतिसन्धि उत्पन्न हुन्छन् ।)

यसरी च्युति र प्रतिसन्धिअनुसार जान्नयोग्य धर्मको सबप्रकारले नामरूपको परिग्रहको ज्ञान बलवान् हुन्छ । सोह्र प्रकारका विचिकित्सा राम्ररी नाश भएर जान्छन् र न केवल त्यही - "शास्तामा कांक्षा (शंका) गर्दछ" आदिप्रकारले धम्मसंगणी तथा विभंगमा भनिएअनुसार प्रवर्तित हुने शास्ता, धर्म, संघ, शिक्षा, पूर्वान्त, अपरान्त, र प्रतीत्य समुत्पादधर्महरूमा गरिने आठ प्रकारका विचिकित्साहरू पनि नाश भएर जान्छन्, बासठ्ठी प्रकारका दृष्टिहरू दब्दछन् ।

यसरी नानाप्रकारले नामरूपको प्रत्ययको परिग्रहले तीनै कालमा कांक्षालाई मेटेर प्राप्त भएको ज्ञान कांक्षावितरणविशुद्धि हो भनी यसरी जान्नुपर्दछ । धर्मस्थिति ज्ञान, यथाभूतज्ञान र सम्यकदर्शन पनि यसैको नाम हो ।

पटिसभिदामग्ग ((१,१८) मा भनिएको छ - "अविद्या प्रत्यय हो, संस्कार प्रत्ययले समुत्पन्न हुन् । यी दुवै धर्म प्रत्ययले समुत्पन्न छन् - यसरी प्रत्ययको परिग्रहमा प्रज्ञा धर्मस्थितिज्ञान हो ।" "अनित्यको स्तरमा मनमा गर्दै कति धर्महरूलाई जान्दछ, देख्दछ ? कसरी सम्यकदर्शन हुन्छ ? कसरी त्यसको सम्बन्धले सारा संस्कार अनित्यको स्तरमा राम्ररी देखिएको हुन्छ ? कहां शंका प्रहीण हुन्छ ? दुखको स्तरमा ...अनात्मको स्तरमा मनमा गर्दै कति धर्महरूको यथार्थ जान्दछ, देख्दछ ? ... कहाँ कांक्षा (शंका) प्रहीण हुन्छ ? अनित्यको स्तरमा मनमा गर्दै निमित्तलाई यथार्थ जान्दछ, देख्दछ, त्यसले



Downloaded from http://www.dhamma.digital

भनिन्छ सम्यकदर्शन । यसरी त्यसको सम्बन्धको सारा संस्कार अनित्यको स्तरमा राम्ररी देखिएका हुन्छन् । यहाँ कांक्षा प्रहीण हुन्छ । दुःखको स्तरमा मनमा गर्दै प्रवर्तिलाई यथार्थ जान्दछ देख्दछ । - अनात्मको स्तरमा मनमा गर्दै निमित्त र प्रवर्तिलाई यथार्थ जान्दछ, देख्दछ । त्यसले भनिन्छ सम्यकदर्शन । यसरी त्यसको सम्बन्धले सारा धर्म अनात्मको स्तरमा राम्ररी देखिएका हुन्छन् । यहाँ कांक्षा प्रहीण हुन्छन् । जुन यथार्थ ज्ञान हो - जुन सम्यकदर्शन हो र जुन कांक्षावितरण हो, के यी धर्म नाना अर्थ, नाना व्यञ्जनयुक्त छन् अथवा एक अर्थयुक्त छन्, व्यञ्जन पनि भिन्न छन् ? जुन यथार्थज्ञान हो, जुन सम्यकदर्शन हो र जुन कांक्षावितरण हो, यी धर्म एक अर्थयुक्त छन्, व्यञ्जन नै भिन्न छन् ।"

यस ज्ञानयुक्त विपश्यना गर्ने भिक्षु बुद्धशासनमा आश्वासन पाएर, प्रतिष्ठा पाएर, नियत गतियुक्त कान्छो स्रोतापन्न हुन्छ ।

*तस्मा भिक्खु सदा सतो नामरूपस्स सब्बसो ।*
*पच्चये परिगण्हेय्य कंखावितरणत्थिको ॥*

(त्यसैले कांक्षावितरणको इच्छुक भिक्षु सर्वदा स्मृतिवान भएर सबैप्रकारले नामरूपको प्रत्ययहरूको परिग्रह गरोस् ।)

*सज्जनहरूको प्रमोदको लागि लेखिएको*
*विशुद्धिमार्गमा प्रज्ञा भावनाको भागमा*
*कांक्षावितरण विशुद्धि नामक*
*उन्नाइसौं परिच्छेद समाप्त*



Downloaded from http://www.dhamma.digital

# वीसौं परिच्छेद

## मार्गामार्ग-ज्ञानदर्शन-विशुद्धि निर्देश

यो मार्ग हो, यो अमार्ग हो, यसप्रकार मार्ग र अमार्गलाई जानेर प्राप्त भएको ज्ञान मागामार्ग-ज्ञानदर्शन-विशुद्धि हो ।

### सम्मसन ज्ञान

त्यसलाई पूर्ण गर्ने इच्छुकलाई कलापहरूको सम्मसन, (समर्शन, विचार मनन गर्न) रूपी नय (विपश्यना)मा लाग्नुपर्दछ । किन ? आरब्धविपश्यकको अवभासआदि उत्पन्न हुँदा मार्गामार्गज्ञान उत्पन्न हुनाले । किनकिआरब्धविपश्यकलाई अवभासआदिको उत्पन्न हुँदा मार्गामार्ग ज्ञान हुन्छ र विपश्यनाको कलापहरूको समस्सन सुरुआत हो, यसैले यो कांक्षावितरणको अनन्तर भनिएको छ । अरू पनि, तीर णपरिज्ञाको प्रवर्तित हुँदै मार्गामार्ग ज्ञान उत्पन्न हुन्छन् र तीरणपरिज्ञा ज्ञातपरिज्ञाको अनन्तरहुन्छ, यसैले पनि त्यस मार्गामार्ग-ज्ञानदर्शन-विशुद्धिलाई पूर्ण गर्ने इच्छुकलाई कलापहरूको सम्मसनमा लाग्नुपर्दछ ।

यो विनिश्चय हो - तीन लौकिक परिज्ञा छन् - (१) ज्ञातपरिज्ञा र जसको सम्बन्धमा भनिएको छ - "अभिज्ञाको प्रज्ञा जान्ने अर्थमा ज्ञान हो । परिज्ञाको प्रज्ञा तीरण ((निर्णय) गर्ने अर्थमा ज्ञान हुने । प्रहाणको प्रज्ञा क्लेशहरूलाई त्याग्ने अर्थमा ज्ञान हो । त्यहाँ विनष्ट भएको लक्षण रूप हो । अनुभव गर्ने लक्षण वेदना हो" - यसरी तीती धर्महरूको अध्यात्मलक्षणको विचार गर्नेअनुसार प्रवर्तित प्रज्ञा (२) तीरणपरिज्ञा रूप अनित्य छ, वेदना अनित्य छ आदिप्रकारले त्यसै धर्महरूको सामान्य लक्षणलाई लिएर प्रवर्तित लक्षणलाई आलम्बन गरिएको प्रज्ञा हो । (३) प्रहाणपरिज्ञा । त्यसै धर्महरूमा नित्य भएको विचारलाई त्याग्नेअनुसार प्रवर्तित लक्षणलाई आलम्बन गरिएको प्रज्ञा हो ।

संस्कारपरिच्छेद (नामरूपको निरुपण)देखि लिएर प्रत्यय परिग्रहसम्मज्ञातपरिज्ञाको भूमि हो । यसमा अध्यात्मलक्षणको ज्ञानका नै प्रधानता हुन्छ । कलापहरुको धर्महरूको सम्मसनदेखि लिएरउदयव्ययको अनुपश्यनासम्म तीरणपरिज्ञाको भूमि हो । यसमा सामान्यलक्षणको ज्ञानको नै प्रधानता हुन्छ । भंगानुपश्यनादेखि प्रारम्भ गरी माथि प्रहाणपरिज्ञाको भूमि हो । त्यहाँदेखि लिएर 'अनित्यको स्तरमा देख्दै नित्य संज्ञालाई त्यागदछ । दुःखको स्तरमा देख्दै सुखसंज्ञालाई ... अनात्मको स्तरमा देख्दै आत्मसंज्ञालाई, निरोध गर्दै समुदयलाई प्रतिनिशर्ग गर्दै ग्रहण गर्नेलाई त्यागदछ" यसरी नित्य संज्ञा आदिको प्रहाणलाई सिद्ध गर्ने सात अनुपश्यनाहरूको प्रधानता छ ।

यसप्रकार यी तीनै परिज्ञाहरूमा संस्कार परिच्छेद र प्रत्ययपरिग्रहको सिद्ध हुनाले यस योगीलाई ज्ञातपरिज्ञा नै प्राप्त हुन्छ र अरू अझै प्राप्त गर्नयोग्य हुन्छ । त्यसैले भनियो - "किनकि तीरणपरिज्ञाको प्रवर्तित हुँदै मार्गामार्ग ज्ञान उत्पन्न हुन्छ । ... दर्शनविशुद्धिलाई पूर्ण गर्ने इच्छुकलाई कलापहरूको



Downloaded from http://www.dhamma.digital

सम्मसनमा लाग्नुपर्दछ ।

यो पटिसम्भिदामग्ग (१) पालि हो - 'कसरी भूत, भविष्यत, र वर्तमान्धर्महरूलाई संग्रह गरी निरुपण गर्नुमा प्रज्ञा सम्मसन ज्ञान हो ? जुनकुनै रूप भूत, भविष्य, र वर्तमान्को छ, भित्री ... जुन टाढा या नजिक छ, सबै रूपलाई अनित्यको स्तरमा निरुपण गर्दछ - यो एक सम्मसन हो । दुःखको स्तरमा निरुपण गर्दछ - यो एक सम्मसन हो । जुनकुनै वेदना ... जुनकुनै विज्ञान ... अनात्मको स्तरमा निरुपण गर्दछ - यो एक सम्मसन हो । चक्षु ... जरामरण भूत - भविष्यत वर्तमान्को हो, त्यसलाई अनित्यको स्तरमा सम्मसन गर्दछ - यो एक सम्मसन हो । दुःखको स्तरमा ...अनात्मको स्तरमा निरुपण गर्दछ - यो एक सम्मसन हो ।

भूत, भविष्य, वर्तमान्रूप क्षय हुने अर्थमा अनित्य हो । भय भएको अर्थमा दुःख हो । साररहित भएको अर्थमा अनात्म हो - यसरी संग्रह गरी निरुपण गर्नुमा प्रज्ञा सम्मसनज्ञान हो । वेदना... विज्ञान...चक्षु...जरामरण... सम्मसनज्ञान हो । भूत, भविष्य, वर्तमान्को रूप अनित्य, संस्कृत (प्रत्ययहरूद्वारा बनिएको) प्रतीत्यसमुत्पन्न, क्षय, व्यय, विराग, निरोधको स्वभाव हो - यसरी संग्रह गरी निरुपण गर्नुमा प्रज्ञा सम्मसन ज्ञान हो । वेदना... विज्ञा..., चक्षु... जरामरण... भूत, भविष्य, वर्तमान् अनित्य ... निरोधको स्वभाव हो - यसरी संग्रह गरी निरुपण गर्नुमा प्रज्ञा सम्मसनज्ञान हो ।

जातिको प्रत्ययले जरामरण हुन्छ, जाति नहुँदा जरामरण हुँदैन - यसरी संग्रह गरी निरुपण गर्नुमा प्रज्ञा सम्मसनज्ञान हो । भूतकालमा पनि, भविष्यतकालमा पनि, जातिको प्रत्ययले जरामरण हुन्छ, जाति नहुँदा जरामरण हुँदैन । यसरी संग्रह गरी निरुपण गर्नुमा प्रज्ञा सम्मसनज्ञान हो । भवको प्रत्ययले जाति ... अविद्याको प्रत्ययले संस्कार हुन्छन्, अविद्या नहुँदा संस्कार हुँदैनन् - यसरी संग्रह गरी निरुपण गर्नुमा प्रज्ञा सम्मसनज्ञान हो । भूतकालमा पनि, भविष्यकालमा पनि अविद्याको प्रत्ययले संस्कार हुन्छन्, अविद्याको नहुँदा संस्कार हुँदैनन् - यसरी संग्रह गर्नुमा प्रज्ञा सम्मसनज्ञान हो । त्यो जान्ने अर्थमा ज्ञान हो । प्रजानन गर्ने अर्थमा प्रज्ञा हो । त्यसले भनिन्छ - भूत, भविष्य, वर्तमान्का धर्महरूलाई संग्रह गरी निरुपण गर्नुमा प्रज्ञा सम्मसनज्ञान हो ।"

अरू, त्यहाँ - "चक्षु ... जरामरण" यस ऐजनले द्वार र आलम्बनहरूसंगै द्वारमा प्रवर्तित धर्म, पञ्चस्कन्ध, ६ द्वार, ६ आलम्बन, ६ विज्ञान, ६ स्पर्श, ६ वेदना, ६ संज्ञा - ६ चेतना, ६ तृष्णा, ६ वितर्क, ६ विचार, ६ धातुहरू, दश कसिण, बत्तीस कोट्ठास, बाह्र आयतन, अठार धातुहरू, बाइस इन्द्रिय तीन धातुहरू, नौ भव, चार ध्यान, चार अप्रमाण्य (ब्रह्मविहार) चार समापत्तिहरू, बाह्र प्रतीत्यसमुत्पादको अंग यी धर्मसमूह संग्रह गरिएका छन् भनी जान्नुपर्दछ ।

पटिसम्भिदामग्ग (१,३) अभिज्ञेय निर्देशमा भनिएको छ - "भिक्षुहरू, सबै अभिज्ञेय हुन् । भिक्षुहरू के सबै अभिज्ञेय हुन् ? भिक्षुहरू चक्षुरूप, ... चक्षुविज्ञान ... चक्षुस्पर्श ... जुन पनि यी चक्षुस्पर्शको कारण सुख, दुःख या अदुःख वेदना उत्पन्न हुन्छ,न् ती पनि अभिज्ञेय हुन् । श्रोत्र ... जुन पनि यी मनोस्पर्शको कारण सुख, दुःख या उपेक्षा वेदना उत्पन्न हुन्छन्, ती पनि अभिज्ञेय हुन् ।

रूप... विज्ञान..., चक्षु... मन... रूप... धर्म... चक्षुविज्ञान, मनोविज्ञान, चक्षुस्पर्श,मनोस्पर्श...चक्षुस्पर्शले



Downloaded from http://www.dhamma.digital

उत्पन्न वेदना ... मनोस्पर्शले उत्पन्न वेदना ... रूपसंज्ञा ... धर्मसंज्ञा ... रूपसंचेतना... धर्मसंचेतना ... रूपतृष्णा, ... धर्मतृष्णा...रूपवितर्क ... धर्मवितर्क (रूप आदि धर्महरूमा हुने वितर्क) ... रूपविचार... धर्मविचार ... पृथ्वीधातु...विज्ञानधातु... पृथ्वीकसिण ... विज्ञानकसिण...केश, गिदी...चक्षुआयतन ... धर्मायतन ... चक्षुधातु ... मनोविज्ञानधातु... चक्षुइन्द्रिय - आज्ञातावेन्द्रिय ... कामधातु ... रूपधातु अरुपधातु...कायधातु...रुपभव, अरुपभव, संज्ञाभव, असंज्ञाभव, नैवसंज्ञानासंज्ञाभव, एकअवकारभव, चार अवकारभव, पञ्चअवकारभव... प्रथमध्यान ... चतुर्थध्यान ... मैत्रीचित्तको विमुक्ति ... उपेक्षाचित्तको विमुक्ति ... आकाशानन्त्यायतन समापत्ति ... नैवसंज्ञानासंज्ञायतन समापत्ति ... अविद्या अभिज्ञेय हो ... जरामरण अभिज्ञेय हो।"

यसरी विस्तार गरी भनिएको हुनाले यहाँ सबै ऐजनले संक्षिप्त गरिएको छ। यसप्रकार संक्षिप्त हुँदा यहाँ जुन लोकोत्तरधर्म आएका छन्, ती सम्मसनयोग्य नहुनाले यस प्रसंगमा ग्रहण गर्नु हुँदैन र जुन पनि सम्मसनयोग्य छन्, त्यसमा जुन जसलाई प्रकट हुन्छन्, सुखपूर्वक परिग्रह हुन जान्छन्, त्यसमा त्यसलाई सम्मसन आरम्भ गर्नुपर्दछ।

यो स्कन्धहरूअनुसार आरम्भ गर्ने विधानको योजना हो - जुनकुनै रूप ... सबै रूप अनित्यको स्तरमा निरुपण गर्दछ - यो एक सम्मसन हो। दु:खको स्तरमा, अनात्मको स्तरमा निरुपण गर्दछ - यो एक सम्मसन हो। यतिले यो भिक्षु 'जुनकुनै रूप छ' यसरी अनिश्चितरूपले निर्दिष्ट सबै रूपहरूलाई भूतकालको त्रिकद्विकहरूले - यसरी एघार स्थानहरूले परिच्छेद गरी सबै रूपलाई अनित्यको स्तरमा निरुपण गर्दछ। 'अनित्य हो' यसरी सम्मसन गर्दछ। कसरी ? अगाडि भनिएप्रकारले। भनिएको छ - "भूत, भविष्य, वर्तमान्रूप क्षय भएको अर्थमा अनित्य हो।"

यसैले यो - "जुन भूतकालमा रूप थियो, त्यो भूतकालमा नै क्षीण भयो यस भवलाई पाएन - यसरी क्षय भएको अर्थमा अनित्य हो। जुन भविष्यमा ठीक पछिल्लो जन्ममा उत्पन्न हुनेछ, त्यो पनि त्यही क्षीण हुनेछ, त्यसपछि अर्को भवलाई जाने छैन - यसरी क्षय भएको अर्थमा अनित्य हो। जुन वर्तमान्रूप हो - त्यो पनि यहीं क्षीण हुन जान्छ, यहाँबाट जाँदैन - यसरी क्षय भएको अर्थमा अनित्य हो। जुन अध्यात्म (भित्री) हो, त्यो पनि अध्यात्ममा नै क्षीण हुन जान्छ, वाह्यलाई प्राप्त हुँदैन - यसरी क्षय भएको अर्थमा अनित्य हो। जुन बाह्य हो ... स्थूल ... सूक्ष्म ... हीन ... प्रणीत ... दुरस्थ ... समीपस्थ हो - त्यो पनि त्यहीं क्षीण हुन जान्छ, दूरस्थ हुँदैन - यसरी क्षय भएको अर्थमा अनित्य हो। यसप्रकार सम्मसन गर्दछ। यी सारा पनि क्षय भएको अर्थमा अनित्य हुन् - यसअनुसार एक सम्मसन हो, तर भेदले एघार प्रकारका हुन्छन्।

अरू सारा नै त्यो भय भएको अर्थमा दु:ख हो। भय भएको अर्थमा - यसको भयानक हुनाले। जुन अनित्य हुन्छ, त्यो भयावह हुन्छ। संयुक्त निकाय (२१,२,३,६) को सीहोपम सुत्तमा देवताहरूजस्तै। यसप्रकार यो पनि भय भएको अर्थमा दु:ख हो - यसअनुसार एक सम्मसन हो। तर भेदले एघार प्रकारका हुन्छन्।

अरू, जसरी दु:ख हो, यसरी सारा पनि त्यो साररहित भएको अर्थमा अनात्म हो। साररहित हुने अर्थमा = आत्म वास गर्ने, कर्ता, अनुभव गर्ने, आफ्नो वशमा रहने - यसरी परिकल्पित आत्मसारको अभावले अनात्म हो। जुन अनित्य हुन्छ, त्यो दु:ख हुन्छ, आफ्नो पनि अनित्यता या उत्पत्ति



Downloaded from http://www.dhamma.digital

र विनाशको पीढालाई टाल्न सक्दैन । तब कहाँबाट त्यो कर्ता आदि हुन्छ ? संयुक्त निकाय (२१,१,२,४) अनुसार भनियो - 'भिक्षुहरू, यो रूप आत्मा भएमा यो रूप रोगी नहोस्" आदि । यसप्रकार यो पनि साररहित भएको अर्थमा अनात्म हो - यसअनुसार एक सम्मसन हो, तर भेदले एघार प्रकारका हुन्छन् । यसरी नै वेदना आदि पञ्चस्कन्धमा बुझ्नुपर्दछ ।

जुन अनित्य छ - त्यो किनकि नियमतः संस्कृत आदिको भेद हुन्छ, यसैले उसको पर्यायलाई देखाउनको लागि - 'भूत, भविष्य, वर्तमान्रूप अनित्य, संस्कृत, प्रतीत्य समुत्पन्न, क्षय, व्यय, विराग, निरोध स्वभावका हुन् " भनी पालिमा भनिएको छ । यसप्रकार वेदना आदिमा पनि बुझ्नुपर्दछ । त्यो त्यसलाई नै पाँच स्कन्धहरूमा अनित्य, दुःख, अनात्मको सम्मसनलाई स्थिर हुनाको लागि जुन यो भगवान्द्वारा - "कुन चालीस आकारहरूले आनुलोमिक (आर्यमार्गको अधिगमको अनुकूल) क्षान्तिलाई प्राप्त गर्दछ ? किन चालीस आकारहरूले आर्यमार्गमा उतार्दछ ?" यसको विभंग (व्याख्या)मा "पञ्चस्कन्धहरूलाई अनित्य, दुःख, रोग, घाउ, शल्य, अध (पाप), आवधा, परवश, प्रलोक, विपत्ति, उपद्रव, भय, उपसर्ग, चञ्चल, प्रभुंगुर, अध्रुव, अत्राण, अगुहा, अशरण, रिक्त, तुच्छ, शून्य, अनात्म, आदीनव, विपरिणामधर्म, असार, अघको जड, बधक, विभव, सास्रव, संस्कृत, मारको आमिष, जातिस्वभाव, जरास्वभाव, व्याधिस्वभाव, मृत्युस्वभाव, शोकस्वभाव, परिदेवस्वभाव, उपायासस्वभाव र संक्लेशस्वभावले पञ्चस्कन्धहरूलाई अनित्यको स्तरमा देख्दै आनुलोमिक क्षन्तिलाई पाउँदछ । पाँचै स्कन्धहरूको निरोध निर्वाण हो - यसरी देख्दै आर्यमार्गमा उत्रिन्छ ।" आदिप्रकारले अनुलोमज्ञानको विस्तार गर्दै, भेदले अनित्यआदिलाई देख्नु भनिएको हो । त्यसअनुसार यी पञ्चस्कन्धहरूलाई देख्दछ ।

कसरी ? त्यो एकएक स्कन्धलाई अश्वाश्वत भएको र आदि, अन्त हुनाले अनित्य छ । उत्पत्ति, विनासले पीढित हुने र दुःखको वस्तु हुनाले दुःख छ । प्रत्ययहरूमा निर्भर रहने र रोगको जड हुनाले रोग हो । दुख, संखार, विपरिणाम आदि तीन प्रकारका दुःखतारूपी शूलयुक्त हुने, क्लेशरूपी अशुचीको बहने हुनाले, र उत्पत्ति जरा, भंगद्वारा फूल्ने, पाक्ने, नाश हुनाले घाउ हो । पीढा उत्पन्न गर्ने हुने, भित्र छेड्ने र कठिनाइले निकाल्नयोग्य हुनाले काँटा हो । विशेषरूपले निन्दनीय हुने, अवृद्धिको आव्हान गर्ने र पापवस्तु हुनाले अघ (भय) हो । अस्वन्तत्र भावलाई उत्पन्न गर्ने र आवाधाको पदस्थान हुनाले आवाधा हो । वशमा नहुने र विधानयोग्य नहुनाले परवश हो । व्याधि, जरा, मरणले प्रलोक हो । अनेक व्यसनलाई बोलाउनाले विपक्ति हो । विदित नहुँदै विपुल अनर्थहरूलाई बोलाउने र सबै उपद्रवहरूको वस्तु हुनाले उपद्रव हो । सबै भयहरूको आकार (उत्पत्ति स्थान) हुने र दुःखको उपशम भनिने परम आश्वास (निर्वाण)को विपत्ती हुनाले भय हो । अनेक अनर्थहरूद्वारा बाँधिएको हुने, द्वेषयुक्त हुने र राग आदिबाट टाढा नहुनाले उपसर्ग हो । व्याधि, जरा, मृत्यु र लाभ, अलाभ आदि लोकधर्महरूले प्रकम्पित हुनाले चञ्चल हो । उपक्रम र स्वाभाविककालले भंग हुनेतिर जाने स्वभाव हुनाले प्रभंगुर हो । रूखको फलजस्तै सबै अवस्थाहरूमा तल खस्ने र स्थिर हुने अभावले अध्रुव हो । आरक्षा नगर्ने र नपाउनेयोग्य क्षेमभाव हुनाले अत्राण हो । जोडिनयोग्य नहुने र जोडिएको पनि गुहाको काम नगर्नाले अगुहा हो । निश्रितहरूको (जन्म आदि)को भयलाई नाश नगर्ने हुनाले अशरण हो । परमार्थअनुसार अविद्यमान्, मूर्खहरुद्वारा यथापरिकल्पित ध्रुव, शुभ, सुख, आत्माले खाली भएकोले रिक्त हो । रिक्त हुनाले नै तुच्छ भनिन्छ । अथवा अल्प हुनाले, किनकि अल्प मात्र पनि तुच्छ भनिन्छ । स्वामी, निवासी, कर्ता, अनुभवी (वेदक) रहित हुनाले शून्य छ । आफ्नो पनि स्वामी आदि नहुनाले अनात्म हो । संसार प्रवर्तिको दुःखदायक हुने र दुःखको



Downloaded from http://www.dhamma.digital

अवगुण हुनाले आदीनव हो । अथवा निरन्तर दीन (दरिद्र) हुँदै जान्छ, प्रवर्तित हुन्छ, यसैले आदीनव हो । त्यो दीनदरिद्र मनुष्यको अधिवचन (नाम) हो । स्कन्ध पनि कृपण नै हुन्, यसप्रकार आदीनवजस्तै हुनाले आदीनव हो । जरा र मृत्यु - दुई प्रकारका परिणामको स्वभाव हुनाले विपरिणाम स्वभाव हो । फल्गु (साररहित ठोसरहित काठ) जस्तै हुनाले र सुखलाई विनाश गर्ने हुनाले असार हो । अघको हेतु हुनाले अघको जड हो । मित्रस्वरूप शत्रूजस्तै विश्वासघातक हुनाले वधक हो । वृद्धिरहित हुने र तृष्णादृष्टिले उत्पन्न हुनाले विभव हो । आस्रवहरूको प्रत्यय हुनाले सास्रव हो । हेतुप्रत्ययहरूले बनेको हुनाले संस्कृत हो । मृत्यमार र क्लेशमारको आभिष हुनाले मारको आभिष हो । जन्म, जरा, व्याधि, मृत्युको प्रकृति हुनाले जन्म, जरा, व्याधि मृत्युस्वभाव हो । शोक परिदेव, उपायासको हेतु हुनाले शोक परिदेव उपायासको स्वभाव हो । तृष्णादृष्टि, दुश्चरित्र, संक्लेशको विषय भएको स्वभावले संक्लेशिक हो । यसरी प्रभेदले भनिएको अनित्य आदिलाई देख्नेअनुसार सम्मसन गर्दछ ।

यहाँ, अनित्य, प्रलोक, चञ्चल, प्रमंगुर, अध्रुव, विपरिणाम स्वभाव, असार, विभव, संस्कृत र मरणस्वभावको स्तरमा एकएक स्कन्धमा दसदस गरी पचास अनित्यानुपश्यनाहरू हुन्छन् । परवश, रित्त, तुच्छ, शून्य र अनात्मको स्तरमा एकएक स्कन्धमा पाँचपाँच गरी पच्चीस अनात्मानुपश्यनाहरू हुन्छन् । शेष दुःख, रोग आदिको स्तरमा एकएकस्कन्धमा पच्चीसपच्चीस गरी एकसय पच्चीस दुःखानुपश्यनाहरू हुन्छन् । यसप्रकार यी दुइसय भेदयुक्त अनित्य आदिको सम्मसनले पञ्चस्कन्धहरूलाई सम्मसन गर्ने यस योगीको नयविपश्यना भनिने अनित्य, दुःखअनात्मको सम्मसन स्थिर हुन्छ । यो यहाँ पालिनयअनुसार सम्मसनको आरम्भको विधान हो ।

### रूपरअरूपको सम्मसन

जसले यसरी नयविपश्यनामा योग गर्दै पनि नयविपश्यना पूर्ण हुँदैन, उसले 'नवै आकारहरूले इन्द्रियहरू तीक्ष्ण हुन्छन्, (१) उत्पन्न भएको, उत्पन्न भएको संस्कारहरूको क्षयलाई नै देख्दछ (२) त्यसलाई आदरपूर्वक गरी पूर्ण गर्दछ । (३) निरन्तर गर्दै रहनाले पूर्ण गर्दछ । (४) अनुरुप क्रियाले पूर्ण गर्दछ । (५) समाधिको निमित्तलाई ग्रहण गर्नाले, (६) बोध्यङ्गहरूको अनुरुप प्रवर्तित हुनाले, (७) काय र जीवनमा अपेक्षा गर्दैन । (८) त्यहाँ नैष्क्रम्यले मर्दन गरी र बीचमा असंकोचले" यसरी भनिएको नौ आकारहरूअनुसार इन्द्रियहरूलाई तीक्ष्ण गरी पृथ्वीकसिण निर्देशमा भनिएको ढंगले सात प्रतिकूल कारणहरूलाई त्यागेर, सात अनुरुपकारणहरूको सेवन गर्दै, समयले रुपअरुपलाई राम्ररी हेर्नुपर्दछ ।

रुपलाई हेर्ने योगीले रुपको उत्पत्ति हेर्नुपर्दछ । जस्तै - यो रुप कर्म आदिअनुसार चार कारणहरूले उत्पन्न हुन्छन् । सार प्राणीहरूको रुप उत्पन्न हुँदै प्रथम कर्मले उत्पन्न हुन्छ । प्रतिसन्धिक्षण नै गर्भशायीलाई तीन सन्ततिहरूअनुसार वस्तु, काय, भावदशक भनिने तीस रुप उत्पन्न हुन्छन् र ती पनि प्रतिसन्धिचित्तको उत्पत्तिक्षणमा नै उत्पन्न हुन्छन् । जसरी उत्पत्तिक्षणमा त्यसरी नै स्थितिक्षणमा पनि, भंगक्षणमा पनि उत्पत्ति हुन्छन् ।

रुप विस्तारविस्तार निरुद्ध हुने र ढीलो गरी परिवर्तित हुने हुन्छ । चित्त शीघ्र निरुद्ध हुने र छिट्टै परिवर्तित हुने हुन्छ । अंगुत्तर निकाय (१,१०) अनुसार भगवान्ले भन्नुभयो 'भिक्षुहरू, एउटा धर्मलाई पनि यस्तो शिघ्र परिवर्तित भएको देख्दिन जस्तो कि भिक्षुहरू यो चित्त हो ।"



Downloaded from http://www.dhamma.digital

रूप रहिरहँदा पनि सोह्रपल्ट भवांगचित्त उत्पन्न भएर निरुद्ध हुन्छन् । चित्तको उत्पत्ति क्षण पनि, भंगक्षण पनि, एकसमान हुन्छन् । रुपको उत्पत्ति र विनाशक्षणचित्तसमान लघु हुन्छन् । तर स्थितिक्षण ठूलो हुन्छ । जबसम्म सोह्र चित्त उत्पन्न भएर निरुद्ध हुन्छन्, तबसम्म रुप प्रवर्तित भइरहन्छ ।

प्रतिसन्धिचित्तको उत्पत्तिक्षणमा उत्पन्न स्थितिलाई प्राप्त, पहिलो उत्पन्न हृदयवस्तुको सहाराले दोस्रो भवांग उत्पन्न हुन्छ । त्यससंगै उत्पन्न स्थितिलाई प्राप्त पहिलो उत्पन्न भएको हृदयवस्तुको सहारा तेस्रो भवांग उत्पन्न हुन्छ। यसप्रकार यावज्जीवन चित्तको प्रवर्ति जान्नुपर्दछ। आसन्नमृत्युप्राप्तलाई एउटै स्थितिप्राप्तवस्तुको सहारा सोह्र चित्त उत्पन्न हुन्छन् ।

प्रतिसन्धिचित्तको उत्पत्तिक्षणमा उत्पन्न रूप प्रतिसन्धिचित्तभन्दा अगाडि सोह्रौं चित्तसंगै निरुद्ध हुन्छ। स्थितिको क्षणमा उत्पन्न सत्रौंको उत्पत्तिसंगै निरुद्ध हुन्छ। भंगक्षणमा उत्पन्न सत्रौंको स्थितिक्षणलाई पाएर निरुद्ध हुन्छ । जबसम्म प्रवर्ति हुन्छ, तबसम्म यसरी नै प्रवर्तित हुन्छ । औपपातिहरूको पनि सात सन्ततिहरूअनुसार सत्तरी रूप यसरी नै प्रवर्तित हुन्छन् ।

(१) कर्म, (२) कर्मले उत्पन्न कर्मप्रत्यय, (३) कर्मप्रत्यय चित्तले उत्पन्न, (४) कर्मप्रत्यय आहारले उत्पन्न, (५) कर्मप्रत्यय ऋतुले उत्पन्न आदि विभागहरु जान्नुपर्दछ ।

त्यहां (१) कर्म कुशल, अकुशलचेतना हो । (२) कर्मले उत्पन्न = विपाकस्कन्ध र चक्षुदशक आदि सत्तरी रूप हुन्छन् । (३) कर्मप्रत्यय = त्यही हो । किनकि कर्म कर्मले उत्पन्न भएको रुपको उपनिश्रय (उपस्तम्भक) प्रत्यय पनि हुन्छ । (४) कर्मप्रत्यय चित्तले उत्पन्न = विपाकचित्तले उत्पन्न रूपलाई भनिन्छ । (५) कर्मप्रत्यय आहारले उत्पन्न = कर्मले उत्पन्न रूपहरूमा स्थितिप्राप्त ओज अन्य ओजाष्टमकलाई उत्पन्न गर्दछ। त्यहाँ पनि ओज स्थितिलाई पाएर अन्यलाई उत्पन्न गर्दछ - यसरी चार या पांच प्रवर्तिहरूलाई मिलाउँदछ । कर्मप्रत्यय ऋतुले उत्पन्न = कर्मजअग्निधातु स्थितिप्राप्त ऋतुले उत्पन्न ओजाष्टमकलाई उत्पन्न गर्दछ । त्यहाँ पनि ऋतु अन्य ओजाष्टमकलाई उत्पन्न गर्दछ - यसरी चार या पाँच प्रवर्तिहरूलाई मिलाउँदछ । यसप्रकार कर्मजरुपको उत्पत्ति हेर्नुपर्दछ ।

चित्तजहरूमा पनि (१) चित्त, (२) चित्तले उत्पन्न, (३) चित्तप्रत्यय, (४) चित्तप्रत्यय आहारले उत्पन्न, (५) चित्तप्रत्यय ऋतुले उत्पन्न - यो विभाग जान्नुपर्दछ ।

त्यहाँ चित्त = उनानब्बे चित्त छन् । त्यसमा -

*द्वतिसं चित्तानि छब्बीस ऊनवीसति सोलस ।*
*रुपिरियापथ विञ्ञत्ति जनकाजनका मता ॥*

(बत्तीस, छब्बीस, उन्नाइस, सोह्र चित्त रूपइर्यापथ, विज्ञप्तिको जनक र अजनक मानिन्छन् ।)

(१) चित्त कामावचरले आठ कुशल, बाह्र अकुशल, मनोधातुलाई छाडेर दश, कुशलक्रियाले दुई अभिज्ञाचित्त - यी बत्तीस चित्त रूपइर्यापथ र विज्ञप्तिलाई उत्पन्न गर्दछन् । विपाकहरूलाई छाडेर शेष दस रुपावचर, आठ अरुपावचर, आठैवटा पनि लोकोत्तरचित्त - यी छब्बीस चित्त ईर्यापथलाई उत्पन्न गर्दछन्, विज्ञप्तिलाई होइन । कामावचरमा दश भवांगचित्त, रुपावचरमा पाँच, तीन मनोधातु, एक विपाकअहेतुक मनोविज्ञानधातु सौमनस्यसहगत - यी उन्नाइस चित्त रुपलाई नै उत्पन्न गर्दछन्, इर्यापथ र विज्ञप्तिलाई उत्पन्न गर्दैनन् । द्वेपञ्चविज्ञान सबै प्राणीहरूको प्रतिसन्धिचित्त, क्षीणास्रवीहरूको च्युतिचित्त



Downloaded from http://www.dhamma.digital

चार आरुप्य विपाक - यी सोह्र चित्त रुपलाई उत्पन्न गर्दैनन्  न ईर्यापथ र विज्ञप्तिलाई उत्पत्ति गर्दछन् । जुन यहाँ रुपलाई उत्पन्न गर्दछन्, ती न स्थितिक्षणमा या न भंगक्षणमा उत्पत्ति गर्दछन् । किनकि त्यस समय चित्त दुर्बल हुन्छ । तर उत्पत्तिक्षण वलवान् हुन्छ । यसैले त्यो त्यस समय पहिले उत्पन्न हृदयवस्तुको सहारा रुपलाई उत्पन्न गर्दछ ।

(२) चित्तले उत्पन्न = तीन अरुपीस्कन्ध - शब्दनवक, कायविज्ञप्ति, वाक्‌विज्ञप्ति, आकाशधातु, लघुता, मृदुता, कर्मण्यता, उपचय, सन्तति - यी सत्तरी प्रकारका रुप हुन्छन् । (३) चित्त प्रत्यय = "पछाडि उत्पन्न भएको चित्त चैतसिकधर्म पहिले उत्पन्न भएको यस शरीरको" यसप्रकार भनिएका कर्म, चित्त, ऋतु, आहार चारैले उत्पन्न रुप हुन् ।

(४) चित्तप्रत्यय आहारले उत्पन्न = चित्तले उत्पन्न भएको रुपहरूमा स्थान प्राप्त ओज अन्य ओजाष्टमकलाई उत्पन्न गर्दछ, यसरी दुई तीन प्रवर्तिहरूलाई मिलाउँछ ।

(५) चित्तप्रत्यय ऋतुले उत्पन्न = चित्तले उत्पन्न ऋतु स्थानप्राप्त अन्य ओजाष्टमकलाई उत्पन्न गर्दछ । यसरी दुई तीन प्रवर्तिहरूलाई मिलाउँदछ । यसप्रकार चित्तजरुपको उत्पत्तिलाई हेर्नुपर्दछ ।

आहारले उत्पन्न भएको रुपहरूमा पनि (१) आहार, (२) आहारले उत्पन्न, (३) आहारप्रत्यय, (४) आहारप्रत्यय= आहारले उत्पन्न, (५) आहारप्रत्यय ऋतुले उत्पन्न - यी विभाग जान्नुपर्दछ ।

त्यहाँ आहार = कवलिंकारआहारलाई भनिन्छ । आहारले उत्पन्न = उपादिन्न कर्मजरूपको प्रत्ययलाई पाएर, यहाँ प्रतिष्ठित भएर, स्थानप्राप्त ओजले उत्पन्न गरिएको ओजाष्टमक, आकाशधातु, लघुता, मृदुता, कर्मण्यता, उपचय, सन्तति, यी चौध प्रकारका रुप हुन् । आहारप्रत्यय भनिन्छ = "कवलिंकारआहार यस शरीरको आहारप्रत्ययले प्रत्यय हुन्छ ।" यसरी भनिएको कर्म, चित्त, ऋतु, आहार चारैले उत्पन्न रुपलाई ।

आहारप्रत्यय आहारले उत्पन्न = आहारले उत्पन्न भएको रुपहरूमा स्थानप्राप्त ओज अन्य ओजाष्टमकलाई उत्पन्न गर्दछ । त्यहाँ पनि ओज अन्यलाई उत्पन्न गर्दछ - यसप्रकार दशबाह्रपल्ट प्रवर्तिहरूलाई मिलाउँदछ । एक दिन खाएको आहार सप्ताहभर पनि चल्दछ । तर दिव्यओज एक महीना, दुई महीना पनि चल्दछ । आमाले खाएको आहार पनि नाभिको मूलदेखि रस गएर बच्चाको स्नायुद्वारा शरीरमा व्याप्त भएर रुपलाई उत्पन्न गर्दछ । शरीरमा टाँसिएको आहार पनि रुपलाई उत्पन्न गर्दछ । कर्मजआहारलाई नै उपादिन्नकआहार भनिन्छन् । त्यो पनि स्थानप्राप्त रुपलाई उत्पन्न गर्दछ । त्यहाँ पनि अन्य रुपलाई उत्पन्न गर्दछ । यसरी चार या पाँच प्रवर्तिहरूलाई मिलाउँदछ ।

आहारप्रत्यय ऋतुले उत्पन्न = आहारले उत्पन्न अग्निधातु स्थानप्राप्त ऋतुले उत्पन्न ओजाष्टमकलाई उत्पन्न गर्दछ । त्यहाँ यो आहार आहारले उत्पन्न भएको रुपहरूको जनक भएर प्रत्यय हुन्छ र शेष रुपहरूको निश्रय, आहार, अस्ति, अविगतअनुसार प्रत्यय हुन्छन् । यसप्रकार आहारले उत्पन्न रुपको उत्पत्तिलाई हेर्नुपर्दछ ।

ऋतुले उत्पन्न भएको रुपहरूमा पनि (१) ऋतु, (२) ऋतुले उत्पन्न, (३) ऋतुप्रत्यय, (४) ऋतुप्रत्यय ऋतुले उत्पन्न, (५) ऋतुप्रत्यय आहारले उत्पन्न - यी विभाग जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

त्यहाँ (१) ऋतु भनिन्छ = चारैवटाले उत्पन्न अग्निधातुलाई। उष्णऋतु र शीतऋतु दुई प्रकारका हुन्छन्। (२) ऋतुले उत्पन्न = चारैले उत्पन्न ऋतु उपादिन्नकप्रत्ययलाई पाएर स्थानप्राप्त शरीरमा रुपलाई उत्पन्न गर्दछ। यो शब्दनवक, आकाशधातु, लघुता, मृदुता, कर्मण्यता, उपचय, सन्ततिआदि पन्ध्र प्रकारका हुन्छन्। (३) ऋतुप्रत्यय = ऋतु चारैले उत्पन्न रुपहरूको प्रवर्ति र विनाशको प्रत्यय हुन्छ।

(४) ऋतुप्रत्यय ऋतुले उत्पन्न = ऋतुले उत्पन्न अग्निधातु स्थानप्राप्त अन्य ओजाष्टमकलाई उत्पन्न गर्दछ। त्यहाँ पनि ऋतु अन्यलाई उत्पन्न गर्दछ - यसरी चिरकालसम्म (जुन अरुको लागि दश, बाह्रपल्ट भनियो त्यसभन्दा पनि धेरै बेरसम्म) पनि अनुपादिन्नहरूमा (मांसको अतिरिक्त केश रौं, नङ, दाँत, छाला आदिअनुसार जीवित शरीरमा) रहेर पनि ऋतुले उत्पन्न प्रवर्तित हुन्छ नै।

(५) ऋतुप्रत्यय आहारले उत्पन्न = ऋतुले उत्पन्न स्थानप्राप्त ओज अन्य ओजाष्टमकलाई उत्पन्न गर्दछ। त्यहाँ पनि ओज अन्यलाई उत्पन्न गर्दछ - यसप्रकार दश, बाह्र प्रवर्तिहरूलाई मिलाउँदछ। त्यहाँ यो ऋतु ऋतुले उत्पन्न रुपहरूको जनक भएर प्रत्यय हुन्छ। शेष रुपहरूको निश्रय, अस्ति, अविगतअनुसार प्रत्यय हुन्छन्। यसरी ऋतुले उत्पन्न भएको रुपको उत्पत्तिलाई हेर्नुपर्दछ। यसप्रकार रुपको उत्पत्तिलाई हेर्दै समयले रुपको सम्मसन गर्दछ।

जसरी रुपको सम्मसन गर्नेले रूपको, त्यसरी नै अरुपको सम्मसन गर्नेले पनि अरुपको उत्पत्तिलाई हेर्नुपर्दछ। त्यो पनि एकासी (८१) लौकिक चित्तोत्पत्तिअनुसार नै हेर्नुपर्दछ। जस्तै - यो अरुप पहिलेको भवमा गरिएको कर्मअनुसार प्रतिसन्धिमा उन्नाइस चित्तोत्पादको भेदले उत्पन्न हुन्छ। यसको उत्पन्न हुने आकारलाई प्रतीत्य समुत्पाद निर्देशमा भनिएको ढंगले नै जान्नुपर्दछ। त्यही प्रतिसन्धिचित्तको अनन्तर चित्तदेखि लिएर भवांगअनुसार र आयुको अन्तमा च्युतिअनुसार जान्नुपर्दछ। जुन त्यहाँ कामावचर छ त्यो ६ द्वारहरूमा बलवान् अतिमहन्त आलम्बनको हुँदा तदालम्बनअनुसार उत्पन्न हुन्छ।

प्रवर्ति (जीवनकाल) मा चक्षुप्रसादको विकृत नहुँदा, रुपहरूको सम्मुख आउनाले आलोकयुक्त मनसिकारको हेतुसम्प्रयुक्त धर्महरूसंगै चक्षुविज्ञान उत्पन्न हुन्छ। चक्षुप्रसादको स्थिति क्षण, स्थितिप्राप्त नै रूपचक्षुले संघर्षण गर्दछ। त्यसको संघर्षण गर्दा भवांग दुईपल्ट उत्पन्न भएर निरुद्ध हुन जान्छ। तत्पश्चात् त्यसै आलम्बनमा क्रियामनोधातु आवर्जनकृत्यलाई सिद्धगर्दै उत्पन्न हुन्छ। तदनन्तर त्यसै रुपलाई देख्दै कुशलविपाक या अकुशलविपाकयुक्त चक्षुविज्ञान उत्पन्न हुन्छ। तत्पश्चात् त्यसै रुपको सम्प्रतिच्छन्न गर्दै विपाकमनोधातु उत्पन्न हुन्छ। त्यसपश्चात् त्यसै रुपको सन्तीरण गर्दै विपाकअहेतुक-मनोविज्ञानधातु उत्पन्न हुन्छ। तत्पश्चात् त्यसै रुपको व्यवस्थापनगर्दै उपेक्षासहगत क्रियाअहेतुकमनोविज्ञानधातु उत्पन्न हुन्छ। त्यसपश्चात् कामावचरको कुशल र अकुशलक्रियाचित्तहरूमध्ये एक उपेक्षासहगत अहेतुकचित्त अथवा पाँच या सात जवन उत्पन्न हुन्छन्। तत्पश्चात् कामावचरको प्राणीहरूको एघार तदालम्बनचित्तहरूमध्ये जवनको आलम्बनअनुरुप जुनकुनै तदालम्बनचित्त उत्पन्न हुन्छ। यसप्रकार शेष द्वारहरूमा पनि बुझ्नुपर्दछ। तर मनोद्वारमा महद्गतचित्त पनि उत्पन्न हुन्छन्। यसरी ६ द्वारहरूमा अरुपको उत्पत्तिलाई हेर्नुपर्दछ। यसप्रकार अरुपको उत्पत्तिलाई हेर्दै समयले अरुपको सम्मसन गर्दछ।

यसरी समयसमयमा रुप र अरुपको सम्मसन गरेर पनि त्रिलक्षणको आरोपण गरी क्रमशः चल्दै गरेको एक योगी प्रज्ञा भावनाको सम्पादन गर्दछ।



Downloaded from http://www.dhamma.digital

## रूपसप्तक

रूपसप्तक र अरुपसप्तकअनुसार त्रिलक्षणको आरोपण गरी संस्कारहरूको सम्मसन गर्दछ।

त्यहाँ (१) आदाननिःक्षेपणले (२) वयवृद्धअस्तगमनले (३) आहारमयले (४) ऋतुमयले (५) कर्मजले (६) चित्तले उत्पन्न हुनाले (७) धर्मतारुपले - यी आकारहरूले आरोपण गरी सम्मसन गर्दै रुपसप्तकअनुसार आरोपण गरी सम्मसन गर्दछ। यसैले पुरानो मानिसहरूले भनेका छन् –

*आदाननिक्खेपनतो वयोवुद्धत्थगामितो।*
*आहारतो च उतुतो कम्मतो चापि चित्ततो।*
*धम्मातारूपता सत्त वित्थारेन विपस्सति॥*

(१) आदान निक्षेपण, (२) वयवृद्धअस्तगामी, (३) आहार, (४) ऋतु, (५) कर्म, (६) चित्त र (७) धर्मतारूपले सात प्रकारको विस्तारले योगी संस्कारहरूको विपश्यना गर्दछ।

### १. आदाननिक्षेपणले

त्यहाँ, आदानको अर्थ हो प्रतिसन्धि। निःक्षेपको अर्थ हो च्युति। यसप्रकार योगी आदान र निक्षेपहरूले एक सय वर्षको परिच्छेद गरी संस्कारहरूमा त्रिलक्षणको आरोपण गर्दछ। कसरी ? यसबीच सबै संस्कार अनित्य छन्। किन ? उत्पन्न र लय भएको प्रवर्तिले, विपरिणामले, क्षणिक हुनाले, र नित्य विरोधी हुनाले। किनकि उत्पन्न भएको संस्कार स्थितिलाई प्राप्त हुन्छन्, स्थितिमा जराले पीढित हुन्छन् र जरालाई प्राप्त अवश भएर नाश हुन जान्छन्। यसैले प्रतिक्षण पीढित गर्ने, असह्य हुने, दुःखवस्तु हुने र सुखको प्रतिपक्षी हुनाले दुःख हो। उत्पन्न संस्कार स्थितिलाई प्राप्त नहोस्, स्थान प्राप्त भएको जरालाई प्राप्त नहोस् र जरालाई प्राप्त नाश नहोस् - यी तीन कुराहरूमा कसैको पनि वश छैन, ती त्यस वशवर्तीले शून्य छन्, यसैले शून्य, स्वामीरहित हुने - अवशवर्ती र आफ्नो निरोध गर्नाले अनात्म हुन्।

### २. वयवृद्धअस्तगमन

यसरी आदान निःक्षेपणअनुसार सय वर्षको परिच्छेद गरिएको रुपमा त्रिलक्षणको आरोपण गरी, त्यसपछि वयवृद्धअस्तगमनले आरोपण गर्दछ। त्यहाँ वयवृद्धअस्तगमन भनिन्छ अवस्थाअनुसार वृद्ध=बढेको रुपको अस्तगमनलाई। त्यसअनुसार त्रिलक्षणको आरोपण गर्दछ भन्ने यो अर्थ हो। कसरी ?

(क) त्यो त्यसै सय वर्षको प्रथमावस्था, मध्यमावस्था र अन्तिमावस्था - यी तीन अवस्थाहरूले परिच्छेद गर्दछ। प्रारम्भमा तेत्तीस वर्ष प्रथमावस्था हो। तत्पश्चात् चौतीस वर्ष मध्यमावस्था हो। त्यसपछि तेत्तीस वर्ष अन्तिमावस्था हो। यसप्रकार यी तीन अवस्थाहरूले परिच्छेद गरी, प्रथमावस्थामा प्रवर्तित रूप मध्यमावस्था नपाईकन निरुद्ध हुन जान्छ। यसैले अनित्य हो, जुन अनित्य छ, त्यो दुःख हो, जुन दुःख छ त्यो अनात्म हो। मध्यमावस्थामा प्रवर्तित रूप पनि अन्तिमावस्थालाई नपाइकन नै त्यही निरुद्ध हुन जान्छ। यसैले त्यो पनि अनित्य, दुःख, अनात्म हो। अन्तिम अवस्थामा तेंत्तीस वर्षसम्म प्रवर्तित रूप पनि मृत्युपश्चात् जाने सामर्थ्य छैन। यसैले त्यो पनि अनित्य, दुःख, अनात्म हो - यसप्रकार त्रिलक्षणको आरोपण गर्दछ।

(ख) यसरी प्रथमावस्था आदिअनुसार वयवृद्धअस्तगमनले त्रिलक्षणको आरोपण गरी पुनः



Downloaded from http://www.dhamma.digital

(१) मन्ददशक (२) क्रीडादशक (३) वर्णदशक (४) बलदशक (४) प्रज्ञादशक (६) हानीदशक (७) प्राग्भार दशक (८) प्रवंकदशक (९) मोमूढदशक (१०) शयनदशक - यी दस दशकहरूअनुसार वयवृद्धअस्तगमनले त्रिलक्षणको आरोपण गर्नुपर्दछ ।

त्यहाँ दशकहरूमा सय वर्ष बाँच्ने व्यक्तिको प्रथम दश वर्ष मन्ददशक हो । किनकि ऊ त्यस समय बालक, चञ्चल, कुमार हुन्छ । त्यसपश्चात् दश वर्ष क्रीडादशक हो । त्यस समय क्रीडा रतिमा लागिरहने हुन्छ । त्यसपछि दश वर्ष वर्णदशक हो । त्यस समय उसको रुप बढ्दछ । त्यसपछि दश वर्ष बलदशक हो । त्यस समय उसको बल र स्थाम (शक्ति) बढ्दछ । त्यसपछि दश वर्ष प्रज्ञादशक हो । त्यस समय उसको प्रज्ञा सुप्रतिष्ठित हुन्छ । स्वभावतः दुर्बल प्रज्ञावान्लाई पनि त्यस समय अल्पमात्र प्रज्ञा उत्पन्न हुन्छ । त्यसपछि दश वर्ष हानीदशक हो । त्यस समय उसको क्रीडा रति, वर्ण, बल र प्रज्ञा परिहानीलाई प्राप्त हुन्छ । त्यसपछि दश वर्ष प्राग्भारदशक हो । त्यस समय उसको शरीरअगाडि झुक्दछ । त्यसपछि दश वर्ष प्रवंकदशक हो । त्यस समय उसको शरीर हलको टाउकोजस्तै टेडो हुन्छ । त्यसपछि दश वर्ष मोमूढदशक हो । त्यस समय ऊ मोमूढ हुन जान्छ । गरिएको भुल्दछ । त्यसपछि दश वर्ष शयनदशक हो । सय वर्षको वृद्ध व्यक्ति अधिकतर सुत्ने नै हुन्छ ।

यो योगी यी दशकहरुअनुसार वयवृद्धअस्तगमनले त्रिलक्षणको आरोपण गर्नको लागि यसप्रकार सोच्दछ - प्रथमदशकमा प्रवर्तित रूप द्वितीयदशकलाई नपाइकन त्यहीं निरुद्ध हुन जान्छ । यसले त्यो अनित्य, दुःख, अनात्म हो । द्वितीयदशकमा ... नवमदशकमा प्रवर्तित भएको दशमदशमलाई नपाइकन त्यहीं निरुद्ध हुन जान्छ । दशमदशकमा प्रवर्तित भएको रुप पुनर्भवलाई नपाइकन त्यहीं निरुद्ध हुन जान्छ, यसैले त्यो पनि अनित्य, दुःख, अनात्म हो । यसप्रकार त्रिलक्षणको आरोपण गर्दछ ।

(ग) यसरी दश दशकअनुसार वयवृद्धअस्तगमनले त्रिलक्षणको आरोपण गरी पुनः त्यसै सय वर्षलाई पाँच वर्षअनुसार बीस भाग गरी वयवृद्धअस्तगमनले त्रिलक्षणको आरोपण गर्दछ । कसरी ? ऊ यसप्रकार सोच्दछ - पहिले पाँच वर्षमा प्रवर्तित भएको रूप दोस्रो पाँच वर्षलाई नपाउँदैं त्यहीं निरुद्ध हुन्छ, यसैले त्यो अनित्य, दुःख, अनात्म हो । दोस्रो पाँच वर्षमा प्रवर्तित रूप तेस्रो ... उन्नाइसौं पाँच वर्षमा प्रवर्तित भएको रुप बीसौं पाँच वर्षलाई नपाउँदै त्यही निरुद्ध हुन जान्छ ... बीसौं पाँच वर्षमा प्रवर्तित रुप मृत्युभन्दा अगाडि जाने सामर्थ्य छैन, यसैले यो पनि अनित्य, दुःख, अनात्म हो ।

(घ) यसरी बीस भागहरूअनुसार वयवृद्धअस्तगमनले त्रिलक्षणको आरोपण गरी पुनः पच्चीस भाग गरी चारचार वर्षहरूअनुसार आरोपण गर्छ । (ङ) तत्पश्चात् तेत्तीस भाग गरी तीन तीन वर्षअनुसार, (च) पचास भाग गरी दुईदुई वर्षअनुसार (छ) सय भाग गरी एकएक वर्षअनुसार । (ज) त्यसपछि एक वर्षको तीन भाग गरी वर्षात, जाडो, गर्मी तीन ऋतुहरूले एकएक ऋतुअनुसार त्यस वयवृद्धअस्तगमन रुपमा त्रिलक्षणको आरोपण गर्दछ । कसरी ?

वर्षात्मा चार महीना प्रवर्तित भएको रुप जाडोलाई नपाउँदै त्यहीं निरुद्ध हुन्छ । जाडोमा प्रवर्तित भएको रुप गर्मीलाई नपाउँदै त्यहीं निरुद्ध भयो । गर्मीमा प्रवर्तित रुप पुनः वर्षालाई नपाउँदै त्यहीं निरुद्ध भयो, यसैले त्यो अनित्य, दुःख, अनात्म हो ।

(झ) यसरी आरोपण गरी पुनः एक वर्षलाई ६ भागहरूमा गरी वर्षाको दुई महीनामा प्रवर्तित भएको रुप शरदलाई नपाउँदै त्यहीं निरुद्ध भयो । शरदमा प्रवर्तित भएको रूप हेमन्त ... हेमन्तमा



Downloaded from http://www.dhamma.digital

प्रवर्तित भएको रूप शिशिर, शिशिरमा प्रवर्तित भएको रुप वसन्त, वसन्तमा प्रवर्तित भएको रुप ग्रीष्म, ग्रीष्ममा प्रवर्तित भएको रुप वर्षालाई नपाउँदै नै निरुद्ध भयो, यसैले अनित्य, दुःख, अनात्म हो । यसरी त्यस वयवृद्ध अस्तगमन रुपमा त्रिलक्षणको आरोपण गर्दछ ।

(ञ) यसप्रकार आरोपण गरी पुनः कृष्ण, शुक्लपक्षअनुसार आरोपण गर्दछ । कृष्णपक्षमा प्रवर्तित भएको रुप शुक्लपक्षलाई नपाउँदै, शुक्लपक्षमा प्रवर्तित भएको रुप कृष्णपक्षलाई नपाउँदै त्यहीं निरुद्ध भयो, यसैले अनित्य, दुःख, अनात्म हो - यसरी त्रिलक्षणको आरोपण गर्दछ ।

(ट) तत्पश्चात् रात्रिदिनअनुसार रात्रिमा प्रवर्तित भएको रुप दिनलाई नपाउँदै त्यहीं निरुद्ध भयो । दिनमा प्रवर्तित भएको रुप पनि रात्रिलाई नपाउँदै त्यहीं निरुद्ध भयो, यसैले अनित्य, दुःख अनात्म हो । यसरी त्रिलक्षणको आरोपण गर्दछ ।

(ठ) त्यसपछि रात्रि दिनको पूर्वान्ह आदिअनुसार ६ भाग गरी, पूर्वान्हमा प्रवर्तित भएको रुप मध्यान्ह, मध्यान्हमा प्रवर्तित भएको रुप सन्ध्या, सन्ध्यामा प्रवर्तित भएको रुप प्रथमयाम, प्रथमयाममा प्रवर्तित भएको रुप मध्यमयाम, र मध्यमयाममा प्रवर्तित रुप अन्तिमयाममा प्रवर्तित भएको रुप पुनः पूर्वान्हलाई नपाउँदै त्यहीं निरुद्ध भयो, यसैले अनित्य, दुःख, अनात्म हो यसरी त्रिलक्षणको आरोपण गर्दछ।

(ड) यसप्रकार आरोपण गरी पुनः त्यसै रुपमा हिंड्ने, फर्किने, अवलोकनविलोकन गर्ने, खुम्च्याउने, फैलाउनेअनुसार हिंड्ने या प्रवर्तित भएको रुप फर्किनेलाई नपाउँदै त्यहीं निरुद्ध हुन जान्छ । फर्किनमा प्रवर्तित भएको रुप अवलोकन गर्ने, विलोकन गर्नेमा प्रवर्तित रुप खुम्च्याउने, खुम्च्याउनेमा प्रवर्तित भएको रुप फैलाउनेलाई नपाउँदै त्यहीं निरुद्ध हुन्छ । यसैले अनित्य, दुःख, अनात्म हो । यसरी त्रिलक्षणको आरोपण गर्दछ ।

तत्पश्चात् एक पाइला राख्ने क्रियापछि उद्धहरण, अतिहरण, वीतिहरण, अवसर्जन, सन्निःक्षेपण सन्निरुन्धनअनुसार ६ भाग गर्दछ

त्यहाँ उद्धहरणको अर्थ हो खुट्टालाई भूमिबाट उठाउनु । अतिहरणको अर्थ हो अगाडितिर लैजानु वीतिहरणको अर्थ हो, मूढा (ठूटो) काँडा, सर्प आदिमध्ये कुनैलाई देखेर खुट्टा यताउता चलाउनु । अवसर्जन भनिन्छ खुट्टालाई तल झार्नुलाई । सन्निःक्षेपण भनिन्छ खुट्टा भूमिमा राख्नुलाई । सन्निरुन्धनको अर्थ हो फेरि खुट्टा उठाउने समय खुट्टालाई भूमिमा दबाउनुलाई ।

उद्धहरणमा पृथ्वीधातु, जलधातु - यी दुई धातुहरू मन्द र शक्तिहीन हुन्छन, अर्को दुई तीव्र र बलवान् हुन्छन् । त्यसरी नै अतिहरण र वीतिहरणमा । अवसर्जनमा अग्निधातु वायुधातु - यी धातुहरू मन्द र शक्तिहीन हुन्छन्, त्यसैगरी सन्निक्षेपण र सन्निरुन्धनमा पनि हुन्छन् । यसप्रकार ६ भाग गरी त्यसअनुसार त्यसमा वयवृद्धअस्तगमन रुपमा त्रिलक्षणको आरोपण गर्दछ । कसरी ?

त्यो यसप्रकार सोच्दछ - जुन उद्धहरणमा प्रवर्तित धातुहरू र जुन त्यसलाई लिएर रुप हुन्छन् ती सबै धर्म अतिहरणलाई नपाउँदै त्यही निरुद्ध हुन जान्छन् । यसैले अनित्य, दुःख, अनात्म हुन् । त्यसरी नै अतिहरणमा प्रवर्तित वीतिहरण, वीतिहरणमा प्रवर्तित अवसर्जन, अवसर्जनमा प्रवर्तित सन्निक्षेपण, सन्निःक्षेपणमा प्रवर्तित सन्निरुन्धनलाई नपाउँदै त्यही निरुद्ध हुन्छन् । यसप्रकार त्यहाँत्यहाँ उत्पन्न अरुअरु भागलाई नपाउँदै त्यहींत्यहीं पर्वपर्व, सन्धिसन्धि, अवधिअवधि भएर तप्त कडाहीमा राखिएको



Downloaded from http://www.dhamma.digital

तिलजस्तै चटपट गर्दै, संस्कार नाश हुन जान्छन्, यसैले अनित्य, दुःख, अनात्म हुन्। त्यसको यसप्रकार पर्वपर्वमा रहने संस्कारहरूलाई हेर्दै रुपको सम्मसन सूक्ष्म हुन जान्छ। यसको सूक्ष्म हुनुमा यो उपमा हो।

दीपकको उपमा - एक सीमान्त प्रदेशमा रहने एक व्यक्ति काठ र तृष्णाको उल्का (मशाल)को अभ्यासी थियो, तर उसले दीपक कहिले पनि देखेको थिएन। ऊ नगरमा आएर बजारमा बल्दै गरेको दीपकलाई देखेर एक पुरुषसंग सोध्यो - 'हे, पुरुष, यस्तो सुन्दर के हो ? तब उसलाई त्यस पुरुषले भन्यो - "यसमा यस्तो के सुन्दरता छ र ? यो बत्ती हो। तेल र सलेदो समाप्त भयो भने यसको जाने बाटो पनि जानिदैन।" त्यसलाई अर्कोले यसरी भन्यो - "के यो स्थूल हो ? के यो क्रमशः बल्दै गरेको बत्ती तेस्रोतेस्रो भागमा बलेको ज्वाल अर्को भागमा नपाउँदै नै निरुद्ध हुन्छ ?" उसलाई फेरि त्यस पुरुषले भन्यो - "हो, यो पनि स्थूल हो, यसको अंगुली, अंगुलीमा, आधा अंगुल, आधा अंगुलमा, सुत, सुतमा, अंशु, अंशुमा हुने ज्वाला अर्को अंशुलाई नपाउँदै नै निरुद्ध हुन जानेछ। अंशुलाई छाडेर ज्वाला उत्पन्न गर्न सकिँदैन।"

त्यहाँ 'तेल र वत्तीको सलेदो सकिनाले वत्तीको जाने मार्ग पनि थाहा हुँदैन' आदि भन्ने पुरुषको ज्ञानसमान योगीको आदाननिःक्षेपणले सय वर्षले परिच्छिन्न गरिएको रुपमा त्रिलक्षणको आरोपण गर्नु हो। "बत्तीको तेस्रोतेस्रो भागको ज्वाला अर्को भागलाई नपाउँदै नै निरुद्ध हुनेछ" पुरुषको ज्ञानसमान सय वर्षको तीन भाग गरी वयवृद्धअस्तगमन रुपमा त्रिलक्षणको आरोप गर्नु हो। "अंगुलअंगुलमा ज्वाला अरुलाई नपाइकन नै निरुद्ध हुन्छ," आदि पुरुषको ज्ञानसमान योगीको दश वर्ष, पाँच वर्ष, चार वर्ष, तीन वर्ष, दुई वर्ष, एक वर्षको परिच्छेद गरिएको रुपमा त्रिलक्षणको आरोपण गर्नु हो। "आधाआधा अंगुलमा ज्वाला अरुलाई नपाउँदै नै निरुद्ध हुनेछ", आदि पुरुषको ज्ञानसमान योगीको एकएक ऋतुअनुसार एक वर्षलाई तीन र ६ भागमा बाटेर चार महीना दुई महीनाको परिच्छेद गरिएको रुपमा त्रिलक्षणको आरोपण गर्नु हो। "सुतसुतमा रहने ज्वाला अर्कोलाई नपाइकन नै निरुद्ध हुनेछ" आदि पुरुषको ज्ञानसमान योगीको कृष्णपक्ष, शुक्लपक्ष र रात्रीदिनअनुसार एक रात्रीदिनलाई ६ भागहरूमा गरी पूर्वान्ह आदिअनुसार परिच्छेद गरिएको रुपमा त्रिलक्षणको आरोपण गर्नु हो। "अंशुअंशुमा रहने ज्वाला अर्कोलाई नपाउँदै निरुद्ध हुनेछ" आदि पुरुषको ज्ञानसमान योगीको हिंड्ने र उद्धहरण आदिअनुसार एकएक भागअनुसार परिच्छेद गरिएको रुपमा त्रिलक्षणको आरोपण गर्नु हो।

(त) ऊ यसरी नानाप्रकारले वयवृद्धअस्तगमन रुपमा त्रिलक्षणको आरोपण गरी पुनः त्यसै रुपको विभाग गरी आहारमय आदिअनुसार चार भाग गरी एकएक भागमा त्रिलक्षणको आरोपण गर्दछ। त्यसको आहारमय रुप भोक र भोजनले तृप्त भएअनुसार प्रकट हुन्छ। भोकको समय उत्पन्न भएको रूप बलेको मुढाजस्तै म्लान र क्लान्त हुन्छ र कोयलाको टोकरीमा लुकेको कागजस्तै कुरुप र भद्दा हुन्छ। भोजनले तृप्त भएको समयमा उत्पन्न रुप तृप्त, मोटो, मृदु, स्निग्ध र स्पर्शवान् हुन्छ। त्यो त्यसको परिग्रह गरी भोकको समय प्रवर्तित रुप भोजनले तृप्त भएको समयलाई नपाइकन नै त्यहीं निरुद्ध हुन जान्छ र भोजनले तृप्त भएको समयमा पनि प्रवर्तित रुप भोकको समयलाई नपाएर नै निरुद्ध हुन्छ, यसैले अनित्य दुःख अनात्म हो। यसप्रकार त्यसमा त्रिलक्षणको आरोपण गर्दछ।

(थ) ऋतुमय रुप जाडो, गर्मीअनुसार प्रकट हुन्छ। गर्मीको समयमा उत्पन्न भएको रूप म्लान, क्लान्त र कुरुप हुन्छ। जाडोको ऋतुले उत्पन्न भएको रूप तृप्त, मोटो, मृदु, स्निग्ध र स्पर्शवान



Downloaded from http://www.dhamma.digital

हुन्छ । ऊ त्यसको परिग्रह गरी गर्मीको समयमा प्रवर्तित भएको रूप जाडोको समयलाई नपाउँदै त्यहीं निरुद्ध हुन जान्छ र जाडोको समयमा प्रवर्तित भएको रुप गर्मीको समयलाई नपाउँदै त्यहीं निरुद्ध हुन जान्छ, यसैले त्यो अनित्य, दुःख, अनात्म हो । यसप्रकार त्यसमा त्रिलक्षणको आरोपमा गर्दछ ।

(द) कर्मजरुप आयतन र द्वारअनुसार प्रकट हुन्छ । चक्षुद्वारमा चक्षु, काय, भाव दशकअनुसार तीस कर्मजरूप हुन्छन् र त्यसको सम्हाल्ने ऋतु, चित्त, आहारले उत्पन्न चौबीस - सबै गरी चौवन्न रुप हुन्छन् । त्यसरी नै श्रोत्र, घ्राण, जिव्हाद्वारमा, कायद्वारमा कायभाव दशक र ऋतु आदिले उत्पन्न भएअनुसार चौवन्न नै हुन्छन् । ऊ ती सबै रुपको परिग्रह गरी चक्षुद्वारमा प्रवर्तित भएको रुप श्रोत्रद्वारलाई नपाउँदै त्यहीं निरुद्ध हुन जान्छ । श्रोत्रद्वारमा प्रवर्तित भएको रुप घ्राणद्वार, घ्राणद्वारमा प्रवर्तित भएको रूप जिव्हाद्वार, जिव्हाद्वारमा प्रवर्तित भएको रुप कायद्वार, कायद्वारमा प्रवर्तित भएको रुप मनोद्वारलाई नपाउँदै त्यहीं निरुद्ध हुन्छन् । यसैले त्यो अनित्य, दुःख अनात्म हो । यसप्रकार त्यसमा त्रिलक्षणको आरोपण गर्दछ ।

(ध) चित्तले उत्पन्न रूप सौमनस्य र दौर्मनस्य भएअनुसार प्रकट हुन्छ । सौमनस्य भएको समयमा उत्पन्न भएको रुप स्निग्ध, मृदु, मोटो, र स्पर्शवान् हुन्छ र दौर्मनस्य भएको समयमा उत्पन्न रुप म्लान, क्लान्त र कुरुप हुन्छ । ऊ त्यसको परिग्रह गरी सौमनस्य भएको समयमा प्रवर्तित भएको रुप दौर्मनस्य भएको समयलाई नपाउँदै त्यहीं निरुद्ध हुन्छ । दौर्मनस्य भएको समयमा प्रवर्तित भएको रुप सौमनस्य भएको समयलाई नपाउँदै त्यहीं निरुद्ध हुन जान्छ । यसैले त्यो पनि अनित्य, दुःख, अनात्म हो । यसप्रकार त्यसमा त्रिलक्षणको आरोपण गर्दछ ।

त्यसमा यसरी चित्तले उत्पन्न रुपको परिग्रह गरी त्रिलक्षणको आरोपण गर्दै महानिर्देश (४२-४३) ग्रन्थअनुसार यो कुरा प्रकट हुन्छ –

*जीवितं अत्तभावो च सुखदुक्खा च केवला ।*
*एकचित्त समायुत्ता लहुसो वत्तते खणो ॥*

(जीवितेन्द्रिय, आत्मभाव, सुख, दुःख - यी सारा एकएक चित्तको साथ नै रहन्छन्, यस्तो छोटो क्षण छ !)

*चुल्लासीतिं सहस्सानि कप्पं तिट्ठन्ति ये मरु ।*
*न त्वेव तेपि तिट्ठन्ति द्वीहि चित्तेहि समोहिता ॥*

(जो देवता चौरासी हजार कल्पसम्म रहन्छन्, ती पनि दुई चित्तहरूले युक्त हुँदैनन् ।)

*ये निरुद्धा मरन्तस्स तिट्ठमानस्स वा इध ।*
*सब्बेव सदिसा खन्धा गता अप्पटिसन्धिका ॥*

(मर्दै या यहाँ रहने व्यक्तिको जुन स्कन्ध निरुद्ध भए, ती सबै एकसमान पुनः प्रतिसन्धि नभएर समाप्त भए ।)

*अनन्तरा च ये भग्गा ये च भग्गा अनागते ।*
*तदन्तरा निरुद्धानं वेसमं नत्थि लक्खणे ॥*



Downloaded from http://www.dhamma.digital

(जुन पूर्वको समानान्तर भग्न भएको र जुन भविष्यमा भग्न हुनेछ तथा जुन दुवैबीच भग्न भैरहेको छ, त्यसको लक्षणमा कुनै विभिन्नता छैन ।)

*अनिब्बत्तेन न जातो पच्चुप्पन्नेन जीवति ।*
*चित्तभंगा मतो लोको पञ्ञत्ति परमत्थिया ॥*

(उत्पन्न नभएको चित्तले अजात (नजन्मेको) हुन्छ, वर्तमान्‌चित्तले जीवित हुन्छ, चित्तको भंगले लोक परमार्थतः मरेको भनिन्छ ।)

*अनिधानगता भग्गा पुञ्जो नत्थि अनागते ।*
*निब्बता ये पि तिट्ठन्ति आरग्गे सासपूपमा ॥*

(जुन संस्कार निरुद्ध भए, ती कुनै स्थानमा निधान गरिएका छैनन् । भविष्यतमा पुञ्ज पनि हुने छैन र जुन पनि उत्पन्न छन् ती सियोको टुप्पामा तोरीजस्तै रहन्छन् ।)

*निब्बतानञ्च धम्मानं भंगो नेसं पुरक्खतो ।*
*पलोकधम्मा तिट्ठन्ति पुराणेहि अमिस्सिता ॥*

(उत्पन्न भएको धर्महरूको विनाश त्यसको अगाडिअगाडि रहन्छन, नाश हुने स्वभावधर्म पुरानो पूर्वको अतीतधर्महरूसंग अमिश्रित भएर रहन्छन् ।)

*अदस्सनतो आयन्ति भग्गागच्छन्तदस्सनं ।*
*विज्जुप्पादो व आकासे उप्पज्जन्ति वयन्ति च ॥*

(अदृश्यरूपमा आउँछन् र भग्न भएर पुनः अदृश्य हुन जान्छन् । यी आकाशमा विजुलीको उत्पन्न भएजस्तै उत्पन्न हुन्छन् र लय हुन जान्छन् ।)

(न) यसरी आहारमय आदिमा त्रिलक्षणको आरोपण गरी पुनः धर्मतारुपमा त्रिलक्षणको आरोपण गर्दछ । धर्मतारुप भनिन्छ - वाह्य जीवितेन्द्रियले बद्ध नरहनेहरू फलाम, तामा, रांगा, शीशा- सुन, चाँदी, मोती, मणी, नीलरत्न (वैदूर्य) शंख, शिला, मूंगा, माणिक्य, मसरगल्ल (छिर्केबिर्के मणि) माटो, ढूंगा, पर्वत, घाँस, रुख, लता आदिप्रकारका विवर्त कल्पदेखि लिएर उत्पन्न हुने रुपलाई । त्यो उसलाई अशोकको अंकुर आदिअनुसार प्रकट हुन्छन् ।

अशोमांकुरको उपमा - अशोकको अंकुरको रुप प्रारम्भदेखि नै केही रातो हुन्छ । तत्पश्चात् दुईतीन दिन बित्दा गाढा रातो हुन्छ । पुनः दुईतीन दिन बित्दा हल्का रातो हुन्छ । तत्पश्चात् ठूलो पालुवाको रंगको हुन्छ । त्यसपछि परिणत पालुवाको रंगको, र त्यसपछि हरियो पातको रंगको हुन्छ । तत्पश्चात् नीलो पातको रंगको हुन्छ र त्यसपछि नीलो पातको रंगको हुने समयदेखि लिएर अनुरुप रुप सन्ततिको मिलाएको वर्षभरीमा पहेंलो भएर भेटी (डाँठ) भाँचिएर तल झर्दछ ।

ऊ त्यसको परिग्रह गरी - केही रातो रहने समयमा प्रवर्तित भएको रूप गाढा रातो भएको समयलाई नपाउँदै नै निरुद्ध हुन जान्छ । गाढा रातो भएको समयमा प्रवर्तित भएको रुप हल्का रातो भएको समय, हल्का रातो भएको समय प्रवर्तित भएको रुप ठूलो पालुवाको रंगको समय, ठूलो पालुवाको रंगको भएको समय प्रवर्तित भएको रुप परिणत पालुवाको रंगको भएको समय, परिणत पालुवा भएको



Downloaded from http://www.dhamma.digital

समय प्रवर्तित भएको रुप हरियोपातको रंगको समय, हरियोपातको रंग भएको समय प्रवर्तित रुप नीलो पातको रंग भएको समय, नीलो पात भएको रंगको समय प्रवर्तित भएको रुप पहेंलोपात हुने समय, पहेंलोपात हुने समय प्रवर्तित डाँठ (भेटी)बाट खसेर झर्ने समयलाई नपाउँदै निरुद्ध हुन जान्छ। यसैले त्यो अनित्य, दु:ख अनात्म हो। यसप्रकार त्रिलक्षणको आरोपण गर्दछ। यसरी उसमा त्रिलक्षणको आरोपण गरी यसप्रकार सबै धर्मतारूपको सम्मसन गर्दछ। यसरी रुपसप्तकअनुसार त्रिलक्षणको आरोपण गरी संस्कारहरूको सम्मसन गर्दछ।

## अरूपसप्तक

जुन भनिएको छ - 'अरूपसप्तकअनुसार।' त्यसमा यो शीर्षक हो - (१) कलापले, (२) यमकले, (३) क्षणिकले, (४) परिपाटीले, (५) दृष्टि-उद्घाटनले, (६) मान-समुद्घाटनले, निकन्ति-परियादानले।

(१) कलाप = स्पर्शपञ्चमधर्म। कसरी कलापले सम्मसन गर्दछ ? यहाँ भिक्षु यसप्रकार सोच्दछ, जुन यी केश अनित्य, दु:ख आनात्म छन् - यसप्रकार सम्मसन गर्नुमा उत्पन्न स्पर्शपञ्चमधर्म छन् र जुन रौं ... गिदि अनित्य, दु:ख, अनात्म छन् - यसप्रकार सम्मसन गर्नुमा उत्पन्न स्पर्शपञ्चमधर्महरू छन्, ती सबै अरुलाई नपाउँदै पर्वपर्व, अवधिअवधि भएर, तातो कडाहीमा राखेको तिलजस्तै चटचटाउँदै नष्ट भए, यसैले अनित्य, दु:ख, अनात्म छन्। यो रथविनीत सुत्तको अट्ठकथाको वर्णनमा आएअनुसार बताइएको छ।

तर अंगुत्तर निकाय (४,३,८) को आर्यवंशको कथामा पहिले रुपसप्तकमा सातौं स्थानहरूमा रुप अनित्य, दु:ख, अनात्म हो - यसरी प्रवर्तित भएको चित्त अर्को चित्तले अनित्य, दु:ख, अनात्म हो, - यसप्रकार सम्मसन गर्दै कलापले सम्मसन गर्दछ - भनी भनिएको छ। यो नै युक्त छ। यसैले शेषहरूको पनि यसैप्रकारले विभाजन गर्ने छौं।

(२) यमक = यहाँ भिक्षु आदान निःक्षेप रुप अनित्य दु:ख, अनात्म हो - भनी सम्मसन गरी त्यस चित्तलाई पनि अरुसंग अनित्य, दु:ख, अनात्म हो - यसप्रकार सम्मसन गर्दछ। वयवृद्धअस्तगमन रुप ... आहारमय, ऋतुमय, कर्मज, चित्तले उत्पन्न धर्मतारुप अनित्य, दु:ख, अनात्म हो - भनी सम्मसन गरी त्यस चित्तलाई पनि अरु चित्तसंग अनित्य, दु:ख, अनात्म हो - यसप्रकार सम्मसन गर्दछ। यसरी यमकले सम्मसन गर्दछ।

(३) क्षणिक = यहाँ भिक्षु आदाननिःक्षेपरुप अनित्य, दु:ख, अनात्म हो - भनी सम्मसन गरी, त्यस प्रथमचित्तलाई दोस्रो चित्तले, दोस्रोलाई तेस्रोले, तेस्रोलाई चौथोले, चौथोलाई पाँचौंले, यो पनि अनित्य, दु:ख, अनात्म हो - यसरी सम्मसन गर्दछ। वयवृद्धअस्तगमन रुप, आहारमय, ऋतुमय, कर्मज, चित्तले उत्पन्न, धर्मतारूप अनित्य, दु:ख, अनात्म हो - भनी सम्मसन गरी, त्यस प्रथमचित्तलाई दोस्रो चित्तले दोस्रोलाई तेस्रोले, तेस्रोलाई चौथोले, चौथोलाई पाँचौंले यो पनि अनित्य, दु:ख, अनात्म हो - भनी सम्मसन गर्दछ। यसप्रकार रुपको परिग्रहदेखि लिएर चार चित्तहरूको सम्मसन गर्दै क्षणिक सम्मसन गर्दछ।

(४) परिपाटी = आदाननिःक्षेपरुप अनित्य, दु:ख, अनात्म हो - भनी सम्मसन गरी, त्यस प्रथमचित्तलाई दोस्रो चित्तले, दोस्रोलाई तेस्रोले, तेस्रोलाई चौथोले ... दशौंलाई एघारौंले, यो पनि अनित्य,



Downloaded from http://www.dhamma.digital

दुःख, अनात्म हो - यसरी सम्मसन गर्दछ। वयवृद्धअस्तगमनरुप, आहारमय, ऋतुमय, कर्मज, चित्तले उत्पन्न, धर्मतारुप, अनित्य, दुःख, अनात्म हो - यसरी सममसन गरी, त्यस प्रथमचित्तलाई दोस्रो चित्तले, दोस्रोलाई तेस्रोले - एघारौंले, यो पनि अनित्य, दुःख, अनात्म हो - यसरी विपश्यनाको परिपाटीले सम्पूर्ण दिन सम्मसन गर्नु उचित हो, तर दशौं चित्तको सम्मसनसम्म रुपकर्मस्थान, अरुपकर्मस्थान- दुवै पनि अभ्यस्त हुन जान्छन्, यसैले दशौंमा नै राख्नुपर्दछ - भनी भनिएको छ। यसप्रकार सम्मसन गर्दै परिपाटीले सम्मसन गर्दछ।

(५) दृष्टि-उद्घाटन (६) मान-समुद्घाटन, (७) निकन्ति-परियादान = यी तीनैमा अलगअलग सम्मसन गर्ने ढंग छैन। जुन पहिले रुप र यहाँ अरुपको परिग्रह गरिएको छ, त्यसलाई हेर्दै रुप अरुपभन्दा अगाडि सत्वलाई देख्दैन। सत्वले अदर्शनदेखि लिएर सत्व भएको संज्ञा उद्घाटित हुन्छ, सत्व भएको संज्ञालाई उद्घाटित भएको चित्तले संस्कारहरूको परिग्रह गर्दै मिथ्यादृष्टि उत्पन्न हुँदैन। मिथ्यादृष्टिको उत्पन्न नहुँदा मिथ्यादृष्टि उद्घाटित हुन्छ। मिथ्यादृष्टिको उद्घाटन गरिएको चित्तले संस्कारहरूको परिग्रह गर्दै मान उत्पन्न हुँदैन। मान उत्पन्न नहुँदा मान उद्घाटित हुन्छ। मानको उद्घाटन गरिएको चित्तले संस्कारहरूको परिग्रह गर्दै तृष्णा उत्पन्न हुँदैन। तृष्णा उत्पन्न नहुँदा निकन्ति (तृष्णा) नाश भएको हुन्छ। यो विशुद्धिकथामा भनिएको छ।

तर आर्यवंशको कथामा - "दृष्टि-उद्घाटनले मानसमुद्घाटनले, निकन्तिपरियादानले' यसरी शीर्षक गरी यो ढंग देखाएको छ - 'म विपश्यना गर्दछु, मेरो विपश्यना हो - यसरी मान्दै दृष्टिको समुद्घाटन (उखाड्नु) हुँदैन। संस्कार नै संस्कारहरूको विपश्यना गर्दछन्, सम्मसन गर्दछन्, निरुपण गर्दछन्, परिग्रह गर्दछन्, परिच्छेद गर्दछन् - यसरी मान्दै दृष्टिको उद्घाटन हुन्छ। राम्ररी विपश्यना गर्दछु, सुन्दरताले विपश्यना गर्दछु, यसरी मान्दै मानको समुद्घाटन हुँदैन। संस्कार नै संस्कारहरूको - मानको समुद्घाटन हुन्छ। विपश्यना गर्न सक्दछु - यसरी विपश्यनाको आश्वादनको निकन्ति परियादान (नाश) हुँदैन - संस्कार नै ... मान्दै निकन्तिपरियादान हुन्छ।

यदि संस्कार आत्मा भएमा आत्मा मान्नुपर्दछ, तर अनात्मालाई आत्मा मानेको छ। यसैले ती वशवर्ती नहुनाले अनात्म हुन्। भएर अभावलाई प्राप्त हुनाले अनित्य हुन्, उत्पत्ति, लयले पीढा दिने कारणले दुःख हुन् - यसरी देख्दै दृष्टिको समुद्घाटन हुन्छ।

यदि संस्कार नित्य भएमा नित्य मान्नुपर्दछ। तर अनित्यलाई नित्य मानेको छ, यसैले ती भएर अभावलाई प्राप्त हुनाले अनित्य हुन्, उत्पत्ति र लयले पीढा दिने कारण दुःख हुन्। वशवर्ती नहुनाले अनात्म हुन् - भनी देख्दै मानसमुद्घाटन हुन्छ।

यदि संस्कार सुख भएमा सुख मान्नुपर्दछ, तर दुःखलाई सुख मानेको छ। यसैले ती उत्पत्ति र लयले पीढा दिने कारण दुःख हुन्, भएर अभावलाई प्राप्त हुनाले अनित्य हुन्, वशवर्ती नहुनाले अनात्म हुन् - भनी देख्दै निकन्तिको परियादान हुन्छ।

यसप्रकार संस्कारहरूलाई अनात्मले देख्नेको दृष्टिसमुद्घाटित हुन्छ। अनित्यले देख्नेको मान समुद्घाटित हुन्छ। दुःखले देख्नेको निकन्तिपरियादान हुन्छ। यसरी यो विपशयना आफ्नोआफ्नो स्थानमा नै रहन्छन्।



Downloaded from http://www.dhamma.digital

यसप्रकार अरुपसप्तकअनुसार त्रिलक्षणको आरोपण गरी संस्कारहरूको सम्मसन गर्दछ । यतिले उसको रुपकर्मस्थान र अरुपकर्मस्थान पनि अभ्यस्त हुन्छ ।

## अठार महाविपश्यना

ऊ यसप्रकार अभ्यस्त कर्मस्थानी योगी जुन अगाडि भंगानुपश्यनादेखि लिएर प्रहाण परिज्ञाअनुसार सबैप्रकारले पाउनयोग्य अठार महाविपश्यना छन्, त्यसको एक भागलाई यहीं प्राप्त गर्दै त्यसको विरोधी धर्महरूलाई त्याग्दछ ।

अठार महाविपश्यना भनिन्छ अनित्यानुपश्यना आदिको प्रज्ञालाई । जसमा अनित्यानुपश्यनाको भावना गर्दै नित्यसंज्ञालाई त्याग्दछ । दुःखानुपश्यनाको भावना गर्दै सुखसंज्ञालाई त्याग्दछ । अनात्मानुपश्यनाको भावना गर्दै आत्मसंज्ञालाई त्याग्दछ । निर्वेदानुपश्यनाको भावना गर्दै नन्दि कामरागलाई त्याग्दछ । विरागानुपश्यनाको भावना गर्दै रागलाई त्याग्दछ । निरोधानुपश्यनाको भावना गर्दै समुदयलाई त्याग्दछ । प्रतिनिर्शगानुपश्यनाको भावना गर्दै आदान (ग्रहण गर्नु) लाई त्याग्दछ । क्षयानुपश्यनाको भावना गर्दै घन (स्थूल) भएको विचारलाई त्याग्दछ । व्ययानुपश्यनाको भावना गर्दै आयूहन (संस्कारहरूको राशिकरण)लाई त्याग्दछ । विपरिणामानुपश्यनाको भावना गर्दै ध्रुवसंज्ञालाई त्याग्दछ । अनिमित्तानुपश्यनाको भावना गर्दै निमित्तलाई त्याग्दछ । अप्रणिहितानुपश्यनाको भावना गर्दै प्रणीधिलाई त्याग्दछ । शून्यतानुपश्यना गर्दै अभिनिवेशलाई त्याग्दछ । अधिप्रज्ञाधर्म विपश्यनाको भावना गर्दै नित्य आदि सारलाई ग्रहण गर्ने दृष्टिअभिनिवेशलाई त्याग्दछ । यथाभूत ज्ञानदर्शनको भावना गर्दै सम्मोह (म पहिले थिएँ या थिइन ? ईश्वर आदिले बनाइएको हो - यस्तो सम्मोह)को अभिनिवेशलाई त्याग्दछ । आदीनवानुपश्यनाको भावना गर्दै आलय (राग)को अभिनिवेशलाई त्याग्दछ । प्रतिसंख्यानुपश्यनाको भावना गर्दै अप्रतिसंख्यालाई (अविद्या)लाई त्याग्दछ । विवर्त्तानुपश्यनाको भावना गर्दै संयोगको अभिनिवेशलाई त्याग्दछ ।

त्यसमा यस अनित्य आदि त्रिलक्षणअनुसार संस्कार देखिएका छन्, यसैले अनित्य, दुःख, अनात्मको अनुपश्यनाप्राप्त भएका हुन्छन् । "जुन अनित्यानुपश्यना हो र जुन अनिमित्तानुपश्यना हो, यी धर्म एक अर्थयुक्त छन्, व्यञ्जन नै भिन्न छन् ।" त्यसरी नै "जुन दुःखानुपश्यना हो र जुन अप्रणिहितानुपश्यना हो, यी धर्म एक अर्थयुक्त हुन्, व्यञ्जन नै भिन्न छन् ।" जुन अनात्मानुपश्यना हो र जुन शून्यतानुपश्यना हो, यी धर्म एक अर्थयुक्त हुन्, व्यञ्जन नै भिन्न छन् भनी भनिएका छन् । यसैले ती पनि प्राप्त भएकै हुन्छन् । तर अधिप्रज्ञा, धर्म, विपश्यना सबै विपश्यना हो । यथाभूतज्ञानदर्शन कांक्षावितरणविशुद्धिमा नै संगृहीत छ । यसप्रकार यी दुवै पनि प्राप्त भएकै हुन्छन् । शेष विपश्यना ज्ञानहरूमा कुनै प्राप्त र कुनै अप्राप्त हुन्छ । त्यसको वर्णन अगाडि गरिनेछ ।

जुन प्राप्त भएका हुन्छन्, त्यसप्रति यो भनिएको छ – "यसप्रकार अभ्यस्त कर्मस्थानी (योगी) जुन अगाडि भंगानुपश्यनादेखि लिएर प्रहाणपरिज्ञाअनुसार सबैप्रकारले पाउनयोग्य अठार महाविपश्यनाहरू छन् त्यसको एक भागलाई यहीं प्राप्त गर्दै, त्यसको विरोधी धर्महरूलई त्याग्दछ ।"

## उदयव्ययको अनुपश्यना

यसरी अनित्यानुपश्यना आदिको विरोधी नित्यसंज्ञा आदिको प्रहाणले विशुद्धज्ञानी योगी सम्मसन



Downloaded from http://www.dhamma.digital

ज्ञान पार गएर जुन त्यो सम्मसन ज्ञानको अनन्तर "वर्तमान्धर्महरूको विपरिणामानुपश्यनामा प्रज्ञा उदयव्ययको अनुपश्यनामा ज्ञान हो" यसप्रकार उदयव्ययको अनुपश्यना भनिएको छ, त्यसको प्राप्तिको लागि भोग गर्दछ , र भोग गर्दै प्रथम संक्षेपले गर्दछ ।

त्यस सम्बन्धमा यो पालि हो - "कसरी वर्तमान् धर्महरूको विपरिणामानुपश्यनामा प्रज्ञा उदयव्ययको अनुपश्यनामा ज्ञान हो ? उत्पन्न रूप वर्तमान् हो, त्यसको उत्पत्तिको लक्षण उदय हो, विपरिणामको लक्षण व्यय हो, अनुपश्यना ज्ञान हो । उत्पन्न वेदना, संज्ञा, संस्कार, विज्ञान, चक्षु, भव वर्तमान् हो, ... अनुपश्यना ज्ञान हो ।"

त्यो यस पालिअनुसार उत्पन्न भएको नामरूपको उत्पत्तिको लक्षण जन्म, उत्पाद, अभिनव आकारलाई उदय र विपरिणामको लक्षण क्षय, भंगलाई व्यय हो - भनी देख्दछ ।

यसप्रकार जान्दछ - यस नामरूपको उत्पत्तिभन्दा पहिले उत्पन्न नभएको राशि या संचय छैन, उत्पन्न हुने पनि राशि या संचयले आउँदैनन् । निरुद्ध हुने पनि दिशाविदिशामा जाँदैनन्, निरुद्ध हुने पनि एक स्थानमा राशि, संचय निधानको स्तरमा स्थिर हुँदैन । तर जसरी वीणा बजाउँदा उत्पन्न भएको शब्द, उत्पत्तिपूर्व सञ्चय हुँदैन, न उत्पन्न हुँदा त्यो संचय भएर आउँछ, न निरुद्ध हुँदै दिशाविदिशामा जान्छ र न निरुद्ध हुँदा कहीं संचित भएर रहन्छ । प्रत्युत वीणा, उपवीणा र पुरुषको प्रयत्नले पहिले नभएको उत्पन्न हुन्छन् र भएको नाश हुन्छन् । यसरी नै सबै रूप र अरूपधर्म नभएर उत्पन्न हुन्छन् र भएर नाश हुन जान्छन् ।

## प्रत्यय र क्षणले उदयव्ययको दर्शन

यसरी संक्षेपले उदयव्ययको मनसिकार गरी पुन: जुन त्यसै उदयव्यय ज्ञानको विभंगमा - "अविद्याको समुदयले रुपको समुदय हुन्छ - प्रत्ययको उत्पत्तिको अर्थमा रुपस्कन्धको उदयलाई देख्दछ, तृष्णाको समुदयले ... कर्मको समुदयले... आहारको समुदयले रूपको समुदय हुन्छ - प्रत्ययको उत्पत्तिको अर्थमा रूपस्कन्धको उदयलाई देख्दछ, उत्पत्तिको लक्षणलाई देख्दै पनि रूपस्कन्धको उदयलाई देख्दछ । रूपस्कन्धको उदयलाई देख्दै यी पाँच लक्षणहरूलाई देख्दछ ... अविद्याको निरोधले रुपको निरोध हुन्छ, प्रत्ययको निरोधको अर्थमा रुपस्कन्धको व्ययलाई देख्दछ । तृष्णाको निरोधले ... कर्मको निरोधले... आहारको निरोधले रूपको निरोध हुन्छ - प्रत्ययको निरोध हुने अर्थमा रूपस्कन्धको व्ययलाई देख्दछ, विपरिणामको लक्षणलाई देख्दै पनि रूपस्कन्धको व्ययलाई देख्दछ । रूपस्कन्धको व्ययलाई देख्दै यी पाँच लक्षणहरूलाई देख्दछ ।" यसरी नै "अविद्याको समुदयले वेदनाको समुदय हुन्छ = प्रत्ययको समुदय हुने अर्थमा वेदनास्कन्धको उदयलाई देख्दछ, तृष्णाको समुदयले ... कर्मको समुदयले... स्पर्शको समुदयले वेदनाको समुदय हुन्छ - प्रत्ययको समुदय भएको अर्थमा वेदनास्कन्धको उदयलाई देख्दछ । उत्पत्तिको लक्षणलाई हेर्दै वेदनास्कन्धको उदयलाई देख्दछ । वेदनास्कन्धको उदयलाई देख्दै यी पाँच लक्षणहरूलाई देख्दछ ... अविद्याको निरोधले ... तृष्णाको निरोधले ...कर्मको निरोधले ... स्पर्शको निरोधले वेदनाको निरोध हुन्छ = प्रत्ययको निरोध हुने अर्थमा वेदनास्कन्धको व्ययलाई देख्दछ । विपरिणाम भएको लक्षणलाई देख्दै पनि वेदनास्कन्धको व्ययलाई देख्दछ । वेदनास्कन्धको व्ययलाई देख्दै यी पाँच लक्षणहरूलाई देख्दछ ।" वेदनास्कन्धझैं संज्ञा, संस्कार र विज्ञानस्कन्धहरूलाई पनि देख्दछ । तर विज्ञानस्कन्धको स्पर्शको स्थानमा यो विशेषता हो - "नामरूपको समुदयले - नामरूपको निरोधले ..." यसरी एकएक



Downloaded from http://www.dhamma.digital

स्कन्धको उदयव्यय दर्शनमा दशदश गरी पचास लक्षण भनिएका छन् । त्यसअनुसार - यसरी पनि रूपको उदय हुन्छ, यसरी पनि रूपको व्यय हुन्छ, यसरी पनि रुप उत्पन्न हुन्छ, यसरी पनि रुप नाश हुन्छ- यसप्रकार प्रत्यय र लक्षणले विस्तारपूर्वक मनसिकार गर्दछ ।

यसरी मनसिकार गर्ने योगीको 'यी धर्म पहिले नभएको उत्पन्न हुन्छन् र भएको नाश हुन्छन्' यो ज्ञान विशदतर हुन्छ । यसरी प्रत्यय र क्षण - दुई प्रकारले उदयव्ययलाई देख्ने योगीलाई सत्य, प्रतीत्य समुत्पाद एकत्व आदिको नय र अनित्य आदि लक्षणको भेद प्रकट हुन्छन् ।

जुन यो अविद्या आदिको समुदयले स्कन्धहरूको समुदय र अविंद्या आदिको निरोधले स्कन्धहरूको निरोधलाई देख्दछ, यो त्यसको प्रत्ययले उदयव्ययको दर्शन हो । जुन उत्पत्तिको लक्षण र विपरिणामको लक्षणलाई देख्दै स्कन्धहरूको उदयव्ययलाई देख्दछ, यो उसको क्षणले उदयव्ययको दर्शन हो । किनकि उत्पत्तिक्षणमा नै उत्पत्तिको लक्षण हो र भंगक्षणमा विपरिणामको लक्षण हो ।

यसरी प्रत्यय र क्षणले - दुई प्रकारले उदयव्ययलाई देख्दै त्यसलाई प्रत्ययले उदयको दर्शनले जनक भएको अववोधले समुदयसत्य प्रकट हुन्छ । क्षणले उदयव्ययको दर्शनले जन्मदुःखको अववोधले दुःखसत्य प्रकट हुन्छ । प्रत्ययले व्ययको दर्शनले प्रत्ययले उत्पन्न हुने प्रत्ययवान् धर्महरूको उत्पन्न नहुने अववोधले निरोधसत्य प्रकट हुन्छ । क्षणले व्ययको दर्शनले मृत्युदुःखको अववोधले दुःखसत्य प्रकट हुन्छ । जुन त्यसको उदयव्ययको दर्शन छ, त्यो लौकिकमार्ग नै हो – यसरी त्यसमा संमोह नहुनाले मार्गसत्य प्रकट हुन्छ ।

उसलाई प्रत्ययले उदयको दर्शनले 'यसको हुँदा यो हुन्छ' यसरी अववोधले अनुलोम-प्रतीत्य समुत्पाद प्रकट हुन्छ । प्रत्ययले व्ययको दर्शनले 'यसको निरोधले यो निरुद्ध हुन जान्छ' यसरी अववोधले प्रतिलोम-प्रतीत्यसमुत्पाद प्रकट हुन्छ । क्षणले उदयव्ययको दर्शनले संस्कृत लक्षणको अववोधले प्रतीत्य समुत्पन्न र्म प्रकट हुन्छन् । किनकि संस्कृत र प्रतीत्य समुत्पाद दुवै नै उदयव्यय स्वभावका छन् ।

प्रत्ययले उसलाई उदयको दर्शनले हेतुफलको सम्बन्धले सन्ततिको उपच्छेद नहुने अववोधले एकत्वनय प्रकट हुन्छ । तब राम्ररी उच्छेददृष्टिलाई त्याग्दछ । क्षणले उदयको दर्शनले नयाँनयाँ उत्पन्न हुने अववोधले नानात्वनय प्रकट हुन्छ । तब राम्ररी शाश्वतदृष्टिलाई त्याग्दछ । प्रत्ययले उदयव्ययको दर्शनले धर्महरूको वशवर्ती नहुने अववोधले उसलाई अव्यापारनय प्रकट हुन्छ । तब राम्ररी आत्मदृष्टिलाई त्याग्दछ । प्रत्ययले उदयको दर्शनले प्रत्ययअनुरूप फलोत्पत्तिको अववोधले एवं धर्मतानय प्रकट हुन्छ । तब राम्ररी अकृयदृष्टिलाई त्याग्दछ ।

प्रत्ययले उसको उदयको दर्शनले धर्महरूको निरीह हुने र प्रत्ययको सहारा रहने स्वभावको अववोधले अनात्मलक्षण प्रकट हुन्छ । क्षणले उदयव्ययको दर्शनले भएको नहुने र पूर्वान्तापरन्तको विवेकको अवबोधले अनित्यलक्षण प्रकट हुन्छ । उदयव्ययले पीढित भएको अववोधले दुःखलक्षण प्रकट हुन्छ । उदयव्ययको परिच्छिन्न भएको अववोधले स्वभावलक्षण पनि प्रकट हुन्छ । उदयको क्षण व्यय र व्ययको क्षण उदय नहुने अववोधले स्वभावलक्षणमा संस्कृतको क्षणिक हुनु पनि प्रकट हुन्छ ।

त्यस, यसरी सत्य, प्रतीत्यसमुत्पादनय र लक्षणको भेद प्रकट भएको योगीलाई, 'यसरी यी धर्म पहिले कहिले पनि उत्पन्न नभएको उत्पन्न हुन्छन्, उत्पन्न भएको निरुद्ध हुन्छन्, यसप्रकार नित्य नयाँ



Downloaded from http://www.dhamma.digital

नै भएर संस्कार जानकारी हुन्छ। न केवल नित्य नयाँ, सूर्योदय हुँदा ओस (शीत)को थोपाजस्तै, पानीको फोकाजस्तै, पानीमा डण्डा फयांक्दा बनेको पंक्तिजस्तै, सियोको टुप्पामा तोरीजस्तै र बिजुलि चम्किनेभैं क्षणिक छन्, माया, मृगतृष्णा, सपनामा देखिएको वस्तु, आगोको गोलोचक्र, गन्धर्व नगर, फिंज, केराथाम आदिजस्तै साररहित, निस्सार छन् – यसरी पनि जानकारी हुन्छ । यहाँसम्म उसलाई 'व्यय धर्म नै उत्पन्न हुन्छ र उत्पन्न भएको लय हुन्छ' यसप्रकारले एकएक स्कन्धमा दशदश गरी पचास लक्षणहरूलाई जान्ने उदयव्ययको अनुपश्यना नामको प्रथम तरुण विपश्यनाज्ञान प्राप्त हुन्छ, जसको प्राप्त हुनाले आरब्ध विपश्यक भनिन्छ ।

## विपश्यना उपक्लेश

तब यस तरुण-विपश्यनाले त्यस आरब्ध विपश्यकलाई दश विपश्यनाको उपक्लेश उत्पन्न हुन्छन्। विपश्यनाको उपक्लेशज्ञान प्राप्त आर्यश्रावक र शीलविपत्ति आदि खराब आचरण गर्ने कर्मस्थानलाई छाडी आलशी व्यक्तिलाई उत्पन्न हुँदैनन्। तर राम्ररी प्रतिपत्तिमा हिंड्ने, ज्ञानभावनामा लागेको, आरब्ध विपश्यक कुलपुत्रलाई नै उत्पन्न हुन्छन् । यी दश उपक्लेश कुचाहिं हुन ? (१) अवभास (२) ज्ञान (३) प्रीति (४) प्रश्रब्धि (५) सुख (६) अधिमोक्ष (७) प्रग्रह (८) उपस्थान (९) उपेक्षा र (१०) निकन्ति ।

यो भनिएको - 'कसरी धर्मको उद्धच्चले ग्रहण गरिएको चित्त हुन्छ ? अनित्यले मनसिकार गर्नेलाई अवभास उत्पन्न हुन्छ, अवभासधर्म हो। यसरी अवभासको आवर्जन गर्दछ, तत्पश्चात् विक्षेप उद्धच्च हो, त्यस उद्धच्चले ग्रहण गरिएको मन अनित्यले उपस्थान (स्मृति)लाई यथार्थ जान्दैन ।" दुःखले ... अनात्मले उपस्थानलाई यथार्थ जान्दैन ।" त्यसरी नै अनित्यले मनसिकार गर्दै ज्ञान उत्पन्न हुन्छ ..... प्रीति ... प्रश्रब्धि, सुख, अधिमोक्ष, प्रगह (वीर्य) उपस्थान उपेक्षा, निकन्ति उत्पन्न हुन्छ, 'निकन्ति धर्म हो' यसरी निकन्तिको आवर्जन गर्दछ, तत्पश्चात् विक्षेप उद्धच्च हो, यस उद्धच्चले ग्रहण गरिएको मन अनित्यले उपस्थानलाई यथार्थ जाँदैन, दुःखले ... अनात्मले उपस्थानलाई यथार्थ जान्दैन ।"

## अवभास

अवभास विपश्यनाको अवभासलाई भनिन्छ । त्यो उत्पन्न हुँदा योगी यसभन्दा पहिले मलाई यसप्रकारको अवभास उत्पन्न भएको थिएन, निश्चय नै म मार्गलाई पाइसकेको छुँ, फललाई पाएको छुँ" - यसरी अमार्गलाई नै मार्ग र अफललाई नै फल मान्दछ। त्यस अमार्गलाई मार्ग र अफललाई फल मान्नेको विपश्यनाको वीथि छुट्दछ। ऊ आफ्नो मूल कर्मस्थानलाई छाडेर अवभासको नै आस्वादन गर्दै बस्दछ ।

यो अवभास कुनै भिक्षुको पलेटी मारेको स्थान मात्रलाई नै प्रकाशित गर्दै उत्पन्न हुन्छ, कसैलाई कोठाको, कसैलाई कोठाको बाहिरी भागलाई पनि कसैलाई सम्पूर्ण विहारलाई, गव्यूति, आधा योजन, एक योजन, दुई योजन, तीन योजन - कसैलाई पृथ्वीको सतहदेखि अकनिष्ट ब्रह्मलोकसम्म प्रकाशले परिपूर्ण गर्दै प्रकाशित हुन्छ । तर भगवान्को दश हजार लोकधातुलाई प्रकाशित गर्दै उत्पन्न हुन्छ । यसको विभिन्नताको सम्बन्धमा यो कथा छ –

## दुई स्थविरको कथा

श्रीलंकाको सित् पवुल (चित्तल पर्वत)मा दुई भित्ता भएको घरभित्र दुई स्थविर ध्यान बस्नु



Downloaded from http://www.dhamma.digital

भयो। त्यसदिन कृष्णपक्षको उपोशथ थियो, दिशाहरू बादलहरूले घेरिएको थियो, राती (१) कृष्णपक्षको चतुर्दशी (२) घना जङ्गल (३) घना बादल (४) अर्धरात्री - यी चार अंगयुक्त अन्धकार विद्यमान थियो। तब एक स्थविरले भन्नुभयो - "भन्ते मलाई यस समय चैत्यको आगनको सिंहासनमा पाँच रंगको फूल देखापर्दछ।" उसलाई अर्कोले भन्नुभयो - "आवुस, आश्चर्यको कुनै कुरा भनिरहेको छैनौं, मलाई यस समय महासमुद्रमा एक योजनको दूरीमा माछा, कछुवा देखापरिरहेको छ।"

यो विपश्यनाको उपक्लेश प्रायः शमथ र विपश्यना प्राप्त योगीलाई उत्पन्न हुन्छ। यो समापत्तिले दबेको क्लेश उत्पन्न नभएको हुनाले 'म अर्हत हुँ" यसरी चित्त उत्पन्न हुन्छ। उच्चवालिकमा रहने महानाग स्थविरजस्तै, हंकनमा रहने महादत्त स्थविरजस्तै र चित्तल पर्वतमा निक्कपेन्नक प्रधानघरमा रहने चुल्लसुमन स्थविरजस्तै। त्यसमध्ये यहाँ एक कथा दिइन्छ।

## महानाग स्थविरको कथा

तलङ्गरमा रहने धर्मदिन्न स्थविर महाभिक्षुसंघलाई उपदेश दिने एक प्रतिसम्भिदाप्राप्त महाक्षीणास्रवी हुनुहुन्थ्यो। उहाँ एक दिन आफ्नो बस्ने स्थानमा बस्नुभएर, "के हाम्रो आचार्य, उच्चवालिकमा रहने महानाग स्थविरले श्रमण भएको कार्यशिर्षलाई प्राप्त गरिसक्नुभयो वा भएन ?" भनी यसप्रकार आवर्जन गर्दै आचार्यको पृथक्जन भएको कुरा देख्नुभएर "म नगएमा आचार्यले पृकजनमृत्युलाई प्राप्त गर्नुहुनेछ" भनी जान्नुभएर ऋद्धिले आकाशमा उडेर दिनमा विहार गर्ने स्थानमा बस्नुभएको महानाग स्थविरनजिक उत्रनुभएर वन्दना गरी, व्रतगरी एकछेउ बस्नुभयो।

"आवुस, धर्मदिन्न ! असमयमा किन आएको हौ ?" भनी आचार्यले सोध्नुहुँदा 'भन्ते, प्रश्न सोध्न आएको हुँ" भन्नुभयो। तत्पश्चात् 'आवुस, सोध, जानेको कुरा बताउनेछु" भन्दा हजार प्रश्नहरू सोध्नुभयो। स्थविरले सोधेसोधेको प्रश्नहरूको उत्तर विनारुकेर दिनुभयो। तत्पश्चात् "भन्ते तपाईंको ज्ञान अति तीक्ष्ण छ, कहिले तपाईंले यस धर्मलाई प्राप्त गर्नुभयो ?" भनी सोध्नुहुँदा "आजभन्दा साठी वर्षपूर्व, आवुस' भनी आचार्यले भन्नुभयो।

"भन्ते ! समाधिको उपभोग गर्नुहुन्छ ?"

"आवुस ! यो कठिन छैन।"

'राम्रो भन्ते, एउटा हात्ती बनाउनोस्।' भन्नुहुँदा महानाग स्थविरले सम्पूर्ण सेतो रंगको हात्ती बनाउनुभयो।

"अब, भन्ते ! जसरी एक हात्ती कानलाई निश्चल गरी, पुच्छर फैलाएर, सुँडलाई मुखमा राखेर भयानक शब्द गर्दै तपाईंको अगाडि आउँछ, त्यसप्रकारको हात्तीलाई बनाउनोस्।"

स्थविरले पनि त्यसरी नै बनाउनुभयो र वेगले आएको हात्तीको भयानक आकारलाई देख्नुभएर, उठेर भाग्न लाग्नुभयो। उहाँलाई क्षीणास्रव स्थविरले हात बढाउनुभएर चीवरको कुनालाई पक्रनुभएर "भन्ते क्षीणास्रवलाई भय हुँदैन" भनी भन्नुभयो। महानाग स्थविरले त्यस समय आफूलाई पृथग्जन भएको कुरा जान्नुभएर 'आवुस धम्मदिन्न। मेरो सहायता गर !" भन्नुभएर खुट्टानजिक टुक्रुक्क बस्नुभयो।



Downloaded from http://www.dhamma.digital

'भन्ते ! म तपाईंको सहायता गर्नको लागि नै आएको हुँ, चिन्ता नगर्नोस ।" भन्नुभएर कर्मस्थान भन्नुभयो । स्थविरले कर्मस्थानलाई ग्रहण गरी चंक्रमण गर्ने स्थानमा जानुभएर तेस्रोपल्ट खुट्टा राख्ने समयमा अग्रफल अर्हत्वलाई पाउनुभयो । स्थविर द्वेषचरित्रको हुनुहुन्थ्यो । यसप्रकारका भिक्षु अवभासमा विचलित हुन जान्छन् ।

## ज्ञान

ज्ञान विपश्यना ज्ञानलाई भनिन्छ । उसलाई रूप र अरुपधर्महरूको तुलना गर्दै, विचार गर्दै, छुटेको इन्द्रको बज्रजस्तै नसक्ने वेग, तीक्ष्ण तेजस्वी, अत्यन्त विशदज्ञान उत्पन्न हुन्छ ।

## प्रीति

प्रीति विपश्यनाप्रीतिलाई भनिन्छ। उसलाई त्यस समय क्षुद्रिकाप्रीति, क्षणिकाप्रीति, अवक्रान्तिकाप्रीति, उद्वेगाप्रीति, स्फूरणप्रीति - यी पाँच प्रकारका प्रीति सारा शरीरलाई पूर्ण गर्दै उत्पन्न हुन्छन् ।

## प्रश्रब्धि

प्रश्रब्धि विपश्यनाप्रश्रब्धिलाई भनिन्छ । उसलाई त्यस समय रात्रि या दिनको रहने स्थानमा बसेको काय र चित्तलाई न पीढा हुन्छ, न त भारी नै हुन्छन्, न त्यसमा कर्कशता आउँछ, न अकर्मण्यता हुन्छ, न ती म्लान (रोगी) हुन्छ र न बक्र हुन्छ। प्रत्युत उसको काय र चित्त प्रश्रब्धि, लघु, मृदु, कर्मण्य, सुविशद र ऋजु नै हुन्छन् । यी प्रश्रब्धि आदिले अनुग्रहीत काय र चित्तयुक्त भिक्षु त्यस समय अमानुषी रति (आनन्द) को अनुभव गर्दछ, जसप्रति धम्मपद (२५,१४-१५) अनुसार भनिएको छ ।

*सुञ्ञागारं पविट्ठस्स सन्तचित्तस्स भिक्खुनो ।*
*अमानुसी रती होति सम्मा धम्मं विपस्सतो ॥*

(शून्य गृहमा प्रविष्ट, शान्त चित्त भिक्षुलाई राम्ररी धर्मको साक्षात्कार गर्दै, अमानुषी रति हुन्छ ।)

*यतो यतो सम्मा सति खन्धानं उदयव्ययं ।*
*लभति पीतिपामोज्जं अमतं तं विजानतं ॥*

(ऊ जसैजसै स्कन्धहरूको उत्पत्ति र विनाशप्रति विचार गर्दछ, त्यसैत्यसै ज्ञानीहरूको प्रीति र प्रमोद अमृतलाई प्राप्त गर्दछ ।)

यसरी उसको यस अमानुषी रतिलाई सिद्ध गर्दै लघुता आदिले युक्त प्रश्रब्धि उत्पन्न हुन्छन् ।

## सुख

सुख विपश्यनासुखलाई भनिन्छ। त्यसलाई त्यस समय सारा शरीरमा संचार गर्दै अति उत्तम सुख उत्पन्न हुन्छ ।

## अधिमोक्ष

अधिमोक्ष श्रद्धालाई भनिन्छ। उसको चित्त र चेतसिकहरूलाई प्रसन्न गर्ने विपश्यनायुक्त बलवान् श्रद्धा उत्पन्न हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## प्रग्रह

प्रग्रह भनिन्छ वीर्यलाई । उसलाई अशिथिल र नअत्यन्त आरब्ध राम्ररी ग्रहण गरिएको विपश्यनायुक्त वीर्य उत्पन्न हुन्छ ।

## उपस्थान

उपस्थान स्मृतिलाई भनिन्छ । विपश्यनायुक्त नै उसलाई सुप्रतिष्ठित गाढिएझैं अचल पर्वतराजजस्तै स्मृति उत्पन्न हुन्छ । ऊ जुनजुन स्थानको आवर्जन गर्दछ, आफ्नो मन लैजान्छ, मनसिकार गर्दछ, विचारपूर्वक देख्दछ, त्यसत्यस स्थान प्रवेश गरी, कुदेर, दिव्यचक्षुले परलोकलाई देख्नेझैं स्मृतिमा जानकारी आउछन् ।

## उपेक्षा

उपेक्षा विपश्यनाउपेक्षा र आवर्जनउपेक्षालाई भनिन्छ । त्यस समय उसलाई सबै संस्कारहरूमा मध्यस्थ भएको विपश्यना उपेक्षा पनि बलवान् भएर उत्पन्न हुन्छ । मनोद्वारमा आवर्जन गर्दै छुटेको इन्द्रको बज्रजस्तै र पातहरूको भाडामा तातिएको भाडा राखेझैं तेजस्विनी, तीक्ष्ण भएर प्रवर्तित हुन्छ ।

## निकन्ति

निकन्ति विपश्यनानिकन्तिलाई भनिन्छ । यसरी अवभास आदिले युक्त उसको विपश्यनाआलय गर्दै सुक्ष्म, शान्तकर निकन्ति उत्पन्न हुन्छ, जसलाई यो निकन्ति क्लेश हो भनी जान्न पनि सकिन्न ।

जसरी अवभासमा, त्यसरी यसमध्ये कसैलाई उत्पन्न हुँदा योगी "आजभन्दा पहिले यसप्रकारको मलाई ज्ञान उत्पन्न भएको थिएन, यसप्रकारको प्रीति, प्रश्रब्धि सुख, अधिमोक्ष, प्रग्रह, उपस्थान, उपेक्षा,निकन्ति पहिले उत्पन्न भएको थिएन, निश्चय नै मार्ग प्राप्त गरेको हुँ, फल प्राप्त गरेको छुँ" - भनी अमार्गलाई नै मार्ग र अफललाई नै फल मान्दछ । उसको अमार्गलाई मार्ग र अफललाई फल मान्दै विपश्यनाको वीथि छुट्दछ । ऊ आफ्नो मूल कर्मस्थानलाई छाडेर निकन्ति आदिको नै आस्वादन गर्दै बस्दछ ।

यहाँ अवमास आदि उपक्लेशको वस्तु हुनाले उपक्लेश भनिएका छन्, अकुशल हुनाले होइन । तर निकन्ति उपक्लेश र उपक्लेशको वस्तु पनि हो । वस्तुअनुसार यी दश छन्, तर ग्राहानुसार तीस हुन्छन्।

कसरी ? 'मेरो अवभास उत्पन्न भएको छ' यसरी मान्दा दृष्टिग्राह हुन्छ । "के कस्तो सुन्दर अवभास उत्पन्न भएको छ" यसरी मान्दा मानग्राह हुन्छ । अवभासको आश्वादन गर्दा तीष्णाग्राह हुन्छ । यसप्रकार अवभासमा दृष्टि, मान, तृष्णाअनुसार तीन ग्राह हुन्छन् । त्यसरी नै शेषहरूमा पनि बुझ्नुपर्दछ । यसरी ग्राहअनुसार तीस उपक्लेश हुन्छन् । त्यसअनुसार अकुशल, अदक्ष योगी अवभास आदिमा विचलित हुन जान्छ, विक्षिप्त हुन जान्छ । अवभास आदिमा एक एकलाई - "यो मेरो हो, यो ममा छ, यो मेरो आत्मा हो", यसरी देख्दछ । यसैले पुराना मानिसहरूले भनेका छन् –

*ओभासे चेव ञाणे च पीतिया च विकम्पति ।*
*पस्सद्धिया सुखे चेव येहि चित्तं पवेधति ॥*
*अधिमोक्खे च पग्गाहे उपट्ठाने च कम्पति ।*
*उपेक्खावज्जनायञ्च उपेक्खाय निकन्तिया ॥*



Downloaded from http://www.dhamma.digital

(अवभास, ज्ञान, प्रीति, प्रश्रब्धि, सुख, अधिमोक्ष, प्रगह, उपस्थान, उपेक्षा आवर्जनको उपेक्षा र निकन्ति - यसले चित्त प्रकम्पित र विचलित हुन जान्छ ।)

तर कुशल पण्डित, दक्ष, बुद्धिमान् योगी अवभास आदिको उत्पन्न हुँदा यो अवभास मलाई उत्पन्न भएको छ, यो अनित्य, संस्कृत, प्रतीत्यसमुत्पन्न, क्षय, व्यय, विराग र निरोधको स्वभावको छ । यसप्रकार प्रज्ञाले अलग गर्दछ, परीक्षा गर्दछ अथवा उसलाई यस्तो हुन्छ - यदि अवभास आत्मा भएमा आत्मा मान्नुपर्दछ तर यो अनात्मालाई आत्मा मानेको छ, यसैले यो वशवर्ती नहुनाले अनात्म हो, भएर नहुने यो अनित्य हो, उत्पत्ति र लयले पीढित गर्नाले दु:ख हो । यसरी अरुपसप्तकमा भनिएअनुसार सबैको विस्तारपूर्वक वर्णन गर्नुपर्दछ । जसरी अवभासमा त्यसरी नै शेषहरूमा पनि बुझ्नुपर्दछ ।

ऊ यसप्रकार विचार गरेर अवभास 'मेरो होइन, ममा छैन, यो मेरो आत्मा होइन', भनी देख्दछ, ज्ञान ... निकन्ति मेरो होइन, ममा छैन, यो मेरो आत्मा होइन" भनी देख्दछ । यसरी देख्दै अवभास आदिमा प्रकम्पित हुँदैन, विचलित हुदैन । यसैले पुराना मानिसहरूले भनेका छन् –

*इमानि दस ठानानि पञ्ञा यस्स परिचिता ।*
*धम्मुद्धच्चकुसलो होति न च विक्खेपं गच्छति ॥*

(यी दश कुराहरूमा जसको प्रज्ञा परिचित छ, ऊ धर्मको उद्धच्चमा कुशल हुन्छ, र विक्षेपलाई प्राप्त गर्दैन ।)

यसप्रकार विक्षेपलाई प्राप्त नहुँदै त्यस तीस प्रकारका उपक्लेशको जटालाई काटेर, अवभास आदि धर्म मार्ग होइन, तर उपक्लेशरहित वीथिमा प्रतिपन्न विपश्यना ज्ञानमार्ग हो यसरी मार्ग र अमार्गको निरुपण गर्दछ ।

उसको यो मार्ग हो, यो मार्ग होइन - यसप्रकार मार्ग र अमार्गलाई जानेको ज्ञानलाई मार्गामार्ग-ज्ञान दर्शन-विशुद्धि जान्नुपर्दछ । यहाँसम्म, ऊ तीन सत्यहरूको निरुपण गरीसकेको हुन्छ ।

कसरी ? दृष्टिविशुद्धिमा नामरूपको निरुपणले दु:खसत्यको निरुपण गरेको छ, कांक्षावितरण विशुद्धिमा प्रत्ययहरूको परिग्रहले समुदयको निरुपण र यस मार्गामार्ग ज्ञानदर्शना विशुद्धिमा मार्गलाई राम्ररी जान्नाले मार्गसत्यको निरुपण गरेको छ । यसरी लौकिकज्ञानले नै तीन सत्यहरूको निरुपण गरिसकेको हुन्छ ।

*सज्जनहरूको प्रमोदको लागि*
*विशुद्धिमार्गमा प्रज्ञा भावनाको भागमा*
*मार्गामार्ग ज्ञानदर्शन विशुद्धि नामक*
*बीसौं परिच्छेद समाप्त*



Downloaded from http://www.dhamma.digital

# एक्काइसौं परिच्छेद

## पतिपदा ज्ञानदर्शन विशुद्धि निर्देश

आठ ज्ञानअनुसार शिर्षलाई प्राप्त भएको विपश्यना र नवौं सत्यको अनुलोम जाने ज्ञान यो प्रतिपदा ज्ञानदर्शन विशुद्धि हो । आठको यहाँ तात्पर्य, उपक्लेशरहित, वीथिमा लागेको विपश्यना ज्ञान हो जस्तै - (१) उदयव्ययको अनुपश्यनाज्ञान (२) भंगानुपश्यनाज्ञान (३) भयतोपस्थान ज्ञान (४) आदीनवानुपश्यना ज्ञान (५) निर्वेदानुपश्यना ज्ञान (६) मुञ्चितुकम्यताज्ञान (७) प्रतिसंख्यानुपश्यना ज्ञान (८) संस्कारोपेक्षाज्ञान - यी आठ ज्ञानहरूलाई जान्नुपर्दछ । नवौं सत्यको अनुलोम जाने ज्ञान - यसको अनुलोमको नाम हो । यसैले त्यसलाई पूर्ण गर्ने इच्छुकलाई उपक्लेशरहित उदयव्यय ज्ञानलाई प्रारम्भ गरी यी ज्ञानहरूमा योग गर्नुपर्दछ ।

### (१) उदयव्यय अनुपश्यनाज्ञान

पुनः उदयव्ययज्ञानमा योग गर्न के आवश्यकता छ ? लक्षणहरूको राम्ररी विचार गर्नको लागि । उदयव्यय ज्ञान पहिले दश उपक्लेशहरूले उपक्लिष्ट भएर स्वभावअनुसार त्रिलक्षणको विचार गर्न सकेन, तर उपक्लेशरहित भएर विचार गर्न सक्दछ । यसैले पुनः लक्षणहरूलाई राम्ररी जान्नको लागि नै योग गर्नुपर्दछ ।

कुनको मनमा नगर्नाले र केले ढाकिएको हुनाले कुन लक्षण देखापर्दैन ? उदयव्ययलाई मनमा नगर्ने र सन्ततिले ढाकिएको हुनाले अनित्यलक्षण देखापर्दैन । सर्वदा पीढित भएको मनमा नगर्दा र इर्यापथहरूले ढाकिएको हुनाले दुःखलक्षण देखापर्दैन । नाना धातुहरूलाई अलगअलग गरी मनमा नगर्नाले र घनाले ढाकिएकोले अनात्मलक्षण देखापर्दैन ।

उदयव्ययको परिग्रह गरी सन्ततिको कुपित हुनाले अनित्यलक्षण स्वभावले देखापर्दछ । सर्वदा पीढित गर्नेलाई मनमा गरी ईर्यापथलाई देख्दा दुःखलक्षण स्वभावले देखापर्दछ । नाना धातुहरूको अलगअलग गरी घनलाई विभक्त गरिदिंदा अनात्मलक्षण स्वभावले देखापर्छ ।

यहाँ (१) अनित्य, अनित्यलक्षण (२) दुःख, दुःखलक्षण र (३) अनात्म, अनात्मलक्षण - यस विभागलाई जान्नुपर्दछ ।

अनित्य - पञ्चस्कन्ध हुन् । किन ? उत्पत्ति, लय र अन्यथा हुनाले, अथवा भएर अभावलाई प्राप्त हुनाले । उत्पत्ति, लय र अन्यथा हुनु अनित्य लक्षण हो, या भएर अभाव भनिने आकारप्रकार अनित्यलक्षण हो ।

'जुन अनित्य छ, त्यो दुःख हो' आदि बचनले त्यही पाँच स्कन्धहरू दुःख हुन् । किन ? सर्वदा पीढित गर्नाले । सर्वदा पीढित गर्ने आकार दुःख लक्षण हो ।



Downloaded from http://www.dhamma.digital

'जुन दुःख हो त्यो अनात्म हो' आदि वचनले त्यही पाँचस्कन्धहरू अनात्म हो। किन ? अवशवर्ती हुनाले वशवर्ती नहुने आकार अनात्म लक्षण हो।

यी सबैलाई यो योगी उपक्लेशरहित, वीथिमा लागेको विपश्यक उदयव्ययको अनुपश्यनाको ज्ञानले स्वभावले विचार गर्दछ।

उसलाई यसप्रकार विचारगरी वारवार "अनित्य, दुःख, अनात्म हुन्" - यसरी रूप र अरूपधर्महरूको विचार गर्दै, सोच्दै त्यो ज्ञान तीक्ष्ण भएर प्रवर्तित हुन्छ, संस्कार लघु भएर देखापर्दछ। ज्ञानको तीक्ष्ण भएर प्रवर्तित हुने र संस्कारहरूको लघु भएर देखापर्दा उत्पाद, स्थिति (जरता) प्रवर्ति (भवको प्रवर्ति) या निमित्त (संस्कारहरूको निमित्त)लाई पाउँदैन, क्षय र व्ययको निरोधमा नै स्मृति ठहर्छ।

## भंगानुपश्यनाज्ञान

उसलाई - "यसरी उत्पन्न भएर, यसरी संस्कार निरुद्ध हुन जान्छ" भन्ने ज्ञानले हेर्दै एक स्थानमा भंगानुपश्यना नामक विपश्यना ज्ञान उत्पन्न हुन्छ। जसप्रति भनिएको छ - 'कसरी आलम्बनलाई जानेर भंगानुपश्यनामा प्रज्ञा विपश्यनाज्ञान हो ? रुपको आलम्बनले चित्त उत्पन्न भएर नाश हुन जान्छ, त्यस आलम्बनलाई जानेर त्यस चित्तको भंगको अनुपश्यना गर्दछ। ... कसरी अनुपश्यना गर्दछ ? अनित्यको स्तरमा अनुपश्यना गर्दछ, नित्यको स्तरमा होइन। दुःखको स्तरमा अनुपश्यना गर्दछ, सुखको स्तरमा होइन। अनात्मको स्तरमा अनुपश्यना गर्दछ, आत्मको स्तरमा होइन। निर्वेदलाई प्राप्त गर्दछ, अभिनन्दन गर्दैन। विराग गर्दछ, राग गर्दैन। निरुद्ध गर्दछ, उत्पन्न गर्दैन। त्यागिदिन्छ, ग्रहण गर्दैन। अनित्यको स्तर मा अनुपश्यना गर्दै नित्यसंज्ञालाई छाडिदिन्छ। दुःखको स्तरमा अनुपश्यना गर्दै सुखसंज्ञालाई ... अनात्मको स्तरमा अनुपश्यना गर्दै आत्मसंज्ञालाई ... निर्वेदको प्राप्त गर्दै नन्दीलाई ... विराग गर्दै र ागलाई ... निरुद्ध गर्दै उत्पत्तिलाई ... त्यागदै ग्रहण गर्नेलाई छाडिदिन्छ। वेदनाको आलम्बनले ... संज्ञाको आलम्बनले ... संस्कारहरूको आलम्बनले ... विज्ञानको आलम्बनले ... चक्षुको ... जरामरणको आलम्बनले चित्त उत्पन्न भएर नाश हुन जान्छ। ... त्यागदै ग्रहण गर्नलाई छाडिदिन्छ।

यो जान्नेको अर्थमा ज्ञान हो, प्रजाननको अर्थमा प्रज्ञा, यसैले भनिन्छ आलम्बनलाई जानेर भंगको अनुपश्यनामा प्रज्ञा विपश्यनाज्ञान हो।

आलम्बनलाई जानेर = जुनकुनै आलम्बनलाई जानेर। ... क्षय व्ययको स्तरमा देखेर भन्ने अर्थ हो। भंगको अनुपश्यनामा प्रज्ञा हो = त्यसको आलम्बनलाई क्षयव्ययको स्तरमा जानेर उत्पन्न भएको ज्ञानको भंगको अनुपश्यना गर्नुमा जुन प्रज्ञा हुन्छ, यो विपश्यनाज्ञान भनिएको छ, त्यो कसरी हुन्छ ? यो प्रश्नोत्तर दिने इच्छाले गरिएको प्रश्नको अर्थ हो।

तत्पश्चात् जसरी त्यो हुन्छ, त्यसलाई देखाउनको लागि रूपको आलम्बन आदि भनिएको छ। त्यहाँ रूपको आलम्बनले चित्त उत्पन्न भएर नाश हुन जान्छ = यो रूपको आलम्बनयुक्त चित्त उत्पन्न भएर नाश हुन जान्छ। अथवा रुपालम्बन हुँदा चित्त उत्पन्न भएर नाश हुन जान्छ भन्ने अर्थ हो। त्यस आलम्बनलाई जानेर = त्यस रुपालम्बनलाई जानेर। ... क्षय व्ययले देखेर भन्ने अर्थ हो। त्यस चित्तको भंगको अनुपश्यना गर्दछ = जुन चित्तले त्यस रुपालम्बनलाई क्षय व्ययको स्तरमा देख्दछ, त्यस चित्तपछि



Downloaded from http://www.dhamma.digital

दोस्रो चित्तले भंगको अनुपश्यना गर्दछ भन्ने अर्थ हो । यसैले पुराना मानिसहरूले भनेका छन् - 'जानेको र ज्ञानको - दुवैको पनि विपश्यना गर्दछ ।"

यहाँ अनुपश्यना गर्दछ = अनुअनु देख्दछ । अनेक आकारहरूले वारम्वार देख्दछ भन्ने यो अर्थ हो । यसैले भनियो - कसरी अनुपश्यना गर्दछ ? अनित्यको स्तरमा अनुपश्यना गर्दछ आदि ।

त्यहाँ किनकि भंग अनित्यताको अन्तिम छेउ हो, यसैले त्यो भंगको अनुपश्यना गर्ने योगी सबै संस्कारहरूलाई अनित्यको स्तरमा अनुपश्यना गर्दछ, नित्यको स्तरमा होइन । तत्पश्चात् अनित्यको दुःख र दुःखको अनात्म हुनाले, त्यसैको दुःखको स्तरमा अनुपश्यना गर्दछ, सुखको स्तरमा होइन । अनात्मको स्तरमा अनुपश्यना गर्दछ, आत्मको स्तरमा होइन ।

जुन अनित्य, दुःख, अनात्म हो, त्यसको अभिनन्दन गर्नु हुँदैन, र जसको अभिनन्दन गर्न हुँदैन त्यसमा राग पनि गर्नु हुँदैन । यसैले यसमा भंगको अनुपश्यनाअनुसार अनित्य, दुःख, अनात्म हुन् - भनी देख्दा संस्कारहरूमा निर्वेदलाई प्राप्त हुन्छ, अभिनन्दन गर्दैन । विराग गर्दछ, राग गर्दैन । ऊ यसरी राग नगर्दै, लौकिक ज्ञानले नै रागलाई निरुद्ध गर्दछ,, उत्पन्न गर्दैन, समुदय गर्दैन भन्ने अर्थ हो । अथवा ऊ यस्तो विरक्तजस्तो देखिएको संस्कारहरूलाई, त्यसरी नै नदेखिएको संस्कारहरूलाई पनि त्यस ज्ञानअनुसार निरुद्ध गर्दछ, उत्पन्न गर्दैन । निरोधको स्तरमा नै मनन गर्दछ । निरोधलाई नै देख्दछ, समुदयलाई होइन - भन्ने अर्थ हो ।

यसप्रकार प्रतिपन्न भएको योगी प्रतिनिःसर्ग (त्याग) गर्दछ, ग्रहण गर्दैन । के भनिएको छ ? यो पनि अनित्य आदिको अनुपश्यना तदङ्गअनुसार स्कन्ध र अभिसंस्कारहरूको साथ क्लेशहरूलाई त्याग्ने र संस्कृत भएको दोषलाई देख्नाले त्यसको विपरीत निर्वाणमा झुकेको दौड्नाले परित्याग प्रतिनिःसर्ग र प्रस्कन्दन प्रतिनिःसर्ग भनिन्छ । यसैले त्यसले युक्त भिक्षु यथोक्तप्रकारले क्लेशहरूलाई त्याग्दछ र निर्वाणमा दौडन्छ, न उत्पत्तिअनुसार क्लेशहरूलाई ग्रहण गर्दछ र न अदोषलाई देख्नेअनुसार संस्कृतको आलम्बनलाई । यसैले भनिन्छ त्याग्दछ, ग्रहण गर्दैन ।

उसको ती ज्ञानहरूले जुन धर्महरूलाई त्याग्दछ त्यसलाई देखाउनको लागि, अनित्यको स्तरमा अनुपश्यना गर्दै नित्य हुने संज्ञालाई छाडिदिन्छ आदि भनिएको छ । त्यहाँ नन्दी - प्रीतियुक्त तृष्णा हो । शेष भनिएको प्रकारले बुझ्नुपर्दछ ।

*वत्थुसंकमना चेव पञ्ञाय च विवट्ठना ।*
*आवज्जनाबल्लञ्चेव पटिसंखा विपस्सना ॥*

(वस्तुको संक्रमण, प्रज्ञाले विवर्तन र आवर्जनको सामर्थ्य - प्रतिसंख्या भंगानुपश्यना हो ।)

वत्थुसंकमना = रूपको भंगलाई देखेर फेरि जुन चित्तले भंग देखिएको छ, त्यसको पनि भंगलाई देख्नेअनुसार पहिलेको वस्तुले दोस्रो वस्तुलाई संक्रमण गर्नु । पञ्ञाय च विवट्ठना = उदयलाई छाडेर व्ययमा स्थिर हुनु । आवज्जनाबलञ्चेव = रूपको भंगलाई देखेर, फेरि भंगको आलम्बनयुक्त चित्तको भंगलाई देख्नको लागि त्यसपश्चात् नै आवर्जन गर्ने सामथ्य छन् । पटिसंखा विपस्सना = यो आलम्बनलाई जान्ने भंगानुपश्यना हो ।



Downloaded from http://www.dhamma.digital

*आरम्मण अन्वयेन उभो एकववत्थाना ।*
*निरोधे अधिमुत्तता वयलक्खण विपस्सना ॥*

(आलम्बनअनुसार दुवैको एक प्रकारले निरुपण र निरोधमा अधिमुक्त हुनु - यो व्यय लक्षणको विपस्सना हो ।)

आरम्मण अन्वयेन उभो एकववत्थाना = प्रत्यक्ष देखिएको आलम्बनको अन्वयले, अनुगमनले, जसरी यो, त्यसरी भूतकालमा पनि संस्कार नाश भएको थियो, भविष्यमा पनि हुनेछ - यसरी दुवैको एक स्वभावले नै निरुपण गर्नु भन्ने अर्थ हो । पुराना मानिसहरूले यो भनेका पनि छन् –

*संविज्जमानम्हि विसुद्धदस्सनो तदन्वयं नेति अतीतनागते ।*
*सब्बेपि संखारगता पलोकिनो उस्साववविन्दू सुरिये व उग्गते ॥*

(वर्तमान्मा विशुद्धरुपले भंगलाई देख्ने भिक्षु कसैको अनुसार भूत र भविष्यमा पनि सबै संस्कार लाई, सूर्य उदाउँदा र शीतको थोपाजस्तै नश्वर निरुपण गर्दछ ।)

निरोधे अधिमुत्तता = यसरी दुवैलाई भंगअनुसार एक भएको निरुपण गरी, त्यसै भंग भनिने निरोधमा अधिमुक्त हुनु । त्यसको गौरव गर्नु, त्यसतिर झुक्नु भन्ने अर्थ हो । वयलक्खणविपस्सना = यो व्यय लक्षणको विपस्सना हो - भनी भनिएको छ ।

*आरम्मणञ्च पटिसंखा भंगञ्च अनुपस्सति ।*
*सुञ्ञतो च उपट्ठानं अधिपञ्ञा विपस्सना ॥*

(आलम्बनलाई जानेर भंगको अनुपश्यना गर्दछ, तब शून्यको स्तरमा जानकारी हुनछ – यो अधिप्रज्ञा विपस्सना हो ।)

आरम्मणञ्च पटिसंखा = पहिलेको रूप आदि आलम्बनलाई जानेर । भंगञ्च अनुपस्सति = त्यस आलम्बनको भंगलाई देखेर, त्यसको आलम्बनयुक्त चित्तको भंगको अनुपश्यना गर्दछ ।

सुञ्ञतो च उपट्टानं - त्यसैको भंगको अनुपश्यना गर्दै, संस्कार नै नाश हुन्छन्, त्यसको नाश हुनु मरण हो, अर्को कुनै छैन - यसरी शून्यको स्तरमा जानकारी हुन्छ ।

यसैले पुरानाहरूले भनेका छन् ।

*खन्धा निरुज्झन्ति न चत्थि अञ्ञो, खन्धानं भेदो मरणन्ति वुच्चति ।*
*तेसं खयं पस्सति अप्पमत्तो, मणिं व विज्झं वजिरेन योनिसो ॥*

(स्कन्ध निरुद्ध हुन्छन्, अर्को कुनै निरुद्ध हुने छैन, स्कन्धहरूको नाश हुनु नै मरण भनिन्छ । त्यसको क्षयलाई अप्रमत्त योगी वज्रले मणिलाई प्वाल पारेजस्तै राम्ररी देख्दछ ।)

अधिपञ्ञा विपस्सना = जुन आलम्बनहरूलाई जान्दछ, र जुन भंगानुपश्यना हो तथा जुन शून्यको स्तरमा जानकारी हुन्छ - यो अधिप्रज्ञा विपश्यना हो यसरी भनिएको छ ।

*कुसलो तीसु अनुपस्सनासु चतस्सो च विपस्सनासु ।*
*तयो उपट्ठाने कुसलता नानादिट्ठिसु न कम्पति ॥*



Downloaded from http://www.dhamma.digital

(तीनै अनुपश्यनाहरू, चार विपश्यनाहरू र तीन प्रकारले देखापर्नुमा कुशल भिक्षु नानादृष्टिहरूमा विचलित हुँदैन ।)

कुसलो तीसु अनुपस्सनासु = अनित्य आदि तीनै अनुपश्यनाहरूमा दक्ष भिक्षु । चतस्सो च विपस्सनासु = र निर्वेद आदि चारै विपश्यनाहरूमा । तयो उपट्ठाने कुसलता = क्षयको स्तरमा, व्ययको स्तरमा, शून्यको स्तरमा - यी तीन प्रकार जान्नुमा कुशलता । नानादिट्ठिसु न कम्पत्ति = शाश्वत आदि नानाप्रकारका दृष्टिहरूमा प्रकम्पित हुँदैनन् ।

ऊ यसरी प्रकम्पित नहुँदै, निरुद्ध नभएको नै निरुद्ध हुन्छ, नाश नभएको नै नाश हुन्छ - यसप्रकार मनसिकार गर्दै, कमजोर भाँडा फुट्नेभैँ, सूक्ष्म धूलो उड्नेभैँ र तिलहरूभैँ चूर्ण हुँदै सबै संस्कारहरूको उत्पाद, स्थितिको प्रवर्तित भएको निमित्तलाई त्यागेर नाशलाई नै देख्दछ । जसरी आँखा भएको पुरुष पुष्करिणीको किनारा या नदीको किनारा उभिएको, ठूलठूलो थोपाहरू वर्षदै गरेको पोखरीमा पानीमाथि ठूलाठूला फोकाहरू उत्पन्न भएर - उत्पन्न भएर छिटोछिटो नाश हुँदै गरेको देख्दछ, यसैगरी सारा संस्कार नाश हुन जान्छन्, - नाश हुन्छन् - भनी यसरी देख्दछ । यसरी नै योगीप्रति धम्मपद (१३,४) अनुसार भगवान्ले भन्नुभयो –

*यथा बुब्बुलकं पस्से यथा पस्से मरीचिकं ।*
*एवं लोकं अवेक्खन्तं मच्चुराजा न पस्सति ॥*

(जो यस लोकलाई पानी फोकाहरूजस्तै या मरीचिजस्तै देख्दछ, उसलाई यमराजले देख्ने छैन ।)

उसलाई यसरी 'सारा संस्कार नाश हुन जान्छन्, नाश हुन जान्छन्', आदि प्रतिक्षण देखापर्दै आठ आनृशंसयुक्त भंगानुपश्यना ज्ञानबल प्राप्त हुन जान्छ । यी आठ आनृशंसहरू हुन् - (१) भवदृष्टिको प्रहाण (२) बाँच्ने चाहनाको त्याग (३) सर्वदा भावनामा लागिरहनु (४) विशुद्ध आजीविकाको हुनु (५) नानाप्रकारका कार्यहरूमा संघर्ष गर्ने उत्सुकताको त्याग (६) भयरहित हुनु (७) सहनशीलताको प्राप्ति र (८) उदासी तथा आसक्तिमाथि विजय प्राप्त गरीलिनु । यसैले पुराना मानिसहरूले भनेका छन्-

*इमानि अट्ठगुणमुत्तमानि दिस्वा तहिं सम्मसति पुनप्पुनं ।*
*आदित्तचेलसिरसूपमो मुनि भंगानुपस्सी अमतस्स पत्तिया ॥*

(यी आठ उत्तम गुणहरूलाई देखेर टाउकोको वस्त्र जल्दै गरेभैँ भंगको अनुपश्यना गर्ने मुनि अमृतको प्राप्तिको लागि, त्यसमा वारम्वार विचार गर्दछ ।)

## भयतोपस्थान ज्ञान

उसलाई यसरी सबै संस्कारहरूको क्षय, व्यय, भेद (नाश) र निरोधको आलम्बनयुक्त भंगको अनुपश्यना गर्दै, भावना गर्दै, अभ्यास गर्दै, सारा भव, योनि, गति, स्थिति, सत्वावासको संस्कार त्यसैप्रकार महाभयानक जानकारी हुन्छ, जसप्रकार डरपोक पुरुषहरूलाई सिंह, बाघ, भालू, ब्वाँसो, यक्ष, राक्षस, चण्डगोरु, चण्डकुकुर, मदमस्त हात्ती, भयानक आशीविष सर्प, चट्याङ, श्मशान, युद्धभूमि, बलेको आगो आदिलाई देखेर डराउँछ । उसलाई "भूतकालको संस्कार निरुद्ध भयो, वर्तमान्कालको निरुद्ध भैरहेछन्, भविष्यकालमा उत्पन्न हुने संस्कार पनि यसैप्रकार निरुद्ध हुनेछ" - आदि देख्दै यस स्थानमा भयतोपस्थान ज्ञान उत्पन्न हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## तीन पुत्रहरूको उपमा

एक महिलाको तीन पुत्रहरूले राजअपराध गरेका थिए। राजाले उनीहरूको टाउको काट्ने आदेश दियो। ती महिला पुत्रहरूसंग वधस्थलमा गईन। तब जल्लादले उसको जेठो छोराको शिर काटेर माहिलो छोराको टाउको काट्न आरम्भ गऱ्यो। उनीले जेठोको शिर काटिसकेको र माहिलोको काट्दै गरेको देखेर 'यो पनि यिनीहरूकै समान हुनेछ' भनी सोचेर कान्छोप्रतिको आलय त्यागिदिइन्। महिलाले जेठो छोराको टाउको काटिएको देखेझैं योगीले भूतकालको संस्कारहरूको निरोधलाई देख्नु हो। माहिलोको टाउको काट्दै गरेको देखेझैं वर्तमान्कालको संस्कारहरूको निरोधलाई देख्नु हो। 'यो पनि यिनीहरूकै जस्तै हुनेछ' - यसरी सोचेर कान्छोको आलयलाई त्याग्नेझैं भविष्यकालमा पनि उत्पन्न हुने संस्कार नाश हुनेछ - यसप्रकार भविष्यकालको संस्कारहरूको निरोधलाई देख्नु हो। योगीलाई यसरी देख्दै यस स्थानमा भयतोपस्थान ज्ञान उत्पन्न हुन्छ।

## पूतिप्रजा महिलाको उपमा

जसको सबै सन्तानहरू जन्मिदै मर्दछन् त्यस पूतिप्रजा महिलाले दश पुत्रहरूलाई जन्म दिइन्। त्यसमा नौ जन्मेर मरिसके, एक काखमा भएको मरिरहेको छ, अर्को गर्भमा छ। उनीले नौ पुत्रहरूलाई मरेको र दशौंलाई मर्दै गरेको देखेर 'यो पनि यिनीहरूकै समान हुनेछ' भनी सोचेर पेटमा रहेको बच्चाको आलयलाई त्यागिदिइन्। त्यहाँ त्यस महिलाका नौ पुत्रहरूको मृत्युलाई अनुस्मरण गरेझैं योगीको भूतकालको संस्कारहरूको निरोधलाई देख्नु हो। हातमा आएकोलाई मर्दै गरेको देख्नेझैं योगीको वर्तमान्कालको संस्कारहरूको निरोधलाई देख्नु हो। पेटमा रहने बच्चाको आलयलाई त्यागेझैं भविष्यकालको संस्कारहरूको निरोधलाई देख्नु हो। उसलाई यसरी देख्दै, त्यस क्षणमा भयतोपस्थान ज्ञान उत्पन्न हुन्छ।

भयतोपस्थान ज्ञानमा योगी डराउँछ कि डराउँदैन ? डराउँदैन, किनकि "भूतकालको संस्कार निरुद्ध भैसक्यो, वर्तमान्कालको निरुद्ध भैरहेछन्, भविष्यकालको निरुद्ध हुनेछ" - यसरी विचार गर्नु मात्र नै हुन्छ।

आगोको खाल्डाको उपमा - जस्तै कि आँखा भएको व्यक्ति नगरद्वारमा तीन आगोको खाल्डोलाई देख्दै स्वयं डराउँदैन, मात्र "जो यसमा खस्दछ, सबै महादुःख पाउनेछ" - भनी विचार मात्र नै गर्छ।

शुलको उपमा - आँखा भएको पुरुष खयरको शूल, फलामको शूल, सुनको शूल यसरी परिपाटीले राखिएको तीन शूलहरूलाई देख्दछ, स्वयं डराउँदैन मात्र उसलाई "जोजो यी शूलहरूमा खस्दछन् सबै दुःख प्राप्त गर्नेछन्" - भनी विचार मात्र नै गर्दछ।

यसैप्रकार भयतोपस्थान ज्ञानमा योगी स्वयं डराउँदैन, मात्र उसलाई तीन आगोको खाल्डो र तीन शूलहरूजस्तै तीन भवहरूमा 'भूतकालको संस्कार निरुद्ध भए, वर्तमान्कालको संस्कार निरुद्ध भैरहेछन्, भविष्यकालको निरुद्ध हुनेछ" यसरी विचार मात्र नै हुन्छ।

किनकि उसलाई मात्र सारा योनि, गति, स्थिति र निवासको संस्कार विनाशमा परेको भययुक्त भएर भयको स्तरमा जानकारी हुन्छ यसैले भयतोपस्थान भनिन्छ। यसरी भयको स्तरमा जानकारी हुने सम्बन्धमा यो पटिसम्भिदामग्ग पालि छ - "अनित्यको स्तरमा मनसिकार गर्दै के भयको स्तरमा जानकारी हुन्छ ? दुःख ... अनात्म ... जानकारी हुन्छ ? अनित्यको स्तरमा मनसिकार गर्दै, निमित्त



Downloaded from http://www.dhamma.digital

भयको स्तरमा जानकारी हुन्छ। दुःखको स्तरमा मनसिकार गर्दै प्रवृत्ति भयको स्तरमा जानकारी हुन्छ। अनात्मको स्तरमा मनसिकार गर्दै निमित्त र प्रवर्ति भयको स्तरमा जानकारी हुन्छ।"

त्यहाँ निमित्तको तात्पर्य हो = संस्कार निमित्त। भूत, भविष्य, वर्तमान्कालको संस्कारहरूको यो नाम हो। अनित्यको स्तरमा मनसिकार गर्दै संस्कारहरूको मरणलाई नै देख्दछ। त्यसले उसलाई निमित्त भयको स्तरमा जानकारी हुन्छ। प्रवर्तिको अर्थ हो = रूप र अरूपको भवहरूको प्रवर्ति। दुःखको स्तरमा मनसिकार गर्दै सुख मान्दा पनि प्रवर्तिको प्रतिक्षण पीढित भएकोलाई नै देख्दछ। त्यसले उसलाई प्रवर्ति भयको स्तरमा जानकारी हुन्छ। तर अनात्मको स्तरमा मनसिकार गर्दै यी दुवैलाई पनि शून्य गाउँजस्तै र मृग मरीचिका, गन्धर्व नगर आदिजस्तै रिक्त, तुच्छ, शुन्य, स्वामीरहित, मार्ग दर्शकरहित देख्दछ। त्यसले उसलाई निमित्त र प्रवर्ति दुवै भयको स्तरमा जानकारी हुन्छ।

## आदीनवज्ञान

उसलाई त्यस भयतोपस्थान ज्ञानको भावना गर्दै, अभ्यास गर्दै सारा भव, योनि, गति, स्थिति, सत्वावासमा त्राण (रक्षा), लेण (रक्षा स्थान) गति र प्रतिशरण देखापर्दैन। सारा भव, योनि, गति, स्थिति, निवासको संस्कारहरूमा एक संस्कारमा पनि प्रार्थना या परामर्श (दृढ ग्राह) हुँदैन ! तीनै भव मूश्लोरहित अग्निले पूर्ण खाडलजस्तै, चारै महाभूत भयानक विषयुक्त आशीविषजस्तै, पाँच स्कन्ध तलवार उठाएको वधकजस्तै, ६ भित्री आयतन शून्य गाउँजस्तै, ६ बाहिरी आयतन गाउँको लुटेरा डाकुहरूजस्तै, सात विज्ञानको स्थितिहरू र नौ सत्वावास एघार अग्निहरूले आदिप्त, दन्किनै बल्दै गरेको र प्रकाशमान भएजस्तै, तथा सारा संस्कार घाउ, रोग, शल्य (काँटा) दुःख, आवाधा भएजस्तै आस्वादरहित, निरस, महादोषहरूको राशि भएर जानकारी हुन्छ।

कसरी ? सुखपूर्वक बाँच्ने इच्छुक डरपोक पुरुषको लागि रमणीय आकारले रहने पनि हिंसक जन्तुहरूले युक्त जंगलजस्तै, सिंहयुक्त गुफाजस्तै, राक्षस रहने जलजस्तै, तलवार उठाएको रिपुजस्तै,विषयुक्त भोजनजस्तै, चोरहरूले युक्त मार्गजस्तै, जल्दै गरेको घरजस्तै र आक्रमण गरेको सेनाको युद्धभूमिजस्तै हुन्छ। जस्तै - यो पुरुष यी हिंसक जन्तुहरूले युक्त जंगल आदिलाई पाएर डराएको, संविग्न भएर, लोमहर्षणलाई प्राप्त भएर चारैतिर खतरा नै देख्दछ। यसप्रकार यो योगी भंगको अनुपश्यनाअनुसार सबै संस्कारहरू भयको स्तरमा जानकारी हुँदा चारैतिर निरस, आस्वादरहित दोषहरूलाई नै देख्दछ।

उसलाई, यसरी देख्दै, आदीनवज्ञान उत्पन्न हुन्छ। जसप्रति पटिसम्भिदामग्गमा यो भनिएको छ - "कसरी भयतोपस्थानमा प्रज्ञा आदीवनमा ज्ञान हो ? उत्पाद भय हो - यो भयतोपस्थानमा प्रज्ञा आदिनवमा ज्ञान हो। प्रवर्ति भय हो .... निमित्त भय हो ... आयूहन (राशिकरण) भय हो ... प्रतिसन्धि भय हो ... गति भय हो ... निब्बति (जन्मिनु) भय हो ... उत्पत्ति भय हो ... जन्म भय हो ... जरा भय हो ... व्याधि भय हो ... मरण भय हो .... शोक भय हो ... परिदेव भय हो ... उपायास भय हो - यो भयतोपस्थानमा प्रज्ञा आदीवनमा ज्ञान हो। अनुत्पाद क्षेम (कल्याणकार) छ - यो शान्तिपदमा ज्ञान हो, अप्रवर्ति .... अनुपायास क्षेम हो - यो शान्तिपदमा ज्ञान हो। उत्पाद भय र अनुत्पाद क्षेम हो - यो शान्तिपदमा ज्ञान हो.... प्रवर्ति ... उपायास भय र अनुपायास क्षेम हो - यो शान्तिपदमा ज्ञान हो। उत्पाद दुःख हो - यो भयतोपस्थानमा प्रज्ञा आदीनवमा ज्ञान हो, प्रवर्ति ... उपायास दुःख हो - यो भयतोपस्थानमा प्रज्ञा आदीनवमा ज्ञान हो। अनुत्पाद सुख हो - यो शान्तिपदमा ज्ञान हो, अप्रवर्त्ति ...



Downloaded from http://www.dhamma.digital

अनुपायास सुख हो - यो शान्तिपदमा ज्ञान हो। उत्पाद दुःख र अनुत्पाद सुख हो - यो शान्तिपदमा ज्ञान हो, प्रवर्ति ... उपायास दुःख हो र अनुपायास सुख हो, यो शान्तिपदमा ज्ञान हो। उत्पाद सामिष हो - यो भयतोपस्थानमा प्रज्ञा आदीनवमा ज्ञान हो। ... प्रवर्ति ... उपायास सामिष हो - यो भयतोपस्थानमा प्रज्ञा आदीनवमा ज्ञान हो। अनुत्पाद निरामिष हो - यो शान्तिपदमा ज्ञान हो, अप्रवर्ति ... अनुपयास निरामिष हो - यो शान्तिपदमा ज्ञान हो। उत्पाद सामिष हो र अनुत्पाद निरामिष हो - यो शान्ति पदमा ज्ञान हो। प्रवर्ति ... उपायास सामिष र अनुपायास निरामिष हो - यो शान्तिपदमा ज्ञान हो। उत्पाद संस्कार हो - यो भयतोपस्थानमा प्रज्ञा आदीवनमा ज्ञान हो। प्रवर्ति ... उपायास संस्कार हुन - यो भयतोपस्थानमा प्रज्ञा आदीनवमा ज्ञान हो। अनुत्पाद निर्वाण हो - यो शान्तिपदमा ज्ञान हो। अप्रवर्ति - अनुपायास निर्वाण हो - यो शान्तिपदमा ज्ञान हो। उत्पाद संस्कार र अनुत्पाद निर्वाण हो - यो शान्तिपदमा ज्ञान हो। प्रवर्ति ... उपायास संस्कार र अनुपायास निर्वाण हो - यो शान्तिपदमा ज्ञान हो।

*उप्पादञ्च पवत्तञ्च निमित्तं दुक्खन्ति पस्सति।*
*आयूहनं पटिसन्धि ञाणं आदीनवे इदं॥*

(उत्पाद, प्रवर्त्ति, निमित्त, दुःख, आयूहन, प्रतिसन्धि आदि दुःख हुन् भनी यसप्रकार देख्दछ - यो आदीनवमा ज्ञान हो।)

*अनुप्पादं अप्पवत्तं अनिमित्तं सुखन्ति च।*
*अनायूहनं अप्पटिसन्धि ञाणं सन्तिपदे इदं॥*

(अनुत्पाद, अप्रवर्ति, अनिमित्त, सुख, अन् आयूहन, अप्रतिसन्धि सुख हुन् - यो शान्तिपदमा ज्ञान हो।)

*आदीनवे ञाणं पञ्च ठानेसु जायति।*
*पञ्च ठाने सन्तिपदे दसञाणे पजानाति।*
*द्विन्नं ञाणानं कुसलता नानादिट्ठिसु न कम्पति॥*

(आदीनवमा ज्ञान पाँच स्थानहरूमा उत्पन्न हुन्छन् र शान्तिपदमा ज्ञान पाँच स्थानहरूमा। यसरी दश ज्ञानहरूलाई जान्दछ। दुवै ज्ञानहरूका कुशलताले नानाप्रकारका दृष्टिहरूमा प्रकम्पित हुँदैन।)

त्यो ज्ञात हुने अर्थमा ज्ञान हो, प्रजाननको अर्थमा प्रज्ञा हो, यसैले भनिन्छ भयतोपस्थानहरूमा प्रज्ञा आदीनवमा ज्ञान हो।

त्यहाँ उत्पाद = पूर्वकर्मको प्रत्ययले यहाँ उत्पन्न हुनु। प्रवर्ति = त्यसप्रकारले उत्पन्न भएकोलाई प्रवर्तित हुनु। निमित्त= सबै संस्कार निमित्तहरू। आयूहन = भविष्यको प्रतिसन्धिको हेतु भएको कर्म। प्रतिसन्धि = भविष्यको उत्पत्ति। गति = जुन गतिले प्रतिसन्धि हुन्छ। निब्बति = स्कन्धको उत्पन्न हुनु। उत्पत्ति = "समापन्न भएको या उत्पन्न भएको को" यसरी धम्मंसगणीमा भनिएको विपाकको प्रवर्ति। जन्म = जरा आदिको कारण भएको जन्म। जरा, व्याधि, मरण आदि प्रकट नै छन्।

यहाँ उत्पाद आदि पाँच नै आदीनव ज्ञानको वस्तुअनुसार भनिएका छन्, शेष त्यसको पर्यायवाची भएअनुसार। निब्बति र जन्म यी दुई उत्पाद र प्रतिसन्धिको पर्यावाची हुन्। गति र उत्पत्ति - यी दुई प्रवर्ति र जंरा आदिको निमित्तको पर्यायवाची हुन् –



Downloaded from http://www.dhamma.digital

*उप्पादञ्च पवत्तञ्च निमित्तं दुक्खन्ति पस्सति ।*
*आयूहनं पटिसन्धि ञाणं आदीनवे इदं ॥*
*र*
*आदीनवे ञाणं पञ्च ठानेसु जायति*

"अनुत्पाद क्षेम हो = यो शान्तिपदमा ज्ञान हो" आदि आदीनवज्ञानको विरोधी ज्ञानलाई देखाउनको लागि भनिएको छ। या भयतोपस्थानले आदीनवलाई देखेर उद्विग्न हृदय भएकोलाई अभय, क्षेम, निर ादीनव पनि छ - यसरी आश्वासन दिनको लागि पनि यो भनिएको छ। अथवा किनकि यसको उत्पाद आदि भयको स्तरमा जानकारी हुन्छ, त्यसको चित्त त्यसको विपरित झुकेको हुन्छ, यसैले भयतोपस्थानको अनुसार सिद्ध भएको आदीनवज्ञानको आनृशंसलाई देखाउनको लागि पनि यो भनिएको छ - भनी जान्नुपर्दछ।

यहाँ जुन भय हो, त्यो किनकि नियमतः दुःख हो र जुन दुःख हो त्यो वर्त्तआमिष (भवराग), लोकआमिष (वस्तुकामराग) र क्लेशआमिष (छन्दराग)ले युक्त नहुनाले सामिष हो। जुन सामिष हो त्यो संस्कार मात्र नै हो। यसैले 'उत्पत्ति दुःख हो - यो भयतोपस्थानमा प्रज्ञा आदीनवज्ञान हो' आदि भनिएको छ। यस्तो हुँदा पनि भय, दुःख र सामिषको आकारले - यसरी विभिन्न आकारहरूले प्रवर्तिअनुसार यहाँ विभिन्नता जान्नुपर्दछ।

दश ज्ञानहरूलाई जान्दछ = आदीनवज्ञानलाई जान्दै, उत्पाद आदि वस्तु पाँच र अनुत्पाद आदि वस्तु पाँच - यी दश ज्ञानहरूलाई जान्दछ, प्रतिवेध गर्दछ, साक्षात्कार गर्दछ।

दुवै ज्ञानहरूका कुशलताले = आदीनवज्ञान र शान्तिपद ज्ञान - यी दुवै ज्ञानहरूका कुशलताले। नानाप्रकारका दृष्टिहरूमा प्रकम्पित हुँदैन = दीघनिकाय (१,१) अनुसार "भिक्षुहरू कति श्रमण र ब्राह्मण पाँच कारणहरूले दृष्टधर्म निर्वाणवादी (यसै संसारमा हेर्दाहेर्दै निर्वाण हुन्छन् - यस्तो मान्नेहरू) छन्" आदि परम दृष्टधर्म निर्वाण भनिएको मिथ्यादृष्टि हुने मिथ्यादृष्टिहरूमा प्रकम्पित हुँदैन। यहाँ शेष सरल नै छ।

## निर्विदानुपश्यनाज्ञान

ऊ त्यसरी सब संस्कारहरूलाई आदीनवको स्तरमा देख्दै सारा भव, योनि, गति, विज्ञानको स्थिति, सत्वावासको संस्कारहरूमा निर्वेदलाई प्राप्त हुन्छ, उदास हुन्छ, त्यसमा अभिरमण गर्दैन।

राजहंशको उपमा - अनवतप्त (मानसरोवर) हृदलाई घेरेर स्थित गन्धमादन, काल, कैलाश, सुदर्शन, चित्रकूट - यी हिमालयका पाँच चुचुरामध्ये पश्चिम दिशाको चुचुरा चित्रकूट पर्वतको तल्लो भागमा अभिरमण गर्ने सुवर्ण राजहंश चण्डालग्रामको द्वारको फोहर खाल्डोमा अभिरमण गर्दैन, ऊ सात महासरोवारहरूमा नै अभिरमण गर्दछ। यसरी नै यो योगीरूपी राजहंस पनि राम्ररी आदीनव देखेको संस्कारहरूमा अभिरमण गर्दैन तर भावनारतिले युक्त हुनाले भावनाको रमण गर्ने सात अनुपश्यनाहरूमा नै रमण गर्दछ।

सिंहको उपमा - जसरी पशुहरूको राजा सिंह सुनको पिंजडामा अभिरमण गर्दैन ऊ तीन हजार योजन विस्तृत हिमालयमा नै रमण गर्दछ, यसरी नै योगीरूपी सिंह तीन प्रकारको सुगतिभवमा



Downloaded from http://www.dhamma.digital

अभिमरण गर्दैन तर तीन अनुपश्यनाहरूमा नै रमण गर्दछ।

**सात महासरोवर**

***विभिन्न ग्रन्थहरूमा विभिन्न प्रकारले वर्णित छन्। यथा - दीघनिकाय अर्थकथाअनुसार- कर्णमुण्डक, रथकार, अनवतप्त, सिंहप्रपात, छद्दन्त, मन्दाकिनी, कुणाल। मज्झिम निकाय अर्थकथाअनुसार-कर्णमुण्डक, रथकार, अनवतप्त, सिंहप्रपात, छद्दन्त, मुचलिन्द, कुणाल। संयुक्त निकाय अर्थकथाअनुसार - कर्णमुण्डक, रथकार, अनवतप्त, सिंहप्रपात, मन्दाकिनी, मुचलिन्द, कुणाल। जातक अर्थकथाअनुसार - कण्डमुण्डक, रथकार, सिंहप्रपात, छद्दन्त, तियर्गल, अनवतप्त, कुणाल र अभिधानप्पदीपिकाअनुसार - अनवतप्त, कर्णमुण्डक, रथकार, कुणाल, मन्दाकिनी, सिंहप्रपात, छद्दन्त।***

छद्दन्त हात्तिको उपमा - जसरी एकदम सेतो सात प्रकारले प्रतिष्ठित ऋद्धिमान आकाशमार्गले जाने हातीहरूको राजा छद्दन्त नगरको बीच अभिमरण गर्दैन, हिमालयको छन्दक ह्रदको जंगलमा नै अभिरमण गर्दछ। यसरी नै यो योगीरूपी श्रेष्ठ हात्ती सबै संस्कारहरूमा अभिरमण गर्दैन, 'अनुत्पाद क्षेम हो' - आदिप्रकारले देखिएको शान्तिपदमा नै अभिरमण गर्दछ, त्यसतिर झुकेको मन हुन्छ।

## मुञ्चितुकम्यता ज्ञान

यो पूर्वको दुई ज्ञानहरूको अर्थले एक नै हो। यसैले पुराना मानिसहरूले भनेका छन् - 'भयतोपस्थानज्ञान एकले नै तीन नामलाई प्राप्त गर्छ। सबै संस्कारहरूलाई भयको स्तरमा देख्नाले भयतोपस्थान नाम भएको हो। त्यसै संस्कारहरूको आदीनवलाई उत्पन्न गर्नाले आदीनवानुपश्यना नाम भएको हो। त्यसै संस्कारहरूमा निर्वेदलाई उत्पन्न गर्नाले निर्वेदानुपश्यना नाम भएको हो।" पटिसम्भिदामग्ग पालिमा पनि भनियो - 'जुन भयतोपस्थानमा प्रज्ञा हो, जुन आदीनवमाज्ञान हो र जुन निर्वेद हो - यी धर्म एक अर्थयुक्त हुन्, व्यञ्जनमात्र भिन्न छन्।"

यस निर्वेदज्ञानले यस कुलपुत्रको निर्वेद, उदासी र अनभिरत हुँदै सारा भव, योनि, गति, विज्ञानको स्थिति, सत्वावासको संस्कारहरूमा एउटै पनि संस्कारमा चित्त लाग्दैन, टाँसिदैन, बाँधिदैन, सारा संस्कार हरूले छुटकारा पाउने र निस्कने इच्छा हुन्छ।

कुन प्रकारले ? जसरी जालको बीचमा परेको माछा, साँपको मुखमा गएको भ्यागुता, पिंजरामा परेको जंगली कुखा, दृढ पाशोमा गएको मृग, सपेराको हातमा परेको साँप, महादलदलमा फसेको हात्ती, गरुडको मुखमा परेको सर्पराज, राहुको मुखमा प्रवेश गरेको चन्द्रमा, दुश्मनहरूले घेरिएको मानिस - आदिप्रकारले सबै त्यस त्यसबाट छुटकारा पाउने र निस्कनु नै चाहने हुन्छन्। तब यसरी सबै संस्कारहरूको आलयरहित, सारा संस्कारहरूले छुटकारा पाउनेको इच्छुक त्यस योगीलाई मुञ्चितुकम्यताज्ञान उत्पन्न हुन्छ।

## प्रतिसंख्याज्ञान

ऊ यसरी सारा भव, योनि, गति, स्थिति, निवासको संस्कारहरूले छुटकारा पाउने इच्छुक सारा संस्कारहरूले छुटकारा पाउनको लागि पुनः त्यसै संस्कारहरूलाई प्रतिसंख्यानुपश्यनाज्ञानले त्रिलक्षणको आरोपण गरी परिग्रह गर्दछ।

ऊ सारा संस्कारहरूलाई अत्यन्त अनित्य, क्षणिक, उत्पाद र व्ययको परिच्छेद, नाशवान्, चञ्चल,



Downloaded from http://www.dhamma.digital

प्रभंगुर, अध्रुव, विपरिणाम स्वभाव, साररहित, विभव (विनाश), संस्कृत, मरण स्वभाव आदि भएको कारणहरूले अनित्य देख्दछ ।

सर्वदा पीढित गर्ने, असह्य हुने, दुःखको वस्तु हुने, रोग, घाउ, शल्य, पाप, आवाधा, विपत्ति, उपद्रव, भय, उपसर्ग (झंझट), अत्राण, अलेण, अशरण, आदीनव, पापको जड, वधक, सास्रव, मारको आमिष, जन्मको स्वभाव, बूढा हुने स्वभाव व्याधि, शोक, परिदेव, उपायास, संक्लेश भएको स्वभाव आदि हुने कारणहरूले दुःख हो भनी देख्दछ ।

असुन्दर, दुर्गन्ध, जिगुप्सित, प्रतिकूल, सजाउन अयोग्य, कुरुप, वीभत्स आदि भएको कारणहरूले दुःख लक्षणको परिवार भएको अशुभको स्तरमा देख्दछ ।

परवश, रिक्त, तुच्छ, शून्य, स्वामीरहित, अनात्म (अनीश्वर) अवशवर्ती आदि भएका कारणहरूले अनात्मको स्तरमा देख्दछ ।

यसरी देख्दै त्रिलक्षणको आरोपण गरी संस्कार परिग्रहीत हुन्छन् । किन यो यसलाई यसरी परिग्रह गर्दछ ? छुटकारा पाउने उपायलाई ठीक गर्नको लागि । त्यस सम्बन्धमा यो उपमा छ -

माछा मार्ने मछुवाको उपमा - एउटा मानिस 'माछा मार्छु' भनी सोचेर पानीमा बल्छी थाप्यो । तर त्यस बल्छीमा माछाको सट्टा सर्प पर्‍यो । त्यो मानिसले बल्छीको मुखमा हातलाई पसाएर पानीमा साँपको गर्दनलाई पक्रेर मैले माछा समाते भनी सोचेर प्रसन्न भयो । ऊ 'मैले धेरै ठूलो माछालाई पाएँ भनी सोचर उठाएर हेर्दा तीन स्वस्तिकलाई देख्नाले साँप हो जानेर भयभीत भयो । सर्पले डस्ने दोषलाई देखेर, पक्रिराखेमा मृत्युलाई प्राप्त हुन्छ भनी सोचेर छुटकारा पाउन चाहँदै, छुटकारा पाउने उपाय गर्दै, पुच्छरको टुप्पादेखि लिएर हातलाई छुटाएर, हातमाथि उठाएर, सर्पको टाउमा दुई, तीनपल्ट हिर्काएर, सर्पलाई दुर्बल गरी, "जाउ दुष्ट साँप" भन्दै साँपलाई छाडेर, छिटो तलाउको आलीमा चढेर "म महान साँपको मुखबाट छुटकारा पाएको छुँ" भनी सोच्दै आफू गएको मार्गलाई हेर्दै उभियो ।

त्यहाँ त्यस मानिसको माछा भनी सोचर साँपको गर्दन पक्रेर प्रसन्न भएको समयजस्तै यस योगीको पनि प्रारम्भले नै शरीरलाई प्राप्त भएकोमा प्रसन्न भएको समय हो । उसले बल्छीको मुखबाट सर्पको टाउकोलाई निकालेर तीन स्वस्तिकलाई देख्नेझैं, पञ्चस्कन्ध शरीरको घनलाई अलग गरी संस्कारहरूमा त्रिलक्षणलाई देख्नु हो । त्यसको भयभीत भएको समयजस्तै योगीको भयतोपस्थानज्ञान हो । तत्पश्चात् आदीनव देख्नेझैं आदीनवानुपश्यना ज्ञान हो । साँपलाई छुटाउने इच्छाजस्तै मुञ्चितुकम्यताज्ञान हो । छुटकारा पाउने उपायलाई गर्नेझैं प्रतिसख्यानुपश्यनाज्ञानले संस्कारहरूमा त्रिलक्षणको आरोपण गर्नु हो । जसरी त्यो मानिस साँपलाई हिर्काएर, दुर्बल बनाएर, फर्केर डस्नको लागि असमर्थ बनाएर, राम्ररी छाडिदियो, यसरी यो योगी त्रिलक्षणको आरोपणले संस्कारहरूलई हिर्काएर दुर्बल गरी पुनः सुख, शुभ, आत्मको आकारले जानकारी हुनको लागि असमर्थ गरी राम्ररी छाडिदिन्छ । यसैले भनियो - छुटकारा पाउने उपायलाई ठीक गर्नको लागि ।

यतिले उसलाई प्रतिसंख्याज्ञान उत्पन्न भएको हुन्छ । जसप्रति भनिएको छ - 'अनित्यको स्तरमा मनसिकार गर्दै कुनचाहिं प्रतिसंख्याज्ञान उत्पन्न हुन्छ ? दुःखको स्तरमा ... अनात्मको ... उत्पन्न हुन्छ ? अनित्यको स्तरमा मनसिकार गर्दै निमित्त प्रतिसंख्याज्ञान उत्पन्न हुन्छ । दुःखको



Downloaded from http://www.dhamma.digital

स्तरमा मनसिकार गर्दै प्रवृति प्रतिसंख्याज्ञान उत्पन्न हुन्छ। अनात्मको स्तरमा मनसिकार गर्दै निमित्त र प्रवर्ति प्रतिसंख्याज्ञान उत्पन्न हुन्छ।"

यहाँ निमित्त प्रतिसंख्या = संस्कार निमित्त अध्रुव क्षणिक छ - यसरी अनित्य लक्षणअनुसार जानेर यद्यपि प्रथम जानेर पछि ज्ञान उत्पन्न हुन्छ तर व्यवहारको अनुसार 'मन र धर्मको कारण मनोविज्ञान उत्पन्न हुन्छ" आदि भनी भनिन्छ। या एकत्वनयभन्दा पहिले र पछिल्लोलाई एक गरी यसरी भनिएको हो भनी जान्नुपर्दछ। यसैप्रकार अन्य दुईलाई पनि दुई पदहरूको अर्थ जान्नुपर्दछ।

## संस्कारोपेक्षाज्ञान

ऊ यसरी प्रतिसंख्यानुपश्यना ज्ञानले, सबै संस्कार शून्य छन् भनी परिग्रह गरी, फेरी मज्झिम निकाय (२) अनुसार "यो आत्मा या आत्मीयले शून्य छ" भनी दुई प्रकारको शून्यताको परिग्रह गर्दछ। ऊ यसरी न आफूलाई न अन्य कुनै आफ्नो परिष्कार भएको रूपमा देखेर फेरि - "नाहं क्वचनि, कस्सति किञ्चनतस्मिं, न च मम क्वचनि किस्मिञ्चि किञ्चनतत्थि।" जुन यहाँ चार प्रकारको शून्यता भनिएको छ, त्यसको परिग्रह गर्दछ।

कसरी ? (१) यो नाहं क्वचनि = कतै आत्मालाई कहीं देख्दैन। (२) कस्सचि किञ्चनतस्मिं = आफ्नो आत्मालाई कुनै अरूको आत्मभावमा लैजानयोग्य देख्दैन। भाईको स्थानमा भाईलाई, सहायकको स्थानमा सहायकलाई या परिष्कारको स्थानमा परिष्कारलाई मानेर लैजानयोग्य देख्दैन भन्ने अर्थ हो। (३) न च मम क्वचनि = यहाँ मम शब्दलाई प्रथम छाडेर कहीं अरू र आत्मालाई देख्दैन भन्ने अर्थ हो। अब मम शब्दलाई ल्याएर (४) मम किस्मिञ्चि किञ्चानतत्थि = ऊ अरुको आत्मा मेरो कुनै पनि वस्तुमा छ - भनी देख्दैन। आफ्नो भाइको स्थानमा भाईलाई, सहायकको स्थानमा सहायकलाई या परिष्कारको स्थानमा परिष्कारलाई - यसरी कुनै पनि स्थानमा अरुको आत्मालाई यस आत्मभावले लैजानयोग्य देख्दैन भन्ने अर्थ हो। यसरी यो न त कहीं आत्मालाई देख्दछ, न उसलाई अरुको आत्मभावमा लैजानयोग्य देख्दछ र न अरुको आत्मालाई आफ्नो आत्मभावमा लानयोग्य देख्दछ, यसैले यसद्वारा चार प्रकारका शून्यता परिग्रह हुन्छ।

यसरी चार प्रकारका शून्यताको परिग्रह गरी फेरि ६ प्रकारले शून्यताको परिग्रह गर्दछ। कसरी ? 'चक्षु आत्मा या आत्मीयले नित्य ध्रुव, शाश्वत या अपरिवर्ततशील स्वभावले शून्य छ। मन, रूप ... धर्म ... चक्षुविज्ञान ... मनोविज्ञान चक्षुस्पर्श ... शून्य छ।" यसरी जरामरणसम्म लैजानुपर्दछ।

यसरी ६ प्रकारले शून्यताको परिग्रह गरी, फेरि चुल्ल निद्देशअनुसार आठ प्रकारले परिग्रह गर्दछ जस्तै- 'रुप नित्यसार, ध्रुवसार, सुखसार, आत्मसार, नित्य, ध्रुव, शाश्वत या अपरिवर्तनशील स्वभावले असार, साररहित र सारले टाढा रहने छ। वेदना, संज्ञा - संस्कार, विज्ञान चक्षु, जरामरण ... रहने छ। जस्तै - नरकट, अरण्डि, उदम्बर, सेतवच्छो, पालिभद्दक, फिंजको पिण्ड, पानीको फोका, मृग मरिचीका, केराथाम र माया असार, साररहित, सारदेखि टाढा रहने हुन्छन्, यसरी नै रूप ... टाढा रहने हुन्छन्।

ऊ यसरी आठ प्रकारले शून्यताको परिग्रह गरी फेरी दश प्रकारले परिग्रह गर्दछ। "रुपलाई रिक्त, तुच्छ, शून्य, अनात्म, अनीश्वर, अकार्यलाई गर्ने, इच्छानुसार नहुने, अवशवर्ती, परवश, विवृतको स्तरमा देख्दछ। वेदनालाई ... विज्ञानलाई ... विवृत्तको स्तरमा देख्दछ। यसरी दश प्रकारले शून्यताको परिग्रह



Downloaded from http://www.dhamma.digital

गरी फेरि बाह्र प्रकारले परिग्रह गर्दछ। जस्तै - 'रूप न सत्व हो - न जीव हो, न नर हो, न मानव हो,न स्त्री हो, न पुरुष हो, न आत्मा हो, न आत्मीय हो, न म हुँ, न मेरो हो, न अरुको हो, न कसैको हो। वेदना .. विज्ञान ... न कसैको हो।

यसरी बाह्र प्रकारले शून्यताको परिग्रह गरी फेरि तीरण परिज्ञाअनुसार बयालीस प्रकारले शून्यताको परिग्रह गर्दछ। रुपलाई अनित्य दुःख, रोग, घाउ, शल्य, अघ (पाप), आबाधा (पीढा) अरुको वशमा हुने, नाशवान्, विपत्ति, उपद्रव, भय, उपसर्ग, चञ्चल, प्रभंगुर, अध्रुव, अत्राण, अलेण, अशरण, शरण अयोग्य, रिक्त, तुच्छ, शून्य, अनात्म, अस्वाद, आदीनव, परिवर्तनशील स्वभाव, असार, अघको जड, बधक, विभव (विनाश), सास्रव, संस्कृत, मारको आमिष, जन्म, जरा, व्याधि, मृत्यु, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायासको स्वभाव र समुदय, अस्तगमन, आदीनव तथा निःसरणको स्तरमा देख्दछ।

सुत्तनिपात (५-१६) अनुसार भनिएको पनि छ – 'रुपलाई अनित्य ... निःसरणको स्तरमा देख्दै लोकलाई शून्यको स्तरमा देख्दछ। वेदना ... विज्ञानलाई ... शून्यको स्तरमा देख्दछ। यसरी नै -

*सुञ्ञतो लोकं अवेक्खस्सु मोघराज सदा सतो।*
*अत्तानुदिट्ठिं उहच्च एवं मच्चुतरो सिया॥*
*एवं लोकं अवेक्खन्तं मच्चुराजा न पस्सति॥*

(मोघराज! सदा स्मृतिवान भएर शून्यको स्तरमा लोकलाई हेर, आत्मा भएको दृष्टिलाई त्यागिदेउ, यसरी मृत्युलाई पार गरी जाने छौं, किनकि यसरी लोकलाई देख्नेलाई मृत्युराजले देख्न पाउँदैन।)

यसप्रकार शून्यको स्तरमा देखेर त्रिलक्षणको आरोपण गरी संस्कारहरूको परिग्रह गर्दै भय र नन्दीलाई त्यागेर संस्कारहरूमा मध्यस्थ उदासीन हुन्छ। म या मेरो भनी ग्रहण गर्दैन, जसरी छोडीदिएको स्त्रीलाई पुरुषले ग्रहण गर्दैन।

## त्यागिएकी स्त्रीको उपमा

कुनै पुरुषकी स्त्री प्यारी, सुन्दरी र मनलाई आकर्षित गर्ने हुन्छ। ऊ उसविना एक मुहुर्त पनि रहन सक्दैन्, उसलाई अत्यन्त ममत्व गरोस्। र त्यस स्त्रीलाई अन्य पुरुषको साथ उठेको, बसेको, कुरा गर्दै गरेको या हाँस्दै गरेको देखेर क्रोधित हुन्छ, अप्रसन्न हुन्छ र धेरै अधिक दौर्मनस्यको अनुभव गर्छ। उ केही समयपछि त्यस स्त्रीको दोषलाई देखेर त्याग्ने इच्छा भएर त्यसलाई छाडिदिन्छ। त्यसलाई यो मेरो हो भनी मान्दैन, तबदेखि लिएर त्यस महिलालाई जुनकुनै पुरुषसंग जेजति गर्दै गरेको देखे तापनि न क्रोध, न दौर्मनस्यको अनुभव गर्दछ, प्रत्युत मध्यस्त उदासीन नै हुन्छ। यसरी नै यस योगी पनि सबै संस्कारहरूले छुटकारा पाउने इच्छा भएर प्रतिसंख्यानुपश्यनाले संस्कारहरूको परिग्रह गर्दै म, मेरो ग्रहणयोग्य नदेखेर भय र नन्दिलाई त्यागी, सबै संस्कारहरूमा मध्यस्थ उदासीन हुन्छ।

उसलाई यसरी जान्दै, यसरी देख्दै तीनै भवमा, चारै योनिहरूमा, पाँचै गतिहरूमा, सातै विज्ञानको स्थितिहरूमा, नव सत्वावासहरूमा चित्त खुम्चिन्छ, स्थिर हुन्छ, यताउता फैलिदैन, उपेक्षा या प्रतिकूल उत्पन्न हुन्छ। जसरी धेरै ढाल परेको कमलको पातमा वर्षाको थोपा जम्मा हुन्छ, एकत्र हुन जान्छ, यताउता फैलिदैन, यसरी नै तीन भवमा ... उत्पन्न हुन्छ। जसरी कुखाको प्वाँख या स्नायुको समूहलाई आगोमा राख्दा चाउरिएर जान्छ, एकत्र हुन्छ, यताउता फैलिदैन, यसरी नै तीनै भवमा ... उत्पन्न



Downloaded from http://www.dhamma.digital

हुन्छ। तत्पश्चात् उसलाई संस्कारोपेक्षाज्ञान उत्पन्न हुन जान्छ।

यदि यो शान्तिपद निर्वाणलाई शान्तको स्तरमा देख्दछ, तब सबै संस्कारको प्रवर्तिलाई छाडेर निर्वाणमा नै दौड्दछ र यदि निर्वाणलाई शान्तको स्तरमा देख्दैन, तब वारम्वार संस्कारहरूको आलम्बन नै भएर प्रवर्तित हुन्छ, जसरी समुद्रमा यात्रा गर्नेहरूको काग वारम्वार फेरि मस्तूलमा नै बस्छ।

## कागको उपमा

समुद्रमा यात्रा गर्ने व्यापारी नाउमा चढ्ने समय दिशाकाग (दिशा बताउने काग) लैजान्छन्। जब वायुवेगले चलाइएको त्यो नाउ विदेशतिर दौडिन्छ, तब तट जानकारी हुँदैन, त्यसबेला दिशाकागलाई छाड्दछन्। ऊ मस्तूलको खम्बाबाट आकाशमा उडेर सारा दिशा विदिशाहरूमा गएर, यदि तट देख्दछ भने त्यतातिर नै जान्छ र यदि देख्दैन भने वारम्वार आएर मस्तूलको खम्बासंगै टाँसिन्छ। यसप्रकार यदि संस्कारोपेक्षाज्ञान शान्तिपद निर्वाणलाई शान्तको स्तरमा देख्दछ तब सवै संस्कारको प्रवर्तिहरूलाई छोडेर निर्वाणतिर नै दौडिन्छ र यदि देख्दैन भने वारम्वार संस्कारहरूको आलम्बन नै भएर प्रवर्तित हुन्छ।

त्यो सूपमा अन्नको धूलोलाई फिट्नेझैं, वीउ निकालिएको कपासलाई धुन्नेझैं नानाप्रकारले संस्कारहरूको परिग्रह गरी भय र नन्दिलाई त्यागी, संस्कारहरूलाई विचार गर्नुमा मध्यस्थ भएर तीन प्रकारको अनुपश्यनाअनुसार रोकिन्छ। यसरी रोकिँदै तीन प्रकारको विमोक्ष सुखलाई प्राप्त भएर सात आर्य पुद्गलको विभागको प्रत्यय हुन्छ। यो तीन प्रकारको अनुपश्यनाअनुसार प्रवर्तित हुनाले श्रद्धा, समाधि र प्रज्ञा तीनै इन्द्रियहरूको अधिपतिअनुसार तीन प्रकारका विमोक्ष मुखलाई प्राप्त हुन्छ।

तीन अनुपश्यनालाई, तीन विमोक्षमुख भनिन्छन्। जस्तै - पटिसम्भिदामग्ग (२) अनुसार भनियो - "लोकले निस्तारको लागि यी तीन विमोक्षमुख हुन् - (१) सबै संस्कारहरूलाई परिच्छेद र परिवृतको स्तरमा देख्नाले अनिमित्त धातुमा चित्त दौडाउँछ (२) सबै संस्कारहरूमा मनलाई उत्तेजित गर्नाले अप्रणिहितधातुमा चित्त दौडाउँछ (३) सबै धर्महरूलाई आफ्नो वशमा नदेख्नाले शून्यताधातुमा चित्त दौडाउँछ। लोकबाट निस्तारको लागि यी तीन विमोक्षमुख हुन्।"

त्यहाँ परिच्छेद र परिवृतको स्तरमा = उदयव्ययअनुसार परिच्छेद र परिवृतको स्तरमा। अनित्यको अनुपश्यना, उदयभन्दा पूर्व संस्कार छैन - भनी परिच्छेद गरी त्यसको गतिलाई खोज्दै व्ययको पछि जादैन, यहीं अन्तर्धान हुन जान्छन् - भनी परिवृत्तले देख्दछ। मनलाई उत्तेजित गर्नाले = चित्तलाई संविग्न गर्नाले। दुःखको अनुपश्यनाले संस्कारहरूमा चित्त संविग्न हुन्छ। आफ्नो वशमा नदेख्नाले, मेरो होइन - भनी अनात्मको स्तरमा देख्नाले।

यसप्रकार यी तीन पद अनित्यको अनुपश्यना आदिअनुसार भनिएका छन् भनी जान्नुपर्दछ। यसैले त्यसपश्चात् पटिसम्भिदामग्ग (२) को प्रश्नोत्तरमा भनियो - "अनित्यको स्तरमा मनसिकार गर्नेलाई क्षयको स्तरमा संस्कार जानकारी हुन्छ। अनात्मको स्तरमा मनसिकार गर्नेलाई शून्यको स्तरमा संस्कार जानकारी हुन्छ।"

## विमोक्षकथा

ती विमोक्ष कुनचाहिं हुन्, जसका यी विपश्यनाहरूका मुख हुन् ? (१) अनिमित्त (२) अप्रणिहित (३) शून्यता - यी तीन मुख हुन् पटिसम्भिदामग्ग (२) अनुसार भनियो - "अनित्यको स्तरमा मनसिकार



Downloaded from http://www.dhamma.digital

गर्दै अधिमोक्षबहुल भिक्षु अनिमि विमोक्षलाई प्राप्त हुन्छ। दुःखको स्तरमा मनसिकार गर्दै प्रश्रब्धिबहुल भिक्षु अप्रणिहित विमोक्षलाई प्राप्त हुन्छ । अनात्मको स्तरमा मनसिकार गर्दै ज्ञानबहुल भिक्षु शून्यताविमोक्षलाई प्राप्त हुन्छ।"

अनिमित्तविमोक्ष = अनिमित्तको आकारले निर्वाणलाई आलम्बन गरी प्रवर्तित भएको आर्यमार्ग । त्यो अनिमित्तधातुबाट उत्पन्न हुनाले अनिमित्त हो र क्लेशहरूले विमुक्त हुनाले विमोक्ष हो । यसप्रकार अप्रिणिहितको आकारले निर्वाणलाई आलम्बन गरी प्रवर्तित भएको अप्रणिहित हो । शून्यताको आकारले निर्वाणलाई आलम्बन गरी प्रवर्तित भएको शून्यता हो भनी यसरी जान्नुपर्दछ।

जुन अभिधर्ममा - "जुन समय मार्गफल आदिलाई जान्दै जाने निर्णायक, संचित कुशल, अकुशल र च्यूति प्रतिसन्धिको विध्वंस गर्दै जाने अपचयगामी, मिथ्यादृष्टिहरूको प्रहाण र प्रथमभूमिको प्राप्तिको लागि लोकोत्तर ध्यानको भावना गर्दछ - कामहरूले अलग भएर प्रथमध्यानलाई प्राप्त भै विहार गर्दछ, अप्रणिहित ... शून्यता" भनिएको छ त्यो धम्मसंगणीमा यसरी दुई नै विमोक्ष भनिएका छन् । यो निष्पर्यायले विपश्यनाको आगमनप्रति भनिएको हो ।

विपश्यना ज्ञान, यद्यपि प्रतिसम्भिदामार्गमा "अनित्यको अनुपश्यनाको ज्ञान नित्यको स्तरमा अभिनिवेशलाई छाड्दछ, यसैले शून्यता विमोक्ष हो। दुःखको अनुपश्यना ज्ञान सुखको स्तरमा अभिनिवेशलाई छाड्दछ ... अनात्मको अनुपश्यनाको ज्ञान आत्माको स्तरमा अभिनिवेशलाई छाड्दछ, यसैले शून्यता विमोक्ष हो ।" यसरी अभिनिवेशलाई छाड्नेअनुसार शून्यता विमोक्ष "अनित्यको अनुपश्यनाको ज्ञान नित्यको स्तरमा यसैले अनिमित्त विमोक्ष हो। दुःखको अनुपश्यनाको ज्ञान सुखको स्तरमा निमित्तलाई ... अनात्मको अनुपश्यनाको ज्ञान आत्मको स्तरमा निमित्तलाई छाड्दछ, यसैले अनिमित्त विमोक्ष हो ।" यसरी निमित्तलाई छाड्नेअनुसार अनिमित्त विमोक्ष हो "अनित्यको अनुपश्यनाको ज्ञानको नित्य स्तरमा प्रणिधि (इच्छा)लाई छाड्दछ, यसैले अप्रणिहित विमोक्ष हो, दुःखको अनुपश्यनाको ज्ञान सुखको स्तरमा प्रणिधिलाई ... अनात्मको अनुपश्यनाको ज्ञान आत्माको स्तरमा प्रणिधिलाई छाड्दछ यसैले अप्रणिहित विमोक्ष हो ।" यसरी प्रणिधिलाई छाड्नेअनुसार अप्रणिहित विमोक्ष भनिन्छ, तथापि त्यो संस्कारको निमित्तलाई नछाड्नाले निष्पर्यायले अनिमित्त, होइन, प्रत्युत निष्पर्यायले शून्यता र अप्रणिहित हो । त्यसको आगमनअनुसार आर्यमार्गको क्षण विमोक्ष भनियो । यसैले अप्रणिहित, शून्यता - दुई नै विमोक्ष भनियो भनी यसरी जान्नुपर्दछ। यो विमोक्ष कथा हो ।

## सात आर्यपुद्गल

जुन भनियो – "सात आर्यपुद्गलको विभागको प्रत्यय हुन्छ," त्यहाँ (१) श्रद्धानुसारी (२) श्रद्धाविमुक्त (३) कायसाक्षी (४) उभतोभाग विमुक्त (५) धर्मानुसारी (६) दृष्टिप्राप्त र (७) प्रज्ञाविमुक्त - यी सात आर्यपुद्गल हुन् । त्यसको विभागको लागि यो संस्कारोपेक्षाज्ञान प्रत्यय हुन्छ।

जो अनित्यको स्तरमा मनस्कार गर्दै अधिमोक्षबहुल भिक्षु श्रद्धेन्द्रियलाई प्राप्त हुन्छ, ऊ स्रोतापत्ति मार्गको क्षणमा श्रद्धानुसारी हुन्छ। शेष सात स्थानहरूमा श्रद्धाविमुक्त । जो दुःखको स्तरमा मनस्कार गर्दै प्रश्रब्धिबहुल भिक्षु समाधिइन्द्रियलाई प्राप्त हुन्छ, ऊ सर्वत्र कायसाक्षी हुन्छ । अरुप ध्यानलाई प्राप्त गरी अग्रफललाई पाउने भिक्षु उभतोभागविमुक्त हुन्छ। जो अनात्मको स्तरमा मनसिकार गर्दै ज्ञा बहुल



Downloaded from http://www.dhamma.digital

भिक्षु प्रज्ञेन्द्रियलाई प्राप्त हुन्छ, ऊ स्रोतापत्ति मार्गको क्षण धर्मानुसारी हुन्छ, शेष स्थानहरूमा दृष्टिप्राप्त र अग्रफलमा प्रज्ञा विमुक्त ।

यो भनिएको छ - "अनित्यको स्तरमा मनसिकार गर्दै श्रद्धेन्द्रियको प्रबल हुनाले स्रोतापत्ति मार्गलाई प्राप्त हुन्छ, त्यसले श्रद्धानुसारी भनिन्छ ।" त्यसरी नै अनित्यको स्तरमा मनसिकार गर्दै श्रद्धेन्द्रिय प्रबल हुन्छ, श्रद्धेन्द्रिय प्रबल हुनाले स्रोतापत्ति फलको साक्षात्कार हुन्छ, त्यसले श्रद्धाविमुक्त भनिन्छ" आदि ।

अरू पनि भनिएको छ - 'विश्वास गर्दै विमुक्त हुनाले श्रद्धाविमुक्त हुन्छ । स्पर्श गर्दै साक्षात गर्नाले कायसाक्षी हुन्छ । दृष्टिको अन्तलाई प्राप्त हुनाले दृष्टिप्राप्त हुन्छ । विश्वास गर्दै विमुक्त हुन्छ, यसैले श्रद्धाविमुक्ति हो । ध्यानको स्पर्शलाई पहिला स्पर्श गर्दछ, पछि निरोध = निर्वाणको साक्षात गर्दछ, यसैले कायसाक्षी हो । संस्कार दु:ख हुन्, निरोध सुख हो - भनी ज्ञात हुन्छ, देखिएको, जानिएको, साक्षात गरिएको, प्रज्ञाले स्पर्श गरिएको हुन्छ, यसैले दृष्टिप्राप्त हो ।"

अन्य चारैमा, श्रद्धाको अनुस्मरण गर्दछ या श्रद्धाले अनुस्मरण गर्दै जान्छ, यसैले श्रद्धानुसारी हो । त्यसरी प्रज्ञारूपी धर्मको अनुस्मरण गर्दछ या धर्मले अनुस्मरण गर्दछ यसैले धर्मानुसारी हो । अरुपध्यान र आर्यमार्ग दुवै भागहरूले विमुक्त हुनाले उभोतोभागविमुक्त हो । जान्दै विमुक्त हुनाले प्रज्ञाविमुक्त हो । यसरी शब्दार्थ जान्नुपर्दछ ।

यो पहिलोको दुई ज्ञानहरूसंगै अर्थमा एक हो । यसैले पुराना मानिसहरू भनेका छन् - 'यो संस्कारोपेक्षाज्ञान एउटै तीन नामहरूलाई पाउँछ, प्रारम्भमा मुञ्चितुकम्यताज्ञान नाम हो, बीचमा प्रतिसंख्यानुपश्यनाज्ञान र अन्तमा शिखा प्राप्त संखारोपेक्षाज्ञान ।"

पालिमा पनि भनिएको छ - "कसरी छुटकारा पाउने इच्छासंग जानकार रहने प्रज्ञा संस्कारोपेक्षामा ज्ञान हो ? उत्पादले छुटकारा पाउने इच्छाले जानकार रहने प्रज्ञा संस्कारोपेक्षामा ज्ञान हो ... प्रवर्ति ... निमित्त ... उपायासले छुटकारा पाउने इच्छाले जानकार रहने प्रज्ञा संस्कारोपेक्षामा ज्ञान हो । 'उत्पाद दु:ख हो' ... भय हो ... सामिष हो ... उत्पाद संस्कार हो ... उपायास संस्कार हो ... यसरी छुटकारा पाउने इच्छाले जानकार रहने प्रज्ञा संस्कारोपेक्षा ज्ञान हो ।"

त्यहाँ छुटकारा पाउनेको इच्छा भन्नाले जान्नु र रहनु नै छुटकारा पाउने इच्छाले जानकार रहनु हो । यसप्रकार पूर्वभागमा निर्वेदज्ञानले निर्वेदलाई प्राप्त हुँदै भिक्षुको उत्पाद आदिले छुटकारा पाउनेको इच्छा मुञ्चितुकम्यता हो, छुटकारा पाउनेलाई उपाय गर्नको लागि बीचमा जान्नु प्रतिसंख्या हो । छुटकारा पाएर अन्तमा उपेक्षासंगै देख्नु सन्तिष्ठन (रहनु) हो । जसप्रति - "उत्पाद संस्कार हुन्, ती संस्कारहरूलाई उपेक्षासंगै देख्दछ, यसैले संस्कारोपेक्षा हो" आदि भनिएको छ । यसरी यो एउटै ज्ञान हो । अरू पनि यस पालिले यसलाई एउटै जान्नुपर्दछ । यो भनिएको छ - 'जुन मुञ्चितुकम्यता हो, जुन प्रतिसंख्यानुपश्यना हो र जुन संस्कारोपेक्षा हो - यी धर्म एक अर्थका हुन् व्यञ्जन नै भिन्न छन् ।"

यसरी संस्कारोपेक्षालाई प्राप्त भएको यस कुलपुत्रको विपश्यनाशिखाप्राप्त उत्थानगामिनी हुन्छ । त्यो शिखाप्राप्त विपश्यना या उत्थानगामिनी संस्कारोपेक्षा आदि तीन ज्ञानहरूका नै यो नाम हो । अर्थात् उत्तमभावलाई प्राप्त हुनाले शिखा प्राप्त हो, उत्थानतिर जान्छ, यसैले उत्थानगामिनी



Downloaded from http://www.dhamma.digital

हो। वाह्य निमित्त भएको, अभिनिवेश गरिएको वस्तुले, र अध्यात्ममा प्रवर्तिदेखि उठ्नाले मार्ग उत्थान भनिन्छ, त्यसमा हिंड्नाले उत्थानगामिनी हो। मार्गसंगै मिल्दछ भन्ने यो अर्थ हो।

त्यहाँ - अभिनिवेशको उत्थानलाई स्पष्ट गर्नको लागि यो मात्रिका हो - अध्यात्म (आफ्नोभित्र)मा अभिनिवेश गरी अध्यात्मले उठ्दछ, अध्यात्ममा अभिनिवेश गरी वाह्य (अरूहरू)ले उठ्दछ। वाह्यमा अभिनिवेश गरी वाह्यले उठ्दछ अरूपमा अभिनिवेश गरी अरुपले उठ्दछ, अरुपमा अभिनिवेश गरी रुपमा उठ्दछ। एकसाथ पाँचै स्कन्धहरूले उठ्दछ। अनित्यको स्तरमा अभिनिवेश गरी अनित्यले उठ्दछ, अनित्यको स्तरमा अभिनिवेश गरी दु:खले उठ्दछ, ... अनात्मले ... उठ्दछ। अनात्मको स्तरमा अभिनिवेश गरी अनात्मले ... अनित्यले ... दु:खले उठ्दछ।

कसरी ? यहाँ कोही प्रारम्भले नै अध्यात्म (भित्री) संस्कारहरूमा अभिनिवेश गर्दछ, अभिनिवेश गरेर त्यसलाई देख्दछ। किनकि अध्यात्मलाई देख्ना मात्रले नै मार्गको उत्थान हुँदैन, वाह्य पनि देख्नुपर्दछ, यसैले अरूको स्कन्धहरूलाई पनि, अनुपादिन्न संस्कारहरूलाई पनि अनित्य, दु:ख, अनात्म, देख्दछ। ऊ समयले अध्यात्मको विचार गर्दछ, समयले वाह्यको। उसलाई यसरी विचार गर्दै अध्यात्मको विचार गर्ने समय, विपश्यना मार्गको साथ मिल्दछ। ऊ अध्यात्मको अभिनिवेश गरी अध्यात्मले उठ्दछ। यदि उसलाई वाह्यको विचार गर्ने समय विपश्यना मार्गको साथ मिल्दछ, तब ऊ अध्यात्मको अभिनिवेश गरी बाह्यले उठ्दछ। यसप्रकार अरुपमा अभिनिवेश गरी अरुप र रुपले उठ्नेमा पनि बुझ्नुपर्दछ।

'जेजति उत्पन्न भएका स्वभाव छन् ती सबै निरुद्ध हुने स्वभाव छन्" मज्झिम निकाय (२,५,१) अनुसार यसरी अभिनिवेश गरी यसप्रकार उठ्ने समय एउटैसाथ पाँचै स्कन्धहरूले उठ्दछन्।

एक भिक्षु प्रारम्भले नै अनित्यको स्तरमा संस्कारहरूको विचार गर्दछ। किनकि अनित्यको स्तरमा विचार गर्नु मात्रले नै उत्थान हुँदैन, दु:खको स्तरमा पनि, अनात्मको स्तरमा पनि विचार गर्नुपर्दछ। यसैले दु:खको स्तरमा पनि, अनात्मको स्तरमा पनि विचार गर्दछ। ऊ त्यसरी प्रतिपन्न भएकोलाई अनित्यको स्तरमा विचार गर्ने समय उत्थान हुन्छ। ऊ अनित्यको स्तरमा अभिनिवेश गरी अनित्यले उठ्दछ। यदि उसलाई दु:खको स्तरमा, अनात्मको स्तरमा विचार गर्ने समय उत्थान हुन्छ, तब ऊ अनित्यको स्तरमा अभिनिवेश गरी दु:खले, अनात्मले उठ्दछ। यसप्रकार दु:खको स्तरमा, अनात्मको स्तरमा अभिनिवेश गरी शेष उत्थानहरूमा पनि उठ्दछ।

यहाँ, जति पनि अनित्यको स्तरमा अभिनिविष्ट हुन्छन्, जति जनि दु:खको स्तरमा, जति पनि अनात्मको स्तरमा, उठ्ने समय अनित्यले उत्थान हुन्छन्। तीनै जना व्यक्ति पनि अधिमोक्षवहुल हुन्छन्, श्रद्धेन्द्रियलाई प्राप्त हुन्छ, अनिमित्तविमोक्षले विमुक्त हुन्छन्। प्रथममार्गको क्षणमा श्रद्धानुसारी हुन्छन्, सातै स्थानहरूमा श्रद्धाविमुक्त हुन्छन्। यदि दु:खले उत्थान हुन्छ, तब तीनै जना व्यक्ति पनि प्रश्रब्धिबहुल हुन्छन्, समाधीइन्द्रियलाई प्राप्त हुन्छन्। अप्रणीहीत विमोक्षले विमुक्त हुन्छन्, सर्वत्र कायसाक्षी हुन्छन्। जसलाई यहाँ अरूपध्यान पादक हुन्छ। ऊ अग्रफलमा उभतोभाग विमुक्त हुन्छ। तब उसको अनात्मले उत्थान हुन्छ। तीनै जना व्यक्ति पनि ज्ञानवहुल हुन्छन्, प्रज्ञेन्द्रियलाई प्राप्त हुन्छन्,शून्यता विमोक्षले विमुक्त हुन्छन्। प्रथममार्गको क्षणमा धर्मानुसारी हुन्छन्, ६ स्थानहरूमा दृष्टिप्राप्त हुन्छन्।

अब प्रारम्भ र अन्तको ज्ञानहरूको साथ यस उत्थानगामिनी विपश्यनालाई स्पष्ट गर्नको लागि वाह्र उपमाहरूलाई जान्नुपर्दछ। त्यसको लागि यो उदान (संक्षेप) हो -



Downloaded from http://www.dhamma.digital

*वग्गुली कण्हसप्पो च धरं गो यक्खि दारको।*
*खुदं पिपासं सीतुण्हं अन्धकारं विसेन च॥*

(१) चमेरो, (२) कालो सांप, (३) घर, (४) गोरु, (५) यक्षिणी, (६) पुत्र, (७) भोक, (८) प्यास, (९) शीत, (१०) उष्ण, (११) अन्धकार र (१२) विष।

यी उपमाहरू भयतोपस्थान ज्ञानदेखि लिएर जहाँकहीं पनि ज्ञानमा स्थित भएर ल्याउनुपर्दछ, तर यस उत्थानगामिनी विपश्यनामा लाँदा भयतोपस्थानले फलको ज्ञानसम्म सबै प्रकट हुन जान्छ, यसैले यहीं ल्याउनुपर्दछ भनी यसरी भनिएको छ।

चमेरोको उपमा - एउटा चमेरो 'यहाँ फूल या फललाई पाउने छु" भनी सोचेर पाँच शाखा भएको महुआको बोटमा बसेर एक शाखाको स्पर्श गरी त्यसमा फूल या फल केही पनि ग्रहणयोग्य देखेन। जसरी एकलाई, त्यसरी नै दोस्रो, तेस्रो, चौथो तथा पाँचौं शाखालाई पनि स्पर्श गर्दा केही पनि देखेन। 'यो वृक्ष फलरहित छ, यसमा केही पनि ग्रहणयोग्य छैन" भनी सोचेर त्यस वृक्षको आलयलाई छाडेर सीधा शाखामा चढेर पातको भ्याङ्गको बीचबाट टाउको निकालेर माथि हेरेर आकाशमा उडेर अन्य फलयुक्त वृक्षमा बस्यो।

त्यहाँ चमेरोजस्तै योगीलाई जान्नुपर्दछ। पाँच शाखा भएको महुआको बोटजस्तै पाँच उपादानस्कन्धहरूलाई बुझ्नुपर्दछ। त्यहाँ चमेरोको बस्नेझैं योगीको पाँच स्कन्धहरूमा अभिनिवेश हो। त्यसको एकएक शाखाको स्पर्श गरी केही पनि ग्रहणयोग्य नदेखेर अवशेष शाखाहरूलाई स्पर्श गर्नेझैं योगीको रुपस्कन्धको विचार गरी त्यसमा केही पनि ग्रहणयोग्य नदेखेर अवशेष स्कन्धहरूको विचार गर्नु हो। त्यसको "यो वृक्ष फलरहित छ" भनी सोचेर वृक्षको आलयलाई छाड्नेझैं योगीको पाँचौं स्कन्धहरूमा पनि अनित्यलक्षणआदिलाई देख्नेअनुसार निर्वेदलाई प्राप्त हुँदै मुञ्चितकम्यताआदि तीनै ज्ञान हुन्। त्यसको सीधा शाखामाथि चढ्नेझैं योगीको अनुलोम हो। टाउकोलाई निकालेर माथि देख्नेझैं गोत्रभू ज्ञान हो। आकाशमा उड्नेझैं मार्गज्ञान हो। अन्य फलवान् वृक्षमा बस्नेझैं फलज्ञान हो।

कालोसर्पको उपमा - कालोसर्पको उपमा प्रतिसंख्याज्ञानमा बताइएको छ। उपमाको तुलनामा यहाँ साँपलाई त्याग्नेझैं गोत्रभूज्ञान हो। छुटाएर आएको मार्गलाई देख्दै गरेको व्यक्तिको स्थानजस्तै मार्गज्ञान हो, गएर अभयस्थानमा उभिनुजस्तै फलज्ञान हो आदि यहाँ यो विशेषता हो।

घरको उपमा - घरको मालिक सन्ध्याको समय भोजन गरी ओछ्यानमा गएर सुत्दा घरमा आगो लाग्यो। ऊ उठेर आगो देखेर भयभित भएर 'धेरै राम्रो हुन्छ कि म नजल्दै निस्केर जाउँ" भनी सोचेर बाहिर जान खोज्दा मार्गलाई देखेर, निस्केर वेगले निर्भय स्थानमा गएर उभियो।

त्यहाँ, घरको मालिक भोजन गरी ओछ्यानमा गएर सुत्नेझैं बालअज्ञ पृथकजनको पञ्चस्कन्धमा म, मेरो ग्रहण गर्नु हो। उठेर आगो देखेर भयभीत हुने समयजस्तै सम्यक प्रतिपदामा हिंड्दै त्रिलक्षणलाई देखेर भयतोपस्थानज्ञान हो। निस्कने मार्गलाई खोज्न झैं मुञ्चितुकम्यताज्ञान हो। मार्गलाई देखेजस्तै अनुलोम हो। निस्कनेझैं गोत्रभूज्ञान हो। वेगले जानेझैं मार्गज्ञान हो। निर्भय स्थानमा उभिनुझैं फलज्ञान हो।

गोरुको उपमा - एक किसान राति सुतेको समय तगारो (घेरा)लाई तोडेर उसको गोरु भाग्यो।



Downloaded from http://www.dhamma.digital

ऊ मिर्मिरे विहानको समय त्यहाँ गएर देख्दै त्यसको भागेर गएको कुरा जानेर खुट्टाको चिन्हलाई हेर्दै पछिपछि जाँदा राजाको गोरुलाई देख्यो । अँध्यारोको कारणले त्यसलाई "मेरो गोरु हो" भनी सम्भेर ल्याउँदा प्रात:कालमा यो "मेरो गोरु होइन" "राजाको गोरु हो" भनी जानेर 'जबसम्म मलाई यो चोर हो भनी पक्रेर राजपुरुष पीढित गर्दैन त्यसभन्दा पहिलेनै भाग्नेछु,' भनी भयभीत भएर गोरुलाई छाडेर वेगले भागेर निर्भय स्थानमा गएर उभियो ।

त्यहाँ "मेरो गोरु हो" भनी सोचेर राजाको गोरुलाई पक्रनेभैं बालअज्ञ पृथकजनको म, मेरो भनी स्कन्धहरूलाई ग्रहण गर्नु हो । प्रात:कालमा राजाको गोरु हो भनी जान्नेभैं योगीको त्रिलक्षणअनुसार स्कन्धहरूलाई अनित्य, दु:ख, अनात्म जान्नु हो । भयभीत हुनेभैं भयतोपस्थान ज्ञान हो । छाडेर जाने इच्छाजस्तै मुञ्चितकम्यता हो । छाड्नेभैं गोत्रभू हो । भाग्नेभैं मार्ग हो । भागेर निर्भय स्थानमा उभिनुभैं फल हो ।

यक्षिणीको उपमा - एउटा मानिस युवतीको रूप लिएकी यक्षिणीको साथ सहवास गऱ्यो । यक्षिणीले भने राति यो मानिस सुत्यो भनी जानेर आलो श्मशानमा गएर मनुष्य मांस खाने गर्दथी । त्यो पुरुष "यो युवती कहाँ जान्छ," भनी सोचेर उनको पछिपछि गएर मनुष्य मांसलाई खाँदै गरेको देखेर उनी अमनुष्य भएको कुरालाई जानेर "जबसम्म उनले थाहा पाएर मलाई खाँदैन त्यसभन्दा पहिलेनै भाग्ने छु" भनी सोचेर भयभीत भएर वेगले भागेर निर्भयस्थानमा गएर उभियो ।

त्यहाँ यक्षिणीको साथ सहवासजस्तै स्कन्धहरूलाई म, मेरो ग्रहण गर्नु हो । श्मशानमा मनुष्यमांस खाँदै गरेको देखेर "यो यक्षिणी हो" भनी जान्नुभैं स्कन्धहरूको त्रिलक्षणलाई देखेर अनित्यादि भएकोलाई जान्नु हो । भयभीत भएको समयजस्तै भयतोपस्थान हो । भाग्ने इच्छाजस्तै मुञ्चितुकम्यता हो । श्मशानलाई छाड्नेभैं गोत्रभू हो । वेगले भाग्नेभैं मार्ग हो । निर्भय स्थानमा गएर उभिनुभैं फल हो ।

पुत्रको उपमा - एक पुत्रवत्सला स्त्री थिइन् । उनीले महलमाथि बस्दा गल्लीमा बच्चाको शब्दलाई सुनिन् । तब 'मेरो छोरालाई कसैले पीढित गर्दैछ' भनी सोचेर वेगले गएर आफ्नो पुत्र ठानेर अरुको पुत्रलाई उठाइन् । पछि "ऊ अरुको छोरा हो" भनी जानेर, संकोच गर्दै यताउता हेरेर "यो पुत्रचोरनी हो, यसरी कसैले मलाई नभनोस्" भनी सोचर बच्चालाई त्यहीं छाडेर गल्लीमा उभिएर पुन: वेगले महलमा चढेर बसिन् ।

त्यहाँ आफ्नो छोरा सम्भेर लिएजस्तै म, मेरो, भनेर पञ्चस्कन्धलाई ग्रहण गर्नु हो । "यो अरुको छोरा हो" भनी जान्नेभैं त्रिलक्षणअनुसार न म हुँ न मेरो हो भनी जान्नु हो । संकोच गर्नेभैं भयतोपस्थान हो । यताउता देख्नेभैं मुञ्चितुकम्यताज्ञान हो । त्यहीं बच्चालाई राख्नेसमान अनुलोम हो । गल्लीमा उभिएभैं गोत्रभू हो । महलमा चढ्नेसमान मार्ग हो । चढेर बस्नेभैं फल हो ।

भोक, प्यास, शीत, उष्ण, अन्धकार र विष - यी ६ उपमाहरू उत्थानगामिनी विपश्यनामा स्थित व्यक्तिको लोकोत्तर धर्मतिर भुक्ने, नम्ने, र लागिरहनेको भावलाई देखाउनको लागि भनिएको हो ।

भोकको उपमा - जसरी भोकले पीढित, धेरै भोको भएको पुरुष स्वादिष्ट रसयुक्त भोजनलाई चाहन्छ, यसरी नै संसारचक्रको भोकले भोको योगी अमृत रस कायगतास्मृतिको भोजनलाई चाहन्छ ।



Downloaded from http://www.dhamma.digital

प्यासको उपमा - जसरी प्यासी पुरुष, जसको प्यासले गला सुखिरहेको छ, अनेक वस्तुहरूले बनाएको पेय शर्वतलाई चाहन्छ, यसरी नै यो संसारचक्रको प्यासले प्यासी योगी आर्य अष्टाङ्गिकमार्गको पेयलाई चाहन्छ ।

शीतको उपमा - जसरी शीतले पीढित पुरुष उष्णता चाहन्छ, यसरी नै यो संसारचक्रमा तृष्णा र स्नेहको शीतले पीढित योगी क्लेशहरूलाई सन्तप्त गरिदिने मार्गाग्निलाई चाहन्छ ।

उष्णको उपमा - जसरी उष्णले पीढित पुरुष शीतलता चाहन्छ यसरी नै यो संसारचक्रमा (१) राग, (२) द्वेष (३) मोह (४) जन्म, (५) जरा, (६) मरण, (७) शोक, (८) परिदेव (९) दौर्मनस्य (१०) दुःख, (११) उपायास आदि एघार अग्निको सन्तापले सन्तप्त योगी यी अग्निहरूलाई शान्त गर्ने निर्वाणलाई चाहन्छ ।

अन्धकारको उपमा - जसरी अन्धकारमा रहेको पुरुष आलोक चाहछ, त्यसरी नै यो अविद्याको अन्धकारले राम्ररी घेरिएको योगी ज्ञानको आलोक मार्गभावनालाई चाहन्छ ।

विषको उपमा - जसरी विषले पीढित व्यक्ति त्यसलाई नाश गर्ने औषधी चाहन्छ, त्यसरी नै यो क्लेशविषले पीढित योगी क्लेशविषलाई शान्त गरिदिने अमृत औषधी निर्वाणलाई चाहन्छ ।

त्यसले भनिएको छ - 'उसले यसरी जान्दै, यसरी देख्दै तीन भवहरूमा ... नौ सत्वावासहरूमा चित्त खुम्चिन्छ, स्थिर हुन्छ, यताउता फैलिदैन, उपेक्षा या प्रतिकूलता उत्पन्न हुन्छ, जसरी थोरै बीचमा ढालपरेको कमलको पातमा ।" अन्य सबै पहिले भनिएको ढंगले नै जान्नुपर्दछ ।

यतिले यो एकाग्रचित्त भएर विचरण गर्ने हुन्छ । जसप्रति सुत्तनिपातमा भनिएको छ –

*पटिलीनचरस्स भिक्खुनो भजमानस्स विवित्तमानसं ।*
*सामग्गियमाहु तस्स तं यो अत्तानं भवने न दस्सये ॥*

(एकाग्रचित्त भएर विचरण गर्न र एकान्तको सेवन गर्ने भिक्षुलाई लोकोत्तर मार्गफलको प्राप्तिको लागि यो सामग्री बताइएको छ । पुनः भवमा आफूलाई देखाउँदैन ।)

यसप्रकार यो संस्कारोपेक्षाज्ञान योगीको एकाग्रचित्त भएर विचरण गर्ने भावलाई नियमित गरी अगाडि आर्यमार्गको लागि पनि बोध्यंग, मार्गङ्ग, ध्यानांश, प्रतिपदाविमोक्षको विशेषतालाई पादकध्यान नियमित गर्दछ । कोहीकोही स्थविर बोध्यंग, मार्गङ्ग, ध्यानाङ्गको विशेषतालाई पादकध्यान नियमित गर्दछ भनी भन्दछन् । कोही विपश्यनाको आलम्बन भएको स्कन्ध नियमित गर्दछन् भनी भन्दछन् । कोही व्यक्तिको आशय नियमित गर्दछ भनि भन्दछन् । त्यसको पनि पछि यो पूर्वभागमा उत्थानगामिनी विपश्यना नियमित गर्दछ नै भनी जान्नुपर्दछ ।

यो क्रमशः वर्णन हो - विपश्यनाको नियमले ध्यान प्राप्त नगरेर नै विपश्यना गर्ने शुष्कविपश्यकको उत्पन्न मार्ग पनि, समापत्तिको लाभीको ध्यानलाई पादक नगरी उत्पन्न मार्ग पनि र प्रथमध्यानलाई पादक गरी प्रकीर्णक संस्कारहरूको विचार गरी उत्पन्न गरेको मार्ग पनि, प्रथमध्यानयुक्त नै हुन्छन् । सबैमा सात बोध्यंग, आठ मार्गाङ्ग, पाँच ध्यानाङ्ग हुन्छन् । त्यसको पूर्वभागको विपश्यना सौमनस्यसहगत पनि र उपेक्षासहगत पनि भएर उठ्ने समय संस्कारोपेक्षा भएर सौमनस्यसहगत हुन्छ ।



Downloaded from http://www.dhamma.digital

पञ्चकनयमा द्वितीय, तृतीय, चतुर्थध्यानहरूलाई पादक गरी उत्पन्न गरिएको मार्गहरूमा क्रमशः नै ध्यान चार अंगहरू, तीन अंगहरू र दुई अंगहरू हुन्छन् । तर सबैमा सम्यकसंकल्पलाई छाडेर सात मार्गको अंग हुन्छन् । चतुर्थध्यानमा प्रीतिको अभावले प्रीतिसम्बोध्यंगलाई छाडेर शेष ६ बोध्यंग नै हुन्छन् । यो विशेषता पादकध्यान र विपश्यनालाई नियमित गर्नाले हुन्छ । त्यसको पनि पूर्वभागको विपश्यना सौमनस्यसहगत पनि, उपेक्षासहगत पनि हुन्छ । उत्थानगामिनी सौमनस्यसहगत नै हुन्छ ।

पञ्चमध्यानलाई पादक गरी उत्पन्न भएको मार्गमा उपेक्षा र चित्तको एकाग्रताअनुसार दुई ध्यानाङ्ग, ६ बोध्यंग र सात मार्गाङ्ग हुन्छन् । यो विशेषता पनि दुवै नियमहरूको अनुसार हुन्छ । यस नयमा पूर्वभागको विपश्यना सौमनस्यसहगत या उपेक्षासहगत हुन्छ, उत्थानगामिनी उपेक्षासहगत नै हुन्छ । अरुपध्यानहरूलाई पादक गरी उत्पन्न गरिएको मार्गमा पनि यसप्रकार हुन्छन् । यसरी पादक ध्यानबाट उठेर जुनकुनै संस्कारहरूको विचार गरी उत्पन्न भएको मार्गको सन्निकट भागमा उठेको समापत्ति आफ्नोजस्तै गर्दछ, जस्तै- भूमिको वर्णजस्तै - गोहरोवर्ण हुन्छ ।

द्वितीय स्थविरवादमा जुनजुन समापत्तिदेखि उठेर जुनजुन समापत्तिको धर्महरूको विचार गरी मार्ग उत्पन्न हुन्छ, त्यसत्यस समापत्तिसमान नै हुन्छ । त्यहाँ पनि विपश्यनाको नियम उक्तप्रकारले नै जान्नुपर्दछ ।

तृतीय स्थविरवादमा आफ्नोआफ्नो आशयअनुसार जुन ध्यानलाई पादक गरी जुनजुन ज्ञान धर्महरूको विचार मार्ग उत्पन्न हुन्छ, त्यसत्यस ध्यानजस्तै नै हुन्छ । पादकध्यान या विचार गरिएको ध्यानविना यो आशय मात्रले नै सिद्ध हुदैन अर्थात् त्यस ध्यानजस्तै हुनु, आशय मात्रले नै पूर्ण हुँदैन । यो अर्थलाई मज्झिम निकाय (३,५,४), नन्दकोवाद सुत्तले प्रकाशित गर्नुपर्दछ । यहाँ पनि विपश्यनाको नियमलाई उक्तप्रकारले नै जान्नुपर्दछ । यसरी संस्कारोपेक्षा, वोध्यंग, मार्गाङ्ग र ध्यानाङ्गलाई नियमित गर्दछ भनी जान्नुपर्दछ ।

यदि यो संस्कारोपेक्षा प्रारम्भले क्लेशहरूलाई दबाउँदै दुःखसंगै अत्यन्त प्रयत्न गर्दै उत्साहपूर्वक दबाउन सक्दछ, तब दुःखप्रतिपदा हुन्छ र त्यसको प्रतिकूल सुखप्रतिपदा । दृष्टि क्लेशहरूलाई दबाएर विपश्यनाको परिवास मार्गलाई विस्तारविस्तार प्रकट गर्दै मन्दअभिज्ञा हुन्छ र त्यसको प्रतिकूल क्षिप्रअभिज्ञा । यसप्रकार यो संस्कारोपेक्षा आउने स्थानमा रहेर आफ्नो मार्गको नाम राख्दछ, त्यसले चार मार्ग नामहरूलाई प्राप्त गर्दछ ।

त्यो प्रतिपदा कुनै भिक्षुको नाना हुन्छन् र कसैको चारै मार्गहरूमा पनि एउटै हुन्छ तर भगवान् बुद्धको चारै मार्ग पनि सुखप्रतिपदा, क्षिप्रप्रतिपदा नै थियो । त्यसरी नै धर्मसेनापतिको पनि थियो । तर महामौद्गल्यायन स्थविरको प्रथममार्ग सुखप्रतिपदा, क्षिप्रअभिज्ञा हुनुहुन्थ्यो र माथिको तीन दुःखप्रतिपदा, मन्दअभिज्ञा थियो ।

जसरी प्रतिपदा, त्यसरी नै छन्दाधिपति, वीर्याधिपति चित्ताधिपति, मीमांसाधिपति पनि कुनै भिक्षुको चारै मार्गहरूमा नाना हुन्छन् र कसैको चारैमा पनि एउटै दृष्टि । यसरी संस्कारोपेक्षा प्रतिपदाको विशेषतालाई नियमित गर्दछ । जसरी विमोक्षको विशेषतालाई नियमित गर्दछ भनी पहिले भनिएकै छ ।



Downloaded from http://www.dhamma.digital

## मार्गको नामाकरण

फेरि पनि मार्गको पाँच कारणहरूले नाम हुन जान्छ - (१) कृत्यले (२) विघ्नले (३) स्वगुणले (४) आलम्बनले (५) आगमनले ।

## कृत्यले

यदि संस्कारोपेक्षाज्ञानयुक्त योगी अनित्यको स्तरमा संस्कारहरूको विचार गरी उठ्दछ भने अनिमित्तविमोक्षले विमुक्त हुन्छ । यदि दुःखको स्तरमा विचार गरी उठ्दछ भने अप्रिणिहितविमोक्षले विमुक्त हुन्छ । यदि अनात्मको स्तरमा विचार गरी उठ्दछ भने शून्यताविमोक्षले विमुक्त हुन्छ । यो कृत्यले नाम राख्नु हो ।

## विघ्नले

यो अनित्यको अनुपश्यनाले संस्कारहरूको घनको विभाग गरी नित्यनिमित्त, ध्रुवनिमित्त, शाश्वत निमित्तलाई त्याग्दै आएको हो, यसैले अनिमित्त हो । दुःखको अनुपश्यनाले सुख भएको विचारलाई त्यागेर प्रणिधि र चाहनालाई सुखाएर आउनाले अप्रणिहित हो । अनात्मको अनुपश्यनाले आत्मा, सत्व र पुद्‌गल भएको विचारलाई त्यागेर संस्कारहरूलाई शून्यको स्तरमा देख्नाले शून्यता हो । यो विघ्नले नाम राख्नु हो ।

## स्वगुणले

राग आदिले शून्य हुनाले शून्यता हो । रूपनिमित्त आदि या रागनिमित्त आदि अभावले नै अनिमित्त हो । राग प्रणिधि आदिको अभावले अप्रणिहित हो । यो यसको सगुणले नाम राख्नु हो ।

## आलम्बनले

यो शून्यता, अनिमित्त र अप्रणिहित निर्वाणलाई आलम्बन गर्दछ, यसैले पनि शून्यता, अनिमित्त, अप्रणिहित भनिन्छ । यो यसको आलम्बनले नाम राख्नु हो ।

## आगमनले

आगमन दुई प्रकारका हुन्छन् - (१) विपश्यना आगमन र (२) मार्गआगमन । त्यहाँ मार्गमा विपश्यनाआगमन हुन्छ र फलमा मार्गआगमन । अनात्मको अनुपश्यना शून्यता हो, शून्यताको विपश्यनाले मार्गको शून्यता हुन्छ । अनित्यको अनुपश्यना अनिमित्त हो, अनिमित्त विपश्यनाले मार्गअनिमित्त हुन्छ ।

यो नाम अभिधर्मको पर्यायले हुँदैन, सूत्रान्तको पर्यायले हुन्छ । त्यहाँ, गोत्रभूज्ञान अनिमित्त निर्वाणलाई आलम्बन गरी अनिमित्त नामको भएर स्वयं आउनयोग्य स्थानमा स्थित भएर मार्गलाई नाम दिन्छ भनी भन्दछ । त्यसले मार्गअनिमित्त भनिएको हो । मार्गको आगमनले फलअनिमित्त हुन्छ भनिएको यो युक्त नै छ ।

दुःखको अनुपश्यना संस्कारहरूमा प्रणिधिलाई सुखाएर आउनाले अप्रणिहित हो । अप्रणिहित विपश्यनाले मार्गअप्रणिहित हो, अप्रणिहित मार्गको फलअप्रणिहित हो । यसरी विपश्यना आफ्नो नाम



Downloaded from http://www.dhamma.digital

मार्गलाई दिन्छ, र मार्ग फललाई । यो आगमनले नाम राख्नु हो । यसप्रकार यो संस्कारोपेक्षा विमोक्षको विशेषतालाई नियमित गर्दछ ।

## अनुलोमज्ञान

त्यसलाई त्यस संस्कारोपेक्षाज्ञानको आसेवन गर्दै, भावना गर्दै, अभ्यास गर्दै, आलम्बनमा निश्चलरूपले रहनाले उत्पन्न अधिमोक्ष श्रद्धा प्रवलतर उत्पन्न हुन्छ, वीर्य राम्ररी प्रयत्नशील हुन्छ, स्मृति राम्ररी उपस्थित हुन्छ, चित्त राम्ररी एकाग्र हुन्छ, संस्कारोपेक्षा धेरै नै तेज भएर उत्पन्न हुन्छ ।

'अब मार्ग उत्पन्न हुन्छ' यसरी सोचेर त्यसको संस्कारोपेक्षा संस्कारहरूलाई अनित्य, दुःख या अनात्मको स्तरमा विचार गरी भवांगमा उत्रिन्छ । भवांगको अनन्तर संस्कारोपेक्षामा गरिएको ढंगले नै संस्कारहरूलाई अनित्य, दुःख या अनात्मको स्तरमा आलम्बन गर्दै मनोद्वारावर्जन उत्पन्न हुन्छ । तत्पश्चात् भवांग रुकेर उत्पन्न भएको त्यसको क्रियाचित्तको अनन्तर वीचि (चित्त प्रवर्ति) रहित चित्तलाई सन्ततिलाई बनाइएको, जसरी पहिले आठ ज्ञानहरूको भावना गर्ने समय संस्कारहरूलाई आलम्बन गऱ्यो, त्यसप्रकार, संस्कारहरूलाई आलम्बन गरी पहिला जवनचित्त उत्पन्न हुन्छ, जुन परिकर्म भनिन्छ । त्यसपछि त्यसरी नै संस्कारहरूलाई आलम्बन गरी अर्को जवनचित्त उत्पन्न हुन्छ, जुन उपचार भनिन्छ । त्यसको अनन्तर त्यसरी नै संस्कारहरूलाई आलम्बन गरी तेस्रो जवनचित्त उत्पन्न हुन्छ, जुन अनुलोम भनिन्छ । यो यसको अलगअलग नाम हो ।

साधारणतः यी तीन प्रकारका मार्ग पनि आसेवन पनि, परिकर्म पनि, उपचार पनि, अनुलोम पनि भनिन्छन् । कसको अनुलोम हो ? पूर्वको भाग पछिल्लो भागहरूको अनुलोम हो । त्यो पूर्वको आठ विपश्यनाज्ञानहरू र माथिको सैंतीस बोधिपाक्षिकधर्महरूलाई त्यसरी कृत्यको लागि अनुलोम गर्दछ ।

त्यो लक्षण आदिअनुसार संस्कारहरूप्रति प्रवर्तित हुनाले, उदयव्यय हुने नै धर्महरूको उत्पाद र व्ययलाई उदयव्यय ज्ञानले देख्यो, भंगानुपश्यनाज्ञानले भंग हुने अंगलाई नै देख्यो, भयतोपश्यनाको भययुक्त हुँदा पनि भएको स्तरमा जानकारी भयो, आदीनवानुपश्यना दोषयुक्त नै दोषहरूलाई दोस्रो, निर्वेद प्राप्तयोग्यमा नै निर्वेदज्ञान निर्वेदलाई प्राप्त भयो । छुटकारायोग्यमा नै मुञ्चितुकम्यताज्ञान छुटकारा पाउने इच्छा भयो, जान्नयोग्यलाई नै प्रतिसंख्याज्ञाले जान्यो र उपेक्षायोग्यलाई नै संस्कारोपेक्षा गऱ्यो - यसरी अर्थले भन्नेझैं, त्यस प्रतिपत्तिले पाउनाको कारण, यी आठ ज्ञानहरू र माथिको सैंतीस वोधिपाक्षिक धर्महरूको त्यसरी कृत्यको लागि अनुलोम गर्दछ ।

जसरी धार्मिक राजा विनिश्चय गर्ने स्थानमा बसेको विनिश्चय गर्ने आठ महामात्यहरूको विनिश्चय सुनेर अगतिगमनलाई त्यागेर मध्यस्थ भएर 'यस्तो होस्' भनी अनुमोदन गर्दै त्यसको विनिश्चयको अनुलोम गर्दछ र पुराना राजधर्मको पनि अनुलोम गर्दछ । यसरी नै यसलाई पनि जान्नुपर्दछ ।

धार्मिक राजाको उपमा = राजाजस्तै अनुलोम ज्ञान हो । आठ विनिश्चय गर्ने महामात्यहरूजस्तै आठ ज्ञान हुन् । पुरानो राजधर्मजस्तै सैंतीस बोधिपाक्षिकधर्म हुन् । त्यहाँ जसरी राजा 'त्यस्तो होस्' भन्दै विनिश्चय गर्ने राजधर्मको अनुलोम गर्दछ, त्यसरी नै अनित्य आदिअनुसार संस्कारहरूप्रति उत्पन्न भएको आठौं ज्ञानहरू र माथिको सैंतीस धर्महरूको अनुलोम गर्दछ । त्यसैले सत्यको अनुलोमज्ञान



Downloaded from http://www.dhamma.digital

भनिन्छ ।

यो अनुलोमज्ञान संस्कारहरूको आलम्बन उत्थानगामिनीविपश्यनाको अन्तमा हुन्छ, तर सबै प्रकारका गोत्रभू ज्ञान उत्थानगामिनी विपश्यनाको अन्त हो ।

### सूत्रहरूका उदाहरण

अब त्यसै उत्थानगामिनी विपश्यनाको असंमोहको लागि यी सूत्रहरूका उदाहरण जान्नुपर्दछ। जसरी यो उत्थानगामिनीविपश्यना मज्झिम निकाय (३,४,७)को सलायतन विभंग सुत्तहरूमा "भिक्षुहरू ! अतन्मयताद्वारा, अतन्मयतालाई लिएर जुन यो एकत्वयुक्त, एकत्वले सम्बद्ध उपेक्षा हो, त्यसलाई छोड, त्यसलाई अतिक्रमण गर ।" यसरी अतन्मयता भनिएको छ। मज्झिम निकाय (१,३,२)को अलगद्द सुत्तमा "निर्वेदको प्राप्त हुँदै विरक्त हुन्छ, विरागले विमुक्त हुन्छ" यसरी निर्वेद भनिएको छ। संयुक्त निकाय (१२,७,१०)को सुसीम सुत्तमा "सुसीम ! पहिले धर्मस्थिति ज्ञान हुन्छ। पछि निर्वाणमा ज्ञान हुन्छ।" यसरी धर्मस्थिति ज्ञान भनिएको छ। दीघनिकाय (१,९)को पोट्ठपाद सुत्तमा "पोट्ठपाद ! पहिले संज्ञा उत्पन्न हुन्छ, पछि ज्ञान उत्पन्न हुन्छ" यसरी उत्तम संज्ञा भनिएको छ। दीघनिकाय (३,११) को दसुत्तर सुत्तमा "प्रतिपदा ज्ञानदर्शन विशुद्धि परिशुद्धि प्रधानीयअंग हो" यसरी परिशुद्धि प्रधानीयअंग भनिएको छ । पटिसम्भिदामग्गमा जुन मुञ्चितुकम्यता हो, जुन प्रतिसंख्यानुपश्यना हो र जुन संस्कारोपेक्षा हो - यी धर्म एक अर्थयुक्त हुन्, व्यञ्जन नै भिन्न छन्" यसरी तीन नामहरूले भनिएका छन्। पट्ठानमा "गोत्रभूको अनुलोम हुन्छ, अवदानको अनुलोम हुन्छ" यसरी तीन नामहरूले भनिएका छन् । मज्झिम निकाय (१,३,४)को रथविनीत सुत्तमा "के आवुस ! प्रतिपदा ज्ञान विशुद्धिको लागि भगवान्संग बह्मचर्यवास गर्दछन् ?" यसरी प्रतिपदा ज्ञानदर्शन विशुद्धि भनिएको छ ।

*इति नेकेहि नामेहि कित्तिता या महेसिना ।*
*वूट्ठानगामिनी सन्ता परिसुद्धा विपस्सना ॥*
*वुट्ठातुकामो संसार दुक्खपंका महब्भया ।*
*करेय्य सततं तत्थ योगं पण्डितजातिको ति ॥*

(यसप्रकार जुन अनेक नामहरूले महर्षिद्वारा शान्त, परिशुद्ध उत्थानगामिनी विपश्यना भन्नुभएको छ, महाभयानक संसार दुःखरुपी हिलोबाट उठ्न चाहने बुद्धिमान् व्यक्ति त्यसमा सर्वदा लागि रहोस् ।)

सज्जनहरूको प्रमोदको लागि लेखिएको
विशुद्धिमार्गमा प्रज्ञाभावनाको भागमा
प्रतिपदा ज्ञानदर्शन विशुद्धि नामक
एक्काइसौं परिच्छेदसमाप्त



Downloaded from http://www.dhamma.digital

# बाइसौं परिच्छेद

## ज्ञानदर्शनविशुद्धि निर्देश

### गोत्रभूज्ञान

यसपश्चात् गोत्रभूज्ञान हुन्छ । त्यो मार्गको आवर्जनको स्थानमा हुनाले न प्रतिपदा ज्ञानविशुद्धि हुन्छ र न त ज्ञानदर्शनविशुद्धि नै हुन्छ । बीचमा अव्यवहारिक नै हुन्छ, तर विपश्यनाको स्रोतमा पर्ने कारण विपश्यना भनिन्छ ।

स्रोतोपत्तिमार्ग, सकृदागामीमार्ग, अनागामीमार्ग, अर्हत्मार्ग, यी चार मार्गहरूमा ज्ञान ज्ञानदर्शन विशुद्धि हो ।

### प्रथमज्ञान

यसप्रकार उत्पन्न भएको अनुलोम ज्ञानको, त्यसत्यस पनि अनुलोम ज्ञानहरूले आफ्नो बलअनुरुप स्थूलस्थूल सत्यलाई ढाक्ने अन्धकारलाई लुप्त गर्दा सबै संस्कारहरूमा चित्त दौडिदैन, रहँदैन, अधिमुक्त हुँदैन, रुक्दैन, लाग्दैन, बाँधिदैन, कमलको पातमा पानीजस्तै जम्मा हुन्छ, एकत्र हुन्छ, चारैतिरबाट एक स्थानमा आउँछ, सबै निमित्तको आलम्बन पनि र सारा प्रवर्तिको आलम्बन पनि विघ्नको स्तरमा जानकारी हुन्छ ।

तब उसलाई सबै निमित्त र प्रवर्तिको आलम्बनको विघ्नको स्तरमा जानकारी हुँदा अनुलोम ज्ञानको आसेवन गर्दा अनिमित्त, अप्रवर्ति, संस्काररहित निर्वाणलाई आलम्बन गर्दै पृथग्जनको गोत्र, पृथग्जनको नाम र पृथग्जनको भूमिलाई अतिक्रमण गर्दै, आर्यगोत्र, आर्यनाम र आर्यभूमिमा उत्रिंदै निर्वाणको आलम्बनमा प्रथम मनसिकार भएको ... मार्गको अनन्तर, समानान्तर, आसेवन, उपनिश्रय, नास्ति, विगतअनुसार ६ आकारहरूले प्रत्यय हुँदै शिखाप्राप्त विपश्यनाको श्रेष्ठभूत पुनः नहुने गोत्रभूज्ञान उत्पन्न हुन्छ । जसप्रति पटिसम्भिदामग्गमा भनिएको छ - 'कसरी वाह्य उत्थान र विवर्तनमा प्रज्ञा गोत्रभूज्ञान हो ? उत्पादको अभिभव गर्दछ, यसैले गोत्रभू हो, प्रवर्ति ... उपयासको अभिभव गर्दछ, यसैले गोत्रभू हो, ... बाह्य संस्कारहरूको निमित्तको अभिभव गर्दछ, यसैले गोत्रभू हो, अनुत्पादमा प्रवेश गर्दछ, यसैले गोत्रभू हो, अप्रवर्ति ... अनुपायास निरोध निर्वाणमा प्रवेश गर्दछ, यसैले गोत्रभू हो" यसै ढंगले सबैको विस्तार गर्नुपर्दछ ।

त्यहाँ, यहाँ एक आवर्जनद्वारा एक वीथिमा प्रवर्तित हुँदै पनि अनुलोम र गोत्रभूको नाना आलम्बनमा प्रवर्तित भएको आकारलाई प्रकट गर्ने उपमा हो ।

नहरको उपमा - जसरी ठूलो नहरलाई नाघेर अर्को किनारा जान इच्छुक पुरुष वेगले दौडेर नहरको यस किनारामा रुखको शाखामा बाँधेर झुण्डिएको डोरी या लट्ठीलाई पक्रेर, कुदेर अर्को किनारा जानको लागि, झुकोस्, ढलोस्, झुण्डिएको शरीर भएर अर्को किनाराको माथिल्लो भागलाई पाएर त्यसलाई छाडेर कांप्दै अर्को किनारामा खसेर विस्तार उभिन्छ ।



Downloaded from http://www.dhamma.digital

यसरी नै यो योगी पनि भव, योनि, गति, स्थिति, निवासको अर्को किनारमा हुने निर्वाणमा प्रतिष्ठित हुन चाहँदै, उदयव्ययको अनुपश्यना आदिको वेगद्वारा दौडेर आत्मभावरुपी वृक्षको शाखामा बांधेर झुण्डिएको रूपका डोरी या वेदना आदिमध्ये कुनै एक लट्ठीलाई अनित्य हो, दुःख हो, अनात्म हो, यसप्रकारले अनुलोमको आवर्जनद्वारा पक्रेर त्यसलाई नछाड्दै प्रथम अनुलोमचित्तले कुदेर, द्वितीयले अर्को किनार जानको लागि झुकेको, ढलेको, झुण्डिएको शरीरजस्तै निर्वाणतिर झुकेको, ढलेको - झुण्डिएको मन भएर तृतीयले अर्को किनाराको माथिको भागलाई पाउनेझैं यस समय पाउनयोग्य निर्वाणको नजिक भएर त्यस चित्तको निरोधले त्यस संस्कारहरूको आलम्बनलाई छाडेर गोत्रभूचित्तले संस्काररहित अर्को किनारा भएको निर्वाणमा झर्दछ। तर एक आलम्बनमा आसेवनलाई प्राप्त नहुनाले प्रकम्पित हुँदै त्यस पुरुषजस्तै त्यसै समय सुप्रतिष्ठि हुँदैन प्रत्युत त्यसपछि मार्गज्ञानले प्रतिष्ठित हुन्छ।

त्यहाँ, अनुलोमले सत्यलाई ढाक्ने क्लेश अन्धकारलाई नाश गर्न सक्दछ, तर निर्वाणलाई आलम्बन गर्न सक्दैन। गोत्रभूले निर्वाणलाई नै आलम्बन गर्न सक्दछ, तर सत्यलाई ढाक्ने अन्धकारलाई नाश गर्न सक्दैन।

नक्षत्रयोगको उपमा - एक चक्षुष्मान पुरुष 'नक्षत्रयोगलाई जान्ने छु' भनी सोचर राती निस्केर चन्द्रमालाई हेर्नको लागि माथि हेऱ्यो। बादलले ढाकिएको हुनाले उसलाई चन्द्रमा देखापरेन। तब एक हावा आएर घना बादललाई उडाएर लग्यो। फेरि अर्को हावाले मध्यम र अन्य हावाले सूक्ष्मलाई पनि लग्यो। तत्पश्चात् त्यो पुरुष बादलरहित आकाशमा चन्द्रमालाई हेरेर नक्षत्रयोग थाहा पायो।

त्यहाँ, तीन बादलहरूजस्तै सत्यलाई ढाक्ने स्थूल, मध्यम र सूक्ष्म अन्धकार हो। तीन हावाहरू समान तीन अनुलोमचित्त हुन्। चक्षुष्मान् पुरुषजस्तै गोत्रभूज्ञान हो। चन्द्रमाजस्तै निर्वाण हो। एउटाएउटा हावामा क्रमशः बादलहरूलाई उडाउनेझैं ढाक्ने अन्धकारलाई नाश गर्नु हो। बादलरहित आकाशमा त्यस पुरुषको विशुद्ध चन्द्रलाई देख्नेझैं सत्यलाई ढाक्ने अन्धकारको नाश हुँदा गोत्रभूज्ञानको विशुद्ध निर्वाणलाई देख्नु हो।

जसरी तीन हावाहरू चन्द्रमालाई ढाक्ने बादलहरूलाई नै उडाउन सक्दछ, चन्द्रमालाई देख्न सक्दैन, यसरी अनुलोम सत्यलाई ढाक्ने अन्धकारलाई नै नाश गर्न सक्दछ निर्वाणलाई देख्न सक्दैन। जसरी त्यो पुरुष चन्द्रमालाई नै देख्न सक्दछ, बादलहरूलाई उडाउन सक्दैन, त्यसरी गोत्रभू ज्ञान निर्वाणलाई देख्न सक्दछ, क्लेशको अन्धकारलाई नाश गर्न सक्दैन। त्यसैले त्यो मार्गको आवर्जन भनिन्छ।

त्यो आवर्जन नहुँदै पनि आवर्जनको स्थानमा स्थित भएर 'यसरी उत्पन्न भएर' मार्गलाई संकेत गरी निरुद्ध भएजस्तै निरुद्ध हुन्छ। मार्ग पनि त्यसद्वारा दिएको संकेतलाई नछाडेर नै वीचिरहित सन्ततिअनुसार त्यस ज्ञानसंगै जाँदै पहिले कहिले विद्ध नगरिएको, पहिले कहिले नाश नगरिएको लोभ, द्वेष र मोहको स्कन्धलाई विद्ध गर्दै नै, नाश गर्दै नै उत्पन्न हुन्छ।

धनुषधारीको उपमा - एक धनुषधारी आठ ऋषम (१,१२० हात) दुरी टाढा सय तख्ताहरूलाई राख्न लगाएर वस्त्रले आफ्नो मुखलाई छोपेर, वाणलाई चढाएर चक्कामा उभियो। अर्को पुरुषले धनुषधारी चढेको चक्कालाई घुमाउँदथ्यो, जब घुम्दै गरेको चक्कामा रहेर धनुषधारी तख्ता अगाडि आइपुग्थ्यो, तब त्यहाँ दोस्रो पुरुषले हिर्काएर डण्डाले संकेत गर्दथ्यो। धनुषधारी पनि डण्डाको संकेतअनुसार



Downloaded from http://www.dhamma.digital

नै वाण चलाएर सय तख्ताहरूलाई छेड्दथ्यो ।

त्यहाँ, डण्डाको संकेतजस्तै गोत्रभूज्ञान हो । धनुषधारीजस्तै मार्गज्ञान हो । धनुषधारीको डण्डाको संकेतलाई नछ्याडीकन सय तख्ताहरूलाई छेड्नेझैं मार्गज्ञानको गोत्रभूज्ञानद्वारा दिएको संकेतलाई नछ्याडिकन नै निर्वाणलाई आलम्बन गरी पहिले कहिले विद्ध नगरिएको पहिले कहिले नाश नगरिएको लोभ, द्वेष र मोहको स्कन्धहरूलाई विद्ध र नाश गर्नु हो ।

यो मार्ग लोभ स्कन्ध आदिलाई नै विद्ध गर्दैन, प्रत्युत अनादि संसारचक्रको दुःख समुद्रलाई सुखाइदिन्छ, सबै अपायद्वारहरूलाई बन्द गरिदिन्छ । श्रद्धा, शील, हिरि, ओतप्प, बहुश्रुत, त्याग, प्रज्ञा यी सात आर्यधनहरूलाई देखाउँदछ । मिथ्यादृष्टि, मिथ्यासंकल्प, मिथ्यावचन, मिथ्याकर्मान्त, मिथ्याआजीविका, मिथ्याव्यायाम, मिथ्यास्मृति, मिथ्यासमाधि यी आठ अष्टाङ्गिक मिथ्यामार्गलाई छोड्दछ । सबै वैरभयहरूलाई शान्त गरिदिन्छ । सम्यकसम्बुद्धको औरसपुत्र बनाउँदछ र अरू पनि अनेक सय आनिशंसको प्राप्तिको लागि हुन्छ । यसरी अनेक आनिशंसलाई दिने यस मार्गयुक्त ज्ञान स्रोतापत्तिमार्गज्ञान हो र पुद्गल स्रोतापत्ति नामक पहिलो पुद्गल हुन्छ ।

## द्वितीयज्ञान

त्यस ज्ञानको अनन्तर त्यसैको विपाक भएको दुई या तीन फलचित्त उत्पन्न हुन्छन् । लोकोत्तर कुशलहरूको अनन्तरमा विपाक दिनाले नै 'जुन अनन्तरमा फल दिने आनन्तरिक समाधि भनिएको' छ भनी सुत्त निपात (२,१,५)मा र 'आस्रवहरूको क्षयको लागि आनन्तरिक मन्द समाधिलाई पाउँदछ" आदि अंगुत्तर निकाय (४,२,२)मा भनिएका छन् ।

कोहीकोही एक, दुई, तीन या चार फलचित्तहरूलाई भन्दछन् । त्यसलाई ग्रहण गर्नु हुँदैन । किनकि अनुलोमको आसेवन गर्दा गोत्रभूज्ञान उत्पन्न हुन्छन् । यसैले सबैभन्दा अन्तिम परिच्छेद कमसेकम दुई अनुलोमचित्त हुनुपर्दछ । एक आसेवनप्रत्यय हुँदैन । सात चित्तयुक्त एक जवनवीथि हुन्छ । यसैले जसलाई दुई अनुलोम हुन्छन्, त्यसलाई तेस्रो गोत्रभू चौथो मार्गचित्त, र तीन फलचित्त हुन्छन् । जसलाई तीन अनुलोम हुन्छन्, त्यसलाई चौथो गोत्रभू, पाँचौं मार्गचित्त र दुई फलचित्त हुन्छन् । यसैले भनियो - दुई या तीन फलचित्त उत्पन्न हुन्छन् ।

कोहीकोही जसलाई चार अनुलोम हुन्छन्, उसलाई पाँचौं गोत्रभू, छैठौं मार्गचित्त र एक फलचित्त हुन्छ भनेर पनि भन्दछन् । त्यो किनकि चौथो वा पाँचौंको प्राप्ति हुन्छ, भवांगको समीप हुनाले त्यसपश्चात् होइन भनी निषेध गरिएको छ, यसैले उसलाई यथार्थ मान्नु हुँदैन ।

यतिले यो स्रोतापन्न नामक दोस्रो आर्यपुद्गल हुन्छ । अत्यन्त प्रमादी भए तापनि सातपल्ट देव र मनुष्यलोकमा दौडेर, चक्कर काटेर दुःखको अन्त गर्नको लागि समर्थ हुन्छ ।

फलको अन्तमा उसको चित्त भवांगमा उत्रिन्छ । तत्पश्चात् भवांगलाई काटेर मार्गको प्रत्यवेक्षण गर्नको लागि मनोद्वारावर्जन उत्पन्न हुन्छ । त्यसको निरुद्ध हुँदा परिपाटीले सात मार्ग प्रत्यवेक्षणको जवन हुन्छ । पुनः भवांगमा उत्रेर त्यसप्रकारका फल आदिको प्रत्यवेक्षण गर्नको लागि आवर्जन आदि उत्पन्न हुन्छन्, जसको उत्पत्तिले यो मार्गको प्रत्यवेक्षण गर्दछ, प्रहीण भएको क्लेशहरूको प्रत्यवेक्षण गर्दछ, अवशेष क्लेशहरूको प्रत्यवेक्षण गर्दछ, निर्वाणको प्रत्यवेक्षण गर्दछ ।



Downloaded from http://www.dhamma.digital

ऊ (१) 'म यस मार्गले आएको छु' भनी मार्गको प्रत्यवेक्षण गर्दछ। तत्पश्चात् (२) 'यो मलाई आनीशंस मिल्यो' भनी फलको प्रत्यवेक्षण गर्दछ। त्यसपछि (३) 'मेरा यी क्लेश प्रहीण भैसक्यो' भनी प्रहीण भइसकेको क्लेशहरूका प्रत्यवेक्षण गर्दछ। त्यसपछि (४) 'यी क्लेश अवशेष छन्' भनी माथिका तीनै मार्गहरूले नाश हुने क्लेशहरूको प्रत्यवेक्षण गर्दछ। अन्तमा (५) 'यो धर्म मलाई आलम्बनले ज्ञात भएको छ' भनी अमृत निर्वाणको प्रत्यवेक्षण गर्दछ। यसप्रकार स्रोतापन्न आर्यश्रावकका पाँच प्रत्यवेक्षण हुन्छन्।

जसरी स्रोतापन्नको त्यसरी सकृदागामी तथा अनागामीको पनि प्रत्यवेक्षण हुन्छन्। तर अर्हत्‌लाई अवशेष क्लेशहरूको प्रत्यवेक्षण हुँदैन। यसरी सबै गरी उन्नाइस प्रत्यवेक्षण हुन्छन्। यो उत्कृष्ट नै परिच्छेद हो। शैक्ष्यहरूलाई पनि प्रहीण भएको र अवशेष क्लेशको प्रत्यवेक्षण हुन्छ, अथवा हुँदैन पनि। त्यस प्रत्यवेक्षणको अभावले नै मज्झिम निकाय (१,२,४) अनुसार महानामले भगवान्‌संग सोध्यो - 'कुनचाहिं धर्म मेरो भित्रबाट प्रहीण भएको छैन, जसले कि एक समय लोभधर्म पनि मेरो चित्तलाई पक्रेर राख्दछ" आदि सबै विस्तापूर्वक जान्नुपर्दछ।

यसरी प्रत्यवेक्षण गरी ऊ स्रोतापन्न आर्यश्रावक त्यसै आसनमा बसेको वा अर्को समय कामराग र व्यापादलाई निर्बल गर्ने र भूमिलाई पाउनको लागि योग गर्दछ। ऊ इन्द्रिय, बल, बोध्यंगलाई मिलाएर त्यसैलाई रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान संस्कारहरूलाई अनित्य, दुःख, अनात्म - यसरी ज्ञानले परिमर्दन गर्दछ। परिवर्तित गर्दछ, विपश्यनाको वीथिको अवगाहन गर्दछ। उसलाई यसरी प्रतिपन्न हुँदै उक्तप्रकारले नै संस्कारोपेक्षाको अन्तमा एक आवर्जनले अनुलोम, गोत्रभूपश्चात् सकृदागामीमार्ग उत्पन्न हुन्छ। त्यसले युक्त ज्ञान सकृदागामीमार्गज्ञान हो र पुद्‌गल सकृदागामी नामक तेस्रो आर्यपुद्‌गल हो।

## तृतीय ज्ञान

यो पनि ज्ञानको अनन्तर द्वितीय पुद्‌गलमा भनिएको प्रकारले नै फलचित्तलाई जान्नुपर्दछ। यतिले यो सकृदागामी नामक चौथो आर्यपुद्‌गल हुन्छ, जो एकपल्ट नै यस लोकमा आएर दुःखको अन्त गर्नुमा समर्थ हुन्छ। त्यसपछि प्रत्यवेक्षण द्वितीय पुद्‌गलमा भनिएको प्रकारले नै बुझ्नुपर्दछ।

यसरी प्रत्यवेक्षण गरी त्यो सकृदागामी आर्यश्रावक त्यसै आसनमा बसेको या अर्को समय कामराग र व्यापादको सम्पूर्णतः प्रहाण र तेस्रो भूमिलाई पाउनको लागि योग गर्दछ। त्यो इन्द्रिय, बल, बोध्यंगलाई मिलाएर यसै संस्कारहरूलाई अनित्य, दुःख, अनात्म हुन् भनी यसरी ज्ञानले परिमर्दन गर्दछ, परिवर्तित गर्दछ, विपश्यनाको विधिको अवगाहन गर्दछ।

उसलाई यसरी प्रतिपन्न हुँदै द्वितीय पुद्‌गलमा भनिएको प्रकारले नै संस्कारोपेक्षाको अन्तमा एक आवर्जनले अनुलोम, गोत्रभूज्ञानहरूको उत्पन्न हुन्छ। त्यसले युक्त ज्ञान अनागामीमार्गमा ज्ञान हो र पुद्रगल अनागामी नामक पाँचौ आर्यपुद्रगल हुन्छ।

## चतुर्थज्ञान

यो पनि ज्ञानको अनन्तर द्वितीय पुद्‌गलमा भनिएको प्रकारले नै फलको चित्तहरूलाई जान्नुपर्दछ। यतिले यो अनागामी नामक छैठौं आर्यपुद्‌गल हुन्छ। जो ओपपातिक (देव) हो, त्यहाँ स्वर्गलोकमा निर्वाण प्राप्त गर्ने र प्रतिसन्धिअनुसार पुनः यस लोकमा नआउने हुन्छ। त्यसपछि प्रत्यवेक्षण द्वितीय पुद्‌गलमा


Downloaded from http://www.dhamma.digital

भनिएको प्रकारले नै बुझ्नुपर्दछ ।

यसरी प्रत्यवेक्षण गरी अनागामी आर्यश्रावक त्यसै आसनमा बसेका या अर्को समय रुप र अरुप राग, मान, उद्दच्च, अविद्याको सम्पूर्णतः प्रहाण र चौथोभूमिलाई पाउनको लागि योग गर्दछ । ऊ इन्द्रिय, बल, बोध्यंगलाई मिलाएर त्यसै संस्कारहरूलाई अनित्य, दुःख, अनात्म छन् - यसरी ज्ञानले परिमर्दन गर्दछ, परिवर्तित गर्दछ, विपश्यनाको वीथिको अवगाहन गर्दछ ।

उसलाई यसरी प्रतिपन्न हुँदै द्वितीय पुद्गलमा भनिएको प्रकारले नै संस्कारोपेक्षाको अन्तमा एक आवर्जनले अनुलोम, गोत्रभू ज्ञानहरूको उत्पन्न हुँदा, गोत्रभूपश्चात् अर्हतमार्ग उत्पन्न हुन्छ । त्यसले युक्त ज्ञान अर्हतमार्गमा ज्ञान हो र पुद्गल अरहत् नामक सातौं आर्यपुद्गल हुन्छ ।

यो पनि ज्ञानको अनन्तर द्वितीय पुद्गलमा भनिएको प्रकारले नै फलचित्तहरूलाई जान्नुपर्दछ । यतिले यो अर्हत नामक आठौं आर्य पुद्गल हुन्छ । जो महाक्षीणास्रव, अन्तिम शरीर धारण गर्ने, फ्याँकिएको भार आफ्नो अर्थलाई पाएको, भवको वन्धनहरूलाई तोडेको, राम्ररी जानेर विमुक्त, देवताहरूसंग सारा लोकको अग्रदाक्षिणेय्य हुन्छ ।

जुन भनिएको छ - 'स्रोतापत्ति मार्ग, सकृदागामी मार्ग, अनागामी मार्ग, अर्हत मार्ग - यी चार मार्गहरूमा ज्ञान ज्ञानदर्शन विशुद्धि हो ।" त्यो यसरी र यस अनुक्रमले पाउनयोग्य यी चार ज्ञानहरूप्रति भनिएको हो ।

अब यसै चार ज्ञानयुक्त ज्ञानदर्शन विशुद्धिको आनुभावलाई जान्नको लागि –

*परिपुण्णबोधिपक्खियभावो उट्ठानबलसमायोगो ।*
*ये येन पहातब्बा धम्मा तेसं पहानञ्च ॥*
*किञ्चानि परिञ्ञादीनि यानि वुत्तानि अभिसमयकाले ।*
*तानि च यथासभावेन जानितब्बानि सब्बानी ति ॥*

(बोधिपाक्षिकधर्महरूको परिपूर्ण हुनु, उत्थान र बलको समायोग, जुन जसबाट प्रहीणयोग्य धर्म हुन्, त्यसको प्रहाण र परिक्षा आदि कृत्य, जो अभिसमय (ज्ञान प्राप्ति)को समयमा भनिएका छन्, ती सबलाई स्वभावअनुसार जान्नुपर्दछ ।)

## १. बोधिपाक्षिक धर्म

त्यहाँ परिपुण्णबोधिपक्खियभावो = बोधिपक्षियहरूको परिपूर्ण हुनु । चार स्मृतिप्रस्थान, चार सम्यकप्रधान, चार ऋद्धिपाद, पाँच इन्द्रिय, पाँच बल, सात बोध्यंग, आर्य अष्टाङ्गिकमार्ग - यी सैंतीसधर्म बुझ्ने अर्थले बोध नामले पुकारिने आर्यमार्गको पक्षमा हुनाले बोधिपक्षिय भनिन्छन् । पक्षमा हुनाले उपकार गर्ने हुनाले भन्ने अर्थ हो ।

## चार स्मृतिप्रस्थान

त्यसत्यस आलम्बनहरूमा घुसेर, प्रवेश गरेर जान्नाले उपस्थान हो । स्मृति नै उपस्थान हो । यसैले स्मृतिप्रस्थान भनिन्छ । काय, वेदना, चित्त र धर्महरूमा अशुभ, दुःख, अनित्य र अनात्मको आकारले ग्रहण गरी र शुभ, सुख, नित्य, आत्मसंज्ञाको प्रहाण कृत्यलाई सिद्ध गर्नेअनुसार यसको प्रवर्तिले


Downloaded from http://www.dhamma.digital

चार प्रकारको भेद हुन्छ, यसैले चार स्मृतिप्रस्थान भनिन्छन् ।

## चार सम्यकप्रधान

यसले प्रयत्न गर्दछन् यसैले प्रधान हो । शोभन प्रधान सम्यकप्रधान हो । या सम्यकरूपले यसले प्रयत्न गर्दछ, यसैले सम्यकप्रधान । अथवा यो क्लेशहरूको कुरुपभावलाई छाड्नाले सुन्दर हो र श्रेष्ठ बनाउने तथा उत्तम भएको हेतुद्वारा हितसुखलाई पूर्ण गर्नाले प्रधान हो यसैले सम्यकप्रधान हो । यो वीर्यको नाम हो । यो उत्पन्न र अनुत्पन्न अकुशलहरूलाई नाश गर्ने र उत्पन्न हुन नदिने कृत्य तथा अनुत्पन्न र उत्पन्न कुशलहरूलाई उत्पन्न गर्ने र बनाइराख्ने कृत्यलाई सिद्ध गर्दछ - यसरी चारप्रकारको हुन्छ । यसैले चार सम्यकप्रधान भनिन्छन् ।

## चार ऋद्धिपाद

पहिले भनिएको सिद्ध हुनेको अर्थले ऋद्धि हो । अगाडिअगाडि हिंड्ने अर्थले त्यसले युक्त र पूर्वभागमा हेतु हुनाले फल भएको ऋद्धिको पाद, ऋद्धिपाद हो । त्यो छन्द, आदिअनुसार चारप्रकारका हुन्छन्, त्यसैले चार ऋद्धिपाद भनिन्छ । जस्तै - विभंगमा भनियो - "चार ऋद्धिपाद छन् - (१) छन्द ऋद्धिपाद (२) वीर्यऋद्धिपाद (३) चित्तऋद्धिपाद (४) मीमांसाऋद्धिपाद ।" यी लोकोत्तर नै हुन् र लौकिक 'भिक्षु छन्दलाई अधिपति गरी समाधिलाई प्राप्तगर्दछ, चित्तलाई एकाग्रतालाई पाउँछ, यसलाई छन्दसमाधि भनिन्छ ।" आदि वचनले छन्दाधिपतिअनुसार प्राप्त भएको धर्म पनि हुन्छन् ।

## इन्द्रिय र बल

अश्रद्धा, आलस्य, प्रभाद, विक्षेप, संमोहलाई पछार्नाले पछार्ने भनिने अधिपतिको अर्थले इन्द्रिय हो र अश्रद्धा आदिले नपछाड्नाले र अविचलित भएको अर्थले बल हो । ती दुवै पनि श्रद्धा, वीर्य, स्मृति, समाधि, प्रज्ञाअनुसार पाँच प्रकारका हुन्छन् । यसैले पाँच इन्द्रिय, पाँच बल भनिन्छन् ।

## बोध्यंग र मार्ग

ज्ञान प्राप्त गर्ने व्यक्तिको अंग हुनाले स्मृति, धर्मविचय, वीर्य, प्रीति, प्रश्रब्धि, समाधि, उपेक्षा गरी सात बोध्यंग हुन् । निर्वाणसम्म पुऱ्याउने अर्थले सम्यकदृष्टि, सम्यकसंकल्प, सम्यकवचन, सम्यकर्मान्त, सम्यकआजीविका, सम्यकव्यायाम, सम्यकस्मृति, सम्यकसमाधि आठ मार्गको अंग हुन्छन । यसैले भनिएको छ - सात बोध्यंग, आर्य अष्टाङ्गिकमार्ग ।

यसप्रकार यी सैंतीस बोधिपक्षियधर्म मध्ये, पूर्वभागमा लौकिकविपश्यनाको हुँदा चौधप्रकारका कामको परिग्रहगर्दै कायानुपश्यना स्मृतिप्रस्थान, नौ प्रकारले वेदनाको परिग्रहगर्दै वेदनुपश्यना स्मृतिप्रस्थान, सोह्रप्रकारले चित्तको परिग्रह गर्दै चित्तानुपश्यना स्मृतिप्रस्थान, पाँचप्रकारले धर्महरूको परिग्रहणगर्दै धर्मानुपश्यना स्मृतिप्रस्थान भनिन्छ, यो आत्ममभावमा पहिले कहिले उत्पन्न नभएको अरूको उत्पन्न अकुशललाई हेरेर, उसकोजस्तै प्रतिपन्न हुँदा यो उत्पन्न भयो, म त्यसरी प्रतिपन्न हुने छैन, यसप्रकार यो मलाई उत्पन्न हुने छैन - सोचेर त्यसलाई उत्पन्न नहुनको लागि प्रयत्न गर्ने समय पहिला सम्यकप्रधान, दोस्रो सम्यक प्रधान आफ्नोद्वारा गरिएको अकुशललाई देखेर त्यसको नाश गर्नको लागि प्रयत्न गर्नको लागि प्रयत्न गर्ने समय यस आत्मभावमा पहिले कहिले उत्पन्न नभएको ध्यान या



Downloaded from http://www.dhamma.digital

विपश्यनालाई उत्पन्न गर्नको लागि प्रयत्न गर्ने समय तेस्रो सम्यक प्रधान उत्पन्न भएको जसरी नष्ट हुन्छन्, त्यसरी बारम्बार उत्पन्न गर्ने समय चौथो सम्यकप्रधान भनिन्छ, छन्दलाई प्रधान गरी कुशल उत्पन्न गर्ने समय छन्द ऋद्धिपाद ... मिथ्यावचनले विरत हुने समय सम्यकवचन यसरी नानाचित्तहरूमा हुन्छन् तर यी चार ज्ञानहरूको उत्पन्न हुने समय एक चित्तमा हुन्छन् । फलको क्षणलाई छाडेर चार सम्यकप्रधानमा अवशेष तेत्तीस हुन्छन् ।

यसरी एक चित्तमा यसको हुँदा एउटै निर्वाणको आलम्बनयुक्त स्मृति काय आदिमा शुभ भएको विचार आदिको ग्रहण गर्ने कामलाई गर्नेअनुसार चार स्मृतिप्रस्थान भनिन्छ र एउटै वीर्य अनुत्पन्न धर्महरूको उत्पाद आदिको कामलाई गर्नेअनुसार चार सम्यकप्रधान भनिन्छ । शेषमा घटावबढाव छैन । फेरि पनि त्यसमा –

*नव एकविधा एको द्वेधाथ चतुपञ्चधा ।*

*अट्ठधा नवधा चेव इति छधा भवन्ति ते ॥*

(नौ एक प्रकारको, एक दुई प्रकारको, चार पाँच प्रकारको आठ नौ प्रकारको - यसरी ती ६ प्रकारका हुन्छन् ।)

नौ एक प्रकारको = छन्द, चित्त, प्रीति, प्रश्रब्धि, उपेक्षा, सम्यकसंकल्प, सम्यकवचन, सम्यककर्मान्त, सम्यकआजीव, यी नौ छन्दक ऋद्धिपादअनुसार एक प्रकारको हुन्छन् । अन्य भागमा सम्मिलित हुँदैनन् । एक दुई प्रकारको - श्रद्धा, इन्द्रिय र बलअनुसार दुई प्रकार हुन्छन् । चार पाँच प्रकारका = अन्य एक चार प्रकारका, अन्य एक पाँच प्रकारसंग छन् भन्ने यो अर्थ हो । त्यसमा समाधि एक इन्द्रिय, बल, बोध्यंग र मार्गअनुसार चार प्रकारले स्थित छ । प्रज्ञा त्यस चारै र ऋद्धिपादको भागअनुसार पाँच प्रकारले स्थित छ । आठ र नौ प्रकारका = अर्को एक आठ प्रकारले र एक नौ प्रकारले स्थित छ भन्ने यो अर्थ हो । चार स्मृतिप्रस्थान, ऋद्धिपाद, इन्द्रिय, बल, बोध्यंग र मार्गाङ्गअनुसार वीर्य नौ प्रकारले सम्मिलित हुन्छन् । यसरी –

*चुद्दसेव असम्भिन्ना होन्तेते बोधिपक्खिया ।*

*कोट्ठासतो सत्तविधा सत्ततिंस पभेदतो ॥*

*सकिच्चनिप्फादनतो सरुपेन च वुत्तितो ।*

*सब्बे व अरियमग्गस्स सम्भवे सम्भवन्ति ते ।*

(नदोहोराईकन गनेमा बोधिपक्षियधर्म चौध (स्मृति, वीर्य, छन्द, प्रज्ञा, श्रद्धा, समाधि, प्रीति, प्रश्रब्धि, उपेक्षा, सम्यकसंकल्प, सम्यकवचन, सम्यककर्मान्त सम्यकआजीविका)नै हुन्छन् । भागले सात प्रकार (स्मृतिप्रस्थान, सम्यकप्रधान, ऋद्धिपाद, इन्द्रिय, बल, बोध्यङ्ग र मार्ग)का हुन्छन् र प्रभेदले सैंतीस प्रकारका । ती सबै आफ्नो कार्यलाई पूर्ण गर्ने, स्वरूप र प्रवर्तित हुनाले आर्यमार्गको हुँदा नै हुन्छन् ।)

यसप्रकार बोधिपक्षियधर्महरूको परिपूर्ण हुनेलाई जान्नुपर्दछ ।

### २. उत्थान र बल समायोग

वुट्ठानबलसमायोगो = उत्थान र बलको समायोग । लौकिकविपश्यनानिमित्तको आलम्बन र प्रवर्तिको कारण समुदयको नाश नहुनाले न त निमित्तले नै र न प्रवर्तितले उठ्दछ । गोत्रभूज्ञान समुदयको नाश नहुनाले प्रवर्तिले उठ्दैन । तर निर्वाणको आलम्बनको निमित्तले उठ्दछ, यसैले एकले



Downloaded from http://www.dhamma.digital

उत्थान हुन्छ । त्यसैले पटिसम्भिदामग्ग (१,१) अनुसार भनिएको छ - 'बाह्य संस्कार निमित्तले उठ्ने र उल्टिने (परिवर्तित हुने)मा प्रज्ञा गोत्रभूज्ञान हो ।" त्यसरी नै पटिसम्भिदामग्ग (१,२) अनुसार भनिएको छ - 'उत्पादले फर्किएर अनुत्पादमा दौडन्छ, यसैले गोत्रभू हो, प्रवर्तिले उल्टेर ।" यसरी सबै जान्नुपर्दछ । यी चारै ज्ञान पनि अनिमित्त आलम्बन हुनाले निमित्तले उठ्छन्, समुदयको नाशले प्रवर्तिले उठ्दछन्, यसैप्रकार दुवैले उत्थान हुन्छन् ।

त्यसले पटिसम्भिदामग्ग (१,२) अनुसार भनिएको छ - 'कसरी दुवैले उढ्ने र परिवर्तित हुनुमा प्रज्ञा मार्गमा ज्ञान हो ? स्रोतापत्तिमार्गको क्षण देख्नेको अर्थमा सम्यकदृष्टि मिथ्यादृष्टिले उठ्दछ, त्यसअनुसार रहने क्लेशहरू र स्कन्धहरूले उठ्दछ, र वाह्य सबै निमित्तहरूले उठ्दछ । त्यसैले भनिन्छ - दुवैले उठ्ने र परिवर्तित हुनुमा प्रज्ञामार्गमा ज्ञान हो । अभिनिरोपण गर्ने अर्थमा सम्यकसंकल्प, मिथ्यासंकल्पले ... परिग्रह गर्ने अर्थमा सम्यकबचन, मिथ्याबचन ... उत्पन्न भएको अर्थमा सम्यककर्मान्त ... परिशुद्धिको अर्थमा सम्यकआजीविका ... प्रयत्न गर्ने अर्थमा सम्यक व्यायाम ... नभुल्ने अर्थमा सम्यकस्मृति ... विक्षेप नहुने अर्थमा सम्यकसमाधि, मिथ्यासमाधिले उठ्दछ, त्यसअनुसार रहने क्लेशहरू र स्कन्धहरूले उठ्दछ । र वाह्य सबै निमित्तहरूले उठ्दछ । यसैले भनिन्छ - दुवैले उठ्ने र परिवर्तित हुनुमा प्रज्ञा मार्गमा' ज्ञान हो । सकृदागामीमार्गको क्षण देख्ने अर्थमा सम्यकदृष्टि ... विक्षेप नहुनेको अर्थमा सम्यकसमाधि स्थूल कामरागको संयोजन र प्रतिघ संयोजनले, स्थूल कामरागको अनुशय र प्रतिघ अनुशयले उठ्दछ ... । अनागामीमार्गको क्षण देख्ने अर्थमा सम्यकदृष्टि ... विक्षेप नहुने अर्थमा सम्यकसमाधि अणु मात्र साथ रहने कामराग संयोजन र प्रतिघ संयोजनले, अणु मात्र साथ रहने कामराग अनुशय र प्रतिघ अनुशयले उठ्दछ ... । अर्हतमार्गको क्षण देख्ने अर्थमा सम्यकदृष्टि ... विक्षेप नहुने अर्थमा सम्यकसमाधि रूपराग, अरुपराग, मान, औद्धत्य र अविद्या तथा मान अनुशय, भवराग अनुशय, र अविद्या अनुशयले उठ्दछ । त्यसअनुसार रहने क्लेशहरू र स्कन्धहरूले उठ्दछ र वाह्य सबै निमित्तहरूले उठ्दछ, । यसैले भनिन्छ - "दुवैले उठ्ने र परिवर्तित हुनुमा प्रज्ञा मार्गमा ज्ञान हो ।"

लौकिक आठ समापत्तिहरूको भावना गर्ने समय शमथको बल अधिक हुन्छ । अनित्यानुपश्यना आदिको भावना गर्ने समय विपश्यनाको बल अधिक हुन्छ । तर आर्यमार्गको क्षण ती धर्म एक अर्काको अतिक्रमण नगर्दै एकसाथ प्रवर्तित हुन्छन् । यसैले यी चारै ज्ञानहरूमा पनि दुवै बलहरूको समायोग हुन्छ । जस्तै भनियो - "उद्दच्चयुक्त क्लेशहरू र स्कन्धहरूले उठ्दै गरेको योगीको चित्तको एकाग्रता, अविक्षेप समाधि निरोधको आलम्बनयुक्त हुन्छ र अविद्यायुक्त क्लेशहरू र स्कन्धहरूले उठ्दै योगीको अनुपश्यनाको अर्थमा विपश्यना निरोधको आलम्बनयुक्त हुन्छ । यसप्रकार उठ्नेको अर्थमा शमथ र विपश्यना एकसमान कृत्य हुन्छन्, एकमा जुटिरहन्छन्, एकअर्काको अतिक्रमण गर्दैनन् । त्यसले भनिन्छ - उठ्नेको अर्थमा शमथ र विपस्सनाको एकसाथ भावना गर्दछ ।" यसप्रकार उत्थान र बलको समायोगलाई जान्नुपर्दछ ।

## ३. प्रहातव्य धर्म र त्यसको प्रहाण

ये येन पहातब्बा धम्मा तेसं पहानञ्च = यी चारै ज्ञानहरूमा जुन धर्म जुन ज्ञानले प्रहातव्य हुन्, त्यसको प्रहाणलाई जान्नुपर्दछ । यी यथायोग्य (१) संयोजन, (२) क्लेश, (३) मिथ्यात्व, (४) लोकधर्म, (५) मात्सर्य, (६) विपर्यास, (७) ग्रन्थ, (८) अगति, (९) आस्रव, (१० ओघ, (११) योग, (१२) नीवरण,



Downloaded from http://www.dhamma.digital

(१३) परामर्श, (१४) उपादान, (१५) अनुशय, (१६) मल, (१७) अकुशलकर्मपथ, र (१८) अकुशल चित्तोत्पाद भनिने धर्महरूको प्रहाण गर्ने हुन् ।

## संयोजन

स्कन्धहरूले स्कन्धहरूलाई , फलले कर्मलाई, या दुःखले प्राणीहरूलाई जोड्नाले रूपराग आदि दशधर्म संयोजन भनिन्छन् । ती जबसम्म रहन्छन्, तबसम्म यी बनिरहन्छन् । त्यसमा पनि (१) रूपराग, (२) अरुपराग, (३) मान, (४) उद्दच्च, (५) अविद्या - यी पाँच माथि उत्पन्न हुने स्कन्ध आदिको संयोजन हुनाले उर्ध्वभागीय संयोजन भनिन्छ । (१) सत्कायदृष्टि, (२) विचिकित्सा, (३) शीलव्रत परामर्श, (४) कामराग, (५) प्रतिध - यी पाँच तल उत्पन्न हुने स्कन्ध आदिको संयोजन हुनाले अधोभागीय संयोजन भनिन्छन् ।

## क्लेश

स्वयं संक्लिष्ट हुने र आफ्नोले युक्त धर्महरूलाई पनि संक्लिष्ट गर्नाले (१) लोभ, (२) द्वेष, (३) मोह, (४) मान, (५) दृष्टि, (६) विचिकित्सा, (७) थिन, (८) उद्दच्च (९) अहिरिक, (१०) अनोतप्प - यी दश धर्म क्लेश भनिन्छन् ।

## मिथ्यात्व

मिथ्यारूपले प्रवर्तित हुनाले (१) मिथ्यादृष्टि, (२) मिथ्यासंकल्प, (३) मिथ्याबचन, (४) मिथ्याकर्मान्त, (५) मिथ्याआजीविका, (६) मिथ्याव्यायाम, (७) मिथ्यास्मृति, (८) मिथ्यासमाधि - यी आठ धर्म या (९) मिथ्याविमुक्ति र (१०) मिथ्याज्ञानको साथ दश मिथ्यात्व हुन् ।

## लोक धर्म

लोकलाई प्रवर्तित हुँदा बनिरहनेले (१) लाभ, (२) अलाभ, (३) यश, (४) अपयश, (५) सुख, (६) दुःख, (७) निन्दा, (८) प्रशंसा - यी आठ । यहाँ कारणले लाभ, यश, सुख, प्रशंसा आदि वस्तुको अनुशय र अलाभ, अपपयश, दुःख, निन्दा आदि वस्तुको प्रतिघलाई लोकधर्मको ग्रहण गर्नाले ग्रहण गरिएको छ भनी यसरी जान्नुपर्दछ ।

## मात्सर्य

(१) आवासमात्सर्य, (२) कुलमात्सर्य, (३) लाभमात्सर्य, (४) धर्ममात्सर्य, (५) वर्णमात्सर्य - यी आवास आदिमध्ये कुनै एकले सबैको लागि साधारण हुनेलाई नसहने आकारले प्रवर्तित हुने पाँच मात्सर्य हुन् ।

## विपर्यास

अनित्य, दुःख, अनात्म, अशुभ वस्तुहरूमा नित्य, सुख, आत्म, शुभ - यसरी प्रवर्तितअनुसार (१) संज्ञाविपर्यास, (२) चित्तविपर्यास, र (३) दृष्टिविपर्यास गरी यी तीन विपर्यास छन् ।

### ग्रन्थ

नामकाय र रूपकायलाई बाँध्नाले अभिध्या आदि चार ग्रन्थ छन् । त्यसरी नै ती (१) 'अभिध्या



Downloaded from http://www.dhamma.digital

कायग्रन्थ, (२) व्यापादकायग्रन्थ, (३) शीलव्रत परामर्शकायग्रन्थ, 'यही सत्य हो' भनी धारण गर्ने (४) अभिनिवेशकायग्रन्थ ।" आदि पनि विभंगमा भनिएका छन् ।

## अगति

(१) छन्द, (२) द्वेष, (३) मोह, (४) भयले अकरणीयलाई गर्ने र करणीयलाई नगर्नेको यो नाम हो । त्यो आर्यहरूको जान्न अयोग्य हुनाले अगति भनिन्छ ।

## आस्रव, ओघ, र योग

आलम्बनअनुसार गोत्रभूसम्मले र भवाग्रसम्मले चुहुनाले या संयमरहित द्वारहरूले घैलाका प्वालबाट पानी चूहनेसमानले, अथवा नित्य बहनेको अर्थमा संसारदु:खको बहनाले (१) कामराग, (२) भवराग, (३) मिथ्यादृष्टि, (४) अविद्याको यो नाम हो । अविद्यालाई आस्रव भनिन्छ ।

भवसागरमा तान्ने र कठिनाईले तैरेर जाने अर्थमा ओघ पनि र आलम्बनको वियोग तथा दु:खको वियोगलाई प्रदान नगर्नाले योग पनि त्यसैको नाम हो ।

## नीवरण

चित्तलाई आवरण गर्ने, ढाक्ने र छोप्ने अर्थमा (१) कामच्छन्द, (२) व्यापाद, (३) थिनमिद्ध, (४) उद्दच्च, (५) कुक्कुच्च, (६) विचिकिच्छालाई नीवरण भनिन्छन् ।

## परामर्श

त्यसत्यस धर्मको स्वभावको अतिक्रमण गरी बाह्य अयथार्थ स्वभावलाई दृढतापूर्वक ग्रहण गर्नाले आकारले प्रवर्तित हुनाले मिथ्यादृष्टिको यो नाम हो ।

## उपादान

सबैप्रकारको प्रतीत्यसमुत्पाद निर्देशमा भनिएको (१) काम-उपादान, (२) दृष्टि-उपादान, (३) शीलव्रतउपादान, (४) आत्मवाद-उपादान आदि चार उपादान हुन्छन्।

## अनुशय

बल प्राप्त हुनाले (१) कामराग, (२) प्रतिघ, (३) मान, (४) दृष्टि, (५) विचिकित्सा, (६) भवराग, (७) अविद्या - यसरी दीघनिकाय (३,१०)मा भनिएको कामराग आदि सात अनुशय हुन्छन् । ती बल प्राप्त हुनाले वारम्वार कामराग आदिको उत्पत्तिको कारण भएर सुत्दछन्, यसैले अनुशय हो ।

## मल

गाजलजस्तै स्वयं अशुद्ध हुने र अरुलाई पनि अशुद्ध गर्नाले (१) लोभ, (२) द्वेष, (३) मोह तीनलाई मल भनिन्छन् ।

## अकुशलकर्मपथ

अकुशलकर्म र दुर्गतिको पथ हुनाले, (१) प्राणातिपात, (२) विनादिइएको लिनु, (३) कामभोगहरूमा मिथ्याआचार, (४) भूठो बोल्नु (५) चुक्लि लगाउनु, (६) कटुवचन (७) अनर्थक वचन, (८) अभिध्या,



Downloaded from http://www.dhamma.digital

(९) व्यापाद, (१०) मिथ्यादृष्टि - यी दशअकुशल कर्मपथ भनिन्छन् ।

## अकुशलचित्तोत्पाद

लोभमूल आठ, द्वेषमूल दुई र मोह मूल दुई - यी बाह्र अकुशलचित्तोत्पाद भनिन्छन् । जस्तै -

लोभमूल - (१) सौर्मनस्य-सहगत दृष्टिगत-सम्प्रयुक्त असंस्कारिक (२) सौर्मनस्य-सहगत दृष्टिगत-सम्प्रयुक्त ससंस्कारिक (३) सौर्मनस्य-सहगत दृष्टिगत-विप्रयुक्त असंस्कारिक (४) सौर्मनस्य-सहगत दृष्टिगत-विप्रयुक्त ससंस्कारिक (५) उपेक्षा-सहगत दृष्टिगत-सम्प्रयुक्त असंस्कारिक (६) उपेक्षा-सहगत दृष्टिगत-सम्प्रयुक्त ससंस्कारिक (७) उपेक्षा-सहगत दृष्टिगत-विप्रयुक्त असंस्कारिक (८) उपेक्षा-सहगत दृष्टिगत-विप्रयुक्त ससंस्कारिक ।

द्वेषमूल - (१) दौर्मनस्य-सहगत, प्रतिघ-सम्प्रयुक्त असंस्कृत र (२) दौर्मनस्य-सहगत, प्रतिघ-सम्प्रयुक्त ससंस्कृत ।

मोहमूल - (१) उपेक्षा-सहगत, विचिकिच्छा-सम्प्रयुक्त र (२)उपेक्षा-सहगत, उद्दच्च-सम्प्रयुक्त ।

## संयोजन प्रहाण

यसप्रकार यी संयोजन आदि धर्महरूका यी यथायोग्य प्रहाण गर्ने हुन् । कसरी ?

संयोजनहरूमा = सत्कायदृष्टि, विचिकित्सा, शीलव्रत परामर्श र अपायगामिनी कामराग, प्रतिघ - यी पाँच धर्म प्रथम ज्ञानले नाश हुने हुन् । शेष स्थूल कामराग र प्रतिघ द्वितीयज्ञानले नाश हुने हुन् । सूक्ष्म कामराग र प्रतिघ तृतीयज्ञानले नाश हुने हुन् । रूपराग, अननुय, मान, उद्दच्च, अविद्या आदि पाँचै पनि चतुर्थज्ञानले नै नाश हुने हुन् । अगाडि पनि जहाँजहाँ 'नै' शब्दले निश्चित गरिंदैन, त्यहाँत्यहाँ जुनजुन 'माथिल्लो ज्ञानले नाश हुन' - भनिन्छ, त्योत्यो पूर्वको ज्ञानहरूले अपायगमनीय आदि हुने नभएर नै माथिको ज्ञानले नाश हुने हुन्छ भनी जान्नुपर्दछ ।

क्लेशहरूमा = दृष्टि र विचिकित्सा प्रथमज्ञानले नाश हुने हुन् । द्वेष तृतीयज्ञानले नाश हुने हो । लोभ, मोह, मान, थिन, उद्दच्च, अहिरिक, अनोतप्प चतुर्थज्ञानले नाश हुने हुन् ।

मिथ्यात्वमा = मिथ्यादृष्टि, झूठो वचन, मिथ्याकर्मान्त र मिथ्याआजीव - यी प्रथमज्ञानले नाश हुने हुन् । मिथ्यासंकल्प, चुक्लि, कटुवचन - यी तृतीयज्ञानले नाश हुने हुन् । चेतनालाई नै यहाँ वचन जान्नुपर्दछ । अनर्थकवचन, मिथ्याव्यायाम, मिथ्यास्मृति, मिथ्यासमाधि, मिथ्याविमुक्ति र मिथ्याज्ञान चतुर्थज्ञानले नाश हुने हुन् ।

लोकधर्महरूमा = लाभ, यश, सुख, प्रशंसा, प्रतिघ तृतीयज्ञानले नाश हुने हुन्, अलाभ, अपयश, दुःख, निन्दा, अनुशय यी चतुर्थज्ञानले नाश हुने हुन् । कोहीकोही भन्दछ कि प्रशंसा र अनुशय चतुर्थज्ञानले नाश हुने हुन् ।

मात्सर्य प्रथमज्ञानले नाश हुने हुन् ।

विपर्यासहरूमा = अनित्यमा नित्य र अनात्ममा आत्मा मान्ने संज्ञा, चित्तदृष्टिको विपर्यास तथा दुःखमा सुख, अशुभमा शुभ, यसरी मान्ने दृष्टिको विपर्यास, यी प्रथमज्ञानले नाश हुने हुन् । अशुभमा शुभ मान्ने संज्ञा, चित्तको विपर्यास तृतीयज्ञानले नाश हुने हुन् तथा दुःखमा सुख मान्ने संज्ञा र चित्तको



Downloaded from http://www.dhamma.digital

विपर्यास चतुर्थज्ञानले नाश हुने हुन् ।

ग्रन्थहरूमा = शीलव्रत परामर्श, 'यही सत्य हो' भनी धारण गर्ने अभिनिवेशकायग्रन्थ प्रथमज्ञानले नाश हुने हुन् । व्यापादकायग्रन्थ तृतीयज्ञानले नाश हुने हो । अन्य चतुर्थज्ञानले नाश हुने हुन् ।

अगति प्रथमज्ञानले नै नाश हुने हो ।

आस्रवहरूमा = दृष्टास्रव प्रथमज्ञानले नाश हुने हो । कामास्रव तृतीयज्ञान र अन्य मिथ्यादृष्टि र अविद्या दुई चतुर्थज्ञानले नाश हुने हुन् । ओघ र योगमा पनि यसैप्रकार बुझ्नुपर्दछ ।

नीवरणहरूमा = विचिकित्सा नीवारण प्रथमज्ञानले नाश हुन्छ । कामच्छन्द, व्यापाद र कुक्कुच्च - यी तीन तृतीयज्ञानले नाश हुने हुन् । थिनमिद्ध र उद्दच्च चतुर्थज्ञानले नाश हुने छन् ।

परामर्श प्रथमज्ञानले नै नाश हुने हो ।

उपादानहरूमा = महानिद्देशमा भनिएको छ - "सबै कामावचरधर्म, सबै रूपाचारधर्म, सबै अरुपावचरधर्म तृष्णाको वस्तु हुन् । कर्मणीय, रञ्जनीय र मदनीय हुनाले काम हुन्, यी वस्तुकाम भनिन्छ ।" सबै लौकिकधर्महरूको वस्तुकामअनुसार 'काम' हुन्छ - यसरी आउनाले रूप र अरूपराग पनि कामउपादानमा आउँदछन्, यसैले त्यो चतुर्थज्ञानले नाश हुने हो । शेष प्रथमज्ञानले नाश हुने हुन् ।

अनुशयहरूमा = दृष्टि र विचिकित्सा अनुशय प्रथम ज्ञानले नै नाश हुने हुन् । कामराग र प्रतिध अनुशय तृतीय ज्ञानले नाश हुने हुन् । मान, भवराग र अविद्या अनुशय चतुर्थ ज्ञानले नाश हुने हुन् ।

मलहरूमा = द्वेषमल तृतीयज्ञानले नाश हुने हो । अन्य लोभमूल र मोहमल चतुर्थज्ञानले नाश हुने हुन् ।

अकुशलकर्मपथहरूमा = प्राणीहिंसा, चोरी, व्यभिचार, भूठोवचन, मिथ्यादृष्टि - यी प्रथमज्ञानले नाश हुने हुन् । चुक्लि, कटुवचन र व्यापाद - तीन तृतीयज्ञानले नाश हुने हुन् । अनर्थक वचन र अभिध्या चतुर्थज्ञानले नाश हुने हुन् ।

अकुशलचितोत्पादहरूमा = चार दृष्टियुक्त जस्तै - सौर्मनस्य-सहगत दृष्टिगत-सम्प्रयुक्त असंस्कारिक, सौर्मनस्य-सहगत दृष्टिगत-सम्प्रयुक्त ससंस्कारिक, उपेक्षा-सहगत दृष्टिगत-सम्प्रयुक्त असंस्कारिक, उपेक्षा-सहगत दृष्टिगत-सम्प्रयुक्त ससंस्कारिक र विचिकित्सायुक्त जस्तै - उपेक्षा-सहगत, विचिकिच्छा-सम्प्रयुक्त गरी पाँच प्रथमज्ञानले नै नाश हुने हुन् । दुई प्रतिघयुक्त जस्तै - दौर्मनस्य-सहगत, प्रतिघ-सम्प्रयुक्त असंस्कृत र दौर्मनस्य-सहगत, प्रतिघ-सम्प्रयुक्त ससंस्कृत तृतीयज्ञानले नाश हुने हुन् । शेष ६, जस्तै - सौर्मनस्य-सहगत दृष्टिगत-विप्रयुक्त असंस्कारिक, सौर्मनस्य-सहगत दृष्टिगत-विप्रयुक्त ससंस्कारिक, उपेक्षा-सहगत दृष्टिगत-विप्रयुक्त असंस्कारिक,, उपेक्षा-सहगत दृष्टिगत-विप्रयुक्त ससंस्कारिक, उपेक्षा-सहगत, उद्दच्च-सम्प्रयुक्त चतुर्थज्ञानले नाश हुने हुन् ।

जुन जसद्वारा नाश हुने हो, त्यो त्यसको प्रहातव्य हो । यसैले भनियो - "यसप्रकार यी संयोजन आदि धर्महरूलाई यी यथायोग्य प्रहाण गर्ने हुन् ।"

के यी भूत भविष्यको यी धर्महरूलाई त्यागदछन् या वर्तमान्को ? के यहाँ भन्नु छ यदि भूत भविष्यको त्याग गर्ने छ तब सारा प्रयत्न निष्फल हुने छ । किन ? प्रहातव्य धर्महरूको नहुनाले । तब



Downloaded from http://www.dhamma.digital

वर्तमान्को, त्यसरी नै निष्फल हुनेछ, प्रयत्नको साथ प्रहातव्य धर्महरूको हुनाले र मार्गको भावना पनि क्लेशयुक्त नै हुन्छ या क्लेशहरूको विप्रयुक्त हुनु, र वर्तमान् क्लेश चित्तले विप्रयुक्त छैन ।

यो कथन साधारण (मनगढन्त - पालिमा नआएको कथन) छैन । पटिसम्भिदामग्ग पालिमा नै "ऊ क्लेशहरूलाई त्याग्दछ, भूतको क्लेशहरूलाई त्याग्दछ, भविष्यतको क्लेशहरूलाई त्याग्दछ, वर्तमान्को क्लेशहरूलाई त्याग्दछ" भनेर पुनः "यदि भूतको क्लेशहरूलाई त्याग्दछ, तब क्षीण भैसकेको क्लेशलाई क्षीण गर्दछ, निरुद्ध भैसकेकोलाई निरुद्ध गर्दछ, रहित भैसकेकोलाई रहित गर्दछ, अस्त भैसकेकोलाई अस्त गर्दछ, भूतकालको जुन छैन त्यसलाई त्याग्दछ" भनेर "भूतको क्लेशहरूलाई त्याग्दैन" भनिने विचारलाई निषेध गरिएको छ । त्यसरी नै 'यदि भविष्यको क्लेशहरूलाई त्याग्दछ, तब अजातलाई त्याग्दछ ... उत्पन्न नभएकोलाई त्याग्दछ, अप्रकट भएकोलाई त्याग्दछ, भविष्यको जुन छैन, त्यसलाई त्याग्दछ" भनेर "भविष्यको क्लेशहरूलाई त्याग्दैन" भनिन धारणालाई निषेध गरिएको छ। त्यसरी नै "यदि वर्तमान् क्लेशहरूलाई त्याग्दछ, तब अनुरक्त रागलाई त्याग्दछ, द्वेषी द्वेषलाई त्याग्दछ, मोहित मोहलाई ... अभिमानी मानलाई, दृढतापूर्वक ग्रहण गरेको दृष्टिलाई ... विक्षेप प्राप्त उद्दच्चलाई, सन्देहमा परेको विचिकित्सालाई, बल प्राप्त क्लेश अनुशयलाई त्याग्दछ, कृष्ण, शुक्लधर्म एकसाथ रहन्छन् र मार्गभावना क्लेशयुक्त हुन्छ" भनेर 'भूतको क्लेशरूलाई त्याग्दैन, वर्तमान् क्लेशहरूलाई त्याग्दैन" सबैको निषेध गरी "तब मार्गभावना छैन, फलको साक्षात्कार छैन, क्लेशहरूको प्रहाण छैन, ज्ञानको प्राप्ति छैन ।" प्रश्नको अन्तमा "मार्गभावना हो ... ज्ञानको प्राप्ति हुन्छ ।" स्वीकार गरी "जसरी कसको समान ?" भन्दा यो भनिएको छ "जस्तै कोही अजात फल तरुण वृक्ष होस्, कोही पुरुष त्यसको जड काटोस, जुन त्यस वृक्षको अजात फल हुन् ती अजात उत्पन्न नै हुँदैन ... अनुत्पन्न उत्पन्न नै हुँदैन, अप्रकट प्रकट नै हुँदैन । यसरी नै क्लेशहरूको उत्पत्तिको लागि उत्पादकको हेतु हो, उत्पाद नै प्रत्यय हो । उत्पादमा आदीनवलाई देखेर अनुत्पाद (निर्वाण)मा चित्त दौडाउँछ, अनुत्पादमा चित्त दौडनाले जुन उत्पादको प्रत्ययले क्लेश उत्पन्न हुन्छ, ती अजात उत्पन्न नै हुँदैन ... अप्रकट प्रकट नैंदैन । यसरी हेतुको निरोधले दुःखको निरोध हुन्छ । प्रवर्ति हेतु हो ... निमित्त हेतु हो ... आयूहन (अगाडिको प्रतिसन्धिको हेतुको कर्म) हेतु हो ... अनायूहनमा चित्तको दौडनाले जुन आयूहनको कारण क्लेश उत्पन्न हुन्छ, ती अजात ... अप्रकट प्रकट नै हुँदैन । यसरी हेतुको निरोधले दुःखको निरोध हुन्छ । यसप्रकार मार्गभावना हो, फलको साक्षात्कार हो, क्लेशहरूको प्रहाण हो, ज्ञानको प्राप्ति हो ।"

यसले के बताइएको छ ? भूमिलब्ध कलेशहरूको प्रहाण बताइएको छ । भूमिलब्ध के भूत, भविष्यका हुन् या वर्तमान्को ? त्यसको भूमिलब्धोत्पन्न नै नाम हो ।

## चार प्रकारका उत्पन्न

उत्पन्न (१) वर्तमान्, (२) भूतापगत, (३) अवकाशकृत र (४) भूमिलब्धअनुसार अनेक प्रकारका हुन्छन् । सबै उत्पाद, जरा र भंगयुक्त वर्तमानोत्पन्न हो । आलम्बनको रसको अनुभव गरी निरुद्ध भएर मेटिएको कुशल र अकुशल तथा उत्पाद आदि तीनैलाई पाएर निरुद्ध भएर मेटिएको र शेष संस्कृत भूतापगतोत्पन्न हो । 'जुन ती त्यसको पूर्वको गरिएको कर्म हुन्छन् ।' आदिप्रकारले मज्झिम निकाय (३,४,५) अनुसार भनिएको कर्मभूत नै हुन्छ । अन्य विपाकलाई हटाएर आफ्नो विपाकको लागि अवकाश गरी स्थित रहनाले र त्यसरी अवकाश गरिएको विपाकको उत्पन्न नहुँदापनि, यसप्रकार अवकाश गर्दा



Downloaded from http://www.dhamma.digital

निश्चय नै उत्पन्न हुनाले अवकाशकृतोत्पन्न हो । त्यसत्यस भूमिहरूमा नाश नगरिएको अकुशल भूमिलब्धोत्पन्न हो ।

## भूमि र भूमिलब्ध

यहाँ भूमि र भूमिलब्धको अन्तरलाई जान्नुपर्दछ । भूमि भनिन्छ, विपश्यनाको आलम्बन भएको तीनै भूमिहरूको पञ्चस्कन्धहरूलाई । भूमिलब्ध भनिन्छ, त्यस स्कन्धहरूमा उत्पन्न हुने क्लेशहरूलाई । त्यसले त्यो भूमिलब्ध हुन्छ । यसैले भूमिलब्ध भनिन्छ र त्यो पनि आलम्बनअनुसार होइन । किनकि आलम्बनअनुसार सबै भूत, भविष्य जान्दा पनि क्षीणास्रवीहरूको स्कन्धहरूप्रति क्लेश उत्पन्न हुन्छन् । जस्तै - धम्मपद अर्थकथा (३,९) अनुसार महाकात्यायन स्थविरलाई सोरेय्य श्रेष्ठीले देखेर "धेरै राम्रो हुन्थ्यो कि स्थविर मेरी स्त्री भए" भनि क्लेश चित्त उत्पन्न गऱ्यो । धम्मपद अर्थकथा (५,१०) अनुसार नन्दमाणवकले उत्पलवर्णा भिक्षुणीप्रति आशक्त भएर बलत्कार गरी नरकमा उत्पन्न भयो । यदि त्यो भूमिलब्ध भएमा त्यसको प्रहीण नहुनाले कसैले पनि भवलाई नत्यागोस् । तर उत्पत्ति स्थानको वस्तुअनुसार भूमिलब्ध जान्नुपर्दछ ।

जहाँजहाँ विपश्यनाद्वारा नजानिएको स्कन्ध उत्पन्न हुन्छन्, त्यहाँत्यहाँ उत्पाददेखि लिएर त्यसमा वर्त्तमूल (संसारचक्रमा घुमाउने कारण) क्लेश सुतेको छ, त्यसलाई अप्रहीण हुने अर्थमा भूमिलब्ध जान्नुपर्दछ ।

जहाँजहाँ विपश्यनाद्वारा अप्रहीण भएको अर्थमा सुतेको क्लेश छन्, त्यसलाई ती नै स्कन्ध त्यस क्लेशहरूको वस्तु हुन्छ, अरूको स्कन्धलाई हुँदैन । भूतको स्कन्धहरूमा अप्रहीण, सुतेको क्लेशहरूको भूत स्कन्ध नै वस्तु हो, अर्को होइन । यसैप्रकार भविष्य आदिमा पनि बुझ्नुपर्दछ । त्यसरी नै कामावचरको स्कन्धहरूमा अप्रहीण सुतेको क्लेशहरूको कामावचरको नै स्कन्धवस्तु हो, अर्को होइन । यसैप्रकार रुपावचर र अरुपावचरमा पनि बुझ्नुपर्दछ ।

स्रोतापन्न आदिमा, जुनजुन आर्यपुद्गलको स्कन्धहरूमा त्योत्यो वर्तमूल क्लेश त्यसत्यस मार्गले प्रहीण भैसकेका छन्, त्यसत्यसको यो स्कन्ध प्रहीण भएको त्यसत्यस वर्त्तमूल क्लेशहरूको प्रहीण अवस्तु (अनुत्पत्ति)ले भूमि भनिदैन । पृथग्जनको वर्त्तमूल क्लेशहरूको एकदम प्रहीण नहुनाले, जेजति गर्दै कर्म कुशल या अकुशल हुन्छ । यसप्रकार त्यसलाई कर्मक्लेशको प्रत्ययले संसारचक्र काट्नु पर्दछ ।

त्यसको यो वर्त्तमूल रूपस्कन्धमा नै हुन्छ, वेदनास्कन्ध आदिमा हुँदैन... या विज्ञानस्कन्धमा नै हुन्छ, रुपस्कन्ध आदिमा हुदैन भनी यसरी भन्नु हुँदैन । किन ? साधारणरूपले पाँचै स्कन्धहरूमा पनि सुतेको हुनाले । कसरी ? जसरी पृथ्वीरस रूखमा सुषुप्तावस्थामा भए पनि फिंजिएर रहेको हुन्छ ।

पृथ्वीरसको उपमा - जसरी धेरै ठूलो रुखको पृथ्वीतलमा स्थित भएर पृथ्वीरस र जलरसको सहारा, त्यसको प्रत्ययले जड, स्कन्ध, हाँगा, विंगा, पालुवा, पात, फूल र फलले बढेर आकाशलाई पूर्ण गरी कल्पको अन्तसम्म वीजको परम्पराले वृक्षको प्रवेणी (परम्परा)लाई मिलाउँदै रहँदा, त्यो पृथ्वीरस आदि जडले नै हुन्छ, स्कन्ध आदिमा होइन ... फलमा नै हुन्छ, जड आदिमा होइन भनी यसरी भन्नु हुँदैन । किन ? साधारणले सबै पृथ्वीरस जड आदिमा गएको हुनाले ।

जसरी त्यसै वृक्षको फूलफल आदिप्रति उदास भएको कुनै पुरुष चारै दिशाहरूमा मण्डूक कण्टक



Downloaded from http://www.dhamma.digital

(कुनै माछाको काँढा) नामक विषालु काँढाहरूलाई गाडिदेओस् । तब त्यो वृक्ष त्यस विष लाग्दा पृथ्वीरस र जलरसको नाश हुन जानाले नफल्ने स्वभाव भएर फेरि सन्तान (प्रवर्ति)लाई उत्पन्न गर्न नसकोस् । यसरी नै स्कन्धको प्रवर्तिमा उदासीन कुलपुत्र त्यस पुरुषको चारै दिशाहरूमा वृक्षमा विष लगाउनेसमान आफ्नो सन्तानमा चारै मार्गहरूको भावना आरम्भ गर्दछ । तब त्यसको त्यो स्कन्ध सन्तान त्यस चारै मार्गहरूको भावनारुपी विष लाग्नाले सम्पूर्ण वर्त्तमूलको क्लेशहरूलाई नाश हुनाले, गरिने कार्य कर्म आदि सबै कर्महरूको क्रिया मात्र हुँदा अगाडि पूनर्भवमा उत्पन्न नहुने स्वभावको कारण भवान्तर (यस जन्मपश्चात अर्को जन्ममा) को सन्ततिलाई उत्पन्न गर्न सक्दैन, काठको नहुँदा अग्निसमान, मात्र अन्तिम विज्ञानको निरोधले उपादान (रुप आदिनवमध्ये कुनै पनि ग्रहण नगर्दै) रहित भएर परिनिर्वृत हुन जान्छ । यसरी भूमि र भूमिलब्धको अन्तर जान्नुपर्दछ ।

अर्को पनि, (१) समुदाचार, (२) आलम्बनाधिगृहीत, (३) अविष्कम्भित, (४) असमूहतअनुसार चार प्रकारका उत्पन्न हुन्छन् । त्यसमा वर्तमानोत्पन्न नै समुदाचारोत्पन्न हो । चक्षु आदिको द्वारमा आएको आलम्बनको पूर्वभागमा उत्पन्न नभएको पनि क्लेश आलम्बनको अधिगृहीत (अयोनिसो मनसिकारले ग्रहण गर्नाले । दृढतापूर्वक ग्रहण गर्नाले) हुनाले नै अपरभागमा निश्चय नै उत्पन्न हुनाले आलम्बनाधिगृहीतोपन्न भनिन्छ । अति सुन्दरीहरु जन्मिने श्रीलंकाको कल्याणग्राममा भिक्षाटन गर्दै महातिष्य स्थविरको कामोत्पत्तिको रुपलाई देख्नाले उत्पन्न भएको क्लेशसमान । शमथ र विपश्यनामध्ये कुनै एकअनुसार नदवाइएको क्लेशचित्त सन्ततिमा नआएको पनि उत्पत्तिको निवारण गर्ने हेतुको अभावले अविष्कम्भितोत्पन्न भनिन्छ । शमथ र विपश्यनाले दबाईएको पनि आर्यमार्गले नाश नहुनाले उत्पत्तिको स्वभावको अतिक्रमण नगर्नाले असमूहतोत्पन्न भनिन्छ । आठ समापत्तिहरूको लाभी स्थविर आकाशबाट जाने समय पुष्पित बृक्ष उपवनमा मीठो स्वरले गाएर पुष्प टिप्दै गरेको स्त्रीको गीत सुन्नाले उत्पन्न भएको क्लेशसमान ।

यी तीनै प्रकारका पनि आलम्बनागृहीत, विष्कम्भित र असमूहत उत्पन्न भूमिलब्धमा नै संग्रहीत हुन्छन् भनी यसरी जान्नुपर्दछ ।

यसप्रकार यो भनिएको प्रकारले उत्पन्नमा जुन वर्तमान्, भूतापगत, अवकाशकृत र समुदाचार भनिने चार प्रकारका उत्पन्न हुन् ती मार्गले नाश हुने नहुनाले कुनै पनि ज्ञानले प्रहातव्य हुँदैन । जुन भूमिलब्ध, आलम्बनाधिगृहीत, अविष्कम्भित, असमूहत भनिने उत्पन्न हुन्छन्, त्यसको त्यस उत्पन्न भावलाई विनाश गर्दै त्योत्यो लौकिक र लोकोत्तर ज्ञान उत्पन्न हुन्छ, यसैले यो सबै प्रहातव्य हुन्छ । यसरी यहाँ जुन जसबाट प्रहातव्य धर्म छन् उनीहरू र त्यसको प्रहाणलाई जान्नु र्दछ ।

सत्यको ज्ञानको प्राप्तिको समय यी चारै ज्ञानहरूमा एकएकको एक क्षणमा (१) परिज्ञा, (२) प्रहाण, (३) साक्षात्कार, (४) भावना यी परिज्ञा आदि चार कृत्य भनिन्छन्, त्यसलाई स्वभावअनुसार जान्नुपर्दछ । पुराना मानिसहरूले यो भनेका छन् -

प्रदीपको उपमा - "जसरी प्रदीप न अगाडि, न पछाडि एक क्षणमा नै चार कृत्यहरूलाई गर्दछ । जस्तै - बत्ती बल्दछ, अन्धकार नाश गर्दछ, आलोक फैलाउँछ र तेल समाप्त गर्दछ । यसरी नै मार्ग ज्ञान न अगाडि न पछाडि, एकै क्षणमा नै चार आर्यसत्यहरूको ज्ञान प्राप्त गर्दछ - दुःखलाई



Downloaded from http://www.dhamma.digital

परिज्ञाको ज्ञानले जान्दछ, समुदयलाई प्रहाणको ज्ञानले जान्दछ, मार्गलाई भावनाको ज्ञानले जान्दछ, निरोधलाई साक्षात्कारको ज्ञानले जान्दछ। के भनिएको छ ? "निरोधलाई आलम्बन गरी चारै सत्यहरूलाई पनि प्राप्त गर्दछ, देख्दछ, ज्ञान प्राप्त गर्दछ।"

यो संयुक्त निकाय (५४,५) अनुसार भनिएको छ - "भिक्षुहरू, जो दुःखलाई देख्दछ, ऊ दुःखको समुदयलाई पनि देख्दछ, दुःखको निरोधलाई पनि देख्दछ, दुःख निरोधगामिनी पटिपदालाई पनि देख्दछ।" आदि सबै जान्नुपर्दछ। अर्को पटिसम्भिदामग्गमा पनि भनिएको छ - "मार्गयुक्त भिक्षुको ज्ञान, दुःखमा पनि ज्ञान हो, दुःखको समुदयमा पनि ज्ञान हो, दुःखको निरोधमा पनि ज्ञान हो।"

त्यहाँ, जसरी प्रद्वीप बत्तीलाई बाल्दछ, यसरी मार्गज्ञान दुःखलाई जान्दछ। जसरी अन्धकार नाश गर्दछ, त्यसरी समुदयलाई त्याग्दछ, जसरी आलोक फैलाउँछ, यसरी सहजात आदि प्रत्ययले सम्यकसंकल्प आदि धर्म भनिने मार्गको भावना गर्दछ। जसरी तेल समाप्त गर्दछ, यसरी नष्ट क्लेश निरोधको साक्षात्कार गर्दछ आदि यसप्रकार उपमाको मिलानलाई जान्नुपर्दछ।

सूर्यको उपमा - जसरी सूर्य उदय हुँदै न अगाडि न पछाडि, प्रकट हुनासाथ चार कृत्यहरूलाई गर्दछ। जस्तै - रुपहरूलाई प्रकाशित गर्दछ, अन्धकारलाई नाश गर्दछ, आलोक देखाउँछ, शितलतालाई शान्त गर्दछ, यसरी नै मार्गज्ञान ... निरोधलाई साक्षात्कारको ज्ञानले जान्दछ। यहाँ पनि जसरी सूर्य रुपहरूलाई प्रकाशित गर्दछ, त्यसरी मार्गज्ञान दुःखलाई जान्दछ, जसरी अन्धकारलाई नाश गर्दछ, यसरी समुदयलाई त्याग्दछ, जसरी आलोक देखाउँछ, त्यसरी सहजात आदि प्रत्ययले मार्गको भावना गर्दछ, जसरी शितलतालाई शान्त गर्दछ, यसरी क्लेशहरूको शान्ति निरोधलाई साक्षात्कार गर्दछ। यसप्रकार उपमाको मिलानलाई जान्नुपर्दछ।

नाउँको उपमा - जसरी नाउँ न अगाडि न पछाडि एक क्षपमा नै चार कृत्यलाई गर्दछ। जस्तै - वारीलाई छाड्दछ, स्रोतलाई काट्दछ, सामानलाई ढुवानी गर्दछ, पानी तिरमा पुऱ्याउँछ। यसरी नै मार्गज्ञान ... ज्ञानले जान्दछ। यहाँ पनि, जसरी नाउँले वारी तीरलाई छाड्दछ, यसरी मार्गज्ञान दुःखलाई जान्दछ, जसरी स्रोतलाई काट्दछ, यसरी समुदयलाई त्याग्दछ, जसरी सामानलाई ढुवानी गर्दछ, यसरी सहजात आदि प्रत्ययले मार्गको भावना गर्दछ। जसरी पारी तीरमा पुऱ्याउँदछ, त्यसरी पारीतिर भएको निरोधलाई साक्षात्कार गर्दछ। यसप्रकार उपमाको मिलानलाई जान्नु पर्दछ।

यसरी सत्यज्ञानको प्राप्तिको समय एक क्षणमा चार कृत्यहरूअनुसार त्यसलाई प्रवर्तित ज्ञानको सोह्र आकारहरूले यथार्थ स्वभावले चारै सत्य एकमा जानिएका हुन्छन्। जस्तै भनियो - "कसरी यथार्थ स्वभावले चारै सत्य एकमा जानिएका हुन्छन् ? सोह्र आकारहरूले यथार्थ स्वभावले चारै सत्य एकमा जानिएका हुन्छन्। (१) दुःखको पीढित गर्ने स्वभाव, (२) संस्कृत हुने स्वभाव, (३) सन्ताप गर्ने स्वभाव, (४) परिवर्तित हुने स्वभाव। ... समुदयको (५) आयूहन गर्ने स्वभाव, (६) निदान हुने स्वभाव, (७) संयोगको स्वभाव, (८) विघ्न गर्ने स्वभाव। ... निरोधको (९) निस्तारको स्वभाव, (१०) विवेकको स्वभाव, (११) असंस्कृतको स्वभाव, (१२) अमृतको स्वभाव -। मार्गको (१३) निर्य्याणको स्वभाव, (१४ हेतुको स्वभाव, (१५) दर्शनको स्वभाव, (१६) अधिपति हुने स्वभाव ...। यी १६ आकारहरूले यथार्थ स्वभावले चारै सत्य एकमा जानिएका हुन्छन्।"



Downloaded from http://www.dhamma.digital

प्रश्न हुन सक्छ, जब दुःख आदिको अन्य रोग, घाउ, आदि अर्थ पनि छन्, तब किन चार नै भनिएका छन् ? उत्तर दिइएको छ - अन्य सत्यको दर्शनअनुसार आविर्भावले । "कुनचाहिं दुःखमा ज्ञान हो ? दुःखप्रति जुन प्रज्ञा, प्रजानन उत्पन्न हुन्छ ।" आदिप्रकारले एकएक सत्यको आलम्बनअनुसार पनि सत्य ज्ञान भनिन्छ । "भिक्षुहरू, जुन दुःखलाई देख्दछ, ऊ समुदयलाई पनि देख्दछ" आदिप्रकारले एक सत्यलाई आलम्बन गरी शेषहरूमा कृत्यपूर्ण भएअनुसार पनि भनिएको छ ।

जव एकएक सत्यलाई आलम्बन गर्दछ, तब समुदयको दर्शनले स्वभावले पीढित गर्ने लक्षण पनि दुःखको, किनकि त्यो आयूहनलक्षण समुदयले आयूहित (संस्कृत-राशिकृत) छ यसैले, त्यसको त्यो संस्कृत भएको स्वभाव प्रकट हुन्छ । किनकि मार्ग, क्लेशको सन्तापलाई हर्ने सुशील हुन्छ, यसैले मार्गदर्शनले सन्तापको स्वभाव प्रकट हुन्छ । धम्मपद (१,९) अनुसार आयुष्मान् नन्दले अप्सराहरूलाई देखेपछि आफ्नी प्रेमिका सुन्दरीको अभिरूप नभएसमान । अपरिवर्तनशील स्वभाव निरोधको दर्शनले परिवर्तनशील भएको स्वभाव प्रकट हुन्छ, यहाँ केही पनि भन्नु नै छैन ।

त्यसरी नै स्वभावले आयूहनलक्षण पनि समुदयको, दुःखको दर्शनले निदान भएको स्वभाव प्रकट हुन्छ । विषय भोजनले उत्पन्न रोगको दर्शनले भोजनको रोगको निदान भएसमान, संयोगरहित भएको निरोधको दर्शनले संयोग भएको स्वभाव र निर्य्याण भएको मार्गको दर्शनले विघ्न भएको स्वभाव प्रकट हुन्छ ।

त्यसरी नै निस्तारलक्षण पनि निरोधको अविवेक भएको समुदयको दर्शनले अविवेक भएको स्वभाव प्रकट गर्दछ । मार्गदर्शनले असंस्कृतको स्वभाव प्रकट गर्दछ । यसले अनादि संसारमा मार्गलाई पहिले कहिले पनि देखेको छैन, त्यो पनि प्रत्यययुक्त हुनाले संस्कृत नै हो - यसप्रकार प्रत्ययरहित धर्म असंस्कृतको हुनु अत्यन्त प्रकट हुन्छ । दुःखको दर्शनले अमृत स्वभाव प्रकट हुन्छ, किनकि दुःख नै विष हो, निर्वाण अमृत हो ।

त्यसरी नै निर्य्याण लक्षण पनि मार्गको समुदयको दर्शनले 'यो निर्वाणको प्राप्तिको लागि हेतु छैन, यो हेतु हो" यसरी हेतुको स्वभाव प्रकट हुन्छ । निरोधको दर्शनले दर्शनको स्वभाव, अत्यन्त सूक्ष्म रुपहरूलाई देख्दै 'मेरो चक्षु धेरै नै परिशुद्ध छ' यसरी चक्षुको परिशुद्ध भएसमान । दुःखको दर्शनले अधिपति भएको स्वभाव, अनेक रोगहरूले आतुर निर्धन व्यक्तिको दर्शनले धनी व्यक्तिको उदार भएसमान ।

यसरी यहाँ त्यसको लक्षणअनुसार एकको र अन्य सत्यहरूको देख्नेअनुसार अरुको तीनतीन आविर्भावले एकएकको चारचार अर्थ भनिएका छन् । तर मार्गको क्षण यी सबै अर्थ एउटै नै दुःख आदिमा चार कृत्यज्ञानले जानिन्छन् । जुन भिन्नभिन्न समयमा ज्ञानको प्राप्ति मान्छन्, त्यसको उत्तर अभिधर्मको कथावथुप्पकरण (१,२,९) मा भनिएकै छ ।

अब जुन ती परिज्ञा आदि चार कृत्य भनिएका छन्, त्यसमा –

*तिविधा होति परिञ्ञा तथा पहानम्पि सच्छिकिरियापि ।*

*द्वे भावना अभिमता विनिच्छयो तत्थ ञातब्बो ॥*

(परिज्ञा तीन प्रकारका हुन्छन्, त्यसरी नै प्रहाणको साक्षात्कार पनि । भावना दुई मानिएको



Downloaded from http://www.dhamma.digital

छन् । त्यहाँ विनिश्चय जान्नुपर्दछ ।)

## परिज्ञा

परिज्ञा तीन प्रकारका हुन्छन् - (१) ज्ञातपरिज्ञा, (२) तीरणपरिज्ञा, र (३) प्रहाणपरिज्ञा - यसरी परिज्ञा तीन प्रकारका हुन्छन् ।

## ज्ञातपरिज्ञा

"अभिज्ञाको प्रज्ञा जान्ने अर्थमा ज्ञान हो" यसरी उद्देश गरी "जुनजुन धर्म अभिज्ञात हुन्छन्, तीती धर्म ज्ञात हुन्छन्" यसरी संक्षेपले "भिक्षुहरू, सबै अभिज्ञोय हो । भिक्षुहरू के सबै अभिज्ञेय हो ? भिक्षु, चक्षु अभिज्ञेय हो आदिप्रकारले विस्तारपूर्वक भनिएको ज्ञातपरिज्ञा हो । प्रत्ययसहित नामहरूपलाई जान्नु त्यसको अलग भूमि हो ।

## तीरणपरिज्ञा

"परिज्ञाको प्रज्ञा तीरण (निश्चित गर्नु) को अर्थमा ज्ञान हो" यसरी उद्देश गरी 'जुनजुन धर्म परिज्ञात हुन्छन्, तीती धर्म तीरण गरिएका हुन्छन' यसरी संक्षेपले "भिक्षुहरू सबै परिज्ञेय हुन् । भिक्षुहरू के सबै परिज्ञेय हुन् ? भिक्षुहरू चक्षु परिज्ञेय हो" आदिप्रकारले विस्तारपूर्वक भनिएको तीरणपरिज्ञा हो । कलापको सम्मसनदेखि लिएर अनित्य, दुःख अनात्म हो - यसरी तीरण गर्नेअनुसार प्रवर्तित हुने अनुलोमसम्म अलग भूमि हो ।

## प्रहाणपरिज्ञा

'प्रहाणमा परिज्ञा परित्याग गर्ने अर्थमा ज्ञान हो' यसरी उद्देश गरी "जुनजुन धर्म प्रहीण हुन्छन्, तीती धर्म परित्यक्त हुन्छन्" यसरी विस्तारपूर्वक भनिएको 'अनित्यको अनुपश्यनादेखि नित्य भएको संज्ञालाई त्याग्दछ' आदिप्रकारले प्रवर्तित प्रहाणपरिज्ञा हो । भंगानुपश्यनादेखि लिएर मार्गज्ञानसम्म त्यसको भूमि हो । यो यहाँ अभिप्रेत छ ।

या ज्ञात र तीरणपरिज्ञाहरू पनि त्यस अर्थ (प्रहाण) को लागि नै हुन् र जुन धर्महरूलाई त्याग्दछन् ती नियमतः ज्ञात र तीरण गरिएका हुन्छन्, यसैले तीनै परिज्ञाहरू पनि यस पर्यायले मार्ग ज्ञानको कृत्य हुन् भनी जान्नुपर्दछ ।

## प्रहाण

त्यसरी नै प्रहाण पनि = प्रहाण पनि (१) विष्कम्भन प्रहाण, (२) तदङ्ग प्रहाण, (३) समुच्छेद प्रहाण - यसरी परिज्ञाको समान तीन प्रकारको नै हुन्छ ।

## विष्कम्भन प्रहाण

जुन झ्याउयुक्त पानीमा डुबाएको घैलाद्वारा झ्याउहरु पन्छिएर गएजस्तै त्यसत्यस लौकिकद्वारा नीवरण आदि प्रतिकुलधर्महरूको दबिनु यो विष्कम्भनप्रहाण हो । तर पालिमा 'प्रथमध्यानको भावना गर्दै नीवरणहरूको विष्कम्मन प्रहाण हुन्छ' भनी नीवरणको नै विष्कम्भन (दब्नु) भनिएको छ । त्यो प्रकट हुनाले भनिएको हो भनी जान्नुपर्दछ । नीवरणहरू ध्यानको पूर्व भागमा पनि पछिल्लो भागमा पनि सहजै



Downloaded from http://www.dhamma.digital

चित्तमा व्याप्त हुन जाँदैनन्, तर वितर्क विचार पीति, सुख, रूपसंज्ञा आदि प्राप्त हुने क्षण नै, यसैले नीवरणहरूको विष्कम्भन प्रकट छ।

## तदंगप्रहाण

जुन रातिमा जल्दै गरेको प्रदीप अन्धकारलाई नाश गर्नेसमान त्यसत्यस विपश्यनाको अवयव भएको ज्ञानले प्रतिकूल भएअनुसार नै त्यसत्यस प्रहातव्यधर्मको प्रहाण हुन्छ यो तदङ्ग प्रहाण हो। जस्तै - नामरूपको परिच्छेदले सत्कायदृष्टिको, प्रत्ययहरूको परिग्रहले अहेतुदृष्टि, विषमहेतुदृष्टि र कांक्षाको मलको, कलापहरूको सम्मसनले म, मेरो, आदिको समूह ग्राह (समूहको स्तरमा ग्रहण गर्नु) को मार्गामार्गको निरुपणले अमार्गमा मार्गको संज्ञाको, उदयलाई देख्नाले उच्छेददृष्टिको, व्ययलाई देख्नाले शाश्वतदृष्टिको, भयतोपस्थानले भययुक्तमा अभयसंज्ञाको, आदिनवलाई देख्नाले आश्वादसंज्ञाको,, निर्वेदानुपश्यनाले अभिरतिसंज्ञाको, मुञ्चितुकम्यताले छुटकारा नपाउने इच्छाको, प्रतिसंख्याले अप्रतिसंख्याको, उपेक्षाले अपेक्षाको र अनुलोमले सत्यको प्रतिलोम ग्रहण गर्नेको प्रहाण हुन्छ।

या जुन अठार महाविपश्यनाहरूमा भनिएका पछन् = अनित्यको अनुपश्यनाले नित्यसंज्ञाको, दुःखको अनुपश्यनाले सुखसंज्ञाको, अनात्मको अनुपश्यनाले आत्मसंज्ञाको, निर्वेदानुपश्यनाले नन्दीको, विरागानुपश्यनाले रागको, निरोधानुपश्यनाले समुदयको, प्रतिनिः सर्गानुपश्यनाले आदान (ग्रहण गर्नु)को, क्षयानुपश्यनाले घनसंज्ञाको - व्ययानुपश्यनाले आयूहनको, विपरिणामानुपश्यनाले ध्रुवसंज्ञाको, अनिमित्तानुपश्यनाले निमित्तको, अप्रणिहितानुपश्यनाले प्रणिधिको, शून्यतानुपश्यनाले अभिनिवेशको, अधिप्रज्ञा धर्म विपश्यनाले सारलाई ग्रहण गर्ने अभिनिवेशको, यथार्थज्ञानदर्शनले संमोहको अभिनिवेशको, आदीनवको अनुपश्यनाले आलयको अभिनिवेशको, प्रतिसंख्यानुपश्यनाले अप्रतिसंख्याको र विवृतानुपश्यनाले संयोगको अभिनिवेशको प्रहाण हुन्छ।" यी पनि तदाङ्गप्रहाण नै हुन्।

जसरी अनित्यको अनुपश्यना आदि सातले नित्यसंज्ञा आदिको प्रहाण हुन्छ, त्यो भंगानुपश्यनामा भनिएकै छ। क्षयानुपश्यना - घनलाई अलगअलग गरी "क्षय हुने अर्थमा अनित्य हो" यसरी क्षयलाई देख्ने ज्ञानलाई भनिन्छ। त्यसले घनसंज्ञाको प्रहाण हुन्छ। व्ययानुपश्यना = प्रत्यक्ष र अन्वयले संस्कारहरूको भंगलाई देखेर त्यसै भंग भनिने निरोधमा अधिमुक्त हुनुलाई भनिन्छ। त्यसले आयूहनको प्रहाण हुन्छ। जसको लागि आयूहन गर्दछ, ती यसरी नाश हुने स्वभाव हुन् - यसप्रकार विपश्यना गर्दै आयूहनमा चित्त झुक्दैन। विपरिणामानुपश्यना = रूपसप्तक आदिअनुसार त्यसत्यस परिच्छेद (आदान निक्षेप आदि)को अतिक्रमण गरी अन्यथा प्रवर्तिलाई देख्नु या उत्पन्न भएको जरा र मृत्युले - दुई आकारहरू विपरिणामलाई देख्नुलाई भनिन्छ। त्यसले ध्रुवसंज्ञाको प्रहाण हुन्छ।

अनिमित्तानुपश्यना = अनित्यको अनुपश्यना नै हो। त्यसले नित्य भएको निमित्तको प्रहाण हुन्छ। अप्रणिहितानुपश्यना = दुःखको अनुपश्यना नै हो। त्यसले सुखको प्रणिधि र सुखको प्रार्थनाको प्रहाण हुन्छ। शून्यतानुपश्यना = अनात्मको अनुपश्यना नै हो। त्यसले 'आत्मा हो' भन्ने अभिनिवेशको प्रहाण हुन्छ। अधिप्रज्ञाधर्म विपश्यना = रूप आदि आलम्बनलाई जानेर त्यस आलम्बन र तदालम्बनचित्तको भंगलाई देखेर 'संस्कार नै नाश हुन्छन्, संस्कारहरूको मृत्यु हुन्छ, अन्य कोही छैन' आदि अंगअनुसार शून्यतालाई लिएर प्रवर्तित विपश्यनालाई भनिन्छ। त्यो अभिप्रज्ञा पनि हो र धर्महरूमा विपश्यना पनि हो यसैले अधिप्रज्ञाधर्म विपश्यना भनिन्छ। त्यसले नित्यसार र आत्मसारको अभाव राम्ररी देखिएको



Downloaded from http://www.dhamma.digital

सारलाई ग्रहण गर्ने अभिनिवेशको प्रहाण हुन्छ । यथार्थज्ञानदर्शन = प्रत्ययको साथ नामरूपको परिग्रहलाई भनिन्छ। त्यसले 'के म अतीतकालमा थिएँ ?' आदिअनुसार र 'ईश्वरले लोक उत्पन्न गर्छ' आदिअनुसार प्रवर्तित संमोहको अभिनिवेशको प्रहाण हुन्छ ।

आदीनवानुपश्यना = भयोतोपस्थानअनुसार उत्पन्न सबै भव आदिमा आदीवनलाई देख्ने ज्ञानलाई भनिन्छ । त्यसले 'केही पनि आशक्तियोग्य देखाइदिँदैन' यसरी आलयको अभिनिवेशको प्रहाण हुन्छ । प्रतिसंख्यानुपश्यना = छुटकारा पाउनको लागि उपाय गर्नु प्रतिसंख्याज्ञान हो' । त्यसले अप्रतिसंख्याको प्रहाण हुन्छ । विवृतानुपश्यना = संस्कारोपेक्षा र अनुलोमलाई भनिन्छ । तब त्यसको चित्त थोरै जति ढालुवा कमलपातमा वर्षाको थोपासमान सबै संस्कारहरूले खुम्चिन्छ, एकत्र हुन्छ, यताउता फैलिदैन आदि भनिएको छ । यसैले त्यसले संयोगको अभिनिवेशको प्रहाण हुन्छ । कामसंयोग आदि क्लेश अभिनिवेशको क्लेश प्रवर्तिको प्रहाण हुन्छ भन्ने अर्थ हो । यसरी विस्तारले तदाङ्ग प्रहाणलाई जान्नुपर्दछ। तर पालिमा 'निर्वेदभागीय समाधि (विपश्यना समाधि) को भावना गर्दै दृष्टिगतको तदंगप्रहाण हुन्छ" भनी संक्षेपले नै भनिएको छ ।

### समुच्छेदप्रहाण

जुन चट्याङ्ग पर्नाले नष्ट भएको वृक्षसमान आर्यमार्गको ज्ञानको संयोजन आदि धर्महरूको जसरी फेरि प्रवर्तित हुँदैनन्, त्यसरी प्रहाण हुनु हो, यो समुच्छेदप्रहाण हो । जसप्रति भनियो - 'लोकोत्तर क्षयगामी मार्गको भावना गर्दै समुच्छेदप्रहाण हुन्छ ।'

यसप्रकार यी तीनै प्रहाणहरूमध्ये समुच्छेदप्रहाण नै यहाँ अभिप्रेत छ । या त्यस योगीको पूर्वभागमा विष्कम्भन र तदंगप्रहाण पनि त्यसै अर्थको लागि हुन, यसैले तीनै पनि प्रहाणहरूलाई यस पर्यायले मार्गज्ञानको कृत्य जान्नुपर्दछ । वैरी राजालाई मारेर राज्य पाउँदा जुन त्यसभन्दा पनि पूर्व गरिएका हुन्छन् ती यो यो सबै राजाद्वारा गरिएको हो भनी भनिएसमान ।

### ३. तीन प्रकारका साक्षात्कार

साक्षात्कार पनि - (१) लौकिक साक्षात्कार र (२) लोकोत्तर साक्षात्कार - दुई प्रकारका हुँदै पनि दर्शन र भावनाअनुसार प्रभेदले तीन प्रकारका नै हुन्छ्‌ ।

"प्रथमध्यानलाई म साक्षात्कार गरी प्रथमध्यानको लाभी हुँ, वशी प्राप्त हुँ" आदिप्रकारले पाराजिका पालिमा आएको प्रथमध्यान आदिलाई स्पर्श गरी लौकिक साक्षात्कार हो । स्पर्शको अर्थ हो - ध्यान आदि प्राप्त गरी 'यसलाई मैले प्राप्त गरिलिए' भनी प्रत्यक्षले ज्ञानको स्पर्शले हुनु । यसै अर्थप्रति 'साक्षात्कारप्रज्ञा स्पर्श गर्ने अर्थमा ज्ञान हो' उद्देश गरी 'जुनजुन धर्म साक्षात्कार गरिएका हुन्छन्, तीती धर्म स्पर्श गरिएका हुन्छन्' साक्षात्कार निर्देश भनिएको छ ।

अरू पनि, आफ्नो सन्तानमा उत्पन्न नगरेर पनि जुन धर्म मात्र अरुको सहायक ज्ञानले जानिएका छन्, ती साक्षात्कार गरिएका हुन्छन् । त्यसैले "भिक्षुहरू, सबै साक्षात्कार गर्नुपर्दछ । भिक्षुहरू, के सबै साक्षात्कार गर्नुपर्दछ ? भिक्षुहरू, चक्षुको साक्षात्कार गर्नुपर्दछ" आदि भनिएको छ । अरु पनि भनिएको छ - "रुपलाई देख्दै साक्षात्कार गर्दछ, वेदनाको ...विज्ञानलाई देख्दै साक्षात्कार गर्दछ । चक्षु ... जरामरणलाई ... अमृतगत निर्वाणलाई देख्दै साक्षात्कार गरिएका हुन्छन् । जुनजुन धर्म साक्षात्कार



Downloaded from http://www.dhamma.digital

गरिएका हुन्छन्, तीती धर्म स्पर्श गरिएका हुन्छन् ।"

प्रथमज्ञानको क्षण निर्वाणलाई देख्नु दर्शन साक्षात्कार हो। शेष मार्गहरूको क्षण भावना साक्षात्कार हो। त्यो दुबै प्रकारको पनि यहाँ अभिप्रेत छ। यसैले दर्शन र भावनाअनुसार निर्वाणको साक्षात्कार यस ज्ञानको कृत्य जान्नुपर्दछ।

### भावना

भावना दुई मानिएका छन् - (१) लौकिक भावना र (२) लोकोत्तरभावना। लौकिक शील, समाधि, प्रज्ञालाई उत्पन्न गर्नु, त्यसले चित्त सन्ततिको परिपोषण हुनु लौकिक भावना हो । लोकोत्तर शील, समाधि, प्रज्ञाहरूलाई उत्पन्न गर्नु र त्यसले चित्त सन्ततिको परिपोषण हुनु लोकोत्तरभावना हो । त्यसमध्ये यहाँ लोकोत्तरभावना अभिप्रेरित छ । लोकोत्तरभावना शील आदि चार प्रकारका पनि यस ज्ञानले उत्पन्न गर्दछ र त्यसको सहजात, अञ्ञमञ्ञ, निश्रय, अस्ति, अविगतप्रत्यय हुनाले त्यसले चित्त सन्ततिको परिपोषण गर्दछ। लोकोत्तरभावना नै यसको कृत्य हो। यतिले –

**"सीले पतिट्ठाय नरो सपञ्ञो, चित्तं पञ्ञञ्च भावयं।"**

यसप्रकार स्वरूपले आएको प्रज्ञाभावनाको विधानलाई देखाउनको लागि जुन भनियो "मूल भएको दुई विशुद्धिहरूको सम्पादन गरेर शरीर भएको पाँच विशुद्धिहरूको सम्पादन गर्दै भावना गर्नुपर्दछ" त्यस भनाइको यो विस्तारपूर्वक वर्णित हो। र कसरी भावना गर्नुपर्दछ ? यस प्रश्नको पनि उत्तर दिइसकिएको छ।

*सज्जनहरूको प्रमोदको लागि*
*विशुद्धिमार्गमा प्रज्ञाभावनाको भागमा*
*ज्ञानदर्शनविशुद्धि निर्देश नामक*
*बाइसौं परिच्छेद समाप्त*



Downloaded from http://www.dhamma.digital

# तेइसौं परिच्छेद

## प्रज्ञा भावनाको आनिशंस निर्देश

जुन भनिएको छ - प्रज्ञाको भावना गर्दा कुनचाहिं आनिशंस हुन्छ ? त्यस सम्बन्धमा भनिन्छ - यो प्रज्ञा भावना अनेक आनिशंसका छन्। दीर्घकालमा पनि त्यसको आनिशंसलाई विस्तारपूर्वक प्रकाशित गर्नु सरल छैन । तर संक्षेपमा यसको (१) नाना क्लेशहरूको विध्वंश गर्नु (२) आर्यफलको रस अनुभव गर्नु (३) निरोध समापत्तिलाई समापन्न हुने सामर्थ्य (४) आव्हानयोग्य हुने आदि सिद्धि - यी आनिशंस जान्नुपर्दछ ।

### क्लेशहरू विध्वंस गर्नु

जुन नामरूपको परिच्छेददेखि लिएर सत्कायदृष्टि आदिअनुसार नाना क्लेशहरूको विध्वंश भनिएका छन्, यी लौकिकप्रज्ञाभावनाको आनिशंस हुन् । जुन आर्यमार्गको क्षण संयोजन आदिअनुसार नाना क्लेशहरूको विध्वंश गर्नु भनिएका छन्, यी लोकोत्तरप्रज्ञाभावनाको आनिशंस जान्नुपर्दछ ।

*भीमवेगानुपतिता असनीव सिलुच्चये ।*
*वायुवेग समुट्ठितो अरञ्ञमिव पावको ॥*
*अन्धकारं विय रवि सतेजुज्जलमण्डलो ।*
*दीघरत्तानुपतितं सब्बानत्थविधायकं ॥*
*किलेसजालं पञ्ञा हि विद्धंसयति भाविता ।*
*सन्दिट्ठिकमतो जञ्ञा आनिसंसमिमं इध ॥*

(भयानकवेगले पर्वतमा खसेको बज्रसमान, वायुवेगले जंगलमा लागेको आगोसमान, अन्धकार नाश गर्ने शततेज उज्वल मण्डल सूर्यजस्तै, दीर्घकालदेखि रहेको सबै अनर्थहरूलाई उत्पन्न गर्ने क्लेश जाललाई भावना गरिएको प्रज्ञा विध्वंस गरिदिन्छ। प्रत्यक्षरुपले यसका यी आनिसंसलाई जानोस् ।)

### आर्यफल-रसको अनुभव

मात्र क्लेशहरूको विध्वंस गर्नु नै होइन, प्रत्युत आर्यफल-रसको अनुभव गर्नु पनि प्रज्ञाभावनाको आनिशंस हो। आर्यफल स्रोतापत्तिफलआदि श्रामणफललाई भनिन्छ। दुई प्रकारले त्यसको रसको अनुभव हुन्छ, (१) मार्गवीथि र (२) फलसमापत्तिअनुसार प्रवर्तिमा। त्यसको मार्गवीथिमा प्रवर्ति बताइएको छ।

फेरि पनि जुन 'संयोजनहरूको प्रहाण मात्र नै फल हो, अन्य कुनै धर्मफल छैन' आदि आंध्रवासी भन्दछन् त्यसको अनुनयको लागि पटिसम्भिदामग्ग पालिको यस सूत्रलाई पनि देखाउनपर्दछ 'कसरी प्रयोग प्रतिप्रश्रब्धि प्रज्ञा फलमा ज्ञान हो ? स्रोतापत्तिमार्गको क्षण दर्शनको अर्थमा सम्यक दृष्टि मिथ्यादृष्टिले



Downloaded from http://www.dhamma.digital

उठ्दछ - त्यसअनुसार रहने क्लेशहरू तथा स्कन्धहरूले उठ्दछ र वाह्य सबै निमित्तहरूले उठ्दछ, त्यसको प्रयोगको शान्त भैजानाले सम्यकदृष्टि उत्पन्न हुन्छ, यो मार्गफल हो" आदि विस्तार गर्नुपर्दछ।

"चार आर्यमार्ग र चार आर्यफल - यी धर्म अप्रमाणआलम्बन हुन्। महद्गत धर्म अप्रमाण धर्मको अनन्तरप्रत्ययसंग प्रत्यय हुन्छ" आदि यसप्रकारको पनि उदाहरण छन्।

फलसमापत्तिमा प्रवर्तिलाई देखाउनको लागि यी प्रश्नकर्म गर्न (प्रश्नोत्तरद्वारा अर्थलाई स्पष्ट गर्नु) सकिन्छ ।

(१) फलसमापत्ति के हो ? (२) को त्यसलाई समापन्न हुन्छन् ? (३) को समापन्न हुँदैनन् ? (४) किन समापन्न हुँदैनन् ? (५) कसरी त्यसको समापन्न हुन्छ ? (६) कस्तो स्थिति हो ? (७) कस्ता उत्थान हो ? (८) के फलको अनन्तर हो ? (९) कसको फल अनन्तर हो ?

जुन आर्यफलको निरोधको अर्पणा हो त्यो फलसमापत्ति हो। ... सबै पृथग्जन त्यसलाई समापन्न हुँदैनन्। किन ? प्राप्त नहुनाले। तर सबै आर्य त्यसलाई समापन्न हुन्छन्। किन ? प्राप्त हुनाले। माथिल्लोले तल्लोलाई व्यक्ति विभिन्नताले शान्त हुनाले समापन्न हुँदैनन् र तल्लो पनि प्राप्त नहुनाले माथिल्लोलाई समापन्न हुँदैनन्। आफ्नोआफ्नो नै फललाई समापन्न हुनछन् - यो निश्चित हो।

कोहीकोही - 'स्रोतापन्न, सकृदागामी पनि समापन्न हुँदैन, माथिल्लो दुई नै समापन्न हुन्छन्' भन्दछन् र यो त्यसको प्रमाण हो - "यी समाधिलाई परिपूर्ण गर्ने हुन्।" तर पृथग्जनको पनि आफ्नो प्राप्त लौकिकसमाधिलाई समापन्न हुनाले यो युक्त छैन। यहाँ प्रमाण, अप्रमाणको विचार नै गर्नु के छ, पटिसम्भिदामग्ग ञाणकथा पालिमा नै भनिएको छैन ? 'कुनचाहिं दश गोत्रभूधर्म विपश्यनाअनुसार उत्पन्न हुन्छन् ? स्रोतापत्तिमार्गको प्राप्तिको लागि उत्पाद, प्रवर्ति ... उपायास र वाह्य संस्कारहरूको निमित्तको अभिभव गर्दछ, यसैले गोत्रभू हो। स्रोतापत्तिफलको समापत्तिको लागि सकृदागामी ... अर्हत फलको समापत्तिको लागि ... शून्यता विहारको समापत्तिको लागि ... अनिमित्त विहारको समापत्तिको लागि, उत्पाद, ... र वाह्य संस्कारहरूको निमित्तको अभिभव गर्दछ, यसैले गोत्रभू हो।" यसैले सबै आफ्नोआफ्नो फललाई समापन्न हुन्छन् भनी मान्नुपर्दछ।

दृष्टधर्म सुखविहारको लागि यसलाई समापन्न हुन्छन्। जस्तै - राजा राज्यसुख र देवता दिव्यसुखको अनुभव गर्दछन्, यसरी आर्यहरू आर्य लोकोत्तरसुखको अनुभव गर्नेछु भनी सोचेर कालको परिच्छेद गरेर चाहेको क्षण समापत्तिलाई समापन्न हुन्छन्।

दुई आकारहरूले त्यसको समापन्न हुनु हुन्छ, निर्वाणले अन्य आलम्बनलाई मनमा नगर्ने र निर्वाणलाई मनमा गर्नाले। जस्तै - मज्झिम निकाय (१,५,३) अनुसार भनियो - "आवुस ! अनिमित्त चेतो विमुक्तिको समापत्तिको लागि दुई प्रत्यय छन् - (१) सारा निमित्तहरूलाई मनमा नगर्नु, र (२) अनिमित्त धातुलाई मनमा गर्नु।"

यो समापन्न हुने क्रम हो - फलसमापत्तिको इच्छुक आर्यश्रावकलाई एकान्तमा गएर एकाग्रचित्त भएर उदयव्ययअनुसार संस्कारहरूलाई देख्नुपर्दछ। उसलाई क्रमशः प्रवर्तित विपश्यना संस्कारहरूको



Downloaded from http://www.dhamma.digital

आलम्बनयुक्त ज्ञानको अनन्तर फलसमापत्तिअनुसार निरोधमा चित्त पुग्दछ । र फलसमापत्तितिर झुकेको हुनाले शैक्ष्यलाई पनि फल नै उत्पन्न हुन्छ, मार्ग होइन । तर जो भन्दछन् - "स्रोतापन्न फलसमापत्तिलाई समापन्न हुनेछु भनी सोचेर विपश्यना गरी सकृदागामी हुन्छ र सकृदागामी, अनागामी ।" उनीहरूलाई भन्नुपर्दछ - 'यसरी हुँदा अनागामी अर्हत भैजानेछ, अर्हत, प्रत्येकबुद्ध र प्रत्येकबुद्ध सम्यकसम्बुद्ध । यसैले "यो कुनै पनि पालिअनुसार विरोध गरिएको छैन" भनी सोचेर ग्रहण गर्नु हुँदैन । यसलाई नै ग्रहण गर्नुपर्दछ - "शैक्ष्यलाई पनि फल नै उत्पन्न हुन्छ, मार्ग होइन । फल पनि यदि उसलाई प्रथमध्यान मार्ग प्राप्त हुन्छ तव प्रथमध्यान नै उत्पन्न हुन्छ । यदि द्वितीय आदिमा कुनै एकलाई प्राप्त हुन्छ तब द्वितीय आदिमध्ये कुनै एक ध्यान नै उत्पन्न हुन्छ । यसरी त्यसको समापन्न हुनु हुन्छ ।"

"आवुस ! अनिमित्त चेतोविमुक्तिको स्थितिको लागि तीन प्रत्यय छन् (१) सारा निमित्तहरूलाई मनमा नगर्नु (२) अनिमित्त धातुलाई मनमा गर्नु र (३) पूर्वको अभिसंस्कार ।" मज्झिम निकाय (१,५,३) को वचनले त्यसको तीन प्रकारले स्थिति हुन्छन् ।

त्यहाँ, पूर्वको अभिसंस्कारको अर्थ हो समापत्तिदेखि पूर्वकालको परिच्छेद । अमुक्त समयमा उठ्नेछु 'यसरी परिच्छेद हुनाले जबसम्म त्यो समय आउँदैन, तबसम्म स्थिति हुन्छ ... यसरी त्यसको स्थिति हुन्छ ।

'आवुस ! अनिमित्त चेतोविमुक्तिको उत्थानको लागि दुई प्रत्यय छन् - (१) सारा निमित्तहरूलाई मनमा गर्नु र (२) अनिमित्त धातुलाई मनमा नगर्नु ।" मज्झिम निकाय (१,५,३) को वचनले त्यसको दुई प्रकारले उत्थान हुन्छन् ।

त्यहाँ सारा निमित्तहरूको अर्थ हो, रुप, वेदना संज्ञा, संस्कार, विज्ञाननिमित्तलाई । यद्यपि यी सबैलाई एकसाथ मनमा गर्दैन, तथापि सबैको संग्रहअनुसार यो भनिएको छ । यसैले जुन भवांगको आलम्बन हुन्छ, त्यसलाई मनमा गर्दै फलसमापत्तिले उत्थान हुन्छ, यसरी त्यसको उत्थानलाई जान्नुपर्दछ ।

फलको फल नै अनन्तर हुन्छ या भवांग । तर फल मार्गको अनन्तर हुन्छ, फलको अनन्तर हुन्छ, गोत्रभूको अनन्तर हुन्छ, नैवसंज्ञानासंज्ञायतनको अनन्तर हुन्छ, त्यो मार्गवीथिमा मार्गको अनन्तर हुन्छ, पहिलेपहिलेको पछिलोपछिलो फलानन्तर हुन्छ, फलसमापत्तिहरूमा पहिलापहिला गोत्रभूको अनन्तर हुन्छ ।

गोत्रभू यहाँ अनुलोमलाई जान्नुपर्दछ । पट्ठान पञ्हवारमा यो भनिएको छ - 'अर्हत्को अनुलोमफलसमापत्तिको अनन्तरप्रत्ययले प्रत्यय हुन्छ । शैक्ष्यहरूको अनुलोम फलसमापत्तिको अनन्तर प्रत्ययले प्रत्यय हुन्छ ।" जुन फलले निरोधले उत्थान हुन्छ, ऊ नैवसंज्ञानासंज्ञायतनको अनन्तर हुन्छ । मार्गविधिमा उत्पन्न फललाई छाडेर अवशेष सबै फलसमापत्तिअनुसार प्रवर्तित हुनेछ । यसरी यो मार्गवीथिमा या फलसमापत्तिमा उत्पन्न भएअनुसार -



Downloaded from http://www.dhamma.digital

*पटिप्पस्सद्धदरथं अमतारम्मणं सुभं ।*
*वन्तलोकामिसं सन्तं समाञ्ञफलमुत्तमं ॥*
*ओजवन्तेन सुचिना सुखेन अभिसन्दितं ।*
*येन साततिसातेन अमतेन मधुं विय ॥*
*तं सुखं तस्स अरियस्स रसभूतमनुत्तरं ।*
*फलस्स पञ्ञं भावेत्वा यस्मा विन्दती पण्डितो ॥*
*तस्मारिय फलस्सेतं रसानुभवनं इध ।*
*विपस्सना भावनाय अनिसंसोति वुच्चति ॥*

(क्लेश पीढाको शान्ति, अमृतको आलम्बन, शुभ, लोकको आमिषरहित, शान्त, उत्तम श्रामण्यफल, ओजवान पवित्र अमृत मधुसमान जुन अत्यन्त मधुर सुखले व्याप्त छ, त्यो सुख त्यस आर्यको अनुरत्त र स भएको छ । किनकि प्रज्ञाभावना गरी पण्डित त्यस सुखलाई प्राप्त गर्दछ, यसैले यो आर्यफल-रसको अनुभव यहाँ विपश्यना भावनाको आनिशंस भनिन्छ ।)

## निरोध समापत्तिलाई समापन्न हुनेको सामर्थ्य

न केवल आर्यफल-रसको अनुभव गर्नेको नै, प्रत्युत यस निरोध समापत्तिलाई समापन्न भएको सामर्थ्यलाई पनि यस प्रज्ञाभावनाको आनिशंस जान्नुपर्दछ । निरोधसमापत्तिको वर्णन गर्नको लागि यी प्रश्नकर्म हुन्छन् -

(१) निरोध समापत्ति के हो ? (२) को उसलाई समापन्न हुन्छ ? (३) को समापन्न हुँदैन ? (४) कहाँ समापन्न हुन्छ ? (५) किन समापन्न हुन्छ ? (६) कसरी यसको समापन्न हुनु हुन्छ ? (७) कस्तो स्थिति हो ? (८) कस्तो उत्थान हो ? (९) उठेको व्यक्तिको चित्तको झुकाव कता हुन्छ ? (१०) मृत र समापन्नमा कुनचाहिं अन्तर हो ? (११) के निरोध समापत्ति हो ? लौकिक हो वा लोकोत्तर हो ? निष्पन्न हो वा अनिष्पन्न हो ?

जुन क्रमशः निरोध भएअनुसार चित्तचैतसिकधर्महरूको अप्रवर्ति हो, उसलाई निरोधसमापत्ति भनिन्छ ।

... सबै पृथग्जन, स्रोतापन्न, सकृदागामी र शुष्कविपश्यक अनागामी तथा अर्हत् यसलाई समापन्न हुँदैनन् । आठ समापत्तिहरूलाई प्राप्त भएको अनागामी र क्षीणाश्रव समापन्न हुन्छन् । "दुई बलहरूले युक्त भएको र तीन संस्कारहरूको शान्तिले सोह्र ज्ञान चर्या र नौ समाधि चर्याले वशीभावलाई प्राप्त प्रज्ञा निरोधसमापत्तिमा ज्ञान हो" भनी पटिसम्भिदामग्ग पालि, ञाणकथामा भनिएको छ । यो सम्पदा आठ समापत्तिहरूको प्राप्त अनागामी र क्षीणाश्रवको अतिरिक्त अरुलाई हुँदैन, यसैले उनीहरू नै समापन्न हुन्छन्, अन्य होइन ।

'कुनचाहिं दुई बल हुन् ? ... कुनचाहिं वशीभाव हो ?' यस सम्बन्धमा हामीलाई केही भन्नु छैन, यी सबै यसको उद्देश निर्देशमा भनिएको नै छ ।



Downloaded from http://www.dhamma.digital

जसरी भनिएको छ - 'दुई बलहरूले युत्त भएका = बल दुई छन्, शमथबल र विपश्यनाबल ।

शमथबल के हो ? नैष्कम्यअनुसार चित्तको एकाग्रता अविक्षेप शमथबल हो । अब्यापदअनुसार ... आलोकसंज्ञाअनुसार ... अविक्षेपअनुसार ... प्रतिनिःसर्गानुपश्यी आश्वासअनुसार ... प्रतिनिसःसर्गानुपश्यी प्रश्वासअनुसार चित्तको एकाग्रता - अविक्षेप शमथबल हो ।

कुन अर्थमा शमथबल हो ? प्रथमध्यानले नीवरणहरूमा प्रकम्पित हुँदैन, यसैले शमथबल हो । द्वितीयध्यानले वितर्क विचारमा ... नैवसंज्ञासंज्ञायातन समापत्तिले आकिंचन्यायतन-संज्ञामा प्रकम्पित हुँदैन, यसैले शमथबल हो । उद्दच्चसहगत क्लेश र स्कन्धहरूमा प्रकम्पित हुँदैन, चल्दैन, हल्लिदैन, यसैले शमथबल हो ।

विपश्यनाबल के हो ? अनित्यको अनुपश्यना विपश्यनाबल हो । दुःखको अनुपश्यना ... अनात्मको ... निर्वेदको ... विरागको .... निरोधको .... प्रतिनिःसर्गको अनुपश्यना विपश्यनाबल हो । रूपमा अनित्यको .... रूपमा प्रतिनिःसर्गको ... वेदनामा, संज्ञामा .... संस्कारहरूमा .... विज्ञानमा .... चक्षुमा .... जरामरणमा .... जरामरणमा प्रतिनिःसर्गानुपश्यना विपश्यनाबल हो ।

कुन अर्थमा विपश्यनाबल हो ? अनित्यको अनुपश्यनाले नित्यसंज्ञामा प्रकम्पित हुँदैन, यसैले विपश्यनाबल हो । दुःखको अनुपश्यनाले सुखसंज्ञामा प्रकम्पित हुँदैन ... अनात्मको अनुपश्यनाले आत्मसंज्ञामा प्रकम्पित हुँदैन ... निर्वेदको अनुपश्यनाले नन्दिमा प्रकम्पित हुँदैन ... विरागको अनुपश्यनाले रागमा प्रकम्पित हुदैन .... निरोधको अनुपश्यनाले समुदयमा प्रकम्पित हुँदैन ... प्रतिनिःसर्गको अनुपश्यनाले आदानमा प्रकम्पित हुँदैन यसैले विपश्यनाबल हो । अविद्या, अविद्यासहगत क्लेश र स्कन्धमा प्रकम्पित हुँदैन, चल्दैन, हल्लिदैन, यसैले विपश्यनाबल हो ।

तीन संस्कारहरूको शान्तिले = कुन तीन संस्कारहरूको शान्तिले ? (१) द्वितीयध्यानप्राप्त योगीको वितर्क, विचार (वाचिकसंस्कार) शान्त हुन्छन् (२) चतुर्थध्यानप्राप्त योगीको (आश्वासप्रश्वास) कायसंस्कार शान्त हुन्छन् (३) संज्ञावेदयितनिरोधप्राप्त भएको योगीको संज्ञा, वेदना (र चित्तसंस्कार) शान्त हुन्छन् ।

सोह्र ज्ञानचर्याले = कुन सोह्र ज्ञानचर्याले ? अनित्यानुपश्यना ज्ञान चर्या, दुःख .... अनात्म .... निर्वेद ... विराग ... निरोध .... प्रतिनिःसर्ग .... विवृतानुपश्यना ज्ञानचर्या, स्रोतापत्तिमार्ग ज्ञानचर्या, स्रोतापत्ति फलसमापत्ति ज्ञानचर्या, सकृदागामीमार्ग ... अर्हत फलसमापत्ति ज्ञानचर्या । यी सोह्र ज्ञान चर्याले ।

नौ समाधिचर्याले = कुन नौ समाधिचर्याले : प्रथमध्यान समाधिचर्या, द्वितीयध्यान समाधिचर्या ... नैवसंज्ञानासंज्ञायतन समाधिचर्या, प्रथमध्यानको प्राप्तिको लागि वितर्क, विचार, प्रीति, सुख र चित्तको एकाग्रता ।

वशी = वशी पाँच छन् - (१) आवर्जन वशी (२) समापन्न हुने वशी (३) अधिष्ठान वशी (४) उत्थान वशी (५) प्रत्यवेक्षण वशी ।



Downloaded from http://www.dhamma.digital

प्रथमध्यानलाई जहाँ चाहन्छ, जव चाहन्छ र जति चाहन्छ त्यसअनुसार आवर्जन गर्दछ। आवर्जन गर्नुमा मन्दता नहुनाले आवर्जनवशी हुन्छ।

प्रथम ध्यानलाई जहाँ चाहन्छ, जब चाहन्छ, जति चाहन्छ त्यसअनुसार समापन्न हुन्छ। समापन्न हुनुमा मन्दता नहुनाले समापन्न वशी हुन्छ। अधिष्ठान गर्दछ, अधिष्ठानमा ... उठ्दछ, उत्थानमा ... प्रत्यवेक्षण गर्दछ .... प्रत्यवेक्षणमा वशी हो। द्वितीय ... नैवसंज्ञानासंज्ञायातन समापत्तिलाई ..... प्रत्यवेक्षण वशी हो। यी पाँच वशी हुन्।

यहाँ सोह्र ज्ञानचर्याले यो उत्कृष्ट निर्देश हो। अनागामीलाई चौध ज्ञानचर्याले हुन्छ। यदि यसरी हो भने सकृदागामीलाई बाह्र र स्रोतापन्नलाई दशले किन हुँदैन ? हुँदैन, समाधिको विघ्नकारक पाँच कामगुणयुक्त रागको प्रहीण नहुनाले। किनकि त्यो उसको प्रहीण हुँदैन, यसैले शमथबल परिपूर्ण हुँदैन। त्यसको परिपूर्ण नहुँदा दुई बलहरूले समापन्नयोग्य समाधि समापत्तिबलको विकल हुनाले समापन्न हुन सक्दैनन्। तर अनागामीको कामराग प्रहीण हुन्छ, त्यसैले यो परिपूर्णबल हुन्छ, परिपूर्ण बल हुनाले समापन्न हुन सक्दछ। यसैले पट्ठान, पञ्हवार विभंगअनुसार भगवान्ले भन्नुभयो - "निरोधबाट उठ्ने योगीको नैवसंज्ञानासंज्ञायतन कुशलफलसमापत्तिको अनन्तरप्रत्ययले प्रत्यय हुन्छ।" यो पट्ठान महाप्रकारणमा अनागामीको नै निरोधले उठ्नेप्रति भनिएको हो।

पञ्च अवकारभवमा समापन्न हुन्छ। किन ? क्रमशः समापत्ति हुनाले। चतु अवकारभवमा प्रथमध्यान आदिको उत्पत्ति हुँदैन, यसैले त्यहाँ समापन्न हुन सक्दैन। कोहीकोही हृदयवस्तुको अभावले भन्दछन्।

संस्कारहरूको प्रवर्ति भेदमा उदास भएर दृष्टधर्ममा चित्तरहित भएर निरोध निर्वाणलाई पाएर सुखपूर्वक विहार गर्नको लागि यसले समापन्न हुन्छन्।

शमथ विपश्यनाअनुसार माथिमाथि गएर पूर्वकृत्यलाई गरी नैवसंज्ञानासंज्ञायतनलाई निरोध गर्दै समापन्न हुनु हुन्छ। ... जुन शमथअनुसार नै माथिमाथि जान्छ, त्यो नैवसंज्ञानासंज्ञायतन समापत्तिलाई पाएर रोकिन्छ तर जुन विपश्यनाअनुसार नै माथिमाथि जान्छ, त्यो फलसमापत्तिलाई पाएर रोकिन्छ र जुन दुवैअनुसार नै माथिमाथि गएर पूर्वकृत्यलाई गरेर नैवसंज्ञानासंज्ञायतनको निरोध गर्दछ, त्यो उसलाई समापन्न हुन्छ - यो संक्षेप हो।

तर यो विस्तार हो - भिक्षु निरोधलाई समापन्न हुन चाँहदै भोजनकृत्य गरी हातखुट्टा राम्ररी धोएर एकान्त स्थानमा राम्ररी बिछ्याइएको आसनमा पलेटी कसेर शरीरलाई सीधा गरेर, स्मृतिलाई अगाडि राखेर बस्दछ। ऊ प्रथमध्यानलाई समापन्न भएर, उठेर, त्यहाँ संस्कारहरूको अनित्य, दुःख, अनात्मको स्तरमा विपश्यना गर्दछ। यो विपश्यना तीन प्रकारका हुन्छन् (१) संस्कारहरूको परिग्रहण गर्ने विपश्यना (२) फलसमापत्ति विपश्यना (३) निरोधसमापत्ति विपश्यना। संस्कारहरूको परिग्रहण गर्ने विपश्यना मन्द होस् या तीक्ष्ण, मार्गको पदस्थान नै हो। फलसमापत्ति विपश्यना तीक्ष्ण नै हुनुपर्दछ, मार्गभावनाजस्तै। तर निरोधसमापत्ति विपश्यना न अति मन्द र न अति तीक्ष्ण हुनुपर्दछ। यसैले यो न अति मन्द र न अति



Downloaded from http://www.dhamma.digital

तीक्ष्ण विपश्यनाले ती संस्कारहरूको विपश्यना गर्दछ। तत्पश्चात् द्वितीय ध्यानलाई समापन्न भएर उठेर त्यहाँ संस्कारहरूको त्यसरी नै विपश्यना गर्दछ। तत्पश्चात् तृतीयध्यान ... तत्पश्चात् विज्ञानन्त्यायतनलाई समापन्न भएर, उठेर, त्यहाँ संस्कारहरूको त्यसरी नै विपश्यना गर्दछ। त्यसरी नै आकिंचन्यायतनलाई समापन्न भएर, उठेर चार प्रकारको पूर्वकृत्यलाई गर्दछ। जस्तै – (१) नानावद्धको अविकोपन (२) संघको बोलावट (३) शास्ताको पुकार र (४) कालको परिच्छेद ।

## नानावद्धको अविकोपन

जुन यस भिक्षुको साथ एकावद्ध हुँदैन, नानावद्ध भएर रहने पात्र, चीवर, बस्ने मुढा, खाट, निवास गृह या अन्य कुनै परिष्कार हुन्छ, त्यो जसरी अग्नि, जल, वायु, चोर, मुसा आदिद्वारा नाश हुँदैन, त्यसरी अधिष्ठान गर्नुपर्दछ।

यो अधिष्ठान गर्ने विधि हो - "यो, यो यस सप्ताहमा अग्निले नजलोस्, पानीले नबहाओस्, वायुले विध्वंस नगरोस्, चोरहरूद्वारा हरण नगरियोस्, मुसाहरूद्वारा नखाओस्" यसरी अधिष्ठान गर्दा त्यस सप्ताहमा कुनै विघ्न हुँदैन । तर अधिष्ठान नगर्नेको अग्नि आदिले विनष्ट हुन जान्छ - महानाग स्थविरसमान ।

## महानाग स्थविरको कथा

एक दिन महानाग स्थविर आफ्नी आमा उपासिकाको गाउँमा भिक्षाटनको लागि प्रवेश गर्नुभयो । उपासिकाले यवागु दिएर स्थविरलाई आशनशालामा बसाइन् । स्थविर निरोधलाई समापन्न भएर बस्नुभयो । उहाँ बसिसकेपछि आसनशालामा आगो लाग्यो । शेष भिक्षु आफ्नोआफ्नो बसेको आसनलाई लिएर भागे । ग्रामवासी एकत्र भएर निरोध समापत्ति समापन्न हुनु भएको कारणले सान्त बस्नु भएको स्थविरलाई देखेर र उहाँको ज्ञानलाई थाहा नपाएर 'अल्छी श्रमण छ, अल्छी श्रमण छ' भन्न लागे। आगोले घाँस बाँस, काठलाई जलाएर स्थविरलाई घेऱ्यो। मानिसहरू घैलाबाट पानी ल्याएर आगो निभाएर, खरानीलाई हटाएर हेर्दा, स्थविरलाई केही पनि नभएको देख्दा, परिशुद्ध गरी पुष्पहरूलाई छरपुष्ट गरेर नमस्कार गर्दै उभिए ।

स्थविर परिच्छेद गरिएको समयअनुसार उठेर उनीहरूलाई देखेर 'म अरहन्त भएको प्रकट भएको छुँ' भनी सोचेर आकाशमा उडेर प्रियङ्गद्वीप जानुभयो ।

यो नानावद्धको अविकोपन हो ।

तर जुन एकावद्ध लगाउने विछ्याउनको वस्त्र या बस्ने आसन हुन्छ, त्यसको लागि अलग अधिष्ठान कृत्य छैन। समापत्तिअनुसार नै त्यसको रक्षा हुन्छ। आयुष्मान् सञ्जीवसमान। पटिसम्भिदामग्ग, इद्धिकथामा यो भनिएको पनि छ - 'आयुष्मान् सञ्जीवको समाधि विष्फारऋद्धि हो, आयुष्मान् सारिपुत्र समाधि विष्फारऋद्धि हो ।"

## संघको बोलावट

संघको आवर्जन गर्नु । जबसम्म यो भिक्षु आउँदैन, तबसम्म संघकर्मलाई नगर्नु भन्ने अर्थ हो ।



Downloaded from http://www.dhamma.digital

यहाँ बोलावट यसको पूर्वकृत्य होइन, तर बोलावटको आवर्जन पूर्वकृत्य हो, यसैले यसरी आवर्जन गर्नुपर्दछ - 'यदि मेरो सप्ताहभर निरोधलाई समापन्न भएर बस्दा संघ ज्ञप्तिकर्म आदिमध्ये कुनै कामलाई गर्न चाहन्छ भने मलाई कुनै भिक्षु आएर बोलाउँनु अगाडि नै उठ्ने छु।" यसरी समापन्न भएको भिक्षु संघ ज्ञप्तिकर्म हुन्छ त्यस समय नै उठ्दछ। तर जो यसरी गर्दैन र संघ एकत्र भएर उसलाई नदेख्दै 'अमुक भिक्षु कहाँ छ ? सोद्धा 'निरोधलाई समापन्न छ' भन्दा संघ कुनै भिक्षुलाई पठाउँछ - 'जाउ उसलाई संघको वचनले बोलाउ" । तब त्यस भिक्षुद्वारा सुनाइदिनयोग्य स्थानमा उभिएर - 'आवुस तिमीलाई संघ बोलाइरहेछ" भन्नु मात्रले उठ्नु हुन्छ। यसरी भारी संघको आज्ञा हुन्छ। यसैले त्यसको आवर्जन गरी जसरी स्वयमेव उठोस्, त्यसरी समापन्न हुनुपर्छ।

## शास्ताको पुकार

यहाँ पनि शास्ताको पुकारको आवर्जन गर्नु नै यसको कृत्य हो, यसैले यसको पनि यसरी आवर्जन गर्नुपर्दछ - 'यदि मेरो सप्ताहमा निरोधलाई समापन्न भएर बस्दा शास्ता आवश्यक पर्दा शिक्षापदको प्रज्ञापन गरोस्, अथवा त्यसप्रकारको अर्थोत्पत्तिले धर्मोपदेश देओस्, तब मलाई कोही आएर बोलाउनु भन्दा अगाडि नै उठ्ने छु" यसरी समाधि आवर्जन गरी बसेको भिक्षु प्रज्ञापन वा धर्मदेशनाको समय उठ्दछ। तर जो यसरी गर्दैन र संघको एकत्र हुँदा शास्ता उसलाई देख्दैन तब - "अमुक भिक्षु कहाँ छ" भनी सोध्नुहुँदा "निरोधलाई समापन्न छ" भन्दा कुनै भिक्षुलाई पठाउनुहुन्छ - जाउ मेरो वचनले बोलाएर ल्याउँ । तब त्यो भिक्षुद्वारा सुनाइदिनयोग्य स्थानमा उभिएर 'आयुष्मान्‌लाई शास्ता आमन्त्रित गर्दै हुनुहुन्छ' भन्नु मात्रले नै उठ्दछ । यसरी भारी शास्ताको पुकार हुन्छ । यसैले यसको आवर्जन गरी जसरी स्वयमेव उठ्दछ, यसरी समापन्न हुनुपर्दछ।

## कालको परिच्छेद

जीवनकालको परिच्छेद। यस भिक्षुलाई कालपरिच्छेदमा कुशल हुनुपर्दछ। आफ्नो आयुसंस्कार सप्ताहभर प्रवर्तित हुन्छ या प्रवर्तित हुँदैन - यसरी आवर्जन गरेर नै समापन्न हुनुपर्दछ। यदि सप्ताहभर भित्र निरुद्ध हुने आयुसंस्कारहरूको आवर्जन नगरेर नै समापन्न हुन्छ तब उसको निरोधसमापत्ति मृत्युलाई हटाउन सक्दैन, निरोधको बीच मृत्यु नहुनाले बीचमा नै समापत्तिबाट उठ्दछ। यसैले यसको आवर्जन गरेर नै समापन्न हुनुपर्दछ। अवशेषको आवर्जन नगर्न पनि सक्दछ। तर यसको आवर्जन गर्नु नै पर्दछ - यसरी अर्थकथामा भनिएको छ।

ऊ यसरी आकिंन्यन्यायतनलाई समापन्न भएर, उठेर यस पूर्वकृत्यलाई गरेर नैवसंज्ञानासंज्ञायतनलाई समापन्न हुन्छ। तब एक या दुई चित्तवारको अतिक्रमण गरी चित्तरहित हुन जान्छ। निरोधको स्पर्श गर्दछ।

किन उसको दुई चित्तहरूमाथि चित्त प्रवर्तित हुँदैनन् ? निरोधको प्रयोगले। यो यस भिक्षुको दुई शमथविपश्यनाधर्महरूलाई एकसाथ गरी आठ समापत्तिहरूमा चढाउनु क्रमशः निरोधको प्रयोग हो, न कि नैवसंज्ञानासंज्ञायतनसमापत्तिको। यसैले निरोधको प्रयोगले दुई चित्तहरूमाथि प्रवर्तित हुँदैनन्, तर



Downloaded from http://www.dhamma.digital

जुन भिक्षु आकिंचन्यायतनबाट उठेर, यस पूर्वकृत्यलाई नगरी नैवसंज्ञानासंज्ञायतन समापन्न हुन्छ, ऊ पछाडि चित्तरहित हुन सक्दैन, फर्केर पुनः आकिंचन्यायतनमा नै प्रतिष्ठित हुन्छ। पहिले कहिले मार्ग नगएको पुरुषको उपमा यहाँ भन्नुपर्दछ।

पथिकको उपमा - एक पुरुष पहिले कहिले नगएको मार्गमा पानीले भरिएको कन्दरा या गहिरो पानीको हिलोलाई नाघेर जाँदा, कडा घामले सन्तप्त ढुङ्गालाई राखेको देखेर, धोती च्यादरलाई नसम्हालिकन नै कन्दरामा उत्रिदा परिष्कार भिज्ने डरले फेरि किनारा आउँछ, पाषाणमा खुट्टा राख्दा पनि खुट्टा तातिएकोले फेरि यतैतिर आउँछ।

त्यहाँ जसरी त्यो पुरुष धोती च्यादरलाई नसम्हालेको हुनाले कन्दरामा उत्रने मात्र नै र तप्त पाषणमा खुट्टा राख्दा मात्र नै फर्केर यस पार आउँछ, यसरी योगी पनि पूर्वकृत्यलाई नगर्नाले नैवसंज्ञानासंज्ञायतनलाई सम्मापन्न हुँदा मात्र नै फर्केर आकिंचन्यायतनमा आउँछ। जसरी पहिले पनि त्यस मार्गमा गएको पुरुष त्यस स्थानलाई पाएर एक वस्त्रलाई कसेर लगाएर, अर्कोलाई हातले लिएर कन्दरालाई पार गरी या तप्त पाषाणमा खुट्टा राख्न मात्र नै गरी त्यस पार जान्छ। यसरी नै पूर्वकृत्यलाई गरिएको भिक्षु नैवसंज्ञानासंज्ञायतनलाई समापन्न भएर नै पछि चित्तरहित भएर निरोधको स्पर्श गरी विहार गर्दछ।

यसरी समापन्न भएको निरोध समापत्तिको कालपरिच्छेदअनुसार र बीचमा आयुक्षय, संघको बोलावट, तथा शास्ताको पुकारअनुसार स्थिति हुन्छ।

अनागामीको अनागामीफलको उत्पत्ति र अर्हतको अर्हतफलको उत्पत्तिले यसको उत्थान हुन्छ। यसरी दुई प्रकारले उत्थान हुन्छ।

उठेको चित्त निर्वाणतिर झुकेको हुन्छ। मज्झिम निकाय (१,५,४) अनुसार यो भनिएको छ - 'आवुस विशाख ! संज्ञावेदयितनिरोधसमापत्तिबाट उठेको भिक्षुको चित्तविवेक (एकान्त चिन्तन) तिर झुकेको, नमेको ... हुन्छ।"

मृत र समापन्नमा के फरक छ ? यो कुरा पनि सूत्रमा नै भनिएको छ। जसरी मज्झिम निकाय (१,५,३) अनुसार भनियो - 'आवुस यो जुन मरेको कालकृत हो, उसको कायसंस्कार निरुद्ध भएका छन्, शान्त भएका छन्, वाकसंस्कार - चित्तसंस्कार निरुद्ध भएका छन्, शान्त भएका छन्, आयु क्षीण भएका छन्, उष्मा शान्त भएका छन्, इन्द्रियहरू उच्छिन्न भएका छन्। जुन यो संज्ञावेदयितनिरोधमा अवस्थित भिक्षु हो, उसको पनि कायसंस्कार निरुद्ध भएका छन्, कायसंस्कार ... वाकसंस्कार ... चित्तसंस्कार निरुद्ध भएका छन्, शान्त भएका छन्, तर आयु क्षीण छैन, उष्मा शान्त छैन, इन्द्रियहरू निर्मल हुन्छन्।'

के निरोध समापत्ति संस्कृत हो वा असंस्कृत हो ? आदि प्रश्नहरूमा संस्कृत पनि, असंस्कृत पनि लौकिक, लोकोत्तर पनि भन्नु हुँदैन। किन ? स्वभावतः नहुनाले। किनकि त्यो समापन्न हुनेअनुसार समापन्न हुन्छ, यसैले निष्पन्न भन्न सकिन्छ, अनिष्पन्न होइन।



Downloaded from http://www.dhamma.digital

*इति सन्तं समापत्तिं इमं अरियसेवितं ।*
*दिट्ठेव धम्मे निब्बानमिति संखं उपागतं ।*
*भावेत्वा अरियं पञ्ञं समापज्जन्ति पण्डिता ॥*
*यस्मा तस्मा इमिस्सापि समापत्तिसमत्थता ।*
*अरियमग्गेसु पञ्ञाय आनिसंसोति वुच्चति' ति ॥*

(यसप्रकार यस आर्यहरूद्वारा सेवित, दृष्टधर्ममा निर्वाण भनिने शान्त समापत्तिको, भावना गरी आर्यप्रज्ञालाई पण्डित प्राप्त गर्दछन्, यसैले यस समापत्तिको सामर्थ्यलाई पनि आर्यमार्गहरूमा प्रज्ञाको आनिशंस भनिन्छ ।)

### आव्हानयोग्य हुने आदिको सिद्धि

न केवल निरोधसमापत्तिको समापन्न भएको सामर्थ्यलाई नै, प्रत्युत यस आव्हानयोग्य हुने आदिको सिद्धिलाई पनि यस लोकोत्तरप्रज्ञाभावनाको आनिशंस जान्नुपर्दछ । साधारणतः चार प्रकारका पनि यसको भावना गर्नाले प्रज्ञाभावना गरिएको व्यक्ति देवताहरूको साथै लोकको आव्हानयोग्य हुन्छ, पाहुना बनाउनयोग्य हुन्छ, दान दिनयोग्य हुन्छ, हात जोड्नयोग्य हुन्छ र लोकको लागि पुण्य रोप्ने सर्वोत्तम क्षेत्र हुन्छ ।

विशेषतः प्रथममार्गको प्रज्ञाको भावना गरी स्रोतापत्ति हुने पनि मन्द विपश्यनाले आएको मुदित इन्द्रिय पनि सत्तक्खत्तुपरम हुन्छ । सात सुगतिभवमा घुमेर दुःखको अन्त गर्दछ । मध्यम विपश्यनाले आएको मध्यम इन्द्रिय कोलंकोल हुन्छ । यो दुई या तीन कुलहरूमा घुमेर दुःखको अन्त गर्दछ । तीक्ष्ण विपश्यनाले आएको तीक्ष्णइन्द्रिय एकवीजी हुन्छ । एउटै मानुषभवमा उत्पन्न भएर दुःखको अन्त गर्दछ ।

द्वितीयमार्गको प्रज्ञाको भावना गरी सकृदागामी हुन्छ । एकपल्ट नै यस लोकमा आएर दुःखको अन्त गर्दछ ।

तृतीयमार्गको प्रज्ञाको भावना गरी अनागामी हुन्छ । त्यो इन्द्रियहरूको विशेषताअनुसार (१) अन्तरा परिनिब्बायी (२) उपहच्च परिनिब्बायी (३) असंखार परिनिब्बायी (४) ससंखार परिनिब्बायी र (५) उद्धंसोतो अकनिट्ठगामी - यस लोकलाई छाडेर पाँच प्रकारले निर्वाणको प्राप्ति हुन्छ ।

अन्तरा परिनिब्बायी = शुद्धावास भवमा जहाँकहीं उत्पन्न भएर आयुको मध्यभागलाई विनापाएर नै परिनिवृत हुन जान्छ ।

उपहच्च परिनिब्बायी = आयुको मध्यभागलाई विताएर परिनिवृत हुन्छ ।

असंखार परिनिब्बायी = अप्रयोग (विनाकुनै सहायता)ले माथिको मार्गहरूलाई उत्पन्न गर्दछ ।

ससंखार परिनिब्बायी = सप्रयोगले माथिको मार्गहरूलाई उत्पन्न गर्दछ ।

उद्धंसोतो अकनिट्ठगामी = (उर्ध्वस्रोत अकनिष्टगामी) जहाँ उत्पन्न हुन्छ त्यहाँबाट माथि अकनिष्ट



Downloaded from http://www.dhamma.digital

भवसम्म गएर त्यहाँ परिनिवृत हुन्छ ।

चतुर्थमार्गको प्रज्ञाको भावना गरेर कोही (१) श्रद्धाविमुक्त हुन्छ (२) कोही प्रज्ञाविमुक्त हुन्छ (३) कोही उभयभागविमुक्त हुन्छ (४) कोही त्रैविद्य हुन्छ (५) कोही षडभिज्ञ हुन्छ, र (६) कोही प्रतिसम्भिदाको प्रभेदहरूलाई प्राप्त महाक्षीणाश्रव हुन्छ । जसप्रति भनिएको छ - 'मार्गको क्षण यो त्यस जटालाई काट्दछ । फलको क्षण काटिएको जटा भएर, देवताहरूको साथै सारा लोकको अग्रदाक्षिणेय हुन्छ ।"

*एवं अनेकानिसंसा अरियपञ्ञाय भावना ।*
*यस्मा तस्मा करेय्याथ रतिं तत्थ विचक्खणो ॥*

(यसरी अनेक आनिशंसयुक्त किनकि आर्यप्रज्ञाको भावना हो, यसैले वृद्धिमान् भिक्षु त्यसमा रुचि गरोस् ।)

यहाँ सम्म –
*सीले पतिट्ठाय नरो सपञ्ञो चित्तं पञ्ञञ्च भावयं ।*
*आतापी निपको भिक्खु सो इमं विजटये जटं ॥*

यस गाथाद्वारा शील, समाधि र प्रज्ञाअनुसार भनिएको विशुद्धिमार्गमा आनिशंसको साथ प्रज्ञाभावना प्रकाशित छ ।

*सज्जनहरूको प्रमोदको लागि*
*विशुद्धिमार्गमा प्रज्ञाभावनाको भागमा*
*प्रज्ञाभावनाको आनिशंस निर्देश नामक*
*तेइसौं परिच्छेद समाप्त*

Dhamma.Digital

# निगमन

*सीले पतिट्ठाय नरो एपञ्ञो चित्तं पञ्ञञ्च भावयं ।*
*आतापी निपको भिक्खु सो इमं विजटये जटं ॥*

यस गाथालाई भनेर जुन हामीले भन्यौं –

"अब महर्षिद्वारा भनिएको यस गाथाको शील आदिको भेदहरूले ठीकठीक अर्थ बताइएको, बुद्धधर्ममा अत्यन्त दुर्लभ प्रवज्यालाई पाएर, विशुद्धिको लागि कल्याणकर, सीधामार्ग, शील आदिको संग्रहलाई ठीकठीक नजान्दै शुद्धिलाई चाहने योगी पनि, धेरै उद्योग गर्दै, त्यसलाई पाउँदैन, त्यसको प्रसन्न गर्ने विल्कुल परिशुद्ध महाविहारवासीको विनिश्चयको साथ देशनाको न्यायहरूको आश्रित विशुद्धिमार्गलाई भन्नेछु । त्यस मेरो सत्कारपूर्वक भनिएकोलाई विशुद्धि चाहने सबै साधुजन आदरसाथ सुनोस् भनी जुन भनिदिइयो । त्यहाँ –



Downloaded from http://www.dhamma.digital

"त्यस शील आदिको भेदहरूको अर्थहरूको जुन विनिश्चय, पाँचै निकायहरूको अट्ठकथाहरूमा पनि भनिएको छ। प्रायः त्यस सबै विनिश्चयलाई ल्याएर सबै शंकरदोषहरूले रहित प्रकाशित गरिएको छ, यसैले विशुद्धिको आदर गर्नुपर्दछ।

"विभक्त गरी भन्ने श्रेष्ठ यशस्वी स्थविरवादी महाविहारवासीको भिक्षुहरूका वंशज, पवित्रता र संलेख वृति, विनयको आचारयुक्त र प्रतिपत्तिमा लागेको, क्षान्ति, सुहृदयता, मैत्री आदि गुणहरूले विभूषित चित्तयुक्त, विद्वान भदन्त संघपालको आज्ञालाई मानेर, सद्धर्मको चिरस्थायी चाहँदै, मलाई यसको लेख्नाले जुन पूण्य संचय भएको छ, त्यसको प्रतापले सारा प्राणी सुखी होस्।"

यो विशुद्धिमार्ग यहाँ विनाविघ्नको, त्यसरी ५८ भाणवर पालिमा समाप्त भैसकेको छ। त्यसरी नै लोकको सार कल्याणयुक्त मनोरथ विनाविघ्नको शिघ्रभन्दा शिघ्र पूर्ण होस्॥"

## प्रणिधि

'यसले जुन पुण्य सिद्ध भएको छ र जुन मैले अन्य पुण्य गरें यस पुण्य कर्मले अर्को जन्ममा –

शील र आचारको गुणहरूमा लाग्दै तावतिंसमा प्रमोद गर्दै, पाँच कामभोगहरूमा नलाग्दै प्रथमफललाई पाएर, अन्तिमजन्ममा सबै प्राणीहरूको हितमा लागेको, मुनिहरूमा श्रेष्ठ लोकको अग्र व्यक्ति भगवान् मैत्रेयलाई देखेर र त्यस धीरको सद्धर्मोपदेशलाई सुनेर, अग्रफललाई प्राप्त गरी बुद्ध शासनमा सुशोभित होउँ॥

*ताव तिट्ठतु लोकस्मिं लोकनित्थरणेसिनं।*
*दस्सेन्तो कुलपुत्तानि नयं सीलविसुद्धिया॥*
*याव बुद्धोति नामम्पि सुद्धचित्तस्स तादिनो।*
*लोकम्हि लोकजेट्ठस्स पवत्तति महेसिनो, ति॥*

(लोकमा लोकको निस्तारको गवेषण गर्ने कुलपुत्रहरूलाई शीलविशुद्धिको न्यायलाई देखाउँदै, यो विशुद्धिमार्ग ग्रन्थ तबसम्म रहोस्, जबसम्म शुद्ध चित्त र इष्टानिष्टमा समान रहने, लोकको ज्येष्ठ महर्षिको 'बुद्ध' नाम पनि लोकमा प्रवर्तित होस्।)

**इति समाप्त**



Downloaded from http://www.dhamma.digital

# शब्दानुक्रमणिका


**अ**

अक्कोसना २६
अकम्मसानी १८५
अकप्य २७७
अकालिको १८१
अकुशल कर्मपथ ५५९
अकुशल चित्तोत्पाद ५६०
अकुशलभूमि ३७३, ३८६
अकुशलशील १४
अकृयदृष्टि ३४४
अकृयवाद ४३२
अकृष्टपच्य ३४४
अखण्डानी १८५
अग्गञ्ञ सुत्त ३४३
अग्गपसाद सुत्त १७३
अग्गिक्खन्ध परियाय ४८
अग्लो १५३
अग्निमुखसर्प ३०२
अग्निले प्रलय ३०१, ३४२
अग्निशिख १७३
अग्निहोम विद्या २७
अगति ५५९
अच्छिद्दानी १८५
अचेतन १४८
अचेलक १६८
अज्झत्तं १३१
अजपददण्ड १३५
अजित ७
अञ्जलिकरणियो १८४
अञ्ञमञ्ञप्रत्यय ४४३
अट्टपना २३
अट्टसालिनी ९१, १३५
अट्ठिक १४८, १५८, १५९
अत्तकिलमथयानुयोग ५
अतिप्रिय व्यक्ति २४२
अतिहरण ५१०
अद्वेष ३८३
अध्याशय १०१
अधिगम ३६२
अधिचित्त २०५, २२५
अधित्यसमुत्पन्न १७५
अधिपति ७९
अधिपतिप्रत्यय ४४२
अधिप्रज्ञा २२५
अधिमुक्ति १०१
अधिमोक्ष ५२२, ३८४
अधिमोक्ष बहुल ५४०
अधिशील २२५
अधिष्ठानऋद्धि ३११
अधोगमवायु २८७
अधोभागीय संयोजन ५३८
अन्त १२६
अन्तरगत प्रभेद ४२३
अन्तरधान प्रातिहार्य ३२२
अन्तरा परिनिब्बायी ५८०
अन्तिम २३८
अन्तिमवस्तु ३४९
अन्तिमावस्था ५०९
अन्धरकारको उपमा ५४५
अन्यूनाधिकले ३९४, ४१०
अनन्त २७२
अनन्तरप्रत्यय ४४२
अनन्तर उपनिश्रय ४४४
अनमेल व्यक्तिको विहार १०५
अनभिरतिसंज्ञा २००
अनर्येषण १००
अनवतप्त ३२०, ५३४
अनज्ञातञ्ञस्यामीतीन्द्रिय ४०५
अनागामी ५५३
अनाचार १६
अनात्म ३९६, ५२७, ५३६
अनात्मसंज्ञा २००
अनात्मानुपश्यना २३६, ५०५





Downloaded from http://www.dhamma.digital

अनादि ४७९
अनास्रवप्रज्ञा ३५९
अनित्य २३६, ५२६, ५३६
अनित्यसंज्ञा २००
अनित्यता २३६
अनित्यानुपश्यना ५०५, २३६
अनिमित्त १९७
अनिमित्त चेतोविमुक्ति ५७२
अनिमित्तधातु ५३९
अनिमित्त विमोक्ष ५४०
अनियत ४३८
अनियतालम्बन ३७५
अनिरुद्ध स्थविर ७५, ३२१
अनिष्पन्नरूप ३६९
अनिश्रित ११
अनुकूल ९९
अनुत्तरचित्त ३३७
अनुत्तरो १७३
अनुप्पियभाणिता २४
अनुपश्यना २२४
अनुपसम्पन्नशील १५
अनुपादिन्न ५०८
अनुपादिन्नरुप ३००
अनुबन्धना २२९
अनुराधपुर ६५, ८०
अनुल स्थविर ३३१
अनुल्लंधनशील ७
अनुलोम ११९
अनुलोमज्ञान ५४७
अनुशय ६, ५५९
अनुसन्धियुक्त १७९
अनोजादेवी ३२२
अनोतप्प ३८६
अनंगण सुत्त ३१०
अनंगणे ३०९
अप्पण्णक सुत्त ३२२
अपरंगोयान १७२
अपर्यन्तशील १२,४२
अपर्यापन्न ७८
अपरापरियकर्म ३४२, ४८७
अपरामद्वानी १८५
अपरामृष्टशील १३
अपरिपक्वले २८४
अपलाल १७३
अपाय ५, ३५१
अपाय कौशल्यप्रज्ञा ३६०
अपुण्यप्रत्यय ४४८
अपुण्यसंस्कार ४३६, ४४०
अपुण्याभिसंस्कारप्रत्यय ४५२
अप्रणिहितधातु ५३९
अप्रतिकूलसंज्ञी ३१३
अप्रतिच्छन्नदुःख ४१२
अप्रमाण ७९, २२५, २६५, २६६
अप्रमाणालम्बनप्रज्ञा ३६०
अप्रिय सम्प्रयोग ४१७
अप्रिय व्यक्ति २४२
अभ्यवकाशिकांग ५५, ६७, ७३
अभयगिरीवासी २२०, ३६४
अभय स्थविर ३२, २१९
अभिध्या ७
अभिधम्म पिटक १२१, ४५३
अभिधानप्पदीपिका ४९
अभिनिवेशप्रज्ञा ३६१
अभिनीहार ३३८
अभिप्पमोदयं चित्तं २३६
अभिभायतन १४६
अभिषेकवस्त्र ५७
अभिसमाचारिक ११
अभिसंस्कारणकसंस्कार ४३६
अभिसंस्कृतसंस्कार ४३६
अभिज्ञा ७७, ३०७
अभिज्ञेय ५०२
अम्बष्ट माणवक १७३
अमहग्गतचित्त ३३७
अमात्यपुत्रको कथा २४२
अमोह ३८३
अयोनिसो २९
अर्थले १७९, ३९७, ४००, ४०५, ४०९, ४३६
अर्थविद १८८
अर्थसिद्धिले ३९५
अर्थोद्धार ४१०
अर्पणा ७४, ११०, १११, २०५, २२८, २५७, ३०५
अर्बुद १९७
अरञ्ञगतो २२२



Downloaded from http://www.dhamma.digital

अरति २१९
अरहत ५५४
अरहं १६४
अरि १६४
अरुपभव ४४७, ४७४
अरुप सन्तति ३५५
अरुपावचर ७८
अरुपावचरचित्त ३७२, ३८५
अस्तिप्रत्यय ४४७
असमान लिंग २४२
असबलानी १८५
असमाहितचित्त ३३७
असमूहत ५६४
असुर १७२
असेचनक २२०
असंख्यकल्प ३४०
असंखार परिनिब्बायी ५८०
असंमोह १५०, २३५
असंस्कृतधर्म २३९
असंस्कृतधातु ४०२
असंज्ञाभव ४७५
अलगद्द सुत्त ५४९
अलमसाटक २९
अलोभ ३८३
अव्याकृतचित्त ३३६, ३७४
अव्याकृतशील १४
अव्यापारनय ४८५
अवकर्ष ४६६
अवकाश १५२, २०२
अवकाशकृतोत्पन्न ५६३
अवकाशलोक १७०
अवण्णहारिका २६
अवयव ४४१
अवसर्जन ५१०
अविगतप्रत्यय ४४८
अविचार १३२
अवितथ ४०७, ४२९
अवितर्क १३२
अविद्या १६५, ४३६
अविमुक्तचित्त ३३७
अविशुद्धशील १३
अवीष्कम्भित ५६४
अविचिजरा ३६८
अशुचिमण्डपको उपमा २७९
अशुभ ३९५, ५३६
अशुभनिमित्तको लागि जाने ढंग १४९
अशुभसंज्ञा ८७
अशैक्ष्य १३, १४
अशैक्ष्यभूमि ३६२
अशोक १६६, १९३
अशोकांकुरको उपमा ५१४
अहिच्छत्रक १९२
अहिरिक ३८६
अहेतुकदृष्टि ४८५
अहेतुक प्रतिसन्धि १४७
अहेतुवाद ४३२
अहोसिकर्म ४९७
अक्षेत्र २६०
अज्ञाताज्ञास्यामीतीन्द्रिय ४०५
अश्वगुप्त स्थविर ३५४

**आ**

आकर ३९७
आकरज्ञान १२७
आकाश २७२
आकाशधातु ३६७
आकाशानन्त्यायतन १६५
आकिंचन २७५
आगन्तुक भोजन ६०
आगम २६२
आगमनले ५४७
आगोको उपमा ११४, ११५
आगोको खाल्डोको उपमा २८१
आगोले डढेको वस्त्र ५७
आघात प्रतिविनय सूत्र २४६
आचार १६
आचारशील १५
आचिण्णकर्म ४५९, ४९७
आजीव अष्टमक ११
आजीव पारिशुद्धिशील २१, ३६
आटानाटिय परित्त ३४१
आठ पद ३१६
आठ संवेगवस्तु ११७
आत्मतापी १६८



Downloaded from http://www.dhamma.digital

आत्मदृष्टि ४८५
आत्मभाव २५७
आत्मवाद उपादान ४७३
आत्मवादी ४५०
आत्माधिपत्यशील १३
आताप ४
आतापन ४०५
आदाननिक्षेपण ५०९
आदित्त परियाय सुत्त ३३
आदिब्रह्मचर्यकशील ११
आनञ्जप्पते ३१०
आनन्तर्यकर्म ३५०
आनन्द ३२७
आनापानवायु २८७
आनापानस्मृति १६३
आनिशंस २५३, ५३०
आनेञ्जप्रत्यय ४४८
आनेञ्जाभिसंस्कार ४३६, ४४०
आनेञ्जाभिसंस्कारप्रत्यय ४५२
आप्राणकोटिकशील १२
आपोधातु २८७
आभूषण २०६
आमाको उपमा २६५
आम्राखादक महातिष्य स्थविर ३९, ४२, ४७
आमिष १००
आमिषदान १७७
आमिषवेदना ३४७
आय ३९७
आयकौशल्य ३६०
आयतन १, ३०९, ३९७
आयुको दुर्बल हुनु १९७
आयुहन ५६२
आयुष्मान महक ३२३
आयोगपट्ट ७०
आर्यकान्तशील ४२३
आर्यवंश ५४, ५१४, ५१५
आर्यवंश सूत्र ६०, ८२
आरण्यकांग ५, ६४, ७३, ७४
आरब्धविपश्यक ५०१, ५२०
आरम्भ १२५
आरम्भधातु ११४
आरवल १७३
आरक्ष्यगोचर १७
आरा १६६, ४८२
आरागज १६४
आरुप्य २६९
आरुप्ययोग ३७२
आलपना २४
आलम्बन २३३, २३५
आलम्बन उपनिश्रय ४४४
आलम्बनको अतिक्रमण ३०८
आलम्बनको व्यवस्थापन ३०८
आलम्बनप्रत्यय ४४२
आलम्बनले ५४७
आलम्बनत्रिक ३५३
आलम्बनाधिगृहित ५६४
आलय समुग्घातो २३९
आलवक १७३
आलार २५२
आलारकालम २७२, ४२३
आवर्जन २०
आवस्थिक १७५
आवास ८०, ११०
आवाहान ९६
आशयले २८४
आश्वासप्रश्वास १९७, २१३
आशिविषसर्प ३९५
आसन्नकर्म ४५९, ४९७
आसनपर्यन्तक ६२
आस्रव १२, ५५९
आसेवनप्रत्यय ४४५
आहनन १२२
आहार १९७, २८१
आहारजरुप ३७०
आहारप्रत्यय ४४६, ५०७
आहारहस्तक २९
आहुनेय्यो १८३
आज्ञातावीन्द्रिय ४०५
आज्ञेन्द्रिय ४०५
आँशु २०७, २९६

### इ/ई

इतिवुत्तक ५, ५८, ६०, २४५, ४२१, ४७९, ४९०
इदम्प्रत्ययता ४२९
इन्द्रिय ११२, ४०५



Downloaded from http://www.dhamma.digital

इन्द्रियप्रत्यय ४४६
इन्द्रियबल ५५५
इन्द्रियसंवरशील १८, ३३
इरियापथ ९२, १११, १९७
इरियापथकुहुन २३
इल्लिससेठ ३३१
ईश्वरवाद ४२३
ईर्ष्या ३८८

उ

उक्कचना २४
उक्खेपना २६
उग्गहनिमित्त १०९, १५४, १५९, २१९, २२८
उच्छेददृष्टि ३४८, ४२९, ४८५
उजुकायं पणिधाय २२३
उजुपटिपन्नो १८३
उत्कर्ष ४४६
उत्थानप्रत्यय ५७३
उत्पत्तिभव १६५, ४७५
उत्पत्तिले ३००
उत्पत्तिविद्या २७
उत्पन्न ५६२
उत्सद निरय २४५
उत्तरविहारवासी २२०
उत्तरा उपासिका ३१३
उद्घाटितत्र १८१
उदकप्रसाधन मणि ३८२
उदकरामपुत्र ४२३
उदान ९, ९९, २४३, ३००, ३१२, ४२१, ४७९
उद्दच्च ३८७
उद्धहरण ५१०
उद्धंगमवायु २८७
उद्धंसोतो अकनिट्ठगामी ५८०
उद्देश्यभोजन ६०
उन्नहना २४
उपक्रमदु:ख ४१३
उपच्छेद २३७
उपचय ३६७
उपचार ६४, ७६, ११०, ३०५, ५०४
उपट्ठान २२८
उपधातककर्म ४९७
उपधारणा २२७
उपनन्द स्थविर ७२
उपनिबन्धगोचर १८
उपनिबन्धना २३०
उपनिश्रय ५, २९, १६०, २६७
उपनिश्रयगोचर १७
उपनिश्रयप्रत्यय ४४४
उपपज्जकर्म ४९७
उपपीडककर्म ४९७
उपमा २३२, ४२४, ४८३
उपमाले ३९५
उपहच्च परिनिब्बायी ५८०
उपादान ४७२, ५५९
उपादारुप ३६३
उपाय २३२
उपायकौशल्यप्रज्ञा ३६१
उपायास ४१६
उपायसम्पदा ३१०
उभयभाग विमुक्त ४८१
उल्का २०५
उल्टाहावा १५१
उल्लपना २४
उपशमानुस्मृति १६३
उपशान्त २४५
उपस्थान २२४, ५२३
उपस्थम्भककर्म ३९०, ४९७
उपसम्पज्ज १२४
उपसंहरण १९४
उहन १२२
उपेक्षा १३४,२०५,२२४,२६३,२६४,३८०,५२३
उपेक्षा सम्बोध्यंग ११६
उपेक्षासहगत ७६
उपेक्षायुक्त प्रज्ञा ३६०
उभतोव्यञ्जक १४७
उभतोभाग विमुक्त ५४०
उपोशथ २५२
उपोशथ सूत्र १८९
उपोशथ भोजन ६०
उष्णको उपमा ५४५

ए/ए

एक अवकार भव ४७५
एक अंगरहित १३७, १४०
एक कूलकन्याको कथा १२३
एकजरुप ३७०



Downloaded from http://www.dhamma.digital

एकत्वनय ४८५
एकविध ४२५, ४३८
एकवीजी ५८०
एक स्थविरको कथा १०६
एक श्रामणेरको कथा १६०
एकासनिकांग ६२, ७३, ७४
एकोदि १२१
एहिपस्सको १८१
ऐनाको उपमा ४८७
ऐश्वर्य १७७

**ओ**

ओघ ३, ५५९
ओजष्टमक २८१
ओतप्प ८, ३८२
ओपनटिय्याको १८१
ओपम्मवर्ग ३६२
ओभासकम्मं २५
ओरम्भागीय १३४
ओषधी सेवन ३१

**ऋ**

ऋतु ३०,१११,५०८
ऋतुजरुप ३७०
ऋतुप्रत्यय ५०७
ऋद्धि ८६, ३१०
ऋद्धिको महत्व १९५
ऋद्धिपाद ३१५, ५५५
ऋद्धिमयवस्त्र ५७

**अं**

अंगराजा २५१
अंगुत्तर निकाय ६, ८, ११, १७, ३२, ४८, ४९, ५४, ५८, ६६, ७१, ७२, ८२, ८७, ९९, १०७, ११३, १२२, १२९, १३४, १४६, १६८, १६९, १७३, १७७, १८०, १८२, १८५, १८६, १८७, १८८, १८९, १९०, १९७, १९८, २००, २०६, २३७, २३९, २४१, २४५, २४६, २६१, २६६, २७२, ३००, ३०९, ३४१, ३४२, ३५१, ३५९, ३८२, ३८३, ३८८, ३९८, ४११, ४२३, ४३५, ४३६, ४४९, ४७९, ५०५, ५१५, ५५२
अंगमगानुसारीवायु २८७
अंगविद्या २७
अंगको अतिक्रमण ३०८
अंग र आलम्वनको अतिक्रमण ३०८
अंगको व्यवस्थापन ३०८, ४३९
अंगुलिमाल ३३०
अंगुत्तर भाणक ६७, ६८, ६९

**क**

क्लेश ५५८
क्लेशवर्त्त ४८२
क्लेशकाम १२१
क्लेशको आवरण १४७
ककचूपम २४४
ककुसन्ध ३१२
कच्चायन सुत्त ४२९
कण्टक २२२
कण्डरा २१०
कटत्तकर्म ४९७
कत्तरयट्ठि १५७
कथावत्थु ४३२
कथावत्थुप्पकरण ५६६
कप्पिन ३२२
कम्बोज २७३
कम्मनीय ३०९
कमलदलको उपमा ११८
कर्म ४९६, ५०६
कर्मको आवरण १४७
कर्मज अग्नि २१३
कर्मण्यता ३६७
कर्मनिमित्त ४५४
कर्मप्रत्यय ४४५, ५०६
कर्मभव १६५, ४७४
कर्मविपाकजऋद्धि ३१४
कर्मस्वकत्व २४७
कर्मजरुप २६९, ३७०
कर्मवर्न्त १६६,४८५
करविंक ९७
करजकाय २३४
क्रम २०३, २६५, २६६, ३९३, ३९८, ४०१, ४०६, ४१०
क्रमशः छाड्नाले २०४
करुणा ३८४
कल्प्य ६४
कल्याणकारी ५
कल्याणमित्र १०६



Downloaded from http://www.dhamma.digital

कलल १९७, ३९३
कलाप ५०१,५१५
कलापले २९८
कलापुराज १९१, २४८
कलेजो २१२, २९३
कवलिंकार आहार २८१, ३६८
कसिणको अनुलोम ३०७
कसिणको अनुलोम प्रतिलोम ३०७
कसिणको अनुलोम ३०७
कसिणको प्रतिलोम ३०७
कसिणदोष १०८, १४२
कसिणमण्डल १०९
कसिणलाई ३०८
काकमांसक २९
काकवलिय ३३१
कागको उपमा ५३९
काँटाको उपमा १२२
काठयुक्त विहार १०५
काम ८३, ९२, १२१, १६५
कामतृष्णा ४७१
कामधातु ४०२
कामसुख ५
कामावचर ७८
कामावचरचित्त ३७१, ३८५
कामुपादन ५७२
काय ३७४
कायकर्मण्यता ३८३
कायगतास्मृति १६३, २०३,
कायदशक ४५७
कायप्रश्रब्धि ३८३
कायमृदुता ३८३
कायलघुता ३८३
कायविज्ञप्ति ३६६
कायविज्ञान ३७४
कायसाक्षी ५४०
कायसंस्कार २२५,२२६,४४०
कायऋजुता ३८४
काल १६६, १९८, ४८०, ५३४
कालपर्यन्तशील १२
कालवादी ४२३
कालोसर्पको उपमा ५४३
कावेनतिष्य राजा ३५
काष्टमुखसर्प ३०१
किलोमक २१२, २९३
किंशुक १६१
कुक्कुच्च ३८७
कुक्कुटाराम १९३
ककुरको उपमा २६९,४१९
कुच्छिसवायु २८७
कुटदन्त ब्राह्मण १७३
कुणाल जातक १९४
कुनै महास्थविर ४५
कुराकानी १११
कुरण्डक महालेण ३५
कुलवधू १८
कुलूपक भिक्षुको कथा २५
कुवायुक्त विहार १०४
कुशलधर्म ५
कुशलशील १५
कुहना २१
कूटगोण २२१
कूटधेनु २२१
कूल ८१
केश २०६, २९०
केशरको उपमा ११८
कैलाश ५३४
कोटपर्वत विहार २३८
कोट्ठासवत्थु २८७
कोरण्डक विहार ८१
कोलंकल ४७०
कृत्य ४०६,५६५
कृत्यले ५४७
कृताधिकार १०७
कीडादशक ५१०

### ख

खकार २१५, २९५
खन्तिवादी जातक २४८
खन्ध परित्त ३४१
खरलोम यक्ष १७३
खलुपच्छभत्तिकांग ५५, ६४
खाद्यनीय पर्यायले ३९५
खारापच्छिका ४१२



Downloaded from http://www.dhamma.digital

### ग

गड्यौला २१४
गतप्रत्यागत ३६२
गतप्रत्यागतवस्त्र ५७
गति १९८,४३८
गन्ध ३६६
गन्धमादन ५३४
गम्भिरनय ४३०
गाईको उपमा १२९
गिदि २१५, २९६
गोचर १६
गोचरग्राम १०३, १११
गोठालाले गन्ने २२९
गोदत्त स्थविर ११९
गमनले २८२
गमिक भोजन ६०
गण ८३
गणाना २३८
गण्ठीपाठ २५९
गर्गरा १७४
गर्भदु:ख ४१२
गर्भपरिहरणमूलकदु:ख ४१२
गर्भविपत्तिमूलकदु:ख ४१३
गरु १७२
गरुकर्म ४५९,४९७
गव्युति १०३
गुप्तचर १०७
गेध सुत्त १८९
गोरुको उपमा १३९,२३३
गोत्रभू ११९
गौव्रत ४७३
गौशील ४७३,५४३
ग्रन्थ ५५८
गृहभोजन ६०
गृहस्थशील १५

### घ

घण्टाको उपमा १२२
घत जातक १९४
घरको उपमा ५४३
घ्राण ३६४
घ्राणविज्ञान ४००
घोषक ३१४

### च

च्युति ३७९
चक्रवती राजा ३१४
चक्रवाल १७०
चतुअवकारभव ४७५
चतुजरूप ३७१
चतुरमान्छेको उपमा १२६
चतुरगिणी सेना १२५
चतुष्क ४२४
चन्द्रपुव ३३१
चन्द्ररेखा १४०
चन्द्रसुर्यलाई छुनु ३२६
चम्पेट्य जातक २५१
चमेरोको उपमा ५४३
चर्या ८९
चर्या निदान ९०
चरण ६
चक्षु ३६३
चक्षुविज्ञान ३७४
चाटुकम्यता २४
चारित्रशील १०
चतुर्भुमिक ३३६
चार अंगयुक्त अन्धकार ५२१
चार भूमी ३१५
चार पाद ३१५
चित्त कर्मण्यता ३८३
चित्त गृहपति ३२२
चित्तजरूप ३७०
चित्तप्रत्यय ५०६
चित्तप्रश्रब्धि ३८३
चित्त लघुता ३८३
चित्त संस्कार २३५,४४०
चित्तल पर्वत १०४, २३८, २५४, २५९
चितुवाको उपमा २३२
चिन्तामयप्रज्ञा ३६०
चित्त ऋजुता ३८४
चित्रकुट ५३४
चित्रगुप्त स्थविर ३५,१४३,१४४
चीवरको उपमा १००
चीवर परिभोग ५७
चुडामय स्थविर ६१,८५,३२४,३२६
चूर्णले २९९




Downloaded from http://www.dhamma.digital

चूलधम्मपाल जातक २४९
चुलनाग स्थविर ३२६
चूलनिद्देश ५३७
चूलपन्थको कथा ३१७
चूलसमुद्र स्थविर ३३०
चूलसुभद्रा ३२०
चूलसीव स्थविर १४२,२५९
चूलोदर १७३
चेतना ३८१
चेतनाशील ७,७३
चेतोपर्य ३३५
चेतोविमुक्ति १३९,२५६
चैत्यगिरी १०४
चैतसिकशील ७

छ

छक्का २०२
छद्दन्त जातक २४९
छद्दन्त हात्तिको उपमा ५३५
छन्द २२४,३८४
छन्दरहित १४७
छोराको मासुको उपमा ३८१
छाला २०८,२९१
छैठौं आयतन ४६९

ज

जटा १
जटिल ३१४
जन्मदु:ख ४१३
जन्मान्ध र लंगडोको उपमा ४९२
जम्बुदीप १७२
जनककर्म ४१३
जरता ३६८
जरा ४१४
जल्लाद १९२
जलद्वारा प्रलय ३०१,३४५
जवन २०
जवनहंस ७७
जाडो गर्मी १९७
जातक अर्थकथा ४५,३३१
जाति ४११
जामुनको रुख १७२
जालोको उपमा ११८
जिव्हा ३६४
जिव्हाविज्ञान ३७४
जीर्णतेजो २८७
जीवक वैद्य ३१८
जीवित ३८२
जीवितनवक ४५८
जीवनले १९७
जीवितशरीर १५९
जीवितेन्द्रिय ३६६
जूठो खाने २४७
जोतिक गृहयपति ३१४

झ

भ्याङ ४

ञ

ञायपटिपन्नो १८३

ठ

ठपना
ठूलो आन्द्रा २१३,२९३

ढ

ढीलो २०३
ढोंगी २२
ढुंग्रोको उपमा ११८

त

त्यागानुस्मृति १६३
त्यागिएकी स्त्रीको उपमा ५३८
त्यति कै हुनाले ३९८, ४०१
तण्हक्खयो २३९
तथ्यता ४०७,४२९
तदालम्बन २०, ३७, २७१
तरुण भिक्षुको कथा ८१
तत्रमध्यस्थता ३८४
तत्रवर्तक २९
ताडवन्त २५६
ताडहीरक २१४
तावतिंस १७२
तिर्यकविद्या २७
तिष्य अमात्यकी आमा ५७
तिष्यदत्त ३३०
तिष्य स्थविर ४४,१००,१५८,२३८



Downloaded from http://www.dhamma.digital

तीकपट्ठान ११९,३५६,४०६
तीर्थवस्त्र ५७
तीन अंगयुक्त १३३
तीन पुत्रहरुको उपमा ५३१
तीन शिष्यहरूको कथा १००
तीन सूत्रान्तले २०५
तीर्थिय ४२९
तीर्यक १८०
तीरण परिज्ञा ५०१, ५६७
तीक्ष्ण भावना १९८
तेजोधातु २८७
तेल २६८,२९७
तेल कन्दरिकाको कथा २४
तेलको उपमा ४८७
तृष्णाग्राह ५२३
तृष्णाचरित्र ४८०

**थ**

थिनमिद्ध ३८७
थुक २९६
थेरगाथा ३०,९७,२३१
थोरै गर्नु ३३१

**द**

दक्खिणेय्यो १८४
दत्ताभय स्थविर ९१
दविहोमविद्या २७
दर्शनभूमिप्रज्ञा ३६०
दर्शन साक्षात्कार ५७०
दर्शानानुत्तरीय ३९८
दश आक्रोशन २६
दश आघातवस्तु ३८८
दश कथावस्तु १७
दशबल २
दसुत्तर सुत्त ५४९
दक्षिणागिरि ३१९
दान २५४
दान संविभाग १८७,२५३
द्वारपालको उपमा २३०
द्वाररुप ३७०
दाँत २०८
दिउँसो जल्नु ९४
दिट्ठधम्मकर्म ४९६
दिव्य ओदान १७३,१९३
दिव्यचक्षु ३३२
दिव्यश्रोत ३३४
दिशा १५२,२०२
दिशाकाग ५३९
द्विजरुप ३७१
द्विहेतुक प्रतिसन्धि १४७
दीघनिकाय ३, ७, ९, १५, ९८, १२०, १२५, १३४, १४६, १५८, १६८, १७०, १८०, १८५, १९२, १९६, २२१, २५५, २६३, २६७, २७१, २७२, ३०९, ३३४, ३५६, ३५७, ३९३, ४०१, ४११, ४३०, ४३६, ४७९, ४८४, ५३४, ५५९
दीघभाणक २२६,२३४
दीपकको उपमा ५१२,
दीपंकर १६९
दुई अंगयुक्त १३७,२६४
दुई अंगरहित १३२
दुई कुलपुत्रहरुको कथा ८०
दुई दाजुभाई स्थविरहरुको कथा ५६, २३८
दुई प्रकारले देख्नाले ३९५
दुर्गति ३५१
दुर्गतिनिमित्त ४५५
दुरीकरण १०७
दुश्चरित १६५
दुष्प्रज्ञ १४७
दुष्प्रतिपन्न १६८
दु:ख ३८०, ३९६, ४१६, ५२६, ५३७
दु:खदु:ख ४१२
दु:खनिरोध ४१९
दु:खनिरोधगामी ४२१
दु:खशील १४
दु:खसमुदय ४१९
दु:खसंज्ञा २००
दु:खानुपश्यना ५०५
दु:खेन्द्रिय १३८
दूर्योधन २५१
दूषिमार जातक १९१
देवतानुस्मृति १६३
देवताच्यूत हुने पूर्वनिमित्त ४७९
देवदत्तियवस्त्र ५७
देवलोकबाट आरोहण ३२०
देवमनुस्सानं १७४



Downloaded from http://www.dhamma.digital

देशनाभेद ४३३
देशविहार ४२९
द्वेष ३८८
द्वेषचरित्र ७३,८९,९०,९५
द्वेषमूल ३७४
दौर्मनस्य १३८, २६४, ३८०, ४१६
दोस्रो नय ४३१
दृढनेमि १९४
दृष्टव्य ३९९, ४०४
दृष्टरुप ३७०
दृष्टास्रव ४०८
दृष्टि उद्घाटन ५१६
दृष्टि उपादान ४७२
दृष्टिग्राह ५२३
दृष्टि चरित्र ४८०
दृष्टि प्राप्त ५४१
दृष्टि विशुद्धि ३४८

ध

ध्यान १२७
ध्यानको अनुलोम ३०७
ध्यानको अनुलोम प्रतिलोम ३०८
ध्यानको अंगहरु १५७
ध्यानको प्रभेद ९७
ध्यानको प्रतिलोम ३०७
ध्यानप्रत्यय ४४६
ध्यान र कंसिणलाई नाघ्नु ३०८
ध्यानलाई नाघ्नु ३०८
ध्यान विभ्रान्त १५४
ध्यानांग योग ३७२
ध्वजाहृतवस्त्र ५७
धजग्ग परित्त ३४१
धन १९७
धनपालक १७३
धनुषधारीको उपमा ५५१
धम्मदायाद सुत्त ४०
धम्मपद १, २, ५, ९, ३४, ९२, १८३, २४१, २४७, २५९, २६०, ३११, ४१०, ४१९, ४३१, ४७४, ४७८, ५२२, ५३०, ५६३, ५६६
धम्मपदट्ठकथा ३१३, ३१४, ३२०, ३३१
धम्मसंगणी ९८, १३५, ३६८, ३६९, ३७१, ३९३, ३९४, ४३९, ४४१, ४५२, ४७३, ४९९, ५४०
धर्मकाय १७६
धर्मतानय ४८५
धर्मदान १७७
धर्मदिन्न स्थविर ३२१
धर्मप्रवृति ९३
धर्मविचय सम्बोध्यंग ११४
धर्मवेद १८८
धर्मस्थितिज्ञान १६६
धर्मसेनापति ३१५,३६५
धर्माधिपत्यशील १४
धर्मानुस्मृति १६३
धर्मानुसारी ५४१
धरानको उपमा २३०
धातु ४००
धातुकथा ८५,४११
धातुदोष ९०
धात विभाजन २५३
धातु विभंग सुत्त २०३
धातुहरुको प्रकोप ३०१
धान नाप्ने २२८
धार्मिक राजाको उपमा ५४८
धुत ७१,७२
धुतधर्म ७२,२१२
धुतवादी ७२
धुरा १६४
धुतांगचोर ५९,६५
धेनुको उपमा २६०
धेरै गर्नु ३३१

न

नअन्यथा ४०७
नगर आश्रित विहार १०५
नगरद्वारको उपमा २०
नजिक बनाउनु ३३०
नठोकिकन जानु ३२३
नन्दकोवाद सुत्त ५४६
नन्दनवन ३४९
नन्द माणवक ५६३
नन्द स्थविर ५६६
नन्दोपनन्द नागराजा १३०,३२६
नय ४८४
नया विहार १०४
नर्तकी ३२७
नहरको उपमा ५५०



Downloaded from http://www.dhamma.digital

नक्षत्रक्रीडाको उपमा ४२५
नाउको उपमा ११८,५६५
नागको रुख ३५
नागलता ३२०
नाग स्थविर ८५
नागसेन २२२,३५९
नागित ६६
नानात्व नय ४८५
नानात्वसंज्ञा २७२
नामकाय १३६
नामरुप २३४
नामरुपको विभाग ४६३
नाम व्यवस्थापनप्रज्ञा ३६०
नालक प्रतिपद ८२
नास्तिकवाद ४३२
नास्तिप्रत्यय ४४८
नाहा १६४
निकन्ति ५२३
निज्झाम तण्हिक ४५७
निजिगिंसनता २६,२७
निधानले २८४
निप्पेसिकता २६
निमित्त १५१,१५२,२०५
निमित्तको कुशलता ११३
निमित्तविद्या २७
नियतवादी ४२३
नियतालम्बन ३७५
निर्ग्रन्थपुत्र १७३
निर्जनप्रदेशको विहार १०५
निर्वाण २३९,४२०
निर्वाणवादी ५३४
निर्वेदभागीयशील १४,७८
निरय ३५१
निरामिषवेदना ३४७
निरुक्ति ३६२
निष्पर्याय ३९०
निष्पर्यायदु:ख ४१२
निष्प्रीतिक ७६
निष्यन्दले २८४
निस्तार २६३
निसदपोत २०९
निश्रय १२,५८,७३
निश्रयप्रत्यय ४४३
निश्रित १२
नीवरण १५६,१२१,५५९
नेमित्तिकता २५
नेय्य १८१
नैमित्तिक १७५
नैवसंज्ञानासंज्ञा २७७
नैवसंज्ञानासंज्ञाभव ४७५
नैष्कम्यधातु ११४,४०२
नैसद्यिकांग ५५,७०,७३
नौ आकार ५०५

प

प्यासको उपमा ५४५
प्वांखको उपमा १२२
पग्रह २०५
पच्चतं वेदितब्बो विञ्ञूभूहि १८१
पच्छाजातप्रत्यय ४४५
पञ्च अवकार ४५२,४७५
पञ्चक २०२
पञ्चांगिक सूर्य १२५
पञ्हवार ४४६
पट्ठान पञ्हावार ५७३
पट्ठानप्पकरण ४४१,४६५
पटतन्तुक २१४
पण्डक १४७
पथिकको उपमा ५७९
पदपरम १८१
पयत्तपाणि १८७
पर्यायदु:ख ४१२
पर्याहन १२२
पर्येषणद्वारा २८३
परपिट्ठिमंसिकता २६
पराक्रमधातु ११४
परामर्श ५५९
परामृष्टशील १३,४२
परिकथा २५
परिकर्म ११९,५४८
परिग्रहमुख ४८५
परिच्छिन्नरुप ३६७
परिच्छेद १५२,२०२
परिच्छेदरुप ३७०
परिडहनतेजो २८७



Downloaded from http://www.dhamma.digital

परितापन ४१३
परिदेव ४१५
परिनिर्वाण १३
परिपक्वले २८४
परिपाचकतेजो २८७
परिपाटि ५१५
परिपुच्छा २२८
परिबोध ३९
परिभोग ३९
परिभोगले २८३
परिमुखं २२३
परियत्ति ८४, १७८, ३६२
परियोदाते ३०९
परिवार पालि १२
परिशुद्धि १३९
परिष्कार ३१
परिहार्यप्रज्ञा ४
परित्र ७८
परित्रालम्बनप्रज्ञा ३६०
परिज्ञा ५०१, ५६७
परेवा कन्दरा ३१२
पल्लकं आभुजित्वा २२३
पलाश १६१
पवारणा ६४,२५८
पवित्रता ८
पश्चाताप ९
पस्सम्भयं २२५
पाचित्तिय पालि ७०
पान्थिकवस्त्र ५७
पानिको उपमा १२४, २७८, ४८७
पानिमाथि हिडनु ३२५
पाप १६७
पापना २७
पार्पणिक ५७
पारमिता १६९
पारमिताशील १३
पाराजिका ११
पारिभद्वता २४
पारिभद्रक १६१
पारिशुद्धि ७,४२,२२८
पारिसुद्धं ३०९
पालो भोजन ६०
पाहवनीय १८४
पाहुनेय्यो १८४
पाक्षिक भोजन ६०
पात्रपिण्डिकांग २५, ६३, ७४
पात्रयोगी ६३
पिण्डपातिक भिक्षुको कथा २०४
पिण्डपातिक स्थविर २५४
पित्त २१५, २९४
पिपांस विनयो २३९
पिसाप २१८, २९७
पीढा २३१
पीतिपटिसंवेदी २३५
पीप २१६, २९५
पील्हाभय स्थविर ७१
पुग्गल पञ्ञति ३३
पुटबन्धउपाहन २०८
पुट्टि १६४
पुण्यको प्रत्यय ४४८
पुण्यको महत्व १९४
पुण्यवानको ऋद्धि ३१४
पुण्यक्षेत्र ३८४
पुण्याभिसंस्कारप्रत्यय ४५२
पुरानो विहार १०४
पूतिप्रजा महिलाको उपमा ५३१
पुरुषदम्य सारथि १७३
पुलवक १४८, १५९
पुत्रको उपमा ५४४
पूजनीय विहार १०४
पूतिमुखसर्प ३०२
पूर्वकृत्य ५७७
पूर्वविदेह १७२
पूर्वहेतुकशील १५
पूर्वेनिवास ३३७
पूर्वेनिवास अनुस्मरण ३३८
पेतवत्थु अट्ठकथा ३१४
पेयभोजन २१४
पेशी १९७
पोट्ठपाद सुत्त ५४९
पोष्करसाति १७३
प्रकट जरा ३६८
प्रकट परिश्रय ३०, ६१
प्रकृति उपनिश्रय ४४२



Downloaded from http://www.dhamma.digital

प्रकृतिवादी ४२४
प्रग्रह ५२३
प्रणीत २२०
प्रणीतशील १३
प्रत्यय ९९, १६५
प्रत्ययको विभागले ३०३
प्रत्यय प्रतिसेवनशील ७, ३९
प्रत्यय प्रतिवेधन २२
प्रत्ययले ३०३, ४०३
प्रत्ययसन्निश्रितशील २८
प्रत्यवेक्षण ३९, ५५२
प्रत्येकबुद्ध १९५
प्रतिकूल प्रत्यवेक्षण २८२
प्रतिकूल विहार १०६
प्रतिकूलसंज्ञी ३१३
प्रतिसंज्ञा २७०, २७१
प्रतिघानुनय २६२
प्रतिच्छन्नजरा ३६८
प्रतिच्छन्नदु:ख ४१२
प्रतिनिसर्ग २३७
प्रतिपदा ७७
प्रतिपदा भोजन ६०
प्रतिपदा विशुद्धि १२५, १२६
प्रतिभाग निमित्त १०९, १२८, १५९, २१९, २३३
प्रतिवेध २०२
प्रतिसन्धि ४, ४५४
प्रतिसम्भिदा ५
प्रतिसम्भिदामग्ग ७, १२, ४२, ४५, ४६, १२५, १२७, १२९, १३४, १६६, १६८, १७०, १७५, २२३, २२४, २२६, २२९, २३५, २४२, २५६, २५७, ३०६, ३१०, ३११, ३१४, ३१७, ३२७, ३९३, ४०७, ४०८, ४८१, ४९९, ५०२, ५३१, ५३९, ५५०, ५५७, ५४९, ५६२, ५६५, ५७१
प्रतिसम्भिदाज्ञान ३६१
प्रतिसंवेदन २२४, २२५
प्रतीत्यसमुत्पन्न ४२८
प्रतीत्यसमुत्पाद १६६, ४२८
प्रथमावस्था ५०९
प्रदीपको उपमा ५६४
प्रदेश विहार ४२९
प्रदेशशील १५
प्रधान २३१
प्रधानधर्मकथन ४७९
प्रधानवादी ४२३
प्रधानीय तिष्य स्थविर १११
प्रमाद २२४
प्रयोगाभिसंस्कार ४३६
प्रलय ३४०
प्रवर्तिको कृत्य ४८२
प्रहाण ५, ६, ४६, १३८, १५६, २३७
प्रहाणपरिज्ञा ५०१, ५६७
प्रहातव्य ५६१
प्रज्ञप्ति २०३
प्रज्ञा ३५८
प्रज्ञाचरित २१२
प्रज्ञादशक ५१०
प्रज्ञाविमुक्त ५४१, ५८१
प्रश्रब्धि २२५, ५२२
प्रश्रब्धि बहुल ५४०
प्रश्रब्धि सम्बोध्यंग ११६, २०६
प्राकृतभूमि ३१५
प्राग्भारदशक ५१०
प्राचीन खण्डराजी ८०
प्राणि २५६
प्रातिमोक्ष ११, २५८
प्रातिमोक्षसंवर ७, १५, ३२
प्रातिहार्य ३२२
प्रारम्भकथन ४७९
प्रासादतलको उपमा २७९
पृथ्वी कसिण १२७
पृथ्वीधातु २८७
पृथ्वीमा डुबुल्कि लगाउनु ३२४
पृथ्वीरसको उपमा ५६३
पृथक्जन १३
पृथक र मेलले ३०२
प्रीति १२३, ५२२
प्रीति सम्बोध्यंग ११५
पंगुलको उपमा २३०
पाँच अंगयुक्त १०७, १२५
पाँच अंगरहित १२४
पाँच उपादानस्कन्ध ४१८
पांशुकुलिकांग ५५, ६०



Downloaded from http://www.dhamma.digital

## फ


फल २६५, ४८१
फलयुक्त विहार १०४
फलले २८४
फारुसवचन ३४९
फियो २१३, २९३
फुस्सदेव स्थविर १९०
फुसना २३९
फोक्सो २१३, २९३


## ब


बङ्गिस स्थविर ३४
बञ्चरोको उपमा ३३९
बध्यगाईको उपमा ४३५
बधकको उपस्थिति १९२
बन्दरगाह नजिकको विहार १०५
बन्धगी ४६१
बलदशक ५१०
बलिको उपमा २५४
बहुजनको लागि साधारण १९६
बहुल स्थविर ९१
बाछ्राको उपमा २२१
बालपण्डित सुत्त ४१२
बालवेधीको उपमा १२७
बाहिरीवस्तु ११२
बाँदरको उपमा २०४
बुद्ध १७५
बुद्धभूमि १७८
बुद्धरक्खित स्थविर १३०
बुद्धक्षेत्र ३४०
बुद्धानुस्मृति १६३, १७८
बूढो स्याल १६१
बोध्यंग र मार्ग ५५५
बोध्यंगको कुशलता २०५, २०६
बोधिसत्व १०१, २४९
बोसो २१७, २९६
ब्रह्मजाल सूत्र २७
ब्रह्मलोक गमन ३२९
ब्रह्मविहार २६५


## भ


भग्नवान १७६
भग १७६
भगवान १७५
भगी १७५
भजी १७५
भक्तवान १७७
भत्तुदेशक ३१८
भद्देकरत्त सुत्त ३५५
भयभैरव सूत्र १६८
भयानक १५४
भव ४६१
भवतृष्णा ४७१
भवादिमा प्रवर्तित हुनाले ४६३
भवास्रव ४७८
भवंग २०
भवंगचलन २०
भवंगोपच्छेद २०
भाकुटिका २३
भाग्यवान १७५, १७६
भागी १७५
भार सुत्त ३९५
भावना ५७०
भावनाभूमिप्रज्ञा ३६०
भावनामयप्रज्ञा ३६०
भावना साक्षात्कार ५७०
भिक्षुणीशील १५
भिक्षुशील १५
भित्री र बाहिरी विशेषताले ३०२
भित्री वस्तु ११२
भुत्तवमितक २९
भूजिस्सामि १८५
भूत २५६
भूतापगतोपन्न ५६२
भूतोपादारुप ४८६
भूतप्रेतको उपमा २६९
भूमि ४०७, ५६३
भूमिलब्ध ५६३
भूमिलब्धोपन्न ५६३
भूरिदत्त जातक २५०
भेद अभेद ४०६
भेद्यमान ३२५
भोकको उपमा ५४४
भोजन १११
भोजन पर्यन्तक ६१





Downloaded from http://www.dhamma.digital

भ्रमराको उपमा १२२, १२८

म

मक्खलि गोसाल ४५१
मगधराजा २२१
मच्छरमलपरियुट्ठिताय १८७
मज्झिम निकाय ३, ७, ९, ११, १२, १३, १५, २२, ४०, ४४, ८२, ८४, ९१, १००, १०८, १३४, १३९, १४६, १५३, १६८, १६९, १७०, १९१, १९५, १९६, २००, २०१, २१९, २३७, २४४, २५५, २६४, २६९, २८९, ३०५, ३०६, ३११, ३१२, ३२२, ३३०, ३५१, ३५४, ३७१, ३७९, ३८०, ३९३, ३९४, ४०१, ४११, ४१९, ४२०, ४२५, ४३३, ४३५, ४४९, ४५३, ४५५, ४५७, ४७३, ४७८, ४८७, ४८९, ४९४, ५३७, ५४२, ५४६, ५४९, ५५३, ५६२, ५७२, ५७३, ५७७, ५७९
मज्झिम निकाय अर्थकथा ६५
मज्झिम भाणक २२६, २३४
मण्डनीयशील १४
मण्डुककण्टक ५६३
मण्डुकदेवपुत्र १७४
मदनिम्मदनो २३९
मध्य १२६
मध्यम प्रतिपदा ५
मध्यमशील १३
मध्यमावस्था ५०९
मध्यस्थ २४२
मध्यस्थता १४०
मन्ददशक ५१०
मन्दभावना १९८
मनसिकार २२८, ३८४
मनोमयऋद्धि ३११, ३३२, ३३३
मनोधातु ३७५
मनोविज्ञानधातु ३७५
मनोसञ्चेतनाहार ३८१
मर्यादा ६८
मरण १९१, ४१४
मरणानुस्मृति ८७, १६३
मरुप्रपात ४४०
मल्लक स्थविर १०८, २१९
मल १५२, २२२, ५५९,
मशालको उपमा ३५२
महग्गत २२५, ३३७
महद् तालम्बनप्रज्ञा ३६०
महाकपि जातक २५०
महाकारिञ्जत विहार २३८
महाकात्यायन १८९, ५६३
महाकाश्यप स्थविर ६१, ३३१, ३५३
महाग्राम ३५, ५७
महातिष्य स्थविरको कथा १८, १२३, १६०
महादेव स्थविर २०२
महाधर्मरक्षित स्थविर ८५
महानदी ३४२
महान प्रादुर्भावले ३००
महान र भूत हुनाले ३०२
महानाग स्थविर ५२१, ५७७
महानाम १६८, ५५३
महानाम सूत्र १८७
महानिद्देस १२१, १७४, १७५, १७६, ४११, ५१३, ५६१
महानिरय २४५
महापरिहार्यले ३०१
महाभूत १९७, ३६३
महाभूतसमान हुनाले ३००
महामहेन्द्र स्थविर ३२२
महामित्र स्थविर ३६
महामौद्‌गल्यायन स्थविर ३७, १३०, १९५, ३२१, ३२६
महाराहुलोवाद सुत्त २०३, २८६
महारोहणगुप्त स्थविर ३०९
महावर्तनिक स्थविरको कथा ३२
महाविकारले ३०१
महाविहार १०३, २५८
महाविहारवासी ४६९
महाशीलव जातक २४८
महासतिपट्ठान सुत्त २०३, २८६
महासरोवर ३४३, ५३५
महासार ४९
महासुतसोम जातक ४२
महासंघरक्षित स्थविर ४३, ९१
महासांघिक ३६४
महाहत्थिपदोपम सुत्त २०३, २८७
महाक्षीणास्रव १८१
महेशाख्य १६६



Downloaded from http://www.dhamma.digital

महोदर १७३
मागन्दिय ३१३
मागन्दिय सूत्र ९२
माछ्यामार्ने मछुवाको उपमा ५३६
मात्सर्य ३८८, ५५८
मातुपोसक जातक ५५२
मान ३८६
मानग्राह ५२३
मान समुद्घाटन ५२६
मार्ग ८३
मार्गको नामाकरण ५४७
मार्ग निश्रित विहार १०४
मार्गप्रत्यय, ४४६
मार्गप्रत्यवेक्षण १५४
मासु २०९, २९१
मुक्तचागो १८७
मुग्गसुप्पता २४
मुट्ठ २१२, २९२
मुत्तरुप ३७०
मुदिता २६३, २६४, ३८४
मुरदाठी २४५
मुसाले काटेको फलविद्या २७
मिथ्यात्व ५५८
मिथ्यात्व नियत ४३८
मिथ्यादृष्टि ३८७
मिथ्यादृष्टिक ३५१
मिलिन्द पञ्हो २२२, ३५९
मिश्रकवन ३४९
मेखला १७७
मेघिय सूत्र ९९
मेण्डक ३१४
मेत्त सुत्त २४३
मेद २१६, २९६
मेत्रय भगवान ३५७
मैत्री भावना ८६, १६५, २५५, २६३, २६४
मोग्गलिपुत्त स्थविर ४३२
मोह ३८६
मोहचरित्र ७३, ८९, ९०, ९५
मोहमूल ३७४
मृगौला २१२, २९२
मृत व्यक्ति २४२
मृदुता २६७

**य**

त्यति नै हुनाले ३५९
यमक ५१५
यमक सूत्र ३९५
यथास्थित २८६
यथासंस्थरिकांग ५५, ६९
यशको महत्व १९४
यक्षणीको उपमा ५४४
यक्षणीरुणी ३००
यक्षरुपी ३००
याजयोगो १८७
येवापनक १३५
योग ५५९
योनिसो मनसिकार ११४
योनी ४३८, ४५७

**र**

रगत २१६, २९५
रत्नसंज्ञी १०७, १५०, १५६
रतन सुत्त ३४०
रति २१९
रथविनीत सूत्र ५१५, ५४९
रवनघट २१८, २५६
रस ३६६
रागचरित ८९, ९०, ९४, १५९
राघ २५६
राजकूलुपग १०४
राजहंसको उपमा ५३४
राजाको उपमा १२८ २७६
रातमा धुंवाउनु ९४
राहुल १००, २३७
राष्ट्रपाल ३२७
रुक्खमूलगतो २२२
रुप ३६५, ३९५
रुपकाय १७६
रुपरुप ३७०
रुप व्यवस्थापनप्रज्ञा ३६०
रुपसन्तति ३५५
रुपसंज्ञा २७०
रुपावचर ७८, २७१
रुपावचरचित्त ३७३, ३८५
रेवत स्थविर ८४, ४४१
रोग ८४



Downloaded from http://www.dhamma.digital

रोहण ७१, ८५
रौं २०७, २९०
रंग निमित्त १५२

ल
लहराको उपमा ४३३
लहुता ३६७
लक्षण २२८
लक्षणरूप ३७०
लक्षणले २९८, ३९८, ४०१, ४०६, ४०९, ४३७
लादी २१४, २९४
लामो २२३
लाभ ८२
लामा वत मे १८६
लालुदायी ७२
लिंग १५२
लिंगिक ११५
लिनत्थवण्णना ४४५
लोक ३५१
लोकको अन्त १६९
लोकपालक ३८३
लोकविदू १६९
लोकस्तुपिका ४२३
लोकान्तरिक नरक १७३
लोकत्तर ७६
लोकत्तरचित्त ३७३, ३८६
लोकत्तरधर्म ३१८
लोकधर्म ५५९
लोकोत्तरप्रज्ञा ३५९
लोभ ३८६
लोभमूल ३७२
लोहितक १४८, १५७, १५९
लौकिक ७६
लौकिकप्रज्ञा ३५९
लौकिक भावना ५७०
लौकिक साक्षात्कार ५६९
लौहप्रसाद ८१, ८६

व
व्यञ्जन १७६
व्यक्ति १११
व्यक्तिको दोष २४१
व्यवस्थापन २८६
व्याधि १९७
वक्कुल स्थविर ७२, ३११
वक्कलि स्थविर ११२
वचन २०१
वचीविज्ञप्ति ३६७
वट्टपच्छेदो २३९
वत्थ सुत्त ३२०
वन्तगमन १७७
वनावट २०२, २५२
वम्भना २६
वयवृद्धास्तगमन ५०५
वर्ण २०२
वर्णदशाक ५१०
वर्तमान ३५४
वर्तमानोत्पन्न ५६२
वशावर्तीवाद ४३२
वशी १२९, ५७६
वस्तुदशक ४५७
वस्तुरुप ३७०
वस्तुलाई स्वच्छ गर्नु ११२
वस्त्रको उपमा २७९
वाकसंस्कार ४४०
वाण २३९
वाताहृतवस्त्र ५७
वायुद्वारा प्रलय ३०१, ३४६
वायोधातु २८७
वार ३५२
वास्तुकला विद्याचार्यको उपमा २२२
वारित्रशील १०
विक्खायितक १४८, १५७, १५९
विक्खित्तक १४८, १५७, १५९
विकाररुप ३७०
विकुवर्ण २५६, ३११, ३३३
विगतप्रत्यय ४४८
विगतमलमच्छरेन १८७
विगतुपक्किलेसे ३०९
विघ्न ५४५
विच्छिद्दक १४८
विचार नगर्नाले ३०३
विचिकिच्छा ३८९
विजायनमूलकदुःख ४१३
विञ्ञूपसत्थानि १८५



Downloaded from http://www.dhamma.digital

वितर्कचरित २१२
वितर्कमालक २८२
विद्या १६८
विद्याचरणसम्पन्न १६८
विद्यामयऋद्धि ३१४
विद्याविमुक्ति फल २००
विनय १२
विनय अर्थकथा ६५
विनयधर ३७, ६५
विनय पिटक ११, ६५, ११५, ३२२
विनयसंवर ४२
विनिपात ३५१
विनीलक १४८, १५६, १५९
विपरिणामदु:ख ४१२
विपश्यना २०३, २३६
विपर्यास ५५८
विपश्यना प्रकार ५७६
विपश्यनाप्रज्ञा ४
विपश्यनाबल ५७५
विपश्यी ३५६
विपाकको आवरण १४७
विपावर्त १६६, ४८२
विपाकप्रत्यय ४४६
विपुब्बक १४८, १५७, १५९
विप्रयुक्तप्रत्यय ४७७
विभक्तवादी मण्डल ४३२
विभवतृष्णा ४७१
विभागले ४०७
विभंग ७, १२, १५, १६, २१, ६५, ७८, ७९, १२१, १२२, १२४, १२५, १३३, १३७, १३८, १३९, १४७, २२२, २४२, २६१, २६२, २७१, २७३, २७४, २७५, ३०६, ३६०, ३६१, ३७८, ३९०, ३९१, ४०१, ४०२, ४१०, ४१४, ४५२, ४६६, ४६९, ४७०, ४९९, ५५५
विमानवत्थु १७४
विमुक्तचित्त ३३७
विमोचयचित्तं २३६
विमोक्षकथा ५३९
विरति ३८४
विरतिशील १२
विराग १३४, २३७, २३९
विरागानुपश्यना २३७
विरागानुपश्यी २३७
विरामीभोजन ६०
विरामीसेवक भोजन ६०
विरुद्धप्रत्यय ४५०
विरोधी १२१
विवड्डना २२८
विवर १५३, २२८
विवर्तकल्प ३४३
विवेक १२०, १२२
विशाख स्थविरको कथा २५८
विशाखा १८९
विशुद्धि ४८
विशुद्धिशील १३
विशेषताले ३९४
विशोधन ६, १२८
विषको उपमा ५४५
विषभाग १४९, १५२
विषम हेतुवाद ४३२
विहरति १२४
विहारभोजन ६०
विक्षिप्तचित्त ३३७
विक्षेप हटाउनाले २०३
विज्ञानाहार २८१
वीणाको उपमा ११३
वीतदोसचित्त ३३६
वीतमोहचित्त ३३६
वीतरागचित्त ३३६
वीतिहरण ५११
वीथिसन्तति २०
वीपचितरण १८१
वीर्य २०५
वीर्य सम्बोध्यंग ११५
वीर्यसंवर ७
वेदना ३९६
वैरी २४२, २६४
वैरीको उपमा २६९
वैशारद्य २
वोट्ठपन २०
वोसग्गरतो १८७

## श

श्मशानिक ५७
श्मशानिकांग ५५, ६८



Downloaded from http://www.dhamma.digital

श्यामावती ३१३
शाकलिका २०८
शक्रदेवराज १७३
शब्द २६५
शब्दको भेद ४३०
शब्दविग्रह ४०८
शब्दार्थले २९८
शमथ २०३
शमथबल ५७५
शयनदशक ५१०
शयनासन ३०, ६४, ६५
शरीर त्याग १९८
शस्त्रकवात १९७
शस्त्रमुखसर्प ३०२
शलाक भोजन ६०
शंकाश्य ३२१
शान्त २२०
शाश्वतदृष्टि ४८५
शाश्वतवादी ४३२
शास्ता १७४
शिकारी २४९, २५२
शिव ४२३
शिघ्रता २०३
शीतका उपमा ५४५
शीतवन ११३
शीतिभाव २०५, २०६
शीलको अर्थ ७
शीलको परिभाषा ६
शीलको प्रकार १०
शीलको फल ९
शीलगुण ८
शीलन ७
शीलव जातक २४८
शीलविपत्ति ४८
शीलव्रत उपादान ४७३
शील सम्पत्ति ४८
शीलानुस्मृति १६३
शुद्धाष्टक ३०२
शुद्धि ४०
शुभपरम २६७
शुभविमोक्ष १४६
शुचिलोम २१४
शून्यता ४२४, ५३७
शून्यतामुखधातु ५३९
शूलको उपमा ५३१
शैक्ष्य १३, १४, ४७, ३६२
शोक ४१५

**ष**

षडभिज्ञि ५८१

**स**

स्कन्धव्रत ११
स्तुपमाथिको वस्त्र ५७
स्तुपराम ८०, ८१
स्थाणु कोण्डञ्ञ स्थविरको कथा ३१२
स्थामको महत्व १९५
स्थितभागीयशील १४, ७८
स्थितिप्रत्यय ५७३
स्नानवस्त्र ५७
स्नानसाटक २७८
स्नायु २१०, २९१
स्पर्श ३८१
स्पर्शपञ्चम ५१५
स्पर्शाहार २८१
स्पृष्टव्य ३७०
स्मृति २२४
स्मृतिमान १३६
स्मृतिप्रस्थान ३, ५५४
स्मृतिसंवर ७
स्वगुणले ५४५
स्वप्नविद्या २७
स्वभाववादी ४२३
स्वर्ग ३५१
स्वस्तिवस्त्र ५७
स्वलक्षणको विभक्तिले २९८
स्वलक्षको संक्षेपले २९७
स्वाक्खातो १७८
स्वाभाविकशील १५
स्त्रीन्द्रिय ३६६
सउत्तरचित्त ३३७
सकृदागामी ५५३
सण्ठपना २३
सत्यक परिव्राजक १७३
सत्यको उत्पन्न हुनु ४८२



Downloaded from http://www.dhamma.digital

सत्यज्ञान ४२२
सत्व २५६
सत्वलोक १७०
सत्तक्खत्तुपरम ५८०
सदोसचित ३३६
सदृशप्रत्यय ४५०
सन्तति ३६७
सन्तापनले २८७
सन्तीरण २०
सन्दिट्ठिको १८०
सन्धि १५३, १६६, ४८०
सन्निरुन्धन ५१०
सन्निक्षेपण ४८०
सपना २५७
सपर्यन्तशील १३
सपर्याय ३८१, ३९०
सप्रीतिक ७६
सभाग १५२
सम्पत्तिको विपत्ति १९३
सम्पसादन १३१
सम्पापना २६
सम्प्रजन्य १३६
सम्प्रतिच्छन्न २०
सम्प्रयुक्तप्रत्यय ४४७
सम्प्रहर्षण १२६
सम्भारभूमि ३१५
सम्बोधाकास सुत्त १८९
सम्यक आजीविका ४२२
सम्यककर्मान्त ४२२
सम्यकदर्शन ४९७
सम्यकदृष्टि ४२१
सम्यकप्रधान ३, ५५५
सम्यकव्यायाम ४२२
सम्यकवचन १६९, ४२२
सम्यकस्मृति ४२२
सम्यकसम्बुद्ध १६७
सम्यकसमाधि ४२२
सम्यकसंकल्प ४२१
समतिक्रमण ९७, २०३
समन्नाहार ७७
समयको भाग ११९
समवाय ४२४
समवायवादी ४२५
समर्शनयोग्य ४८७
समादहं २३६
समान असमान ३०२, ४२६
समानान्तरप्रत्यय ४४२
समाधि १३२, २०५, २३६, ३८२
समाधिविस्फारऋद्धि ३१२
समाधि सम्बोध्यंग ११६
समाधिसंवत्तनिकानि १८५
समाहितचित्त ३३७
समाहिते ३०९
समायोग ४६१
समुक्कचना २४
समुक्खेपना २६
समुदाचार ५६४
समुन्नहना २४.
समुल्लपना २४
समोहचित्त ३३६
समोसरण ३९८
सरभंग जातक ३३८
सरागचित्त ३३६
सराफको उपमा ३५८
सल्लक्खणा २२८
सल्लपना २४
सल्लेखवृति ३७
सलायतन विभंग सुत्त १७४
सविचार १२२
सवितर्क १२२
ससम्भारको विभक्तिले २९०
ससम्भारको संक्षेपले २९०
ससंखार परिनिब्बायी ५८०
सहजातप्रत्यय ४४३
सहम्पत्ति ब्रह्मा १६६
साकेत जाने प्रातिहार्य ३२०
सागपातयुक्त विहार १०४
सातप्रकारको मैथुन ४७
सानो आन्द्रा २१३, २९४
सापदानचारिकांग ५५, ६१, ७३
सामन्तजप्पा २२
सामीचिपटिपन्नो १८३
सामुद्रिकवस्त्र ५७
सारिपुत्र स्थविर ३७, ७२, २७७, ३१२



Downloaded from http://www.dhamma.digital

सास्रवप्रज्ञा ३५९
साक्षात्कार ५६९
सिगालपिता स्थविर ९७
सिद्धहुने अर्थमा ऋद्धि २४५
सिधाहावा १५१
सिन्दुवार ९३
सिमल १६१
सियो २३२
सीमा ३५४
सीमास्थित विहार १०६
सीहोपम सुत्त ५०३
सुख १२४, १३६, २३५, ३८०, ५२२
सुखशील १४
सुखसहगत ७६
सुखविहार ३०, १३६, २२०
सुखेन्द्रिय १३८
सुखोदक २७७
सुगति ३५१
सुगतिनिमित्त ४५५
सुगतो १६८
सुञ्ञागारगतो २२२
सुत्त निपात ७, ८२, ९२, १६७, १९२, २४३, ३१०, ३६८, ४१०, ४१४, ४७८, ५३८, ५४५, ५५२
सुनारको उपमा २०५
सुपटिपन्नो १८३
सुमेरु १७१
सुमंगल विलासिनी ९७
सुलद्ध वत मे १८६
सुसीम सुत्त ५४९
सुवर्णमाली चैत्य १२३
सूर्यको उपमा ५६५
सूत्रक २१४
सूत्रको अभाव ४२९
सूत्रको विरोध ४२९
सूत्रान्तिक ३७, ६५
सोण्डसहायक २६१
सोणदण्ड १७३
सोण स्थविरको कथा ११३
सोणुत्तर २४९
सोपादिशेष ४२१
सोरेय्य श्रेष्ठी ५६३
सोवर्त्तिक १३५
सोह्र आकार ५६५
सोह्र मूल ३१६
सौमनस्य १३८, २६४, ३८०
स्रोतापत्ति अंग ३८२
संक्लेश ४६
संकिच्च स्थविरको कथा २६०
संकिच्च श्रामणेरको कथा ३११
संखपाल जातक २५१
संखिपना २६
संग्रह ३०३, ४६४, ४८०
संख्या ४०३
संघको बोलावट ५७७
संघपाल स्थविर ५८२
संघरक्षित स्थविर १६०
संघरक्षित श्रामणेर ४१
संघानुस्मृति १६३
सदृष्ट १८०
सम्प्रक्षणले २८५
संयुक्त निकाय १, ३, ५, १८, २९, ३१, ३३, ३४,४०, ६८, ८१, ८७, ११४, ११५, ११६, १२७, १३८, १६९, १७३, १९२, १९३, १९८, २१९, २३२, २३७, २३९, २४४, २५३, २५६, ३०५, ३१०, ३१८, ३२३, ३५४, ३८१, ३९३, ३९४, ३९५, ३९९, ४००, ४०१, ४०८, ४०९, ४१०, ४११, ४२०, ४२३, ४२४, ४२६, ४२८, ४३०, ४३२, ४३४, ४३५, ४३६, ४३९, ४४०, ४४९, ४६४, ४७९, ४८९, ४९४, ५०४
संयुक्त निकाय अर्थकथा ११२
संयुक्त माणक २२६
संयोजन ५५८
संयोजनप्रहाण ५६०
संवर्तकल्प ३४०
संस्कार ३९६
संस्कारदु:ख ४१२
संस्कारलोक १७०
संस्कृतधर्म २३९
संसार ४५१
संक्षिप्तचित्त ३३७
संक्षेप १६६
संज्ञा ३९६
सांघिक भोजन ६०
साँपको उपमा १३५, २६९



Downloaded from http://www.dhamma.digital

सिंघान २१८, २९६
सिंहको उपमा ५३४
सिंहजस्तै ४१९
सिंहल अर्थकथा १०७

ह

हड्डी १०, २९१
हत विक्खित्तक १४८, १५७, १५९
हानभागीयशील १४
हानीदशक ५१०
हलिद्दवसन सुत्त २६७
हस्तयोगी ६५
हस्तिकुक्षी १०४
हिरि ८, ३८२
हीनशील १३
हेतु ४८१
हेतुप्रत्यय ४४१
होचो १५३
हृदयवस्तु ३६६
हाँसको बच्चाको उपमा १२९

क्ष

क्षमायाचनाको कथा ३५०
क्षणिक ५१५
क्षान्तिसंवर ७
क्षीणास्रव ८७

त्र

त्रिजरुप ३७१
त्रिरत्न ३२७
त्रिहेतुक प्रतिसन्धि ४
त्रैचीवरिकांग ५५, ५८, ७३, ७४
त्रैविद्य ५८१

ज्ञ

ज्ञाति ८३
ज्ञान ५३२
ज्ञानपरिज्ञा ५०१
ज्ञानबहुल ५४०
ज्ञानविस्फारऋद्धि ३११
ज्ञानसंवर ७

श्र

श्रद्धा ३८२
श्रद्धानुसारी ५४०
श्रद्धारहित १४७
श्रद्धाविमुक्त ५८१
श्रद्धाविमुक्ति ५४०
श्रवण ३६२
श्रवणानुत्तरीय ३९८
श्रावक १८३
श्रुतरुप ३७०
श्रोत्र ३६


Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

*"Wherever the Buddha's teachings have flourished,*
*either in cities or countrysides,*
*people would gain inconceivable benefits.*
*The land and pepole would be enveloped in peace.*
*The sun and moon will shine clear and bright.*
*Wind and rain would appear accordingly,*
*and there will be no disasters.*
*Nations would be prosperous*
*and there would be no use for soldiers or weapons.*
*People would abide by morality and accord with laws.*
*They would be courteous and humble,*
*and everyone would be content without injustices.*
*There would be no thefts or violence.*
*The strong would not dominate the weak*
*and everyone would get their fair share."*

**THE BUDDHA SPEAKS OF THE INFINITE LIFE SUTRA OF ADORNMENT, PURITY, EQUALITY AND ENLIGHTENMENT OF THE MAHAYANA SCHOOL**

Downloaded from http://www.dhamma.digital

# The Teachings Of Great Master Yin Guang

Whether one is a layperson or has left the home-life, one should respect elders and be harmonious to those surrounding him. One should endure what others cannot, and practice what others cannot achieve. One should take others' difficulties unto oneself and help them succeed in their undertakings. While sitting quietly, one should often reflect upon one's own faults, and when chatting with friends, one should not discuss the rights and wrongs of others. In every action one makes, whether dressing or eating, from dawn to dusk and dusk till dawn, one should not cease to recite the AMITABHA Buddha's name. Aside from Buddha recitation, whether reciting quietly or silently, one should not give rise to other improper thoughts. If wandering thoughts appear, one should immediately dismiss them. Constantly maintain a humble and repentful heart; even if one has upheld true cultivation, one should still feel one's practice is shallow and never boast. One should mind one's own business and not the business of others. Only look after the good examples of others instead of bad ones. One should see oneself as mundane and everyone else as Bodhisattvas. If one can cultivate according to these teachings, one is sure to reach the Western Pure Land of Ultimate Bliss.

**Homage to Amitabha! Amitabha!**

Downloaded from http://www.dhamma.digital

## TAKING REFUGE IN THE TRIPLE JEWELS

To the Buddha I return and rely,
returning from delusions and
relying upon Awareness and Understanding.

To the Dharma I return and rely,
returning from erroneous views and
relying upon Proper Views and Understanding.

To the Sangha I return and rely,
returning from pollutions and disharmony and
relying upon Purity of Mind and
the Six Principles of Living in Harmony.

Dhamma.Digital

**Be mindful of Amitabha!**
**Namo Amitabha!**
**Homage to Amita Buddha!**

**May every living being, drowning and adrift,**
**Soon return to the Pure Land of Limitless Light!**

Downloaded from http://www.dhamma.digital

With bad advisors forever left behind,
From paths of evil he departs for eternity,
Soon to see the Buddha of Limitless Light
And perfect Samantabhadra's Supreme Vows.

The supreme and endless blessings
of Samantabhadra's deeds,
I now universally transfer.
May every living being, drowning and adrift,
Soon return to the Pure Land of Limitless Light!

~The Vows of Samantabhadra~

I vow that when my life approaches its end,
All obstructions will be swept away;
I will see Amitabha Buddha,
And be born in His Western Pure Land of
Ultimate Bliss and Peace.

When reborn in the Western Pure Land,
I will perfect and completely fulfill
Without exception these Great Vows,
To delight and benefit all beings.

~The Vows of Samantabhadra
Avatamsaka Sutra~

Downloaded from http://www.dhamma-digital...

# DEDICATION OF MERIT

May the merit and virtue
accrued from this work
adorn the Buddha's Pure Land,
repay the four great kindnesses above,
and relieve the suffering of
those on the three paths below.

May those who see or hear of these efforts
generate Bodhi-mind,
spend their lives devoted to the Buddha Dharma,
and finally be reborn together in
the Land of Ultimate Bliss.
Homage to Amita Buddha!

**NAMO AMITABHA**

南無阿彌陀佛

尼泊爾文：清淨道論

Printed for free distribution by
**The Corporate Body of the Buddha Educational Foundation**
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198 , Fax: 886-2-23913415
Email: overseas@budaedu.org.tw
Website: http: //www.budaedu.org.tw

यो पुस्तक निःशुल्क वितरणको लागि हो, बिक्रीको लागि होइन

**This book is strictly for free distribution, it is not to be sold.**
Printed in Taiwan
6000 copies; August 2001
NE007-2566

Downloaded from http://www.dhamma.digital